# बागमती प्रदेश ऐन संगालो
# २०८३

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

**<u>प्रथम संस्करणः २०८२</u>**

मुद्रण प्रतिः ४०० प्रति

**<u>संशोधित तथा परि ार्जित</u>**

दोस्रो संस्करणः २०८३

| | | |
|---|---|---|
| प्रकाशक | : | आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडा। |
| प्रकाशन मिति | : | विक्रम संम्वत् २०८३ असार ११ |
| मुद्रण प्रति | : | २०० प्रति |

बागमती प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, मकवानपुर ।



## मन्तव्य

संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र प्रदेशको अधिकारक्षेत्र कार्यान्वयनका क्रममा निर्माण भएका कानूनहरूलाई जनसमक्ष सहज रूपमा पुऱ्याउने हाम्रो निरन्तर प्रतिबद्धता स्वरूप 'बागमती प्रदेश ऐन सङ्गालो, २०८२' को यो परिमार्जित तथा अद्यावधिक दोस्रो संस्करण 'बागमती प्रदेश ऐन सङ्गालो, २०८३' यहाँहरूमाझ प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ। नागरिकलाई कानुनी रूपमा साक्षर र सुसूचित गराउने राज्यको दायित्व निर्वाह गर्ने दिशामा यो प्रकाशन एक महत्त्वपूर्ण कदम हो।

नेपालको संविधान र प्रदेश कानूनको मर्मबमोजिम प्रदेशको शासन व्यवस्थालाई थप व्यवस्थित, पारदर्शी र जनमैत्री बनाउने दिशामा बागमती प्रदेश सरकार निरन्तर क्रियाशील छ। कानून निर्माणसँगै त्यसको प्रभावकारी कार्यान्वयन र सरोकारवालाको सहज पहुँच सुनिश्चित गर्नु सुशासनको महत्वपूर्ण आधार हो। अघिल्लो संस्करणको अनुभव तथा प्रयोगकर्ताहरूको आवश्यकतालाई मध्यनजर गर्दै, यस 'बागमती प्रदेश ऐन सङ्गालो, २०८३' मा प्रदेश सभाबाट हालसम्म पारित भई प्रमाणीकरण भएका नयाँ ऐन, संशोधन तथा आवश्यक कानुनी परिमार्जनहरू समावेश गरी अद्यावधिक गरिएको छ।

विधिको शासनको आधारस्तम्भ कानून भएकाले यसको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थित कानुनी स्रोतको आवश्यकता रहन्छ। यस प्रकाशनले कानुनी निश्चितता अभिवृद्धि गर्न, नीति निर्माण तथा प्रशासनिक कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन, न्यायिक सन्दर्भका लागि आधिकारिक सामग्री उपलब्ध गराउन तथा शैक्षिक अनुसन्धानलाई सहयोग पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। साथै, कानूनसम्बन्धी जानकारीमा सहज पहुँच विस्तार गरी जनचेतना अभिवृद्धि गर्न योगदान पुऱ्याउने यस प्रकाशन सेवा प्रवाहमा संलग्न निकायहरू, जनप्रतिनिधिहरू, कर्मचारीहरू, कानून व्यवसायीहरू, अनुसन्धानकर्ताहरू, विद्यार्थीहरू तथा आम नागरिकका लागि उपयोगी सन्दर्भ सामग्रीका रूपमा स्थापित भई बागमती प्रदेशमा सुशासन, विधिको शासन तथा समग्र विकासको लक्ष्य प्राप्तिमा सहयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

अन्तमा, यस सङ्गालोको दोस्रो संस्करण तयार पार्न निरन्तर मार्गदर्शन गर्नुहुने बागमती प्रदेशका माननीय मुख्यमन्त्रीज्यू, मन्त्रालयका सचिवज्यू, कानून तथा प्रदेश सभा महाशाखाका प्रमुख तथा यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण कर्मचारी मित्रहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु। आगामी दिनमा पनि यस्ता महत्त्वपूर्ण दस्तावेजहरूलाई समयसापेक्ष अद्यावधिक गर्दै लैजान मन्त्रालय प्रतिबद्ध रहेको कुरा व्यक्त गर्दै, यो ऐन सङ्गालो थप समृद्ध बागमती प्रदेश निर्माणका लागि एउटा भरपर्दो मार्गदर्शक बन्न सकोस् भन्ने हार्दिक कामना गर्दछु।

**शिवराज अधिकारी**

**मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय**

बागमती प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, मकवानपुर ।



## शुभकामना

बागमती प्रदेशमा निर्माण भएका कानूनहरूलाई एकीकृत, व्यवस्थित र अद्यावधिक रूपमा सरोकारवालाहरूको पहुँचमा पुऱ्याउने उद्देश्यले बागमती प्रदेश सरकारले २०८२ सालदेखि प्रदेश कानूनहरूको सङ्गालो प्रकाशन गर्ने अभ्यास प्रारम्भ गरेको छ । यस क्रममा प्रकाशित बागमती प्रदेश ऐन सङ्गालो, २०८२ सरकारी निकायहरू, नीति-निर्माताहरू, कानून व्यवसायीहरू, न्यायिक निकाय, अनुसन्धानकर्ता, उपभोक्ता तथा सर्वसाधारण नागरिकहरूबाट व्यापक रूपमा उपयोग भई उच्च प्रशंसा र माग प्राप्त गर्न सफल भएको थियो। यद्यपि, २०८२ साल भदौ महिनामा भएको जेन-जी आन्दोलनका क्रममा यस मन्त्रालय, प्रदेश सभा र विभिन्न सरकारी निकायहरूमा रहेका बागमती प्रदेश ऐन सङ्गालो, २०८२ का धेरै प्रतिहरू क्षतिग्रस्त तथा नष्ट भएका र उक्त सङ्गालोको माग बढ्दै गएको दृष्टिगत गर्दा यसको पुनर्मुद्रण तथा अद्यावधिक संस्करण प्रकाशनको आवश्यकता अझ बढी महसुस भएको छ।

बागमती प्रदेश ऐन सङ्गालो, २०८३, बागमती प्रदेश ऐन सङ्गालो, २०८२ को परिमार्जित, अद्यावधिक तथा संशोधित संस्करण हो। यस संस्करणमा विगत एक वर्षको अवधिमा निर्माण भएका नयाँ कानूनहरू तथा विद्यमान कानूनहरूमा भएका संशोधनहरू समावेश गरिएको छ। यस सङ्गालोलाई मुद्रित संस्करणका साथै विद्युतीय (E-copy) को रूपमा यस मन्त्रालयको वेबसाइटमार्फत पनि सहज रूपमा पहुँचयोग्य बनाइएको हुँदा प्रदेश कानूनसम्बन्धी जानकारी प्राप्त गर्न, नयाँ कानून वा संशोधन भएका व्यवस्थाबारे जानकारी पाउन निकै सहज हुनेछ । कानूनमा पहुँचलाई थप सहज, सरल र व्यवस्थित बनाउने उद्देश्यअनुरूप यो प्रकाशन SMART (Simple, Modern, Accessible, Reliable and Transparent) शासन अभ्यासको एक महत्वपूर्ण पहलका रूपमा रहेको छ। यसले कानूनको प्रभावकारी कार्यान्वयन, नीतिगत निर्णय प्रक्रिया, अध्ययन-अनुसन्धान तथा सुशासन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

अन्त्यमा, यस महत्त्वपूर्ण प्रकाशनको सम्पादन, अद्यावधिक, समीक्षा तथा प्रकाशन कार्यमा मेरो अध्यक्षतामा गठित राजपत्र प्रकाशन तथा सम्पादन समितिका सदस्यहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको उपसचिव श्री विनोद अमात्य, यस मन्त्रालयका कानून तथा प्रदेश सभा मामिला महाशाखा प्रमुख श्री भुवन न्यौपाने, यस मन्त्रालयका कानून अधिकृत श्री अनुसुया भट्टराई र श्री लुना पोखरेल तथा यस प्रकाशन कार्यमा योगदान पुऱ्याउनुहुने मन्त्रालय परिवारका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। बागमती प्रदेश ऐन सङ्गालो, २०८३ ले प्रदेशका कानूनहरूको सन्दर्भ सामग्रीका रूपमा सम्बन्धित सबै सरोकारवाला निकाय तथा व्यक्तिहरूलाई आवश्यक मार्गदर्शन प्रदान गर्ने, विधिको शासनलाई थप सुदृढ बनाउन योगदान पुऱ्याउने विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु।

कृष्ण बहादुर शाही

सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय

# विषयसूची


| | | |
|---|---|---|
| १. | प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ | १ |
| २. | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ | ७ |
| ३. | स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ | ३७ |
| ४. | गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ | ५३ |
| ५. | प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ | ७५ |
| ६. | प्रदेश आकस्मिक कोष ऐन, २०७५ | ७९ |
| ७. | कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ | ८३ |
| ८. | मुख्यन्यायधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ | १०३ |
| ९. | मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ | ११० |
| १० | प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ | १२० |
| ११. | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ | १२१ |
| १२. | प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ | १३५ |
| १३. | प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ | १४६ |
| १४. | प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ | १५३ |
| १५. | प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ | १७१ |
| १६. | प्रदेश संस्था दर्ता ऐन, २०७५ | २१४ |
| १७. | प्रदेश कार्य सञ्चालन कोष ऐन, २०७५ | २२२ |
| १८. | प्रदेश खेलकुद विकास ऐन, २०७५ | २२४ |
| १९. | प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद् ऐन, २०७५ | २३५ |
| २०. | प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ | २४२ |
| २१. | प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७५ | २६२ |
| २२. | प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ | ३३३ |
| २३. | प्रदेश सहकारी ऐन, २०७६ | ३५० |
| २४. | प्रदेश बीउ बिजन ऐन, २०७६ | ४०० |
| २५. | कृषि व्यवसाय प्रवर्धन ऐन, २०७६ | ४०९ |
| २६. | विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ | ४२४ |
| २७. | प्रदेश जलचर संरक्षण र व्यवस्थापन ऐन, २०७६ | ४३२ |
| २८. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ | ४३७ |
| २९. | प्रदेश राष्ट्रिय वन ऐन, २०७६ | ४५२ |

| | | |
|---|---|---|
| ३०. | प्रदेश लोकसेवा आयोग ऐन, २०७६ | ४८३ |
| ३१. | प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ | ५६५ |
| ३२. | सार्वजनिक, निजी, सहकारी साझेदारी ऐन, २०७६ | ५८० |
| ३३. | प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ | ६११ |
| ३४. | प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ | ६५० |
| ३५. | प्रदेश युवा परिषद् ऐन, २०७६ | ६९३ |
| ३६. | वातावरण संरक्षण ऐन, २०७७ | ७०७ |
| ३७. | अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७७ | ७९२ |
| ३८. | प्रदेश सुशासन ऐन, २०७७ | ७९४ |
| ३९. | प्रदेश प्रहरी ऐन, २०७७ | ८१२ |
| ४०. | प्रदेश सार्वजनिक सडक ऐन, २०७८ | ८५२ |
| ४१. | प्रदेश उच्च शिक्षा ऐन, २०७८ | ८६३ |
| ४२. | प्रदेश पर्यटन ऐन, २०७८ | ८९० |
| ४३. | प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९ | ९४९ |
| ४४. | स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ | ९८५ |
| ४५. | प्रदेश निजामती सेवा ऐन, २०७९ | ११०० |
| ४६. | प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८० | ११६२ |
| ४८. | विज्ञान प्रविधि, नवप्रवर्तन तथा विकास कोष ऐन, २०८१ | ११६७ |
| ४९. | प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन ऐन, २०८१ | ११७३ |
| ५०. | कृषि विकास ऐन, २०८२ | ११८३ |

# प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४

प्रमाणीकरण र प्रकाशन मिति

२०७४।१२।२१

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (पहिलो संशोधन) ऐन, २०७५ | २०७६।०१।२० |
| २. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |
| ३. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ | २०७९।०४।३० |

संवत् २०७४ सालको ऐन नं. ०१

## प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेश स्तरका केही सार्वजनिक लिखतहरूको प्रमाणीकरण सम्बन्धी कानून निर्माण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कानून मन्त्रालय" भन्नाले प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "प्रामाणिक प्रति" भन्नाले सार्वजनिक लिखत प्रमाणित गर्ने अधिकारीले हस्ताक्षर गरेको सक्कल प्रति सम्झनु पर्छ।

(घ) "मन्त्री" भन्नाले प्रदेश सरकारको मन्त्री सम्झनु पर्छ र सो शब्दले प्रदेश मन्त्रालयको स्वतन्त्र कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ।

(ङ) "मुख्यमन्त्री" भन्नाले प्रदेश सरकारको मुख्यमन्त्री सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले प्रदेश सरकारको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको सचिव सरहको अन्य अधिकृत समेतलाई जनाउँछ।

(छ) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(ज) "सार्वजनिक लिखत" भन्नाले देहायका लिखत सम्झनु पर्छः-

(१) प्रदेश सभाले बनाएको ऐन,

(२) प्रदेश प्रमुखबाट जारी भएको अध्यादेश,

(३) प्रदेश सरकारले बनाएको नियम,

(४) प्रदेश सरकारले जारी गरेको आदेश,

(५) प्रदेश सभाद्वारा पारित प्रस्ताव,

(६) प्रदेश सरकारले जारी गरेको अधिकारपत्र,

(७) प्रदेश मन्त्रिपरिषद्‌को निर्णय,

(८) संविधान र प्रचलित सङ्घीय तथा प्रदेश कानून बमोजिम प्रदेश सरकारले दिने नियुक्ति, सरुवा र अवकाश पत्र,

(९) सङ्घीय तथा प्रदेश कानून बमोजिम प्रदेश स्तरमा प्रमाणीकरण गर्नु पर्ने अन्य लिखत।

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. **<u>ऐनको प्रमाणीकरण कार्यविधिः</u>** (१) प्रदेश सभाबाट विधेयक पारित भएपछि प्रदेश सभा सचिवालयले त्यस्तो विधेयक नेपाली कागजमा पाँच प्रति तयार गरी प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने विधेयकका प्रतिहरूमा सभामुखले प्रमाणित गरेको संक्षिप्त व्यहोरा र प्रदेश सभाबाट विधेयक पारित भएको मिति उल्लेख गरी हस्ताक्षर गरेको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पेश भएका विधेयकका प्रतिहरूमा प्रदेश प्रमुखले प्रमाणीकरण गरेको संक्षिप्त व्यहोरा र मिति उल्लेख गरी हस्ताक्षर गरेपछि त्यस्तो विधेयक प्रमाणीकरण हुनेछ र ऐन बन्नेछ।

(४) उपदफा (३) बमोजिमका प्रामाणिक प्रतिहरूमध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक/एक प्रति मुख्यमन्त्रीको कार्यालय, सङ्घीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून मन्त्रालय र प्रदेश सभाको सचिवालयमा पठाउनु पर्नेछ र त्यस्ता प्रत्येक कार्यालयले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा कानून मन्त्रालयका सचिवले ऐन प्रमाणीकरण भएको मिति राखी सो ऐन प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

४. **<u>प्रदेश सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरणः</u>** (१) संविधान तथा प्रदेश कानून बमोजिम प्रदेश सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरण सभामुखको हस्ताक्षरबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रामाणिक प्रतिको आधारमा प्रदेश सभाको सचिव वा निजले तोकेको अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने गराउनेछ।

५. **<u>अध्यादेश प्रमाणीकरणको कार्यविधिः</u>** (१) संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्बाट अध्यादेश जारी गर्ने सिफारिस भएपछि कानून मन्त्रालयले त्यस्तो अध्यादेशको मस्यौदाको चार प्रति नेपाली कागजमा तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको अध्यादेशको मस्यौदामा देहायका पदाधिकारीहरूले हस्ताक्षर गर्नु पर्नेछः-

(क) मुख्यमन्त्री,

(ख) मन्त्री, सम्बन्धित मन्त्रालय,

(ग) मन्त्री, कानून मन्त्रालय,

(घ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

(ङ) सचिव, कानून मन्त्रालय।

(३) उपदफा (२) बमोजिम हस्ताक्षर भएको अध्यादेशको मस्यौदा कानून मन्त्रालयले मुख्यमन्त्रीको कार्यालयमा पठाउनु पर्नेछ र प्रदेश मुख्यमन्त्रीको कार्यालयले त्यस्तो मस्यौदा प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त अध्यादेशको मस्यौदाका प्रतिहरूमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि अध्यादेश प्रमाणीकरण हुनेछ।

(५) उपदफा (४) बमोजिम प्रमाणीकरण भएपछि सो अध्यादेश ऐन सरह लागू हुनेछ।

(६) उपदफा (४) बमोजिम अध्यादेश प्रमाणीकरण भएपछि त्यस्ता प्रामाणिक प्रतिहरूमध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक/एक प्रति मुख्यमन्त्रीको कार्यालय, सङ्घीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र कानून मन्त्रालयमा पठाउनु पर्नेछ। त्यस्ता प्रत्येक कार्यालयले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा कानून मन्त्रालयको सचिवले अध्यादेश प्रमाणीकरण भएको मिति राखी सो अध्यादेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

६. **<u>प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकार पत्र, सूचनाको प्रमाणीकरणः</u>** (१) संविधान तथा अन्य सङ्घीय वा प्रदेश कानून बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकारपत्र, सूचना वा अन्य कुनै लिखतको प्रमाणीकरण प्रदेश प्रमुखको हस्ताक्षरबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम कुनै आदेश, अधिकारपत्र, सूचना वा अन्य कुनै लिखत प्रमाणीकरण भएपछि प्रदेश प्रमुखको कार्यालयले एक प्रति आफ्नो कार्यालयमा सुरक्षित राखी त्यस्तो आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण भएको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्रीको कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने विषय प्रकाशनको लागि कानून मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

७. **नियम, आदेश तथा अधिकारपत्रको प्रमाणीकरणः** (१) देहायका सार्वजनिक लिखतहरू जारी गर्ने सम्बन्धमा प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरेपछि सोको आधारमा प्रमुख सचिवले देहायका लिखत प्रमाणीकरणका लागि दुई प्रतिमा हस्ताक्षर गरी एक प्रति मुख्यमन्त्रीको कार्यालयमा राखी अर्को प्रति प्रदेशको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछः-

(क) प्रदेश सरकारले बनाएको नियम,

(ख) प्रदेश सरकारले जारी गरेको आदेश,

(ग) प्रदेश सरकारले जारी गरेको अधिकारपत्र,

(घ) सङ्घीय वा प्रदेश कानून बमोजिम प्रदेश मन्त्रिपरिषद्ले गर्नुपर्ने निर्णय, जारी गर्नुपर्ने निर्देशिका, ♦कार्यविधि, मापदण्ड वा अन्य सार्वजनिक लिखत।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रामाणिक प्रति सम्बन्धित मन्त्रालयले सुरक्षित राखी सोको आधारमा कार्यान्वयन गर्नु पर्नेछ।

८. **प्रदेश सरकारको अन्य सार्वजनिक लिखतको प्रमाणीकरणः** दफा ३, ४, ५, ६ र ७ मा लेखिएदेखि बाहेकका प्रदेश सरकारको अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेशको सम्बन्धित मन्त्रालयको सचिव वा निजले तोकेको अन्य अधिकृतबाट हुनेछ।

९. **संविधान तथा अन्य प्रचलित कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरणः** (१) संविधान तथा सङ्घीय वा प्रदेश कानून बमोजिम प्रदेश प्रमुखबाट नियुक्ति हुने पदको नियुक्ति पत्र प्रदेश प्रमुखको हस्ताक्षरद्वारा प्रमाणीकरण हुनेछ।

(२) उपदफा (१) बमोजिमको नियुक्तिपत्रको प्रामाणिक प्रति प्रदेश प्रमुखको कार्यालयले सुरक्षित राखी त्यस्तो प्रमाणीकरणको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्रीको कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने विषय प्रकाशनको लागि कानून मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

१०. **अन्य सार्वजनिक लिखतको प्रमाणीकरणः** (१) प्रदेश मन्त्रिपरिषद्बाट भएका निर्णय तथा नियुक्तिको प्रमाणीकरण प्रदेश सरकारको प्रमुख सचिवबाट हुनेछ।

(२) दफा ३, ४, ५, ६, ७, ८ र ९ मा उल्लेख भएदेखि बाहेकका अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेश मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

♦ केही प्रदेश संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

**११. प्रदेश राजपत्रमा प्रकाशन गर्ने:** (१) यस ऐन बमोजिम प्रमाणीकरण भएका देहायका सार्वजनिक लिखतहरू सर्वसाधारणको जानकारीको लागि *प्रदेश राजपत्रको देहायको भागमा प्रकाशन गर्नु पर्नेछः-

(क) प्रदेश ऐन वा अध्यादेश, ✻**भागः१**

(ख) प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषद्ले जारी गरेको आदेश वा ♣अधिकारपत्रको सूचना, ✻**भागः२**

(ग) प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत ♦प्रदेश सरकार, मन्त्रिपरिषद्ले बनाएका निर्देशिका, कार्यविधि, मापदण्ड वा प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचना, ✻**भागः३**

✻(घ) संविधान, संघीय वा प्रदेश कानून अन्तरगतका नियुक्ति वा अन्य सूचना, **भागः४**

✻(ङ) नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका करारजन्य ♣सम्झौताको सूचना। **भागः५**

(२) उपदफा (१) बमोजिम प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्दा ऐन, अध्यादेश भए कानून मन्त्रालयको सचिवले, नियम ♦निर्देशिका, कार्यविधि, मापदण्ड वा आदेश भए सम्बन्धित मन्त्रालयको सचिवले र अन्य सूचना भए जुन मन्त्रालयबाट कार्यान्वयन हुने हो सोही मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकृतले प्रकाशन गर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश राजपत्रमा प्रकाशन बिना नै कार्यान्वयन गर्न सकिने विषयको आदेश वा निर्णयलाई प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने छैन।

(४) कुनै सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने वा नपर्ने भन्ने विषयमा द्विविधा उत्पन्न भएमा सो विषयमा कानून मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ।

(५) प्रदेश राजपत्र प्रकाशन गर्ने सम्बन्धी व्यवस्था प्रदेश मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

✻ पहिलो संशोधनद्वारा थप।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

**१२. <u>दण्ड सजायः</u>** [♣]<u>(१) सार्वजनिक लिखतको कसुर र दण्ड सजाय सम्बन्धी व्यवस्था प्रचलित मुलुकी अपराध संहिता, २०७४ बमोजिम हुनेछ।</u>

[✂](२) .............

[✂](३) ...............

[✂](४) ...............

[✂]**१३. .............**

**१४. <u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

**१५. <u>खारेजी र बचाउः</u>** (१) प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७४ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको नियमावली बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

---

[♣] केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

[✂] केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा खारेज।

# प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७४।१२।२१

<u>संशोधन गर्ने ऐन</u>

१. प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७७ — २०७७।०४।०९

२. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ — २०७७।०४।१६

संवत् २०७४ सालको ऐन नं. ०२

**<u>प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना:</u>** प्रदेश सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा, निकासा तथा खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, आन्तरिक तथा अन्तिम लेखा परीक्षण, बेरुजु फछ्र्यौट, असुल उपर तथा तहसील गर्ने गराउने विषयमा मार्गदर्शन गरी प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न गराउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुदान सङ्केत" भन्नाले प्रदेश संवैधानिक निकाय, मन्त्रालय वा सो सरह क्षेत्राधिकार भएका सचिवालय, आयोग लगायतका कार्य प्रकृति र सङ्गठन समेत छुट्टिने गरी दिइएको सङ्केत सम्झनु पर्छ।

(ख) "अन्तिम लेखा परीक्षण" भन्नाले महालेखा परीक्षकको कार्यालयबाट संविधानको धारा २४१ बमोजिम हुने लेखा परीक्षण सम्झनु पर्छ।

(ग) "असुल उपर गर्नु पर्ने रकम" भन्नाले प्रचलित कानून बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नु पर्ने भनी लेखा परीक्षण हुँदा ठहऱ्याएको बेरुजु रकम सम्झनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा प्रदेश सरकारलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउँछ।

(घ) "आन्तरिक लेखा परीक्षण" भन्नाले सम्बन्धित कार्यालयको उद्देश्य अनुरूप निर्धारित कार्य सम्पादनसँग सम्बन्धित व्यवस्थापकीय अभ्यास लेखा तथा अन्य कारोबार र सोसँग सम्बन्धित कागजात एवं प्रक्रियाको जाँच परीक्षण विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मूल्याङ्कन गरी प्रतिवेदन गर्ने कार्य समेत सम्झनु पर्छ।

(ङ) "आर्थिक कारोबार" भन्नाले सरकारी वित्तीय हस्तान्तरण, राजस्व संकलन गर्ने, राजस्व दाखिला गर्ने, अनुदान तथा ऋण प्राप्ति गर्ने, खर्च गर्ने तथा धरौटी, कार्य सञ्चालन कोष लगायत अन्य कोष समेतको सम्पूर्ण कारोबार सम्झनु पर्छ।

(च) "आर्थिक मामिला मन्त्री" भन्नाले प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रीलाई सम्झनु पर्छ र सो शब्दले आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यभार सम्हाल्ने राज्य मन्त्री समेतलाई जनाउँछ।

(छ) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको असार महिनाको अन्तिम दिन सम्मको बाह्र महिनाको अवधि सम्झनु पर्छ।

(ज) "एक तह माथिको अधिकारी" भन्नाले प्रदेश कार्यालयको प्रमुखको हकमा सम्बन्धित विभागीय प्रमुख, विभागीय प्रमुखको हकमा सम्बन्धित मन्त्रालयको सचिव तथा सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री र प्रदेश संवैधानिक अङ्ग तथा निकायको सचिव वा प्रशासकीय प्रमुखको हकमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकायको प्रमुख सम्झनु पर्छ।

(झ) "कार्यालय" भन्नाले प्रदेश प्रमुखको कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेश संवैधानिक अङ्ग तथा निकाय, प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग र त्यस्ता निकाय मतहतका अन्य सरकारी कार्यालय र निकायलाई समेत सम्झनु पर्छ ⁎र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँनेछ।

(ञ) "कार्यालय प्रमुख" भन्नाले ♣खण्ड (झ) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनु पर्छ।

(ट) "कोष तथा लेखा नियन्त्रक कार्यालय" भन्नाले महालेखा नियन्त्रक कार्यालय अन्तर्गत रहेको प्रदेश स्थित सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय सम्झनु पर्छ।

---

⁎ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(ठ) "जिम्मेवार व्यक्ति" भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अख्तियारी दिए बमोजिमको कार्य सञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक वा अन्तिम लेखा परीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सरकारी कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई काम फस्यौंट गर्ने जिम्मा लिने गैर सरकारी व्यक्ति समेतलाई जनाउँछ।

(ड) "तालुक कार्यालय" भन्नाले सम्बन्धित कार्यालयभन्दा माथिल्लो तहको कार्यालय सम्झनु पर्छ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) "प्रदेश" भन्नाले ♣बागमती प्रदेश सम्झनु पर्छ।

(त) "प्रदेश लेखा नियन्त्रक कार्यालय" भन्नाले प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, आर्थिक प्रशासन सञ्चालनमा निर्देशन दिने, आन्तरिक लेखा परीक्षण गर्ने तथा प्रदेशको एकीकृत आर्थिक विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षक समक्ष पेश गर्ने गरी प्रदेश सरकारले तोकेको कार्यालय सम्झनु पर्छ।

(थ) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनु पर्छ।

(द) "बेरुजु" भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा वेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखा परीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनु पर्छ।

(ध) "बैङ्क" भन्नाले प्रदेश सञ्चित कोष सञ्चालन गर्न तोकिएको आधिकारिक बैङ्क सम्झनु पर्छ र सो शब्दले त्यस्तो आधिकारिक बैङ्कको अधिकार प्रयोग गर्ने गरी तोकिदिएको बाणिज्य बैङ्क समेत जनाउँछ।

(न) "महालेखा नियन्त्रक कार्यालय" भन्नाले सङ्घीय आर्थिक कार्यविधि ऐन र सो ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सङ्घीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गतको विशिष्टीकृत निकाय सम्झनु पर्छ।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(प) "मातहतको कार्यालय" भन्नाले सम्बन्धित कार्यालयको मातहतमा रहेका कार्यालय सम्झनु पर्छ।

(फ) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख खाता, किताब लगायतका आर्थिक कारोबारलाई प्रमाणित गर्ने कागजात एवं प्रतिवेदन सम्झनु पर्छ।

(ब) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन सञ्चालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने बजेटको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी र जिन्सी एवं अन्य जुनसुकै कारोबारको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तव्य भएको सचिव सम्झनु पर्छ।

(भ) "वित्तीय विवरण" भन्नाले नेपाल सरकार तथा प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण सम्झनु पर्छ र सो शब्दले कारोबारको स्थिति दर्शाउने गरी शीर्षकको आधारमा बनाइएको बजेट अनुमान निकासा खर्च आम्दानी दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्बन्धित लेखा टिप्पणी र खुलासा समेतलाई जनाउँछ।

(म) "विनियोजन" भन्नाले पेश्की खर्च ऐन र विनियोजन ऐनद्वारा निर्दिष्ट सेवा र कार्यहरुको लागि विभिन्न शीर्षकमा विभिन्न कार्यालयलाई खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्छ र सो शब्दले पूरक विनियोजन ऐन र उधारो खर्च ऐन बमोजिम विनियोजन भएको रकम समेत जनाउँछ।

(य) "सचिव" भन्नाले प्रदेश मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश अन्तर्गत गठित कुनै निकायको हकमा त्यस्तो निकायको सचिव वा प्रशासकीय प्रमुख तथा मन्त्रालयको प्रशासकीय प्रमुख समेतलाई जनाउँछ।

(र) "सम्परीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फछ्र्यौट सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले प्रदेश सभाबाट गठित प्रदेश लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ।

(ल) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक तोकि वा नतोकि नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनु पर्छ।

(व) "संघीय सञ्चित कोष" भन्नाले संविधानको धारा ११६ बमोजिमको सञ्चित कोष सम्झनु पर्छ।

(श) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ष) "स्थानीय सञ्चित कोष" भन्नाले संविधानको धारा २२९ बमोजिमको सञ्चित कोष सम्झनु पर्छ।

## परिच्छेद- २

## प्रदेश सञ्चित कोषको सञ्चालन

३. **प्रदेश सञ्चित कोषको सञ्चालन:** संविधान, यो ऐन र अन्य प्रचलित कानूनको अधीनमा रही प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

४. **प्रदेश सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्व:** (१) प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(२) लेखा दाखिला गराउने लगायतका कामको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले सरकारी कार्यालय वा प्रदेश सरकारको कारोबार गर्ने 'क' वर्गका कुनै बैङ्कलाई जिम्मेवारी तोक्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम तोकिएको जिम्मेवारीको पालना गर्नु गराउनु सम्बन्धित कार्यालय तथा बैङ्कको कर्तव्य हुनेछ।

(४) प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, प्रदेश सरकारको एकीकृत लेखा राख्ने र वित्तीय विवरण तयार गर्ने, आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षक समक्ष लेखा र वित्तीय विवरण पेश गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

(५) प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना नभएसम्मका लागि प्रदेश लेखा नियन्त्रकको काम, कर्तव्य र उत्तरदायित्व महालेखा नियन्त्रक कार्यालयले तोके बमोजिम हुनेछ।

## परिच्छेद- ३

## राजस्व र व्ययको अनुमान

*५. **मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने:** (१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ र त्यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजना मार्गदर्शनको रूपमा लिएर तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको [*]मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, त्यसबाट प्राप्त हुने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको लागि प्राथमिकीकरण गर्नु पर्नेछ।

**स्पष्टीकरण**: यस उपदफाको प्रयोजनाका लागि "प्रस्तावित योजना वा कार्यक्रम" भन्नाले सम्भाव्यता अध्ययन तथा विस्तृत प्रतिवेदन तयार भइसकेको वा सम्भाव्यता अध्ययन गरेर मात्र कार्यान्वयन गर्न सकिने नयाँ योजना वा कार्यक्रमको विवरण खुलाई सोको लागि गरिएको अनुमानित लागतको पुष्टयाई सहितको विवरण सम्झनु पर्छ।

(३) [*]मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ। तर यो ऐन प्रारम्भ हुँदाका बखत पहिलो पटकका लागि यो प्रावधान लागू हुने छैन।

६. **स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने**: (१) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमा पूर्वानुमान आर्थिक मामिला तथा योजना मन्त्रालयले चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नु पर्नेछ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत पहिलो पटकका लागि यो प्रावधान लागू हुने छैन।

(२) उपदफा (१) को प्रयोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले एक स्रोत अनुमान समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्रोत अनुमान समितिले गत आर्थिक वर्षको यथार्थ स्थिति र चालू आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक परिसूचकहरु, आगामी आर्थिक वर्ष उपलव्ध हुन सक्ने राजस्व, अनुदान, विकास सहायता र आन्तरिक ऋण रकमका आधारमा स्रोत अनुमान गर्नेछ।

(४) उपदफा (३) बमोजिम स्रोत अनुमान भएपछि [*]मध्यमकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षको लागि गर्न सकिने खर्चको सीमा निर्धारण गर्नु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गरी सोको प्रतिवेदन प्रदेश आर्थिक मामिला मन्त्री समक्ष पेश गर्नु पर्नेछ।

(६) स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

[*] केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

७. **बजेट सीमा र मार्गदर्शन पठाउने:** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा निर्माण गरी चालू आर्थिक वर्षको फागुन महिनाको दोस्रो हप्ताभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र निकायका निकायगत बजेट सीमा उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी सीमा र मार्गदर्शन पठाइसक्नु पर्नेछ। यस्तो मार्गदर्शन पठाउँदा आवधिक विकास योजना र त्रिवर्षीय खर्च संरचनालाई आधार मान्नु पर्नेछ।

तर यो ऐन प्रारम्भ हुँदाका बखत प्रथम पटकका लागि यो प्रावधान लागू हुने छैन।

(२) उपदफा (१) बमोजिमको बजेट तथा कार्यक्रम तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा सम्बन्धित निकायले आर्जन गर्न सक्ने राजस्व रकम, आयोजनासँग सम्बन्धित वैदेशिक अनुदान तथा ऋण रकम र प्रस्तावित बजेटको पुष्ट्याईंका लागि आवश्यक अन्य विवरणहरु समेत खुल्ने गरी तयार गर्नु पर्नेछ।

(३) बजेट तर्जुमा, छलफल एवं बजेटको मस्यौदालाई अन्तिम रूप दिने अन्य प्रक्रिया र समयावधि तोकिए बमोजिम हुनेछ।

८. **विनियोजन दक्षता:** (१) दफा १० बमोजिम आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्चको सिर्जना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याईं गर्ने आवश्यक सूचना विस्तृत रूपमा खुलाउन पर्नेछ।

(ख) नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययन गर्न आवश्यक तथा सम्भाव्यता अध्ययन पश्चात आगामी वर्ष खर्च हुनसक्ने रकम मात्र पुष्ट्याईं सहित प्रस्ताव गर्नु पर्नेछ।

(ग) सम्भाव्यता अध्ययन भई स्वीकृत भई सकेका तथा क्रमागत रूपमा कार्यान्वयनमा रहेका आयोजनाका हकमा खरिद योजना वा सम्झौता अनुरूप आगामी वर्ष आवश्यक पर्ने रकम मात्र प्रस्ताव गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजेट प्रस्ताव गर्दा दफा ११ बमोजिमको प्रतिबद्ध गरिएका कार्यका लागि पर्याप्त रकम छुट्याएर मात्र नयाँ योजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रस्तावित बजेट तथा कार्यक्रम उपर दफा १० को उपदफा (४) बमोजिम भएको छलफल तथा प्रस्तावित बजेट तथा कार्यक्रमको विश्लेषण र मूल्याङ्कनका आधारमा उपयुक्त ठहरिएको बजेट तथा कार्यक्रम आगामी वर्षको विनियोजन विधेयकमा समावेश गर्नु पर्नेछ।

९. **पूर्व बजेट छलफलः** (१) प्रत्येक आर्थिक वर्ष यस ऐन बमोजिम विनियोजन विधेयक प्रदेश सभामा पेश गर्नभन्दा कम्तीमा ✦पन्ध्र दिन अगावै प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु सहितको पूर्व बजेट तयार गरी प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ।

(२) प्रदेश सभाले उपदफा (१) बमोजिम पूर्व बजेट पेश भएको ✦पन्ध्र दिनभित्र उक्त बजेटमा आवश्यक छलफल गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उपयुक्त सुझाव तथा निर्देशन उपलव्ध गराउनेछ।

१०. **बजेट प्रस्ताव र छलफलः** (१) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्ना मातहतका निकायको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी दफा ७ को उपदफा (३) बमोजिम निर्धारित समय सीमा भित्रै आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने दायित्त्व सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) उपदफा (१) बमोजिमको बजेट प्रस्ताव गर्दा ♣मध्यमकालीन खर्च संरचनामा आधारित रही कार्यान्वयन गरिने क्रियाकलाप, सोको लागत एवं त्यस्तो लागत व्यहोरिने स्रोत समेत स्पष्ट खुलाई आगामी आर्थिक वर्षको बजेट अनुमानको साथै त्यसपछिका दुई आर्थिक वर्षको खर्च र स्रोतको प्रक्षेपित विवरण पनि पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको बजेट प्रस्तावको साथमा गत आर्थिक वर्ष र चालू आर्थिक वर्षको छ महिनासम्मको वित्तीय तथा भौतिक प्रगति विवरण समेत संलग्न गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्तावित बजेट तथा कार्यक्रम उपर सम्बन्धित लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा छलफल हुनेछ।

११. **प्रतिबद्धता लेखा तथा नियन्त्रणः** (१) प्रचलित कानूनको अधीनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्त्व तथा नेपाल सरकारबाट सम्झौता वा निर्णय भई हस्तान्तरण भई आएका विभिन्न सम्झौता वा निर्णयबाट खर्च व्यहोर्न वा प्रदेश सरकार वा नेपाल सरकारबाट राजस्वमा छुट दिन प्रतिबद्धता भएकोमा त्यस्तो रकमको स्पष्ट व्यहोरा देखिने गरी लेखा राख्नु पर्नेछ।

(२) प्रतिवद्धता लेखा राख्ने तथा सोको नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

✦ पहिलो संशोधनद्वारा संशोधित।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

१२. **<u>विनियोजन विधेयक तयार गर्ने</u>:** (१) दफा १० को उपदफा (३) बमोजिमको बजेट तथा कार्यक्रम वा आयोजनालाई प्राथमिकिकरण गरी बजेट मस्यौदालाई अन्तिम रूप दिई विनियोजन विधेयक तयार गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयको हुनेछ।

(२) आर्थिक मामिला तथा योजना मन्त्रालयले उपदफा (१) बमोजिम तयार भएको विनियोजन विधेयकको साथमा आर्थिक विधेयक लगायत अन्य आवश्यक विधेयकहरु समेत तर्जुमा गर्नेछ।

१३. **<u>राजस्व र व्ययको अनुमान पेश गर्नु पर्ने</u>:** (१) प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले प्रत्येक वर्ष असार महिनाको एक गते दफा १२ बमोजिम अन्तिम रूप दिइएको प्रदेश सरकारको आगामी आर्थिक वर्षको लागि राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश हुने राजस्व र व्ययको अनुमानको साथमा संविधानको धारा २०७ मा उल्लिखित विवरणहरुको अतिरिक्त देहायका विवरणहरु समेत समावेश गर्नु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको अनुमान अनुसार राजस्व सङ्कलन भए नभएको विवरणको साथै कर वा गैरकरमा छुट दिइएको विवरण,

(ख) दफा ५ बमोजिम तयार गरिएको *<u>मध्यमकालीन</u> खर्च संरचना,

(ग) अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धी नीति।

१४. **<u>परामर्श गर्न सक्ने</u>:** प्रदेश सरकारले आय र व्ययको अनुमान तयार गर्नुअघि तत्सम्बन्धमा सम्बन्धित सरोकारवालासँग आवश्यक परामर्श गर्न सक्नेछ।

१५. **<u>घाटा बजेट पेश गर्न सक्ने</u>:** (१) प्रदेश सरकारले घाटा बजेट पेश गर्न सक्नेछ र यसरी घाटा बजेट पेश गर्दा घाटा पूर्ति गर्ने स्रोत र सोको स्पष्ट आधार खुलाउनु पर्नेछ।

तर प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न सकिने छैन।

(२) घाटा बजेट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ४

## <u>बजेट निकासा, रकमान्तर तथा नियन्त्रण</u>

१६. **<u>बजेट निकासा</u>:** (१) विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएपछि खर्च गर्न अधिकार प्राप्त कार्यालयले आर्थिक कार्यक्रमको आधारमा विनियोजन ऐनको अनुसूचीमा उल्लिखित रकम खर्च गर्न सक्नेछन्।

(२) विनियोजन ऐनको अनुसूचीमा उल्लिखित विनियोजित रकम एकभन्दा बढी कार्यालयले खर्च गर्न पर्ने अवस्थामा तालुक निकायले विनियोजन ऐन वा पेश्की खर्च ऐन

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

जारी भएको सात दिनभित्र बाँडफाँट गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनु पर्नेछ।

तर एक पटक बाँडफाँट गरिसकेपछि पटक पटक बाँडफाँट गर्न हुँदैन।

(३) उपदफा (२) बमोजिमको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई तुरुन्त पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको बाँडफाँटको जानकारी प्राप्त भएपछि सम्बन्धित कार्यालयले उपदफा (१) बमोजिम खर्च गर्न सक्नेछन्।

(५) एक मन्त्रालय अन्तर्गत विनियोजित बजेट अर्को मन्त्रालय वा अन्तर्गतको निकाय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजन भएको निकायको सचिवले सम्बन्धित निकायको सचिवलाई त्यस्तो बार्षिक कार्यक्रम बजेट विनियोजनको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

(६) सम्बन्धित कार्यालयको नाममा विनियोजित वा बाँडफाँट भएको रकम सो कार्यालयको भुक्तानी आदेशको आधारमा प्रदेश सञ्चित कोषबाट आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा निर्धारित नीति अन्तर्गत रही प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको प्रक्रिया अनुसार एकल खाता कोष प्रणालीबाट भुक्तानी निकासा हुनेछ।

(७) सम्बन्धित कार्यालयको नाममा विनियोजित वा बाँडफाँट भएको रकम प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखा परीक्षण गराउने र बेरुजु फछर्यौट गर्ने गराउने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(८) सरकारी रकम भुक्तानी निकासा दिने तथा कोष सञ्चालन गर्ने गराउने र जिन्सी सम्पतिको संरक्षण, लिलाम, मिन्हा सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१७. **रकमान्तर तथा स्रोतान्तर:** (१) विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकममध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

(२) आफ्नो निकायको अनुदान सङ्केत अन्तर्गतको कुनै बजेट उपशीर्षकमा रकम नपुग भएमा सो अनुदान सङ्केत अन्तर्गत रकम बचत भएको अन्य बजेट उपशीर्षकहरुबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालू बजेटबाट चालू तर्फका खर्च शीर्षकहरुमा र पूँजीगत बजेटबाट पूँजीगत तर्फका खर्च शीर्षकहरुमा सम्बन्धित सचिवले तोकिए बमोजिम रकमान्तर सक्नेछन्।

तर यसरी रकमान्तर गर्दा तलव, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली,

सञ्चार महशुल र घरभाडा जस्ता अनिवार्य दायित्त्वबाट रकमान्तर गर्न पाइने छैन।

(३) प्रदेश विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाई हुनेछ।

(४) रकमान्तर तथा स्रोतान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **बजेट रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्ने:** (१) दफा १६ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई विचार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रूपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ।

(२) प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण (बजेट सरेन्डर) गर्न लगाई आवश्यक अन्य शीर्षकमा दफा १७ बमोजिम रकमान्तर गर्न सक्नेछ।

१९. **प्रदेश सञ्चित कोषबाट हुने वित्तीय हस्तान्तरण:** ⋇--प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई प्रदान गर्ने समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकमको हस्तान्तरण आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हुनेछ।

२०. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन:** बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र देहायका विवरण सहित सार्वजनिक गर्नु पर्नेछः-

(क) राजस्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकम, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण,

(ख) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यान्वयन अवस्था,

(ग) अन्य सान्दर्भिक विवरणहरु।

---

⋇ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा हटाइएको।

## परिच्छेद- ५

## कारोबारको लेखा

२१. **लेखाको सिद्धान्त, आधार र लेखा ढाँचा:** (१) विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरूप नगदमा आधारित हुनेछ। प्रदेश सरकारले तोकेको मितिदेखि प्रोद्भावी आधारमा लेखा राख्ने प्रणाली कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको लेखा राख्ने प्रयोजनका लागि नेपाल सरकारको ढाँचासँग तादात्म्य हुने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले महालेखा परीक्षकबाट स्वीकृत लेखा ढाँचा वा आर्थिक सङ्केत तथा वर्गीकरण अनुरूप लेखा ढाँचा र आर्थिक सङ्केत तथा वर्गीकरण तर्जुमा गरी कार्यान्वयन गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र लेखा ढाँचामा सबैको जानकारीका लागि प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम स्वीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र लेखा ढाँचामा सुधार तथा परिमार्जन गर्न आवश्यक देखेमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सुधार तथा परिमार्जन गर्नुपर्ने ढाँचा तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई महालेखा परीक्षकबाट स्वीकृत गराउनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम स्वीकृत लेखा ढाँचा र आर्थिक सङ्केत तथा वर्गीकरण कार्यान्वयनको सम्बन्धमा कुनै द्विविधा देखिएमा स्पष्ट गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

२२. **कारोबारको लेखा:** (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, प्रदेश सरकारलाई नेपाल सरकारको स्वीकृतिमा प्राप्त हुने वैदेशिक अनुदान, ऋण सहायता, लगानी र अन्य कारोबारको एकीकृत लेखा तयार गरी राख्नु पर्नेछ।

(२) विनियोजन, राजस्व तथा धरौटीका अतिरिक्त अन्य सबै प्रकारका कारोबार र नियमानुसार बजेटमा समावेश भएका वा नभएका जुनसुकै सहायता वा स्रोतबाट भएको खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नु पर्नेछ।

(३) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटी लगायत सबै वित्तीय विवरण लिई प्रदेशको एकीकृत वित्तीय विवरण र एकीकृत हिसाब तयार गरी तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(४) प्रदेश स्थित मन्त्रालय तथा सो मातहतका कार्यालयको सम्पत्ति र दायित्वको लेखाङ्कन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ। लेखा उत्तरदायी अधिकृतबाट प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको एकीकृत वित्तीय विवरण तयार गर्नेछ।

(५) प्रदेशभित्रका सबै सरकारी कारोबारको एकीकृत वित्तीय विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षक समक्ष पेश गर्नु प्रदेश लेखा नियन्त्रक कार्यालयको कर्तव्य हुनेछ।

२३. **<u>राजस्व दाखिला र राजस्व लेखाः</u>** (१) प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम सरकारी कारोबार गर्ने बैङ्कमा दाखिला गर्नु पर्नेछ।

(२) सरकारी कारोबार गर्ने स्वीकृति प्राप्त बैङ्कमा जम्मा हुन आएको राजस्व सोही दिन सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। कुनै काबू बाहिरको परिस्थिति परी सो दिन राजस्व दाखिला हुन नसकेमा सोको भोलिपल्ट सञ्चितकोषमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) विपरीत सरकारी कारोबार गर्न स्वीकृति प्राप्त कुनै बैङ्कले सञ्चित कोषमा राजस्व दाखिला नगरेको पाइएमा प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिसमा नेपाल राष्ट्र बैङ्कले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिबाना गरी सो राजस्व दाखिला गर्न लगाउनु पर्नेछ र सोभन्दा बढी ढिलो गरेकोमा पन्ध्र प्रतिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई त्यस्ता बैङ्कको इजाजत रद्द गर्ने तर्फ कारबाही गर्न सक्नेछ।

(४) राजस्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार पार्ने, लेखा परीक्षण गराउने उत्तरदायित्त्व कार्यालय प्रमुखको हुनेछ।

२४. **<u>नगद, जिन्सी दाखिला र लेखाः</u>** (१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सम्पत्तिको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामानको हकमा सात दिनभित्र तोकिएको स्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नु पर्नेछ।

(२) आफ्नो जिम्मामा आएको सरकारी नगद सम्पत्ति सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको स्थानमा दाखिला नगरेको पाइएमा सम्बन्धित मन्त्रालय, तालुक कार्यालय वा विभागीय प्रमुखले त्यस्तो जिम्मेवार व्यक्तिलाई दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिबाना समेत गरी सो रकम दाखिला गर्न लगाउने, दश दिनभन्दा बढी ढिलो गरेकोमा सावाँ रकमको दश प्रतिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दाखिला गर्नुपर्ने नगद बैङ्क र कार्यालय बीचको दुरी समेतलाई विचार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगद तथा जिन्सी दाखिला गरेको स्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिव कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ। यसरी अनुरोध भै आएमा एक

तह माथिको अधिकारीले मनासिव कारण देखेमा एकैपटक वा पटक पटक गरी बढीमा तीस दिन सम्मको म्याद थप गर्न सक्नेछ।

(५) *उपदफा (४) बमोजिम थपिएको म्यादभित्र पनि जिम्मेवार व्यक्तिले स्रेस्ता खडा नगरेमा एक तह माथिको अधिकारीले उक्त व्यक्तिलाई कलमै पिच्छे विगोको दश प्रतिशतसम्म जरिबाना गर्न सक्नेछ।

२५. **लेखा दाखिला गर्नेः** (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्षको प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र आर्थिक वर्षको एकीकृत लेखा एवं वित्तीय विवरण आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष दाखिला गर्नु पर्नेछ।

(२) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(३) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएको कार्यालयमा वा लेखापरीक्षक समक्ष तोकिएको अवधिभित्र तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम लेखा दाखिला गर्न नसक्ने मनासिब कारण देखाई म्याद थपको लागि अनुरोध गरिएमा एक तह माथिको अधिकारीले बढीमा तीस दिनसम्मको म्याद थपिदिन सक्नेछ।

तर यसरी म्याद थप गर्दा महालेखा परीक्षकको कार्यालयमा एकीकृत लेखा दाखिला गर्ने समय अवधि प्रभावित नहुने गरी गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम थप गरिएको म्यादभित्र पनि लेखा दाखिला नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले पहिलो पटकको लागि प्रत्येक कलममा एक सय रूपैयाँको दरले र दोस्रो पटकमा प्रत्येक कलमको लागि दुई सय रूपैयाँको दरले जरिबाना गर्न सक्नेछ र सोभन्दा पनि धेरै पटक सोही त्यही गैरजिम्मेवारी दोहोऱ्याएमा प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सकिनेछ।

(६) तोकिएको अवधिभित्र महालेखा परीक्षकको कार्यालयमा लेखा तथा वित्तीय विवरण दाखिला गराउन नसकी मनासिब माफिकको कारण देखाई लेखा उत्तरदायी अधिकृत वा जिम्मेवार व्यक्तिले म्याद थपको लागि अनुरोध गरेमा महालेखा परीक्षक वा निजले तोकेको अधिकारीले कारण हेरी बढीमा पैंतीस दिन सम्मको म्याद थप गर्न सक्नेछ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(७) उपदफा (६) बमोजिम म्याद थपको माग नगरेमा वा थप भएको म्यादभित्र पनि लेखा र वित्तीय विवरण दाखिला नगरेमा महालेखा परीक्षकले जिम्मेवार व्यक्ति, कार्यरत कार्यालयका लेखा उत्तरदायी अधिकृतलाई र लेखा उत्तरदायी अधिकृत भए निजभन्दा एक तह माथिको अधिकारीलाई लेखा दाखिला गर्न गराउन निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु निर्देशन पाउनेको कर्तव्य हुनेछ।

(८) उपदफा (७) बमोजिम निर्देशन दिँदा पनि लेखा तथा वित्तीय विवरण दाखिला नगरेमा प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सकिनेछ।

(९) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रूपमा राख्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

२६. **<u>एकीकृत वित्तीय विवरण तयार गर्ने:</u>** (१) प्रदेश सञ्चित कोष एवं अन्य सरकारी कोषहरुको एकीकृत वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(२) आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयहरुको सङ्घीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण र आफ्नो क्षेत्रभित्रका स्थानीय तहको आर्थिक कारोबारको छुट्टाछुट्टै र एकीकृत विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(३) आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयहरुको सङ्घीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण र स्थानीय तहको आर्थिक कारोबारको छुट्टाछुट्टै र एकीकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(४) स्थानीय तहभित्रका कार्यालयहरुको सङ्घीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(५) आ-आफ्नो कार्यक्षेत्रभित्रको वित्तीय विवरण पेश नगर्ने तथा लेखा परीक्षण नगराउने कार्यालय तथा स्थानीय तहलाई प्रवाह हुने अनुदान रकम रोक्का राख्न सकिनेछ।

(६) प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

२७. **<u>हानि, नोक्सानी असुल उपर गरिने:</u>** यस ऐन बमोजिम राख्नपर्ने कारोबारको लेखा ठीकसँग नराखेको कारणबाट प्रदेश सरकारलाई कुनै किसिमको हानि, नोक्सानी तथा क्षति हुन

गएमा त्यसरी पर्न गएको हानि, नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद- ६

## भ्रमण खर्च

२८. **भ्रमणमा खटाउनेः** सरकारी कामको सिलसिलामा कुनै पदाधिकारी तथा कर्मचारीलाई स्वेदश वा विदेशमा काज खटाउन सकिनेछ।

२९. **दैनिक तथा भ्रमण भत्ताः** सरकारी कामको सिलसिलामा कुनै पदाधिकारी तथा कर्मचारीलाई स्वेदश वा विदेशमा काज खटाउँदा भ्रमण खर्च नियमावलीमा तोकिए बमोजिम दैनिक भत्ता तथा भ्रमण भत्ता प्रदान गरिनेछ।

## परिच्छेद- ७

## आन्तरिक नियन्त्रण तथा लेखा परीक्षण

३०. **आन्तरिक नियन्त्रण प्रणालीः** (१) प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरुबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, प्रभावकारी र कार्य दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न तथा वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वासनीय बनाउन प्रचलित कानून बमोजिम सम्पादन गर्नु पर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको एक वर्षभित्र लागू गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि प्रदेश लेखा नियन्त्रक कार्यालयले तोके बमोजिम हुनेछ।

(३) आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट हुनेछ।

३१. **आन्तरिक नियन्त्रण समितिः** (१) दफा ३० बमोजिमको आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि प्रत्येक निकायमा देहाय बमोजिमको आन्तरिक नियन्त्रण समिति रहनेछ।

(क) सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृत वा प्रमुख -अध्यक्ष

(ख) सम्बन्धित निकायको प्रशासन वा योजनामहाशाखा/शाखा प्रमुख -सदस्य

(ग) अध्यक्षले तोकेको सम्बन्धित निकायमा कार्यरत विषय क्षेत्रसँग सम्बन्धित रा.प. द्वितीय श्रेणीको अधिकृत -सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक कार्यालयको कम्तीमा राजपत्रांकित अधिकृत प्रतिनिधि -सदस्य

(ङ) सम्बन्धित निकायको आर्थिक प्रशासन प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो निकाय र अन्तर्गतबाट सम्पादन

गरिने कार्यहरु प्रचलित कानून बमोजिम नियमित तरिकाले, दक्षतापूर्ण एवं मितव्ययी रूपमा सम्पादन गरी नतिजा उन्मुख गराउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउने तथा लेखा परीक्षणबाट कायम भएका बेरुजु फछ्र्यौट गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ एवं प्रभावकारी बनाउन आवश्यक कार्यहरु सम्पादन गराउने छ।

३२. **<u>आन्तरिक लेखा परीक्षणः</u>** (१) प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयबाट प्रदेश सरकार अन्तर्गतका कार्यालयहरु तथा स्थानीय तहको आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखा परीक्षण गर्नु पर्नेछ।

(२) आफ्नो कार्यालयको आन्तरिक लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) आन्तरिक लेखापरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आन्तरिक लेखापरीक्षकले सम्बन्धित निकायको उद्देश्य अनुरूपका निर्धारित कार्यसम्पादनसँग सम्बन्धित कारोबारको गणितीय शुद्धता र कानून परिपालनाको पूर्ण परीक्षण गर्नु पर्नेछ। सम्बन्धित निकायको कार्य सम्पादनका क्रममा परिचालन भएको स्रोतको नतिजामूलक उपयोग एवं प्रभावकारिता सम्बन्धमा जोखिम विश्लेषणमा आधारित भई लेखाजोखा गरी सुझाव गर्ने र अबलम्बन गरिएका आन्तरिक नियन्त्रण प्रणाली लगायतका नीतिगत एवं प्रक्रियागत पक्षहरुको व्यवस्थापकीय अभ्यासका सम्बन्धमा लेखाजोखा गरी सुझाव प्रस्तुत गर्नु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम परीक्षण गर्दा सार्वजनिक वित्तीय जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्दै सम्बन्धित निकायको आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण तथा आर्थिक अनुशासनको परिपालनमा सहयोग पुर्‍याउने गरी प्रतिवेदन गर्नु आन्तरिक लेखापरीक्षकको कर्तव्य हुनेछ।

(ग) आन्तरिक लेखा परीक्षण प्रयोजनका लागि सम्बन्धित निकायको आर्थिक कारोबार र सोसँग सम्बन्धित अभिलेख तथा निर्णयहरु निरीक्षण, परीक्षण तथा जाँच पड्ताल गर्न पाउने अधिकार आन्तरिक लेखापरीक्षकलाई हुनेछ।

(घ) आन्तरिक लेखापरीक्षकले तोकिए बमोजिम आन्तरिक लेखा परीक्षण गरी देखिएको व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन गर्नु पर्नेछ।

(४) आन्तरिक लेखापरीक्षकले आफूलाई खटाउने र आन्तरिक लेखा परीक्षण गर्ने निकायप्रति जिम्मेवार रही आफ्नो काम कर्तव्य र अधिकार प्रयोगको सिलसिलामा

सदाचारिता, वस्तुनिष्ठता, गोपनीयता, सक्षमता सहित तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ। साथै आन्तरिक लेखापरीक्षकले लेखा परीक्षणको सिलसिलामा जानकारीमा आएको कुनै सूचना वा तथ्य लेखा परीक्षण प्रतिवेदनमा समावेश गर्ने बाहेक अन्य कुनै पनि रूपमा कसैलाई उपलव्ध गराउनु हुँदैन।

(५) आन्तरिक लेखापरीक्षकले आफ्नो कार्यसम्पादनका क्रममा यस ऐन बमोजिमको अधिकार प्रयोग गरी आन्तरिक लेखा परीक्षण गरेकै आधारमा निज उपर कुनै कानूनी कारबाही चलाउने छैन। तर आन्तरिक लेखापरीक्षकले अनुचित कार्य गरेको वा वदनियतपूर्वक कार्यसम्पादन गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिमको कारबाही वा अभियोजन गर्न बाधा पुगेको मानिने छैन।

(६) आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखा परीक्षण हुनु अगावै फछ्र्यौट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नु पर्नेछ। अन्तिम लेखा परीक्षण हुँदा प्रस्तुत हुन आएका आन्तरिक लेखा परीक्षणका सुझावहरुको सम्बन्धमा कारण सहित हटाइएकोमा बाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षकले आफ्नो सुझावमा प्रस्तुत गर्नु पर्नेछ।

(७) प्रदेश लेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निश्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि न्यूनतम अवधि तोकि अलग अलग कर्मचारी खटाउने व्यवस्था गर्न सक्नेछ।

(८) प्रदेश लेखा नियन्त्रक कार्यालयले यस ऐन बमोजिम भएको आन्तरिक लेखा परीक्षणको एकीकृत वार्षिक प्रतिवेदन तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत मुख्यमन्त्री समक्ष पेश गर्नु पर्नेछ। यस्तो प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले सार्वजनिक गर्नु पर्नेछ।

३३. **अन्तिम लेखा परीक्षणः** (१) प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ।

(२) महालेखा परीक्षकले अन्तिम लेखा परीक्षण गर्दा आन्तरिक लेखा परीक्षणको प्रतिवेदनलाई समेत आधार लिनु पर्नेछ।

३४. **कारोबारको लेखा तथा विवरण दाखिला गर्नु पर्नेः** (१) कार्यालयको सरकारी आय-व्यय तथा सरकारी सम्पत्तिको लेखा आकस्मिक रूपमा निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखा परीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित अधिकृत वा जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भई मनासिब माफिकको कारण सहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारण

मनासिब देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण माग गर्ने अधिकारी वा निकायले माग बमोजिम मनासिब माफिकको म्याद थप गरिदिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरीएको लेखा पेश गर्न नसक्ने अधिकृत वा जिम्मेवार व्यक्तिले बेरुजु वा कैफियतमा देखिएको रकम व्यहोर्नु पर्नेछ।

(४) लेखा तथा वित्तीय विवरण पेश नगर्ने प्रदेश संवैधानिक अङ्ग तथा निकायको लेखा उत्तरदायी अधिकृतलाई सम्बन्धित संवैधानिक अङ्ग र निकायका प्रमुखले, प्रदेश मन्त्रालय तथा प्रदेश स्तरको सचिवालय तथा आयोगको लेखा उत्तरदायी अधिकृतलाई सम्बन्धित मन्त्रीले र अन्यको हकमा लेखा उत्तरदायी अधिकृतले प्रत्येक कलममा एकसय रूपैयाँसम्म जरिबाना गर्नेछ।

(५) उपदफा (४) बमोजिम जरिबाना गर्दा पनि लेखा तथा वित्तीय विवरण दाखिला नगरेमा प्रचलित कानून बमोजिमका अन्य कारबाही समेत गर्नु पर्नेछ।

३५. **लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारबाही:** (१) आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट डोर आउनुपूर्व वा सो बेरुजुको सूचना पाएको पैंतीस दिन भित्र बेरुजु फछ्र्यौट गरी स्रेस्ता अद्यावधिक गर्नु पर्नेछ।

(२) महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजुका सम्बन्धमा सो बेरुजुको सूचना प्राप्त भएको पैंतीस दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखा परीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम म्यादभित्र प्रारम्भिक प्रतिवेदनमा उल्लिखित व्यहोरा फछ्र्यौट तथा सम्परीक्षण गराउन नसक्ने मनासिब माफिकको कारण भएमा जिम्मेवार व्यक्तिले कारण समेत उल्लेख गरी म्याद थपको लागि महालेखा परीक्षकको कार्यालय समक्ष अनुरोध गर्न सक्नेछ। त्यस्तो अनुरोध भई आएमा महालेखा परीक्षकको कार्यालयले मनासिव माफिकको म्याद थप गरी दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम थप गरीदिएको म्यादभित्र पनि प्रारम्भिक प्रतिवेदनमा उल्लिखित व्यहोरा फछ्र्यौट वा सम्परीक्षण नगराएमा महालेखा परीक्षकले लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराउने र त्यसरी प्राप्त हुन आएको जानकारी बमोजिमको कारबाही गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ। लेखा उत्तरदायी अधिकृतले कारबाही नगरेमा महालेखा परीक्षकले विभागीय मन्त्री वा राज्य मन्त्रीलाई जानकारी गराउनु पर्नेछ।

(५) यस दफा बमोजिम फछ्र्यौट तथा सम्परीक्षण हुन नसकेको प्रारम्भिक प्रतिवेदनको व्यहोरा महालेखा परीक्षकले आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ।

३६. **लेखा परीक्षण प्रतिवेदनको लगत राख्ने:** (१) आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका नियमित गर्नु पर्ने तथा असुल उपर गर्नु पर्ने भनी ठहऱ्याएको बेरुजुको लगत सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ।

(२) प्रदेशस्तरको केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरुको बेरुजुको प्रादेशिक लगत राख्नु पर्नेछ। बेरुजुको अभिलेख अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने कर्तव्य लेखा उत्तरदायी अधिकृतको हुनेछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले यसरी प्राप्त बेरुजुको एकीकृत लगत राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको लगत राख्दा आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनको लगत अलग अलग रूपमा राख्नु पर्नेछ।

(४) दफा ३२ को उपदफा (६) बमोजिम फछ्र्यौट तथा सम्परीक्षण भएको आन्तरिक लेखा परीक्षणको बेरुजु तथा दफा ३६ बमोजिम फछ्र्यौट तथा सम्परीक्षण भएको अन्तिम लेखा परीक्षणको बेरुजुको विवरण लगतमा अद्यावधिक गरी अन्तिम लेखा परीक्षण हुँदा परीक्षण गर्नु गराउनु पर्नेछ।

३७. **बेरुजु फछ्र्यौट गर्ने गराउने:** (१) लेखा परीक्षणबाट औंल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्त्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको हुनेछ।

(२) उपदफा (१) बमोजिम बेरुजु फछ्र्यौट हुन नसकेमा सो बेरुजु कायम हुने आर्थिक कारोबार गर्ने पदाधिकारीहरु र कारोबारमा संलग्न व्यक्तिबाट असुल उपर गरी फछ्र्यौट गर्नु पर्नेछ।

(३) आन्तरिक वा अन्तिम लेखा परीक्षण हुँदा सरकारी नगदी वा जिन्सी मालसामानको लगत छुट गरेको देखिएमा तत्काल लगत अद्यावधिक गर्न लगाउने र सरकारलाई हानि, नोक्सानी भएको देखिएमा त्यसको सूचना प्राप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुखले त्यस्तो हानि, नोक्सानी भएको रकम असुल गरी कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि पनि कारबाही नगर्ने अधिकारीलाई प्रदेश संवैधानिक अङ्ग तथा निकायको हकमा सम्बन्धित प्रदेश संवैधानिक अङ्ग तथा निकायको प्रमुख, मन्त्रालय तथा प्रदेशस्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री वा राज्यमन्त्री, विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको कार्यालयको हकमा सम्बन्धित मन्त्रालयको सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको प्रमुखले प्रत्येक कलममा एकसय रूपैयाँसम्म जरिबाना गर्नेछ।

(५) यस दफा बमोजिम बेरुजु फछ्र्यौट गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी प्रचलित कानून बमोजिम फछ्र्यौट गर्न लगाउने दायित्त्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

३८. **बेरुजु फर्छ्यौट तथा सम्परीक्षणः** (१) लेखा परीक्षणको प्रतिवेदनमा दर्शाइएका बेरुजु नियमित, असुल उपर तथा सम्परीक्षण गरी फर्छ्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) असुल उपर गर्नु पर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याइएको बेरुजु बाहेक अन्य बेरुजुहरुको हकमा प्रचलित कानून बमोजिम पुर्‍याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानि, नोक्सानी नभएको पुष्ट्याईं गर्ने मनासिब कारण सहितको प्रमाण प्राप्त भएमा तोकिए बमोजिमको कार्यविधि अपनाई सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट नियमित, फर्छ्यौट तथा सम्परीक्षण हुनेछ।

(३) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुहरुको सम्बन्धमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा लिखित जवाफ दिने, समितिको बैठकमा उपस्थित हुने र छलफलमा भाग लिई सो सम्बन्धमा आफ्नो प्रतिक्रिया व्यक्त गर्ने तथा बेरुजु फर्छ्यौट सम्बन्धी काम कारबाही गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रदेश सभामा पेश गरेको सुझाव प्रदेश सभाबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(५) उपदफा (१) र (२) बमोजिम भएको कार्यको अनुगमन महालेखा परीक्षकको कार्यालयले गर्नेछ।

(६) बेरुजु फर्छ्यौट सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

३९. **बेरुजु फर्छ्यौट समितिः** (१) सामान्य प्रकृयाबाट फर्छ्यौट हुन नसकेका बेरुजुहरु फर्छ्यौट गर्न समय समयमा प्रदेश सार्वजनिक लेखा समिति र महालेखा परीक्षकको राय लिई प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी देहायका व्यक्ति सदस्य रहने एक बेरुजु फर्छ्यौट समित गठन गर्न सक्नेछः-

(क) प्रदेश सार्वजनिक लेखा समितले तोकेको समितिको सदस्य -अध्यक्ष

(ख) महालेखा परीक्षकले तोकेको नायव महालेखा परीक्षक वा निर्देशक -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत -सदस्य

(घ) नेपाल चार्टर्ड एकाउण्टेण्ट संघले मनोनयन गरेको चार्टर्ड एकाउण्टेण्ट एक जना -सदस्य

(ङ) प्रदेश लेखा नियन्त्रक -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित बेरुजु फछ्र्यौट समितिको कार्यक्षेत्र प्रदेश सरकारले तोकदिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठित बेरुजु फछ्र्यौट समितिले बेरुजु फछ्र्यौट गर्दा अपनाउनु पर्ने कार्यविधि तोकदिए बमोजिम हुनेछ।

४०. **<u>बेरुजु फछ्र्यौट समितिको काम, कर्तव्य र अधिकारः</u>** दफा ३९ बमोजिम गठित बेरुजु फछ्र्यौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लेखापरीक्षणबाट औंल्याइएको मस्यौट हिनामिना वा असुल उपर गर्नु पर्ने ठहरिएको बेरुजु बाहेक सामान्य नियमित प्रक्रियाबाट फछ्र्यौट तथा सम्परीक्षण हुन नसकेका कुनै प्रदेश संवैधानिक अङ्ग तथा निकाय, मन्त्रालय, सचिवालय, विभाग, अदालत वा कार्यालय अन्तर्गतका बेरुजु सम्वन्धित प्रदेश संवैधानिक अङ्ग तथा निकाय, मन्त्रालय वा सचिवालयबाट फछ्र्यौटको निमित्त सिफारिस भई आएमा औचित्यको आधारमा त्यस्तो बेरुजु नियमित वा मिन्हा गरी बेरुजुको लगत कट्टा गर्ने।

(ख) खण्ड (क) बमोजिम फछ्र्यौटको निमित्त समितिमा सिफारिस भई आएका बेरुजु फछ्र्यौट गर्न नमिल्ने भएमा सम्बन्धित प्रदेश संवैधानिक अङ्ग तथा निकाय, मन्त्रालय वा सचिवालयलाई बेरुजु रकम नियमित वा असुल उपर गर्न लेखी पठाउने।

## परिच्छेद- ८

## <u>वित्तीय जिम्मेवारी र जवाफदेहिता</u>

४१. **<u>काम, कर्तव्य, अधिकार र जिम्मेवारीः</u>** लेखा उत्तरदायी अधिकृत, जिम्मेवार अधिकृत, विभागीय प्रमुख, प्रदेश लेखा नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख, कार्यालय प्रमुख तथा आर्थिक प्रशासन शाखा प्रमुख एवं जिन्सीमा काम गर्ने अधिकारीको काम, कर्तव्य, जिम्मेवारी तोकिए बमोजिम हुनेछ।

४२. **<u>जिम्मेवार व्यक्ति जवाफदेही हुनेः</u>** (१) जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नु पर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रीत पुऱ्याई लेखा तयार गरी अद्यावधिक राख्नु पर्नेछ।

(२) आर्थिक प्रशासन सञ्चालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्ने र मातहत कार्यालयको हिसाव केन्द्रीय हिसाबमा समावेश गराई जाँचबुझ गर्ने गराउने उत्तरदायित्त्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(३) लेखा उत्तरदायी अधिकृतले उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा

निरीक्षण गर्दा वा लेखा परीक्षण हुँदा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको वा अन्य कुनै कैफियत गरेको देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसको जवाफदेहीता वहन गर्नु पर्नेछ।

(४) कुनै मनासिब कारणले आर्थिक कारोबार सम्बन्धी काममा अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारी समक्ष कारण खुलाई नियमित गराउनको लागि पेश गरेमा अधिकार प्राप्त अधिकारीले तोकिएको म्यादभित्र सो सम्बन्धमा आवश्यक निर्णय गरिदिनु पर्नेछ।

तर मनासिब कारण नभई लेखा सम्बन्धी काममा अनियमितता हुन आएको देखिन आएमा अधिकार प्राप्त अधिकारीले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पाँच सय रूपैयाँ र त्यसपछि पुनः दोहोरिन आएमा पटकै पिच्छे एक हजार रूपैयाँ जरिबाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनु पर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पाँच सय रूपैयाँ र सोही अधिकारीबाट पुनः अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा एक हजार पाँच सय रूपैयाँ जरिबाना गर्नु पर्नेछ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण हुँदा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जाँच गर्न पठाउने तालुक कार्यालय वा विभागीय प्रमुखले कलमै पिच्छे दुई सय रूपैयाँ जरिबाना गर्ने सक्नेछ। एउटै जिम्मेवार व्यक्तिलाई तीन पटकभन्दा बढी जरिबाना भइसकेपछि पुनः त्यस्तो कार्य दोहोरिन आएमा कलमै पिच्छे पाँच सय रूपैयाँ जरिबाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्नु पर्नेछ।

(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे गरेको र लेखा परीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी संवैधानिक अङ्ग तथा निकायको हकमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकायको प्रमुख, मन्त्रालय तथा प्रदेश स्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्री, विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको कार्यालयको हकमा सम्बन्धित मन्त्रालयको सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको विभागीय प्रमुखको हुनेछ।

४३. **सरकारी नगदी जिन्सी दुरुपयोग एवं मस्यौट भएमा कारबाही गरिनेः** (१) कार्यालयको सरकारी तहबिल तथा जिन्सी भण्डार आन्तरिक लेखा परीक्षण वा अन्तिम लेखा परीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा मस्यौट वा दुरुपयोग भएको देखिन आएमा सम्बन्धित

कार्यालय प्रमुख वा तालुक कार्यालय वा तोकिएको अधिकारीले प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट वा दुरुपयोग गर्ने उपर आवश्यक कारबाही गर्नु गराउनु पर्नेछ।

(२) अन्तिम लेखा परीक्षण गर्दा सरकारी तहबिल तथा जिन्सी भण्डारको कुनै रकम वा जिन्सी मस्यौट भएको देखिएमा महालेखा परीक्षकको कार्यालयले आफ्नो राय साथ प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट गर्ने व्यक्ति उपर कारबाही चलाउन सम्बन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुख समक्ष लेखी पठाउनेछ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा वा उपदफा (२) बमोजिम कारबाहीका लागि लेखी आएको अवस्थामा सम्बन्धित अधिकारीले कारबाही नगरेमा त्यस्तो अधिकारीलाई विभागीय प्रमुखले र विभागीय प्रमुखले कारबाही नगरेको भए लेखा उत्तरदायी अधिकृतको हकमा विभागीय मन्त्री वा राज्य मन्त्रीले र प्रदेश संवैधानिक अङ्ग तथा निकायका प्रशासकीय प्रमुखको हकमा संवैधानिक अङ्ग तथा निकायका प्रमुखले पाँच सय रूपैयाँसम्म जरिबाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सक्नेछ।

(४) महालेखा परीक्षकलाई लेखा सम्बन्धी काम यथासमयमा भएको छैन भन्ने लागेमा निजले सो सम्बन्धी कागजात झिकाई जाँच गर्न लगाउन सक्नेछ र त्यसरी जाँच गर्दा केही त्रुटी वा कैफियत देखिन आएमा आवश्यक कारबाहीका लागि सम्बन्धित तालुक कार्यालय समक्ष पठाउने छ। यसरी लेखी आएकोमा सम्बन्धित कार्यालयले पनि तुरुन्तै आवश्यक कारबाही गर्नु पर्नेछ।

४४. **<u>सरकारी धनमाल वा सम्पतिको संरक्षण गर्नु र तोकिएको काममा मात्र लगाउनु पर्नेः</u>** (१) कार्यालयमा प्राप्त हुन आएको सम्पूर्ण नगदी जिन्सीको संरक्षणको प्रवन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ। कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइनेछ। तोकिएको काममा बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट त्यस्तो खर्च रकम असुल उपर गरी विभागीय कारबाही समेत गर्न सकिनेछ।

(२) व्यक्तिगत प्रयोगमा ल्याइएको वा प्रयोग गर्न दिइएको सरकारी जिन्सी, धनमाल र सम्पतिमा हुन गएको सबै प्रकारको क्षति र नोक्सानी रकम प्रयोग गर्न दिने लिने दुवैबाट असुल उपर गरिनेछ।

४५. **<u>जवाफदेही बहन गर्नु पर्नेः</u>** (१) सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको वा निज आफैंले गरेका कारोबारका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम जिम्मवारी बहन गर्नु पर्नेछ।

(२) यस ऐन वा प्रचलित कानून बमोजिमका कारोबारसँग सम्बन्धित कागजात तयार गर्ने, जाँच गर्ने, पेश गर्ने र सिफारिस गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेही बहन गर्नु पर्नेछ।

४६. **<u>वित्तीय प्रतिवेदन सार्वजनिक गर्नु पर्ने</u>**: यस ऐन र अन्य प्रचलित कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नु पर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

४७. **<u>सरकारी सम्पत्तिको जिम्मा, त्यसको अभिलेख र संरक्षण</u>**: (१) प्रदेश कार्यालयमा रहेको नगद, बैङ्क मौज्दात, चेक र त्यसको स्रेस्ता, धरौटी र त्यसको स्रेस्ता र राजश्वको लेखा आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मा रहनेछ। जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता जिन्सी हेर्न तोकिएको कर्मचारीको जिम्मामा रहनेछ। राजश्वको लगत र त्यस सम्बन्धी अन्य कागजातहरु कार्यालय प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहनेछ।

(२) लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानि, नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो संभार गरी वा चालू अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) उपदफा (२) बमोजिमको काम गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखले आफ्नो जवाफदेहीतामा आफूभन्दा मुनिका अन्य कर्मचारीलाई लगाउन सक्नेछ।

४८. **<u>जिन्सी मालसामानको अभिलेख तयार गर्ने</u>**: (१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरीद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लगत तयार गर्ने र लगत बमोजिमको जिन्सी मालसामान जिम्मा लिने अभिभारा कार्यालय प्रमुखले जिन्सी हेर्न तोकेको कर्मचारीको हुनेछ।

(३) प्राविधिक काममा प्रयोगमा ल्याइने जिन्सी मालसामानको हकमा उपदफा (१) बमोजिम लगत तयार गर्दा सम्बद्ध प्राविधिक कर्मचारीबाट जाँच गराई के कस्तो अवस्थामा त्यस्तो मालसामान प्राप्त भएको हो प्रमाणित गराई सो कुराको कैफियत जनाई लगत खडा गर्नु पर्नेछ।

(४) कार्यालयमा मौज्दात रहेका मालसामानमध्ये पुरानो मालसामानको मूल्य कारणवश खुल्न नसकेको अवस्थामा तोकिए बमोजिमको समितिले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी मूल्य कायम गराई राख्नु पर्नेछ।

(५) वैदेशिक सहायताबाट प्राप्त हुने मालसामानको व्यवस्था तोकिए बमोजिम हुनेछ।

४९. **<u>सरकारी सम्पत्तिको अभिलेख राख्ने तथा प्रतिवेदन तयार गर्ने</u>**: (१) प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घर जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत

नियमित रूपमा अद्यावधिक गरी राख्नु पर्नेछ। त्यस्तो लगतको वार्षिक रूपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको पैंतीस दिनभित्र प्रतिवेदन गर्नु पर्नेछ। प्राप्त प्रतिवेदनको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारी कार्यालयको सम्पत्तिको अभिलेख तोकिए बमोजिम अद्यावधिक गर्नु पर्नेछ।

(२) तालुक कार्यालय, विभाग, मन्त्रालय, संवैधानिक निकायले *उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रूपमा तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(३) प्रदेश लेखा नियन्त्रक कार्यालयले *उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन अध्ययन गरी एकीकृत जिन्सी प्रतिवेदन तयार

गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा आश्विन मसान्तभित्र पठाउनु पर्नेछ।

(४) जिन्सी निरीक्षण गर्ने, मर्मत संभार गर्ने र प्रतिवेदन गर्ने लगायतको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ९

## बरबुझारथ, लिलाम बिक्री तथा मिन्हा

५०. **बरबुझारथः** (१) कर्मचारी सरुवा वा बढुवा हुँदा वा अवकास प्राप्त गर्दा वा लामो अवधि काजमा वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात म्याद तोकिएकोमा तोकिएको म्यादभित्र र म्याद नतोकिएकोमा एक्काईस दिनभित्र तोकिए बमोजिम बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्नेछ।

(२) कुनै मनासिब कारणले उपदफा (१) बमोजिमको म्यादभित्र बरबुझारथ गर्न नसकेमा म्यादभित्र बरबुझारथ गर्न नसकिएको कारण खोली सम्बन्धित तालुक कार्यालयमा निवेदन दिई निकासा भई आए बमोजिम गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम बरबुझारथ हुन नसकेमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले समय निर्धारण गरी त्यसरी निर्धारण गरिएको समयभित्र आवश्यक जाँचबुझ गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा लापरबाही गरी बरबुझारथ गर्न बाँकी राखे जिम्मेवार लेखा उत्तरदायी अधिकृतले पाँच सय रूपैयाँसम्म जरिबाना गरी मनासिब म्याद दिई बरबुझारथ गर्न लगाउने छ।

(५) उपदफा (४) बमोजिम दिएको म्यादभित्र पनि बरबुझारथ नगर्ने व्यक्ति बहालवाला कर्मचारी भए प्रचलित कानून बमोजिम निजको तलव भत्ता रोक्का राखी र

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

वहाल टुटेको व्यक्ति भए निजको निवृत्तभरण वा उपदान रोक्का राखी एवं निवृत्तभरण, उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए प्रहरीद्वारा पक्राउ गर्न लगाई बरबुझारथ गर्न लगाइनेछ। सम्बन्धित निकायबाट पक्राउका लागि अनुरोध भई आएमा सम्बन्धित सुरक्षा निकायले पक्राउ गर्नु पर्नेछ।

(६) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा धनमालमा कुनै नोक्सानी भएमा नोक्सानी भएको रकम र सोही बराबरको विगो रकम प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ।

(७) बरबुझारथ गर्ने अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

५१. **<u>लिलाम बिक्री</u>:** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेख भएको मालसामानहरु कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलाम विक्री गर्नु पर्नेछ।

५२. **<u>मिन्हा दिने</u>:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन अन्तर्गत उठ्न नसकेको सरकारी बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा तथा सुख्खाजर्ती भई वा खिइएर सडेर गई वा अन्य कारणबाट सरकारी हानि, नोक्सानी हुन गएको वा कानून बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा तोकिए बमोजिम मिन्हा दिन सकिनेछ।

## परिच्छेद- १०

## <u>सरकारी बाँकी असुल उपर</u>

५३. **<u>नियमित प्रक्रियाबाट फछ्र्यौट नभएको बेरुजु सरकारी बाँकीको रूपमा रहने</u>:** (१) आन्तरिक तथा अन्तिम लेखा परीक्षणबाट मस्यौट तथा हिनामिना भएको भनी ठहर भएको रकम दफा ३४ र ३५ बमोजिम नियमित, असुल, फछ्र्यौट तथा सम्परीक्षण हुन नसकेमा त्यस्तो बेरुजु रकम जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्नेछ।

(२) असुल उपर गर्नुपर्ने देखिएको रकम पाँच वर्षसम्म प्रयास गर्दा पनि नियमित, असुल, फछ्र्यौट तथा सम्परीक्षण हुन नसकेको बेरुजुलाई सरकारी बाँकीको रूपमा लगत कस्न प्रदेश लेखा नियन्त्रक कार्यालयमा लेखी पठाउनु पर्नेछ। साथै सोको सूचना जिम्मेवार व्यक्तिलाई समेत दिई प्रचलित कानून बमोजिम असुल उपर गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विवरण प्राप्त भएपछि सरकारी बाँकीको रूपमा लगत कसी तोकिए बमोजिम असुल उपर गर्ने काम प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ। सरकारी बाँकीको रूपमा लगत कायम गरिएको बेरुजुको विवरण असुल उपरको लागि सम्बन्धित लेखा उत्तरदायी अधिकृतले तोकिए बमोजिम कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउनु पर्नेछ।

५४. **<u>बेरुजु रकम जायजेथाबाट असुल उपर हुने</u>:** दफा ५३ को उपदफा (३) बमोजिम लगत कसी असुल उपरका लागि प्राप्त भएको बेरुजु रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित व्यक्तिको जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

५५. **<u>बेरुजु रकम असुल उपर गर्ने काम, कर्तव्य र अधिकार</u>:** (१) यो ऐन र अन्य प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्ने रकम तथा प्रदेश सरकारसँग गरेको शर्तनामा अनुसार बुझाउन पर्ने रकम नबुझाएको र सरकारी नगदी तथा जिन्सी सम्पति हिनामिना गर्न व्यक्तिबाट असुल उपर गर्नुपर्ने रकम असुल उपर गर्ने दायित्त्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका वखत उक्त कार्यालयको लगतमा कायम रहेको प्रदेश अन्तर्गतको असुल उपर गर्नु पर्ने रकम असुल उपर गर्न लेखी आएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले असुल उपर गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक प्रचलित कानून बमोजिम प्रदत्त अधिकार प्रयोग गरी अर्धन्यायिक निकाय वा अधिकारीबाट भएको फैसला बमोजिमको दण्ड जरिबाना तिर्नु बुझाउनु पर्ने दायित्त्व भएको व्यक्तिले त्यस्तो दण्ड जरिबाना नतिरे नवुझाएमा सम्बन्धित अर्धन्यायिक अधिकारी वा त्यस्तो अर्धन्यायिक निकायको प्रमुखले त्यस्तो दण्ड *<u>जरिबानाको</u> विवरण उल्लेख गरी दण्ड जरिबाना असुल उपर गर्नका लागि त्यस्तो विवरण सहित प्राप्त हुन आएमा सम्बन्धित व्यक्तिबाट फैसला बमोजिमको दण्ड जरिबाना सरकारी बाँकी सरह असुल उपर गरी सञ्चितकोषमा जम्मा गर्नु पर्नेछ।

(४) असुल उपर गर्नुपर्ने ठहरी लगत कसिएको बेरुजु वा दण्ड जरिबाना नतिरे नबुझाएमा त्यस्तो बेरुजु वा दण्ड जरिबाना असुल उपर गर्नुपर्दा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम असुल उपर गर्नुपर्ने दण्ड जरिबाना असुल उपर भएपछि सम्बन्धित कार्यालयले त्यसको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा सम्बन्धित अर्धन्यायिक निकायको प्रमुख समेतलाई दिनु पर्नेछ।

(६) असुल उपर गर्नुपर्ने बेरुजु रकमको कुल लगतको दश प्रतिशतभन्दा बढी असुल उपर भएमा सो दश प्रतिशतभन्दा बढी जति असुल उपर भएको छ त्यसको दश प्रतिशतमा नबढाई वा प्रतिव्यक्ति वा संस्थालाई दश हजार रूपैयाँभन्दा बढी नहुने गरी बेरुजु असुल उपर गर्ने कार्यमा संलग्न कर्मचारी, व्यक्ति वा संस्थालाई पुरस्कार दिन सकिनेछ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

## परिच्छेद- ११

## विविध

५६. **सजायः** (१) यस ऐनको विभिन्न दफामा सजायको व्यवस्था गरिएकोमा बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरुको उल्लंघन गरेमा निजलाई दफा ४१ बमोजिमको अधिकारीले पाँच सय रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम सजाय तथा जरिबाना गर्न पर्नेमा कुनै अधिकारीले सजाय तथा जरिबाना नगरेमा त्यस्तो अधिकारीलाई एक तह माथिको अधिकृतले पहिलो पटक चेतावनी र दोश्रो पटकदेखि पाँचसय रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

५७. **जरिबाना मिन्हा वा कम गर्न सकिनेः** यस ऐनमा उल्लिखित व्यवस्था अनुसार कुनै सजायको आदेश भएकोमा त्यस्तो सजाय गर्न नपर्ने भनी मनासिब माफिकको कारण खोली त्यस्तो सजायको आदेश दिएको मितिले पन्ध्र दिनभित्र सजाय दिने अधिकारी समक्ष लिखित निवेदन दिएमा सजायको आदेश दिने अधिकारीलाई त्यस्तो कारण मनासिब लागेमा पहिले गरेको जरिबाना मिन्हा वा कम गर्न सक्नेछ।

५८. **पुनरावेदनः** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै जरिबाना वा बेरुजु तिर्नु बुझाउनु पर्ने निर्णय भएमा सो निर्णय उपर चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्ति वा कर्मचारीले त्यस्तो निर्णय पाएको पन्ध्र दिनभित्र सजाय गर्ने अधिकारीभन्दा एक तह माथिको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ र त्यसरी पुनरावेदन परेमा पुनरावेदन सुन्ने अधिकारीले दिएको निर्णय अन्तिम हुनेछ।

५९. **आर्थिक प्रशासनको सञ्चालनः** आर्थिक प्रशासन सञ्चालन गर्न प्रदेश लेखा सम्बन्धी जनशक्तिको परिचालन र व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

६०. **आर्थिक कार्यविधि सम्बन्धी मार्गदर्शनः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउँदा संविधान तथा सङ्घीय आर्थिक कार्यविधि ऐनको प्रतिकूल नहुने गरी बनाउनेछ।

६१. **विद्युतीय प्रविधिको प्रयोग गर्नेः** (१) यस ऐन बमोजिम सम्पादन गर्नु पर्ने आर्थिक कारोबारको लेखाङ्कन एवं प्रतिवेदनका लागि आवश्यकता अनुसार विद्युतीय प्रणालीको उपयोग गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका आर्थिक कारोबार व्यवस्थापन प्रणालीहरु प्रदेश लेखा नियन्त्रक कार्यालयले विकास गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत गराउनेछ।

(३) उपदफा (२) बमोजिम विकास भएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नु पर्ने भएमा तोकिए बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनु पर्नेछ।

(४) यस दफा बमोजिम विकास गरिएका प्रणालीबाट उत्पादित हुने सूचनाहरु प्रमाणीकरणका लागि विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सकिनेछ।

(५) आर्थिक कारोबार व्यवस्थापनसँग अन्तर सम्बन्धित अन्य प्रणालीहरुको विकास र अन्तर आवद्धता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६२. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम कुनै निकाय वा अधिकारीलाई प्राप्त अधिकारमध्ये तोकिए बमोजिम बाहेकका अधिकार अन्य कुनै निकाय वा अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

६३. **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६४. **प्रचलित कानून बमोजिम हुनेः** यो ऐन र यस ऐन अन्तर्गत वनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

# स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५।०१।२०

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| १.स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ | २०७७।०१।०३ |
| २.केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |

संवत् २०७५ सालको ऐन नं. ०२

**<u>स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** नेपालको संविधानमा व्यवस्था भए बमोजिमका गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्य तथा स्थानीय तहका पदाधिकारी एवं सदस्यको सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको सविधानको धारा १७६ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "उपप्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएका गाउँपालिका सम्झनु पर्छ।

(च) "प्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले *बागमती प्रदेश सम्झनु पर्छ।

(ज) "पदाधिकारी" भन्नाले अध्यक्ष, प्रमुख, समन्वय समिति प्रमुख, उपाध्यक्ष, उपप्रमुख वा समन्वय समिति उपप्रमुख तथा वडा अध्यक्ष सम्झनु पर्छ।

(झ) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएका नगरपालिका सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिकालाई समेत सम्झनु पर्छ।

(ञ) "वडा" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सम्झनु पर्छ।

(ट) "सदस्य" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिका वा संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्य समेतलाई जनाउँछ।

(ठ) "समन्वय समिति प्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको प्रमुख सम्झनु पर्छ।

(ड) "समन्वय समिति उपप्रमुख" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनु पर्छ।

(ढ) "सभा" भन्नाले गाउँपालिकाको हकमा गाउँ सभा, नगरपालिकाको हकमा नगर सभा र जिल्ला समन्वय समितिको हकमा जिल्ला सभा सम्झनु पर्छ।

(ण) "सभाका सदस्य" भन्नाले संविधानको धारा २२२ र २२३ बमोजिमको गाउँ सभा वा नगर सभाका सदस्य सम्झनु पर्छ।

(त) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका वा जिल्ला सभा सम्झनु पर्छ।

३. ✂ -----------

✠३क. **सुविधा**: (१) गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष, कार्यपालिकाका सदस्य र वडा सदस्यले अनुसूची- १क. मा उल्लेख भए बमोजिमको सुविधा पाउनेछ।

(२) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यले अनुसूची -१क. बमोजिमको सुविधा पाउनेछ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

✂ पहिलो संशोधनद्वारा खारेज।

✠ पहिलो संशोधनद्वारा थपिएको।

(३) निर्वाचित भई सकेपछि पहिलो पटकको हकमा शपथ ग्रहण भएपछि अनुसूची -१क., १ख. र १ग. बमोजिमको सुविधा प्राप्त हुनेछ।

४. **<u>सभाका सदस्यको भत्ताः</u>** ***(१) सभाको बैठकमा भाग लिए बापत अनुसूची-१ख. मा उल्लेख भए बमोजिमको बैठक भत्ता बापतको रकम पाउनेछ।**

(२) उपदफा (१) बमोजिम सभा र समिति वा उपसमितिको बैठक एकै दिन बसेकोमा सभाका सदस्यले कुनै एउटा बैठकको मात्र भत्ता पाउनेछ।

(३) सभाका सदस्यले कुनै एक बिषयको बैठक जतिसुकै संख्या वा दिनमा बसेको भए तापनि एउटा बैठक बराबरको मात्र बैठक भत्ता पाउनेछ।

✣४क. **<u>न्यायिक समितिको बैठक भत्ताः</u>** न्यायिक समितिको बैठकमा उपस्थित सदस्यले अनुसूची -१ग. बमोजिमको बैठक भत्ता पाउनेछ।

✂५. ----------

✂६. ----------

*७. **<u>दैनिक तथा भ्रमण भत्ता सम्बन्धी व्यवस्थाः</u>** (१) गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र जिल्ला समन्वय समितिका अध्यक्ष/प्रमुख वा उपाध्यक्ष/उप-प्रमुख, सदस्य र सभाका सदस्यले आफ्नो निकायको कामको सिलसिलामा आफ्नो क्षेत्रभन्दा बाहिर गई बास बस्नु परेमा अनुसूची-१क.मा उल्लेख भए बमोजिमको भत्ता पाउनेछ।

तर भ्रमण गरी बास बस्नु नपरी सोही दिन आफ्नो कार्य क्षेत्रमा फर्कन सक्ने अवस्थामा सो दिनको लागि अनुसूची-१क. मा तोकिएको दैनिक भत्ताको एक चौथाई रकम पाउनेछ।

(२) यस ऐन बमोजिम उपलब्ध गराएको सवारी साधनबाट भ्रमण गर्दा यातायात खर्च पाउने छैन।

(३) उपदफा (१) बमोजिम भ्रमण गर्दा तीन दिनसम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वयंले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्नेछ।

(४) उपाध्यक्ष/उप-प्रमुखले बढीमा दुई दिनसम्मको भ्रमण गर्नु पर्दा भ्रमण गर्नु पर्ने कारण र उद्देश्य अध्यक्ष/प्रमुखलाई जानकारी गराई स्वयंले भ्रमण आदेश स्वीकृत गर्न सक्नेछ र सोभन्दा बढी दिनको लागि अध्यक्ष/प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ।

---

* पहिलो संशोनद्वारा संशोधित।

✣ पहिलो संशोधनद्वारा थपिएको।

✂ पहिलो संशोधनद्वारा खारेज।

(५) उपदफा (१) बमोजिम भ्रमण गर्दा सभाका अन्य सदस्यको हकमा अध्यक्ष/प्रमुखबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पदाधिकारी वा सदस्यले एक पटकमा सात दिनभन्दा बढी भ्रमण गर्नु परेमा त्यस्तो भ्रमणलाई सम्बन्धित गाउँ/नगर कार्यपालिकाबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेछ।

(७) यस दफा बमोजिम भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको सात दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको प्रतिवेदन समेत कार्यालयमा पेश गर्नु पर्नेछ।

(८) भ्रमण सम्बन्धमा यस दफामा उल्लेख भए जतिको विषयमा यसै दफा बमोजिम र अन्य विषयको हकमा प्रचलित संघीय कानून बमोजिम हुनेछ। प्रदेश कानून लागू भएपछि भने सोही बमोजिम हुनेछ।

⁕८. ---------

✲८क. **<u>बैठक भत्ताः</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकै प्रकृतिको समितिको बैठक जतिसुकै पटक बसे पनि बैठकमा उपस्थित सदस्यले मासिक रुपमा चार पटकभन्दा बढी बैठकको बैठक भत्ता पाउने छैन र त्यस्तो बैठक भत्ता एक दिनमा एकपटकको मात्र पाइनेछ।

९. **<u>दृष्टिविहीन वा अशक्तले पाउने सुविधाः</u>** (१) कुनै पदाधिकारी, सदस्य वा सभाका सदस्य दृष्टिविहीन वा शारीरिक रुपले अशक्त भई हिंडडुल गर्न असमर्थ भई सहयोगीको सेवा लिन आवश्यक पर्ने अवस्था भएमा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिले त्यस्तो पदाधिकारी, सदस्य वा सभाका सदस्यको सहयोगको लागि निजले चाहेको एकजना सहयोगी उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम कुनै सहयोगी उपलब्ध गराइएकोमा त्यस्तो सहयोगीलाई पदाधिकारी वा सदस्य वा सभाका सदस्यले पाए सरहको दैनिक भत्ता र यातायात खर्च उपलब्ध गराइनेछ।

१०. **<u>बैंक खाता मार्फत भुक्तानीः</u>** (१) पदाधिकारी, सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने सुविधा, भत्ता तथा अन्य सुविधा वापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्वन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सोही खाता मार्फत भुक्तानी गर्नु पर्नेछ।

---

⁕ पहिलो संशोधनद्वारा खारेज।

✲ पहिलो संशोधनद्वारा थपिएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पदाधिकारी, सदस्य र सभाका सदस्यको बैंकमा खाता खोल्न नसक्ने अवस्था भएमा निजले पाउने भत्ता वा सुविधा बापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ।

११. **निलम्बन परेमा भत्ता नपाउने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य वा सभाका सदस्य आफ्नो पदबाट निलम्बनमा परेमा त्यस्तो निलम्बनमा परेको अवधिभर वा कुनै फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना वा कैदमा रहेकोमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको, सुविधा वा भत्ता पाउने छैन।

तर त्यस्तो निलम्बन फुकुवा भएमा वा अदालतबाट सफाइ पाएमा निजले *दफा ३क. बमोजिमको सुविधा पाउनेछ।

१२. **सुविधा निर्धारण गर्न सक्ने:** यस ऐन बमोजिम पदाधिकारी, सदस्य तथा सभाका सदस्यका लागि कुनै सुविधा निर्धारण गर्नु पर्दा यस ऐनले तोकि दिएका सुविधालाई अधिकतम सीमा मानेर सम्बन्धित सभाले आफ्नो अधिकारक्षेत्र भित्रको आर्थिक स्रोत तथा क्षमता समेतका आधारमा निर्धारण गर्न सक्नेछ।

१३. **अनुसूचीमा हेरफेर गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी, सदस्य वा सभाका सदस्यको यस ऐन बमोजिम व्यवस्था गरिएको सुविधालाई आवश्यकता र औचित्यताका आधारमा पुनरावलोकन गर्न सक्नेछ।

१४. **अन्य सुविधा प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुने:** यस ऐनमा व्यवस्था भए बाहेकका अन्य सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

१५. **बचाउ:** यो ऐन प्रारम्भ हुनुभन्दा पहिले सभाले कुनै निर्णय गरी पदाधिकारी तथा सदस्यलाई कुनै सुविधा उपलब्ध गराएको भए यस ऐनमा व्यवस्था भए बमोजिमको हदसम्मको सुविधालाई यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

## ✂अनुसूची -१

--------------

✂ पहिलो संशोधनद्वारा खारेज।

※अनुसूची-१क.

(दफा ३क. को उपदफा (१), (२), (३) र ७ को उपदफा (१)सँग सम्बन्धित)

**पदाधिकारी, सदस्यले पाउने सुविधा**

(क) **गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, गाउँ कार्यपालिका सदस्य तथा वडा सदस्यले पाउने सुविधा**

| क. सं. | सुविधाको प्रकार | इकाई | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | का.पा. सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन,मोवाइल (मासिक) | रु. | ३००० | ३००० | २००० | १५०० | १००० |
| ३ | खाजा (मासिक) | रु. | ५००० | ५००० | ३००० | १५०० | १५०० |
| ४ | पुस्तक,पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | २००० | २००० | १००० | १००० | १००० |
| ५ | समन्वय भत्ता (मासिक) | रु. | १०००० | १०००० | ७००० | २००० | - |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | २५०० | २५०० | १००० | ५०० | ५०० |
| ७ | सरसफाइ, मर्मत (मासिक) | रु. | २५०० | २५०० | १००० | १००० | - |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | ९००० | ५००० | ४००० | २००० | १५०० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० | १२०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | ८० | ८० | ७५ | ७५ | ७५ |

※ पहिलो संशोधनद्वारा थपिएको।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | यातायात खर्च (मासिक) | वटा/रु. | सवारी साधन-१ (सवारी साधन उपलब्ध नभए रु. १००००) | सवारी साधन-१ (सवारी साधन उपलब्ध नभए रु. १००००) | ४००० (सवारी साधन उपलब्ध नभएमा) | २५००(सवारी साधन उपलब्ध नभएमा) | २०००(सवारी साधन उपलब्ध नभएमा) |
| १२ | डिजेल/पेट्रोल (सवारी साधन उपलब्ध भए) | मासिक (लिटर) | ८० | ८० | २० | - | - |
| १३ | मोबिल (सवारी साधन उपलब्ध भए) | त्रैमासिक (लिटर) | ५ | ५ | १ | - | - |

(ख) <u>नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यले पाउने सुविधा</u>

| क्र.सं. | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | का.पा. सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन,मोबाइल (मासिक) | रु. | ४००० | ४००० | २५०० | १५०० | १५०० |
| ३ | खाजा (मासिक) | रु. | ५५०० | ५५०० | ३५०० | १५०० | १५०० |
| ४ | पुस्तक,पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | २००० | २००० | २००० | १००० | १००० |
| ५ | समन्वयभत्ता (मासिक) | रु. | ११००० | ११००० | ७५०० | २००० | - |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | ३५०० | २५०० | १००० | १००० | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | सरसफाइ, मर्मत (मासिक) | रु. | ३००० | ३००० | १००० | १००० | - |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ६००० | ५००० | २५०० | २५०० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | १८०० | १८०० | १२०० | १२०० | १२०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १०० | १०० | ७५ | ७५ | ७५ |
| ११ | यातायात खर्च (मासिक) | वटा/रु. | साधन-१ (सवारी साधन उपलब्ध नभए रु. १००००) | साधन-१ (सवारी साधन उपलब्ध नभए रु. १००००) | ४५०० (सवारी साधन उपलब्ध नभएमा) | २५०० (सवारी साधन उपलब्ध नभएमा) | २५०० (सवारी साधन उपलब्ध नभएमा) |
| १२ | डिजेल/पेट्रोल (सवारी साधन उपलब्ध भए) | मासिक (लिटर) | १०० | १०० | २० | - | - |
| १३ | मोबिल (सवारी साधन उपलब्ध भए) | त्रैमासिक (लिटर) | ५ | ५ | १ | - | - |

(ग) **उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यले पाउने सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | का.पा. सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ४००० | ४००० | २५०० | १५०० | १५०० |
| ३ | खाजा (मासिक) | रु. | ५५०० | ५५०० | ३५०० | १५०० | १५०० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | २००० | २००० | २००० | १००० | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | समन्वय भत्ता (मासिक) | रु. | १३००० | १३००० | ७५०० | २००० | - |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | ३५०० | २५०० | १००० | १००० | १००० |
| ७ | सरसफाइ, मर्मत (मासिक) | रु. | ३००० | ३००० | १००० | १००० | - |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | ११००० | ७००० | ६००० | ३००० | ३००० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | २००० | २००० | १५०० | १५०० | १५०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | ११० | ११० | ८० | ८० | ८० |
| ११ | यातायात खर्च (मासिक) | वटा/रु. | सवारी साधन | सवारी साधन | ५५०० (सवारी साधन उपलब्ध नभएमा) | ३००० (सवारी साधन उपलब्ध नभएमा) | ३००० (सवारी साधन उपलब्ध नभएमा) |
| १२ | डिजेल/पेट्रोल (सवारी साधन उपलब्ध भए) | मासिक (लिटर) | १२५ | १२५ | २० | - | - |
| १३ | मोबिल (सवारी साधन उपलब्ध भए) | त्रैमासिक (लिटर) | ५ | ५ | १ | - | - |

(घ) <u>महानगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यले पाउने सुविधा</u>

| क्र.सं. | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | का.पा. सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० | १००० | १००० |
| २ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ४००० | ४००० | २५०० | १५०० | १५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | खाजा (मासिक) | रु. | ५५०० | ५५०० | ३५०० | १५०० | १५०० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | २००० | २००० | २००० | १००० | १००० |
| ५ | समन्वय भत्ता (मासिक) | रु. | १४००० | १४००० | ८५०० | २५०० | - |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | ३५०० | २५०० | १००० | १००० | १००० |
| ७ | सरसफाइ, मर्मत (मासिक) | रु. | ३००० | ३००० | १००० | १००० | - |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | १२००० | १०००० | ७००० | ३००० | ३००० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | २००० | २००० | १६०० | १६०० | १६०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १२५ | १२५ | ८० | ८० | ८० |
| ११ | यातायात खर्च (मासिक) | वटा/रु. | सवारी साधन | सवारी साधन | ५५०० (सवारी साधन उपलब्ध नभएमा) | ३५००(सवारी साधन उपलब्ध नभएमा) | ३५००(सवारी साधन उपलब्ध नभएमा) |
| १२ | डिजेल/पेट्रोल (सवारी साधन उपलब्ध भए) | मासिक (लिटर) | १५० | १५० | २० | - | - |
| १३ | मोबिल (सवारी साधन उपलब्ध भए) | त्रैमासिक (लिटर) | ५ | ५ | १ | - | - |

(ङ) **जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यले पाउने सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | इकाई | प्रमुख | उपप्रमुख | समन्वय समितिका सदस्य |
|---|---|---|---|---|---|
| १ | बैठकभत्ता (प्रतिबैठक) | रु. | १००० | १००० | १००० |
| २ | टेलिफोन, मोबाइल (मासिक) | रु. | ४००० | ४००० | २००० |
| ३ | खाजा (मासिक) | रु. | ५५०० | ५५०० | २००० |
| ४ | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | २००० | २००० | १००० |
| ५ | समन्वय भत्ता (मासिक) | रु. | १४००० | १०००० | २५०० |
| ६ | खानेपानी, बिजुली महशुल (मासिक) | रु. | ३५०० | २५०० | १००० |
| ७ | सरसफाइ, मर्मत (मासिक) | रु. | ३००० | ३००० | १००० |
| ८ | अतिथि सत्कार (मासिक) | रु. | १२००० | ८००० | ६५०० |
| ९ | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | २००० | १८०० | १२०० |
| १० | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १२५ | १०० | ७५ |
| ११ | यातायात खर्च (मासिक) | वटा/रु. | सवारी साधन | सवारी साधन (सवारी साधन उपलब्ध नभए रु. १००००) | ४००० (सवारी साधन उपलब्ध नभएमा) |
| १२ | डिजेल/पेट्रोल (सवारी साधन उपलब्ध भए) | मासिक (लिटर) | १५० | १०० | २० |
| १३ | मोबिल (सवारी साधन उपलब्ध भए) | त्रैमासिक (लिटर) | ५ | ५ | १ |

<u>**द्रष्टव्यः**</u>

१. यूरोपियन मुलुकहरू, अष्ट्रेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, उत्तर कोरिया, जापान, हङ्गकङ्ग, रुस, कतार, जाम्बिया, यू.ए.इ., सिंगापुर, लेबनान, बहराइनको भ्रमण गर्दा माथि उल्लेखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ।

२. विदेश भ्रमण गर्दा भारतको चेन्नई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ। अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाने बस्ने र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चीस प्रतिशत रकम उपलब्ध गराइनेछ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलब्ध गराइनेछ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छयसट्ठी प्रतिशत रकम उपलब्ध गराइनेछ।

※अनुसूची-१ख.

(दफा ३क. को उपदफा (३) र ४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>गाउँ, नगर, उपमहानगर, महानगर र जिल्ला सभाका सदस्यले पाउने बैठक भत्ता</u>**

| क्र.सं. | सदस्यको प्रकार | अध्यक्ष (रु.) | उपाध्यक्ष (रु.) | सदस्य (रु.) |
|---|---|---|---|---|
| १ | गाउँ सभा सदस्य (प्रति बैठक) | १५०० | १००० | १००० |
| २ | नगर सभा सदस्य (प्रति बैठक) | १५०० | १००० | १००० |
| ३ | उपमहानगर सभा सदस्य (प्रति बैठक) | २००० | १५०० | १५०० |
| ४ | महानगर सभा सदस्य (प्रति बैठक) | २५०० | २२०० | २००० |
| ५ | जिल्ला सभा सदस्य (प्रति बैठक) | २५०० | २२०० | २००० |

---

※ पहिलो संशोधनद्वारा थपिएको।

[*]अनुसूची-१ग.

(दफा ३क. को उपदफा (३) र ४क. सँग सम्बन्धित)

## गाउँ, नगर, उपमहानगर र महानगरका न्यायिक समितिका सदस्यले पाउने बैठक भत्ता

| क्र.सं. | सदस्यको प्रकार | संयोजक (रु.) | सदस्य (रु.) |
|---|---|---|---|
| १ | गाउँपालिका न्यायिक समिति सदस्य (प्रति बैठक) | १२०० | १००० |
| २ | नगरपालिका न्यायिक समिति सदस्य (प्रति बैठक) | १४०० | १२०० |
| ३ | उपमहानगरपालिका न्यायिक समिति सदस्य (प्रति बैठक) | १६०० | १४०० |
| ४ | महानगरपालिका न्यायिक समिति सदस्य (प्रति बैठक) | २००० | १६०० |

[*] पहिलो संशोधनद्वारा थपिएको।

✂अनुसूची -२

--------

✂ पहिलो संशोधनद्वारा खारेज।

# गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५।०१।२०

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

सवंत् २०७५ सालको ऐन नं. ०३

<u>**गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) सम्बन्धी ऐन**</u>

<u>**प्रस्तावना:**</u> स्थानीय तहको बैठक एवं कार्य सञ्चालनलाई मर्यादित र व्यवस्थित बनाउन, समिति गठन तथा काम कारबाहीको व्यवस्था गर्न, सभाको कानून निर्माण प्रक्रियालाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भ:**</u> (१) यस ऐनको नाम "गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषा:**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले सभाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष वा नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले [◈]<u>बागमती प्रदेश</u> लाई सम्झनु पर्छ।

(ङ) "प्रस्ताव" भन्नाले सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव सम्झनु पर्छ र सो शब्दले प्रस्तावसँग सम्बन्धित संशोधन प्रस्ताव समेतलाई जनाउँछ।

(च) "प्रस्तुतकर्ता सदस्य" भन्नाले सभाको विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सभाको सदस्य सम्झनु पर्छ।

---

[◈] केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(छ) "बैठक कक्ष" भन्नाले सभाको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शकदीर्घा तथा बरण्डा समेतलाई जनाउँछ।

(ज) "बैठक" भन्नाले गाउँ वा नगर सभाको अधिवेशन सम्झनु पर्छ र सो शब्दले समितिको बैठक समेतलाई जनाउँछ।

(झ) "विधेयक" भन्नाले गाउँ सभा वा नगर सभामा पेश भएको ऐनको मस्यौदा वा संशोधन ऐनको मस्यौदा सम्झनु पर्छ।

(ञ) "विषयगत शाखा" भन्नाले गाउँपालिका वा नगरपालिकाको कार्य विभाजन नियमावली बमोजिमको विषयगत शाखा सम्झनु पर्छ।

(ट) "संयोजक" भन्नाले यस ऐन बमोजिम गठित समितिको संयोजक सम्झनु पर्छ।

(ठ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ड) "सदस्य" भन्नाले गाउँ तथा नगर कार्यपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, कार्यपालिकाको सदस्य वा वडा सदस्य सम्झनु पर्छ।

(ढ) "सभा" भन्नाले गाउँपालिकाको हकमा संविधानको धारा २२२ बमोजिमको गाउँ सभा, नगरपालिकाको हकमा संविधानको धारा २२३ बमोजिमको नगर सभा र जिल्ला समन्वय समितिको हकमा धारा २२० बमोजिमको जिल्ला सभा सम्झनु पर्छ।

(ण) "सभाको सचिव" भन्नाले गाउँ वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी वा अध्यक्षले सभाको सचिव भई काम गर्न तोकेको कर्मचारी सम्झनु पर्छ।

(त) "समिति" भन्नाले यस ऐन बमोजिम गठन हुने सभाको समिति सम्झनु पर्छ।

(थ) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिमका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

## परिच्छेद- २

## गाउँ सभा तथा नगर सभाको बैठक सम्बन्धी व्यवस्था

३. **सभाको अधिवेशन बोलाउने:** (१) अध्यक्षले गाउँपालिका वा नगरपालिकाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले एक महिनाभित्र सभाको पहिलो अधिवेशन र त्यसपछि यस ऐन बमोजिम समय समयमा अन्य अधिवेशन बोलाउनेछ।

तर सभाको एउटा अधिवेशनको अन्त्य र अर्को अधिवेशनको आव्हान बीचको अवधि छ महिनाभन्दा बढी फरक हुने छैन।

(२) अध्यक्षले कार्यसूची बमोजिम सभाको बैठकको सञ्चालन र अन्त्य गर्नेछ।

(३) सभाको अधिवेशन चालू नरहेको वा बैठक स्थगित भएको अवस्थामा बैठक बोलाउन आवश्यक छ भनी सभाको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्यले

लिखित अनुरोध गरेमा अध्यक्षले एक महिनाभित्र बैठक बस्ने मिति, समय र स्थान तोकी बैठक बोलाउनेछ।

(४) सभाको अधिवेशन कार्यपालिकाको केन्द्र रहेको स्थानमा अध्यक्षले तोके बमोजिम बस्नेछ।

(५) निर्वाचन पछिको पहिलो अधिवेशनको अवधि सामान्यतया बढीमा पन्ध्र दिन र त्यसपछिको प्रत्येक अधिवेशनको अवधि बढीमा सात दिनको हुनेछ।

(६) उपदफा (१) वा (३) बमोजिम सभाको अधिवेशन बोलाएको सूचना अध्यक्षले तीन दिन अगावै सदस्यलाई दिनेछ।

(७) उपदफा (६) बमोजिमको सूचना विद्युतीय माध्यम वा आवश्यकता अनुसार सार्वजनिक सञ्चार माध्यमबाट समेत दिन सकिनेछ र यसरी दिएको सूचनालाई सबै सदस्यले प्राप्त गरेको मानिनेछ।

४. **<u>सदस्यको उपस्थिति र आसन</u>:** (१) बैठकमा आसन ग्रहण गर्नु अघि सबै सदस्यले अध्यक्षले तोकेको क्रम अनुसार अधिवेशनको उपस्थिति पुस्तिकामा वा विद्युतीय हाजिरी उपकरणमा उपस्थिति जनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपस्थित सदस्यले अध्यक्षले निर्धारित गरेको स्थानमा आफ्नो आसन ग्रहण गर्नु पर्नेछ।

(३) अपाङ्गता भएका सदस्यको हकमा अध्यक्षले निर्धारित गरेको स्थानमा आसन ग्रहण गर्ने गरी निजको साथमा एक जना परिचारक आवश्यक पर्ने भएमा सो को समेत व्यवस्था गर्न सक्नेछ।

५. **<u>सभाको गणपूरक सङ्ख्या</u>:** (१) सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा अधिवेशनको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(२) उपदफा (१) बमोजिम गणपूरक सङ्ख्या नपुगेमा अध्यक्षले तीन दिनभित्र अर्को बैठकका लागि आव्हान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आव्हान गरेको अधिवेशनमा गणपूरक सङ्ख्या नपुगेमा दुई दिनभित्र अधिवेशन बस्ने गरी दफा ३ बमोजिम पुन: आव्हान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पुनः आव्हान गर्दा पनि गणपूरक सङ्ख्या नपुगेमा कम्तीमा पच्चीस प्रतिशत सदस्यहरुको उपस्थितिमा अधिवेशन बस्नेछ।

६. **<u>बैठकको सञ्चालन र स्थगन</u>:** (१) अध्यक्षले सभाको कार्यबोझलाई ध्यानमा राखी कार्यसूची स्वीकृत गरी सभाको बैठक सञ्चालन गर्नु पर्नेछ।

(२) सभाको बैठक अध्यक्षले निर्धारण गरेको समय तालिका बमोजिम हुनेछ।

(३) अध्यक्षले प्रत्येक बैठकको प्रारम्भ तथा स्थगनको घोषणा गर्नेछ।

(४) सभाको अध्यक्ष बैठकमा उपस्थित हुन नसक्ने अवस्थामा उपाध्यक्ष वा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ र उपाध्यक्ष वा उपप्रमुख पनि उपस्थित हुन नसकेमा अध्यक्षले तोकेको सभाको सदस्यले बैठकको अध्यक्षता गर्ने गरी कार्यसूचीमा तोक्नु पर्नेछ।

७. **कार्यसूची र समयावधि प्रकाशनः** अध्यक्षको निर्देशानुसार सभाको सचिवले अनुसूची- १ बमोजिमको कार्यसूची र समय तालिका तयार गर्नेछ। त्यसको एक प्रति सामान्यतया अठ्चालीस घण्टा अगावै प्रत्येक सदस्यलाई उपलब्ध गराइनेछ।

तर विशेष परिस्थितिमा अध्यक्षको निर्देशानुसार बैठक बस्नु भन्दा चौबीस घण्टा अगावै कार्यसूची तयार गरी त्यसको एक प्रति सदस्यलाई सभाको सचिवले उपलब्ध गराउनेछ।

८. **समयावधि निर्धारण**ः (१) अध्यक्षले बैठकमा पेश हुने विषयमाथि छलफल गर्न समयावधि तोक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधि समाप्त भएपछि यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षले अन्य विषयमा छलफल हुन नदिई सो विषयको टुङ्गो लगाउन आवश्यक सबै विधेयक वा प्रस्ताव निर्णयार्थ बैठकमा प्रस्तुत गर्नेछ।

९. **सभामा मतदानः** (१) सभामा निर्णयका लागि प्रस्तुत गरिएको सबै विधेयक वा प्रस्तावको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ।

(२) अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन।

तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले आफ्नो निर्णायक मत दिनेछ।

(३) उपदफा (१) बमोजिमको निर्णय बहुमत सदस्यको हस्ताक्षरबाट प्रमाणित गरिनेछ।

१०. **मर्यादित संशोधनः** कुनै सदस्यले प्रस्तुत गर्न खोजेको विधेयक वा प्रस्तावमा कुनै आपत्तिजनक, व्यंग्यात्मक, अनावश्यक, अनुपयुक्त वा असम्बद्ध शब्द वा वाक्यांश प्रयोग भएको लागेमा अध्यक्षले त्यस्ता विधेयक वा प्रस्ताव वितरण हुनुभन्दा अघि उपयुक्त संशोधन गर्न वा गराउन सक्नेछ।

११. **बैठकको प्रारम्भः** सभाको बैठक कक्षमा अध्यक्ष आगमन भई राष्ट्रिय धुन बजेपछि बैठक प्रारम्भ हुनेछ।

१२. **बैठकमा पालना गर्नु पर्ने आचरणहरूः** (१) बैठकमा भाग लिने सदस्यले देहाय बमोजिमका आचरण पालना गर्नु पर्नेछः-

(क) अध्यक्ष बैठक कक्षमा प्रवेश गर्दा सबैले सम्मान प्रकट गर्न उठ्नु पर्ने,

(ख) अध्यक्षले बैठकप्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गर्नु पर्ने,

(ग) बैठकमा भाग लिने सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नु पर्ने र अध्यक्षले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नु पर्ने,

(घ) अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाड्नु नहुने र अध्यक्षले बोलेको कुरा शान्तिपूर्वक सुन्नु पर्ने,

(ङ) अध्यक्षले आसन ग्रहण गरिरहेको र बोलिरहेको अवस्थामा सदस्यको बीचबाट हिँड्नु नहुने,

(च) बैठक स्थगित भई अध्यक्ष सभाबाट बाहिर निस्केपछि मात्र अरु सदस्यले बैठक कक्ष छाड्नु पर्ने,

(छ) कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्ने वा बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्नु नहुने,

(ज) बैठक कक्षमा अध्यक्षको सामुन्नेबाट वारपार गरी हिँड्न वा अध्यक्षको आसनतर्फ पिठ्यूँ फर्काएर बस्न नहुने,

(झ) बैठकको कार्यसँग प्रत्यक्ष रूपले सम्बन्धित विषय बाहेक अन्य विषयको पुस्तक, समाचारपत्र वा अन्य कागजपत्रहरू पढ्नु नहुने,

(ञ) बैठकको अवधिभर बैठक कक्षमा मोबाइल र अन्य हलुका उपकरण प्रयोग गर्न नहुने,

(२) सभामा पालना गर्नु पर्ने अन्य आचरणहरू समय समयमा सभाले तोके बमोजिम हुनेछ।

१३. **<u>बैठकमा पालना गर्नु पर्ने कुराहरु:</u>** बैठकमा हुने छलफलमा भाग लिने सदस्यले देहायका कुराको पालना गर्नु पर्नेछः-

(क) अध्यक्षको ध्यानाकर्षण गर्नको निमित्त उठ्नु पर्नेछ र अध्यक्षले नाम बोलाएपछि वा इशारा गरेपछि मात्र बोल्नु पर्ने,

(ख) दफा ३६ बमोजिमका विषयमा छलफल गर्नु नहुने,

(ग) अशिष्ट, अश्लील, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्न नहुने,

(घ) व्यक्तिगत आक्षेप लगाउन नहुने,

(ङ) बोल्न पाउने अधिकारलाई सभाको कार्यमा बाधा पार्ने मनसायले दुरूपयोग गर्नु नहुने,

(च) सभा वा अध्यक्षको कुनै निर्णय बदर गरियोस् भन्ने प्रस्तावमाथि बोल्दाको अवस्थामा बाहेक सभा अध्यक्षको कुनै पनि निर्णयको आलोचना गर्नु नहुने,

(छ) अध्यक्षले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावको छलफलको क्रममा बाहेक अध्यक्षको आलोचना गर्नु नहुने,

(ज) सभाले तोके बमोजिम अन्य कुरा।

१४. **<u>छलफलमा बोल्ने क्रमः</u>** बैठकको छलफलमा बोल्ने क्रम देहाय बमोजिम हुनेछः-

(क) प्रस्ताव पेश गर्ने सदस्यले बोलिसकेपछि अध्यक्षले नाम बोलाएको वा इशारा गरेको क्रम बमोजिमको सदस्यले बोल्ने,

(ख) अध्यक्षको अनुमति लिई कुनै सदस्यले एउटा प्रस्तावमा एक पटक मात्र बोल्ने,

(ग) प्रस्ताव पेश गर्ने सदस्यले अध्यक्षको अनुमति लिई छलफलमा उठेका प्रश्नहरूको जवाफ छलफलको अन्त्यमा दिनेछ।

१५. **<u>स्पष्ट पार्न माग गर्न सकिनेः</u>** (१) छलफल चलिरहेको समयमा सम्बन्धित विषयमा कुनै सदस्यले कुनै कुरा स्पष्ट पार्न माग गर्न अध्यक्ष मार्फत अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुमति लिई कुनै सदस्यले सभाको जानकारीको लागि आफूसँग सम्बन्धित अन्य विषयमा स्पष्ट जानकारी दिन सक्नेछ।

तर त्यस्तो स्पष्ट जानकारी दिंदा कुनै विवादास्पद विषय उठाउन पाइने छैन र त्यस्तो जानकारी माथि कुनै छलफल गर्न पाइने छैन।

१६. **<u>निर्णयार्थ प्रस्ताव पेश गर्नेः</u>** (१) सभाको कार्यसूचीको कुनै प्रस्तावमाथि छलफल समाप्त भएपछि त्यस्तो प्रस्तावको पक्षमा हुने सदस्यलाई "हुन्छ" विपक्षमा हुने सदस्यलाई "हुन्न" र तटस्थ रहन चाहने सदस्यलाई "मत दिन्न" भन्ने शब्द सुनिने गरी उच्चारण गर्नु भनी अध्यक्षले कार्यसूचीका विषय क्रमशः निर्णयार्थ पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तावलाई निर्णयार्थ पेश गरेपछि अध्यक्षले "हुन्छ" वा "हुन्न" भन्ने सदस्य मध्ये जुन पक्षको बहुमत भएको ठहऱ्याउँछ सो कुराको घोषणा गर्नेछ।

(३) अध्यक्षद्वारा कुनै प्रस्ताव निर्णयार्थ पेश गरिसकेपछि सो प्रस्तावमाथि छलफल गर्न वा संशोधन प्रस्तुत गर्न पाइने छैन।

१७. **<u>निर्देशन दिनेः</u>** (१) बैठकमा अभद्र व्यवहार गर्ने सदस्यलाई आफ्नो व्यवहार नियन्त्रण गर्न अध्यक्षले चेतावनी दिएपछि त्यस्तो सदस्यले आफ्नो व्यवहारमाथि तुरुन्त नियन्त्रण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश पालना नगर्ने सदस्यलाई अध्यक्षले बैठकबाट बाहिर जान आदेश दिन सक्नेछ। यसरी आदेश पाएपछि त्यस्तो सदस्यले बैठक

कक्षबाट तत्काल बाहिर जानु पर्नेछ र निजले सो दिनको बाँकी अवधिको बैठकमा उपस्थित हुन पाउने छैन।

(३) उपदफा (२) बमोजिमको आदेश पाएपछि पनि त्यस्तो सदस्य बैठक कक्षबाट तत्काल बाहिर नगएमा अध्यक्षले निजलाई कर्मचारी वा सुरक्षाकर्मीको सहयोग लिई बाहिर निकाल्न सक्नेछ र त्यसरी निकालिएकोमा त्यस्तो सदस्यले त्यसपछिको तीन दिनसम्म सभाको बैठक वा कुनै समितिको बैठकमा भाग लिन पाउने छैन।

यसरी निकालिएकोमा सभाको सचिवले सो कुराको सूचना सबै समितिलाई दिनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले बैठक कक्षमा शान्ति, सुव्यवस्था तथा अनुशासन भङ्ग गरेमा वा गर्न लागेमा वा सभाको प्रतिष्ठामा धक्का लाग्ने किसिमले बैठक कक्षभित्र ध्वंसात्मक कार्य गरेमा वा बल प्रयोग गरेमा वा गर्न लागेमा वा कुनै भौतिक हानि नोक्सानी पुऱ्याएमा अध्यक्षले निजलाई बैठक कक्षबाट तत्काल निष्काशन गरी त्यस्तो सदस्यलाई बढीमा सात दिनसम्मको लागि सभामा आउन नपाउने गरी र क्षति भएको भए क्षतिपूर्ति निजबाट भराउने गरी आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको निष्काशित सदस्यले सो अवधिभर कुनै समितिको बैठकमा उपस्थित हुन पाउने छैन।

(६) उपदफा (४) बमोजिम निजलाई तोकिएको क्षतिपूर्ति अध्यक्षले तोकेको समयभित्र दाखिला गर्ने दायित्व सम्बन्धित सदस्यको हुनेछ।

(७) यस दफा बमोजिम कुनै सदस्य निष्काशित भएको वा फुकुवा भएको सूचना सभाको सचिवले सबै समितिलाई दिनेछ।

१८. **कारबाही फिर्ता हुन सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निष्काशित वा कारबाहीमा परेको सदस्यले चित्त बुझ्दो सफाई पेश गरेमा वा आफ्नो भूल स्वीकार गरी माफी मागेमा अध्यक्षले बैठकको राय बुझी त्यस्तो सदस्यलाई माफी दिई कारबाही फिर्ता लिन सक्नेछ।

१९. **बैठक स्थगित गर्ने अधिकारः** बैठक कक्षभित्र अव्यवस्था भई वा हुन लागि बैठक नियमित रूपले सञ्चालन गर्न बाधा पर्ने देखिएमा अध्यक्षले उक्त दिनको कुनै समयसम्म वा आफूले तोकेको अवधिसम्मको लागि सूचना टाँस गरी बैठक स्थगित गर्न सक्नेछ र अध्यक्षले यसरी गरेको स्थगन माथि प्रश्न उठाउन पाइने छैन।

२०. **सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालनः** (१) सभाको कुनै सदस्यको स्थान रिक्त रहेको अवस्थामा समेत सभाले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ।

(२) सभाको काम कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लागेमा प्रचलित कानून बमोजिम भएको कार्य अमान्य हुने छैन।

२१. **निर्णयको अभिलेख राख्नेः** (१) सभा र यसको समितिको निर्णय तथा काम कारबाहीको अभिलेख सभाको सचिवले व्यवस्थित र सुरक्षित राख्नु पर्नेछ।

(२) सभा तथा यसका समितिको निर्णयको सक्कल अध्यक्षको आदेश बिना सभा वा सभा भवन बाहिर लैजान हुँदैन।

२२. **निर्णय प्रमाणित गर्ने:** (१) सभाको बैठकले गरेका निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णय सुरक्षित राख्ने र कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सभाको सचिवलाई हुनेछ।

## परिच्छेद- ३

## कानून निर्माण प्रक्रिया

२३. **कानून बनाउँदा विचार गर्नु पर्ने कुरा:** (१) सभाले नयाँ कानून बनाउँदा वा कुनै कानून संशोधन गर्दा अन्य कुराको अतिरिक्त देहायको विषयमा विचार गर्नु पर्नेछः-

(क) संविधान बमोजिम आफ्नो अधिकारको विषय पर्ने वा नपर्ने,

(ख) संविधान, संघीय कानून तथा प्रदेश कानून सम्बन्धी व्यवस्था,

(ग) कानून स्वच्छ, न्यायपूर्ण तथा तर्क सँगत छ, छैन,

(घ) निर्माण गर्न लागिएको कानूनको व्यवहारिक कार्यान्वयन हुन सक्ने, नसक्ने,

(ङ) कानून कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक स्रोत तथा संस्थागत संरचना,

(च) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा आदेश भए नभएको,

(छ) नेपाल सरकार, संघीय संसद्, प्रदेश सरकार वा प्रदेश सभाले त्यस्तै विषयमा कानून निर्माण गरेको भए त्यस सम्बन्धी व्यवस्था,

(ज) नेपाल सरकार वा प्रदेश सरकारले नमुना कानून बनाएको भए त्यस सम्बन्धी व्यवस्था,

(झ) नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिवद्धता,

(ञ) सम्बन्धित स्थानीय तहले बनाएका कानूनहरूको अन्य स्थानीय कानूनहरु सँगको एकरूपता,

(ट) जिल्लाभित्रका अन्य स्थानीय तह वा अन्य जिल्लासँग सिमाना जोडिएका स्थानीय तहको हकमा त्यस्ता जिल्लाका स्थानीय तहले बनाएको स्थानीय कानून,

(ठ) गाउँकार्यपालिका वा नगरकार्यपालिकाले निर्धारण गरेका अन्य आवश्यक विषयहरु।

(२) सभाले संविधानको अनुसूची- ९ को विषयमा स्थानीय कानून बनाउँदा त्यस्तो विषयमा संघीय संसद वा प्रदेश सभाले बनाएको कानूनको प्रतिकूल नहुने गरी निर्माण गर्नेछ।

(३) एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा हुने वस्तु वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध वा भेदभाव नहुने गरी कानून बनाउनु पर्नेछ।

(४) सभा वा कार्यपालिकाले एक आपसमा बाझिने गरी स्थानीय कानून निर्माण गर्न हुँदैन।

(५) सभाले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले आवश्यक निर्देशिका वा कार्यविधि वा दिग्दर्शन बनाई लागू गर्नेछ।

२४. **आवश्यकताको पहिचान गर्ने**: (१) कार्यपालिकाले विधेयक तर्जुमा गर्नु अघि त्यस्तो विषयको कानून बनाउँदा आवश्यक भए नभएको सम्बन्धमा अध्ययन र पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि सम्बन्धित कार्यपालिकाले कानून बनाउनु पर्ने आधार र कारण, त्यस्तो विषयमा संघीय वा प्रदेश कानून भए नभएको, जिल्लाभित्रका अन्य स्थानीय तहमा त्यस सम्बन्धी कानून निर्माण भए नभएको, कानून बनेपछि हासिल गर्न खोजिएको लाभ लागत र उपलब्धि, कानून कार्यान्वयनको लागि आवश्यक पर्ने संयन्त्र तथा आर्थिक स्रोत, त्यस्तो स्रोत जुटाउनको लागि आवश्यक व्यवस्था र विधेयकमा रहने मुख्य मुख्य प्रावधानको समेत विश्लेषण गरी संक्षिप्त अवधारणापत्र तयार गर्नु पर्नेछ।

(३) कानूनको संशोधनको लागि विधेयक तर्जुमा गर्दा संशोधन गर्नु परेको आधार र कारण सहितको दफावार तीन महले विवरण तयार गर्नु पर्नेछ।

२५. **प्रस्ताव स्वीकार योग्य छ वा छैन भन्ने निर्णय गर्ने**: कुनै प्रस्ताव स्वीकार योग्य छ वा छैन भन्ने कुराको निर्णय अध्यक्षले गर्नेछ र त्यसरी निर्णय गर्दा अध्यक्षले कारण खुलाई प्रस्तावको कुनै अंश वा पूरै प्रस्ताव अस्वीकार गर्न सक्नेछ।

२६. **विधेयक वा प्रस्ताव प्रस्तुत**: (१) वार्षिक आय र व्ययको अनुमान सहितको बजेट तथा सोसँग सम्बन्धित विनियोजन वा आर्थिक विधेयक अध्यक्षबाट निर्धारित मिति र समयमा सभाको बैठकमा प्रस्तुत गर्नु पर्नेछ।

(२) वार्षिक बजेट तथा अर्थ सम्बन्धी विधेयक वा प्रस्ताव कार्यपालिकाको प्रमुख आफैंले वा निजले तोके बमोजिम उपाध्यक्ष/उपप्रमुख वा कार्यपालिकाको सदस्यले मात्र प्रस्तुत गर्नु पर्नेछ। अध्यक्षले वार्षिक बजेट आय व्यय विवरण तथा बजेट सभामा आफैं पेश गर्ने भएमा सो समयमा उपाध्यक्ष वा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ।

(३) कुनै विधेयक वा प्रस्ताव अर्थ सम्बन्धी हो वा होइन भन्ने प्रश्न उठेमा सो प्रश्नको अन्तिम निर्णय गर्ने अधिकार अध्यक्षको हुनेछ।

(४) अर्थ विधेयक वा प्रस्ताव सम्बन्धी अन्य प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) अर्थ सम्बन्धी विधेयक वा प्रस्तावमा छलफलका लागि अध्यक्षले स्वीकृत गरेको कार्यतालिका सभाको सचिवले सबै सदस्यलाई उपलब्ध गराउनेछ।

(ख) वार्षिक बजेट सम्बन्धी विधेयक सभाको बैठकमा पेश भए पश्चात् मात्र सबै सदस्यलाई उपलब्ध गराइनेछ।

(ग) अर्थ सम्बन्धी विधेयक वा प्रस्तावका सम्बन्धमा यस ऐनमा उल्लेख भएका विषय बाहेक अध्यक्षले उपयुक्त ठहऱ्याएको प्रक्रिया अपनाइनेछ।

(५) अर्थ सम्बन्धी विधेयक वा प्रस्ताव बाहेकका विधेयक वा प्रस्ताव कुनै सदस्यले कम्तीमा सात दिन अगावै सचिवालयमा दर्ता गर्नु पर्नेछ।

(६) अर्थ सम्बन्धी विधेयक वा प्रस्ताव बाहेकका विधेयक वा प्रस्ताव दर्ता भए पश्चात् सभाको सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(७) विधेयक वा प्रस्ताव माथि छलफल र निर्णय हुने समय तालिका अनुसूची-१ मा उल्लेख भए बमोजिम अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।

२७. **अर्थ सम्बन्धी पूरक अनुमानः** सभाबाट पारित चालू आर्थिक वर्षको लागि अर्थ सम्बन्धी ऐनले कुनै सेवाका लागि खर्च गर्न अख्तियारी दिएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका लागि अर्थ सम्बन्धी ऐनले अख्तियारी नदिएको सेवामा खर्च गर्न आवश्यक भएमा वा अर्थ सम्बन्धी ऐनले अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा कार्यपालिकाको अध्यक्ष/प्रमुखले सभामा यस अघि प्रस्तुत गरिएको बजेटको सिद्धान्त र मार्गदर्शनको प्रतिकूल नहुने गरी पूरक अनुमान पेश गर्न सक्नेछ।

२८. **विधेयक साथ पेश गर्नु पर्ने विवरणः** सभामा पेश गर्ने विधेयकसँग देहायको विवरण संलग्न गर्नु पर्नेछः-

(क) विधेयकको उद्देश्य र कारण सहितको विवरण,

(ख) विधेयक ऐन बनेपछि आर्थिक व्ययभार हुने रहेछ भने त्यसको विस्तृत विवरण सहितको आर्थिक टिप्पणी,

(ग) कुनै विधेयकमा नियम, कार्यविधि, निर्देशिका बनाउने वा अधिकार प्रत्यायोजन गर्ने प्रावधान रहेको भए त्यसको कारण, प्रत्यायोजित अधिकार अन्तर्गत बनाइने नियम, कार्यविधि वा निर्देशिकाको प्रकृति र सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव सम्बन्धी टिप्पणी।

२९. **विधेयक दर्ता गराउनु पर्नेः** (१) सभाको अधिकारक्षेत्र भित्र पर्ने कुनै विषयमा कुनै सदस्यले विधेयक पेश गर्न चाहेमा विधेयक तयार गरी सभाको बैठक बस्ने मितिभन्दा कम्तीमा सात दिन अगावै अध्यक्षलाई उपलब्ध गराई दर्ता गराउनु पर्नेछ।

तर निर्वाचन पछिको पहिलो सभामा विधेयक पेश गर्ने समयावधि अध्यक्षले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको विधेयक प्रचलित कानून तथा यस ऐनको प्रतिकूल नभएमा अध्यक्षले उक्त विधेयक पेश गर्न प्रस्तावकलाई अनुमति दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको प्रस्ताव अध्यक्षले आदेश दिए बमोजिम सभाको सचिवले दर्ता गर्नु पर्नेछ।

(४) सभाको सचिवले अध्यक्षको आदेश बमोजिम विधेयक दर्तागरी अनुसूची- २ बमोजिम दर्ताको अभिलेख छुट्टै राख्नु पर्नेछ।

३०. **प्रस्ताव दर्ता गराउनु पर्ने**: (१) सभाको अधिकारक्षेत्र भित्र पर्ने कुनै विषयमा प्रस्ताव पेश गर्न चाहने सदस्यले प्रस्ताव तयार गरी सभाको बैठक बस्नुभन्दा कम्तीमा सात दिन अगावै अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ।

तर निर्वाचन पछिको पहिलो सभामा प्रस्ताव पेश गर्ने समयावधि अध्यक्षले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव प्रचलित कानून तथा यस ऐनको प्रतिकूल भएमा अध्यक्षले उक्त प्रस्ताव प्रचलित कानून तथा यस ऐन बमोजिम हुने गरी पेश गर्न प्रस्तावक सदस्यलाई आदेश दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अध्यक्षले आदेश दिए बमोजिम सभाको सचिवले प्रस्ताव दर्ता गर्नु पर्नेछ।

(४) अध्यक्षले आदेश दिए बमोजिमका प्रस्तावको दर्ता सभाको सचिवले अनुसूची- २ बमोजिम छुट्टै अभिलेख राखी दर्ता गर्नु पर्नेछ।

३१. **अनुमति लिई प्रस्ताव पेश गर्न सकिने**: (१) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुमति लिई देहायको कुनै प्रस्ताव सूचना नदिई पेश गर्न सकिनेछः-

(क) धन्यवाद ज्ञापन गर्ने,

(ख) प्रस्ताव तथा संशोधन फिर्ता लिने,

(ग) बधाई दिने वा शोक प्रकट गर्ने,

(घ) छलफल वा बैठक स्थगित गर्ने,

(ङ) बैठकको अवधि बढाउने वा

(च) छलफल अन्त्य गर्ने।

(२) उपदफा (१) बमोजिमका प्रस्तावद्वारा कुनै विवादास्पद विषय उठाउन पाइने छैन।

(३) उपदफा (१) मा उल्लेखित प्रस्तावका सम्बन्धमा अध्यक्षको अनुमति प्राप्त भई बैठकमा प्रस्ताव पेश भएपछि अध्यक्षले उक्त प्रस्तावलाई बैठकको निर्णयार्थ पेश गर्नेछ।

३२. **<u>विधेयक र प्रस्ताव वितरणः</u>** वार्षिक बजेट सम्बन्धी विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सिधै सभामा पेश गरिनेछ र अन्य विधेयक वा प्रस्ताव सभामा पेश गर्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई सभाको सचिवले उपलब्ध गराउनु पर्नेछ।

३३. **<u>विधेयक वा प्रस्ताव सभामा पेश गर्ने</u>**ः (१) अध्यक्षबाट स्वीकृत कार्यतालिका बमोजिम विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले सभाको बैठकमा पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम विधेयक पेश गर्दा विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पेश गर्नु परेको कारण, विधेयकबाट गर्न खोजिएको व्यवस्था र त्यसबाट प्राप्त गर्न खोजिएको उपलब्धिको बारेमा संक्षिप्त जानकारी दिंदै विधेयकमा छलफल गरियोस् भन्ने प्रस्ताव सभामा पेश गर्नु पर्नेछ।

(३) विधेयक वा प्रस्ताव पेश गर्न तोकिएको सदस्य सभामा स्वयं उपस्थित हुन असमर्थ भएमा अध्यक्षले तोकेको कुनै सदस्यले विधेयक वा प्रस्ताव पेश गर्न सक्नेछ।

३४. **<u>संशोधन सम्बन्धी शर्तहरूः</u>** कुनै विधेयक वा प्रस्तावको सम्बन्धमा देहायका शर्तका अधीनमा रही सदस्यले संशोधन पेश गर्न सक्नेछः-

(क) मूल प्रस्तावको सिद्धान्त विपरीत हुन नहुने गरी,

(ख) मूल प्रस्तावको विषयसँग सम्बद्ध तथा त्यसको क्षेत्रभित्र सिमित रही,

(ग) बैठकले पहिले गरिसकेको निर्णयसँग नबाझिने गरी,

(घ) अस्पष्ट वा निरर्थक नहुने गरी।

३५. **<u>विधेयकमा दफावार छलफल</u>**ः (१) दफा २६, २७, २९ र ३० बमोजिमको विधेयक वा प्रस्ताव बैठकमा दफावार छलफलका लागि अध्यक्षले आवश्यक व्यवस्था गर्नु पर्नेछ र यस्तो छलफलमा अध्यक्षले प्राप्त भई सकेका संशोधन विधेयक वा प्रस्तावलाई समेत समावेश गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छलफल समाप्त भए पश्चात् विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले अध्यक्षको अनुमतिले सभामा देहायको कुनै एक प्रस्ताव प्रस्तुत गर्नु पर्नेछः-

(क) विस्तृत छलफलको लागि विधेयक वा प्रस्तावलाई सभाका समितिमा पठाइयोस् भन्ने, वा

(ख) विधेयक वा प्रस्ताव बैठकबाट पारित गर्न निर्णयार्थ पेश गर्ने।

तर समितिको बैठकमा पठाइने विधेयक वा प्रस्ताव सभाको बैठकमा दफावार छलफल गरिने छैन।

३६. **<u>सभामा छलफल गर्न नपाइने:</u>** देहायका विषयमा सभा वा समितिको बैठकमा छलफल गर्न पाइने छैनः-

(क) संविधान वा प्रचलित कानूनबाट निषेध गरिएको विषय,

(ख) कानूनतः गोप्य राख्नु पर्ने विषय,

(ग) कुनै विषय प्रकाशन गर्दा राष्ट्रिय हित विपरीत हुने कार्य,

(घ) कार्यपालिकाको कुनै समितिको निर्णयको आलोचना  गरिएका विषय,

(ङ) सभाको छलफलद्वारा स्पष्ट भइ सकेको विषय,

(च) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रचारको लागि कुनै व्यक्ति वा संस्थाको नाम समावेश भएको विषय,

(छ) प्रचलित कानून बमोजिम स्थापित भएको न्यायिक वा त्यसको पदाधिकारी, प्रचलित कानून बमोजिम जाँचबुझ गर्न, सुझाव दिन वा प्रतिवेदन पेश गर्न गठित आयोग वा समितिमा विचाराधीन रहेको विषय,

(ज) ऐतिहासिक तथ्य वा कानूनको व्याख्या सम्बन्धी विषय,

(झ) गैर सरकारी व्यक्तिको कुनै बक्तव्य सत्य हो वा होइन भन्ने विषय,

(ञ) अशिष्ट भाषा प्रयोग गरिएको विषय,

(ट) कार्यपालिकाको कुनै निर्णय वा कुनै कारबाही सम्बन्धी विषयमा छलफल गर्दा राष्ट्रिय सुरक्षा, अखण्डता वा कूटनीतिक सम्बन्ध जस्ता संवेदनशील विषयहरूमा आँच आउन सक्ने भनी कार्यपालिकाबाट प्रमाणित गरिएको विषय समावेश भएको।

३७. **<u>समितिमा छलफल:</u>** (१) दफा ३५ को उपदफा (२) को खण्ड (क) बमोजिम कुनै प्रस्ताव वा विधेयक माथि विस्तृत छलफल गर्न सभाको समितिमा पठाइएकोमा समितिले त्यस्तो विधेयक वा प्रस्तावमा छलफल गर्दा विधेयकमा संशोधन पेश गर्ने सदस्यहरुलाई संशोधन पेश गर्नु परेको आधार र कारण समेत खुलाई आफ्नो संशोधनको विषयमा प्रष्ट गर्न समितिको बैठकमा समय दिनेछ।

(२) उपदफा (१) बमोजिम संशोधनकर्ताले संशोधनको विषयमा आफ्नो धारणा राखेपछि पेश भएका संशोधनका विषयमा समेत समितिले दफाबार छलफल गरी त्यस्तो संशोधन स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा विधेयक प्रस्तुतकर्ता सदस्यको समेत राय लिई आवश्यक निर्णय गर्नेछ।

३८. **समितिको प्रतिवेदन बैठकमा प्रस्तुतः** (१) समितिमा विधेयक वा प्रस्ताव उपर छलफल समाप्त भएपछि समितिले गरेको निर्णय अनुरुप प्रतिवेदन तयार गरी समितिको संयोजक वा निजको अनुपस्थितिमा समितिले तोकेको सदस्यले प्रतिवेदन सहितको विधेयक वा प्रस्ताव अध्यक्षको अनुमतिले सभाको बैठकमा पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन उपर छलफल समाप्त भए पश्चात् विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले अध्यक्षको अनुमतिमा विधेयक वा प्रस्ताव बैठकबाट पारित गर्न निर्णयार्थ पेश गर्नेछ।

३९. **विधेयक फिर्ता लिन सक्नेः** (१) विधेयक प्रस्तुतकर्ता सदस्यले सभाको स्वीकृति लिई जुनसुकै अवस्थामा विधेयक वा प्रस्ताव फिर्ता लिन सक्नेछ।

तर वार्षिक बजेट तथा आर्थिक ऐन सम्बन्धी विधेयक फिर्ता लिन सक्ने छैन।

(२) विधेयक वा प्रस्ताव प्रस्तुतकर्ता सदस्यले विधेयक फिर्ता लिन अनुमति माग्ने प्रस्ताव पेश गर्न चाहेमा लिखित सूचना दिनु पर्नेछ।

(३) विधेयक वा प्रस्ताव फिर्ता लिने प्रस्तावको कसैले विरोध गरेमा प्रस्ताव गर्ने तथा विरोध गर्ने सदस्यलाई अध्यक्षले आ-आफ्नो कुराहरू स्पष्ट पार्न संक्षिप्त वक्तव्य दिन अनुमति दिन सक्नेछ र त्यसपछि अरु छलफल हुन नदिई प्रस्तावलाई निर्णयार्थ पेश गर्नेछ।

(४) विधेयक वा प्रस्ताव फिर्ता लिने अन्य प्रक्रिया अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।

४०. **संशोधन प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकारः** (१) दफा २६, २७, २९ र ३० बमोजिम दर्ता भएको विधेयक वा प्रस्ताव उपर कुनै सदस्यले संशोधन पेश गर्न चाहेमा सभाको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै संशोधनको प्रस्ताव अध्यक्ष समक्ष पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने संशोधन स्वीकृत गर्ने वा नगर्ने अधिकार अध्यक्षको हुनेछ।

(३) अध्यक्षले स्वीकृत गरेको संशोधन वा संशोधन सहितको प्रस्ताव वा मूल प्रस्तावलाई निर्णयार्थ पेश गर्नुभन्दा पहिले बैठकमा पढेर सुनाउनेछ। यसरी निर्णयार्थ पेश गर्दा एकभन्दा बढी संशोधनहरु भएमा अध्यक्षले उपयुक्त ठहऱ्याएको कुनै एक संशोधन वा संशोधन सहितको प्रस्ताव वा मूल प्रस्तावलाई प्राथमिकता दिई पेश गर्न सक्नेछ।

(४) सभाको सचिवले अध्यक्षले अनुमति दिएको संशोधनको विवरण सदस्यलाई उपलब्ध गराउनेछ।

४१. **विधेयक पारित गर्ने प्रस्ताव सभाको निर्णयार्थ पेश गर्नेः** (१) सभामा दफावार छलफल भएकोमा सो समाप्त भएपछि र समितिमा विस्तृत छलफल भएकोमा समितिको प्रतिवेदन

उपर सभाको बैठकमा छलफल समाप्त भए पश्चात् अध्यक्षको अनुमति लिई प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नेछ।

(२) उपदफा (१) बमोजिमको विधेयक वा प्रस्तावमा पेश भएका संशोधनहरूलाई अध्यक्षको अनुमतिले बैठकमा निर्णयार्थ छुट्टै पेश गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सभाको बैठकमा बहुमत सदस्यले स्वीकृत गरेमा विधेयक वा प्रस्ताव पारित भएको मानिनेछ।

४२. **विधेयकको पुनः प्रस्तुतिः** एक पटक आव्हान गरी बसेको सभाको बैठकमा पेश गरी अस्वीकृत भएको विधेयक सोही सभाको बैठकमा पुनः प्रस्तुत गरिने छैन।

४३. **विधेयक दर्ता अभिलेख राख्ने:** सभामा पेश गर्ने प्रयोजनको लागि अध्यक्ष समक्ष पेश भएका विधेयक सभाको सचिवले अनुसूची- २ बमोजिम दर्ता गरी विधेयकमा भएको कारबाहीको अद्यावधिक लगत तयार गरी राख्नु पर्नेछ।

४४. **सामान्य त्रुटी सुधारः** अध्यक्षले सभाबाट पारित भएको विधेयक वा प्रस्तावमा दफाहरूको सङ्ख्याको क्रम मिलाउने तथा भाषागत शुद्धता कायम राख्नु पर्नेछ।

४५. **विधेयक प्रमाणीकरणको लागि अद्यावधिक प्रति तयार पार्ने:** (१) दफा ४१ बमोजिम सभाबाट पारित भएको विधेयकलाई सभाको सचिवले पारित भएका संशोधन तथा आनुषंगिक मिलान भए त्यस्तो मिलान गरी विधेयक पारित भएको मिति समेत उल्लेख गरी प्रमाणीकरणको लागि नेपाली कागजमा चार प्रति तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको विधेयकमा वर्षगत नम्बर समेत उल्लेख गरी सभाको सचिवले प्रमाणीकरणको लागि अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ।

४६. **विधेयक प्रमाणीकरण र प्रकाशन तथा बिक्री वितरणः** (१) सभाबाट पारित भई दफा ४५ को उपदफा (२) बमोजिम प्रमाणीकरणको लागि पेश भएको विधेयकको पहिलो र अन्तिम पृष्ठमा पूरा नाम, थर तथा पद समेत उल्लेख गरी प्रत्येक पृष्ठमा हस्ताक्षर गरी अध्यक्षले प्रमाणीकरण गर्नेछ र त्यसरी प्रमाणीकरण गर्दा मिति र विधेयकको पृष्ठ सङ्ख्या समेत खुलाउनु पर्नेछ।

(२) सभाबाट पारित विधेयक उपदफा (१) बमोजिम प्रमाणीकरण भएपछि लागू हुनेछ।

(३) उपदफा (१) बमोजिम विधेयक प्रमाणीकरण भएको जानकारी सभामा दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको विधेयकको एक प्रति सभाको अभिलेखमा राखी अर्को एक-एक प्रति कार्यपालिकाको कार्यालय, वडा समिति र संघ र प्रदेशको सम्पर्क मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको विधेयक प्रकाशन गरी कार्यपालिकाको वेवसाइटमा समेत राख्नु पर्नेछ।

(६) सभाले पारित गरेको विधेयक प्रमाणीकरण भएपछि त्यसका मुख्य मुख्य व्यवस्थाको सम्बन्धमा स्थानीय सञ्चार माध्यम वा अन्य कुनै तरिकाबाट प्रचार प्रसार गर्नु पर्नेछ।

(७) कसैले स्थानीय कानून खरिद गर्न चाहेमा कार्यपालिकाको कार्यालय र वडा समितिको कार्यालयबाट लागत दस्तुर तिरी खरिद गर्न सक्नेछ।

४७. **समिति गठन गर्न सक्ने**: (१) कार्यपालिकालाई सभाप्रति उत्तरदायी बनाउन, स्थानीय कानून निर्माण प्रक्रियालाई व्यवस्थित बनाउन तथा कार्यपालिकाबाट भएका कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिन समेतको प्रयोजनको लागि देहाय बमोजिमको समिति गठन गर्न सक्नेछः-

(क) विधायन समिति,

(ख) लेखा समिति,

(ग) विकास तथा सुशासन समिति।

(२) उपदफा (१) बमोजिमको प्रत्येक समितिमा बढीमा तीन जना सदस्यहरु रहने छन्। समितिमा रहने सदस्यहरु विषयगत अनुभव वा विज्ञताका आधारमा अध्यक्षको प्रस्ताव बमोजिम सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम गठन हुने समितिको संयोजक अध्यक्षले तोके बमोजिम हुनेछ। संयोजक बैठकमा उपस्थित नभएमा समितिले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको सचिवको कार्य कार्यपालिकाको विषयगत शाखा प्रमुखले गर्नेछ।

(५) समितिको बैठकको गणपूरक सङ्ख्या कम्तीमा दुई जना हुनु पर्नेछ।

(६) समितिको निर्णय बहुमतबाट हुनेछ।

(७) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ र आमन्त्रित सदस्यले बैठकको निर्णयमा मत दिन पाउने छैन।

(८) उपदफा (१) बमोजिमका समितिले आफूले गरेको कामको वार्षिक प्रतिवेदन सभासमक्ष पेश गर्नु पर्नेछ।

४८. **स्थानीय कानूनको एकीकृत र अद्यावधिक अभिलेख राख्नु पर्ने:** (१) सभाको सचिवले अनुसूची- ३ बमोजिम सभाले बनाएको कानूनको एकीकृत र अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

(२) कार्यपालिकाले स्थानीय कानूनको वर्षगत र वर्णानुक्रममा अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ।

(३) स्थानीय कानूनमा संशोधन भएमा त्यस्तो संशोधन समेत मिलाइ कार्यपालिकाले अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ र त्यसरी अद्यावधिक गरिएको स्थानीय कानून स्थानीय तहको वेवसाइटमा समेत राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम राखिएको अभिलेख कसैले अवलोकन गर्न चाहेमा सुरक्षित रूपमा अवलोकन गर्न दिनु पर्नेछ।

४९. **कानून निर्माण प्रक्रिया सम्बन्धी अन्य व्यवस्था:** कानून निर्माण वा संशोधन सम्बन्धी अन्य प्रक्रिया प्रचलित कानूनको प्रतिकूल नहुने गरी सभाले आफै निर्धारण गरे बमोजिम हुनेछ।

५०. **सभाको सचिवको अधिकार:** सभाको सचिवले सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा प्रवेश गर्न र बैठकमा कार्यरत कर्मचारीलाई निर्देशन दिन वा नियन्त्रण गर्न वा बैठकले मागेको कारबाही सम्बन्धी सल्लाह दिन सक्नेछ।

## परिच्छेद- ४

## जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धी व्यवस्था

५१. **जिल्ला सभाको गणपूरक सङ्ख्या:** जिल्ला सभाको बैठकमा सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

५२. **जिल्ला सभाको कार्यसञ्चालन सम्बन्धी कार्यविधि:** जिल्ला सभाको बैठक तथा कार्य सञ्चालन सम्बन्धी अन्य व्यवस्था जिल्ला सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५३. **जिल्ला समन्वय समितिको बैठक**: (१) जिल्ला समन्वय समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) जिल्ला समन्वय समितिको बैठक समितिको प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) जिल्ला समन्वय समितिको सचिवले समितिको बैठक बस्ने सूचना कम्तीमा सात दिन अगावै समितिका सदस्यहरूलाई दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची समेत संलग्न गर्नु पर्नेछ।

(४) जिल्ला समन्वय समितिका तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति भएमा समितिको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) जिल्ला समन्वय समितिको बैठकको अध्यक्षता समितिको प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा वा निजको पद रिक्त रहेको अवस्थामा जिल्ला समन्वय समितिको उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ।

(६) जिल्ला समन्वय समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) जिल्ला समन्वय समितिको निर्णय समितिको प्रमुखद्वारा प्रमाणित गरिनेछ।

(८) जिल्ला समन्वय समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५४. **जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकार:** नेपालको संविधान तथा यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विकास निर्माण कार्यमा स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारका कार्यालयहरु बीच समन्वय र सहकार्य गर्ने,

(ख) जिल्ला भित्रका विकास निर्माण, योजना कार्यान्वयन तथा प्रदेश सरकारले निर्देशन गरे बमोजिम अनुगमन सम्बन्धी कार्य गर्ने,

(ग) जिल्ला भित्रका विभिन्न सूचना, तथ्याङ्क, सरकारी सम्पत्ति लगायतका विषयका अभिलेख अद्यावधिक गर्ने,

(घ) जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासमा सहयोग, समन्वय र प्रोत्साहन गर्न प्रदेश सरकारलाई सुझाव दिने,

(ङ) स्थानीय तहहरू बीच उठेका विवाद समाधान गर्न सहजीकरण गर्ने,

(च) स्थानीय तहको समग्र विकासका लागि अध्ययन, अनुसन्धान, प्रशिक्षण लगायतका कार्यहरू गर्ने,

(छ) आफूले गरेका कामकारबाही सम्बन्धमा सुझाव सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश सरकार समक्ष पेश गर्ने,

(ज) अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५५. **जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णयको अभिलेख र कार्यान्वयन**: (१) जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णय तथा कारबाहीको अभिलेखहरू जिल्ला समन्वय समितिको अध्यक्ष वा प्रमुखले तोकेको पदाधिकारी वा सभाको सचिवले सुरक्षित राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने अभिलेखहरू समन्वय समिति प्रमुखको आदेश बिना जिल्ला समन्वय समितिको सचिवालय भवनबाट बाहिर लैजान हुँदैन।

## परिच्छेद- ५

## विविध

५६. **सभालाई सम्बोधनः** (१) नेपाल सरकारका मन्त्रिपरिषद्का सदस्य, प्रदेश प्रमुख तथा प्रदेश सरकारका मन्त्रिपरिषद्का सदस्य, संघीय संसदका सदस्य तथा प्रदेश सभा सदस्यलाई सभा अध्यक्षले सभाको बैठकलाई विशेष सम्बोधन गर्न अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया कार्यपालिकाले तोके बमोजिम हुनेछ।

५७. **प्रवेश नियमित गर्ने अधिकार:** सभाको बैठकमा प्रवेश नियमित गर्ने अधिकार अध्यक्षको हुनेछ।

५८. **दिग्दर्शन बनाउन सक्ने:** (१) सभाको स्वीकृति लिई अध्यक्षले आवश्यकता अनुसार आन्तरिक दिग्दर्शन बनाउन सक्नेछ।

(२) यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार अध्यक्षलाई हुनेछ र निजको निर्णय अन्तिम हुनेछ।

(३) त्यस्तो निर्णयको जानकारी बैठकलाई दिनु पर्नेछ।

(४) यो कार्यविधिको प्रयोग गर्दा प्रक्रियागत बाधा अड्काउहरू फुकाउने अन्तिम अधिकार अध्यक्षलाई हुनेछ र यसरी जारी भएका आदेश वा निर्देशन यस ऐन बमोजिम भएको मानी कार्यान्वयन गर्नु पर्नेछ।

५९. **अध्यक्षले काम लगाउन सक्ने:** सभाको सचिव उपस्थित नभएमा यस ऐनमा सभाको सचिवले गर्ने भनी तोकिएको कार्यहरू अध्यक्षले तोकेको अन्य अधिकृत स्तरका कर्मचारीले गर्नेछ।

६०. **अनुपस्थितिको सूचना:** (१) कुनै सदस्य लगातार दुई वटा वा सो भन्दा बढी सभाको बैठकमा अनुपस्थित रहनु पर्ने भएमा अग्रीम सूचना अध्यक्षलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने सूचनामा आफू अनुपस्थित रहने अवधि र कारण समेत उल्लेख गर्नु पर्नेछ।

६१. **पालना गर्नु पर्ने आचार संहिता:** सभाका पदाधिकारी तथा सदस्यहरूले संविधान तथा प्रचलित कानून बमोजिमको उत्तरदायित्व पूरा गर्ने तथा निजहरूको काम कारबाहीमा सार्वजनिक विश्वास कायम गर्न सभाबाट स्वीकृत आचार संहिताको पालना गर्नेछन्। आचार संहिताको नमुना स्थानीय तहको सम्पर्क मन्त्रालय मार्फत उपलब्ध गराउनेछ। यस्तो आचारसंहिता सभाले पारित गरी लागू गर्नु स्थानीय तहको कर्तव्य हुनेछ।

६२. **अधिवेशनको अङ्ग नमानिने:** सभाको अधिवेशन प्रारम्भ हुनु पूर्व र भैसकेपछि अन्त्य नभएसम्मको अवधिमा आयोजना हुने उद्घाटन, स्वागत, सम्मान तथा अभिनन्दन जस्ता क्रियाकलापलाई सभाको अङ्ग मानिने छैन।

६३. **शान्ति सुरक्षा सुव्यवस्था कायम राख्ने:** गाउँ सभा वा नगर सभा सञ्चालन अवधिभर सभाको सुरक्षार्थ अध्यक्षले सुरक्षा निकायको सहयोग अनुरोध गरेमा अविलम्ब सुरक्षा उपलब्ध गराउनु सम्बन्धित सुरक्षा निकायको कर्तव्य हुनेछ।

६४. **आमन्त्रण सम्बन्धी व्यवस्था:** स्थानीय तहले सभा र बैठकमा सम्बन्धित क्षेत्रका संघीय संसद र प्रदेश सभाका सदस्यलाई आमन्त्रण गर्नेछ।

६५. **नियम बनाउने:** यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियमावली बनाउन सक्नेछ।

## अनुसूची- १

(दफा २६ को उपदफा (७) सँग सम्बन्धित)

....पालिका

...... सभा

### कार्यसूची र समय तालिका

बैठक सङ्ख्या                                    बैठक स्थानः

अध्यक्षताः

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

### छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम | छलफलमा बोल्ने सदस्यको नाम र तोकिएको समय | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची- २

(दफा २९ को उपदफा (४) सँग सम्बन्धित)

**...पालिकाको ...... सभामा प्रस्तुत कानूनको अभिलेख**

**................... गाउँ सभा/नगर सभा**

| दर्ता नं. | विधेयकको नाम | दर्ता मिति | मूल-संशोधन | प्रस्तुतकर्ता | वितरण मिति | सभामा प्रस्तुत मिति | दफावार छलफल | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अभिलेख तयार गर्नेको**

दस्तखतः

नाम, थरः

पदः

मितिः

**अभिलेख जाँच गर्नेको**

दस्तखतः

नाम, थरः

पदः

मितिः

## अनुसूची- ३

(दफा ४८ को उपदफा (१) सँग सम्बन्धित)

**...पालिकाको ...... सभामा स्वीकृत कानूनको अभिलेख**

**.................. गाउँ सभा/नगर सभा**

| दर्ता नं. | विधेयकको नाम | सभाबाट स्वीकृत भएको मिति | संशोधन भएको भए सोको मिति | सभामा प्रस्तुत मिति | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अभिलेख तयार गर्नेको**

दस्तखतः

नाम, थरः

पदः

मितिः

**अभिलेख जाँच गर्नेको**

दस्तखतः

नाम, थरः

पदः

मितिः

# प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५।०३।०५

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. ०४

**<u>प्रदेश वित्तीय हस्तान्तरण ऐन</u>**

**<u>प्रस्तावना</u>:** प्रदेश सरकारबाट स्थानीय तहलाई हस्तान्तरण हुने राजश्व बाँडफाँट तथा अनुदान सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भ</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनु पर्दछ।

(ख) "प्रदेश" भन्नाले *<u>बागमती प्रदेश</u> सम्झनु पर्दछ।

(ग) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको प्रदेश सञ्चित कोष सम्झनु पर्दछ।

(घ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्दछ।

(ङ) "योजना" भन्नाले आयोजना, परियोजना, कार्यक्रम समेत सम्झनु पर्दछ।

(च) "वित्तीय समानीकरण अनुदान" भन्नाले दफा ४ बमोजिमको अनुदान सम्झनु पर्दछ।

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(छ) "विशेष अनुदान" भन्नाले दफा ७ बमोजिमको अनुदान सम्झनु पर्दछ।

(ज) "सशर्त अनुदान" भन्नाले दफा ५ बमोजिमको अनुदान सम्झनु पर्दछ।

(झ) "समपूरक अनुदान" भन्नाले दफा ६ बमोजिमको अनुदान सम्झनु पर्दछ।

(ञ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ट) "स्थानीय सञ्चित कोष" भन्नाले संविधानको धारा २२९ बमोजिमको स्थानीय सञ्चित कोष सम्झनु पर्दछ।

## परिच्छेद- २

## सवारी साधन करको बाँडफाँट

३. **सवारी साधन करको बाँडफाँटः** (१) प्रदेश सरकारले लगाएको र उठाएको सवारी साधन करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँट गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ र स्थानीय तहलाई प्रदान गरिने रकम आयोगको सिफारिसमा सम्बन्धित स्थानीय सञ्चित कोषमा मासिक रूपमा जम्मा गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम बाँडफाँट हुने रकमको हिसाब मिलान आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्रमा गर्नु पर्नेछ।

(५) राजस्व बाँडफाँटको रकमको सदुपयोग सुनिश्चितताका लागि प्रदेश सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद- ३

## अनुदान सम्बन्धी व्यवस्था

४. **वित्तीय समानीकरण अनुदानः** (१) प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ।

(२) प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँट हुने समानीकरण अनुदान रकम निर्धारण गर्नेछ।

५. **<u>सशर्त अनुदान</u>**: (१) प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गरी प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ।

६. **<u>समपूरक अनुदान</u>**: (१) प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुराहरुलाई आधार बनाइनेछः-

(क) योजनाको सम्भाव्यता,

(ख) योजनाको लागत,

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल र लाभ,

(घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता र जनशक्ति,

(ङ) योजनाको आवश्यकता र प्राथमिकता।

(३) उपदफा (१) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कुल लागतको अनुपातको आधारमा प्रदान गरिनेछ।

(४) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

७. **<u>विशेष अनुदान</u>**: (१) प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः-

(क) शिक्षा, स्वास्थ्य, खानेपानी, सामाजिक विकास, आवास, लैंगिक सशक्तिकरण जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले वञ्चितीकरणमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने।

(२) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद- ४

## विविध

८. **अनुदानको प्रयोगः** यस ऐन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ। सो प्रयोग भएको नपाइएमा प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रोक्का वा कटौती गर्न सक्नेछ।

९. **नियम तथा कार्यविधि बनाउन सक्नेः** यस ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले नियम वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

# प्रदेश आकस्मिक कोष ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५।०३।२०

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. ५

**<u>प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**: प्रदेश आकस्मिक कोषको स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "प्रदेश आकस्मिक कोष ऐन,२०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक कार्य" भन्नाले भुकम्प, बाढी, पहिरो, आगलागी, महामारी लगायतका प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले ♣<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

(ग) "प्रदेश आकस्मिक कोष" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने प्रदेश आकस्मिक कोष सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

३. **<u>प्रदेश आकस्मिक कोषको स्थापना</u>**: प्रदेश आकस्मिक कोषको नामबाट एउटा कोष स्थापना गरिनेछ।

४. **<u>प्रदेश आकस्मिक कोषमा जम्मा गरिने रकम</u>**: प्रदेश सञ्चित कोषबाट पाँच करोड रूपैयाँ झिकी त्यस्तो रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिनेछ।

---

♣ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

५. **<u>प्रदेश आकस्मिक कोष को रकम वृद्धि गर्न सक्ने</u>**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ।

६. **<u>प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्ने</u>**: प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि रकम खर्च गर्न सक्नेछ।

७. **<u>प्रदेश आकस्मिक कोषको सञ्चालन</u>**: (१) प्रदेश आकस्मिक कोषको सञ्चालन मन्त्रालयबाट हुनेछ।

(२) प्रदेश आकस्मिक कोषको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची बमोजिमको ढाँचामा मन्त्रालयको सचिव वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ।

८. **<u>आकस्मिक कोषबाट खर्चको निकासाको माग</u>**: (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नु पर्ने भएमा सम्बन्धित निकायले पेश्की को रूपमा मन्त्रालय मार्फत रकम निकासाको माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रूपमा रकम निकासाको माग गर्दा सम्बन्धित निकायले देहायका विवरण खोली पठाउनु पर्नेछः-

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,

(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,

(ग) आकस्मिक कार्य पछि सार्न नसकिने कारण,

(घ) तुरुन्त खर्च नगरेमा हुने परिणामको सङ्केत,

(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,

(च) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा मन्त्रालयले प्रदेश मन्त्रिपरिषद समक्ष पेश गरी निकासा भए बमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रूपमा रकम दिनेछ र यसरी रकम दिएपछि मन्त्रालयले सोको जानकारी महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

९. **<u>खर्चको रकम सोधभर्ना गर्नु पर्ने</u>**: (१) प्रदेश सरकारले यस ऐन बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्ना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल आकस्मिक कोषमा रकम सोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको प्रदेश विनियोजन ऐन बमोजिम विनियोजित रकम बाट त्यस्तो रकम सोधभर्ना गर्नु पर्नेछ।

१०. **<u>आकस्मिक कार्य पुरा भएको सूचना गर्ने</u>**: आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय यकिन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने निकायले मन्त्रालय, महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तुरुन्त दिनु पर्नेछ।

११. **<u>खर्च नभएको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्ने</u>**: (१) प्रदेश आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने निकायले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय यकिन गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि त्यस्तो निकायले सोको जानकारी मन्त्रालय, महालेखा परीक्षकको कार्यालय र प्रदेश लेखा नियन्त्रकको कार्यालय लाई दिनु पर्नेछ।

१२. **<u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u>**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

# अनुसूची

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## आकस्मिक कोष सम्बन्धी

आकस्मिक कोषको रकम रु..................... ......अक्षरेपी.....................................

| सि.नं. | आकस्मिक कार्यको विवरण | विनियोजनको नाम र सङ्ख्या | पेश्की माग गरेको रकम | पेश्की दिइएको रकम | थप पेश्की मागिएको रकम | थप पेश्की दिइएको रकम | जम्मा पेश्की रकम | आकस्मिक कार्य पूरा भएको मिति | आकस्मिक काम पछिको बचत रकम | पूरक विनियोजन ऐनले स्वीकृत गरेको थप खर्च | पेश्की सोध भर्ना रकम | पेश्की माग गर्ने निकाय को अधिकारीको नाम, दर्जा र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृतको

दस्तखत.................

मिति:....................

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५।०३।३२

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| १. कर तथा गैरकर राजश्व सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ | २०७६।०३।२९ |
| २. प्रदेश आर्थिक ऐन, २०७६ | २०७६।०३।२९ |
| ३. प्रदेश आर्थिक ऐन, २०७७ | २०७७।०३।२५ |
| ४. केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ | २०७७।०४।१६ |
| ५. केहि प्रदेश संशोधन गर्ने ऐन, २०७९ | २०७९।०४।३० |

संवत् २०७५ सालको ऐन नं. ०६

## कर तथा गैरकर राजस्व परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**ः प्रदेशको समतामूलक विकासका लागि कर तथा गैरकर राजस्व परिचालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यस ऐन बमोजिमको कर तथा गैरकर राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए तापनि निजको हकमा समेत लागू हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक ऐन" भन्नाले प्रदेशको सालबसाली रूपमा जारी गरिने आर्थिक ऐन सम्झनु पर्छ।

(ख) "कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्था समेतलाई जनाउँछ।

(ग) "कर" भन्नाले आर्थिक ऐन बमोजिमको कर सम्झनु पर्छ।

(घ) "कर अधिकृत" भन्नाले दफा ५ बमोजिमको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रूपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारी समेतलाई जनाउँछ।

(ङ) "कर कार्यालय" भन्नाले प्रदेश सरकारको कर सम्बन्धी काम, कारबाही र निर्णय गर्ने महाशाखा, शाखा वा सो प्रयोजनको लागि अख्तियार प्राप्त तोकिएको कार्यालय सम्झनु पर्छ।

(च) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य तथा दायित्व भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारबाही प्रक्रिया शुरु गरेको व्यक्ति समेतलाई जनाउँछ।

(छ) "कर निर्धारण" भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र संशोधित कर निर्धारण समेतलाई जनाउँछ।

(ज) "गैरकर राजस्व" भन्नाले कर बाहेकका गैरकर राजस्व सम्झनु पर्छ।

(झ) "दहत्तर बहत्तर" भन्नाले ढुंगा, गिट्टी, बालुवा वा नदीले बगाई ल्याएको काठ दाउरा लगायतका दहत्तर बहत्तर सम्झनु पर्छ।

(ञ) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नाबालिग सन्तान सम्झनु पर्छ।

(ट) "प्रदेश कर प्रमुख" भन्नाले प्रदेश सरकारले कर प्रशासन सम्बन्धी प्रमुख जिम्मेवारी तोकि नियुक्त गरेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यसरी प्रदेश कर प्रमुख नियुक्त नभएकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिवलाई जनाउँछ।

(ठ) "प्रदेश" भन्नाले ♣<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

(ड) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको जुनसुकै फर्म सम्झनु पर्छ।

(ढ) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको व्यक्ति सम्झनु पर्छ।

(ण) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(त) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

---

♣ केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

## परिच्छेद- २

## राजस्व निर्धारणका आधार र कर प्रशासन

३. **कर तथा गैरकर राजस्व निर्धारणका आधारः** (१) कर राजस्व देहायका आधारमा निर्धारण गर्नु पर्नेछः-

(क) कर तिर्न सक्ने क्षमता,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

(ग) कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

(घ) नागरिकको सुविधा,

(ङ) स्वेच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरणको सिर्जना,

(च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता।

(२) गैरकर राजस्व निर्धारण गर्दा उपलव्ध गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र मर्मत सम्भार खर्चलाई आधार लिनु पर्नेछ।

४. **कर प्रशासनः** (१) यस ऐन बमोजिमको कर तथा गैरकर सम्बन्धी प्रशासन प्रदेश सरकारले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन प्रदेश सरकार अन्तर्गत आवश्यकता अनुसार कर कार्यालय रहन सक्ने छन्।

५. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी प्रदेश कर कार्यालयमा रहन सक्ने छन्।

(२) प्रदेश कर कार्यालयमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सोभन्दा बढी तहका कर अधिकृत, सहायक कर्मचारीलाई काममा लगाउन सक्नेछ।

६. **कर अधिकृतको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने,

(घ) कर संकलन गर्ने,

(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा प्रदेश सरकारलाई सुझाव दिने,

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खाता तथा हिसाब दुरुस्त राख्न लगाउने, सूचना प्रविधि मैत्री बनाउने,

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,

(ठ) कर सम्बन्धी अन्य काम गर्ने।

७. **<u>अधिकार प्रत्यायोजन</u>**: (१) प्रदेश कर प्रमुखले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर कार्यालयका प्रमुख तथा कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कर कार्यालयका प्रमुखले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतका कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कर कार्यालयको प्रमुख र कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा मन्त्रालयबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

८. **<u>प्रत्यायोजित अधिकार र जिम्मेवारी</u>**: (१) दफा ७ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ।

(२) दफा ७ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद- ३

## <u>कर तथा गैरकर राजस्व</u>

९. **<u>घर जग्गा रजिष्ट्रेशन शुल्क</u>**: (१) प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन पारित गर्दा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउनेछ।

(२) उपदफा (१) बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखतमा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकममध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ।

(४) उपदफा (१) बमोजिमको शुल्क घरजग्गा रजिष्ट्रेशनका बखत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाले संकलन गर्नु पर्नेछ।

तर गाउँपालिका तथा नगरपालिकाको साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म संघीय सरकारको तोकिएको कार्यालयले प्रदेश सरकारले निर्धारण गरे बमोजिमको दर अनुसारको शुल्क उठाई सम्बन्धित सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको कार्यालयले यस दफा बमोजिम उठाएको रजिष्ट्रेशन शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा र चालीस प्रतिशतले हुने रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम घरजग्गा रजिष्ट्रेसन शुल्क असुलीको विवरण असुल गर्ने निकायले मासिक रूपमा महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र मन्त्रालय एवं सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ।

(७) यस दफा बमोजिमको घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असुल गरी नेपाल सरकारले तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(८) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा सरकारी निकायलाई घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन।

१०. **सवारी साधन कर:** (१) प्रदेश सरकारले सवारी साधनमा प्रचलित कानून बमोजिम सवारी साधन कर लगाउनेछ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनु पर्नेछ।

(३) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थान रहेको प्रदेशको कर कार्यालय वा तोकिएको निकायमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु पूर्व नेपालभर जुनसुकै स्थानमा दर्ता भएका सवारी साधनका धनीले उपदफा (३) बमोजिमको स्थानमा सवारी दर्ता गर्न चाहेमा वि.सं. २०७५ साल चैत्र मसान्तसम्म सवारी साधनको सरुवा दर्ता गरी कर बुझाइसक्नु पर्नेछ।

◈(५) <u>उपदफा (१) बमोजिमको सवारी साधन कर प्रदेश सरकारले संकलन संकलन गरी प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।</u>

तर प्रदेश सरकारको साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले प्रदेश सरकारले निर्धारण गरे बमोजिमको दर अनुसारको कर उठाई प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश विभाज्य कोषमा दाखिला भएको रकम मध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिनेछ।

(७) उपदफा (१) बमोजिम सवारी साधन कर असुलीको विवरण असुल गर्ने निकायले मासिक रूपमा महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र तोकिएको ढाँचामा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(८) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो क्षेत्रभित्रको टाँगा, रिक्सा र विद्युतीय रिक्सामा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाउन र उठाउन सक्नेछ।

११. **<u>मनोरञ्जन कर:</u>** (१) प्रदेश सरकारले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर, फनपार्क, वाटर गार्डेन, वाल उद्यान लगायतका मनोरञ्जन स्थलमा मनोरञ्जन कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर मनोरञ्जननको लागि एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम अन्यथा मनोरञ्जन स्थलको टिकटमा लाग्नेछ।

(३) उपदफा (२) बमोजिमको मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलका धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जम्मा भएको रकममध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) मनोरञ्जन कर उठाउने सम्बन्धी कार्यविधि प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(६) यस दफा बमोजिमको कर प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

१२. **<u>विज्ञापन कर:</u>** (१) प्रदेशमा विज्ञापन सामग्री राखे बापत लाग्ने विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ।

---

◈ प्रदेश आर्थिक ऐन, २०७६ द्वारा संशोधित।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि “विज्ञापन सामग्री" भन्नाले होर्डिङ बोर्ड, साइन बोर्ड, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्री व्यक्ति वा संगठित संस्थाले प्रदेश क्षेत्रभित्र पर्ने आफ्नो ब्यापार व्यवसायको प्रचार गर्ने एवं आफ्ना लक्षित वर्ग समुदायलाई खास सन्देश दिने हेतुले इन्टरनेटमा आधारित संजालको सःशुल्क प्रयोग गरी गरिने प्रचारलाई समेत सम्झनु पर्छ।

(२) कसैले विज्ञापन सामग्री राख्न चाहेमा अनुमतिको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा गाउँपालिका वा नगरपालिकाले सर्वसाधारण जनताको हित हुने देखिएमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ।

(४) गाउँपालिका वा नगरपालिकाले उपदफा (३) बमोजिमको अनुमति दिँदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने कुरा, वातावरणीय स्वच्छता, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता र सालीनता जस्ता विषयमा आवश्यक शर्त किटान गर्नु पर्नेछ।

(५) संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि गाउँपालिका वा नगरपालिकाले सो निकायसँग आवश्यक स्वीकृति तथा समन्वय गर्नु पर्नेछ।

(६) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छुट वा मिनाहा हुन सक्ने छैन।

(७) संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन।

(८) यस दफा बमोजिम विज्ञापन करबाट उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(९) विज्ञापन कर असुल सम्बन्धी अन्य व्यवस्था गाउँपालिका वा नगरपालिकाको कानून बमोजिम हुनेछ।

१३. **कृषि आयमा कर:** (१) प्रदेश सरकारले आफ्नो क्षेत्र भित्रको कृषि आयमा प्रचलित कानून बमोजिम कर लगाउन सक्नेछ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि "कृषि आय" भन्नाले अन्नवाली, नगदेवाली, मासुजन्य पदार्थ, माछा, दुग्धजन्य पदार्थ, तेलहन जस्ता खाद्य बस्तु उत्पादनको विक्रीबाट हुने व्यवसायिक आयलाई सम्झनु पर्छ।

(२) स्वयं घोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि कृषि आयमा तोकिए बमोजिम कर लगाईने र असुल उपर गरिनेछ।

(३) उपदफा (१) बमोजिमको कर प्रदेश सरकारले तोकेको कार्यालयले संकलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(४) कृषि आयमा लाग्ने कर सम्बन्धी कार्यविधि प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

१४. पर्यटन शुल्कः (१) प्रदेश सरकारले निर्माण गरेको वा गराएको वा हस्तान्तरण भै आएको पर्यटकीय सांस्कृतिक पुरातात्विक सम्पदास्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवा वा पूर्वाधार निर्माणको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी तोकिएको दरमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाउने छैन।

१५. ♥◈माटो ढुङ्गा, गिटी, बालुवा, खरिढुङ्गा, दहत्तर बहत्तर शुल्कः (१) प्रदेश सरकारले प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्रको ♥◈माटो ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको संकलन, निकासी वा विक्रीमा तोकिए बमोजिम शुल्क लगाउन सक्नेछ।

(२) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र ♥◈माटो, ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकायले वातावरणमा प्रतिकूल असर नपर्ने तथा स्थानीय बासीको हित अनुकूल हुने गरी गाउँपालिका वा नगरपालिकालाई त्यस्तो क्षेत्रमा ♥◈माटो ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलन गर्न गराउन आवश्यक शर्त तोकि वा नतोकि स्वीकृति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो क्षेत्रमा ♥◈माटो ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलन गर्नु गराउनु पर्नेछ।

---

♥ प्रदेश आर्थिक ऐन, २०७७ द्वारा संशोधित।

◈ प्रदेश आर्थिक ऐन, २०७६ द्वारा संशोधित।

(५) प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले ♥◈माटो ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलन, विक्री वा निकासी गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नेछ। त्यस्तो कार्यविधि गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ।

(६) ♥◈ढुङ्गा, गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलनबाट उठेको शुल्कमध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

✠**१५क.** **प्राकृतिक स्रोत शुल्कः** (१) प्रदेशभित्र उत्पादन हुने सिमेन्टको हकमा प्राकृतिक स्रोत शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित स्थानीय तहले गर्नेछ र सो रकम विभाजित कोषमा  जम्मा हुनेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क दाखिला गर्नु पर्ने सिमेन्ट उद्योगले आफ्नो उत्पादनको अभिलेख स्वयं निष्काशन प्रणालीको आधारमा राखी बुझाउनु पर्ने रकम महिना समाप्त भएको मितिले पच्चीस दिन भित्र सम्बन्धित स्थानीय तहमा दाखिला गरी सोको विवरण समेत पेश गर्नु पर्नेछ। प्रदेश भित्र उत्पादन हुने सिमेन्टको हकमा प्राकृतिक स्रोत शुल्क लगाईने र असुल उपर गरिनेछ।

(४) उपदफा (२) बमोजिमको कार्यालयले यस दफा बमोजिम उठाएको प्राकृतिक स्रोत शुल्क मध्येबाट चालीस प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र साठी प्रतिशतले हुने रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम राजस्व बाँडफाँटको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (४) बमोजिम बाँडफाँट भई स्थानीय तहले प्राप्त गरेको चालीस प्रतिशत राजस्व वातावरण संरक्षण तथा प्रदूषण न्यूनीकरण जस्ता कार्यमा खर्च गर्नु पर्नेछ।

(७) उपदफा (४) बमोजिम बाँडफाँड भई प्रदेश सरकारले प्राप्त गरेको साठी प्रतिशत राजस्व प्राकृतिक स्रोत उपयोग तथा उत्खनन् र सोको कारणबाट परेको असर क्षति न्यूनीकरण गर्न प्रदेश सरकारले विशेष कार्यक्रम सञ्चालन गरी खर्च गर्नु पर्नेछ।

---

♥ प्रदेश आर्थिक ऐन, २०७७ द्वारा संशोधित।

◈ प्रदेश आर्थिक ऐन, २०७६ द्वारा संशोधित।

✠ पहिलो संशोधनद्वारा थप।

१६. **<u>सेवा शुल्क तथा दस्तुरः</u>** प्रदेश सरकारले संविधानको अनुसूची- ६ बमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा बापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

## परिच्छेद- ४

## <u>करदाता दर्ता</u>

१७. **<u>करदाताको पहिचान, दर्ता तथा अभिलेख व्यवस्थापनः</u>** (१) कसैले व्यवसाय सञ्चालन गर्न चाहेमा व्यवसाय गर्नु पूर्व सम्बन्धित निकायमा दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

तर कृषि आयको कर सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर कार्यालयलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो कार्यालयले छानबिन गर्दा देखिएका कुराहरूलाई आधार लिनु पर्नेछ।

(४) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोवार गर्दा सोही लेखा नम्बरको प्रयोग गरी गर्नु पर्नेछ।

(६) कर कार्यालयमा दर्ता भएका सबै करदाताको अभिलेख व्यवस्थापन एवं अध्यावधिक गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित कर कार्यालयको हुनेछ।

१८. **<u>करदाताको दायित्वः</u>** यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको दायित्व देहाय बमोजिमको हुनेछः-

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विवरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिबाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) आयको हिसाब किताब र अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,

(छ) कर कार्यालयलाई आवश्यक सहयोग गर्ने।

१९. **करदाताको अधिकारः** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) सेवा प्राप्त गर्ने अधिकार,

(ख) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ग) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(घ) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(ङ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार,

(च) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनु पर्नेछ।

२०. **करदाताको प्रतिनिधित्वः** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

**स्पष्टीकरण**ः यस दफाको प्रयोजनको लागि उमेर पुगेको व्यक्ति भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने उमेर पुगेको अधिकार प्राप्त व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ।

## परिच्छेद- ५

## कर विवरण र कर दाखिला

२१. **विवरण दाखिला गर्न आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कर कार्यालयमा विवरण दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले दाखिला गर्न नसकेको आधार र कारण खोली समयावधि थप गर्नको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको अवधि थपिदिन सक्नेछ।

२२. **विवरण सच्याउन सकिनेः** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिलो विवरण दाखिला

भएको मितिले तीन महिनाभित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ।

२३. **कर दाखिला गर्नुपर्ने:** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर यस ऐनमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गतेभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

२४. **कर दाखिलाको निस्सा दिनु पर्ने:** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

## परिच्छेद- ६

## कर समायोजन

२५. **कर फिर्ता सम्बन्धी व्यवस्था:** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेमा व्यहोरा साँचो देखिएमा करदाताले बुझाउन कुनै रकम बाँकी भएमा त्यसमा मिलान गरी बाँकी रहेको रकम कर अधिकृतले निवेदन परेको साठी दिनभित्र फिर्ता दिनु पर्नेछ।

२६. **कर समायोजन सम्बन्धी व्यवस्था:** (१) करदाताले दफा २५ बमोजिम फिर्ता पाउने ठहरिएको रकम निजले दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

## परिच्छेद- ७

## कर परीक्षण, निर्धारण र संकलन

२७. **कर परीक्षण:** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम भए गरेको देखिएमा कर अधिकृतले कर परीक्षण गरी कर निर्धारण गर्नु पर्नेछ:-

(क) खाता, हिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) झुट्टा विवरण पेश गरेको देखिएमा,

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

(घ) करको दायित्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा सोको दाबी गरेकोमा।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्षभित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नु पर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाइको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ।

(६) कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने कर अधिकृतले जुनसुकै बखत पुनः कर निर्धारण गर्न गराउन सक्नेछ।

२८. **कर निर्धारणको सूचनाः** (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको भौचर सम्बन्धित कर कार्यालयमा बुझाउनु पर्नेछ।

२९. **कर असुल गर्न सक्नेः** (१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क बापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले कार्यालय प्रमुखको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरीका बमोजिम कर असुल गर्न सक्नेछः-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

(ङ) करदाताको कारोवार रोक्का गरेर,

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर,

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही शुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत सहित असुल गरिनेछ।

(३) उपदफा (२) बमोजिमको लिलाम प्रक्रियामा लाग्ने खर्च करदाताले तिर्नु पर्ने कर मानी निजबाट असुल गरिनेछ।

(४) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ।

३०. **किस्ताबन्दीमा कर असुली**: (१) कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समयमा नबुझाएमा यस ऐन बमोजिम लाग्ने ब्याज समेत बुझाउनु पर्नेछ।

## परिच्छेद- ८

## ब्याज, शुल्क र जरिबाना

३१. **जरिबाना लाग्ने**: यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिबाना गर्न सक्नेछ।

३२. **ब्याज लाग्ने**: यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने बाँकी रकममा वार्षिक दश प्रतिशत ब्याज लाग्नेछ।

३३. **शुल्क लाग्ने**: (१) यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा पाँच हजार रूपैयाँ शुल्क लाग्नेछ।

(२) यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रूपैयाँ शुल्क लाग्नेछ।

(३) यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको वार्षिक दश प्रतिशत रकम शुल्क लाग्नेछ।

३४. **पुनः ब्याज नलाग्ने:** यस ऐन बमोजिम लाग्ने शुल्क, ब्याज र जरिबानामा पुनः ब्याज लाग्ने छैन।

## परिच्छेद- ९

## पूर्वादेश, प्रशासकीय पुनरावलोकन र पुनरावेदन

३५. **पूर्वादेश माग गर्न सक्ने:** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, गैरकर, दस्तुर, शुल्क लगायत यस ऐनमा भएका व्यवस्थामा कुनै द्विविधा भएमा निजले प्रदेश कर प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेकोमा प्रदेश कर प्रमुखले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश प्रदेश कर प्रमुखले खारेज नगरेसम्म वा अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ।

३६. **प्रशासकीय पुनरावलोकन हुन सक्ने:** यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ:-

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, ब्याज सम्बन्धी निर्णय।

३७. **प्रशासकीय पुनरावलोकनको प्रक्रिया:** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र तोकिए बमोजिमको धरौटी संलग्न गरी तोकिएको ढाँचामा प्रदेश कर प्रमुख समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन उपर साठी कार्यदिन भित्र कारबाही र किनारा गर्नु पर्नेछ।

३८. **उजुरी नलाग्ने:** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकनबाट अन्तिम निर्णय नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन।

३९. **पुनरावेदन दिन सक्ने**: (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले पैतीस दिनभित्र सम्बन्धित तोकिए बमोजिमको धरौटी संलग्न गरी *सम्बन्धित कर कार्यालय रहेको जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको *जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद- १०

## समन्वय

४०. **नेपाल सरकारसँग समन्वयः** (१) प्रदेश सरकारले संघीय कानून वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले वा अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४१. **स्थानीय तहसँग समन्वयः** (१) प्रदेश सरकारले प्रदेश कानून वा यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले स्थानीय तह वा स्थानीय तहले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजस्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

४२. **नेपाल राष्ट्र बैंकसँग समन्वयः** प्रदेश सरकारले कर र गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन बैंकिङ्ग प्रणालीमा आवद्ध गर्ने विषयमा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

४३. **अन्य संस्थासँग समन्वयः** प्रदेश सरकार वा कर अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा आवश्यकता अनुसार अन्य संस्थासँग समन्वय गर्न सक्नेछ।

४४. **राजस्व सम्बन्धी नयाँ प्रस्तावः** प्रदेश सरकारले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग आवश्यक परामर्श गर्न सक्नेछ।

४५. **सूचना सार्वजनिक गर्नु पर्नेः** (१) प्रदेश सरकारले लगाएको कर र गैर कर राजस्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना प्रदेश कानून बमोजिम सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई प्रदेश सरकारको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रदेश सरकारले कर र राजस्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद- ११

## विविध

४६. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारबाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

४७. **ठेक्कामा लगाउन नपाइनेः** प्रदेश सरकारले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन।

तर अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहसँग समन्वय गरी कर उठाउन बाधा पुगेको मानिने छैन।

४८. **कागजातको ढाँचाः** (१) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकारले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका तोक्ने गरी सूचना जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका आदि सर्वसाधारणको जानकारीको लागि प्रदेश सरकारको सूचना पाटी, वेभसाइट आदिको माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

**४९. सूचना तामेली भएको वा रीत पुगेको मानिनेः** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः-

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नाबालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय, संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुख वा कार्यालय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको,

(छ) करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा अन्य विद्युतीय उपकरण मार्फत पठाएको।

(२) कर कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

**५०. कागजातको अभिलेख राख्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः-

(क) यस ऐन बमोजिम कर कार्यालयमा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजात,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात,

(२) कर कार्यालयले लिखित रूपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक करदाताले यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा चार वर्षसम्म सुरिक्षत राख्नु पर्नेछ।

**५१. अदालतलाई भए सरहको अधिकार हुनेः** यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

**५२. कर अधिकृतको परिचय पत्रः** कर कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ।

५३. **विभागीय कारबाही र सजाय हुने**: (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रदेश कर कार्यालयको प्रमुख समक्ष उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रदेश कर कार्यालयको प्रमुखले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैले कारबाही गर्ने र कारबाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि प्रमाण सहित प्रदेश कर प्रमुख समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धमा छानबिन गर्न प्रदेश कर प्रमुखले छानबिन समिति गठन गरी प्रतिवेदन लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रदेश कर प्रमुखले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम छानबिन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य वा लापरबाही गरेको कुरा खुल्न आएमा प्रदेश कर कार्यालयका प्रमुखले निजलाई विभागीय कारबाही गर्नेछ।

(६) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने निलम्बन अवधि तीन महिनाभन्दा बढी हुने छैन।

५४. **पुरस्कृत गर्न सक्ने**: (१) मन्त्रालयले यथार्थपरक र विश्वासनीय रूपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

५५. **म्याद, हदम्याद नजाने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः-

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि।

**५६.** **<u>नियम बनाउने अधिकार</u>**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

**५७.** **<u>कार्यविधि बनाउन सक्ने</u>**: यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही सम्बन्धित मन्त्रालयले आवश्यक कार्यविधि बनाउन सक्नेछ।

**५८.** **<u>संशोधन तथा बचाउ</u>**: प्रदेश कर तथा गैरकर सम्बन्धी साविकमा विभिन्न कानून अनुसार भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५।०५।२९

संशोधन गर्ने ऐन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. ०९

**मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउँछ।

(ख) "प्रदेश" भन्नाले *बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "महान्यायाधिवक्ता" भन्नाले संविधानको धारा १५७ को उपधारा (२) बमोजिम नियुक्त नेपालको महान्यायाधिवक्ता सम्झनु पर्छ।

(घ) "मुख्य न्यायाधिवक्ता" भन्नाले संविधानको धारा १६० बमोजिम नियुक्त मुख्य न्यायाधिवक्ता सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. **मुख्य न्यायाधिवक्ताको कार्यालय तथा कर्मचारीः** (१) प्रदेशको राजधानी रहेको स्थानमा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना बमोजिम मुख्य न्यायाधिवक्ताको कार्यालय स्थापना हुनेछ।

(२) मुख्य न्यायाधिवक्ताको कार्यालयले माग गरे बमोजिम महान्यायाधिवक्ताको कार्यालयले आवश्यक कर्मचारी खटाउन सक्नेछ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(३) मुख्य न्यायाधिवक्ताको कार्यालयको बरिष्ठतम अधिकृतले मुख्य न्यायाधिवक्ताको निर्देशनमा रही कार्यालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्नेछ।

४. **<u>मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारः</u>** (१) संविधानको धारा १६० मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार निहित रहेको, संविधान एवं कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने,

(ख) प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय प्रदान गर्ने,

(ग) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने,

(घ) प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका विषय अदालतमा पेश गर्ने व्यवस्था मिलाउने,

(ङ) प्रदेश सरकारको व्यवस्थापन अन्तरगत हिरासत तथा थुनामा रहेका थुनुवा उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा महान्यायाधिवक्तासँग समन्वय गरी अनुगमन गर्ने।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम गरिएको अनुगमनको प्रतिवेदन तयार गरी एकप्रति मुख्यमन्त्री र महान्यायाधिवक्तालाई पठाउनु पर्नेछ।

(३) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा आफ्नो कार्यालयको कुनै अधिकृतलाई खटाउन सक्नेछ।

(४) कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले

तोकेको अधिकृतले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(५) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हक हित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजुर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैंले वा निजले तोकेको अधिकृतले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ।

(६) मुख्य न्यायाधिवक्तालाई सम्बन्धित प्रदेश सरकारको हक हित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ।

(७) मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो सभा वा समितिको बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्बन्धमा राय व्यक्त गर्न सक्नेछ।

(८) मुख्य न्यायाधिवक्ताले अदालतमा विचाराधीन कुनै मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस, पैरवी वा प्रतिरक्षा गर्न प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा कुनै कानून व्यवसायीलाई तोक्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम तोकिएको कानून व्यवसायीले प्रदेश सरकारको तर्फबाट मुद्दामा बहस, पैरवी वा प्रतिरक्षा गर्दा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको रकम पाउनेछ।

५. **सहयोग गर्नु पर्नेः** (१) प्रदेश सरकार पक्ष वा विपक्ष भएको मुद्दा वा प्रदेश सरकारलाई सरोकार पर्ने अन्य कुनै मुद्दा कुनै अड्डा अदालतमा विचाराधीन रहेको अवस्थामा वा मुद्दा पर्ने वा मुद्दा दायर गर्नु पर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका काममा मुख्य न्यायाधिवक्ताले सहायता माग गरेमा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालयले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाई सहयोग गर्नु पर्नेछ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाइल वा कागजात मुख्य न्यायाधिवक्ताको कार्यालयबाट माग भएमा प्रदेश सरकारका सम्बन्धित मन्त्रालय वा कार्यालयका कार्यालय प्रमुखले यथाशीघ्र पठाउनु पर्नेछ।

६. **प्रतिरक्षाको लागि अनुरोध गर्नु पर्नेः** (१) प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट कुनै मुद्दामा अदालतमा बहस पैरवी वा प्रतिरक्षा गर्नु पर्ने भएमा मुख्य न्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुरोध गर्दा प्रदेश सरकार, प्रदेश सरकारका मन्त्रालय वा कार्यालयको तर्फबाट अदालतमा पेश गरेका निवेदन, लिखित जवाफ, प्रतिउत्तर, पुनरावेदन तथा सम्बन्धित आवश्यक कागजात संलग्न गरी पठाउनु पर्नेछ।

७. **कानूनी राय माग्दा रीत पुऱ्याउनु पर्नेः** प्रदेश सरकारको कुनै कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानूनी प्रश्नमा मुख्य न्यायाधिवक्तासँग राय माग गर्दा देहायको रीत पूरा गरेको हुनु पर्नेछः-

(क) राय माग गरिएको विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको,

(ख) राय माग गरिएको विषयसँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको,

(ग) राय मागिएको विषयमा स्पष्टतः संवैधानिक वा कानूनी प्रश्न उल्लेख गरिएको,

(घ) राय मागिएको विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय लिएको वा त्यस्तो प्रक्रिया पूरा गरेको,

(ङ) राय माग गरिएको विषयमा राय माग गर्ने कार्यालय वा अधिकारीको आफ्नो राय वा दृष्टिकोण उल्लेख भएको।

८. **मुद्दाको बहस पैरवीः** (१) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा मुख्य न्यायाधिवक्ताले कुनै विशेष निर्देशन दिएको रहेछ भने त्यसको अधीनमा रही मुख्य न्यायाधिवक्ताको कार्यालयको अधिकृतले व्यावसायिक आचरणको पालना गरी मुद्दामा बहस पैरवी गर्नेछ।

(२) उपदफा (१) बमोजिम बहस पैरवी गरेको आधारमा मात्र बहस गर्ने अधिकृत उपर कुनै कारबाही गरिने वा मुद्दा चलाइने छैन।

९. **कारबाही गर्न सक्नेः** (१) प्रदेश सरकारको हक हित र सरोकार रहेको मुद्दामा प्रदेश सरकारको कुनै अधिकारीले लापरबाही वा बदनियतसाथ काम गरेको वा संलग्न वा उल्लेख गर्नु पर्ने उपलब्ध प्रमाण वा सवुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा मुख्य न्यायाधिवक्ताले त्यस्तो अधिकारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारबाहीको लागि सम्बन्धित निकाय समक्ष लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कारबाहीको लागि लेखी आएमा सम्बन्धित निकायको प्रमुखले प्रचलित कानून बमोजिम कारबाही गर्नु पर्नेछ।

१०. **निर्देशन पालना गर्नु पर्नेः** संविधान तथा संघीय कानूनको कार्यान्वयनको सम्बन्धमा महान्यायाधिवक्ताले दिएको निर्देशनको पालना गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ।

११. **वार्षिक प्रतिवेदनः** (१) मुख्य न्यायाधिवक्ताले प्रत्येक आर्थिक वर्षमा आफ्नो कार्यालयले गरेका काम, कारबाहीको प्रतिवेदन तयार गरी त्यस्तो आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो वार्षिक प्रतिवेदन प्रदेश सभामा पेश गर्न लगाउनेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो कार्यालयको भौतिक स्थिति, कार्यबोझ, विनियोजित रकम र उपलब्धि आफूले सम्पादन गरेको काम कारबाहीको प्रगति तथा सम्पादन हुन नसकेका काम कारबाही सहितको विवरण समेत उल्लेख गरी सिफारिस र सुझावहरु समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन महान्यायाधिवक्तालाई समेत उपलब्ध गराउनु पर्नेछ।

१२. **पारिश्रमिक र अन्य सुविधाः** मुख्य न्यायाधिवक्ताले आफ्नो पद तथा गोपनीयताको शपथ लिएको मिति देखि उच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ बमोजिम उच्च अदालतका न्यायाधीशले पाए सरहको पारिश्रमिक, आवास सुविधा, सवारी, सवारी इन्धन र मर्मत सुविधा, दैनिक तथा भ्रमण भत्ता र उपचार खर्च प्रदेश सरकारबाट उपलब्ध गराईनेछ।

१३. **विदाः** (१) मुख्य न्यायाधिवक्ताले उच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७४ बमोजिम उच्च अदालतका न्यायाधीशले पाए सरहको भैपरी आउने बिदा, पर्व बिदा, घर बिदा, विरामी बिदा, किरिया बिदा, प्रसूति बिदा र प्रसूति स्याहार बिदा पाउनेछ।

(२) मुख्य न्यायाधिवक्ताको बिदा मुख्य मन्त्रीबाट स्वीकृत हुनेछ।

(३) भैपरी बिदा र पर्व बिदा मुख्य न्यायाधिवक्ताले आफैले स्वीकृत गरी लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम मुख्य न्यायाधिवक्ताले बिदामा बसेको जानकारी मुख्य मन्त्रीको कार्यालयलाई दिनु पर्नेछ र एकै पटक तीन दिनभन्दा लामो बिदामा बस्नु परेमा मुख्य मन्त्रीको स्वीकृति लिनु पर्नेछ।

१४. **शपथः** मुख्य न्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतको मुख्य न्यायाधीश समक्ष अनुसूचीमा तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

१५. **अधिकार प्रत्यायोजनः** (१) मुख्य न्यायाधिवक्ताले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार कुनै अधिकार आफ्नो कार्यालयका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका अधिकृतले नेपाल सरकारको विरुद्धमा बहस पैरवी वा प्रतिरक्षा गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सकिने छैन।

१६. **नियम बनाउने अधिकारः** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनका लागि मुख्य न्यायाधिवक्तासँग परामर्श गरी आवश्यक नियमहरु बनाउन सक्नेछ।

१७. **आचार संहिता बनाउने अधिकारः** प्रदेश सरकारले मुख्य न्यायाधिवक्ता, निजको कार्यालयका अधिकृत तथा दफा ४ को उपदफा (८) बमोजिम तोकिएको कानून व्यवसायीले पालना गर्नु पर्ने विषयहरुमा आचार संहिता बनाई लागू गर्न सक्नेछ।

अनुसूची

(दफा १४ सँग सम्बन्धित)

**शपथको ढाँचा**

म ................. ....... ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/देश र जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै *बागमती प्रदेश को मुख्य न्यायाधिवक्ता पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालन गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मिति :

.....................

दस्तखत

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित ।

# मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति
२०७५।०५।२९

संशोधन गर्ने ऐन
केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ — २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. १०

**मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधाका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले *बागमती प्रदेश सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेश मन्त्रालय सम्झनु पर्छ।

(ग) "मन्त्री" भन्नाले प्रदेशको मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री समेत सम्झनु पर्छ।

(घ) "मुख्यमन्त्री" भन्नाले प्रदेश मुख्यमन्त्री सम्झनु पर्छ।

३. **पारिश्रमिक:** (१) मुख्यमन्त्री तथा मन्त्रीले पाउने पारिश्रमिक तथा सुविधा शपथ ग्रहण गरेको मितिदेखि अनुसूची -१ मा उल्लेख भए बमोजिम प्राप्त गर्नेछ।

तर चरम आर्थिक विश्रृंखलता वा प्राकृतिक विपद वा महामारीको कारणले गम्भीर संकट उत्पन्न भई संकटकाल घोषणा भएमा वा संघीय शासन लागू भएको कारणबाट प्रदेश कार्यकारिणी कायम नरहेमा पारिश्रमिक तथा सुविधा प्राप्त गर्ने छैन।

(२) मुख्यमन्त्री तथा कुनै मन्त्रीको आफ्नो पदमा बहाल रहेकै अवस्थामा मृत्यु भई वा निजले दिएको राजीनामा स्वीकृत भई वा मन्त्रिपरिषद् विघटन भई वा अन्य कुनै

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

तवरबाट निज आफ्नो पदमा कायम नरहेमा निजलाई मन्त्री पद कायम रहेको दिनसम्म पाउने पारिश्रमिक दिइनेछ।

(३) मुख्यमन्त्री तथा मन्त्रीले उपदफा (२) बमोजिम पाउने पारिश्रमिक निजलाई वा निजले इच्छ्याएको व्यक्तिलाई दिइनेछ। मुख्यमन्त्री तथा मन्त्रीको मृत्यु भएमा निजले कसैलाई इच्छ्याएको रहेनछ वा इच्छ्याएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो पारिश्रमिकको रकम निजको नजिकको हकवालालाई दिइनेछ।

४. **आवास सुविधाः** (१) मुख्यमन्त्री तथा मन्त्रीलाई आवासको निमित्त प्रदेश सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ। त्यस्तो घरको बन्दोबस्त नभएमा वा प्रदेशको राजधानीमा आफ्नो उपयुक्त घर नभएमा घरभाडा वापत अनुसूची -१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

(२) उपदफा (१) बमोजिमको सुविधा मुखमन्त्री तथा मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउने छन्।

५. **धारा, विजुली, टेलिफोन तथा सञ्चार सुविधाः** मुख्यमन्त्री तथा मन्त्रीलाई धारा, बिजुली, टेलिफोन, इन्टरनेट र पत्रपत्रिका सुविधा बापत अनुसूची - १ बमोजिमको सुविधा दिइनेछ।

६. **सवारी तथा इन्धन सुविधाः** (१) मुख्यमन्त्री तथा मन्त्रीले सवारीको निमित्त सवारी साधन एकगोटा र अनुसूची -१ मा उल्लेख भए बमोजिमको रकम पाउनेछन्।

(२) उपदफा (१) बमोजिमको सुविधा मुख्यमन्त्री तथा मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन्।

७. **दैनिक तथा भ्रमण भत्ता** (१) मुख्यमन्त्री तथा मन्त्रीलाई सरकारी कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा अनुसूची -२ मा उल्लेख भए बमोजिमको दैनिक भत्ता उपलब्ध गराईने छ।

(२) सरकारी कामको सिलसिलामा नेपालभित्र मोटरबाट भ्रमण गर्दा मुख्यमन्त्रीलाई दुई जना र मन्त्रीलाई बिल भरपाई बमोजिमको एकवटा सवारी साधनको लागि लागेको इन्धन खर्च
दिईनेछ। हवाईजहाजबाट भ्रमण गर्दा एक जना अंगरक्षक समेतको लाग्ने टिकट खर्च दिइनेछ।

तर मुख्यमन्त्रीको हकमा दुईजना अंगरक्षकलाई लाग्ने टिकट खर्च दिइनेछ।

(३) अन्य सवारी साधनबाट भ्रमण गर्दा लाग्ने टिकट खर्च भुक्तानी दिइनेछ।

(४) मुख्यमन्त्री तथा मन्त्रीले निजी सचिवालयका बढीमा एक जना कर्मचारीलाई भ्रमणमा साथै लैजान अति आवश्यक भएमा त्यस्तो कर्मचारीलाई प्रदेश सरकारको नियामानुसार दैनिक तथा भ्रमण भत्ता दिइनेछ।

(५) मुख्यमन्त्री तथा मन्त्रीले भ्रमणबाट फर्केको दिनको एकचौथाई दैनिक भत्ता पाउनेछन्।

(६) भ्रमण भत्ताको भुक्तानीको निमित्त भ्रमण बिल भरी लगबुक, बिल, भरपाई, आदि आवश्यक प्रमाणहरु उपलब्ध गराउनु पर्नेछ।

८. <u>**बिमा सुविधाः**</u> मुख्यमन्त्री तथा मन्त्रीले दफा ७ बमोजिम भ्रमण गर्दा अनुसूची -२ बमोजिमको यात्रा बिमा बापतको प्रिमियम रकम पाउनेछ।

९. <u>**उपचारको सुविधाः**</u> (१) मुख्यमन्त्री र मन्त्रीलाई सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधी उपचार गर्नु पर्ने भनी गरेको सिफारिस बमोजिम मुख्यमन्त्री र मन्त्रीले सरकारी अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको सम्पूर्ण खर्च मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले व्यहोर्नेछ।

(३) मुख्यमन्त्री तथा मन्त्रीलाई उपचारको निमित्त प्रदेश सरकारले स्वास्थ्य बिमाको लागि अनुसुची -२ बमोजिमको रकम उपलब्ध गराउनेछ। यसरी बिमा सुविधा उपलब्ध गराईएकोमा उपदफा (२) बमोजिमको उपचार खर्च उपलब्ध गराइने छैन।

(४) उपदफा (२) र (३) बमोजिमको उपचार तथा बिमा प्रिमियम खर्च बापतको रकम तथा मुख्यमन्त्री र मन्त्री भर्ना भई वा नभई उपचार गराएको चिकित्सकको प्रेस्किप्सन अनुसारको खर्चको बिल भरपाई बमोजिमको रकम मुख्यमन्त्री तथा मन्त्रीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भुक्तानी गर्नेछ।

१०. <u>**चाडपर्व खर्च**</u>: मुख्यमन्त्री तथा मन्त्रीले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्च बापत पाउनेछन्।

११. <u>**सचिवालयको व्यवस्थाः**</u> मुख्यमन्त्री तथा मन्त्रीको स्वकीय सचिवालयमा अनुसूची -३ मा उल्लेख भए बमोजिमका कर्मचारीहरु रहने छन्।

१२. <u>**अतिथि सत्कार तथा भैपरी खर्च**</u> : (१) मुख्यमन्त्री तथा मन्त्रीलाई अनुसूची -१ मा उल्लेख भए बमोजिमको रकम अतिथि सत्कार तथा भैपरी खर्च बापत दिइनेछ।

(२) उपदफा (१) बमोजिमको खर्चको बिल भरपाई पेश गर्नु पर्ने छैन।

१३. <u>**सुरक्षा व्यवस्थाः**</u> मुख्यमन्त्री तथा मन्त्रीहरुलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१४. <u>**सपथ ग्रहणः**</u> मुख्यमन्त्री र मन्त्रीले प्रदेश प्रमुख तथा राज्यमन्त्री र सहायक मन्त्रीले मुख्यमन्त्रीसमक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-४ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

१५. **दोहोरो सुविधा नपाउने**ः सरकारी कोषबाट निवृत्तीभरण पाउने व्यक्ति मुख्यमन्त्री वा मन्त्री पदमा नियुक्ति भएमा त्यस्तो मन्त्रीले निवृत्तीभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये एउटा मात्र सुविधा पाउनेछ।

१६. **सुविधाको दुरुपयोग गर्न नहुने**ः यस ऐन बमोजिमका सुविधाहरु मुख्मन्त्री तथा मन्त्री स्वयंले मात्र उपयोग गर्न पाउने छन् र मुख्यमन्त्री तथा मन्त्रीले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

**स्पष्टीकरण**ः यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफामा तोकिएभन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइ दिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानि नोक्सानी पुऱ्याउने लगायतका कार्यलाई बुझाउनेछ।

१७. **अनुसूचीमा हेरफेर :** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१८. **पारिश्रमिक तथा सुविधाः** मन्त्रीको पारिश्रमिक र सुविधा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उपलब्ध गराइनेछ।

## अनुसूची -१

(दफा ३, ४, ५, ६ र १२ सँग सम्बन्धित)

**<u>मुख्यमन्त्री तथा मन्त्रीले पाउने पारिश्रमिक तथा सुविधा</u>**

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | ◈पारिश्रमिक | प्रति महिना रु. | ७०,७३० | ६०,३२० | ५६,८४० | ५४,५२० |
| २ | आवास सुविधा* | प्रति महिना रु. | आवास दिने | आवास दिने | आवास दिने | आवास दिने |
| ३ | निजीआवासमा बस्नेलाई<br>(क) घर मर्मत खर्च<br>(ख)फर्निचर (सरकारले व्यवस्था नगरेमा) | <br>बार्षिक रू.<br>एकमुष्ठ रू. | <br>- | <br>१,३०,०००<br>१,००,००० | <br>१,१०,०००<br>१,००,००० | <br>१,००,०००<br>१,००,००० |
| ४ | सवारी इन्धन | प्रति महिना(लिटर) | १५० | १२५ | १२० | १२० |
| ५ | मोविल | त्रैमासिक/लिटर | १० | ५ | ५ | ५ |
| ६ | यातायात सुविधा | प्रतिदिन रु. | सवारी साधन १ गोटा | सवारी साधन १ गोटा | सवारी साधन १ गोटा | सवारी साधन १ गोटा |
| ७ | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रु. | ५,००० | ३,००० | २,००० | २,००० |
| ८ | अतिथि सत्कार तथा भैपरी खर्च | प्रति महिना रु. | १०,००० | ५,००० | ३,००० | ३,००० |
| ९ | बिजुली, धारा | प्रति महिना रु | बिल बमोजीम | बिल बमोजीम | बिल बमोजीम | बिल बमोजीम |

◈ मिति २०७६।०७।२९ को प्रदेश राजपत्रद्वारा हेरफेर।

<u>नोट</u> :- *

(१) आवास सुविधा उपलब्ध गराउन नसकिने भएमा मन्त्रीलाई रु.२७,०००/-, राज्यमन्त्रीलाई रु.२५,०००/-र सहायक मन्त्रीलाई रु.२०,०००/- मासिक रुपमा घरभाडा बापत उपलब्ध गराइनेछ।

(२) निजी आवास मर्मत खर्च लिएका मन्त्रीलाई घरभाडा उपलब्ध गरिने छैन।

(३) सरकारी आवास सुविधाको घरको धारा बिजुली बिल अनुसार भुक्तानी दिइनेछ।

(४) मुख्यमन्त्रीको हकमा सुरक्षा प्रयोजनको लागि आवश्यक भएमा थप एक सवारी साधन उपलब्ध गराइनेछ। उक्त सवारी साधनको लागि मासिक १०० लिटर ईन्धन उपलब्ध गराईनेछ।

(५) सरकारी आवास उपलब्ध गराईएकोमा बिजुली, धाराको महसुल बिल बमोजिम भुक्तानी गरिनेछ तर निजी आवासको हकमा माथि अनुसूची -१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

अनुसूची -२

(दफा ७, ८ र ९ सँग सम्बन्धित)

**<u>मुख्यमन्त्री तथा मन्त्रीले पाउने दैनिक भत्ता तथा बिमाको सुविधा</u>**

| क्र. सं. | विवरण | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| १. | स्वदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता दर(रु) | ३,००० | २,५०० | २,००० | २,००० |
| २. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता (प्रति दिन अमेरिकी डलरमा) | २५० | २०० | १७५ | १७५ |
| ३. | यात्रा बिमा (प्रति भ्रमण रु.) | १०,००,००० | १०,००,००० | १०,००,००० | १०,००,००० |

**<u>द्रष्टव्य</u> :**

(१) युरोपियन मुलुकहरु अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरीया, जापान,हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यु.ए.इ., सिँगापुर, लेबनान, बहराईनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिईनेछ ।

(२) विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दर अनुसार नै हुनेछ ।

(३) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लिखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।

(४) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम उपलब्ध गराइनेछ।

(५) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलब्ध गराइनेछ ।

(६) विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छ्यासठ्ठी प्रतिशत रकम उपलब्ध गराइनेछ ।

(७) मुख्मन्त्री तथा मन्त्रीलाई उपचारको लागि प्रदेश सरकारले स्वास्थ्य बिमाको लागि वार्षिक रू. १०,००० सम्मको प्रिमियम रकम बिल बमोजिम उपलब्ध गराउनेछ।

(८) मुख्यमन्त्री तथा मन्त्रीले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिईनेछ।

(९) भ्रमण सम्बन्धी थप व्यवस्थाः-

(क) जिल्ला भ्रमण गर्नु पूर्व मन्त्रीले मुख्यमन्त्रीबाट अनुमती लिनु पर्ने र मुख्यमन्त्रीले आफै स्वीकृत गर्न सक्नेछ,

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने,

(ग) एक महिनामा एक जिल्लामा एक पटकमा सामान्यतया दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र एकपटक भ्रमण गर्दा आतेजाते तिन दिन भन्दा बढीको दैनिक भ्रमण भत्ता दिईने छैन,

(घ) अत्यावश्क नपरी एउटै जिल्लामा दुई पटक भन्दा बढी भ्रमण नगर्ने,

(ङ) भ्रमणबाट फर्के पछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गर्नु पर्ने।

अनुसूची -३

(दफा ११ सँग सम्वन्धित)

**<u>मुख्मन्त्री तथा मन्त्रीको स्वकीय सचिवालयमा रहने कर्मचारी</u>**

| क्र.सं. | कर्मचारी | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प.द्वितीय) | १ | ० | ० | ० |
| २. | स्वकीय सचिव (शाखा अधिकृत) | १ | १ | १ | |
| ३. | स्वकीय सचिव (ना.सु./क.अ.) | २ | १ | | १ |
| ४. | सवारी चालक | २ | १ | १ | १ |
| ५. | कार्यालय सहयोगी | २ | २ | १ | १ |

**<u>द्रष्टव्य</u> :**

*(१) स्वकीय सचिवालयका कर्मचारीले प्रदेशका समान तहका कर्मचारीले पाए सरहको शुरु स्केल अनुसारको तलब, महँगी भत्ता, चाडपर्व खर्च र पोसाक सुविधा पाउनेछन्।

(२) स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खाता मार्फत उपलब्ध गराइनेछ।

* मिति २०७६।०४।१४ को प्रदेश राजपत्रद्वारा हेरफेर।

अनुसूची - ४

(दफा १४ सँग सम्बन्धित)

**<u>सहायक मन्त्री/राज्यमन्त्री/मन्त्री/मुख्यमन्त्री</u>पदको शपथको ढाँचा**

**<u>पद तथा गोपनीयताको शपथ</u>**

म... ... (पूरा नाम)... ...मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/देश,जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही *<u>बागमती प्रदेशको</u>...........पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, कसै प्रति पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारी साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मितिः ... ... ... ...

नाम, थरः

दस्तखतः

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

# प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५।०५।२९

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. ११

## प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेश सरकारको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रदेश सरकारका प्रशासकीय प्रकृतिका काम कारबाहीलाई नियमित र व्यवस्थित गर्न प्रशासकीय कार्यविधि सम्बन्धी कानून बनाउन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले [◈]<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

(ख) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. **नियम बनाउने अधिकार:** प्रदेश सरकारले संविधान, संघीय कानून तथा यस ऐनको विपरीत नहुने गरी देहायका विषयसँग सम्बन्धित नियमावली बनाउन सक्नेछ:-

(क) प्रशासकीय प्रकृतिका काम, कारबाही नियमित तथा व्यवस्थित गर्न,

(ख) प्रचलित नेपाल कानून बमोजिम नियमावली बनाई कार्य सम्पादन गर्न नसकिने विषयमा,

(ग) प्रदेश सरकारले सम्पादन गर्नु पर्ने अन्य कार्यको लागि आवश्यक पर्ने नियमावली बनाउने।

४. **निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्ने:** प्रदेश सरकारले संविधान, संघीय कानून, प्रदेश कानून तथा यस ऐनको विपरीत नहुने गरी आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

---

[◈] केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

# प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।०६।०४

संशोधन गर्ने ऐन

१. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ — २०७६।०१।२०

२. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ — २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. १२

**प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यस ऐनको दफा ४, ६ र ७ सपथ ग्रहण भएको मिति देखि प्रारम्भ भएको मानिनेछ र अन्य दफाहरु तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपसभामुख" भन्नाले प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ।

(ख) "दलको प्रमुख सचेतक" भन्नाले प्रदेश सभामा दश प्रतिशत भन्दा बढी सदस्यले प्रतिनिधित्व गर्ने राजनीतिक दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ।

(ग) "पदाधिकारी" भन्नाले सभामुख, उपसभामुख, विपक्षी दलको नेता, मुख्य सचेतक, दलको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक र प्रदेश सभा समितिका सभापति समेतलाई सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले *बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "प्रमुख सचेतक" भन्नाले विपक्षी दलको नेताले प्रदेश सभामा विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ।

(च) "मुख्य सचेतक" भन्नाले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेताले

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा मुख्यमन्त्रीले प्रदेश सभामा सत्ता पक्षको मुख्य सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ।

(छ) "राजधानी" भन्नाले *बागमती प्रदेशको राजधानी सम्झनु पर्छ र सो शब्दले प्रदेशको अस्थायी राजधानीलाई समेत जनाउँछ।

(ज) "विपक्षी दलको सचेतक" भन्नाले प्रदेश सभाको विपक्षी दलको नेताले सचेतक भई काम गर्न तोकेको सभाको सदस्यलाई सम्झनु पर्छ।

(झ) "विपक्षी दलको नेता" भन्नाले देहाय बमोजिमका दलले संसदीय दलको नेताका रुपमा छानेको व्यक्ति सम्झनु पर्छः-

(१) मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेक प्रदेश सभामा सबै भन्दा बढी सदस्य भएको दल,

(२) प्रदेश सभामा एक भन्दा बढी दलहरुको बराबर सदस्य भएमा ती दलहरुले पारस्परिक सहमतिको आधारमा आफू मध्येबाट मान्यता दिएको कुनै एक दल,

(३) उपखण्ड (२) बमोजिम पारस्परिक सहमति हुन नसकेमा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका प्रदेश सभाका सबै भन्दा बढी सदस्यले विपक्षी दलको नेता छान्नको लागि लिखित मञ्जुरी गरेको दल,

(४) उपखण्ड (३) बमोजिम लिखित मञ्जुरी नभएमा वा मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका प्रदेश सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्य भएको कुनै पनि दल नभएमा सभाको लागि प्रदेश सभामुखले तोकी दिएको दल,

(५) कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणबाट कुनै दलको प्रदेश सभामा दश प्रतिशत भन्दा बढी सदस्य पुग्न गई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल,

(६) यस खण्डको प्रयोजनको लागि सम्बन्धित दल वा सदस्यले उपखण्ड (२) बमोजिमको पारस्परिक सहमति प्रदेश सभा सदस्यको निर्वाचन भएको पहिलो पटक प्रदेश सभाको अधिवेशन बसेको मितिले पन्ध्र दिनभित्र र पारस्परिक सहमति हुन नसकेको मितिले पन्ध्र दिन भित्र उपखण्ड (३) बमोजिमको लिखित मञ्जुरी दिनु पर्नेछ।

*केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(ञ) "सत्ता पक्षको सचेतक" भन्नाले प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेताले वा त्यसरी बहुमत प्राप्त गर्ने कुनै दल नभएमा मुख्यमन्त्रीले प्रदेश सभामा सत्ता पक्षको सचेतक भई काम गर्न तोकेको सभाको सदस्य सम्झनु पर्छ।

(ट) "सदस्य" भन्नाले मन्त्री वा पदाधिकारी बाहेकका प्रदेश सभाका सदस्य सम्झनु पर्छ।

(ठ) "सभापति" भन्नाले प्रदेश सभाको कुनै समितिको सभापति सम्झनु पर्छ।

(ड) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(ढ) "समिति" भन्नाले प्रदेश सभाको कुनै समिति सम्झनु पर्छ।

३. <u>पारिश्रमिकः</u> (१) पदाधिकारी र सदस्यले आफूले निर्वाचित वा मनोनयन भई शपथ लिएको मिति देखि अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक तथा भत्ता पाउनेछन्।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा निजले राजीनामा दिई वा प्रदेश सभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्मको पाउने पारिश्रमिको अतिरिक्त एक महिनाको थप पारिश्रमिक पाउनेछ।

(३) उपदफा (२) बमोजिम पाउने रकम अवस्था अनुसार त्यस्तो पदाधिकारी वा सदस्यलाई वा निजले इच्छाएको व्यक्तिलाई दिइनेछ। पदाधिकारी वा सदस्यको मृत्यु भएमा मृत पदाधिकारी वा सदस्यले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको व्यक्ति जीवित रहेनछ भने त्यस्तो रकम निजको नजिकको हकवालाले पाउनेछ।

४. <u>पदाधिकारी र सदस्यको भत्ताः</u> (१) पदाधिकारी र सदस्यलाई प्रदेश सभाको बैठक वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता बापत अनुसूची-१ बमोजिमको रकम पाउनेछ।

तर प्रदेश सभा र समितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी र सदस्यले एक दिनको मात्र भत्ता पाउनेछ। सदन र समितिको बैठक बापत छुट्टाछुट्टै भत्ता पाउने छैन।

(२) प्रदेश सभाको अधिवेशन आव्हान र अन्त्य हुँदाका बखत आफ्नो स्थायी बासस्थानबाट संसदको अधिवेशन वा समितिको बैठकमा भाग लिन आउँदा र भाग लिएर आफ्नो बासस्थान भएको क्षेत्रतर्फ फर्कदा पदाधिकारी र सदस्यलाई दफा ९ बमोजिमको भत्ता पाउनेछ।

तर कुनै पदाधिकारी वा सदस्य निर्वाचित भएको क्षेत्र र निजको स्थायी बासस्थान भएको क्षेत्र भिन्ना भिन्नै भएमा ती दुई स्थानमध्ये कुनै एक स्थानबाट आउँदा जाँदा त्यस्तो भत्ता पाउनेछ।

५. <u>सचिवालय र कर्मचारीको व्यवस्था</u> (१) आफ्नो कार्यकालभरको निमित्त पदाधिकारी र सदस्यले निजी सचिवालयको लागि अनुसूची–२ मा उल्लेख भए बमोजिमको कर्मचारी सुविधा र अनुसूची-१ बमोजिमको निजी सचिवालय बन्दोवस्त सुविधा पाउनेछ।

(२) सभामुख र उपसभामुख बाहेक अन्य पदाधिकारी तथा सदस्यलाई निजको कार्यकालभरको निमित्त फर्निचर व्यवस्था गर्न दफा ६ को उपदफा (४) बमोजिमको रकम उपलब्ध गराइनेछ।

(३) निजी सचिवालयको लागि कार्यालय सञ्चालन र मसलन्द तथा अतिथि सत्कारको निमित्त पदाधिकारी र सदस्यलाई अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराइनेछ।

६. **आवास सुविधाः** (१) सभामुख र उपसभामुखलाई आवासको निमित्त प्रदेश सरकारको तर्फबाट आवश्यक फर्निचर सहितको सरकारी आवासको बन्दोबस्त गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारको तर्फबाट बन्दोबस्त भएको घरको मर्मत र सम्भार प्रदेश सरकारले गर्नेछ।

(३) सभामुख र उपसभामुख बाहेक अन्य पदाधिकारी र सदस्यलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ।

(४) सभामुख र उपसभामुख बाहेक अन्य पदाधिकारी र सदस्यलाई आवासमा फर्निचर सम्बन्धी व्यवस्था गर्नको लागि प्रदेश सभाको एक कार्यकालको निमित्त अनुसूची-१ बमोजिमको रकम उपलब्ध गराइनेछ।

तर मन्त्री वा पदाधिकारीको हैसियतले एक पटक फर्निचर सम्बन्धी सुविधा पाइसकेको भए निजलाई प्रदेश सभाको सोही कार्यकालभित्र यस उपदफा बमोजिमको फर्निचर सुविधा दिइने छैन।

(५) पदाधिकारी वा सदस्यले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछ।

७. **सवारी साधन तथा इन्धन सुविधाः** *(१) सभामुख, उप सभामुख, प्रमुख प्रतिपक्षी दलको नेता, सत्तापक्षको मुख्य सचेतक, विपक्षी दलको प्रमुख सचेतक र समितिका सभापतिहरुलाई सवारी साधन एक/एक र अनुसूची-१ मा उल्लेख भए बमोजिम इन्धन, मोविल र अनुसूची-२ मा उल्लेख भए बमोजिमको हलुका सवारी चालक प्रदेश सभा सचिवालयले उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम पदाधिकारीले प्राप्त गरेको इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन।

(३) यस दफा बमोजिम पदाधिकारीलाई उपलब्ध गराइएको सवारी साधनको मर्मत र सम्भार प्रदेश सभा सचिवालयको तर्फबाट गरिनेछ।

(४) यस दफा बमोजिम पाएको सुविधा पदाधिकारीले आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

(५) सवारी सुविधा उपलब्ध नगराइएको सदस्यलाई प्रदेश सभाको वा कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको निमित्त यातायात सुविधा बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ।

८. **<u>बिजुली, धारा र सञ्चार सुविधाः</u>** पदाधिकारी तथा सदस्यलाई धारा, बिजुली, टेलिफोन महशुल, इन्टरनेट र पत्रपत्रिका बापत अनुसूची-१ बमोजिमको सुविधा दिइनेछ।

९. **<u>दैनिक तथा भ्रमण भत्ताः</u>** प्रदेश सभाको कामको सिलसिलामा नेपालभित्र वा बाहिर भ्रमण गर्दा पदाधिकारी वा सदस्यलाई अनुसूची-१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ।

१०. **<u>चाडपर्व खर्चः</u>** (१) पदाधिकारी र सदस्यले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाइने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक आर्थिक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन्।

(२) उपदफा (१) बमोजिमको रकम पदाधिकारी तथा सदस्यले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्मसंस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछन्।

११. **<u>बिल भरपाई इत्यादि पेश गर्नु पर्ने</u>** (१) भ्रमण भत्ताको भुक्तानीको निमित्त पहिलो पटक अधिवेशनमा आउँदाको हवाईजहाज, रेल र बसको टिकट बापत भएको खर्चको बिल भरपाई र पैदल भ्रमण गरेकोमा आफूले भ्रमण गरेको कोस प्रमाणित गरिएको निस्सा भ्रमण बिलको साथ पेश गर्नु पर्नेछ।

(२) भ्रमण खर्चमा परिवर्तन नभएसम्म उपदफा (१) बमोजिम एक पटक प्रमाणित बिल भौचर संलग्न भएको दैनिक तथा भ्रमण भत्ताको बिल बराबरको रकम दोस्रो पटक देखि सदन वा समितिको बैठकमा भाग लिन आउँदा जाँदाको लागि पनि दैनिक तथा भ्रमण भत्ता बापत एकमुष्ट खर्च लेखी सम्बन्धित पदाधिकारी वा सदस्यलाई प्रदेश सभाको सचिवालयले उपलब्ध गराउनेछ।

१२. **<u>दोहोरो पर्ने गरी भ्रमण भत्ता नपाउनेः</u>** समितिको बैठक चलिरहेको समयमा सभाको बैठक प्रारम्भ हुने कुराको वा सभाको बैठक चलिरहेको समयमा समितिको बैठक प्रारम्भ हुने कुराको सूचना प्रकाशित भएकोमा सो बमोजिम सभा वा समितिको बैठक प्रारम्भ हुने र चलिरहेको सभा वा समितिको बैठक अन्त्य भएको मिति बीचको अवधि सात दिन भन्दा बढी फरक नभएमा चालू बैठकमा भाग लिइरहेको पदाधिकारी वा सदस्यले पछिबाट प्रारम्भ भएको सदन वा समितिको बैठकको अन्त्य भएपछि मात्र यस ऐन बमोजिमको भ्रमण भत्ताको सुविधा पाउनेछ।

१३. **<u>राहदानी सुविधाः</u>** प्रदेश सभाको कामको सिलसिलामा वा नेपालको प्रतिनिधित्व गरी विदेशको भ्रमणमा जाँदा पदाधिकारी र सदस्यले नेपाल सरकारले तोके बमोजिमको राहदानी पाउनेछन्।

१४. **<u>उपचारको व्यवस्थाः</u>** (१) पदाधिकारी र सदस्यलाई उपचारको निमित्त प्रदेश सभा सचिवालयले स्वास्थ्य बीमाको लागि प्रिमियम बापत अनुसूची-१ बमोजिमको रकम उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य बिमाको व्यवस्था नभएमा पदाधिकारी तथा सदस्यलाई सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइनेछ।

(३) उपदफा (२) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधि उपचार गर्न सिफारिस गरेमा पदाधिकारी तथा सदस्यले सरकारी अस्पतालमा भर्ना भई वा नभई औषधि उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

१५. **कार्यालय सुविधाः** (१) पदाधिकारीलाई आफ्नो कार्यालय स्थापना गर्न प्रदेश सभाको सचिवालयमा कार्यकक्ष उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम कार्यकक्षमा आवश्यक फर्निचर, कम्प्यूटर र टेलिफोन उपलब्ध गराइनेछ।

१६. **अस्थायी समितिको सभापति तथा उपसमितिको संयोजक र सदस्यले पाउने सुविधाः** (१) कुनै खास प्रयोजनका लागि प्रदेश सभाले अस्थायी प्रकृतिको कुनै समिति गठन गरेमा त्यस्तो समितिको सभापति र सदस्य तथा सो समिति अन्तर्गत गठित उपसमितिको संयोजक र सदस्यले दफा ४ को उपदफा (१) बमोजिमको बैठक भत्ता पाउने छन्।

(२) उपदफा (१) बमोजिम गठित समितिको सभापतिलाई दफा ७ को उपदफा (१) बमोजिम सुविधा दिइनेछ। अन्य सदस्य तथा उपसमितिको संयोजक र सदस्यलाई दफा ७ को उपदफा (५) बमोजिम यातायात सुविधा बापतको रकम दिइनेछ।

१७. **दृष्टिविहिन र अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः** (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहिन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न निजलाई परिचारकको सेवाको आवश्यकता छ भन्ने कुरा सभामुख वा अध्यक्षलाई लागेमा त्यस्तो पदाधिकारी वा सदस्यको साथ रहने एकजना परिचारक उपलब्ध गराइनेछ।

(२) पदाधिकारी वा सदस्यको साथमा उपदफा (१) बमोजिम रहेको परिचारकलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछः–

(क) दैनिक भत्ताः पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा।

(ख) भ्रमण भत्ताः पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा।

१८. **पेश्कीः** पदाधिकारी वा सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक र आवास सुविधा बापतको रकम पेश्कीको रुपमा माग गरेमा सोही आर्थिक वर्षभित्र फर्छ्यौट गर्ने गरी बढीमा तीन महिनासम्मको पेश्की पाउन सक्नेछ।

१९. **पारिश्रमिक, भत्ता तथा सुविधा बापतको रकम भुक्तानीः** पदाधिकारी र सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम प्रदेश सभाको सचिवालयबाट बैंक खातामा भुक्तानी पाउनेछन्।

२०.	**<u>भत्ता नपाउने:</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य सभाबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना, कैद वा धरौटीमा रहेमा त्यसरी थुना, कैद वा धरौटीमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको भत्ता पाउने छैन।

तर निजको निलम्वन फुकुवा भएमा वा अदालतबाट सफाइ पाएमा पारिश्रमिक तथा सुविधा रोक्का भएको मितिदेखि पारिश्रमिक तथा सुविधा पाउनेछ।

(२) कुनै पदाधिकारी दुई वटा पदमा मनोनीत वा निर्वाचित भएमा निजले कुनै एक पदको सुविधा मात्र पाउनेछ।

२१.	**<u>सुरक्षाको व्यवस्था:</u>** प्रदेश सभाका सभामुख तथा उपसभामुखलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

२२.	**<u>एउटा सुविधा मात्र पाउने:</u>** सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनीत भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये एउटा सुविधा मात्र पाउनेछ।

२३.	**<u>सुविधाको दुरुपयोग गर्न नहुने:</u>** यस ऐनका विभिन्न दफाहरुमा उल्लेख भएका सुविधाहरु सम्बन्धित पदाधिकारी तथा सदस्य स्वयंले मात्र उपयोग गर्न पाउनेछन्। सम्बन्धित पदाधिकारी तथा सदस्यले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

**<u>स्पष्टीकरण</u>** : यस दफाको प्रयोजनको लागि सुविधाको दुरुपयोग भन्नाले माथि दफा दफामा तोकिए भन्दा बढी सुविधा लिने, अन्य व्यक्तिलाई सुविधा दिलाइदिने, योग्यता नपुगेको व्यक्तिलाई नियुक्ति दिने, गलत व्यक्ति वा कागजात खडा गरी सुविधा लिने, सरकारी धनमालको हानि नोक्सानी पुऱ्याउने लगायतका कार्यलाई बुझ्नाउनेछ।

२४.	**<u>प्रदेश सभा सदस्यको शपथ:</u>** (१) प्रदेश सभा सदस्यले प्रदेश सभा वा त्यसको कुनै समितिको बैठकमा भाग लिनुअघि प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष अनुसूची–३ बमोजिमको ढाँचामा शपथ लिनुपर्नेछ।

तर संविधानको धारा १८२ को उपधारा (५) बमोजिमको सदस्यले प्रदेश प्रमुख समक्ष शपथ लिनु पर्नेछ।

(२) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले उपदफा (१) बमोजिमको शपथको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रति प्रदेश सभा वा त्यसको कुनै समितिको पहिलो बैठकमा भाग लिनु तीन दिन अगावै प्रदेश सभा सचिवालयलाई उपलब्ध गराउनु पर्नेछ।

(३) यस दफा बमोजिम सदस्यले शपथ लिए पछि आफूले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेश गर्नु पर्नेछ।

(४) कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिएकोमा सरकारी कामकाजको नेपाली भाषा र अन्य नेपाली मातृभाषाको शपथको प्रतिहरुमा हस्ताक्षर गरी प्रदेश सभाको अध्यक्षता गर्ने व्यक्ति समक्ष पेश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम सदस्यले लिएको शपथको अभिलेख प्रदेश सभा सचिवालयले राख्नेछ।

२५. **<u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u>:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी वा सदस्यलाई मर्का नपर्ने किसिमबाट अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

२६. **<u>बचाउ</u>:** यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश सभाका पदाधिकारी तथा सदस्यले पाएको सुविधा यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ।

## अनुसूची-१
(दफा ३,४,५,६,७,८ र ९ सँग सम्बन्धित)

**पदाधिकारी तथा सदस्यले पाउने पारिश्रमिक तथा सुविधा**

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | ♥उपसभामुख/विपक्षी दलको नेता | सत्तापक्षको मुख्य सचेतक समितिका सभापति विपक्षी दलको प्रमुख सचेतक | दलका प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | #पारिश्रमिक | प्रति महिना रु. | ♣६१,४८०।- | ♣५८,०००।- | ♣५६,८४०।- | ♣५४,५२०।- | ♣५२,२००।- |
| २ | बैठक भत्ता | प्रति दिन रु. | १,०००।- | १,०००।- | १,०००।- | १,०००।- | १,०००।- |
| ३ | सञ्चार सुविधा (टेलीफोन, इन्टरनेट, पत्रपत्रिका) | प्रति महिना रु. | ५,०००।- | ♥३,०००/ २,०००।- | २,०००।- | १,५००।- | १,५००।- |
| ४ | आवास सुविधा | प्रति महिना रु. | आवास उपलब्ध गराउने | ♥आवास उपलब्ध गराउने/२५,०००।- | २५,०००।- | १५,०००।- | १५,०००।- |
| ५ | फर्निचर (पाँच वर्षको अवधिमा एक पटक) | एक मुष्ठ रु. | - | ♥०/५०,०००।- | ५०,०००।- | ५०,०००।- | ५०,०००।- |

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

# मिति २०७६ साल साउन १ गते देखि लागू हुने ।

♣ मिति २०७६।७।२९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | निजी सचिवालय बन्दोवस्त | प्रति महिना रु. | २,०००।- | ♥१,७५०।- | १,७५०।- | १,२००।- | - |
| ७ | सवारी इन्धन | प्रति महिना लि. | १५० | १२५ | १२५ | ✂--- | - |
| ८ | मोविल | त्रैमासिक लि. | १० | ५ | ५ | ✂--- | - |
| ९ | यातायात सुविधा | प्रतिदिन रू | - | - | - | - | १,०००।- |
| १० | बिजुली, धारा | प्रति महिना | विल अनुसार | ♥विल अनुसार/२,००० | २,०००।- | २,०००।- | २,०००।- |
| ११ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,५००।- | २,०००।- | २,०००।- | २,०००।- | २,०००।- |
| १२ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | २००।- | १७५।- | १७५।- | १७५।- | १७५।- |
| १३ | यात्रा बिमा | प्रति भ्रमण रु. (लाखमा) | १० | १० | १० | १० | १० |

**द्रष्टव्य :-**

- विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको  ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको  पचास प्रतिशत रकम मात्र दिइनेछ । अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ।
- विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।
- विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खान बस्न र यातायात खर्च मात्र दिएको मा दैनिक भ्रमण

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर।

भत्ताको पच्चीस प्रतिशत रकम उपलब्ध गराइनेछ।

- विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलव्ध गराइनेछ।
- विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छ्यासट्ठी प्रतिशत रकम उपलब्ध गराइनेछ।
- पदाधिकारी वा सदस्यले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिइनेछ।
- भ्रमण सम्बन्धी थप व्यवस्थाः-
    - जिल्ला भ्रमण गर्नु पूर्व सभामुखबाट स्वीकृति लिनु पर्ने,
    - भ्रमण खर्च मितव्ययी हुनु पर्ने,
    - एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र उपलव्ध भएसम्म सरकारी गेष्ट हाउसमा बस्ने प्रबन्ध गर्नु पर्ने,
    - अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एकपटकभन्दा बढी भ्रमण नगर्ने,
    - भ्रमणबाट फर्के पछि सभामुख समक्ष प्रतिवेदन पेश गरेर मात्र भ्रमण बिल भुक्तानी गरिनेछ।

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

**पदाधिकारी तथा सदस्यलाई दिईने अन्य सुविधा**

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | ♥उपसभामुख/ विपक्षी दलको नेता | सत्तापक्षको मुख्य सचेतक समितिका सभापति विपक्षी दलको प्रमुख सचेतक | दलका प्रमुख सचेतक, सत्तापक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | स्वकीय सचिव | जना<br>जना | उप सचिव<br>शाखा अधिकृत | ♥शाखा अधिकृत १/१ | रा.प.अनं. प्रथम नायव सुब्बा | रा.प.अनं.प्रथम नायब सुब्बा | रा.प.अनं.प्रथम नायब सुब्बा |
| २ | कम्यूटर अपरेटर (रा.प.अनं.प्रथम) | जना | १ | ♥१/१ | - | - | - |
| ३ | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | १ | *२/१ | - | - | - |
| ४ | हलुका सवारी चालक(प्रथम स्तर) | जना | २ | ♥१/१ | १ | १ | - |
| ५ | अतिथि सत्कार | प्रति महिना रु. | १०,०००।- | ♥५,०००/ ५,०००।- | ४,०००।- | ३,५००।- | ३,०००।- |

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर।

* पहिलो संशोधनद्वारा संशोधित ।

♥ मिति २०७५।०९।०९ को प्रदेश राजपत्रद्वारा हेरफेर।

**द्रष्टव्य** :-

♣ (१) स्वकीय सचिवालयका कर्मचारीहरुले समान तहका निजामती कर्मचारीले पाए सरह शुरु तलब स्केल, महंगी भत्ता, चाडपर्व खर्च र पोशाक भत्ता प्रदेश सरकार मन्त्रिपरिषद्ले मुख्यमन्त्री तथा मन्त्रीको स्वकीय सचिवालयको कर्मचारीलाई दिएको सुविधा सरह दिने। #

(२) स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको बैंक खातामा उपलब्ध गराइनेछ ।

(३) संसद सचिवालय भएको स्थानमा घर भएका सांसदहरुको हकमा घर भाडा रकमको आधा रकम मर्मत सुविधामा व्यवस्था गरिनेछ।

---

♣ मिति २०७६।७।२९ को प्रदेश राजपत्रद्वारा हेरफेर ।

# मिति २०७६ साल साउन १ गते देखि लागू हुने ।

अनुसूची–३

(दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

**शपथको ढाँचा**

म (सम्बन्धित सदस्यको पूरा नाम) ........................................ मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/देश र जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश सभाको सदस्य पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी ईमान्दारीका साथ गर्नेछु ।

मितिः-

दस्तखतः-

नाम, थरः-

# प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५।०६।०४

<u>संशोधन गर्ने ऐन</u>

१. प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको (पहिलो संशोधन) ऐन, २०७६ — २०७६।०५।१९

२. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ — २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. १३

**<u>प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना:</u>** प्रदेश सभा सचिवालयको स्थापना तथा सचिवको योग्यता, काम, कर्तव्य, अधिकार तथा सेवाका शर्त सम्बन्धी व्यवस्था गर्न वान्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपसभामुख" भन्नाले प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले प्रदेश सरकारले सचिवालयमा खटाएका सचिवालय सचिव र अन्य व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रदेश सभामा खटिएका नेपाल सरकारका कर्मचारी समेतलाई जनाउँछ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले *<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

(ङ) "सचिवालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश सभा सचिवालय सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले नेपालको संविधानको धारा १९५ को उपधारा (१) बमोजिम नियुक्त प्रदेश सभाको सचिव सम्झनु पर्छ।

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(छ) "सचिवालय सचिव" भन्नाले प्रदेश सभा सचिवालयको सचिव सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ५ बमोजिम गठन भएको सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(झ) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(ञ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद- २

## सचिवालयको स्थापना तथा अन्य व्यवस्था

३. **सचिवालयको स्थापनाः** (१) प्रदेश सभाको काम कारबाही सुचारु रूपले सञ्चालन गर्न तथा प्रदेश सभाका कर्मचारीको सञ्चालन र व्यवस्थापन गर्ने काम समेतको लागि प्रदेश सभा सचिवालयको स्थापना गरिएको छ।

(२) सचिवालयमा सचिव र प्रदेश सरकारको स्वीकृत दरबन्दीका सचिवालय सचिव तथा आवश्यक संख्यामा कर्मचारी तथा मर्यादापालक रहने छन्।

४. **सचिवालयको काम, कर्तव्य र अधिकारः** (१) प्रचलित कानूनमा उल्लेख भएदेखि बाहेक सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने,

(ख) प्रदेश सभा, समिति र सभाका सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,

(ग) प्रदेश सभाको काम कारबाही सुचारु रूपले सञ्चालन गर्न प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने,

(घ) प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने तथा प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्था मिलाउने,

(ङ) प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,

(च) संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(छ) प्रदेश सभाको दलका कार्यालयलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने।

(२) सचिवालयको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५. **समितिको गठनः** (१) प्रदेश सभा र सचिवालयलाई सुचारु रूपले सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने तथा रेखदेख, नियन्त्रण र सुपरिवेक्षण गर्ने काम समेतका लागि सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सभामुख - सभापति

(ख) उपसभामुख -सदस्य

(ग) प्रदेश सभा सचिव -सदस्य

(घ) सचिवालय सचिव - सदस्य

(ङ) सचिवालयको प्रशासन शाखाको उपसचिव -सदस्य-सचिव

६. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सचिवालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ख) प्रदेश सभा तथा सचिवालयको वार्षिक बजेट निर्धारण गर्ने र खर्च सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(ग) प्रदेश सभाका काम कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक अनुसन्धानात्मक कार्य गर्नको लागि विज्ञ नियुक्ति वा विज्ञ समूहको गठन गर्ने,

(घ) प्रदेश सभामा रहने कर्मचारीको दरबन्दी निर्धारण गर्ने,

(ङ) संघीय अन्तर प्रदेश सभासँग आवश्यक समन्वय गर्ने,

(च) सचिवालयका कर्मचारीको वृत्ति विकास एवं सुविधा निर्धारण सम्बन्धी कार्य गर्ने,

(छ) प्रदेश सभाको भौतिक निर्माण र सुधार सम्बन्धी नीति तय गर्ने,

(ज) प्रदेश सभाका समितिहरु बीच समन्वय र सामन्जस्यता कायम गर्ने, गराउने,

(झ) सभाका सदस्यको दक्षता तथा क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने कार्य गर्ने,

(ञ) प्रदेश सरकारसँग समन्वय गरी प्रदेश सभा तथा प्रदेश सभाको समितिको वार्षिक कार्यतालिका तयार गर्ने तथा प्रदेश सभा र सचिवालयको अल्पकालीन तथा दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, गराउने,

(ट) मित्रराष्ट्रका प्रदेश सभा, अन्तर प्रदेश सभा, एसिया प्रशान्त, प्रदेशीय मञ्च, सार्क प्रदेश सभामुख, एसियाली प्रदेश सभा, लगायत अन्य अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क, समन्वय, सहयोग र प्रदेशीय मण्डलको आदान प्रदान गर्ने,

(ठ) प्रदेश सभा र समितिको निर्णय कार्यान्वयनका सम्बनधमा प्रदेश सरकार तथा अन्य सम्बन्धित निकायलाई आवश्यकता अनुसार निर्देशन दिने।

(२) समितिले आवश्यक देखेमा सभाका सदस्य वा अन्य निकायका पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. **<u>सचिवको काम, कर्तव्य र अधिकारः</u>** (१) प्रचलित कानूनमा उल्लेख भएदेखि बाहेक सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभामुखको निर्देशानुसार सभाको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ख) प्रदेश सभाका समितिको लागि आवश्यक पर्ने वार्षिक बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ग) प्रदेश सभा र प्रदेश सभा समितिको काम कारबाही सुचारू रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने,

(घ) सभाका सदस्यको क्षमता अभिवृद्धि गर्न आवश्यक कार्य गर्ने, गराउने,

(ङ) प्रदेश सभा र समितिसँग सम्बन्धित कार्यहरुको रेखदेख र व्यवस्था गर्ने,

(च) सभामुखको निर्देशन बमोजिमका अन्य कार्य गर्ने।

✻(१क.) उपदफा (१) मा उल्लिखित काम कर्तव्यका अतिरिक्त प्रदेश सभा सचिवालयको सचिव एक महिनाभन्दा बढी अवधि बिदा लिई कार्यालयमा अनुपस्थित रहेमा वा सचिवालय सचिवको पदस्थापन नभएमा वा अन्य कुनै कारणले सचिवालय सचिवको पद रिक्त भएमा दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कार्य प्रदेश सभा सचिवले गर्न सक्नेछ।

तर सचिवालय सचिवको पदपूर्ति भई निज आफ्नो पदमा रही कार्य गरेको अवस्थामा सचिवालय सचिवको कार्यहरु प्रदेश सभा सचिवले गर्न पाउने छैन।

(२) सचिवको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

८. **<u>सचिवालय सचिवको काम, कर्तव्य र अधिकारः</u>** (१) सचिवालय सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सचिवालयको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्ने,

(ख) कानून बमोजिम प्रदेश सभाका कर्मचारीको नियुक्ति, अवकाश र सजाय सम्बन्धी कार्य गर्ने,

✻ पहिलो संशोधनद्वारा थप।

(ग) प्रदेशसभा र सचिवालयको वार्षिक बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) सचिवालयको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ङ) समितिको निर्देशानुसार सचिवालयको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(च) सचिवालयको चल अचल सम्पत्तिको रेखदेख स्याहार र सम्भार गर्ने,

(छ) आफू मातहतका महाशाखा अन्तर्गतका कर्मचारीहरुको कामको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने,

(ज) प्रदेश सभा र सचिवालयको लागि विनियोजित बजेट रकम खर्च एवं आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने,

(झ) सचिवालयको भौतिक निर्माण, सुधार सम्बन्धी कार्य गर्ने गराउने,

(ञ) प्रदेश सभा तथा पदाधिकारीको आन्तरिक तथा वाह्य सुरक्षा व्यवस्था मिलाउने,

(ट) सचिवालय र अन्य निकाय बीच समन्वय कायम गर्ने,

(ठ) समितिको निर्देशन अनुसार अन्य काम गर्ने।

(२) सचिवालय सचिवको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## सचिवको योग्यता, पदावधि, पारिश्रमिक र अन्य सुविधा

९. **योग्यताः** प्रदेश सभाको सचिव हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक भएको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(ग) नियुक्त हुनुभन्दा तत्काल अगाडि कुनै राजनैतिक दलको सदस्य नरहेको,

(घ) उच्च नैतिक चरित्र भएको,

(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको र

(च) पैंतालीस वर्ष उमेर पूरा भएको।

१०. **पदावधिः** प्रदेश सभाको सचिवको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ।

तर सो पदावधि पूरा हुनु अगावै सचिवको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन।

**११. <u>सचिवको पद रिक्त हुने अवस्थाः</u>** देहायका अवस्थामा सचिवको पद रिक्त भएको मानिनेछः-

(क) निजको मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) दफा १० बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा,

(घ) सभामुखले निजलाई पदबाट हटाएमा,

(ङ) विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र लिएमा, वा

(च) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा।

**१२. <u>पारिश्रमिक तथा सुविधाः</u>** (१) सचिवको पारिश्रमिक तथा सुविधा राजपत्रांकित विशिष्ट श्रेणीका कर्मचारीले पाए सरह हुनेछ।

(२) उपदफा (१) बमोजिम पारिश्रमिक पाउने सचिवको मृत्यु भएमा निजले पाउन बाँकी पारिश्रमिक निजसँगै बस्ने निजको पति वा पत्नीलाई दिइनेछ र पति वा पत्नी समेत जीवित नरहेमा त्यस्तो पारिश्रमिक निजसँगै बस्ने निजको छोरा छोरीलाई दिइनेछ।

**१३. <u>सवारी साधन तथा इन्धन सुविधाः</u>** (१) सचिवलाई चालक सहितको एक सवारी साधन तथा राजपत्रांकित विशिष्ट श्रेणी सरह इन्धन र मोबिल सुविधा दिइनेछ।

(२) आफ्नो निजी सवारी प्रयोग गर्ने सचिवलाई चालकको लागि प्रदेश सरकारको हलुका सवारी चालकको तलबमानको शुरु अङ्कबराबरको रकम तथा उपदफा (१) बमोजिम पाउने इन्धन र मोबिल उपलब्ध गराइनेछ।

**१४. <u>चाडपर्व खर्चः</u>** (१) सचिवले प्रत्येक वर्ष  चाडपर्व खर्च बापत आफूले खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम पाउनेछ।

(२) उपदफा (१) बमोजिमको रकम एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ।

**१५. <u>दैनिक तथा भ्रमण भत्ताः</u>** (१) सचिवलाई आफ्नो ओहदा सम्बन्धी काममा नेपालभित्र वा बाहिर भ्रमण गर्दा राजपत्रांकित विशिष्ट श्रेणी सरह  दैनिक तथा भ्रमण भत्ता दिइनेछ।

(२) सचिवले नेपाल बाहिर औपचारिक रूपमा विदेशी राष्ट्रको अतिथिको रूपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहुन्जेलसम्म उपदफा (१) बमोजिम पाउने दैनिक भत्ताको आधाको दरले मात्र दैनिक भत्ता पाउनेछन्।

१६. **बिमा खर्चः** सचिवले सरकारी कामको सिलसिलामा नेपाल भित्र वा बाहिर भ्रमण गर्दा दुई लाख रूपैयाँ बराबरको दुर्घटना बिमा गराउन सक्नेछन् र सो बापत लाग्ने खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

१७. **बिदाः** (१) सचिवले पूरा पारिश्रमिक सहितको देहाय बमोजिमका बिदा पाउनेछः-

(क) पर्व बिदा र भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

(ङ) प्रसूति बिदा,

(च) प्रसूति स्याहार बिदा।

(२) सचिवले प्रत्येक वर्ष भैपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन गरी जम्मा बाह्र दिन बिदा लिन पाउनेछ।

(३) सचिवले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले घर बिदा पाउनेछ। घर बिदा बढीमा पैंतालीस दिनसम्म सञ्चित गरी राख्न सकिनेछ।

**स्पष्टीकरण**ः यस दफाको प्रयोजनको लागि "काम गरेको अवधि" भन्नाले सो अवधिभित्र लिएको भैपरी र पर्व बिदा, बिरामी बिदा, प्रसूति बिदा, प्रसूति स्याहार बिदा, किरिया बिदा र सार्वजनिक बिदा समेत सम्झनु पर्छ।

(४) सचिवले प्रत्येक वर्ष बाह्र दिन बिरामी बिदा पाउनेछ।

(५) सचिवले बिरामी बिदा सञ्चित गरी राख्न पाउनेछ।

(६) सचिवले कुल धर्म अनुसार आफैं किरिया बस्नु परेमा पन्ध्र दिन किरिया बिदा पाउनेछ।

(७) सचिव गर्भवती भएमा निजले सुत्केरीको अघि पछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा लिन पाउनेछ।

(८) सचिवको पत्नी सुत्केरी हुने भएमा त्यस्तो सचिवले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ।

(९) सचिवले आफ्नो पदबाट अवकाश पाएमा उपदफा (३) र (५) बमोजिम सञ्चित रहेको बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।

१८. **बिदा दिने अधिकारीः** प्रदेश सभाको सचिवले पर्व बिदा र भैपरी आउने बिदा आफैं लिन सक्नेछ र अन्य बिदा सभामुखबाट स्वीकृत गराउनु पर्नेछ।

## परिच्छेद- ४

## उपचार खर्च र उपदान

१९. **उपचार खर्च:** (१) सचिवले आफूले बिरामी भई उपचार गराउँदा देहाय बमोजिमको उपचार खर्च पाउनेछः-

(क) सरकारी वा सामुदायिक अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधि खर्च।

तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसिस्) उल्लेख भएको हुनु पर्नेछ।

(ख) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको सरकारी वा सामुदायिक अस्पतालको बिल बमोजिमको खर्च र प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधि खर्च।

(ग) चश्मा, दाँत, एयरफोन आदि उपकरणको लागि प्रदेश सरकारले तोकिदिएको रकम मध्ये लागेको बिल बमोजिमको खर्च।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सचिवले आफ्नो कार्यकाल भर पाउने उपचार खर्चको रकम निजले पाउने तीन महिनाको पारिश्रमिक बराबरको रकम भन्दा बढी हुने छैन।

(३) सचिवले सेवाबाट अलग हुँदा उपदफा (२) बमोजिम पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भए जति रकमको दुई तिहाईको हिसाबले हुने एकमुष्ट रकम लिन पाउनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सचिवको पदमा पाँच वर्ष सेवा नगरी सेवाबाट अलग हुने सचिवलाई उपचार खर्च दिंदा यस ऐन बमोजिम पाउने सम्पूर्ण उपचार खर्चको रकमलाई पाँच वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(५) यस दफा बमोजिम पाउने उपचार खर्च लिन नपाउँदै सचिवको मृत्यु भएमा त्यस्तो उपचार खर्च निजसँगै बस्ने निजको पति वा पत्नीलाई दिइनेछ र पति वा पत्नी समेत जीवित नरहेमा त्यस्तो उपचार खर्च निजसँगै बस्ने निजको छोरा छोरीलाई दिइनेछ।

२०. **उपदानः** पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको सचिवले अवकाश पाएमा, राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा निजको मृत्यु भएमा देहायको दरले उपदान पाउनेछः-

(क) पाँच वर्ष देखि दश वर्षसम्म सेवा गरेकोमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी सेवा गरेकोमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

तर निज दफा ११ को खण्ड (घ), (ङ) र (च) को कारणले पदमा नरहेमा उपदान पाउने छैन।

## परिच्छेद- ५

## विविध

२१. **बजेट निर्धारण गर्ने:** (१) सचिवालयले प्रदेश सभा सचिवालयको लागि आवश्यक पर्ने वार्षिक बजेट आर्थिक मामिला तथा योजना मन्त्रालयसँग परामर्श गरी निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरेको बजेट प्रदेश सरकारले विनियोजन विधेयकमा समावेश गर्नेछ।

२२. **अधिकार प्रत्यायोजन:** (१) यस ऐन बमोजिम समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार सचिव वा अन्य कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) सचिवले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

२३. **कर्मचारी:** (१) प्रदेश सभा र सचिवालयमा आवश्यक पर्ने सचिवालय सचिव र अन्य कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी उपलब्ध नभएसम्मको लागि नेपाल सरकारले काजमा कर्मचारी खटाउनेछ।

(३) उपदफा (१) र (२) बमोजिमका कर्मचारीको सेवा सुविधा नेपाल सरकार वा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

२४. **एउटा सुविधा मात्र पाउने:** सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति सचिवमा नियुक्त भएमा त्यस्तो सचिवले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये निजले रोजेको कुनै एक सुविधा मात्र पाउनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष।

२५. **परामर्श:** सचिवालयका सचिव तथा महाशाखा प्रमुखको सरूवा गर्दा प्रदेश सरकारले सभामुख सँग परामर्श गर्नु पर्नेछ।

२६. **शपथ:** सचिवले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि सभामुख समक्ष अनुसूची बमोजिमको ढाँचामा आफ्नो पदको शपथ ग्रहण गर्नु पर्नेछ।

२७. **प्रदेश सरकारसँग सम्पर्क:** सचिवालयले प्रदेश सरकार सँग सम्पर्क राख्दा प्रदेश सभा सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

२८. **नियम बनाउने अधिकार:** यस ऐन कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

## अनुसूची

(दफा २६ सँग सम्बन्धित)

**पद तथा गोपनीयताको शपथ**

म ... ... (पूरा नाम)... ... ...मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु। मुलुक र जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही ♣बागमती प्रदेशको सचिव पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, कसै प्रति पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारी साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मितिः ... ... ... ...

नाम, थरः

दस्तखतः

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

# प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७५।०६।०४

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| १. प्रदेश दुग्ध विकास वोर्ड (पहिलो संशोधन) ऐन, २०७६ | २०७६।१०।२८ |
| २. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |

संवत् २०७५ सालको ऐन नं. १४

**<u>प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** निजी, सहकारी तथा सरकारी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन तथा दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरण मार्फत दिगो आर्थिक समृद्धि हासिल गर्नका लागि प्रदेश दुग्ध विकास बोर्डको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले बोर्डको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले दफा १० बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "निर्देशक" भन्नाले दफा १२ बमोजिमको निर्देशक सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले ◈<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

(च) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश दुग्ध विकास बोर्ड सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ज) "सदस्य" भन्नाले दफा ५ बमोजिमको बोर्डको सदस्य सम्झनु पर्छ र सो शब्दले बोर्डको अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

(झ) "समिति" भन्नाले दफा ८ बमोजिम गठन हुने समिति सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

३. **बोर्डको स्थापनाः** (१) प्रदेश स्तरमा दुग्ध व्यवसाय सम्बन्धी नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा दुग्ध क्षेत्रको विकास गर्न प्रदेश दुग्ध विकास बोर्डको स्थापना गरिनेछ।

(२) बोर्डको कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहनेछ।

४. **बोर्ड संगठित संस्था हुनेः** (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) बोर्डको काम कारबाहीका निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ र प्रदेश सरकारको अनुमति लिनु पर्नेछ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजूर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस, उजूर लाग्न सक्नेछ।

५. **बोर्डको गठनः** (१) बोर्डको गठन देहाय बमोजिमको हुनेछः-

(क) मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय - अध्यक्ष

(ख) प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति - उपाध्यक्ष

(ग) सचिव, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, प्रदेश दुग्ध सहकारी संघको एक जना - सदस्य

(च) सार्वजनिक-निजी साझेदारीमा प्रदेश भित्र सञ्चालित दुग्धजन्य पशुपालन फर्मका संचालक मध्येबाट बोर्डले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित दुई जना - सदस्य

(छ) प्रतिनिधि, बोर्डले मनोनयन गरेको प्रदेशभित्रको बसोबास गर्ने किसान महिला एक जना र पुरुष एक जना गरी दुई जना - सदस्य

(ज) प्रतिनिधि, दुग्ध विकास संस्थानबाट एक जना - सदस्य

(झ) प्रतिनिधि, डेरी एशोसिएशन वा डेरी उद्योग संघ बाट एक जना - सदस्य

(ञ) प्रतिनिधि, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण प्रदेश कार्यालयबाट एक जना - सदस्य

(ट) प्रतिनिधि, डेरी फर्म संघ नेपालबाट एक जना - सदस्य

(ठ) निर्देशक, प्रदेश दुग्ध विकास बोर्ड - सदस्य-सचिव

*(२) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ।

(३) बोर्डले आवश्यकता अनुसार सम्बन्धित महिला विज्ञ समेतलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

६. **बोर्डको बैठकः** (१) बोर्डको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) बोर्डको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ।

(३) बोर्डको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) बोर्डको एक तिहाई सदस्यहरुले समितिको बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले अध्यक्षको स्वीकृति लिई बैठक बोलाउनु पर्नेछ।

(५) बोर्डको सदस्य-सचिवले बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(६) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(७) बोर्डको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

*(८) बोर्डको निर्णय बोर्डले तोकेको कम्तीमा कुनै दुई सदस्य र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(९) बैठक सम्बन्धी अन्य व्यवस्था बोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. **बोर्डको काम, कर्तव्य र अधिकारः** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय सरकारसँगको सहकार्यमा ग्रामिण क्षेत्रमा उत्पादित दुग्धजन्य पदार्थ सहरी क्षेत्रमा पुर्याउने सहज वातावरण सृजना गर्ने,

(ख) दुग्ध व्यवसाय प्रवर्धन गर्न कृषकलाई प्राविधिक तथा अन्य सेवा उपलब्ध गराउने,

(ग) उन्नत पशु नश्ल सुधार केन्द्र, दाना कारखाना, दुग्धजन्य ठूला पशु विकास फार्म, धुलो दुग्ध कारखाना, दुग्ध उद्योग, प्राङ्गारिक प्रशोधित मल उद्योग, बायो ग्याँस उद्योग, आधुनिक श्रोत केन्द्र सार्वजनिक-निजी-सहकारी साझेदारी लगानीमा स्थापना तथा प्रवर्धन गर्ने,

(घ) दुग्धजन्य पशुपालन तथा उद्योगको विकासका लागि नियमानुसार स्वदेशी तथा विदेशी सहायता, अनुदान एवं प्रदेश सरकारको स्वीकृतिमा सहुलियत ऋण प्राप्त गर्ने,

(ङ) दुग्धजन्य पशुपालन, दुग्ध व्यवसाय सम्बन्धमा उत्पादक तथा उपभोक्ता हितको लागि प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(च) प्रदेश सरकारको समन्वयमा समग्र दुग्ध क्षेत्रको विकास एवं विस्तारका लागि सार्वजनिक, निजी तथा सहकारी दुग्ध उद्योगलाई बोर्डमा सूचिकृत गरी दुग्ध विकास कोष स्थापना गर्ने,

* पहिलो संशोधनद्वारा संशोधित।

(छ) उन्नत जातका दुधालु पशु खरिद गर्न कृषकलाई सरल रुपमा सहुलियत ऋण बैंक मार्फत उपलब्ध गराउने,

(ज) सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा सहकारी संस्थाले सञ्चालन गर्ने दुग्ध विकास सम्बन्धी कार्यक्रमको समन्वय गर्ने,

(झ) दुध तथा दुग्धजन्य पदार्थको गुणस्तर नियन्त्रण गर्नको लागि अत्याधुनिक प्रयोगशाला स्थापना गरी सञ्चालन गर्ने,

(ञ) उत्पादित कच्चा दुधको खरिद मूल्य र प्रशोधित दूध तथा दुग्धजन्य पदार्थको बिक्री मूल्य समयानुकुल समायोजन गर्ने र सोको प्रभावकारी अनुगमन गर्ने,

(ट) डेरी उद्योगको कार्यक्रम तथा गुणस्तर अनुगमन मूल्याङ्कन गरि पृष्ठपोषण एवं निर्देशन दिने,

(ठ) हिमाली क्षेत्रमा विशेष पहिचान रहेको चौरी पालन व्यवसाय प्रवर्धन गरी याक चिजलाई विशिष्ट उत्पादनको रुपमा विकास गर्ने,

(ड) बाख्रा पालन व्यवसाय प्रवर्धन गरी चिज उत्पादन गर्ने,

(ढ) प्रदेश दुग्ध नीति बनाई प्रदेश सरकार समक्ष प्रस्तुत गर्ने,

(ण) दुग्ध उद्योग सम्बन्धी आवश्यक कार्य गर्ने।

८. **समिति गठन गर्न सक्नेः** (१) बोर्डले आफ्नो कार्य सञ्चालनको लागि लैंगिक समानताको आधारमा आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि बोर्डले तोके बमोजिम हुनेछ।

९. **बोर्डको कोषः** (१) बोर्डको कार्य सञ्चालनको लागि एउटा छुट्टै कोष रहने छ। उक्त कोषमा देहायका रकमहरु रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट प्राप्त हुने रकम,

(ग) दुग्ध उद्योग सम्बन्धी अनुसन्धान कार्य वा परामर्श सेवा उपलव्ध गरे गराए बापत प्राप्त हुने रकम,

(घ) स्वदेशी वा विदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त दान, दातव्य वा उपहार,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) बोर्डलाई प्राप्त हुने सबै रकम प्रदेशभित्रको नेपाल सरकारको स्वामित्व भएको बैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) बोर्डको खर्च उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिम व्यहोरिनेछ।

**१०.** <u>**उपाध्यक्षः**</u> (१) बोर्डको कार्यकारी प्रमुखको रुपमा एकजना उपाध्यक्ष रहनेछ।

*(२) छनौट समितिले सिफारिस गरेका व्यक्ति मध्येबाट मन्त्रालयले उपाध्यक्ष पदमा नियुक्तिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ र प्रदेश सरकारले कुनै एक जनालाई उपाध्यक्ष पदमा नियुक्ति गर्नेछ।

(३) उपदफा (२) बमोजिमको छनौट समिति तोकिए बमोजिम हुनेछ।

(४) *<u>उपदफा (२)</u> बमोजिमको छनौट समितिले देहाय बमोजिम योग्यता भएका व्यक्तिमध्येबाट तीन जनाको नाम सिफारिश गर्नेछः-

(क) सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव भएको,

(ख) सम्बन्धित क्षेत्रमा काम गरिरहेको हुनुपर्ने,

(ग) पैंतीस बर्ष उमेर पूरा भएको।

(५) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालको लागि पुनः नियुक्ति हुन सक्नेछ।

(६) उपाध्यक्षले बोर्डको अहित हुने कुनै काम गरेमा, कार्य क्षमताको अभाव, खराब आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारी पूर्वक नगरेमा मन्त्रालयले निजलाई पदबाट हटाउन सक्नेछ।

तर यसरी हटाउन अघि निजलाई सुनुवाईको अवसरबाट वञ्चित गरिने छैन।

(७) उपाध्यक्षको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा प्रदेश सचिवले पाए सरह हुनेछ।

**११.** <u>**उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**</u> (१) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको योजना, कार्यक्रम तथा बजेट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

(ख) योजना, वार्षिक कार्यक्रम तयार गर्ने,

(ग) बोर्डको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने गराउने,

(घ) बोर्डको लागि आवश्यक अन्य कार्य गर्ने गराउने,

(ङ) स्वीकृत बजेट रकम निकासा दिने।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

१२. <u>**निर्देशकः**</u> (१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने गरी प्रदेश सरकारको सम्बन्धित सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको कुनै अधिकृतलाई निर्देशकको पदमा काम गर्ने गरी तोक्नेछ।

(२) ✂--- निर्देशक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. <u>**निर्देशकको काम, कर्तव्य र अधिकारः**</u> (१) ✂---निर्देशकको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको योजना, कार्यक्रम, बजेट तयार गरि पेश गर्ने,

(ख) निर्णयको कार्यान्वयन गर्ने,

(ग) वार्षिक प्रतिवेदन तयार गरी पेश गर्ने,

(घ) कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१४. <u>**बोर्डको कर्मचारीः**</u> (१) बोर्डको कार्य सञ्चालनको लागि आवश्यक कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ।

(२) कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. <u>**विशेषज्ञ सम्बन्धी व्यवस्थाः**</u> (१) बोर्डले आवश्यक देखेमा दुईजना सम्म एक पटकमा तीन महिनासम्मको लागि विषय विशेषज्ञ वा विज्ञ नियुक्ती गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त विशेषज्ञ वा विज्ञले गर्ने काम, पारिश्रमिक सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था करारनामा उल्लेख भए बमोजिम हुनेछ।

१६. <u>**लेखा र लेखा परीक्षणः**</u> (१) प्रदेश सरकारले तोके बमोजिम बोर्डको लेखा राखिनेछ।

(२) बोर्डको लेखा परीक्षण महालेखा परीक्षकबाट तोकिएको लेखा परीक्षकद्वारा हुनेछ।

१७. <u>**अधिकार प्रत्यायोजनः**</u> बोर्डले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार कुनै सदस्य वा दफा ८ बमोजिम गठन भएको समिति वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१८. <u>**प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्नेः**</u> (१) बोर्डले आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) बोर्डले वार्षिक प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

१९. **बैठक भत्ताः** सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन्।

२०. **प्रदेश सरकारले निर्देशन दिन सक्नेः** प्रदेश सरकारले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ।

२१. **प्रदेश सरकारसँग सम्पर्कः** बोर्डले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२२. **बोर्डको विघटनः** (१) कुनै मनासिव कारणबाट बोर्ड विघटन गर्ने गरी प्रदेश सरकारले निर्णय गरेमा बोर्ड विघटन हुनेछ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक र दायित्व प्रदेश सरकारमा सर्नेछ।

२३. **विनियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले प्रदेश सरकारको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाउने विनियममा प्रदेश सरकारलाई आर्थिक भार वा दायित्व पर्ने विषय समावेश भएमा बोर्डले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको विनियम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

# प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।०६।०४

संशोधन गर्ने ऐन

१. केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ २०७७।०४।१६

२. प्रदेश विपद् व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९ २०७९।०४।१३

संवत् २०७५ सालको ऐन नं. १५

## प्रदेश विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेश भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् पूर्वको तयारी, विपद् जोखिम न्यूनिकरण, पीडितको उद्धार, राहत वितरण, पुर्नस्थापना र पुनर्लाभ तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,-

(क) "कार्यकारी समिति" भन्नाले दफा ६ बमोजिमको ♦प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले दफा १० बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(ग) "कोष सञ्चालन समिति" भन्नाले दफा १३ बमोजिमको कोष सञ्चालन समिति सम्झनु पर्छ।

(घ) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना,आगलागी,

♦ पहिलो संशोधनद्वारा थप।

विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ।

(ङ) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १७ बमोजिम जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(छ) "प्रतिष्ठान" भन्नाले होटल तथा लज समेतलाई सम्झनु पर्छ।

◈(छ१) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ज) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भु-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चटयाङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्छ।

(ञ) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(ट) "राष्ट्रिय परिषद्" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ।

(ठ) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ।

(ड) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

(ढ) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायता कर्मीलाई समेत जनाउँछ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

(ण) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ।

(त) "विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवं पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ।

(थ) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्व तयारीलाई समेत जनाउँछ।

(द) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ।

(ध) "व्यावसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनु पर्छ।

(न) *"परिषद्" भन्नाले यस ऐनको दफा ३ बमोजिम गठन भएको प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(प) "संघीय ऐन" भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(फ) "संघीय मन्त्रालय" भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ।

(ब) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्छ।

## परिच्छेद- २

## *परिषद् गठन र काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था

३. **प्रदेश विपद् व्यवस्थापन *परिषद्:** *(१) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना स्वीकृत गर्ने, आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिलाई नीतिगत मार्गदर्शन गर्ने तथा निर्देशन दिने, विपद् व्यवस्थापनका लागि आर्थिक स्रोतको व्यवस्थापनको लागि कार्यकारी समितिशलाई निर्देशन तथा सोको लागि सहजीकरण गर्ने समेतको प्रयोजनको लागि एक प्रदेश विपद् व्यवस्थापन परिषद् रहनेछ।

* पहिलो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) बमोजिम गठन भएको *प्रदेश विपद् व्यवस्थापन परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) आन्तरिक मामिला तथा कानून मन्त्री -उपाध्यक्ष

(ग) आर्थिक मामिला तथा योजना मन्त्री -सदस्य

(घ) भौतिक पूर्वाधार विकास मन्त्री -सदस्य

(ङ) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री -सदस्य

(च) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री -सदस्य

(छ) सामाजिक विकास मन्त्री -सदस्य

(ज) प्रदेश सभामा विपक्षी दलको नेता -सदस्य

(झ) प्रदेश सभाको सदस्य एक जना महिला सहित तीन जना -सदस्य

(ञ) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ट) प्रदेश प्रमुख सचिव -सदस्य

(ठ) विपद्का क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरु मध्येबाट समितिले मनोनयन गरेका एक जना महिला सहित दुई जना -सदस्य

(ड) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य-सचिव

✂(३) .................

४. ***परिषद्को बैठक सम्बन्धी व्यवस्था**: (१) अध्यक्षले तोकेको मिति, समय र स्थानमा *परिषद्को बैठक बस्नेछ।

(२) *परिषद्को सदस्य-सचिवले *परिषद्को बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) *परिषद्का पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि *परिषद्को बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि *परिषद्को बैठक

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा एक जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा *परिषद्को बैठक बस्न सक्नेछ।

(५) बैठकको अध्यक्षता *परिषद्को अध्यक्षले गर्नेछ।

(६) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्नेछ।

(७) *परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(८) *परिषद्को निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

✂५. .............

## परिच्छेद- ३

## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **कार्यकारी समितिः** (१) प्रदेश विपद् व्यवस्थापन *परिषद्को निर्देशन कार्यान्वयन तथा विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न देहाय बमोजिमको सदस्य रहने गरी एक ♦प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | आन्तरिक मामिला तथा कानून मन्त्री | - अध्यक्ष |
| (ख) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालय | - सदस्य |
| (ग) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (घ) | सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | - सदस्य |
| (च) | सचिव,भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रलाय | - सदस्य |
| (छ) | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रलाय | - सदस्य |
| (ज) | सचिव, सामाजिक विकास मन्त्रलाय | -सदस्य |
| (झ) | प्रदेश प्रहरी प्रमुख | - सदस्य |
| (ञ) | प्रदेश अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी | - सदस्य |
| (ट) | सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य-सचिव |

(२) उपदाफा (५) बमोजिमको समितिमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रदेशस्तरीय प्रमुखलाई आमन्त्रण गरिनेछ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

♦ पहिलो संशोधनद्वारा थप।

(३) समितिले आवश्यकतानुसार सरोकारवाला निकाय र संघ संस्थाहरुलाई आमन्त्रण गर्न सकिनेछ।

*७. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** दफा ६ बमोजिमको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिपद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजनाको अधीनमा रही प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी मध्यकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि परिषद् समक्ष पेश गर्ने,

(ख) विपद् पूर्व तयारीको लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्य सञ्चालनमा प्रभावकारिता ल्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ग) खोज, उद्धार तथा वितरण कार्यमा प्रभावकारिता ल्याउन संघ, प्रदेश र स्थानीय तह लगायत अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(घ) राहत सामग्रीको व्यवस्थापनका लागि मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ङ) आपत्कालीन अवस्थामा विपद् प्रभावितका लागि अस्थायी आश्रय गृह तथा अन्य अस्थायी संरचनाको निर्माण गर्ने, गराउने,

(च) विपद् प्रभावित क्षेत्रमा पिउने पानी, खाद्यान्न, लत्ताकपडा तथा औषधि उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(छ) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने, गराउने,

(ज) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीयस्तरका सरकारी, गैरसरकारी एवं निजी सवारी साधन, यन्त्र, उपकरण, सरसामान, खाद्यान्न आदिको अभिलेख राखी कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(झ) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा रहेका असुरक्षित भवन भत्काउन लगाउने र त्यस्तो कार्यमा स्थानीय तहलाई सहयोग गर्ने,

(ञ) असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ट) प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त राहत सामग्री वा सहयोगलाई समन्वयात्मक रूपमा वितरण एवं उपयोग गर्ने, गराउने,

---

* पहिलो संशोधनद्वारा संशोधित।

(ठ) प्रदेशस्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ड) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(ढ) विपद्का समयमा गरिएका खोज, उद्धार तथा राहत कार्य सम्बन्धी विवरण राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउने,

(ण) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले यस ऐन बमोजिम गरेका क्रियाकलापहरुका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित संस्था तथा प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने,

(त) विपद्को समयमा बजार मूल्य, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमन सम्बन्धमा आवश्यक कार्य गर्ने,

(थ) प्रदेशस्तरमा विपद् प्रतिकार्यमा पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण र स्थानान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरु गर्ने, गराउने,

(द) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा परिषद् समक्ष सिफारिस गर्ने,

(ध) विपद् व्यवस्थापन सम्बन्धमा परिषद्, प्रदेश सरकारले समय समयमा तोकेको वा यस ऐन बमोजिम बनेका नियममा तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(न) स्थानीय तहको वडामा प्रतिकार्य र चेतनामूलक कार्यको लागि स्थानीय वडामा स्वयंसेवक समूह बनाई कार्य गर्ने।

८. <u>कार्यकारी समितिको बैठक सम्बन्धी व्यवस्था</u>ः (१) कार्यकारी समितिको सदस्य-सचिवले अध्यक्षको परामर्शमा कार्यकारी समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

तर तत्काल कार्यकरी समितिको बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले निश्चित समय दिई तत्कालै कार्यकारी समितिको बैठक बोलाउन सक्नेछ।

(२) कार्यकारी समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(४) कार्यकारी समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) कार्यकारी समितिको अध्यक्षले आवश्यकतानुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) कार्यकारी समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

९. <u>**विशेषज्ञ समिति गठन गर्न सक्नेः**</u> (१) मन्त्रालयले विपद् व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद् सम्बन्धी अध्ययन अनुसन्धान कार्यमा सल्लाह सुझाव उपलब्ध गराउन भूगर्भ विज्ञ, विशेषज्ञ चिकित्सक, विपद् व्यवस्थापन विज्ञ, वातावरण विज्ञ वा पूर्वाधार विज्ञ रहेको बढीमा पाँच सदस्यीय विशेषज्ञ समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिका सदस्यको योग्यता, काम, कर्तव्य तथा निजहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ४

## <u>विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था</u>

१०. <u>**प्रदेश विपद् व्यवस्थापन कोषको स्थापनाः**</u> (१) प्रदेश विपद् व्यवस्थापनका लागि एक विपद् व्यवस्थापन कोष खडा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) नेपाल सरकार वा प्रदेश सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय विकास साझेदार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजीक्षेत्रबाट प्रचलित कानून बमोजिम प्राप्त भएको रकम,

(ग) व्यवसायिक संघ संस्थाले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गर्ने रकम,

(घ) प्रदेश मन्त्रिपरिषद्का सदस्य, सभासद, निजामती कर्मचारी, जंगी तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम,

(ङ) खण्ड (घ) मा लेखिएदेखि बाहेक अन्य सरकारी तथा गैरसरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत संघ संस्था, राजनीतिक दल, ट्रेड युनियन, नागरिक समाज, निजी क्षेत्र वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(च) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोष आवर्ती कोष (रिभल्भिङ फण्ड) को रूपमा सञ्चालन गरिनेछ।

११. **<u>कोषको प्रयोगः</u>** (१) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछः-

(क) विपद्बाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने,

(ख) विपद्बाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने,

(ग) विपद्बाट पीडित व्यक्तिको भरण पोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने खाद्यान्न, लत्ता कपडा, औषधि तथा स्वास्थ्य सेवा, शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु वितरण गर्ने,

(घ) विपद्को कारणबाट घाइते वा बिरामी भएको व्यक्तिको औषधि उपचार गर्ने,

(ङ) विपद्को कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि मृतकका आफन्तलाई आर्थिक सहायता प्रदान गर्ने,

(च) विपद्को कारणबाट भएको फोहोर मैला तथा प्रदूषणको विसर्जन (डिस्पोजल) गर्ने,

(छ) विपद्बाट पीडित व्यक्तिको अस्थायी रूपमा आश्रयस्थल बनाउने वा पुनर्स्थापना गर्ने,

(ज) विपद्बाट पीडित व्यक्तिको आवासीय घर वा निजको पेशासँग सम्बन्धित औजार, वर्कशप मर्मतका लागि आर्थिक सहायता प्रदान गर्ने, विद्यालय लगायत अन्य सार्वजनिक महत्वका संघ संस्था को संरक्षण गर्ने,

(झ) विपद् रोकथामका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, पूर्व सावधानी अपनाउने वा पूर्व तयारी (प्रिपेयर्डनेश) गर्ने गराउने।

(२) खोज, उद्धार र राहत वितरणमा लाग्ने प्रशासनिक खर्च *<u>कार्यकारी समितिबाट</u> स्वीकृत गरी खर्च गर्न सकिनेछ।

१२. **<u>कोषको रकम प्रयोग हुन नसक्नेः</u>** यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैनः-

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

---

* पहिलो संशोधनद्वारा संशोधित।

(ख) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) विपद्सँग सम्बन्धित विषयमा खर्च गर्ने बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन।

१३. **<u>कोष सञ्चालन समितिः</u>** (१) दफा १० बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष सञ्चालन समिति रहनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - संयोजक

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य

(ङ) सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य-सचिव

*(२) कोष सञ्चालन समितिको बैठक सम्बन्धी कार्यविधि कोष सञ्चालन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **<u>कोषको व्यवस्थापन तथा सञ्चालनः</u>** (१) कोषको रकम ♦<u>कोष सञ्चालन</u> समितिबाट नेपाल राष्ट्र बैंक वा नेपाल सरकारबाट सम्बन्धन प्राप्त "क" वर्गको बैंकमा खाता खोली जम्मा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको खाता समितिको सदस्य-सचिव र मन्त्रालयको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

१५. **<u>लेखा तथा लेखापरीक्षणः</u>** (१) कोषको आम्दानी खर्चको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

१६. **<u>कोषको रकम वितरण गर्ने कार्यविधिः</u>** (१) कोषको रकम दफा ११ बमोजिमको प्रयोजनका लागि *<u>प्रदेश सरकारले तोकेको</u> मापदण्ड बमोजिम खर्च गर्ने गरी आवश्यकतानुसार उपलब्ध गराइनेछ।

*(२) उपदफा (१) बमोजिम कोषको रकम उपलब्ध गराउँदा विपद्को प्रकृति, सघनता, व्यापकता, कोषमा उपलब्ध भएको रकम, खर्चको औचित्यता समेतलाई आधार मानी उपलब्ध हुने व्यवस्था मिलाउनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

♦ पहिलो संशोधनद्वारा थप।

(३) उपदफा (१) वा (२) बमोजिम रकम उपलब्ध गराउँदा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग आवश्यकतानुसार समन्वय गरिनेछ।

## परिच्छेद- ५

## जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था

१७. **जिल्ला विपद् व्यवस्थापन समितिः** (१) संघीय ऐन बमोजिम जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तोकिए अनुसारको जिल्ला विपद् व्यवस्थापन समिति रहनेछ।

♦(१क) उपदफा (१) बमोजिम रहने जिल्ला विपद् व्यवस्थापन समितिमा सम्बन्धित जिल्लाको प्रदेश सभा सदस्यलाई आमन्त्रण गर्नु पर्नेछ।

(२) जिल्ला विपद् व्यवस्थापन समितिले *परिषद्बाट स्वीकृत नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी दफा ३ बमोजिमको *परिषद् समक्ष पेश गर्नु पर्नेछ।

१८. **स्थानीय विपद् व्यवस्थापन समितिः** (१) संघीय ऐन बमोजिम प्रत्येक गाउँपालिका तथा नगरपालिकामा गाउँ कार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुख को अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समिति रहनेछ।

♦(१क) विपद् व्यवस्थापनको सम्बन्धमा सुरक्षा निकायले प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको अध्यक्ष तथा जिल्ला विपद् व्यवस्थापन समितिको अध्यक्ष समेतको निर्देशन तथा सुपरिवेक्षण अन्तर्गत रही देहाय बमोजिमको कार्य सम्पादन गर्नु पर्नेछः-

(क) सम्भावित विपद्को सम्बन्धमा पूर्व चेतावनी दिने तथा विपद् जोखिम न्यूनीकरणका लागि समुदायलाई सजग बनाउने,

(ख) कुनै पनि स्थानमा विपद्का घटनाहरु भएको जानकारी प्राप्त हुनासाथ तत्काल परिचालित हुने र सोको जानकारी सम्बन्धित अधिकारी वा निकायलाई गराउने,

(ग) आपत्कालीन खोज, उद्धार तथा राहत वितरण गर्ने कार्य प्रभावकारी रूपमा सञ्चालन गर्ने,

(घ) विपद् व्यवस्थापन सम्बन्धी विषयमा खोज तथा उद्धार सम्बन्धी तालिम एवं जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

---

♦ पहिलो संशोधनद्वारा थप।

* पहिलो संशोधनद्वारा संशोधित।

(२) स्थानीय विपद् व्यवस्थापन समितिले *परिषद्बाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरूप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी दफा ३ बमोजिमको *परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(४) वडास्तरमा वडाअध्यक्षको अध्यक्षतामा वडा विपद् व्यवस्थापन समिति रहनेछ।

## परिच्छेद- ६

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

१९. **सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वयः** (१) प्रदेश सरकारले विपद् व्यवस्थापनको काममा आफू मातहतका सुरक्षा निकायहरू लगायत अन्य निकायहरुलाई परिचालन गर्नेछ।

(२) नेपाल सरकारले विपद्को समयमा खोज, उद्धार र राहत कार्यका लागि प्रदेश सरकारसँग आवश्यक सहयोग माग गरेको अवस्थामा प्रदेश सरकारले त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ।

२०. **स्वास्थ्य सेवा प्रवाह गर्ने**ः (१) विपद्को अवस्थामा निजी, सरकारी तथा सहकारी स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुले अनिवार्य रूपमा स्वास्थ्य सेवा प्रवाह गर्नु पर्नेछ।

(२) स्वास्थ्य संस्थाले विपद्ग्रस्त क्षेत्रमा आवश्यकतानुसार अस्थायी स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य सेवा प्रवाह गर्नु पर्नेछ।

(३) विपद्को अवस्थामा स्वास्थ्यकर्मीहरु आफ्नो कार्य क्षेत्र भन्दा बाहिर रहेको अवस्था भएमा जुन स्थानमा रहेको छ सोही स्थानमा सेवा प्रवाह गर्ने गरी निजलाई खटाउन सकिनेछ।

२१. **अन्तर प्रदेश सहयोग**ः विपद् व्यवस्थापनका कार्यमा अन्य प्रदेशसँग सहयोगको आदान-प्रदान गर्न सकिनेछ।

२२. **वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः** (१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन *परिषद्ले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा *परिषद्को आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ।

(३) प्रदेश सरकारले जनसंख्या, भौगोलिक क्षेत्र, जोखिमको क्षेत्र समेत विचार गरी स्थानीय तहलाई वारूणयन्त्र र अन्य सेवाको व्यवस्थापन गर्नको लागि मापदण्ड सहित निर्देशन गर्न सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

२३. **सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः** (१) विपद् व्यवस्थापन सम्बन्धमा प्रदेशभित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदूषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने।

(२) प्रदेशभित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रदेश विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ।

(३) विपद्को समयमा स्वास्थ्य संस्था, दुरसञ्चार, ब्लड बैङ्क, खानेपानी सप्लायर्स,

बिजुली, इन्धन, ढुवानीका साधन, ग्याँस, इन्टरनेट, बैंकिङ्ग, आमसञ्चार माध्यम, डिपार्टमेण्ट स्टोर्स, सुपरस्टोर तथा औषधि पसल, खाद्यान्न पसल, टेण्ट लगायत राहत सामग्री बिक्री गर्ने पसल जस्ता अत्यावश्यक सेवा प्रदान गर्ने सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सेवा प्रदायकले अनिवार्य रूपमा सेवा प्रदान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको सेवा प्रदान नगर्ने सेवाप्रदायक संस्थाका सञ्चालक एवं कर्मचारीलाई नियन्त्रण लिई प्रचलित कानून बमोजिम कारबाही गरी त्यस्तो सेवा प्रदायकको सामग्री नियन्त्रण लिई वैकल्पिक व्यवस्थाबाट सामग्री वा सेवा बिक्री वितरण वा उपलब्ध गराउन सक्नेछ।

२४. **<u>विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने</u>**: प्रदेश भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा प्रदेश सरकारलाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) कुनै पनि पूर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्दा विपद् प्रभाव मूल्याङ्कन गराएर मात्र गर्नुपर्ने,

(ख) विपद् प्रभाव मूल्याङ्कन तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ग) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(घ) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(ङ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने।

## परिच्छेद- ७

## <u>कसूर र सजाय</u>

*२५. **<u>कसूर र सजाय</u>**: <u>विपद्को कसूर र सजाय सम्बन्धी व्यवस्था प्रचलित संघीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम हुनेछ।</u>

✂२६. ............

✂२७. ..........

✂२८. ..........

✂२९. ..........

---

* पहिलो संशोधनद्वारा संशोधित।

✂ पहिलो संशोधनद्वारा झिकिएको।

३०. **क्षतिपूर्ति भराई दिनुपर्नेः** कसैले यस ऐन विपरीतको कुनै कसूर गरेको कारणबाट कसैलाई हानि, नोक्सानी पुग्न गएमा त्यस्तो व्यक्तिबाट हानि, नोक्सानी पुग्ने पक्षलाई मनासिब क्षतिपूर्ति भराई दिनुपर्नेछ।

३१. **असल नियतले गरेको काममा सजाय नहुनेः** यस ऐन बमोजिम विपद्का अवस्थामा जिम्मेवारी तोकिएको राष्ट्रसेवक, कर्मचारी वा स्वयंसेवकले तोकिए बमोजिमको काम ईमान्दारी पूर्वक पुरा गर्नुपर्ने। असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै कामको सम्बन्धमा कुनै राष्ट्रसेवक वा कर्मचारी उपर मुद्दा चलाइने वा अन्य कुनै कानूनी कारबाही गरिने छैन।

## परिच्छेद- ८

## विविध

३२. **प्रदेश गोदाम घर सञ्चालनः** (१) प्रदेशमा भएका वा हुन सक्ने प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्वको तयारी, पीडितको उद्धार, राहत वितरण, पुर्नस्थापना र पूनर्लाभ र यसको व्यवस्थापन जस्ता सबै क्रियाकलापका लागि आवश्यक पर्ने राहत सामग्रीको भण्डारणको लागि *प्रदेश विपद् व्यवस्थापन सामग्री गोदाम घर सञ्चालनमा ल्याईनेछ।

(२) उपधारा (१) बमोजिमको गोदाम घरमा नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकारको अनुमतिमा वैदेशिक दातृ राष्ट्र वा निकाय र अन्य संघ संस्थाले दिएका राहत सामग्रीको भण्डारण गरिनेछ।

(३) उपधारा (१) बमोजिमको गोदाम घरको सञ्चालन, व्यवस्थापन र सुपरीवेक्षण मन्त्रालयले गर्नेछ।

*(४) यस दफा बमोजिमको गोदाम घर सञ्चालन तथा व्यवस्थापनको लागि मन्त्रालयले छुट्टै कार्यविधि बनाई लागू गर्न सक्नेछ।

♦३२क. **प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रः** (१) प्रदेशभित्रको विपद् व्यवस्थापनसँग सम्बन्धित सूचना प्रणाली तथा पूर्व सूचना संकलन, विश्लेषण र प्रवाह गर्ने, अभिलेख गर्ने, विपद् व्यवस्थापनसँग सम्बन्धित निकायसँग सूचना प्रवाह एवं सञ्चार समन्वय र सम्पर्क विन्दुको रूपमा कार्य गर्नको लागि मन्त्रालयको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी एक प्रदेश आपत्कालिन कार्यसञ्चालन केन्द्र रहनेछ।

(२) उपदफा (१) बमोजिम रहने प्रदेश आपत्कालिन कार्यसञ्चालन केन्द्रको सञ्चालन, व्यवस्थापन तथा अन्य काम, कर्तव्य र अधिकारको सम्बन्धमा मन्त्रालयले छुट्टै कार्यविधि बनाई लागू गर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

♦ पहिलो संशोधनद्वारा थप।

*३३. **<u>विपद् सङ्कटग्रस्त घोषणाः</u>** (१) दफा ७ को खण्ड (द) बमोजिम विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त घोषणा गर्नु पर्ने कुरा परिषद्लाई लागेमा प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष सिफारिस गरी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम त्यस्तो क्षेत्रमा विपद् सङ्कटग्रस्त घोषणा भएमा प्रदेश सरकारले उक्त क्षेत्रमा विशेष विपद् व्यवस्थापनको कार्यक्रम घोषणा गरी सञ्चालन गर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यक्रम लागू गर्दा सम्बन्धित स्थानीय तहसँग वा त्यस्तो क्षेत्र अन्य प्रदेशसँग समेत सीमाना जोडिएको भए त्यस्तो प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी गर्नु पर्नेछ।

३४. **<u>तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिनेः</u>** (१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदीनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम मन्त्रालयले •<u>कार्यकारी</u> समितिको निर्णयमा खरिद वा निर्माण कार्य गर्न सक्नेछ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदीनका लागि प्रदेश क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधि भरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ।

३५. **<u>राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्थाः</u>** (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार र स्थानीय तहले उपलब्ध गराएको राहतमा दोहोरो नपर्ने गरी यस ऐन बमोजिम तोकिएको मापदण्डका आधारमा राहत उपलब्ध गराईनेछ।

तर ✂........... नेपाल सरकार र स्थानीय तहले उपलब्ध गराएको राहत अपुग भएको भन्ने कुरा •<u>कार्यकारी</u> समितिलाई लागेमा अतिरिक्त राहत उपलब्ध गराउन बाधा पर्ने छैन।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

• पहिलो संशोधनद्वारा थप।

(२) उपदफा (१) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनुपर्नेछः-

(क) विपद्‌बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रय स्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्‌बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्वोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिला मैत्रीस्थल,

(घ) व्यक्तिगत गोपनीयता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरूप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय।

३६. **निर्देशन दिन सक्नेः** कार्यकारी समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

*३७. **अधिकार प्रत्यायोजनः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्राप्त अधिकारमध्ये कार्यकारी समितिले सो समितिको कुनै सदस्य वा जिल्ला विपद् व्यवस्थापन समिति वा स्थानीय विपद् व्यवस्थापन समिति वा मन्त्रालयको कम्तीमा अधिकृतस्तर नवौं तह वा सो सरहको कर्मचारीलाई गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

३८. **उपसमिति गठन गर्न सक्नेः** (१) दफा ६ बमोजिम गठन भएको कार्यकारी समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ।

३९. **अभिलेख राख्नु पर्नेः** (१) विपद्‌को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलव्ध गराइएको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था कार्यकारी समितिले मिलाउनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्‌मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्‌का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या यकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्ट रूपमा राख्नु पर्नेछ।

४०. **राहत वितरण र सेवा प्रवाहमा एकद्वार प्रणाली स्थापना गर्ने**: (१) कसैले पनि प्रदेश सरकारले तोकिदिएको विपद् व्यवस्थापन हेर्ने निकायको स्वीकृति लिएर मात्र राहत सामग्रीको संकलन र वितरण गर्नुपर्नेछ।

(२) उपदफा (१) विपरीत राहत सामग्रीको संकलन र वितरण गरेको पाइएमा त्यस्तो सामग्री जफत गरी संलग्न व्यक्ति र संस्थालाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

४१. **पुरस्कार दिन सक्ने**: प्रदेशको विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने राष्ट्रसेवक, स्थानीय तह, व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप *परिषद्‌को सिफारिसमा प्रदेश सरकारले सम्मान तथा पुरस्कार दिन सक्नेछ।

४२. **वार्षिक प्रतिवेदन**: (१) दफा ६ बमोजिको कार्यकारी समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी *परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

४३. **प्रदेश सरकारले निर्देशन दिन सक्ने**: ✂.... प्रदेश सरकारले यस ऐन बमोजिम *परिषद्‌लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु *परिषद्‌को कर्तव्य हुनेछ।

४४. **प्रशासनिक खर्च व्यवस्थापन**: *परिषद्/कार्यकारी समिति/कोष सञ्चालन समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित प्रशासनिक खर्च मन्त्रालयले व्यवस्था गर्नेछ।

४५. **नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्ने**: यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यकता अनुसार नियमावली, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

४६. **बचाउ**: यो ऐन प्रारम्भ हुँदाका बखत विपद् व्यवस्थापनका सम्बन्धमा प्रदेश सरकारबाट भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिने छ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

✂ पहिलो संशोधनद्वारा झिकिएको।

# प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७५।०७।१९

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| १. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |
| २. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ | २०७९।०४।३० |
| ३. प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) ऐन, २०८१ | २०८१।०७।०१ |

संवत् २०७५ सालको ऐन नं. १६

## प्रदेश स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**: नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारको सुनिश्चितता गर्नको लागि स्वास्थ्य सेवा सम्बन्धी व्यवस्थालाई सर्वसुलभ बनाउँदै सेवामा समतामूलक पहुँच, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य सेवा प्रणालीमा सुधार गर्नको लागि समग्र स्वास्थ्य सेवाको व्यवस्थापन, अनुगमन र नियमन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित सरकारी अस्पताल, निजी अस्पताल, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल, सहकारी अस्पताल वा नर्सिङ्ग होम सम्झनु पर्छ र सो शब्दले ♦<u>आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, आयुर्वेद अस्पताल एवम्</u> शिक्षण अस्पताल समेतलाई जनाउँछ।

(ख) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपत्कालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थाका व्यक्तिको जीवनलाई जोखिममुक्त गर्न आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक सेवालाई सम्झनु पर्छ।

---

♦ पहिलो संशोधनद्वारा थप।

(ग) "आकस्मिक प्रसूति सेवा" भन्नाले गर्भावस्था, प्रसूति अवस्था वा सुत्केरी अवस्थामा कुनै जटिलता देखा परेमा त्यस्ता जटिलता व्यवस्थापन गर्न चौबीसै घण्टा उपलब्ध हुने सेवा सम्झनु पर्छ।

(घ) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले उपलब्ध श्रोतको सीमा भित्र रहेर लागत प्रभावकारी र प्रमाणिक तथ्यमा आधारित भएर तय गरिएको आम नागरिकको स्वास्थ्य सेवाको आवश्यकता पूर्तिका लागि प्रतिकारात्मक, प्रबर्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, आयुर्वेदिक तथा अन्य परम्परागत स्वास्थ्य सेवाहरूको सन्तुलित एवं गतिशील तथा बृहत कार्य सूची एवं प्रणाली सम्झनु पर्छ।

(ङ) "आयुर्वेद औषधि" भन्नाले आयुर्वेद प्रणालीबाट तयार गरिएको औषधि सम्झनु पर्छ।

(च) "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रूण स्वभाविक रूपमा जन्मन सक्ने हुनुभन्दा अगावै गर्भाशयबाट भ्रूण बाहिर निस्कने वा निकाल्ने कार्य सम्झनु पर्छ।

(छ) "गर्भपतन सेवा" भन्नाले गर्भपतन गर्नका लागि इजाजतपत्र प्राप्त स्वास्थ्य संस्था र इजाजतपत्र प्राप्त स्वास्थ्यकर्मीले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी गरिने गर्भपतन सम्झनु पर्छ।

♦(छ१) आधारभूत (ग्रामिण) अल्ट्रासाउण्ड" भन्नाले एस.बि.ए. तालिम लिई कम्तीमा एक्काईस दिनको अल्ट्रासोनोग्राफी सम्बन्धी आधारभूत तालिम प्राप्त गरेका नर्सिङ्ग स्टाफ (स्टाफ नर्स वा अ.न.मी.) ले पोर्टेवल अल्ट्रासोनोग्राफी मेसिन प्रयोग गरी महिलाको गर्भ सम्बन्धी जटिलता (कम्प्लिकेसन्स) छिटो पत्ता लगाउने र सो जटिलता व्यवस्थापनको लागि उपयुक्त स्वास्थ्य संस्थामा छिटो प्रेषण गर्ने कार्य सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "निजी स्वास्थ्य संस्था" भन्नाले सार्वजनिक स्वास्थ्य संस्था बाहेकका अस्पताल, नर्सिङ्ग होम, प्रयोगशाला, डाईगोनोस्टिक सेन्टर, क्लिनिक, पोलिक्लिनिक, पुनर्स्थापना केन्द्र लगायतका स्वास्थ्य सेवा उपलब्ध गराउने सबै प्रकारका मुनाफा कमाउने उद्देश्यले स्थापना भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

---

♦ पहिलो संशोधनद्वारा थप।

(ञ) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(ट) "प्रजनन् स्वास्थ्य" भन्नाले सुरक्षित मातृत्व, परिवार योजना, गर्भपतनको कारणबाट उत्पन्न हुने समस्याहरुको रोकथाम र उपचार, किशोरावस्थाको प्रजनन् स्वास्थ्य, प्रजनन् अंगमा हुने संक्रमण, यौन प्रसारित रोगहरु तथा एचआईभी एड्स, बाँझोपनको रोकथाम र उपचार, नवजात शिशु तथा बालस्वास्थ्य हेरचाह, प्रौढ महिलाहरुको प्रजनन् स्वास्थ्य, लैंगिकतामा आधारित हिंसा सम्बन्धी शिक्षा, सूचना, परामर्श र उपचार प्रदान गर्ने स्वास्थ्य सेवा सम्झनु पर्छ।

(ठ) "प्राकृतिक विपद् वा गैरप्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल, हिमविस्फोटन, अतिवृष्टी, अनावृष्टी, बाढी, पहिरो तथा भू-स्खलन, डुवान, खडेरी, आँधी, हुरी, बतास, शितलहर, तातो हावाको लहर, चट्याङ्ग, भुकम्प, ज्वालामुखी बिस्फोटन, डढेलो, महामरी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, सर्पदंश, जनावर आतङ्ग, खानी, हवाई, सडक, जल वा औद्योगिक दूर्घटना, आगलागि विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस बिस्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनास वा भौतिक संरचनाको क्षति, प्रकोप उद्धारकार्यमा हुने दूर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनु पर्छ।

♦(ठ१) "प्राविधिक समिति" भन्नाले दफा २५ बमोजिमको स्वास्थ्य संस्था अनुगमन तथा नियमन प्राविधिक समिति सम्झनु पर्छ।

♦(ठ२) "फार्मेसी" भन्नाले कानून बमोजिम दर्ता भई औषधी व्यवस्था विभागबाट स्वीकृत लिई वा अस्पताल फार्मेसी निर्देशिका बमोजिम स्थापना भई औषधी, औषधीजन्य सामग्री, चिकित्सकीय मेशिन, औजार तथा उपकरण विक्री वितरण गर्ने अस्पताल परिसर भित्र वा बाहिर रहेको औषधी पसल सम्झनु पर्छ।

♦(ठ३) "परिषद्" भन्नाले प्रदेश स्वास्थ्य अनुसन्धान परिषद् सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले ♣स्वास्थ्य हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ढ) "वैकल्पिक चिकित्सा सेवा" भन्नाले आयुर्वेद चिकित्सा बाहेक हाल प्रचलित होमियोप्याथी, प्राकृतिक, युनानी, अक्युपञ्चर सेवा समेतलाई जनाउँछ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

♦ पहिलो संशोधनद्वारा थप।

♣ पहिलो संशोधनद्वारा संशोधित।

♦(ढ१) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा २६क. बमोजिम गठन हुने स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(ण) "समिति" भन्नाले दफा २२ बमोजिमको समिति सम्झनु पर्छ।

(त) "संक्रामक रोग" भन्नाले ब्याक्टेरिया, भाइरस वा परजीवीले हुने कुनै पनि रोग, जुन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने, बहुसङ्ख्यक व्यक्ति प्रभावित हुने सम्भावना भएका रोगलाई सम्झनु पर्छ र सो शब्दले जुनोटिक रोग समेतलाई जनाउँछ।

(थ) "सुरक्षित मातृत्व" भन्नाले महिलालाई गर्भवती, प्रसव र सुत्केरी अवस्थामा यस ऐन बमोजिम उपलब्ध गराइने मातृत्व सेवा सम्झनु पर्छ।

♣(द) "स्वास्थ्य संस्था" भन्नाले आधुनिक, आयुर्वेदिक, वैकल्पिक, युनानी, आम्ची र होमियोप्याथी चिकित्सा तथा जनस्वास्थ्यसँग सम्बन्धित जुनसुकै सरकारी विभाग, निर्देशनालय, अस्पताल, केन्द्र, कार्यालय, प्रयोगशाला, चिकित्सालय र प्रतिष्ठान जस्ता सार्वजनिक स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका अन्य सार्वजनिक वा निजी वा सहकारी वा सामुदायिक वा गैह्र सरकारी वा गुठी अस्पताल वा स्वास्थ्य संस्थालाई समेत सम्झनु पर्छ।

♦(द१) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

♦(द२) "स्वास्थ्य सेवा" भन्नाले प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक स्वास्थ्य सेवा सम्झनु पर्छ।"

(ध) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्थामा आएका वा दर्ता भएका व्यक्ति सम्झनु पर्छ।

(न) "सेवा प्रदायक" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने संस्था वा व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद- २

## स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा:** (१) प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन।

(२) प्रत्येक नागरिकलाई स्वास्थ्य सम्बन्धी सूचना, शिक्षा, परामर्श सेवा तथा उपचार र सो सम्बन्धी जानकारी प्राप्त गर्ने हक हुनेछ।

---

♦ पहिलो संशोधनद्वारा थप।

♣ पहिलो संशोधनद्वारा संशोधित।

(३) प्रत्येक नागरिकले तोकिए बमोजिमका प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक, प्रशामक (प्यालिएटिभ) स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्न सक्नेछन्।

(४) मन्त्रालयले उपदफा (१) बमोजिमका स्वास्थ्य सेवा तोकिए बमोजिमका स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमका विधि वा प्रक्रियाबाट निःशुल्क रूपमा उपलब्ध गराउनेछ।

♦(५) मन्त्रालयले यस दफा बमोजिमको आधारभूत स्वास्थ्य सेवा लगायत स्वास्थ्य संस्था सञ्चालन सम्बन्धमा स्थानीय तहलाई आवश्यक सहयोग एवम् सहजीकरण गर्न सक्नेछ।

♦(६) हरेक अस्पतालले सामाजिक सेवा इकाई स्थापना गरी सो अस्पतालको कूल शैया संख्याको कम्तीमा दश प्रतिशत शैयामा बेवारिसे, अति गरिब, विपन्न, अपाङ्गता भएका विपन्न र असहाय व्यक्तिलाई सो शैयामा राखी उपलब्ध सेवा, औषधि तथा उपचार खर्च सोही अस्पतालले व्यहोर्नु पर्नेछ।

४. **आकस्मिक उपचार सेवा प्रदान गर्नु पर्ने**: (१) कुनै पनि स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा आएका सेवाग्राही मध्ये जीवन खतरामा परेक, अशक्त हुने अवस्थामा रहेका सेवाग्राहीको प्राथमिकताका आधारमा तत्कालै उपचार सेवा प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा प्रदान गर्दा आकस्मिक स्वास्थ्य सेवाका सम्पूर्ण उपचार विधिका साथै आवश्यकता अनुसारका अन्य उपचार विधि अपनाउनु पर्नेछ।

(३) आकस्मिक उपचारको लागि आएका सेवाग्राहीलाई रकम डिपोजिट नगरेको र प्रहरी रिर्पोट लगायतका अन्य कागजात पेश नगरेको भए तापनि उपचार गर्नु पर्नेछ।

(४) आकस्मिक उपचार सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) प्रदेश सरकारले प्राकृतिक विपद् वा गैरप्राकृतिक विपद्मा परेका व्यक्तिको उपचारको व्यवस्था गर्न सक्नेछ।

५. **प्रेषण गर्नु पर्ने**: (१) मन्त्रालयले दफा ६ र ७ बमोजिमको सेवा प्रदान गर्ने स्वास्थ्य संस्था बीच प्रेषण प्रणाली स्थापना गरी सेवा प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाउनेछ।

(२) कुनै स्वास्थ्य संस्थामा उपचारको लागि आएको सेवाग्राहीलाई आफ्नो स्वास्थ्य संस्थाबाट उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले सेवाग्राहीलाई तुरुन्तै उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

---

♦ पहिलो संशोधनद्वारा थप।

तर आफ्नो संस्थामा उपयुक्त सेवा र सेवा प्रदायक हुँदाहुँदै सेवाग्राहीलाई अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने र चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्ने छैन।

(४) सम्बन्धित स्वास्थ्य संस्थाले कुनै अर्को स्वास्थ्य संस्थाबाट प्रेषण भई आएका व्यक्तिको सम्बन्धमा गरेका परीक्षण प्रतिवेदनलाई मान्यता दिनु पर्नेछ।

तर पुनःपरीक्षण गर्नु पर्ने भएमा उपयुक्त आधार र कारण खुलाउनु पर्नेछ।

## परिच्छेद- ३

## अनुमति, सञ्चालन तथा अनुगमन सम्बन्धी व्यवस्था

६. **स्वास्थ्य सेवा सञ्चालन अनुमतिः** (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुँदैन।

(२) अस्पताल सञ्चालन अनुमति प्रदान गर्दा स्वास्थ्य संस्थाको सेवाको प्रकृति, जनसंख्या ✂...... र शैया क्षमताको निर्धारण तोकिए बमोजिम हुनेछ।

(३) कुनै पनि स्वास्थ्य सम्बन्धी शिक्षण संस्था सञ्चालन गर्नको लागि अनुमति लिन चाहने संस्थाले प्रदेश कानून बमोजिम स्थापना भएका काउन्सिलको सिफारिस सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

तर प्रदेश काउन्सिल नबनेको अवस्थामा भने प्रचलित कानून बमोजिम स्थापना भएको काउन्सिलको सिफारिस लिन सक्नेछ।

(४) स्वास्थ्य सम्बन्धी शिक्षण संस्था सञ्चालन गर्नको लागि तोकिए बमोजिमको आफ्नै स्वास्थ्य संस्था वा अस्पताल अनिवार्य हुनु पर्नेछ।

तर विशिष्टीकृत प्रयोगात्मक अभ्यासको लागि यो व्यवस्था लागू हुनेछैन।

♦(४क) प्रदेशका स्वास्थ्य संस्था तथा अस्पतालमा चिकित्सा तथा स्वास्थ्य विज्ञान विषयमा अध्ययन अध्यापन गर्न, गराउन वा सार्वजनिक, निजी, गैर सरकारी, गुठी, सहकारी र सामुदायिक शैक्षिक संस्थाका चिकित्सा तथा स्वास्थ्य विज्ञान विषयमा अध्ययन गरिरहेका विद्यार्थीलाई क्लिनिकल, प्रयोगात्मक र व्यवहारिक सिकाई तथा अध्ययन अनुसन्धानका लागि मन्त्रालयले तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।

♣(५) स्वास्थ्य संस्था वा स्वास्थ्य सम्बन्धी शिक्षण संस्थाले स्वास्थ्य सेवा वा कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयले तोकेको वा जारी गरेको मापदण्ड वा प्रोटोकल वा निर्देशिका बमोजिम सञ्चालन गर्नु पर्नेछ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

♦ पहिलो संशोधनद्वारा थप।

♣ पहिलो संशोधनद्वारा संशोधित।

♦(६) उपदफा (५) बमोजिम पूर्वाधार निर्माण, स्वास्थ्य औजार उपकरण, जनशक्ति र स्वास्थ्य सेवा वा कार्यक्रम लगायतका विषयमा मन्त्रालयले तोकेको मापदण्ड पुरा गरेको स्वास्थ्य संस्था वा शिक्षण संस्थालाई आशयपत्र दिन वा सेवा सञ्चालन अनुमति दिन वा स्तरोन्नति गर्न वा नवीकरण गर्न सक्नेछ।

♦(७) उपदफा (६) बमोजिम मन्त्रालयले पूर्वाधार निर्माण, स्वास्थ्य औजार उपकरण, जनशक्ति र स्वास्थ्य सेवा लगायतको सम्पूर्ण मापदण्डलाई एकसय प्रतिशत निर्धारण गरी सो बस्तुगत मापदण्डको सूची र प्राप्त गर्नु पर्ने अङ्क प्रतिशत समेत तोक्न सक्नेछ।

♦(८) यस ऐन वा यस ऐन बमोजिम बनेका नियमावली बमोजिम आशय पत्र दिन वा अनुमति दिन वा स्तरोन्नति गर्न वा नवीकरण गर्नका लागि आवेदन दिने स्वास्थ्य संस्था वा अस्पतालको कुल सञ्चालक समितिको सदस्यमध्ये कम्तीमा दुई तिहाई सदस्य नेपाली नागरिक हुनु पर्नेछ।

♦७. **शुल्क वा दस्तुर सम्बन्धी व्यवस्था:** (१) अस्पताल वा स्वास्थ्य संस्था स्थापनाका लागि आशयपत्र प्राप्त गर्न वा सेवा सञ्चालन अनुमति प्राप्त गर्न वा स्तरोन्नति गर्न वा नवीकरण गर्न सम्बन्धित स्वास्थ्य संस्थाले तोकिए बमोजिमको शुल्क वा दस्तुर तोकिए बमोजिमको निकायमा बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको शुल्क वा दस्तुर प्राविधिक समितिको सिफारिस र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा मन्त्रालयले आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ र त्यस्तो शुल्क वा दस्तुर हेरफेर वा थपघट गरेको व्यहोरा प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

८. **पूर्वाधार निर्माण आशय पत्र (लेटर अफ इन्टेन्ट) लिनु पर्ने:** (१) यस ऐन बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनको लागि आशय पत्र लिनु पर्नेछ।

✂....

♦(१क) उपदफा (१) बमोजिमको आशयपत्र दिने प्रयोजनको लागि यस ऐन तथा यस ऐन बमोजिमको नियमावलीमा उल्लिखित अन्य मापदण्डको अतिरिक्त अस्पतालको कुल क्षेत्रफल प्रति शैया ५५ (पचपन्न) वर्ग मिटरको दरले हुनु पर्नेछ। अस्पतालको कुल क्षेत्रफल गणना गर्दा बहुमतले अस्पतालको हकमा भुईतला भन्दा माथिका तलाहरुको क्षेत्रफल समेत गणना गर्नु पर्नेछ।

---

♦ पहिलो संशोधनद्वारा थप।

✂ पहिलो संशोधनद्वारा झिकिएको।

⁺(१ख) उपदफा (१) बमोजिम आशयपत्र प्रदान गर्ने प्रयोजनको लागि प्राविधिक समितिबाट कुनै स्वास्थ्य संस्थाको अनुगमन गर्दाको बखत नै त्यस्ता स्वास्थ्य संस्थाले सेवा सञ्चालन वा विस्तार वा स्तरोन्नति गर्नका लागि तोकिए बमोजिमको न्युनतम मापदण्ड पूरा गरिसकेको पाईएमा त्यस्ता स्वास्थ्य संस्थालाई आशयपत्र प्रदान गरिएको अवधिभित्र पनि सेवा सञ्चालन वा विस्तार वा स्तरोन्नति अनुमति दिनका लागि समितिले मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

⁺(१ग) पच्चिस शैया वा सोभन्दा बढी शैया सञ्चालन गर्ने स्वास्थ्य संस्थाले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिम संक्षिप्त वा प्रारम्भिक वातावरण परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन समेत पेस गर्नु पर्नेछ।

(२) आशय पत्र लिने र प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **सञ्चालन अनुमतिको लागि अनुगमन सम्बन्धी व्यवस्था**: (१) कुनै पनि स्वास्थ्य संस्थालाई सञ्चालन अनुमति दिनु भन्दा पहिले त्यस्तो स्वास्थ्य संस्थाले तोकिए बमोजिमको मापदण्ड पूरा गरे नगरेको प्राविधिक समितिले अनुगमन गरी सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा तोकिएको मापदण्ड पूरा नगरेको पाइएमा त्यस्तो स्वास्थ्य संस्थालाई मापदण्ड पूरा गर्न तीन महिनासम्मको अवधि दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने स्वास्थ्य संस्थालाई मन्त्रालयले अनुमति दिने छैन।

१०. **पूर्वाधार सम्बन्धी मापदण्ड**: *अस्पताल वा स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्दा तोकिए बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गर्नु पर्नेछ।

११. **सञ्चालन अनुमति**: (१) दफा ८ र ९ बमोजिमको कार्य सम्पन्न भएपछि दफा १० बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सञ्चालन गर्न आवश्यक कागजात संलग्न गरी मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा तीस दिनभित्र मन्त्रालयले ◈प्राविधिक समितिलाई अनुगमन गर्न लगाउनेछ।

(३) उपदफा (२) बमोजिमको ◈प्राविधिक समितिको प्रतिवेदनको आधार र यस ऐनमा उल्लिखित अन्य मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थालाई मन्त्रालयले पाँच वर्षसम्मको लागि स्वास्थ्य सेवा सञ्चालन गर्न तोकिएको ढाँचामा अनुमति दिन सक्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

⁺ पहिलो संशोधनद्वारा थप।

•(४) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था वा अस्पतालले विद्युतीय माध्यमबाट निवेदन दिन र अनुमति प्राप्त गर्न सक्नेछन्।

*१२. **थप सेवा विस्तार गर्न अनुमति लिनु पर्ने:** कुनै अस्पताल वा स्वास्थ्य संस्थाले थप सेवा बिस्तार गर्न चाहेमा दफा ११ बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ।

१३. **सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले अनुमति प्राप्त गर्न निवेदन दिनु पर्ने:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड पूरा गर्ने प्रयोजनको लागि •एक पटकको लागि मन्त्रालयले पैंतिस दिने सूचना प्रकाशन गर्नेछ र सो सूचना बमोजिम स्वास्थ्य संस्थाले अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना बमोजिम निवेदन प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो स्वास्थ्य संस्थालाई यस ऐन बमोजिम तोकेको पूर्वाधार पूरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक बर्षको समयावधि दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पूर्वाधार वा मापदण्ड पूरा गर्नुपर्ने समयावधि थप भएको स्वास्थ्य संस्थाले प्रत्येक छ/छ महिनामा प्रगति प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमको प्रकृया पूरा गरेको स्वास्थ्य संस्थालाई दफा ६ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुमति प्रदान गरिनेछ।

(५) यस दफा बमोजिम अनुमतिको लागि निवेदन पेश नगर्ने, निवेदन पेश गरेको भएता पनि निर्धारित अवधिभित्र पूर्वाधार वा मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्थाको अनुमति मन्त्रालयले रद्द गर्नेछ।

•तर यसरी कुनै स्वास्थ्य संस्थाको अनुमति पत्र रद्द गर्नु पर्ने भएमा रद्द गर्नु अघि मन्त्रालयले पन्ध्र दिनभित्र पेस गर्ने गरी सफाईको मौका दिनु पर्नेछ।

१४. **स्वास्थ्य संस्था बाहेक अन्यत्रबाट स्वास्थ्य सेवा प्रदान गर्ने:** (१) कुनै पनि स्वास्थ्य संस्थाले तोकिएको भन्दा बाहेकका ठाँउबाट स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा मन्त्रालय वा मन्त्रालयले तोकिदिएको निकायबाट अनुमति प्राप्त गर्नु पर्नेछ।

(२) स्वास्थ्य सेवा प्रदायक संस्थाहरु बाहेक अन्य सेवा प्रदायक संस्थाले स्वास्थ्य सेवा दिन चाहेमा समेत मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्बन्धित निकाय र स्वास्थ्य सेवा प्रदायक सम्बन्धित परिषद्मा दर्ता भएको हुनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

• पहिलो संशोधनद्वारा थप।

१५. **<u>नवीकरण गराउनु पर्ने</u>**: (१) यस ऐन बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुनु भन्दा छ महिना अगावै नवीकरणका लागि मन्त्रालयमा निवदेन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा मन्त्रालयले तोके बमोजिमको दस्तुर लिई ♦<u>एकदेखि</u> पाँच वर्षसम्मको लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालनको अनुमतिपत्र नवीकरण गर्न सक्नेछ।

तर नवीकरण गर्नु पूर्व मन्त्रालयले अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र निवेदन पेश गर्न नसकेको मनासिव कारण सहित ♣<u>सेवा सञ्चालन अनुमतिको म्याद समाप्त भएको मितिले तीन महिनाभित्र</u> निवेदन पेश गरेमा दोब्बर दस्तुर लिई मन्त्रालयले सेवा सञ्चालन अनुमति नवीकरण गरिदिन सक्नेछ।

♦(३क) उपदफा (३) बमोजिमको अवधि पश्चात अस्पताल वा स्वास्थ्य संस्थाले मनासिव कारण सहित नवीकरणको लागि मन्त्रालय वा सम्बन्धित निकायमा निवेदन पेस गरेमा नवीकरण दस्तुरका साथै देहाय बमोजिमको जरिबाना असुल उपर गरि नवीकरण गर्नु पर्नेछः-

(क) म्याद समाप्त भएको मितिले एक वर्षभित्र निवेदन पेस गरेमा - नवीकरण दस्तुरको एकसय पचास प्रतिशत,

(ख) म्याद समाप्त भएको मितिले तीन वर्षभित्र निवेदन पेस गरेमा - नवीकरण दस्तुरको दुईसय प्रतिशत,

(ग) म्याद समाप्त भएको मितिले पाँच वर्षभित्र निवेदन पेस गरेमा - नवीकरण दस्तुरको तीनसय प्रतिशत,

(४) उपदफा ♣<u>(३क)</u> बमोजिमको अवधिभित्र नवीकरणको लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिपत्र स्वतः खारेज हुनेछ।

♦(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको म्यादभित्र नवीकरण नगरेका र हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले एक पटकको लागि मात्र यो उपदफा प्रारम्भ भएको मितिले नब्बे दिनभित्र नवीकरण गर्न निवेदन दिनु पर्नेछ।

♦(६) उपदफा (५) बमोजिम नवीकरणका लागि प्राविधिक समितिको अनुगमन प्रतिवेदन र सिफारिसको आधारमा सम्बन्धित स्वास्थ्य संस्थाले प्रति वर्ष जति दस्तुर तिर्नु पर्ने हो सो दस्तुरको अतिरिक्त पाँच गुणा थप दस्तुर लिई मन्त्रालयले म्याद समाप्त भएको मितिदेखि नै लागू हुने गरी नवीकरण गर्न सक्नेछ। यसरी नवीकरण गर्नु पूर्व मन्त्रालयले

---

♦ पहिलो संशोधनद्वारा थप।

♣ पहिलो संशोधनद्वारा संशोधित।

त्यस्तो स्वास्थ्य संस्थाको नाम, ठेगाना र स्वास्थ्य संस्थाको प्रकृति खुल्ने गरी तोकिए बमोजिम सार्वजनिक गर्नु पर्नेछ।

१६. <u>दर्ता प्रमाण पत्र राख्नु पर्ने</u>ः (१) स्वास्थ्य संस्थाले प्राप्त गरेको अनुमतिपत्र सबैले देख्ने गरी स्वास्थ्य संस्थामा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र डिजिटलरूपमा पनि राख्न सक्नेछ।

१७. <u>स्वामित्व हस्तान्तरण</u>ः (१) कुनै पनि व्यक्ति वा संस्थाको नाममा दर्ता भएको स्वास्थ्य संस्थाको स्वामित्व हस्तान्तरण नगरी अन्य व्यक्ति वा संस्थाले सञ्चालन गर्न पाउने छैन।

(२) कसैले उपदफा (१) बमोजिमको स्वामित्व हस्तान्तरण गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

*१८. <u>दुईवटा स्वास्थ्य संस्थामा काम गर्न नपाउने</u>ः (१) कुनै पनि सरकारी स्वास्थ्य संस्थामा आबद्ध चिकित्सक वा स्वास्थ्यकर्मीले कुनै एउटा स्वास्थ्य संस्थामा सेवा प्रदान गर्न करार गरेको वा नियुक्त भएको समयमा अर्को स्वास्थ्य संस्थामा सोही बखत काम गर्न वा सेवा प्रदान गर्न पाउने छैन।

(२) उपदफा (१) मा उल्लिखित समयका अतिरिक्त समयमा सेवा प्रदान गर्न चाहने चिकित्सक वा स्वास्थ्यकर्मीले मन्त्रालयबाट अनुमति लिएर मात्र अतिरिक्त समयमा सेवा प्रदान गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति प्रदान गर्दा उपदफा (१) बमोजिमका चिकित्सक वा स्वास्थ्यकर्मीले कार्यालयको काममा बाधा नपर्ने गरी र कार्यालयको आवश्यकतानुसार जुनसुकै बेला उपस्थित हुने सर्त राखी मन्त्रालयले अनुमति दिन सक्नेछ।

(४) स्वास्थ्यकर्मीलाई अतिरिक्त समयमा काम गर्न अनुमति दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

*१९. <u>स्वः मूल्याङ्कन प्रतिवेदन पेस गर्नु पर्ने</u>ः (१) अस्पताल वा स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको स्वास्थ्य सेवा तोकिए बमोजिमको गुणस्तर तथा मापदण्ड बमोजिम भए नभएको सम्बन्धमा हरेक वर्ष स्वःमूल्याङ्कन गरी आर्थिक वर्ष समाप्त भएको मितिले पैंतिस दिनभित्र तोकिए बमोजिमको दस्तुर बुझाई तोकिए बमोजिमको ढाँचामा मन्त्रालयमा स्वःमूल्याङ्कन प्रतिवेदन पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको प्रतिवेदन बमोजिम गुणस्तर भए नभएको सम्बन्धमा यकिन गर्नु पर्ने देखिएमा मन्त्रालयले प्राविधिक समितिलाई अनुगमन गर्न खटाउन सक्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

(३) उपदफा (१) बमोजिमको अवधिमा प्रतिवेदन पेस नगर्ने अस्पताल वा स्वास्थ्य संस्थाको मन्त्रालयले सेवा सञ्चालनमा रोक लगाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको स्वः मूल्याङ्कन प्रतिवेदन पेस नगर्ने अस्पताल वा स्वास्थ्य संस्थालाई तोकिए बमोजिम जरिवाना गरिनेछ।

२०. **अनुगमन सम्बन्धी व्यवस्था**: (१) मन्त्रालयले दफा १९ बमोजिम प्रतिवेदनको आधारमा सम्बन्धित स्वास्थ्य संस्थाको गुणस्तर तथा मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा तोकिएको गुणस्तर वा मापदण्ड पूरा नगरी सेवा सञ्चालन गरेको पाइएमा त्यस्तो संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको अवधि दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सुधार नगरेमा वा दफा १९ बमोजिमको वार्षिक प्रतिवेदन पेश नगरेमा त्यस्तो स्वास्थ्य संस्थालाई प्रदान गरेको सेवा पूर्ण वा आंशिक रूपमा तत्काल बन्द गर्न मन्त्रालयले आदेश दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम बन्द गर्न आदेश दिनु पूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिव माफिकको सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

♦(५) यस दफा बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्रका अस्पताल तथा स्वास्थ्य संस्थाको मन्त्रालय र मन्त्रालय मातहतका निकायले गुणस्तर तथा मापदण्ड सम्बन्धी अनुगमन गर्न सक्नेछ।

♦(६) उपदफा (५) बमोजिम अनुगमन गर्दा स्थानीय तहको कानून निर्माण भइ सकेको भए स्थानीय तहको कानून बमोजिम र स्थानीय तहको कानून निर्माण भइ नसकेको भए प्रदेश तथा सङ्घीय कानून बमोजिम अस्पताल तथा स्वास्थ्य संस्थाको गुणस्तर तथा मापदण्ड अनुगमन तथा नियमन गर्नु पर्नेछ।

२१. **स्वास्थ्य संस्था गाभिन सक्ने**: सञ्चालनमा रहेका एक भन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमका शर्तहरु पूरा गरी अनुमतिको लागि त्यस्ता स्वास्थ्य संस्थाहरुले मन्त्रालयमा संयुक्त रूपमा निवेदन दिन सक्नेछन्।

## परिच्छेद- ४

## प्रदेश स्वास्थ्य समिति सम्बन्धी व्यवस्था

♣२२. **समिति गठन**: (१) प्रदेशभित्रको स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी काम कारबाहीको अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाउन, बहुक्षेत्रीय समन्वय र सहकार्य अभिवृद्धि

♦ पहिलो संशोधनद्वारा थप।

♣ पहिलो संशोधनद्वारा संशोधित।

गर्न एवं स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी नीतिगत सुझाव दिने लगायतका कार्यका लागि प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहने छन्:-

(क) मन्त्री, स्वास्थ्य हेर्ने मन्त्रालय, -अध्यक्ष

(ख) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय -सदस्य

(ग) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(घ) सचिव, सबै प्रदेश मन्त्रालय तथा सचिवालय -सदस्य

(ङ) उपकुलपति, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान -सदस्य

(च) निर्देशक, स्वास्थ्य निर्देशनालय -सदस्य

(छ) स्वास्थ्य वा जनसङ्ख्या क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव प्राप्त गरेको व्यक्तिहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित तीन जना -सदस्य

(ज) सचिव, स्वास्थ्य हेर्ने मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) बमोजिमको पदावधि पूरा नहुँदै मन्त्रालयले उपदफा (२) को खण्ड (छ) बमोजिम मनोनित हुने सदस्यलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ। यसरी निजलाई पदमुक्त गर्नु अघि सफाइको मौका दिनु पर्नेछ।

(५) अध्यक्षको अनुपस्थितिमा प्रमुख सचिवले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठक अध्यक्षको अनुमतिमा आवश्यकता अनुसार सदस्य सचिवले बोलाउनेछ।

(७) समितिको सचिवालय मन्त्रालयमा हुनेछ।

(८) समितिमा आवश्यकता अनुसार विज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(९) स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी कार्यक्रम तथा योजनाको कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्न, प्रदेश र स्थानीय तहबिचको समन्वय र सहकार्य प्रभावकारी बनाउन, स्वास्थ्य समस्या पहिचान र समाधान गर्न, अभिलेख र प्रतिवेदन प्रणाली सुधार गर्न, विपद् तथा महामारीमा समन्वयात्मक रुपमा काम गर्न र जनस्वास्थ्य व्यवस्थापनको लागि मन्त्रालयले प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला जनस्वास्थ्य समन्वय समिति गठन गर्न सक्नेछ।

(क) प्रमुख, जनस्वास्थ्य कार्यालय -अध्यक्ष

(ख) प्रमुख वा प्रतिनिधि, प्रादेशिक अस्पताल -सदस्य

(ग) प्रमुख वा प्रतिनिधि, आयुर्वेद तथा बैकल्पिक चिकित्सालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति -सदस्य

(ङ) प्रमुख, स्वास्थ्य महाशाखा वा शाखा, सबै स्थानीय तह -सदस्य

(च) समितिले आवश्यक ठानेको कुनै निकाय प्रतिनिधि वा विज्ञ -सदस्य

(छ) अध्यक्षले तोकेको जनस्वास्थ्य कार्यालयको अधिकृत -सदस्य-सचिव

२३. **समितिको काम, कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य तथा स्वास्थ्य सेवा सम्बन्धी नीति तथा योजना तर्जुमा गर्न सिफारिस गर्ने,

(ख) स्वास्थ्य सम्बन्धी बहुक्षेत्रीय नीति, योजना तथा कार्यक्रम पुनरावलोकन गरी आवश्यक मार्ग निर्देशन गर्ने,

(ग) स्वास्थ्य सेवाको विभिन्न विषयमा प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्न सुझाव दिने,

(घ) स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनका लागि सुझाव दिने,

(ङ) विदेशी सरकार, अन्तरसरकारी वा गैरसरकारी संघ संस्थाबाट प्राविधिक वा वित्तीय सहयोग प्राप्त गर्ने सम्बन्धमा संघीय सरकारसँग समन्वय गर्ने,

(च) जनस्वास्थ्यको सम्बन्धमा विकास एवं सुधार गर्न आवश्यक सुझाव दिने,

(छ) स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न, आवश्यकता अनुसार मापदण्ड, निर्देशिका, कार्यविधि तर्जुमा गर्न परामर्श दिने,

(ज) आवश्यकता अनुसार उपसमिति बनाउने, विज्ञ आमन्त्रण गरी कार्य गर्ने, गराउने,

♦(झ) प्रदेशमा जनसङ्ख्या तथा बसाईसराई व्यवस्थापन सम्बन्धी नीति र योजना तर्जुमा सम्बन्धी सल्लाह सुझाव दिने।

२४. **समितिको बैठक र निर्णय**: (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यले आफूहरु मध्येबाट छानेको व्यक्तिले अध्यक्षता गर्नेछ।

♦ पहिलो संशोधनद्वारा थप।

(४) बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ।

(५) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

*२५. **प्राविधिक समितिको गठनः** (१) स्वास्थ्य तथा जनसङ्ख्या, रोग रोकथाम र नियन्त्रण सम्बन्धी नीति, कानून, रणनीति, योजना र कार्यक्रम लगायतका विषयमा प्राविधिक सल्लाह, सुझाव र सिफारिस गर्न र जुनसुकै स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन अनुमति, स्तरोन्नति, सेवाको गुणस्तर सुनिश्चितता गर्न, गुणस्तर मापदण्ड निर्माण तथा सिफारिस गर्न, मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन भए नभएको अनुगमन गर्न, यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सञ्चालन नभएको वा दफा ६६ बमोजिमको कार्य गरेमा मन्त्रालय समक्ष कारबाहीको सिफारिस गर्न मन्त्रालयमा स्वास्थ्य संस्था अनुगमन तथा नियमन प्राविधिक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहने छन्:-

(क) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, मन्त्रालय -संयोजक

(ख) प्रमुख, योजना, अनुगमन तथा जनस्वास्थ्य महाशाखा, मन्त्रालय -सदस्य

(ग) कानून अधिकृत, मन्त्रालय -सदस्य

(घ) नर्सिङ्ग अधिकृत, मन्त्रालय -सदस्य

(ङ) आयुर्वेद चिकित्सक/मेडिकल अधिकृत, मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको प्राविधिक समितिको कार्यलाई अझ सहज, छिटो छरितो, चुस्त र प्रभावकारी बनाउनका लागि उपसमिति गठन गरी काम गराउन सक्नेछ।

(४) उपदफा (२) बमोजिमको प्राविधिक समितिको संयोजकले स्वास्थ्य संस्थाको अनुगमन र नियमन गर्ने प्रयोजनको लागि सरकारी स्वास्थ्य संस्थाबाट आवश्यकता अनुसार विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिमको प्राविधिक समितिको सचिवालय संयोजक कार्यरत रहने निकायको कार्यालयमा रहनेछ।

(६) उपदफा (२) बमोजिमको प्राविधिक समितिको बैठक आवश्यकता अनुसार संयोजकको अनुमतिमा सदस्य सचिवले बोलाउने छ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

(७) उपदफा (२) बमोजिमको प्राविधिक समितिले आवश्यकता अनुसार समितिको बैठकमा सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(८) उपदफा (२) बमोजिमको प्राविधिक समितिलाई मन्त्रालयले प्रदेशको नियमन क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाको अनुमगन, नियमन र व्यवस्थापन एवं सङ्घ र स्थानीय तहका स्वास्थ्य संस्थाबीच प्रदेशले समन्वय र सहकार्य गर्ने सम्बन्धमा थप कार्य विवरण तोक्न सक्नेछ।

(९) प्राविधिक समितिको बैठक र कार्य सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

*२६. **<u>प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः</u>** प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य तथा जनसङ्ख्या र रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति, रणनीति, योजना तर्जुमा गरी मन्त्रालयसमक्ष सिफारिस गर्ने,

(ख) स्वास्थ्य सम्बन्धी नीति तर्जुमा तथा रोग नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालनका लागि निर्देशिका, कार्यविधि, मार्गदर्शन र मापदण्ड तर्जुमा गरी मन्त्रालयसमक्ष सिफारिस गर्ने,

(ग) स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितता, स्तरोन्नति र सञ्चालन गर्न मापदण्ड निर्माण गरी मन्त्रालयसमक्ष सिफारिस गर्ने,

(घ) खण्ड (ग) बमोजिम तोकिएको मापदण्ड अनुरुप स्वास्थ्य संस्था सञ्चालन भए नभएको अनुगमन गर्ने र नियमन गर्न मन्त्रालयसमक्ष सिफारिस गर्ने,

(ङ) स्वास्थ्य संस्थाको प्रमाणीकरण (सर्टिफिकेसन) र प्रत्यायन (एक्रीडीटेसन) मापदण्ड तर्जुमा गरी सो बमोजिम स्वास्थ्य संस्थाको वर्गीकरण गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) प्रत्यायोजन तथा प्रमाणीकरण मापदण्ड बमोजिम सेवा प्रवाह भए नभएको अनुगमन र मूल्याङ्कन गरी आवश्यक कारबाहीका लागि मन्त्रालयसमक्ष सिफारिस गर्ने,

(छ) प्राविधिक समितिमा प्राप्त उजुरी उपर छानबिन गरी पूर्वाधार लगायत न्यूनतम सेवा मापदण्ड पूरा नगरेको स्वास्थ्य संस्थाको सेवा आंशिक वा पूर्ण रूपमा बन्द गर्न मन्त्रालयसमक्ष सिफारिस गर्ने,

(ज) प्रदेश स्तरीय औषधी र जनस्वास्थ्य निगरानी सम्बन्धी कार्य गर्न मन्त्रालयसमक्ष सिफारिस गर्ने,

---

* पहिलो संशोधनद्वारा संशोधित।

(झ) स्वास्थ्य सम्बन्धी अनुसन्धानका विषय र प्राथमिकता निर्धारण गर्न मन्त्रालयसमक्ष सिफारिस गर्ने,

(ञ) चिकित्सक र स्वास्थ्यकर्मीको स्वास्थ्य सेवा प्रदान सम्बन्धमा अनुगमन गर्ने तथा प्रचलित कानून र मापदण्ड विपरीत सेवा प्रदान गरेको पाइएमा कारबाहीको लागि मन्त्रालयसमक्ष सिफारिस गर्ने,

(ट) प्राविधिक समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## ♦परिच्छेद -४क.

## स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

२६क. **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिः** (१) प्रदेश मातहत सम्बन्धित जिल्लामा रहेका स्वास्थ्य संस्थाहरूको सेवा, स्रोत साधनको चुस्त र प्रभावकारी रूपमा व्यवस्थापन र परिचालन गरी स्वास्थ्य सेवाको विकास, विस्तार गर्न त्यस्ता स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापन कार्य सुव्यवस्थित, कुशल, सुदृढ, प्रभावकारी, पारदर्शी र नागरिक मैत्री बनाई नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न क्लिनिकल स्वास्थ्य सेवा प्रदान गर्ने प्रदेश सरकारको हरेक जिल्लाका अस्पताल र आयुर्वेद स्वास्थ्य केन्द्रको लागि छुट्टा छुट्टै स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको अस्पतालको हकमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्यहरू रहने छन्:-

(क) कम्तीमा स्नातक तह उत्तिर्ण गरी सामाजिक क्षेत्रमा क्रियाशील व्यक्ति मध्येबाट मन्त्रालयले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) प्रमुख/अध्यक्ष वा निजले तोकेको स्वास्थ्य संस्था अवस्थित स्थानीय तहको निर्वाचित प्रतिनिधि -सदस्य

(ग) प्रमुख, सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय/ प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय -सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्थाको वरिष्ठ चिकित्सक/स्वास्थ्यकर्मी -सदस्य

---

♦ पहिलो संशोधनद्वारा थप।

(छ) सम्बन्धित स्वास्थ्य संस्थाको नर्सिङ्ग प्रमुख/प्रशासन प्रमुख -सदस्य

(ज) मन्त्रालयले मनोनित गरेका कम्तीमा स्नातक तह उत्तिर्ण गरी सामाजिक क्षेत्रमा क्रियाशील एक महिला सहित तीनजना व्यक्ति -सदस्य

(झ) सम्बन्धित स्वास्थ्य संस्था/अस्पतालको प्रमुख -सदस्य-सचिव

(३) उपदफा (१) बमोजिमको आयुर्वेद स्वास्थ्य केन्द्रको हकमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्यहरू रहने छन्ः-

(क) कम्तीमा स्नातक तह उत्तीर्ण गरी सामाजिक क्षेत्रमा क्रियाशील व्यक्ति मध्येबाट मन्त्रालयले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) प्रमुख, सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय -सदस्य

(घ) प्रमुख/अध्यक्ष वा निजले तोकेको स्वास्थ्य संस्था अवस्थित स्थानीय तहको निर्वाचित प्रतिनिधि -सदस्य

(ङ) कम्तीमा स्नातक तह उत्तिर्ण गरी सामाजिक क्षेत्रमा क्रियाशील एक महिला सहित दुई जना व्यक्ति -सदस्य

(च) प्रमुख, आयुर्वेद स्वास्थ्य केन्द्र -सदस्य-सचिव

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्थापन समितिमा स्वास्थ्य संस्था रहेको प्रदेश निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य अस्पताल व्यवस्थापन समितिको प्रमुख सल्लाहकार हुनेछन्।

(५) यो दफा प्रारम्भ भएपछि उपदफा (२) र (३) बमोजिमको व्यवस्थापन समिति मन्त्रालयले गठन गर्नेछ।

(६) व्यवस्थापन समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नु पर्नेछ।

तर आवश्यकता अनुसार व्यवस्थापन समितिको बैठक बस्न यस उपदफाले बाधा पार्ने छैन।

(८) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(९) उपदफा (२) र (३) बमोजिमको व्यवस्थापन समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

तर मन्त्रालयले आवश्यक ठानेमा मनोनित पदाधिकारी तथा सदस्यको पदावधिमा अर्को एक वर्षको एक अवधि थप गर्न सक्नेछ।

(१०) देहायको अवस्थामा उपदफा (२) र (३) बमोजिमको व्यवस्थापन समितिमा रहने मनोनित सदस्यको पद रिक्त हुनेछः-

(क) निजले मन्त्रालय समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(घ) स्वास्थ्य संस्थाको हित विपरीत आचरण वा काम गरेमा,

(ङ) स्वास्थ्य संस्थाको सम्पत्ति र अधिकारको दुरुपयोग गरेमा वा सम्पत्तिमा हानि नोक्सानी पुऱ्याएमा,

(११) उपदफा (१०) को खण्ड (घ) र (ङ) मा उल्लेखित अवस्थामा मन्त्रालयले जुनसुकै बखत मनोनित हुने सदस्यलाई पदमुक्त गर्न सक्नेछ।

(१२) उपदफा (११) बमोजिम मनोनित हुने सदस्यलाई पदमुक्त गर्दा पन्ध्र दिनभित्र पेस गर्ने गरी सफाइको मौका दिनु पर्नेछ।

(१३) व्यवस्थापन समितिका अध्यक्ष लगायत सदस्य र पदाधिकारीले व्यवस्थापन समितिको कोषमा व्ययभार पर्ने गरी मापदण्ड बमोजिमको बैठक भत्ता र खाजा खर्च बाहेक अन्य कुनै पनि किसिमको पारिश्रमिक, भत्ता, पारवहन सुविधा, सवारी साधन लगायतका सुविधा पाउने छैनन्।

२६ख. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा २६क. को उपदफा (२) बमोजिम गठन हुने स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालन सम्बन्धी कार्य गर्ने,

(ख) स्वास्थ्य संस्थाको विकास र विस्तारका लागि नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्ने,

(ग) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

तर प्रदेश सरकार वा सङ्घीय सरकारबाट स्वीकृत प्राप्त बजेट तथा कार्यक्रम व्यवस्थापन समितिबाट स्वीकृत गर्नु नपर्ने,

(घ) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको निर्माण, विकास, विस्तार, रेखदेख, संरक्षण तथा मर्मत सम्भार गर्ने,

(ङ) स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको सञ्चालन सुधार र विस्तारका लागि आवश्यक पर्ने स्रोत र साधनको पहिचान तथा खोजी गर्ने,

(च) वहिरङ्ग तथा अन्तरङ्ग चिकित्सा लगायतका स्वास्थ्य सेवा, आयुर्वेद स्वास्थ्य सेवा, प्रयोगशाला सेवा, इमेजिंग सेवा, फार्मेसी सेवा, रजिष्ट्रेसन तथा अन्य स्वास्थ्य सेवा उपलब्ध गराए बापत शुल्क वा छुट निर्धारण गर्ने वा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने कुराको निर्णय गरी स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(छ) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको आफ्नै आय पर्याप्त भएमा सो आयबाट व्यहोर्ने गरी सेवा, सुविधा र प्रोत्साहन निर्धारण वा वृद्धि गर्ने,

(ज) स्वास्थ्य संस्थामा भए गरेका कार्यहरूको समिक्षा गर्ने, प्रतिवेदन गर्ने र आवश्यक निर्णय लिने,

(झ) स्वास्थ्य संस्थाका जनशक्तिको वृत्ति विकासका लागि आवश्यक कार्य गर्ने,

(ञ) मन्त्रालयले स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धमा दिएको आदेश, निर्देशन कार्यान्वयन गर्ने,

(ट) व्यवस्थापन समितिको कार्य प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरी त्यस्तो उपसमिति वा कार्यटोलिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोक्ने,

(ठ) स्वास्थ्य संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरू मन्त्रालयको स्वीकृति लिई गर्ने, गराउने।

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) व्यवस्थापन समितिको नेतृत्व गर्ने,

(ख) व्यवस्थापन समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने,

(ग) व्यवस्थापन समितिको बैठकको अध्यक्षता गर्ने र बैठक सञ्चालन गर्ने,

(घ) व्यवस्थापन समितिको कुनै निर्णय प्रक्रियामा मत बरावर हुँदा निर्णायक मत दिने,

(ङ) व्यवस्थापन समितिका पदाधिकारी र सदस्यहरूको कामको बाँडफाँड गर्ने,

(च) स्वास्थ्य संस्थाको निर्माण, विकास र विस्तार गर्न नेतृत्व गर्ने,

(छ) स्वास्थ्य संस्थाको लागि श्रोत साधनको पहिचान र खोजी गर्ने,

(ज) निर्णय र कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने, समिक्षा गराउने र आवश्यक निर्देशन दिने,

(झ) मन्त्रालय र व्यवस्थापन समितिबीच समन्वय कायम गर्ने।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिको अध्यक्षले व्यवस्थापन समितिको बैठक, स्वास्थ्य संस्थाको अनुगमन, समीक्षा, विकास, विस्तार, समन्वय र समितिले ठहऱ्याएका अन्य उपयुक्त कार्यमा बाहेक स्वास्थ्य संस्थामा दैनिक उपस्थिति हुनु पर्ने छैन र स्वास्थ्य संस्थाको दैनिक प्रशासनिक र आर्थिक क्रियाकलापमा अध्यक्षले हस्तक्षेप गर्नु हुँदैन।

(४) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) व्यवस्थापन समितिको निर्णय प्रमाणित गर्ने,
(ख) व्यवस्थापन समितिले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने,
(ग) स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालन गर्ने,
(घ) नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,
(ङ) स्वीकृत कार्यक्रम नीति, कानून र कार्यविधि अनुसार सञ्चालन गर्ने,
(च) सम्पतिको रेखदेख, संरक्षण तथा मर्मत सम्भार गर्ने, गराउने,
(छ) जनशक्तिको परिचालन र वृत्ति विकास सम्बन्धी कार्य गर्ने,
(ज) प्रचलित कानून बमोजिम आर्थिक र प्रशासन सम्बन्धी कार्य गर्ने,
(झ) बैठकको कार्यसूची तयार गर्ने र अध्यक्षसँग परामर्श गरी बैठक बोलाउने,
(ञ) स्वास्थ्य संस्थाको दैनिक प्रशासनिक र आर्थिक प्रशासनसँग सम्बन्धित कार्यहरू गर्ने गराउने,
(ट) मन्त्रालयले तोकेका अन्य कार्यहरू गर्ने।

२६ग. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) स्वास्थ्य संस्थाको सेवा प्रवाह गराउन स्वास्थ्य संस्थाको स्वीकृत दरबन्दी बमोजिमका कर्मचारीबाट अपुग भएमा सम्बन्धित स्वास्थ्य संस्थाले व्यवस्थापन समितिको कोषबाट आर्थिक भार व्यहोर्ने गरी सेवा करारमा कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको सेवा करारमा नियुक्ति गर्नु अघि ती कर्मचारीको पद नाम, सेवा, समूह र संख्या सहितको व्यवस्थापन समिति तर्फको संगठन संरचना र दरबन्दी व्यवस्थापन समितिको सिफारिसमा मन्त्रालयबाट स्वीकृत गर्नु पर्नेछ।

(३) व्यवस्थापन समितिको आम्दानी पर्याप्त भएमा स्वास्थ्य संस्थामा काम गर्ने कर्मचारीलाई व्यवस्थापन समितिको स्रोतबाट व्यहोर्ने गरी व्यवस्थापन समितिको निर्णय बमोजिम मन्त्रालयको सहमतिमा थप सुविधा दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम व्यवस्थापन समितिको कोषबाट आर्थिक भार पर्ने गरी नियुक्त कर्मचारीको पारिश्रमिक, सेवा, सर्त र सुविधा सम्बन्धी व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिको कोषबाट तलब भत्ता प्रदान गर्ने गरी करारमा कर्मचारी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगले त्यस्तो प्रकृतिको कर्मचारी छनोट गर्दा अपनाउने प्रतिस्पर्धात्मक बिधि अपनाई मन्त्रालयले तोकेको कार्यविधि बमोजिम छनौट गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

२६घ. **व्यवस्थापन समितिको कोष सम्बन्धी व्यवस्थाः** (१) व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिम कोषमा देहाय बमोजिमका रकम रहने छन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) स्वास्थ्य सेवा, फार्मेसी, प्रयोगशाला, इमेजिङ्ग सेवाको शुल्कबाट प्राप्त रकम,

(च) औषधीजन्य सामग्री विक्री बापत व्यवस्थापन समितिले प्राप्त गर्ने रकम,

(छ) अन्य स्रोतबाट प्राप्त हुने रकम।

(३) व्यवस्थापन समितिले उपदफा (२) को खण्ड (घ) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि मन्त्रालय मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम व्यवस्थापन समितिमा प्राप्त भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक ईकाई कार्यालयको विविध खातामा जम्मा गर्नु पर्नेछ।

तर प्रदेश सरकार वा सङ्घीय सरकारको बार्षिक स्वीकृत कार्यक्रम बमोजिम प्राप्त हुने रकम विविध खातामा जम्मा गरिने छैन।

(५) व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिने छ।

(६) व्यवस्थापन समितिको कोषको खाता सञ्चालन सदस्य सचिव र स्वास्थ्य संस्थाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(७) यस दफा बमोजिम प्रत्येक जिल्लाका अस्पताल र आयुर्वेद स्वास्थ्य केन्द्रको व्यवस्थापन समितिको कोषको सञ्चालन तत् तत् स्वास्थ्य संस्थाको नामबाट छुट्टा छुट्टै सञ्चालन हुनेछ।

(८) व्यवस्थापन समिति र सो समितिको कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६ङ. **लेखा र लेखा परीक्षण सम्बन्धी व्यवस्थाः** (१) व्यवस्थापन समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) व्यवस्थापन समितिले तोकिए बमोजिम व्यवस्थापन समितिको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) व्यवस्थापन समितिको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(४) मन्त्रालयले चाहेमा व्यवस्थापन समितिको आयव्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच गर्न सक्नेछ।

(५) व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ५

## प्रजनन् स्वास्थ्य सम्बन्धी व्यवस्था

२७. **प्रजनन् स्वास्थ्य सम्बन्धीः** (१) मन्त्रालयले प्रजनन् स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा सेवा प्रदान गर्ने व्यवस्था गर्नेछ।

(२) मन्त्रालयले लक्षित समूहलाई स्वास्थ्य संस्था, स्वास्थ्य सेवा प्रदायक, शिक्षण संस्था, नागरिक समाज लगायतका संस्था मार्फत तोकिए बमोजिमको सेवा उपलब्ध गराउनेछ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमको सेवा सुरक्षित, सर्वसुलभ, गुणस्तरीय र प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि मिडवाईफ्री शिक्षा तथा सेवा सम्बन्धी मापदण्ड बनाउनेछ।

२८. **सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यः** (१) प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धमा आवश्यक परामर्श, गर्भवती तथा प्रसूति सेवा, गर्भनिरोधको सेवा तथा प्रजनन् सम्बन्धी रोगको निदान, उपचार र प्रेषण सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोकिए बमोजिम निःशुल्क उपलब्ध गराउने व्यवस्था हुनेछ।

♦(१क) उपदफा (१) बमोजिम गर्भवती महिला र गर्भमा रहेको शिशुको स्वास्थ्य अवस्था पहिचान गर्न र त्यसरी पहिचान गर्दा कुनै जटिलता देखिएमा समयमै रोकथाम तथा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नका लागि पाठ्यक्रम निर्माण गरी गराई नर्सिङ्ग स्टाफलाई आधारभूत अल्ट्रासाउण्ड तालिम प्रदान गर्न सक्नेछ।

♦(१ख) उपदफा (१क) बमोजिम आधारभूत अल्ट्रासाउण्ड तालिम प्राप्त नर्सिङ्ग स्टाफले पोर्टेवल अल्ट्रासाउन्ड मेशिनबाट गर्भवती महिलाको गर्भ र गर्भमा रहेको शिशुको अल्ट्रासाउण्ड गरी स्वास्थ्य जाँच मात्र गर्न गराउन सक्ने छन्।

♦ पहिलो संशोधनद्वारा थप।

(२) गर्भवती महिला, सुत्केरी तथा नवजात शिशुको पोषण तथा उपचार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **भेदभाव गर्न नहुने**: कुनै स्वास्थ्य संस्था वा सेवा प्रदायकले जुनसुकै अवस्थाका सेवाग्राहीलाई कुनै पनि तरिकाले भेदभाव गर्न हुँदैन।

३०. **आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा**: प्रसूति सेवा प्रदान गर्ने सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थाले आकस्मिक प्रसूति तथा नवजात शिशु सेवा प्रदान गर्नु पर्नेछ।

३१. **सुरक्षित गर्भपतन**: प्रत्येक महिलालाई प्रचलित कानून बमोजिम सुरक्षित गर्भपतन गर्न पाउने अधिकार हुनेछ।

३२. **गर्भपतन गर्न नहुने**: (१) कसैले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गरी गर्भपतन गर्न वा गराउन हुँदैन।

(२) गर्भवती महिलालाई गर्भको लिङ्ग पहिचान गर्न डर वा त्रास देखाई वा करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी वा अनुचित प्रभाव, झुक्यानमा पारी, जोर जुलुम गरी दवाव दिई वा बाध्य पारी गर्भपतन गर्न गराउन हुँदैन।

(३) गर्भवती महिलाले सुरक्षित गर्भपतन गराउन चाहेमा बाहेक कसैले बलपूर्वक गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन।

[✝](४) उपदफा (१), (२) र (३) को विपरित कार्य गरेमा मुलुकी अपराध संहिता, २०७४ बमोजिम सजाय हुनेछ।

३३. **सुरक्षित गर्भपतन सेवा**: (१) सुरक्षित गर्भपतन सेवा इजाजत प्राप्त स्वास्थ्य संस्था र इजाजत प्राप्त स्वास्थ्यकर्मीले मात्र उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराउने सेवाको उपयुक्त प्रविधि र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(३) सुरक्षित गर्भपतनको सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले इजाजत प्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीलाई तोकिए बमोजिमको ढाँचामा मञ्जुरीनामा दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि होस ठेगान नभएको, तत्काल मञ्जुरी दिन नसक्ने अवस्था भएको वा अठार वर्ष उमेर पूरा नगरेको गर्भवती महिलाको हकमा निजको संरक्षकले मञ्जुरीनामा दिन सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि अठार वर्षभन्दा कम उमेरकी गर्भवती महिलाको हकमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखी सुरक्षित गर्भपतन सेवा प्रदान गर्नु पर्नेछ।

---

[✝] केही प्रदेश ऐन संशोधन गर्न बनेको ऐन, २०७९ द्वारा थप।

३४. **गोपनीयता कायम राख्नु पर्ने**: (१) इजाजत प्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भवती महिलाको प्रजनन् स्वास्थ्यसँग सम्बन्धित सूचना, कागजात तथा निजलाई प्रदान गरीएको परामर्श र सेवा सम्बन्धी सबै अभिलेख गोप्य राख्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्ता सूचना, कागजात तथा परामर्श सेवा सम्बन्धी अभिलेख उपलब्ध गराउन सकिनेछः-

(क) कुनै मुद्दा मामिलाको अनुसन्धान तथा सुनुवाईको सिलसिलामा अनुसन्धान अधिकारी वा अदालतबाट जानकारी माग भएमा,

(ख) सुरक्षित गर्भपतन सेवा सम्बन्धी अध्ययन अनुसन्धान वा अनुगमनको उद्देश्यले सम्बद्ध महिलाको परिचय नखुल्ने गरी उद्धरण गर्न,

(ग) सम्बन्धित महिला स्वयंले यस सम्बन्धी अभिलेख माग गरेमा।

३५. **प्रजनन् अङ्गमा हुने संक्रमण तथा यौनजन्य रोग**: प्रजनन् अंगमा हुने संक्रमण, यौन प्रसारित रोगहरु तथा एचआईभी र एड्स लगायतका रोगको रोकथाम, नियन्त्रण, उपचार तथा पुनर्स्थापना सम्बन्धी व्यवस्था र सेवा प्रदान गर्नको लागि मापदण्ड तोकिए बमोजिम हुनेछ।

३६. **बाँझोपनको रोकथाम र उपचारः** बाँझोपनको रोकथाम र उपचार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **लैङ्गिक हिंसामा आधारित स्वास्थ्य सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले लैङ्गिक हिंसामा आधारित स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श तथा तोकिए बमोजिमका स्वास्थ्य सेवा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदेश अन्तर्गतका सबै स्वास्थ्य संस्था मार्फत तोकिए बमोजिम प्रदान गर्नु पर्नेछ।

३८. **संस्था सुचीकृत हुने सम्बन्धमा**: मन्त्रालयले निजी, गैरसरकारी तथा सामुदायिक स्वास्थ्य संस्थालाई तोकिए बमोजिमका स्वास्थ्य सेवा प्रदान गर्नका लागि तोकिए बमोजिमको शर्त पालना गर्ने गरी सुचीकृत गर्न सक्नेछ।

## परिच्छेद- ६

## खोप सेवा सम्बन्धी व्यवस्था

३९. **खोप सेवा प्रदान गर्नुपर्ने**: (१) खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गरी शिशु, बालबालिका, महिला लगायतका व्यक्तिको मृत्युदर घटाउन तथा खोप सेवाको विकास र विस्तार गर्नका लागि मन्त्रालयले व्यवस्था मिलाउनेछ।

(२) मन्त्रालयले तोके बमोजिमको खोप सेवा तोकिएका स्वास्थ्य संस्था मार्फत निःशुल्क उपलव्ध गराउनेछ।

(३) कुनै पनि खोपको शुल्क लिनुपर्ने भएमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

४०. **<u>खोप लगाउनु पर्नेः</u>** (१) मन्त्रालयले कुनै रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गर्नको लागि अनिवार्य रूपमा खोप लगाउनु पर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको खोप लगाउनु सम्बन्धित व्यक्ति, अभिभावक वा संरक्षकको कर्तव्य हुनेछ।

४१. **<u>खोप दिन नहुनेः</u>** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यक्तिको स्वास्थ्यको कारण खोप दिन नमिल्ने भएमा खोप दिने व्यक्तिले त्यस्तो खोप दिनु हुँदैन।

४२. **<u>खोपका विषयमा जानकारी गराउनु पर्नेः</u>** खोप दिने व्यक्तिले खोप दिनु अघि खोप लिने व्यक्तिलाई वा निजको संरक्षक वा अभिभावकलाई मौखिक वा अन्य माध्यमबाट त्यस्तो खोपको प्रकृति, फाइदा र सम्भावित असरका बारेमा जानकारी गराउनु पर्नेछ।

४३. **<u>खोप सम्बन्धी मापदण्डः</u>** खोप सम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गर्नेछ।

४४. **<u>स्वास्थ्यकर्मी जिम्मेवार हुनेः</u>** (१) यस ऐन बमोजिम खोप दिने कार्यमा संलग्न हुने सम्बन्धित स्वास्थ्यकर्मी जिम्मेवार हुनेछ।

(२) सार्वजानिक बिदाको दिनमा समेत खोप सेवा अनिवार्य सञ्चालन गर्नु स्वस्थ्यकर्मीको दायित्व हुनेछ।

४५. **<u>खोप सञ्चालनमा अवरोध गर्न नहुनेः</u>** कसैले पनि खोप सेवा सञ्चालन सम्बन्धी कार्यमा कुनै किसिमको बाधा अवरोध गर्नु हुँदैन।

४६. **<u>अनुमति लिनु पर्नेः</u>** (१) खोप सेवा सञ्चालन गर्न चाहने निजी, गैरसरकारी, सामुदायिक स्वास्थ्य संस्थाले मन्त्रालयबाट तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खोप सेवाको प्रतिवेदन तोकिएको निकायमा नियमितरूपले पेश गर्नु पर्नेछ।

४७. **<u>खोप सेवाको अभिलेख राख्नुपर्नेः</u>** (१) खोप दिने व्यक्तिले खोप लगाएका व्यक्तिको अभिलेख अद्यावधिक रूपमा राख्नु पर्नेछ।

(२) खोप दिने व्यक्तिले खोप लगाएको प्रमाण स्वरूप खोप लगाउने व्यक्तिलाई तोकिएको ढाँचामा खोप कार्ड प्रदान गर्नु पर्नेछ।

(३) खोप लिने व्यक्ति, निजको संरक्षक वा अभिभावकले खोप कार्ड सुरक्षित राख्नु पर्नेछ।

(४) खोप लगाउने स्वास्थ्य संस्थाले आफूले लगाएको खोपको विवरण सुरक्षित र गोप्य राख्नु पर्नेछ।

(५) खोप लगाएको व्यक्तिको अभिलेख राख्ने प्रयोजनको लागि मन्त्रालयले तोके बमोजिम बायोमेट्रिक अभिलेख समेत राख्न लगाउन सक्नेछ।

४८. **खोपको आपूर्ति सम्बन्धी व्यवस्थाः** (१) खोप आपूर्ति गर्न दर्ता भएका संस्थाले औषधि व्यवस्था विभागमा दर्ता भएको खोप मात्र आपूर्ति गर्नु पर्नेछ।

♣(२) उपदफा (१) बमोजिम आपूर्ति गरिने खोप देहाय बमोजिम भएमा आपूर्ति गर्न सकिनेछः-

(क) असल उत्पादन प्रक्रिया (GMP) अपनाई उत्पादन भएको,

(ख) विश्व स्वास्थ्य संगठनबाट गुणस्तरयुक्त रहेको भनी प्रमाणित भएको,

(ग) औषधी व्यवस्था विभागमा सूचीकृत भएको।

४९. **खोपको ढुवानी, भण्डारण र वितरणः** खोपको ढुवानी, भण्डारण र वितरण, सोको लागि प्रयोग गरिने उपकरण तथा खोप प्रयोग गर्दाको अवधिसम्म कायम राख्नु पर्ने तापक्रम मन्त्रालयले तोकेको मापदण्ड बमोजिमको हुनु पर्नेछ।

५०. **खोप कोषः** (१) खोप सम्बन्धी कार्यको प्रवर्द्धनको लागि खोप कोष नामको एक कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन्:-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, वित्तीय, सहकारी वा अन्य संघ संस्थाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारको अनुमति बमोजिम अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) मन्त्रालयले खोप कोषमा प्राप्त हुने रकम "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(४) रकम खर्च गर्ने तथा खोप कोष सञ्चालन गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. **सहयोग तथा समन्वय गर्नु पर्नेः** (१) खोप सेवा सञ्चालन गर्ने सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ।

(२) मन्त्रालयले खोप सेवा सञ्चालन गर्दा संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नेछ।

## परिच्छेद- ७

## पोषण सम्बन्धी व्यवस्था

५२. **स्तनपानको संरक्षण र संवर्द्धनः** (१) कुनै पनि नवजात शिशुलाई जन्मदेखि छ महिनासम्म पूर्ण स्तनपान गराउनु आमाको दायित्व हुनेछ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित।

(२) स्तनपानको संरक्षण र संवर्द्धन गर्न आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहार उत्पादक वा वितरकले छापा वा विद्युतीय माध्यमबाट कुनै पनि विज्ञापन वा प्रायोजन गर्न हुँदैन।

(३) बाल आहार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५३.** **गुणस्तर कायम गर्नु पर्ने:** कुनै पनि प्रकृतिका खाद्य पदार्थ, औषधिजन्य वा पानी लगायतका पदार्थको उत्पादन, भण्डारण वा बिक्री वितरणमा तोकिए बमोजिमको गुणस्तर मापदण्ड कायम गर्नु पर्नेछ।

**५४.** **पानी तथा खाद्यान्नको व्यवस्थाः** (१) सरकारी स्वास्थ्य संस्थामा भर्ना भएका सेवाग्राहीलाई निःशुल्क गुणस्तरीय खानेपानी र खानाको व्यवस्था गर्नु पर्नेछ।

(२) सबै स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा भर्ना भएका सेवाग्राहीलाई गुणस्तरीय खानेपानी र खानाको व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको व्यवस्था स्वास्थ्य संस्थाले आफ्नै परिसर भित्रबाट गर्नु पर्नेछ।

(४) खानेपानी र खानाको गुणस्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५५.** **सूक्ष्म पोषण सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले आयोडिन, आइरन, फोलिक एसिड लगायतका स्वास्थ्यका लागि आवस्यक पर्ने सुक्ष्म पोषक तत्व सम्बन्धित खाद्यान्नमा सम्मिश्रण गर्ने व्यवस्था गर्न सक्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको कार्य गर्न कुनै उत्पादक कम्पनी तथा वितरक सँग समन्वय गर्न सक्नेछ।

(३) सूक्ष्म पोषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी व्यवस्था

**५६.** **आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी व्यवस्थाः** (१) औषधिजन्य जडीबुटी तथा आयुर्वेद औषधि सम्बन्धी दर्ता, अनुमति र सञ्चालन सम्बन्धी मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ।

♣(२) गुणस्तरीय आयुर्वेद औषधी उत्पादन सम्बन्धी व्यवस्था औषधी उत्पादन संहिता, २०४१ ले तोके बमोजिम हुनेछ।

(३) आयुर्वेद औषधिजन्य जडीबुटीको गुणस्तर नियमन गर्न तोकिए बमोजिमको समिति हुनेछ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित।

(४) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी शिक्षण संस्थाको दर्ता, अनुमति र सञ्चालन मन्त्रालयले तोकेको मापदण्ड बमोजिम हुनेछ।

(५) आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ९

## स्वास्थ्य अनुसन्धान

*५७. **प्रदेश स्वास्थ्य अनुसन्धान परिषद् स्थापना हुने:** (१) प्रदेशभित्रका विविध स्वास्थ्य समस्या, रोग रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी विषयमा वैज्ञानिक रुपले अध्ययन र अनुसन्धान गरी सो बमोजिम उपयुक्त योजना बनाउन र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रदेश स्वास्थ्य अनुसन्धान परिषद् स्थापना हुनेछ।

(२) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) प्रादेशिक नीति, कानून, मापदण्ड बमोजिम स्वास्थ्य समस्या, रोग रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) प्रादेशिक अध्ययन तथा अनुसन्धान नीति तर्जुमा गरी पेस गर्ने,

(ग) जनसङ्ख्या, बसाईसराई र परिवार नियोजन सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने,

(घ) स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धानको प्राथमिकता निर्धारण गर्ने,

(ङ) स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धानको अभिलेख राख्ने र प्रतिवेदन प्रसार गर्ने,

(च) प्रदेशभित्र स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्ने,

(छ) स्वास्थ्य तथा जनसङ्ख्या व्यवस्थापन र बसाईसराई सम्बन्धी अध्ययन तथा अनुसन्धानको नियमन गर्ने,

(ज) स्वास्थ्य तथा जनसङ्ख्या र बसाईसराई सम्बन्धी तोकिए बमोजिमका अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु गर्ने,

(झ) स्वास्थ्य अनुसन्धान सम्बन्धी तोकिए बमोजिमका अन्य कामहरु गर्ने।

(३) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) खण्ड (ख) बमोजिमको योग्यता र अनुभव भएको व्यक्ति मध्येबाट खुल्ला प्रतिष्पर्धाबाट प्रदेश सरकारबाट नियुक्त व्यक्ति - अध्यक्ष

(ख) चिकित्सा, नर्सिङ्ग, जनस्वास्थ्य, औषधि, प्रयोगशाला लगायतको क्षेत्रका समस्या, रोग रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी अध्ययन तथा अनुसन्धानमा दश वर्ष अनुभव र कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेका व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनित गरेको एक जना महिला सहित तीन जना व्यक्ति -सदस्य

(ग) शिक्षाध्यक्ष, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान -सदस्य

(घ) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) महाशाखा प्रमुख, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(च) महाशाखा प्रमुख, मन्त्रालय -सदस्य

(छ) खण्ड (ख) बमोजिमको योग्यता र अनुभव भएको व्यक्तिमध्येबाट खुला प्रतिस्पर्धा मार्फत मन्त्रालयबाट नियुक्त व्यक्ति -सदस्य सचिव

(४) उपदफा (३) को खण्ड (क) र (छ) बमोजिमका पदाधिकारी परिषद्मा पूर्ण समय काम गर्ने छन्।

(५) उपदफा (३) को खण्ड (क), (ख) र (छ) बमोजिमका पदाधिकारीको पदावधि चार वर्षको हुनेछ।

(६) कुनै व्यक्ति वा संस्थाले प्रदेशभित्र स्वास्थ्य अनुसन्धान गर्नको लागि परिषद्को स्वीकृति लिनु पर्नेछ र परिषद्ले सर्त सहित स्वास्थ्य अनुसन्धान गर्न स्वीकृति दिन सक्नेछ।

(७) परिषद्को नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकम रहने छन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, सङ्घ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) स्वदेशी सङ्घ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अध्ययन, अनुसन्धान र परामर्श सेवा प्रदान गरे गराए बापत प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(८) परिषद्ले उपदफा (७) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि मन्त्रालय मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(९) उपदफा (७) बमोजिम परिषद्को लागि प्राप्त भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक ईकाई कार्यालयको विविध खातामा जम्मा गर्नु पर्नेछ।

(१०) परिषद्को तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (७) बमोजिमको कोषबाट व्यहोरिने छ।

(११) परिषद्को कोषको सञ्चालन परिषद्को सदस्य सचिव र परिषद्को लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(१२) परिषद्को आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ र आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय तथा अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(१३) परिषद्को कार्यकारी प्रमुख अध्यक्ष हुनेछ र दैनिक प्रशासनिक कार्य सदस्य सचिवले गर्नेछ।

(१४) परिषद्को कार्य सञ्चालनको लागि परिषद्को निर्णय बमोजिम आवश्यक कर्मचारीहरु नियुक्ति हुन सक्ने छन र परिषद्को कर्मचारी वा सदस्य सचिव नियुक्ति नभएसम्म मन्त्रालयले परिषद्मा कामकाज गर्ने गरी मन्त्रालय मातहतका कर्मचारी कामकाजका लागि खटाउन सक्नेछ।

(१५) परिषद् र परिषद्को कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५८.** **<u>प्रयोगात्मक अनुसन्धानको लागि स्वास्थ्य सेवाः</u>** (१) कुनै पनि स्वास्थ्य संस्थाले सेवाग्राहीलाई प्रयोगात्मक वा अनुसन्धानको प्रयोजनको लागि स्वास्थ्य सेवा उपलब्ध गराउनु अघि सोको जानकारी सम्बन्धित सेवाग्राहीलाई गराउनु पर्छ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा सेवाग्राहीलाई प्रारम्भिक स्वास्थ्य उपचार प्रदान गर्ने सेवा प्रदायकले लिखित मञ्जुरीनामा लिनु पर्नेछ।

(३) कुनै व्यक्ति वा संस्थाले स्वास्थ्य सम्बन्धी विषयमा अनुसन्धान गर्न चाहेमा मन्त्रालयले बनाएको मापदण्ड बमोजिम अध्ययन अनुसन्धान गर्नु पर्नेछ।

## परिच्छेद- १०

## <u>सेवाप्रदायक र सेवाग्राहीको कर्तव्य तथा अधिकार</u>

**५९.** **<u>सेवाप्रदायकको कर्तव्य</u>**ः (१) यस ऐन बमोजिम सेवाग्राहीलाई भेदभाव नगरी सेवा प्रदान गर्नु सबै सेवा प्रदायकको कर्तव्य हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको अवस्थाको आधारमा सेवाप्रदायकले उपचार गर्दा प्राथमिकीकरण गर्न सक्नेछ।

(३) सेवाग्राहीलाई निजको व्यक्तिगत स्वास्थ्य उपचारसँग सम्बन्धित निर्णय प्रक्रियामा सहभागी गराउनु पर्नेछ।

(४) सेवाग्राहीलाई स्वास्थ्य उपचार गर्दा अनावश्यक सर्जरी, निदानका प्रक्रिया र औषधि सिफारिस गर्न हुँदैन।

(५) स्वास्थ्यकर्मीले उपचारको क्रममा एक रोगको उपचार गर्नु पर्नेमा अर्को रोगको उपचार वा एक अंगको चिरफार गर्नु पर्नेमा अर्को अंगको चिरफार गर्नु हुँदैन।

(६) स्वास्थ्यकर्मीले उपदफा (५) बमोजिमको कार्य गरेको उजुरी परेमा वा शंका लागेमा मन्त्रालयले तत्काल छानबिन गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम छानबिन गर्दा दोषी ठहरीएमा यस ऐन बमोजिम सजाय हुनेछ।

६०. <u>सेवाग्राहीलाई जानकारी दिनु पर्ने</u>: (१) सेवा प्रदायकले देहायको बिषयमा सेवाग्राहीलाई जानकारी दिनु पर्नेछः-

(क) प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा,

(ख) रोगको निदान र उपचारसँग सम्बन्धित सेवाको स्तर र विकल्प सम्बन्धमा,

(ग) हरेक विकल्पसँग सम्बन्धित अनुमानित खर्च र सम्भावित परिणाम सम्बन्धमा,

(घ) सेवाग्राहीले स्वास्थ्य सेवा इन्कार गर्न सक्ने र त्यसरी इन्कार गर्दा उत्पन्न हुनसक्ने सम्भावित परिणाम जोखिम र दायित्व सम्बन्धमा।

(२) सेवा प्रदायकले उपदफा (१) बमोजिमको जानकारी दिंदा निजले बुझ्ने भाषामा दिनु पर्नेछ।

६१. <u>सेवाग्राहीको सहमति लिनु पर्ने</u>: (१) सेवाप्रदायकले स्वास्थ्य सेवा उपलब्ध गराउँदा सेवाग्राहीलाई सुसूचित गराई सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सेवाग्राहीको सहमति नलिई स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछः-

(क) सेवाग्राहीले सहमति प्रदान गर्न नसक्ने अवस्थामा,

(ख) सेवाग्राहीले सहमति दिन नसक्ने अवस्थामा निजको नजिकको हकवालाले सहमति दिएमा,

(ग) अदालतको आदेश भएमा,

(घ) कुनै व्यक्तिलाई उपचार नगर्दा आम जनस्वास्थ्यमा गम्भीर खतरा उत्पन्न हुन सक्छ भन्ने प्रमाण प्राप्त भई मन्त्रलायले आदेश दिएमा,

(ङ) स्वास्थ्य सेवा उपलब्ध गराउन ढिलाई गरेमा निजको मृत्यु हुनसक्ने वा स्वास्थ्यमा अपूरणीय क्षति पुग्ने सम्भावना भएमा।

(३) दफा ६१ मा उल्लेख भए बमोजिमको सुसूचित सहमति अन्य व्यक्तिबाट दिइएको भएमा सहमति दिने व्यक्तिले सम्भव भएसम्म त्यस्तो सहमति प्रदान गर्नु अगावै सेवाग्राही सँग परामर्श लिनु पर्नेछ।

(४) सेवाग्राहीले दफा ६१ मा उल्लेख भए बमोजिम सहमति प्रदान गर्न सक्षम नभए तापनि निजले सो कुरा बुझ्न सक्ने अवस्था भएमा निजलाई दफा ६० मा उल्लेख भए बमोजिमको जानकारी उपलब्ध गराउनु पर्नेछ।

६२. **सेवाग्राहीको कर्तव्यः** स्वास्थ्य सेवा प्राप्त गर्ने व्यक्तिले स्वास्थ्य कर्मी र सेवा प्रदायकको मर्यादा र सम्मान गर्नु पर्नेछ।

## परिच्छेद- ११

## नसर्ने रोग सम्बन्धी व्यवस्था

*६३. **नसर्ने रोगको रोकथाम र नियन्त्रणः** (१) नसर्ने रोगको पहिचान, रोकथाम, उपचार र नियन्त्रणका लागि समय समयमा स्वास्थ्य परीक्षण गर्नु र गराउनु सबै नागरिकको कर्तव्य हुनेछ।

(२) नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक सेवा तथा रोगका जोखिम न्युनीकरण सम्बन्धी कार्यक्रम मन्त्रालयले प्राथमिकतासाथ सञ्चालन गर्नु पर्नेछ।

(३) नसर्ने रोगको पहिचान, रोकथाम र नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६४. **मानसिक स्वास्थ्यः** (१) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिको स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श सम्बन्धमा मन्त्रालयले आवश्यक व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्दा कुनै पनि स्वास्थ्य संस्थाले भेदभाव गर्नु हुँदैन।

(३) मानसिक स्वास्थ्य समस्या भएको व्यक्तिलाई मानवीय व्यवहार गर्नु पर्नेछ।

(४) कडा खालका मानसिक रोग लागेको व्यक्तिलाई उपचार र पुनर्स्थापनाको लागि स्वास्थ्य संस्थामा लैजाने दायित्व सम्बन्धित परिवार वा संरक्षकको हुनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

(५) मानसिक उपचार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६५. <u>**विद्यालय स्वास्थ्य सेवा तथा स्वास्थ्य शिक्षाः**</u> (१) किशोरकिशोरीको प्रजनन् स्वास्थ्य लगायतका अन्य स्वास्थ्य सम्बन्धी सेवा, शिक्षा तथा मनोपरामर्श सेवा प्रदान गर्न विद्यालयमा नर्सको व्यवस्था मन्त्रालयले ⊕<u>गर्न सक्नेछ</u>।

(२) उपदफा (१) बमोजिम खटिएका नर्सको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त भएको नर्सको सेवा, शर्त र सुविधा प्रचलित नियमानुसार हुनेछ।

♦६५क. <u>**औषधि, फार्मेसी, प्रेस्क्रिप्सन, विक्री वितरण र नियमनः**</u> (१) अस्पतालले राष्ट्रिय मापदण्ड बमोजिम अस्पताल परिसरभित्र त्यस्तो अस्पतालले उपलब्ध गराउने स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने औषधि, औषधिजन्य पदार्थ र स्वास्थ्य औजार उपलब्धताको सुनिश्चित हुने गरी आफ्नै फार्मेसी स्थापना र सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको फार्मेसीबाट बिरामीलाई सुपथ मूल्यमा औषधि, औषधिजन्य पदार्थ र स्वास्थ्य औजार तथा उपकरणहरूबाट नियमित स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम औषधि र औषधिजन्य पदार्थको सुपथ मूल्य, स्वास्थ्य सेवा र उपकरणहरूबाट प्रदान गरिने सेवाको शुल्क निर्धारण गर्न मन्त्रालयले औषधिको अधिकतम खुद्रा मूल्य तथा सेवा शुल्क निर्धारण समिति गठन गर्नु पर्नेछ। समिति सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ।

(४) अस्पताल परिसरभित्र उपदफा (१) बमोजिम स्थापना भएको फार्मेसी बाहेक अरु कुनै पनि प्रकारको फार्मेसी सञ्चालन गर्न पाइने छैन।

तर यो उपदफा प्रारम्भ हुनु अघि प्रदेश मातहत रहेको अस्पतालमा आफ्नो फार्मेसी बाहेक अन्य फार्मेसी सञ्चालनमा रहेको भए यो उपदफा प्रारम्भ भएपछि त्यस्तो फार्मेसीलाई संस्थाको परिसरबाट अन्यत्र स्थानान्तरण गर्न सम्बन्धित अस्पतालले नब्बे दिनको समय दिई हटाउन सक्नेछ।

(५) फार्मेसीले तोकिएको गुणस्तर, मापदण्ड र मूल्य बमोजिम औषधि विक्री वितरण गरेको वा नगरेको सम्बन्धमा राष्ट्रिय मापदण्ड अनुसार अनुगमन र नियमन मन्त्रालयले गर्नु पर्नेछ।

---

⊕ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

♦ पहिलो संशोधनद्वारा संशोधित।

(६) औषधिको निगरानी, समुचित प्रयोग र प्रवर्द्धन गर्ने तथा सुक्ष्म जीव निरोधक प्रतिरोधक न्यूनीकरण कार्य मन्त्रालयले गर्नु पर्नेछ।

(७) स्वास्थ्य संस्था र औषधि बिक्रेताले औषधिको तोकिए बमोजिमको गुणस्तर कायम रहने गरी खरिद, भण्डारण तथा वितरण गर्नु पर्नेछ।

(८) स्वास्थ्य संस्थाका चिकित्सकले बिरामीका लागि उपलब्ध भएसम्म अस्पतालको भण्डार वा फार्मेसीमा रहेको औषधि मात्र सिफारिस गर्नु पर्नेछ।

(९) प्रदेश मातहत रहेको अस्पतालले आफ्नो फार्मेसीबाट प्राप्त गरेको आम्दानीलाई फार्मेसीको लागि आवश्यक पर्ने औषधि र सोको सुदृढीकरणको लागि खर्च गर्नु पर्नेछ। यसको लागि सम्बन्धित फार्मेसीले छुट्टै खाता खोली खर्च एवम् आम्दानी बाध्नु पर्नेछ।

(१०) कुनै पनि औषधिको विक्री वितरण गर्दा औषधि स्तर नियमावली, २०४३ बमोजिम चिकित्सक वा स्वास्थ्यकर्मीको सिफारिसमा मात्र गर्नु पर्नेछ।

(११) फार्मेसी र प्रदेश मातहतका अस्पताल वा स्वास्थ्य संस्थाले देहाय बमोजिम उत्पादन भएका औषधि मात्र खरिद, विक्री र वितरण गर्न पाइनेछः-

(क) असल उत्पादन प्रक्रिया (Good Manufacturing Practice-GMP) अपनाई उत्पादन भएको र

(ख) प्रादेशिक वा सङ्घीय औषधि नियमन निकायमा सूचीकृत भएको र सो निकायबाट स्तर निर्धारण भएको।

(१२) नेपाल सरकारसँगको समन्वय र सहकार्यमा प्रदेश सरकारले आफ्नो मातहतको निकायबाट मानव स्वास्थ्य उपचारका लागि आवश्यक पर्ने औषधि उत्पादन गर्न सक्नेछ।

(१३) प्रदेश सरकारले औषधि र औषधिजन्य सामाग्रीहरुको उत्पादन, गुणस्तर निर्धारण वा परीक्षण, अनुसन्धान, भण्डारण, विक्री वितरण, विसर्जन तथा फार्मेसी दर्ता, अनुमति, सञ्चालन, अनुगमन, नियमन, नवीकरणका लागि मन्त्रालय मातहत औषधि व्यवस्थापन तथा नियमन केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ।

(१४) औषधिको उत्पादन, गुणस्तर निर्धारण वा परीक्षण, भण्डारण, विक्री वितरण, विसर्जन तथा फार्मेसी दर्ता, अनुमति, सञ्चालन, अनुगमन, नियमन, नवीकरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- १२

## कसूर तथा दण्ड सजाय

६६. **कसूर गरेको मानिनेः** कसैले देहाए बमोजिम कार्य गरेमा यो ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दफा ५ को उपदफा (२) बमोजिम आफ्नो स्वास्थ्य संस्थामा सेवा र स्वास्थ्यकर्मी हुँदाहुँदै सेवाग्राहीलाई अर्को स्वास्थ्य संस्थामा प्रेषण गरेमा,

(ख) दफा ६ को उपदफा (१) बमोजिम अनुमति नलिई स्वास्थ्य संस्था स्थापना वा सञ्चालन गरेमा,

(ग) दफा ६ को उपदफा (४) बमोजिम आफ्नै अस्पताल नभई शिक्षण संस्था सञ्चालन गरेमा,

(घ) दफा ६ को उपदफा (५) बमोजिमको प्रोटोकल/मापदण्ड/निर्देशिका पालना नगरेमा,

(ङ) दफा १२ बमोजिम अनुमति नलिई सेवा वा शाखा बिस्तार गरेमा,

(च) दफा १४ को उपदफा (३) बमोजिम दर्ता नभई स्वास्थ्य सेवा प्रदान गरेमा,

(छ) दफा १७ को उपदफा (१) बमोजिम स्वामित्व हस्तान्तरण नगरी स्वास्थ्य सेवा सञ्चालन गरेमा,

(ज) दफा १८ बमोजिम एकै व्यक्तिले एक भन्दा बढि स्वास्थ्य संस्थामा एकै समयमा सेवा गरेमा,

(झ) ⇔................

(ञ) दफा ३३ को उपदफा (१) को बर्खिलाप गर्भपतन गरेमा,

(ट) दफा ४१ बमोजिम खोप दिन नमिल्ने व्यक्तिलाई खोप दिएमा,

(ठ) दफा ४६ को उपदफा (१) बमोजिम अनुमति नलिई खोप सेवा सञ्चालन गरेमा,

(ड) दफा ४९ बमोजिम खोपको ढुवानी, भण्डारण, वितरण र प्रयोग जस्ता कार्य मापदण्ड बमोजिम नगरेमा,

(ढ) दफा ५२ को उपदफा (२) बमोजिम आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु लगायत बाल आहार उत्पादक वा वितरकले छापा वा विद्युतीय माध्यमबाट विज्ञापन वा प्रायोजन गरेमा,

(ण) दफा ५३ बमोजिम खाद्य पदार्थ, औषधिजन्य वा पानी लगायतका पदार्थको उत्पादन, भण्डारण वा बिक्री वितरण गर्दा गुणस्तर कायम नगरेमा,

(त) दफा ५८ को उपदफा (१) र (३) बमोजिम कुनै पनि प्रयोगात्मक वा अनुसन्धान कार्य गर्दा सम्बन्धित स्वास्थ्य संस्थाले लिखित मञ्जुरिनामा नलिएमा,

---

⇔ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

(थ) दफा ५९ को उपदफा (४) बमोजिम अनावश्यक सर्जरी, निदान र औषधि सिफारिस गरेमा,

(द) दफा ५९ को उपदफा (७) बमोजिम दोषी ठहरीएमा,

(ध) दफा ६० को उपदफा (१) बमोजिम सेवाग्राहीलाई जानकारी नगराई उपचार गरेमा,

(न) दफा ६१ को उपदफा (१) बमोजिम स्वास्थ्य सेवा प्रदान गर्दा सेवाग्राहीलाई सुसूचित गराई सहमति नलिएमा,

(प) दफा ७१ को उपदफा (१) बमोजिम आपत्कालीन अवस्थामा स्वास्थ्य संस्था बन्द गरेमा,

(फ) दफा ७१ को उपदफा (३) बमोजिम सेवाप्रदायक तोकिएको वा खटाएको ठाउँमा नगएमा,

(ब) दफा ७३ को उपदफा (१) बमोजिम स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामा कुनै पनि अवाञ्छीत कार्य गरेमा,

(भ) दफा ७८ को उपदफा (२) बमोजिम जनमानसमा भ्रम पार्ने र असर पार्ने सूचना प्रकाशन तथा प्रसारण गरेमा,

(म) दफा ७९ को उपदफा (१) बमोजिम अनुमती नलिई रक्तसञ्चार सेवा प्रदान गरेमा,

(य) दफा ८२ बमोजिम गोपनीयता भङ्ग गरेमा।

♦(र) यस ऐनको दफा ३ को उपदफा (६) बमोजिमको कार्य नगरेमा,

♦(ल) यस ऐनको दफा ६५क. को उपदफा (७) बमोजिमको कार्य नगरेमा,

♦(व) यस ऐनको दफा ६५क. को उपदफा (८) बमोजिमको कार्य नगरेमा।

**६७. दण्ड सजाय हुने:** (१) दफा ६६ बमोजिमको कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गर्नेलाई पहिलो पटकको लागि रूपैयाँ पच्चीस हजार र दोस्रो पटक गरेमा दोब्बर र तेश्रो पटक देखि रूपैयाँ पाँच लाख जरिबाना।

(ख) खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई रूपैयाँ एक लाख जरिबाना र स्वास्थ्य संस्था बन्द।

(ग) खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई पहिलो पटकको लागि रूपैयाँ एक लाख, दोस्रो पटक गरेमा दोब्बर र तेश्रो पटक गरेमा रूपैयाँ पाँच लाख जरिबाना र शिक्षण संस्था बन्द।

---

♦ पहिलो संशोधनद्वारा थप।

(घ) खण्ड (घ) बमोजिमको कसूर गर्नेलाई रूपैयाँ पच्चीस हजार देखि रूपैयाँ एक लाखसम्म जरिबाना।

(ङ) खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई रूपैयाँ एक लाख जरिबाना वा संस्था बन्द वा दुवै।

(च) खण्ड (च) बमोजिमको कसूर गर्नेलाई रूपैयाँ पच्चीस हजार देखि रूपैयाँ एक लाखसम्म जरिबाना।

(छ) खण्ड (छ) बमोजिमको कसूर गर्नेलाई रूपैयाँ पचास हजार जरिबाना।

(ज) खण्ड (ज) बमोजिमको कसूर गर्नेलाई रूपैयाँ पचास हजार जरिबाना।

(झ) ⇔.............

(ञ) खण्ड (ञ) बमोजिम कसूर भएमा संस्थाको हकमा एक लाख र व्यक्तिको हकमा पचास हजारसम्म जरिबाना।

(ट) खण्ड (ट) बमोजिम दिन नपर्ने व्यक्तिलाई खोप दिएमा रूपैयाँ पाँच हजार जरिबाना।

(ठ) खण्ड (ठ) बमोजिमको कसूर गर्नेलाई रूपैयाँ एक लाख जरिबाना वा संस्था बन्द वा दुवै।

(ड) खण्ड (ड) बमोजिमको कसूर उत्पादकले गरेमा रूपैयाँ एक लाख, भण्डारकले गरेमा रूपैयाँ पचास हजार र बिक्री वितरकले गरेमा रूपैयाँ पच्चीस हजारम्म जरिबाना ।

(ढ) खण्ड (ढ) बमोजिम कसूर गरेमा रूपैयाँ पच्चीस हजार र बिज्ञापन बन्द गर्ने र पटक पटक गरेमा रूपैयाँ एक लाखसम्म जरिबाना तथा कम्पनी बन्द।

(ण) खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई पहिलो पटकको लागि रूपैयाँ पाँच हजार देखि रूपैयाँ पच्चीस हजारसम्म र दोश्रो पटक देखिमाथि रूपैयाँ एक लाखसम्म जरिबाना।

(त) खण्ड (त) बमोजिमको कसूर गर्नेलाई पहिलो पटकको लागि रूपैयाँ पच्चीस हजार जरिबाना र अनुसन्धान बन्द गराउन सकिने।

(थ) खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई रूपैयाँ पाँच हजार दखि पचास हजारसम्म जरिबाना।

---

⇔ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

(द) खण्ड (द) बमोजिमको कसूर गर्नेलाई रूपैयाँ एक लाख देखि पाँच लाखसम्म जरिबाना र सम्बन्धित स्वास्थ्यकर्मीको इजाजत खारेजसम्म।

(ध) खण्ड (ध) बमोजिम कसूर गरेमा रूपैयाँ पाँचहजार देखि रूपैयाँ पच्चिस हजारसम्म जरिबाना।

(न) खण्ड (न) बमोजिम कसूर गरेमा रूपैयाँ पाँचहजार देखि रूपैयाँ पच्चिस हजारसम्म जरिबाना।

(प) खण्ड (प) बमोजिम कसूर गरेमा रूपैयाँ पचास हजार जरिबाना र संस्था बन्द समेत गर्न सक्ने।

(फ) खण्ड (फ) बमोजिम कसूर गरेमा रूपैयाँ पाँचहजार देखि रूपैयाँ पच्चिस हजारसम्म जरिबाना।

(ब) खण्ड (ब) बमोजिम कसूर गरेमा रूपैयाँ पच्चिस हजारसम्म जरिबाना।

(भ) खण्ड (भ) बमोजिम कसूर गरेमा रूपैयाँ पचास हजारसम्म जरिबाना।

(म) खण्ड (म) बमोजिम कसूर गरेमा रूपैयाँ पच्चीस हजारसम्म जरिबाना।

(य) खण्ड (य) बमोजिम कसूर गरेमा रूपैयाँ पाँच हजार देखि पच्चीस हजारसम्म जरिबाना।

♦(र) दफा ६६ को उपदफा (१) को खण्ड (र) बमोजिमको कसुर गर्नेलाई पहिलो पटकको लागि रुपैयाँ पच्चिस हजार र दोस्रो पटक गरेमा दोब्बर र तेस्रो पटकदेखि रुपैयाँ पाँच लाख जरिबाना,

♦(ल) दफा ६६ को उपदफा (१) को खण्ड (ल) बमोजिमको कसुर गर्नेलाई रुपैयाँ पाँच हजारदेखि एक लाखसम्म जरिबाना,

♦(व) दफा ६६ को उपदफा (१) को खण्ड (व)बमोजिमको कसुर गर्नेलाई रुपैयाँ पाँच हजारदेखि पच्चिस हजारसम्म जरिबाना।

(२) ⇔.............

६८. ⇔.................

---

♦ पहिलो संशोधनद्वारा थप।

⇔ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

♣६९. **शुरु मुद्दा हेर्ने अधिकारः** (१) यस ऐन अन्तरगतको कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार मन्त्रालयको सचिवलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम सचिवले कारबाहीको निर्णय गर्दा प्राविधिक समितिको सिफारिस लिन सक्नेछ।

♣७०. **पुनरावेदनः** दफा ६९ बमोजिम मन्त्रालयको सचिवले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला हदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद- १३

## विविध

७१. **आपत्कालीन स्वास्थ्य सेवा सञ्चालनः** (१) कुनै पनि स्वास्थ्य संस्थाले, स्वास्थ्य सम्बन्धी काम कारबाही जस्तो सुकै आपत्कालीन अवस्थामा समेत बन्द गर्नु हुँदैन।

(२) मन्त्रालयले आपत्कालीन अवस्थामा स्वास्थ्य सेवा सुचारु गर्नका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) मन्त्रालयले आपत्कालीन स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था वा सेवा प्रदायकलाई तोक्न वा खटाउन सक्नेछ।

(४) आपत्कालीन स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था वा सेवा प्रदायकले मन्त्रालयसँग समन्वय गरेर एकद्वार प्रणाली मार्फत् स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(५) आपत्कालीन स्वास्थ्य सेवा प्रदान गर्नका लागि मन्त्रालयले आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्नेछ।

♦(६) मन्त्रालयले कुनै स्वास्थ्य विज्ञान प्रतिष्ठान वा स्वास्थ्य संस्था वा शिक्षण संस्था मार्फत एनेस्थेटिक सहायकको तालिम प्रदान गर्न र त्यस्ता तालिम प्राप्त व्यक्तिबाट स्वास्थ्य संस्थामा एनेस्थेसिया सेवा प्रदान सम्बन्धी कार्य गराउन सक्नेछ।

♦(७) स्वास्थ्य आपतकालीन तथा महामारीको अवस्थामा स्वास्थ्य क्षेत्रबाट सञ्चालन गर्नु पर्ने तर नियमित कार्यक्रममा नपरेका अत्यावश्यक कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालनका लागि तत्काल आवश्यक पर्ने रकम कार्यविधि बनाई सञ्चालन गर्ने गरी मन्त्रालयमा एक स्वास्थ्य आपतकालीन कार्य सञ्चालन कोष रहनेछ।

♦(८) स्वास्थ्य आपतकालीन सेवा, एनेस्थेसिया तालिम र स्वास्थ्य सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ पहिलो संशोधनद्वारा थप।

७२. **मानव श्रोतको व्यवस्थापन**: (१) मन्त्रालयले स्वास्थ्य क्षेत्रमा आवश्यक मानव श्रोतको उत्पादन, उपयोग, विकास तथा वितरण सम्बन्धी कार्य व्यवस्थित गर्न मानव श्रोत सम्बन्धी योजना बनाउनेछ।

(२) मानव श्रोत तथा तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्दा जनसंख्या, स्वास्थ्य सेवा र स्वास्थ्यकर्मीको अनुपात मापदण्डमा तोकिए बमोजिम हुनेछ।

♦(३) गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रदेश र स्थानीय तह अन्तर्गतका स्वास्थ्यकर्मीको ज्ञान, सीप, दक्षता र क्षमता अभिवृद्धिका लागि स्वास्थ्य सम्बन्धी कार्यक्रम र तालिमको व्यवस्थापन, अनुगमन र नियमन मन्त्रालयले गर्नु पर्नेछ।

♦(४) प्रदेश भित्रका सरकारी, सामुदायिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय गैह्र सरकारी र निजी स्वास्थ्य संस्थाबाट योजना र कार्यान्वयन हुने सबै स्वास्थ्य सम्बन्धी कार्यक्रम, तालिम र सञ्चार माध्यममा सम्प्रेषण हुने सन्देश वा सूचनाहरू मन्त्रालयको सहमतिमा मात्र विकास र सञ्चालन गर्नु पर्नेछ।

♦ ५) स्वास्थ्य सम्बन्धी एक वर्षसम्मका कोर्ष वा तालिमको प्रत्यायन (Accreditation) र प्रमाणीकरण (Certification) मन्त्रालयले गर्नेछ।

♦(६) स्वास्थ्य सम्बन्धी क्लिनिकल कार्यक्रम र तालिम सञ्चालनका लागि आवश्यक पर्ने कार्यक्रम र तालिम साइटको विज्ञ सहितको टोलीबाट प्रदेश मातहतका स्वास्थ्य संस्थामा अनुगमन र मूल्याङ्कन गरी गराई कार्यक्रम र तालिम साइटको स्वीकृति मन्त्रालयले दिन सक्नेछ।

♦(७) स्वास्थ्य सम्बन्धी कार्यक्रम, तालिम र सञ्चार माध्यममा सम्प्रेषण हुने सन्देश वा सूचना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७३. **स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा**: (१) कसैले पनि स्वास्थ्य उपचारको विषयमा स्वास्थ्यकर्मीलाई घेराउ, अपमानजनक व्यवहार, धाकधम्कि, हातपात वा स्वास्थ्य संस्थामा तोडफोड, आगजनी, तालाबन्दी वा यस्तै प्रकृतिका अन्य कुनै अवाञ्छीत कार्य गर्नु हुँदैन।

(२) कसैले कुनै स्वास्थ्यकर्मी उपर वा स्वास्थ्य संस्थामा उपदफा (१) बमोजिमको कार्य गर्न लागेमा त्यस्तो स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाले स्थानीय प्रशासनसँग सुरक्षा माग गरेमा तत्काल सुरक्षा दिनु पर्नेछ।

(३) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

७४. **जोखिमयुक्त पेशागत स्वास्थ्य सुरक्षा:** (१) जोखिमयुक्त कार्य क्षेत्रको प्रकृति, वर्गीकरण र अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ।

---

♦ पहिलो संशोधनद्वारा थप।

(२) उपदफा (१) बमोजिमको क्षेत्रमा काम गर्ने सेवा प्रदायकको सुरक्षाको लागि सम्बन्धित रोजगारदाताले यथेष्ठ उपायहरु अवलम्बन गर्नु पर्नेछ।

(३) कामको शिलशिलामा कार्य स्थलमा कुनै औजार उपकरणले वा कुनै उत्पादन सामग्रीले वा रसायनले कुनै कर्मचारी घाइते, अपाङ्ग वा मृत्यु भएमा वा गम्भीर संक्रमण वा सेवाग्राही भएमा

स्वास्थ्य उपचार र उचित क्षतिपूर्ति समेतको व्यवस्था सम्बन्धित रोजगारदाताले गर्नु पर्नेछ।

(४) तोके बमोजिमको उच्च जोखिमयुक्त क्षेत्रमा काम गर्ने कामदार वा कर्मचारीको अनिवार्य रूपमा स्वास्थ्य बिमा गर्नु पर्नेछ।

७५. **विशेष स्वास्थ्य सामाजिक सुरक्षा कार्यक्रमः** मन्त्रालयले महिला, बालबालिका, किशोर किशोरी, दलित, द्वन्द्वपीडित, शहीद परिवार, अपाङ्ग, जेष्ठ नागरिक तथा बिपन्न परिवार लगायतका प्रचलित कानूनले तोकेका अन्य समूहलाई विशेष सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

७६. **स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन**ः (१) कुनैपनि स्वास्थ्य संस्था सरसफाइयुक्त हुनु पर्नेछ।

(२) स्वास्थ्य संस्थामा उत्पन्न हुने स्वास्थ्यजन्य फोहोरमैलाको उपयुक्त विधि र प्रक्रिया बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

७७. **संक्रामक रोगको रोकथाम, सूचना तथा उपचारः** (१) प्रदेशभर वा त्यसको कुनै भागमा कुनै संक्रामक रोग फैलिएमा वा फैलिने सम्भावना देखिएमा त्यस्तो रोगको रोकथाम, नियन्त्रण वा निर्मूल गर्न मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ।

(२) तोकिए बमोजिमका संक्रामक रोगबाट कुनै व्यक्ति वा समूह प्रभावित भएमा सो को जानकारी स्वास्थ्य संस्था, स्थानीय तह वा मन्त्रालयलाई दिनु सबैको कर्तव्य हुनेछ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिमको जानकारी प्राप्त भएमा तत्काल विद्युतीय तथा छापा माध्यमबाट सर्वसाधारणले बुझ्ने भाषामा सूचना संप्रेषण गर्नु पर्ने।

♦(४) उपदफा (१) बमोजिमको व्यवस्था गर्न वा स्वास्थ्य आपतकालीन तथा महामारीको अवस्थामा प्रदेश कानूनमा नसमेटिएका व्यवस्था वा कार्यहरु मन्त्रालयले प्रचलित कानून बमोजिम गर्न सक्नेछ।

७८. **स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार**ः (१) कुनै पनि संस्थाले स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार सामग्री निर्माण गर्दा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका सामग्री निर्माण गर्दा जनमानसमा भ्रमपर्ने र असरपार्ने प्रकृतिको सामग्री, विज्ञापन कुनै पनि छापा वा विद्युतीय माध्यमबाट संप्रेषण गर्न हुँदैन।

---

♦ पहिलो संशोधनद्वारा थप।

(३) स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७९. **<u>रक्तसञ्चार सम्बन्धी सेवाः</u>** (१) रक्तसञ्चार सेवा प्रदान गर्न चाहने संस्थाले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमति पत्र दिने तथा नवीकरण गर्ने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुमति प्राप्त संस्थाले रक्तसञ्चार सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा रक्तसञ्चार इकाई खडा गरी आवश्यकता अनुसार जुनसुकै स्वास्थ्य संस्थामा रक्तसञ्चार सेवा उपलब्ध गराउनु पर्नेछ।

८०. **<u>शव परीक्षण</u>**ः शव परीक्षण प्रचलित संघीय कानून बमोजिम गर्नु पर्नेछ।

८१. **<u>गुनासो सुनुवाईः</u>** स्वास्थ्य संस्थामा गुनासो व्यवस्थापन, सूचना अधिकारी र नागरिक बडापत्रको व्यवस्था गर्नु पर्नेछ।

८२. **<u>गोपनीयता सम्बन्धी</u>**ः स्वास्थ्य सेवा प्रवाह गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान र उपचार लगायतका सूचना सेवाग्राहीलाई बाहेक अन्यलाइ गोप्य राख्नु पर्नेछ।

तर देहायको अवस्थामा सूचना उपलब्ध गराउन वा सार्वजनिक गर्न बाधा पर्ने छैन।

(क) सेवाग्राहीले लिखित सहमति दिएमा,

(ख) प्रचलित कानून बमोजिम माग भई आएमा।

८३. **<u>अभिलेख राख्नु पर्ने</u>**ः प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको स्वास्थ्य सेवा तथा सेवाग्राहीको अभिलेख तोकिएको ढाँचामा राख्नु पर्नेछ।

८४. **<u>जन्म र मृत्युको प्रमाणपत्रः</u>** (१) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको बाबु वा आमाको नाम राखी बाबु वा आमालाई शिशु जन्मेको प्रमाणपत्र तोकिएको ढाँचामा दिनु पर्नेछ।

(२) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा मृत्यु भएका व्यक्तिको मृत्यु प्रमाणपत्र तोकिएको ढाँचामा दिनु पर्नेछ।

[+]८४क. **<u>अधिकार प्रत्यायोजनः</u>** मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकारहरु आफ्नो मातहतका कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

८५. **<u>नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड</u>**ः यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

---

[+] केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

# प्रदेश संस्था दर्ता ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७५।०९।११

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. १७

**<u>प्रदेश संस्था दर्ता सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** प्रदेशस्तरमा सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक तथा परोपकारी, वन वातावरण, खानेपानी तथा सरसफाइ लगायतका कार्य गर्नको लागि मुनाफा रहित संस्था दर्ता गरी त्यस्ता संस्थाको काम कारबाहीमा प्रभावकारिता ल्याउन अनुगमन तथा नियमन गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश संस्था दर्ता ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "एक तह माथिको पदाधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृतको हकमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख र प्रमुख जिल्ला अधिकारीको हकमा मन्त्रालय सम्झनु पर्छ।

(ख) "कार्य समिति" भन्नाले संस्थाको विधान बमोजिम गठन भएको कार्य समिति सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले ◈<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा १४ बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(छ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, वन वातावरण, खानेपानी र सरसफाइ लगायतका तथा परोपकारी कार्यहरुको विकास, विस्तार एवं प्रवर्धन गर्ने उद्देश्यले स्थापना भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरनाफामूलक संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र लगायत सम्झनु पर्छ र सो शब्दले मैत्री संघ वा संस्थाको रूपमा कार्य गर्ने संघ समेतलाई जनाउँछ।

(ज) "संस्था दर्ता अधिकारी" भन्नाले एकमात्र स्थानीय तहमा कार्यक्षेत्र भएको संस्थाको हकमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र एकभन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएको संस्थाको हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ।

३. **<u>संगठित संस्था मानिने</u>**ः (१) यस ऐन बमोजिम दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्था हुनेछ र सो संस्थाको कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट प्राप्त भएको अचल सम्पत्ति वा अनुदानबाट खरिद भएको अचल सम्पत्ति सम्बन्धित तहको सरकारको अनुमति नलिई बिक्री गर्न, नामसारी गर्न, भोगाधिकार दिन, धितो राख्न वा कुनै किसिमले स्वामित्व परिवर्तन गर्न हुँदैन।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

(४) कुनै पनि संस्थाले बढीमा दुईवटा विषयसँग मात्र सम्बन्धित रही कार्य गर्न सक्नेछ।

(५) कुनै पनि संस्थाले आफ्नो कुल वजेटको मूल हिस्सा लक्षित वर्गप्रति केन्द्रीत गर्नु पर्नेछ।

## परिच्छेद- २

## <u>संस्थाको दर्ता र नवीकरण</u>

४. **<u>संस्था दर्ता गर्नु पर्ने</u>**ः (१) कसैले यस ऐन बमोजिम संस्था दर्ता नगरी संस्था सञ्चालन गर्न गराउन हुँदैन।

(२) यो ऐन लागू हुनुभन्दा पहिले सञ्चालनमा रहेको सस्थाले यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी संस्था दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ।

(३) अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा वा कार्य विस्तार गर्न चाहेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी शाखा खोल्न सक्नेछ।

तर उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक र गैर प्राकृतिक विपद्का घटनामा प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाले यस प्रदेशभित्र सहयोग गर्न चाहेमा सम्बन्धित संस्था दर्ता गर्ने अधिकारीको पूर्व स्वीकृति लिएर काम गर्न सक्नेछन्।

५. <u>संस्था दर्ता</u>ः (१) कुनै पनि संस्था दर्ता गर्दा कार्य समितिको गठन देहायका आधारमा हुनु पर्नेछः-

(क) कम्तीमा एक तिहाई महिला हुनुपर्ने,

(ख) समावेशी सिद्धान्त अवलम्वन गर्नुपर्ने,

(ग) अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक पदमा महिला हुनु पर्ने।

(२) कम्तीमा सातजना व्यक्तिले देहायको विवरण खुलाई संस्थाको विधानको तीन प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता अधिकारीसमक्ष निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम,

(ख) उद्देश्य, कार्यविवरण तथा कार्यक्षेत्र,

(ग) समितिका सदस्यको नाम, ठेगाना, सम्पर्क नम्बर, पेशा र नागरिकताको प्रतिलिपि,

(घ) आर्थिक श्रोत,

(ङ) संस्थाको कार्यालय रहने ठेगाना,

(च) अन्य आवश्यक विवरण।

(३) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक छानबिन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ।

(४) संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता गर्न नमिल्ने देखेमा सो को कारण सहित आवश्यक कागजात पुनः पेश गर्ने आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको कागजात पेश गर्दा पनि संस्था दर्ता अधिकारीले त्यस्तो संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र उक्त निर्णयमा चित्त नबुझेमा निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर एक तह माथिको पदाधिकारीसमक्ष उजुर गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको उजुर प्राप्त भएपछि एक तह माथिको पदाधिकारीले आवश्यक छानबिन गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने संस्था दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि संस्था दर्ता अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ।

(७) यस दफा बमोजिमको निवेदन र प्रमाणपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

६. **नवीकरण गर्नु पर्ने**: यस ऐन बमोजिम दर्ता भएको संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र तोकिएको दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ। नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **संस्थाको उद्देश्यमा हेरफेर**: (१) कुनै संस्थाले आफ्नो संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा त्यस्तो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउन सक्नेछ।

(२) एउटै उद्देश्य भएका संस्था एक आपसमा गाभिन चाहेमा संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउन सक्नेछ।

(३) विशेष साधारण सभामा तत्काल कायम रहेका कुल सदस्य संख्याको दुई तिहाई सदस्यले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ।

तर सो प्रस्ताव लागू गर्न संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## संस्थाको सम्पत्ति र लेखा

८. **संस्थाको सम्पत्ति**: (१) कुनै पनि संस्थाले आफ्नो सम्पत्ति सम्बन्धी विवरण दुरूस्त रूपमा राखी एकप्रति सम्बन्धित संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको सम्पत्ति दुरूपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा संस्था दर्ता अधिकारीले प्रहरी प्रशासनको सहयोग लिई त्यस्तो सम्पत्ति फिर्ता लिई सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(३) कुनै संस्था, संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराधजन्य कार्य गरेमा त्यस्तो संस्था, संस्थाको कुनै सदस्य वा व्यक्ति विरुद्ध संस्था दर्ता गर्ने अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारबाही चलाउने प्रक्रिया अगाडि बढाउन सक्नेछ।

९. **विवरण पठाउनु पर्ने**: कुनै संस्थाको कार्य समितिले आफ्नो संस्थाको आर्थिक कारोवारको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र संस्था दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ।

१०. **चल अचल सम्पत्ति बिक्री वितरण**ः संस्थाको चल अचल सम्पत्ति बिक्री वितरण गर्नु अगाडि संस्था दर्ता अधिकारी समक्ष कारण र औचित्य खुलाई पूर्व स्वीकृति लिनु पर्नेछ।

११. **लेखा जाँच**ः (१) संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको लेखा आफूले नियुक्त गरेको कुनै अधिकारीबाट जाँच गराउन सक्नेछ।

(२) लेखा जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(३) लेखा जाँच गर्ने अधिकारीले संस्था दर्ता अधिकारीले तोकिदिएको म्यादभित्र लेखा जाँचको प्रतिवेदन संस्था दर्ता अधिकारीसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरूपयोग गरेको छ भन्ने संस्था दर्ता अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असूल उपर गर्न कानून बमोजिम कारबाही चलाउन सक्नेछ।

(४) संस्थाको वित्तीय विवरण दोहोरो लेखा प्रणाली र प्रदेश सरकारको लेखा ढाँचामा राख्नु पर्नेछ।

(५) प्रदेश सरकारको सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी संस्थाले आर्थिक कारोवार गर्ने छैन।

(६) तीन वर्षसम्म लगातार नवीकरण नगर्ने र नियमित साधारण सभा नगर्ने उपर संस्था दर्ता गर्ने सम्बन्धित दर्ता अधिकारी मार्फत प्रदेश सरकारले कारबाही गर्न सक्नेछ र पाँच वर्षसम्म नवीकरण नगर्ने संस्थाको सम्पत्ति सम्बन्धित दर्ता अधिकारीले जफत गर्न सक्नेछ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सकिनेछ।

## परिच्छेद- ४

## दण्ड सजाय

१२. **दण्ड सजाय**ः (१) दफा ४ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही पचास हजार रूपैयाँसम्म जरिबाना गरी त्यस्तो संस्थाको चल अचल सम्पत्ति र कागजपत्र जफत गर्न सक्नेछ।

(२) दफा ९ बमोजिम लेखाको विवरण नपठाएमा कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही पन्ध्र हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(३) दफा ११ को उपदफा (२) बमोजिम लेखा जाँच गर्ने सम्बन्धित अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा निजले चाहेको जानकारी नदिने सम्बन्धित

पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले पन्ध्र हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

## परिच्छेद- ५

## विविध

१३. **निलम्बन र खारेजीः** (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले देहायका कुनै कार्य गरेमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्नेछः-

(क) संस्था दर्ता अधिकारीले माग गरेको विवरण उपलब्ध नगराएमा,

(ख) तोकिएको कार्यक्षेत्रभन्दा बाहिर गई कार्य गरे गराएकोमा।

(२) यस ऐन बमोजिम दर्ता भएका संस्थाहरुले देहायका कुनै कार्य गरे गराएमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्था खारेज गर्न सक्नेछ।

(क) अनुमति नलिई अर्को संस्थामा गाभेमा,

(ख) संस्थाको उद्देश्य हेरफेर गरेको विषय संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति नलिई कार्यान्वयन गरेमा,

(ग) प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा,

(घ) संस्थाको सम्पत्ति हिनामिना गरेमा,

(ङ) लगातार तीन वर्षसम्म संस्था नवीकरण नगराएमा।

(३) उपदफा (१) बमोजिम निलम्बन गर्दा वा उपदफा (२) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम संस्थाले पेश गरेको सफाइ मनासिव देखिएमा संस्था दर्ता अधिकारीले निलम्बनको प्रकृयालाई स्थगन गर्न सक्नेछ।

(५) उपदफा (१) र (२) को बमोजिमको निर्णय उपर चित्त नबुझेमा एक तह माथिको पदाधिकारी समक्ष उजुरी गर्न सक्नेछ।

१४. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले तोकिएको कार्य गरे नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न देहाय बमोजिमको समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव आन्तरिक मामिला तथा कानून मन्त्रालय | -अध्यक्ष |
| (ख) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कानून) | -सदस्य |
| (ग) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (घ) | सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (ङ) | सम्बन्धित बिषयको एक जना विशेषज्ञ | -सदस्य |
| (च) | सम्बन्धित महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्राल | -सदस्य-सचिव |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएका संस्थाको सम्बन्धित निकायले नियमित निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न बाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिम समितिले आवश्यक देखेमा छानबिन गरी संस्थाले यस ऐन बमोजिम तोकिएको कार्य नगरेको पाइएमा त्यस्तो संस्थाको दर्ता खारेज गर्न सम्बन्धित संस्था दर्ता अधिकारीलाई लेखी पठाउनेछ।

(४) उपदफा (३) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाइको मौका दिनु पर्नेछ।

**१५.** **<u>पुरस्कार सम्बन्धी व्यवस्था</u>**: अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसमा उत्कृष्ट कार्य गर्ने संस्थालाई प्रदेश सरकारले प्रसंशापत्र तथा पुरस्कार दिन सक्नेछ।

**१६.** **<u>वैदेशिक सहयोग</u>**: (१) यस ऐन बमोजिम स्थापना भएका संस्थाले वैदेशिक सहयोग लिने सक्नेछ।

तर वैदेशिक सहयोग लिने सम्बन्धी कार्यविधि प्रदेश सरकारको सिफारिसमा प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम कुनैपनि संस्थाले प्राप्त गरेको वैदेशिक सहयोग जुन उद्देश्यका लागि प्राप्त गरेको हो सोही उद्देश्यका लागि मात्र खर्च गर्नु पर्नेछ।

**१७.** **<u>स्वीकृति लिनु पर्ने</u>**: (१) यस ऐन बमोजिम जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा दर्ता भएका संस्थाले आफ्नो कार्यक्षेत्रभित्र अनुसूचीमा उल्लेख भए अनुसारको रकमको काम गर्दा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनु पर्नेछ र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

(२) स्थानीय तहले स्वीकृति नदिएमा सो उपर आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१८.** **<u>संस्थाको विघटन वा खारेजी</u>**: संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा यस ऐन बमोजिम वा अन्य कुनै कारणवस संस्था विघटन वा खारेजी भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा प्रदेश सरकारमा सर्नेछ।

**१९.** **<u>विवरण पेश गर्ने</u>**: यस ऐन बमोजिम जिल्ला प्रशासन कार्यलय र स्थानीय तहहरुमा दर्ता भएका संस्थाहरुको विधान सहितको विवरण चौमासिक रूपमा मन्त्रालयमा पठाउनु पर्नेछ।

**२०.** **<u>निर्देशन दिने</u>**: प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

**२१.** **<u>नियम बनाउने अधिकार</u>**: यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

## अनुसूची

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

**स्वीकृति लिनु पर्ने रकमको सीमा**

| क्र.स. | रकम सीमा | स्वीकृति लिनुपर्ने निकाय |
|---|---|---|
| १ | पचास लाख सम्म | सम्बन्धित स्थानीय तह |
| २ | पचास लाख भन्दा माथि | प्रदेश सरकार |

# प्रदेश कार्य सञ्चालन कोष ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।०९।११

संशोधन गर्ने ऐन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ — २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. १८

**प्रदेश कार्य सञ्चालन कोषको व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेश स्तरमा स्थापना र सञ्चालन गरिने कोषलाई मितव्ययी र प्रभावकारी बनाई कोषको कार्य सञ्चालन मार्फत प्रदेश स्तरमा विशेष प्रकृतिका कार्य गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "प्रदेश कार्य सञ्चालन कोष ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएकोप्रदेशकार्यसञ्चालन कोष सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले *बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ।

३. **कोषको स्थापनाः** (१) मन्त्रालयले प्रदेश स्तरमा सम्पादन गर्नु पर्ने कुनै खास प्रकृतिका कार्य सञ्चालन गर्न वा आफ्नो उत्पादन वा सेवा बिक्री गरी आर्जन गर्ने निकायको लागि प्रदेश कार्य सञ्चालन कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा हुनेछः-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकार अन्तर्गतको कुनै निकायको सेवा, उत्पादन वा कार्यको बिक्रीबाट प्राप्त रकममध्ये प्रदेश सरकारले उपलब्ध गराएको रकम।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

४. **<u>कोष सञ्चालन</u>**: यस ऐन बमोजिम स्थापना र सञ्चालन हुने कोष सम्बन्धी व्यवस्था कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

५. **<u>कोषको खाता सञ्चालनः</u>** (१) कोषको खाता सञ्चालन गर्दा सम्बन्धित मन्त्रालयले कुनै सरकारी कारोवार गर्न स्वीकृति प्राप्त भएको "क" वर्गको वाणिज्य बैंकमा खाता खोली सञ्चालन गर्नु पर्नेछ।

(२) कोषको उद्देश्य बमोजिम कार्य सञ्चालन गर्नको लागि कोष खाताबाट खर्च खातामा रकम हस्तान्तरण गरी सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीको दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ।

(३) कोषको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था कार्यविधिमा उल्लेख गरे बमोजिम हुनेछ।

६. **<u>कोषको हिसाब तथा लेखा</u>**: कोषको सञ्चालन गर्नको निमित्त सम्बन्धित मन्त्रालयले तोकेको अधिकारीले कोषको हिसाब तथा लेखा प्रदेश लेखा नियन्त्रक समक्ष पेश गर्नु पर्नेछ।

७. **<u>कोषको रकम दाखिला</u>**: सम्बन्धित मन्त्रालयले कोषको एक आर्थिक वर्ष समाप्त भएपछि बाँकी रहेको मौज्दात रकम अर्को आर्थिक वर्ष शुरु हुँदा प्रदेश कार्यसञ्चालन कोषमा दाखिला गर्नु पर्नेछ।

८. **<u>कोषको रकम सञ्चित कोषमा सार्नु पर्नेः</u>** कोषमा छुट्याइएको रकमको प्रयोजन समाप्त भएपछि बाँकी रकम तीस दिनभित्र सञ्चित कोषमा सार्नु पर्नेछ।

९. **<u>प्रतिवेदन पेश गर्नेः</u>** कोषको प्रगति प्रतिवेदन सम्बन्धित मन्त्रालयले वार्षिक रूपमा राजस्व र व्ययको अनुमान पेश गर्दा साथै पेश गर्नेछ।

१०. **<u>कोषको लेखापरीक्षणः</u>** (१) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुनेछ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

११. **<u>कार्यविधि बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यकता अनुसार कार्यविधि बनाउन सक्नेछ।

# प्रदेश खेलकुद विकास ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७५।०९।११

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ — २०७७।०४।१६

प्रदेश खेलकुद विकास (पहिलो संशोधन) ऐन, २०८१ — २०८१।११।०६

संवत् २०७५ सालको ऐन नं. १९

## प्रदेशमा खेलकुद विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** प्रदेशमा खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यावसायिक सुरक्षा, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने प्रतियोगितामा सहभागिता तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश खेलकुद विकास ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश खेलकुद विकास परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "खेलकुद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिम परिषद् दर्ता भएको संस्था सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठन भएको प्रदेश खेलकुद विकास परिषद् सम्झनु पर्छ।

(ङ) "प्रतिष्ठान" भन्नाले दफा ३० बमोजिम स्थापना भएको प्रदेश खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले ◈<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

♦(छ) "मन्त्रालय" भन्नाले खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

♦ पहिलो संशोधन द्वारा संशोधित।

(ज) "समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ।

(झ) "सदस्य" भन्नाले दफा ३ बमोजिमको परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ।

(ञ) "सदस्य-सचिव" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिव सम्झनु पर्छ।

**३. परिषद्को गठनः** (१) प्रदेशमा खेलकुदको विकास गर्नको लागि प्रदेश खेलकुद विकास परिषद् गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने परिषद्मा देहायका सदस्य रहनेछन्:-

(क) ♦खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्री -अध्यक्ष

(ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग (खेलकुद हेर्ने) -सदस्य

(ग) सचिव, ♦खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) प्रदेश प्रहरी प्रमुख -सदस्य

(ङ) राष्ट्रिय स्तरमा खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई दश वर्ष काम व्यक्ति मध्ये दुई जना महिला सहित प्रदेश सरकारले मनोनीत गरेका पाँच जना -सदस्य

(च) खेलकुदको क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रवर्द्धनात्मक कार्य गरेका खेलकुद विज्ञ मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित चार जना -सदस्य

(छ) प्रदेश स्तरमा रहेका खेलकुद सम्बन्धी संघ संस्थाबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा दुई जना महिला सहित चार जना -सदस्य

---

♦ पहिलो संशोधनद्वारा संशोधित।

(ज) ◈अपाङ्गता भएका खेलाडी मध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना महिला सहित दुई जना -सदस्य

(झ) मान्यता प्राप्त ओलम्पिक, एशियन, साफ गेममा प्रतिस्पर्धा गरी मेडल प्राप्त खेलाडी मध्येबाट एक जना -सदस्य

(ञ) अध्यक्षको सिफारिसमा प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति -सदस्य-सचिव

(३) परिषद्ले बैठकमा नेपाली सेना र सशस्त्र प्रहरी बल तथा प्रदेश स्तरीय कार्यालयका प्रमुखलाई आमन्त्रण गर्न सक्नेछ।

(४) खण्ड (ङ) देखि (ञ) सम्मका सदस्य मनोनीत गर्दा प्रदेशको भौगोलिक, समावेशिता प्रतिनिधित्व हुने गरी मनोनीत गर्नु पर्नेछ।

(५) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(६) परिषद्को सबै काम कारबाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(७) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ।

(८) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट उजुर गर्न र सो उपर पनि सोही नामबाट उजुर लाग्न सक्नेछ।

(९) परिषद्को मुख्य कार्यालय प्रदेश राजधानीमा रहनेछ।

४. **पदावधिः** (१) दफा ३ को उपदफा (२) को खण्ड (ङ) देखि (ञ) सम्मका मनोनीत वा नियुक्त हुने सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिनेछ।

(३) दफा ३ को उपदफा (२) को खण्ड (ङ) देखि (ञ) सम्मका मनोनीत वा नियुक्त हुने सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा मन्त्रालयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

५. **<u>सदस्यको योग्यताः</u>** देहायको कुनै व्यक्ति सदस्यमा मनोनीत हुन वा बहाल रहन सक्नेछः-

(क) ◈<u>बागमती प्रदेश</u> भित्र स्थायी बसोवास गर्ने नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) पच्चीस वर्ष उमेर पूरा भएको।

६. **<u>सदस्यता समाप्त हुने अवस्थाः</u>** देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ५ बमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरिएमा,

(ख) राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा,

(ङ) दफा ४ को उपदफा (३) बमोजिम मन्त्रालयले हटाएमा।

७. **<u>सदस्य सचिवको नियुक्ति, योग्यता, पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्थाः</u>** (१) देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिलाई अध्यक्षको सिफारिसमा प्रदेश सरकारले सदस्य सचिवमा नियुक्त गर्नेछः-

(क) ◈<u>बागमती प्रदेश</u> भित्र स्थायी बसोवास गर्ने नेपाली नागरिक,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक वा सोसरह उपाधि हासिल गरेको,

(ग) राष्ट्रियस्तरको खेलाडी, रेफ्री, प्रशिक्षक, व्यवस्थापक वा खेलकुदको क्षेत्रमा विशेषज्ञता हासिल गरेको,

(घ) तीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष ननाघेको,

(ङ) कुनै कानूनले अयोग्य नठहरिएको,

(च) कम्तीमा पाँच वर्ष अनुभव भएको।

(२) सदस्य सचिवको पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **<u>सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः</u>** सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) परिषद्को खेलकुद सम्बन्धमा नीति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(ग) परिषद्को बैठकको निर्णय प्रमाणीकरण एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट स्वीकृत खेलकुद सम्बन्धी नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने,

(छ) परिषद्ले तोकेको अन्य कार्य गर्ने, गराउने।

९. **पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्य-सचिव र मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) प्रदेश सरकार समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरेमा,

(घ) निजको मृत्यु भएमा।

१०. **परिषद्को बैठक र निर्णयः** (१) अध्यक्षको निर्देशन अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउनु पर्नेछ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्येबाट छानिएको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) परिषद्को बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ।

(७) अध्यक्ष तथा सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नुपर्नेछ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. **परिषद्को काम, कर्तव्य र अधिकारः** दफा ३ बमोजिम गठन भएको परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारलाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(ख) प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ग) अन्तर प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(घ) खेलकुद सम्बन्धी संघ-संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(ङ) खेलकुदको विकास, प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने, गराउने,

(च) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन, संरक्षण तथा रेखदेख गर्ने, गराउने,

(छ) प्रतिष्ठान तथा शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्ने, गराउने,

(ज) प्रदेशको भूगोल तथा जनसङ्ख्याको सन्तुलनका आधारमा समानुपातिक रूपमा खेलकुद विकास समिति गठन गर्ने र ती समितिलाई समन्वय र आवश्यक निर्देशन दिने,

(झ) खेलकुद सम्बन्धी संघसंस्थाको अनुगमन नियमन गर्ने,

(ञ) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी विदेशमा समेत तालिम लिन पठाउने,

तर विदेशी प्रशिक्षक झिकाउँदा परिषद्ले प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(ट) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृत्ति प्रदान गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ठ) खेलाडी तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिष्ठित पूर्व खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) ◈अपाङ्गता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था गर्ने, गराउने,

(ढ) खेलकुद संग्रहालय स्थापना गर्ने,

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(ण) खेलकुद विकासको लागि गोष्ठी, सेमिनार आयोजना गर्ने,

(त) खेलकुद पर्यटनको विकास गर्ने,

(थ) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

(द) प्रदेशको खेलकुद विकासका लागि प्राथमिकीकरण गर्ने,

(ध) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने,

(न) खेलाडीको अभिलेख राख्ने,

(प) आवश्यकता अनुसार समिति गठन गर्ने,

(फ) अध्यक्षले परिषद्को वार्षिक प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्ने,

(ब) प्रशिक्षक वा रेफ्रिलाई तालिमको व्यवस्था गर्ने,

(भ) खेलकुदमा महिलालाई प्रोत्साहन गर्नको लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्ने,

(म) राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा राम्रो प्रदर्शन गरेका खेलाडीहरुलाई पुरस्कृत र सम्मान गर्ने तथा गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(य) व्यावसायिक खेलक्षेत्रमा लगानी प्रवर्द्धन गराउने।

**१२. <u>खेलकुद विकास समितिः</u>** (१) परिषद् मातहतमा तोकिए बमोजिमका खेलकुद विकास समिति रहनेछन्।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको संरचना, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१३. <u>खेलकुद सम्बन्धी संस्थाको दर्ताः</u>** (१) खेलकुद सम्बन्धी क्रियाकलाप आयोजना गर्ने क्लव, संघ वा संस्थाको दर्ता परिषद्मा हुनेछ।

(२) यस अघि अन्य निकायमा दर्ता भई अद्यावधिक रहेका खेलकुद सम्बन्धी संस्था यस ऐन बमोजिम दर्ता हुनु पर्नेछ।

**१४. <u>दर्ताको लागि निवेदन दिनु पर्नेः</u>** दफा १३ बमोजिम नाम दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुरा खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुद,

(ग) कार्यकारिणी समितिका सदस्यको नाम, ठेगाना,

(घ) विधानको प्रमाणित प्रतिलिपि।

**१५. <u>नाम दर्ता गर्न सक्नेः</u>** (१) दफा १४ बमोजिम नाम दर्ता गराउनको लागि दरखास्त परेमा परिषद्ले एक्काइस दिनभित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको नाम दर्ता गर्न सक्नेछ।

(२) परिषद्ले उपदफा (१) बमोजिम नाम दर्ता भएमा दर्ता गरिएको सूचना र नाम दर्ता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

१६. **विधान संशोधनको सूचनाः** (१) यो ऐन बमोजिम परिषद्मा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना एक्काइस दिनभित्र परिषद्लाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नु पर्ने कारण उचित देखेमा परिषद्ले हेरफेरको व्यहोरा अद्यावधिक गर्नु पर्नेछ।

१७. **हिसाबको श्रेस्ता राख्नु पर्नेः** (१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ परिषद्ले जहिले सुकै गर्न गराउन सक्नेछ।

(३) समितिले उपदफा (२) बमोजिम खेलकुद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारबाही चलाउनेछ।

१८. **निर्देशन दिनेः** (१) परिषद्ले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम परिषद्ले दिएको निर्देशनको पालना नगर्ने खेलकुद सम्बन्धी संस्था वा दफा १७ बमोजिम समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ।

१९. **स्वीकृति लिनु पर्नेः** खेलकुद सम्बन्धी संस्थाले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा प्रदेशमा हुने खेलकुद प्रतियोगिता, अन्तर्राष्ट्रियस्तरको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीलाई आमन्त्रण गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ।

२०. **परिषद्को कोष:** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) खेलकुद पूर्वाधार उपयोग गर्न दिए बापतको शुल्क,

(ग) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापतको शुल्क,

(घ) खेलकुद प्रदर्शन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम,

(च) नेपाल सरकारको अनुमतिमा अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) परिषद्को नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ।

(३) परिषद्को कोषमा रहने रकम "क" वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ।

(४) परिषद्को खाता सञ्चालन तोकिए बमोजिम हुनेछ।

२१. **सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्ने:** परिषद्ले आफ्नो कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

२२. **लेखा र लेखापरीक्षण:** (१) परिषद्को आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयले गर्नेछ।

(३) परिषद्को लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(४) मन्त्रालयले परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात, नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

२३. **सदस्यको भत्ता:** (१) सदस्यले परिषद्को बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ।

(२) सदस्यले परिद्को काम विशेषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ।

२४. **परिषद्को कर्मचारी:** (१) परिषद् प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमको कर्मचारी रहनेछन्।

(२) कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) परिषद्ले आवश्यकता अनुसार विज्ञ, प्रशिक्षक लगायतका अन्य व्यक्तिलाई सेवा करार गरी काममा लगाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको कर्मचारी नियुक्त नभएसम्मका लागि परिषद्लाई आवश्यक कर्मचारी प्रदेश सरकारले उपलव्ध गराउनेछ।

२५. **अधिकार प्रत्यायोजनः** परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार अध्यक्ष, सदस्य-सचिव, सदस्य, दफा ११ को खण्ड (प) बमोजिमको समिति वा कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२६. **प्रदेश सरकारले निर्देशन दिन सक्नेः** (१) प्रदेश सरकारले खेलकुदको विकास गर्नको लागि परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दिएको निर्देशनको पालन गर्नु परिषद्को कर्तव्य हुनेछ।

२७. **खेलाडीको व्यावसायिक सुरक्षाः** तोकिए बमोजिमको वर्गीकरणको आधारमा खेलाडीको पारिश्रमिक, भत्ता वा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

२८. **सजाय र कारबाहीः** (१) परिषद्ले देहाय बमोजिमको कसूरमा देहाय बमोजिम सजाय गर्नेछः-

(क) परिषद्ले दिएको निर्देशन पालना नगर्ने खेलकुद विकास समिति वा खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पच्चीस हजार रूपैयाँ जरिबाना र सोही कसूर दोहोऱ्याएमा समिति वा संस्था खारेजी,

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुने गरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमाः-

(१) प्रदेशस्तरको खेलकुद प्रतियोगिताको हकमा पच्चीस हजार रूपैयाँ जरिबाना र एक वर्षसम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध।

(२) राष्ट्रियस्तरको खेलकुद प्रतियोगिताको हकमा पचास हजार रूपैयाँ जरिबाना र दुई वर्षसम्म सोही स्तरको खेलबाट प्रतिबन्ध।

(३) अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगिताको हकमा एक लाख रूपैयाँ जरिबाना र तीन वर्षसम्म सोही स्तरको खेलबाट प्रतिबन्ध।

(२) उपदफा (१) बमोजिम परिषद्ले गरेको सजाय उपर चित्त नबुझेमा पैंतीस दिनभित्र मन्त्रालयमा पुनरावेदन दिन सकिनेछ।

२९. **<u>प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था</u>**: (१) प्रदेश सरकारले खेलकुदको विकासका लागि प्रदेश खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सक्नेछ।

(२) प्रदेश खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **<u>नियम बनाउने अधिकार:</u>** यस ऐनको उद्देश्य पूर्तिका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

♦३१. **<u>प्रदेश सरकारसँग सम्पर्क:</u>** परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा खेलकुद सम्बन्धी विषय हेर्ने मन्त्रालयमार्फत राख्नु पर्नेछ।

३२. **<u>नागरिकको कर्तव्य:</u>** खेल खेल्नु र खेलाउनु सबै नागरिकको कर्तव्य हुनेछ।

३३. **<u>यस ऐन बमोजिम हुने:</u>** यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

---

♦ पहिलो संशोधनद्वारा संशोधित।

# प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद् ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५।०९।११

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७५ सालको ऐन नं. २०

<u>प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद् स्थापना र सञ्चालन गर्न बनेको ऐन</u>

<u>प्रस्तावना</u>ः प्रदेशमा योजनाबद्ध रूपमा प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिमको व्यवस्था गरी प्राविधिक जनशक्ति उत्पादन तथा प्राविधिक सीपको स्तर निर्धारण एवं प्रमाणीकरणको लागि प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद्को स्थापना र सञ्चालन गर्न आवश्यक भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस ऐनको नाम "प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद् ऐन,२०७५ रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ख) "परिषद्" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद् सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले ◈<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

(घ) "प्रमुख कार्यकारी निर्देशक" भन्नाले दफा ४ बमोजिम नियुक्ति भएको प्रमुख कार्यकारी निर्देशकलाई सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

३. <u>परिषद्को स्थापना</u>ः (१) प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम लगायतका कार्य सञ्चालन गर्न प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिम परिषद्को गठन गरिनेछः-

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | सामाजिक विकास मन्त्री | -अध्यक्ष |
| (ख) | सदस्य, प्रदेश नीति तथा योजना आयोग (जनशक्ति हेर्ने) | -सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ) | सचिव,आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (ङ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (च) | सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (छ) | सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | -सदस्य |
| (ज) | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| (झ) | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| (ञ) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम विज्ञ तथा संस्था मध्येबाट मन्त्रालयले मनोनीत गरेको कम्तीमा दुई जना महिला सहित पाँच जना | -सदस्य |
| (ट) | औद्योगिक क्षेत्रका रोजगारदाता मध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना | -सदस्य |
| (ठ) | प्रदेश स्तरीय ट्रेड युनियन समन्वय समितिबाट एक जना | -सदस्य |
| (ड) | प्रमुख कार्यकारी निर्देशक | -सदस्य-सचिव |

(३) खण्ड (ञ), (ट), (ठ) र (ड) बमोजिम नियुक्ति एवं मनोनीत हुने सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(४) प्रमुख कार्यकारी निर्देशकको पारिश्रमिक, सेवा शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

४. **<u>प्रमुख कार्यकारी निर्देशकको नियुक्ति र योग्यता सम्बन्धी व्यवस्थाः</u>** ⁕--देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिलाई अध्यक्षको सिफारिसमा प्रदेश सरकारले प्रमुख कार्यकारी निर्देशकमा नियुक्त गर्नेछः-

(क) ◈<u>बागमती प्रदेश</u> भित्र स्थायी बसोबास गर्ने नेपाली नागरिक,

---

⁕ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा हटाइएको।

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट इञ्जिनियरिङ्ग, अर्थशास्त्र, व्यवस्थापन, शिक्षा, विज्ञान, कृषि विज्ञान र सूचना प्रविधि मध्ये कुनै विषयमा स्नातकोत्तर वा सो सरह उपाधि हाँसिल गरेको,

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमसँग सम्बन्धित विषय र क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव प्राप्त गरेको,

(घ) पैंतीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष ननाघेको,

(ङ) कुनै कानूनले अयोग्य नठहरिएको।

५. **प्रमुख कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** प्रमुख कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी नीति निर्धारण गर्न परिषद्लाई सहयोग गर्ने,

(ग) परिषद्को बैठकको निर्णय प्रमाणीकरण एवं कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने,

(छ) परिषद्ले तोकेको अन्य कार्य गर्ने, गराउने ।

६. **पद रिक्त हुने व्यवस्थाः** देहायको अवस्थामा प्रमुख कार्यकारी निर्देशक र मनोनीत सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) प्रदेश सरकार समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(ग निजको पदावधि पूरा भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरेमा,

(ङ) निजको मृत्यु भएमा ।

७. **परिषद् संगठित संस्था हुनेः** (१) दफा ३ बमोजिम गठित परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) परिषद्को आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वा बेचविखन गर्न सक्नेछ।

(४) परिषद्‌ले व्यक्ति सरह उजुर गर्न र परिषद् उपर पनि सोही नामबाट उजुर लाग्न सक्नेछ।

(५) परिषद्‌को मुख्य कार्यालय प्रदेश राजधानीमा रहनेछ।

८. **परिषद्‌को बैठक र निर्णयः** (१) परिषद्‌को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्‌को कुल सदस्य संङ्ख्याको बहुमत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संङ्ख्या पुगेको मानिनेछ।

(३) परिषद्‌को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) परिषद्‌को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) परिषद्‌को निर्णय अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) परिषद्‌को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(७) सदस्यले परिषद्‌को बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ।

९. **परिषद्‌को काम, कर्तव्य र अधिकारः** (१) परिषद्‌को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी नीति, रणनीति र योजना निर्धारण गर्ने,

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमको क्षेत्र र स्तर निर्धारण गर्ने,

(ग प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका लागि शिक्षण संस्था, प्रशिक्षण केन्द्र र अनुसन्धानशाला स्थापना र सञ्चालन गर्ने गराउने,

(घ) बहुप्राविधिक महाविद्यालय स्थापना एवं सञ्चालन गर्ने गराउने,

(ङ) सामुदायिक, निजी, सहकारी र गैर सरकारी क्षेत्रमा स्थापना वा सञ्चालन हुने प्राविधिक शिक्षा एवं व्यवसायिक तालिम सञ्चालन गर्न स्वीकृति दिने,

(च) प्रदेश सरकारको स्वामित्वमा रहेका संगठित संस्था तथा गैर सरकारी संगठित संस्थाद्वारा सीप विकासको निमित्त दिइने व्यवसायिक तालिमको अवधि, सञ्चालन शिक्षण विधि, पाठ्यक्रम, पाठ्यपुस्तक र सीप परीक्षण निर्धारण गरी लागू गर्ने गराउने,

(छ) विभिन्न तालिम सञ्चालन र समन्वय गर्ने, गराउने,

(ज) प्राविधिक प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने एवं अनुमति पत्र प्रणालीको व्यवस्था गर्ने, गराउने,

(झ) प्रशिक्षार्थी कामदार (एप्रेन्टिसशीप) सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(ञ) प्राविधिक शिक्षालयको क्षेत्रभित्र विभिन्न स्थानमा अल्पकालीन वा घुम्ती तालिम कार्यक्रम सञ्चालन गर्न प्रशिक्षण केन्द्रहरू, पाठ्य विषय (ट्रेनिङ्ग प्याकेज) तथा प्रशिक्षक सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(ट) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था गर्ने, गराउने,

(ठ) सीप विकास तालिमका लागि पाठ्यक्रम, शिक्षण विधि, गुण तथा सीपको स्तर निर्धारण गर्ने,

(ड) सरकारी तथा गैर सरकारी निकायले सञ्चालन गरेका तालिमको मूल्याङ्कन गरी स्तर निर्धारण, प्रमाणीकरण तथा मान्यता प्रदान गर्ने,

(ढ) आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक कार्य गर्ने, गराउने,

(ण) प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरबाट प्राप्त सहयोगको व्यवस्थित रूपले परिचालन गर्ने, गराउने,

(त) प्रदेश सरकारलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका लागि आवश्यक परामर्श दिने,

(थ) नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशी वा अन्तर्राष्ट्रिय संघसंस्थासँग प्राविधिक शिक्षा तथा सीप विकास तालिमको सम्झौता वा करार गर्ने,

(द) वार्षिक बजेट र प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृत गर्ने,

(ध) यस ऐनको उद्देश्य कार्यान्वयनको लागि अन्य कार्य गर्ने, गराउने,

(न) अध्यक्षले परिषद्को वार्षिक प्रतिवेदन मुख्यमन्त्रीसमक्ष पेश गर्ने,

(प) प्राचीन सीपकला संरक्षण सम्बर्द्धन र विकास गर्ने,

(फ) अनुगमन र नियमन गर्ने।

**१०. <u>प्रमाणपत्रको मान्यता</u>:** (१) परिषद्बाट सञ्चालित र स्वीकृत संस्थाबाट तोकिएको पाठ्यक्रममा आधारित भई सञ्चालन गरिएको तालिमका कुनै शैक्षिक उपाधिको प्रमाणपत्रलाई परिषद्ले मान्यता दिनेछ।

(२) कक्षा १० (माध्यमिक शिक्षा परीक्षा) उत्तीर्ण गरी परिषद् बाट सम्बन्धन प्राप्त शैक्षिक संस्थामा कम्तीमा दुई वर्ष अध्ययन र तालिम प्राप्त गरी तोकिएको परीक्षा उत्तीर्ण प्रशिक्षार्थीलाई परिषद्द्वारा प्रदान गरिएको प्रमाणपत्र अन्य शैक्षिक संस्थाको कक्षा १२ (माध्यामिक शिक्षा उत्तीर्ण परीक्षा) उत्तीर्ण गरे सरह हुनेछ।

११. **सम्बन्धन सम्बन्धी व्यवस्था**ः सम्बन्धन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **सीप प्रमाणीकरण सम्बन्धी व्यवस्थाः** सीप प्रमाणीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **समिति, उप-समिति गठन**ः परिषद्ले आफ्नो कार्य सञ्चालनका लागि आवश्यकता अनुसार विभिन्न समिति वा उप-समिति गठन गर्न सक्नेछ।

१४. **कर्मचारी सम्बन्धी व्यवस्था**ः (१) परिषद्मा प्रदेश सरकारबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमको कर्मचारी रहनेछन्।

(२) कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) परिषद्ले आवश्यकता अनुसार विज्ञ, प्रशिक्षक लगायतका अन्य व्यक्तिलाई सेवा करार गरी काममा लगाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको कर्मचारी नियुक्त नभएसम्मका लागि परिषद्लाई आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

१५. **परिषद्को कोष**ः (१) परिषद्को एउटा छुट्टै कोष हुनेछ। सो कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) नेपाल सरकारको अनुमतिमा कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय विकास साझेदार वा विदेशी संघ संस्थाबाट प्राप्त रकम,

(ग) परिषद्को चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

(घ) प्रदेश सरकारको पूर्व स्वीकृतिमा लिएको ऋण,

(ङ) कोषमा प्राप्त अन्य कुनै रकम।

(२) परिषद्को सबै रकम परिषद्को नाममा नेपाल सरकारको स्वामित्व रहेको बैंकमा जम्मा गरिनेछ।

(३) परिषद्को तर्फबाट गर्नुपर्ने सम्पूर्ण खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) परिषद्को खाता सञ्चालन र खर्च गर्ने विधि र प्रक्रिया सरकारी लेखा प्रणाली बमोजिम हुनेछ।

१६. <u>परिषद्को लेखा र लेखापरीक्षणः</u> (१) परिषद्को लेखा नेपाल सरकारको स्वीकृत ढाँचा बमोजिम हुनेछ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयले गर्नेछ।

(३) परिषद्को अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(४) मन्त्रालयले परिषद्को हिसाब किताब सम्बन्धी कागजातहरू र अरू नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

१७. <u>कार्यक्रमको अनुमति सम्बन्धी व्यवस्थाः</u> प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा एवं तालिमको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने,राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था एवं गैरसरकारी संस्थाले परिषद्सँग सम्बन्धित कार्यक्रमको लागतको विवरण सहित अनुमति लिनु पर्नेछ।

१८. <u>कारबाही र सजायः</u> परिषद्को कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ परिषद्लाई हानी नोक्सानी पुऱ्याएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

१९. <u>अधिकार प्रत्यायोजनः</u> परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार आवश्यकता अनुसार परिषद्को समिति, उप-समिति वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. <u>प्रदेश सरकारसँग सम्पर्कः</u> परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ।

२१. <u>नियम बनाउने अधिकारः</u> यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२२. <u>बचाउः</u> यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम भएका काम र प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्न आएमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७५।०९।११

<u>संशोधन गर्ने ऐन</u>

१. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ — २०७७।०४।१६

२. प्रदेश सञ्चार माध्यम व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७९ — २०७९।०४।३०

३. प्रदेश सञ्चार माध्यम व्यवस्थापन (दोस्रो संशोधन) ऐन, २०८० — २०८०।०७।२३

संवत् २०७५ सालको ऐन नं. २१

## प्रदेश सञ्चार माध्यम व्यवस्थापन सम्बन्धी ऐन

**प्रस्तावना**: नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चार एवं सूचनाको हक संरक्षण र सम्बर्धन गर्नको लागि प्रदेश भित्रका विभिन्न भाषा, साहित्य, कला र संस्कृतिको उत्थान तथा प्रवर्धनमा सहयोग पुऱ्याउन सञ्चार माध्यमको अनुमति, प्रकाशन, प्रसारण, सञ्चालन, नवीकरण र नियमनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इजाजतपत्र" भन्नाले दफा ७ बमोजिमको इजाजत पत्र सम्झनु पर्छ।

•(क१) "अनलाइन पत्रकारिता" भन्नाले इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गरी समाचार, सूचना, विचार वा श्रव्यदृश्य लगायतका समाचारमूलक वा जानकारीमूलक सामाग्रीहरुको उत्पादन, प्रकाशन वा प्रसारण वा वितरणको प्रयोजनका लागि समाचार लेखन, सूचना तथा दृश्य संकलन एवं सम्पादन सम्बन्धी प्राविधिक कार्य सम्झनु पर्छ।

•(क२) "अनलाइन सञ्चार माध्यम" भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अंगिकार गरी इन्टरनेटको माध्यममा संकेत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, गीत संगीत, भिडियो,

---

•केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

एनिमेसन तथा विभिन्न बहुमाध्यम (मल्टिमडिया) को प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार सूचना तथा समाचार, तस्विर, श्रव्यदृश्यको रूपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले श्रव्य, श्रव्य दृश्य वा विद्युतीय माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले दफा ३७ बमोजिम स्थापना भएको कार्यालय सम्झनु पर्छ।

(घ) "केबुल" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण हुने सामग्री उपभोक्ता समक्ष पुऱ्याउने प्रविधि सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "पत्रपत्रिका" भन्नाले छापा वा विद्युतीय माध्यमद्वारा प्रकाशन र प्रसारण हुने पत्रपत्रिका सम्झनु पर्छ।

(छ) "पत्रकार" भन्नाले सञ्चार माध्यमबाट प्रसारण हुने सामग्री संकलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटोपत्रकार, क्यामेरामेन, समाचार वाचक, व्यङ्ग्यचित्रकार, भाषासम्पादक, वेभडिजाइनर, स्तम्भलेखकम कार्यक्रम उत्पादक र कार्यक्रम प्रस्तोता समेतलाई जनाउँछ।

(ज) "प्रदेश" भन्नाले *बागमती प्रदेश समझनु पर्छ।

(झ) "प्रसारण" भन्नाले इसारा, ध्वनी, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट जानकारी गराउने सञ्चारसेवा सम्झनु पर्छ।

(ञ) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति वा प्रस्तोता सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ट) "प्रसारण संस्था" भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजत पत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनु पर्छ।

(ठ) "प्रेस प्रतिनिधि" भन्नाले दफा ४४ बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

•(ड१) "रेडियो उपकरण" भन्नाले यस ऐनमा फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणाली सञ्चालनका लागि प्रयोगत हुने रेडियो ट्रान्समिटर र सोसँग सम्बन्धित अन्य उपकरण मात्र सम्झनु पर्छ।

(ढ) "सञ्चार माध्यम" भन्नाले सूचना तथा सन्देश संप्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित विद्युतीय तथा छापा सञ्चार माध्यम सम्झनु पर्छ।

(ण) "सञ्चार रजिष्ट्रार" भन्नाले दफा ३१ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(त) "सञ्चालक" भन्नाले सञ्चार माध्यम सञ्चालन गर्न प्रमाण पत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(थ) "समाचारपत्र" भन्नाले सार्वजनिक एवं समसामयिक विषयका लेख, समाचार तथा विचार लगायतका विषय समावेश भएका सार्वजनिक रूपमा विक्री वा वितरण हुने पत्रपत्रिका सम्झनु पर्छ।

(द) "सम्पादक" भन्नाले सञ्चार माध्यम सञ्चालन संस्थाको समाचार वा समाचारमूलक कार्यक्रमको उत्पादन तथा प्रकाशन वा प्रसारण अधिकार र उत्तरदायित्व बहन गर्ने सम्पादक, प्रधान सम्पादक वा समाचार प्रमुख सम्झनु पर्छ।

(ध) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(न) "स्याटेलाइट" भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा प्रेषण गर्न अन्तरिक्षमा अवस्थित भू-उपग्रह सम्झनु पर्छ।

(प) "स्वतन्त्र पत्रकार" भन्नाले कुनै पनि सञ्चार मिडियासँग प्रत्यक्ष संलग्न नभई स्वतन्त्र रूपमा पत्रकारिता गर्ने व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद- २

## प्रसारण सम्बन्धी व्यवस्था

३. **प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनः** प्रदेश भित्र एकसय वाट •भन्दा माथि एक हजार वाट सम्मको रेडियो, एफ. एम. र स्याटेलाइट प्रणालीबाट प्रसारण हुने बाहेकको सञ्चार माध्यमको अनुमति, रेखदेख र सञ्चालनको नीति निर्माण गरी कार्यान्वन गर्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

४. **इजाजतपत्र नलिई प्रसारण गर्न नहुने:** यस ऐन बमोजिम सबै सञ्चार माध्यमले इजाजत पत्र लिएर मात्र कार्यक्रम प्रसारण गर्नु पर्नेछ।

---

• केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

५. **इजाजतपत्रको लागि निवेदन दिनु पर्ने:** प्रदेशभित्र रेडियो, एफ. एम. र •केबुलमा आधारित टेलिभिजन प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले सञ्चार रजिष्ट्रार समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

६. **निवेदनसाथ कागजात संलग्न गर्नुपर्ने:** (१) दफा ५ बमोजिमको निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछः-

(क) प्रसारण संस्था दर्ताको प्रमाणपत्र,

(ख) सम्बन्धित संस्थाको विधान,

(ग) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) तोकिए बमोजिम निवेदन दस्तुर बुझाएको नगदी रसिद वा तोकिएको राजस्व खातामा जम्मा गरेको बैंक भौचर र

(ङ) प्रसारण केन्द्र रहने ठाउँको नक्सा सहितको विवरण।

•(च) तोकिए बमोजिमको अन्य कागजात।

(२) उपदफा (१) बमोजिमको कागजातको साथ सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक, प्राविधिक तथा व्यवसायिक क्षेत्रको विस्तृत अध्ययन गर्न लगाई तयार गरेको प्रतिवेदन समेत संलग्न गर्नुपर्नेछ।

७. **इजाजतपत्र दिन सकिने**: (१) दफा ५ बमोजिमको निवेदन पर्न आएमा सञ्चार रजिष्ट्रारले उक्त निवेदन उपर आवश्यक छानविन गर्दा इजाजतपत्र दिन मनासिब देखेमा निवेदकलाई तोकिएको शर्तहरु पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न पैंतालीस दिनभित्र तोकिएको दस्तुर लिई इजाजतपत्र दिनेछ।

(२) इजाजतपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम इजाजतपत्र दिन नसक्ने भए सो को आधार र कारण खुलाई निर्णय भएको सात दिनभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको जानकारी उपर चित्त नबुझ्ने पक्षले जानकारी प्राप्त गरेको मितिले तीस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिमको निवेदन परेको मितिले एक महिना भित्र मन्त्रालयले आवश्यक छानविन गरी निर्णय गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

(७) यस अघि दर्ता भएका सञ्चार माध्यमहरुले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र अभिलेखीकरण गरी सञ्चालन गर्नु पर्नेछ।

---

• केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

८.	•**<u>प्रसारण शुरु गर्नुपर्ने अवधिः</u>-** (१) दफा ७ को उपदफा (१) बमोजिम इजाजत प्राप्त गरेको एक बर्षभित्रमा अनिवार्य रूपमा प्रसारण गर्नुपर्नेछ र त्यस्तो कार्य प्रसारण हुनु अघि प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समय तालिका र प्रसारण गरिने कार्यक्रमको विवरण समेत सञ्चार रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजत प्राप्त गरेको एक वर्षभित्र प्रसारण नगरेमा सो अवधि समाप्त हुनु अगावै मनासिव कारण देखाई म्याद थपको लागि निवेदन दिएमा सञ्चार रजिष्ट्रारले छ महिनाका लागि प्रसारण गर्ने अवधि थप गरिदिन सक्नेछ।

(३) यस दफाबमोजिम प्रसारण शुरु गर्नुपर्ने अवधिभित्र प्रसारण नगरेमा संस्थाले प्राप्त गरेको फ्रिक्वेन्सीका सम्बन्धमा आवश्यक कारबाहीका लागि सञ्चार रजिष्ट्रारले मन्त्रालयमार्फत नेपाल सरकार समक्ष लेखी पठाउनु पर्नेछ।

•८क.	**<u>रेडियो उपकरण अनुमतिपत्र सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यालयले आवश्यक प्रक्रिया पूरा गरी संघीय कानून बमोजिम मापदण्ड पुगेका उपकरणहरु तोकिएका अनुमति प्राप्त विक्रेताबाट खरिद गर्ने प्रमाणका आधारमा रेडियो उपकरण लाईसेन्स जारी गर्न सक्नेछ।

(२) रेडियो उपकरण अनुमतिपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

९.	**<u>प्रसार केन्द्र स्थापनाः</u>** (१) कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानीमा स्वदेशी व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट टेलिभिजन बाहेकको टेलिभिजन सम्बन्धी प्रसारण केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमका कागजात संलग्न गरी तोकिए बमोजिको ढाँचामा तोकिए बमोजिमको दस्तुर बुझाई निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदन उपर आवश्यक छानविन गर्दा निवेदकलाई टेलिभिजन सम्बन्धी कार्यक्रम प्रसारण गर्ने अनुमति दिन मनासिब देखेमा तोकिए बमोजिमको दस्तुर लिई तोकिएको सर्तहरु पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न दिनेछ।

(३) अनुमति पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

१०.	**<u>नवीकरण सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यक्रम प्रसारण गर्ने संस्था वा व्यक्तिले प्राप्त इजाजतपत्रको प्रत्येक आर्थिक वर्ष समाप्त ⁎<u>हुनु अगावै रेडियो उपकरण अनुपतिपत्र समेतको</u> नवीकरण गर्नु पर्नेछ र नवीकरण सम्बन्धी सर्तहरु र सो बापत बुझाउनु पर्ने शुल्क र दस्तुर तोकिए बमोजिम हुनेछ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि प्रचलित कानून बमोजिम प्रसारण गर्न इजाजतपत्र पाएका प्रसारण गर्ने संस्थाले यस ऐन बमोजिम इजाजत पाएको मानिनेछ र त्यस्ता संस्थाले यो ऐन प्रारम्भ भएपछि तोकिए बमोजिम नवीकरण गर्नु पर्नेछ।

---

♦ दोस्रो संशोधनद्वारा संशोधित।

• केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

⁎ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(३) अन्य प्रदेशमा प्रचलित कानून बमोजिम प्रसारण इजाजत लिई कार्यक्रम प्रसारण गरेका संस्थाले यस प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखी छुट्टै रिले स्टेसन स्थापना गरी कार्यक्रम प्रसारण गरेमा त्यस्ता प्रसारण संस्थाले तोकिए बमोजिमको सर्त पालना गर्नु पर्नेछ।

११. **प्रसारणमा रोक लगाउन सकिने**: नेपालको संविधानको धारा ५ र धारा १९ को मर्म र भावना विपरीत काम गरेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी एक पटकमा छ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

१२. [*]**नियमन गर्न सकिने**: मन्त्रालय वा कार्यालयले कुनै सञ्चार संस्थाले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका एवं मापदण्डको पालना भए नभएको सम्बन्धमा नियमन गर्न सक्नेछ। त्यसरी नियमन गर्दा कानून विपरीत कार्य गरेको पाइएमा आवश्यक कारबाही गर्नेछ।

१३. **प्रसारण तथा वितरण शुल्कः** (१) प्रसारण संस्थाले कुनै कार्यक्रम [♣]प्रसारण तथा वितरण गरे बापत सञ्चार रजिष्ट्रारको कार्यालयमा प्रसारण तथा वितरण शुल्क (रोयल्टी) बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क तोकिए बमोजिम हुनेछ।

१४. **कार्यक्रम उत्पादन तथा प्रसारण**: प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनु पर्नेछः-

(क) प्रदेशमा सञ्चालन गरिने कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य तथा खेलकुद, परिवार नियोजन र पर्यटन, वन तथा वातावरण संरक्षण लगायतका विकासमूलक कार्यक्रम,

(ख) प्रदेशभित्रका जात जाति, भाषा, वर्ग, क्षेत्र, लिङ्ग तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भाव र सामन्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू,

(ग) प्रदेशभित्रका विभिन्न भाषा, साहित्य र संस्कृतिको उत्थानमा सहयोग पुर्याउने कार्यक्रम,

(घ) राष्ट्रिय हित र राष्ट्रिय एकतामा अभिबृद्धि गराउने विषयका कार्यक्रम,

(ङ) कानूनी सचेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रमहरू,

(च) सामाजिक चेतना बढाउने र लोकतान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू,

---

[*] पहिलो संशोधनद्वारा संशोधित।

[♣] केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(छ) अन्तर प्रदेश र छिमेकी मुलुक तथा मित्रराष्ट्रहरू सँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रमहरू,

(ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीति सम्बन्धी कार्यक्रमहरू,

(झ) प्रदेशभित्रको लोक गीत र लोक संस्कृतिको प्रवर्द्धन तथा सम्बर्द्धन हुने कार्यक्रमहरू,

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भए गरेका महत्वपूर्ण गतिविधिहरू,

(ट) प्रदेशभित्रका भौतिक, जैविक तथा प्राकृतिक र वैज्ञानिक खोज अनुसन्धानका कार्यक्रमहरु।

१५. <u>विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउन सकिने</u>: विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमहरूले प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी कार्यक्रम प्रसारण गर्न सञ्चार रजिष्ट्रारले समय उपलब्ध गराउन सक्नेछ।

१६. <u>विज्ञापन प्रसारण गर्न नपाइने</u>: (१) दफा १५ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रसारण संस्थाले देहायको कुराहरूको विज्ञापन प्रसारण गर्न गराउन हुँदैनः-

(क) राजनैतिक दलहरूलाई झुठो आरोप र लान्छना लगाउने विषयका कुराहरू,

(ख) अश्लिल तथा कुनै व्यक्तिको मञ्जुरी बिना निजको पारिवारिक तथा सामाजिक पक्षसँग सम्बन्धित सामग्रीहरू,

(ग) राज्य विरुद्धको हिंसात्मक गतिविधिलाई बढावा दिने सामग्रीहरू,

(घ) जनमानसमा अस्वाभाविक भय, डर, हिंसा, झुट्टा अफबाह फैलाउने लगायत आतङ्क पैदा गर्ने प्रकृतिका सामग्रीहरु,

(ङ) राज्यका परराष्ट्र नीति विपरीतका कुराहरु,

(च) कुनै पनि जातजात, भाषा, धर्म, लिङ्ग, वर्ग र संस्कृतिलाई अवहेलना गर्ने तथा द्वेष उत्पन्न गर्ने सामग्रीहरू,

(छ) महिला हिंसालाई बढावा दिने, महिलाको अपमान गर्ने र बेइज्जत गर्ने प्रकृतिका सामग्रीहरु।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा सम्बन्धित राजनीतिक दलले निर्वाचन आयोगको अनुमति लिई कुनै पनि राजनीतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रम लगायतको जानकारी गराउन यस दफाले बन्देज लगाएको मानिने छैन।

१७. **प्रसारकको काम, कर्तव्य र अधिकार**ः प्रसारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यता बारे आवश्यक छानविन गरी निर्धारित समयमा प्रसारण गर्ने, गराउने,

(ख) निष्पक्ष र तथ्यमा आधारित समाचारको सम्पादन तथा प्रसारण गर्ने, गराउने,

(ग) सार्वजनिक सुरक्षा, नैतिकता र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रम प्रसारण गर्न, गराउन नहुने,

(घ) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने,

(ङ) लापरवाही वा हेलचेक्र्याईंपूर्वक कुनै पनि कुराको प्रसारण गर्न वा गराउन नहुने,

(च) कुनै विवादास्पद विषयमा प्रसारण गर्नु परेमा वस्तुनिष्ठ र यथार्थपरक ढंगबाट विश्लेषण गरी वस्तुस्थितिलाई नबंग्याई प्रसारण गर्नु पर्ने,

(छ) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्रीको प्रसारण गर्न नहुने,

(ज) प्रसारण संस्थाले तोकिदिए बमोजिम अन्य कार्य गर्ने।

१८. **फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था**: फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

१९. **प्रसारण माध्यमको वर्गीकरण:** (१) सञ्चार रजिष्ट्रारले प्रदेशभित्रको प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारक, सामुदायिक प्रसारक र निजी एवं व्यापारिक प्रसारकको रूपमा वर्गीकरण गर्न सक्नेछ।

(२) उपधारा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## पत्रपत्रिका सम्बन्धी व्यवस्था

२०. **पत्रपत्रिका दर्ता गर्नु पर्ने:** (१) सार्वजनिक रूपमा बिक्री वितरण हुने पत्रपत्रिका प्रदेशभित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ सङ्ख्या, छापिने सङ्ख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका दर्ता गर्नको लागि तोकिए बमोजिमको दस्तुर सहित तोकिएको ढाँचामा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

तर प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, प्रदेश सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, कुनै राजनैतिक दल वा संगठनको मुखपत्रको

रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफा बमोजिम दर्ता गराउन आवश्यक पर्ने छैन।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारीले सो निवेदन उपर आवश्यक छानविन गरी पैंतीस दिनभित्र निवेदकलाई त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न तोकिए बमोजिम अस्थायी प्रमाणपत्र दिनेछ।

तर निवेदनमा उल्लिखित पत्रपत्रिकाको नामसँग मिल्ने गरी अर्को कुनै पत्रपत्रिका दर्ता भैसकेको रहेछ भने निवेदकलाई त्यस्तो नामबाट अस्थायी प्रमाणपत्र दिइने छैन।

(३) उपदफा (२) बमोजिम अस्थायी प्रमाणपत्र दिइसकेपछि प्रमुख जिल्ला अधिकारीले त्यस्तो पत्रपत्रिकाको सम्पूर्ण विवरण सहित सो कुराको सूचना सञ्चार रजिष्ट्रारलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि सञ्चार रजिष्ट्रारले सो पत्रपत्रिकाको नामसँग मिल्ने गरी अन्य कुनै पत्रपत्रिका दर्ता भएको छ छैन हेरी सो नामसँग मिल्ने गरी दर्ता भएको रहेनछ भने त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने गरी सञ्चार रजिष्ट्रारले स्वीकृति दिनेछ।

(५) उपदफा (४) बमोजिम सञ्चार रजिष्ट्रारबाट स्वीकृति पाएपछि प्रमुख जिल्ला अधिकारीले सम्बन्धित निवेदकलाई स्थायी प्रमाणपत्र दिनेछ।

(६) निवेदकलाई स्थायी प्रमाणपत्र दिन नमिल्ने उचित कारण भएमा प्रमुख जिल्ला अधिकारीले सोही कुराको जानकारी निवेदकलाई सामान्यतया दरखास्त परेको तीन महिनाभित्र दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको जानकारी दिएपछि निवेदकको अस्थायी प्रमाणपत्र स्वतः खारेज हुन्छ।

(८) उपदफा (५) बमोजिम प्रमाणपत्र दिएपछि प्रमुख जिल्ला अधिकारीले पत्रपत्रिका सम्बन्धी विवरण दर्ता किताब र विद्युतीय माध्यममा अभिलेख राख्नु पर्नेछ।

(९) पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नु पर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीबाट स्वीकृति लिनु पर्नेछ।

(१०) उपदफा (९) मा उल्लेख भएदेखि बाहेक पत्रपत्रिका सम्बन्धी अन्य विवरणमा कुनै परिवर्तन गर्नु परेमा स्वीकृतिको लागि त्यसको विवरण प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम विवरण प्राप्त हुनासाथ प्रमुख जिल्ला अधिकारीले उपदफा (८) बमोजिमको अभिलेख राखी त्यसको स्वीकृति सम्बन्धित प्रकाशकलाई दिनु पर्नेछ।

(१२) यस दफा बमोजिम दर्ता भएको पत्रपत्रिकाको विवरणमा भएका परिवर्तनको जानकारी प्रमुख जिल्ला अधिकारीले सञ्चार रजिष्ट्रारलाई दिनु पर्नेछ।

२१. **पत्रपत्रिकाको अभिलेख गराउनु पर्ने:** (१) कसैले विदेशी पत्रपत्रिकाको प्रदेश संस्करण तथा मुद्रण गर्न चाहेमा पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ सङ्ख्या, छापिने सङ्ख्या र प्रकाशित हुने स्थान समेत खलाई पत्रपत्रिका अभिलेखको लागि तोकिए बमोजिमको ढाँचामा सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

तर सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, प्रदेश सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, कुनै राजनीतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने प्रकाशनलाई यस दफा बमोजिम अभिलेख गराउन पर्ने छैन।

(२) सञ्चार रजिष्ट्रारले उपदफा (१) बमोजिम अभिलेखका लागि पेश हुन आएको निवेदन छानविन गर्दा प्रकृया नपुगेको पाइएमा सोको कारण खोली निवेदन फिर्ता गर्नु पर्नेछ र अभिलेख भएको पत्रपत्रिकाको विवरण खुल्ने भए तोकिएको ढाँचामा छुट्टै अभिलेख किताब खडा गरी राखु पर्नेछ।

(३) प्रदेशस्तरको पत्रपत्रिकाको नाम, किसिम, भाषा र आकार परिवर्तन गर्नु पर्ने भएमा, एकभन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा वा अन्य विवरण परिवर्तन गर्नु पर्ने भएमा उपदफा (१) बमोजिम सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिई परिवर्तित विवरण स्वीकृत गराउनु पर्नेछ।

२२. **पत्रपत्रिकामा उल्लेख गर्नु पर्ने:** पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अंक तोकिए बमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।

२३. **पत्रपत्रिकाको आकार र पृष्ठ सङ्ख्या:** (१) दफा २१ बमोजिम अभिलेखीकरण भई प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम र अधिकतम आकार र पृष्ठ सङ्ख्या तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ सङ्ख्यामा घटी बढी गरी प्रकाशित हुने पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन प्रदान गरिने छैन।

२४. **पत्रपत्रिकाको प्रकाशन:** प्रकाशकले पत्रपत्रिकाको प्रत्येक संस्करण दफा २१ बमोजिमको अभिलेखमा उल्लिखित विवरणमा फरक नपारी प्रकाशन गर्नु पर्नेछ।

२५. **पत्रपत्रिकाको वर्गीकरण:** (१) सञ्चार रजिष्ट्रारमा अभिलेखीकरण भएका पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट उपलब्ध गराइने सेवा सुविधा तथा विज्ञापन उपलब्ध गराउने प्रयोजनका लागि तोकिए बमोजिमको प्रक्रिया अपनाई वर्गीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गर्दा पत्रपत्रिका प्रकाशन संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, पत्रपत्रिकाको पहुँच क्षेत्र र अन्य तोकिएको आधारमा सञ्चार रजिष्ट्रारले वर्गीकरण गर्नेछ।

२६. **<u>पत्रपत्रिका दर्ता खारेज नगरिने</u>:** (१) दफा २० बमोजिम दर्ता भई दफा २१ बमोजिम अभिलेखीकरण भएको कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशित गरे बापत त्यस्तो पत्रपत्रिका अभिलेखीकरणबाट हटाउने वा दर्ता खारेज वा जफत गरिने छैन।

(२) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशित गरेमा त्यस्तो पत्रपत्रिकालाई पहिलो पटक सचेत गराउन सकिनेछ।

♦(३) उपदफा (२) बमोजिम सचेत गराउदा समेत यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै सामग्री प्रकाशन गरेमा मन्त्रालयले यस्तो प्रकाशन संस्थाले प्राप्त गरेको प्रमाणपत्र रद्द गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम ♦<u>प्रमाणपत्र</u> रद्द गर्नु अघि मन्त्रालयले त्यस्तो पत्रपत्रिकालाई आफ्नो सफाइ पेश गर्न मनासिव माफिकको मौका दिनु पर्नेछ।

## परिच्छेद- ४

## <u>अनलाइन सञ्चार माध्यम सम्बन्धी व्यवस्था</u>

२७. ✂.......................

•२७क. **<u>अनलाइन सञ्चार माध्यमको दर्ता</u>:** (१) अनलाइन सञ्चार माध्यम सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको विवरण सहित सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्ति वा संस्थालाई सञ्चार रजिष्ट्रारले कागजात अध्ययन गर्दा अनलाइन सञ्चार माध्यम दर्ता गर्न मनासिव देखेमा दर्ता प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

(३) अनलाइन सञ्चार माध्यमलाई सञ्चार रजिष्ट्रारले दर्ता किताब र विद्युतीय अभिलेखमा राख्नु पर्नेछ।

(४) संघीय कानून बमोजिम दर्ता भएका अनलाइन सञ्चार माध्यमहरुले यस ऐन बमोजिम सञ्चालन हुन चाहेमा अभिलेखीकरणका लागि निवेदन दिनु पर्नेछ र यसरी अभिलेखीकरण हुन आएका अनलाइन सञ्चार माध्यम यसै कानून बमोजिम दर्ता भएको मानिनेछ।

(५) अनलाइन सञ्चार माध्यमको दर्ता तथा अभिलेख सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

♦ दोस्रो संशोधनद्वारा संशोधित।

✂ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा झिकिएको।

• केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

२८. **<u>अनलाइन पत्रकारिताको प्रमाणपत्र दिनु पर्ने</u>:** (१) सञ्चार रजिष्ट्रारले दफा २९ बमोजिम सञ्चार रजिष्ट्रारको कार्यालयमा अभिलेखीकरण भएको अनलाइन सञ्चार माध्यमलाई अनलाइन पत्रकारिताको प्रमाणपत्र दिनेछ।

(२) अनलाइन सञ्चार माध्यमको अभिलेखीकरण गर्ने, प्रमाणपत्र दिने र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **<u>विवरण राख्नु पर्ने</u>:** अनलाइन सञ्चार माध्यमले देहायका विवरण आफ्नो वेवसाइटमा राख्नु पर्नेछः-

(क) सञ्चार रजिष्ट्रारबाट प्राप्त अभिलेखीकरणको नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना, फोटो, सम्पर्क फोन नम्बर, इमेल, फेसबुक पेज, वेवसाइट,

(ख) सञ्चालक, सम्पादक, समाचार प्रमुख र सम्वाददाताको नाम, ठेगाना, फोटो, सम्पर्क फोन नम्बर, इमेल,

(ग) तोकिए बमोजिमका अन्य विषय।

३०. **<u>विदेशबाट प्रकाशित अनलाइन न्यूज पोर्टल</u>:** विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्यूज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ४६ विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा सञ्चार रजिष्ट्रारले त्यस्तो सामग्रीलाई प्रदेशभित्र प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्नेछ।

## परिच्छेद- ५

## <u>सञ्चार रजिष्ट्रार सम्बन्धी व्यवस्था</u>

३१. **<u>सञ्चार रजिष्ट्रारको नियुक्ति</u>:** सञ्चार माध्यमको दर्ता, अभिलेखीकरण, इजाजत, अनुगमन तथा नियमन गर्न मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले एक सञ्चार रजिष्ट्रारको नियुक्ति गर्नेछ।

+तर सञ्चार रजिष्ट्रारको नियुक्ति नभएसम्म वा पन्ध्र दिनभन्दा बढी बिदामा बसेमा वा पद रिक्त भएको अवस्थामा मन्त्रालयको सचिवले सञ्चार रजिष्ट्रारको रूपमा कामकाज गर्नेछ।

३२. **<u>योग्यता</u>:** सञ्चार रजिष्ट्रारको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको,

---

+ पहिलो संशोधनद्वारा थप।

(घ) सम्बन्धित क्षेत्रमा कम्तीमा दस वर्षको अनुभव हासिल गरेको,

(ङ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(च) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको।

+३२क. **<u>शपथ ग्रहण</u>**ः सञ्चार रजिष्ट्रारले कार्यभार सम्हाल्नु अघि मन्त्रालयको मन्त्री समक्ष अनुसूचीको ढाँचामा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ।

३३. **<u>पारिश्रमिक र सुविधा</u>**ः दफा ३१ बमोजिम नियुक्त हुने सञ्चार रजिष्ट्रारको पारिश्रमिक र सुविधा नेपाल सरकारको रा.प. प्रथम श्रेणीको कर्मचारीले पाए सरह हुनेछ।

•३३क. **<u>बिदा एवं भ्रमण आदेश स्वीकृत गर्ने अधिकारी</u>**: सञ्चार रजिष्ट्रारको बिदा एवं देश भित्र गर्ने भ्रमण आदेशको स्वीकृत गर्ने अधिकारी मन्त्रालयको सचिव हुनेछ।

३४. **<u>पदावधि</u>**: सञ्चार रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

३५. **<u>सञ्चार रजिष्ट्रारको पद रिक्त हुने व्यवस्था</u>**ः देहायको अवस्थामा सञ्चार रजिष्ट्रारको पद रिक्त भएको मानिनेछः-

(क) प्रदेश सरकार समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(ख) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(ग) निजको पदावधि पूरा भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरेमा,

(ङ) निजको मृत्यु भएमा।

३६. **<u>सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकार</u>**ः सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दैनिक प्रशासनिक कार्य गर्ने,

(ख) एफ.एम रेडियो, टेलिभिजन र पत्रपत्रिका सञ्चालनको अनुमतिपत्र प्रदान गर्ने, नवीकरण, वर्गीकरण र नियमन गर्ने,

(ग) पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यम, रेडियो, सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,

+(ग१) प्रदेश सरकारका लोक कल्याणकारी सूचना तथा विज्ञापनलाई प्रदेशमा दर्ता भएका सञ्चार माध्यमलाई मन्त्रालयले तोकिएको कार्यविधि बमोजिम वितरण गर्ने।

---

+ पहिलो संशोधनद्वारा थप।

• केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

+ दोस्रो संशोधनद्वारा थप।

(घ) सञ्चार प्रविधिको प्रयोग र विकास प्रवर्धनका लागि आवश्यक कार्य गर्ने,

(ङ) सञ्चारका माध्यमलाई दिइने सुविधाका सम्बन्धमा प्रदेश सरकारलाई सिफारिश गर्ने,

(च) नीति कार्यक्रम एवं बजेट तयार गर्ने,

(छ) बजेट खर्च गर्ने, खर्चको लेखा राख्ने र लेखा परीक्षण गराउने,

(ज) आफूलाई प्राप्त अधिकार मातहतका अन्य कर्मचारीलाई प्रत्यायोजन गर्ने,

(झ) मन्त्रालयले समय समयमा दिएको निर्देशन बमोजिमको कार्य गर्ने,

(ञ) तोकिएका अन्य कार्य गर्ने।

३७. **कार्यालयः** सञ्चार रजिष्ट्रारको कार्यालय प्रदेशको राजधानीमा रहनेछ।

३८. **कर्मचारी सम्बन्धी व्यवस्था**ः सञ्चार रजिष्ट्रारको कार्यालयलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारको स्वीकृत दरबन्दी बमोजिम मन्त्रालयले व्यवस्था गर्नेछ।

३९. **प्रतिवेदनः** सञ्चार रजिष्ट्रारले आफूले सम्पादन गरेका कार्यहरुको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद- ६

## सञ्चार सम्बन्धी अन्य व्यवस्था

४०. **कार्यविधि बनाई लागू गर्ने**ः (१) यस ऐन बमोजिम सञ्चालित सञ्चार माध्यमले प्रकाशन, प्रसारण लगायतका काम कारबाहीलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी, जवाफदेही बनाउन यस ऐनको प्रतिकूल नहुने गरी कार्यविधि बनाई लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिमा देहायका विषय समावेश गर्नु पर्नेछः-

(क) सञ्चार माध्यमले प्रकाशन वा प्रसारणको स्वनियमन र स्वमूल्याङ्कनका लागि आफ्नो संस्थासँग असम्बद्ध र कुनै स्वार्थ नरहेको स्वतन्त्र विज्ञ सहितको सञ्चार माध्यम स्वनियमन समिति गठन गर्ने विषय,

(ख) सञ्चार माध्यमले आफ्नो र आफ्ना कर्मचारीहरुको लागि आवश्यक आचार संहिताको निर्माण गरी लागू गर्ने विषय,

(ग) सञ्चार माध्यमले प्रकाशन वा प्रसारण गरेको कुनै विषयले मर्का परेको भनी कुनै व्यक्ति वा संस्थाले गुनासो वा खण्डन गरेमा सोको सुनुवाइ गर्ने विषय,

(घ) कर्मचारीले प्राप्त गर्ने सेवा सुविधा सम्बन्धी विषय,

(ङ) कार्यविधि सम्बन्धी अन्य विषय तोकिए बमोजिम हुनेछ।

४१. <u>**लगानी सम्बन्धी व्यवस्थाः**</u> (१) कुनै पनि व्यक्ति, समूह वा संस्थाले सञ्चार माध्यम सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण वा इजाजत लिनका लागि दिइने निवेदन साथ सम्बन्धित सञ्चार माध्यममा गरिने लगानीको स्रोत खुलाउनु पर्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सञ्चार माध्यममा पचास प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेका व्यक्ति, परिवार वा समूहले सो बाहेक एकै प्रकृतिका अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न पाउने छैन।

(३) सञ्चारमा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. <u>**सञ्चारको स्वामित्व हस्तान्तरणः**</u> यस ऐन बमोजिम अभिलेखीकरण भएको सञ्चार माध्यमको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्तिले सात दिनभित्रमा सोको जानकारी तोकिए बमोजिमको ढाँचामा सञ्चार रजिष्ट्रारलाई दिनु पर्नेछ र सो को विवरण सञ्चार रजिष्ट्रारको कार्यालयले दर्ता किताबमा जनाई राख्नु पर्नेछ।

४३. <u>**सञ्चार माध्यम सञ्चालन शुरु भएको तथा बन्द भएको जानकारी दिनुपर्ने**</u>: (१) सञ्चार माध्यमले प्रकाशन तथा प्रसारण शुरु भएको जानकारी सञ्चार रजिष्ट्रारलाई दिनु पर्नेछ।

(२) सञ्चार रजिष्ट्रारको कार्यालयमा अभिलेखीकरण भएका सञ्चार माध्यम कुनै कारणले सञ्चालन गर्न नसकेमा वा सञ्चालन भई बन्द गर्नु परेमा सोको जानकारी सञ्चार रजिष्ट्रारलाई गराउनु पर्नेछ।

४४. <u>**प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्थाः**</u> (१) कुनै नेपाली वा विदेशी सञ्चार सम्बन्धी संस्थाले प्रदेशभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरुको नाम, योग्यता र कार्यक्षेत्र समेत उल्लेख गरी तोकिए बमोजिमको विवरण सञ्चार रजिष्ट्रार समक्ष बुझाउनु पर्नेछ।

तर विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकार प्रमुख वा उच्चस्तरीय प्रतिनिधि मण्डल प्रदेश भ्रमणमा आउँदा साथमा आउने पत्रकार वा प्रदेश सरकारको निमन्त्रणामा प्रदेश भ्रमणमा आउने पत्रकारहरुको लागि उक्त भ्रमण अवधिभरको लागि त्यस्तो विवरण दिन आवश्यक नपर्ने गरी सञ्चार रजिष्ट्रारले छुट दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण पठाउने सञ्चार सम्बन्धी संस्थाका प्रतिनिधिहरुलाई सञ्चार रजिष्ट्रारले प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्नेछ।

✂(३) ..........

(४) उपदफा (२) वा (३) बमोजिम प्रेस प्रतिनिधि र प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिस साथ तोकिए बमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ

---

✂ दोस्रो संशोधनद्वारा झिकिएको

र सञ्चार प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोही बमोजिम निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको निवेदन प्राप्त भएपछि सञ्चार रजिष्ट्रारले त्यस्तो निवेदन उपर आवश्यक छानविन गरी तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा निवेदनवालालाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र पाएको व्यक्तिले यस ऐन र प्रचलित कानूनको अधीनमा रही आफ्नो कार्य क्षेत्रभित्र समाचार संकलन गर्न सक्नेछ।

(७) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४५. **प्रकाशन तथा प्रसारण गर्न नहुने:** (१) देहायका कुराहरु कुनै पनि स्वदेशी, विदेशी सञ्चारको माध्यमबाट प्रकाशन, प्रसारण गर्न तथा सञ्चार सामग्रीको उत्पादन र प्रवाह गर्न हुँदैनः-

(क) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाई बीचको सुसम्बन्धमा आँच आउने,

(ख) विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने,

(ग) राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने,

(घ) सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल हुने,

(ङ) श्रम प्रति अवहेलना गर्ने,

(च) जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने।

(२) उपदफा (१) बमोजिम प्रसारण गर्न नहुने सम्बन्धी व्यवस्था विदेशी प्रकाशनको प्रदेश संस्करण वा मुद्रण र अन्य प्रसारण पुनः प्रसारण रिले प्रसारणमा समेत लागू हुनेछ।

## परिच्छेद- ७

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

४६. **दण्ड सजाय:** (१) कसैले दफा ४ बमोजिम इजाजतपत्र नलिई कार्यक्रम उत्पादन, वितरण +प्रसारण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई +वा संस्थाको कार्यकारी प्रमुखलाई कार्यालयले पन्ध्र दिनको समयावधि दिई पहिलो पटक सचेत गराउने र पुनः सोही प्रकृतिको कसूर दोहो-याएमा इजाजतपत्र दस्तुर वापत लाग्ने दस्तुर बराबर रकम असूल उपर गरी सो बराबरको रकम जरिबाना ✂........ हुनेछ।

---

+ पहिलो संशोधनद्वारा थप।

♦(१क) कुनै सञ्चार माध्यमले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीबमोजिम नवीकरण नगरी कार्यक्रम सञ्चालन गरेमा त्यस्तो सञ्चार संस्थाका सम्बन्धमा प्रचलित संघीय कानूनबमोजिम कारबाहीका लागि सञ्चार रजिष्ट्रारको कार्यालयले मन्त्रालयमार्फत नेपाल सरकार समक्ष लेखी पठाउन सक्नेछ।

(२) कसैले दफा ४५ बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी पच्चीस हजार रूपैयाँसम्म जरिबाना ✂........ हुनेछ।

⋆(३) कसैले उपदफा (१), (१क) र (२) मा लेखिएदेखि बाहेक यस ऐन बमोजिम गर्नुपर्ने कार्य नगरेको वा गर्न नहुने कार्य गरेमा कार्यालयले कसूरको मात्रा हेरी तीन हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

४७. **सफाइको मौका दिनु पर्ने:** यस ऐन बमोजिम कारबाही र जरिबाना गर्नु अघि सञ्चार रजिष्ट्रारले सफाइको मौका दिनु पर्नेछ।

४८. ⋆**पुनरावेदन:** यस ऐन बमोजिम भएको सजायको निर्णय उपर चित्त नबुझ्ने पक्षले पुनरावेदन दिन चाहे त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र कार्यालयले गरेको निर्णयको हकमा मन्त्रालयको सचिव समक्ष र मन्त्रालयले गरेको सुरु निर्णयको हकमा सम्बन्धित सञ्चार संस्था रहेको जिल्ला अदालत समक्ष पुनरावेदन दिन सक्नेछ।

४९. ✂............

५०. ✂..........

## परिच्छेद- ८

## विविध

५१. **किताबको अभिलेखीकरण गराउनु पर्ने:** (१) कुनै पनि किताबको प्रकाशकले प्रकाशित किताब बिक्री वितरण गर्नु अघि त्यस्तो किताबको दुई प्रति विनामूल्य अभिलेखीकरणको लागि सञ्चार रजिष्ट्रारमा बुझाउनु पर्नेछ।

(२) सञ्चार रजिष्ट्रार उपदफा (१) बमोजिम किताब अभिलेखीकरण गर्दा तोकिए बमोजिमको विवरण सहित तोकिएको ढाँचामा अभिलेखीकरण गर्नुपर्नेछ।

५२. **किताबमा उल्लेख गर्नु पर्ने कुराहरु:** किताबको प्रकाशकले प्रत्येक किताबमा प्रकाशक, सम्पादक वा लेखक वा अनुवादक, मुद्रक, छापाखाना र प्रतिलिपि अधिकार पाउने व्यक्ति समेत सबैको नाम, संस्करणको सङ्ख्या, वर्ष र सो संस्करणमा छापिएको प्रति तथा बिक्री मूल्य आदि स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।

---

♦ दोस्रो संशोधनद्वारा संशोधित।

✂ पहिलो संशोधनद्वारा झिकिएको।

⋆ पहिलो संशोधनद्वारा संशोधित।

५३. **वृत्ति विकास कोषको स्थापना**: (१) प्रदेश सरकारले पत्रकारिता क्षेत्रमा *कम्तीमा निरन्तर तीस वर्ष अवधिसम्म योगदान पुऱ्याएका जेष्ठ पत्रकारहरुलाई मासिक वृत्ति प्रदान गर्ने उद्देश्यले एउटा पत्रकार वृत्तिकोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्वन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ।

(३) पत्रपत्रिका क्षेत्रमा स्थायित्व, क्षमता अभिवृद्धि र व्यवसायिक सुरक्षा प्रदान गर्ने हेतुले महिला पत्रकारलाई लक्षित गरी एक कोष खडा गरी प्रदेश स्तरमा अर्धवार्षिक रूपमा विभिन्न तालिम सहितको कार्यक्रम सञ्चालन गरिनेछ।

+५३क. **क्षमता विकासको कार्यक्रम सञ्चालन गर्न सक्ने**: प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यम लक्षित गरी अध्ययन सामग्री उत्पादन तथा वितरण र क्षमता विकासका लागि सञ्चार रजिष्ट्रारले तालिम, लेखनबृत्ति तथा प्राविधिक परामर्श कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

५४. **पत्रकार कल्याण कोषको स्थापना**: (१) प्रदेश सरकारले पत्रकारिताको कार्य सम्पादन गर्दा कुनै दुर्घटना परी घाइते भएको वा दीर्घ रोगबाट पीडित पत्रकारको सहयोगको लागि एउटा पत्रकार कल्याण कोष स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

+५४क. **पुरस्कार प्रदान गर्न सकिने**: प्रदेशमा क्रियाशील पत्रकार र सञ्चार माध्यमलाई प्रदेश सरकारले तोकिएको मापदण्ड र तोकिएको विधामा पुरस्कृत गर्न सक्नेछ।

५५. **सूचना बैंकको स्थापना**: (१) प्रदेश सरकारले सरकारी तथा सार्वजनिक निकायबाट प्रकाशित सामग्री, सूचना तथा निर्णयहरु संकलन, *भण्डारण, प्रशोधन र वितरण गरी नागरिकहरुलाई उपलब्ध गराउन सूचना बैंकको स्थापना गर्नेछ।

(२) सूचना बैंकको गठन, सञ्चालन, व्यवस्थापन र काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५६. **विवरण पेश गर्नु पर्ने**: यो ऐन प्रारम्भ हुनुअघि प्रकाशन तथा वितरण हुँदै आएका पत्रपत्रिका तथा प्रसारण हुँदै आएका प्रसारण संस्थाले सञ्चार रजिष्ट्रारले तोकेको अवधिभित्र तोकिए बमोजिमका विवरण अभिलेखको लागि सञ्चार रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ।

५७. **श्रमजीवी पत्रकार सम्बन्धी व्यवस्थाः** (१) सञ्चार संस्थाले संघीय कानून बमोजिम निर्धारित न्यूनतम पारिश्रमिक तथा सेवा सुविधामा नघट्ने गरी श्रमजीवी पत्रकारलाई पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

+ दोस्रो संशोधनद्वारा थप।

(२) उपदफा (१) बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी अनुगमन मन्त्रालयले गर्नेछ।

(३) सञ्चार संस्थाले नियुक्तिपत्र नदिई श्रमजीवी पत्रकारलाई काममा लगाउनु हुँदैन।

(४) सञ्चार संस्थाले श्रमजीवी पत्रकारको लागि सामाजिक सुरक्षाको व्यवस्था लागू गर्नु पर्नेछ।

(५) सञ्चार संस्थाले छापाखाना वा सञ्चार गृहमा काम गर्ने श्रमिक र उक्त छापाखाना वा सञ्चार गृहबाट उपभोक्ता वा वितरण केन्द्रसम्म पत्रपत्रिका पुऱ्याउने कार्यमा संलग्न सञ्चार मजदूर (हकर) लाई पनि संघीय कानून बमोजिम न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र नियुक्तिपत्र दिनु पर्नेछ।

+**५७क.** **अनुसूची हेरफेर**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

***५८.** **नियम, कार्यविधि, निर्देशिका एवं मापदण्ड बनाउन सक्ने**: प्रदेश सरकारले यस ऐन कार्यान्वयनको लागि आवश्यकता अनुसार नियम, कार्यविधि, निर्देशिका एवं मापदण्ड बनाउन सक्नेछ।

---

+ पहिलो संशोधनद्वारा थप।

* पहिलो संशोधनद्वारा संशोधित।

+अनुसूची

(दफा ३२क. सँग सम्बन्धित)

**शपथको ढाँचा**

म ........................................ मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै सञ्चार रजिष्ट्रार पदको जिम्मेवारी न्यायपूर्वक देश र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताकासाथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

| शपथ ग्रहण गर्ने सञ्चार रजिष्ट्रारको | शपथ ग्रहण गराउने पदधिकारीको |
|---|---|
| (क) नामः- | (क) नामः- |
| (ख) दस्तखतः- | (ख) दस्तखतः- |
| (ग) मितिः- | (ग) मितिः- |
| (घ) पदः- | (घ) पदः- |

+ पहिलो संशोधनद्वारा थप।

# प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५

प्रमाणीकरण र प्रकाशन मिति

२०७५।१०।१८

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. प्रदेश सवारी तथा यातायात (पहिलो संशोधन) ऐन, २०७६ | २०७६।०५।१९ |
| २. केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ | २०७७।०४।१६ |
| ३. प्रदेश आर्थिक ऐन, २०७९ | २०७९।०३।२१ |
| ४. केहि प्रदेश संशोधन गर्ने ऐन, २०७९ | २०७९।०४।३० |
| ५. प्रदेश आर्थिक ऐन, २०८२ | २०८२।०३।३० |

संवत् २०७५ सालको ऐन नं. २२

**प्रदेश सवारी तथा यातायात सम्बन्धी व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** सर्वसाधारण नागरिकलाई सरल एवं सुलभ ढङ्गबाट यातायात सुविधा उपलब्ध गराउन, यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन, सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न तथा सवारी साधन करको रकम असुल उपर गर्ने कार्य प्रणालीलाई व्यवस्थित गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२.** **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

*(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले यातायात व्यवस्था कार्यालय सवारी, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, यातायात व्यवस्था सेवा कार्यालय र यस ऐन अन्तर्गतका अन्य कार्यालयका प्रमुख सम्झनु पर्छ।

✵(क१.) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय सवारी, यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, यातायात व्यवस्था सेवा कार्यालय सम्झनु पर्छ र सो शब्दले यस ऐन अन्तर्गतका अन्य कार्यालय समेतलाई जनाउँछ।

* पहिलो संशोधनद्वारा संशोधित।

✵ पहिलो संशोधनद्वारा थप।

(ख) "कर" भन्नाले प्रचलित कानून बमोजिमको सवारी साधन कर सम्झनु पर्छ।

(ग) "करदाता" भन्नाले यो ऐन वा प्रचलित कानून बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ।

(घ) "कर अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको लागि नेपाल सरकारले नियुक्त गरेको कर अधिकृत, प्रमुख कर अधिकृत वा यो ऐन बमोजिम कर अधिकृतको अधिकार प्रयोग गर्न पाउने गरी प्रदेश सरकारले नियुक्त गरेको अन्य कुनै अधिकृत सम्झनु पर्छ।

(ङ) "कर निर्देशक" भन्नाले मन्त्रालयले तोकेको अधिकार प्राप्त अधिकारी वा निर्देशक सम्झनु पर्छ।

(च) "कूटनीतिक सुविधा प्राप्त सवारी" भन्नाले दफा १६ बमोजिमको सवारी सम्झनु पर्छ।

(छ) "गैर व्यवसायिक सवारी" भन्नाले दफा १३ बमोजिमको सवारी सम्झनु पर्छ।

(ज) "चालक अनुमतिपत्र" भन्नाले दफा ५४ बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ।

(झ) "चालक" भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ञ) "छोटो मार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटरदेखि एकसय किलोमिटरसम्मको दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(ट) "जाँचपास" भन्नाले सार्वजनिक सवारीको यान्त्रिक स्थितिको परीक्षण गरी दिइएको प्रमाणपत्र सम्झनु पर्छ।

(ठ) "ट्राफिक सङ्केत" भन्नाले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना, सङ्केत वा ईशारा सम्झनु पर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना सङ्केत वा इशारा समेतलाई जनाउँछ।

(ड) "ठूला सवारी" भन्नाले दफा ३ बमोजिमको सवारी सम्झनु पर्छ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको सूचित आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) "दर्ताको प्रमाणपत्र" भन्नाले दफा २१ बमोजिम सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाणपत्र सम्झनु पर्छ।

(त) "परिचालक" भन्नाले दफा ७१ बमोजिम परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्तो सवारीमा काम गर्ने अन्य सहयोगीलाई समेत जनाउँछ।

(थ) "परीक्षा समिति" भन्नाले दफा १८८ बमोजिम गठित परीक्षा समिति सम्झनु पर्छ।

(द) "पर्यटक सवारी" भन्नाले दफा १२ बमोजिमको सवारी सम्झनु पर्छ।

(ध) "पार्किङ्ग स्थल" भन्नाले सवारी राख्न निर्धारण गरेको स्थल सम्झनु पर्छ।

(न) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश लाई जनाउँछ।

(प) "प्रदूषण" भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषण सम्झनु पर्छ।

(फ) "प्रशिक्षण केन्द्र" भन्नाले दफा १९१ बमोजिम मन्त्रालयबाट मान्यता प्राप्त सवारी चालक प्रशिक्षण केन्द्र सम्झनु पर्छ।

(ब) "बस बिसौनी" भन्नाले यात्री बाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थल सम्झनु पर्छ।

(भ) "बीमा" भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्ने बीमा सम्झनु पर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने समग्र (कम्प्रिहेन्सिभ) बीमा समेतलाई जनाउँछ।

(म) "भाडा" भन्नाले सार्वजनिक सवारीले यातायात सेवा प्रदान गरे बापत लिने रकम वा शुल्क सम्झनु पर्छ।

(य) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(र) "मझौला सवारी" भन्नाले दफा ४ बमोजिमको सवारी सम्झनु पर्छ।

(ल) "मध्यम मार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटरभन्दा बढी तर दुईसय पचास किलोमिटरभन्दा कम दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(व) "मार्ग इजाजतपत्र" भन्नाले स्वीकृत मार्गमा सवारी चलाउन दफा ८६ बमोजिम प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(श) "मार्ग" भन्नाले सार्वजनिक सवारी चलाउनलाई निर्धारित मार्ग सम्झनु पर्छ।

(ष) "मालबाहक सवारी" भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ।

(स) "मालसामान" भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु सम्झनु पर्छ।

(ह) "यात्री" भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ।

(क्ष) "यात्रीबाहक सवारी" भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनु पर्छ।

(त्र) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ।

(ज्ञ) "यात्री गुण्टा" भन्नाले यात्रीले आफनो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ।

(क१) "यातायात व्यवस्थापन समिति" भन्नाले दफा १८४ बमोजिम गठित यातायात व्यवस्थापन समिति सम्झनु पर्छ।

(क२) "यातायात निरीक्षक" भन्नाले दफा १८९ बमोजिम नियुक्त व्यक्ति सम्झनु पर्छ।

(क३) "रुपान्तरण" भन्नाले डिजेल, पेट्रोल, ग्याँसबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीयमा र डिजेल, पेट्रोलबाट सञ्चालन हुनेलाई ग्याँस वा हाईब्रिडमा रुपान्तरण गरी सञ्चालन माध्यममा परिवर्तन गरी वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने भन्ने सम्झनु पर्छ।

(क४) "लामोमार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटर वा सो भन्दा बढी दूरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(क५) "वातावरणमैत्री सवारी साधन" भन्नाले बैकल्पिक वा नवीकरणीय उर्जाबाट सञ्चालन हुने वा प्रदेश सरकारले वातावरणमैत्री भनी तोकेको सवारी साधनलाई सम्झनु पर्दछ।

(क६) "विद्युतीय सवारी साधान" भन्नाले विद्युतीय प्रसारण लाइन, सोलार वा ब्याट्रीबाट सञ्चालन हुने सवारी साधन सम्झनु पर्छ।

(क७) "व्यवस्थापक" भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ।

(क८) "सवारी साधन" भन्नाले निजी सवारी साधन, सार्वजनिक यात्रुवाहक, मालवाहक वा ढुवानीका साधनलाई समेत जनाउँछ।

(क९) "सवारीको वजन" भन्नाले सवारीको मेसिनरी सहितको कुल वजन सम्झनु पर्छ र सो शब्दले सवारीको कुल भार वहन क्षमता समेतलाई जनाउँछ।

(क१०) "सरकारी सवारी" भन्नाले दफा १४ बमोजिमको सवारी सम्झनु पर्छ।

(क११) "संस्थानको सवारी" भन्नाले दफा १५ बमोजिमको सवारी सम्झनु पर्छ।

(क१२) "सवारी धनी" भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनु पर्छ।

(क१३) "साना सवारी" भन्नाले दफा ५ बमोजिमको सवारी सम्झनु पर्छ।

(क१४) "सार्वजनिक सवारी" भन्नाले यातायात सेवामा प्रयोग गरिने व्यावसायिक सवारी सम्झनु पर्छ।

(क१५) "सार्वजनिक स्थान" भन्नाले प्रदेशभित्रको सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पुल, मार्ग वा सर्वसाधारण आउने, जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्रीहरू चढ्ने उत्रने वा सवारी राख्ने निर्धारित ठाउँलाई समेत जनाउँछ।

(क१६) "सुरक्षाकर्मी" भन्नाले यात्री, मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ।

(क१७) "स्थानीय मार्ग" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट पच्चीस किलोमिटर भन्दा कम दूरीको गन्तव्य स्थानसम्मको मार्ग सम्झनु पर्छ।

(क१८) "स्थानिय सवारी साधन" भन्नाले स्थानीय बाटोमा चल्ने मानिस तथा सामान ओसार्ने तथा तान्ने कम क्षमता भएका र कम गतिमा सञ्चालन हुने भनी प्रदेश सरकारले तोकेका यान्त्रिक, मानवीय तथा जैविक शक्तिबाट सञ्चालन हुने सवारी साधनलाई सम्झनु पर्छ।

(क१९) "क्षेत्र" भन्नाले यातायात व्यवस्था कार्यालयको प्रादेशिक क्षेत्राधिकार अन्तर्ग पर्ने गरी तोकिएको क्षेत्र सम्झनु पर्छ।

## परिच्छेद- २

## सवारीको वर्गीकरण

३. **ठूला सवारी:** दश टनभन्दा बढी वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची- १ को खण्ड (क) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई ठूला सवारी भनिनेछ।

४. **मझौला सवारी:** चार टनदेखि दश टनसम्म वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची- १ को खण्ड (ख) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई मझौला सवारी भनिनेछ।

५. **साना सवारी:** चार टनभन्दा कम वजन (ग्रस भेहिकल वेट) भएको अनुसूची- १ को खण्ड (ग) मा उल्लिखित यात्री, मालसामान ढुवानी गर्ने सवारी एवं ट्रेलर सवारीलाई साना सवारी भनिनेछ।

६. **यान्त्रिक दुई पांग्रे सवारी:** यान्त्रिक शक्तिबाट चल्ने अनुसूची- १ को खण्ड (घ) मा उल्लिखित सवारीलाई यान्त्रिक दुई पांग्रे सवारी भनिनेछ।

७. **यान्त्रिक तीन पांग्रे सवारी:** यान्त्रिक शक्तिबाट चल्ने एक टनभन्दा कम वजन सवारीलाई यान्त्रिक तीन पांग्रे सवारी भनिनेछ।

८. **निर्माण उपकरण सवारी:** अनुसूची- १ को खण्ड (ङ) मा उल्लिखित सवारीलाई निर्माण उपकरण सम्बन्धी सवारी भनिनेछ।

९. **अफरोड सवारी:** अगाडि र पछाडि एक्सेल भएको फोर हुइलर तथा लकिङ सिस्टमयुक्त कम्तीमा २५ प्रतिशत ग्रेडियन्ट (उकालो) मा चल्न सक्ने अनुसूची- १ को खण्ड (छ) मा उल्लिखित सवारीलाई अफरोड सवारी भनिनेछ।

१०. **विशेष (स्पेशल) सवारी:** बारुण यन्त्र, एम्बुलेन्स, आर्मर्ड, बुलेट प्रुफ र आगो निभाउने प्रयोजनको लागि प्रयोग हुने टयांकर जस्ता खास किसिमको सेवा दिने अनुसूची- १ को खण्ड (च) मा उल्लिखित सवारीलाई विशेष सवारी भनिनेछ।

११. **सार्वजनिक सवारी:** (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्न इजाजत प्रमाणपत्र प्राप्त सवारीलाई सार्वजनिक सवारी भनिनेछ।

(२) सार्वजनिक सवारीलाई यात्रीबाहक र मालबाहक गरी विभाजन गरिनेछ।

(३) यात्रीबाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी देहायका श्रेणीमा छुटयाई यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिइनेछः-

(क) सिधै (डाइरेक्ट) सेवा,

(ख) द्रुत (एक्सप्रेस) सेवा,

(ग) स्थानीय (लोकल) सेवा।

(४) उपदफा (३) बमोजिम विभाजन गरिएका यात्रीबाहक सार्वजनिक सवारीको स्तर, गति तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) सार्वजनिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची- २ को खण्ड (क) मा लेखिए बमोजिम नम्बर प्लेट राख्नु पर्नेछ।

१२. **<u>पर्यटक सवारी:</u>** (१) ⁕--- पर्यटकलाई यातायात सेवा प्रदान गर्न इजाजत प्रमाणपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी भनिनेछ।

(२) पर्यटक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची- २ को खण्ड (ख) मा लेखिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

१३. **<u>गैर व्यवसायिक सवारी:</u>** (१) निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई गैर व्यवसायिक सवारी भनिनेछ।

(२) गैर व्यवसायिक सवारी व्यवसायिक रूपमा यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन।

(३) गैर व्यवसायिक सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची- २ को खण्ड (ग) मा लेखिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारीले तोकिएको प्रकिया पूरा गरी आफ्नो मार्गमा तोकिएको भाडा लिई यात्री बीमा गरी यात्री ओसार पसार गर्न सक्नेछ।

(५) उपदफा (४) सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **<u>सरकारी सवारी:</u>** (१) कुनै सरकारी कार्यालयको नाममा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको ⁕--------- नाममा दर्ता रहेको सवारीलाई सरकारी सवारी भनिनेछ।

(२) सरकारी सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची- २ को खण्ड (घ) मा तोकिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

१५. **<u>संस्थानको सवारी:</u>** *(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारी साधनलाई संस्थानको सवारी साधन भनिनेछ।

(२) संस्थानको सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची- २ को खण्ड (ङ) मा तोकिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

१६. <u>कूटनीतिक सुविधा प्राप्त सवारी:</u> (१) कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई कूटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ।

(२) कूटनीतिक सुविधा प्राप्त सवारीको पहिचानको लागि सो सवारीको अगाडि तथा पछाडि अनुसूची- २ को खण्ड (च) मा लेखिए बमोजिमको इम्वोस्ड नम्बर प्लेट राख्नु पर्नेछ।

---

⁕ पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

१७. **अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुने:** (१) कुनै एक प्रयोजनको लागि दर्ता भएको सवारी अर्को प्रयोजनको लागि प्रयोग गर्न हुँदैन।

(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ति भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनको निम्ति बाहेक अन्य प्रयोजनको निम्ति त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न हुँदैन।

## परिच्छेद- ३

## सवारी साधन दर्ता सम्बन्धी व्यवस्था

१८. **प्रवेश दर्ता गराउनु पर्ने:** (१) विदेशबाट सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले त्यस्तो सवारी सोझै यस प्रदेशभित्र प्रवेश गर्ने स्थानमा रहेको प्रहरी कार्यालयमा त्यस्तो सवारीको प्रवेश दर्ता गर्नको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रवेश दर्ता गराउनको लागि निवेदन परेमा सम्बन्धित प्रहरी कार्यालयले त्यस्तो सवारी साधन खरिद गरेको प्रमाण र सम्बन्धित कागजात छानबिन गरी त्यस्तो सवारीलाई पन्ध्र दिनको लागि प्रवेश दर्ता गरी त्यस्तो सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई प्रवेश दर्ताको प्रमाण दिनु पर्नेछ र त्यस्तो सवारीको विवरण यथाशीघ्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पठाउनु पर्नेछ।

१९. **सवारी दर्ता गराउनु पर्ने:** (१) कुनै पनि सवारी खरिद गर्ने वा विदेशबाट आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले वा सवारी बिक्री वितरण गर्ने एजेण्टले सवारी खरिद गरेको वा आयात गरी नेपालभित्र भन्सार तिरी ल्याएको मितिले पन्ध्र दिनभित्र यातायात व्यवस्था कार्यालयमा दर्ता गर्नु पर्नेछ।

तर नेपाल सरकार वा प्रदेश सरकारको सम्बन्धित निकायले आयात गरेकोमा नेपालभित्र भन्सार तिरी ल्याएको मितिले पैंतालीस दिनभित्र यातायात व्यवस्था कार्यालयमा ✂.......... दर्ता गराउनु पर्नेछ।

(२) विभिन्न विकास साझेदार तथा विदेशी लगानीमा सञ्चालित आयोजना सम्पन्न भए पश्चात् ती आयोजना नेपाल सरकार वा प्रदेश सरकारलाई हस्तान्तरण हुँदाका बखत प्राप्त भएका वाहन वा दर्ता छुट भएका सरकारी पुराना सवारी साधन सम्बन्धित मन्त्रालयबाट निर्णय भई आएमा मन्त्रालयले तोकेको मापदण्ड बमोजिम दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउन वा चलाउन दिन हुँदैन।

(४) ✻शुरु दर्ता भएको मितिले विद्युतीय सवारी साधनको हकमा तीस वर्ष र अन्य सवारी साधनको हकमा बीस वर्ष नाघेका सार्वजनिक सवारीलाई मन्त्रालयले तोके बमोजिम

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

✻ पहिलो संशोधनद्वारा थप।

पत्र गर्नु पर्नेछ तर सार्वजनिक बाहेकका अन्य सवारीको हकमा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(५) ✂-----

(६) *सवारी दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **सवारी दर्ता गराउन निवेदन दिनु पर्नेः** (१) दफा १९ बमोजिम कुनै सवारी दर्ता गराउनु परेमा त्यस्तो सवारी नेपालभित्र उत्पादन, एसेम्बल खरिद गरेको भए खरिद गर्ने व्यक्ति, सहकारी फर्म वा कम्पनी वा एजेण्टले सो खरिद गरेको प्रमाण र त्यस्तो सवारी विदेशबाट आयात गरेको भए आयात गर्ने व्यक्ति, फर्म, कम्पनी वा एजेन्टले सवारीको भन्सार महसुल तिरेको प्रमाण तथा अन्य सम्बन्धित कागजात सहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

तर कूटनीतिक सुविधा प्राप्त सवारी दर्ता गर्दा दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र हालसालै खिचिएको आफ्नो तीन प्रति पासपोर्ट साइजको फोटो समेत निवेदन साथ संलग्न गर्नु पर्नेछ।

(३) सरकारी सवारीको हकमा त्यस्तो सवारी जुन सरकारी कार्यालयको नाममा दर्ता हुने हो सो कार्यालयको पत्र र कूटनीतिक सुविधा प्राप्त सवारीको हकमा नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसपत्र समेत संलग्न गर्नु पर्नेछ र कूटनीतिक सुविधा प्राप्त सवारी कुनै व्यक्तिको नाममा दर्ता गर्नु पर्ने भएमा निजले आफ्नो पासपोर्ट वा नागरिकताको प्रतिलिपि एवं तीन प्रति पासपोर्ट साइजको फोटो संलग्न गर्नु पर्नेछ।

(४) नेपालभित्र कुनै काम तथा व्यवसाय गरी बसेको विदेशी नागरिकले आफ्नो निजी प्रयोगको लागि कुनै सवारी दर्ता गराउन चाहेमा उपदफा (१) र (२) मा उल्लिखित कुराका अतिरिक्त देहायका कागजात पेश गर्नु पर्नेछः-

(क) भिषा आवश्यक पर्नेमा भिषा सहितको राहदानीको प्रतिलिपि,

(ख) नेपालको प्रवेशाज्ञा (भिषा) आवश्यक पर्ने मुलुकको नागरिक भए नेपालको प्रवेशाज्ञा,

(ग) आफू बसोबास गरिरहेको क्षेत्रको ठेगाना खुल्ने प्रमाण,

(घ) सम्बन्धित कूटनीतिक नियोगको सिफारिसपत्र।

(५) नाबालकको नाममा कुनै सवारी नामसारी गराउनु परेमा निजको तर्फबाट निजको संरक्षकले नाबालक तथा आफ्नो समेत तीन तीन प्रति पासपोर्ट साइजको फोटो एवं नागरिकताको प्रमाणित प्रतिलिपि समेत संलग्न राखी निवेदन दिनु पर्नेछ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

२१. **सवारी दर्ताको प्रमाणपत्रः** (१) दफा २० बमोजिम कुनै सवारी दर्ता गराउनको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी निवेदकको नाममा त्यस्तो सवारी दर्ता गरी अनुसूची- ३ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

तर सरकारी कार्यालय वा निकाय, सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था वा प्रचलित कानून बमोजिम स्थापित संगठित संस्थाको नाउँमा बाहेक चौधभन्दा बढी सीट सङ्ख्या भएका र कृषि कार्यको लागि प्रयोग हुने ट्र्याक्टर बाहेक चार टन वा सोभन्दा बढी कुल वजन भएका सवारीलाई निजी सवारीको रूपमा दर्ता गरिने छैन।

(२) नाबालकको नाममा सवारी दर्ता गर्दा संरक्षक समेतको नाम दर्ता प्रमाणपत्रमा उल्लेख गर्नु पर्नेछ।

(३) दर्ताको प्रमाणपत्रमा सवारी खरिद गर्दा सवारीको निर्माण कम्पनीले दिएको सवारीको प्राविधिक विवरणमा लेखिएको सवारीको कुल भारवहन क्षमतालाई सो सवारीको वजन मानी उल्लेख गर्नु पर्नेछ र त्यसरी सवारीको वजन उल्लेख गर्दा त्यस्तो सवारीको भाररहित वजन र भारवहन क्षमता समेत छुट्टाछुट्टै रूपमा स्पष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ।

२२. **सडकमा चल्न सक्ने सक्षमताको प्रमाणपत्र दिनु पर्नेः** (१) दफा २१ बमोजिम कुनै सवारी दर्ता गर्नुभन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने अवस्था भए नभएको सम्बन्धमा दफा २८ बमोजिमको मापदण्डका आधारमा छानबिन गरी चलाउन सकिने ठीक स्थितिमा रहेछ भने मात्र त्यस्तो सवारी दर्ता गरी दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको प्रमाणपत्र सवारीमा टाँस्नु पर्नेछ।

२३. **संयुक्त दर्ताः** कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न दुई वा दुईभन्दा बढी व्यक्तिले अधिकार प्राप्त अधिकारी समक्ष दफा २० बमोजिम निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी त्यस्तो सवारीलाई संयुक्त रूपमा दर्ता गरी दफा २१ बमोजिम दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

२४. **अस्थायी दर्ताः** देहायको अवस्थामा कुनै सवारीलाई अस्थायी रूपमा दर्ता गर्न सकिनेछः-

(क) सवारी आयात गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्यादभित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) आयात गरिएको सवारीको इन्जिन, चेसिस वा अन्य कुनै पार्टपूर्जाको खराबीको कारणले गर्दा तुरून्त दर्ता गराउन सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) मा लेखिएको अवस्थामा परी सो सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेन्ट वा बीमा कम्पनीसँग क्षतिपूर्ति बीमा सम्बन्धी विवाद

परी तुरून्त दर्ता गर्न नसकिने भएमा,

(घ) नेपाल सरकार वा प्रदेश सरकारसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादनको लागि कुनै विदेशी नागरिक, कम्पनी वा संस्थाको नाममा आयात भई त्यस्तो सम्झौतामा उल्लिखित अवधिभर नेपाल भित्र सञ्चालन गर्न सम्बन्धित निकायबाट अस्थायी दर्ताको लागि सिफारिश भएको सवारी साधन भएमा,

(ङ) विश्वविद्यालय, उत्पादन उद्योग वा अनुसन्धानकर्ताले परीक्षणको लागि स्वदेशमा उत्पादन गरेको सवारी साधन भएमा,

(च) मन्त्रालयले अस्थायी दर्ता गर्न उपयुक्त ठानेमा।

२५. **<u>अस्थायी दर्ताको लागि दरखास्तः</u>** (१) दफा २४ मा लेखिएको कुनै अवस्था परी कुनै सवारी आयात गर्ने व्यक्ति वा निजको अनुपस्थितिमा निजको नजिकको हकवालाले सो सवारी आयात गर्ने व्यक्तिको नाममा अस्थायी रूपमा दर्ता गर्न सो सवारीको भन्सार महसूल तिरेको प्रमाण तथा सम्बन्धित अन्य कागजातसहित तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा निवेदकले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, नजिकको हकवाला प्रमाणित गर्ने कागजात र अस्थायी दर्ता गरिने व्यक्तिको हालसालै खिचिएको तीन प्रति फोटो समेत संलग्न गर्नु पर्नेछ।

२६. **<u>अस्थायी दर्ताको प्रमाणपत्रः</u>** (१) दफा २५ बमोजिम कुनै सवारी अस्थायी दर्ता गराउनको लागि कसैको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले सो सवारी दफा २४ बमोजिम अस्थायी दर्ता गर्न सकिने अवस्था भए नभएको भन्ने कुराको छानबिन गरी त्यस्तो सवारी अस्थायी रूपमा दर्ता गरी अनुसूची- ४ बमोजिमको ढाँचामा अस्थायी दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) अस्थायी दर्ताको प्रमाणपत्रमा सो सवारीमा राख्नु पर्ने नम्बर प्लेटमा अस्थायी समेत लेख्नु पर्ने कुरा जनाउनु पर्नेछ।

(३) अस्थायी दर्ताको प्रमाणपत्र बढीमा छ महिनासम्म बहाल रहने गरी दिन सकिनेछ।

तर स्वदेशी उद्योग, विश्वविद्यालय वा अनुसन्धानकर्ताले उत्पादन गरेको सवारीको हकमा १ बर्ष बहाल रहने गरी दिन सकिने छ।

२७. **<u>सवारी ल्याउनु पर्नेः</u>** *<u>दफा १८ वा २०</u> बमोजिम कुनै सवारी दर्ता गर्न दफा ४१ बमोजिम सवारी नामसारी गर्न र दफा ४३ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्नको लागि

---

* पहिलो संशोधनद्वारा संशोधित।

निवेदन दिंदा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता, नामसारी वा कुनै कुरा हेरफेर गराउन चाहेको सवारी समेत साथै ल्याउनु पर्नेछ।

२८. **मापदण्ड तोक्न सक्नेः** (१) मन्त्रालयले देहायका आधारमा सवारी सञ्चालन गर्न सकिने वा नसकिने अवस्थाको मापदण्ड निर्धारण गर्नेछः-

(क) सवारीको यान्त्रिक अवस्था,

(ख) सवारीको लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूप,

(ग) सवारीबाट हुन सक्ने प्रदूषण,

(घ) सवारी चलाउन सकिने अवधि।

(२) सवारीको सक्षमताको प्रमाणपत्र दिंदा वा जाँचपास गर्दा अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिमको मापदण्ड बमोजिम छानबिन गर्नु पर्नेछ।

२९. **सवारी दर्ता गर्न इन्कार गर्न सकिनेः** (१) कुनै सवारी दर्ता गर्नका लागि निवेदन परी सो सवारी दर्ता गर्ने सम्बन्धमा अधिकार प्राप्त अधिकारीले सो सवारीलाई दफा २८ मा तोकिएको मापदण्ड बमोजिम छानबिन गर्दा त्यस्तो सवारी चलाउन नसकिने भएमा दर्ता गर्न इन्कार गर्ने।

(२) उपदफा (१) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गरिएमा अधिकार प्राप्त अधिकारीले सोको कारण खुलाई निवेदकलाई सूचना दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाई वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दफा १९ बमोजिम गरिने दर्ता रोक्का गर्न मनासिब देखेमा मन्त्रालयले कुनै वा सबै यातायात व्यवस्था कार्यालयलाई त्यस्तो सवारीको दर्ता रोक्का गर्न आदेश दिन सक्नेछ।

३०. **दर्ताको मान्यताः** यस ऐन बमोजिम कुनै एक प्रदेशमा दर्ता भएको सवारी अर्को प्रदेशमा पनि चलाउन सकिने गरी दर्ताको मान्यता दिनु पर्नेछ।

३१. **सरूवा दर्ताः** अन्यत्र प्रदेशमा दर्ता भएका सवारी साधन सरुवा भई प्रदेश नम्वर तीन मा दर्ता गर्न चाहेमा तोकिए बमोजिमको शुल्क लिई दर्ता गर्न सकिनेछ।

⋉ ..............

३२. **सवारीको अभिलेख राख्नु पर्नेः** (१) अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम दर्ता भएको प्रत्येक सवारीको धनीको नाम, ठेगाना, सवारी दर्ता भएको मिति, दर्ता नम्बर, सवारी निर्माताको नाम, मोडेल, वर्ष, इन्जिन नम्बर, चेसिस नम्बर, सवारीको किसिम र

⋉ पहिलो संशोधनद्वारा झिकिएको।

वजन लगायतका कुरा स्पष्ट रूपमा खुल्ने गरी अभिलेख अद्यावधिक गर्नु पर्नेछ र त्यस्तो अभिलेखमा सम्बन्धित सवारी धनीको फोटो समेत टाँस्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेख विद्युतीय माध्यममा समेत राख्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम लगत प्रदेशको कम्प्यूटर प्रणाली केन्द्रीय डाटाबेसमा सुरक्षित राखिनेछ।

(४) उपदफा (१) बमोजिम अद्यावधिक गरिएको लगत सम्बन्धित कार्यालयले प्रदेश तथ्याङ्क डाटाबेशमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम मन्त्रालय मातहतका कार्यालयले दुर्घटना न्यूनीकरणका लागि आवश्यक कार्य योजना बनाई भिन्नै डाटा बेस तयार गर्नु पर्नेछ।

३३. **<u>अनुमति नलिई विदेशी सवारी चलाउन नहुने:</u>** विदेशमा दर्ता भएको सवारी प्रचलित कानून बमोजिम अनुमति नलिई नेपालभित्र चलाउन हुँदैन।

३४. **<u>विदेशी सवारी चलाउन अनुमति दिने:</u>** (१) यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले बाहेक विदेशमा दर्ता भएको सवारी नेपालभित्र चलाउन भन्सार तिरेको प्रमाण सहित अनुमति मागेमा अधिकार प्राप्त अधिकारीले तोकिएको दस्तुर लिई एक सवारीलाई एक आर्थिक वर्षमा तीस दिनमा नबढ्ने गरी सवारी चलाउने अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकार र विदेशी सरकारबीच एक अर्को देशमा यातायात सञ्चालन गर्ने गरी सम्झौता भएकोमा पारस्परिकताको आधारमा विदेशी सवारी नेपालभित्र चलाउन बाधा पर्ने छैन।

३५. **<u>दर्ताको प्रमाणपत्र नवीकरण:</u>** (१) दफा २१ को उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्रमा लेखिएको म्याद नाघेको तीन महीनाभित्र दर्ताको प्रमाणपत्र नवीकरण गराई सक्नु पर्नेछ।

(२) सवारी धनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

तर सरकारी कार्यालय वा निकायको नाममा दर्ता भएका र कूटनीतिक सुविधा प्राप्त सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दर्ताको प्रमाणपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र अर्को एक वर्षको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी दर्ताको प्रमाणपत्र नवीकरण गराउन आउने सवारी धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक आर्थिक वर्षसम्म एकसय प्रतिशत, दुई आर्थिक वर्षसम्म दुईसय प्रतिशत, तीन आर्थिक वर्षसम्म तीनसय प्रतिशत, चार आर्थिक वर्षसम्म चारसय प्रतिशत र पाँच आर्थिक वर्षसम्म पाँचसय प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम नवीकरण गर्दा दर्ता प्रमाणपत्रमा सवारी साधनको कर बुझाएको विवरण अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ।

३६. **अधिकार प्राप्त अधिकारीले सूचना गर्न सक्नेः** दफा ३५ को उपदफा (१) बमोजिमको म्यादभित्र दर्ताको प्रमाणपत्र नवीकरण गर्न नल्याएमा कूटनीतिक सुविधा प्राप्त सवारीको सम्बन्धमा अधिकार प्राप्त अधिकारीले परराष्ट्र मन्त्रालय मार्फत सम्बन्धित कूटनीतिक नियोग, कार्यालय वा व्यक्तिलाई त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न सूचना गर्न सक्नेछ।

३७. **नवीकरण सम्बन्धी विशेष व्यवस्थाः** दफा ३५ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सवारी, संस्थानको सवारी, कूटनीतिक सुविधा प्राप्त सवारी र निजी सवारीको धनीले आफ्नो सवारीको दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सक्नेछ।

३८. **दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेः** (१) दफा ३५ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएमा स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको सवारीको अभिलेख दर्ता किताबबाट हटाइनेछ।

३९. **पुनः दर्ता हुन सक्नेः** दफा ३५ बमोजिम लिन बाँकी नवीकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति वर्षपछि दर्ताको लागि ल्याएको हो त्यति वर्षको लागि दफा ३५ को उपदफा (४) बमोजिमको थप दस्तुरको दोब्बर जरिबाना समेत लिई त्यस्तो सवारी दफा २१ बमोजिम दर्ता गरी सवारी धनीलाई ⋉---- प्रमाणपत्र दिनु पर्नेछ।

४०. **सवारी धनीको ठेगाना बदलिएमा सूचना गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै सवारीको धनीको स्थायी ठेगाना बदलिएमा एक महीनाभित्र दर्ताको प्रमाणपत्र समेत संलग्न राखी सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रमा नयाँ ठेगाना जनाई अभिलेख राख्नु पर्नेछ।

४१. **सवारीको नामसारीः** (१) यस ऐन बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरू कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पैतीस दिनभित्र सो सवारीको नामसारीको लागि दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको प्रमाण समेत संलग्न राखी तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

---

⋉ पहिलो संशोधनद्वारा झिकिएको।

(२) सवारी धनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारी धनीको मृत्यु भएको मितिले नब्बे दिनभित्र सवारी धनीको मृत्यु दर्ता प्रमाणपत्र, सवारी दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको प्रमाण, स्थानीय तहको सिफारिस तथा आफू सबैभन्दा नजिकको हकवाला हो भन्ने कुराको प्रमाण समेत संलग्न राखी सो सवारी आफ्नो नाममा नामसारी गराउन तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा नामसारीको व्यहोरा जनाई नामसारी गर्नु पर्नेछ।

तर उपदफा (२) बमोजिम नामसारीको लागि एक भन्दा बढी बराबरीका हकवालाको निवेदन परेमा ती सबै हकवालाको नाममा त्यस्तो सवारी संयुक्त रूपमा दर्ता गरी नामसारी गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको व्यहोराको अभिलेख राख्नु पर्नेछ।

(५) कुनै सवारी धनीले सवारीको नामसारीको लागि यस दफा बमोजिम अधिकार प्राप्त अधिकारी समक्ष उपस्थित हुन नसक्ने मनासिब कारण देखाई अड्डाबाट डोर खटाई सवारी नामसारीको ब्यवस्था गरिदिन निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिमको थप दस्तुर लिई डोर खटाई छानबिन गरी उपदफा (३) बमोजिम नामसारी गरिदिन सक्नेछ।

(६) यस दफा बमोजिम कुनै सवारीको नामसारी गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले छानबिन गर्दा सो सवारीमा हक बेहक सम्बन्धी कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन।

४२. **<u>दर्ता परिवर्तन गर्न नहुने:</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालबाहक सवारीको रूपमा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई यात्रीबाहक सवारीमा दर्ता परिवर्तन गर्ने गरी दर्ताको प्रमाणपत्र दिइने छैन।

४३. **<u>स्वीकृति नलिई हेरफेर गर्न नहुने:</u>** (१) सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई सवारीको रङ्ग, सीट सङ्ख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुने गरी हेरफेर गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्नु पर्दा स्वीकृति मागेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गर्दा हेरफेर गर्न उपयुक्त हुने देखेमा [✂]------- हेरफेर गर्ने स्वीकृति दिन सक्नेछ।

[✂] पहिलो संशोधनद्वारा झिकिएको।

✻तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेशन) मा परिवर्तन गर्ने गरी स्वीकृति दिइने छैन।

(३) उपदफा (२) बमोजिम हेरफेरको लागि स्वीकृति दिंदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लाग्नेछ।

(४) प्रदूषण कम गर्ने उद्देश्य राखी सञ्चालन माध्यममा परिवर्तन गरी प्रदेश सरकारले तोके बमोजिमको वातावरणमैत्री सवारी साधनमा रुपान्तरणको लागि माग गरेमा त्यस्ता सवारी धनी, उद्योग, कम्पनी, सहकारीलाई वातावरण मैत्री सवारी साधनमा रुपान्तरणको स्वीकृति दिनु पर्नेछ।

✻तर शुरु दर्ता भएको मितिले सात वर्ष पूरा भएका सवारी साधनलाई रुपान्तरण गर्ने गरी स्वीकृति दिइने छैन।

✻(५) यस दफा बमोजिम सवारीको रङ्ग, सिट सङ्ख्या वा स्वरूप परिवर्तन सम्बन्धी अन्य विवरण(स्पेसिफिकेसन) तोकिए बमोजिम हुनेछ।

४४. **दर्ताको प्रमाणपत्र स्थगित गर्न सक्नेः** (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारीको दर्ताको प्रमाणपत्र देहाय बमोजिमको अवधिसम्मको लागि स्थगित गर्ने गरी आदेश दिन सक्नेछः-

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानी नोक्सानी हुने देखिएमा सो सवारी पूर्ण रूपमा मर्मत नगरेसम्मको अवधिको लागि,

(ख) सवारी धनीले यस ऐन बमोजिम पूरा गर्नु पर्ने कुनै शर्त पूरा नगरी वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको परिधिभित्र रही अधिकार प्राप्त अधिकारीले दिएको आदेशको उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महीनासम्मको लागि,

(ग) सवारी धनीले कारण खुलाई प्रहरी प्रतिवेदन समेत संलग्न गरी सवारी दर्ता स्थगनको लागि अधिकारप्राप्त अधिकारी समक्ष निवेदन दिएमा र त्यस्तो कारण मनासिव देखिएमा एक पटकमा एक वर्षको अवधिसम्मको लागि।

तर यस्तो अवधिको हकमा छुटको सुविधा दिइने छैन।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गर्ने गरी सवारी धनीलाई आदेश दिंदा अधिकार प्राप्त अधिकारीले सोको कारण समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

---

✻पहिलो संशोधनद्वारा थप।

(४) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले आदेश दिएको मितिले सात दिनभित्र सवारी धनीले दर्ताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्नेछ।

(५) अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारी धनीले बुझाएको दर्ताको प्रमाणपत्र निजलाई नै फिर्ता गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ताको प्रमाणपत्र सवारी धनीलाई फिर्ता दिंदा अधिकार प्राप्त अधिकारीले सो दर्ताको प्रमाणपत्रमा स्थगित भएको अवधि र कारण समेत जनाई सो कुराको अभिलेख राख्नुपर्नेछ।

४५. **<u>दर्ताको प्रमाणपत्र खारेज गर्ने:</u>** (१) अधिकार प्राप्त अधिकारीले देहायको कुनै अवस्थामा यस ऐन बमोजिम दर्ता भएको सवारीको दर्ता खारेजी वा अभिलेख कट्टा गर्न सक्नेछः-

(क) कुनै सवारी कुनै किसिमले नासिएमा, चल्न नसक्ने गरी बिग्रिएमा वा सधैंको लागि नेपाल बाहिर लगिएमा सवारी धनीले तीस दिनभित्र दर्ताको प्रमाणपत्र संलग्न राखी त्यस्तो सवारीको अभिलेख कट्टा गर्न अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा निवेदन दिएमा,

तर पुरातात्विक तथा ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लैजान परेमा सवारी धनीले अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिनु पर्छ।

(ख) उजुरी वा कुनै जानकारीको आधारमा छानबिन गर्दा कुनै सवारी अनियमित तवरले वा गलत वा झुट्टा कागजात वा विवरणको आधारमा दर्ता गरिएको पाइएमा।

(ग) [※]------

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा वा उजुरी वा जानकारी प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी व्यहोरा साँचो देखेमा त्यस्तो दर्ताको प्रमाणपत्र खारेज गरी सो को व्यहोरा अभिलेखमा जनाई त्यस्तो सवारीको अभिलेख कट्टा गर्नु पर्नेछ।

४६. **<u>नवीकरण दस्तुर मिनाहा दिने:</u>** यस ऐन बमोजिम दर्ता भएको कुनै सवारी कुनै कारणबाट जफत भई वा दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री एक वर्षभन्दा बढी अवधिसम्मका लागि चल्न वा चलाउन नसकिने भएमा सवारी धनीले सो व्यहोरा खुलाई

[※] पहिलो संशोधनद्वारा झिकिएको।

दर्ताको प्रमाणपत्रको साथ सो कुराको प्रमाण पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको दर्ताको प्रमाणपत्र खिची सो सवारी चलाउन नसकिने अवधिसम्मको लागि सो सवारीको धनीले तिर्नु पर्ने नवीकरण दस्तुर मिनाहा दिनु पर्नेछ।

४७. **दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिने:** *(१) दर्ताको प्रमाणपत्र च्यातिएमा र झुत्रो भै नबुझिने भएमा सो भए गरेको मितिले पन्ध्र दिन भित्र सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष सो को प्रतिलिपि संलग्न गरी तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

तर दर्ता प्रमाणपत्र हराएमा वा अन्य कुनै कारणवस नासिएमा नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक छानबिन गर्दा व्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले सवारी धनीलाई त्यस्तो दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

४८. **विवरण पेश गर्नु पर्ने:** (१) विदेशबाट सवारी आयात गर्ने फर्म, कम्पनी वा एजेण्टले आफूले आयात गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर तथा त्यस्तो सवारीको किसिम, निर्माताको नाम र आयात मूल्य समेत उल्लेख गरी त्यस्तो सवारीमध्ये कुन सवारी कसलाई कहिले बिक्री गरेको र आफूले आयात गरी बाँकी रहेको सवारीमध्ये कति सवारी मौज्दात रहेको छ भन्ने समेत खुलाई चौमासिक रूपमा अधिकार प्राप्त अधिकारी समक्ष विवरण पेश गर्नु पर्नेछ।

(२) अधिकार प्राप्त अधिकारीले विदेशबाट सवारी आयात गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी वा एजेन्टबाट उपदफा (१) मा लेखिएको विवरणको अतिरिक्त सवारी आयात तथा बिक्री वितरण सम्बन्धी अन्य कुनै आवश्यक विवरण तथा कागजात माग्न सक्नेछ। त्यसरी मागिएको विवरण तथा कागजात तुरून्त उपलब्ध गराउने कर्तव्य त्यस्तो फर्म, कम्पनी वा एजेन्टको हुनेछ।

## परिच्छेद- ४

## चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

४९. **सवारी चलाउन नहुने:** कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन।

५०. **सवारी चलाउन दिन नहुने:** कसैले आफ्नो स्वामित्व वा जिम्मामा रहेको कुनै सवारी साधन सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाई चलाउन दिन हुँदैन।

५१. **चालकको योग्यता:** (१) देहायका व्यक्ति देहाय बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्न योग्य मानिने छन्:-

---

* पहिलो संशोधनद्वारा संशोधित।

(क) ठूला सवारीको हकमा *एक्काइस वर्ष उमेर पूरा गरेको व्यक्ति,

(ख) मझौला सवारीको हकमा *अठार वर्ष उमेर पूरा गरेको व्यक्ति,

(ग) कार, जीप र तीन पाङ्ग्रे लगायतको सानो सवारी साधन +का लागि अठार वर्ष उमेर पूरा भएको र मोटरसाईकल, स्कुटर लगायत सानो दुई पाङ्ग्रे सवारीको हकमा *सोह्र वर्ष उमेर पूगेको व्यक्तिले चालक अनुमतिपत्र प्राप्त गर्न सक्नेछ।

(२) देहायका व्यक्ति चालक अनुमतिपत्र प्राप्त गर्न योग्य मानिने छैनन्:-

(क) छारे रोग भएको वा मानसिक असन्तुलन भएको कारणले सवारी साधन चलाउन असमर्थ भएको,

(ख) आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठीक नभएको,

(ग) साधारण ध्वनि सङ्केत, आवाज सुन्न नसक्ने,

(घ) रातो, हरियो, पहेंलो इत्यादि रङहरू तुरून्त छुट्याउन नसक्ने दृष्टिदोष भएको,

(ङ) रतन्धो भएको व्यक्ति, तर फरक क्षमता भएका व्यक्तिका निमित्त खास किसिमले बनेको सवारीको निमित्त यो खण्डको बन्देज लागू हुने छैन।

(च) आधारभूत तह उत्तीर्ण नभएको व्यक्ति,

(छ) दफा ६५ बमोजिम चालक अनुमतिपत्र रद्द भएकोमा त्यस्तो रद्द भएको मितिले पाँच वर्ष अवधि पूरा नभएको व्यक्ति।

**५२. चालक अनुमतिपत्रको लागि निवेदनः** (१) दफा ५१ बमोजिमको योग्यता भएको व्यक्तिले तोकिए बमोजिमको सिकारु चालक अनुमति पत्र र प्रमाणित लग बुकसहित परीक्षण चालक अनुमतिपत्रका लागि तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ निवेदकले चालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, हालसालै खिचिएको आफ्नो तीन प्रति पासपोर्ट साइजको फोटो, प्रचलित मान्यता प्राप्त चिकित्सकले निजको स्वास्थ्य परीक्षण गरी दिएको निरोगिताको प्रमाण पत्र र निजले चलाउन चाहेको सवारीको प्रशिक्षण लिएको प्रमाणित लगबुक र चालक प्रशिक्षार्थीको रूपमा निर्धारित कोर्स पूरा गरेको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

+ केही प्रदेश ऐन संशोधन गर्न बनेको ऐन, २०७९ द्वारा थप।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्माण उपकरण सवारी चालक अनुमतिपत्रको लागि प्रदेश सरकारबाट स्वीकृत प्राप्त तालिम केन्द्रबाट तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(४) कुनै सवारी साधन चलाउन अनुमतिपत्र प्राप्त गरिसकेका चालकलाई अर्को सवारी साधनको लागि थप अनुमतिपत्र दिंदा लिखित परीक्षा लिइने छैन।

५३. **निवेदकको परीक्षण:** (१) दफा ५२ बमोजिम निवेदन परेपछि निवेदक सवारी चलाउन समर्थ भए नभएको, छ वा छैन र निजलाई त्यस्तो सवारी वा सवारी सम्बन्धी ऐन, नियम तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य ज्ञान भए नभएको कुराको यकिन गर्न परीक्षा लिनु पर्नेछ र त्यसरी लिइने परीक्षाको विषय र परीक्षा प्रणाली मन्त्रालयले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने निवेदकले सो परीक्षा सम्पन्न भएको मितिले तीस दिनपछि मात्र दफा ५२ बमोजिम पुनः निवेदन दिन सक्नेछ।

+(३) सवारी चालक अनुमतिपत्रको ट्रायलको हकमा मन्त्रालयले हालको व्यवस्थालाई स्वचालित प्रणालीमा लैजान आवश्यक व्यवस्था गर्न सक्नेछ।

५४. **चालक अनुमतिपत्र दिने:** (१) दफा ५३ बमोजिम परीक्षा लिई सफल भएका निवेदकलाई सो समितिको सिफारिशमा अधिकार प्राप्त अधिकारीले अनुसूची- ५ बमोजिमको ढाँचामा तीन महिनाभित्र चालक अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिंदा सो अनुमतिपत्रमा कुन सवारीको लागि अनुमतिपत्र दिएको हो सो कुरा स्पष्ट रूपमा जनाउनु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सवारी चलाउने चालकलाई दिइने चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५५. **परीक्षणकालमा रहने:** (१) दफा ५४ बमोजिम दिइने चालक अनुमतिपत्र एक वर्षको परीक्षणकाल रहने गरी दिइनेछ।

(२) परीक्षण चालक अनुमतिपत्र लिएका चालकले परीक्षणकालको अवधिमा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली बमोजिम पालना गर्नु पर्ने शर्तको उल्लंघन नगरी आठभन्दा बढी डिमेरिट अङ्क प्राप्त नगरेमा त्यस्तो चालकलाई अधिकार प्राप्त अधिकारीले निजको सम्बन्धित वर्गको चालक अनुमतिपत्र स्वतः स्थायीमा परिणत गर्नेछ।

(३) परीक्षण चालक अनुमतिपत्र लिएका चालकले परीक्षणकालको अवधिमा आठभन्दा बढी डिमेरिट अङ्क प्राप्त गर्ने गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने शर्तको उल्लंघन गरेमा निजको चालक अनुमतिपत्र छ महिनाको लागि निलम्बनमा रहनेछ।

---

+ केही प्रदेश ऐन संशोधन गर्न बनेको ऐन, २०७९ द्वारा थप।

५६. **विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमतिपत्रको मान्यता:** कसैले विदेशी राष्ट्रबाट चालक अनुमतिपत्र प्राप्त गरेको रहेछ भने सो अनुमतिपत्रमा लेखिएको सवारी चलाउन त्यस्तो व्यक्तिले दफा ५२ बमोजिम निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिबाट चालक अनुमतिपत्रको लागि लाग्ने दस्तुर लिई चालक अनुमतिपत्र दिन सक्नेछ।

तर त्यस्तो चालक अनुमतिपत्रको लागि प्रयोगात्मक परीक्षा लिनु पर्नेछ। आफ्नो राष्ट्रबाट सवारी चालक प्रमाणपत्र प्राप्त गरेका विदेशी कूटनैतिक नियोगमा काम गर्ने कर्मचारीको हकमा परराष्ट्र मन्त्रालयबाट सिफारिश भई आएमा कुनै परीक्षा नलिई सवारी चालक अनुमति पत्र दिइनेछ।

५७. **अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र स्वतः मान्य हुने:** अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले सो अनुमतिपत्रमा लेखिएको सवारी नेपालभर चलाउन सक्नेछ।

५८. **चालक अनुमतिपत्रको वैधता:** (१) दफा ५४ बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमतिपत्रमा उल्लेखित सवारी मात्र चलाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अधीनमा रही चालकले त्यस्तो सवारी चलाउन सक्नेछ।

(३) चालक अनुमतिपत्र दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

५९. **चालक अनुमतिपत्रमा समावेश गर्ने:** (१) कुनै चालकले आफूले पाएको चालक अनुमतिपत्रमा उल्लिखित सवारीका अतिरिक्त अन्य कुनै सवारी समावेश गराउन चाहेमा समावेश गराउन चाहेको सवारीको किसिम खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न गरी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा परीक्षा समितिले चालक अनुमतिपत्रमा समावेश गराउन चाहेको सवारी चालकले चलाउन सक्छ सक्तैन भन्ने कुराको यकिन गर्न दफा ५३ बमोजिम निजको परीक्षा लिनु पर्नेछ।

तर एक पटक लिखित परीक्षा उत्तीर्ण भएकाको हकमा पुनः लिखित परीक्षा लिइरहनु पर्ने छैन।

(३) उपदफा (२) बमोजिम परीक्षा लिंदा सफल भएको चालकको अनुमतिपत्रमा निजले समावेश गराउन चाहेको सवारी समावेश गरी अधिकार प्राप्त अधिकारीले नयाँ चालक अनुमतिपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम चालक अनुमतिपत्र दिंदा दफा ५५ बमोजिम परीक्षणकालमा रहने गरी दिइनेछ।

६०. **चालक अनुमतिपत्रको नवीकरण:** (१) दफा ५८ को उपदफा (३) बमोजिम चालक अनुमतिपत्रमा लेखिएको म्याद ✻नाघेको नब्बे दिनभित्र त्यस्तो चालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ।

*(२) उपदफा (१) बमोजिम म्याद नाघी चालक अनुमतिपत्र नवीकरण गराउन आउने चालकबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षसम्म पाँच सय प्रतिशत थप दस्तुर समेत लिई नवीकरण गर्नु पर्नेछ।

(३) चालकले उपदफा (१) वा (२) बमोजिमको म्यादभित्र चालक अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर बुझाएको प्रमाण संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम नवीकरणको लागि चालक अनुमतिपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र अर्को *पाँच वर्षसम्मको लागि नवीकरण गर्नु पर्नेछ।

६१. **चालक अनुमतिपत्र स्वतः रद्द हुने:** (१) दफा ६० बमोजिमको अवधिमा नवीकरण नगरिएको चालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको चालक अनुमतिपत्रको अभिलेख हटाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेख हटाइएको चालक अनुमतिपत्र नवीकरण गरिने छैन।

६२. **नवीकरण गराउँदा निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने:** सार्वजनिक सवारी चलाउने चालकले चालक अनुमतिपत्र नवीकरण गराउँदा स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र समेत अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

६३. **चालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्ने:** (१) चालकको स्थायी ठेगाना बदलिएमा एक महिनाभित्र सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले चालकको नयाँ ठेगाना समेत अभिलेख जनाउन लगाउनु पर्नेछ।

६४. **चालक अनुमतिपत्र निलम्बन तथा रद्द गर्ने:** (१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा देहायको अवधिसम्म चालकको चालक अनुमतिपत्र निलम्बन गर्न सक्नेछः-

(क) कुल १० वा सो भन्दा बढी डिमेरिट अङ्क प्राप्त गर्ने गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने

---

✻ पहिलो संशोधनद्वारा थप।

* पहिलो संशोधनद्वारा संशोधित।

शर्तहरु उल्लंघन गरेको प्रमाणित भएमा छ महिनासम्म,

(ख) १५ डिमेरिट अङ्कभन्दा बढी प्राप्त गरेमा सात महिनासम्म,

(ग) २० डिमेरिट अङ्कभन्दा बढी प्राप्त गरेमा आठ महिनासम्म,

(घ) मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा पहिलो पटकका लागि तीन महिना र दोस्रो पटकका लागि छ महिनासम्म,

(ङ) निर्धारण गतिभन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा पहिलो पटक भए ५० अङ्क जरिबाना र दोस्रो पटक भए तीन महिनासम्म चालक अनुमतिपत्र निलम्बन।

(२) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा चालक अनुमतिपत्र रद्द गर्न सक्नेछः-

(क) उपदफा (१) को खण्ड (घ) बमोजिम निलम्बन गरेपछि पनि तेस्रो पटक मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा,

(ख) उपदफा (१) को खण्ड (ङ) बमोजिम निलम्बन गरेपछि पनि तेस्रो पटक निर्धारित भन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा।

६५. **चालक अनुमतिपत्र खारेज गर्न सकिनेः** (१) कुनै चालकमा दफा ५१ मा लेखिएको कुनै अयोग्यता भएको प्रमाणित भएमा वा झुट्टा विवरण पेश गरी चालक अनुमतिपत्र प्राप्त गरेकोमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउँन चालकलाई आदेश दिन सक्नेछ।

(२) सवारी चालकको लापरवाहीका कारण भएको सवारी दुर्घटनाबाट मानिसको अङ्गभङ्ग भएको वा मृत्यु भएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालकको चालक अनुमति पत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन चालकलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र चालकले आफ्नो अनुमति पत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्नेछ।

६६. **चालक अनुमतिपत्रको प्रतिलिपि दिनेः** (१) चालक अनुमतिपत्र हराएमा, नासिएमा वा कुनै कारणले काम नलाग्ने भएमा *पन्ध्र दिनभित्र चालकले ✻ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष चालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी निवेदन दिनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

✻ पहिलो संशोधनद्वारा थप।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक छानबिन गरी व्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले चालकलाई चालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

६७. **स्वचालित (अटोमेटिक) सवारी अनुमतिपत्र सम्बन्धी व्यवस्था:** (१) प्रविधियुक्त स्वचालित सवारी चलाउनको लागि मात्र छुट्टै चालक अनुमतिपत्रको व्यवस्था गर्न सकिनेछ।

तर यस उपदफा बमोजिमको सवारी अनुमतिपत्र अन्य सवारीको हकमा लागू हुने छैन।

(२) उपदफा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६८. **प्रशिक्षार्थी चालक सम्बन्धी व्यवस्था:** प्रशिक्षार्थी सवारी चालक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

+६८क. **सवारी चालक अनुमतिपत्रको अभिलेख राख्नु पर्ने:** मन्त्रालयले कम्प्युटर प्रणालीको विकास गरी विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्र सम्बन्धी कार्यको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

## परिच्छेद- ५

## परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

६९. **अनुमतिपत्र नलिई परिचालकको काम गर्न नहुने:** (१) कुनै पनि व्यक्तिले परिचालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीमा परिचालकको काम गर्नु हुँदैन।

(२) परिचालक अनुमतिपत्र प्राप्त नगरेको कुनै पनि व्यक्तिलाई सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले परिचालकको काममा लगाउन हुँदैन।

७०. **परिचालकको लागि योग्यता:** देहायको व्यक्ति परिचालक अनुमतिपत्र प्राप्त गर्न योग्य हुनेछः-

(क) अठार वर्ष उमेर पुगेको,

(ख) साधारण लेखपढ गर्न जान्ने,

(ग) निरोगिताको प्रमाणपत्र भएको।

७१. **परिचालक अनुमतिपत्रको लागि निवेदन दिने:** (१) दफा ७० बमोजिमको योग्यता भएको व्यक्तिले कुनै सार्वजनिक सवारीमा परिचालकको काम गर्नको लागि परिचालक अनुमतिपत्र लिन चाहेमा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन साथ निवेदकले परिचालक अनुमतिपत्रको लागि तोकिएको दस्तुर, हालसालै खिचिएको आफ्नो तीनप्रति पासपोर्ट साइजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र प्रचलित कानून बमोजिमको मान्यता प्राप्त चिकित्सकद्वारा दिइएको निरोगिताको प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ।

---

+ केही प्रदेश ऐन संशोधन गर्न बनेको ऐन, २०७९ द्वारा थप।

७२. **परिचालक अनुमतिपत्र दिनेः** (१) दफा ७१ बमोजिम परिचालक अनुमतिपत्रको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी निवेदनसाथ संलग्न व्यहोरा साँचो देखिएमा निवेदकलाई अनुसूची- ६ बमोजिमको ढाँचामा परिचालक अनुमतिपत्र दिनु पर्नेछ। यसरी परिचालक अनुमतिपत्र प्राप्त व्यक्तिले आफू कार्यरत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई सुव्यवस्थित ढङ्गबाट परिचालन गर्ने जिम्मेवारी वहन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको परिचालक अनुमतिपत्र सो दिइएको मितिले पाँचवर्षसम्म बहाल रहनेछ।

७३. **परिचालक अनुमतिपत्रको नवीकरणः** (१) दफा ७२ को उपदफा (२) बमोजिम परिचालक अनुमतिपत्रमा म्याद नाघेको तीन महीनाभित्र त्यस्तो परिचालक अनुमतिपत्र नवीकरण गराई सक्नु पर्नेछ।

(२) परिचालकले उपदफा (१) बमोजिमको म्यादभित्र परिचालक अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि परिचालक अनुमतिपत्र पेश हुन आएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालक अनुमतिपत्र अर्को पाँच वर्षसम्मको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी परिचालक अनुमतिपत्र नवीकरण गराउन आउने परिचालकबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म एकसय प्रतिशत, दुई वर्षसम्म दुईसय प्रतिशत, तीन वर्षसम्म तीनसय प्रतिशत, चार वर्षसम्म चारसय प्रतिशत र पाँच वर्षसम्म पाँचसय प्रतिशत थप दस्तुर लिई त्यस्तो परिचालक अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।

७४. **परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेः** (१) दफा ७३ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएको परिचालक अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको परिचालक अनुमतिपत्रको अभिलेख हटाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखबाट हटाइएको परिचालक अनुमतिपत्र नवीकरण गरिने छैन।

७५. **परिचालकको ठेगाना बदलिएमा सूचना गर्नु पर्नेः** (१) परिचालकको स्थायी ठेगाना बदलिएमा एक महीनाभित्र सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले परिचालकको नयाँ ठेगाना समेत अभिलेख जनाउन लगाउनु पर्नेछ।

७६. **परिचालक अनुमतिपत्र निलम्बन गर्न सकिने:** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिचालकले पालन गर्नु पर्ने शर्तहरू पाँच पटक भन्दा बढी उल्लङ्घन गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र छ महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

७७. **परिचालक अनुमतिपत्र खारेज गर्न सकिने:** (१) दफा ७० मा लेखिएको कुनै योग्यता परिचालकमा नभएको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो परिचालकको परिचालक अनुमतिपत्र खारेज गरी सो अनुमतिपत्र फिर्ता बुझाउन परिचालकलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्राप्त भएको मितिले सात दिनभित्र परिचालकले आफ्नो परिचालक अनुमतिपत्र अधिकार प्राप्त अधिकारी समक्ष फिर्ता बुझाउनु पर्नेछ।

७८. **परिचालक अनुमतिपत्रको प्रतिलिपि दिने:** (१) परिचालक अनुमतिपत्र हराएमा वा अन्य कुनै कारणबाट नासिएमा पैंतीस दिनभित्र परिचालकले सम्बन्धित अधिकार प्राप्त अधिकारी समक्ष परिचालक अनुमतिपत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक छानबिन गरी व्यहोरा ठीक देखेमा अधिकार प्राप्त अधिकारीले परिचालकलाई परिचालक अनुमतिपत्रको प्रतिलिपि दिनेछ।

## परिच्छेद- ६

## यातायात व्यवस्थापन

७९. **सडक मार्ग निर्धारण गर्ने:** मन्त्रालयले उपयुक्त देखेको ठाउँमा आवश्यकता अनुसार सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न मार्ग निर्धारण गरी सो को सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशित गर्नु पर्नेछ।

८०. **नमुना मार्ग निर्धारण गर्ने:** उत्पादन वा एसेम्बल हुने वातावरणमैत्री सवारी साधन खरिद गरी सञ्चालन गर्ने व्यक्ति, फर्म, कम्पनी वा सहकारीबाट कुनै मार्ग निर्धारण गर्न माग भएमा मन्त्रालयले त्यस्तो सवारी साधन सञ्चालन हुने स्थानहरु तोकी नमुना मार्ग निर्धारण गर्न सक्नेछ।

८१. **मार्ग निर्धारण समिति:** (१) प्रदेश भर सहज, सरल र सुरक्षित तवरले लामो मार्ग र मध्यम मार्गको मार्ग निर्धारण गर्न देहाय बमोजिमको मार्ग निर्धारण समिति रहनेछः-

(क) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -संयोजक

(ख) निर्देशक, यातायात पूर्वाधार निर्देशनालय -सदस्य

(ग) प्रमुख, प्रादेशिक सडक तथा यातायात व्यवस्था महाशाखा -सदस्य

(घ) प्रमुख, ग्रामिण सडक महाशाखा, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(ङ) आन्तरिक मामिला तथा कानून मन्त्रालयले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य

(च) शाखा अधिकृत, यातायात व्यवस्था -सदस्य-सचिव

तर छोटो मार्ग र स्थानीय मार्गका हकमा स्थानीय तहमा भए स्थानीय कानून बमोजिम मार्ग निर्धारण हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिले मार्ग निर्धारण गर्दा सम्बन्धित सडकको स्तर, अवस्था, सो सडकमा चल्न सक्ने सवारी साधनको किसिम, सो सडकमा आवागमन गर्ने यात्रीको चाप तथा माग, सम्बन्धित सडक डिभिजन कार्यालय तथा स्थानीय निकायको सिफारिश र सो सडक हस्तान्तरण हुँदाका शर्तहरु समेतलाई ध्यानमा राख्नु पर्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश कानून र स्थानीय कानून नबनेसम्म यस ऐन बमोजिम अस्थायी मार्ग निर्धारण बाहेक सबै किसिमको मार्ग निर्धारण गर्ने अधिकार उपदफा (१) बमोजिमको समितिलाई नै हुनेछ।

८२. **अनुदान दिने:** दुर्गम तथा पिछडिएका वस्तीका जनतालाई सवारीको न्यूनतम सेवा उपलब्ध गराउन सार्वजनिक सवारी सञ्चालन गर्न प्रदेश सरकारले अनुदान दिन सक्नेछ।

८३. **मास-ट्रान्सपोर्टलाई प्राथमिकता दिने:** मन्त्रालयले सडकको अवस्था एवं सवारी चापको आधारमा सार्वजनिक सूचना प्रकाशन गरी मास-ट्रान्सपोर्टलाई प्राथमिकता दिई निर्धारित (डेडिकेटेड) लेन प्रयोग गर्ने गरी स्वीकृत दिन सक्नेछ।

८४. **मार्ग इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गर्न नहुने:** दफा ७९ बमोजिम निर्धारित मार्गमा मार्ग इजाजतपत्र प्राप्त नगरी कुनै पनि सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्नु हुँदैन।

८५. **मार्ग इजाजतपत्रको लागि दरखास्त:** यातायात सेवा सञ्चालन गर्नको निमित्त कुनै सार्वजनिक सवारीलाई कुनै मार्ग प्रयोग गर्नु परेमा व्यवस्थापक वा सवारी धनीले तोकिएको ढाँचामा ✻जाँचपास गरेको मितिले सात दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष मार्ग इजाजतपत्रको लागि तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

८६. **मार्ग इजाजतपत्र दिनु पर्ने:** (१) दफा ८५ बमोजिम मार्ग इजाजतपत्रको लागि निवेदन परेमा अधिकारप्राप्त अधिकारीले दफा ८७ को अधीनमा रही त्यस्तो सार्वजनिक सवारीलाई प्रदेशभर सञ्चालन गर्न सकिने गरी ⁕--- प्रदेशस्तरको र इजाजतपत्रमा तोकिएको मार्ग मात्र प्रयोग गर्न अनुसूची- ७ बमोजिमको ढाँचामा मार्ग इजाजतपत्र दिनु पर्छ।

---

✻ पहिलो संशोधनद्वारा थप।

⁕ पहिलो संशोधनद्वारा झिकिएको।

✻तर एक प्रदेशबाट अर्को प्रदेशमा सञ्चालन हुने सवारीको लागि अर्को प्रदेशको सम्बन्धित यातायात व्यवस्था कार्यालयको सहमति लिइ मार्ग इजाजतपत्र दिन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजमार्गको हकमा मन्त्रालयले आवश्यक देखेमा खुल्ला प्रतिस्पर्धाबाट आवश्यक शर्तहरु तोकी मार्ग इजाजतपत्र दिने व्यवस्था गर्न सक्नेछ।

(३) अधिकार प्राप्त अधिकारीले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी कुनै रुट वा एरियामा रुट परमिट जारी गरी सो रुट वा एरियामा चल्ने सवारीको किसिम एवं सङ्ख्या तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम दिइएको मार्ग इजाजतपत्र *छ महिनासम्म बहाल रहनेछ।

८७. **मार्ग इजाजतपत्र सम्बन्धी व्यवस्थाः** दफा ८६ बमोजिम कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिंदा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले देहायका कुराहरू पूरा गरे नगरेको अधिकार प्राप्त अधिकारीले जाँच गरी पूरा गरेको भए मात्र त्यस्तो सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्र दिनु पर्नेछः-

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने कामदार तथा कर्मचारी, तेस्रो पक्षको बीमा र यात्रुबाहक सवारी भए यात्रु बीमामा,

(ख) सवारीको जाँचपास, र

(ग) दर्ताको प्रमाणपत्र नवीकरण।

८८. **मार्गको इजाजतपत्र परिवर्तन गर्नु परेमाः** (१) मार्ग इजाजतपत्रको अवधि समाप्त नहुँदै सो मार्ग इजाजतपत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै मार्गमा प्रयोग गर्नु परेमा सवारी धनी वा व्यवस्थापकले पुनः दफा ८५ बमोजिम मार्ग इजाजतपत्रको लागि निवेदन दिई मार्ग इजाजतपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारीको लागि पहिले दिएको मार्ग इजाजतपत्र खारेज गरी नयाँ मार्ग इजाजतपत्र दिनु पर्नेछ।

८९. **बहु मार्ग इजाजतपत्र दिन सकिनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै ✻मालवाहक सार्वजनिक सवारीले *ढुवानी सेवा पुऱ्याई रहेको मार्गमा कुनै असर नपर्ने गरी सो मार्गसँग सम्बन्धित हुन आउने अन्य मार्गमा समेत उक्त सार्वजनिक सवारी प्रयोग गर्न पाउने गरी अधिकार प्राप्त अधिकारीले ✂...... मार्ग इजाजतपत्र दिन सक्नेछ।

---

✻ पहिलो संशोधनद्वारा थप।

* पहिलो संशोधनद्वारा संशोधित।

✂ पहिलो संशोधनद्वारा झिकिएको।

(२) उपदफा (१) बमोजिम एकभन्दा बढी मार्गमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी बहु मार्ग इजाजतपत्र दिँदा त्यस्तो प्रत्येक मार्गको लागि लाग्ने मार्ग दस्तुर समेत सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले बुझाउनु पर्नेछ।

९०. **पटके मार्ग इजाजतपत्र**: (१) विशेष काम परी कुनै सार्वजनिक सवारीलाई मार्ग इजाजतपत्रमा लेखिएको मार्ग बाहेक अन्य कुनै मार्गमा चलाउनु परेमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले पटके मार्ग इजाजतपत्रको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी व्यहोरा ठीक देखेमा बढीमा सात दिनसम्मको लागि पटके मार्ग इजाजतपत्र दिन सक्नेछ।

९१. **मार्ग इजाजतपत्र दिन इन्कार गर्न सकिने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय राजमार्ग बाहेक अन्य कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजतपत्र प्रदान गर्दा त्यस्तो मार्गमा यात्रीको चाप र सार्वजनिक सवारीको सङ्ख्या, प्रदूषण वा तोकिएका स्तर नभएका वा अन्य कुनै कारणबाट मार्ग इजाजतपत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकुल हुन जान्छ भन्ने अधिकार प्राप्त अधिकारीलाई लागेमा निजले व्यवस्थापन समितिसँग परामर्श गरी मार्गको इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ।

तर त्यसरी इन्कार गरिएको कारण खुलाई जानकारी गराउनु पर्नेछ।

९२. **मार्ग इजाजतपत्र नवीकरण**: (१) दफा ८६ को उपदफा (२) बमोजिम मार्ग इजाजतपत्रमा लेखिएको *म्याद सकिएको पन्ध्र दिनभित्र त्यस्तो मार्ग इजाजतपत्र नवीकरण गराउन निवेदन दिनु पर्नेछ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम मार्ग इजाजतपत्र नवीकरण गराउनको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो मार्ग इजाजतपत्र अर्को *छ महिनाको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी मार्ग इजाजतपत्र नवीकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक महीनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो मार्ग इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।

९३. **मार्ग इजाजतपत्र स्वतः *निलम्बन हुने**: (१) दफा ९२ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएमा त्यस्तो मार्ग इजाजतपत्र स्वतः *निलम्बन हुनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

×(२) -------

×(३) ------

९४. **पुनः मार्ग इजाजतपत्र दिन सकिने**: दफा ९३ बमोजिम *निलम्बन भएको मार्ग इजाजतपत्रमा लेखिएको सार्वजनिक सवारीको लागि पुनः मार्ग इजाजतपत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकबाट दफा ९२ बमोजिम लिनु पर्ने नवीकरण तथा थप दस्तुर समेत लिई निजलाई एक हजार रूपैयाँदेखि तीन हजार रूपैयाँसम्म जरिबाना गरी त्यस्तो सवारी चलाउन दफा ८६ बमोजिम ×------ मार्ग इजाजतपत्र दिनु पर्नेछ।

९५. **मार्ग इजाजतपत्र स्थगित गर्न सकिने**: (१) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री छ महीना वा सो भन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारी धनीले सो व्यहोरा खुलाई मार्ग इजाजतपत्र संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष त्यस्तो मार्ग इजाजतपत्र स्थगित गर्नका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारीको मार्ग इजाजतपत्र स्थगित गर्न सक्नेछ।

(३) मार्ग इजाजतपत्रमा तोकेको मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकुल असर पर्ने गरी यातायात सेवा अवरूद्ध गरेमा प्रदेश सरकारले त्यस्ता सवारीहरूको मार्ग इजाजतपत्र बढीमा एक महीनासम्मको लागि स्थगित गर्न सक्नेछ।

९६. **मार्ग इजाजतपत्र खारेज हुने**: कुनै सार्वजनिक सवारीले देहायको कसूर गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारी साधनको मार्ग इजाजतपत्र खारेज गर्न सक्नेछः-

(क) यात्री बाहक सवारीले सवारी दर्ताको प्रमाणपत्रमा लेखिएको सिट सङ्ख्याभन्दा बढी यात्री राखी सवारी चलाएमा,

(ख) यात्री बाहक सवारी साधनले मालसामान (यात्रीको झिटिगुन्टा बाहेक) बोकेमा र मालबाहक सवारी साधनले यात्री बोकेमा,

(ग) लामो रुटमा सञ्चालन हुने सार्वजनिक सवारीमा कम्तीमा दुईजना सवारी चालक नराखी सवारी सञ्चालन गरेमा,

(घ) रुट इजाजत नलिएको मार्गमा सवारी चलाएमा,

(ङ) सवारी साधनको स्वरूप बदलेको पाइएमा।

९७. **मार्ग इजाजतपत्र रद्द गर्न सकिने**: (१) इजाजतपत्रमा तोकेको मार्गमा तोकिएको शर्तमा सार्वजनिक सवारी साधन सञ्चालन नगरेमा अधिकारप्राप्त अधिकारीले त्यस्तो सवारीको मार्ग इजाजतपत्र रद्द गर्न सक्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

× पहिलो संशोधनद्वारा झिकिएको।

(२) मन्त्रालयले अन्तर्गतको कार्यालयबाट इजाजतपत्र लिई सञ्चालनमा रहेको सार्वजनिक सवारीको आवागमनमा बाधा अवरोध गर्ने व्यक्ति, संस्था वा कम्पनीले पाएको मार्ग इजाजतपत्र अधिकार प्राप्त अधिकारीले रद्द गर्न सक्नेछ।

(३) यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिए वा नासिएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकले सोको प्रमाण संलग्न राखी मार्ग इजाजतपत्रको मान्यता रद्द गराउन अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्छ।

९८. **मार्ग इजाजतपत्रको प्रतिलिपि दिनेः** *(१) मार्ग इजाजतपत्र च्यातिएमा र झुत्रो भै नबुझिने भएमा सो भए गरेको मितिले पन्ध्र दिनभित्र सवारी धनी वा व्यवस्थापकले मार्ग इजाजतपत्रको लागि अधिकार प्राप्त अधिकारी समक्ष सो को प्रतिलिपि संलग्न राखी तोकिएको ढाँचामा तोकिएको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

तर मार्ग इजाजतपत्र हराएमा वा अन्य कुनै कारणवस नासिएमा सो भए गरेको मितिले नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित सात दिनभित्र निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर अधिकार प्राप्त अधिकारीले आवश्यक छानबिन गरी व्यहोरा ठीक देखेमा निवेदकलाई मार्ग इजाजतपत्रको प्रतिलिपि दिनेछ।

९९. **जाँचपास गराउनु पर्नेः** *(१) कुनै पनि सार्वजनिक सवारी साधनले यस ऐन बमोजिम मार्ग इजाजतपत्र लिनु पूर्व देहाय बमोजिम सवारी साधन जाँचपास गराएको हुनु पर्नेछः-

(क) तयारी सवारी साधन आयात भई सार्वजनिक सवारीको रूपमा दर्ता गरी नामसारी भएको मितिले सात दिनभित्र जाँच पास गराउनु पर्ने,

(ख) चेसिस आयात भई सवारी साधनको स्वरूप (बडी) बनाउनु पर्ने अवस्थाको सवारी साधन दर्ता भएको मितिले छ महिना भित्र सवारी साधनको स्वरूप (बडी) निर्माण गरी नामसारी गरिसक्नु पर्ने र नामसारी भएको मितिले सात दिनभित्र जाँचपास गराउनु पर्ने।

(२) उपदफा (१) बमोजिम जाँचपास नगराई कुनै पनि सार्वजनिक सवारीको लागि मार्ग इजाजतपत्र दिइने छैन।

(३) यस ऐन बमोजिम जाँचपास गराउनु पर्ने सवारी जाँचपासका लागि तोकिएको मापदण्डभित्र नरहेको अवस्थामा पनि सञ्चालन गरेको पाइएमा त्यस्तो सवारीको मार्ग इजाजतपत्र अधिकार प्राप्त अधिकारीले बाँकी अवधिको लागि छ महिनासम्म निलम्बन वा खारेज गर्न सक्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

१००. **<u>जाँचपासको लागि निवेदन</u>**: जाँचपास गराउन चाहने सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले जाँचपासको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

१०१. **<u>जाँचपासको प्रमाणपत्र दिनुपर्ने</u>**: (१) दफा १०० बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सार्वजनिक सवारी जाँच्न लगाई त्यस्तो सवारीको यान्त्रिक स्थिति र स्वरूप ठीक देखिएमा तोकिएको ढाँचामा जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने जाँचपासको प्रमाणपत्रको मान्यता छ महिनासम्मको लागि हुनेछ।

१०२. **<u>पुनः जाँचपास गराउनु पर्ने:</u>** (१) दफा १०१ को उपदफा (२) मा लेखिएको म्याद नाघेको मितिले सात दिनभित्र अधिकार प्राप्त अधिकारी समक्ष पुनः जाँचपासको लागि निवेदन दिई जाँचपास गराउनु पर्नेछ।

(२) उपदफा (१) मा लेखिएको म्यादसम्म पुनः जाँचपास नगराएमा सो म्याद नाघेको मितिले पैंतीस दिनभित्र त्यस्तो सवारी जाँचपास गराउन ल्याएमा जाँचपासको लागि लाग्ने दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर समेत लिई त्यस्तो सवारी जाँचपास गरी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि जाँचपास नगराएमा त्यस्तो जाँचपासको प्रमाणपत्र स्वतः रद्द हुनेछ। यसरी जाँचपासको प्रमाणपत्र रद्द भएको सार्वजनिक सवारी पुनः जाँचपास गराउन ल्याएमा सवारी धनी वा व्यवस्थापकबाट उपदफा (२) बमोजिमको दस्तुरको अतिरिक्त पाँचहजार रूपैयाँसम्म जरिबाना लिई त्यस्तो सवारी पुनः जाँचपास गरी जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ।

१०३. **<u>प्रदूषण जाँच गराउनु पर्ने</u>**: (१) कुनै पनि सवारीको शुरु दर्ता गराउँदा यस ऐनमा तोकिएको स्थान र अवधिमा प्रदूषण जाँच गराउनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रदूषण जाँच नगराई कुनै पनि सवारी सञ्चालनको लागि इजाजतपत्र दिइने छैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुईपांग्रे सवारीको हकमा दर्ता गर्दा र नामसारी दर्ता गर्दा मात्र प्रदूषण जाँच गराउनु पर्नेछ।

१०४. **<u>प्रदूषण जाँचको लागि निवेदन</u>**: प्रदूषण जाँच गर्न चाहने सवारीको धनी वा व्यवस्थापकले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्छ।

१०५. **<u>प्रदूषण जाँचको स्टीकर दिने</u>**: (१) दफा १०४ बमोजिम निवेदन परेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीको प्रदूषणको स्तर जाँच्न लगाई त्यस्तो सवारी तोकिए बमोजिमको प्रदूषणको मापदण्डभित्र परेको पाइएमा तोकिए बमोजिमको ढाँचामा प्रदूषण जाँचको स्टीकर दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम दिइने प्रदूषण जाँचको स्टीकरको मान्यता सार्वजनिक सवारीको हकमा छ महिनासम्मको लागि र अन्य सवारीको हकमा एक वर्षको लागि हुनेछ।

⌘१०५क. **प्रदूषण जाँच नगराएमा हुने जरिबानाः** (१) यस ऐन बमोजिम प्रदूषण जाँच गरी दिएको स्टिकरको मान्यता अवधि समाप्त भएको सात दिनभित्र पुनः प्रदूषण जाँच गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र प्रदूषण जाँचपास नगराएमा देहाय बमोजिमको जरिबाना गरी पुनः प्रदूषण जाँच गर्नु पर्नेछः-

(क) अवधि समाप्त भएको तीस दिनसम्म दोब्बर जरिबाना,

(ख) खण्ड (क) मा उल्लिखित अवधि नाघेमा थप एक हजार रूपैयाँ देखि दुई हजार रूपैयाँसम्म जरिबाना।

१०६. **अनुमति प्राप्त सक्षम एवं योग्य वर्कशपबाट जाँच गराउनु पर्नेः** (१) मन्त्रालयले आफ्नो स्रोत साधनबाट सार्वजनिक सवारीको प्रदूषण लगायतका जाँचपास गर्न सम्भव नभएमा आवश्यकतानुसार शर्तहरु तोकी अनुमति प्राप्त वर्कशपबाट स्वचालित प्रणाली (भेहिकल फिटनेस टेष्टिङ्ग सेन्टर) को आधारमा त्यस्तो जाँचपास गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त वर्कशपबाट भएको जाँचपासका सम्बन्धमा अधिकार प्राप्त अधिकारीले अनुगमन गर्दा तोकिएको शर्तअनुरूप जाँचपास भएको नदेखिएमा त्यसरी जाँचपास गर्ने वर्कशपको अनुमति निलम्बन वा खारेज गर्न सक्नेछ।

१०७. **यातायात सेवाको नाम पञ्जीकृत गर्नु पर्नेः** (१) यातायात सेवाको नाम *कार्यालयमा पञ्जीकृत नगरी सवारी धनी वा व्यवस्थापकले कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन।

(२) यातायात सेवाको नाम *कार्यालयमा पञ्जीकृत गर्न चाहने सवारी धनी वा व्यवस्थापकले त्यस्तो सेवा पञ्जीकरणको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर *कार्यालयले आवश्यक छानबिन गरी त्यस्तो यातायात सेवाको नाम पञ्जीकृत गर्न उपयुक्त देखेमा सो नामबाट यातायात सेवा सञ्चालन गर्न निवेदकलाई अनुसूची- ८ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ। त्यसरी यातायात सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त सवारी धनी वा व्यवस्थापकले त्यस्तो यातायात सेवा प्रदान गर्ने कार्य बन्द गर्न चाहेमा *कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको अनुमतिपत्र सो दिइएको मितिले पाँच वर्षसम्म बहाल रहनेछ।

---

⌘ पहिलो संशोधनद्वारा थप।

* पहिलो संशोधनद्वारा संशोधित।

(५) यस दफा बमोजिम पञ्जीकृत यातायात सेवा सम्बन्धी व्यवस्था र त्यस्तो सेवामा काम गर्ने कर्मचारीहरूको नियुक्ति, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

※(६) यातायात सेवाको नाम एक पटक पञ्जीकरण भै सकेपछि सोहि पञ्जिकृत यातायात सेवामा सवारी साधन थप गर्न चाहेमा अधिकार प्राप्त अधिकारीले प्रत्येक सवारी साधनको लागि तोकिए वमोजिमको दस्तुर लिई सवारी साधन थप गर्न सक्नेछ।

※(७) उपदफा (६) बमोजिम पञ्जिकृत यातायात सेवामा सवारी साधन थप गर्दा त्यस्ता कम्पनीको क्षमता र पूँजीको अनुपात मिल्ने गरी कम्पनीको पूँजी वृद्धि गरी सो को निस्सा पेश गर्नु पर्नेछ।

※(८) उपदफा (७) बमोजिम कम्पनीको क्षमता र पूँजीको अनुपात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

+१०७क. **<u>जफत सवारी सम्बन्धमाः</u>** (१) ऐनको दफा १९४ को उपदफा (१) बमोजिम जफत गरिएका सवारी साधन प्रचलित कानून बमोजिम यातायात व्यवस्था कार्यालयले लिलाम गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी जफत गरिएको सवारीलाई प्रदेश सरकारले निर्णय गरे बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्था वा सरकारी कार्यालय वा स्थानीय तहलाई प्रयोग गर्न दिन सक्नेछ।

(३) जफत सवारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१०८. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरण</u>**ः (१) दफा १०७ को उपदफा (४) बमोजिमको म्याद नाघेको तीन महीनाभित्र यातायात सेवा सञ्चालन गर्न दिइएको अनुमतिपत्र नवीकरण गरी सक्नु पर्नेछ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम अनुमतिपत्र नवीकरण गराउनको लागि तोकिए बमोजिमको ढाँचामा दस्तुर सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि निवेदन परेमा मन्त्रालयले त्यस्तो अनुमतिपत्र अर्को पाँचवर्षको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी त्यस्तो अनुमतिपत्र नवीकरण गराउन आउने सवारी धनी वा व्यवस्थापकबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई नवीकरण गरिनेछ।

---

※ पहिलो संशोधनद्वारा थप।

+ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

※(५) उपदफा (४) बमोजिमको समयावधि भित्र नवीकरण नगरेमा उपदफा (४) मा उल्लिखित दस्तुरका अतिरिक्त प्रत्येक वर्षको शत प्रतिशतका दरले थप दस्तुर लिई नवीकरण गर्न सक्नेछ।

**१०९. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र स्वतः रद्द हुने</u>**: (१) दफा १०८ को उपदफा (४) बमोजिम निर्धारित अवधिभित्र यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण नगराएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको अनुमतिपत्रको अभिलेख हटाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेख हटाइएको अनुमतिपत्र पुनः नवीकरण गरिने छैन।

**११०. <u>भाडा निर्धारण गर्ने</u>**: (१) कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडा दर तोकिए बमोजिम हुनेछ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने यात्री गुण्टाको (मालसामान) अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने यात्रीगुण्टाको अधिकतम वजन तथा भाडा तोकिए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम तोकिएको भाडा दरभन्दा बढी हुने गरी भाडा लिनु हुँदैन।

**१११. <u>परिचयपत्र नझुण्ड्याएको व्यक्तिले यात्री टिकट बेच्न नहुने</u>**: सार्वजनिक सवारीको यात्री टिकट बेच्ने कार्यमा संलग्न व्यक्तिले त्यस्तो सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको कर्मचारी परिचयपत्र नझुण्ड्याई त्यस्तो यातायात सेवाको नामबाट यात्री टिकट बेच्न हुँदैन।

**११२. <u>यात्री टिकटको ढाँचा</u>**: (१) सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम यात्री टिकट बेच्ने व्यक्तिले टिकटमा सम्बन्धित यातायात सेवाको छाप लगाएको हुनु पर्नेछ।

**११३. <u>माल ढुवानी गर्दा माल ढुवानीको विवरण सहितको बिल दिनु पर्ने</u>**: मालबाहक सार्वजनिक सवारीले कुनै पनि किसिमको माल ढुवानी गर्दा मालसामानको धनीलाई त्यस्तो मालसामानको विवरणसहित उल्लेख गरिएको माल ढुवानीको बिल तोकिए बमोजिमको ढाँचामा दिनु पर्नेछ।

**११४. <u>यात्री सूची तयार गर्नु पर्ने</u>**: मन्त्रालयले तोके बमोजिमको मध्यम मार्ग वा लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको

---

※ पहिलो संशोधनद्वारा थप।

नाम, उमेर र ठेगाना खुलाई यात्रीको सूची तयार गर्नु पर्नेछ। त्यसरी तयार गरिएको यात्री सूचीको एकप्रति आफूसँग राखी अर्को प्रति अधिकार प्राप्त अधिकारी वा *नजिकको ट्राफिक प्रहरी कार्यालय समक्ष दिएर मात्र गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु पर्नेछ।

**११५. यात्री र मालसामान सुरक्षित रूपमा पुऱ्याउनु पर्नेः** (१) सार्वजनिक यातायात सेवाका धनी वा व्यवस्थापकले मालसामान वा यात्रीको जिम्मा लिएपछि यात्राको शुरूदेखि गन्तव्य स्थानसम्म निर्धारित समयभित्र सुरक्षासाथ पुऱ्याउनु निजको कर्तव्य हुनेछ।

तर यात्रीलाई असुविधा हुने गरी गन्तव्य स्थानमा पुग्ने समय निर्धारण गर्न हुँदैन।

(२) कुनै सार्वजनिक सवारी विग्रेमा वा विगतका कारणले सवारी अघि बढाउन नसकिने भएमा पनि यात्रीको सुविधालाई ध्यान पुऱ्याउनु र सवारीमा रहेको मालसामानको सुरक्षा गर्नु त्यस्तो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा कर्मचारीको दायित्व हुनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्था परी सवारी अघि बढाउन नसकिने भएमा पनि सवारी धनी वा व्यवस्थापकले यात्रीहरूलाई गन्तव्य स्थानसम्म पुऱ्याउने व्यवस्था गर्नु पर्नेछ।

**११६. सीटभन्दा बढी यात्री राख्न नहुनेः** यात्रीबाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको प्रमाणपत्रमा लेखिएको सीट सङ्ख्याभन्दा बढी यात्री राखी चलाउन हुँदैन।

**११७. यात्रा विश्राम गर्नु पर्नेः** चार घण्टाभन्दा बढीको दूरीमा चल्ने यात्रीबाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एकपटक पन्ध्र मिनेट विश्राम गर्नु पर्नेछ।

**११८. चालकको पालो फेर्नु पर्नेः** लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्रीबाहक सार्वजनिक सवारीमा कम्तीमा दुईवटा चालक अनिवार्य रूपमा राखी प्रत्येक छ घण्टापछि पालै पालोसँग सवारी चलाउन लगाउने कर्तव्य यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

**११९. ⋆टिकट नदिई यात्रा प्रतिबन्धः** (१) कुनै पनि व्यक्तिलाई सवारी साधनमा यात्रा गराउँदा अनिवार्य टिकट जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लामो दुरीको यात्रामा यात्रुको नाम, थर, ठेगाना र गन्तव्य सहितको विवरण आधिकारिक टिकटमा नखुलाई यात्रा गराउन पाइने छैन।

(३) उपदफा (१) र (२) बमोजिम टिकटको सम्बन्धमा मन्त्रालयले कार्यविधि बनाई विद्युतीय भुक्तानीको व्यवस्था गर्न सक्नेछ। यसरी विद्युतीय माध्यमबाट भुक्तानीको व्यवस्था भएमा टिकट लिई यात्रा गरेको मानिनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

⋆ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

१२०. **<u>मार्गको नक्सा र समय तालिकाको जानकारी गराउने</u>:** (१) अधिकार प्राप्त अधिकारीले प्रत्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको मार्गको नक्सा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय तथा गन्तव्य स्थानमा पुग्ने समय तालिका जानकारीको लागि टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको मार्ग, नक्सा वा समय तालिकामा कुनै फेरबदल भएमा अधिकार प्राप्त अधिकारी वा निजले खटाएको व्यक्तिले सोको सूचना तुरून्त यात्रीलाई दिने व्यवस्था गर्नु पर्नेछ।

१२१. **<u>सीट सुरक्षित राख्नु पर्ने</u>**: लामो मार्गमा चल्ने वा स्थानीय मार्गमा चल्ने यात्रीबाहक सार्वजनिक ठूलो सवारीमा चारवटा सीट अशक्त व्यक्तिका लागि र चारवटा सीट महिलाहरूका लागि सुरक्षित राख्नु पर्ने कर्तव्य सो यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीको हुनेछ।

१२२. **<u>सुरक्षाकर्मी राख्न सकिने</u>**: मध्यम मार्ग र लामो मार्गमा यात्रीबाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने व्यवस्थापक वा सवारी धनीले सो सवारी तथा यात्रीहरूको सुरक्षाको निमित्त सो सवारीमा सुरक्षाकर्मी उपलब्ध गराई दिन प्रदेश सरकारसँग अनुरोध गरेमा वा प्रदेश सरकारले त्यस्तो सवारीमा सरकारी सुरक्षाकर्मी तैनाथ गर्नु पर्ने आवश्यकता देखेमा लाग्ने दस्तुर लिई आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

१२३. **<u>अनुचित व्यवहार गर्न नहुने</u>:** कसैले पनि यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार गर्नु हुँदैन।

१२४. **<u>सार्वजनिक सवारीमा सी.सी क्यामेरा जडान गर्ने</u>:** सार्वजनिक सवारीमा सी.सी क्यामेरा जडान गर्नु पर्नेछ।

१२५. **<u>चालकसँग कुरा गर्न नहुने</u>**: सार्वजनिक सवारी चलिरहेको समयमा कसैले पनि सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य गर्न वा गराउन हुँदैन।

१२६. **<u>फेला परेको मालसामान बुझाउनु पर्ने</u>**: सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान सो फेला परेको चौवीस घण्टाभित्र तत्काल कार्यरत सो सवारीको कर्मचारीले सवारी धनी वा व्यवस्थापकलाई बुझाउनु पर्नेछ। त्यसरी फेला परेको मालसामान सवारी धनी वा व्यवस्थापकले आफूलाई प्राप्त हुन आएको चौबीस घण्टाभित्र अधिकार प्राप्त अधिकारी वा *****<u>नजिकको प्रहरी कार्यालयमा</u> बुझाउनु पर्नेछ।

१२७. **<u>यात्री लिन इन्कार गर्न नहुने</u>**: मध्यम वा लामो मार्गमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक अन्य सार्वजनिक सवारीले सवारी खाली रहेको अवस्थामा यात्री लिन इन्कार गर्न हुँदैन।

---

***** पहिलो संशोधनद्वारा संशोधित।

१२८. **प्रदेश सरकारको विशेष अधिकार**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने गरी सवारी धनी वा व्यवस्थापकलाई मन्त्रालयले आदेश दिन सक्नेछ।

## परिच्छेद- ७

## आवागमन नियन्त्रण

१२९. **सवारीको गति निर्धारण**: (१) मन्त्रालयले कुनै सार्वजनिक स्थानका सम्बन्धमा सवारी चलाउने गति निर्धारण गर्न आवश्यक देखेमा सो स्थानमा सवारीको गति निर्धारण गरी सोभन्दा बढी वेगमा सवारी चलाउन निषेध गर्न सक्नेछ। यसरी गति निर्धारण गरिएको स्थानमा सो निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी बढी वेगमा सवारी चलाउन निषेधित सार्वजनिक स्थानमा निर्धारित गति सम्बन्धी सूचना वा सङ्केत मन्त्रालयले टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपदफा (१) लागू हुने छैन।

तर त्यस्तो सवारीले सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्नको निम्ति विशेष किसिमको ध्वनी तथा बत्तीको प्रयोग गर्नु पर्नेछ।

१३०. **सवारीको वजन:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको सडकमा चल्ने सवारीको सुरक्षित एक्सल वजनको अधिकतम हद निर्धारण गर्न सक्नेछ। त्यस्तो सडकमा सूचनामा तोकिएको एक्सल वजनभन्दा बढी वजन भएका सवारी चलाउन वा चलाउन लगाउन हुँदैन।

(२) मन्त्रालयले कुनै सार्वजनिक स्थानको सम्बन्धमा सवारीको वजनको हद निर्धारण गर्न सक्नेछ। यसरी सवारीको वजनको हद निर्धारण गरिएको भए त्यसरी निर्धारित वजनभन्दा बढी हुने गरी त्यस्तो सार्वजनिक स्थानमा कसैले सवारी चलाउन वा चलाउन लगाउन पाइने छैन।

१३१. **यात्रीको सङ्ख्या र मालसामानको वजन तोक्ने**: (१) सार्वजनिक सवारीमा राख्न सकिने यात्रीको सङ्ख्या र मालसामानको वजन मन्त्रालयले निर्धारण गरी सोको सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित मानिसको संङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा यात्री वा मालसामान राख्न हुँदैन।

(३) मन्त्रालयले मालबाहक सवारीले क्षमता भन्दा बढी वजन बोके नबोकेको सम्बन्धमा परीक्षण गर्नका लागि आवश्यक स्थानमा तोकिए बमोजिमको तौल गर्ने मेसिन राखी सवारीको तौल लिने व्यवस्था गर्नेछ।

१३२. **<u>सवारी चलाउन प्रतिबन्ध लगाउने</u>**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमित्त कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउनमा प्रतिबन्ध लगाउन सक्नेछ। यसरी प्रतिबन्ध लगाइएकोमा मन्त्रालयले सो कुराको सूचना त्यस्तो स्थानमा टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

१३३. **<u>सवारी साधन चलाउन रोक लगाउने</u>**: अधिकार प्राप्त अधिकारीले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वा उपयुक्त ट्राफिक व्यवस्थापनका आवश्यक साधन प्रयोग गरी सबै किसिमको (यान्त्रिक तथा अन्य) सवारी चलाउन रोक लगाउन वा एकतर्फी सञ्चालन गर्न वा केही दिन वा केही समय रोक्न सक्नेछ।

१३४. **<u>ट्राफिक संकेत टाँस्ने, टाँग्ने वा जडान गर्ने</u>**: (१) मन्त्रालयले आवश्यक देखेको सार्वजनिक स्थानहरूमा अन्तर्राष्ट्रिय प्रचलन अनुरूपको रंग, आकार र नमुना बमोजिमको आवश्यक ट्राफिक सङ्केतहरू टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू मन्त्रालयले वा मन्त्रालयले खटाएको व्यक्ति बाहेक अरू कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्न हुँदैन।

१३५. **<u>ट्राफिक सङ्केतको पालन गर्नु पर्ने</u>**: *(१) <u>चालकले सवारी चलाउँदा यात्री, पैदल यात्री र ट्राफिक सङ्केतको पालन गरी सवारी चलाउनु पर्नेछ।</u>

(२) चालक, यात्री र पैदल यात्रीले पालन गर्नु पर्ने ट्राफिक सङ्केतहरू तोकिए बमोजिम हुनेछन्।

१३६. **<u>रंगिन सिसा प्रयोग गर्न नहुने</u>**: (१) कुनै पनि सवारीमा बाहिरबाट सवारीभित्र नदेखिने गरी रंगिन सिसा राख्न वा सिसामा अन्य कुनै वस्तुको प्रयोग गरी रंगिन बनाउन पाइने छैन।

तर प्रदेश सरकारले सुरक्षाको दृष्टिबाट उपयुक्त ठहऱ्याएका सवारीका हकमा यो प्रतिबन्ध लागू हुने छैन।

(२) कसैले उपदफा (१) प्रतिकूलको काम गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो सवारीलाई रंगिन सिसा वा सिसामा प्रयोग गरेको कुनै वस्तु नहटाएसम्म त्यस्तो सवारी चलाउन प्रतिबन्ध लगाउन सक्नेछ।

१३७. **<u>पार्किङ तथा बस बिसौनी स्थान र चार्जिङ स्टेशन निर्धारण गर्ने</u>**: (१) मन्त्रालयले सवारीको पार्किङ्ग विल्डिङ्ग पार्किङ्ग, खुल्ला पार्किङ्ग, बस बिसौने स्थान चार्जिङ स्टेशन आफै बनाउन/निर्धारण गर्न सक्नेछ।

(२) मन्त्रालयले निर्धारण गरेको स्थानलाई सरोकारवाला निकायले सहयोग गर्नु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

(३) स्थानीय सडक कार्यालय, ट्राफिक प्रहरी कार्यालय र सम्बन्धित स्थानीय तहका पदाधिकारीहरुले मन्त्रालयसँग समन्वय गरी सवारीको पार्किङ स्थान र बिसौनी निर्धारण गर्नु पर्नेछ।

(४) मन्त्रालयले कुनै व्यक्ति, फर्म वा कम्पनीको निजी लगानीमा पार्किङ स्थानको निर्माण तथा सञ्चालन गर्दा पालन गर्नु पर्ने मापदण्ड तोक्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम निर्धारित मापदण्डको पालन गर्नु सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीको कर्तव्य हुनेछ।

१३८. **सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने**: (१) कुनै पनि सवारी अरू कुनै सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुने गरी कुनै सार्वजनिक स्थानमा राख्न हुँदैन।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्यत्र लान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमबाट सडकको बायाँ किनारा लगाई राखी रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नु पर्नेछ।

१३९. **एकीकृत सवारी सेवा केन्द्र सञ्चालन**: (१) मन्त्रालयले ठूलो सहरभित्र जाने सवारीको प्रवेशलाई व्यवस्थित गर्न देहायको प्रयोजनको लागि आवश्यक एकीकृत सवारी सेवा केन्द्रको व्यवस्था मिलाउनेछः-

(क) वातावरण प्रदूषण रोकथाम गर्ने सम्बन्धमा,

(ख) सुरक्षा प्रबन्ध गर्ने सम्बन्धमा,

(ग) सहरभित्र जाने सवारीको मापदण्ड पालनाको अवस्थाका सम्बन्धमा,

(घ) सवारी चेक जाँच सम्बन्धी बिषय,

(ङ) अन्य कार्य।

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४०. **सवारीको अन्य भागमा मानिस राख्न नहुने**: कुनै सवारी चालक वा सवारी धनी वा व्यवस्थापकले सानो सवारीमा र लामो एवं मध्यम मार्गमा चल्ने सवारीमा यात्री बस्न बनेको सीट बाहेक सवारीको अन्य भागमा र स्थानीय मार्गमा चल्ने सवारीमा यात्री बस्न बनेको सीट एवं भित्री भाग बाहेक अन्य भागमा यात्री राखी सवारी चलाउन वा चलाउन लगाउन हुँदैन।

१४१. **चालकलाई बाधा पुग्ने काम गर्न नहुने**: कसैले चालकको क्षेत्र (ड्राईभर केवीन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा आफू उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्न हुँदैन।

१४२. **ट्राफिक प्रहरीलाई हातपात गर्न नहुने**: कर्तव्य पालनको सिलसिलामा खटिएका ट्राफिक प्रहरी वा यातायात निरीक्षक उपर हातपात वा दुर्व्यवहार गर्नु हुँदैन।

१४३. **आवागमनमा बाधा पार्न नहुने**: (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आवागमनमा बाधा पुग्ने गरी मालसामान वा निर्माण सामाग्री लगायतका अन्य सामाग्री लगायतका अन्य सामग्री राख्न हुँदैन।

(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम स्वीकृति नलिई राखिएका मालसामान वडा कार्यालयले प्रचलित कानून बमोजिम जफत वा जरिबाना गर्न सक्नेछ।

१४४. **सवारीलाई बाधा पुऱ्याउन नहुने**: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम मार्ग इजाजत प्राप्त सवारीलाई त्यस्तो इजाजतपत्रमा तोकिएको मार्गमा सञ्चालन गर्न कसैले पनि कुनै किसिमको बाधा पुऱ्याउन पाइने छैन।

१४५. **सडक पार गर्ने**: पैदल यात्रीले जेब्राक्रसिङ वा बाटो पार गर्नका लागि निर्धारित स्थानबाट मात्र सडक पार गर्नु पर्दछ।

१४६. **सार्वजनिक स्थानमा खाल्टो खन्दा साङ्केतिक चिन्ह राख्नु पर्ने**: (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै काम परी खाल्टो खन्न पर्दा नजिकको स्थानीय तहको क्षेत्राधिकारमा स्थानीय तह, प्रदेशभित्र पर्नेमा प्रदेश सरकार र राष्ट्रिय राजमार्गको क्षेत्राधिकारमा संघको कार्यालयबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक स्थानमा खाल्टो खन्ने स्वीकृति दिंदा सो स्थानमा दुर्घटना नहुने किसिमबाट साङ्केतिक चिन्ह राख्न लगाउनु पर्नेछ।

(३) काम सकिएपछि खनेको खाल्टो पहिलेको जस्तै अवस्था हुने गरी पुर्नु पर्नेछ।

१४७. **सवारीमा सांकेतिक चिन्ह राख्नु पर्ने**: कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालबाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि सांकेतिक चिन्ह देखिने गरी राख्नु पर्नेछ।

१४८. **सिकारुले सवारी चलाएकोमा संकेत राख्नु पर्ने**: (१) सिकारुले सवारी चलाएकोमा त्यस्तो सवारी साधनको अगाडि र पछाडि भागमा कम्तीमा दश मिटर टाढैबाट प्रष्ट देख्न सक्ने गरी ठूलो अक्षरमा सिकारु भन्ने संकेत उल्लेख गर्नु पर्छ।

(२) सिकारु व्यक्तिले राजमार्ग वा सहायक राजमार्ग बाहेकका सडकमा मात्र सवारी चलाउनु पर्नेछ।

१४९. **सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने**: (१) चालकले आफ्नो सवारी निर्दिष्ट मार्गमा चलाई रहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन।

(२) कसैले सवारीमा रहेका कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिको लागि कुनै पनि किसिमको माग राख्नु हुँदैन।

१५०. **<u>दुर्घटनामा परेका सवारी र यात्रीको हानि नोक्सानी गर्न नहुने</u>**ः कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने कुनै व्यक्तिलाई कुटपिट दुर्व्यबहार वा तिनीहरूको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरूलाई कुनै पनि किसिमले हानि नोक्सानी पुऱ्याउनु हुँदैन।

१५१. **<u>सवारी चलाउँदा सुरक्षापेटी तथा हेल्मेट लगाउनु पर्ने</u>**ः (१) तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ।

(२) मोटर साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालकले तथा सो सवारीमा बस्ने मानिसले सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्नेछ।

१५२. **<u>कागजात देखाउनु पर्ने</u>**ः (१) प्रहरी वा यातायात निरीक्षकले चेकजाँचको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाणपत्र वा सार्वजनिक सवारीको मार्ग इजाजतपत्र वा अन्य कागजात हेर्न खोजेमा त्यस्तो सवारीको चालक, सवारी धनी वा व्यवस्थापकले दर्ताको प्रमाणपत्र, मार्ग इजाजतपत्र वा अन्य कागजात हेर्न देखाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी सार्वजनिक सवारी वा त्यसको चालक, परिचालक, सुरक्षाकर्मी वा त्यस्तो सवारीमा काम गर्ने कुनै कर्मचारीसँग सम्बन्धित भएमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले त्यसरी मागिएको जानकारी अधिकार प्राप्त अधिकारी वा यातायात निरीक्षक वा प्रहरीलाई यथाशीघ्र दिनु पर्नेछ।

१५३. **<u>सवारी रोक्नु पर्ने</u>**ः चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा बत्ती वा संकेतले रोक्ने संकेत गरेमा आवश्यकता अनुसार उचित समयसम्म रोकी राख्नु पर्नेछः-

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने संभावना भई सो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानि नोक्सानी भएकोमा,

(घ) जेब्रा क्रसिङ, दोबाटो वा चौबाटो रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा।

१५४. **<u>दुर्घटना भएमा चालकको कर्तव्य</u>**ः (१) सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोट पटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरून्त आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरून्त सो दुर्घटनाको जानकारी तथा विवरण नजिकको प्रहरी कार्यालयलाई दिनु पर्नेछ। कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालकसँग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनु पर्नेछ।

**१५५. <u>दुर्घटना परेको सवारीको निरीक्षण</u>**ः दुर्घटनाको छानबिनको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने सवारीको निरीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित प्रहरीले त्यस्तो सवारी आफू समक्ष दाखिल गर्न लगाई वा त्यस्तो सवारी रहेको ठाउँमा गई निरीक्षण गर्न सक्नेछ।

**१५६. <u>सवारी बायाँतिरबाट चलाउनु पर्ने</u>**ः (१) *<u>सार्वजनिक सडकमा</u> सवारी चलाउँदा चालकले तोकिएको सडक बाहेक अन्य स्थानमा बायाँ किनारा तर्फबाट चलाउनु पर्नेछ।

(२) अगाडि गइरहेको सवारीलाई उछिनी जानु परेमा संकेत दिई उक्त सवारीको चालकले अगाडि जान संकेत दिएपछि मात्र पछाडिको सवारीले दाहिने तिरबाट उछिनी जानु पर्नेछ। यसरी पछाडिको सवारीले उछिनी जानको लागि संकेत दिएमा अगाडिको सवारीले अवस्था हेरी अगाडि जानको निमित्त पछाडिको सवारीलाई संकेत दिनु पर्नेछ।

**१५७. <u>पेटीबाट हिंड्नु पर्ने</u>**ः मानिस हिंड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिंड्नु पर्नेछ। पेटी नभएको सडकमा हिंड्दा सो सडकको ✠<u>बाँया</u> किनारा तर्फबाट हिड्ने गर्नु पर्नेछ।

**१५८. <u>निर्धारित ठाउँबाट बाटो काट्नु पर्ने</u>**ः पैदल हिंड्ने मानिसले मार्ग काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब-वे, ओभरहेड ब्रीज वा त्यस्तो मार्ग काट्नको लागि निर्धारित गरिएको ठाउँबाट मात्र मार्ग काट्नु पर्नेछ।

**१५९. <u>घर पालुवा पशुपंक्षी छाड्न नहुने</u>**ः सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घर पालुवा पशुपंक्षी छाड्न हुँदैन।

तर काबू बाहिरको परिस्थिति परेमा त्यस्ता पशुपंक्षीलाई सवारीमा बाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट तुरुन्त हटाउनु पर्छ।

**१६०. <u>घुम्ती निरीक्षक</u>**ः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरे नगरेको निरीक्षण गर्न प्रहरी वा यातायात निरीक्षकले आवश्यकता अनुसार घुम्ती निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घुम्ती निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा १९९ मा उल्लिखित बमोजिमको काम कारबाही भएको देखेमा त्यस्तो व्यक्तिलाई तत्काल यस ऐन बमोजिमको सजाय गर्न सक्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

✠ पहिलो संशोधनद्वारा थप।

१६१. **चालकले आफ्नो अनुमतिपत्र अरूलाई दिन नहुने**: चालकले अरूको सवारी चालक अनुमतिपत्र लिइ सवारी चलाउन हुँदैन।

१६२. **मादक पदार्थ तथा अन्य लागू पदार्थ सेवन गर्न नहुने**: सवारी चलाउँदा चालकले मादक पदार्थ वा अन्य लागू पदार्थ सेवन गरी सवारी चलाउनु हुँदैन।

१६३. **सवारी चलाउन नहुने**: चालकले लापरवाही गरी सवारी चलाएमा, सवारीको संवेदनशील पार्ट पूर्जा बिग्री वा अवस्था ठीक नभएको सवारी चलाउन हुँदैन।

१६४. **आवश्यक सहयोग पुऱ्याउने**: कुनै पनि सवारीले दुर्घटनामा परेको सवारी वा सवारीमा रहेका यात्रीलाई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ।

१६५. **प्रचार प्रसार गर्ने गराउने**: सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक सङ्केतको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा सम्बन्धित सरकार/मन्त्रालयले सञ्चार माध्यमबाट ट्राफिक सङ्केत सम्बन्धी कार्यक्रम प्रसार गर्ने व्यवस्था गर्ने गराउनेछ।

## परिच्छेद- ८

## बीमा सम्बन्धी व्यवस्था

१६६. **सवारीको बीमा गराउनु पर्ने**: (१) सवारी धनी वा व्यवस्थापकले तोकिए बमोजिम सवारीको बिमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा नगरेको सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन र त्यस्तो सवारी सार्वजनिक सवारी भए त्यस्तो सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न अभिलेख मार्ग इजाजतपत्र प्रदान गरिने छैन।

१६७. **चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमा**: (१) यातायात सेवामा संलग्न प्रत्येक सार्वजनिक सवारीको चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारीको तोकिए बमोजिमको रकम दुर्घटना बीमा सवारी धनी वा व्यवस्थापकले गर्नु पर्नेछ।

(२) सवारीको दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अङ्गभङ्ग वा मृत्यु भएमा सो बापत पाउने बीमित रकम निज स्वयं वा निजको नजिकको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई निजहरूलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजहरूले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निजहरू वा निजहरूको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

**१६८. <u>यात्रीको बीमाः</u>** (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने ✻<u>यात्रुको</u> तोकिएको रकमको दुर्घटना बीमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अङ्गभङ्ग भएमा अङ्गभङ्ग भए बापतको दुर्घटना बीमाको रकम निजले पाउनेछ र सो दुर्घटनाबाट निजको मृत्यु भएमा निजको नजीकको हकवालाले सो बापत पाउनु पर्ने दुर्घटना बीमाको रकम पाउनेछ।

(३) उपदफा (१) बमोजिम यात्रीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटनाग्रस्त भई त्यसमा यात्रा गरिरहेका कुनै पनि यात्रीलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतीपूर्ति बापत दिनु पर्नेछ।

**१६९. <u>सामानको बीमा</u>ः** (१) यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको सामान तोकिएको रकमको बीमा गराउनु पर्नेछ।

तर बहुमल्य सामानको हकमा पहिले जानकारी गराएमा मात्र क्षतिपूर्ति बीमा रकमले नपुग्ने भएमा त्यस्तोमा थप रकम दिनु पर्नेछ।

(२) सामानको वास्तविक मूल्य जतिसुकै भए तापनि त्यस्तो सामान कुनै कारणबाट हराए वा नष्ट भएमा उपदफा (१) बमोजिम गरिएको बीमा रकमभन्दा बढी हुने गरी कुनै दावी गरिएको क्षतिपूर्तिको रकम प्रति सवारी धनी वा व्यवस्थापक उत्तरदायी हुने छैन।

(३) उपदफा (१) बमोजिम यात्रीगुण्टाको बिमा नगराई कुनै सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्दा कुनै यात्रीगुण्टा हराए वा नष्ट भएमा यात्रीले पाउनु पर्ने उपदफा (१) बमोजिमको बिमा रकम यात्री वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

**१७०. <u>तेस्रो पक्षको बीमाः</u>** (१) सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतीपूर्ति दिने प्रयोजनका लागि सवारी धनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्षको बीमा गराउनु पर्नेछ।

(२) सवारी दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा सो नोक्सानीको क्षतिपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सिभ बीमा नगराई चलाएको सवारी दुर्घटनाग्रस्त भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा नोक्सानी बापत तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनु पर्नेछ।

---

✻ पहिलो संशोधनद्वारा थप।

१७१. **<u>क्षतिपूर्तिको रकम प्रमुख जिल्ला अधिकारीले भराई दिने</u>**: यस ऐन बमोजिम बीमा नगराएको अवस्थामा दफा १६७ को उपदफा (३), दफा १६८ को उपदफा (३), दफा १६९ को उपदफा (३) र दफा १७० को उपदफा (३) बमोजिम सवारी धनी वा व्यवस्थापकबाट भराउनु पर्ने क्षतिपूर्तिको रकम निजहरुबाट प्रमुख जिल्ला अधिकारीले भराई अवश्यक प्रबन्ध गर्नेछ।

## परिच्छेद- ९

## <u>सवारी चालक र परिचालकको सेवा सुविधा तथा सवारी साधन कर</u>

१७२. **<u>कर असुल गर्ने</u>**: प्रत्येक आर्थिक वर्षका लागि प्रचलित प्रदेश कानुन बमोजिम सवारी साधन कर बुझाउनु पर्नेछ।

१७३. **<u>कर बुझाउने</u>**: *<u>(१) सवारी धनिले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक वर्षको दर्ता नवीकरण गर्ने म्यादभित्र बुझाई सक्नु पर्नेछ।</u>

(२) उपदफा (१) बमोजिम नयाँ दर्ता गरिने सवारी साधनको हकमा त्यस्तो सवारी साधन दर्ता गराउन अगावै जुन महिनामा भन्सार तिरी छुटाएको छ सोही महिनादेखिको दामासाहीले लाग्ने कर बुझाउनु पर्नेछ।

१७४. **<u>दर्ता नवीकरण वा नामसारी गर्न अगावै कर तिर्नु पर्ने</u>**: सवारी साधनको दर्ता नवीकरण गराउनु वा नामसारी गराउनु पर्दा सो गर्नुभन्दा अगावै प्रचलित कानून बमोजिमको कर तिर्नु पर्नेछ।

१७५. **<u>दर्ता गर्ने अधिकारीले कर तिरेको प्रमाण हेर्नु पर्ने</u>**: सवारी साधनको नयाँ दर्ता गर्ने, दर्ता नवीकरण गर्ने वा नामसारी गरी दिने अधिकारीले सो गर्नुभन्दा अगावै कर तिरेको प्रमाण जाँची बुझी दिनु पर्नेछ।

१७६. ***<u>जरिबाना गर्न सक्ने</u>**: दफा १७३ बमोजिमको म्याद भित्र सवारी साधन करको रकम दाखिल नगरेमा अधिकार प्राप्त अधिकारीले देहाय बमोजिम जरिबाना गर्नेछः-

(क) दाखिल गर्नु पर्ने म्याद नाघेको पहिलो तीस दिनसम्मलाई सवारी साधन कर रकमको पाँच प्रतिशतका दरले,

(ख) त्यस पछिको पैंतालीस दिनसम्मलाई सवारी साधन कर रकमको दश प्रतिशतका दरले,

(ग) त्यसपछि सो आर्थिक वर्षको अन्तसम्मलाई सवारी साधन कर रकमको बीस प्रतिशतका दरले,

(घ) त्यसपछिको पाँच वर्षसम्म प्रत्येक आर्थिक वर्षका लागि सवारी साधन कर रकमको बत्तीस प्रतिशतका दरले।

---

* प्रदेश आर्थिक ऐन, २०७९ द्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित।

**१७७. लिलाम सम्बन्धी व्यवस्था**: (१) यस ऐन बमोजिम लाग्ने *सवारी साधन कर र जरिबानाको रकम दफा १७६ को खण्ड (घ) मा तोकिएको म्यादभित्र नबुझाएमा सवारी साधन रोक्का गरी उक्त सवारी साधन लिलाम बिक्री गरी सो रकम असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्री गर्दा पनि सबै रकम असुल उपर हुन नसकेमा बाँकी रकम प्रदेश सरकारले तोकेको अधिकारी वा कार्यालयबाट प्रचलित प्रदेश कानूनको कार्य प्रणाली बमोजिम त्यस्तो सवारी धनीको रकम असुल उपर गरिनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम कारबाही गरी असुल गर्दा असुल गर्नु पर्ने रकमभन्दा बढी रकम असुल हुन आएमा बढी भए जति रकम धरौटीमा आम्दानी बाँधिनेछ र यस्तो धरौटी रकम धरौटीमा रहेको एक वर्षभित्र सम्बन्धित करदाताले भुक्तानी लिन सक्नेछ। सो म्यादभित्र भुक्तानी लिन नआएमा त्यस्तो धरौटी रकम प्रदेश सरकारको कोषमा आम्दानी बाधिनेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लिलाम वा अन्य सजाय कारबाही शुरु हुनुभन्दा अगावै करदाताले ✲सो अवधिसम्म आफूलाई लाग्ने ठहरेको कर र जरिबानाको रकम बुझाउन ल्याएमा सो रकमको दश प्रतिशतका दरले थप जरिबाना समेत लगाई असुल गर्न सकिनेछ।

**१७८. पुनरावेदन**: यस *परिच्छेद अन्तर्गत तोकिएको अधिकृतले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको मितिले पैंतीस दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा प्रशासकीय पुनरावलोकन गर्न सक्नेछ।

**१७९. समिति गठन गर्ने**: यो ऐन वा प्रचलित प्रदेश कानून बमोजिम लाग्ने कर निश्चित गर्नको लागि सवारी साधनको किसिम, स्तर वा क्षमता छुट्याउन समय समयमा आवश्यकता अनुसार प्रदेश सरकारले समिति गठन गर्न सक्नेछ। उक्त समितिको काम, कर्तव्य र कार्यविधि गठन गर्दाको अवस्थामा तोकिए बमोजिम हुनेछ।

**१८०. सवारी चालक र परिचालकको पारिश्रमिक**: सवारी चालक र परिचालकको न्यूनतम पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

**१८१. सवारी चालक र परिचालकको सामाजिक सुरक्षा**: सवारी चालक र परिचालकको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

**१८२. अधिकार सुम्पन सक्ने**: (१) प्रदेश सरकारले यस ऐन बमोजिम उठाउँदै आएको सवारी साधन कर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी नगरपालिका र गाउँपालिकाले उठाउन पाउने गरी अधिकार सुम्पन सक्नेछ।

---

✲ पहिलो संशोधनद्वारा थप।

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(२) नगरपालिका र गाउँपालिकाले यस ऐन बमोजिम सवारी साधन कर उठाउँदा सो सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकिएको सम्पूर्ण अधिकार प्रयोग गर्नेछन्।

(३) उपदफा (२) बमोजिम नगरपालिका र गाउँपालिकाले असुल गरेको सवारी साधन करको रकम प्रचलित कानून बमोजिम हुनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमका अधिकारहरू प्रयोग गर्न पाउने गरी कुनै अधिकारी वा निकायलाई सुम्पन सक्नेछ।

१८३. **तोकिएको अधिकारीको अधिकार**: यस ऐन बमोजिम तोकिएको *अधिकारीले गरेको कारबाही वा निर्णयमा कुनै कारबाही सम्बन्धी त्रुटी भएकोमा तोकिएको अधिकारीले त्यस्तो त्रुटी सुधार गरी वा कारबाही नियमित गरी पुनः निर्णय गर्न आदेश दिन सक्नेछ।

## परिच्छेद- १०

## समिति तथा काम, कर्तव्य र अधिकार

१८४. **यातायात व्यवस्थापन समितिः** प्रत्येक क्षेत्रमा चल्ने सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न देहायका सदस्यहरू रहने गरी यातायात व्यवस्थापन समिति गठन गरिनेछः-

(क) प्रमुख, यातायात व्यवस्था कार्यालय -अध्यक्ष

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(घ) जिल्ला ट्राफिक प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(ङ) प्रदेशस्तरीय प्रशासकीय प्रमुखले तोकेको उपभोक्ताहरुको प्रतिनिधि एकजना -सदस्य

(च) यातायात व्यवसायीको प्रतिनिधि एकजना -सदस्य

(छ) यातायात मजदूरको प्रतिनिधि एकजना -सदस्य

(ज) अध्यक्षले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य-सचिव

१८५. **यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो क्षेत्रभित्र चल्ने यातायात सेवा निर्वाध रूपमा सञ्चालन गर्न सार्वजनिक सवारीहरूलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने।

* पहिलो संशोधनद्वारा संशोधित।

(ख) आफ्नो क्षेत्रभित्र मार्ग कायम नभएको ठाउँमा केही समयको लागि मार्ग कायम गरी यातायात सेवा सञ्चालन गर्नु पर्ने भए अस्थायी मार्ग कायम गरी सो मार्गमा चल्ने सार्वजनिक सवारीको भाडा निर्धारण गर्न मन्त्रालयमा सिफारिस गर्ने।

(ग) आफ्नो क्षेत्रभित्र सार्वजनिक सवारीहरूले मार्गको इजाजतपत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको, समय समयमा सो को नवीकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने।

(घ) आफ्नो क्षेत्रभित्र चल्ने सार्वजनिक सवारीहरूले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने।

(ङ) आफ्नो क्षेत्रभित्र यात्रीको चाप र सवारीको सङ्ख्या इत्यादिको अध्ययन गरी कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नु पर्ने आवश्यक देखेमा सो क्षेत्रमा मार्ग निर्धारण हुन मन्त्रालय समक्ष सिफारिश गर्ने।

(च) आफ्नो क्षेत्रभित्र यातायात सेवा सुव्यवस्थित रूपमा सञ्चालन गर्न अन्य आवश्यक काम कारबाही गर्ने।

१८६. **सडक सुरक्षा परिषद्**: (१) सडक दुर्घटना न्यूनीकरण गरी सडक सुरक्षा कायम गर्न अवलम्बन गर्नु पर्ने उपाय समेतको सम्बन्धमा प्रदेश सरकारलाई सुझाब दिन तोकिए बमोजिम एक सडक सुरक्षा परिषद् गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित सडक सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१८७. **अस्थायी मार्ग तथा भाडा निर्धारण समितिः** प्रत्येक जिल्लामा अस्थायी रूपमा मार्ग निर्धारण गरी भाडा निर्धारण गर्नका लागि देहाय बमोजिमको अस्थायी मार्ग तथा भाडा निर्धारण समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक

(ख) सम्बन्धित सडक डिभिजन कार्यालयको प्रमुख -सदस्य

(ग) ✠सम्बन्धित जिल्ला ट्राफिक कार्यालयको प्रमुख -सदस्य

(घ) सम्बन्धित जिल्लाको यातायात व्यवसायी संस्थाको प्रतिनिधि -सदस्य

(ङ) यातायात व्यवस्था कार्यालयको प्रमुख -सदस्य-सचिव

---

✠ पहिलो संशोधनद्वारा थप।

१८८. **परीक्षा समितिः** (१) सवारी चालक अनुमतिपत्रको लागि निवेदन दिने व्यक्ति त्यस्तो सवारी चलाउन समर्थ छ छैन भन्ने कुरा यकिन गर्नको लागि दफा ५३ बमोजिम परीक्षा लिन देहायका सदस्यहरू भएको एक परीक्षा समिति रहनेछः-

(क) प्रमुख, यातायात व्यवस्था कार्यालय -अध्यक्ष

(ख) *प्रतिनिधि, ट्राफिक प्रहरी कार्यालय -सदस्य

(ग) *कार्यालयले तोकेको प्राविधिक विशेषज्ञ -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले चालक अनुमतिपत्रको लागि निवेदन दिने व्यक्तिहरूको परीक्षा लिई सफल भएकाहरूलाई चालक अनुमतिपत्र प्रदान गर्न ✻बहुमत सदस्यहरुको निर्णयको आधारमा अधिकार प्राप्त अधिकारी समक्ष सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिले निर्धारण गरे बमोजिम बस्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले चालकहरूका लागि लिने परीक्षाको विषय र परीक्षा प्रणाली मन्त्रालयले तोके बमोजिम हुनेछ।

१८९. **यातायात निरीक्षकको नियुक्तिः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सवारीहरू चलाएको वा नचलाएको र यातायात सेवामा संलग्न सार्वजनिक सवारीहरूले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने शर्तहरू पूरा गरे नगरेको निरीक्षण गर्न प्रदेश सरकारले यातायात निरीक्षक नियुक्त गर्न सक्नेछ। यसरी यातायात निरीक्षक नियुक्ति नभएसम्मको लागि अधिकार प्राप्त अधिकारीले यातायात निरीक्षकको रूपमा काम गर्ने गरी आवश्यकता अनुसार यातायात निरीक्षक तोक्न सक्नेछ।

१९०. **यातायात निरीक्षकको काम, कर्तव्य र अधिकारः** यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले मार्गको इजाजतपत्र प्राप्त मार्गमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने,

(ख) यातायात सेवामा संलग्न भएका सार्वजनिक सवारीहरूले निर्धारित सीट तथा वजन क्षमताका अधीनमा रही यात्री राख्ने तथा मालसामान लाद्ने कार्य गरे नगरेको निरीक्षण गर्ने,

(ग) यातायात सेवामा संलग्न सवारीहरूले समय समयमा यस ऐन बमोजिम गर्नु पर्ने जाँचपास गराए नगराएको तथा त्यसरी सञ्चालित सेवा पञ्जीकृत भए नभएको जाँच गर्ने,

---

* पहिलो संशोधनद्वारा संशोधित।

✻ पहिलो संशोधनद्वारा थप।

(घ) चालक, परिचालकको अनुमतिपत्र तथा यात्रीसूची हेर्ने र यात्रीको टिकट जाँची निर्धारित भाडादर बमोजिम भाडा लिइएको नलिइएको तथा निर्धारित गतिमा सवारी चलाइएको नचलाइएको कुराको निरीक्षण गर्ने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालन चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले गरेको छ छैन भन्ने कुराको समय समयमा निरीक्षण गर्ने।

१९१. <u>प्रशिक्षण केन्द्र, कारखाना तथा वर्कशप वा चार्जिङ स्टेशन गर्न अनुमति लिनु पर्ने</u>: (१) मन्त्रालयले चालक अनुमितपत्र दिनका लागि अफ्नै प्रशिक्षण केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रशिक्षण केन्द्र स्थापना र सञ्चालन प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा समेत गर्न सकिनेछ।

(३) प्रशिक्षण केन्द्र स्थापना र सञ्चालन नभए सम्मका लागि सवारी चलाउने सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन गर्न, सवारीको पार्टपूर्जा आयात गरी एसेम्बल गरी सवारी उत्पादन गर्ने कारखाना सञ्चालन गर्न सवारी साधन उत्पादन गर्ने उद्योग वा चार्जिङ स्टेशन सञ्चालन गर्न वा ट्रकको बडी निर्माण गर्ने कारखाना वा अटोमोबाइल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी सहकारी वा संस्थाले मन्त्रालयलबाट अनुमति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुमति लिन चाहनेले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी मन्त्रालयमा निवेदन दिनु पर्छ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा त्यस्तो निवेदन दिने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले सञ्चालन गर्न खोजेको प्रशिक्षण केन्द्र, कारखाना, सवारी साधन उत्पादन उद्योग, चार्जिङ स्टेशन वा वर्कशप सञ्चालनको लागि मन्त्रालयले तोकेको मापदण्ड पूरा गरेको देखिएमा मन्त्रालयले त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्ने सम्बन्धमा कुनै निश्चित क्षेत्र तोकी अनुमतिपत्र दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम दिइएको अनुमतिपत्र ❖<u>एक वर्ष</u>को लागि मान्य हुनेछ।

(७) अनुमतिपत्र नवीकरण गराउनको लागि त्यसको मान्य अवधि समाप्त भएको पैंतीस दिनभित्र तोकिए बमोजिमको दस्तुर संलग्न गरी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्छ।

(८) उपदफा (७) बमोजिम निवेदन परेमा कार्यालयले तोकेको कर्मचारीबाट निवेदकको प्रशिक्षण केन्द्र, कारखाना, उत्पादन उद्योग वा चार्जिङ स्टेशन को निरीक्षण गरी प्राविधिक प्रतिवेदन लिनु पर्छ।

---

❖ प्रदेश आर्थिक ऐन, २०८२ द्वारा संशोधित।

(९) उपदफा (८) बमोजिमको प्रतिवेदनबाट निवेदकको अनुमतिपत्र नवीकरण गरी दिन मनासिव देखिएमा सम्बन्धित यातायात कार्यालयले त्यस्तो निवेदकको अनुमतिपत्र नवीकरण गरी दिनु पर्छ।

(१०) प्रशिक्षण केन्द्र, कारखाना, उत्पादन उद्योग वा चार्जिङ स्टेशन वा वर्कशप सञ्चालन सम्बन्धी मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

१९२. **प्रशिक्षण केन्द्र, कारखाना वा चार्जिङ स्टेशन को अनुमतिपत्र निलम्बन वा खारेज हुने**: (१) दफा १९१ बमोजिम प्रशिक्षण केन्द्र, कारखाना, चार्जिङ स्टेशन वा वर्कशप सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति, सवारी साधन उत्पादन उद्योग र सहकारी, फर्म, कम्पनी वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतको कुनै कार्य गरेमा यातायात व्यवस्था कार्यालयले त्यस्तो व्यक्ति, फर्म, कम्पनी वा संस्थाको अनुमतिपत्र जुनसुकै बखत निलम्बन गरी यस ऐन वा नियम बमोजिमको व्यवस्था कायम गर्न मनासिव समय तोकी निर्देशन दिनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र पनि यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको व्यवस्था कायम नगरेमा त्यस्तो व्यक्ति, सवारी साधन उत्पादन उद्योग र सहकारी, फर्म, कम्पनी वा संस्थाको प्रशिक्षण केन्द्र, कारखाना, चार्जिङ स्टेशन वा वर्कशप सञ्चालन गर्ने अनुमतिपत्र निलम्बन वा खारेज गर्न सक्नेछ।

१९३. **एसम्बल गरी सवारीको उत्पादन गर्न *अनुमति लिनु पर्ने**: (१) सवारी साधनको पाटपूर्जा आयात गरी एसम्बल गरी सवारीको उत्पादन गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले सो उद्देश्य खुलाई मन्त्रालयबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति लिई उत्पादन गरिएको सवारीको क्षमताको प्रमाणपत्र (रोड ओर्दिनेस सर्टिफिकेट) तोकिए बमोजिम प्रमाणित भएको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनी बाहेक अन्य कसैले पार्टपूर्जा आयात गरी एसम्बल गरी उत्पादन गरेको सवारी दर्ता गरिने छैन

(४) प्रशिक्षण केन्द्र, कारखाना वा वर्कशपले पालन गर्नु पर्ने न्यूनतम मापदण्ड मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ।

## परिच्छेद- ११

## सजाय सम्बन्धी व्यवस्था

१९४. **दण्ड सजाय**: (१) दर्ताको प्रमाण पत्रमा उल्लेख भए बमोजिम वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउने वा गलत विवरण पेश गरी दर्ता गराउनेलाई अधिकार प्राप्त अधिकारीले ⇔......... पन्ध्र हजारदेखि पचास हजार रूपैयाँसम्म जरीवाना गरी त्यस्तो सवारी जफत गर्नु पर्छ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

⇔ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

(२) अधिकार प्राप्त अधिकारीले देहायको काम कारबाही गर्ने गराउनेलाई देहाय बमोजिम सजाय गर्न सक्नेछः-

(क) *दफा १७, ४९, १०७ वा १३१ को विपरीत काम कारबाही गर्ने गराउनेलाई पाँच हजार देखि दश हजार रूपैयाँसम्म।

(ख) दफा १९, ३३, ४३, ⇔...., *८४, १४३ वा १५० को विपरीत काम कारबाही गर्ने गराउनेलाई सात हजारदेखि पन्ध्र हजार रूपैयाँसम्म।

(ग) दफा १९१ को विपरीत काम कारबाही गर्ने गराउनेलाई दश हजारदेखि पच्चीस हजार रूपैयाँसम्म।

⇔ (घ) ........

(३) उपदफा (१) वा (२) मा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कारबाही गर्ने गराउनेलाई अधिकार प्राप्त अधिकारीले दुई हजारदेखि दश हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

⇔(४)........

⇔(५).......

⇔(६)............

⇔(७)...........

⇔(८)..........

१९५. ⇔.............

१९६. ⇔........

१९७. ⇔...........

**१९८. सवारी दर्ता तथा नामसारी सम्बन्धी कसूरको अनुसन्धान र तहकिकातः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बिपरीत कुनै कसुर भए गरेको वा हुन लागेको कुरा कसैको उजुरी परी वा अन्य कुनै तरिकाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा *मन्त्रालयलाई जानकारी हुन आएमा मन्त्रालयले कम्तीमा राजपत्रांकित तृतीय श्रेणी वा अधिकृतस्तर सातौं अनुसन्धान अधिकृत तोकी सो सम्बन्धी कसूरको अनुसन्धान तथा तहकिकातको कारबाही गराउनेछ।

(२) उपदफा (१) बमोजिम कसूरको अनुसन्धान तथा तहकिकातका क्रममा सबुत प्रमाण संकलन गर्दा कसूरमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने, कसूरको सम्बन्धमा जुनसुकै

---

⇔ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

स्थानको खानतलासी लिने, सम्बधित कागजात वा अन्य चिजहरु आफ्नो जिम्मामा लिने, बयान गराउने र मुचुल्का तयार गर्ने समेत प्रचलित कानून बमोजिम प्रहरीले पाए सरहको सबै अधिकार अनुसन्धान अधिकृतलाई हुनेछ।

(३) उपदफा (२) बमोजिम अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिनेसम्मको पर्याप्त आधार देखेमा तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा धरौटी वा जमानत दिन नसकेमा मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राखी कारबाही गर्न वा एक पटकमा सात दिनमा नबढाई बढीमा तीस दिनसम्म मुद्दा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्न सक्नेछ।

तर पटके कसूरदारलाई धरौटीमा छाडिने छैन।

(४) यस दफा बमोजिम अनुसन्धान तथा तहकिकातको कार्यमा अनुसन्धान अधिकृतले आवश्यक परेमा सरकारी वकिलको परामर्श लिन सक्नेछ।

(५) यस दफा बमोजिम अनुसन्धान तथा तहकिकातको कार्यमा अनुसन्धान अधिकृतलाई आवश्यक सहयोग उपलब्ध गराउनु प्रहरी लगायत सम्बन्धित सबैको कर्तब्य हुनेछ।

**१९९. *अधिकार प्राप्त अधिकारी वा प्रहरीले तत्काल सजाय गर्न सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसूर गर्नेलाई देहाय बमोजिमको जरीवाना अङ्क वा डिमेरिट अङ्क वा दुवै अङ्क तोकी *अधिकार प्राप्त अधिकारी वा घटीमा प्रहरी सहायक निरीक्षक दर्जासम्मको अधिकृतले त्यस्तो कसूर गर्ने व्यक्तिले पाएको डिमेरिट अङ्क अभिलेख राखी जरिबाना अङ्क वापतको रकम तत्काल असुल गर्न सक्नेछः-

| | कसूर | जरिबाना अङ्क | डिमेरिट |
|---|---|---|---|
| (क) | असुरक्षित वा डिफेक्टिभ सवारी चलाएमा | ४० अङ्क | २ अङ्क |
| (ख) | ट्राफिक चिन्ह उल्लंघन गरी सवारी चलाएमा | २० अङ्क | १ अङ्क |
| (ग) | अरुलाई हानि पुग्ने गरी लापरवाहीले सवारी चलाएमा | ३० अङ्क | २ अङ्क |
| (घ) | स्वीकृत एक्सेलभन्दा बढी तौलको गाडी चलाएमा | - | ३ अङ्क |
| (ङ) | ओभरटेक गर्न वा असुरक्षित ठाउँमा ओभरटेक गरेमा | ३० अङ्क | ३ अङ्क |

* पहिलो संशोधनद्वारा संशोधित।

| | | | |
|---|---|---|---|
| (च) | मूल सडक, जक्सन आउँदा नरोकी सवारी चलाएमा | १५ अङ्क | १ अङ्क |
| (छ) | जेब्रा क्रसिङ्गमा पैदल यात्री सडक पार गरेको अवस्थामा सवारी नरोकी चलाएमा | १० अङ्क | १ अङ्क |
| (ज) | लेन अनुसार सवारी नचलाएमा वा संकेत नदिई लेन परिवर्तन गरेमा वा सवारी मोडेमा | १० अङ्क | १ अङ्क |
| (झ) | सेन्टरको डवललाइन क्रस गरी सवारी चलाएमा | १५ अङ्क | १ अङ्क |
| (ञ) | फुटपाथमा सवारी चलाएमा | ३० अङ्क | २ अङ्क |
| (ट) | जक्सनमा ट्राफिक सिग्नल पालना नगरेमा | १५ अङ्क | १ अङ्क |
| (ठ) | ट्राफिक कन्ट्रोल डिभाइस नोक्सान गर्ने वा सो डिभाइसमा व्यापारिक विज्ञापन टास्नेलाई | १५ अङ्क | - |
| (ड) | राति बत्ती नबाली सवारी चलाएमा | २० अङ्क | २ अङ्क |
| (ढ) | सार्वजनिक सवारीमा यात्रीलाई खतरा हुने गरी सामान ढुवानी गरेमा | २५ अङ्क | २ अङ्क |
| (ण) | एकतर्फी सडकमा अपोजिट डिरेक्सनमा गाडी चलाएमा | १५ अङ्क | १ अङ्क |
| (त) | स्वीकृतभन्दा बढी यात्री एवं सामान ढुवानी गरेमा | २० अङ्क | १ अङ्क |
| (थ) | प्रशिक्षण अवधिमा अर्को व्यक्ति साथमा राखी दुई पांग्रे सावारी चलाएमा | १० अङ्क | १ अङ्क |
| (द) | स्वीकृतभन्दा बढी यात्री राखी दुई पांग्रेसवारी चलाएमा | १५ अङ्क | १ अङ्क |
| (ध) | सिट बेल्ट वा हेलमेट नलगाई सवारी चलाएमा | १० अङ्क | १ अङ्क |
| (न) | ट्राफिक इसारा उल्लंघन गरेमा | १५ अङ्क | १ अङ्क |

| | | | |
|---|---|---|---|
| (प) | ट्राफिक प्रहरीले रोक्नभन्दा नमानी सवारी चलाएमा | १० अङ्क | १ अङ्क |
| (फ) | गैरकानूनी काममा सवारी प्रयोग गरेकोमा | २५ अङ्क | ३ अङ्क |
| (ब) | प्रशिक्षण अवधिमा तोकिएको किसिमभन्दा अर्को सवारी चलाएमा | २५ अङ्क | १ अङ्क |
| (भ) | तोकिएको बिसौनीभन्दा फरक ठाउँमा रोकी यात्री ओराले वा चढाएमा | २० अङ्क | १ अङ्क |
| (म) | रोड परमिट देखाउन नसकेमा | १५ अङ्क | - |
| (य) | यात्रीलाई टिकट नदिएमा | १० अङ्क | - |
| (र) | चलिरहेको सवारीमा यात्री चढाउने वा ओराल्ने काम गरेमा | २० अङ्क | १ अङ्क |
| (ल) | दुर्घटना पछि पालना गर्नु पर्ने कर्तव्य पालना नगरेमा | २५ अङ्क | २ अङ्क |
| (व) | पार्किङ निषेध भएको ठाउँमा पार्किङ गरेको वा अरु गाडीलाई आवागमनमा बाधा पुग्ने गरी पार्किङ गरेमा | २० अङ्क | १ अङ्क |
| (श) | जेब्रा क्रसिङ्ग वा निर्धारित स्थानबाट मार्ग नकाटेर अन्य ठाउँबाट सवारी मार्ग काट्ने पैदल यात्रीलाई १० अङ्क र प्रहरीबाट प्रशिक्षण दिने | | |
| (ष) | ट्राफिक सिग्नल एवं ट्राफिक इसारा नमानी सडकमा हिड्ने पैदल यात्रीलाई ८ अङ्क र प्रहरीबाट प्रशिक्षण दिने | | |
| (स) | सडकमा फोहोर फाल्नेलाई | १० अङ्क | - |
| (ह) | सडक सिमाभित्र अनुमति विना कुनै किसिमको सूचना वा स्ट्रकचर खडा गर्नेलाई | २० अङ्क | - |
| (क्ष) | अनुमति विना एक्सेस रोड प्राइभेट ड्रेन राख्नेलाई | ५० अङ्क | - |
| (त्र) | चलिरहेको गाडीमा झुन्डिने वा | | |

| | | | |
|---|---|---|---|
| | चढ्ने वा ओर्लने यात्री र गाडी समातेर साइकल चढ्ने व्यक्तिलाई | १० अङ्क र प्रहरीबाट प्रशिक्षण दिने | |
| (ज्ञ) | चोरीको गाडी चलाएमा वा जबरजस्ती धम्काएर गाडी कन्ट्रोलमा लिई चलाएमा | ५०० अङ्क | ५ अङ्क |
| (क१) | सवारी धनीको अनुमति विना सवारी चलाएमा | १०० अङ्क | ३ अङ्क |
| (क२) | सवारी चालक अनुमतिपत्र साथमा नलिई सवारी चलाएमा | २० अङ्क | १ अङ्क |
| (क३) | तोकिएको उमेरभन्दा कम वा बढीकाले सवारी चलाएमा | २० अङ्क | १ अङ्क |
| (क४) | सवारी चालक अनुमतिपत्र निलम्बन भएको बेलामा सवारी चलाएमा | १०० अङ्क | २ अङ्क |
| (क५) | दर्ता नभएको सवारी चलाएमा | १५० अङ्क | ३ अङ्क |
| (क६) | अधिकार प्राप्त अधिकारीले मागेको आवश्यक लिखित पेश नगरेमा | ५० अङ्क | - |
| (क७) | ट्याक्सीले मिटरमा देखाएकोभन्दा बढी भाडा लिएमा वा मिटरमा जान नमानेमा | १५० अङ्क | २ अङ्क |
| (क८) | एम्बुलेन्स, वारुण यन्त्र जस्ता आपतकालीन प्रकृतिका सवारीलाई साइड नदिने सवारी चालकलाई | १० अङ्क | १अङ्क |
| (क९) | सवारी चलाउँदा मोबाईल, एअरफोन वा दुवै प्रयोग गर्नेलाई | २० अङ्क | १अङ्क |
| (क१०) | सवारी साधनमा चालक, परिचालकले अस्लिल व्यवहार प्रदर्शन गरेमा | २० अङ्क | - |
| (क११) | राति सवारी साधनले एउटा मात्र बत्ती बाली सवारी चलाएमा | १० अङ्क | - |
| (क१२) | बीच मार्गमा गाडी बिग्रेर सवारी आवागमनमा बाधा पुऱ्याउने | २० अङ्क | १ अङ्क |

| | | | |
|---|---|---|---|
| (क१३) | सवारीले नियतबश अन्य सवारीको अगाडि वा पछाडिबाट बाधा पु-याएमा | २० अङ्क | - |
| (क१४) | महिलाउपर अभद्र व्यवहार तथा गाली बेइज्जत गरी अपमान गरेमा | २० अङ्क | १ अङ्क |
| (क१५) | सवारी धनीको नाम र ठेगाना तथा चालकको ठेगाना परिवर्तन भएको सात दिनभित्र अभिलेखमा नसच्याएमा | २० अङ्क | - |
| (क१६) | हर्न निषेधित ठाउँमा हर्न बजाएमा | १० अङ्क | - |
| (क१७) | छोटो, मध्यम तथा लामो दूरीको सार्वजनिक सवारीमा जिपिएस नराखेमा | ४० अङ्क | - |

(क१८) सवारी नियम उल्लङ्घन गरेका सवारी साधनलाई सो स्थानबाट हटाउन परेमा सोका लागि लाग्ने खर्च लागत अनुसार

(क१९) सवारी नियम उल्लङ्घन वा सवारी साधन नियन्त्रणमा लिई (पार्किङ्ग शुल्क सवारी प्रहरीले पार्किङ्गमा राख्नु परेमा धनीले तिर्नु पर्ने लागत अनुसार)

(२) उपदफा (१) बमोजिमको प्रति जरीवाना अङ्क वापतको रकम प्रदेश सरकारले समय समयमा तोकिदिए बमोजिम हुनेछ।

<u>स्पष्टिकरणः</u>

(क) "जरिबाना अङ्क" भन्नाले प्रदेश सरकारले तोकेको प्रति जरिबाना अङ्क बराबरको रकम भन्ने सम्झनुपर्छ (हाललाई एक जरिबाना अङ्क वापत रु. ५० प्रस्ताव गरिएको छ)।

(ख) "डिमेरिट अङ्क" भन्नाले सवारी चालकलाई हुने थप सजायको अङ्क सम्झनु पर्छ, जुन अङ्क निश्चित सिमामा पुगेपछि चालकको अनुमति पत्र निलम्वन वा खारेज गर्ने आधार बन्नेछ।

(३) उपदफा (१) बमोजिम *<u>अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारी वा प्रहरीले</u> गरेको जरिबानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकार प्राप्त अधिकारी समक्ष बुझाउन पूर्जी दिनेछ।

* पहिलो संशोधनद्वारा संशोधित।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लेखित कसूर गर्दाको बखत निजलाई सजाय गर्न *अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको अधिकारी वा घट्नास्थलमा रहेको कुनै प्रहरीले त्यस्तो कसूर गर्नेलाई निजले गरेको कसूर खुलाई सो बापत निजलाई हुने जरीवानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पूर्जी दिनेछ।

(५) उपदफा (३) वा (४) बमोजिमको पूर्जी दिँदा त्यस्तो पूर्जीको नक्कल प्रतिमा सो पूर्जी बुझ्नेको सही समेत गराउनु पर्नेछ।

(६) उपदफा (३) वा (४) मा लेखिएको समयसम्म पनि अधिकार प्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरीवानाको रकम नबुझाउनेलाई अधिकार प्राप्त अधिकारीले एकहजार रूपैयाँसम्म जरीबाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारी धनी वा व्यवस्थापक भए सवारीको मार्ग इजाजतपत्र वा निजहरूले यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिबाना नबुझाएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, मार्ग इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्नेछ।

## परिच्छेद- १२

## प्रदेश सार्वजनिक यातायात सञ्चालन

२००. **प्रदेश सार्वजनिक यातायात**: (१) सार्वजनिक यातायातको क्षेत्रलाई मूलतः सरकारको दायित्वका रूपमा लिँदै प्रदेश सरकारले नागरिकलाई सरल, सुलभ र सुविधायुक्त सार्वजनिक यातायात सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवाको लागि प्रदेशले आवश्यकता अनुसार प्रदेशभित्र सुरक्षित, गुणस्तरीय एवं आधुनिक र ठूला सार्वजनिक सवारी साधन सञ्चालन गर्ने व्यवस्था गर्नेछ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमको सेवाको सञ्चालन सरकारी, साझेदारी, सार्वजनिक सहकारी र निजी एवं संयुक्त लगानीमा गर्ने व्यवस्था मिलाउनेछ।

(४) उपदफा (३) बमोजिम सञ्चालन गरिने सार्वजनिक यातायातमा वातावरण मैत्री तथा विद्युतीय सवारीलाई प्राथमिकता दिनु पर्नेछ।

(५) प्रदेशस्तरमा सरकारी बस कम्पनी दर्ता गरी सोही कम्पनी मार्फत प्रदेश सरकारले सार्वजनिक यातायात सञ्चालनमा ल्याउन सक्नेछ।

(६) उपदफा (१) बमोजिमको सवारीलाई प्रदेश सरकारले तोके बमोजिम छुट एवं सहुलियत प्रदान गर्ने सम्वन्धमा आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(७) सार्वजनिक यातायात सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- १३

## विविध

२०१. **हानि नोक्सानी पुऱ्याउन नहुने**: कसैले सवारीमा रहेका चालक, परिचालक, सुरक्षाकर्मी, सवारीका अन्य कर्मचारी वा यात्रीलाई पिट्ने, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेका मानिस वा मालसामानलाई कुनै हानि नोक्सानी पुऱ्याउने काम गर्न, गराउन हुँदैन।

२०२. **सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्ने**: कुनै चालकले लापरवाही गरी वा बदनियतपूर्वक यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नु पर्ने जरिबाना, घा खर्च, कृया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारी धनी वा व्यवस्थापकले तिरी दिनु पर्नेछ।

२०३. **क्षतिपूर्ति दिनु पर्ने**: दुई सवारी साधन जुध्दा हुन गएको क्षति वापत ट्राफिक नियम उल्लंघन गर्ने पक्षले अर्को पक्षलाई दफा १९७ बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

२०४. **सजाय नहुने**: दफा १९५ र १९६ मा लेखिएको अवस्थामा बाहेक अन्य अवस्थामा चालकको काबू बाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानि नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो सवारी चलाउने चालकलाई कुनै सजाय हुने छैन।

२०५. **प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात सेवा सञ्चालन गर्ने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात व्यवसायको विकास गर्नको लागि सार्वजनिक सवारीलाई चक्रप्रणाली वा यस्तै अन्य नियन्त्रणात्मक प्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन।

२०६. **कम्पनीमा दर्ता गर्नुपर्ने**: (१) सार्वजनिक यातायातका सवारी ✻साधनहरु यस ऐन र प्रचलित कानून बमोजिम कम्पनीमा दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) दफा (१) सम्बन्धी मापदण्ड लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०७. **सुख्खा बन्दरगाह सम्बन्धी व्यवस्था**: (१) प्रदेश सरकारले कुनै स्थानमा सुख्खा बन्दरगाह निर्माण र सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सुख्खा बन्दरगाह निर्माण तथा सञ्चालनमा सरकारी, सार्वजनिक सहकारी एवं संयुक्त लगानीमा गर्ने व्यवस्था मिलाइनेछ।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०८. **निर्देशन दिन सक्ने**: प्रदेश सरकार वा मन्त्रालयले यातायात व्यवस्थापन समिति, अधिकार प्राप्त अधिकारी एवं यातायात व्यवसायीहरुलाई यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन

---

✻पहिलो संशोधनद्वारा थप।

आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको पालना गर्नु निजहरुको कर्तव्य हुनेछ।

२०९. **अधिकार प्रत्यायोजन**: यस ऐन बमोजिम मन्त्रालयले वा अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकतानुसार कुनै वा सबै अधिकार कुनै समिति, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१०. **पुनरावेदनः** (१) यस ऐन बमोजिम अधिकार प्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर मन्त्रालय समक्ष पुनरावेदन लाग्नेछ।

(२) यस ऐन बमोजिम मन्त्रालयले गरेको निर्णय वा आदेश उपर सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन लाग्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १९४ को उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले गरेको निर्णय तथा आदेशउपर सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन लाग्नेछ।

+(४) उपदफा (१), (२) र (३) बमोजिम पुनरावेदन दिनु परे मर्का पर्ने पक्षले सुरु निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र दिनु पर्नेछ।

२११. ⇔..........

२१२. **सहयोग पुऱ्याउनु पर्ने**: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले वा यातायात निरीक्षकले कुनै किसिमको सहयोग मागेमा निजहरूलाई त्यस्तो सहयोग पुऱ्याउने कर्तव्य प्रहरी लगायत सम्बन्धित सबैको हुनेछ।

२१३. **अन्य सवारी साधनको चालकले यस ऐनको पालना गर्नु पर्ने**: यस ऐन बमोजिम दर्ता गर्नु नपर्ने वा चालक अनुमतिपत्र लिन नपर्ने खालका सवारीको रूपमा प्रयोग हुने साइकल, रिक्सा, ठेला, जस्ता साधनहरु चलाउंदा दफा १३६ र यो ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशद्वारा निर्धारित ट्राफिक संकेतको पालना गर्नु पर्छ।

२१४. **असल नियतले गरेको कामको बचाउ**: अधिकार प्राप्त अधिकारी वा निजले अधिकार प्रत्यायोजन गरेको समिति, अधिकारी, यातायात निरीक्षक, प्रहरी कर्मचारी वा सम्बन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारबाहीमा निज व्यक्तिगत रूपमा जवाफदेही हुने छैन।

२१५. **विशेष अधिकार**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागू नहुने गरी प्रदेश सरकारले छुट दिन सक्नेछ।

---

+ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

⇔ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

२१६. <u>सरकार वादी हुने</u>: ⇨(१).............

(२)⇨........ दफा १९४ को उपदफा (१) अन्तर्गत सजाय हुने मुद्दामा प्रदेश सरकार वादी हुनेछ र त्यस्तो मुद्दा तोकिएको अधिकारीले अनुसन्धान र तहकिकात गरी दायर गर्नेछ।

२१७. <u>दुर्घटनाको अभिलेख राख्नु पर्ने</u>: प्रहरीले जुनसुकै दुर्घटनाको तुरुन्त स्वीकृत ढाँचामा फर्म भरी इन्टरनेट प्रविधि प्रयोग गरी सम्बधित प्रहरी र यातायात कार्यालयमा पठाउनु पर्छ र यसको सहजीकरणका लागि मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

२१८. <u>परिचयपत्रको व्यवस्था गर्नु पर्ने</u>: सार्वजनिक यातायातलाई व्यवस्थित गर्न सम्बन्धित यातायात व्यवसायीले आफ्ना कर्मचारी तथा मजदुरहरुको लागि परिचयपत्र उपलब्ध गराई निजहरुलाई मन्त्रालयले तोके बमोजिमको पोशाकको व्यवस्था गर्नु पर्नेछ।

२१९. <u>बाधा अडकाउ फुकाउने अधिकार</u>: यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अडकाउ हटाउन सक्नेछ।

२२०. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने</u>: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

२२१. <u>नियम बनाउने अधिकार</u>: यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२२२. +<u>कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने</u>: (१) प्रदेश सरकारले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधनीमा रही आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि, निर्देशिका तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

⇨ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

\+ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

## अनुसूची- १

(दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित)

**<u>सवारीको वर्गीकरण</u>**

(क) ठूला सवारीः- बस (२६ सिट क्षमताभन्दा माथि) डवल बस,डेकर बस, ट्रली बस, इलेक्ट्रिक बस, ट्रक, ट्याङकर, टीफर, लरी, ट्रान्जिट मिक्सर, निर्माण उपकरण आदि।

(ख) मझौला सवारीः- मिनी बस (१५ देखि २५ सिट क्षमताको), मिनिट्रक, मिनी ट्याक्टर, मिनी टिफर आदि।

(ग) सानो सवारीः- माइक्रो, कार, ट्याक्सी, जीप, भ्यान, पिकप, टेम्पो, ट्रेलर
<u>स्पष्टीकरणः</u> "ट्रेलर" भन्नाले यान्त्रिक शातिबाट चल्ने सवारीबाट तानेर लगिने गरी बनाइएको सवारी सम्झनु पर्छ।

(घ) दुइ पांग्रे सवारीः मोटरसाइकल, मोपेड, स्कुटर, व्याट्रीबाट सञ्चालन हुने दुई पांग्रे सवारी
**<u>स्पष्टिकरणः</u>**

(१) "मोटरसाइकल" भन्नाले दुई पांग्रे प्रोपेल इन्जिन फिट भएको सवारी सम्झनु पर्छ।

(२) "मोपेड भन्नाले" दुइ पांग्रे आन्तरिक कम्बसन इन्जिन फिट भएको, पचास सीसीभन्दा कम पावर भएको सवारी सम्झनु पर्छ।

(३) "ब्याट्रीबाट सञ्चालन हुने दुई पांग्रे सवारी" भन्नाले ३५१ वाट भन्दा माथिको क्षमता र ३० कि.मि. प्रति घण्टा भन्दा बढि गति भएको सवारी सम्झनु पर्छ र यो भन्दा कम क्षमता र गति भएकोलाई विद्युतीय साइकल भन्ने सम्झनु पर्छ।

(ङ) निर्माण उपकरण सम्बन्धी सवारीः स्काभेटर, व्याकहो, ड्रोजर, बुलडोजर, लोडर, भाइब्रेटोरी, कम्प्याक्ट्रर, न्यूम्याटिक टायर कम्प्याक्टर, रोलर, हारभेस्टर, स्क्रापर, माइनिङ ट्रक, डम्फर, ग्रेडर, अस्फाल्ट पेभर, मोबाइल क्रसर, अस्फाल्ट डिष्ट्रिव्युटर, कंक्रिट ब्याचप्लान्ट, ट्रक क्रेन, फोर्कलिफ्ट, स्ट्रिट सुइपर आदि।

(च) स्पेशल सवारीः बारूण यन्त्र, एम्बुलेन्स, आर्मर्ड सवारी (बुलेटप्रुफ) आदि।

(छ) अफरोड सवारीः फोरहुइल ड्राइभ (जीप पिकअप आदि)

**<u>स्पष्टीकरणः</u>**

(१) "रोड ट्याक्टर" भन्नाले यान्त्रिक शाक्तिबाट चल्ने ट्रेलर एंव विग्रिएको सवारी तान्न बनाइएको साधन सम्झनु पर्छ।

(२) "कृषि ट्याक्टर" भन्नाले यान्त्रिक शक्तिबाट चल्ने विभिन्न कृषि सम्बन्धी काम गर्ने एंव कृषि सामग्री ओसार्ने सवारी सम्झनु पर्छ।

(३) "पावर ट्रेलर" भन्नाले कृषिको लागि बनाइएको दुइ पांग्रे सवारी, ट्रेलर जोड्दा सामान पनि ढुवानी गर्ने, बढीमा २४ कि.मि. प्रति घण्टा गुड्न सक्ने सवारी सम्झनु पर्छ।

## अनुसूची- २

(परिच्छेद- २ सँग सम्बन्धित)

**<u>सवारीको इम्बोस्ड नम्बर प्लेट</u>**

(क) व्यावसायिक सवारीसँग सम्बन्धित कालो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ख) पर्यटक सवारीः- हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ग) गैर व्यवसायिक सवारी दर्तासँग सम्बन्धित रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(घ) सरकारी सवारीः- सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(ङ) ✻<u>सरकारी स्वामित्व भएको</u> संगठित संस्था वा संस्थानको सवारीः- पहेंलो प्लेटमा निलो अक्षर र अङ्कमा हुनु पर्नेछ।

(च) कूटनीतिक सवारीः- निलो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

---

✻ पहिलो संशोधनद्वारा थप।

## अनुसूची- ३

(दफा २१ सँग सम्बन्धित)

**सवारी दर्ता प्रमाणपत्रको ढाँचा**

बागमती प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था कार्यालय

सवारी दर्ता नं.:-

सवारीको किसिमः-

दर्ता मितिः-

सवारी धनीको नाम, थरः-

वतनः-

| सवारी धनीको फोटो |
|---|

सवारी धनीको हस्ताक्षरः- अधिकृतको सहिः-..............

दर्ता गर्ने अधिकारीको,-

हस्ताक्षरः-

मितिः-

नामसारी भएको मिति.......

| सवारी धनीको फोटो |
|---|

सवारी धनीको नाम, थर, वतनः-...........................................

नामसारी गर्ने अधिकारीको हस्ताक्षरः-

**प्रमाणपत्रको नवीकरण**

| नवीकरण गरेको मिति | नवीकरण म्याद पुग्ने मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|
| | | |

सवारीको विस्तृत विवरणः-

१. कम्पनीको नामः-

२. सवारीको मोडेल (साल):-

३. सिलिण्डर सङ्ख्याः-

४. हर्ष पावर/सी.सी.:-

५. चेसिस नम्बरः-

६. इन्जिन नम्बरः-

७. सवारीको रङ्गः-

८. सीट क्षमता (चालक सहित)ः-

९. वजनः-

१०. पेट्रोल/डिजेलः-

११. रेडियो, क्यासेट प्लेयर, टेलिफोन आदि छ छैनः-

१२. कुन कम्पनी वा मानिसबाट खरिद गरेको हो सो कम्पनी वा मानिसको नामः-

१३. प्रयोगः-

१४. चलाउने क्षेत्रः-

१५. भन्सार प्रमाणः-

सवारी जाँचेको

| सवारी जाँचेको मिति | नवीकरणको म्याद पुग्ने मिति | जाच्ने अधिकारीको सही | कैफियत |
|---|---|---|---|

## नामसारी

ठेगानाः-

सवारी धनी वा व्यवस्थापकको दस्तखतः-

सवारीको किसिमः-

क्षमताः- .................. सवारी नम्बरः-....................... चेसिस नम्बरः- .................. ✻इन्जिन नम्बरः- ......................

मिति...................... को निवेदन र मिति............................को दर्ताको प्रमाणपत्र अनुसार श्री .......................... को नामबाट ............ बस्ने श्री ..................... को नाउँमा नामसारी गरिएको छ।

अधिकारीको दस्तखतः-

मितिः-

✻ पहिलो संशोधनद्वारा थप।

**अनुसूची- ४**

(दफा २६ सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

◈......

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

✱-----यातायात व्यवस्था कार्यालय

पत्रसङ्ख्याः- मितिः-

चलानी नं.:.......... शाखा...........

प्राप्त पत्र सङ्ख्या र मितिः-

विषयः- अस्थायी नम्बर।

श्री....................

उपर्युक्त सम्बन्धमा व्यक्ति/फर्म/कम्पनीले यस कार्यालयमा मिति.............................मा दिएको निवेदन र सो साथ संलग्न प्रमाणहरुको आधारमा निम्न बमोजिम विवरण भएको सवारी लाई तोकिएको अवधिसम्मको निमित्त अस्थायी नम्बर दिइएको छ।

१. सवारी धनीको नाम, थर, वतनः-

२. दिइएको अस्थायी नम्बरः-

३. अस्थायी नम्बरको अवधिः-

४. भन्सारको प्रमाणः-

५. सवारी निर्माताः-

६. सवारीको किसिमः-

७. सिलिण्डर सङ्ख्याः-

८. हर्स पावर/सी.सी.:-

९. चेसिस नम्बरः-

१०. इन्जिन नम्बरः-

११. सवारीको रङ्गः-

१२. सीट क्षमता (चालक सहित):-

१३. वजनः-

१४. पेट्रोल/डिजेलः-

१५. सवारीको पुरानो प्लेट नम्बरः-

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

✱ पहिलो संशोधनद्वारा थप।

# अनुसूची- ५

(दफा ५४ सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

◈..........

Government of Bagamati Province

◈........

## सवारी चालक अनुमतिपत्र

## Driving Licence

फोटो

Photograph

नम्बरः-

Number:-

नामः-

Name:-

जारी मितिः-

Date of Issue:-

म्याद समाप्त मितिः-

Date of Expiry:-

ना.प्र. नं.ः-

Citizenship Number

रक्त समूहः-

Blood Group

बुवा/आमा/पति/पत्नीको नामः-

Father/Mother/Husband/Wife:-

ठेगानाः-

Address:-

तपाईलाई निम्न बमोजिमको सवारीहरुको चालक अनुमतिपत्र दिइएको छः

The Holder of this Licence is authorized to drive the following vehicles.

| | | | |
|---|---|---|---|
| क. A | मोटर साइकल, स्कुटर, मोपेड Motor Cycle, Scooter, Moped | च. F | मिनी बस, मिनी ट्रक Mini Bus, Mini Truck |
| ख B | कार, जीप, डेलिभरी भ्यान Car, Jeep, Delivery Van | छ G | ट्रक, बस, लहरी Truck, Bus, Lorry |
| ग C | टेम्पो, अटोरिक्सा Tempo, Auto Rikshaw | ज H | रोडरोलर, डोजर Road Roller, Dozer |
| घ D | पावर टिलर Powertillar | झ I | क्रेन, दम्कल, लोडर Crane, Fire Brigade, Loader |
| ङ E | ट्र्याक्टर Tractor | ञ J | अन्य Other |

जारी गर्ने अधिकारी

Issued by:

सवारी चालकको दस्तखत

Licence Holder Signature

| | | | | |
|---|---|---|---|---|
| | | | | |

कारबाही Offences

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

## अनुसूची- ६

(दफा ७२ सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

◈.........

भैतिक पूर्वाधार विकास मन्त्रालय

✗--------------कार्यालय

**<u>सवारी परिचालक अनुमतिपत्र</u>**

अ. पत्र. नं.

| जारी मिति | म्याद समाप्त मिति |
|---|---|
| | |

| फोटो Photograph |
|---|

नामः-

ना.प्र.प. नं.ः-

बुवा/आमा/पति/पत्नीको नामः-

ठेगानाः

तपाईलाई निम्न बमोजिमको सवारीहरुको परिचालक अनुमतिपत्र दिइएको छः-

(क) बस

(ख) मिनीबस

(ग) ट्रक

✗ (घ) अन्य

पासपोर्ट नं.ः-

रगत समूहः-

सवारी परिचालकको सहीः-

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

✗ पहिलो संशोधनद्वारा थप।

## अनुसूची- ७

(दफा ८६ सँग सम्बन्धित)

मार्ग इजाजतको ढाँचा

बागमती प्रदेश सरकार

◈.......

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात व्यवस्था कार्यालय**

इजाजत दिने अधिकारीको

नामः-

दर्जाः-

दस्तखतः-

मितिः-

*चेसिस नम्बरः-

इन्जिन नम्बरः-

मोडेलः-

सवारी निर्माण गर्ने कम्पनी वा संस्थानको नाम र ठेगानाः-

बडी तयार गर्ने कारखानाको नाम ठेगानाः-

इजाजत पत्र नं.:-

सवारीको किसिमः-

सवारी धनी वा व्यवस्थापकको नामः-

| इजाजतपत्र पाएको क्षेत्र (मार्ग) | वहाल अवधि | इजाजतपत्र दिने वा नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति |
|---|---|---|
| | | |

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

* पहिलो संशोधनद्वारा संशोधित।

## अनुसूची- ८

(दफा १०७ सँग सम्बन्धित)

<u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको ढाँचा</u>

बागमती प्रदेश सरकार

◈......

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

✻--------कार्यालय

फोटो

दर्ता नंः-

दर्ता मितिः-

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १०७ अनुसार देहायको सेवा सञ्चालन गर्न यो अनुमतिपत्र दिइएको छ।

(१) व्यक्ति/फर्म/कम्पनीको नामः-

(२) ठेगानाः-

(३) कारोवारको मुख्य स्थानः-

(४) सञ्चालन गर्ने सेवाको किसिमः-

(५) धनी/साझेदार/सञ्चालक/(मुख्य व्यक्ति) को नाम, थर र दर्जाः-

(६) ठेगानाः-

..................... ........................

मुख्य व्यक्तिको सही *कार्यालय प्रमुख

<u>द्रष्टव्यः</u> मिति २०७८।१०।१७ मा प्रकशित प्रदेश राजपत्र सूचना अनुसार अनुसूचीहरुमा भएको "प्रदेश सरकार/बागमती प्रदेश" भन्ने शब्दहरुलाई "बागमती प्रदेश सरकार" भन्ने शब्दहरुमा रुपान्तरण गरिएको छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

✻ पहिलो संशोधनद्धारा थप।

* पहिलो संशोधनद्धारा संशोधित।

# प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०२।१३

संशोधन गर्ने ऐन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७६ सालको ऐन नं. २

**प्रदेश बालबालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेशमा बालबालिकाको हक अधिकारको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन गर्दै सर्वोत्तम हित कायम गर्न बालबालिकाको शारीरिक, मानसिक, वौद्धिक, संवेगात्मक एवं भावनात्मक विकासका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनाथ बालबालिका" भन्नाले बाबु आमा दुबै नभएका र परिवारका अरु कसैले पनि हेरचाह नगरेका वा आमाबाबुबाट त्यागिएका वा विछोडिएका वा आमाबाबु पत्ता नलागेका वा वसोवासको स्थायी ठेगाना पत्ता नलागि राज्यले संरक्षण गर्नु पर्ने अवस्थाका बालबालिका सम्झनु पर्छ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले कसूरजन्य कार्यको अनुसन्धान गर्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी सम्झनु पर्छ।

(ग) "अपाङ्गता भएका बालबालिका" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ३ ले अपाङ्गताको वर्गीकरण गरे अनुसारका अपाङ्गता भएका बालबालिका सम्झनु पर्छ।

(घ) "आवासीय बाल संरक्षण केन्द्र" भन्नाले दफा ३५ बमोजिम स्थापना भएको आवासीय बाल संरक्षण केन्द्र सम्झनु पर्छ। सो शब्दले यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि स्थापना भई संस्थागत स्याहार, आवासीय हेरचाह प्रदान गर्ने बालगृह, अनाथालय जस्ता जुनसुकै नाममा सञ्चालित गृह समेतलाई बुझाउनेछ।

(ङ) "कसूरजन्य कार्य" भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसूर सम्झनु पर्छ।

(च) "केन्द्र प्रमुख" भन्नाले आवासीय बाल संरक्षण केन्द्रको प्रमुख कार्यकारी अधिकृत वा सो हैसियतमा काम गर्ने अध्यक्ष, प्रबन्ध निर्देशक वा केन्द्रको नियमानुसार तोकिएका अन्य कुनै अधिकृत सम्झनु पर्छ।

(छ) "न्यायिक निकाय" भन्नाले प्रचलिन कानून अनुसार न्यायिक फैसला गर्न अख्तियार प्राप्त निकाय सम्झनु पर्छ।

(ज) "परिवार" भन्नाले बालबालिकाका बाबु, आमा, दाजु, भाइ वा अविवाहित दिदी, बहिनी, हजुरबुबा, हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ।

(झ) "प्रदेश बाल अधिकार समिति" भन्नाले दफा ४३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ञ) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(ट) "प्रोवेशन अधिकारी" भन्नाले दफा ४९ बमोजिम प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी सम्झनु पर्छ।

(ठ) "बाल संरक्षण कोष" भन्नाले दफा ४८ बमोजिम स्थापना भएको कोष सम्झनु पर्छ।

(ड) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ।

(ढ) "बाल सुधार गृह" भन्नाले दफा ४१ बमोजिम स्थापना भएको बाल सुधार गृह सम्झनु पर्छ।

(ण) "वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका" भन्नाले दफा ३४ बमोजिम संरक्षणको आवश्यकता भएका बालबालिका सम्झनु पर्छ।

(त) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(थ) "स्थानीय तह" भन्नाले प्रदेशभित्र रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(द) "संरक्षक" भन्नाले बालबालिकाको हक, हितको संरक्षण गर्न यस ऐन वा प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्त गरिएको व्यक्ति वा केन्द्र सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

## परिच्छेद- २

## बालबालिकाको अधिकार र कर्तव्य

३. **बाँच्न पाउने अधिकारः** (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ।

२) प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको बाँच्न पाउने अधिकार र बालबालिकाको विकासको लागि बालबालिकामाथि हुन सक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अबलम्वन गर्नेछन्।

४. **नाम र पहिचानको अधिकारः** (१) प्रत्येक बालबालिकालाई जन्मनासाथ आफ्नो पहिचान सहित नामाकरणको अधिकार हुनेछ।

(२) आमा, बाबु वा संरक्षकले बालबालिकाको आमा वा बाबुको नागरिकता नम्बर सहित प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जे सुकै लेखिए तापनि जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका वा बाबुको पहिचान नभएका बालबालिकाको हकमा आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरी दिनु पर्नेछ।

(४) आमा र बाबु दुबैको ठेगान नभएको प्रदेश भित्र फेला परेको बालबालिकाको सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय बमोजिम वडा अध्यक्षले नाम राखी जन्मदर्ता गरिदिनु पर्नेछ।

(५) प्रत्येक बालबालिकालाई आफ्नो नाम, राष्ट्रियता र पारिवारिक सम्बन्धको आधारमा पहिचानको अधिकार हुनेछ।

५. **उचित स्याहार, हेरचाह, पालन पोषणको अधिकारः** (१) कुनै पनि बालबालिकालाई बाबु आमासँगै बस्ने, बालमैत्री वातावरणमा हुर्कने र बाबुआमाबाट उचित स्याहार, हेरचाह, पालन पोषण, संरक्षण तथा माया ममता प्राप्त गर्ने अधिकार हुनेछ।

(२) कुनै पनि बालबालिकाको स्याहार, हेरचाह र पालन पोषणमा बाबुआमाको समान दायित्व हुनेछ।

६. **पोषण एवं स्वास्थ्य अधिकारः** (१) प्रत्येक बालबालिकालाई जन्मनासाथ स्तनपान, उचित पोषण, स्वच्छ खानेपानी लगायत स्वास्थ्य सम्बन्धी अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार हुनेछ।

(३) गर्भवती महिला, स्तनपान गराउने आमा र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिने, प्रचलित मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य

सेवा उपभोग गर्ने र उमेरको परिपक्वता अनुसार प्रजनन् तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ।

(४) प्रत्येक बालबालिकालाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने अधिकार हुनेछ।

७. **<u>गोपनीयताको अधिकार</u>:** (१) प्रत्येक बालबालिकालाई निजको व्यक्तिगत जीवन, आवास, पत्राचार र सम्पत्तिमा गोपनीयताको अधिकार हुनेछ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको व्यक्तिगत सूचना, विवरण वा फोटो सृजना, सङ्कलन, मुद्रण, प्रकाशन, प्रदर्शन वा बिक्री वितरण गर्नु वा गराउनु हुँदैन।

८. **<u>प्रारम्भिक बालविकासको अधिकार</u>:** छ वर्ष मुनिका कुनै पनि बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ।

९. **<u>शिक्षाको अधिकार:</u>** (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ।

(२) प्रचलित कानून बमोजिम प्रत्येक बालबालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधि मार्फत शिक्षा पाउने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई मातृभाषामा आधारभूत शिक्षा पाउने अधिकार हुनेछ।

१०. **<u>खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार</u>:** (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकुदमा सहभागी हुने अधिकार हुनेछ।

(२) प्रत्येक अभिभावक, विद्यालय वा बालबालिकाको संरक्षण गर्ने संस्थाहरुले पठन पाठन बाहेकको समयमा खेलकुदमा सहभागी हुन बालबालिकालाई प्रोत्साहन गर्ने र त्यसको लागि उपयुक्त खेलकुद स्थल र खेलकुद सामग्रीको व्यवस्था गर्नु पर्नेछ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रुची र आवश्यकता अनुसार मनोरञ्जन गर्ने अधिकार हुनेछ।

(४) आफ्नो हितमा प्रतिकूल नहुने गरी प्रत्येक बालबालिकालाई आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप साँस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ र सो अधिकारको विपरीत हुने गरी कुनै पनि बालबालिकालाई प्रयोग गर्न पाइने छैन।

११. **<u>सूचना तथा सहभागिताको अधिकारः</u>** (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा अभिव्यक्ति गर्ने र सार्वजनिक सूचना सहज तरिकाले प्राप्त गर्ने अधिकार हुनेछ।

(२) बालबालिकालाई आफूसँग सरोकार भएको विषयको निर्णयमा सहभागी हुने अधिकार हुनेछ।

(३) उपदफा (२) बमोजिमको निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई उचित स्थान दिनु पर्नेछ।

१२. **<u>न्यायिक अधिकारः</u>** (१) बालबालिकाले गरेको कसूरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले प्रचलित कानूनको अधिनमा रही सो कुराको जानकारी बालबालिकाको परिवारका सदस्य, नजिकको नातेदार वा संरक्षकलाई दिई अनुसन्धान गर्न वा नियन्त्रणमा लिन सक्नेछ।

(२) बालबालिकालाई नियन्त्रणमा लिँदा उनीहरुको शारीरिक, बौद्धिक, मानसिक अवस्था र परिपक्वतालाई विचार गरी नियन्त्रणमा नलिई नहुने अवस्था भएमा मात्र नियन्त्रणमा लिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम अनुसन्धान गर्न वा नियन्त्रणमा लिएका बालबालिकालाई आवश्यक कानूनी, परामर्श सेवा उपलब्ध गराउनु पर्नेछ।

(४) कसूरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिएका बालबालिकालाई अनुसन्धान अवधिभर बालमैत्री निगरानी कक्षमा राख्नु पर्नेछ।

(५) सामान्यतया कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र जमानत मागिने छैन।

तर न्यायिक निकायहरुबाट कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई कारण खुलाई पुर्पक्षका लागि बाल सुधार गृहमा राख्न सकिनेछ।

(६) कसूरजन्य कार्यमा आरोपित बालबालिकालाई बाल अनुकूल न्यायको अधिकार हुनेछ।

१३. **<u>बाबुआमासँग भेटघाट र सम्पर्क गर्ने अधिकारः</u>** (१) कुनै पनि बालबालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको सर्वोत्तम हितका लागि आवश्यक भएमा बाल अदालतले कुनै बालबालिकालाई आमा वा बाबुबाट अलग गरी कुनै संरक्षकको जिम्मामा रहने आदेश दिन सक्नेछ।

(३) बालबालिकाको हित नहुने भनी न्यायिक निकायले रोक लगाएको अवस्थामा बाहेक बाबु वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बाबु आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रूपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने,

टेलिफोन गर्ने, पत्राचार गर्ने वा विद्युतीय सञ्चार माध्यमबाट सम्पर्क गर्ने अधिकार हुनेछ।

(४) कुनै बालबालिकाको आमा वा बाबु कानून बमोजिम थुना वा कैदमा रहेको कारण त्यस्तो बालबालिका आमा वा बाबुबाट अलग भएमा सम्बन्धित अधिकारीले बालबालिकाको माग बमोजिम त्यस्तो बालबालिकालाई निजको आमा वा बाबु रहे बसेको स्थानको बारेमा जानकारी दिनु पर्नेछ।

(५) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुनेलाई आफ्नो जन्मदिने बाबु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ।

१४. **अभिव्यक्ति स्वतन्त्रता, संस्था खोल्न र शान्तिपूर्वक भेला हुने अधिकार**: (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रूपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई बाल संरक्षण र बाल अधिकारको प्रचारप्रसार र प्रवर्द्धनको लागि बाल क्लब वा संस्था खोल्ने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई बाल संरक्षण र बाल अधिकारको प्रचारप्रसार र प्रवर्द्धनका लागि शान्तिपूर्ण भेला हुने अधिकार हुनेछ।

१५. **बालबालिकाको कर्तव्य**: बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशनको पालना, सम्मान र आदर गर्नु प्रत्येक बालबालिकाको कर्तव्य हुनेछ।

## परिच्छेद- ३

## बालबालिका सम्बन्धी दायित्व

१६. **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्ने**: (१) बाल बालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ।

(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ।

(३) न्यायिक निकाय तथा अख्तियारी प्राप्त व्यक्तिले बाल बालिकाको दिगो वैकल्पिक हेरचाह सम्बन्धी व्यवस्था गर्दा बालबालिकालाई बाबु आमा वा संरक्षकबाट अलग गर्नु पर्दा, बाबु आमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह र पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको औपचारिक उच्चतम हित निर्धारण प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

१७. **परिवार वा संरक्षकको दायित्व**: (१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा आमा र बाबु दुबैको समान दायित्व हुनेछ।

(२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरू  उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ।

(३) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ।

(४) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा असर पर्ने गरी श्रम गराउनु हुँदैन।

(५) बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आठ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन।

(६) बाल बालिकाको संरक्षकत्व प्रदान गर्ने कुनै पनि बाल संरक्षण केन्द्र वा संरक्षकले सनातनदेखि मानी आएको पारिवारिक र मौलिक धर्म परिवर्तन गर्ने गराउने वा अन्य स्वार्थपूर्ति गर्ने उद्देश्य वा नियत राखी बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य, शिक्षा, जीवनयापन वा वैकल्पिक हेरचाहको व्यवस्था गर्न हुँदैन।

१८. **समाज तथा समुदायको दायित्वः** समाजमा रहेका बालबालिकाको संरक्षण, सम्वर्द्धन र हित अभिवृद्धि गर्दै यस ऐन प्रदत्त अधिकार प्राप्तीमा सकारात्मक पहल गरी स्वस्थ, सुरक्षित र बालमैत्री समाजको विकास गर्नु समाज र समुदायको दायित्व हुनेछ।

१९. **सञ्चार क्षेत्रको दायित्वः** (१) कसैले पनि न्यायिक निकायमा विचाराधीन अवस्थामा रहेको मुद्दासँग सम्बन्धित बालबालिकाको परिचय खुल्ने कुनै पनि विवरण कुनै छापा वा विद्युतीय सञ्चार माध्यमद्वारा प्रकाशन वा प्रसारण गर्न पाइने छैन।

(२) बालबालिका विरुद्धका हिंसा वा बाल यौन दुर्व्यवहारबाट पीडित बालबालिकाको पहिचान खुल्ने गरी सूचना वा समाचार कुनै पनि सञ्चार माध्यमबाट सम्प्रेषण गर्नु गराउनु हुँदैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम बालबालिका सम्बन्धी आवश्यक विवरण सकारात्मक प्रयोजनका लागि प्रकाशन वा प्रसारण गर्न सक्नेछ।

(४) बाल अधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ।

२०. **सरकारको दायित्वः** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु प्रदेश र स्थानीय तहको दायित्व हुनेछ।

(२) भौगोलिक विकटता, अपाङ्गता, आर्थिक वा सामाजिक कारण वा अन्य कुनै कारणले पछाडि परेका बालबालिकाको समग्र विकासको लागि प्रदेश र स्थानीय तहले विशेष कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(३) बालबालिकाको हक हितको संरक्षण र प्रवर्द्धन गर्न तथा बालबालिकाको अधिकारको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(४) तोकिएका वर्ग, समुदाय तथा क्षेत्रका बालबालिकाको लागि आवश्यकता अनुसार विशेष शिक्षा, दूर शिक्षा र व्यावसायिक शिक्षा लगायतका शिक्षा सम्बन्धी अन्य उपयुक्त व्यवस्था प्रदेश र स्थानीय तहले मिलाउनु पर्नेछ।

## परिच्छेद- ४

## बाल संरक्षण, वैकल्पिक हेरचाह र पुनर्स्थापना

२१. **दुर्व्यवहार गर्न नहुने**: (१) बालबालिकालाई कुनै किसिमको दुर्व्यवहारजन्य कार्य गर्नु हुँदैन।

(२) यौन तथा संवेदनशील अङ्गमा छुने, यौन सम्बन्ध राख्ने वा राख्न उद्योग गर्ने, बलात्कार, अश्लील चित्र देखाउने तथा अश्लील चित्रको प्रकाशन प्रसारण कार्य गर्नु गराउनु हुँदैन।

२२. **यातना, हिंसा तथा शोषण गर्न नहुने**: (१) कसैले पनि बालबालिकालाई संरक्षण, शिक्षा वा अनुशासनका नाममा शारीरिक वा मानसिक यातना दिने वा अमर्यादित व्यवहार गर्ने, प्रत्यक्ष विद्युतीय वा अन्य माध्यमबाट दुःख कष्ट दिने (बुलिङ्ग) जस्ता कार्य गर्नु गराउनु हुँदैन।

(२) कसैले पनि बालबालिकालाई धार्मिक, सांस्कृतिक तथा राजनैतिक प्रयोजनका लागि जुलुसमा सहभागी गराउने, बन्द, हडताल, चक्काजाम, धर्ना जस्ता कार्यमा प्रयोग गर्नु हुँदैन।

(३) कुनै पनि बालबालिकालाई गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने वा यातना दिने, क्रूर व्यवहार गर्ने, शारीरिक चोटपटक वा असर पुर्याउने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरष्कार, उपेक्षा, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने कार्य गर्नु हुँदैन।

(४) बालबालिकालाई कसूरजन्य कार्य गर्न तालिम दिने वा सिकाउने वा त्यस्तो कार्यमा लगाउने जस्ता कार्य गर्नु हुँदैन।

२३. **कुलतमा लगाउन नहुने**: बालबालिकालाई जुवा, तास लगायतका कुलतमा लाग्ने प्रकृतिका खेलहरु खेलाउन वा खेल्न प्रोत्साहन गर्न हुँदैन।

२४. **लागू पदार्थ सेवन गर्न तथा गराउन नहुने**: (१) बालबालिकालाई लागू औषध, धूमपान, मद्यपान वा मनोद्दीपक पदार्थको बिक्री वितरण, उपभोग वा ओसार पसार गर्ने वा गर्न लगाउने कार्य गर्न हुँदैन।

(२) बालबालिकालाई लागू औषध, धूमपान, मद्यपान वा मनोद्दीपक पदार्थको सेवन गर्न लगाउन वा प्रोत्साहन गर्न हुँदैन।

२५. **मनोरञ्जन क्षेत्रमा लैजान वा प्रयोग गर्न गराउन नहुने**: (१) बाल बालिकालाई डान्सबार, क्याबिन रेष्टुरेन्ट, मसाज पार्लर, दोहोरी साँझ, क्यासिनो जस्ता मनोरञ्जनस्थलमा काममा लगाउन र प्रवेश गराउन हुँदैन।

(२) बालिगहरुका लागि मात्र भनी तोकिएका चलचित्र तथा श्रव्यदृश्य बालबालिकालाई देखाउने कार्य गर्नु हुँदैन।

(३) बालबालिकालाई जादु वा सर्कसमा लाग्न प्रोत्साहन गर्न वा लगाउन हुँदैन।

२६. **अपाङ्गता भएका बालबालिकाको संरक्षण**: अपाङ्गता भएका बालबालिकालाई आफ्नो मान प्रतिष्ठा सुनिश्चित गर्ने, आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रूपले सहभागी हुने तथा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै उनीहरुलाई विशेष हेरचाह र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य, स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारीको लागि विशेष संरक्षण प्रदान गरिनेछ।

२७. **भेदभाव गर्न नहुने**: बालबालिकालाई बाबु आमा वा अभिभावकको आर्थिक वा सामाजिक हैसियत (जातजाति, लिङ्ग, वर्ग, भाषा, धर्म, राजनैतिक आस्था वा अन्य विचारहरु, जातीय वा सामाजिक उत्पति, सम्पत्ति, एच.आई.भी. संक्रमित, अशक्तता, जन्म वा अन्य हैसियत लगायत) का आधारमा आत्मसम्मानमा आघात पुग्ने गरी गर्भावस्थादेखि नै भेदभाव गर्न पाइने छैन।

२८. **आर्थिक शोषण गर्न तथा बालश्रममा लगाउन नहुने**: बालबालिकाको श्रमशोषण गर्न, निषेधित काममा लगाउन, आर्थिक लाभ वा गैरकानूनी रूपमा मुनाफा कमाउने उद्देश्यले श्रममा लगाउन र कमाउने साधनका रूपमा दुरूपयोग गर्न गराउन हुँदैन।

२९. **परम्परागत हानिकारक कार्यहरुमा लगाउन नहुने**: बालबालिकालाई भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने, भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा धर्म, परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै पनि प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउनु हुँदैन।

३०. **बाल विवाह गर्न गराउन नहुने**: कुनै पनि व्यक्तिको बीस वर्ष भन्दा अगाडि विवाह गर्न वा गराउन पाइने छैन।

३१. **वेवास्ता, उपेक्षा र हेलचेत्र्याइँ गर्न नहुने**: (१) कुनै पनि बालबालिकाको स्याहार, हेरचाह र पालनपोषणमा बाबुआमा, अभिभावक वा स्याहारकर्ताले कुनै वेवास्ता, उपेक्षा र हेलचेत्र्याइँ गर्न हुँदैन।

(२) बालबालिकाको जीवनमा तत्कालै वा दीर्घकालमा समेत समस्याहरू आउन

सक्ने अवस्थामा उनीहरुबाट हुन सक्ने सम्भावित जोखिमपूर्ण, गैरकानूनी वा गलत कार्य गर्न दिन हुँदैन।

(३) बालबालिकालाई सम्भावित जोखिमको आँकलन गरेर सतर्कताका लागि उचित मार्गदर्शन दिनु पर्नेछ।

३२. <u>**बेचबिखन, ओसारपसार, शरीर बन्धक तथा अपहरण लगायतका कार्य गर्न नहुने:**</u> (१) बालबालिकाको बेचबिखन, ओसारपसार, शरीर बन्धक, अपहरण, तस्करी, अङ्ग तस्करी लगायतका कार्य गर्न हुँदैन।

(२) बालबालिकालाई प्रयोग गरी आर्थिक कारोबार वा अनुचित फाइदाको लागि धर्मसन्तानको रूपमा लिने वा दिने कार्य गर्न हुँदैन।

(३) यस दफा बमोजिमको कार्य गरी फिरौती माग्ने, माग्न लगाउने लगायतका कार्य गर्न हुँदैन।

(४) बालबालिकालाई हिंसा, यौनजन्य दुर्व्यवहार तथा दुराचार गर्न गराउनु हुँदैन।

३३. <u>**सामाजिक सुरक्षा:**</u> विशेष संरक्षण गर्नु पर्ने बालबालिकाका लागि सामाजिक सुरक्षा सहित संरक्षणको व्यवस्था गरिनेछ।

३४. <u>**वैकल्पिक हेरचाहको व्यवस्था:**</u> (१) विशेष संरक्षण गर्नु पर्ने देहाय बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिनेछ:-

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागि बेवारिस भएका बालबालिका,

(ग) आमाबाबुलाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तरण प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणीबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी प्रचलित कानूनले तोकिएको स्थानमा निवेदन परेका बालबालिका,

(छ) आमाबाबु वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको

कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवं अन्य लागू औषधको कुलतमा फसेका, एच. आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिका,

(ञ) बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुबै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका।

(२) उपदफा (१) बमोजिमका वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षणको आवश्यक व्यवस्था प्रदेश सरकारले गर्नेछ।

३५. <u>आवासीय बाल संरक्षण केन्द्र स्थापना र सञ्चालन</u>: (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनको लागि प्रदेश सरकारले आवश्यकतानुसार आवासीय बाल संरक्षण केन्द्रको स्थापना गर्नेछ।

(२) कुनै व्यक्तिले उपदफा (१) को प्रयोजनको लागि बाल संरक्षण केन्द्र स्थापना गर्न चाहेमा प्रदेश सरकारबाट स्वीकृति लिई स्थापना गर्न सक्नेछ।

तर बालबालिका विरुद्धको हिंसा, यौनजन्य दुर्व्यवहार, दुराचारको आरोप लागेका वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएका व्यक्तिले बाल संरक्षण केन्द्र स्थापना र सञ्चालन गर्न पाउने छैन।

(३) उपदफा (२) बमोजिम स्थापना भएको बाल संरक्षण केन्द्रलाई प्रदेश सरकारले आर्थिक लगायतका अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) बालबालिकाको उपयुक्त पुर्नस्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर अठार वर्ष नपुगेसम्म निजलाई आवासीय बाल संरक्षण केन्द्रमा राखिनेछ।

(५) बाल संरक्षण केन्द्रको स्थापना, सञ्चालन, वर्गीकरण, व्यवस्थापन, मापदण्ड र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।

३६. **पुनर्मिलनको व्यवस्थाः** आवासीय बाल संरक्षण केन्द्रमा रहेका बालबालिकाको बाबु, आमा वा संरक्षक पहिचान भई परिवारमा पुनर्मिलन गराउँदा बालबालिकाको उच्चतम हित हुने देखिएमा स्थानीय तहसँगको समन्वय र सहकार्यमा गराउनु पर्नेछ।

३७. **पुनर्स्थापना तथा सामाजिक पुनःएकीकरण सम्बन्धी व्यवस्थाः** आवासीय बाल संरक्षण केन्द्रमा रहेका बालबालिकाको पुनर्स्थापना तथा सामाजिक पुनःएकीकरण गर्ने दायित्व सम्बन्धित बाल संरक्षण केन्द्रको हुनेछ।

३८. **मनोविमर्श सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम मनोविमर्श सेवा आवश्यकता भएका बालबालिकालाई उक्त सेवा प्रदान गर्न आवासीय बाल संरक्षण केन्द्र/पुनर्स्थापना केन्द्र/बाल सुधार गृहले मनोविमर्शकर्ताको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मनोविमर्शकर्ताको योग्यता कम्तीमा स्नातक तह उत्तीर्ण गरी न्यूनतम छ महिनाको मनोविमर्श सेवा सम्बन्धी तालिम प्राप्त गरेको हुनु पर्नेछ।

३९. **आवासीय बाल संरक्षण केन्द्र प्रमुखको जिम्मेवारीः** (१) आवासीय बाल संरक्षण केन्द्रमा रहेका बालबालिकाको संरक्षण, हेरचाह तथा पालनपोषणको जिम्मेवारी तथा दायित्व आवासीय बाल संरक्षण केन्द्र प्रमुखको हुनेछ।

(२) यस ऐन बमोजिम तोकिएको शर्त र प्रक्रिया विपरीत कार्य गर्ने केन्द्रलाई प्रचलित कानून बमोजिमको बालकल्याण अधिकारीले सम्बन्धित केन्द्रलाई उल्लंघन गरेको शर्त समेत खुलाई त्यस्तो कार्य गर्न रोक लगाउन सक्नेछ।

(३) बाल कल्याण अधिकारीले उपदफा (२) बमोजिमको केन्द्रको अनुगमन गर्दा सुधार गर्नु पर्ने देखेमा सुधार गर्न लगाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुगमन गर्दा सुधार भएको पाइएमा उक्त केन्द्रलाई बाल संरक्षण कार्य गर्नका लागि उपदफा (२) बमोजिम रोक लगाएकोमा फुकुवा गर्न सक्नेछ।

(५) बालकल्याण अधिकारीले आफूले गरेको कामको प्रतिवेदन प्रदेश बाल अधिकार समितिलाई दिनु पर्नेछ।

४०. **बाल संरक्षण सम्बन्धी व्यवस्थाः** बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूले बालबालिका विरुद्धको हिंसा, शोषण वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नका निमित्त स्थानीय तहमा बाल संरक्षण समिति गठन गरी आवश्यक कार्य गर्न सक्नेछ।

४१. **बाल सुधार गृहको स्थापना र सञ्चालनः** (१) प्रदेश सरकारले बाल विज्याँइमा परेका बालबालिकाको सुधार र संरक्षणका लागि आवश्यकता अनुसार बाल सुधार गृह स्थापना गरी सञ्चालन गर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित प्रयोजनको लागि कुनै संस्थाले प्रदेश सरकारबाट स्वीकृति लिई बाल सुधार गृहको स्थापना गर्न सक्नेछ।

(३) बाल सुधार गृहको स्थापना, सञ्चालन, अनुगमन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. **अनुगमन तथा प्रतिवेदनः** (१) यस ऐन बमोजिम बालबालिकाको हेरचाह र पालनपोषण गर्न जिम्मा लिएका व्यक्ति, संरक्षक वा केन्द्रले बालबालिका सम्बन्धी प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित स्थानीय बाल अधिकार समितिमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले वार्षिक प्रतिवेदन प्रदेश बाल अधिकार समितिमा पेश गर्नु पर्नेछ।

(३) बालबालिकालाई अल्पकालीन संरक्षण सेवा र वैकल्पिक हेरचाह गर्ने व्यक्ति, परिवार वा केन्द्र र उनीहरूले प्रदान गरेको सेवाको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन र मूल्याङ्कन गर्ने गराउने तथा सेवाको सम्बन्धमा आवश्यक निर्देशन दिने जिम्मेवारी मन्त्रालयको हुनेछ।

## परिच्छेद- ५

## बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था

४३. **प्रदेश बाल अधिकार समितिः** (१) बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्द्धन गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण गरी प्रदेश सरकारलाई सिफारिस गर्ने काम समेतको लागि एक प्रदेश बाल अधिकार समिति रहनेछ।

(२) प्रदेश बाल अधिकार समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय -अध्यक्ष

(ख) सचिव, मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) प्रमुख, ◈बागमती प्रदेश प्रहरी कार्यालय -सदस्य

(ङ) बाल गृहहरुको महासंघ, नेपाल, ◈बागमती प्रदेश को प्रतिनिधि -सदस्य

(च) बाल अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरु मध्येबाट प्रदेश सरकारले मनोनीत गरेको एकजना -सदस्य

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(छ) बालबालिकाको क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति वा विशेषज्ञ मध्येबाट कम्तीमा दुई जना महिला सहित प्रदेश सरकारले मनोनयन गरेका चार जना -सदस्य

(ज) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य-सचिव

(३) प्रदेश बाल अधिकार समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (२) बमोजिमका कुनै सदस्यको पदावधि समाप्त नहुँदै पदरिक्त भएमा सोही प्रक्रियाबाट मनोनीत गरिनेछ।

(६) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(७) समितिलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

४४. **समितिको बैठकः** (१) समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ।

(३) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

४५. **प्रदेश बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः** (१) बाल अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बालबालिकाको हकहितका निमित्त प्रदेश र स्थानीय तहलाई मार्गदर्शन गर्ने,

(ख) प्रदेश तथा स्थानीय तहको बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(ग) बालबालिकाका विषयमा प्रदेश र स्थानीय तहद्वारा सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(घ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष प्रादेशिक अभियान घोषणा गर्ने,

(ङ) नेपाल पक्ष रहेको बालबालिकाको हक अधिकारसँग सम्बन्धित सन्धि तथा दस्तावेजहरुको कार्यान्वयनका निमित्त नेपाल सरकार, प्रदेश र स्थानीय तहसंग आवश्यक समन्वय गर्ने,

(च) समितिलाई निर्देशन दिने र समितिको वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन गर्ने,

(छ) समितिको दीर्घकालीन योजना स्वीकृत गर्ने तथा आन्तरिक कार्य सञ्चालन लागि आवश्यक कार्यविधि पारित गर्ने,

(ज) बालबालिकाको हक अधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने,

(झ) समितिको सेवा शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) दफा ४८ बमोजिमको प्रोवेशन अधिकारीबाट प्राप्त प्रतिवेदनका आधारमा प्रदेश बाल अधिकार समितिले देहायको काम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछः-

(क) कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई निजसँग सम्बन्धित मुद्दाको अनुसन्धान अवधिभर आवश्यक संरक्षण र मनोविमर्श सेवा उपलब्ध गराउने,

(ख) दिशान्तर कार्यक्रम मार्फत बाल बिज्याँईको समाधान गर्न आवश्यक पहल र प्रयास गर्ने,

(ग) निगरानी कक्षमा रहेका बालबालिका उपर मानवीय व्यवहार र उचित हेरचाह तथा संरक्षणको प्रबन्ध भए वा नभएको निरीक्षण गर्ने र सो नभएको देखिएमा गर्न लगाउने।

४६. <u>**स्थानीय तहको बाल अधिकार समितिः**</u> (१) प्रत्येक स्थानीय तहमा गाँउ कार्यपालिका वा नगर कार्यपालिका उपाध्यक्ष वा उपप्रमुखले तोकेको गाँउ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा महिला सदस्य वा दलित महिला सदस्य, चिकित्सक, नजिकको प्रहरी कार्यालयको प्रतिनिधि, शिक्षक, स्थानीय तहको बालबालिका महाशाखा/शाखा प्रमुख, बाल अधिकारकर्मी, महिला विकास समिति/संस्थाको प्रतिनिधि, सामाजिक कार्यकर्ता, बालक्लब प्रतिनिधि मध्येबाट सदस्य रहने गरी एक स्थानीय तह बाल अधिकार समिति गठन गरिनेछ।

(२) प्रचलित कानून बमोजिम तोकिएको बालकल्याण अधिकारीले स्थानीय तह बाल अधिकार समितिको सदस्य-सचिव भई काम गर्नेछ।

(३) स्थानीय तह बाल अधिकार समितिले आवश्यकता अनुसार समितिको बैठकमा विषयसंग सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(४) स्थानीय तह बाल अधिकार समितिका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (१) बमोजिमका कुनै सदस्यको पदावधि समाप्त नहुँदै पद रिक्त भएमा सोही प्रक्रियाबाट मनोनीत गरिनेछ।

(६) स्थानीय तह बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४७. **वडा बाल अधिकार समितिः** (१) प्रत्येक वडामा वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको अध्यक्षतामा महिला सदस्य वा दलित महिला सदस्य, स्वास्थकर्मी, शिक्षक, महिला विकास समिति/संस्थाको प्रतिनिधि, सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयंसेविका, महिला सामाजिक कार्यकर्ता, बालक्लव प्रतिनिधि मध्येबाट समेत सदस्य रहने गरी वडा बाल अधिकार समिति गठन गरिनेछ।

(२) वडा बाल अधिकार समितिले आवश्यकता अनुसार विषयसँग सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) वडा बाल अधिकार समितिको मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (१) बमोजिमका कुनै सदस्यको पदावधि समाप्त नहुँदै पदरिक्त भएमा सोही प्रक्रियाबाट मनोनीत गरिनेछ।

(५) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४८. **बाल संरक्षण कोषः** (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कामका लागि प्रदेश सरकारले एक आपत्कालीन बाल संरक्षण कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) नेपाल सरकारको स्वीकृतिमा विदेशी सरकार, विकास साझेदार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ६

## विविध

४९. **प्रोवेशन अधिकारीः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसँग सम्बन्धित मुद्दाको अनुसन्धानमा सहयोग गर्न, निगरानी कक्षको निरीक्षण, दिशान्तर, बाल अदालतको आदेशको कार्यान्वयनको स्थिति सम्बन्धी कार्य गर्न एक प्रोवेशन अधिकारी तोक्न सक्नेछ।

(२) प्रोवेशन अधिकारीले उपदफा (१) बमोजिम गरेको काम कारबाहीको सम्बन्धमा प्रत्येक चौमासिक रूपमा प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) प्रोवेशन अधिकारीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५०. **कसूर, सजाय र क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** बाल अधिकार सम्बन्धी कसूर, सजाय र क्षतिपूर्ति सम्बन्धी व्यवस्था बाल अधिकार सम्बन्धी संघीय कानून तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

५१. **कानून व्यवसायीको व्यवस्थाः** कुनै बालबालिका विरुद्ध लगाइएको कसूरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा त्यस्ता बालबालिकाको लागि प्रदेश सरकारले छुट्टै कानून व्यवसायीको व्यवस्था गर्नेछ।

५२. **नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकारः** (१) यस ऐनको उदेश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाई लागू गर्न उपदफा ल्याउन सक्नेछ।

(२) यो ऐन र यस ऐन बमोजिम बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

५३. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

**बचाउः** यो ऐन प्रारम्भ हुनु भन्दा पहिले बालबालिका सम्बन्धमा भए गरेका कार्यहरू यसै ऐन बमोजिम भए गरेका मानिनेछ।

# प्रदेश सहकारी ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६।०२।१३

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| १. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |
| २. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ | २०७९।०४।३० |

संवत् २०७६ सालको ऐन नं. ३

**<u>प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**ः सहकारीका मूल्य, मान्यता र सिद्धान्त अनुरूप छरिएर रहेको पूँजी, प्रविधि, प्रतिभा र सीपलाई एकीकृत गर्दै सम्वृद्धिको लागि उत्पादन र सेवा व्यवसायको माध्यमबाट सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्न प्रदेश स्तरमा सहकारी संघ तथा संस्थाहरूको दर्ता, सञ्चालन तथा नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "प्रदेश सहकारी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा २४ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनु पर्छ।

(ख) "कसूर" भन्नाले दफा ९९ बमोजिमको कसूर सम्झनु पर्छ।

+(ख१) "कार्यालय" भन्नाले प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय सम्झनु पर्दछ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, बाबु, आमा, सौतेनी आमा, धर्मपुत्र, धर्मपुत्री, र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनु पर्छ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

---

+ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

(ङ) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(च) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ज) "मुख्य कारोबार" भन्नाले संस्था वा संघले आफ्नो उद्देश्य अनुरूप सञ्चालन गरेको कारोबारमा व्यावसायिक र उत्पादनमूलक क्षेत्रमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ।

(झ) "रजिष्ट्रार" भन्नाले दफा ७३ बमोजिम तोकिएको रजिष्ट्रार सम्झनु पर्छ।

(ञ) "लेखा सुपरिवेक्षण समिति" भन्नाले दफा ४४ बमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनु पर्छ।

(ट) "विनियम" भन्नाले दफा २३ बमोजिम बनाएको विनियम सम्झनु पर्छ।

(ठ) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूँजीको विभाजित अंश सम्झनु पर्छ।

(ड) "सञ्चालक" भन्नाले सञ्चालक समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष लगायतलाई जनाउँछ।

(ढ) "सदस्य" भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।

(ण) "समिति" भन्नाले दफा ३७ बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

(त) "सहकारी संस्था" भन्नाले यस ऐन बमोजिम दर्ता भएका सहकारी संस्था वा संघ सम्झनु पर्छ।

(थ) "संघ" भन्नाले दफा ४, ५, ६, ७ र ८ बमोजिम गठन भई दफा १२ बमोजिम दर्ता भएका विषयगत र वहुउद्देश्यीय सहकारी संघ सम्झनु पर्छ।

(द) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा १२ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय संस्था सम्झनु पर्छ।

(ध) "संस्थाको व्यवसाय" भन्नाले संस्थाको विनियममा व्यवस्था भए बमोजिम सञ्चालन गरिएको व्यावसायिक कारोबार सम्झनु पर्छ।

(न) "साधारण सभा" भन्नाले सहकारी संघ वा संस्थाको साधारण सभा सम्झनु पर्छ।

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

## परिच्छेद- २

## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठनः** (१) सहकारी संस्थाको गठन गर्दा देहाय बमोजिम संख्या हुनु पर्नेछः-

(क) विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्दा कम्तीमा तीस जना नेपाली नागरिक,

(ख) श्रमिक तथा युवाहरुले सीप र श्रममा आधारित व्यवसाय गर्न चाहेमा त्यस्तो संस्थाको हकमा कम्तीमा पन्ध्र जना नेपाली नागरिक,

(ग) महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्थाको हकमा कम्तीमा एकसय जना नेपाली नागरिक।

(२) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) मा उल्लिखित संख्या पुगेको हुनु पर्नेछ।

तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एक सय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

तर एक सय जना भन्दा कम सख्या रहेको एउटै कार्यालयमा कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा सञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन।

(४) उपदफा (३) बमोजिम गठन भएको संस्थामा पारिश्रमिक पाउने पदमा बहालवाला कर्मचारी कार्यकारी प्रमुख भई काम गर्न पाउने छैन।

४. **जिल्ला विषयगत सहकारी संघको गठनः** सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा १२ बमोजिम दर्ता भई कार्यरत रहेका कम्तीमा तेह्र वटा संस्थाहरूले आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन्।

तर प्रदेश सरकारले "क" वर्ग भनी प्रदेश राजपत्रमा प्रकाशन गरी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा पाँचवटा संस्थाहरू आपसमा मिली जिल्ला विषयगत सहकारी संघहरु गठन गर्न सक्नेछन्।

५. **<u>जिल्ला सहकारी संघको गठन</u>**: सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १२ बमोजिम दर्ता भएका कम्तीमा एक्काइसवटा संस्था वा जिल्ला विषयगत सहकारी संघहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन्।

तर,

(१) प्रदेश सरकारले "क" वर्ग भनी प्रदेश राजपत्रमा प्रकाशन गरी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा छ वटा संस्थाहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन्।

(२) यसरी संघ गठन गर्दा दर्ता भएका जिल्ला भरिका पचास प्रतिशतभन्दा बढी विषयगत सहकारी संघहरू समावेश गरिएको हुनु पर्नेछ।

६. **<u>प्रदेश विषयगत सहकारी संघको गठन</u>**: सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १२ बमोजिम दर्ता भएका कम्तीमा सात वटा जिल्लाका पच्चीस वटा विषयगत सहकारी संस्थाहरू वा जिल्ला विषयगत सहकारी संघहरू मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी संघ गठन गर्न सक्नेछन्।

तर यसरी संघ गठन गर्दा दर्ता भएका प्रदेश भरिका पचास प्रतिशतभन्दा बढी जिल्ला विषयगत सहकारी संघहरू समावेश गरिएको हुनु पर्नेछ। आफ्नो विषयको प्रदेश संघ गठन गर्दा छ वटा जिल्ला विषयगत संघ दर्ता भएको हुनु पर्नेछ।

७. **<u>प्रदेश सहकारी संघको गठन</u>**: सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा १२ बमोजिम दर्ता भएका सातवटा जिल्लाका कम्तीमा पैंतीसवटा संस्थाहरू वा जिल्ला विषयगत सहकारी संघहरू वा जिल्ला सहकारी संघहरू वा प्रदेश विषयगत सहकारी संघहरू आपसमा मिली प्रदेश सहकारी संघको गठन गर्न सक्नेछन्।

तर यसरी संघ गठन गर्दा प्रदेश भरी दर्ता भएका जिल्ला विषयगत सहकारी संघहरू, जिल्ला सहकारी संघहरू र प्रदेश विषयगत सहकारी संघहरू प्रत्येकको पचास प्रतिशतभन्दा बढी संघहरू समावेश गरिएको हुनु पर्नेछ। प्रदेश सहकारी संघ गठन गर्दा आफ्नो प्रदेशमा कम्तीमा सात वटा जिल्ला सहकारी संघ दर्ता भएको हुनु पर्नेछ।

८. **<u>विशिष्टीकृत सहकारी संघको गठन</u>**: (१) दफा १२ बमोजिम दर्ता भएका कम्तीमा पच्चीस वटा बहुउद्देश्यीय वा विषयगत संस्थाहरूले आपसमा मिली जलविद्युत आयोजना, आवासीय परियोजना, यातायात, प्राङ्गारिक तथा रासायनिक मल कारखाना, ठूला कृषि उपकरण, फलफूल उत्पादन तथा प्रशोधन, जडीबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला, दुग्धजन्य प्रशोधन उद्योग, मासुजन्य उद्योग पशुपालन तथा कृषि फार्म, होटेल तथा रिसोर्ट, पर्यटन उद्योग तथा व्यवसाय जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टीकृत संघको गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको विशिष्टीकृत सहकारी संघको सञ्चालन सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

९. **<u>संघ गठन गर्न नसकिने</u>**: एक जिल्लामा एकै प्रकृतिको एकभन्दा बढी जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघ, प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी प्रदेश विषयगत सहकारी संघ वा प्रदेश सहकारी संघ गठन गर्न सकिने छैन।

१०. **<u>दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने</u>**: यस ऐन बमोजिम दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न हुँदैन।

११. **<u>दर्ताको लागि दरखास्त दिनु पर्ने</u>**: (१) यस ऐन बमोजिम गठन हुने देहाय बमोजिमका सहकारी संस्थाले दर्ताका लागि रजिष्ट्रार समक्ष अनुसूची- १ को ढाँचामा दरखास्त दिनु पर्नेछः-

(क) एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएका सहकारी संस्थाहरू,

(ख) जिल्ला विषयगत सहकारी संघ,

(ग) जिल्ला सहकारी संघ,

(घ) प्रदेश विषयगत सहकारी संघ,

(ङ) प्रदेश सहकारी संघ,

(च) एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र भएका प्रदेश विशिष्टीकृत सहकारी संघ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्थाको भावी योजना र कार्यक्रम प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण।

१२. **<u>दर्ता गर्नु पर्ने</u>**: (१) दफा ११ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितका कागजातहरू छानबिन गर्दा देहाय बमोजिम भएको पाइएमा रजिष्ट्रारले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची- २ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछः-

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवं सदस्य केन्द्रीत भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको,

(घ) खण्ड (ख) र (ग) मा उल्लिखित विषयका आधारहरू तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियम संशोधन गर्नु पर्ने देखिएमा रजिष्ट्रारले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले एक महिनाभित्र निवेदकलाई सूचना दिनु पर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका एकभन्दा बढी स्थानीय तह वा जिल्ला कार्यक्षेत्र रही एक प्रदेश तहसम्म कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(४) यो ऐन प्रारम्भ भएको छ महिनाभित्र उपदफा (३) बमोजिमका संस्थाले यस ऐन बमोजिमको प्रावधान पूरा गरी रजिष्ट्रार समक्ष आफ्नो दर्ता प्रमाणपत्र र अन्य विवरण (लेखापरीक्षण प्रतिवेदन सहितको साधारण सभाको प्रतिवेदन) पेश गरी अद्यावधिक गर्नु पर्नेछ।

(५) सहकारी संस्थाले दर्ता भएपछि सम्बन्धित प्रदेश सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ तथा सहकारी बैंकको सदस्यता लिन सक्नेछ।

(६) दर्ता भएको छ महिनाभित्र आफ्नो जिल्ला विषयगत संघमा अनिवार्य सदस्यता लिनु पर्नेछ।

१३. <u>दर्ता गर्न अस्वीकार गर्न सक्ने</u>: (१) दफा १२ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनको लागि सूचना पाएको मितिले तीस दिनभित्र सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा रजिष्ट्रारले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा रजिष्ट्रारले कारण खुलाई सात दिनभित्र सो को जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

१४. <u>सहकारी संस्था संगठित संस्था हुने</u>: (१) सहकारी संस्था एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुनेछ।

(२) सहकारी संस्थाको एउटा छुट्टै छाप र लोगो हुनेछ।

(३) सहकारी संस्थाले यस ऐनको अधिनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेच बिखन गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ।

१५. **<u>सहकारी संस्थाको कार्यक्षेत्रः</u>** (१) यो ऐन प्रारम्भ हुँदाका बखत यस प्रदेशमा सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र यसै ऐन बमोजिम कायम भएको मानिनेछ। कार्यक्षेत्र विस्तार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिमका संस्थाहरूले एक वर्षभित्र देहायका विवरण सहित रजिष्ट्रार समक्ष कार्य सञ्चालन प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको सदस्यता विस्तारको अवस्था,

(ख) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको व्यावसायिक सेवा सञ्चालनको अवस्था, र

(ग) तोकिए बमोजिमका अन्य विवरण।

(३) दर्ता हुँदाका बखत एक स्थानीय तहभित्र कार्यक्षेत्र कायम गरी सञ्चालन गरेका सहकारी संस्थाले यस ऐन बमोजिम कार्यक्षेत्र विस्तार गरी एक स्थानीय तह वा जिल्ला भन्दा बढी र प्रदेश भित्र कार्यक्षेत्र कायम गर्न सक्नेछन्।

(४) प्रदेशभन्दा बाहिर कार्यक्षेत्र विस्तार गर्न चाहने संस्थाको हकमा आवश्यकताका आधारमा प्रदेश मन्त्रालयले नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत, शिक्षा, भाषा, साहित्य, संस्कृति, स्वास्थ्य सेवा, सार्वजनिक यातायात, सञ्चार, कृषि वा वनजन्य पैदावारको उत्पादन, सञ्चय वा प्रशोधन, दुग्ध उद्योग, मासुजन्य उद्योग पशुपालन तथा कृषि फार्म, होटेल तथा रिसोर्ट, पर्यटन उद्योग तथा व्यवसाय जस्ता व्यावसायिक क्षेत्र एवं सदस्यहरूको सहभागिताका दृष्टिले संस्था दर्ता गर्दाका बखत नै फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने देखिएमा त्यस्ता संस्थाको कार्यक्षेत्र एक स्थानीय तह वा जिल्ला वा एकभन्दा बढी जिल्ला वा प्रदेशभर कायम रहने गरी दर्ता गर्न सकिनेछ।

(६) उपदफा (२) बमोजिम कार्य सञ्चालन प्रतिवेदन पेश भएपछि रजिष्ट्रारले सम्बन्धित सहकारी संस्थालाई देहाय बमोजिम कार्यक्षेत्र पुनःनिर्धारण गर्न निर्देशन दिन सक्नेछः-

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको सदस्यता विस्तार नभएको वा तोकिएको संख्याभन्दा कम सदस्य भएको वा भौगोलिक निरन्तरता नभएको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

(ख) उपदफा (१) को खण्ड (ख) बमोजिम कुनै व्यावसायिक सेवा सञ्चालन भएको नदेखिएमा त्यस्तो जिल्ला, स्थानीय तह र वडा कार्यक्षेत्र घटाउने,

(ग) संस्थाको सञ्चालन खर्च धान्न सक्ने गरी व्यावसायिक कार्यकुशलता बढाउन र संस्था सञ्चालनमा सदस्यको सहभागिता लोकतान्त्रिक नियन्त्रण कायम राख्न अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा हटाई उपयुक्त कार्यक्षेत्र कायम राख्ने,

(घ) व्यावसायिक एवं प्रवर्द्धनात्मक सेवाका लागि जिल्ला वा प्रदेश विषयगत सहकारी संघ वा जिल्ला वा प्रदेश सहकारी संघको सदस्यताको प्राप्तिलाई सहज तुल्याउन अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा हटाई उपयुक्त कार्यक्षेत्र कायम राख्ने।

(७) उपदफा (६) बमोजिम रजिष्ट्रारले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सम्बन्धित सहकारी संस्थाले तोकिएको अवधिभित्र आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण नगरेमा रजिष्ट्रारले सहकारी सम्बन्धी प्रचलित कानूनको अधिनमा रही त्यस्तो सहकारी संस्थाको कार्यक्षेत्र तीन महिना भित्र पुनःनिर्धारण गर्नेछ।

(९) उपदफा (८) बमोजिम रजिष्ट्रारले कार्यक्षेत्र पुनः निर्धारण गरिदिएकोमा चित्त नबुझ्ने सहकारी संस्थाले कार्यक्षेत्र पुनःनिर्धारणको जानकारी पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम प्राप्त निवेदनमा मन्त्रालयले साठी दिनभित्र पुनरावलोकन गरिसक्नु पर्नेछ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समयमा कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ।

(१२) कार्यक्षेत्रको विस्तार तथा कार्यक्षेत्रको पुनःनिर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **जानकारी दिनु पर्ने**: एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र वा एक जिल्लाभन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित रजिष्ट्रारलाई जानकारी दिनु पर्नेछ।

१७. **सहकारी संस्थाको वर्गीकरण**: सहकारी संस्थाको वर्गीकरण अनुसूची- ३ मा उल्लेख भए बमोजिम हुनेछ।

१८. **कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने**: (१) दफा १२ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्था वा संघले दफा २१ बमोजिमको उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधिनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था वा संघले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नु पर्ने छैन।

तर त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ। यसरी अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनको लागि सहकारी संस्थाले दिएको आवदेनलाई सम्बन्धित निकायले प्राथमिकतामा राखी प्रचलित कानून बमोजिमको कारबाही गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम संस्था वा संघले प्रचलित कानून बमोजिम अनुमतिपत्र स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी रजिष्ट्रारलाई दिनु पर्नेछ।

◈(४) सहकारी मार्फत आर्थिक समृद्धि र विकास प्राप्त गर्न दुई वा दुई भन्दा संस्था वा संघले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन, प्रशोधन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन्।

(५) उपदफा (४) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था वा संघले उपदफा (१) बमोजिम सञ्चालन गर्ने कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको उत्पादन सहकारी ब्राण्डमा बिक्री बितरण गर्न सक्नेछन्।

तर प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट त्यस्तो ब्राण्ड प्राप्तिको स्वीकृति लिनु पर्ने रहेछ भने सो बमोजिम स्वीकृति लिनु पर्नेछ।

(७) संस्था वा संघले उत्पादन गरेको वस्तुहरूको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने प्रक्रिया र आधार प्रचलित कानून बमोजिम हुनेछ।

१९. <u>दायित्व सीमित हुने</u>ः (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

२०. **<u>सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने</u>:** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ।

## परिच्छेद- ३

## <u>संस्था वा संघको उद्देश्य तथा कार्य</u>

२१. **<u>संस्था वा संघको उद्देश्य</u>:** कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रीत भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु संस्था वा संघको मुख्य उद्देश्य हुनेछ।

२२. **<u>संस्था वा संघको कार्य</u>:** संस्था वा संघका कार्यहरू देहाय बमोजिम हुनेछन्:-

(क) सहकारीका सिद्धान्त, मूल्य र मान्यताहरूको पालना गर्ने, गराउने,

(ख) सदस्य र आफ्नो व्यवसायको हित प्रवर्द्धन तथा सोको बजारीकरण गर्ने, गराउने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालिम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्था वा संघको व्यावसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय तथा रजिष्ट्रारको निर्देशन पालना गर्ने, गराउने,

(ज) सदस्य संस्था वा संघमा सुशासन प्रवर्द्धन गर्ने, गराउने,

(झ) संस्था वा संघको बीचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने, गराउने,

(ञ) विनियममा उल्लिखित कार्यहरू गर्ने।

## परिच्छेद- ४

## <u>विनियम तथा आन्तरिक कार्यविधि</u>

२३. **<u>विनियम बनाउनु पर्ने</u>:** (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, मापदण्ड र कार्यविधिको अधिनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विनियम रजिष्ट्रारबाट स्वीकृत भए पछि लागू हुनेछ।

२४. **<u>आन्तरिक कार्यविधि बनाउन सक्ने</u>:** (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधिनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ।

२५. **<u>विनियम र आन्तरिक कार्यविधिमा संशोधन</u>ः** (१) सहकारी संस्थाको साधारण सभाको कूल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम रजिष्ट्रारबाट स्वीकृत भएपछि लागू हुनेछ। साधारण सभाले संशोधन गरेको विनियम स्वीकृतिको लागि पेश गरेको मितिले एक महिनाभित्र स्वीकृत गर्नु पर्नेछ।

## परिच्छेद- ५

## <u>सदस्यता</u>

२६. **<u>संस्थाको सदस्यता</u>ः** (१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन्ः-

(क) संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरिरहेको वा आफ्नो कार्यक्षेत्र भित्र पर्ने स्थानीय निकाय वा तहमा व्यवसाय दर्ता गरी व्यावसायिक कार्य गरेको,

(ख) संस्थाको शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरू निर्वाह गर्न मञ्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी निर्वाह गर्न मञ्जुर भएको,

(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सहकारी विद्यालय र सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समिति/समूहहरू, निजी फर्म वा कम्पनीहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सहकारी संस्थाले अर्को कुनै सहकारी संस्थाको सदस्यता लिने सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

२७. **<u>सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्ने</u>ः** (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पन्ध्र दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र  निवेदकलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था उपर रजिष्ट्रारसमक्ष उजुर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजुरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा रजिष्ट्रारले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम कुनै आदेश प्राप्त भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी रजिष्ट्रारलाई दिनु पर्नेछ।

२८. **सदस्य हुन नपाउने**ः कुनै व्यक्ति एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ।

२९. **सदस्य हुन सक्ने**ः (१) दफा ४ बमोजिमको जिल्ला विषयगत सहकारी संघमा जिल्ला भित्रका विषयगत संस्थाहरू सदस्य हुन सक्नेछन्।

(२) दफा ५ बमोजिमको जिल्ला सहकारी संघमा जिल्ला भित्रका संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन्।

(३) दफा ६ बमोजिमको प्रदेश विषयगत सहकारी संघमा प्रदेशभित्रका विषयगत संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन्।

(४) दफा ७ बमोजिमको प्रदेश सहकारी संघमा प्रदेशभित्रका संस्था, जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र प्रदेश विषयगत सहकारी संघ सदस्य हुन सक्नेछन्।

(५) यस दफा बमोजिम सदस्यता लिने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।

३०. **सदस्यताको समाप्ति**ः (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः-

(क) सदस्यता त्याग गरेमा,

(ख) वार्षिक साधारण सभामा बिना सूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियमको बारम्बार उल्लंघन गरेमा,

(घ) दफा २६ बमोजिमको योग्यता नभएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन।

३१. **<u>सुविधा प्राप्त गर्न नसक्ने</u>**: कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र नतिरेमा वा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सचेत गराउँदा गराउँदै पनि सदस्यले पालन गर्नु पर्ने प्रावधान तीन पटकसम्म उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन।

## परिच्छेद- ६

## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

३२. **<u>साधारण सभा</u>**: (१) सहकारी संस्थाको सर्वोच्च अंगको रूपमा साधारण सभा रहनेछ।

(२) सहकारी संस्थाका सबै सदस्यहरू साधारण सभाका सदस्य हुनेछन्।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा।

३३. **<u>प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार</u>**: प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

३४. **वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको विघटन तथा निर्वाचन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउन सक्ने,

(ङ) समिति र लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) कार्यालय प्रयोजनको लागि घर जग्गा खरिद विक्री सम्बन्धी निर्णय गर्ने,

(ढ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

३५. **साधारण सभाको बैठकः** (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउन पर्नेछः-

(क) दफा ४५ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरिवेक्षण समितिको सिफारिसमा,

(ख) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(ग) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई पन्ध्र प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) दफा ३६ को उपदफा (१) बमोजिम रजिष्ट्रारले निर्देशन दिएमा,

(च) दफा ३८ को उपदफा (२) बमोजिम रजिष्ट्रारले आदेश दिएमा।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा रजिष्ट्रारलाई जानकारी दिई साधारण सदस्यहरूमध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ।

(५) एक हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा बोलाउँदा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तह वा वडा वा तोकिएको क्षेत्रमा तोकिएको संख्यामा सञ्चालक सदस्यहरूलाई पठाई प्रतिनिधि चयन गर्ने र प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय गर्नेछ।

३६. **<u>विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्नेः</u>** (१) कुनै सहकारी संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजुरी परी छानबिन गर्दा देहायको अवस्था देखिन आएमा रजिष्ट्रारले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछः-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीतको कार्य गरेमा,

(ग) रजिष्ट्रारले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेमा,

(घ) दफा ३८ को उपदफा (२) बमोजिम रजिष्ट्रारले आदेश दिएमा।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले एक्काइस दिन भित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजुरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन रजिष्ट्रारसमक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा रजिष्ट्रारले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ।

(४) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तीमा बहुमत हुनु पर्नेछ।

तर पहिलो पटक बोलाइएको साधारण सभामा गणपूरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्नेछ। यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपूरक संख्या पुगेको मानिनेछ।

३७. **सञ्चालक समितिः** (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ। सञ्चालक समितिमा एउटै व्यक्ति अध्यक्ष पदमा लगातार दुई पटकभन्दा बढी बहाल हुन पाउने छैन।

(२) उपदफा (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

(४) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंक बाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन।

तर संघ वा संस्थाको सञ्चालक समितिमध्येबाट एकजना कार्यकारी बन्न बाधा पर्ने छैन।

(५) कुनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ।

तर विशिष्टीकृत संघको हकमा यो व्यवस्था लागू हुने छैन।

(६) यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ।

(७) कुनै तल्लो तहको सहकारी संघको सञ्चालक माथिल्लो तहको संघमा निर्वाचित भएमा तल्लो तहको सहकारी संघको सञ्चालक तत्काल छोडनु पर्नेछ।

(८) समिति र लेखा सुपरिवेक्षण समितिको कार्यावधि चार वर्षको हुनेछ।

(९) संघीय मन्त्री, प्रदेश मन्त्री, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाका प्रमुख, उपप्रमुख र वडा अध्यक्ष तथा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष पदमा रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनीत हुने छैन।

(१०) यो ऐन प्रारम्भ हुँदाका बखत संघीय मन्त्री, प्रदेश मन्त्री, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाका प्रमुख, उपप्रमुख र वडा अध्यक्ष तथा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष पदमा रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनीत भएको भएमा यो ऐन प्रारम्भ भएपछि तत्काल आफ्नो पदबाट राजीनामा दिनु पर्नेछ।

(११) सहकारी संस्थाको दर्ता तथा नियमन गर्नको लागि स्थापित प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा स्थानीय तहमा कार्यरत कर्मचारीहरुले सहकारी संस्थाको सञ्चालक

समितिमा निर्वाचित हुन पाउने छैन। यो ऐन प्रारम्भ हुँदाका बखत त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तत्काल सञ्चालक समितिको पदबाट राजीनामा दिनु पर्नेछ।

(१२) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सहकारी संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ।

३८. **समितिको निर्वाचनः** (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अगावै अर्को समितिको निर्वाचन गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले तीन महिनाभित्र समितिको निर्वाचन गराउन रजिष्ट्रारले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रजिष्ट्रारले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई रजिष्ट्रारलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा रजिष्ट्रारले त्यस्तो सहकारी संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउनेछ।

(५) उपदफा (४) बमोजिम निर्वाचन लगायत कार्यमा सहयोग पु¥याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ।

(६) उपदफा (५) बमोजिम कार्य गर्दा, गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ।

३९. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

(ञ) सहकारी संस्थाको कार्यक्षेत्र भित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

४०. <u>सञ्चालक पदमा बहाल नरहने</u>: देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैनः-

(क) निजले दिएको राजीनामा स्वीकृत भएमा,

(ख) निजलाई दफा ४१ को उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) विशिष्टीकृत सहकारी संस्था बाहेक निज अर्को सहकारी संस्थाको सञ्चालक रहेको प्रमाणित भएमा,

(घ) निज सोही वा अर्को सहकारी संस्थाको कर्मचारी रहेको प्रमाणित भएमा,

तर दफा ३७ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोही बमोजिम हुनेछ।

(ङ) विशिष्टीकृत सहकारी संस्था बाहेक निज सोही वा अर्को सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेको प्रमाणित भएमा,

(च) निजको मृत्यु भएमा।

४१. <u>सञ्चालकलाई पदबाट हटाउन सक्ने</u>: (१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको अवस्थामा कुनै सञ्चालकलाई पदबाट हटाउन सक्नेछः-

(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याएमा,

(ख) अनाधिकृत तवरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित सहकारी संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित सहकारी संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न असक्षम रहेको मान्यता प्राप्त चिकित्सकले प्रमाणित गरेमा,

(च) कुनै सञ्चालकमा यो ऐन,  यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा।

(२)  कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभासमक्ष सफाइ पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाइ पेश नगरेमा वा निजले पेश गरेको सफाइ सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको आगामी निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ।

४२. **<u>निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुन नहुने</u>:** (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुँदैन।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी सहकारी संस्थामा कुनै कार्य गर्न, गराउन हुँदैन।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाहीप्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट सहकारी संस्था, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजबाट असुल उपर गरिनेछ।

४३. **<u>समितिको विघटन</u>:** (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट सहकारी संस्थाको कारोबार जोखिममा परेमा,

(ख) सहकारी संस्थाले तिर्नु पर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा रजिष्ट्रारले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेमा।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रजिष्ट्रारले दिएको निर्देशन पालना नगरेमा वा दफा ३६ को उप दफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा रजिष्ट्रारले समितिलाई उजुरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य सञ्चालन गर्न रजिष्ट्रारले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्ने छ।

४४. <u>लेखा सुपरिवेक्षण समितिको गठनः</u> (१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका शेयर सदस्यहरुबाट एकजना संयोजक र उपलब्ध भएसम्म कम्तीमा एक जना महिला सहित दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

४५. <u>लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारः</u> (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद

वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन।

## परिच्छेद- ७

## बचत तथा ऋण परिचालन

४६. **सदस्य केन्द्रीत भई बचत तथा ऋणको कारोबार गर्नु पर्नेः** (१) सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सो को परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि त्यस्तो कारोबार गर्दै आएको भए ती संस्थाले दुइ वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्नु पर्नेछ।

(३) सहकारी सस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा बढीमा सेवा शुल्क एक प्रतिशत र नवीकरण शुल्क शून्य दशमलव दुई पाँच प्रतिशतसम्म लिन सक्नेछ।

(४) बचत र ऋणको व्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन।

(५) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा व्याज लगाउन पाइने छैन।

(६) सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल खरिद गर्न बाहेक अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनी वा कुनै बैंकको (सहकारी बैंक बाहेक) शेयर खरिद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुँदैन।

तर सहकारी संस्थाले शेयर रकम र संस्थागत कोषको रकम सरकार, निजी क्षेत्र र स्थानीय तहले समेत एक्लै वा साझेदारीमा उत्पादनमूलक क्षेत्र, प्रशोधन, भण्डारण, भवन तथा उपकरणमा लगानी गर्न बाधा पर्ने छैन।

(७) बचत तथा ऋण सहकारी संस्थाले सदस्यबीच ऋण लगानी गर्दा कुल ऋण लगानीको साठी प्रतिशत उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु पर्नेछ।

(८) सहकारी संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म बचत संकलन गर्न सक्नेछ।

**<u>स्पष्टीकरण</u>**ः यस उपदफाको प्रयोजनको लागि "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनु पर्छ।

४७. **<u>सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्था</u>**ः सहकारी बचत तथा ऋणको सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

४८. **<u>व्यक्तिगत बचतको सीमा</u>**ः संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## <u>आर्थिक स्रोत परिचालन</u>

४९. **<u>शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्था</u>**ः (१) सहकारी संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन।

(३) सहकारी संस्थाको शेयरको अङ्कित मूल्य प्रति शेयर एक सय रूपैयाँ हुनेछ।

(४) सहकारी संस्थाको शेयर पूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ।

(५) सहकारी संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन।

(६) सहकारी संस्थाको मूलधनको रूपमा रहेको कुनै सदस्यको शेयर सोही सहकारी संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व बापत लिलाम बिक्री गरिने छैन।

५०. **<u>रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था</u>**ः (१) कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिना भित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ।

तर एकै पटकमा धेरै संख्यामा शेयर रकम फिर्ता माग गरेमा समितिले संस्थाको आर्थिक अवस्था समेतलाई मध्यनजर गरेर समय सीमा तोकी रकम फिर्ता गर्न सक्नेछ। यसरी गरिएको निर्णय साधारण सभाबाट अनिवार्य रूपमा अनुमोदन गर्नु पर्नेछ।

(२) कुनै सदस्यले सहकारी संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ।

(३) सहकारी संस्थाले सबै प्रकारका बचत खाताहरू सञ्चालन गर्न सक्नेछ।

५१. **ऋण वा अनुदान लिन सक्ने**: (१) सहकारी संस्थाले बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बैंक वा निकायबाट ऋण वा अनुदान लिनु अघि प्रदेश सरकारको सिफारिसमा सहकारी सम्बन्धी प्रचलित संघीय कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

५२. **नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने**: (१) सहकारी संस्थाले विदेशी बैंक वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा त्यसको लागि प्रदेश सरकार मार्फत संघीय कानून बमोजिम नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षण प्रदान गर्दा नेपाल सरकारले आवश्यक शर्त तोक्न सक्नेछ।

## परिच्छेद- ९

## सहकारी संस्थाको कोष

५३. **सहकारी संस्थाको कोष**: (१) सहकारी संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त रकम,

(ङ) प्रदेश सरकारबाट प्राप्त रकम,

(च) स्थानीय सरकारबाट प्राप्त रकम,

(छ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(ज) व्याज तथा व्यावसायिक कार्यबाट आर्जित रकम,

(झ) सदस्यता शुल्क,

(ञ) सहकारी संस्थाको नाममा प्राप्त हुने अन्य रकम।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

५४. **जगेडा कोषः** (१) सहकारी संस्थामा एक जगेडा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन्ः-

(क) आर्थिक वर्षको खुद मुनाफा रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) अन्य स्रोतबाट प्राप्त रकम मध्ये समितिले तोके बमोजिमको रकम।

(३) उपदफा (१) बमोजिमको कोषको रकम अविभाज्य हुनेछ।

५५. **संरक्षित पूँजी फिर्ता कोषः** (१) सहकारी संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ।

(२) दफा ५४ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको संघीय कानूनमा तोकिए बमोजिमको वार्षिक कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

५६. **सहकारी प्रवर्द्धन कोषः** (१) सहकारी संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि दफा ५४ को उपदफा (२) को खण्ड (क) बमोजिम जगेडा कोषमा रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानूनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको प्रयोग संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

५७. **अन्य कोष सम्बन्धी व्यवस्थाः** (१) यस परिच्छेदमा अन्यत्र उल्लिखित कोषका अतिरिक्त सहकारी संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरू रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम प्रयोग गर्न सकिनेछ।

तर शेयर लाभांशको रकम सदस्यको शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन।

## परिच्छेद- १०

## अभिलेख र सूचना

५८. **अभिलेख राख्नु पर्नेः** (१) सहकारी संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिका बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ।

(२) सहकारी संस्थाले आफूले गरेको सम्पूर्ण कारोबारहरूको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ।

(३) अभिलेख राख्ने कार्यका लागि विद्युतीय सूचना प्रविधिको प्रयोग प्राथमिकताका साथ गर्नु पर्नेछ।

५९. **विवरण उपलब्ध गराउनु पर्नेः** (१) सहकारी संस्थाले प्रत्येक वर्ष देहायका विवरणहरू सहितको प्रतिवेदन तोकिएको समय भित्र रजिष्ट्रारसमक्ष पेश गर्नु पर्नेछः-

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) वार्षिक कार्यक्रम, नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी अवधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) रजिष्ट्रारले समय समयमा तोकिदिएका अन्य विवरण।

(२) रजिष्ट्रारले उपदफा (१) बमोजिम प्राप्त विवरण सहितको प्रतिवेदन एकमुष्ट रूपमा तोकिएको समय भित्र प्रदेश सरकारको सहकारी हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद- ११

## लेखा र लेखापरीक्षण

६०. **कारोबारको लेखाः** सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा देखिने गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टिङ स्टयाण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नु पर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ।

६१. **लेखापरीक्षणः** (१) सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र कुनै सहकारी संस्थाले लेखापरीक्षण नगराएको पाइएमा रजिष्ट्रारले त्यस्तो सहकारी संस्थाको लेखापरीक्षण इजाजत-पत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ६२ को अधिनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ।

६२. **<u>लेखापरीक्षकको नियुक्ति</u>**: (१) सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक र एकजना वैकल्पिक लेखापरीक्षक नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमिक तथा सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन।

६३. **<u>लेखापरीक्षकमा नियुक्त हुन नसक्ने</u>**: (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन सक्ने छैनः-

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित सहकारी संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) दफा ६२ को उपदफा (३) बमोजिमको व्यक्ति, फर्म वा कम्पनी,

(ज) सम्बन्धित सहकारी संस्था वा संघसँग स्वार्थ बाझिएको व्यक्ति,

(झ) नेपाल सरकारको तलब भत्ता खाने व्यक्ति।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुरा सहकारी संस्थालाई लिखित रूपमा अनुसूची- ४ को ढाँचामा जानकारी गराउनु पर्नेछ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै सहकारी संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा सहकारी संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले तत्काल राजीनामा दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम राजीनामा दिएमा सम्बन्धित सहकारी संस्थाको सञ्चालक समितिले दफा ६२ बमोजिमको वैकल्पिक लेखा परीक्षकलाई लेखापरीक्षकको रूपमा नियुक्ति गर्नु पर्नेछ।

(५) वैकल्पिक लेखापरीक्षकबाट लेखापरीक्षण हुन नसकेमा सञ्चालक समितिको निर्णयबाट नयाँ लेखापरीक्षक नियुक्ति गरी आगामी साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ।

(६) यस दफाको प्रतिकूल हुने गरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन।

## परिच्छेद- १२

## ऋण असुली तथा बाँकी बक्यौता

६४. **ऋण असुल गर्ने**: (१) कुनै सदस्यले सहकारी संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखा भित्र ऋणको सावाँ, व्याज हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, व्याज र हर्जाना असुल उपर गर्न सक्नेछ।

(२) धितो नराखी व्यक्तिगत जमानी वा सामूहिक जमानीमा ऋण दिएको भए ऋणीको वैक खाता रोक्का राखी वा निजको वा परिवारको नाममा रहेको अचल सम्पति रोक्का राखी साँवा, व्याज र हर्जाना असुल उपर गर्न सकिनेछ र सोको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(३) कुनै सदस्यले सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक हस्तान्तरण गरेमा वा त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ।

(४) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, व्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, व्याज र हर्जाना असुल उपर गर्न गराउन सकिनेछ।

(५) यस दफा बमोजिम साँवा, व्याज र हर्जना असुल उपर गर्दा लागेको खर्चको रकम तथा असुलउपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ।

(६) यस दफा बमोजिम कुनै सहकारी संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(७) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ।

(९) ऋण असुली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६५. **<u>बाँकी बक्यौता असुल उपर गर्ने</u>**: दफा ६४ बमोजिम असुल उपर हुन नसकेमा त्यस्तो रकम र सोको व्याज समेत रजिष्ट्रारले त्यस्तो व्यक्तिको जायजेथाबाट असुल उपर गरिदिन सक्नेछ।

६६. **<u>रोक्का राख्न लेखी पठाउने</u>**: (१) सहकारी संस्थाले दफा ६४ र ६५ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्नेछ।

६७. **<u>अग्राधिकार रहने</u>**: कुनै व्यक्तिले सहकारी संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको हक दाबी भए त्यसको लागि रकम छुट्याई बाँकी रहन आएको रकममा सहकारी संस्थाको अग्राधिकार रहनेछ।

६८. **<u>कारबाही गर्न बाधा नपर्ने</u>**: कुनै सहकारी संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारबाही चलाउन रोक लगाएको मानिने छैन।

## परिच्छेद- १३

## <u>एकीकरण, विभाजन, विघटन तथा दर्ता खारेज</u>

६९. **<u>एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था</u>**: (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कुल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ।

(४) एकीकरण वा विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७०. **<u>विघटन र दर्ता खारेजः</u>** (१) कुनै सहकारी संस्थामा देहायको अवस्था रहेमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमतको निर्णयबाट त्यस्तो सहकारी संस्थाको विघटन र दर्ता खारेज गर्ने निर्णय गरी स्वीकृतिका लागि समितिले रजिष्ट्रारसमक्ष निवेदन दिन सक्नेछः-

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन छानबिन गर्दा त्यस्तो सहकारी संस्थाको विघटन गर्न उपयुक्त देखिएमा रजिष्ट्रारले दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रारले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछः-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्क्रिय रहेको पाइएमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि रजिष्ट्रारले त्यस्तो सहकारी संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ।

(५) उपदफा (२) वा (३) बमोजिम सहकारी संस्थाको दर्ता खारेज भएमा त्यस्तो सहकारी संस्था विघटन भएको मानिनेछ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रारले प्रदेश सरकारले तोकेको सिमाभन्दा बढी रकम अनुदान प्राप्त गरेको संख्या वा संघको दर्ता खारेज गर्नु अघि मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(७) उपदफा (२) वा (३) बमोजिम कुनै सहकारी संस्था वा संघको दर्ता खारेजी भएमा त्यस्तो संस्था वा संघको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ।

७१. **<u>लिक्वीडेटरको नियुक्तिः</u>** (१) दफा ७० बमोजिम कुनै सहकारी संस्थाको दर्ता खारेज भएमा रजिष्ट्रारले लिक्वीडेटर नियुक्त गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी सम्बन्धी प्रचलित संघीय कानून र प्रदेश कानूनमा तोकिएको परिमाणसम्मको सम्पत्ति भएको सहकारी संस्थाको हकमा रजिष्ट्रारले कुनै अधिकृतस्तरको कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ।

(३) लिक्वीडेसन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७२. **लिक्वीडेशन पछिको सम्पत्तिको उपयोगः** कुनै सहकारी संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- १४

## रजिष्ट्रार

७३. **रजिष्ट्रारः** ◈(१) मन्त्रालयले सहकारी संस्थाको दर्ता, नियमन लगायतका अन्य सम्पूर्ण कार्य सम्पादन गर्न प्रदेश निजामती सेवाको अधिकृतस्तरको नवौं/दशौं तहको पदमा कार्यरत कर्मचारीलाई *कार्यालयको रजिष्ट्रारको रूपमा कार्य गर्ने गरी तोक्न सक्नेछ।

(२) रजिष्ट्रारलाई कार्य सम्पादनमा सहयोग गर्न चाहिने आवश्यक कर्मचारी मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ।

✠(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले *कार्यालयको गठन नभएसम्म मन्त्रालयको सहकारी हेर्ने महाशाखाको प्रमुखलाई रजिष्ट्रारको रूपमा कार्य गर्ने गरी तोक्न सक्नेछ।

७४. **रजिष्ट्रारको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम रजिष्ट्रारलाई प्राप्त अधिकार मध्ये केही अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद- १५

## अनुगमन तथा निरीक्षण

७५. **अनुगमन तथा निरीक्षण गर्नेः** (१) रजिष्ट्रारले सहकारी संस्थाको आर्थिक कारोबारको जुनसुकै बखत अनुगमन, निरीक्षण तथा हिसाब जाँच गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा रजिष्ट्रारले माग गरेको जानकारी सम्बन्धित सहकारी संस्थाले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै सहकारी संस्थाको काम कारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।
✠ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

बमोजिम भएको नपाइएमा रजिष्ट्रारले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ।

(४) सहकारी सस्थाको अनुगमन तथा निरीक्षण गर्दा सम्बन्धित संघको प्रतिनिधि समेतलाई सहभागी गराउन सकिनेछ।

७६. **<u>छानबिन गर्न सक्ने</u>**ः (१) कुनै सहकारी संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानबिनको लागि निवेदन दिएमा रजिष्ट्रारले त्यस्तो संस्थाको छानबिन गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानबिनको जानकारी सम्बन्धित सहकारी संस्थालाई लिखित रूपमा दिनु पर्नेछ।

७७. **<u>सहकारी संघ वा संस्थाको अनुगमन तथा निरीक्षण सम्बन्धी विशेष व्यवस्था</u>**ः (१) सहकारी संस्था वा संघले अवलम्बन गर्ने अनुगमन प्रणाली सहकारी सम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम संस्था वा संघको अनुगमन तथा निरीक्षण रजिष्ट्रारले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक, प्रदेश सहकारी संघ, विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ लगायतका अन्य निकायको सहयोग लिई गर्नेछ।

७८. **<u>मन्त्रालयले अनुगमन तथा निरीक्षण गर्ने</u>**ः (१) रजिष्ट्रारबाट कुनै सहकारी संस्थाको निरीक्षण नभएको वा त्यस्तो निरीक्षण प्रभावकारी नभएकोले सदस्यको हितमा प्रतिकूल असर परेको भनी कुनै स्रोतबाट जानकारी हुन आएमा मन्त्रालयले त्यस्तो संस्थाको अनुगमन तथा निरीक्षण गरी सम्बन्धित सहकारी संस्था र रजिष्ट्रारलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

७९. **<u>संघले अनुगमन तथा निरीक्षण गर्नु पर्ने</u>**ः (१) संघले आफ्ना सदस्यको काम कारबाहीको तोकिए बमोजिम अनुगमन तथा निरीक्षण गरी सोको प्रतिवेदन मन्त्रालय तथा रजिष्ट्रारलाई वार्षिक रूपमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू समावेश गर्नु पर्नेछः-

(क) अनुगमन तथा निरीक्षण गरेको संस्था वा संघको विवरण,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम र विनियमको पालनाको अवस्था,

(ग) सदस्यले प्राप्त गरेको सेवा, सुविधाको अवस्था,

(घ) संस्था वा संघको आर्थिक र वित्तीय अवस्था तथा कोषको परिचालन,

(ङ) तोकिए बमोजिमका अन्य व्यवस्था।

(३) उपदफा (२) बमोजिम संघले अनुगमन गर्दा आफू मातहतका कुनै संस्था वा संघको काम कारबाहीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि सच्याउन सम्बन्धित संस्था वा संघलाई सुझाव वा निर्देशन दिन सक्नेछ र त्यस्तो सुझाव वा निर्देशनको पालना गर्नु सम्बन्धित संस्था वा संघको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशनको पालना नभएमा संघले रजिष्ट्रारसमक्ष कारबाहीको सिफारिस गर्नेछ।

(५) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशन सम्बन्धी विषय संघको वार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्नेछ।

८०. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेः** (१) रजिष्ट्रारले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सहकारी संस्थाको अनुगमन तथा निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः-

(क) सञ्चालनमा रहेका सहकारी संस्थाको विवरण,

(ख) अनुगमन गरिएका सहकारी संस्थाको संख्या तथा आर्थिक कारोबारको विवरण,

(ग) सहकारी मूल्य, मान्यता र सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) सहकारी संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधा तथा सो को उपभोगको अवस्था,

(ङ) सहकारी संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) सहकारी संस्थालाई प्रचलित कानून बमोजिम प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) सहकारी संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) सहकारी संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) सहकारी संस्थामा रहेका कोषको विवरण,

(ट) सहकारी संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्था वा संघले सञ्चालन गरेको दफा १८ बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण।

## परिच्छेद- १६

## समस्याग्रस्त संस्था वा संघ

८१. **संस्था वा संघ समस्याग्रस्त भएको घोषणा गर्न सकिने**: (१) यस ऐन बमोजिम गरिएको निरीक्षण तथा छानबिनबाट कुनै संस्था वा संघमा देहायको अवस्था विद्यमान रहेको देखिएमा रजिष्ट्रारले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघको रूपमा घोषणा गर्न मन्त्रालयसमक्ष सिफारिस गर्नु पर्नेछः-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा संघले पूरा गर्नु पर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नु पर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था वा संघ सञ्चालन गरेको,

(ङ) संस्था वा संघ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा गम्भीर आर्थिक कठिनाई परेको,

(च) संस्था वा संघको उद्देश्य विपरीत कार्य गरेको,

(छ) संस्था वा संघ समस्याग्रस्त भएको भनी त्यस्तो संस्था वा संघका कम्तीमा पच्चीस जना सदस्यहरूले रजिष्ट्रारसमक्ष निवेदन दिएकोमा छानबिन गर्दा यस खण्ड बमोजिमको कुनै अवस्था विद्यमान भएको देखिएको।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्था वा संघलाई मन्त्रालयले समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ।

(३) समस्याग्रस्त संस्था वा संघको मन्त्रालयले छानबिन गर्न, गराउन सक्नेछ।

८२. **व्यवस्थापन समितिको गठन**: (१) यस ऐन बमोजिम कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गरिएकोमा त्यस्तो संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा

दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न प्रदेश सरकारले देहाय बमोजिमको व्यवस्थापन समिति गठन गर्नेछः-

| | | |
|---|---|---|
| (क) | वरिष्ठ अधिवक्ता वा कानून र न्यायको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष अनुभव भई कम्तीमा रा.प. द्वितीय श्रेणीबाट निवृत्त व्यक्ति मध्येबाट नियुक्त | -अध्यक्ष |
| (ख) | निजामती सेवाको कम्तीमा रा.प. द्वितीय श्रेणी वा सो सरहको पदमा काम गरेका व्यक्ति मध्येबाट मनोनीत एक जना | -सदस्य |
| (ग) | प्रतिनिधी, प्रदेश सहकारी संघले तोकेको सञ्चालक एक जना | -सदस्य |
| (घ) | सहकारी क्षेत्रका विज्ञमध्येबाट कम्तीमा एकजना महिला सहित मनोनीत दुई जना | -सदस्य |
| (ङ) | बैंङ्क तथा वित्तीय संस्थाको कम्तीमा आठौं तह वा सो सरहको पदमा  वा चार्टर एकाउण्टेण्ट भई बैंङ्क तथा वित्तीय संस्थाको सुपरिवेक्षण क्षेत्रमा कम्तीमा तीन वर्ष काम गरेका व्यक्तिमध्येबाट मनोनीत गरेको एक जना | -सदस्य |
| (च) | रा.प. तृतीय श्रेणीको अधिकृत | -सदस्य-सचिव |

(२) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यको पदावधि नियुक्तिको मितिले बढीमा दुई वर्षको हुनेछ र प्रदेश सरकारले आवश्यकता अनुसार निजहरूको पदावधि बढीमा दुई वर्ष थप गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यको कार्य सम्पादन सन्तोषजनक नरहेमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापन समितिको अध्यक्ष वा सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम रिक्त हुन आएको व्यवस्थापन समितिको कुनै पदमा प्रदेश सरकारले उपदफा (२) को अधिनमा रही पूर्ति गर्नेछ।

(६) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८३. <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>ः व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समस्याग्रस्त संस्था वा संघको साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार प्रयोग गर्ने,

(ख) समस्याग्रस्त संस्था वा संघका समितिको सदस्य, निजका परिवार, नातेदार, संस्थाका कर्मचारी, संस्था वा संघसँग सम्बन्धित अन्य संस्था, संघ वा कम्पनीका कर्मचारी, सम्बद्ध तथ्यको जानकारी भएका वा मिलेमतोबाट कारोबार गरिरहेका अन्य व्यक्ति वा संस्था लगायत व्यवस्थापन समितिले आवश्यक ठानेका व्यक्तिलाई व्यवस्थापन समितिमा उपस्थित गराउने, सोधपुछ गर्ने, बयान लिने, आवश्यक कागजात पेश गर्न लगाउने,

(ग) समस्याग्रस्त संस्था वा संघ सम्पत्ति तथा दायित्वको यकिन विवरण र तथ्याङ्क सङ्कलन गरी अध्ययन, विश्लेषण, लेखाजोखा र मूल्याङ्कन गर्ने,

(घ) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति जिम्मा लिने,

(ङ) समस्याग्रस्त संस्था वा संघको काम कारबाही सम्बन्धी निर्णय तथा अभिलेख लगायतको सम्पूर्ण व्यवस्थापन आफ्नो नियन्त्रणमा लिने,

(च) समस्याग्रस्त संस्था वा संघले असुल गर्नु पर्ने ऋण, बाँकी बक्यौता तथा अन्य रकम यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिमको प्रक्रिया अवलम्बन गरी असुल गर्ने,

(छ) समस्याग्रस्त संस्था वा संघको धितोमा रहेको सम्पत्ति आवश्यकता अनुसार यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम लिलाम बिक्री गर्ने,

(ज) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति बिक्री गर्ने, उपयोग गर्ने तथा व्यवस्थापन गर्ने,

(झ) समस्याग्रस्त संस्था वा संघका सदस्य तथा बचतकर्ताको बचत तथा शेयर रकम सम्बन्धी अभिलेख तयार गर्ने,

(ञ) सदस्य तथा बचतकर्ताको बचत फिर्ता वा भुक्तानी दिने,

(ट) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी गर्नको लागि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लिक्वीडेटरलाई भएको सबै अधिकार प्रयोग गर्ने,

(ठ) समस्याग्रस्त संस्था वा संघको सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्यले बचतकर्ताको बचत पूरै वा आंशिक रूपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाएको सम्पत्ति कब्जामा लिने र सो

सम्पत्तिमध्येबाट बचतकर्ताको बचत भरी भराउ गर्न लिलाम बिक्री वा असुल उपर सम्बन्धी आवश्यक कारबाही गर्ने,

(ड) समस्याग्रस्त संस्था वा संघको तर्फबाट कानूनी प्रतिरक्षा गर्ने,

(ढ) समस्याग्रस्त संस्था वा संघको सञ्चालक र कर्मचारी वा निजहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको नाममा राखेको संस्था वा संघको चल अचल सम्पत्ति वा संस्था वा संघको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलाम बिक्री समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने काम गर्ने।

८४. **<u>लगत तयार गर्ने</u>**ः दफा ८३ को प्रयोजनको लागि व्यवस्थापन समितिले देहाय बमोजिमको लगत तयार गर्नेछः-

(क) समस्याग्रस्त संस्था वा संघका सदस्य, बचतकर्ता, ऋणी वा संस्था वा संघले भुक्तानी दिनु पर्ने व्यक्ति वा संस्थाहरूको नाम नामेशीको,

(ख) समस्याग्रस्त संस्था वा संघको नाममा रहेको वा लगानी गरेको अपार्टमेण्ट लगायतका अचल सम्पत्तिको,

(ग) समस्याग्रस्त संस्था वा संघको समितिको सदस्य, कर्मचारी वा निजको परिवारको वा नाता सम्बन्ध भएको व्यक्तिका नाममा बैंक तथा वित्तीय संस्थाको खातामा रहेका नगद, सुन चाँदी तथा शेयर लगानीको,

(घ) समस्याग्रस्त संस्था वा संघले ऋण प्राप्त गर्नका लागि धितोमा राखेका जग्गा जमिन र भवनको,

(ङ) समस्याग्रस्त संस्था वा संघको स्वदेश तथा विदेशका जुनसुकै स्थानमा रहेका चल तथा अचल सम्पत्तिको।

८५. **<u>दायित्व भुक्तानी गर्ने सम्बन्धी व्यवस्था</u>**ः (१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको दायित्व भुक्तानी गर्नको लागि देहायको प्राथमिकता कायम गर्नु पर्नेछः-

(क) बचत जम्मा गर्दाका बखत निर्धारित शर्त बमोजिम सदस्यलाई बचत भुक्तानी,

(ख) त्यस्तो संस्था वा संघको जायजेथा वा दफा ८३ को खण्ड (ठ) बमोजिमको सम्पत्ति सरकारी बाँक बक्यौता वा कुनै हकदावी भएमा त्यस्तो बाँकी बक्यौता वा हकदावीको रकम भुक्तानी,

(ग) समस्याग्रस्त संस्था वा संघलाई अपार्टमेन्ट वा जग्गाको लागि अग्रिम रूपमा रकम बुझाउने व्यक्तिहरूको भुक्तानी,

(घ) समस्याग्रस्त संस्था वा संघका साहुहरूलाई रकम भुक्तानी।

(२) यस दफा बमोजिम समस्याग्रस्त संस्था वा संघको सम्पूर्ण दायित्व भुक्तानी गर्नको लागि त्यस्तो संस्था वा संघको सम्पत्तिले नखामेमा व्यवस्थापन समितिले सदस्यको

बचत फिर्ता तथा अन्य दायित्व भुक्तानी गर्दा दामासाहीको दरले गर्न सक्नेछ। त्यसरी सदस्यको बचत फिर्ता गर्दा व्यवस्थापन समितिले तोकेका साना बचतकर्तालाई प्राथमिकता दिनु पर्नेछ।

८६. **<u>अधिकार सुम्पन सक्नेः</u>** व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन गर्दा आफूलाई प्राप्त अधिकार व्यवस्थापन समितिका अध्यक्ष, सदस्य वा कुनै सरकारी कर्मचारीले प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ।

८७. **<u>संस्था वा संघको सम्पत्तिबाट व्यहोरिनेः</u>** समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने खर्च त्यस्तो संस्था वा संघको सम्पत्तिबाट तत्काल व्यहोर्न नसकिने भएमा सो प्रयोजनको लागि प्रदेश सरकारले रकम उपलब्ध गराउन सक्नेछ।

८८. **<u>अधिकार स्वतः निलम्बन हुनेः</u>** (१) यस ऐन बमोजिम व्यवस्थापन समिति गठन भएको मितिदेखि समस्याग्रस्त संस्था वा संघको समिति, व्यवस्थापक तथा कर्मचारीको अधिकार व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि स्वतः निलम्बन हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्नको लागि त्यस्तो संस्था वा संघको समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारीको निलम्बन फुकुवा गरी व्यवस्थापन समितिले काममा खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम व्यवस्थापन समितिले काममा खटाएकोमा सो बमोजिमको जिम्मेवारी पूरा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

८९. **<u>दावी पेश गर्न सूचना दिनु पर्नेः</u>** व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेपछि समस्याग्रस्त संस्था वा संघका सदस्य, बचतकर्ता तथा साहुहरूलाई आफूले पाउनु पर्ने रकमको दावी पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

९०. **<u>लेखापरीक्षण प्रतिवेदन तयार गर्नु पर्नेः</u>** व्यवस्थापन समितिले कार्य प्रारम्भ गरेको मितिले छ महिनाभित्र त्यस्तो समस्याग्रस्त संस्था वा संघको लेखापरीक्षण गरी सो को प्रतिवेदन तयार गरी सार्वजनिक गर्नु पर्नेछ।

९१. **<u>उपचारात्मक कार्य गर्न सक्नेः</u>** यस ऐन बमोजिम भएको लेखापरीक्षण प्रतिवेदनको आधारमा समस्याग्रस्त संस्था वा संघ पुनः सञ्चालन हुन सक्छ भन्ने आधार र कारण भएमा व्यवस्थापन समितिले देहायका उपचारात्मक कार्यहरू गर्न सक्नेछः-

(क) समितिलाई व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न आदेश दिने,

(ख) सम्बन्धित संस्था वा संघका शेयर सदस्यहरूमध्येबाट अन्तरिम समितिको गठन गरी व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न लगाउने,

(ग) समिति विघटन गरी त्यस्तो संस्था वा संघको साधारण सभा बोलाई सो को व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न नयाँ समितिको गठन गर्ने वा गराउने,

(घ) सम्बन्धित संस्था वा संघ सदस्य रहेको केन्द्रिय विषयगत सहकारी संघ वा राष्ट्रिय सहकारी महासंघले समस्याग्रस्त संघ वा संस्थाको पुनः सञ्चालनको विश्वसनीय कार्ययोजना पेश गरी पुनः सञ्चालनको जिम्मेवारी लिन चाहेमा तोकिए बमोजिमको शर्त बन्देज सहित त्यस्तो जिम्मेवारी दिने,

(ङ) व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य सुधारात्मक र उपचारात्मक उपाय अवलम्वन गर्ने।

९२. **व्यवस्थापन समितिले लेखी पठाउन सक्ने**: (१) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्ने सिलसिलामा देहायको कार्य गर्न सम्बन्धित निकायसमक्ष लेखी पठाउन सक्नेछः-

(क) समितिको सदस्य, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवारको सदस्य वा संस्था वा संघको कुनै बैंक वा वित्तीय संस्थामा भएको आर्थिक कारोबार वा खाता वा अन्य चल अचल सम्पत्ति रोक्का राख्न,

(ख) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीलाई राहदानी जारी नगर्न वा जारी भई सकेको भए सो राहदानी रोक्का राख्न,

(ग) समस्याग्रस्त संस्था वा संघको ऋण नतिर्ने सदस्य वा व्यक्तिको नाम कालो सूचीमा समावेश गर्न।

(२) उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले सो बमोजिम गरी गराई सो को जानकारी व्यवस्थापन समितिलाई दिनु पर्नेछ।

९३. **सिफारिस गर्न सक्ने**: (१) समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानीको काम कारबाहीमा सहयोग नगर्ने वा त्यस्तो काम कारबाहीमा अवरोध सिर्जना गर्ने कुनै निकायको पदाधिकारी वा कर्मचारीलाई विभागीय कारबाही वा अन्य आवश्यक कारबाही गर्न व्यवस्थापन समितिले सम्बन्धित निकायसमक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्त भएमा अख्तियारवालाले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी विभागीय वा अन्य आवश्यक कारबाही गर्नु पर्नेछ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी काम कारबाही गर्दा दफा ९९ बमोजिमको कसूर भएको विश्वास गर्नु पर्ने मनासिब आधार देखिएमा यस ऐन बमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न अधिकार प्राप्त निकायसमक्ष लेखी पठाउनेछ।

९४. **प्रतिवेदन पेश गर्नु पर्ने**: व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी सम्बन्धी कार्य सम्पन्न गरेको एक महिनाभित्र देहायका विवरणहरू खुलाई मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) सदस्यको बचत रकम फिर्ता,

(ख) भुक्तानी भएको दायित्व,

(ग) बाँकी रहेको सम्पत्ति तथा दायित्व सम्बन्धी विस्तृत विवरण,

(घ) संस्था वा संघको सञ्चालन सम्बन्धमा नेपाल सरकारले अवलम्बन गर्नु पर्ने नीति सम्बन्धी सुझाव,

(ङ) व्यवस्थापन समितिले उपयुक्त देखेको अन्य विवरण।

९५. **व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यको सेवा शर्त**ः (१) व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्य पूरा समय काम गर्ने पदाधिकारी हुनेछन्।

(२) व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यको पारिश्रमिक र सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यले आफ्नो पदीय कर्तव्य पालनाको सिलसिलामा थाहा पाएको कुनै पनि सूचना वा जानकारी अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।

९६. **सहयोग माग गर्न सक्ने**ः (१) व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रयोग गर्दा आवश्यकता अनुसार अन्य निकायको सहयोग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन समितिले माग गरेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) व्यवस्थापन समितिले समस्याग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन वा दायित्व भुक्तानी गर्दा सम्बन्धित निकायहरूसँग समन्वय गरी आफ्नो काम कारबाही अगाडि बढाउन सक्नेछ।

९७. **विशेषज्ञ सेवा लिन सक्ने**ः (१) व्यवस्थापन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका प्राविधिक वा विशेषज्ञको सेवा लिन सक्नेछ।

(२) प्राविधिक वा विशेषज्ञको सेवा लिए वापत व्यवस्थापन समितिले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी पारिश्रमिक तथा सुविधा प्रदान गर्न सक्नेछ।

९८. **व्यवस्थापन समितिका कर्मचारी सम्बन्धी व्यवस्था**ः मन्त्रालयले व्यवस्थापन समितिको सचिवालयको लागि आवश्यक पर्ने जनशक्ति लगायत भौतिक स्रोत साधन उपलब्ध गराउनेछ।

## परिच्छेद- १७

## कसूर, सजाय तथा पुनरावेदन

९९. *<u>**कसूर**: दफा १०० को उपदफा (४), (५) र (६) बाहेक सहकारीको सम्बन्धमा अदालतबाट निरोपण हुने कैद वा कैद र जरिबाना दुवै हुने कसूरको विषय प्रचलित सङ्घीय सहरकारी कनून बमोजिम हुनेछ।</u>

१००. **<u>सजाय</u>**: ✂(१) .......

✂(२) ........

✂(३) .......

(४) कसैको उजुरी परी वा सहकारी संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रूपैयाँसम्म जरिबाना गर्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग व्याज लिएमा,

(ख) सहकारी संस्थाले प्रदान गर्ने बचत र ऋणको व्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल कर्जामा पूँजीकृत गरी सो को आधारमा व्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजी कोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाको बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको पन्ध्र गुणाभन्दा बढी हुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) सहकारी संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसँग कारोबार गरेमा,

(झ) सहकारी संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

✂ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

(५) उपदफा (४) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भिर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनु पर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु आफू खुशी परिवर्तन गरेमा,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कार्य गरेमा।

(६) उपदफा (४) वा (५) बमोजिमको जरिबाना गर्नु अघि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित व्यक्ति वा सहकारी संस्थालाई सफाइ पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ।

१०१. **रोक्का राख्ने**: (१) रजिष्ट्रारले सम्बन्धित सहकारी संस्थालाई दफा १०० को उपदफा (४) बमोजिम जरिबाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो सहकारी संस्थाको कारोबार, सम्पत्ति तथा बैंक खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो सहकारी संस्थाको कारोबार, सम्पत्ति वा बैंक खाता रोक्का राखी सोको जानकारी रजिष्ट्रारलाई दिनु पर्नेछ।

१०२. **दोब्बर जरिबाना हुने**: दफा १०० को उपदफा (४) बमोजिम जरिबाना भएको व्यक्ति वा सहकारी संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा सहकारी संस्थालाई रजिष्ट्रारले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिबाना गर्नेछ।

१०३. **पुनरावेदन गर्न सक्ने**: (१) दफा १३ बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ७० बमोजिम सहकारी संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र रजिष्ट्रारको निर्णय उपर मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ।

*(२) दफा १०० को उपदफा (४) र (५) बमोजिमको जरिबानामा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछः-

(क) रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गरेको निर्णय उपर रजिष्ट्रार समक्ष,

(ख) रजिष्ट्रारले गरेको निर्णय उपर मन्त्रालयको सचिव समक्ष।

१०४. **अनुसन्धानको लागि लेखी पठाउन सक्नेः** रजिष्ट्रार वा मन्त्रालयले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले सहकारी सम्बन्धी +प्रचलित सङ्घीय तथा प्रदेश कानून बमोजिमको कसूर गरेको पाइएमा त्यस्तो कसूरका सम्बन्धमा यो कानून बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

## परिच्छेद- १८

## विविध

१०५. **मताधिकारको प्रयोगः** (१) कुनै सदस्यले सहकारी संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संघको हकमा साधारण सभामा भाग लिने प्रयोजनको लागि तोकिए बमोजिम एकभन्दा बढी प्रतिनिधि पठाउन सकिनेछ र प्रतिनिधि पठाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक संस्था वा संघबाट सम्बन्धित संघको समिति वा लेखा सुपरिवेक्षण समितिमा एकभन्दा बढी व्यक्ति निर्वाचित हुन सक्ने छैन।

१०६. **सामाजिक परीक्षण गराउन सक्नेः** (१) सहकारी संस्थाले सामाजिक परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि साधारण सभासमक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित सहकारी संस्थाले रजिष्ट्रारसमक्ष पेश गर्नु पर्नेछ।

१०७. **आर्थिक सहयोग गर्नेः** सहकारी संस्थाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता सम्बन्धित आर्थिक सहयोग विनियममा व्यवस्था भए बमोजिम हुनेछ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

+ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

१०८. **अन्तर सहकारी कारोबार गर्न सक्ने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाहरूले एक आपसमा अन्तर सहकारी कारोबार गर्न सक्नेछन्।

१०९. **ठेक्कापट्टा दिन नहुने**: सहकारी संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुँदैन।

११०. **विवाद समाधान**: सहकारी संस्थाका बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरूपणका लागि तोकिए बमोजिम विवाद निरूपण समितिको गठन गर्न सकिनेछ।

१११. **विभागीय कारबाही हुने**: यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रदेश कानून बमोजिम विभागीय कारबाही हुनेछ।

११२. **सरकारी बाँकी सरह असुल उपर हुने**: कुनै सहकारी संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरूपयोग गरेको पाइएमा प्रदेश कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११३. **संघीय कानून बमोजिम हुने**: यस ऐनमा संघीय कानून बमोजिम हुने भनी अन्यत्र उल्लेख भएका व्यवस्थाका अतिरिक्त देहायका विषयहरू सहकारी सम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछन्:-

(क) सहकारी संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत सम्बन्धी,

(ख) कालो सूचीमा राख्ने सम्बन्धी,

(ग) कर्जा सूचना केन्द्र सम्बन्धी,

(घ) संस्थाले आपसी सुरक्षण सेवा सञ्चालन गर्ने सम्बन्धी,

(ङ) स्थिरीकरण कोषमा सहभागी हुने सम्बन्धी।

✤(च) कैद वा कैद र जरिवाना दुवै हुने कसूर सम्बन्धी विषयको मुद्दा हेर्ने अधिकारी, उजुरी दिने हदम्याद र पुनरावेदन गर्न सक्ने विषयहरु।

११४. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने**: यस ऐन अन्तर्गत दर्ता भएको सहकारी संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन।

११५. **प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने**: यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन।

११६. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्नु पर्ने**: सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी संघीय कानूनको वस्थाका साथै तत्सम्बन्धमा नेपाल सरकारले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाईबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नु पर्नेछ।

---

✤केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

११७. **साझेदारी गर्न सक्ने**: सहकारी मार्फत आर्थिक समृद्धि प्राप्त गर्न दुई वा दुईभन्दा बढी संस्था वा संघहरुले सरकारी (प्रदेश, स्थानीय सरकार) व्यक्ति र निजी (कम्पनीहरु) समेतको संयुक्त, साझेदारीमा आफ्नो उत्पादन, प्रशोधन, बजारीकरणको लागि यस ऐनको अधिनमा रही व्यवसाय, उद्योग, परियोजना सञ्चालन गर्न सक्नेछन्।

११८. **कार्यक्रम सञ्चालन गर्न सक्ने**: प्रदेश सरकारले सहकारी संस्थाको प्रवर्द्धन तथा क्षमता विकास गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

११९. **वित्तीय सेवा पुऱ्याउनु पर्ने**: विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थाहरुले समुदायमा आधारित र आर्थिक पारदर्शिता कायम गर्नुका साथै उत्पादनमुखी वा उत्पादनमूलक संस्थालाई वित्तीय सेवा पुऱ्याउनु पर्नेछ।

१२०. **प्रदेश सहकारी विकास बोर्डको गठन**: (१) सहकारी क्षेत्रको विकास, व्यवस्थापन, प्रवर्द्धन र सम्बर्द्धन कार्यहरुको लागि देहायका पदाधिकारी रहने गरी प्रदेश स्तरमा एक प्रदेश सहकारी विकास बोर्ड रहनेछः-

(क) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -अध्यक्ष

(ख) प्रदेश सरकारबाट सहकारी क्षेत्रमा पन्ध्र वर्ष अनुभव प्राप्त व्यक्ति मध्येबाट मनोनीत एकजना -उपाध्यक्ष

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(च) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(छ) अध्यक्ष, प्रदेश सहकारी संघ -सदस्य

(ज) प्रतिनिधि, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(झ) रजिष्ट्रार -सदस्य

✠(झ१) कानून अधिकृत मन्त्रालय -सदस्य

(ञ) प्रदेश विषयगत सहकारी संघका अध्यक्षहरु मध्येबाट निर्वाचित एक जना -सदस्य

(ट) जिल्ला सहकारी संघका अध्यक्षहरु मध्येबाट निर्वाचित एक जना -सदस्य

(ठ) प्रदेश सरकारबाट मनोनीत कम्तीमा दश वर्षसम्म सहकारी क्षेत्रको नेतृत्व गरेका

---

✠केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

सहकारी सम्बन्धी विज्ञ दुई जना महिला
सहित तीन जना -सदस्य

(ड) प्रदेश सरकारबाट मनोनित स्नातकोत्तर उत्तीर्ण भई सहकारी क्षेत्रमा कम्तीमा पाँच वर्ष अनुभव भएको व्यक्ति -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख) र (ड) बमोजिमका पदाधिकारीको पदावधि चार वर्षको र खण्ड (ज), (ट) र (ठ) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(३) बोर्डको प्रमुख कार्यकारीको रूपमा उपाध्यक्ष रहनेछ।

(४) उपदफा (१) बमोजिमको बोर्डलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारको स्वीकृत दरबन्दी बमोजिम मन्त्रालयले व्यवस्था गर्नेछ।

(५) उपदफा (१) बमोजिम बोर्डको काम, कर्तव्य र अधिकार लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२१. **सेवा सुविधा, काम, कर्तव्य र अधिकार**: (१) दफा १२० बमोजिमको उपाध्यक्षले प्रदेश सरकारको सचिव सरहको सुविधा र सदस्य सचिवले प्रदेश सरकारको उपसचिव सरहको सेवा सुविधा पाउनेछन्।

(२) उपाध्यक्ष र सदस्य सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१२२. **पद रिक्त हुने अवस्था**: देहायको अवस्थामा उपाध्यक्ष र सदस्य सचिवको पद रिक्त भएको मानिनेछः-

(क) प्रदेश सरकारसमक्ष लिखित राजीनामा दिई स्वीकृत भएमा,

(ख) मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले पदबाट हटाएमा,

(ग) निजको पदावधि पुरा भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरिएमा,

(ङ) निजको मृत्यु भएमा।

१२३. *[✤]* **बोर्डको कार्यालय**: प्रदेश सहकारी विकास बोर्डको कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहनेछ।

१२४. **प्रतिवेदन**: प्रदेश सहकारी विकास बोर्डले सम्पादन गरेका कार्यहरुको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

१२५. ✲**<u>कार्यालयको स्थापना:</u>** सहकारी संघ संस्थाहरुको नियमन, अनुगमन, प्रवर्द्धन तथा सहकारी सम्बन्धी प्रशिक्षण कार्य गर्नको लागि प्रदेश सरकारले प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय स्थापना गर्न सक्नेछ।

१२६. ✂...........

१२७. **<u>नियम बनाउने अधिकार</u>**: यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले नियमहरु बनाउन सक्नेछ।

१२८. **<u>मापदण्ड, निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u>**: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही सहकारी संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

१२९. **<u>यसै ऐन बमोजिम भए गरेको मानिने</u>**: प्रचलित कानून बमोजिम व्यवस्था भई सहकारी सम्बन्धी काम कारबाही प्रदेश सरकारको अधिकारक्षेत्र भित्र पर्ने जति कुरामा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

---

✲ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

✂ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

## अनुसूची- १

### (दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

### दर्ता दरखास्तको निवेदनको ढाँचा

श्री रजिष्ट्रारज्यू, मितिः....../.../...

..........................।

विषयः सहकारी संस्था दर्ता सम्बन्धमा।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायको सहकारी संस्था दर्ता गरी पाउन तपसिल बमोजिमको विवरण तथा अन्य कागजात सहित प्रदेश सहकारी ऐन, २०७६ को दफा ११ को उपदफा (१) बमोजिम यो निवेदन पेश गरेका छौं। उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौं।

संस्था सम्बन्धी विवरण

(क) प्रस्तावित सहकारी संस्थाको नामः

(ख) ठेगानाः

(ग) उद्देश्यः

(घ) मुख्य कार्यः

(ङ) कार्यक्षेत्रः

(च) दायित्वः

(छ) सदस्य संख्याः

(१) महिला .......... जना

(२) पुरुष .......... जना

(ज) प्राप्त शेयर पूँजीको रकमः

(झ) प्राप्त प्रवेश शुल्कको रकमः

**अनुसूची- २**

**(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)**

**बागमती प्रदेश सरकार**

**◈......**

........................ मन्त्रालय

........................ कार्यालय

..................................

**<u>सहकारी संस्था दर्ता प्रमाण-पत्रको ढाँचा</u>**

दर्ता नं.:
दर्ता मितिः

............. प्रदेश सहकारी ऐन, २०७६ को दफा १२ को उपदफा (१) बमोजिम ......................... ............ लाई सीमित दायित्व भएको सहकारी संस्था/संघ दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

सहकारी संस्थाको वर्गीकरण : ................................

दर्ता गर्ने अधिकारीकोः
दस्तखतः
नामः
दर्जाः
कार्यालयको छापः

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

## अनुसूची- ३
## (दफा १७ सँग सम्बन्धित)
## सहकारी संस्थाको वर्गीकरण

१. उत्पादक तथा प्रशोधन सहकारी संस्थाः कृषि (अन्नबाली, तेलहनबाली, मसलाबाली, दुग्ध, चिया, कफि, उखु, फलफूल, तरकारी, पशुपंक्षीपालन, माछा, दूध, मह आदि), जडीबुटी उद्योग, खानी, ऊर्जा, वन पैदावार आदि सम्बन्धी कार्य गर्ने संस्था।

२. सेवा सहकारी संस्थाः थोक तथा खुद्रा, बजार, भण्डारण, ढुवानी, यातायात, विज्ञ परामर्श सेवा, सञ्चार, पर्यटन, पूर्वाधार, प्रकाशन, विद्यालय, विश्वविद्यालय, प्राविधिक शिक्षालय, शिशु स्याहार केन्द्र, आदर निकेतन, तालीम तथा प्रशिक्षण, स्वास्थ्य सेवा, एम्वुलेन्स सेवा, आवास, होटल तथा रेष्टुराँ, ट्राभल, पार्क तथा उद्यान, सभास्थल, व्यायमशाला, सिँचाइ, विद्युत उत्पादन, प्रसारण र वितरण, खानेपानी, फोहोरमैला व्यवस्थापन, कवाडी सामग्री संकलन तथा बिक्री लगायतका कार्य गर्ने संस्था।

३. वित्तीय सहकारी संस्थाः सहकारी बैंक, बचत तथा ऋणको कारोबार, विप्रेषण सेवा तथा बीमा कारोबार गर्ने संस्था।

४. श्रमिक सहकारी संस्थाः श्रम तथा सीपमा आधारित श्रमिकहरूको स्वामित्वमा स्थापना भएको सहकारी संस्था।

५. बहुउद्देश्यीय सहकारी संस्थाः दुई वा दुई भन्दा बढी विषयको कारोबार गर्ने सहकारी संस्था।

## अनुसूची- ४
### (दफा ६३ को उपदफा (२) सँग सम्बन्धित)
### स्वघोषणापत्रको ढाँचा

लेखापरीक्षक म ........................................ प्रमाण पत्र नं. ................ ले ....................... सहकारी संस्था लि.................... को आ.व .................. को वार्षिक लेखापरीक्षण गर्न र लेखा परीक्षकमा नियुक्ति हुन सहकारी ऐन तथा प्रचलित कानून बमोजिम योग्य रहेको स्वघोषणा गरी यो स्वघोषणा पत्र ....................... संस्था लि ........................... मा पेश गर्दछु।

लेखा परीक्षक श्री........................

दस्तखतः ................

प्र.प.नं.ः ..................

छापः

द्रष्टव्यः मिति २०७८।१०।१७ मा प्रकशित प्रदेश राजपत्र सूचना अनुसार अनुसूचीहरुमा भएको " प्रदेश भन्ने शब्दहरुमा "बागमती प्रदेश सरकार" भन्ने शब्दहरुलाई "बागमती प्रदेश/सरकार रूपान्तरण गरिएको छ।

# प्रदेश बीउ बिजन ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०२।३१

संशोधन गर्ने ऐन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७६ सालको ऐन नं. ४

## प्रदेश बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**ः विभिन्न बालीको उत्पादनमा बृद्धि गराउन उच्च गुणस्तरको बीउ बिजन उत्पादन, प्रशोधन तथा परीक्षण गरी नविनतम प्रविधिको प्रयोग गर्दै गुणस्तरयुक्त बीउ बिजन जनतालाई सुलभ रूपले उपलब्ध गराई सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश बीउ बिजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभापाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "किसिम" भन्नाले एकै नामद्वारा चिनिएका वा चिनिन सक्ने कुनै वनस्पतिको सबै जात मूल तथा उप-जात मूल सम्झनु पर्छ।

(ख) "कृषि कार्य" भन्नाले बाली उपादन गर्ने कार्य सम्झनु पर्छ।

(ग) "जात (भेराइटी)" भन्नाले वनस्पति शास्त्रीय वर्गीकरणमा सबैभन्दा तल्लो श्रेणीभित्र पर्ने समान आनुवंशिक लक्षणहरु देखिने, अन्य समूहसँग कम्तीमा एउटा लक्षणद्वारा भिन्नता छुट्टिने र पुनरुत्पादन हुँदा लक्षणहरु परिवर्तन नहुने लक्षण भएका कुनै वनस्पतिको समूह सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "प्रजनक (ब्रिडर)" भन्नाले बालीको कुनै जातलाई पहिलो पटक प्रजनन् वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(छ) "प्रयोगशाला" भन्नाले दफा ९ बमोजिम स्थापना भएको प्रदेश बीउ बिजन परीक्षण प्रयोगशाला सम्झनु पर्छ।

(ज) "बाली" भन्नाले खाद्यान्न, तरकारी फलफूल, दलहन, तेलहन, नगदे बाली तथा घाँसे बाली तथा आलंकारिक (पुष्प, सुगन्धवाल लगायत) जस्ता बाली सम्झनु पर्छ।

(झ) "बीउ बिजन" भन्नाले भ्रूण बिरुवा, खाद्य पदार्थ र सुरक्षात्मक आवरण भएका परिपक्व ओभ्युल वा यौनिक वा वानस्पतिक तरिकाले पुनरुत्पादन गरी बाली उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने बीउ बिजन वा बीउ सम्झनु पर्छ।

(ञ) "भाँडो" भन्नाले बाकस, टिनको बट्टा, सिसी, थैली, बोरा, भकारी, ब्यारेल वा अन्य यस्तै बीउ बिजन राख्न प्रयोग गरिने भाँडो सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) "सङ्केत पत्र" भन्नाले भाँडोमा देखिने गरी राखिएको वा लेखिएको बीउ बिजन सम्बन्धी विवरण (लेबल) सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश बीउ बिजन व्यवस्थापन समिति सम्झनु पर्छ।

(ढ) "सूचिकृत बीउ बिजन" भन्नाले दफा ११ बमोजिम तोकिएको बीउ बिजन सम्झनु पर्छ।

## परिच्छेद- २

## संस्थागत व्यवस्था

३. **प्रदेश बीउ बिजन व्यवस्थापन समितिको गठन**: (१) बीउ बिजन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्न र बीउ बिजन सम्बन्धी विषयमा प्रदेश सरकारलाई आवश्यक परामर्श दिन एक प्रदेश बीउ बिजन समितिको गठन हुनेछः-

(२) समितिमा देहायका अध्यक्ष तथा सदस्य रहने छन्:-

(क) सचिव, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) प्रमुख, कृषि विकास निर्देशनालय -सदस्य

(ग) वरिष्ठ वैज्ञानिक, नेपाल कृषि अनुसन्धान परिषदले ◈बागमती प्रदेशबाट तोकेको -सदस्य

(घ) प्रमुख, राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड -सदस्य

(ङ) मन्त्रालयद्वारा मनोनीत वागवानी,

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

खाद्यान्न, नगदेबाली, घाँसे बाली विज्ञानसँग सम्बन्धित विशेषज्ञ मध्येबाट एक जना -सदस्य

(च) बीज विशेषज्ञ (कम्तीमा सह-प्रध्यापक), कृषि तथा वन विश्वविद्यालय -सदस्य

(छ) ⊗बागमती प्रदेशमा रहेको नेपाल बीउ व्यवसायी संघको सिफारिसमा मन्त्रालयले मनोनीत गरेको बीउ बिजन उद्यमीहरु मध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(ज) प्रदेशको बीउ उत्पादक संघको सिफारिसमा मन्त्रालयले मनोनीत गरेको कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(झ) प्रमुख, प्रदेश बीउ बिजन गुणस्तर केन्द्र -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ङ), (छ) र (ज) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (ङ), (छ) र (ज) बमोजिम मनोनीत सदस्यलाई निजको पदावधि पूरा नहुँदै प्रदेश सरकारले हटाउन सक्नेछ।

तर यसरी हटाउनु अघि त्यस्तो सदस्यलाई सुनवाईको मौका दिनु पर्नेछ।

(५) प्रदेश सरकारले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(६) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

४. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको कुल सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेका सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ।

(५) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) बीउ बिजन सम्बन्धी प्रदेश नीति तर्जुमा गरी कार्यान्वयन गर्न प्रदेश सरकारलाई परामर्श दिने,

(ख) बीउ बिजन, उत्पादन प्रशोधन तथा वितरण कार्यमा स्थानीय तह, निजी, सहकारी तथा सरकारी क्षेत्र बीच समन्वय कायम गर्ने,

(ग) बीउ बिजन उद्योगमा लगानी गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(घ) प्रदेशभित्र उत्पादन वा बाहिरबाट आयात भई बिक्री वितरण हुने बीउ बिजनको गुणस्तर नियमित तथा नियन्त्रण गर्ने,

(ङ) बीउ बिजनको गुणस्तर निर्धारण तथा आवश्यकतानुसार अनुमोदन गर्ने,

(च) माटो र हावापानी सुहाउँदो बीउ उत्पादनको लागि प्राविधिक हस्तान्तरणको व्यवस्था मिलाउने,

(छ) बीउ बिजन भण्डारण सम्बन्धी आवश्यक नीति बनाई कार्यान्वयन गर्ने,

(ज) स्थानीय र रैथाने बालीको बीउ बिजन संरक्षण र उपयोग गर्न प्रोत्साहन गर्ने,

(झ) अन्य आवश्यक काम कारबाही गर्ने।

६. **उप-समितिहरू गठन गर्न सक्नेः** (१) बीउ बिजनका उत्पादन, प्रशोधन तथा बिक्री वितरण गर्ने कार्यलाई सुचारू रूपले सञ्चालन गरी गुणस्तरयुक्त बीउ बिजन उपलब्ध गराउने प्रयोजनको लागि समितिले आवश्यकतानुसार विभिन्न उप-समितिहरू गठन गर्न सक्नेछ।

(२) उप-समितिहरूका काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

७. **प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापनाः** बीउ बिजनका गुणस्तर नियन्त्रण सम्बन्धी कार्य गर्न तथा समितिको सचिवालयको रूपमा काम गर्न प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापना गर्न सक्नेछ।

८. **प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको काम, कर्तव्य र अधिकारः** (१) प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणीकरण सम्बन्धी आवश्यक पूर्वाधारहरू तयार गरी समितिमा पेश गर्ने,

(ख) समितिद्वारा स्वीकृत तरिका, स्तर तथा मापदण्ड अनुसार बीउ बिजन प्रमाणित गरी आवश्यकता अनुसार प्रमाणपत्र दिने,

(ग) अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले शर्त बमोजिम काम गरे नगरेको अनुगमन गर्ने।

(२) प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तथा त्यस्तो केन्द्रले बीउ बिजन गुणस्तर नियन्त्रण तथा प्रमाणीकरण गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

९. **बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापनाः** (१) परीक्षण र त्यस सम्बन्धी अन्य कार्य गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार प्रदेश बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछ।

(२) कुनै व्यक्ति वा संस्थाले निजी क्षेत्रमा प्रयोगशाला स्थापना र सञ्चालन गर्न चाहेमा अनुमतिका लागि तोकिए बमोजिमको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर छलफल गरी उपयुक्त देखेमा तोकिए बमोजिमका शर्तको अधिनमा रही समितिले प्रयोगशाला स्थापना र सञ्चालन गर्न अनुमति-पत्र दिनेछ।

(४) उपदफा (३) बमोजिम स्थापना भएका प्रयोगशालाहरुले प्रत्येक वर्ष प्राविधिक परीक्षण (टेक्निकल अडिट) समितिबाट गराई अनुमति-पत्र नवीकरण गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम स्थापना भएका प्रयोगशालाहरुले उपदफा (४) मा तोकिएको अवधिभित्र अनुमति-पत्र नवीकरण नगराएमा वा प्राविधिक परीक्षणबाट तोकेको मापदण्ड पूरा भएको नपाइएमा त्यस्तो अनुमति-पत्र स्वतः खारेज हुनेछ।

१०. **प्रयोगशालाको काम, कर्तव्य र अधिकारः** प्रयोगशालाको काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## बीउ बिजनको नियम सम्बन्धी व्यवस्था

११. **बीउ बिजनका किसिम वा जात सूचीकृत गर्ने अधिकारः** (१) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सूचीकृत बीउ बिजन मध्ये प्रदेश सरकारको क्षेत्र भित्र उपयोगी हुने प्रकृतिका बीउ बिजन प्रदेश सरकारले सूचीकृत गर्न सक्नेछ।

(२) कृषि कार्यको निमित्त प्रयोग गरिने बीउ बिजनको कुनै किसिम वा जातको गुणस्तर नियमित तथा नियन्त्रण गर्न आवश्यक देखिएमा समितिको परामर्श लिई प्रदेश

राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो किसिम वा जातको बीउ बिजनहरू सूचितकृत बीउ बिजन भनी तोक्न सक्नेछ र त्यसरी तोक्दा विभिन्न क्षेत्रको लागि उपयुक्त हुने बीउ बिजनको किसिम वा जात समेत तोक्न सक्नेछ।

१२. <u>अनुमति पत्र लिनु पर्ने</u>: (१) कुनै व्यक्ति वा संस्थाले बीउ बिजनको बिक्री वितरण सम्बन्धी कारोबार गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर सहित तोकिएको अधिकारी समक्ष निवेदन दिई तोकिए बमोजिमको ढाँचामा अनुमति पत्र लिनु पर्नेछ।

(२) कसैले उपदफा (१) बमोजिम अनुमति नलिई बीउ बिजन बिक्री वितरण गरेको पाइएमा त्यस्तो बीउ बिजन निरीक्षकले जफत गर्नेछ।

१३. <u>सूचीकृत नभएका बीउ बिजन बिक्री वितरण गर्न नपाइने</u>: (१) कृषि अनुसन्धान प्रयोजनको लागि बाहेक कसैले पनि यस ऐन बमोजिम सूचीतकृत नभएका बीउ बिजन बिक्री वितरण गर्न पाइने छैन।

(२) कसैले उपदफा (१) बमोजिम सूचीकृत नभएका बीउ बिजन बिक्री वितरण गरेमा वा यस ऐनको बर्खिलाप हुने गरी जातीय परीक्षण, गुणस्तर परीक्षण, उत्पादन, प्रशोधन, ओसार-प्रसार र भण्डारण गरिएका बीउ बिजनलाई बीउ बिजन निरीक्षकले जफत गर्नेछ।

१४. <u>बीउ बिजनको न्यूनतम गुणस्तरको हद तोक्न सक्ने</u>: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सूचीकृत बीउ बिजनमध्ये समितिको परामर्श लिई कुनै बीउ बिजनको हकमा न्यूनतम गुणस्तरको हद तोक्न सक्नेछ।

१५. <u>सूचीकृत बीउ बिजनको बिक्री वितरण</u>: (१) सूचीकृत बीउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्था आफूले बिक्री वितरण गर्ने बीउको भाँडोमा देहायको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) बीउ बिजनको किसिम र जात,

(ख) तोकिएको न्यूनतम गुणस्तरको हद,

(ग) रासायनिक पदार्थ प्रयोग गरी उपचार गरिएको भए सोको विवरण,

(घ) तोकिए बमोजिमका अन्य कुराहरु।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास क्षेत्रको लागि मात्र उपयुक्त हुने भनी प्रजनकले निर्धारण गरेको किसिम र जात सूचीकृत बीउ बिजन त्यसरी निर्धारण गरिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा विक्री वितरण गर्न वा गराउन पाइने छैन।

१६. <u>सूचीकृत बीउ बिजन निकासी वा पैठारी सम्बन्धी व्यवस्था</u>: (१) प्रदेश सरकारले सूचिकृत बीउ बिजन निकासी वा पैठारी गर्ने व्यक्ति वा संस्थालाई आवश्यक सहयोग र समन्वय गर्नेछ।

(२) सूचीकृत बीउ बिजन निकासी सम्बन्धी व्यवस्था प्रचिलत कानून बमोजिम हुनेछ।

१७. **क्षतिपूर्ति दिनु पर्ने**: (१) कुनै व्यक्ति वा संस्थाले बिक्री वितरण गरेको बीउ बिजनको गुणस्तर वा सिफारिस क्षेत्रभन्दा बाहिर बिक्री वितरण गरेको वा गलत सूचनाको कारणले बाली उत्पादकलाई आर्थिक हानि नोक्सानी पुग्न गएमा तोकिएको मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन र सिफारिसको आधारमा त्यस्तो बीउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले बाली उत्पादकलाई क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक सम्बन्धी व्यवस्था**: (१) प्रदेश सरकारले आवश्यकता अनुसार तोकिएका योग्यता पुगेका बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषक नियुक्त नभएसम्मको लागि प्रदेश सरकारले सो सम्बन्धमा योग्यता पुगेका कुनै निजामती कर्मचारी बाली, बागवानी, कृषि प्रसार समूहलाई बीउ बिजन निरीक्षक वा बीउ बिजन विश्लेषकको रूपमा काम गर्ने गरी तोक्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा उल्लिखित अवस्थामा बाहेक कसैले पनि यस ऐन बमोजिम अनुमति पत्र नलिई बीउ बिजन निरीक्षण गर्न, बीउ बिजनको नमूना सङ्कलन गर्न तथा बीउ बिजन विश्लेषण गर्न पाइने छैन।

(४) उपदफा (३) बमोजिमको अनुमति पत्र लिन तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिले राष्ट्रिय बीउ बिजन समितिबाट सञ्चालन हुने परीक्षा उतीर्ण गरेको हुनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको परीक्षा उत्तीर्ण भएको व्यक्तिले बाली निरीक्षक, बीउ बिजन नमुना सङ्कलक वा बीउ बिजन विश्लेषकको रूपमा व्यवसाय सञ्चालन गर्न अनुमति पत्र प्राप्त गर्न समिति समक्ष तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदन पर्न आएमा तोकिए बमोजिमको दस्तुर लिई तोकिएको शर्त र ढाँचामा समितिले अनुमतिपत्र दिनेछ। यसरी दिइएको अनुमति पत्र दुई वर्षसम्म बहाल रहनेछ।

(७) उपदफा (६) बमोजिम दिइएको अनुमति पत्र तोकिए बमोजिम नवीकरण गराउनु पर्नेछ।

(८) उपदफा (७) बमाजिम अनुमति पत्र नवीकरण नगराएमा त्यस्तो अनुमति पत्र स्वतः रद्ध हुनेछ।

१९. **बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकारः** बीउ बिजन निरीक्षक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२०. **सेवा शुल्क लिन सक्नेः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम उपलब्ध गराउने कुनै सेवा बापत प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकको सेवा शुल्क लिन सक्नेछ।

(२) कुनै व्यक्ति वा संस्थाले यस ऐन बमोजिमको कुनै सेवा प्रदान गर्दा समितिबाट स्वीकृत गरे बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

२१. **प्रदेश सरकारले मान्यता दिनेः** प्रदेश सरकारले समितिको परामर्श लिई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बीउ बिजन परीक्षण वा प्रमाणीकरण गर्ने वा जात परीक्षण गर्ने कुनै संस्थालाई यस ऐनको प्रयोजनका लागि मान्यता प्रदान गर्न सक्नेछ।

२२. **स्वामित्व कायम रहनेः** नेपालमा परम्परादेखि नै प्रयोग गरिंदै आएको स्थानीय जातको बीउ बिजनमा तोकिए बमोजिम स्वामित्व कायम रहनेछ।

## परिच्छेद- ४

## दण्ड, सजाय तथा मुद्दा सम्बन्धी व्यवस्था

२३. **दण्ड सजायः** (१) कसैले दफा ९ बमोजिम अनुमति पत्र नलिई प्रयोगशाला सञ्चालन गरेमा पचास हजार देखि एक लाख रूपैयाँसम्म जरिबाना हुनेछ।

(२) कसैले दफा १२ र १३ विपरीत बीउ बिजन बिक्री, वितरण गरे वा गराएमा दश हजार रूपैयाँ देखि बीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(३) कसैले दफा १५ बमोजिमको विवरण नखुलाई बीउ विक्री वितरण गरे वा गराएमा दश हजार रूपैयाँ देखि पन्ध्र हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(४) दफा २३ को उपदफा (१), (२) र (३) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गर्ने गराउने व्यक्ति वा संस्थालाई दश हजार रूपैयाँदेखि बीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

२४. **सरकार वादी हुनेः** यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ।

२५. **मुद्दाको तहकिकात र दायरीः** (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात बीउ बिजन निरीक्षकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा बीउ बिजन निरीक्षकले सरकारी वकिलको राय लिनु पर्नेछ।

२६. **मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकारः** (१) यो ऐन अन्तर्गतको शुरु मुद्दा हेर्ने अधिकार तोकिए बमोजिमको अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारबाही र किनारा गर्दा तोकिएको अधिकारीले प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनेछ।

२७. **पुनरावेदन**: दफा २६ बमोजिम तोकिएको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय भएको मितिले पैतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

२८. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने**: यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन।

२९. **नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार**: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन बमोजिम बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका र कार्यविधि बनाई लागू सक्नेछ।

# कृषि व्यवसाय प्रवर्धन ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०२।३१

संशोधन गर्ने ऐन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७६ सालको ऐन नं. ५

**कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना**: कृषिको आधुनिकीकरण, सामूहिक खेती प्रवर्द्धन तथा व्यवसायीकरणबाट उत्पादन वृद्धि गरी कृषि क्षेत्रको समग्र विकास गर्न र खाद्य सुरक्षाको प्रत्याभूति गर्नका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनलाइन बजार" भन्नाले विद्युतीय माध्यमबाट उपभोक्ताको माग बमोजिम कृषि वस्तु वा सेवा उपलब्ध गराउने बजार सम्झनु पर्छ।

(ख) "अक्सन बजार" भन्नाले कृषि उपज बिक्री गर्ने उद्देश्यले क्रेता र विक्रेताले परिमाण सहित किन्ने मूल्य र बिक्री गर्ने मूल्य पहिल्यै आधिकारिक रूपले जानकारी दिई प्रतिस्पर्धाको आधारमा हुने बजार प्रणालीलाई सम्झनु पर्छ।

(ग) "अनुसन्धान अधिकारी" भन्नाले मन्त्रालयले तोकेको अधिकारी सम्झनु पर्छ।

(घ) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक, कृषक समूह, कृषि कम्पनी, कृषि फार्म र उत्पादक सहकारी सम्झनु पर्छ।

(ङ) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शब्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ।

(च) "व्यवसायिक कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यवसायिक खेती गर्ने कृषक, कृषक समूह, कृषि फर्म/कम्पनी र उत्पादक सहकारीलाई सम्झनु पर्छ।

(छ) "कृषि फर्म" भन्नाले व्यवसायिक प्रयोजनले कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादनका लागि सञ्चालन गरिएको कृषि फर्म सम्झनु पर्छ।

(ज) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ र सो शब्दले अनलाइन बजारलाई समेत जनाउँछ।

(झ) "कृषि वस्तु" भन्नाले कृषि वा पशुपंछीजन्य वस्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ।

(ञ) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छः-

(१) व्यवसायिक उद्देश्यले गरिने कृषि बाली वा वस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुको संकलन, वातानुकूलित भण्डारण वा प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक तथा प्राङ्गारिक मलको उत्पादन, भण्डारण र वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने बीउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण र वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवं विषादिको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय,

(७) कृषि उत्पादनका लागि आवश्यक सिंचाइ तथा उच्च प्रविधियुक्त खेतीका लागि आवश्यक यन्त्र उपकरण, सामग्री उत्पादन, बिक्री वितरण तथा मर्मत सम्भार,

(८) कृषि यन्त्र तथा यान्त्रिक उपकरणको उत्पादन तथा बजारीकरण,

(९) कृषिजन्य उद्योग (जस्तै दाना, घाँस, छाला, हाड, साइजलेज) व्यवस्थापन र सञ्चालन।

(ट) "कृषि सुपर मार्केट वा मार्ट" भन्नाले कृषि उपज विक्री गर्ने मूल उद्देश्यले सञ्चालन गरिएको सुपर मार्केट भन्ने सम्झनु पर्छ।

(ठ) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजार, पसल वा विक्रेतालाई सम्झनु पर्छ।

(ड) "तोकिएको अधिकारी" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अधिकारी सम्झनु पर्छ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ।

(त) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(थ) "प्रदेश स्तरीय बजार" भन्नाले प्रदेश सरकारबाट सहयोग लिने गरी प्रदेशलाई लक्षित गरी खोलिएका थोक बजार, सुपर मार्केट तथा अक्सन वजार सम्झनु पर्छ।

(द) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, कृषि सहकारी संस्था, कृषि कम्पनी वा एजेन्ट बिक्रेतालाई समेत सम्झनु पर्छ।

(ध) "मन्त्रालय" भन्नाले कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(न) "मन्त्रिपरिषद्" भन्नाले ◈बागमती प्रदेशको मन्त्रिपरिषद सम्झनु पर्छ।

✼(न१) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(प) "व्यवसायिक कृषि करार" भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रबर्द्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु बीच भएको सम्झौता वा व्यावसायिक कृषि करारलाई सम्झनु पर्छ। सो शब्दले व्यावसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रूपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपूर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरू बीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ।

(फ) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर बजारसम्म लैजाने तथा विक्रेतालाई बिक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

✼ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

(ब) "समिति" भन्नाले यस ऐनको दफा १९ बमोजिम गठन भएको प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समिति सम्झनु पर्छ।

(भ) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन बिक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृति लिई सञ्चालन भएको हाट बजारलाई सम्झनु पर्छ।

## परिच्छेद- २

## कृषि व्यवसाय तथा बजार सम्बन्धी व्यवस्था

३. **कृषि व्यवसायः** (१) कुनै पनि व्यक्तिले अनूसूची- १ मा उल्लेख भएका विषयसँग सम्बन्धित कृषि तथा पशुपन्क्षीजन्य वस्तुहरुको व्यवसायिक रूपमा उत्पादन र व्यवसाय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने कृषि व्यवसाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **कृषि व्यवसाय गर्न वञ्चित गर्न नहुनेः** कृषि व्यवसाय गर्ने व्यक्ति, समूह, सहकारी वा कम्पनीलाई कृषि व्यवसाय गर्नवाट वञ्चित गर्न, गराउन एवं हानि नोक्सानी पुर्याउन हुँदैन।

५. **कृषि बजारको स्थापनाः** (१) प्रदेशले आफ्नो प्रदेश भित्रको विभिन्न स्थानमा प्रदेश स्तरीय कृषि बजारको स्थापना गर्न सक्नेछ।

(२) कृषि सम्बन्धी सहकारी वा कृषि सम्बन्धी व्यवसायिक संस्थाले निर्देशनालयको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भनिए तापनि साना कृषि बजार स्थानीय तहको समन्वयमा स्वीकृति लिई स्थापना गर्न सकिनेछ।

६. **कृषि बजारको वर्गीकरणः** (१) यस ऐनको दफा ५ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिम हुनेछः-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट-बजार,

(घ) संकलन केन्द्र,

(ङ) अक्सन बजार,

(च) अनलाइन बजार,

(छ) कृषि सुपर मार्केट वा मार्ट।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन बापत लाग्ने शुल्क प्रदेश सरकारले प्रदेश राजपत्रमा तोके बमोजिम हुनेछ।

(३) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिः** (१) यस ऐनको दफा ५ बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि तोकिए बमोजिम कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## व्यवसायिक कृषि करार (लिज)

८. **व्यवसायिक कृषि करार गर्न सकिनेः** (१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुईभन्दा बढी पक्षहरु बीच व्यवसायिक कृषि करार गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित कानूनको अधीनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ।

(३) कृषियोग्य जमिन कृषि परियोजना बमोजिम ऐलानी (सार्वजनिक) जग्गा भए स्थानीय तहको सिफारिसमा र सामुदायिक वनको भए सम्बन्धित सामुदायिक वनको सहमति र स्थानीय तहको सिफारिसमा प्रदेश सरकारले निश्चित सीमा तोकी करारमा लिने दिने व्यवस्था मिलाउन सक्नेछ।

(४) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

९. **जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिनेः** कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फर्म/कम्पनी वा व्यवसायी, कृषक/कृषक समूह, त्यस्ता कृषक समूह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ।

१०. **जग्गा तथा भौतिक साधन माग गर्न सक्नेः** (१) कुनै कृषक वा कृषि व्यवसायीले व्यवसायिक रूपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न कुनै व्यक्ति, संस्था वा निकायमा माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलव्ध गराउन सक्नेछ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) प्रदेश सरकारले खेती नगरी प्रचलित कानूनले तोकेको अवधिसम्म बाँझो रहेको जग्गा सम्बन्धित जग्गाधनीको मन्जुरी वा सम्बन्धित निकायको सहमतिमा तोकिए बमोजिम कृषि प्रयोजनका लागि करार खेती मार्फत प्रयोगमा ल्याउन सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि जग्गा धनीले कृषि प्रयोजनको लागि प्रयोगमा ल्याउने भएमा समय माग गरी जग्गा फिर्ता गर्नु पर्नेछ।

११. **स्वामित्व हस्तान्तरण नहुने**: यस ऐनको दफा ९ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारमा लिने पक्षको स्वामित्व स्थापित हुने छैन।

१२. **पुनः करार गर्न नहुने**: यस ऐन बमोजिम करार गर्ने पक्षले दोस्रो पक्षको सहमती नलिइ सोही बिषयमा तेस्रो पक्षसँग पुनः करार गर्न पाउने छैन।

१३. **व्यवसायिक कृषि करारमा समावेश गर्ने विषयः** (१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरूप अनुसूची- २ मा उल्लेख भएका विषयहरु समावेश हुन सक्नेछन्।

(२) यस ऐनको प्रतिकूल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयहरु समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ।

१४. **व्यवसायिक कृषि करारका पक्षहरूको दायित्वः** (१) यस ऐनको दफा ८ वा ९ बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त करारमा तोकिए बमोजिम हुनेछ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार गर्नु पर्नेछ।

१५. **करार पूरा गर्नु पर्ने समय र तरिकाः** (१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहेनछ र सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा मनासिव समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ।

१६. **करार पूरा गर्ने स्थान**: (१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ।

१७. **करार पूरा गर्नु नपर्ने**: देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैनः-

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा,

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा।

१८. **करार दर्ता गर्नु पर्ने**: (१) प्रदेश सरकारबाट सुविधा तथा सहुलियत प्राप्त गर्न यस ऐन अन्तर्गत सम्पन्न गरिएका व्यवसायिक कृषि सम्बन्धी करारहरु सम्झौता भएको मितिले पैतीस दिनभित्र तोकिएको निकायमा अनिवार्य रूपमा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ।

(३) उपदफा (१) बमोजिम भएको करारको अभिलेख मन्त्रालयको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयं वा उनीहरूको कानून बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ।

(५) मन्त्रालयले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ।

## परिच्छेद- ४

## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

१९. **प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समितिः** (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धनका लागि प्रदेशमा एक कृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहनेछन्ः-

(क) माननीय मन्त्री, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) माननीय सदस्य, प्रदेश नीति तथा योजना आयोग (कृषि हेर्ने) -सदस्य

(ग) प्रदेश सचिव, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) प्रदेश सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(ङ) प्रमुख, कृषि विकास निर्देशनालय -सदस्य

(च) निर्देशक, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(छ) मन्त्रालयले मनोनयन गरेको विज्ञ सदस्य एक जना -सदस्य

(ज) प्रदेश स्तरीय कृषि सहकारी संघको अध्यक्ष -सदस्य

(झ) दलित, अल्पसंख्यक वा उत्पीडित समुदायबाट मन्त्रालयले मनोनित गरेको एकजना -सदस्य

(ञ) मन्त्रालयले मनोनयन गरेको व्यवसायिक किसानमध्ये दुई महिला सदस्य सहित तीन जना (खाद्यान्न, बागवानी, पशुपन्छी तथा मत्स्य) -सदस्य

(ट) प्रमुख, सम्बन्धित महाशाखा -सदस्य-सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आँफैले निर्धारण गर्न सक्नेछ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ।

(६) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

२०. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश स्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य विषयका प्रवर्द्धनात्मक कार्य गर्ने,

(घ) कृषि उपजहरुमा उपभोक्ताले तिर्ने मूल्य र उत्पादकले उत्पादन स्थलमा प्राप्त गर्ने अन्तर मूल्य निर्धारण गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

२१. **कृषि व्यवसायलाई सुविधा दिनेः** (१) मन्त्रिपरिषद्ले मन्त्रालय मार्फत कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनका लागि उत्पादन सामग्री आपूर्ति, उपज उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा तोकिए बमोजिम छुट तथा सुविधा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा मन्त्रालयले तोके बमोजिम हुनेछ।

२२. **कृषि व्यवसायको प्रवर्द्धन र विकासः** (१) कृषि पेशामा संलग्न नागरिकहरुको जीवनस्तर उकास्न कृषि व्यवसायको प्रवर्द्धन र विकासका लागि प्रदेश सरकारले देहाय बमोजिमको कार्य गर्न सक्नेछः-

(क) कृषि उत्पादन, प्रशोधन र बजारीकरणको क्षेत्रमा सार्वजनिक, सहकारी र निजी लगानी अभिवृद्धि गर्ने,

(ख) कृषकलाई उत्पादन सामग्रीमा अनुदान दिने तथा उत्पादित वस्तुको परिमाणको आधारमा अनुदानको विशेष व्यवस्था गर्ने,

(ग) नगदे बाली, आयात प्रतिस्थापन गर्न सक्ने तथा निर्यातयोग्य बाली तथा वस्तुलाई विशेष ग्राह्यता दिने,

(घ) कृषिबाली बिमा तथा पशुपंक्षी बिमा लगायत नेपाल सरकारको स्वास्थ्य बिमामा किसानको पहुँचलाई विस्तार गर्ने,

(ङ) विदेशबाट ज्ञान, सीप हासिल गरी फर्केका युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न कार्यक्रम सञ्चालन गर्ने,

(च) कृषि तथा पशुपालनका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने,

(छ) सहकारी, निजी तथा सरकारी साझेदारीमा उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण जस्ता कार्यक्रम सञ्चालनलाई प्रोत्साहित गर्ने,

(ज) करार खेती तथा भूमि बैंक मार्फत उत्पादनशील भूमिको अधिकतम उपयोगको व्यवस्था तोके बमोजिम गर्ने,

(झ) जग्गा भाडामा लिने र दिने व्यवस्था गर्ने,

(ञ) खाद्य सुरक्षामा प्रत्यक्ष टेवा पुर्याउने प्रदेश स्तरमा प्राथमिकता प्राप्त बालीको न्यूनतम समर्थन मूल्य तोकी किसानको उत्पादनलाई खरिद गर्ने व्यवस्था मिलाउने,

(ट) कृषिको आधुनिकीकरणका लागि वैज्ञानिक अनुसन्धान, प्रविधि विस्तार तथा तालिमको व्यवस्था गर्ने,

(ठ) कृषि व्यवसाय सञ्चालनको लागि प्रस्ताव (प्रोपोजल) मा आधारित कार्यक्रम मार्फत सुविधा उपलब्ध गराउने,

(ड) हानि नोक्सानी भएका किसानलाई क्षतिपूर्ति प्रदान गर्न उचित व्यवस्था मिलाई छिटो सड्ने प्राथमिक कृषि उपजलाई बिना रोकतोक परिवहनको व्यवस्था गर्न एम्बुलेन्स सरहको मान्यता दिलाउने,

(ढ) सरकारी, सहकारी, निजी क्षेत्र, गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा कृषि यन्त्र, कृषि सामग्री तथा प्रविधि उत्पादन र विकास गर्ने,

(ण) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा विकास साझेदारलाई प्रदेश सरकारको प्राथमिकताका आधारमा व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न उत्प्रेरित गर्ने,

(त) संघीय सरकारका महत्वपूर्ण आयोजनाहरु प्रदेश सरकारको समन्वयमा कार्यान्वयनमा ल्याउन संघीय सरकारसँग समन्वय गर्ने,

(थ) सम्बन्धित निकायको समन्वयमा सामुदायिक वन तथा सार्वजनिक जमिनमा उत्पादनमूलक कार्यक्रम सञ्चालन गर्ने,

(द) सम्भाव्यता भएका जग्गाको चक्लाबन्दी गरी सामूहिक खेतीको प्रवर्द्धन गर्ने,

(ध) कृषि वन प्रणालीको प्रवर्द्धन गर्ने।

(२) कृषि व्यवसाय प्रवर्द्धन र संरक्षण गर्नका लागि मन्त्रालयले एक छुट्टै आकस्मिक कोष स्थापना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्थापना हुने कोषको परिचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **<u>कृषि ऋणः</u>** (१) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलब्ध गराउनु पर्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यवसायिक कृषि परियोजनाहरु तथा व्यवसायिक कृषि करार सम्बन्धी सम्झौताबाट सञ्चालित परियोजनालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम उपलव्ध गराउने ऋणलाई प्रदेश सरकारको अति प्राथमिकता प्राप्त क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैंक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ।

(४) कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नु पर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद करयोग्य आयबाट सो अङ्क बराबरको रकम घटाउन सक्नेछ।

## परिच्छेद- ५

## <u>विवाद समाधान</u>

२४. **<u>विवादको समाधानः</u>** (१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा करारमा विवाद समाधान गर्ने तरिका लेखिएको भए सोही बमोजिम विवाद समाधान गर्नु पर्नेछ।

(२) करारमा विवाद समाधानको तरिका उल्लेख नभएमा पक्षहरुले आपसी वार्ताबाट विवाद समाधान गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम विवाद समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद- ६

## <u>दण्ड सजाय तथा मुद्दा सम्बन्धी व्यवस्था</u>

२५. **<u>क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः</u>** (१) करार उल्लंघन भएकोमा त्यसबाट मर्का पर्ने पक्षले करार उल्लंघनबाट भएको वास्तविक हानि नोक्सानी वा करार गर्दाको अवस्थामा त्यस्तो हानि नोक्सानी हुन सक्छ भनी करारका पक्षलाई जानकारी भई निर्धारण गरेको हानि नोक्सानी त्यसरी करार उल्लंघन गर्ने पक्षबाट भराई लिन पाउनेछ।

(२) उपदफा (१) बमोजिम हानि नोक्सानी निर्धारण सम्बन्धमा करारमा उल्लेख भएको भए सोही बमोजिम र उल्लेख नभएको भएमा सो निर्धारणको लागि तोकिए बमोजिम एक प्राविधिक समिति रहनेछ। प्राविधिक समितिले सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा हानि नोक्सानी बापतको क्षतिपूर्ति निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम क्षति पुर्याणउने पक्षले क्षति भएको मूल्य बराबरको रकम पीडित पक्षलाई क्षतिपूर्ती दिनु पर्नेछ। (४) उपदफा (१) बमोजिम दिइने क्षतिपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **दण्ड सजाय**ः (१) कसैले देहाय बमोजिम कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा ४ विपरीत कुनै कार्य गरेमा एक लाख रूपैयाँसम्म जरिबाना,

(ख) दफा २५ विपरीत कार्य गरेमा पच्चीस हजारदेखि पचास हजार रूपैयाँसम्म जरिबाना।

(२) उपदफा (१) को खण्ड (क) को कसुर दोहोर्‍याई गरेमा सो जरिबानाको दोब्बर सजाय हुनेछ।

(३) यस ऐन बमोजिम प्राप्त अनुदानको दुरूपयोग गरेमा दुरूपयोग गरेको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(४) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत कुनै कार्य गरी त्यसबाट कसैको हानि नोक्सानी भएको रहेछ भने त्यस्तो हानि नोक्सानी गर्ने पक्षवाट नै भराईनेछ।

२७. **मुद्दाको तहकिकात र दायरी**ः (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात तथा दायरी अनुसन्धान अधिकारीले गर्नेछ।

◈(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्नु अघि अनुसन्धान अधिकारीले सरकारी वकिलको राय लिनु पर्नेछ।

२८. **मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार**ः (१) यस ऐन अन्तर्गतको शुरु मुद्दा हेर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारबाही र किनारा प्रचलित कानून अनुसारको कार्यविधि अपनाउनु पर्नेछ।

२९. **पुनरावेदन**ः यस ऐनको दफा २८ बमोजिम तोकिएको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

३०. **प्रचलित कानून बमोजिम हुने**ः यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३१. **बौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने**ः यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा बौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

३२. **<u>नियम, निर्देशिका र कार्यविधि बनाउन सक्ने</u>**: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) यो ऐन र यस ऐन बमोजिम बनेको नियमावलीको अधिनमा रही मन्त्रालयले आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

## परिच्छेद- ७

## <u>विविध</u>

३३. **<u>व्यवसाय दर्ता गर्नु पर्ने</u>**: (१) करार गरी कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको व्यवसाय दर्ता सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. **<u>बीमा सम्बन्धी व्यवस्था</u>**: यस ऐन बमोजिम दर्ता भएका कृषि व्यवसायले अनिवार्य रूपले बिमा गर्नु पर्नेछ।

३५. **<u>करार बमोजिमको दायित्व पूरा गर्नु पर्ने</u>**: (१) करार गर्ने प्रत्येक पक्षले करार बमोजिमको आ-आफ्नो दायित्व पूरा गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु बाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु, व्यहोर्नु पर्ने छैन।

तर करार गर्दाको अवस्थामा पक्षहरु बीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ।

## अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**कृषि व्यवसायसँग सम्बन्धित विषयहरु**

१. खाद्यान्न बाली,

२. बागवानी जन्यः फलफूल, तरकारी, कन्दमूल, मसलाबाली, पुष्प,

३. पशुपन्छी तथा मत्स्य,

४. माछा, मासु, दूध, फुल, हाड, छाला, ऊन,

५. च्याउ,

६. मौरी, रेशम,

७. चिया, कफी, अलैची, सुपारी, घाँसेबाली,

८. तेलहन, दलहन,

९. कपास, जुट, उखु, रबर खेती, टिमुर, सिस्नु, अल्लो र सिलाम,कृषि पर्यटन,

१०. गैरकाष्ठ वनपैदवार, जडीबुटी, सुगन्धित बाली,

११. कृषि तथा पशुपन्छीजन्य उत्पादनको प्रशोधन उद्योग,

१२. कृषि तथा पशुपन्छीजन्य उत्पादन सामग्री (दाना, मलखाद, विषादी, औषधि) आदिको उत्पादन उद्योग,

१३. खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुपन्छीजन्य बस्तुहरु,

१४. कानूनले निषेध गरेको बाहेकका वन्यजन्तुहरु।

## अनुसूची- २

(दफा १३ सँग सम्बन्धित)

**व्यवसायिक कृषि करारमा समावेश हुने विषयहरु**

१. करारका पक्षहरू,

२. करार खेतीको क्षेत्र,

३. जग्गा र भौतिक साधन,

४. वस्तुको विवरण, मात्रा,

५. गुणस्तर,

६. सम्झौताको अवधि,

७. उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,

८. भुक्तानीको प्रक्रिया,

९. ढुवानीको दायित्व,

१०. उत्पादन प्रक्रिया,

११. अनुगमनका पक्षहरू,

१२. काबू बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,

१३. गुणस्तर निर्धारणका आधारहरू,

१४. पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,

१५. करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि,

१६. कृषि उपजको मूल्य निर्धारण सम्बन्धी व्यवस्था।

# विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०४।०३

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ | २०७७।०४।१६ |
| २. विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७९ | २०७९।०४।०९ |

संवत् २०७६ सालको ऐन नं. ९

**विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना**ः प्रदेश स्तरमा विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्याउने महानुभावहरुलाई नेपाल सरकारबाट प्रदान गरिने विभूषणको सिफारिस गर्न तथा प्रदेशको तर्फबाट कदर स्वरुप सम्मान र पदक प्रदान गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(ग) "विभूषण" भन्नाले प्रचलित संघीय कानून बमोजिम राज्यका तर्फबाट प्रदान गरिने मानपदवी अलङ्कार र पदक सम्झनु पर्छ।

(घ) "सम्मान र पदक" भन्नाले यस ऐन बमोजिम प्रदेश सरकारले प्रदान गर्ने दफा ७ मा उल्लिखित सम्मान र पदक सम्झनु पर्छ।

## परिच्छेद- २

## विभूषण सिफारिस सम्बन्धी व्यवस्था

३. **विभूषणको सिफारिस गर्न सक्ने**ः (१) प्रदेश सरकारले प्रदेश स्तरमा विशिष्ट योगदान पुर्याउने नेपाली नागरिकलाई विभूषण प्रदान गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्नु पूर्व नेपाल सरकारले संघीय कानून बमोजिम सूचना प्रकाशन गरे पश्चात् प्रदेश सरकारले पनि सोही बमोजिम सूचना प्रकाशन गर्न सक्नेछ।

४. **<u>विभूषण सिफारिस समितिः</u>** नेपाल सरकारबाट प्रदान गरिने विभूषणको सिफारिस गर्न प्रदेशस्तरमा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) | मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (ग) | प्रमुख सचिव, प्रदेश सरकार | -सदस्य |
| (घ) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य-सचिव |

५. **<u>विभूषण सिफारिस प्रक्रियाः</u>** (१) देहायका पदाधिकारी, कर्मचारी वा कुनै व्यक्तिले आफ्नो क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्रलाई योगदान पुऱ्याएको भएमा त्यस्ता पदाधिकारी, कर्मचारी वा व्यक्तिहरुले पुऱ्याएको योगदानको विवरण अनुसूची- १ बमोजिमको ढाँचामा खुलाई नेपाल सरकार समक्ष विभूषणको सिफारिस गर्न देहायका निकाय वा पदाधिकारीले निर्दिष्ट समय भित्र दफा ४ बमोजिमको समितिमा पठाउनु पर्नेछः-

(क) प्रदेश सभा सचिवालयका कर्मचारीहरुको हकमा प्रदेश सभाको सचिवले,

(ख) कुनै मन्त्रालयसँग सम्बन्धित कर्मचारी वा सो मन्त्रालयसँग सम्बन्धित तर सरकारी सेवामा नरहेका कुनै व्यक्तिका हकमा सम्बन्धित मन्त्रालयको मन्त्रीले।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा पदाधिकारीबाट विभूषणको लागि सिफारिस प्राप्त हुन आएपछि दफा ४ बमोजिमको समितिले आवश्यक छानविन गरी यस ऐन बमोजिम विभूषण प्रदान गर्नका लागि उपयुक्त देखिएका पदाधिकारी, कर्मचारी तथा व्यक्तिहरुको नामावली तथा निजहरुले पाउनु पर्ने विभूषणको प्रकार समेत खुलाई विभूषण प्रदान गर्न नेपाल सरकार समक्ष नाम सिफारिस गर्नु पर्नेछ।

६. **<u>विभूषण सिफारिसका आधारः</u>** दफा ४ बमोजिमको समिति समक्ष नेपाल सरकारबाट प्रदान गरिने विभूषणको लागि सिफारिस गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) राष्ट्रको गौरव वृद्धि गर्ने कार्यमा विशेष योगदान पुर्याएको,

(ख) आफ्नो क्षेत्रमा उत्कृष्ट काम गरी राष्ट्रलाई योगदान पुऱ्याएको,

(ग) सरकारी सेवासँग सम्बन्धित व्यक्तिको हकमा आफूलाई तोकिएको काम प्रशंसनीय रूपमा सम्पादन गरेको,

(घ) कुनै साहसी वा बुद्धिमत्तापूर्ण कार्य गरी सार्वजनिक हितको लागि विशेष योगदान पुऱ्याएको।

## परिच्छेद- ३
## <u>सम्मान र पदक सम्बन्धी व्यवस्था</u>

७. **<u>सम्मान र पदक</u>**: (१) प्रदेश सरकारले प्रदेशस्तरमा देहायका क्षेत्रहरुमा विशिष्ट योगदान पुऱ्याउने जुनसुकै व्यक्तिहरुलाई पदक सहित सम्मान प्रदान गर्न सक्नेछः-

(क) प्रदेश शिक्षा, स्वास्थ्य तथा खेलकुद,

(ख) प्रदेश कृषि तथा सहकारी,

(ग) प्रदेश उद्योग, पर्यटन विकास तथा वातावरण संरक्षण,

(घ) प्रदेश पूर्वाधार विकास,

(ङ) प्रदेश सूचना तथा सञ्चार,

(च) प्रदेश विज्ञान तथा प्रविधि,

(छ) प्रदेश भाषा, कला तथा संस्कृति र साहित्य,

(ज) प्रदेश सार्वजनिक प्रशासन तथा सुशासन,

(झ) विपद् व्यवस्थापन,

(ञ) समाजसेवा, लोककल्याण।

(२) प्रदेश सरकारले प्रदेश भित्र रही शान्ति र सुरक्षाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने नेपाली सेना, नेपाल प्रहरी, प्रदेश प्रहरी, ✽<u>प्रदेश अनुसन्धान ब्युरो</u> सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान र स्थानीय तह अन्तर्गतका सुरक्षाकर्मीलाई देहाय मर्यादाक्रमको आधारमा देहायका सम्मान र पदक प्रदान गर्नेछः-

(क) प्रदेश रक्षक

(ख) शान्तिदीप

(ग) शान्तिमाला

(३) उपदफा (१) बमोजिमको क्षेत्र र उपदफा (२) को मर्यादाक्रम बमोजिम प्रदान गरिने सम्मान तथा पदक अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछ।

८. **<u>सम्मान र पदक सिफारिस समिति</u>**: (१) यस ऐनको आधार र मापदण्ड बमोजिम सबै क्षेत्रलाई समेटेर उपयुक्त संख्यामा छनौट गरी प्रदेश सरकार समक्ष दफा ७ मा उल्लिखित सम्मान र पदकको सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) प्रमुख सचिव, प्रदेश सरकार -सदस्य

---

✽केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

(ग) प्रदेशमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट समावेशी सिद्धान्तको आधारमा मन्त्रिपरिषद्ले तोकेको एक जना महिला सहित तीन जना -सदस्य

(घ) सचिव,आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक समितिको अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

९. **सम्मान र पदक सिफारिसको अन्य आधारः** (१) दफा ७ बमोजिमको सम्मान र पदकको सिफारिस गर्दा दफा ८ बमोजिमको समितिले दफा ६ मा उल्लिखित आधारका अतिरिक्त देहायका आधार समेत लिनु पर्नेछः-

(क) सम्बन्धित क्षेत्रमा कम्तीमा तीन वर्ष वा सोभन्दा बढी काम गरेको,

(ख) सम्बन्धित क्षेत्रमा उल्लेख्य योगदान गरी ख्याति प्राप्त गरेको,

(ग) सामाजिक रुपान्तरणमा सकारात्मक भूमिका निर्वाह गरेको,

(घ) व्यावसायिक निरन्तरता, रोजगारी सिर्जना तथा गरिबी निवारणमा योगदान गरेको,

(ङ) नेपाल सरकार वा प्रदेश सरकारबाट पछिल्लो तीन वर्षमा कुनै विभूषण, सम्मान तथा पुरस्कार नपाएको।

(२) उपदफा (१) मा जुनसुकै लेखिएको भए तापनि विपद् व्यवस्थापनको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान र पदक प्रदान गर्दा खण्ड (क) र (ङ) को व्यवस्था लागू हुने छैन।

(३) दफा ८ बमोजिमको समितिले उपदफा (१) को अतिरिक्त त्यस्तो क्षेत्रमा सम्बन्धित व्यक्तिको लागि लोकप्रिय मत संकलनको माध्यमबाट समेत सिफारिस गर्न सक्नेछ।

१०. **सिफारिस तथा घोषणा प्रक्रियाः** ♣(१) दफा ७ बमोजिम प्रदेश सरकारबाट प्रदान हुने सम्मान र पदकको लागि सम्बन्धित विषयगत मन्त्रालय वा निकायले योग्य ठानेका व्यक्ति, संस्था वा निकायलाई सिफारिसको क्षेत्र र सोको आधार र कारण समेत खुलाई मन्त्रालयले तोकेको सूचित समयावधिभित्र दफा ८ बमोजिमको समितिमा पठाउनु पर्नेछ।

♣ पहिलो संशोधनद्वारा संशोधित।

♣(२) उपदफा (१) बमोजिम विषयगत मन्त्रालय वा निकायबाट प्राप्त सिफारिस समेतलाई मध्यनजर गरी दफा ८ बमोजिमको सिफारिस समितिले सम्मान र पदक पाउने व्यक्ति, संस्था वा निकायलाई सम्मान र पदक पाउने आधार र कारण समेत खोली प्रदेश सरकार समक्ष सिफारिस गर्नु पर्नेछ। यसरी सिफारिस गर्दा सिफारिस समितिले उपदफा (१) बमोजिम सिफारिस भई आएका व्यक्ति, संस्था वा निकायको अतिरिक्त उक्त समितिले योग्य ठहऱ्याएका अन्य व्यक्ति, संस्था वा निकायलाई निजको योगदानको कदर स्वरूप आधार र कारण खोली सिधै सिफारिस गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस समितिले सिफारिस गर्दा दफा ७ को क्षेत्र अन्तर्गत प्रदान गरिने सम्मान र पदक एक वा एकभन्दा बढी व्यक्तिहरुलाई प्रदान गर्ने गरी सिफारिस गर्न सक्नेछ।

♣(४) उपदफा (२) र (३) बमोजिम गरेको सिफारिस अनुसार प्रदेश सरकारले दफा ११ को उपदफा (१) बमोजिम तोकेको समयावधि भन्दा कम्तिमा एक महिना अगावै त्यस्तो सम्मान र पदक पाउने व्यक्तिको घोषणा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रदेश सरकारले गरेको घोषणा यथाशिघ्र कुनै राष्ट्रिय सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण गर्नु पर्नेछ।

११. **सम्मान र पदक समारोहः** ♣(१) यस ऐन बमोजिम सम्मान र पदक पाउने व्यक्तिलाई प्रदेश प्रमुखले प्रत्येक वर्ष प्रदेश सरकारले तोकेको कुनै सार्वजनिक समारोह, अवसर वा उत्सव पारी पदक सहित सम्मानपत्र प्रदान गर्नेछ।

(२) यस ऐन बमोजिम सम्मान र पदक पाउने व्यक्ति त्यस्तो सम्मान र पदक लिन आफैं उपस्थित हुनु पर्नेछ।

तर कुनै कारणले आफैं उपस्थित हुन नसक्ने भनी जानकारी गराएमा निजको नजिकको हकवालालाई त्यस्तो सम्मान र पदक प्रदान गर्न कुनै बाधा पर्ने छैन।

(३) कुनै व्यक्तिलाई कुनै पदक मरणोपरान्त प्रदान गरिएमा वा पदक पाउने व्यक्तिको प्राप्त गर्नु अगावै मृत्यु भएमा निजको नजिकको हकवालालाई प्रदान गरिनेछ।

## परिच्छेद- ४

## विविध

१२. **विभूषण तथा सम्मान र पदक रद्दको सिफारिस गर्न सक्नेः** (१) प्रचलित विभूषण सम्बन्धी संघीय ऐन बमोजिम प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारबाट विभूषण प्राप्त गरेको कुनै नेपाली नागरिक वा विदेशी व्यक्तिले उक्त ऐनमा उल्लिखित विभूषण रद्द गर्नु पर्ने अवस्था देखिएमा सो व्यहोरा खुलाई नेपाल सरकार समक्ष त्यस्तो विभूषण रद्द को सिफारिस गर्न सक्नेछ।

♣ पहिलो संशोधनद्वारा संशोधित।

(२) देहायको अवस्थामा प्रदेश सरकारले दफा ७ को उपदफा (१) बमोजिम प्रदान गरेको सम्मान र पदक रद्द गर्न सक्नेछः-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र स्वतन्त्रता विरुद्धको कार्य गरेमा,

(ख) नेपालको सार्वजनिक शान्ति र सुरक्षामा खलल पार्ने कार्य गरेको प्रमाणित भएमा,

(ग) लैङ्गिक, जातीय, धार्मिक तथा साम्प्रदायिक विद्वेष फैलाएको प्रमाणित भएमा,

(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारको अहित हुने कार्य गरेको प्रमाणित भएमा,

(ङ) संघीय वा प्रदेश वा स्थानीय कानूनको विपरीतका कार्य गरेको प्रमाणित भएमा।

(३) उपदफा (२) बमोजिम सम्मान र पदक रद्द गरिएमा प्रदेश सरकारले त्यस्तो सम्मान र पदक पाउने व्यक्तिको नाम र रद्द गरिएको सम्मान र पदक समेत खुलाई सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्नु पर्नेछ।

१३. **सम्मान र पदक स्वेच्छाले फिर्ता गर्न सक्नेः** यस ऐन बमोजिम प्राप्त गरेको कुनै सम्मान र पदक स्वेच्छाले फिर्ता गर्न चाहेमा त्यस्तो सम्मान र पदक मन्त्रालयमा बुझाउनु पर्नेछ।

१४. **सम्मान र पदक सम्बन्धी अन्य व्यवस्थाः** (१) यस ऐन बमोजिम प्रदान गरिने सम्मान र पदकहरुको ढाँचा, ✂....., आकार र प्रकार नेपाल सरकारबाट प्रदान गरिने विभूषणसँग मेल नखाने गरी प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) दफा ७ बमोजिम प्रदान गरिने सम्मान र पदकको संख्या प्रदेश सरकारले ♣सम्मान र पदक प्रदानको घोषणा गर्दाका बखत निर्धारण गरेको सङ्ख्या बमोजिम हुनेछ।

+(३) यस ऐन बमोजिम प्रदान गरिने सम्मान र पदकको ढाँचा, आकार र प्रकार अनुसार लाग्ने लागत र सोमा प्रयोग हुने धातुको मात्रा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **सम्मान र पदकमा थपघट गर्न सक्नेः** प्रदेश सरकारले आवश्यकता अनुसार अनुसूची- २ मा उल्लिखित सम्मान र पदकको सङ्ख्या, आकार, प्रकार तथा बनोटमा थपघट वा हेरफेर गर्न सक्नेछ।

१६. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** यस ऐन बमोजिम प्रदान गरिने सम्मान र पदकको सम्बन्धमा प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

♣ पहिलो संशोधनद्वारा संशोधित।

+ पहिलो संशोधनद्वारा थप।

## अनुसूची- १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**विभूषण सिफारिस फारामको ढाँचा**

बागमती प्रदेश सरकार

........................ मन्त्रालय/सचिवालय/आयोग/विभाग

नामः

दर्जाः (सरकारी सेवामा कार्यरत रहेको भए)

कार्य क्षेत्र र कामको विवरणः (सरकारी सेवा बाहेक अन्य क्षेत्रमा कार्यरत व्यक्तिको हकमा)

सरकारी सेवामा कार्यरत व्यक्तिको हकमाः

प्रथम नियुक्तिको दर्जा र उमेरः

हालको दर्जामा बढुवा भएको मिति र उमेरः

जम्मा सेवाः

पहिले नै विभूषण पाइसकेको भए विभूषणको नाम र मितिः

विभूषण प्रदान गर्नका लागि सिफारिस गर्नु पर्ने कारण/आधार र सो कुरा पुष्टि गर्ने पूर्ण विवरणः

सिफारिस गर्नेको हस्ताक्षरः

नामः

मितिः

## अनुसूची- २

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**सम्मान र पदक**

| क्र.सं. | सम्मान र पदकको क्षेत्र | | सम्मान र पदक |
|---|---|---|---|
| १ | प्रदेश शान्ति तथा सुरक्षा | | प्रदेश रक्षक |
| | | | शान्तिमाला |
| | | | शान्तिदीप |
| २ | प्रदेश शिक्षा, वास्थ्य तथा खेलकुद | शिक्षा तर्फ | प्रदेश दीप |
| | | स्वाथ्य तर्फ | मृत्युञ्जय |
| | | खेलकुद तर्फ | प्रदेश शान |
| ३ | प्रदेश कृषि तथा हकारी | कृषितर्फ | कृषि किरण |
| | | सहकारी तर्फ | सहकारी प्रवर्द्धन |
| ४ | प्रदेश उद्योग, पर्यटन विकास तथा वातावरण संरक्षण | उद्योग तर्फ | उद्यमशीलता |
| | | पर्यटन तर्फ | प्रदेशद्रष्टा |
| | | वातावरण तर्फ | वातारण संरक्षण |
| ५ | प्रदेश पूर्वाधार विकास | | विकास सेवी |
| ६ | प्रदेश सूचना तथा सञ्चार | | प्रदेशदूत |
| ७ | प्रदेश विज्ञान तथा प्रविधि | विज्ञान तर्फ | अन्वेषण |
| | | प्रविधि तर्फ | नव प्रवर्तन |
| ८ | प्रदेश भाषा, कला तथा संस्कृति र साहित्य | भाषा तर्फ | सुभाषिक |
| | | कला तर्फ | कलाकीर्ति |
| | | संस्कृति तर्फ | संस्कृतिदीप |
| | | साहित्य तर्फ | प्रदेश श्रष्टा |
| ९ | प्रदेश सार्वजनिक प्रशासन तथा सुशासन | | जनसेवा |
| १० | विपद् व्यवस्थापन | | विपद्सेवी |
| ११ | समाज सेवा, लोककल्याण | | प्रदेश परोपकार |

<u>द्रष्टव्यः</u> मिति २०७८।१०।१७ मा प्रकशित प्रदेश राजपत्र सूचना अनुसार अनुसूचीहरुमा भएको "प्रदेश सरकार/बागमती प्रदेश" भन्ने शब्दहरुलाई "बागमती प्रदेश सरकार" भन्ने शब्दहरुमा रुपान्तरण गरिएको छ।

# प्रदेश जलचर संरक्षण र व्यवस्थापन ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०५।०४

संशोधन गर्ने ऐन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ — २०७७।०४।१६

संवत् २०७६ सालको ऐन नं. ११

**प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन**

**प्रस्तावनाः** पर्यावरण, जलचर, जलीय वातारण, कृषिजन्य वस्तु तथा पशु पंक्षीको उचित संरक्षण तथा सम्बर्द्धन एवं सर्वसाधारण जनताको सुबिधा र आर्थिक हित कायम गर्न वान्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश जलचर संरक्षण र व्यवस्थापन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जल" भन्नाले ताल-तलैया, दह, खहरे, खोला, नदी-नाला, पोखरी, नहर, कुलो, रिजरभ्वायर, सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज), एक्वारियम, रेसवे, मत्स्य ह्याचरी, इन्क्लोजर तथा माछा पालन गरेको धान खेतको पानी र तिनीहरुको स्रोत समेत सम्झनु पर्छ।

(ख) "जलचर" भन्नाले जल भित्र बस्ने जुनसुकै जीवलाई सम्झनु पर्छ।

(ग) "तोकिएको अधिकारी" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको अधिकारी सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "निजी जल" भन्नाले व्यक्ति, संस्था विशेषले सरकारलाई मालपोत वा भूमिकर तिरी राखेको जमिनमा भएको निजहरुको हक र उपभोगको पोखरी, तलाउ वा जलाशय सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले [◈]बागमती प्रदेश सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(छ) "फीस ल्याडर" भन्नाले बगिरहने जलमा जलचरको आवागमनको लागि बनाइएको वैकल्पिक बाटो सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले जलचर सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद- २

## जलचर व्यवस्थापन तथा नागरिकको अधिकार

३. **जलचर समात्न तथा मार्न प्रतिबन्धः** (१) कुनै व्यक्तिले कुनै जलमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानीजानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ, कारखानाहरुको फोहर पदार्थ वा विषालु र रसायनिक पदार्थको प्रयोग गर्न पाइने छैन।

तर कुनै निजी जलका धनीले अरु कुनै जलका जलचरहरुलाई क्षति नहुने गरी आफ्नो निजी जलमा जलचर समात्न तथा मार्नको लागि विषालु पदार्थ छाड्न, विद्युतीय धार (करेण्ट) र विष्फोटक पदार्थ बाहेक जुनसुकै तरिकाको प्रयोग गर्नमा यो दफा र यस अन्तर्गतका कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

(२) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि जलमा रहेको फीस ल्याडर, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकाहरुलाई थुन्न वा भत्काउन हुँदैन।

(३) परम्परागत रूपमा माछा मारी जीविकोपार्जन गर्ने पेशा अपनाएका बोटे, माझी, दनुवार, मुसहर, पहरी लगायतका जातिलाई प्रदेश सरकारले तोकेको स्थान वाहेक यस ऐन र नियमावलीको अधिनमा रही जलचरको संरक्षण र उपयोग गर्न कुनै बाधा गरिने छैन।

४. **प्रदेश सरकारको दायित्वः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका प्रजातिका जलचरहरुलाई संरक्षण र सम्बर्द्धन गर्नेछ।

(२) मन्त्रालयले तोकेको अधिकारीको इजाजत-पत्र बेगर कुनै पनि व्यक्तिले जानीजानी कुनै जलचरलाई समात्न, मार्न तथा चोट पुऱ्याउन पाइने छैन।

(३) उपदफा (२) बमोजिमको अधिकारीले तोकिएको ऋतु र अवस्थामा कुनै पनि जलचरहरुलाई कुनै पनि व्यक्ति निकायले जानी जानी समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी मनाही गर्न सक्नेछ।

तर कुनै व्यक्ति विशेषको निजी जलमा रहेका जलचरहरुको सम्बन्धमा यो दफा र यस दफा अन्तर्गतका कुनै कुरा लागू हुने छैन।

(४) प्रदेश सरकारले उपदफा (१) बमोजिम प्रदेश राजपत्रमा प्रकाशित सूचनामा तोकेको अधिकारीको इजाजत बेगर कुनै पनि व्यक्तिले जानीजानी जलचरहरु समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी मनाही गर्न सक्नेछ।

तर कुनै व्यक्ति विशेषको निजी जलको सम्बन्धमा प्रदेश सरकारले त्यस्तो आदेश दिने छैन।

५. **विष प्रयोग गर्न नहुने**: जलचर समात्ने वा मार्ने प्रयोजनको लागि कुनै विषालु पदार्थ प्रयोग गर्नु पर्ने भएमा त्यसको प्रयोजनको लागि सुरक्षित विष बाहेक अरु कुनै प्रकारको विष प्रयोग गर्नु हुदैन।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि "सुरक्षित विष" भन्नाले तोकिएको प्राविधिकले सिफारिश गरेको रसायन वा जडीबुटी सम्झनु पर्छ।

६. **जलचर संरक्षण सम्बन्धी अन्य व्यवस्था**: (१) प्रदेश सरकारले विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माणको साथै जलचरको आवागमनमा बाधा नपर्ने गरी फीस ल्याडर निर्माण गरी संरक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फीस ल्याडर निर्माण गर्न सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आस पासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा प्राविधिक अधिकारीलाई संलग्न गराउनु पर्नेछ।

(४) कुनै पनि व्यक्तिले खोला, नदी, ताल, तलैयामा जलचरलाई असर पर्ने गरी कुनै किसिमको अजैविक पदार्थ, रासायनिक पदार्थ तथा केमिकल छाड्न वा मिसाउने गरी कुनै पनि गतिविधि गर्न गराउन पाइने छैन।

७. **नागरिकको अधिकार**: दफा ४ बमोजिम निकालिएका आदेशले मनाही गरेको ऋृतु अवस्था तथा ठाउँमा बाहेक दफा ३ को अधिनमा रही अन्य जलमा जलचर मार्न वा समात्न यस ऐनको कुनै कुराले नेपाली नागरिकलाई मनाही गरेको मानिने छैन।

८. **ठेक्का सम्बन्धी व्यवस्था**: (१) प्रदेश सरकारले आफ्नो नियन्त्रणमा रहेको जुनसुकै जलमा जलचरको बासस्थान र पर्यावरणमा असर नपर्ने गरी संरक्षित जलचर बाहेकका कुनै एक वा एकभन्दा बढी प्रकारका जलचरहरु समात्ने तथा मार्ने कामको ठेक्का बन्दोबस्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको ठेक्का दिंदा जलचर समात्न वा मार्न प्रयोग गरिने साधनको मापदण्ड र सो सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## दण्ड तथा सजाय

९. **दण्ड सजाय**: (१) दफा ३ वा ४ बमोजिमको कार्य गर्ने वा गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई तोकिएको अधिकारीको आदेशले कसूरको मात्रा हेरी हानि-नोक्सानी भएकोमा बिगो

बराबरको क्षतिपूर्ति भराई पचास हजार रूपैयाँसम्म जरिबाना हुनेछ। हानि-नोक्सानीको मूल्याङ्कन गर्दा प्राविधिक अधिकारीलाई संलग्न गराउनु पर्नेछ।

(२) दफा ३ र ४ बमोजिम निकालिएको सूचनाको कुनै कुरा उल्लङ्घन गर्ने वा गर्न प्रोत्साहन गर्ने व्यक्ति संस्थालाई तोकिएको अधिकारीको आदेशले बीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(३) उपदफा (१) वा (२) मा लेखिएको दण्ड सजायमा कुनै प्रतिकूल प्रभाव नपारी यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा निकालिएका आदेशका कुनै कुरा उल्लङ्घन गर्ने वा गर्न प्रोत्साहन गर्ने व्यक्तिलाई तोकिएको अधिकारीका आदेशले दश हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(४) यो ऐन अन्तर्गत कसूरदार सावित भएको व्यक्तिको साथमा रहेको सो कसूरसँग सम्बन्धित सबै औजार, सामान र चीज वस्तुहरु समेत तोकिएको अधिकारीका आदेशले जफत हुनेछ।

(५) दफा ६ को उपदफा (४) बमोजिमको कार्य गर्ने गराउनेलाई तोकिएको अधिकारीले दश हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(६) यो ऐन अन्तर्गत भएको जरिबाना सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१०. <u>अनुसन्धान गर्ने अधिकारी</u>ः (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र तहकीकात गर्न प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीलाई हुनेछ।

(२) प्राविधिक अधिकारीले मुद्दा दायर गर्नु अघि सरकारी वकिलको राय लिनु पर्नेछ।

११. <u>मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार</u>ः (१) यस ऐन बमोजिमको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीलाई हुनेछ।

(२) यस ऐन बमोजिम दायर भएको मुद्दाको कारबाही र किनारा संक्षिप्त कार्यविधि बमोजिम हुनेछ।

१२. <u>पुनरावेदन</u>ः दफा ११ बमोजिम तोकिएको अधिकारीले दिएको दण्ड सजायका आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेशको सूचना पाएका मितिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

१३. <u>तोकिएको अधिकारीको अधिकार</u>ः यो ऐन अन्तर्गतको मुद्दाको कारबाही गर्दा बयान वकपत्र गराउने, साक्षी प्रमाण बुझ्ने, लिखतहरु दाखिल गराउने समेत शुरु अदालतलाई भए सरहका सबै अधिकार तोकिएको अधिकारीलाई हुनेछ।

१४. **अध्ययन तथा अनुसन्धान गर्न बाधा नपर्ने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलचर संरक्षण र सम्वर्द्धनको सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्न बाधा पर्ने छैन।

१५. **प्रचलित कानून बमोजिम हुने**: यस ऐनले मनाही गरेका काम कारबाही गर्दा र कुनै दफा लागू नभएको अवस्थामा कुनै व्यक्तिले सो बमोजिम गर्दा कसैको केही हानि नोक्सानी भएमा प्रचलित कानून बमोजिम हुन वा गर्नमा यस ऐनले कुनै बाधा पुर्याएको मानिने छैन।

१६. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने**: यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाइ सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन।

१७. **नियम बनाउने अधिकार**: यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमहरु बनाउन सक्नेछ।

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६।०६।०२

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ — २०७७।०४।१६

<u>जगाउने ऐन</u>

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठा ऐन, २०७६ को
साविकको व्यवस्था जगाउने सम्बन्धी ऐन, २०८० — २०८०।०२।०१

संवत् २०७६ सालको ऐन नं. १४

**<u>मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका सम्बन्धमा व्यवस्था गर्नबनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**: स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अध्यापन र अनुसन्धानको व्यवस्था गरी गुणस्तरीय र अन्तर्राष्ट्रिय मान्यता प्राप्त दक्ष जनशक्ति उत्पादन गर्न र आम नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न आवश्यक भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल" भन्नाले दफा १५ बमोजिम स्थापना भएको अस्पताल सम्झनु पर्छ।

(ख) "उपकुलपति" भन्नाले दफा १८ बमोजिमको उपकुलपति सम्झनु पर्छ।

(ग) "कार्यकारी परिषद्" भन्नाले दफा ९ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ।

(घ) "कुलपति" भन्नाले दफा १६ बमोजिमको कुलपति सम्झनु पर्छ।

(ङ) "डीन" भन्नाले दफा २१ बमोजिमको डीन सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "निर्देशक" भन्नाले दफा २२ बमोजिमको निर्देशक सम्झनु पर्छ।

(ज) "प्रदेश" भन्नाले [◈]बागमती प्रदेश सम्झनु पर्छ।

(झ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ।

(ञ) "प्राज्ञिक परिषद्" भन्नाले दफा ११ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ठ) "रजिष्ट्रार" भन्नाले दफा २० बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ।

(ड) "शिक्षक" भन्नाले प्रतिष्ठानमा अध्यापन तथा अनुसन्धान गर्न नियुक्त भएका व्यक्तिहरुलाई सम्झनु पर्छ।

(ढ) "शिक्षाध्यक्ष" भन्नाले दफा १९ बमोजिमको व्यक्ति सम्झनु पर्छ।

(ण) "शैक्षिक संस्था" भन्नाले दफा १४ बमोजिम स्थापना भएका शैक्षिक संस्थालाई सम्झनु पर्छ।

(त) "सभा" भन्नाले दफा ७ बमोजिम गठन भएको सभा सम्झनु पर्छ।

(थ) "सहकुलपति" भन्नाले दफा १७ बमोजिमको सहकुलपति सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना, स्वरुप तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापनाः** (१) प्रदेशमा स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न एवम् आम नागरिकलाई सहज एवम् सुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरिनेछ।

(२) प्रतिष्ठानको मुख्य कार्यालय मकवानपुर जिल्लाको हेटौंडामा रहनेछ।

४. **प्रतिष्ठान स्वशासित संस्था हुनेः** (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

(२) प्रतिष्ठानको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न, चलन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. **प्रतिष्ठानको स्वरुपः** प्रतिष्ठानमा देहाय बमोजिमका सङ्गठनहरू रहने छन् र तिनीहरूको सामूहिक रुप प्रतिष्ठानको स्वरुप हुनेछः-

---

[◈] केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

(क) सभा,

(ख) कार्यकारी परिषद्,

(ग) प्राज्ञिक परिषद्,

(घ) सेवा आयोग,

(ङ) अनुसन्धान केन्द्र,

(च) अस्पताल,

(छ) तोकिए बमोजिमका अन्य निकाय।

६. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकारः** (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धान गर्ने, गराउने,

(ख) गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ग) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था तथा अस्पतालसँग सम्पर्क, समन्वय, सम्झौता तथा सहकार्य गर्ने,

(घ) गुणस्तरीय स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने,

(ङ) अन्तर्राष्ट्रिय संघ संस्था तथा स्वास्थ्यसँग सम्बन्धित स्वदेशी तथा विदेशी विश्वविद्यालय र प्रतिष्ठानसँग सम्बन्ध स्थापना, विस्तार र पारस्परिक सहयोग आदान प्रदान तथा सहकार्य गर्ने,

(च) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका गोष्ठी, सम्मेलन, सेमिनार आयोजना गर्ने, गराउने,

(छ) स्वास्थ्य सम्बन्धी विभिन्न पुस्तक आदि प्रकाशन गर्ने, गराउने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

(२) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार प्रतिष्ठानको संगठन मार्फत प्रयोग र पालना हुनेछन्।

## परिच्छेद-३

## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

७. **सभाको गठनः** (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | कुलपति | -अध्यक्ष |
| (ख) | सहकुलपति | -उपाध्यक्ष |
| (ग) | प्रतिष्ठानको मुख्य कार्यालय रहेको निर्वाचन क्षेत्रको प्रदेश सभा सदस्य | -सदस्य |
| (घ) | प्रतिष्ठानको मुख्य कार्यालय रहेको ठाँउको सम्बन्धित स्थानीय तहको प्रमुख | -सदस्य |
| (ङ) | सदस्य, प्रदेश नीति तथा योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) | -सदस्य |
| (च) | उपकुलपति | -सदस्य |
| (छ) | सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (ज) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (झ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ञ) | शिक्षाध्यक्ष | -सदस्य |
| (ट) | डीन | -सदस्य |
| (ठ) | शिक्षकहरूमध्ये प्राज्ञिक परिषद्को सिफारिसमा कार्यकारी परिषद्बाट मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना | -सदस्य |
| (ड) | दलित, आदिवासी/जनजाति, अल्पसंख्यक, सीमान्तकृत तथा पिछडिएका वर्गबाट प्रतिनिधित्व हुने गरी कार्यकारी परिषद्को सिफारिसमा स्नातक उपाधि प्राप्त मध्येबाट सभाबाट मनोनीत कम्तीमा एक जना महिला सहित दुई जना | -सदस्य |
| (ढ) | प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुमध्ये सभाबाट मनोनीत एक जना | -सदस्य |
| (ण) | निर्देशक, स्वास्थ्य निर्देशनालय | -सदस्य |

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो, सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नु पर्नेछ।

(६) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

८. **सभाको काम, कर्तव्य र अधिकारः** सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, उपाधि, प्रमाणपत्र, पदक तथा पुरस्कार प्रदान गर्ने,

(ङ) तोकिए बमोजिम मानार्थ उपाधि प्रदान गर्ने,

(च) आफ्नो मातहतमा रहेका प्रतिष्ठानका विभिन्न निकायहरुलाई मार्गदर्शन गर्ने तथा आवश्यक निर्देशन दिने,

(छ) प्रदेश स्वास्थ्य तथा शिक्षा नीति निर्माण गर्ने क्रममा प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(ज) प्रतिष्ठानको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(झ) प्रतिष्ठानको लेखा परीक्षणका लागि महालेखा परीक्षकको परामर्शमा लेखा परीक्षक नियुक्त गर्ने र लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने,

(ञ) दुर्गम स्थानहरुमा प्रतिष्ठानको तर्फबाट स्वयंसेवी सेवाले योजना बनाउने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

## परिच्छेद-४

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

९. **कार्यकारी परिषद्को गठनः** (१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) उपकुलपति -अध्यक्ष

(ख) शिक्षाध्यक्ष -सदस्य

(ग) डीन -सदस्य

(घ) प्रतिष्ठानका शिक्षक मध्येबाट कम्तीमा एकजना महिला सहित दुई जना -सदस्य

(ङ) प्रतिष्ठान सम्बद्ध अस्पतालका निर्देशक -सदस्य

(च) रजिष्ट्रार -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा सहकुलपतिले गर्नेछ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१०. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः** कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ग) प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(घ) मातहतका निकायहरुबाट सम्पन्न भएका काम, कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायहरुलाई निर्देशन दिने,

(ङ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, व्यवस्थापन, रेखदेख र संरक्षण गर्ने, ठेक्कापट्टा लगाउने,

(च) प्रदेश लोक सेवा आयोगको सिफारिसमा प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारीहरुको नियुक्ति तथा बढुवा गर्ने,

(छ) स्थायी पदपूर्ति नभएसम्मको लागि अस्थायी/करारमा शिक्षक तथा कर्मचारीको नियुक्ति गर्ने,

(ज) प्रतिष्ठानलाई प्राप्त विभिन्न किसिमका सहयोग ग्रहण गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

## परिच्छेद-५

## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

११. **प्राज्ञिक परिषद्को गठनः** (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्ने निकायको रुपमा एक प्राज्ञिक परिषद् रहनेछ।

(२) प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) शिक्षाध्यक्ष -अध्यक्ष

(ख) प्रतिष्ठानका विभिन्न विषयगत समितिका

अध्यक्षहरू मध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत तीन जना -सदस्य

(ग) अधिकृत प्रतिनिधि, मन्त्रालय -सदस्य

(घ) निर्देशक,स्वास्थ्य निर्देशनालय -सदस्य

(ङ) निर्देशक, शिक्षा विकास निर्देशनालय -सदस्य

(च) प्रतिष्ठानका पाठ्यक्रम र परीक्षा सम्बन्धी निकायका प्रमुख -सदस्य

(छ) प्रतिष्ठानका शिक्षकमध्ये कार्यकारीपरिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एक जना महिला सहित दुईजना -सदस्य

(ज) प्रदेश अन्तर्गतका अस्पतालहरुका मेडिकल सुपरिटेन्डेन र नर्सिङ प्रमुखहरुमध्ये कम्तीका एक जना महिला सहित तीन जना -सदस्य

(झ) डीन -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१२. <u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार</u>: प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ख) स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय र तहमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षकको योग्यता निर्धारण गर्ने,

(घ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालिम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,

(ङ) विद्यार्थी छनौट गर्ने,

(च) परीक्षाको मापदण्ड निर्धारण गर्ने,

(छ) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

(ज) प्रतिष्ठानबाट सञ्चालित अध्ययन कार्यक्रममा सफल हुने विद्यार्थीलाई उपाधि प्रदान गर्न सभामा सिफारिस गर्ने,

(झ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने मानार्थ उपाधि, छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्न सभामा सिफारिस गर्ने,

(ञ) गुणस्तरीय पाठ्यपुस्तक तथा अध्ययन अध्यापन सामग्रीहरु तयार गर्ने, गराउने,

(ट) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालिम तथा प्रशिक्षण कार्यक्रमहरुको मूल्याङ्कन गर्ने,

(ठ) अध्ययन, तालिम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(ड) सभाबाट स्वीकृत प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन गर्ने, गराउने तथा अनुगमन गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य काम गर्ने।

## परिच्छेद-६

## संकाय, शैक्षिक संस्था, अस्पताल तथा अन्य निकाय

१३. **संकाय तथा अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानले संकाय तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापित संकाय तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१४. **शैक्षिक संस्थाको स्थापना तथा सञ्चालनः** (१) प्रतिष्ठानले स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने उद्देश्यले आवश्यकतानुसार शैक्षिक संस्थाको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापित शैक्षिक संस्थाहरुको व्यवस्थापन तथा सञ्चालन तोकिए बमोजिम हुनेछ।

१५. **अस्पतालको स्थापना र सञ्चालनः** (१) प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न र गुणस्तरीय एवं सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि अस्पतालको स्थापना गर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भई रहेको हेटौंडा अस्पताल उपदफा (१) बमोजिम स्थापना भएको मानिनेछ।

(३) प्रदेश सरकारले आवश्यक ठानेमा प्रदेश मातहत रहेका कुनै पनि अस्पताललाई प्रतिष्ठानमा आवद्ध गर्न सक्नेछ।

(४) अस्पतालको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७

## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी

१६. **कुलपतिः** (१) मुख्यमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख हुनेछ।

१७. **सहकुलपतिः** (१) प्रतिष्ठानमा एक सहकुलपति रहने छ।

(२) प्रदेशको सामाजिक विकास मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।

१८. **उपकुलपतिः** (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका अन्य दुईजना सदस्य रहेको एक सिफारिस समिति गठन हुनेछ।

(३) उपदफा (२) बमोजिमको समितिले उपकुलपतीको लागि तीन जनाको नाम मन्त्रिपरिषद्मा सिफारिस गर्नेछ। सिफारिस भएका मध्येबाट प्रदेश सरकारले उपकुलपति नियुक्ति गर्नेछ।

(४) उपदफा (३) बमोजिम उपकुलपति नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, निजको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवा तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **शिक्षाध्यक्षः** (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले शिक्षाध्यक्षको नियुक्ति गर्नेछ।

(२) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(३) शिक्षाध्यक्ष प्रतिष्ठानको पूरा समय काम गर्ने  पदाधिकारी हुनेछ।

(४) शिक्षाध्यक्षको योग्यता, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवा तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **रजिष्ट्रारः** (१) प्रतिष्ठानको आर्थिक र प्रशासन सम्बन्धी कामको रेखदेखको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले रजिष्ट्रार नियुक्ति गर्नेछ।

(२) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(३) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) रजिष्ट्रारको योग्यता, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवा तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. **डीनः** (१) प्रतिष्ठानको संकायको प्रमुख भई काम गर्नको लागि उपकुलपतिले आवश्यकता अनुसार डीनको नियुक्ति गर्नेछ।

(२) डीनको पदावधि चार वर्षको हुनेछ।

(३) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) डीनको नियुक्तिको योग्यता, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवा तथा सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. <u>**निर्देशक**</u>: (१) अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि उपकुलपतिले रजिष्ट्रारको सिफारिसमा निर्देशकको नियुक्ति गर्नेछ।

(२) निर्देशकको नियुक्तिको योग्यता, काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक, सेवा एवं सुविधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. <u>**अन्य पदाधिकारी**</u>: (१) प्रतिष्ठानमा तोकिए बमोजिमका अन्य पदाधिकारी रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीको नियुक्ति, काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. <u>**पदबाट हटाउन सक्ने**</u>: (१) उपकुलपति वा शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरुपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपतिसमक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य कुनै एक सदस्य र मन्त्रालयको सचिव रहेको तीन सदस्यीय छानविन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छानविन समितिले उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा ईमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालना नगरेको भनि सिफारिस गरेमा उपकुलपतिलाई प्रदेश सरकारले र शिक्षाध्यक्ष र रजिष्ट्रारलाई सहकुलपतिले पदबाट हटाउनेछ।

(३) उपदफा (१) बमोजिमको छानविन समिति गठन भएपछि निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(४) उपकुलपति, शिक्षाध्यक्ष र रजिष्ट्रार बाहेक प्रतिष्ठानका अन्य पदाधिकारीलाई पदबाट हटाउने व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउन सिफारिस गर्नु अघि छानविन समितिले निज उपर लागेको आरोपको सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

२५. <u>**प्रतिष्ठानका शिक्षक तथा कर्मचारी**</u>: (१) प्रतिष्ठानमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारी रहनेछन्।

(२) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको स्थायी नियुक्ति प्रदेश लोक सेवा आयोगको सिफारिसमा तोकिए बमोजिम हुनेछ।

तर दफा ३६ बमोजिम रहने कर्मचारीको हकमा सोही बमोजिम हुनेछ।

(३) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका शर्त तोकिए बमोजिम हुनेछ।

२६. **काजमा खटाउन सक्ने**ः (१) प्रदेश सरकारले [◈]प्रदेश सरकारका कुनै कर्मचारीलाई प्रतिष्ठानको अनुरोधमा प्रतिष्ठानमा काजमा खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम काजमा खटिएको कर्मचारीले साविकको सेवा सुविधामा नघट्ने गरी प्रतिष्ठानको कर्मचारीले पाए सरहको थप सुविधा समेत पाउनेछ।

## परिच्छेद-८

## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

२७. **प्रतिष्ठानको कोष**ः (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ संस्थाबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(घ) विदेशी व्यक्ति, संघ संस्था वा सरकारबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले कुनै रकम प्राप्त गर्नु पूर्व प्रदेश सरकारबाट र खण्ड (घ) बमोजिम रकम प्राप्त गर्नु पूर्व प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) प्रतिष्ठानको कोषको रकम वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) प्रतिष्ठानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **लेखा र लेखापरीक्षण**ः (१) प्रतिष्ठानको आय-व्ययको लेखा दोहोरो लेखा प्रणालीमा आधारित प्रचलित कानून बमोजिम राखिनेछ।

(२) प्रतिष्ठानको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

---

[◈] केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

## परिच्छेद-९

## विविध

२९. **प्रतिष्ठानलाई छुट र सुविधाः** प्रतिष्ठानलाई देहायका विषयमा भन्सार महशुल, मूल्य अभिवृद्धि कर, आयकर लगायतका कर छुटका लागि संघीय सरकार समक्ष मन्त्रालयले सिफारिस गर्न सक्नेछः-

(क) स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निर्माण तथा सञ्चालनको लागि विदेशबाट आयात गर्ने निर्माण सामग्री तथा मेशिनरी, औजार, उपकरण र अन्य शैक्षिक सामग्री,

(ख) प्रतिष्ठानले प्रदान गर्ने छात्रवृत्ति, विद्वतवृत्ति र पुरस्कार,

(ग) प्रतिष्ठानले प्राप्त गरेको दान, दातव्य र अनुदान,

(घ) प्रतिष्ठानको अन्य श्रोत र सम्पत्ति,

(ङ) तोकिए बमोजिमका अन्य कुनै विषय।

३०. **स्वास्थ्य र शिक्षा सम्बन्धी राष्ट्रिय नीति अनुरुप काम गर्नु पर्नेः** प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको स्वास्थ्य र शिक्षा सम्बन्धी नीति अनुरुप काम गर्नु पर्नेछ।

३१. **भर्नामा प्राथमिकता दिनु पर्नेः** प्रतिष्ठानले विभिन्न तहमा विद्यार्थी भर्ना गर्दा तोकिएको दुर्गम तथा पिछडिएको क्षेत्रका स्वास्थ्य संस्थामा तोकिएको अवधिभर सेवा गरेका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

३२. **आरक्षण सम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा विभिन्न तहमा विद्यार्थी भर्ना गर्दा सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा वा सो सरह उत्तीर्ण गरेको आर्थिक रुपले विपन्न महिला, दलित, आदिवासी/ जनजाती, मधेशी, द्वन्दपीडित, अल्पसंख्यक र सीमान्तकृतहरु मध्येबाट प्रदेश भित्रका नेपाली विद्यार्थीलाई कम्तीमा दश प्रतिशत स्थान आरक्षणको लागि छुट्याउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्याइएको आरक्षण प्रतिशतलाई शतप्रतिशत मानी प्रचलित कानून बमोजिम छुट्याइएको प्रतिशतका आधारमा आरक्षण सुविधा उपलब्ध गराइनेछ।

(३) उपदफा (१) बमोजिम आरक्षणको लागि विद्यार्थी खुल्ला प्रतिस्पर्धाद्वारा छनौट गरिनेछ।

३३. **छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा विद्यार्थी भर्ना गर्दा उपलब्ध गराउने छात्रवृति सम्बन्धी व्यवस्था राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम हुनेछ।

(२) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ उपदफा (१) बमोजिम निर्धारित प्रतिशतलाई शत प्रतिशत मानी सोको पैंतालीस प्रतिशत स्थानमा महिला, दलित, आदिवासी/जनजाति, मधेशी, द्वन्द पीडित, अल्पसंख्यक सीमान्तकृत वर्गका विद्यार्थीलाई छात्रवृति उपलब्ध गराइनेछ।

(३) प्रतिष्ठानले विपन्न विद्यार्थीलाई आंशिक रुपमा छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

(४) कुनै निकाय वा संस्थाले कुनै विद्यार्थीलाई प्रतिष्ठानमा अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

३४. **<u>तोकेको स्थानमा काम गर्नु पर्ने</u>**: (१) यस ऐन बमोजिम आरक्षण वा छात्रवृतिमा अध्ययन गरेको विद्यार्थीले प्रदेश भित्रको ग्रामीण क्षेत्रमा कम्तीमा दुई वर्ष काम गर्नु पर्नेछ।

(२) कुनै निकाय वा संस्थाको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले त्यस्तो छात्रवृत्ति पाए बापत कुनै ठाउँमा निश्चित अवधिसम्म काम गर्नु पर्ने गरी छात्रवृत्ति प्रदान गर्ने निकाय वा संस्थाले शर्त राखेको भए सोही शर्त बमोजिम र त्यसरी शर्त नराखेको भए उपदफा (१) बमोजिमको तोकिएको अवधिभर काम गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम खटाइने पिछडिएको वा दुर्गम क्षेत्रको सम्बन्धमा छात्रावृत्ति दिनु भन्दा अगावै उल्लेख गरी मात्र छात्रवृत्ति प्रदान गर्नु पर्नेछ।

**<u>स्पष्टीकरण</u>**: यस ◈<u>ऐनको</u> प्रयोजनका लागि पिछडिएको वा दुर्गम क्षेत्र भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशभित्रको कुनै स्थानलाई पिछडिएको वा दुर्गम क्षेत्र भनी तोकेको क्षेत्र सम्झनु पर्नेछ।यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेको रहेछ भने त्यसरी तोकेको यस प्रदेश भित्र परेको क्षेत्रलाई आधार लिन सक्नेछ।

(४) दफा ३३ को उपदफा (१) बमोजिमको आरक्षण र दफा ३४ बमोजिमको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले उल्लिखित पूरा अवधि काम गरेपछि मात्र प्रतिष्ठानले त्यस्तो विद्यार्थीलाई शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र दिनेछ।

(५) प्रतिष्ठानले दफा ३३ र ३४ बमोजिमको आरक्षण वा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी बाहेक प्रतिष्ठानमा अध्ययन गर्ने अन्य विद्यार्थीलाई अध्ययन पश्चात् पिछडिएका क्षेत्रको स्वास्थ्य संस्थामा काम गर्न प्रोत्साहित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।

३५. **<u>नेपाल सरकारको सहमति लिनु पर्ने</u>**: प्रतिष्ठानले यस ऐन बमोजिम कुनै कार्यका लागि विदेशी निकायसँग कुनै विषयमा सम्झौता गर्दा वा आर्थिक सहायता लिंदा प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारको सहमति बमोजिम गर्नु पर्नेछ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

३६. **कर्मचारी प्रतिष्ठानमा रहन सक्ने**: (१) यो ऐन प्रारम्भ हुँदाका बखत हेटौंडा अस्पताल, हेटौंडामा कार्यरत स्थायी कर्मचारीले यस ऐन अन्तर्गत बनेको कर्मचारी सेवा सम्बन्धी नियम प्रारम्भ भएको मितिले तीन महिनाभित्र प्रतिष्ठानमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई प्रतिष्ठानको समान स्तर र तहको पदमा सरेको कर्मचारी मानिनेछ। यसरी प्रतिष्ठानमा आएका कर्मचारीको खाइपाई आएको सेवा सुविधामा घटी हुने गरी राखिने छैन।

(३) उपदफा (२) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीले काम गरेको सेवा अवधि प्रतिष्ठानको सेवा अवधिमा गणना हुनेछ।

३७. **अन्य संस्थालाई समाहित गर्न सक्ने**: (१) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका स्वास्थ विज्ञान सम्बन्धी कुनै संस्था प्रतिष्ठानसँग समाहित हुन चाहेमा प्रतिष्ठानले त्यस्तो संस्थालाई प्रतिष्ठानमा समाहित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संस्था समाहित गर्ने सम्बन्धी आधार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

३८. **सम्बन्धन दिन नसक्ने**: प्रतिष्ठानले कुनै शैक्षिक संस्थालाई सम्बन्धन दिन सक्ने छैन।

३९. **काम कारबाही बदर नहुने**: प्रतिष्ठानको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भै वा प्रतिष्ठानको कुनै संगठनको कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र प्रतिष्ठानबाट भए गरेको काम कारबाही बदर हुने छैन।

४०. **शपथ लिनु पर्ने**: प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि उपकुलपतिले कुलपति समक्ष र बाँकीले उपकुलपति समक्ष तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

४१. **गुणस्तरको मूल्याङ्कन, अनुगमन नियन्त्रण**: प्रतिष्ठानबाट सञ्चालित स्वास्थ्य कार्यक्रमहरुको गुणस्तर मूल्याङ्कन, अनुगमन नियन्त्रण राष्ट्रिय मापदण्डका आधारमा सम्बन्धित काउन्सिलबाट हुनेछ।

४२. **प्रदेश सरकारसँग सम्पर्क**: प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४३. **निर्देशन दिन सक्ने**: प्रतिष्ठानको काम कारबाहीको सम्बन्धमा मन्त्रालयले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ।

४४. **वार्षिक प्रतिवेदन**: (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको सभाबाट स्वीकृत वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुराहरू उल्लेख गर्नु पर्नेछ।

४५. **अधिकार प्रत्यायोजन**: (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा सेवा आयोगले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका कुनै पदाधिकारी वा मातहतका कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४६. **नियम बनाउने अधिकार**: (१) यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) प्रतिष्ठानले यस ऐन र यस अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

४७. **खारेजी र बचाउ**: (१) प्रदेशभित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, २०७५ बमोजिम हेटौंडा अस्पताल अन्तर्गत गठन भएको समिति खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) प्रतिष्ठान स्थापना तथा सञ्चालनका लागि मकवानपुरको हेटौंडा अस्पतालमा उपलब्ध एवम् उपयोग गरिएका सम्पूर्ण चल, अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण, धन लगायत सम्पूर्ण अधिकार तथा दायित्व प्रतिष्ठानमा सरेको मानिनेछ।

(४) यस ऐन बमोजिम अस्पतालको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था नभएसम्मको लागि उपदफा (१) बमोजिम गठित समितिले व्यवस्थापन समितिको काम गर्नेछ।

# प्रदेश राष्ट्रिय वन ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति
२०७६।०६।०२

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |
| २. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ | २०७९।०४।३० |
| ३. प्रदेश आर्थिक ऐन, २०८० | २०८०।०३।३१ |
| ४. प्रदेश आर्थिक ऐन, २०८१ | २०८१।०३।३० |
| ५. प्रदेश आर्थिक ऐन, २०८२ | २०८२।०३।३० |

संवत् २०७६ सालको ऐन नं. १५

**प्रदेशभित्रको राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना**: वनपैदावारको आवश्यकताको परिपूर्ती, सदुपयोग, स्वस्थ वातावरण प्रवर्द्धन र वातावरणीय सेवा प्रवाह गर्न राष्ट्रिय वन, भू-तथा जलाधार, जैविक विविधता, वन्यजन्तु तथा वनस्पतिको संरक्षण तथा व्यवस्थापनका लागि समुदायद्वारा व्यवस्थित विभिन्न वन व्यवस्थापन पद्धति अपनाई प्रदेशको समृद्धि, सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउन र निजी तथा सार्वजनिक जग्गामा वनको विकास र प्रबर्द्धनको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "प्रदेश राष्ट्रिय वन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आखेटोपहार" भन्नाले वन्यजन्तुहरुको जिवीत वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरुको शरीरको कुनै अङ्ग सम्झनु पर्छ।

(ख) "कार्ययोजना" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वनपैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको यस ऐन बमोजिम स्वीकृत वन सम्बन्धी विभिन्न कार्ययोजना सम्झनु पर्छ।

(ग) "खनिजजन्य वनपैदावार" भन्नाले वन क्षेत्रमा भू-सतह वा भूगर्भ भित्र पाइने वा वनक्षेत्र भित्र भएर बग्ने खोला वा नदीमा रहेको वा पाइएको पेट्रोलियम र ग्यााँस पदार्थ बाहेक चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गारिक (इनअर्गानिक) पदार्थ सम्झनु पर्छ।

(घ) "गैरकाष्ठ वनपैदावार" भन्नाले काठ र दाउरा वा काष्ठजन्य बाहेक वनमा रहेका, पाइएका वा वनबाट ल्याइएका सबै वनपैदावार सम्झनु पर्छ र सो शब्दले जडीबुटी समेतलाई जनाउँनेछ।

(ङ) "गैर-व्यवसायिक कबुलियती वन" भन्नाले गरिबीका रेखामुनि रहेका समुदायलाई आय आर्जनका निमित्त दफा ५१ बमोजिम कबुलियती वनको रूपमा प्रदान गरिएको राष्ट्रिय वन सम्झनु पर्छ।

(च) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु स्रोतको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुहरु परस्थानमा प्रदर्शनमा राखी व्यवस्थापन गरिएको स्थान सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मान्यता अनुसार स्थापना गरिने प्राणी उद्यान (जुलोजिकल गार्डेन) समेतलाई जनाउँछ।

(छ) "जलाधार" भन्नाले प्रेसिपिटेशन वा पानी एकीकृत भई एउटै निकासबाट बग्ने पानीढलो क्षेत्र सम्झनु पर्छ। सो शब्दले कुनै नदी, खोला, खोल्सा आदिलाई निकासको आधार मानी त्यस्तो बहाव सँगसँगैको र सोभन्दा माथिल्लो क्षेत्र समेतलाई जनाउँछ।

(ज) "जैविक मार्ग" भन्नाले वन्यजन्तुहरु एक बासस्थानबाट अर्को बासस्थानमा आवत-जावत गर्ने बाटो सम्झनु पर्छ।

(झ) "टाँचा" भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्छ।

(ञ) "डिभिजनल वन अधिकृत" भन्नाले डिभिजन वन कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ठ) "धार्मिक वन" भन्नाले दफा ५५ बमोजिम परापूर्वकालदेखिको ऐतिहासिक पवित्र धार्मिक स्थलको र त्यस वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वनको निश्चित भू-भाग सम्झनु पर्छ।

(ड) "नदीजन्य पदार्थ" भन्नाले यस प्रदेशको नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुंगा, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो सम्झनु पर्छ।

(ढ) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनु पर्छ।

(ण) "निर्देशनालय" भन्नाले प्रदेश सरकारको वन निर्देशनालय सम्झनु पर्छ।

(त) "पट्टावाला" भन्नाले दफा ४९ बमोजिम वन सम्बन्धी पट्टा प्राप्त गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(थ) "पर्यापर्यटन" भन्नाले वन, वन्यजन्तु, वातावरण लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय गतिविधिलाई सम्झनु पर्छ। सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी सञ्चालन गरिने क्रियाकलापहरुलाई समेतलाई जनाउँछ।

(द) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(ध) "प्रदेश वन निर्देशक" भन्नाले वन निर्देशनालयको प्रमुख सम्झनु पर्छ।

(न) "प्रदेश सरकार" भन्नाले ◈बागमती प्रदेशको सरकार सम्झनु पर्छ।

(प) "फाट्टफुट्ट रुख भएको" भन्नाले दश प्रतिशतभन्दा कम छत्र घनत्व भएको वन क्षेत्र सम्झनु पर्दछ।

(फ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको वन सम्बन्धी कार्य जिम्मेवारी रहेको मन्त्रालय सम्झनु पर्छ।

(ब) "राष्ट्रिय वन" भन्नाले प्रदेशभित्र रहेका सामुदायिक वन, धार्मिक वन, कवुलियती वन, संरक्षित वन र प्रदेश सरकारद्वारा व्यवस्थित वन सम्झनु पर्छ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ।

(भ) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरु वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(म) "वन व्यवस्थापन पद्धति" भन्नाले राष्ट्रिय वनको व्यवस्थापनका लागि अपनाइएका सरकारद्वारा व्यवस्थित वन, चकला वन, संरक्षित वन, सामुदायिक वन, धार्मिक वन, व्यवसायिक कबुलियती वन, गैरव्यवसायिक कबुलियती वनलाई सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(य) "वन सम्बन्धी पट्टा" भन्नाले दफा ४९ अन्तर्गत प्रदान गरिएको पट्टा सम्झनु पर्छ।

(र) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको वा वनसँग जोडिएको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेत सम्झनु पर्छ।

(ल) "वन सिमाना चिन्ह" भन्नाले राष्ट्रिय वनको सिमाना छुट्याउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्बा वा चिन्हपट सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्ह समेतलाई जनाउँनेछ।

(व) "वनपैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्छः-

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला, पिपली वा

(२) रुख, बिरुवा, पात, डाँठ, फल, बीज, फूल, भूवा, जरा, गानो, बोक्रा, गम रेजिन, लोहवान, जङ्गली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा सूक्ष्म अङ्ग वा

(३) चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा अन्य खनिज जन्य पदार्थ वा

(४) वन्यजन्तु वा पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार।

(श) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभ सम्झनु पर्छः-

(१) कार्बन सञ्चिति,

(२) जैविक विविधताको संरक्षण,

(३) जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) तोकिए बमोजिमको अन्य लाभ।

(ष) "व्यवसायिक कबुलियती वन" भन्नाले प्रचलित कानून बमोजिम स्थापित कुनै संस्था, वनपैदावारमा आधारित उद्योग वा समुदायलाई दफा ४७

बमोजिम उद्देश्यहरुका लागि कबुलियती वनको रूपमा प्रदान गरिएको राष्ट्रिय वन सम्झनु पर्छ।

(स) "सब-डिभिजन वन कार्यालय" भन्नाले डिभिजन वन कार्यालय अन्तर्गतको वन कार्यालय सम्झनु पर्छ।

(ह) "सरकारद्वारा व्यवस्थित वन" भन्नाले परिच्छेद- ३ बमोजिम प्रदेश सरकारले व्यवस्थापन गर्ने राष्ट्रिय वन सम्झनु पर्छ।

(क्ष) "सामुदायिक वन" भन्नाले सामुहिक हितका लागि वनको विकास, संरक्षण र उपयोग गर्न दफा ३३ बमोजिम सामुदायिक वन उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वन सम्झनु पर्छ।

(त्र) "सिमसार" भन्नाले भूमिगत जलस्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदीबाट प्रभावित जमिन (रिभराइन फल्डप्लेन), ताल (लेक), पोखरी (पोण्ड) र जलभण्डार क्षेत्र (वाटर स्टोरेज एरियाज) समेतलाई जनाउँछ।

✂(ज्ञ) ...........

(ज्ञ१.) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

## परिच्छेद- २

## राष्ट्रिय वनको सीमा निर्धारण र अन्य व्यवस्था

३. **वन सिमाना लगाउन सकिने**: डिभिजनल वन अधिकृतले प्रचलित संघीय वन ऐनमा भएको व्यवस्था बमोजिम यस परिच्छेदमा लेखिएको कुराहरुका अधीनमा रही आफ्नो कार्य क्षेत्रको राष्ट्रिय वनको सिमाना छुटयाई वन सिमाना चिन्ह लगाउन सक्नेछ।

४. **जग्गा प्राप्त गर्ने सूचना**: (१) दफा ३ बमोजिम राष्ट्रिय वनको सिमाना छुट्याउँदा सो वन वा त्यसको सिमानाको संरक्षणका निम्ति डिभिजनल वन अधिकृतले सो वनभित्रको वा सो वनको सिमानासँग जोडिएको सार्वजनिक वा कुनै व्यक्तिको निजी जग्गा र सो जग्गामा बनेको घर, छाप्रो समेत वनको सिमाना भित्र पारी छुट्याउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि डिभिजनल वन अधिकृतले मन्त्रालयको पूर्व स्वीकृति लिई सोको कारण र त्यस्तो जग्गा प्राप्त गर्ने कुराको सार्वजनिक

✂ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

सूचना सम्बन्धित व्यक्तिको घर दैलोमा, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालयमा र सो जग्गा भएको स्थानमा सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचनामा देहायका कुराहरु समेत खुलाउनु पर्नेछः-

(क) प्राप्त गरिने जग्गा वा घर, छाप्रोले ओगटेको क्षेत्रफल र चार किल्ला तथा जग्गाको किसिम,

(ख) त्यस्तो जग्गामा हकदैया भएको वा भोगचलन गरिरहेका सरोकारवाला व्यक्तिहरुले उक्त सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक सत्तरी दिनभित्र डिभिजनल वन अधिकृत समक्ष आफ्ना हकभोगका प्रमाण सहित क्षतिपूर्तिको माग दावी गरी दरखास्त दिन आउनु पर्ने र सो म्याद भित्र दरखास्त दिन नआएमा पछि कुनै उजुर लाग्ने छैन।

५. **घर जग्गा प्राप्त गर्ने कुरामा उजुर गर्नेः** (१) दफा ४ को उपदफा (२) बमोजिम घर जग्गा प्राप्त गरिने कुराको सूचना टाँस भएकोमा सो सूचनामा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सो सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक पैंतीस दिनभित्र निर्देशनालयमा उजुर दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको उजूरीमा आवश्यक जाँचबुझ गरी निर्देशनालयले निर्णय गर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्देशनालयले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

६. **मुआब्जा वा क्षतिपूर्ति रकम निर्धारण र वितरणः** (१) यस परिच्छेद अन्तर्गत प्राप्त गरिने घर, छाप्रो र जग्गाको मुआब्जा वा क्षतिपूर्ति रकमको निर्धारण प्रचलित जग्गा प्राप्ति सम्बन्धी कानून बमोजिम गरिनेछ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएपछि डिभिजनल वन अधिकृतले त्यस्तो रकम लिन आउनु भनी सरोकारवालालाई सूचना दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निर्धारण गरिएको मुआब्जा वा क्षतिपूर्तिको रकम डिभिजनल वन अधिकृतले सरोकारवाला व्यक्तिलाई सरकारी कोषबाट दिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको सूचना पाएको मितिले पैंतीस दिनभित्र क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ। त्यस्तो पुनरावेदनमा मन्त्रालयबाट भएको निर्णय अन्तिम हुनेछ।

(५) उपदफा (२) बमोजिमको सूचना पाएको वा उपदफा (३) बमोजिम निर्णय भएको मितिले पाँच वर्षभित्र उक्त क्षतिपूर्तिको रकम लिन नआएमा सो रकम सरकारी कोषमा जम्मा हुनेछ।

७. **<u>घर जग्गा कब्जामा लिने</u>**: दफा ६ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको सूचना दिएपछि उक्त घर जग्गा डिभिजनल वन अधिकृतले कब्जामा लिन सक्नेछ र सो मितिदेखि उक्त घर जग्गा प्रदेश सरकारको स्वामित्वमा हुनेछ।

८. **<u>राष्ट्रिय वनको सिमानाभित्र निजी जग्गा पार्ने र प्राप्त गर्नमा प्रतिबन्ध</u>**: यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजी जग्गा वा घर, छाप्रो राष्ट्रिय वनको सिमाना भित्र पार्दा वा त्यस्तो जग्गा वा घर, छाप्रो प्राप्त गर्दा देहायमा लेखिएको कुराहरुका अधीनमा रही गर्नु पर्नेछः-

(क) राष्ट्रिय वन बाहिर रीतपूर्वक दर्ता आवाद भैसकेको निजी जग्गा र त्यस्ता जग्गामा रहेका घर, छाप्रो भए सो समेत राष्ट्रिय वन वा त्यसको सिमानाको संरक्षणका लागि प्राप्त गर्न अत्यावश्यक भएमा बाहेक प्राप्त गरिने छैन,

(ख) खण्ड (क) बमोजिम जग्गा प्राप्त गर्दा कुनै एकै व्यक्तिको जग्गामध्ये तराई वा भित्री मधेश भए दुई बिगाहा र उपत्यका र पहाडमा भए चार रोपनी भन्दा बढी जग्गा प्रदेश सरकारको पूर्व स्वीकृति बेगर प्राप्त गरिने छैन र तराई वा भित्री मधेशमा पाँच बिगाहा र उपत्यका र पहाडमा दश रोपनी भन्दा बढी त्यस्तो जग्गा सो जग्गाधनीको मन्जुरीले बाहेक कुनै पनि अवस्थामा प्राप्त गर्न सकिने छैन,

(ग) चारैतिर राष्ट्रिय वनले घेरिएको वा राष्ट्रिय वनभित्रको कुनै व्यक्तिको नाममा दर्ता भैराखेको जग्गा वा घर, छाप्रो जतिसुकै भए पनि प्राप्त गरी राष्ट्रिय वनको सिमानाभित्र पारी छुट्याउन सकिनेछ।

९. **<u>पुरै जग्गा प्राप्त गर्ने</u>**: यस परिच्छेद बमोजिम जग्गाको केही भाग लिने कारबाही गर्दा सो जग्गाको धनीले पुरै जग्गा वा घर, छाप्रो सरकारबाट लिइयोस् भनी निवेदन गरेमा र उक्त स्थानमा निवेदकको केवल दुई विगाहा वा सो भन्दा कम जग्गा रहेछ भने सो जग्गाको केही भाग मात्र लिने गर्नु हुँदैन। पूरै जग्गा वा घर, छाप्रो यस परिच्छेद बमोजिम गरी लिनु पर्नेछ।

१०. **<u>अदालतले पाए सरहको अधिकार हुने</u>**: यस परिच्छेद बमोजिम आफू समक्ष पेश हुन आएको कुनै कुराको निर्णय गर्नका लागि सरोकारवाला व्यक्तिहरु र निजहरुको साक्षिहरुलाई झिकाउने, बुझ्ने, म्याद तारेख दिने र निजहरुबाट लिखत गराउने समेत मन्त्रालय, निर्देशनालय, डिभिजनल वन अधिकृत र प्रचलित जग्गा प्राप्ति सम्बन्धी कानूनमा तोकिएको समितिलाई प्रचलित कानून बमोजिम अदालतले पाए सरहको अधिकार हुनेछ।

११. **<u>निजी जग्गाको लगत काट्ने</u>**: (१) यस परिच्छेद बमोजिम कुनै व्यक्तिको निजी जग्गा प्राप्त गरी राष्ट्रिय वनभित्र पारी छुट्याइएपछि त्यसरी प्राप्त गरिएको निजी जग्गाको क्षेत्रफल, साँध, किल्ला, मौजा इत्यादि सबै विवरण खोली डिभिजनल वन अधिकृतले सम्बन्धित मालपोत वा गाउँपालिका वा नगर कार्यपालिकाको कार्यालयलाई जानकारी दिनु पर्नेछ र

सो बमोजिम मालपोत वा गाउँपालिका वा नगरकार्यपालिकाको कार्यालयले पनि जग्गाको मालपोत वा करको लगत कट्टा गर्न कारबाही गरी त्यसको जानकारी प्रदेश सरकार र निर्देशनालयमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लगत कट्टा हुने जग्गाको धनीले सो जग्गा राष्ट्रिय वन भित्र पारी छुट्याएको मितिदेखि सो जग्गाको मालपोत वा अरु कुनै किसिमको कर बुझाउनु पर्ने छैन।

१२. **<u>बल प्रयोग गर्न सक्ने</u>ः** डिभिजनल वन अधिकृतले यस परिच्छेद बमोजिम कारबाही गर्दा वा जग्गा वा घर, छाप्रो कब्जामा लिंदा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्न सक्नेछ।

१३. **<u>जग्गा दर्ता गर्न नहुने</u>ः** (१) राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) मा लेखिएको जग्गा दर्ता गरे गराएको पाइएमा दर्ता स्वतः बदर हुनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता बदर भएको जग्गाको विवरण मन्त्रालयमा पठाउनुका साथै लगत कट्टा गर्न डिभिजनल वन अधिकृतले सम्वन्धित मालपोत वा गाउँपालिका वा नगर कार्यपालिकाको कार्यालयलाई लेखी पठाउनु पर्नेछ। त्यसरी लेखी आएको सात दिनभित्र सम्बन्धित मालपोत वा गाउँपालिका वा नगरपालिकाको कार्यालयले लगत कट्टा गरी सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले राष्ट्रिय वनको कुनै भाग नेपाल सरकारको स्वीकृति बेगर गैरकानूनी रुपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता पनि यो ऐन प्रारम्भ भएपछि स्वतः बदर हुनेछ र त्यस्ता दर्ताको लगत कट्टा गरिनेछ।

(५) राष्ट्रिय वनभित्रको जग्गा कसैले दर्ता गरे गराएमा प्रचलित संघीय वन ऐनमा भएको व्यवस्था बमोजिम सजाय हुनेछ।

१४. **<u>बस्ती स्थानान्तरण गर्न सक्ने</u>ः** (१) राष्ट्रिय वनको संरक्षणका लागि कुनै बस्ती वा गाउँ नै स्थानान्तरण गर्न आवश्यक ठानेमा प्रदेश सरकारले यस परिच्छेद बमोजिमको प्रक्रिया अपनाई स्थानान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण हुने बस्ती अन्यत्र वन क्षेत्रमा नै राख्नु पर्ने भएमा प्रदेश सरकारले नेपाल सरकारको सहमतिमा आवश्यक निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम वा यो ऐन प्रारम्भ हुनुअघि वन ऐन, २०४९ बमोजिम स्थायी रूपमा बसोबास र पुनर्वास गरिएका जग्गाहरुमा त्यस्तो जग्गा प्रदान गर्दाको बखतदेखि नै रहेका रुखहरु सरकारको स्वामित्वमा रहनेछन्। त्यस्ता रुखहरु प्रदेश सरकारले यथासम्भव चाँडो हटाउनु पर्नेछ।

१५. **राष्ट्रिय वनमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने**: (१) नेपाल सरकार वा प्रदेश सरकार वा डिभिजनल वन अधिकृतबाट पट्टा, पुर्जी वा प्रमाणपत्र प्राप्त गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

(२) नेपाल सरकार वा प्रदेश सरकार वा डिभिजनल वन अधिकृतको आदेश बमोजिम बाहेक कुनै व्यक्तिले उपदफा (१) बमोजिम राष्ट्रिय वनमा आफूले पाएको हक वा सहुलियत अरु कसैलाई बिक्री बन्धक, दान दातव्य वा सट्टा गरी वा अरु कुनै प्रकारले हक छोडिदिनु हुँदैन।

१६. **राष्ट्रिय वन क्षेत्रमा प्रवेश निषेध**: वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले मन्त्रालयको स्वीकृति लिई राष्ट्रिय वनको कुनै भागमा निश्चित समयका लागि सूचना प्रकाशित गरी प्रवेश निषेध गर्न सक्नेछ।

तर डिभिजनल वन अधिकृतले तोकिदिएको बाटोबाट आवत जावत गर्न यसले कुनै प्रतिबन्ध लगाएको मानिने छैन।

१७. **राष्ट्रिय वनको व्यवस्थापन**: (१) डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रको राष्ट्रिय वनको रणनीतिक योजना तयार गरी निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ। रणनीतिक योजना बनाउँदा सामुदायिक वनका प्रतिनिधिहरुलाई समेत सहभागी गराइनेछ।

(२) डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको व्यवस्थापन सरकारद्वारा व्यवस्थित वन, चकला वन, संरक्षित वन, सामुदायिक वन, धार्मिक वन, गैर-व्यवसायिक कबुलियती वन र व्यवसायिक कबुलियती वनको वन व्यवस्थापन पद्धति अपनाई गर्नेछ।

(३) प्रदेश सरकारले आवश्यक ठानेमा वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन भइरहेको एउटा राष्ट्रिय वनको केही भाग वा पुरै भागलाई कुनै अर्को वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको वन व्यवस्थापन गर्दा वन्यजन्तुको वासस्थान व्यवस्थापनका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, चक्ला वन, संरक्षित वन व्यवस्थापन गर्दा सिल्भिकल्चर र वन व्यवस्थापनको सिद्धान्तमा रही कार्ययोजना बनाई सम्बन्धित निकायबाट स्वीकृत गराई ढलापडा, सुकेका, मरेका र उमेर पुगेका बुढा रुखहरु हटाइनेछ।

(६) उपदफा (५) बमोजिम कार्ययोजना कार्यान्वयन गर्दा कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समूहले पुर्नउत्पादनको सुनिश्चितता तथा वनको संरक्षण र सम्बर्द्धन गर्नु पर्नेछ।

(७) उपदफा (२) बमोजिम कार्ययोजना बनाउँदा पहाडी क्षेत्रमा हैसियत बिग्रेको वनमा वैज्ञानिक अध्ययन अनुसन्धानको आधारमा तोकिए बमोजिम प्रक्रिया पूरा गरी प्रजाति रुपान्तरण गर्न सकिनेछ।

१८. **<u>वनपैदावारको बिक्री वितरण</u>**: (१) प्रदेश सरकारले वनपैदावारमध्ये काठ र दाउराको बिक्री वितरण र आपूर्तिका लागि तोकिए बमोजिमको संरचना तयार गरी व्यवस्था गर्नेछ।

(२) प्रदेश सरकारले तोकिए बमोजिमको वनपैदावारमा आधारित उद्योगलाई तोकिए बमोजिम कच्चा पदार्थ उपलब्ध गराउन सक्नेछ।

(३) वनपैदावारको उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसार पसार गर्न तोकिएको निकाय वा अधिकारीले तोकिए बमोजिम इजाजत दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य वा दस्तुर तोकिए बमोजिम हुनेछ।

१९. **<u>अध्ययन अनुसन्धानका लागि वनक्षेत्र उपलब्ध गराउन सक्ने</u>**: (१) अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शन गर्ने अभिप्रायले सरकारी स्वामित्वमा रहेका अनुसन्धान गर्ने निकाय, विश्वविद्यालय वा शैक्षिक संस्थाले वनक्षेत्र माग गरेमा तोकिए बमोजिमको प्रक्रियाको आधारमा मन्त्रालयले सोही प्रयोजनका लागि निश्चित अवधि तोकी राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको वन क्षेत्रको तोकिएको दस्तुर प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

२०. **<u>अध्ययन अनुसन्धानका लागि अनुमतिपत्र लिनु पर्ने</u>**: (१) राष्ट्रिय वन क्षेत्रभित्र वन, वनस्पति तथा वन्यजन्तुका लागि अध्ययन, अनुसन्धान तथा नमुना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिम अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नमुना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको दस्तुर प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

२१. **<u>जडीबुटी अनुसन्धान केन्द्र स्थापना गर्न सकिने</u>**: प्रदेश सरकारले जडीबुटी तथा सुगन्धित वनस्पतिको अध्ययन, अनुसन्धान, उत्पादन, प्रदर्शनी र व्यवसायिक खेती प्रवर्द्धनका लागि प्रदेशमा तोकिए बमोजिमको एक जडीबुटी विकास तथा खेती अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ।

२२. **<u>साझेदारीमा जडीबुटी खेती गर्न सकिने</u>**: (१) प्रदेश सरकारले तोकिए बमोजिम सार्वजनिक निजी साझेदारीमा जडीबुटी खेती प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवं बजार प्रवर्द्धन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीमा गरिने जडीबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादनका लागि मन्त्रालयले रुख नभएको वा फाट्टफुट्ट रुख भएको राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउन सक्नेछ।

२३. **पर्यापर्यटन कार्यक्रम सञ्चालनः** (१) कुनै गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न र त्यस्तो वन पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि उपयुक्त देखिएमा प्रदेश सरकारले पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई तोकिए बमोजिम सहमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको वनक्षेत्र उपभोक्ता समूहद्वारा व्यवस्थापन हुँदै आएको भएमा सम्बन्धित उपभोक्ता समूहको पूर्व सहमति लिनु पर्नेछ।

२४. **सिमसार क्षेत्रको व्यवस्थापनः** डिभिजनल वन अधिकृतले राष्ट्रिय वनभित्र पर्ने सिमसार क्षेत्रलाई तोकिए बमोजिम व्यवस्थापन गर्न सक्नेछ र यस्ता सिमसार क्षेत्रमा तोकिए बमोजिम पर्यापर्यटन कार्यक्रम समेत सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद- ३

## सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

२५. **सरकारद्वारा व्यवस्थित वनको कार्ययोजनाः** (१) सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनका लागि डिभिजन वन कार्यालयले तोकिए बमोजिम कार्ययोजना तयार गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा निर्देशनालयले त्यस्तो कार्ययोजना डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित पठाएपछि सो कार्ययोजना निर्देशनालयले स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रमा लागू गर्नेछ।

(४) सरकारद्वारा व्यवस्थित वनको वन पैदावारमा प्रदेश सरकारको स्वामित्व रहनेछ।

२६. **चकला वनः** (१) वनको उत्पादकत्व वृद्धि गर्ने प्रयोजनका लागि सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई डिभिजन वन कार्यालयले चार किल्ला तोकी चकला वनको रूपमा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन गरिने चकला वन प्रदेश सरकारले तोकिए बमोजिम प्रतिस्पर्धाको आधारमा तोकिएको अवधिका लागि निजी तथा सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सङ्गठित सस्थाहरुसँगको साझेदारीमा समेत व्यवस्थापन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम चकला वनको व्यवस्थापनका लागि दफा २५ बमोजिम कार्ययोजना स्वीकृत गरी लागू गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थापन गरिने चकला वनको लागत तथा वनपैदावारको बाँडफाँट तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम व्यवस्थापन गरिने चकला वनको व्यवस्थापन कार्यमा कार्ययोजना विपरीत कार्य गरी वन क्षेत्रको हानि नोक्सानी गरेमा, वन तथा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने क्रियाकलाप भएको पाइएमा मन्त्रालयको स्वीकृति लिई डिभिजनल वन अधिकृतले साझेदारलाई हटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम साझेदारलाई हटाउनु पूर्व सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(७) उपदफा (५) बमोजिमको हानि नोक्सानी भएको पाइएमा हटाइएका साझेदारलाई प्रचलित संघीय वन ऐन बमोजिम राष्ट्रिय वनमा कसूर गरे सरह कारबाही हुनेछ।

(८) उपदफा (५) बमोजिम साझेदारीबाट हटाउँदैमा उपदफा (७) बमोजिम राष्ट्रिय वनको कसूरमा कारबाही गर्न बाधा परेको मानिने छैन।

(९) उपदफा (२) बमोजिम निजी क्षेत्रसँग साझेदारीमा व्यवस्थापन गरिने चकला वन त्यस्तो अवधि समाप्त भएपछि तोकिए बमोजिम स्वतः निःशुल्क प्रदेश सरकारमा हस्तान्तरण हुनेछ।

२७. **सरकारद्वारा व्यवस्थित वनमा अन्य कार्य गर्नमा प्रतिबन्धः** कार्ययोजनाले निर्दिष्ट गरेका कार्य तथा वन विकास कार्य बाहेक सरकारद्वारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न पाइने छैन।

तर मन्त्रालयबाट स्वीकृत कार्यविधिको अधीनमा रही वैज्ञानिक अध्ययन वा अनुसन्धान गर्न बाधा परेको मानिने छैन।

## परिच्छेद- ४

## ♣वन संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

२८. ✂............

२९. ✂............

३०. ✂............

♣ केहि प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

✂ केहि प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

◆३०क. <u>वन संरक्षण क्षेत्रको व्यवस्थापन:</u> (१) वन संरक्षणको घोषणा, कार्ययोजना, त्यस्तो क्षेत्रको व्यवस्थापन प्रचलित सङ्घीय वन सम्बन्धी कानून अनुसार हुनेछ।

(२) साबिकमा प्रदेशमा रहेका संरक्षित वन स्वतः वन संरक्षण क्षेत्रमा रुपान्तरण भएको मानिनेछ।

३१. *<u>वन संरक्षण क्षेत्रको उपभोक्ता समूह दर्ता:</u> (१) दफा ३० बमोजिम गठन गरिएको उपभोक्ता समूह दर्ता गराउन उपभोक्ताले विधानसहित तोकिए बमोजिमको ढाँचामा डिभिजनल वन अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो समूहलाई तोकिए बमोजिम दर्ता गरी तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागू हुनुभन्दा अगाडि दर्ता भै सञ्चालनमा रहेका प्रदेश भित्र रहेका सामुदायिक वन, धार्मिक वन, कवुलियती वन र *<u>वन संरक्षण क्षेत्र</u> यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

३२. <u>उपभोक्ता समूहको कोष</u>: (१) समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यका रकम,

(ग) वनपैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(घ) जरिबानाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषमा प्राप्त भएको रकममध्ये कम्तीमा पचास प्रतिशत रकम *<u>वन संरक्षण क्षेत्रको</u> विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ।

(४) समूहले उपदफा (३) बमोजिम वनको विकासका निमित्त खर्च गरी कोषमा बाँकी रहेको रकम अन्य विकास कार्यमा खर्च गर्न सक्नेछ।

(५) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

◆ केहि प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

* केहि प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

## परिच्छेद- ५

## सामुदायिक वन सम्बन्धी व्यवस्था

३३. **सामुदायिक वन हस्तान्तरणः** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा समूह भित्र स्वतन्त्र रुपले वनपैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिसमा डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रूपमा उपभोक्ता समूहलाई हस्तान्तरण गर्न सक्नेछ। त्यसरी सामुदायिक वन हस्तान्तरण गर्दा डिभिजनल वन अधिकृतले सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि डिभिजनल वन अधिकृतले उपभोक्ताहरुलाई परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

३४. **कार्ययोजना सम्बन्धी व्यवस्थाः** (१) दफा ३३ बमोजिम तोकिएको ढाँचामा तयार गरिएको कार्ययोजना समूहले डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।

(२) सामुदायिक वनको कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ।

(३) तीस हेक्टरभन्दा कम क्षेत्रफल भएको सामुदायिक वनको कार्ययोजना पुनरावलोकनको लागि उपभोक्ता समूहले तयार गरेको वन कार्ययोजना डिभिजनल वन अधिकृतले तोकेको अधिकृतबाट चेकजाँच गर्न लगाई सम्बन्धित सव डिभिजन कार्यालयको प्रमुख (अधिकृतस्तर) बाट स्वीकृत गराई लागू गर्नु पर्नेछ र सोको जानकारी सात दिनभित्र डिभिजन वन कार्यालयमा दिनु पर्नेछ।

(४) तीस हेक्टरभन्दा बढी क्षेत्रफल भएको सामुदायिक वनको पुनरावलोकनका लागि उपभोक्ता समूहले तयार गरेको वन कार्ययोजना सम्बन्धित डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।

३५. **कार्ययोजनामा संशोधनः** (१) उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापन सम्बन्धी कार्ययोजनामा आवश्यकता अनुसार समयानुकूल संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधनको लिखित जानकारी डिभिजनल वन अधिकृतलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजनल वन अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र उपभोक्ता समूहलाई सो संशोधन लागू नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ।

३६. **सामुदायिक वन फिर्ता लिन सकिने**: (१) दफा ३३ बमोजिम सुम्पिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित उपभोक्ता समूहलाई सफाइ पेश गर्ने मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले तोकिए बमोजिम प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ। त्यस्तो उजुरीमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

(३) उपदफा (१) बमोजिम फिर्ता लिएको सामुदायिक वन सोही दफाको उपदफा (२) बमोजिम तत्सम्बन्धी निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले साविककै उपभोक्ता समूहलाई पुनः सुम्पनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम फिर्ता लिएको सामुदायिक वन सोही दफाको उपदफा (२) बमोजिम तत्सम्बन्धी निर्णय सदर भएमा डिभिजनल वन अधिकृतले दफा ३३ बमोजिमको प्रक्रिया पूरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन सुम्पन सक्नेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहका पदाधिकारीहरुले समुदायको हितका नाममा विधान र कार्ययोजना विपरीत कुनै काम कारबाही गरेमा त्यस्ता पदाधिकारीलाई राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

(६) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहका पदाधिकारीहरुले समुदायको हितको नाममा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारबाही गरेमा निजहरुलाई प्रचलित संघीय कानून बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन।

(७) उपभोक्ता समूहका पदाधिकारीलाई उपदफा (५) बमोजिम कारबाहीको सिलसिलामा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भएमा स्वतः निलम्बन हुनेछ।

३७. **कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजाय**: (१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले समूहको स्वीकृत विधान र कार्ययोजना बमोजिम सजाय गर्न सक्नेछ र कुनै हानि नोक्सानी भएकोमा विगो समेत असुल उपर गर्न सक्नेछ। तर उपभोक्ता समूहका सदस्यभन्दा बाहिरको व्यक्ति भएमा राष्ट्रिय वनमा कसूर गरे सरह प्रचलित संघीय कानून बमोजिमको सजाय हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरी भएको हानि नोक्सानीको आधारमा राष्ट्रिय वनमा कसूर गरे बमोजिमको सजाय हुन उपभोक्ता समूहबाट सिफारिस भई आएमा डिभिजनल वन अधिकृतले सोही बमोजिम कारबाही अगाडि बढाउन सक्नेछ।

३८. **सामुदायिक वनको वनपैदावार बिक्री वितरणः** (१) सामुदायिक वनको कार्ययोजना बमोजिम प्राप्त हुने वनपैदावारमध्ये समूहले आफ्ना सदस्यलाई बिक्री वितरण गरी खपत नभएको वनपैदावार तोकिए बमोजिम समूह बाहिर बिक्री वितरण गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम समूह बाहिर विक्री वितरण गर्ने वन पैदावार दफा १८ मा व्यवस्था भए बमोजिम हुनेछ।

(३) समूहभन्दा बाहिर बिक्री वितरण गरिएको वनपैदावार (काठ र दाउरा) बिक्रीबाट प्राप्त रकमको *दश प्रतिशत रकम सेवा शुल्क वापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

✝(३क) समूहभन्दा बाहिर बिक्री वितरण गरिएको वन पैदावार (काठ र दाउरा) बिक्रीबाट प्राप्त रकममा डढेलो व्यवस्थापन शुल्क बापत प्रति क्यू फिट रु. २ का दरले प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(४) समूहभित्र खपत भएको वनपैदावार (काठ र दाउरा) बिक्रीबाट प्राप्त रकमको ❖एक प्रतिशत रकम सेवा शुल्क बापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

३९. **वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) सामुदायिक वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयबाट स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेको वन उद्यम तथा तोकिए बमोजिम पर्यापर्यटनका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन विकासका लागि बढीमा पाँच हेक्टरसम्म वन क्षेत्र प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम पर्यापर्यटन कार्यक्रम सञ्चालनबाट प्राप्त शुल्कको *सात प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

४०. **सहयोग लिन सक्नेः** यस परिच्छेद बमोजिमको कार्यका लागि उपभोक्ता समूहले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी तथा गैरसरकारी संस्थासँग सहयोग लिन सक्नेछन्।

तर त्यस्तो सहयोग लिनु अगावै प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

४१. **सामुदायिक वनमा कबुलियती वन दिन सकिनेः** (१) समूहले आफ्ना उपभोक्ताको आयआर्जनका लागि आफ्नो सामुदायिक वनको कुनै भाग तोकिए बमोजिम गरिबीको

---

* प्रदेश आर्थिक ऐन, २०८१ द्वारा संशोधित।

✝ प्रदेश आर्थिक ऐन, २०८२ द्वारा थप।

❖ प्रदेश आर्थिक ऐन, २०८२ द्वारा संशोधित।

रेखामुनिका उपभोक्तालाई  कबुलियती वनको रूपमा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कबुलियती वनको कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नेछ।

## परिच्छेद- ६

## सामुदायिक वन उपभोक्ता समूहको गठन सम्बन्धी व्यवस्था

४२. **सामुदायिक वन उपभोक्ता समूहको गठनः** (१) सामुहिक हितका लागि कुनै वनको विकास र संरक्षण गर्न तथा वनपैदावारको उपयोग गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताहरुले तोकिए बमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह गठन तथा विधान तयार गर्न माग भई आएमा डिभिजनल वन अधिकृतले प्राविधिक कर्मचारी खटाउन सक्नेछ।

(३) यस अघि संघीय वन ऐन, २०४९ अन्तर्गत दर्ता भएका समूहहरुको विवरण सम्बन्धित डिभिजन वन कार्यालयले अद्यावधिक गरी निर्देशनालय र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा समेत पठाउनु पर्नेछ।

४३. **सामुदायिक वन उपभोक्ता समूहको दर्ताः** (१) दफा ४२ बमोजिम गठन गरिएको सामुदायिक वन उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ता समूहको विधान र सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिस साथ तोकिए बमोजिमको ढाँचामा डिभिजन वन कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा डिभिजन वन कार्यालयले आवश्यक जाँचबुझ गरी उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी तोकिएको ढाँचामा सामुदायिक वन दर्ताको प्रमाणपत्र दिनु पर्नेछ र सो को जानकारी निर्देशनालय र सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई समेत गराउनु पर्नेछ।

४४. **सामुदायिक वन उपभोक्ता समूह सङ्गठित संस्था हुनेः** (१) दफा ४२ बमोजिम गठित उपभोक्ता समूह एक अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, सङ्गठित र समावेशीमूलक संस्था हुनेछ।

(२) सामुदायिक वन उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) सामुदायिक वन उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(४) सामुदायिक वन उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले हरेक आर्थिक वर्षको तीन महिनाभित्रमा साधारण सभा गर्नु पर्नेछ।

४५. **सामुदायिक वन उपभोक्ता समूहको कोषः** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष

हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यका रकम,

(ग) वनपैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(घ) जरिबानाबाट प्राप्त रकम,

(ङ) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको रकम समूहले कम्तीमा पच्चीस प्रतिशत रकम सामुदायिक वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम खर्च गरी बाँकी रहेको रकम अन्य विकास कार्यमा खर्च गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको रकम सामुदायिक वन उपभोक्ता समूहले सम्बन्धित गाउँपालिका वा नगरपालिकासँगको समन्वयमा खर्च गर्नु पर्नेछ।

(६) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. **प्रतिवेदन दिनु पर्नेः** (१) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा तोकिए बमोजिम सामुदायिक वनको स्थिति खुलाइएको वार्षिक प्रगति प्रतिवेदन र तीन महिना भित्रमा तोकिए बमोजिम वार्षिक आर्थिक प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिका र सव-डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनहरुको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिका र डिभिजन वन कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ।

## परिच्छेद- ७

## कबुलियती वन सम्बन्धी व्यवस्था

४७. **व्यवसायिक कबुलियती वन प्रदान गर्नेः** (१) प्रदेश सरकारले प्रचलित संघीय वन ऐनमा व्यवस्था भए बमोजिम देहायका उद्देश्यहरुका लागि राष्ट्रिय वनको कुनै भाग तोकिएको मूल्यमा नघट्ने गरी प्रतिस्पर्धाको आधारमा कबुलियती वनको रूपमा प्रदान गर्न सक्नेछः-

(क) वनपैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वनपैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली वा पशु फर्म सञ्चालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फार्म वा प्राणी उद्यान सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न।

(२) उपदफा (१) मा उल्लेखित उद्देश्यहरुका लागि कबुलियती वन लिन चाहने प्रचलित कानून बमोजिम स्थापित सङ्गठित संस्था, सहकारी संस्था, उद्योग वा समुदायले आफूले कबोल गरेको रकम वार्षिक रूपमा तिर्नु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम कबुलियती वन प्राप्त गर्ने सङ्गठित संस्था, उद्योग वा समुदायले सेवा शुल्क बापत सेवाग्राहीबाट लिने रकमको शून्य दशमलव पाँच प्रतिशत रकम सरकारलाई बुझाउनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु अगावै वन सम्बन्धी पट्टा प्राप्त गर्नेहरुले समेत यो ऐन लागू भएपछि उपदफा (३) बमोजिमको शुल्क तिर्नु पर्नेछ।

४८. **<u>व्यवसायिक कबुलियती वन प्रदान गर्ने सूचनाः</u>** (१) डिभिजन वन कार्यालयले तयार गरेको रणनीतिक योजनाको आधारमा कबुलियती वन उपलब्ध गराउन सकिने वन क्षेत्रको विषयमा वन निर्देशनालयले आवश्यक विवरण सहितको सूचना निकाल्न सक्नेछ।

(२) प्रचलित कानून बमोजिम स्थापित, सङ्गठित संस्था, उद्योग वा समुदायले तोकिए बमोजिमको विवरण सहित प्रदेश वन निर्देशक समक्ष निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा प्रदेश वन निर्देशकले आवश्यक जाँचबुझ गरी प्रतिस्पर्धाको आधारमा कबुलियती वन उपलब्ध गराउन सूचना निकाल्नु पर्नेछ।

(४) उपदफा (१) र उपदफा (३) बमोजिमको सूचनामा निवेदक लगायत इच्छुक सबैले भाग लिन सक्नेछन्।

(५) सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र तोकिए बमोजिम आवश्यक जाँचबुझका लागि निर्देशनालयले मन्त्रालय मार्फत प्रदेश सरकारमा पेश गर्नेछ।

४९. **<u>व्यवसायिक कबुलियती वनको पट्टाः</u>** दफा ४७ बमोजिम प्रदेश सरकारबाट व्यवसायिक कबुलियती वन दिने गरी स्वीकृति प्राप्त भएमा मन्त्रालयले स्वीकृति प्राप्त भएको मितिले तीस दिन भित्र तोकिए बमोजिम वन सम्बन्धी पट्टा तयार गरी तोकिएको दस्तुर लिई निवेदकलाई सो पट्टासहित कबुलियती वन प्रदान गर्न निर्देशनालयलाई जानकारी दिनेछ र निर्देशनालयले कबुलियती वनको पट्टा दिनु पर्नेछ।

**५०. व्यवसायिक कबुलियती वन फिर्ता लिन सकिनेः** (१) दफा ४७ बमोजिम प्रदान गरिएको कबुलियती वनमा पट्टावालाले वन सम्बन्धी पट्टा बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन नगरेमा प्रदेश वन निर्देशकले तोकिए बमोजिम वन सम्बन्धी पट्टा खारेज गरी त्यस्तो कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ र हानि नोक्सानी भएको भएमा विगो समेत भराउनेछ।

तर त्यसरी वन सम्बन्धी पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित पट्टावालालाई आफ्नो सफाइ पेश गर्न मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश वन निर्देशकले गरेको निर्णय उपर चित्त नबुझ्ने पट्टावालाले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

**५१. गैर व्यवसायिक कबुलियती वन दिन सकिनेः** (१) डिभिजनल वन अधिकृतले गरिबीका रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरण गर्न र वनको संरक्षण र विकास हुने गरी तोकिए बमोजिम समूह गठन गरी राष्ट्रिय वनको फाट्टफुट्ट रुख भएको कुनै भाग तोकिए बमोजिमको प्रक्रिया पूरा गरी कबुलियती वनको रूपमा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियती वन प्रदान गर्दा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो वन कबुलियती वनको रूपमा प्रदान गर्न उपयुक्त देखेमा सोको निर्णय गरी निवेदकलाई दर्ता प्रमाणपत्र दिनु पर्नेछ। यसरी प्रदान गरिने कबुलियती वनको व्यवस्थापन सम्बन्धी कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कबुलियती वन प्रदान गर्दाको बखत रहेका रुखहरुको स्वामित्व सरकारको हुनेछ। ती रुखहरु संरक्षण गरे बापत सोबाट प्राप्त हुने आयको तोकिए बमोजिमको हिस्सा कबुलियती वन समूहलाई दिइनेछ।

(४) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कार्ययोजना बमोजिम समूहले लगाई हुर्काएका रुख विरुवाको स्वामित्व समूहको हुनेछ र समूहले उक्त रुखहरु तोकिए बमोजिम बिक्री वितरण गर्न सक्नेछ।

**५२. गैर व्यवसायिक कबुलियती वन फिर्ता लिन सकिनेः** (१) दफा ५१ बमोजिम प्रदान गरिएको कबुलियती वनमा समूहले कार्ययोजनामा उल्लेख भए बमोजिमका कार्यहरु सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत कार्यहरु गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो समूहको दर्ता

खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ र हानि नोक्सानी भएको भएमा विगो समेत भराउनेछ।

तर त्यसरी समूहको दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित समूहलाई आफ्नो सफाइ पेश गर्न मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने समूहले प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ। त्यस्तो उजुरीमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

५३. **कार्ययोजना विपरीत कार्य गर्नेलाई सजायः** व्यवसायिक कबुलियती वनको पट्टावाला वा गैर-व्यवसायिक कबुलियती वन उपभोक्ता समूह वा अन्य कसैले कार्ययोजना विपरीतको कुनै काम गरेमा वा वनमा हानि नोक्सानी पुऱ्याउने कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति, संघ संस्था, समूह वा समुदायलाई राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

५४. **खनिज कार्यका लागि कबुलियतमा वन क्षेत्र दिन सकिनेः** (१) राष्ट्रिय वन भित्र खनिज पदार्थ भए नभएको खोजतलास गर्नु पर्ने भएमा मन्त्रालयको सहमति लिनु पर्नेछ।

(२) खोजतलास कार्यबाट राष्ट्रिय वन भित्र खनिज पदार्थ रहेको भन्ने पत्ता लागी वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा खानी उत्खनन् कार्यका लागि अनुमति जारी गर्ने निकायले मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति जारी भएमा तोकिए बमोजिमको रकम लिई प्रदेश सरकारले निश्चित अवधिका लागि खनिज कार्य गर्न उत्खननकर्तालाई कबुलियतनामा गराई वनक्षेत्र उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम वनको प्रयोग गर्न स्वीकृति दिंदा कुनै व्यक्ति वा समुदाय वा वातावरणलाई हानि नोक्सानी हुने भएमा उत्खननकर्ताले तत्सम्बन्धमा उपयुक्त व्यवस्था गरी दिनु पर्नेछ।

(५) सरकारको खनिज कार्यसँग सम्बन्धित निकायले पहिचान गरी प्रमाणित गरेको स्थान र वनक्षेत्रभित्र बग्ने नदी बाहेक राष्ट्रिय वनक्षेत्र भित्रबाट निर्माणका लागि प्रयोग हुने ढुङ्गा, ग्राभेल, बालुवा जस्ता खनिज पदार्थ र माटो उत्खनन गरिने छैन्।

(६) खनिजजन्य वनपैदावारको उत्खनन्, सङ्कलन, ओसारपसार तथा बिक्री वितरण प्रचलित खानी तथा खनिज पदार्थ सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## धार्मिक वन सम्बन्धी व्यवस्था

५५. **धार्मिक वन सुम्पन सकिनेः** (१) परापूर्व कालदेखिको ऐतिहाँसिक पवित्र धार्मिक स्थलको र त्यस वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक

निकाय, समूह वा समुदायले त्यसको वरिपरिको राष्ट्रिय वन धार्मिक वनको रूपमा व्यवस्थापन गर्न चाहेमा राष्ट्रिय वनको निश्चित भाग प्रदेश सरकारले धार्मिक वनको रूपमा सुम्पन सक्नेछ।

(२) उपदफा (१) बमोजिम धार्मिक वन सुम्पदा उपभोक्ताहरुको परम्परागत हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ।

५६. **धार्मिक वनको कार्ययोजना**: (१) दफा ५५ बमोजिमको प्रयोजनका लागि कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरु तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलेको कार्ययोजनासहित डिभिजन वन कार्यालय मार्फत स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) धार्मिक वन लिने निकायले आफ्नो धार्मिक वन भित्र कार्ययोजनामा उल्लेखित बाहेक अन्य कुनै काम गर्न पाइने छैन।

५७. **धार्मिक वनमा वन सम्बन्धी कार्यको सञ्चालन**: (१) धार्मिक वनमा रहेका वनपैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले व्यापारिक प्रयोजन बाहेकका सोही धार्मिक स्थलमा हुने धार्मिक कार्यमा उपयोग गर्न सक्नेछ।

तर सोही धार्मिक वनभित्र हुने धार्मिक कार्य वाहेक अन्य धार्मिक कार्यमा प्रयोग गर्नु पर्ने भएमा प्रदेश सरकारले निर्णय गर्नेछ।

(२) धार्मिक वनभित्र वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रूपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न वा कुनै भौतिक पूर्वाधार निर्माण गर्न पाइने छैन।

(३) कुनै प्राकृतिक विपत्ति वा अन्य कारणबाट धार्मिक वनमा भएको रुखहरु सुकेमा वा ढलेमा डिभिजनल वन अधिकृतले त्यस्ता रुखहरु सङ्कलन गरी आएका वनपैदावारहरुमध्ये धार्मिक कार्यलाई आवश्यक पर्ने वनपैदावार सम्बन्धित धार्मिक निकायलाई हस्तान्तरण गरी बाँकी रहेको वनपैदावार नियमानुसार बिक्री वितरण गर्न सक्नेछ। त्यस्तो बिक्री वितरणबाट प्राप्त रकम सरकारको सञ्चित कोषमा जम्मा गरिनेछ।

५८. **धार्मिक वन फिर्ता लिन सकिने**: (१) दफा ५५ बमोजिम सुम्पिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ५६ र दफा ५७ विपरीतको कार्य गरेमा वा धार्मिक वनमा गर्नु पर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नु पर्ने कुराहरु पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई सफाइ पेश गर्ने मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम भएको निर्णय उपर चित्त नबुझेमा धार्मिक निकाय, समूह वा समुदायले तोकिए बमोजिम प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ। त्यस्तो उजूरीमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद- ९

## निजी तथा सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था

५९. **निजी वन सम्बन्धी व्यवस्था**: (१) निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वनपैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) निजी वन धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ।

(३) निजी वन तथा वनपैदावार उपयोग सम्बन्धमा तेरो मेरोको विवाद परेमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले छिनोफानो गर्नेछ।

(४) कसैले आफ्नो निजी वनको नाममा राष्ट्रिय वन हानि नोक्सानी गरेमा वा वन क्षेत्र अनाधिकृत रूपमा कब्जा गरेमा राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ।

६०. **निजी वनको प्रमाणपत्र**: (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ता गराई पाउँ भनी गाउँपालिका वा नगरपालिकामा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका निवेदनमा सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिसमा आवश्यक लगत खडा गरी गाउँपालिका वा नगरपालिकाले तोकिए बमोजिम प्रमाणपत्र दिनेछ र सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ।

(३) संघीय वन ऐन, २०४९ अन्तर्गत दर्ता भएको निजी वन धनीले पनि यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिम निवेदन दिन सक्नेछ।

६१. **निजी वनको वन पैदावार ओसारपसार**: (१) व्यवसायिक प्रयोजनका लागि निजी वनको वन पैदावारको ओसारपसार गर्दा सम्बन्धित सब-डिभिजन वन कार्यालयबाट सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) वमोजिम व्यवसायिक प्रयोजनका लागि निजी वनपैदावार ओसारपसार गर्दा व्यवसायीबाट तोकिएको राजस्वको दुई प्रतिशत रकम सेवा शुल्क बापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

६२. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था**: (१) गाउँपालिका वा नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वनपैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ।

(२) गाउँपालिका वा नगरपालिकालाई उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद- १०

## बेवारिसी वा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था

६३. **हकको प्रमाण नपुग भएसम्म काठ प्रदेश सरकारको ठहर्ने**: (१) बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको सबै काठ टाँचा निशानाहरु लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ र टाँचा निशाना नलागेका काठहरु कसैले आफ्नो हक प्रमाण नपुऱ्याएसम्म प्रदेश सरकारको सम्पत्ति ठहरिनेछ।

(२) उपदफा (१) बमोजिमका काठहरु डिभिजनल वन अधिकृतले बेवारिसी वा दरिया बुर्दी काठ कुनै सुरक्षित स्थानमा घाटगद्दी गराउन सक्नेछ।

६४. **बेवारिसी वा दरिया बुर्दी काठको सूचना**: दफा ६३ को उपदफा (२) बमोजिम बेवारिसी वा दरिया बुर्दी काठ घाटगद्दीमा जम्मा भएपछि त्यस्तो काठको पूरा विवरण र लगतसहितको सूचना सम्बन्धित डिभिजनल वन अधिकृतले सम्बन्धित सब-डिभिजन वन कार्यालयमा टाँस गर्नु पर्नेछ र त्यस्तो काठमा हकदावी गर्नेले पन्ध्र दिनभित्र आफ्नो हकदावीको सबुत प्रमाण सहितको दरखास्त सम्बन्धित डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

६५. **हकदावी उपर कारबाही**: (१) दफा ६४ बमोजिम कसैको दरखास्त पर्न आएमा सम्बन्धित डिभिजनल वन अधिकृतले आवश्यक तहकिकात गरी गराई दरखास्तवालाको हकदावी भए नभएको कुराको निर्णय गरी त्यसको सूचना दरखास्तवालालाई दिनु पर्नेछ र कसैको हकदावी ठहरेमा त्यस्तो काठ घाटगद्दीमा ल्याउन र जम्मा गर्न लागेको खर्च निजबाट असुल उपर गरी काठ निजलाई नै सुम्पिदिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले हकदावी नपुगेको भनी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ।

(३) कुनै काठमा कसैको हकदावी अस्वीकार गरेको वा त्यस्तो काठ रोकेको वा हराएबाट हुन गएको नोक्सानीको हर्जाना सरकार वा सम्बन्धित डिभिजनल वन अधिकृतबाट दावी गर्न पाइने छैन।

(४) कसैको हकदावी नपुगेका बेवारिसी वा दरिया बुर्दी काठ दाउरा दफा १८ बमोजिम बिक्री वितरण गरिनेछ।

## परिच्छेद- ११

## जडीबुटी एवं गैरकाष्ठ वनपैदावार विकास बोर्ड सम्बन्धी व्यवस्था

६६. **बोर्डको स्थापना**: जडीबुटी व्यवसायको विकास, विस्तार तथा प्रवर्द्धनमा समन्वय, सहजीकरण र मार्ग निर्देशन गर्न प्रदेशमा एक जडीबुटी एवं गैरकाष्ठ वनपैदावार विकास बोर्ड रहनेछ।

६७. **बोर्ड स्थापनाको उद्देश्य**: बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन, दीगो व्यवस्थापनका लागि अध्ययन अनुसन्धानमा टेवा पुर्याउने,

(ख) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको व्यवसायिक खेतीलाई प्रोत्साहन गरी वनस्पतिक प्रजातिहरुको परस्थानीय संरक्षण मार्फत राष्ट्रिय आय एवं रोजगारी अभिवृद्धिमा टेवा पु¥याउने,

(ग) स्थानीय स्तरमै प्रारम्भिक प्रशोधन लगायतका मूल्य अभिवृद्धिका कार्यहरु गरी दुर्गम तथा अति दुर्गम र ग्रामीण क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरु बढाउने,

(घ) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको व्यवसायमा निजी क्षेत्रलाई आकर्षित गर्ने,

(ङ) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको उत्पादनलाई व्यवसायिक रूपमा प्रतिस्पर्धात्मक तुल्याउन आवश्यक पर्ने पुँजी, पूर्वाधार, प्राविधिक ज्ञान र सीपको विकास तथा बजार व्यवस्थापनमा सहयोग पु¥याउने,

(च) नीतिगत विषयमा सम्बन्धित निकायलाई सुझाव दिने।

६८. **बोर्डको काम, कर्तव्य र अधिकार**: बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जडीबुटी एवं गैरकाष्ठ वनपैदावार तथा वनस्पति स्रोतको अध्ययन, अनुसन्धान, विकास र उपयोगको नीति तर्जुमा गर्न प्रदेश सरकारलाई सुझाव दिने,

(ख) प्राकृतिक रूपमा रहेको जडीबुटी एवं गैरकाष्ठ वनपैदावारको प्राकृतिक स्रोतको सर्वेक्षण गरी संकलन गर्ने उपयुक्त मापदण्डका प्रणालीहरु (गुड हार्भेस्टिङ्ग प्रेक्टिसेज) को विकास गर्ने,

(ग) स्वस्थानीय र परस्थानीय पद्धतिद्वारा जडीबुटी एवं गैरकाष्ठ वनपैदावारको व्यवस्थापन गरी लोप हुन लागेका वनस्पतिको संरक्षण गर्ने,

(घ) वनस्पति तथा वनस्पति स्रोतको संरक्षण तथा खेती प्रविधि विकास सम्बन्धी अध्ययन अनुसन्धान र प्रचार प्रसार सम्बन्धी काम गर्ने,

(ङ) जडीबुटी एवं गैरकाष्ठ वनपैदावारको स्रोत सर्वेक्षण, अनुसन्धान, प्रविधि विकास, मूल्य अभिवृद्धि, बजार व्यवस्थापन, तालिम तथा प्रचार प्रसार आदि कार्यक्रमहरु सञ्चालन गर्ने,

(च) विभिन्न गैरसरकारी तथा निजी क्षेत्रबाट भइरहेको जडीबुटी एवं गैरकाष्ठ वनपैदावार सम्बन्धी कार्यहरुको समन्वय तथा अनुगमन गर्ने,

(छ) जडीबुटी एवं गैरकाष्ठ वनपैदावारको क्षेत्रमा स्वदेश तथा विदेशमा भएका क्रियाकलापहरुको स्थिति बारे जानकारी अद्यावधिक राख्ने तथा विभिन्न संघ, संस्था एवं सम्बद्ध निकायहरु माझ यस सम्बन्धी सूचना आदान प्रदान गर्ने,

(ज) व्यवसायीकरण हुन सक्ने सम्भाव्य जडीबुटी र गैरकाष्ठ वनपैदावारको अनुसन्धानद्वारा सर्वेक्षण तथा पहिचान गरी तिनीहरुको खेती प्रविधि विकास गर्ने,

(झ) वनस्पतिमा पाइने औषधिजन्य, सुगन्धित तेल र अन्य उपयोगी गुणहरुका सारतत्वको पहिचान गर्न अनुसन्धान गर्ने र अनुसन्धान भइसकेका त्यस्ता तत्वहरुको व्यवसायीकरणमा सहयोग गर्ने,

(ञ) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारको संरक्षण तथा व्यवस्थापन सम्बन्धी गुरुयोजना तयार गर्न सहयोग गर्ने,

(ट) जडीबुटी एवं गैरकाष्ठ वन पैदावारहरुको माग र आपूर्ति बारे अध्ययन गर्ने,

(ठ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

६९. **बोर्ड स्वशासित संस्था हुने**: (१) बोर्ड एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) बोर्डको सबै काम कारबाहीका लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) बोर्डको गठन प्रकृया तोकिए बमोजिम हुनेछ।

(६) बोर्डको संरचना देहाय बमोजिमको हुनेछः-

(क) प्रदेशको वन सम्बन्धी विषय हेर्ने मन्त्रालयका मन्त्री -अध्यक्ष

(ख) प्रदेशको वन सम्बन्धी विषय हेर्ने मन्त्रालयका राज्य मन्त्री/सहायक मन्त्री -उपाध्यक्ष

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिव -सदस्य

(घ) आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव -सदस्य

(ङ) प्रदेशको कृषिसम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य

(च) प्रदेशको वन सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव -सदस्य

(छ) वन, जडीबुटी तथा गैरकाष्ठ वन पैदवार विषयमा अनुभव प्राप्त मध्येबाट प्रदेश सरकारले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित तीन जना विज्ञ -सदस्य

(ज) उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना -सदस्य

(झ) नेपाल घरेलु तथा साना उद्योग महासंघको प्रतिनिधि एक जना -सदस्य

(ञ) कार्यकारी अधिकृत -सदस्य-सचिव

(७) बोर्डको सम्पूर्ण काम कारबाहीहरूको रेखदेख तथा प्रबन्ध गर्नका लागि खुला प्रतिस्पर्धाबाट एक कार्यकारी अधिकृतको नियुक्ति गरिनेछ। कार्यकारी अधिकृतको काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

(८) बोर्डलाई आवश्यक पर्ने कर्मचारीको व्यवस्थापन मन्त्रालयले गर्नेछ।

७०. **सेवा शुल्क लिन सक्ने**: बोर्डले व्यवसायीहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदान गरेको परामर्श तथा सेवा बापत तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

७१. **बोर्डको कोष**: (१) बोर्डको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त सहयोग वा अनुदान,

(ग) स्वदेशी तथा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार,

(घ) व्यवसायमा संलग्न रहेका संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग अनुदान वा उपहार,

(ङ) व्यवसायीहरूलाई प्रदान गरेको सेवा तथा परामर्श बापत प्राप्त गरेको सेवा शुल्क,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा विदेशी संघसंस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, दान, दातव्य वा उपहार लिनु अगावै बोर्डले प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

(५) बोर्डको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

७२. **<u>लेखा र लेखापरीक्षण</u>:** (१) बोर्डको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) बोर्डको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको कुनै लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(३) बोर्डले आफ्नो वार्षिक कारोबारको स्थिति, वासलात, लाभ, हानि र अन्य हरहिसाबका सम्बन्धमा प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नेछ।

७३. **<u>प्रदेश सरकारले अनुदान दिन सक्ने</u>:** (१) प्रदेश सरकारले बोर्डलाई आवश्यक रकम अनुदानका रूपमा दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोर्डले आफ्नो कार्यक्रम सञ्चालन गर्न आर्थिक रूपमा सक्षम छ भन्ने लागेमा उपदफा (१) बमोजिमको रकम प्रदान गर्न प्रदेश सरकार बाध्य हुने छैन।

७४. **<u>वार्षिक प्रतिवेदन</u>:** (१) कार्यकारी प्रमुखले बोर्डको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय र बोर्ड समक्ष प्रस्तुत गर्नु पर्नेछ र यस्तो प्रतिवेदनको एक प्रति प्रदेश सरकारलाई समेत उपलब्ध गराउनु पर्नेछ।

(२) कार्यकारी प्रमुखले उपदफा (१) मा उल्लेख भए बमोजिमको बोर्डको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद- १२

## <u>वन्यजन्तु संरक्षण सम्बन्धी व्यवस्था</u>

७५. **<u>जैविक मार्ग तोक्न सक्ने</u>:** (१) प्रदेश सरकारले आवश्यक ठानेमा राष्ट्रिय वनको कुनै क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जैविक मार्ग घोषणा गर्न सक्नेछ।

(२) जैविक मार्गको संरक्षण र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७६. **<u>कृषिका निमित्त हानिकारक वन्यजन्तु घोषणा गर्न सकिने</u>:** (१) प्रदेश सरकारले नेपाल सरकारको सहमतिमा कुनै खास क्षेत्रमा खास समयका लागि प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी ऐन बमोजिमका संरक्षित वन्यजन्तु बाहेकका अन्य वन्यजन्तु तथा पंक्षीलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कृषिको निमित्त हानिकारक वन्यजन्तु घोषणा गर्न सक्नेछ र त्यसरी हानिकारक घोषणा गरिएका वन्यजन्तु तथा पंक्षीहरुलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधीनमा रही खेत, खोला, बारीमा विना अनुमति

लखेट्न, धपाउन, पक्रन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा पक्रिएको कुनै वन्यजन्तु तत्काल नजिकको वन कार्यालयमा बुझाउनु पर्नेछ।

७७. **चिडियाखाना वा प्राणी उद्यान स्थापना गर्न सकिनेः** (१) कुनै संस्था, निकाय वा स्थानीय तह, समुदायले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु स्रोत संरक्षण तथा अध्ययन, अनुसन्धान तथा उद्धार गरिएका वन्यजन्तुहरुको संरक्षण र व्यवस्थापन गर्ने प्रयोजनका लागि चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहेमा प्रदेश सरकारले अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहनेले तोकिएको न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुमति नलिई वा उपदफा (२) बमोजिमको न्यूनतम मापदण्ड पूरा नगरी चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेको पाइएमा प्रचलित कानून बमोजिम दण्ड सजाय हुनेछ।

(४) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७८. **वन्यजन्तुबाट हुने क्षति बापत राहत दिइनेः** प्रदेशभित्रको राष्ट्रिय वन क्षेत्रमा तोकिएका वन्यजन्तुको कारणले कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति बापत पीडितलाई तोकिए बमोजिम राहत उपलब्ध गराइनेछ।

७९. **वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सकिनेः** (१) कुनै व्यक्ति वा निकायले समस्याग्रस्त, असहाय, नरभक्षी, घाइते, टुहुरा र उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापनका लागि मन्त्रालयबाट अनुमति लिई वन्यजन्तु अस्पताल वा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कार्य गर्ने नाममा कुनै पनि व्यक्ति वा निकायले अन्य वन्यजन्तुको अवैध व्यापार गर्न पाइने छैन। यसरी सो कार्य गरे गराएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(३) वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- १३

## जलाधार व्यवस्थापन

८०. **जलाधारको वर्गीकरण गर्नेः** (१) जलाधारको अवस्थिति, उचाई, भिरालोपन, भू-क्षयको संवेदनशीलता, वन जङ्गलले ढाकेको क्षेत्र, पानीको मात्रा तथा गुणस्तर, वन विनासको दर,

जनसंख्या वृद्धिदर र जलाधार क्षेत्रमा रहेको स्रोतमाथिको मानवीय चाप र प्राकृतिक प्रकोपको जोखिम समेतको आधारमा जलाधार क्षेत्रलाई तोकिए बमोजिम निर्देशनालयले वर्गीकरण गर्न सक्नेछ।

(२) निर्देशनालयले उपदफा (१) बमोजिम वर्गीकृत जलाधार क्षेत्रको नदी प्रणालीमा आधारित तोकिए बमोजिमको व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

८१. **संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्नेः** (१) राष्ट्रिय वन सहितको कुनै क्षेत्र जलाधार संरक्षणका लागि आवश्यक देखेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी चार किल्ला खुलाई संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको सिमाना आवश्यकता अनुसार प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ।

(३) संरक्षित जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(४) निर्देशनालयले उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको कार्ययोजना तयार गरी गराई मन्त्रालयबाट स्वीकृति गराई लागू गर्नु गराउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम कसैले पनि संरक्षित जलाधार क्षेत्रमा संरक्षण र व्यवस्थापनका लागि गरिएको कुनै कार्य नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न गराउन हुँदैन।

## परिच्छेद- १४

## अपराध र दण्ड सजाय तथा कसूरको जाँचबुझ र कार्यविधि सम्बन्धी व्यवस्था

८२. **अपराध र दण्ड सजाय तथा कसूरको जाँचबुझ र कार्यविधिः** (१) यस ऐन बमोजिम वा प्रचलित संघीय कानून बमोजिमको कसूर अपराधमा संघीय कानूनमा व्यवस्था भए बमोजिम दण्ड सजाय हुनेछ।

(२) यस ऐन बमोजिम वा प्रचलित संघीय कानून बमोजिमको कसूर अपराधमा कसूरको जाँचबुझ र कार्यविधि संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद- १५

## विविध

८३. **प्राविधिक सहयोग दिनेः** कुनै उपभोक्ता समूह, पट्टावाला, धार्मिक निकाय, समूह वा समुदाय वा निजी वनको धनीले वनको विकास र संरक्षणका लागि कुनै प्राविधिक सहयोग माग गरेमा सम्बन्धित डिभिजनल वन अधिकृतले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ।

८४. **प्रतिबन्ध लगाउन सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता र वातावरण संरक्षणका लागि तोकिएका वनपैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरणमा प्रतिबन्ध लगाउन सक्नेछ।

८५. **राहत सम्बन्धी व्यवस्थाः** वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाइते भएमा तोकिए बमोजिम राहत उपलब्ध गराइनेछ।

८६. **वातावरणीय सेवाको व्यवस्थापनः** वनबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांश सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

८७. **सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्थाः** नेपाल सरकारले राष्ट्रिय वनको सुरक्षाका लागि व्यवस्था गरेको सशस्त्र वन रक्षकको परिचालन प्रदेश सरकारबाट हुनेछ।

८८. **भ्रष्टाचारमा कारबाही हुनेः** यस ऐन अन्तर्गत गठित उपभोक्ता समूहको पदाधिकारी वा सदस्यले कोषको रकम दुरुपयोग वा हिनामिना गरेमा प्रचलित भ्रष्टाचार नियन्त्रण ऐन बमोजिम कारबाही हुनेछ।

८९. **असल नियतले काम गरेकोमा बचाउः** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन।

९०. **अधिकार प्रत्यायोजनः** कुनै निकाय वा अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

९१. **नियम बनाउने अधिकारः** यस ऐनका विभिन्न परिच्छेदमा उल्लेखित उद्देश्य पूर्ति गर्नका लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

९२. **कार्यविधि र निर्देशिका बनाउन सक्नेः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि र निर्देशिका बनाई लागू गर्न सक्नेछ।

९३. **यसै ऐन बमोजिम हुनेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेखित विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित संघीय कानून बमोजिम हुनेछ।

९४. **बचाउः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि संघीय वन ऐन, २०४९ उक्त ऐन बमोजिम बनाइएको नियम वा निकालिएको आदेश अन्तर्गत प्रदेश सरकार वा मन्त्रालय र अन्तर्गतका कार्यालयद्वारा गरिएको काम यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

(२) प्रचलित संघीय कानून बमोजिम भएका र प्रदेश अन्तर्गत कार्य सम्पादन गर्ने गरी हस्तान्तरण भई आएका कार्यको हकमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# प्रदेश लोक सेवा आयोग ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति

२०७६।०६।२८

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) ऐन, २०७६ | २०७६।११।१९ |
| २. | केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |

संवत् २०७६ सालको ऐन नं. १६

**प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना**: प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान व्यूरो, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य, अधिकार र कार्यविधिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले प्रचलित कानून बमोजिम कुनै पदमा नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ।

(ग) "आयोग" भन्नाले दफा ४ बमोजिम गठित प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(घ) "केन्द्रीय कार्यालय" भन्नाले प्रदेश लोक सेवा आयोगको केन्द्रीय कार्यालय सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "प्रदेश अन्य सरकारी सेवा" भन्नाले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान व्यूरो बाहेकका प्रदेश कानून बमोजिम गठन भएका अन्य सरकारी सेवा सम्झनु पर्छ।

(ज) "प्रदेश अनुसन्धान व्यूरो" भन्नाले प्रदेश कानूनद्वारा गठन भएको प्रदेश अनुसन्धान व्यूरो सम्झनु पर्छ।

(झ) "प्रदेश निजामती सेवा" भन्नाले प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान व्यूरो र प्रदेश अन्य सरकारी सेवा तथा प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानूनद्वारा तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा सम्झनु पर्छ।

(ञ) "प्रदेश प्रहरी सेवा" भन्नाले कानूनद्वारा गठन भएको प्रदेश प्रहरी सेवा सम्झनु पर्छ।

(ट) "प्रदेश सभा" भन्नाले संविधानको धारा १७६ बमोजिमको प्रदेश सभा सम्झनु पर्छ।

(ठ) "प्रदेश सरकार" भन्नाले ◈बागमती प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ड) "लोक सेवा आयोग" भन्नाले संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोग सम्झनु पर्छ।

(ढ) "सङ्गठित संस्था" भन्नाले प्रदेश विश्वविद्यालय बाहेकका पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।

(ण) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ।

(त) "सामान्य सिद्धान्त" भन्नाले स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान व्यूरो, प्रदेश अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा वा प्रदेशका सङ्गठित संस्था वा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र कुनै कर्मचारीलाई विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त सम्झनु पर्छ।

(थ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन,२०७७ द्वारा संशोधित।

(द) "स्थानीय सरकारी सेवा" भन्नाले संविधानको धारा २८५ को उपधारा (३) बमोजिम कानूनद्वारा गठन हुने स्थानीय सेवा सम्झनु पर्छ।

(ध) "स्थानीय तहको संगठित संस्थाको सेवा" भन्नाले स्थानीय तहमा स्थानीय कानून बमोजिम गठन भएका स्थानीय तहको सङ्गठित संस्थाको सेवा सम्झनु पर्छ।

(न) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रदेश लोक सेवा आयोग

३. **सिफारिस समिति**: (१) अध्यक्ष र सदस्यको नियुक्तिको लागि प्रदेश प्रमुख समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) प्रदेश सभाको सभामुख -सदस्य

(ग) प्रदेश सभाको विपक्षी दलको नेता -सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले यस ऐन बमोजिम अध्यक्ष र सदस्य हुन योग्य व्यक्तिहरूमध्येबाट समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष तथा सदस्यको नाम नियुक्तिको लागि सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिस गर्दा कम्तीमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरुमध्येबाट र बाँकी सदस्य विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाज शास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेको व्यक्तिहरुमध्येबाट गर्नु पर्नेछ।

४. **आयोगको गठन**: (१) आयोगमा कम्तीमा एक जना महिला हुने गरी अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहनेछन्।

(२) प्रदेश प्रमुखले दफा (३) को उपदफा (१) बमोजिमको सिफारिस समितिको सिफारिसमा अध्यक्ष र सदस्यहरु नियुक्त गर्नेछ।

तर त्यस्तो व्यक्ति नियुक्ति हुनु पूर्व कनै सरकारी वा सरकारी कोषबाट सुविधा प्राप्त गर्ने गरी कुनै पदमा कार्यरत रहेको भएसो पदबाट राजीनामा दिई स्वीकृत भएको हुनु पर्नेछ।

(३) अध्यक्षले प्रदेश प्रमुख समक्ष र सदस्यले अध्यक्षसमक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-१ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको सपथ लिनु पर्नेछ।

(४) अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ।

५. **<u>अध्यक्ष तथा सदस्यको योग्यता</u>**ः देहायको योग्यता भएको व्यक्ति आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको।

६. **<u>पद रिक्त हुने अवस्था</u>**ः देहायको कुनै अवस्थामा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछः-

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) दफा ८ को उपदफा (५) बमोजिम पदमुक्त भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको सिफारिसको आधारमा दफा ३ को उपदफा (१) बमोजिमको सिफारिस समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा।

७. **<u>पुनःनियुक्ति हुन नसक्ने व्यवस्था</u>**ः (१) अध्यक्ष वा सदस्यको पुनः नियुक्ति हुन सक्ने छैन र निज कुनै पनि सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष र सदस्य देहायको पदमा नियुक्तिको लागि ग्राह्य हुन सक्नेछः-

(क) संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्त हुन,

(ख) आयोगको सदस्य सोही आयोगको अध्यक्ष पदमा नियुक्त हुन,

(ग) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त हुन।

(३) आयोगको कुनै सदस्य सोही आयोगको अध्यक्ष पदमा नियुक्त हुने भएमा निजको पदावधि गणना गर्दा निज सदस्य भएको अवधि समेतलाई जोडी गणना गरिनेछ।

८. **<u>आरोपको प्रस्ताव सम्बन्धी व्यवस्था</u>**ः (१) संविधान वा प्रचलित कानून गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो

पदीय जिम्मेवारी पूरा गर्न नसकेको भनी प्रदेश सभाका एक चौथाई सदस्यले अध्यक्ष वा सदस्य विरुद्ध आरोपको प्रस्ताव पेश गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश भएपछि सो कारबाहीको टुङ्गो नलागेसम्म त्यस्तो सदस्यले आफ्नो पदको कुनै पनि कार्य सम्पादन गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव प्राप्त भएको मितिले सात दिन पछिको कुनै बैठकमा छलफल हुनेगरी प्रदेश सभाको सभामुखले दिन र समय तोक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश सभामा प्रस्तुत भएको प्रस्ताव तीन महिनाभित्र टुङ्गो नलागेमा त्यस्तो प्रस्ताव स्वतः निष्क्रिय हुनेछ।

*(५) उपदफा (१) बमोजिम पेश भएको प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरेमा अध्यक्ष वा सदस्य पदबाट मुक्त हुनेछ।

(६) उपदफा (५) बमोजिम पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन।

९. ***पारिश्रमिक र सुविधाः** (१) आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा अनुसूची-१क. मा उल्लेख भए बमोजिम हुनेछ।

(२) आयोगका अध्यक्ष र सदस्यले उपदफा (१) बमोजिमको पारिश्रमिक र सुविधा निजले ऐनको दफा ४ को उपदफा (३) बमोजिम पद तथा गोपनीयताको शपथ लिएको मितिदेखि पाउनेछ।

(३) आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी सेवाका शर्त, पारिश्रमिक र सुविधा परिवर्तन गरिने छैन।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

※९क. **बिदा सम्बन्धी व्यवस्थाः** (१) आयोगका अध्यक्ष तथा सदस्यले देहाय बमोजिमका बिदा पाउनेछन :-

(क) भैपरी आउने बिदा र पर्व बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

---

* पहिलो संशोधनद्वारा संशोधित।

※ पहिलो संशोधनद्वारा थपिएको ।

(ङ) प्रसूति बिदा,

(च) प्रसूति स्याहार बिदा।

(२) आयोगका अध्यक्ष तथा सदस्यले वार्षिक छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा पाउनेछ।

तर एक वर्षको भैपरी र पर्व बिदा अर्को वर्षको लागि सञ्चित हुने छैन।

(३) आयोगका अध्यक्ष तथा सदस्यले काम गरेको अवधिको बाह्र दिनको एक दिनका दरले घर बिदा पाउनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त घर बिदा बढीमा नब्बे दिनसम्म सञ्चित गर्न सकिनेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको निमित्त "काम गरेको अवधि" भन्नाले भैपरी तथा पर्व बिदा बसेको दिन र सार्वजनिक बिदाको दिन समेतलाई कायम गरिनेछ।

(५) आयोगका अध्यक्ष तथा सदस्यले प्रत्येक वर्ष बाह्र दिनका दरले बिरामी बिदा पाउनेछन्।

(६) उपदफा (५) बमोजिम खर्च नभएको बिरामी बिदा सञ्चित गर्न सकिनेछ।

(७) आयोगका अध्यक्ष तथा सदस्यले उपदफा (४) र (६) बमोजिमको सञ्चित बिदा बापत निजले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम अवकाशको समयमा एकमुष्ट पाउनेछन्।

(८) आयोगका अध्यक्ष तथा सदस्यले आफैं किरिया बस्नु परेमा पन्ध्र दिनसम्मको किरिया बिदा पाउनेछन्।

(९) आयोगका अध्यक्ष वा सदस्य गर्भवती भएमा सुत्केरीको अघि वा पछि गरी अन्ठानब्बे दिनसम्म प्रसूति बिदा पाउनेछन्।

(१०) आयोगको अध्यक्ष वा सदस्यको पत्नी सुत्केरी भएमा निजले पन्ध्र दिनसम्म प्रसूति स्याहार बिदा पाउनेछन्।

(११) यस दफा बमोजिम सदस्यले पाउने बिदा अध्यक्षले र अध्यक्षले पाउने बढीमा सात दिनसम्मको घर बिदा तथा बिरामी बिदा र भैपरी तथा पर्व बिदा निज आफैंले र सो बाहेकका अन्य बिदा प्रदेश प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ।

✱९ख. **औषधि उपचारः** आयोगका अध्यक्ष तथा सदस्य आफू बिरामी भई स्वदेशमा उपचार गराउँदा लागेको सरकारी अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधि खर्च वा मासिक पारिश्रमिकको डेढ गुणामा जुन रकम कम हुन्छ सो बराबरको रकम औषधि उपचार बापत पाउनेछन्।

---

✱ पहिलो संशोधनद्वारा थपिएको।

तर त्यस्तो उपचार खर्च बापतको रकम प्रदान गर्ने प्रयोजनका लागि चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको स्पष्ट निदान (डाइग्नोसिस) उल्लेख भएको हुनु पर्नेछ।

## परिच्छेद-३

## आयोगको काम, कर्तव्य र अधिकार

१०. **आयोगको काम, कर्तव्य र अधिकारः** (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान व्यूरोको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(३) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवामा, स्थानीय सरकारी सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवामा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनु पर्नेछ।

(४) प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

(५) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा कर्मचारीको सेवा, शर्त सम्बन्धी कानूनको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(घ) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान व्यूरोको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ङ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा

वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा वा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(च) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा,

(छ) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

(६) आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(७) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–४

## आयोगको कार्य सञ्चालन तथा व्यवस्थापन

११. **आयोगको कार्यालयको स्थापना**: (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि प्रदेश राजधानीमा एक केन्द्रीय कार्यालय रहनेछ।

(२) आयोगले प्रदेशभित्रको अन्य स्थानमा आवश्यकता अनुसार आयोग अन्तर्गतका कार्यालय स्थापना गर्न सक्नेछ।

(३) आयोगको संगठन संरचना र कर्मचारीको दरबन्दी आयोगको सिफारिसमा प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

१२. **आयोगको बैठक**: (१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगले गर्नु पर्ने सबै काम आयोगको बैठकबाट निर्णय भए बमोजिम हुनेछ।

(२) आयोगको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा बरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) अध्यक्ष वा अध्यक्षको अनुपस्थितिमा अध्यक्षता गर्ने बरिष्ठ सदस्य र एकजना सदस्य उपस्थित भएमा आयोगको बैठक बस्न सक्नेछ।

(५) आयोगको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) आयोगको निर्णय आयोगको सचिवले प्रमाणित गर्नेछ।

(७) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **कार्यविभाजन**: अध्यक्ष र सदस्यको कार्यविभाजन आयोगले तोके बमोजिम हुनेछ।

१४. **कर्मचारी सम्बन्धी व्यवस्था**: आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

१५. **सम्पर्क राख्न र राय लिन सक्ने**: (१) आयोगले आफ्नो काम कर्तव्यको सम्बन्धमा प्रदेश सरकारको कुनै मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थासँग सोझै सम्पर्क राख्न र सुझाव वा राय लिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारबाट निर्णय हुनु पर्ने आयोगसँग सम्बन्धित कुनै विषयमा सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ।

(३) आयोगले आफ्नो काम कारबाहीसँग सम्बन्धित संवैधानिक तथा कानूनी प्रश्नको सम्बन्धमा सरकारी निकाय वा मुख्य न्यायाधिवक्ताको राय लिन सक्नेछ।

१६. **लोक सेवा आयोगसँग परामर्श लिन सक्ने**: आयोगले परीक्षा सञ्चालन सम्बन्धी काम कारबाहीका सम्बन्धमा लोक सेवा आयोगसँग सहयोग, राय, परामर्श तथा सुझाव लिन सक्नेछ।

१७. **प्रतिरक्षा गर्ने**: (१) आयोगले आफ्नो तर्फबाट कुनै अड्डा अदालतमा निवेदन दिन वा मुद्दा चलाउन वा त्यसको लागि आवश्यक लिखत तयार गर्न र प्रतिरक्षा गर्न वा आयोग विरूद्ध कसैले कुनै कानूनी कारबाही चलाएमा वा मुद्दा दायर गरेमा लिखित जवाफ वा प्रतिउत्तर दिन वा प्रतिरक्षा गर्न मुख्य न्यायाधिवक्ता, अन्य कानून व्यवसायी वा दुवैको सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अन्य कानून व्यवसायीको राय लिनु पर्ने भएमा अन्य कानून व्यवसायीको राय लिनु अघि मुख्य न्यायाधिवक्ताको परामर्श लिनु पर्नेछ।

तर मुख्य न्यायाधिवक्ताको पद रिक्त रहेको अवस्थामा मुख्य न्यायाधिवक्ताको परामर्श विना अन्य कानून व्यवसायीको राय लिन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद–५

## परीक्षा सञ्चालन, पदपूर्ति, पदसंख्या निर्धारण र कार्यतालिका सम्बन्धी व्यवस्था

१८. **परीक्षा सञ्चालन**: (१) आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको

पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनौट गर्दा लिखित परीक्षाको अतिरिक्त देहायको कुनै एक वा एकभन्दा बढी परीक्षाको तरिका अपनाउन सक्नेछः–

(क) प्रयोगात्मक परीक्षा,

(ख) अन्तर्वार्ता,

(ग) आयोगले समय समयमा तोकेका अन्य तरिका।

(२) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान व्यूरोको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

१९. **परीक्षाको माध्यम भाषा**ः (१) आयोगले सञ्चालन गर्ने लिखित परीक्षाको माध्यम भाषा संघीय सरकारी कामकाजको भाषा हुनेछ।

(२) उपदफा (१) मा लेखिएको भाषाको अतिरिक्त अंग्रेजी वा प्रदेश कानून बमोजिम निर्धारण गरिएको सरकारी कामकाज कोभाषा समेत परीक्षाको माध्यम भाषा हुन सक्नेछ।

२०. **पदपूर्ति गर्ने तरिका**ः (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको रिक्त पदपूर्ति गर्दा सेवा सम्बन्धी प्रचलित कानूनमा उल्लेख भएको प्रतिशत बमोजिम पदसंख्या निर्धारण गरी खुला प्रतियोगिता तथा बढुवाद्वारा गरिनेछ।

(२) खुला प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति गर्दा लिइने परीक्षाको तरिका तथा परीक्षा दस्तुर, दरखास्तको ढाँचा, दरखास्त फाराम दस्तुर र परीक्षा सम्बन्धी अन्य व्यवस्था आयोगले तोके बमोजिम हुनेछ।

२१. **पदपूर्तिको लागि माग गर्ने**ः अख्तियारवालाले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको रिक्त पद पूर्ति गर्नको लागि तोकिए बमोजिमको माग फाराममा सम्बन्धित सेवा, समूह, उपसमूह, श्रेणी, तह, पदसंख्या, निर्धारित कार्य विवरण र न्यूनतम योग्यता समेत उल्लेख गरी आयोगमा पठाउनु पर्नेछ।

२२. **माग सङ्कलन र पदसंख्या निर्धारण**ः (१) आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको रिक्त पदपूर्ति गर्नको लागि माग सङ्कलन गर्नेछ।

(२) माग प्राप्त भएपछि आयोगले सेवा सम्बन्धी प्रचलित कानूनमा निर्धारण गरिएको प्रतिशतका आधारमा तोकिए बमोजिम पदसंख्या निर्धारण गर्नेछ।

(३) पदसंख्या निर्धारण भइसकेपछि प्रतियोगितात्मक परीक्षाद्वारा रिक्त पदपूर्ति गरिने पदको परीक्षाको पाठ्यक्रम तयार भए नभएको यकिन गर्नु पर्नेछ। पाठ्यक्रम तयार नभएको वा भइरहेको पाठ्यक्रममा परिमार्जन गर्नुपर्ने भएमा सोको आवश्यक व्यवस्था मिलाई विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(४) आयोगले विज्ञापन प्रकाशन गर्नुभन्दा अगाडि आवश्यक देखिएमा सङ्कलन भएको रिक्त पद संख्या यकिन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ। यसरी लेखी आएमा सम्बन्धित निकायले सात दिनभित्र यकिन विवरण उपलव्ध गराउनु पर्नेछ।

२३. **पदपूर्तिको विज्ञापन वा परीक्षा रद्द वा संशोधन गर्न सक्ने**: (१) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी परीक्षा सञ्चालन हुनु अगावै सम्बन्धित निकायले त्यस्तो विज्ञापन रद्द वा संशोधन गर्न मनासिव कारणसहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्द वा संशोधन गर्न सक्नेछ।

(२) आयोगले सञ्चालन गरेको परीक्षाको कुनै परीक्षा केन्द्रमा कुनै किसिमको अनियमितता भएमा वा कुनै बाधा अवरोध उत्पन्न भई आंशिक वा पूर्णरूपले परीक्षा सञ्चालन हुन नसकेमा आयोगले कारण जनाई सो दिनको परीक्षा वा सोसँग सम्बन्धित विज्ञापनको आंशिक वा सम्पूर्ण परीक्षा रद्द गर्न सक्नेछ।

२४. **पदपूर्तिको विज्ञापन प्रकाशन गर्ने**: (१) दफा २२ को उपदफा (२) बमोजिम पदसंख्या निर्धारण भएपछि आयोगले खुला प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन गरिने विज्ञापनमा दरखास्त फाराम बुझाउने म्याद, रिक्त पदसंख्या, परीक्षाको तरिका, परीक्षा दस्तुर, योग्यता लगायत तोकिए बमोजिमका अन्य कुराहरू समेत खुलाउनु पर्नेछ।

२५. **परीक्षा दस्तुर फिर्ता दिने**: दफा २३ को उपदफा (१) बमोजिम विज्ञापन रद्द भएमा परीक्षा दस्तुर बापत बुझाएको रकम सम्बन्धित परीक्षार्थीको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ।

तर त्यस्तो रकम प्राप्त गर्न परीक्षार्थीले दरखास्त फारममा बैंक खाता सम्बन्धी विवरण उल्लेख गरेको हुनु पर्नेछ।

२६. **पुनः पदसंख्या निर्धारण गर्ने**: (१) एकपटक पदसंख्या निर्धारण गरी विज्ञापन प्रकाशन भइसकेपछि देहायको अवस्था पर्न आएमा त्यस्तो पदको समेत पुनः पदसंख्या निर्धारण गर्नु पर्नेछः-

(क) दरखास्त नपरेको,

(ख) परीक्षामा कुनै पनि उम्मेदवार उपस्थित नभएको,

(ग) लिखित परीक्षामा कुनै पनि उम्मेदवार उत्तीर्ण हुन नसकेको,

(घ) पदपूर्तिको विज्ञापन अनुसारको आवश्यक संख्यामा उम्मेदवार सिफारिस नभएको,

(ङ) पदपूर्तिको लागि सिफारिस भई सम्बन्धित उम्मेदवारले नियुक्ति नलिएको र सो पदमा सिफारिस गर्न वैकल्पिक उम्मेदवार नभएको,

(च) अदालतको आदेश वा अन्य कुनै कारणले विज्ञापन रद्द वा खारेज भएको।

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि समावेशी तर्फको विज्ञापनको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको अवस्था परेमा अधिकृतस्तरको पदको हकमा आयोगले र सहायकस्तरको पदको हकमा विज्ञापन प्रकाशन गर्ने आयोग वा आयोग अन्तर्गतको कार्यालयले रिक्त पदको माग गरी पठाउन सम्बन्धित निकायलाई सोको जानकारी दिनु पर्नेछ। यसरी जानकारी प्राप्त भएपछि सम्बन्धित निकायले सो पद समेत समावेश गरी माग गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सहायकस्तरको पदको हकमा सम्बन्धित निकायमा जानकारी गराएको विवरण विज्ञापन प्रकाशन गर्ने आयोग अन्तर्गतको कार्यालयले आयोगमा समेत पठाउनु पर्नेछ।

२७. **<u>साविककै प्रक्रियाबाट पदपूर्ति गरिने</u>**: दफा २२ बमोजिम पदसंख्या निर्धारण भई पदपूर्तिको लागि विज्ञापन भएकोमा अदालतको आदेश वा अन्य कुनै कारणले पदपूर्ति प्रक्रिया स्थगित भएकोमा सो फुकुवा भएपछि साविककै प्रक्रियाबाट उक्त पदको पूर्ति गरिनेछ।

२८. **<u>कार्यतालिका बनाउने</u>**: (१) आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको पदमा पदपूर्तिका लागि सिफारिस गर्ने सम्वन्धमा देहायका कुराहरू समावेश गरी तोकिए बमोजिमको ढाँचामा वार्षिक कार्यतालिका बनाउनेछः-

(क) प्रतिशत निर्धारण,

(ख) विज्ञापन प्रकाशन,

(ग) लिखित परीक्षा सञ्चालन,

(घ) लिखित परीक्षाको नतिजा प्रकाशन,

(ङ) प्रयोगात्मक परीक्षा,

(च) अन्तर्वार्ता,

(छ) सिफारिस,

(ज) अन्य प्रासंगिक कुराहरू।

(२) प्रारम्भिक परीक्षा लिइने पदको लागि प्रारम्भिक परीक्षा कार्यक्रम समेत वार्षिक कार्यतालिकामा समावेश गर्नु पर्नेछ।

(३) आयोगले आफ्नो वार्षिक कार्यतालिकाको बारेमा सम्बन्धित सबैको जानकारीका लागि आवश्यकता अनुसार विभिन्न माध्यमबाट प्रचार–प्रसारको व्यवस्था गर्नेछ।

(४) वार्षिक कार्यतालिकामा सामान्यतया हेरफेर गरिने छैन।

२९. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** आयोगले रिक्त पदको माग, पदपूर्तिको विज्ञापन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन लगायत काममा उपयुक्तताको आधारमा विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ।

३०. **आयोगको काममा सहयोग गर्नु पर्नेः** (१) आयोगको परीक्षा सम्बन्धी कार्य सम्पादनका लागि सरकारी कार्यालय वा शिक्षण संस्थाले आयोगको माग बमोजिम कर्मचारी, भवन वा कक्षा कोठा उपलब्ध गराई सहयोग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगको काममा संलग्न कर्मचारीको पारिश्रमिक र भवन वा कक्षा कोठा प्रयोग गरे बापतको भाडा रकम आयोगले दिनेछ।

## परिच्छेद–६

## शैक्षिक योग्यता र पाठ्यक्रम सम्बन्धी व्यवस्था

३१. **शैक्षिक योग्यताको निर्धारणः** (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान व्यूरो, प्रदेश सङ्गठित संस्थाको सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदको खुला प्रतियोगिताबाट पूर्ति गरिने कुनै पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता निर्धारण गर्न देहाय बमोजिमको शैक्षिक योग्यता निर्धारण समिति रहनेछः-

(क) अध्यक्ष वा आयोगले तोकेको आयोगको सदस्य -संयोजक

(ख) आयोगका सचिव -सदस्य

(ग) सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयका सचिव -सदस्य

(घ) आयोगले तोकेको सम्बन्धित विषय विज्ञ -सदस्य

(ङ) आयोगको सम्बन्धित महाशाखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले प्रदेश प्रहरी सेवा, प्रदेश अनुसन्धान व्यूरो, प्रदेश सङ्गठित संस्थाको सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवामा पूर्ति गरिने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता निर्धारण गर्दा सम्बन्धित प्रदेश प्रहरी वा प्रदेश अनुसन्धान व्यूरो वा प्रदेश सङ्गठित संस्था वा स्थानीय तहको सङ्गठित संस्था सञ्चालन गर्ने निकायको परामर्श लिनु पर्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता उपदफा (१) वा (२) बमोजिमको कुनै पदको लागि निर्धारण गरिएका शैक्षिक योग्यता सरह छ, छैन भन्ने सम्बन्धमा आयोगले लोक सेवा आयोगले निर्धारण गरेको आधार र मापदण्ड बमोजिम निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको पदको शैक्षिक योग्यता निर्धारण गर्नेछ।

३२. **पाठ्यक्रम समिति**: (१) आयोगले लिने परीक्षाको पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्न आयोगले देहाय बमोजिमको पाठ्यक्रम समिति गठन गर्नेछः-

(क) अध्यक्ष वा आयोगले तोकेको आयोगको सदस्य -संयोजक

(ख) आयोगका सचिव -सदस्य

(ग) सम्बन्धित सेवा समूह सञ्चालन गर्ने मन्त्रालयको सचिव -सदस्य

(घ) आयोगले तोकेको सम्बन्धित विषय विज्ञ -सदस्य

(ङ) आयोगको सम्बन्धित महाशाखा प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले प्रदेश सरकारका विभिन्न मन्त्रालय, प्रदेश प्रहरी, प्रदेश अनुसन्धान व्यूरो, प्रदेश अन्य सरकारी सेवा सञ्चालन गर्ने निकाय र प्रदेश वा स्थानीय तहको सङ्गठित संस्थामा कार्यरत पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

३३. **पाठ्यक्रम निर्माण**: (१) आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा वा स्थानीय तहको सङ्गठित संस्थाको सेवा, समूह तथा उपसमूहको पदको लागि आवश्यकता अनुसार पाठ्यक्रम निर्माण गर्नेछ।

(२) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान व्यूरोको लिखित परीक्षाको पाठ्यक्रम निर्माण गर्दा आयोगको परामर्श लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पाठ्यक्रम निर्माण गर्दा आवश्यकता अनुसार सम्बन्धित पदको कार्य विश्लेषण गरी त्यस्तो पदको कार्य विवरण र शैक्षिक योग्यता समेतलाई आधार लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम पाठ्यक्रम निर्माण गर्दा पाठ्यक्रम लागू हुने मिति, प्रत्येक विषयको पूर्णाङ्क, उत्तीर्णाङ्क, परीक्षा प्रणाली, परीक्षाको माध्यम भाषा, प्रश्नको अङ्कभार र समय समेतका कुराहरु समावेश गर्नु पर्नेछ।

३४. **पाठ्यक्रम निर्माण प्रक्रिया**: (१) दफा ३३ बमोजिम पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्नुपर्ने भएमा त्यस्तो पदको लागि विज्ञापन गर्नुभन्दा अगावै पाठ्यक्रम निर्माण हुने गरी सम्बन्धित शाखाले दफा ३२ बमोजिमको पाठ्यक्रम समितिको बैठक बोलाउनु पर्नेछ।

(२) पाठ्यक्रम समितिको बैठकमा पाठ्यक्रम निर्माण/परिमार्जन गर्नु पर्ने सेवा, समूह तथा उपसमूह अन्तर्गतको पदको पाठ्यक्रम निर्माण/परिमार्जन सम्बन्धी प्रारम्भिक

छलफल गरी आवश्यक निर्देशन सहित विषय विशेषज्ञ वा दक्षहरूलाई पाठ्यक्रमको प्रारम्भिक मस्यौदा तयार गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तयार भएको मस्यौदा प्राप्त भएपछि पाठ्यक्रम समितिमा आवश्यकता अनुसार सो विषयसँग सम्बन्धित अन्य विशेषज्ञ वा दक्षहरूलाई समेत समावेश गराई अन्तिम मस्यौदा तयार गर्नु पर्नेछ र यसरी तयार भएको मस्यौदा स्वीकृतिका लागि सिफारिस गर्नु पर्नेछ।

(४) पाठ्यक्रम समितिबाट सिफारिस भएको पाठ्यक्रमको मस्यौदामा सम्बन्धित सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय, सचिवालय, निकाय तथा सम्बन्धित विषयका विशेषज्ञको राय प्रतिक्रिया लिन सकिनेछ।

(५) उपदफा (४) बमोजिम राय प्रतिक्रिया माग भएमा त्यस्ता निकायले अविलम्व आफ्नो राय प्रतिक्रिया आयोगमा पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त राय प्रतिक्रिया उपयुक्तताका आधारमा पाठ्यक्रमको मस्यौदामा समायोजन गरी सम्बन्धित शाखाले पाठ्यक्रम स्वीकृतिको निमित्त आयोग समक्ष पेश गर्नु पर्नेछ।

(७) पाठ्यक्रम समितिले पाठ्यक्रमको मस्यौदा तयार गर्न यस दफामा लेखिएदेखि बाहेकका अन्य आवश्यक व्यवस्था समेत गर्न सक्नेछ।

३५. **<u>पाठ्यक्रम निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरूः</u>** पाठ्यक्रम निर्माण गर्दा दफा ३३ र दफा ३४ को अधीनमा रही देहायको कुराहरूमा ध्यान दिनु पर्नेछः-

(क) सम्बन्धित पदको स्तरसँग मिल्ने किसिमको हुनु पर्ने,
(ख) सम्बन्धित पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतासँग मिल्दोजुल्दो हुनु पर्ने,
(ग) सम–सामयिक विषयवस्तु समेटिएको हुनु पर्ने।

## परिच्छेद–७

## <u>विज्ञापन प्रकाशन तथा दरखास्त फारामको छानविन र स्वीकृति सम्बन्धी व्यवस्था</u>

३६. **<u>विज्ञापन प्रकाशन गर्नेः</u>** (१) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदहरूको पूर्ति गर्नको लागि आयोगले विज्ञापन प्रकाशन गर्नेछ।

(२) आयोगले पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दा रिक्त पदसंख्या, सेवा, समूह तथा उपसमूह, श्रेणी वा तह, आवश्यक न्यूनतम योग्यता, तालिम वा अनुभव आवश्यक पर्ने भए सो तालिम वा अनुभव दरखास्त दस्तुर, परीक्षा दस्तुर, दरखास्त फाराम बुझाउने म्याद र स्थान, परीक्षा हुने मिति तथा परीक्षाको तरिका र माध्यम भाषा समेत खुलाई प्रदेशको विभिन्न भागमा प्रचार-प्रसार हुनसक्ने गरी आयोगको बुलेटिन, राष्ट्रियस्तरको

कुनै दैनिक समाचार पत्रिका, आयोगको वेभसाइट तथा आवश्यकता अनुसार सञ्चारका अन्य माध्यम मार्फत विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(३) ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा, कार्यक्षमताका आधारमा हुने बढुवा तथा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवाको समायोजनद्वारा पदपूर्ति हुने पदहरुको पूर्ति गर्न उपदफा (२) बमोजिमका विवरणहरु खुलाई सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) विज्ञापन प्रकाशन गर्दा क्रमशः ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा, कार्यक्षमताको आधारमा हुने बढुवा, कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनको आधारमा हुने बढुवाको समायोजन, प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवा र खुला तर्फको छुट्टाछुट्टै सूचना प्रकाशन गर्नु पर्नेछ। त्यसरी विज्ञापन प्रकाशन गर्दा समावेशी समूहको छुट्टा छुट्टै विज्ञापन नम्बर कायम गर्नु पर्नेछ। खुला र समावेशी समूहको विज्ञापन प्रकाशन गर्दा खुलाको पहिले र त्यसपछि समावेशी समूहको क्रमानुसार विज्ञापन नम्बर कायम गर्नु पर्नेछ।

तर एकीकृत परीक्षा प्रणाली लागू भएको सेवा/समूह/उपसमूहको पदको विज्ञापन प्रकाशन गर्दा पदसंख्या छुट्टाछुट्टै उल्लेख गरी खुलातर्फ एउटा र समावेशी समूहको लागि छुट्टाछुट्टै विज्ञापन नम्बर प्रयोग गर्नु पर्नेछ। त्यसरी विज्ञापन प्रकाशन गर्दा देहायका कुराहरु खुलाउनु पर्नेछः-

(क) लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारको नतिजा प्रकाशन गर्दा खुलातर्फ वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा नतिजा प्रकाशन हुने कुरा,

(ख) समावेशी समूह तर्फको लिखित परीक्षा नतिजाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारको नतिजा प्रकाशन गर्दा सेवा/समूह/उपसमूहको छुट्टाछुट्टै नतिजा प्रकाशन नगरी समावेशी समूहको मात्र छुट्टाछुट्टै वर्णानुक्रमको आधारमा नतिजा प्रकाशन हुने कुरा,

(ग) लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारले अन्तर्वार्ता हुनु अघि सेवा/समूह/उपसमूहको प्राथमिकताक्रम अनिवार्य रुपमा भर्नुपर्ने कुरा,

(घ) खण्ड (ग) बमोजिम प्राथमिकताक्रम भर्दा उल्लेख नगरेको सेवा/समूह/उपसमूहमा सिफारिस नगरिने कुरा,

(ङ) समावेशी समूहतर्फ लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारले समावेशी समूह रोजन नपाउने कुरा,

(च) लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि एकभन्दा बढी खुला तथा समावेशी समूहमा छनौट भएका उम्मेदवारको लिखित परीक्षा पश्चातका सबै परीक्षा एक पटक मात्र लिइने र सेवा/समूह/उपसमूहको पदको एकमुष्ट योग्यताक्रम प्रकाशन हुने कुरा,

(छ) अन्य आवश्यक कुरा।

(५) यस दफा बमोजिम विज्ञापन प्रकाशन गर्दा एउटै प्रश्नपत्रको माध्यमबाट भएको लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि एकभन्दा बढी खुला तथा समावेशी समूहमा छनौट हुने उम्मेदवारको लिखित परीक्षा पश्चातका सबै परीक्षा एक पटक मात्र लिइने र एकमुष्ट योग्यताक्रम प्रकाशन हुने कुरा समेत खुलाउनु पर्नेछ।

(६) विज्ञापन प्रकाशन गर्दा तोकिए बमोजिमको विज्ञापन नम्बर प्रयोग गर्नु पर्नेछ।

(७) तोकिएको अधिकृतस्तरभन्दा माथिको पदमा खुला प्रतियोगितात्मक परीक्षाबाट पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्दा देहायका कुराहरु समेत खुलाउनु पर्नेछः-

(क) देहाय बमोजिमको निकायमा रही अधिकृतस्तरमा गरेको कामको अनुभव पेश भएकोमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको आधारमा त्यस्तो सेवालाई मान्यता दिने कुराः-

(१) निजामती तथा अन्य सरकारी निकाय,

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सरकारको पूर्ण वा आंशिक स्वामित्वमा संचालित संगठित संस्था,

(३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,

(४) विशेष ऐनद्वारा स्थापित संस्था वा निकाय,

(५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय,

(६) अन्तर सरकारी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संगठनहरु,

(७) विश्वविद्यालयको आंगिक क्याम्पस,

(८) सामुदायिक विद्यालय,

(९) लोक सेवा आयोग वा आयोगले मान्यता प्रदान गरी सूचीकृत गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संगठित संस्था।

(ख) खण्ड (क) मा उल्लेख भए बाहेकको अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त सम्भव भएसम्म त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधि समेत पेश गर्नु पर्ने र त्यस्तो नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम तोकिएको अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिने कुरा,

(ग) सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव पेश गरेमा सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र संलग्न भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिने कुरा,

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गर्ने कुरा,

(ङ) नियुक्ति पत्र वा करारनामामा नै आंशिक रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता नदिने कुरा,

(च) एक वर्षभन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना नगर्ने कुरा,

(छ) सहायकस्तरमा पदाधिकार रही अधिकृतस्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता नदिने कुरा,

(ज) तोकिएको अधिकृतस्तरभन्दा माथिको पदको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो, सो सेवा, समूहको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतालाई मान्यता प्रदान गर्ने कुरा,

(झ) नियुक्तिपत्र वा करारनामामा उल्लिखित पद, नामबाट अधिकृतस्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृतस्तरको भनी प्रमाणित गरेको पत्र संलग्न गर्नु पर्ने कुरा।

(८) यस दफा बमोजिम दरखास्त फाराम बुझाउने म्याद दिँदा पहिलो पटक विज्ञापन प्रकाशन भएको मितिले कम्तीमा एक्काइस दिन दिनु पर्नेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दरखास्त फाराम बुझाउने म्याद समाप्त भएको मितिले सात दिन भित्र परीक्षा दस्तुरको दोब्बर दस्तुर तिरी दरखास्त फाराम बुझाउन सकिनेछ।

(१०) आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको रिक्त पदपूर्ति गर्नको लागि कार्यतालिका बनाई वर्षको एक पटक विज्ञापन प्रकाशन गर्नेछ।

(११) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विशेष परिस्थिति परी दरखास्त फाराम बुझाउने म्याद थप गर्न आवश्यक छ भन्ने आयोगलाई लागेमा आयोगले दरखास्त फाराम बुझाउने म्याद थप गर्न सक्नेछ।

३७. **<u>दरखास्त फारामको ढाँचा</u>**: (१) खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षा, कार्यक्षमताको मूल्याङ्कनद्वारा तथा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा, कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवा, कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवा समायोजन र एकीकृत परीक्षा प्रणाली लागू भएको पदको लागि खुलातर्फको दरखास्त फारामको ढाँचा तोकिए बमोजिम हुनेछ।

(२) आयोगले वेभसाइट मार्फत उपलव्ध गराएको दरखास्त फाराम भरी आयोगबाट निर्धारण भए बमोजिमको फाइलमा संलग्न गरी बुझाउनु पर्नेछ। त्यसरी निर्धारण नभएको अवस्थामा जुनसुकै रेकर्ड फाइलमा संलग्न गरी बुझाउन सकिनेछ।

(३) उम्मेदवारले आयोगबाट निर्धारण भएको बाहेक अन्य किसिमको दरखास्त फाराम बुझाएमा त्यस्तो फाराम स्वीकार गरिने छैन।

३८. **<u>दरखास्त छानबिन गर्ने</u>**: (१) खुला प्रतियोगितात्मक परीक्षाको लागि प्रकाशित विज्ञापन अनुसार पर्न आएका दरखास्त उपर देहाय बमोजिम छानबिन गर्नु पर्नेछः-

(क) उम्मेदवारले दरखास्त फाराममा विज्ञापन नम्बर, पद, सेवा, समूह, उपसमूह, श्रेणी/तह, नाम, थर, ठेगाना र जन्म मिति खुलाएको छ, छैन,

(ख) सम्बन्धित सेवा, समूह सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिम उम्मेदवारको उमेर पुगेको वा नाघेको छ, छैन,

(ग) दरखास्त पेश गरेको पदको लागि आवश्यक पर्ने सम्बन्धित सेवा/समूह सम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेको छ, छैन,

तर विज्ञापनमा उल्लिखित शैक्षिक योग्यता नभई सोही विषयको माथिल्लो शैक्षिक योग्यता रहेछ भने सो योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता पुगेको मानिनेछ।

(घ) सम्बन्धित सेवा, समूह सम्बन्धी प्रचलित कानून बमोजिमको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरणपत्र (ट्रान्स्कृप्ट) वा लब्धाङ्कपत्रको प्रतिलिपि दरखास्त साथ संलग्न छ, छैन,

(ङ) दरखास्त साथ संलग्न शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने शिक्षण संस्था मान्यता प्राप्त शिक्षण संस्था भित्र पर्छ, पर्दैन,

(च) समकक्षता र सम्वद्धता निर्धारण गर्नुपर्ने शैक्षिक प्रमाणपत्रको समकक्षता र सम्वद्धता निर्धारण भएको छ, छैन,

(छ) एकीकृत परीक्षा प्रणाली अन्तर्गत न्यूनतम शैक्षिक योग्यता छुट्टाछुट्टै तोकिएको सेवा/समूह/उपसमूहको विज्ञापनमा उम्मेदवारले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको मूल विषय उल्लेख गरेको छ, छैन,

(ज) एकीकृत परीक्षा प्रणाली अन्तर्गत न्यूनतम शैक्षिक योग्यता छुट्टाछुट्टै तोकिएको सेवा/समूह/उपसमूहको विज्ञापनमा शैक्षिक योग्यताको आधारमा संभाव्य उम्मेदवार हुन सक्ने सेवा/समूह/ उपसमूहको महलमा सङ्केत चिन्ह लगाएको छ, छैन,

(झ) एकीकृत परीक्षा प्रणाली अन्तर्गत विभिन्न ऐच्छिक प्राज्ञिक विषय तोकिएको पदको विज्ञापनमा उम्मेदवारले परीक्षा दिन चाहेको ऐच्छिक प्राज्ञिक विषय उल्लेख गरेको छ, छैन,

(ञ) तालिम वा अनुभव चाहिनेमा सोको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरेको छ, छैन,

(ट) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरेको छ, छैन,

(ठ) दरखास्त फाराममा हालसालै खिचिएको फोटो टाँस गरेको र उम्मेदवारले फोटो समेतमा पर्ने गरी दस्तखत गरेको छ, छैन,

(ड) दरखास्तसाथ विज्ञापनमा उल्लिखित परीक्षा दस्तुर दाखिला गरेको रसिद वा भौचर संलग्न गरेको छ, छैन,

(ढ) दरखास्तसाथ सम्बन्धित कागजातहरूको एक-एक प्रति प्रतिलिपी संलग्न गरेको छ, छैन,

(ण) प्रारम्भिक परीक्षा हुने भनी तोकिएको सेवा, समूह वा उपसमूहको पदको मूल परीक्षाको लागि प्रारम्भिक परीक्षा उत्तीर्ण गरेको प्रमाण संलग्न गरेको छ, छैन,

(त) दरखास्तमा उम्मेदवारले दस्तखत तथा ल्याप्चे सहीछाप गरेको छ, छैन,

(थ) व्यावसायिक परिषद्मा दर्ता हुनुपर्ने पदको उम्मेदवारको हकमा सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भए, नभएको वा दर्ता नवीकरण गरेको छ, छैन,

(द) समावेशी तर्फको दरखास्त बुझाउने उम्मेदवारले समावेशिता यकिन हुने प्रचलित कानून बमोजिमको प्रमाण पेश गरेको छ, छैन।

(२) आन्तरिक प्रतियोगितात्मक परीक्षा र कार्यक्षमताका आधारमा हुने बढुवाको लागि प्रकाशित विज्ञापन अनुसार पर्न आएका दरखास्त फारामहरू उपर देहाय बमोजिम छानबिन गर्नु पर्नेछः-

(क) उम्मेदवारले दरखास्त फाराममा विज्ञापन नम्बर, पद, सेवा, समूह, उपसमूह, श्रेणी/तह, नाम, थर, ठेगाना र जन्म मिति खुलाएको छ, छैन,

(ख) दरखास्त पेश गरेको पदको लागि आवश्यक पर्ने सम्बन्धित सेवा, समूह सम्बन्धी प्रचलित कानून बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेको छ, छैन,

तर विज्ञापनमा उल्लिखित शैक्षिक योग्यता नभई सोही विषयको माथिल्लो शैक्षिक योग्यता रहेछ भने सो योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता पुगेको मानिनेछ।

(ग) सम्बन्धित सेवा सम्बन्धी प्रचलित कानून बमोजिमको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्कपत्र (ट्रान्स्कृप्ट)को प्रतिलिपि दरखास्त साथ संलग्न छ, छैन,

(घ) दरखास्तसाथ संलग्न शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने शिक्षण संस्था मान्यता प्राप्त शिक्षण संस्थाभित्र पर्छ, पर्दैन,

(ङ) विज्ञापन भएको पदसँग सम्बन्धित सेवा, समूह तथा उपसमूहको एक श्रेणी/तह मुनिको पदमा सेवा सम्बन्धी प्रचलित कानूनमा तोकिए बमोजिम सेवा अवधि पूरा गरेको छ, छैन र सोको प्रमाण पेश गरेको छ, छैन,

(च) दरखास्त फाराममा निर्दिष्ट गरिएको स्थानमा सम्बन्धित कार्यालय प्रमुख/ विभागीय प्रमुखबाट रीतपूर्वक प्रमाणित भएको छ, छैन,

(छ) समकक्षता र सम्वद्धता निर्धारण गर्नुपर्ने शैक्षिक प्रमाणपत्रको समकक्षता र सम्वद्धता निर्धारण भएको छ, छैन,

(ज) दरखास्तमा उम्मेदवारले दस्तखत तथा ल्याप्चे सहीछाप गरेको छ, छैन,

(झ) व्यावसायिक परिषद्मा दर्ता हुनुपर्ने पदको उम्मेदवारको हकमा सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भएको वा दर्ता नवीकरण गरिएको छ, छैन,

(ञ) प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको हकमा दरखास्तसाथ विज्ञापनमा उल्लिखित परीक्षा दस्तुर दाखिल गरेको रसिद वा भौचर संलग्न गरेको छ, छैन,

(ट) दरखास्त फारामसाथ पेश गरेका प्रमाणपत्रका प्रतिलिपिहरूको विवरण (तेरिज) समावेश गरेको छ, छैन,

(ठ) समावेशी तर्फको दरखास्त बुझाउने उम्मेदवारले समावेशिता यकिन हुने प्रचलित कानून बमोजिमको प्रमाण पेश गरेको छ, छैन।

(३) तोकिएको अधिकृतस्तरको पदमा खुला प्रतियोगितात्मक परीक्षा मार्फत पदपूर्तिको लागि प्रकाशित विज्ञापन अनुसार पर्न आएका दरखास्त फारामहरु उपर दफा ३६ को उपदफा (७) बमोजिमका विषयहरु समेत छानविन गर्नु पर्नेछ।

(४) दरखास्त छानबिन गर्दा पेश गरेको प्रमाणपत्र वा विवरण सम्बन्धमा द्विविधा भएमा त्यस्तो दरखास्त सम्बन्धमा द्विविधा परेको विवरण खुलाई द्विविधा परेको विषयसँग सम्बन्धित शाखा प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको विषयका सम्बन्धमा आवश्यकतानुसार विशेषज्ञ वा दक्ष वा सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयको राय लिई आयोगले आवश्यक निर्णय गर्न सक्नेछ।

३९. **<u>दरखास्त स्वीकृत गर्ने</u>**: (१) दफा ३८ बमोजिम दरखास्त छानबिन गर्दा रीत पुगेको र सूचनामा उल्लिखित अन्य शर्तहरू पूरा भएको देखिएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दरखास्तलाई स्वीकृत गर्नु पर्नेछ।

(२) खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको हकमा दरखास्त स्वीकृत भए पछि उम्मेदवारलाई तोकिए बमोजिम रोल नंम्बर कायम गरी सम्बन्धित दरखास्त फाराममा रहेको परीक्षाको प्रवेशपत्र दिनु पर्नेछ।

(३) उम्मेदवारलाई दिइने परीक्षाको प्रवेशपत्रमा दरखास्त स्वीकृत गर्ने कार्यालयको नाम, स्वीकृत गर्ने कर्मचारीको नाम, थर, पद खुलाई कार्यालयको छाप समेत लगाउनु पर्ने र उम्मेदवारको फोटोमा उम्मेदवार र स्वीकृत गर्ने कर्मचारीले दस्तखत गर्नु पर्नेछ।

(४) परीक्षाको प्रवेशपत्रमा उल्लेख भएका शर्तहरू उम्मेदवारले पालना गर्नु पर्नेछ।

४०. **<u>दरखास्त अस्वीकृत गर्ने</u>**: (१) आयोगका कार्यालयमा पेश भएका दरखास्तहरू उपर छानबिन गर्दा विज्ञापन/सूचनामा उल्लिखित प्रावधानहरू पूरा भएको नदेखिएमा त्यस्तो दरखास्त अस्वीकृत गर्नु पर्नेछ।

(२) एकपटक स्वीकृत गरी प्रवेशपत्र जारी भएको दरखास्तमा पछि कुनै कैफियत देखिएमा त्यस्तो दरखास्त अस्वीकृत गरी प्रवेशपत्र रद्द गर्न सकिनेछ।

(३) दरखास्त फाराममा उम्मेदवारले आफैं दस्तखत तथा ल्याप्चे सहीछाप नगरेको पाइएमा निजको दरखास्त जुनसुकै बखत अस्वीकृत गर्न सकिनेछ।

(४) यस दफा बमोजिम अस्वीकृत भएका दरखास्त सम्बन्धमा सम्बन्धित उम्मेदवारको जानकारीका लागि सूचना प्रकाशन गर्नु पर्नेछ।

४१. **दरखास्त पठाउनु पर्ने**: (१) दफा ३९ बमोजिम स्वीकृत भएका दरखास्त फारामहरु सम्बन्धित शाखा/कार्यालयले व्यवस्थित गरी राखी तोकिए बमोजिमको ढाँचामा स्वीकृत नामावली तयार गरी राख्नु पर्नेछ र लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुको दरखास्त फाराम सम्बन्धित शाखा/कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका दरखास्त फाराम र स्वीकृत नामावलीमध्ये अन्य कार्यालयबाट परीक्षा सञ्चालन हुने पदको दरखास्त र सो बमोजिमको स्वीकृत नामावली तथा अन्यत्र परीक्षा केन्द्र राखी बुझाएको दरखास्त फाराम र सो बमोजिमको स्वीकृत नामावली सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(३) लिखित परीक्षा नलिई अन्तर्वार्ताबाट मात्र पूर्ति गरिने पदको विज्ञापनको हकमा सम्पूर्ण उम्मेदवारको दरखास्त फाराम अन्तर्वार्ता हुने स्थानमा पठाउनु पर्नेछ।

(४) कार्यक्षमताको आधारमा हुने बढुवा र कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवा समायोजनको दरखास्त फाराम दरखास्त दिने म्याद भुक्तान भएको मितिले तीस दिनभित्र नामावली सहित सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(५) अदालतमा विचाराधीन रहेको वा आयोगले राख्नु पर्ने अवधि तोकेको अवस्थाका दरखास्त फाराम बाहेक लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट नभएका उम्मेदवारहरूको दरखास्त फाराम एक वर्षपछि धुल्याउनु पर्नेछ।

## परिच्छेद–८

## प्रश्नपत्र निर्माण र परिमार्जन

४२. **प्रश्न निर्माण**: (१) प्रश्न निर्माणको लागि सम्बन्धित शाखाले देहायका प्रारम्भिक कार्यहरू गर्नु पर्नेछः-

(क) परीक्षाका लागि आवश्यक पर्ने प्रश्न निर्माण गर्नका लागि दफा ९९ बमोजिमको सूचीबाट आयोगद्वारा विषयगत दक्षहरूको मनोनयन गराउने,

(ख) प्रश्न निर्माणका लागि मनोनीत दक्षलाई सम्बन्धित विषयको पाठ्यक्रम, पुराना वा नमुना प्रश्नपत्र, प्रश्नपत्र निर्माण निर्देशन, प्रश्नपत्र

खामबन्दी गर्ने "क" र "ख" अङ्कित खाम तथा प्रश्न निर्माणकर्ताको पत्र खामवन्दी गर्ने "ग" अङ्कित खामका साथै अन्य आवश्यक विवरणहरू गोप्य रुपले उपलब्ध गराउने,

(ग) प्रश्न निर्माणकर्ताबाट तयार भएका प्रश्न बुझिलिई प्रश्न रहेको गोप्य सिलबन्दी "ख" अङ्कित खाम सिलबन्दी अवस्थामा नै प्रश्न परिमार्जनको लागि सम्बन्धित शाखालाई बुझाउने र "ग" अङ्कित खाम गोप्य रुपमा शाखामा सुरक्षित राख्ने।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमका "क", "ख" र "ग" अङ्कित खामको नमुना अनुसूची-२ बमोजिम हुनेछ।

(३) कुनै पदको पाठ्यक्रममा विभिन्न क्षेत्र (भौगोलिक, ऐतिहासिक, आर्थिक, राजनैतिक, कानूनी, वैज्ञानिक, अन्तराष्ट्रिय गतिविधि आदि) समावेश भएकोमा त्यस्तो पाठ्यक्रम अनुसार प्रश्नपत्र तयार गर्न लगाउँदा सबै क्षेत्र समावेश हुने गरी त्यस्ता विषयसँग सम्बन्धित छुट्टाछुट्टै विज्ञद्वारा प्रश्न निर्माण गर्ने व्यवस्था मिलाउन सकिनेछ।

(४) प्रश्नपत्र तयार गर्न दक्षलाई अनुरोध गर्ने पत्र र सो सम्बन्धी निर्देशन तथा प्रश्नहरु तयार गरी पठाउँदा विचार पु¥याउनु पर्ने कुराहरु अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

(५) प्रश्नहरु तयार गरी आयोगमा पठाउने पत्रको ढाँचा अनुसूची-४ बमोजिम हुनेछ।

(६) एउटा विषयमा सामान्यतया कम्तीमा पाँच जना दक्षहरूबाट प्रश्न निर्माण गराउनु पर्नेछ।

(७) प्रश्नपत्र परिमार्जन गर्ने शाखाबाट प्रश्नको स्तर नमिलेको वा उपयुक्त प्रश्नहरु नभएको भनी कुनै दक्षको बारेमा लेखी आएको खण्डमा आयोगमा पेश गरी त्यस्ता दक्षलाई दक्षको सूचीबाट हटाउनु पर्नेछ।

४३. **<u>लिखित परीक्षामा सोधिने प्रश्नका प्रकार</u>**: (१) लिखित परीक्षामा पाठ्यक्रममा निर्धारण गरिए अनुसार देहाय बमोजिमका प्रश्नहरु सोध्न सकिनेछः-

(क) विषयगत प्रश्न,

(ख) वस्तुगत प्रश्न ।

(२) लामो उत्तर अपेक्षा गरिएको प्रश्नले परीक्षार्थीलाई विस्तृत उत्तर वा प्रतिक्रिया व्यक्त गर्ने, व्याख्या गर्ने तथा आफ्नो मौलिक विचार व्यक्त गर्ने अधिकतम स्वतन्त्रता हुने गरी देहायमा उल्लेख भए बमोजिमका प्रश्नहरु सोध्न सकिनेछः-

(क) प्रश्नको जवाफमा परीक्षार्थीहरूले आफ्ना विचारहरू व्याख्यात्मक रूपमा अभिव्यक्त गर्न पाउने किसिमका बर्णनात्मक प्रश्न,

(ख) परीक्षार्थीहरूले दुई धारणाको तुलना गर्दै आफ्नो जवाफ प्रस्तुत गर्नुपर्ने किसिमको तुलनात्मक प्रश्न,

(ग) कुनै कुराको पक्ष वा विपक्षमा आफ्नो विचार अभिव्यक्त गरी कारण र पुष्ट्याइँ दिनुपर्ने किसिमका प्रश्न,

(घ) प्रश्नको जवाफमा परीक्षार्थीहरूले आफ्नो निजी धारणा प्रस्तुत गर्ने अवसर दिई स्वतन्त्र विचार अभिव्यक्त गर्नुपर्ने किसिमका प्रश्न,

(ङ) कुनै घटना र वास्तविकतालाई पुष्टि गर्नको लागि कारण र असर उल्लेख गर्नुपर्ने किसिमका प्रश्न,

(च) परीक्षार्थीको बुझाई एवम् प्रयोग गर्ने क्षमतालाई जाँच्न छोटो उत्तर आउने किसिमका प्रश्न,

(छ) समस्या समाधान सम्बन्धी प्रश्न।

(३) विषयगत प्रश्नको निर्माण गर्दा लामो उत्तरका प्रश्नको अनिवार्य उत्तर दिनुपर्ने गरी एक दुईवटा मौलिक विचार र स्वतन्त्र अभिव्यक्ति जाँच गर्ने प्रश्न र अन्य सबै संक्षिप्त उत्तरात्मक प्रश्न हुनु पर्नेछ।

(४) विषयगत प्रश्न निर्माण गर्दा देहायका कुरामा ध्यान पुऱ्याउनु पर्नेछः-

(क) संज्ञानात्मक तह (कग्नेटिभ लेभल) अनुसार ज्ञान, बोध, प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन तहका उपलब्धि जाँच्ने गरी प्रश्न निर्माण गर्नु पर्नेछ,

(ख) विषयगत प्रश्नलाई सीमित पार्न स्वतन्त्र अभिव्यक्ति जाँच्ने निश्चित सीमा हुनु पर्नेछ,

(ग) विवादास्पद, बहुअर्थ लाग्ने र अस्पष्ट प्रश्न सोध्नु हुँदैन,

(घ) प्रश्नसँगै गाँसिएर आउने पूरक प्रश्न एक अर्कोसँग पूर्णरूपमा सम्बन्धित हुनु पर्नेछ,

(ङ) परीक्षार्थीको सिर्जनात्मक प्रतिभा, मौलिकता जाँच्ने र निर्दिष्ट गरिएको सेवा, समूह, श्रेणी/तहको पाठ्यक्रम र सोको उद्देश्यलाई आधार मानी निर्धारण गरिएको समयभित्र उत्तर दिन सकिने किसिमका प्रश्न समावेश गर्नु पर्नेछ,

(च) प्रश्न निर्माणकर्ताले विश्वस्त स्रोतलाई मात्र सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्नु पर्नेछ,

(छ) पाठ्यक्रममा तोकिएकोमा सोही अनुसार र नतोकिएको अवस्थामा पाठ्यक्रमको सबै एकाई वा खण्डबाट समानुपातिक हिसावले प्रश्न निर्माण गर्नु पर्नेछ,

(ज) आन्तरिक प्रतियोगिताको लागि प्रश्न निर्माण गर्दा सामान्यतया व्यावहारिक पक्षमा विशेष ध्यान दिनु पर्दछ भने खुला तर्फका लागि सैद्धान्तिक पक्षमा केन्द्रित भई प्रश्न निर्माण गर्नु पर्नेछ,

(झ) प्रश्न, परीक्षाको श्रेणी अनुसार विषयवस्तुको ज्ञान सहित व्यक्तिको सिर्जनशीलता, मौलिक क्षमता मापन गर्ने किसिमको हुनु पर्नेछ,

(ञ) एउटै प्रश्नमा टुक्रे प्रश्न भएको भए प्रत्येक टुक्रे प्रश्नको अङ्कभार समेत छुटयाउनु पर्नेछ,

(ट) पाँच अङ्कभारसम्म भएका प्रश्न निर्माण गर्दा उत्तर समेत तयार गरी संलग्न गरिदिनु पर्नेछ,

(ठ) दश अङ्कभार वा सोभन्दा माथिका प्रश्न निर्माण गर्दा प्रश्नले अपेक्षा गरेको सम्भावित बुँदागत उत्तरको सार संक्षेप विषयवस्तु के के हुन् सो समेत संलग्न गरी कुन कुन विषयवस्तु समेट्दा कति कति अङ्क प्रदान गर्ने भन्ने कुरा समेत प्रष्ट छुटयाई प्रश्न साथ अङ्कन योजना (मार्किङ स्कीम) संलग्न गरी पठाउनु पर्नेछ,

(ड) अधिकृतस्तर नवौं वा सोभन्दा माथिको पदको लागि समस्या समाधानको प्रश्न निर्माण गर्दा चारवटा विषयक्षेत्रहरूमा केन्द्रित रहेर उत्तर लेख्नुपर्ने हुँदा उक्त प्रत्येक चार विषय क्षेत्रमा के के विषयवस्तु (उत्तर) समेटिनु पर्दछ त्यसका सम्भावित बुँदा उल्लेख गरी चारवटै विषय क्षेत्रको अङ्कभार विभाजन समेत गरिदिनु पर्नेछ।

<u>**द्रष्टव्यः**</u> अङ्कभार बीस भएकोमा चारवटामा ५+५+५+५ वा ४+६+४+६ आदि तरिकाले प्रश्नमै उल्लेख गरिदिनु पर्नेछ,

(ढ) प्रश्न निर्माण गर्दा कर्मचारीको तह, उसले गर्ने र गर्नुपर्ने काम तथा उसको दक्षतालाई ध्यान दिनु पर्नेछ। यसका लागि अनुसूची -५ मा उल्लेख भएका आधार स्तम्भ तथा क्रियापदको प्रयोग गर्नु पर्नेछ।

(५) परीक्षार्थीको तथ्यगत जानकारी बोध, प्रयोग, विश्लेषण आदि क्षमता तथा न्यून संज्ञानात्मक तहदेखि मध्यम स्तरको संज्ञानलाई जाँच गर्न परीक्षार्थीले आफ्ना उत्तर चित्र, लेखाचित्र, आँकडा आदिका रूपमा पनि प्रस्तुत गर्न सक्ने गरी संक्षिप्त उत्तरात्मक प्रश्न सोधन सकिनेछ।

(६) छोटो उत्तर आउने विषयगत प्रश्न निर्माण गर्दा देहायका कुरामा ध्यान पुऱ्याउनु पर्नेछः–

(क) सीमित वा संक्षिप्त उत्तर आउने प्रश्न सोध्ने,

(ख) सामान्यतया प्रत्येक प्रश्नका लागि बराबर समय लाग्ने प्रश्न समावेश गर्ने,

(ग) बहुअर्थ नलाग्ने गरी सरल र स्पष्ट भाषाको प्रयोग गर्ने,

(घ) प्रश्न कुनै एउटा संज्ञानात्मक (कग्नेटिभ) तहको मात्र नराखी न्यूनदेखि उच्च तहको संज्ञान (कग्निसन) मापन गर्ने किसिमबाट समावेश गर्ने।

४४. **<u>वस्तुगत प्रश्न निर्माण</u>**: (१) वस्तुगत प्रश्न अन्तर्गत बहुवैकल्पिक (मल्टिपल च्वाइस) प्रश्न सोधिने छ, जसमा देहायमा उल्लेख भए बमोजिमका प्रश्न समेत समावेश गर्न सकिनेछः–

(क) ठीक बेठीक छुट्याउने प्रश्न,

(ख) जोडा मिलाउने प्रश्न,

(ग) खाली ठाउँ भर्ने प्रश्न।

(२) वस्तुगत बहुवैकल्पिक प्रश्न निर्माण गर्दा देहायका कुरामा ध्यान पुऱ्याउनु पर्नेछः-

(क) बहुवैकल्पिक प्रश्नको प्रश्नात्मक अंश अर्थपूर्ण र स्पष्ट रूपमा जवाफ खोज्ने अर्थात् प्रश्नात्मक हुनु पर्नेछ,

(ख) प्रश्नमा आवश्यक सम्पूर्ण जानकारी हुनु पर्ने र जवाफ संक्षिप्त तथा स्पष्ट हुनु पर्नेछ,

(ग) प्रश्नको एकमात्र ठीक वा सबैभन्दा उपयुक्त जवाफ हुनु पर्नेछ। यसमा परीक्षार्थीलाई अनावश्यक रूपमा झुक्याउने किसिमको जवाफ हुनु हुँदैन,

(घ) प्रश्न र यसका वैकल्पिक जवाफका बीच व्याकरणीय तादात्म्यता हुनु पर्नेछ,

(ङ) सकभर नकारात्मक प्रश्न सोध्नु हुँदैन। क्षमता जाँच्नु परेमा मात्र नकारात्मक प्रश्न सोध्नु पर्दछ र नकारात्मक वाक्यांशलाई रेखाङ्कन गर्नु पर्नेछ,

(च) प्रश्नका सम्पूर्ण विकल्प स्वीकारयोग्य हुनु पर्नेछ, एकदम नमिल्दो विकल्प राख्नु हुँदैन,

(छ) प्रश्न र सही विकल्प बीचको शाब्दिक एकरूपताले जवाफलाई सङ्केत गर्नु हुँदैन,

(ज) विकल्पको लम्बाईले सही जवाफ बारे सङ्केत गर्नु हुँदैन,

(झ) प्रश्नमा अनिश्चित विशेषण र क्रिया विशेषण जस्तै धेरैजसो, कुनै, केही, प्रायः कहिले काहीँ जस्ता वाक्यांस प्रयोग गर्नु हुँदैन,

(ञ) विकल्पहरू अङ्क अथवा समयकालको रूपमा भए यसलाई निश्चित क्रमानुसार राख्नु पर्नेछ,

(ट) अति विशिष्ट तथा स्मरण शक्ति जाँच्ने प्रश्न जस्तैः व्यक्ति वा स्थानको नाम, मिति जस्ता प्रश्न मात्र सोध्नु हुँदैन,

(ठ) सही जवाफहरू सामान्यतयाः सम्पूर्ण विकल्पहरूमा समान अनुपातमा वितरण गरिनु पर्नेछ,

(ड) बहुवैकल्पिक प्रश्न अन्तर्गत खाली ठाउँ भर्ने प्रश्न राख्दा मुख्य शब्द नै झिक्नु पर्नेछ र यसको एक मात्र सही जवाफ हुनु पर्नेछ,

(ढ) बहुवैकल्पिक प्रश्न अन्तर्गत ठीक र बेठीक छुट्याउने प्रश्न बनाउँदा प्रयोग गरिने वाक्य पूर्णतया ठीक वा बेठीक हुनु पर्नेछ,

(ण) बहुवैकल्पिक प्रश्न अन्तर्गत जोडा मिलाउने प्रश्न बनाउँदा प्रश्न समान क्षेत्रसँग सम्बन्धित हुनु पर्नेछ,

(त) वस्तुगत प्रश्नका विकल्प बनाउँदा विकल्प कुनै न कुनै रूपमा समान प्रकृतिका हुनु पर्नेछ,

(थ) वस्तुगत प्रश्न निर्माण गर्दा वैकल्पिक उत्तरबीच कुनै न कुनै रूपमा तालमेल रहनु पर्नेछ। विकल्प समान अनुपातमा वितरण गरिनु पर्दछ र सही उत्तर समेत उल्लेख गरी पठाउनु पर्नेछ,

(द) प्रश्न निर्माण गर्दा सम्बन्धित तहले गर्ने काम तथा दक्षतालाई ध्यान दिनु पर्नेछ। यसका लागि अनुसूची-५ मा उल्लेख भएका आधार स्तम्भ तथा क्रियापदको प्रयोग गर्नु पर्नेछ,

(ध) छिट्टै पुरानो हुने वा सान्दर्भिकता नरहने किसिमका प्रश्न सोध्नु हुँदैन,

(न) सामान्यतया सहजस्तरका पच्चीस प्रतिशत, मध्यम स्तरका पचास प्रतिशत र उच्च स्तरका पच्चीस प्रतिशत हुने गरी प्रश्न समावेश गर्नु पर्नेछ।

४५. <u>मनोवैज्ञानिक परीक्षण</u>ः (१) पाठ्यक्रममा निर्धारण गरिए अनुसार मनोवैज्ञानिक परीक्षण सम्बन्धी परीक्षा समेत लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मनोवैज्ञानिक परीक्षण देहायका तरिकाबाट गर्न सकिनेछः–

(क) अमूर्त/चित्रात्मक तार्किक परीक्षण,

(ख) अङ्क सम्बन्धी तार्किक परीक्षण,

(ग) व्यवस्थापकीय/सांगठनिक समस्या समाधान,

(घ) शाव्दिक/अशाब्दिक तार्किक परीक्षण।

४६. **<u>मनोवैज्ञानिक परीक्षणका प्रश्न निर्माण</u>**: (१) मनोवैज्ञानिक परीक्षण, आई.क्यू., व्यक्तित्व परीक्षण, तार्किक परीक्षण लगायतका प्रश्न निर्माण सम्बन्धित क्षेत्रका विशेषज्ञ वा दक्षबाट गराउनु पर्नेछ।

(२) सम्बन्धित शाखाबाट मनोवैज्ञानिक परीक्षणका प्रश्न निर्माण गर्दा दफा ४२ को उपदफा (१), (२), (४), (५) र (६) बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(३) विशेषज्ञ वा दक्षले मनोवैज्ञानिक परीक्षणका प्रश्न निर्माण गर्दा देहायका कुरामा ध्यान दिनु पर्नेछः–

(क) प्रश्न निर्माण गर्दा जुन विषय हो (एब्स्ट्रयाक्ट, न्यूमेरिकल, भर्वल रिजनिङ, मेनेजमेन्ट एण्ड अर्गनाइजेशन टेष्ट आदि) त्यही विषयको भाव अनुसार निर्माण गर्नु पर्नेछ,

(ख) परीक्षार्थीको उमेर समूह तथा शैक्षिक योग्यता समेतलाई ध्यान दिएर प्रश्न निर्माण गर्नु पर्नेछ,

(ग) परीक्षार्थीले निश्चित समय भित्र समाधान गर्न सक्ने गरी प्रश्नको सेट तयार गर्नु पर्नेछ,

(घ) दोहोरो उत्तर हुन सक्ने सम्भावना नहुने गरी प्रश्न निर्माण गर्नु पर्नेछ,

(ङ) द्विविधायुक्त प्रश्न समावेश गर्नु हुँदैन,

(च) जुन रिजनिङ टेष्ट समस्या समाधानको प्रश्न निर्माण गर्न लागिएको हो त्यसको उद्देश्यसँग मेल खाने किसिमको हुनु पर्नेछ,

(छ) प्रश्नको स्तर क्रमशः सरलबाट कठिनाई स्तरको हुनु पर्नेछ,

(ज) सामान्यतया सहज स्तरका पच्चीस प्रतिशत, मध्यम स्तरका पचास प्रतिशत र उच्च स्तरका पच्चीस प्रतिशत हुने गरी प्रश्न समावेश गर्नु पर्नेछ,

(झ) एब्स्ट्रयाक्ट/पिक्टोरियल रिजनिङ टेष्टका प्रश्न निर्माणका क्रममा चित्र बनाउँदा रेखाहरू तथा वृत्त खिचिएको हुनु पर्नेछ,

(ञ) जातीय, लैङ्गिक, भाषिक, धार्मिक र क्षेत्रीयता आदि कुनै पनि पूर्वाग्रहबाट मुक्त हुनु पर्नेछ,

(ट) प्रश्नको उत्तर र उत्तरको पुष्टयाई समेत समावेश गर्नु पर्नेछ।

४७. **<u>प्रश्न परिमार्जन</u>**: (१) प्रश्न परिमार्जन (मोडरेशन) गराउने कार्य सम्बन्धित शाखाले गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रश्न परिमार्जन (मोडरेशन) गराउँदा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) प्रश्न संकलन गर्ने शाखाबाट सिलबन्दी "ख" अङ्कित खाम बुझिलिने,

(ख) प्रश्न प्राप्त हुनासाथ सोको परिमार्जनका लागि विशेषज्ञ वा दक्षको नाम आयोगबाट मनोनयन गराउने,

(ग) विशेषज्ञ वा दक्षको नाम मनोनयन भएपछि निजलाई गोप्य रुपमा कार्यालयमा आमन्त्रण गर्ने,

(घ) प्रश्न परिमार्जन गर्न दक्षको रोहवरमा सिलछाप दुरुस्त भए नभएको हेरी मुचुल्का गरी प्रश्न राखिएका खामहरू खोल्ने,

(ङ) प्रश्न परिमार्जन गराउँदा सामान्यतया एउटा विषयका समान स्तरका तीन सेट प्रश्न तयार गर्ने,

(च) प्रश्नको भाषिक शुद्धता तथा पाठ्यक्रम बमोजिम सबै इकाईका प्रश्न समावेश गर्ने र पाठ्यक्रम वाहिरका प्रश्न हटाउने सम्बन्धमा विशेषज्ञ वा दक्षलाई आवश्यक जानकारी गराउने,

(छ) प्रश्न परिमार्जनको काम समाप्त भएपछि दक्षद्वारा तयार गरिए अनुसार छ, छैन रुजू गरी दक्षको रोहवरमा प्रत्येक सेट प्रश्न छुट्टाछुट्टै सिलबन्दी गर्ने।

४८. <u>प्रश्न परिमार्जन गर्दा ध्यान दिनुपर्ने कुराहरुः</u> (१) दक्ष वा विशेषज्ञले प्रश्न परिमार्जन गर्दा देहायका कुरामा ध्यान दिनु पर्नेछः-

(क) पाठ्यक्रममा तोकिएको संख्या अनुसार आवश्यक प्रश्नको परिमार्जन गर्ने,

(ख) परीक्षामा सोधिने प्रश्नमध्ये उत्तर दिनुपर्ने प्रश्न संख्याको अतिरिक्त समय, पूर्णाङ्क र प्रत्येक प्रश्नको अङ्कभार पनि स्पष्ट रुपले उल्लेख गर्ने,

(ग) पाठ्यक्रमभन्दा बाहिरका प्रश्न नराख्ने,

(घ) स्तरहीन प्रश्न हटाउने र बाँकी भएका सबै सेटका प्रश्नलाई पाठ्यक्रममा निर्धारण भए अनुसार समानुपातिक रूपमा तीन सेट प्रश्नपत्र तयार गर्ने,

(ङ) प्रश्न विवादास्पद तथा द्विविधायुक्त नहुने गरी भाषिक रूपले शुद्ध बनाउने,

(च) परिमार्जनकर्ताले प्रश्न कुन कुन इकाई वा पाठ्यांशको हो, सोको नम्बर प्रश्नमा जनाउँने,

(छ) पाठ्यक्रममा तोकिएको समयभित्र उम्मेदवारले उत्तर लेख्न सक्ने किसिमको प्रश्नको छनौट गर्ने,

(ज) सम्बन्धित पद (तह) को स्तरसँग मिल्ने किसिमका प्रश्न समावेश गर्ने,

(झ) दशभन्दा बढी अङ्कका विषयगत प्रश्नको लागि पूरक प्रश्न सोधिएकोमा सोधिएका प्रश्नको प्रत्येक भागको अङ्कभार ठीक छ, छैन जाँच गर्ने,

(ञ) अधिकृतस्तर नवौं वा सोभन्दा माथि (अप्राविधिक)का पदमा सोधिने समस्या समाधान सम्बन्धी प्रश्नको पाठ्यक्रममा उल्लेख भए अनुसार प्रत्येक भागको छुट्टा छुट्टै अङ्क विभाजन गर्ने,

(ट) वस्तुगत प्रश्न परिमार्जन गरी तयार गर्दा सकेसम्म छिट्टै पुरानो हुने वा सान्दर्भिकता सकिने किसिमका प्रश्न समावेश नगर्ने,

(ठ) वस्तुगत प्रश्नका हकमा प्रश्नसँगै आएका उत्तर एवम् सम्भाव्य उत्तरलाई ठीक छ, छैन, हेरी परिमार्जन गर्ने र अनुसूची-६ मा दिइएको तालिका अनुसार वर्गीकरण गर्ने,

(२) प्रश्न परिमार्जन गर्ने कार्य सम्पन्न भएपछि त्यस्ता प्रश्नलाई सिलबन्दी गरी सिलबन्दी खाम सम्बन्धित महाशाखा प्रमुखलाई बुझाउनु पर्नेछ।

४९. <u>**प्रश्नपत्र भण्डारण गर्ने**</u>: (१) परिमार्जन भएका प्रश्नपत्र भण्डारण गर्न एउटा प्रश्नपत्र भण्डार (क्वेश्चन बैंक) को व्यवस्था गर्नु पर्नेछ।

(२) प्रश्नपत्रहरू पर्याप्त मात्रामा मौज्दात राख्ने, सुरक्षा गर्ने र व्यवस्थित रुपले भण्डारण गर्ने कर्तव्य सम्बन्धित महाशाखा प्रमुखको हुनेछ।

(३) प्रश्नपत्र परिमार्जन गर्ने शाखामा प्रश्नको सेट तयार हुन नसकी बाँकी रहेका प्रश्न समेतको छुट्टा छुट्टै भण्डारण गर्ने व्यवस्था सम्बन्धित महाशाखा प्रमुखले गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम भण्डारण गरिएका प्रश्नपत्र आवश्यकता अनुसार समय समयमा परिमार्जन गरी पुनः प्रयोग गर्न सकिनेछ।

(५) प्रश्नपत्र भण्डारण सम्बन्धमा सम्बन्धित महाशाखा प्रमुखले देहायका कार्य गर्नु पर्नेछः–

(क) परिमार्जित प्रश्नपत्रका सेट सिलबन्दी अवस्थामा बुझ्ने,

(ख) प्रश्नपत्रका सेट विषय अनुसार सङ्केत चिन्ह राखी रजिष्टरमा चढाउने र त्यस्ता प्रश्नपत्रका सेट भण्डारमा सुरक्षित राख्ने,

(ग) प्रश्न भण्डारमा रहेका प्रश्न पाठ्यक्रम परिवर्तन भएमा वा अन्य अवस्थामा त्यसमा आवश्यकता अनुसार पुनरावलोकन गराउने,

(घ) पुनरावलोकन गर्न खोलिएका प्रश्नपत्र पुनरावलोकन गरिसकेपछि छुट्टा छुट्टै सिलबन्दी खाम भण्डारण गर्न जिम्मा लिने,

(ङ) परिमार्जन गर्दा विशेषज्ञ वा दक्षले आयोगको निर्देशनको पालना गरेको नपाइएमा सो को व्यहोरा आयोगसमक्ष पेश गर्ने।

५०. **<u>प्रश्नपत्रको छपाईः</u>** प्रश्नपत्रको छपाई सम्बन्धी काम गर्दा देहाय अनुसार गर्नु गराउनु पर्नेछः-

(क) सम्बन्धित महाशाखा प्रमुखले परिमार्जन भई भण्डारण भएका प्रश्नपत्रका सेटमध्ये लिखित परीक्षामा प्रयोग गर्नु पर्ने प्रश्नपत्रको सेट अध्यक्षबाट छनौट गराउने,

(ख) सिलबन्दी प्रश्नपत्र सेटको खाम टाइप लगायतका काम गर्नु अघि मुचुल्का गरी खोल्ने,

(ग) परिमार्जित प्रश्न टाइप लगायतका काम गर्दा सम्बन्धित अधिकृतलाई द्विविधा लागेमा आयोग वा आयोगले तोकेको व्यक्तिसँग सम्पर्क राखी टुङ्गो लगाउने,

(घ) प्रश्न टाइप गर्दा दुरुस्त टाइप गर्ने,

(ङ) परिमार्जन भैसकेका प्रश्न सचिवले तोकेको ठाउँ र तोकेको कर्मचारीबाट आवश्यक प्रति सेट तयार गराई परिमार्जित प्रश्न राखिएको खामको बाहिर सेवा, समूह, उपसमूह, श्रेणी/तह, पद, विषय, परीक्षा मिति तथा वस्तुगत प्रश्नपत्र भए A, B, C, D वा क, ख, ग, घ के मा आधारित छ सो समेत उल्लेख गर्ने,

(च) काम नलाग्ने कागजात, कार्वन पेपर आदि महाशाखा प्रमुखको रोहवरमा जलाउने,

(छ) परीक्षा हुने दिनमा आवश्यक प्रति तयार हुने गरी प्रश्नपत्र छपाई र आवश्यक संख्यामा प्रश्नपत्र सिलबन्दी गरी वितरण गर्ने व्यवस्था मिलाउने,

(ज) आयोग अन्तर्गतका कार्यालयमा सञ्चालन हुने परीक्षाका लागि केन्द्रीय प्रतिनिधि मार्फत अनुसूची–७ बमोजिमको पत्र साथ प्रश्नपत्र पठाउने र कार्यालय प्रमुख तथा केन्द्रीय प्रतिनिधिको रोहवरमा खण्ड (छ) बमोजिम छपाई गर्ने व्यवस्था गर्ने,

(झ) प्रश्नपत्र छपाई कार्यमा संलग्न कर्मचारीहरू परीक्षा शुरु नहुन्जेलसम्म सबै एकै ठाउँमा बस्ने, कुनै व्यक्ति भेट गर्न आएमा एक्लै भेट नगर्ने, टेलिफोन, मोबाइल फोनको प्रयोग नगर्ने, गर्नै पर्ने भएमा एक्लै नगर्ने व्यवस्था मिलाउने।

(ञ) प्रश्नपत्र छपाई कार्यमा संलग्न कर्मचारीलाई सोही परीक्षामा नखटाउने।

५१. **<u>प्रारम्भिक परीक्षा</u>**: (१) आयोगले तोकेको कुनै सेवा, समूह तथा उपसमूहको कुनै पदको लागि संयुक्त वा छुट्टाछुट्टै प्रारम्भिक परीक्षा लिन सक्नेछ।

तर प्रारम्भिक परीक्षा लिन तोकेका पदमध्ये कुनै खास प्रतिस्पर्धाका लागि छुट्याइएको पदमा प्रारम्भिक परीक्षा आवश्यक नपर्ने गरी आयोगले छुट गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक परीक्षाको लागि आवश्यक विवरण खुलाई आयोगले विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रारम्भिक परीक्षा लिइएकोमा त्यस्तो परीक्षा उत्तीर्ण हुने व्यक्ति मात्र सम्बन्धित सेवा, समूह तथा उपसमूहको खुला प्रतियोगिताद्वारा पूर्ति गरिने रिक्त पदको लागि उम्मेदवार हुन सक्नेछ।

(४) प्रारम्भिक परीक्षामा उत्तीर्ण भएको व्यक्ति सो परीक्षामा उत्तीर्ण भएको मितिले आयोगले तोकेको अवधिसम्म सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम उम्मेदवार हुनको लागि निर्धारित उमेरको हद ननाघ्ने गरी सम्बन्धित सेवा, समूह तथा उपसमूहको खुला प्रतियोगिताद्वारा पूर्ति गरिने रिक्त पदको लागि उम्मेदवार हुन सक्नेछ।

(५) प्रारम्भिक परीक्षा दस्तुर र अन्य व्यवस्था आयोगले तोके बमोजिम हुनेछ।

## परिच्छेद–९

## <u>लिखित परीक्षा सम्बन्धी व्यवस्था</u>

५२. **<u>लिखित परीक्षा सञ्चालन गर्ने कार्यालय</u>**: आयोगका देहायका कार्यालयले आयोगबाट लिइने देहायका श्रेणी/तहका परीक्षा सञ्चालन गर्नेछन:-

(क) <u>केन्द्रीय कार्यालय</u>: अधिकृतस्तर र सहायकस्तर पाचौं वा सोभन्दा मुनिका (प्राविधिक तथा अप्राविधिक) पदका परीक्षाहरू,

(ख) <u>आयोग अन्तर्गतका कार्यालय</u>: सहायकस्तर पाचौं वा सोभन्दा मुनिका (प्राविधिक तथा अप्राविधिक) पदका परीक्षाहरू।

५३. **<u>लिखित परीक्षाको सञ्चालन र व्यवस्थापन</u>**: (१) लिखित परीक्षा सञ्चालन गर्नको लागि मिति र समय निर्धारण गर्दा परीक्षा भवनको उपलब्धता लगायतका पक्षलाई विचार गरी निर्धारण गर्नु पर्नेछ।

(२) परीक्षा सञ्चालन गर्ने जिम्मेवारी भएको सम्बन्धित शाखा वा कार्यालयले लिखित परीक्षा सञ्चालन गर्न देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछ:–

(क) उम्मेदवारहरूको संख्याको अनुपातको आधारमा परीक्षा भवनको व्यवस्था गर्ने,

(ख) दरखास्त दिने उम्मेदवारको अन्तिम नामावली तयार गर्ने,

(ग) लिखित परीक्षा सञ्चालनको लागि आवश्यक पर्ने हाजिर कपी, उत्तरपुस्तिका लगायत अन्य सामग्रीको व्यवस्था गर्ने।

(३) लिखित परीक्षा सञ्चालन, सोका लागि आवश्यक परीक्षा नियन्त्रक, केन्द्राध्यक्ष र अन्य जनशक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. **उत्तरपुस्तिका सम्बन्धी व्यवस्थाः** विषयगत र वस्तुगत परीक्षाका उत्तरपुस्तिकाको आवरण पृष्ठ र पृष्ठ संख्या सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

५५. **सहयोगी लेखकको व्यवस्थाः** (१) कुनै परीक्षार्थीलाई परीक्षामा आफैं लेख्न नसक्ने भई सहयोगी लेखक आवश्यक पर्ने भएमा विशेष परिस्थिति परेको अवस्थामा बाहेक परीक्षा शुरु हुनुभन्दा सात दिन अगावै सहयोगी लेखक माग गरी सम्बन्धित लिखित परीक्षा सञ्चालन गर्ने कार्यालयमा लिखित निवेदन दिनु पर्नेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि विशेष परिस्थिति भन्नाले परीक्षा शुरु हुनुभन्दा कम्तीमा एक दिन अघि जनाउँछ।

(२) उपदफा (१) बमोजिम सहयोगी लेखक माग भएमा सम्बन्धित पदको लागि तोकिएको शैक्षिक योग्यताभन्दा एक तह मुनिको शैक्षिक योग्यता हासिल गरेको व्यक्तिलाई सम्बन्धित कार्यालयले सहयोगी लेखकको रुपमा खटाउनु पर्नेछ।

तर एस.एल.सी. वा सो सरह भन्दा मुनिको शैक्षिक योग्यता तोकिएको पदको हकमा समान योग्यता हासिल गरेको सहयोगी लेखक खटाउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम सहयोगी लेखक खटाउने प्रयोजनको लागि लिखित परीक्षा सञ्चालन गर्ने सम्बन्धित शाखा वा कार्यालयले शैक्षिक योग्यताको आधारमा छुट्टाछुट्टै सूची (रोष्टर) तयार गरी राख्नु पर्नेछ। त्यस्तो सूची वार्षिक रुपमा अद्यावधिक गर्नु पर्नेछ।

५६. **परीक्षामा अनियमित काम गर्ने उपर कारबाहीः** (१) कुनै परीक्षार्थीले परीक्षा केन्द्रमा होहल्ला गरी परीक्षा सञ्चालनमा बाधा अवरोध पुऱ्याएमा वा परीक्षा भवनमा अनियमितता गरे गराएको पाइएमा केन्द्राध्यक्षले तत्काल त्यस्तो परीक्षार्थीलाई परीक्षा भवनबाट निष्काशन गर्न सक्नेछ। यसरी निष्काशन गरेकोमा सोको कारण सहित केन्द्राध्यक्षले आयोग समक्ष प्रतिवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निष्काशन गरिएको परीक्षार्थीको सो विज्ञापन बमोजिमको सबै विषयको परीक्षा स्वतः रद्द हुनेछ।

(३) परीक्षा केन्द्रमा खटिएका कुनै कर्मचारीले परीक्षा सञ्चालनमा असहयोग गरेमा वा कुनै उम्मेदवारलाई अनुचित फाइदा पुऱ्याउने काम गरेमा केन्द्राध्यक्षले त्यस्ता कर्मचारीलाई तत्काल परीक्षा केन्द्रबाट निष्काशन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम कुनै कर्मचारीलाई परीक्षा केन्द्रबाट निष्काशन गरिएमा सोको प्रतिवेदन आयोगमा दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रतिवेदन प्राप्त भए पछि अनियमित काम कारबाही गर्ने कर्मचारीलाई कसूरको मात्रा अनुसार सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्ने भएमा आयोगले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

तर आयोगको कर्मचारीको हकमा आयोग आफैंले कारबाही गर्न वा कारबाहीको लागि लेखी पठाउन सक्नेछ।

(६) आयोगले विभागीय कारबाहीको लागि लेखी पठाएमा आयोगले तोकेको अवधिभित्र अख्तियारवालाले सम्बन्धित कर्मचारीलाई विभागीय कारबाही गरी सोको जानकारी यथाशिघ्र आयोगलाई दिनु पर्नेछ।

५७. **<u>निलम्बन गर्न सक्ने</u>**: कुनै उम्मेदवारले कुनै परीक्षा केन्द्रमा अनियमित काम कारबाही गरेमा वा आयोगले तोकेको शर्तको उल्लङ्घन गरेमा आयोगले त्यस्तो उम्मेदवारको परीक्षा रद्द गरी त्यसपछि हुने कुनै विज्ञापन बमोजिमको परीक्षामा आयोगले तोकेको अवधिसम्म निजलाई उम्मेदवार हुन नपाउने गरी निलम्बन गर्न सक्नेछ।

५८. **<u>प्रश्न वा उत्तर सम्बन्धी उजुरी</u>**: (१) परीक्षामा सोधिएको प्रश्न वा उत्तर गलत भएको भनी कुनै परीक्षार्थीले उजुरी दिन चाहेमा परीक्षा सकिएको सात दिनभित्र केन्द्रीय कार्यालयमा वा परीक्षा सञ्चालन गर्ने सम्बन्धित कार्यालयमा प्रमाणसहित उजुरी निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम केन्द्रीय कार्यालय बाहेकका अन्य कार्यालयमा परेको उजुरी निवेदन सम्बन्धित कार्यालयले छिटो माध्यमबाट केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा प्रश्नपत्र परिमार्जन गर्ने शाखाले आवश्यकता अनुसार सम्बन्धित दक्ष वा विज्ञको सहयोग लिई छानविन गर्नेछ।

(४) उपदफा (३) बमोजिम छानविन गर्दा प्रश्न वा उत्तर गलत भएको प्रमाणित नभएमा सम्बन्धित शाखाले उजुरीकर्तालाई सोको जानकारी गराउनेछ।

(५) उपदफा (३) बमोजिम छानविन गर्दा प्रश्न वा उत्तर गलत भएको पाइएमा आयोग समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद–१०

## <u>सङ्केत नम्बर सम्बन्धी व्यवस्था</u>

५९. **<u>उत्तरपुस्तिकामा सङ्केत (कोड) नम्बर राख्ने</u>**: (१) सबै किसिमका लिखित परीक्षाका उत्तरपुस्तिकामा अनिवार्य रुपमा पहिलो तथा दोस्रो सङ्केत नम्बर राख्नु पर्नेछ।

(२) उत्तरपुस्तिकामा पहिलो सङ्केत नम्बर राख्ने जिम्मेवारी र तरिका देहाय बमोजिम हुनेछः-

(क) आयोगले अन्यथा व्यवस्था गरे बाहेक सामान्यतया उत्तरपुस्तिका प्राप्त भएको सात दिनभित्र उत्तरपुस्तिकामा पहिलो सङ्केत नम्बर राख्नु पर्नेछ। पहिलो सङ्केत नम्बर राख्ने वा राख्न लगाउने जिम्मेवारी आयोगको केन्द्रीय कार्यालयको हकमा सम्बन्धित महाशाखा प्रमुख र आयोग अन्तर्गतका कार्यालयको हकमा आयोगको केन्द्रीय कार्यालयको प्रतिनिधिको रोहवरमा सम्बन्धित कार्यालय प्रमुखको हुनेछ,

(ख) आयोग अन्तर्गतका कार्यालयमा सङ्केत नम्बर राख्न मिल्ने पर्याप्त जनशक्ति नभएको वा सङ्केत नम्बर राख्न आवश्यक पर्ने स्रोत साधन उपलब्ध नभएको कारणले केन्द्रीय कार्यालयबाट सङ्केत नम्बर राख्न उपयुक्त छ भनी लेखी आएमा त्यस्तो उत्तरपुस्तिकामा केन्द्रीय कार्यालयको सम्बन्धित महाशाखा प्रमुखले पहिलो सङ्केत नम्बर राख्न वा राख्न लगाउन सक्नेछ,

(ग) पहिलो सङ्केत नम्बर राख्न तोकिएको कर्मचारीले उत्तरपुस्तिकाको सिलबन्दी पोका/खाम बुझ्नुभन्दा पहिले उत्तरपुस्तिका सिलबन्दी गर्दाको सिलछाप ठीक छ, छैन राम्ररी हेरी त्यस्तो पोका/खाम खोल्नु अगाडि मुचुल्का गर्नु पर्नेछ,

(घ) एउटै विज्ञापनका सबै परीक्षा केन्द्रको उत्तरपुस्तिका तलमाथि पारी छ्यासमिस गरी पहिलो सङ्केत नम्बर राख्नु पर्नेछ,

(ङ) पहिलो सङ्केत नम्बर राखेपछि उम्मेदवारको नाम, थर, रोल नम्बर, विषय, मिति आदि उल्लेख भएको अर्धकट्टी च्यातेर सिलबन्दी गरी राख्नु पर्नेछ,

(च) सबै विषयको परीक्षामा उपस्थित नहुने उम्मेदवारको उत्तरपुस्तिकामा सङ्केत नम्बर नराखी छुट्टै रजिष्टरमा विवरण उल्लेख गरी राख्नु पर्नेछ,

(छ) पहिलो सङ्केत नम्बर राखिसकेपछि सो सङ्केत नम्बर रहेको अर्धकट्टी च्याती छुट्टै पोका/खाममा सिलबन्दी गरी त्यस्तो सिलबन्दी पोका/खामको बाहिर सो कार्यमा संलग्न सबै कर्मचारीहरूले दस्तखत समेत गर्नु पर्नेछ,

(ज) पहिलो सङ्केत नम्बरको अर्धकट्टी सिलबन्दी पोका/खाम लिखित परीक्षाको नतिजा प्रकाशन गर्न लिखित रुपमा माग भई आएपछि मात्र बुझाउनु पर्नेछ,

(झ) अर्धकट्टी भएको सिलबन्दी पोकामा सङ्केत नम्बर राख्न खटिने मुख्य व्यक्तिको नामको सिलछाप लगाउनु पर्नेछ,

(ञ) पहिलो सङ्केत नम्बर राख्दा कालो मसीको प्रयोग गर्नु पर्नेछ।

(३) पहिलो सङ्केत नम्बर राखिएका उत्तरपुस्तिकामा दोस्रो सङ्केत नम्बर राख्ने जिम्मेवारी र तरिका देहाय बमोजिम हुनेछः-

(क) दोस्रो सङ्केत नम्बर राख्ने कार्य सचिवले तोकेको कर्मचारीले गर्नेछ,

(ख) पहिलो सङ्केत नम्बर राख्ने कार्यमा संलग्न रहेका कर्मचारीहरूलाई दोस्रो सङ्केत नम्बर राख्ने काममा लगाउनु हुँदैन,

(ग) दोस्रो सङ्केत नम्बर राख्न तोकिएको कर्मचारीले पहिलो सङ्केत नम्बर राखिएका उत्तरपुस्तिकाको सिलबन्दी पोका/खाम बुझ्नुभन्दा पहिले सिलछाप ठीक छ, छैन हेरी त्यस्तो पोका/खाम खोल्नु अगाडि मुचुल्का गर्नु पर्नेछ,

(घ) उत्तरपुस्तिकाको संख्या ठीक छ, छैन, हेरी उत्तरपुस्तिका तलमाथि पारी छासमिस गरी दोस्रो सङ्केत नम्बर राख्नु पर्नेछ,

(ङ) दोस्रो सङ्केत नम्बर राखी सकेपछि प्रथम र दोस्रो सङ्केत नम्बर भएको अर्धकट्टी च्याती छुट्टाछुट्टै सिलबन्दी गर्ने र सिलबन्दी पोका/खामको बाहिर सो कार्यमा संलग्न सवै कर्मचारीहरूले दस्तखत गर्नु पर्नेछ,

(च) दोस्रो सङ्केत नम्बर रहेका अर्धकट्टीको सिलबन्दी पोका/खाम केन्द्रीय कार्यालयमा अध्यक्षले तोकेको कर्मचारी तथा अन्तर्गत कार्यालय प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहनेछ,

(छ) दोस्रो सङ्केत नम्बरको अर्धकट्टी सिलबन्दी पोका/खाम लिखित परीक्षाको नतिजा प्रकाशनका लागि लिखित रुपमा माग भएपछि मात्र बुझाउनु पर्नेछ,

(ज) अर्धकट्टी भएको सिलबन्दी पोकामा सङ्केत नम्बर राख्न खटिने मुख्य व्यक्तिको नामको सिलछाप लगाउनु पर्नेछ,

(झ) दोस्रो सङ्केत नम्बर राखिसकेपछि परीक्षणको लागि पठाउन निर्धारण गरिएको संख्यामा उत्तरपुस्तिकालाई पोका/खाममा सिलबन्दी गरी लिखित परीक्षा नतिजा प्रकाशन गर्ने शाखामा बुझाउनु पर्नेछ,

(ञ) दोस्रो सङ्केत नम्बर रातो मसीले राख्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम उत्तरपुस्तिकामा सङ्केत नम्बर तोकिएको कर्मचारीको सुपरिवेक्षणमा राख्नु पर्नेछ। एकभन्दा बढी कर्मचारीबाट सङ्केत नम्बर राख्न लगाउँदा सङ्केत नम्बर नदोहरिने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम सङ्केत नम्बर राखी बुझाउन ल्याएका उत्तरपुस्तिकाका सिलवन्दी पोका/खाम बुझ्नुभन्दा पहिले सिलछाप ठीक छ, छैन हेरी लिखित परीक्षा नतिजा तयारी गर्ने शाखाले बुझ्नु पर्नेछ।

(६) यस दफा बमोजिम सङ्केत नम्बर राख्दा उत्तरपुस्तिकामा कुनै कैफियत देखिएमा सोको जानकारी अध्यक्ष वा निजले तोकेको सदस्यलाई दिनु पर्नेछ र प्राप्त निर्देशन बमोजिम त्यस्ता उत्तरपुस्तिका सम्बन्धमा कारबाही गर्नु पर्नेछ।

## परिच्छेद–११

## उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था

६०. **उत्तरपुस्तिका परीक्षण गर्न पठाउने**: (१) लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षणका लागि पठाउँदा लिखित परीक्षाको नतिजा तयार गर्ने शाखाले देहाय बमोजिम गर्नु पर्नेछः-

(क) आयोगबाट लिइने लिखित परीक्षाको उत्तरपुस्तिकाको परीक्षण आयोगको केन्द्रीय कार्यालयको हकमा आयोगले तोकेको र आयोग अन्तर्गतको कार्यालयको हकमा सो कार्यालयको प्रमुखले तोकेको सम्बन्धित विषयको दक्ष वा विशेषज्ञबाट गराउनु पर्नेछ,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि आयोग वा अन्तर्गतका कार्यालयले दक्ष वा विशेषज्ञ तोक्दा आयोगले तयार गरेको सो विषयका विज्ञ सूचीमध्येबाट तोक्नु पर्नेछ,

(ख) खण्ड (क) बमोजिम उत्तरपुस्तिका परीक्षणका लागि दक्ष वा विशेषज्ञको नाम मनोनयन भएपछि उत्तरपुस्तिकाको सिलबन्दी पोका/खाममा नामको सट्टा सङ्केत चिन्ह राखी रजिष्टरमा उल्लेख गर्नु पर्नेछ,

(ग) दोस्रो सङ्केत नम्बर राखी प्राप्त भएका सिलबन्दी उत्तरपुस्तिकाका पोका/खाम नखोलिकन परीक्षणका लागि सम्बन्धित दक्ष समक्ष पठाउनु पर्नेछ,

(घ) उत्तरपुस्तिका परीक्षण गर्न पठाउँदा उत्तरपुस्तिका परीक्षणको लागि आयोगले सम्बन्धित विषयको प्रश्न पत्र, उत्तर तालिका फाराम, आवश्यकता अनुसार परीक्षण सम्बन्धी निर्देशिका, परीक्षण गर्ने तरिका र मूल्याङ्कन गर्ने विधि समेत सम्बन्धित दक्ष वा विशेषज्ञलाई उपलब्ध गराउनु पर्नेछ। सहायकस्तर तहको पदको हकमा गाइड लाइन समेत संलग्न गरी गोप्य रुपबाट बुझाउने व्यवस्था गर्नु पर्नेछ,

(ङ) उत्तरपुस्तिका परीक्षण गर्न पठाउँदा अनुसूची–८ बमोजिमको पत्र र दक्षले पालना गर्नुपर्ने शर्तहरू समेत उल्लेख गर्नु पर्नेछ,

(च) आयोग अन्तर्गतका कार्यालयमा कार्यालय प्रमुखले उपर्युक्त बमोजिम उत्तरपुस्तिका परीक्षण गर्ने, गराउने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ,

(छ) उत्तरपुस्तिका परीक्षण गर्ने जिम्मेवारी पाएको दक्षले परीक्षण कार्य सम्पन्न भएपछि तोकिए बमोजिमको उत्तरतालिका फाराममा प्राप्ताङ्कलाई अङ्क र

अक्षरमा उल्लेख गरी अन्य विवरण समेत चढाई लिखित परीक्षा नतिजा तयार गर्ने शाखामा बुझाउनु पर्नेछ।

(२) वस्तुगत परीक्षाका उत्तरपुस्तिका चेक, रिचेक गर्न/गराउन तोकिएको कर्मचारीलाई बुझाउनु पर्नेछ।

(३) वस्तुगत परीक्षाका उत्तरपुस्तिका चेक, रिचेक गर्न/गराउन तोकिएको कर्मचारीले चेक, रिचेक गर्दा देहाय अनुसार गर्नु पर्नेछः-

(क) चेक, रिचेक गर्न बुझिलिएको सिलवन्दी पोका/खाममा लगाएको सिलछाप ठीक दुरुस्त छ, छैन जाँच गरी चेक, रिचेक गर्न/गराउन तोकिएको कर्मचारीहरूले मुचुल्का गरेर मात्र सिलवन्दी पोका/खाम खोल्ने,

(ख) चेक गर्न तोकेको कर्मचारीले दिएको निर्देशन अनुसार 'की' नलेखेको उत्तरपुस्तिका रद्द गरी 'की' लेखेको हकमा 'की' सँग भिडाई ठीक, बेठीक चिन्ह लगाई चेक गर्ने,

(ग) ठीक उत्तरको संख्या, बेठीक उत्तरको संख्या र उत्तर लेख्न छाडेको संख्या उल्लेख गरी वेठीक उत्तरको प्राप्ताङ्कको बीस प्रतिशत अङ्क कट्टा गरी कुल प्राप्ताङ्क उल्लेख गर्ने,

(घ) खण्ड (ग) बमोजिम चेक गरेको विवरण अनुसार ठीक छ, छैन उत्तरपुस्तिकाको "की" सँग भिडाई रिचेक गर्ने/गराउने,

(ङ) उल्लिखित चेक, रिचेक कार्यको सुपरिवेक्षण चेक, रिचेक गर्न तोकिएको कर्मचारीले गर्ने,

(च) चेक, रिचेक गर्ने कार्य सम्पन्न भएपछि तोकिए बमोजिमको उत्तरतालिका फाराममा अङ्क र अक्षरमा प्राप्ताङ्क भरी चेक रिचेक गर्न तोकिएको कर्मचारीले रीतपूर्वक सिलवन्दी गर्ने।

(४) उपदफा (३) बमोजिम चेक रिचेक गरी सिलवन्दी गरिएको उत्तरपुस्तिकाको पोका/खाम लिखित परीक्षा नतिजा तयार गर्ने शाखामा बुझाउनु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वस्तुगत उत्तरपुस्तिकालाई अप्टिकल मार्क रिडरबाट परीक्षण गर्दा उल्लिखित व्यवस्था लागू हुनेछैन।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले तोकेको कुनै पदको परीक्षाको विषयगत उत्तरपुस्तिका दोहोरो परीक्षण गराउन बाधा पर्ने छैन।

६१. **परीक्षकले ध्यान दिनुपर्ने कुराहरू:** (१) विषयगत प्रश्नका उत्तरपुस्तिका परीक्षणका लागि प्राप्त भएपछि परीक्षकले देहायको कुरामा ध्यान दिनु पर्नेछः-

(क) उत्तरपुस्तिकाको संख्या, विषय आदि उल्लेख भए अनुसार भए नभएको यकीन गर्ने र उल्लेख भए अनुसार नभएको पाइएमा चौबीस घण्टाभित्र सम्बन्धित शाखामा जानकारी गराउने,

(ख) वस्तुनिष्ठ रूपमा उत्तरपुस्तिका परीक्षण गर्नका लागि उत्तरपुस्तिकालाई देहाय अनुसार स्तर छुट्याई तोकिए बमोजिमको आधार तालिका अनुसार परीक्षण गर्नु पर्नेछः-

(१) अनुपयुक्त ४०% भन्दा कम
(२) साधारणस्तर ४०% वा सोभन्दा माथि ४५% सम्म
(३) मध्यमस्तर ४५% देखि माथि ५५% सम्म
(४) उच्चस्तर ५५% देखि माथि ७०% सम्म
(५) अति उच्चस्तर ७०% देखि माथि,

(ग) उत्तरपुस्तिका परीक्षण गर्दा उपलब्ध गराइएको अङ्क योजना अनुसार परीक्षण गर्नु पर्नेछ,

(घ) उत्तरले अपेक्षा गरेका बुँदाहरूलाई परीक्षण गर्नु पूर्व सूचीकृत गरी तिनीहरूको अङ्कभार सुनिश्चित गर्नु पर्नेछ,

(ङ) विषयगत पत्रमा कुनै पनि परीक्षार्थीले अति उच्चस्तरको अङ्क प्राप्त गर्ने देखिएमा सोको पुष्ट्याई समेत खुलाउनु पर्नेछ,

(च) मूल्याङ्कनलाई वस्तुनिष्ठ बनाउन जवाफलाई स्वनिर्णयभन्दा उत्तरको गुणस्तरको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ,

(छ) परीक्षकले उत्तरपुस्तिका मूल्याङ्कन गर्दा उच्च अङ्क प्राप्त गर्ने दश प्रतिशत उत्तरपुस्तिकाको पुनः मूल्याङ्कन गर्नु पर्नेछ,

(ज) एक सिटिङ्गमा कति उत्तर पुस्तिका परीक्षण गर्ने सोको पहिल्यै यकिन गर्ने र उत्तरपुस्तिका परीक्षण गर्दा रातो मसी प्रयोग गरी सकभर उत्तरपुस्तिकाको देब्रेपट्टि किनारामा अङ्क प्रदान गर्ने गर्नु पर्नेछ,

(झ) उत्तरपुस्तिकामा प्रदान गरेको अङ्कमा केरमेट भएमा परीक्षकले अक्षरमा लेखी दस्तखत समेत गर्नु पर्नेछ।

(२) वस्तुगत प्रश्नका उत्तरपुस्तिकामा "की" नलेखेकोमा त्यस्तो उत्तरपुस्तिका रद्द हुनेछ।

(३) वस्तुगत प्रश्नको उत्तर लेख्दा केरमेट गरेको, दोहोरो लेखेको, सच्याएको, सिसाकलमले लेखेको, निर्दिष्ट स्थानभन्दा अन्यत्र लेखेको वा उत्तर नै सारेको (क, ख, ग, घ नलेखेका) उत्तरलाई गल्ती मानिनेछ।

६२. **उत्तरपुस्तिका रुजू गर्नेः** (१) दक्षबाट परीक्षण भई प्राप्त भएका विषयगत परीक्षाका उत्तरपुस्तिका नतिजा तयारी गर्ने शाखाले रुजू गरी तोकिए बमोजिमको ढाँचामा कैफियत भए खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रुजू गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्नेछः-

(क) उम्मेदवारले लेखेको सबै उत्तर परीक्षण गरी अङ्क दिइएको छ, छैन,

(ख) परीक्षकले दिएका सबै अङ्कहरु ठीकसँग जोडिएको छ, छैन,

(ग) आयोगले तोकेका अन्य कुराहरु।

(३) पहिलो परीक्षण भई प्राप्त भएको वस्तुगत उत्तरपुस्तिकाको पोका/खाम मुचुल्का गरी खोली लिखित परीक्षाको नतिजा तयार गर्ने शाखाले अन्तिम चेक गर्नु पर्नेछ।

(४) विषयगत तथा वस्तुगत परीक्षाका उत्तरपुस्तिका रुजू गर्दा कैफियत देखिएमा कैफियतको व्यहोरा खुलाई पेश गर्नु पर्नेछ र सो विषयमा आयोगमा पेश गरी आयोगको निर्णय बमोजिम हुनेछ।

(५) दफा ६० को उपदफा (६) बमोजिम उत्तरपुस्तिकाको परीक्षण तथा पुनः परीक्षण दुईजना परीक्षकबाट गराइएको भएमा दुवै जना परीक्षकबाट प्रदान भएको अङ्कको औषतबाट अङ्क गणना गर्नु पर्नेछ।

## परिच्छेद–१२

## लिखित परीक्षा नतिजा प्रकाशन सम्बन्धी व्यवस्था

६३. **प्राप्तांक टेबुलेशन गर्नेः** दफा ६२ बमोजिम रुजू भएका उत्तरपुस्तिकामा उम्मेदवारले प्राप्त गरेको अङ्क नतिजा प्रकाशनको लागि नतिजा प्रकाशन गर्ने शाखाले देहाय बमोजिम टेबुलेशन गर्नु पर्नेछः-

(क) उम्मेदवारले लिखित परीक्षामा प्राप्त गरेको सबै विषयको प्राप्तांक जोड गर्न सकिने गरी प्रश्न वा उत्तरपुस्तिका अनुसारको प्राप्ताङ्क देखिने गरी आवश्यक फाराम तयार गरी प्रत्येक उम्मेदवारले प्राप्त गरेको कुल प्राप्ताङ्क टेबुलेशन गर्ने,

(ख) खण्ड (क) बमोजिम टेबुलेशन गर्दा उम्मेदवारले लिखित परीक्षामा प्राप्त गरेको अङ्क दोस्रो सङ्केत नम्बर अनुसार अभिलेख राख्नु पर्नेछ। यसरी चढाईएको अङ्क न्यूनतम दुई पटक रुजू गरी उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवारको दोस्रो सङ्केत नम्बरमा योग्यताक्रम तयार गर्ने,

(ग) खण्ड (ख) बमोजिम तयार भएको योग्यताक्रमको सूचीमध्ये माथिल्लो उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवारको सङ्केत नम्बरमा तोकिए बमोजिम संख्यामा तयार गर्ने,

(घ) आयोगले छुट्टै डिकोडिङ शाखा वा इकाईबाट नतिजा प्रकाशन गर्ने गरी तोकेको पदको हकमा खण्ड (ख) बमोजिम दोस्रो सङ्केत नम्बरका आधारमा तयार भएको प्राप्तांक सहितको योग्यताक्रम सूची सिलवन्दी गरी अन्तिम नतिजा प्रकाशन गर्ने समयमा अन्तिम नतिजा प्रकाशन गर्ने शाखा वा कार्यालयमा पठाउने र लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने प्रयोजनको लागि तोकिए बमोजिमको फाराम भरी सिलबन्दी गरी डिकोडिङ शाखा वा इकाईमा पठाउने,

(ङ) खण्ड (घ) बमोजिम प्राप्ताङ्क रहितको दोस्रो सङ्केत नम्बरका आधारमा तयार भएको योग्यताक्रम सूचीमा समान अङ्क ल्याउने उम्मेदवारको हकमा सो व्यहोरा खुल्ने गरी सङ्केत चिन्ह दिने योग्यताक्रम समान राख्ने।

६४. **<u>लिखित परीक्षाको नतिजा प्रकाशन</u>:** दफा ६३ बमोजिम प्राप्तांक टेबुलेशन गरिसकेपछि लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने शाखा वा इकाईले विज्ञापनको क्रमानुसार खुलाको पहिले र त्यसपछि समावेशी समूहको क्रमानुसार देहाय अनुसार गरी नतिजा प्रकाशन गर्नु पर्नेछः–

(क) पहिलो तथा दोस्रो सङ्केत नम्बरको अर्धकट्टी सिलबन्दी खाम माग गरी सम्बन्धित अधिकारीबाट बुझिलिने,

(ख) खण्ड (क) बमोजिमको अर्धकट्टीको सिलबन्दी खाम प्राप्त भएपछि आयोगको केन्द्रीय कार्यालयमा सम्बन्धित महाशाखा प्रमुख वा शाखा प्रमुख र आयोग अन्तर्गतका कार्यालयमा सम्बन्धित कार्यालय प्रमुख र लिखित परीक्षाको नतिजा प्रकाशनमा संलग्न कर्मचारीले मुचुल्का गरी सिलबन्दी खोल्ने,

(ग) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने क्रममा सङ्केत नम्बरको अर्धकट्टी सिलवन्दी खाम खोलिसकेपछि नतिजा सम्बन्धी सूचना प्रकाशन नभएसम्म त्यस्तो काममा संलग्न हुने कर्मचारीलाई कार्यालय छोडी बाहिर जान नदिने,

(घ) दोस्रो सङ्केत नम्बरको आधारमा उत्तीर्ण भएका उम्मेदवारको पहिलो सङ्केत नम्बर पत्ता लगाई तोकिए बमोजिम डिकोड गर्ने र उम्मेदवारको रोल नम्बर, नाम, थर तथा उम्मेदवारको बाबु/आमा र बाजेको नाम समेत उल्लेख गरी बर्णानुक्रमको आधारमा नतिजा प्रकाशन गर्ने

तर यसरी नतिजा प्रकाशन गर्दा उत्तीर्ण भएका उम्मेदवारले उत्तरपुस्तिकामा लेखेको रोल नम्बर, नाम, थर तथा बाबु बाजेको नाम समेत गलत लेखेको देखिएमा लिखित परीक्षाको नतिजा प्रकाशन भएको भए पनि उक्त परीक्षा रद्द हुनेछ।

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६३ को खण्ड (घ) बमोजिम डिकोडिङ शाखा वा इकाईबाट नतिजा प्रकाशन भएकोमा नतिजा तयार गर्ने शाखाबाट पठाइएको तोकिए बमोजिमको फाराममा डिकोड गर्नु पर्ने,

(च) नतिजा प्रकाशन गर्दा अन्तर्वार्ता लगायत अन्य सम्बद्ध परीक्षाको मिति, समय, स्थान र उम्मेदवारको संख्या समेत खुलाउने। यसरी अन्तर्वार्ता लगायत अन्य सम्वद्ध परीक्षा हुने मिति तोक्दा सामान्यतया लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले पन्ध्र दिनभन्दा पछि र नतिजा प्रकाशन भएको मितिले दुई महिनाभित्र नियुक्तिको लागि सिफारिस गर्न सक्ने गरी तोक्नु पर्ने,

(छ) खण्ड (च) बमोजिम नतिजा प्रकाशन गर्दा एउटै प्रश्नपत्रको माध्यमबाट वा एकीकृत परीक्षा प्रणाली अन्तर्गत भएको लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि एकभन्दा बढी खुला तथा समावेशी समूहमा छनौट हुने उम्मेदवारको लिखित परीक्षा पश्चातका सबै परीक्षा एक पटक मात्र लिने गरी तोक्नु पर्ने,

(ज) लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरूको प्राप्ताङ्क तालिका अनुसूची–९ बमोजिमको फाराममा चढाई सिलबन्दी गरी अन्तिम नतिजा प्रकाशन गर्ने समयमा सम्बन्धित कार्यालय वा शाखामा पठाउने व्यवस्था गर्ने,

तर दफा ६३ को खण्ड (घ) बमोजिम डिकोडिङ शाखा वा इकाईबाट नतिजा प्रकाशन भएको अवस्थामा यस्तो फाराम भर्नु पर्ने छैन। दोस्रो सङ्केत नम्बर उल्लेख गरी योग्यताक्रमका आधारमा तयार भएको नतिजा सिलवन्दी गरी अन्तिम नतिजा प्रकाशन गर्ने समयमा अन्तिम नतिजा प्रकाशन गर्ने शाखा वा कार्यालयमा पठाउनु पर्नेछ।

(झ) खुला प्रतियोगिताको नतिजा प्रकाशन गर्दा न्यूनतम प्राप्ताङ्क प्राप्त गरी अन्तर्वार्ताका लागि छनौट नभएका उम्मेदवारहरूको विवरण अस्थायी सूचीको प्रयोजनका लागि निर्धारण गरिए अनुसारको संख्यामा योग्यताक्रमको आधारमा छुट्टै सिलबन्दी गरी अन्तिम नतिजा प्रकाशन गर्ने शाखा वा कार्यालयमा पठाउने।

६५. **<u>प्रारम्भिक परीक्षाको नतिजा</u>:** प्रारम्भिक परीक्षाको नतिजा प्रकाशन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) प्रारम्भिक परीक्षाको नतिजा उम्मेदवारको रोल नम्बरको क्रमानुसार प्रकाशन गर्ने,

(ख) प्रारम्भिक परीक्षाको नतिजा तयार गरी प्रकाशन गर्ने सम्बन्धी अन्य कार्यविधि दफा ६४ बमोजिम हुने।

६६. **<u>परीक्षाको स्तरको विश्लेषण एवम् मूल्याङ्कन गर्ने</u>:** अन्तिम योग्यताक्रम सूची प्रकाशन भएको एक वर्षपछि आयोगले प्रश्नपत्र तथा परीक्षाको स्तर आदि विषयको विश्लेषण एवम् मूल्याङ्कन गर्न गराउन सक्नेछ।

## परिच्छेद–१३

## <u>प्रयोगात्मक परीक्षा, सामूहिक छलफल तथा अन्तर्वार्ता</u>

६७. **<u>प्रयोगात्मक परीक्षा</u>:** (१) प्रयोगात्मक परीक्षा तथा कम्प्युटर सीप परीक्षणका प्रश्न निर्माणकर्ता तथा परीक्षकले पाठ्यक्रमका आधारमा प्रश्न निर्माण तथा कम्प्युटर सीप परीक्षण गर्नु पर्नेछ।

(२) प्रयोगात्मक परीक्षा र कम्प्युटर सीप परीक्षणको मूल्याङ्कन फाराम तोकिए बमोजिमको नमुना अनुसार पाठ्यक्रममा आधारित भई तयार गर्नु पर्नेछ।

(३) प्रयोगात्मक परीक्षा र कम्प्युटर सीप परीक्षणको आवश्यक व्यवस्था आयोगको केन्द्रीय कार्यालयमा अन्तर्वार्ता व्यवस्थापन गर्ने शाखाले र आयोग अन्तर्गतका कार्यालयमा सम्बन्धित कार्यालयले गर्नेछ।

(४) प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क पचास प्रतिशत हुनेछ।

(५) लिखित परीक्षा नहुने प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता मात्र हुने पदका लागि समेत यस दफा बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ।यस्तो प्रयोगात्मक परीक्षामा उत्तीर्णाङ्क प्राप्त नगर्ने उम्मेदवारलाई योग्यताक्रम सूचीमा समावेश गरिने छैन।

(६) प्रयोगात्मक परीक्षा तथा कम्प्युटर सीप परीक्षणका लागि निर्धारित मितिमा कुनै उम्मेदवार अनुपस्थित भएमा त्यस्तो उम्मेदवारले अनुपस्थित रहनुको मनासिव कारण खुलाई तोकिएको दस्तुर सहित निवेदन दिएमा निजलाई सो पद वा तहको प्रयोगात्मक परीक्षा हुने अन्तिम मितिसम्ममा सामेल गराउन सकिनेछ।

(७) प्रयोगात्मक परीक्षा तथा कम्प्युटर सीप परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६८. **सामूहिक छलफलः** (१) पाठ्यक्रम बमोजिम पदपूर्ति गरिने पदका लागि लिखित परीक्षा उत्तीर्ण भएका उम्मेदवारको योग्यताको विभिन्न पक्षको मूल्याङ्कन गर्न सम्बन्धित शाखाले सामूहिक छलफल गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सामूहिक छलफलको लागि आयोगले तोकेको आयोगका सदस्यको अध्यक्षतामा एक जना विषय विशेषज्ञ र मनोवैज्ञानिक सम्मिलित तीन सदस्यीय मूल्याङ्कन समिति रहनेछ।

(३) सामूहिक छलफलमा देहायका विषयमा केन्द्रित रही परीक्षण गर्नु पर्नेछः–

(क) समस्या पहिचान गर्न सक्ने क्षमता,

(ख) समस्या समाधानका उपाय पत्ता लगाउने क्षमता,

(ग) तार्किक क्षमता,

(घ) मौलिकता र सिर्जनशीलता,

(ङ) व्यवहार,

(च) बौद्धिक क्षमता,

(छ) निर्णय गर्न सक्ने क्षमता,

(ज) नेतृत्व लिन सक्ने क्षमता,

(झ) धैर्यता।

(४) सामूहिक छलफल सञ्चालन गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) उम्मेदवारको संख्याका आधारमा बढीमा सात जनासम्मको समूह गठन गर्ने,

(ख) खण्ड (क) बमोजिम समूह गठन गर्दा एकभन्दा बढी समूह गठन गर्नुपर्ने भएमा लिखित परीक्षाको नतिजाको क्रमसंख्याको जोर विजोर वा उम्मेदवारको वर्णानुक्रम वा मूल्याङ्कन समितिको अध्यक्षबाट तोकेको प्रक्रियाको आधारमा समूह विभाजन गर्ने,

(ग) मूल्याङ्कन समितिका मनोवैज्ञानिक सदस्यले सामूहिक छलफलका लागि तयार गरिएको विषयवस्तु पढेर सुनाई समूहमा छलफलको रुपमा प्रस्तुत गराउने,

(घ) सामूहिक छलफलमा सबै परीक्षार्थीको सहभागितामा निर्धारित समयभित्र छलफल तथा तर्कवितर्क सकिएपछि सहभागिमध्ये बाट नेतृत्वको चयन गराउने,

(ङ) नेताबाट समूहको निष्कर्ष प्रस्तुत गरेपछि सामूहिक छलफल टुङ्ग्याउने,

(च) सामूहिक छलफल सकिएपछि मूल्याङ्कन समितिका सदस्यले व्यक्तिगत रुपमा गोप्य ढंगले छुट्टा छुट्टै मूल्याङ्कन फाराममा अङ्क प्रदान गर्ने,

(छ) खण्ड (च) बमोजिम भरिएको तीनैजनाको मूल्याङ्कन फाराम एउटै खाममा राख्ने र सो खामलाई सबैको रोहवरमा सिलबन्दी गरी सम्बन्धित शाखामा बुझाउने।

(५) सामूहिक छलफलका लागि निर्धारित दिनमा कुनै उम्मेदवार अनुपस्थित भएमा सो पदको सामूहिक छलफलको परीक्षा बाँकी रहेकै अवस्थामा त्यस्तो उम्मेदवारले अनुपस्थित रहेको मनासिव कारण खुलाई तोकिएको दस्तुर सहित निवेदन दिएमा निजलाई अन्य दिनको सामूहिक छलफलमा सामेल गराउन सकिनेछ।

तर किरिया बस्नु परेको अवस्थामा सामूहिक छलफलमा उपस्थित हुन नसकेमा सो पछि पन्ध्र दिनभित्र अन्य समान तहको पदको सामूहिक छलफलको कार्यक्रम रहेकोमा सो कार्यक्रममा र नभएमा किरिया समाप्त भएको मितिले तीन दिनभित्र सामूहिक छलफलमा समावेश गर्न बाधा पर्ने छैन।

(६) सामूहिक छलफल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६९. **प्राथमिकताक्रम भराउनेः** एकीकृत परीक्षा प्रणाली लागू भएको पदको लागि अन्तर्वार्ता हुनु अघि आयोगले खटाएको कर्मचारीले उम्मेदवारबाट पेश भएको प्रमाणित कागजातको सक्कलप्रति भिडाउने र प्रवेशपत्र जाँच गरी हाजिर गराउँदाका समयमा सेवा/समूह/उपसमूहको तोकिए बमोजिमको प्राथमिकताक्रमको फाराम उम्मेदवारबाट अनिवार्य रुपमा भराउनु पर्नेछ।

७०. **अन्तर्वार्ता समितिको गठनः** (१) उम्मेदवारको छनौटको लागि अन्तर्वार्ता लिन आयोगको अध्यक्ष वा निजले तोकेको सदस्यको अध्यक्षतामा तोकिए बमोजिम अन्तर्वार्ता समिति गठन हुनेछ।

(२) अधिकृतस्तर नवौं तह वा सोभन्दा माथिका पदका लागि हुने अन्तर्वार्ताका लागि उपदफा (१) बमोजिमको समितिमा आयोगका अध्यक्ष र सबै सदस्यको सहभागिता रहनेछ।

(३) आयोगको केन्द्रीय कार्यालय बाहेक अन्य कार्यालयमा हुने अन्तर्वार्ताको लागि अन्तर्वार्ता समितिको गठन तोकिए बमोजिम हुनेछ।

७१. **अन्तर्वार्ताको मूल्याङ्कनः** (१) अन्तर्वार्ता हुने पदको विज्ञापन नम्बर, पद, श्रेणी, सेवा, समूह वा उपसमूह, सम्बन्धित मन्त्रालय, पदसंख्या, उम्मेदवार संख्या, उम्मेदवारको नामावली

सहितको अन्तर्वार्ता फाराम, संक्षिप्त वैयक्तिक विवरण, सम्बन्धित पदको पाठ्यक्रम र खेस्रा कागज अन्तर्वार्ता समितिका सदस्यलाई अन्तर्वार्ता शुरु हुनु अगावै उपलब्ध गराउनु पर्नेछ।

(२) अन्तर्वार्ताकर्ताले प्रश्नको जवाफप्रति तटस्थ तथा वस्तुनिष्ठ भई मूल्याङ्कन गर्नु पर्दछ। पदका लागि चाहिने ज्ञानको स्तर, उक्त ज्ञानलाई व्यवहारमा उतार्न उत्सुक र प्रतिवद्धताको क्षमता, प्रष्ट बोल्ने, घुलमिल हुने क्षमता, नेतृत्व दिने, समस्यालाई विश्लेषण गर्ने, तर्क गर्ने क्षमता आदिको आधारमा उम्मेदवारको लिङ्ग, जाति, वर्ण, क्षेत्रीयता, भेषभूषा आदि जस्ता विषयमा पूर्वाग्रह नराखी मूल्याङ्कन गर्नु पर्नेछ।

(३) अन्तर्वार्ता समितिका सदस्यले अन्तर्वार्ता भैरहेको अवस्थामा उम्मेदवारको मूल्याङ्कन खेस्रा कागजमा गर्ने र सबै उम्मेदवारको मूल्याङ्कन समाप्त भएपछि मात्र केरमेट नगरी  फाराममा अङ्क प्रदान गरी आफ्नो नाम, पद, दस्तखत र अन्तर्वार्ता लिएको मिति उल्लेख गर्नु पर्नेछ। केरमेट गर्नुपर्ने भएमा बुझिने गरी काटी दस्तखत गर्नु पर्नेछ।

(४) अन्तर्वार्ता कार्यक्रम सम्पन्न भएपछि अन्तर्वार्ता समितिका सदस्यले आफूले भरेका अन्तर्वार्ता प्राप्तांक फाराम एक अर्काले नदेख्ने गरी पट्याई खाममा राखिदिनु पर्नेछ र समितिका सदस्यको रोहवरमा सिलबन्दी गरी सम्बन्धित सदस्यको दस्तखत गराई सम्बन्धित कर्मचारीले बुझिलिनु पर्नेछ।

७२. **<u>अन्तर्वार्ता समितिले ध्यान दिनुपर्ने कुरा</u>**ः (१) अन्तर्वार्ता समितिले अन्तर्वार्ताका सम्बन्धमा देहायका कुरामा ध्यान दिनु पर्नेछः–

(क) प्रश्न सोध्ने कार्य कुन पदाधिकारीबाट सुरु गर्ने र कुन पदाधिकारीबाट अन्त्य गर्ने, उम्मेदवारको समय के कति लिने र मूल्याङ्कन कसरी गर्ने बारे अन्तर्वार्ता समितिको अध्यक्षबाट सबै सदस्यमा प्रष्ट गर्ने,

(ख) अन्तर्वार्ता दिने व्यक्तिको उपयुक्तता वा अनुपयुक्तता बारे अन्तर्वार्ता पूर्व, अन्तर्वार्ता क्रममा वा अन्तर्वार्ता पश्चात् एक आपसमा चर्चा नगर्ने,

(ग) उम्मेदवार अन्तर्वार्ता कक्षमा प्रवेश गरेपछि निजको भय, तनाव आदिलाई सामान्य स्थितिमा ल्याउन अन्तर्वार्ता समितिका अध्यक्षबाट चिनजानका साथसाथै सहज वातावरणका विषयमा प्रश्न केन्द्रित गर्ने,

(घ) अन्तर्वार्ता समितिका अध्यक्षले उम्मेदवारलाई प्रारम्भमा प्रवेशात्मक प्रश्न सोध्ने र त्यसपछि पालैपालो अन्य सदस्यले विषय प्रवेश गर्ने,

(ङ) अन्तर्वार्ता लिइने पदको सबै उम्मेदवारलाई सोधिने प्रश्नको स्तर समान गर्ने,

(च) अन्तर्वार्ता समितिका कुनै एक सदस्यले प्रश्न सोध्दा त्यसको जवाफ बारे अन्य सदस्यले समेत ध्यान दिएर सुन्ने,

(छ) अन्तर्वार्तामा पूर्णतः मौलिक, वस्तुगत प्रश्न सोधी पूर्वाग्रहरहित तवरले मूल्याङ्कन गर्ने,

(ज) अन्तर्वार्ता अवधिभर सबै संलग्न सदस्यले अन्तर्वार्तामै आफ्नो ध्यान केन्द्रित गर्ने,

(झ) अन्तर्वार्तामा भए गरेका पक्षबारे अन्तर्वार्ता पश्चात् पनि चर्चा, परिचर्चा नगर्ने,

(ञ) अन्तर्वार्ता समितिका अध्यक्षले अन्तर्वार्ता समितिका अन्य सदस्यको सहमति लिँदै उम्मेदवारलाई धन्यवाद दिई अन्तर्वार्ता सकिएको सङ्केत गर्ने।

(२) अन्तर्वार्ताकर्ताले अन्तर्वार्ता लिँदा ध्यान दिनु पर्ने कुरा तोकिए बमोजिम हुनेछ।

७३. **<u>अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिने</u>:** (१) लिखित वा प्रयोगात्मक परीक्षाको प्रकाशित नतिजामा समावेश भएको कुनै उम्मेदवारले मनासिब कारण जनाई अन्तर्वार्ताको लागि तोकिएको मितिभन्दा अगाडि नै अन्तर्वार्ता लिइदिन सोको कारण उल्लेख गरी निवेदन दिएमा र निवेदनको व्यहोरा मनासिव देखिएमा आयोगले त्यस्तो व्यक्तिको लागि अग्रिम अन्तर्वार्ता लिने व्यवस्था गर्न सक्नेछ।

(२) कुनै उम्मेदवारले देहायको अवस्था परी अन्तर्वार्ताको लागि आयोगबाट निर्धारण भएको मिति र समयमा उपस्थित हुन नसकेमा सोको प्रमाण सहित अन्तर्वार्ताका लागि तोकिएको मितिले किरिया बस्नु परेको हकमा पन्ध्र दिन र अन्य अवस्थाको हकमा सात दिनभित्र निवेदन दिएमा आयोगले निवेदनको व्यहोरा मनासिब देखेमा छुट अन्तर्वार्ता लिने व्यवस्था गर्न सकिनेछः-

(क) काबू बाहिरको परिस्थिति परेमा,

(ख) सरकारी कामको कारणबाट उपस्थित हुन नसकेमा,

(ग) किरिया बस्नु परेमा,

(घ) सुत्केरी भएमा,

(ङ) अन्तर्वार्तामा उपस्थित हुन नसक्ने गरी आकस्मिक बिरामी भएमा।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रयोगात्मक परीक्षा वा सामूहिक छलफल वा अन्तर्वार्ता पूर्वका अन्य परीक्षामा अनुपस्थित रहेका उम्मदेवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन।

(४) अग्रिम तथा छुट अन्तर्वार्तामा समावेश हुने उम्मेदवारले आयोगले निर्धारण गरे बमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

## परिच्छेद–१४

## अन्तिम नतिजा प्रकाशन तथा सिफारिस सम्बन्धी व्यवस्था

७४. **योग्यताक्रम सूची तयार गर्नेः** (१) परीक्षाको सम्पूर्ण प्रक्रिया समाप्त भएको बढीमा तीन दिनभित्र देहायमा उल्लिखित अङ्क जोडी तोकिए बमोजिमको फाराममा योग्यताक्रम सूची तयार गर्नु पर्नेछः-

(क) लिखित परीक्षाको प्राप्ताङ्क,

(ख) मनोवैज्ञानिक व्यक्तित्व परीक्षण, सामूहिक छलफल, प्रयोगात्मक तथा सो बाहेक अन्य परीक्षा हुनेमा त्यस्ता परीक्षामा प्राप्त गरेको अङ्क,

(ग) अन्तर्वार्ताको औषत अङ्क।

(२) एकीकृत परीक्षा प्रणाली अन्तरगतको विज्ञापनको योग्यताक्रम सूची तयार गर्दा दफा ६७ बमोजिम उम्मेदवारले भरेको प्राथमिकताक्रम र सेवा/समूह/उपसमूहको पदसंख्याका आधारमा छुट्टाछुट्टै रुपमा एकै पटक गर्नु पर्नेछ।

(३) योग्यताक्रम सूची तयार गर्नको लागि उम्मेदवारले प्राप्त गरेको अङ्क तालिकाको सिलबन्दी खाम खोल्दा सोको मुचुल्का गरी मिति र समय समेत उल्लेख गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र खोल्नु पर्नेछ।

(४) दफा ६३ को खण्ड (घ) बमोजिम छुट्टै डिकोडिङ शाखा वा इकाईबाट लिखित परीक्षाको नतिजा प्रकाशन भएकोमा उपदफा (१) र (२) बमोजिम योग्यताक्रम सूची तयार गर्नको लागि तोकिए बमोजिम डिकोड गर्नु पर्नेछ।

७५. **योग्यताक्रमको सूची प्रकाशन गर्नेः** (१) योग्यताक्रमको सूची प्रकाशन गर्दा पहिलो विज्ञापन र विज्ञापन भित्रको समावेशी समूहको क्रमानुसार योग्यताक्रम सूची पहिले प्रकाशन गर्नु पर्नेछ।

तर पहिले प्रकाशित विज्ञापन वा विज्ञापन भित्रको समावेशी समूहको क्रमानुसारको अङ्ग पूरा भइसकेको रहेनछ भने क्रमशः सो क्रम पछिको अङ्ग पुगेका विज्ञापनहरू वा विज्ञापन भित्रको समावेशी समूहको क्रमानुसारको योग्यताक्रम सूची प्रकाशन गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांँशमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै उम्मेदवार समान श्रेणी/तहका एकभन्दा बढी विज्ञापनमा लिखित परीक्षाबाट उत्तीर्ण भएकोमा पछिल्लो क्रममा रहेको विज्ञापनको अङ्ग पूरा भए तापनि पहिले अन्तर्वार्ता सम्पन्न भएको विज्ञापनको योग्यताक्रम प्रकाशित नभएसम्म त्यस्तो विज्ञापनको योग्यताक्रम प्रकाशन गरिने छैन।

७६. **एकमुष्ट योग्यताक्रमको सूची प्रकाशन गर्नेः** (१) दफा ७४ बमोजिम योग्यताक्रमको सूची प्रकाशन गर्दा एउटै परीक्षाको माध्यमबाट सिफारिस हुने खुला तथा समावेशी समूहका

उम्मेदवारले प्राप्त गरेको कुल अङ्कको आधारमा एकमुष्ट योग्यताक्रम सूची समेत तयार गरी तोकिए बमोजिमको ढाँचामा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकीकृत परीक्षा प्रणाली अन्तर्गत भएको परीक्षाको माध्यमबाट सिफारिस हुने खुला तथा समावेशी समूहका उम्मेदवारले प्राप्त गरेको कुल अङ्कको आधारमा सेवा/समूह/उपसमूहको एकमुष्ट योग्यताक्रम सूची तयार गरी प्रकाशन गर्नु पर्नेछ।

७७. **सिफारिस पठाउने**: स्थायी नियुक्तिको लागि दफा ७५ बमोजिम प्रकाशित योग्यताक्रम सूची अनुसार छनौट भएका उम्मेदवारको नाम नियुक्तिको लागि सम्बन्धित निकाय वा कार्यालयमा सिफारिस पठाउँदा सम्बन्धित उम्मेदवारको दरखास्त फाराम एकप्रति र सो साथ पेश भएका प्रमाणपत्रका प्रतिलिपि साथ पठाउनु पर्नेछ।

७८. **वैकल्पिक उम्मेदवार सिफारिस**: (१) दफा ७७ बमोजिम सिफारिस गरिएको उम्मेदवारमध्ये कुनै उम्मेदवारको नियुक्तिको सिफारिस बदर भएमा वा अन्य कुनै कारणले उक्त पद आयोगले सिफारिस गरेको मितिले एक वर्षभित्र रिक्त भएमा आयोगले योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(२) यस दफा बमोजिम वैकल्पिक उम्मेदवारलाई नियुक्त गर्नु पर्ने अवस्था परेमा अख्तियारवालाले पद रिक्त भएको मितिले सात दिनभित्र आयोगलाई जानकारी दिनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पद रिक्त भएको सात दिनभित्र जानकारी दिन नसकेको मनासिव कारण सहित अख्तियारवालाबाट लेखी आएमा आयोगले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रम अनुसार नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ।

तर आयोगले नियुक्तिका लागि सिफारिस गरेको एक वर्षपछि लेखी आएमा वैकल्पिक उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिने छैन।

(४) उम्मेदवारको नियुक्तिको सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७९. **अस्थायी नियुक्तिको लागि सिफारिस गर्ने**: (१) सेवा, समूह तथा उपसमूहसँग सम्बन्धित प्रचलित कानून बमोजिम अस्थायी नियुक्तिको लागि आयोगमा माग भई आएमा आयोगले वैकल्पिक उम्मेदवारको सूचीमा नाम समावेश भई स्थायी नियुक्ति हुन नसकेका र अस्थायी उम्मेदवारको सूचीमा रहेका उम्मेदवारमध्येबाट योग्यताक्रमको आधारमा सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम अस्थायी नियुक्तिको लागि सिफारिस गर्दा देहायको क्रम अनुसारका उम्मेदवारलाई सिफारिस गर्नु पर्नेछः-

(क) खुला तर्फको वैकल्पिक सूचीमा समावेश भएका उम्मेदवार,

(ख) विज्ञापन नंम्बर को क्रम अनुसार समावेशी समूहतर्फ वैकल्पिक सूचीमा समावेश भएका उम्मेदवार,

(ग) खुला तर्फको अस्थायी सूचीमा समावेश भएका उम्मेदवार।

(३) अस्थायी नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१५

## निरीक्षण सम्बन्धी व्यवस्था

८०. **निरीक्षण गर्न सक्नेः** (१) संविधान, ऐन, नियमावली र प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र शर्त बमोजिम नियुक्ति, बढुवा र विभागीय कारबाही भएको छ, छैन भन्ने सम्बन्धमा आयोगले प्रदेश सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय र कार्यालय, स्थानीय तह, प्रदेश अन्य सरकारी सेवा सञ्चालन गर्ने निकाय, प्रदेश सङ्गठित संस्था र स्थानीय तहको सङ्गठित संस्थाको निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान व्यूरोको पदमा नियुक्ति र बढुवाको सम्बन्धमा आयोगले निरीक्षण गर्न सक्नेछ।

(३) आयोगबाट निरीक्षणका लागि खटिएका पदाधिकारी वा कर्मचारीले हेर्न मागेका कागजात तथा विवरण सम्बन्धित प्रमुख वा कर्मचारीले उपलव्ध गराउनु पर्नेछ।

(४) निरीक्षणमा खटिने पदाधिकारी वा कर्मचारीले तोकिए बमोजिमको विवरण तथा सुझाव सहितको निरीक्षण प्रतिवेदन आयोग समक्ष पेश गर्नु पर्नेछ।

(५) निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८१. **निरीक्षण गर्दा हेर्नुपर्ने मूलभूत विषयहरुः** आयोगबाट निरीक्षण कार्यमा खटिने कर्मचारीले निरीक्षण गर्दा देहायका विषयमा निरीक्षण गर्नु पर्नेछः–

(क) पदपूर्ति सम्बन्धी

(१) सेवा समूह सम्बन्धी प्रचलित कानून बमोजिम रिक्त पदपूर्तिको कारबाही प्रक्रिया अगाडि बढाइएको छ, छैन,

(२) सेवा समूह सम्बन्धी प्रचलित कानून बमोजिम स्वतः खारेज हुने पदमा कुनै पदपूर्ति भएको छ, छैन,

(३) आयोगबाट अधिकार प्रत्यायोजन भएको वा सिफारिस भए बाहेक कुनै व्यक्तिलाई अस्थायी नियुक्ति गरिएको छ, छैन,

(४) सेवा समूह सम्बन्धी प्रचलित कानून बमोजिम कायम मुकायम मुकरर भएको छ, छैन,

(५) आयोगको परामर्श बिना अस्थायी तथा कायम मुकायमको म्याद थप गरिएको छ, छैन,

(६) पद रिक्त नभई वा पद सिर्जना नभई कर्मचारीको नियुक्ति भएको छ, छैन,

(७) आयोगबाट प्रत्यायोजित अधिकार बमोजिम समयमै पदपूर्ति भए, नभएको र पदपूर्ति गर्दा आयोगबाट निर्धारित कार्यविधिको अवलम्वन भएको छ, छैन,

(८) सेवा, समूह, उप-समूह परिवर्तन गरिएकोमा आयोगको परामर्श लिइएको छ, छैन।

(ख) बढुवा सम्बन्धी

(१) बढुवाको सूचनामा आवश्यक पर्ने सेवा अवधि, शैक्षिक योग्यता, बढुवा हुने पदको विवरण र संख्या, पद रिक्त भएको कार्यालय, निवेदन दिने म्याद र स्थान खुलाई सूचना प्रकाशित भएको छ, छैन,

(२) सेवा, समूह सम्बन्धी प्रचलित कानून बमोजिम निर्धारित प्रतिशत अनुसार पदसंख्या निर्धारण भएपछि बढुवाको कारबाही भएको छ, छैन,

(३) बढुवा सम्बन्धी कारबाही समयमै भएको छ, छैन,

(४) बढुवा समितिले नियमानुसार मूल्याङ्कन (अङ्क गणना) गरेको छ, छैन।

(ग) बढुवा उजुरी सम्बन्धी

(१) आयोगबाट प्रत्यायोजन भए अनुसार उजुरी सुन्न पाउने निकायले उजुरी हेरेको छ, छैन,

(२) उजुरीका मुख्य बुँदा उपर राम्ररी छानवीन गरी उजुरी सुन्ने निकायले कारबाही टुंग्याएको छ, छैन,

(घ) विभागीय सजाय सम्बन्धी

(१) विभागीय सजाय गर्न समयमै कारबाही चलाइएको छ, छैन,

(२) कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा आयोगको परामर्श लिइएको छ, छैन,

(३) विभागीय सजायका लागि आयोगबाट प्राप्त परामर्श समयमै कार्यान्वयन भएको छ, छैन,

(४) विभागीय सजाय सम्बन्धी कागजातको अभिलेख दुरुस्त राखिएको छ, छैन।

८२. **निरीक्षण गर्ने कार्य प्रक्रिया**: निरीक्षण कार्यमा खटिने पदाधिकारी वा कर्मचारीले देहायको प्रक्रिया अपनाउनु पर्नेछः-

(क) निरीक्षण गर्न खटिएको कार्यालयको प्रमुख वा सम्बन्धित शाखामा सम्पर्क गर्ने,

(ख) स्वीकृत कुल दरबन्दी, पदपूर्तिको अवस्था र तरिका सम्बन्धी विवरण तोकिए बमोजिमको फाराममा भर्न लगाउने,

(ग) बढुवा सम्बन्धी विवरण तथा कर्मचारीलाई भएको विभागीय कारबाही सम्वन्धी विवरण निर्धारित फाराममा भर्न लगाउने,

(घ) फाराम भर्ने तरिकाका विषयमा जानकारी दिने,

(ङ) खण्ड (ख) र (ग) बमोजिमका विवरणहरू सम्बन्धित कागजात हेरी रुजू गर्ने,

(च) पदपूर्ति सम्वन्धी कारबाहीको विवरण हेरी प्रचलित कानून बमोजिमको कारबाही भए नभएको हेर्ने,

(छ) निरीक्षणको क्रममा प्रमाणका रुपमा लिन आवश्यक देखिएका कागजातको प्रतिलिपी लिने,

(ज) निरीक्षणकर्ताले निरीक्षण गरिएको कार्यालयको निरीक्षण पुस्तिकामा निरीक्षणका क्रममा देखिएका मुख्य विषयहरूलाई उल्लेख गरी दस्तखत गर्ने,

(झ) आयोगबाट विभिन्न समयमा भएका परिपत्र अनुसार काम कारबाही भए नभएको र निरीक्षणको क्रममा देखिएका अन्य आवश्यक कागजातको निरीक्षण गर्ने।

८३. **अनुगमन गर्न सक्ने**: (१) सामान्य सिद्धान्तका सम्बन्धमा आयोगबाट प्राप्त परामर्श कार्यान्वयन गरे नगरेको सम्बन्धमा आयोगले अनुगमन गर्न सक्नेछ।

(२) आयोगबाट अनुगमन कार्यमा खटिने पदाधिकारी वा कर्मचारीले अनुगमन गर्दा पुऱ्याउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

८४. **निरीक्षण तथा अनुगमन प्रतिवेदन उपरको कारबाही**: (१) निरीक्षण वा अनुगमन गर्दा देखिएका महत्वपूर्ण विषय उल्लेख गरी सम्बन्धित शाखाले आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोग समक्ष पेश भएको प्रतिवेदनमा सम्बन्धित निकायको काम कारबाहीमा कुनै त्रुटी भएको वा कुनै विषय सच्याउनु पर्ने भनी उल्लेख

भएको रहेछ भने आयोगले त्यस्तो त्रुटीपूर्ण काम कारबाही सच्याउन लगाउन वा रद्द गर्ने आदेश दिन सक्नेछ।

## परिच्छेद–१६

## बढुवा उजुरी सम्बन्धी व्यवस्था

८५. **बढुवा उजुरी दिन सक्नेः** (१) कार्यक्षमताको आधारमा भएको बढुवा, कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवा तथा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने बढुवा समायोजन सिफारिसमा चित्त नबुझ्ने सम्भाव्य उम्मेदवारले सम्बन्धित सेवा शर्त सम्बन्धी प्रचलित कानूनमा तोकिएको म्यादभित्र उजूरकर्ता स्वयं उपस्थित भई आयोगले तोकेको दस्तुर, आफूले बढुवा पाउनु पर्ने स्पष्ट आधार र प्रमाण समेत संलग्न राखी आयोगमा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उजुरी गर्न उजूरकर्ता आयोगमा आफैं उपस्थित हुन नसकेमा सोको कारण खुलाई कुनै कर्मचारी मार्फत उजुरी दिन सक्नेछ ।

तर त्यसरी आयोगमा उजुरी दिन ल्याउने कर्मचारीले उजुरीको व्यहोरा र दस्तखत सम्बन्धित उजुरीकर्ताको नै हो भनी आयोग समक्ष सनाखत गरी सहीछाप गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम उजुरी गर्न चाहने सम्बन्धित कर्मचारीले आफ्नो उजुरीमा देहायका कुराहरू खुलाएको हुनु पर्नेछः-

(क) उजुरकर्ताको नाम, थर, ठेगाना र निज कार्यरत कार्यालय,

(ख) कसको विरुद्ध उजुरी गर्न चाहेको हो सोको विवरण,

(ग) कुन मितिको बढुवा सिफारिस वा सूचना विरुद्ध उजुरी गर्न चाहेको हो त्यस्तो सिफारिस वा सूचनाको प्रतिलिपि,

(घ) उजुरीको जिकिर एवम् दावी र सोसँग सम्बन्धित कानून, नजिर र सिद्धान्तको विवरण,

(ङ) आफ्नो दावी जिकिरलाई पुष्ट्याई गर्ने आधार,

(च) अन्य प्रासंगिक कुरा।

८६. **थप प्रमाण पेश गर्न सक्नेः** (१) आयोग समक्ष बढुवा उपरको उजुरी दिइसकेपछि त्यस्तो उजुरी उपर आयोगबाट निर्णय नहुँदै सम्बन्धित कर्मचारीले निर्णयमा सघाउ पुग्ने कुनै थप प्रमाण फेला परेमा निवेदनसाथ संलग्न गरी आयोग समक्ष पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको प्रमाण समेतका आधारमा आयोगले बढुवा उजुरी उपर निर्णय गर्नु पर्नेछ।

८७. **थप प्रमाण कागजात माग गर्न सकिनेः** (१) बढुवा उजुरी सुनुवाईको सिलसिलामा कुनै थप प्रमाण कागजात आवश्यक छ भन्ने लागेमा आयोगले उजूरकर्ता वा सम्बन्धित निकायलाई त्यस्तो प्रमाण कागजात उपलब्ध गराउन लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगबाट माग भएका कागजात सम्बन्धित निकाय वा कर्मचारीले पत्र प्राप्त गरेको मितिले सात दिनभित्र आयोगमा पेश गर्नु पर्नेछ।

८८. **बढुवा उजुरीको निर्णयः** बढुवा उजुरी उपर आयोगले निर्णय गर्दा उजूरकर्ताले लिएको महत्वपूर्ण आधार एवम् जिकिरको सम्बन्धमा त्यस्तो आधार एवम् जिकिर समर्थन वा खण्डन के भएका हुन्, कुन कानून, सिद्धान्त तथा प्रमाणका आधारमा जिकिर समर्थन वा खण्डन गरिएका हुन् भन्ने कुरा निर्णयमा खुलाइ अनुसूची–१० बमोजिमको ढाँचामा निर्णय गर्नु पर्नेछ।

८९. **बढुवा उजुरी उपर कारबाही नहुनेः** देहाय बमोजिम रीत नपुगेको बढुवा उजुरी उपर कुनै कारबाही गरिने छैनः-

(क) म्यादभित्र दर्ता नभएको,

(ख) उजुरी दस्तुर बुझाएको रसिद उजुरीसाथ संलग्न नभएको,

(ग) दफा ८५ को उपदफा (१) र (२) बमोजिमको प्रक्रिया नपुगेको।

## परिच्छेद–१७

## परामर्श सम्बन्धी व्यवस्था

९०. **सेवाको शर्त सम्बन्धी कानूनको विषयमा परामर्श माग गर्ने तरिकाः** (१) प्रदेश निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा आयोगको परामर्श लिंदा सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय मार्फत परामर्श माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श माग गर्दा आयोगसँग परामर्श माग गर्ने विषयको प्रदेश सरकार, मन्त्रिपरिषद्को निर्णय संलग्न गर्नु पर्नेछ।

(३) प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदको कर्मचारीको सेवा शर्त सम्बन्धी कुनै नयाँ कानून बनाउन वा भैरहेको कानूनमा संशोधन गर्नु परेमा त्यस्तो निकायको अधिकार प्राप्त अधिकारीबाट निर्णय गराई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत परामर्श माग गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम परामर्श माग गर्दा आयोगसँग परामर्श माग गर्ने विषयको निर्णय संलग्न गर्नु पर्नेछ।

(५) सेवाको शर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९१. **<u>सेवा, समूह वा उपसमूह परिवर्तन गर्न परामर्श माग गर्ने तरिकाः</u>** (१) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा आयोगको परामर्श माग गर्दा देहाय अनुसारका कागजात संलग्न भएको हुनु पर्नेछः-

(क) सम्भाव्य उम्मेदवारको नाम, ठेगाना, शैक्षिक योग्यता, अनुभव र नियुक्ति सम्बन्धी विवरण खुलाई अनुसूची–११ मा तोकिए अनुसारको फाराम,

(ख) सम्बन्धित सेवा, समूह सम्बन्धी प्रचलित कानूनले तोकेको आधार र औचित्यको पुष्टि हुने गरी अख्तियारवालाले सेवा, समूह परिवर्तन गर्नु पर्ने कारण खुलाएको कागजात,

(ग) सेवा, समूह परिवर्तन गर्ने बारेको प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय,

(घ) पद वा दरबन्दी खारेज भई कर्मचारीको शैक्षिक योग्यता तथा तालिमसँग मिल्दो पदमा सेवा, समूह परिवर्तन गर्न सो विवरण सहित परिवर्तन हुने पदको लागि आवश्यक पर्ने योग्यताका प्रमाणपत्रको प्रतिलिपि,

(ङ) हाल कार्यरत पदमा कम्तीमा तीन वर्ष सेवा अवधि पूरा गरेको प्रमाण खुल्ने कागजात,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कागजात।

(२) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न परामर्श माग भई आएमा आयोगले लिखित तथा अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा आवश्यक पर्ने पदका लागि प्रयोगात्मक परीक्षा समेतबाट त्यस्तो उम्मेदवारको उपयुक्तताको परीक्षण गरी परामर्श दिनु पर्नेछ।

(३) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न उम्मेदवारको उपयुक्तताको विषयमा लिइने लिखित परीक्षाको पाठ्यक्रम परिवर्तन हुने सम्बन्धित पदको लागि आयोगबाट निर्धारित पाठ्यक्रमको सेवा सम्बन्धी एउटा पत्रमा परीक्षा लिनु पर्नेछ। पाठ्यक्रम निर्माण हुन बाँकी पदमा सेवा समूह, उपसमूह परिवर्तन गर्नुपर्ने भएमा सोको लागि छुट्टै पाठ्यक्रम निर्माण गर्नु पर्नेछ।

(४) सेवा, समूह वा उपसमूह परिवर्तन गर्न उम्मेदवारको उपयुक्तताको विषयमा लिइने लिखित परीक्षाको उत्तीर्णाङ्क चालीस प्रतिशत हुनेछ।

(५) आयोगबाट निर्धारित वार्षिक कार्यतालिका अनुसार विज्ञापन हुने सम्बन्धित पदको परीक्षासँगै सेवा, समूह, उपसमूह परिवर्तन हुने उम्मेदवारको उपयुक्तता परीक्षण गर्न लिखित परीक्षा लिनु पर्नेछ।

तर वार्षिक कार्यतालिकामा समावेश नभएका पदका हकमा आयोगले छुट्टै परीक्षा लिन सक्नेछ।

(६) उम्मेदवारको उपयुक्तताको विषयमा लिइएको लिखित परीक्षामा उत्तीर्णाङ्क प्राप्त नगरेका उम्मेदवारलाई सेवा, समूह वा उपसमूह परिवर्तन गर्ने सिफारिस गरिने छैन।

९२. **<u>सरुवा वा बढुवा गर्दा परामर्श माग गर्ने</u>**: (१) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा आयोगको परामर्श माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगको परामर्श माग गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९३. **<u>विभागीय सजायका विषयमा परामर्श माग गर्ने तरिका</u>**: (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायका लागि आयोगको परामर्श माग गर्दा देहाय बमोजिमको प्रक्रिया पूरा गरेको हुनु पर्नेछः-

(क) विभागीय सजायको लागि सेवा, समूह सम्बन्धी प्रचलित कानून बमोजिम सजाय गर्न अधिकार प्राप्त अधिकारीले कारबाही र सजाय प्रस्ताव गरेको,

(ख) सम्बन्धित कर्मचारीलाई लगाइएको अभियोग र सजाय कुन कानून अन्तर्गतको हो, सो कुरा स्पष्ट खुलाएको,

(ग) सजाय प्रस्ताव गर्नु पूर्व सम्बन्धित कर्मचारीलाई आफ्नो सफाइ पेश गर्नको लागि पर्याप्त मौका दिएको,

(घ) अधिकार प्राप्त अधिकारीले सम्बन्धित कर्मचारीले दिएको सफाइ वा स्पष्टीकरण उपर यथोचित मूल्याङ्कन गरी सो सफाइ वा स्पष्टीकरणका बारेमा व्यक्त गरेको प्रतिक्रिया फाइल संलग्न रहेको,

(ङ) कुन कसूर वापत कुन सजाय गर्न खोजिएको हो कसूर खुलाई सजाय प्रस्ताव गरिएको,

(च) सम्बन्धित अधिकृतको दस्तखत गरी कार्यालयको छाप समेत लगाई अनुसूची-१२ बमोजिमको फाराम संलग्न गरेको।

(२) उपदफा (१) बमोजिम आयोगको परामर्श माग गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९४. **सामान्य सिद्धान्तको विषयमा परामर्श सम्बन्धी व्यवस्थाः** (१) प्रदेश निजामती सेवाको पदमा शुरु वा बढुवा नियुक्ति गर्दा वा त्यस्तो सेवाका कर्मचारीलाई विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिँदा सो सम्बन्धी निर्णय सहित सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय मार्फत लिनु पर्नेछ।

(२) प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श माग गर्दा अधिकार प्राप्त अधिकारीबाट निर्णय गराई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत माग गर्नु पर्नेछ।

(३) प्रदेश प्रहरी सेवा र प्रदेश अनुसन्धान व्यूरोको पदमा नियुक्ति तथा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श माग गर्दा सम्बन्धित मन्त्रालय मार्फत माग गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको हकमा सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श माग गर्दा देहायका विवरण संलग्न गरी माग गर्नु पर्नेछः-

(क) सम्बन्धित सङ्गठित संस्था स्थापना गर्ने कानूनी व्यवस्था,

(ख) सम्बन्धित संस्थाको स्वीकृत नियमावली वा विनियमावलीहरू,

(ग) परामर्श माग गर्नुपर्ने कारण र सोको पुष्ट्याइँ,

(घ) परामर्श माग गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि,

(ङ) सम्बन्धित मन्त्रालयको राय सहितको सिफारिस,

(च) अन्य प्रासंगिक कुरा।

(५) यस दफा बमोजिम माग भएको सामान्य सिद्धान्तमा आयोगले परामर्श दिनेछ।

(६) सामान्य सिद्धान्तको विषयमा परामर्श माग गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९५. **आयोगले परामर्श दिँदा अपनाउनु पर्ने कार्यविधिः** (१) दफा ९४ को उपदफा (१) र (२) बमोजिम आयोगको परामर्श माग भई आएमा प्रदेश निजामती सेवा लगायत अन्य सेवालाई सक्षम र प्रभावकारी बनाउन सेवाको शर्त सम्बन्धी कानूनमा विभिन्न प्रकारका सेवाको कामको प्रकृति र अवस्था अनुसार फरक गर्नु पर्ने कुरामा फरक गर्ने र एकरूपता ल्याउनु पर्ने कुरामा एकरूपता ल्याउने व्यवस्था समेतको विचार गरी आयोगले परामर्श दिनेछ।

(२) दफा ९४ को उपदफा (३) बमोजिम आयोगको परामर्श माग भई आएमा सेवा वा पदको कार्य प्रकृति समेतलाई विचार गरी आयोगले आयोगबाट निर्धारित सिद्धान्त समेतलाई विचार गरी परामर्श दिनेछ।

(३) परामर्श दिँदा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९६. **<u>आयोगको परामर्श कार्यान्वयन गर्ने</u>ः** (१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगको परामर्श लिनु पर्ने विषयमा आयोगको परामर्श लिएपछि त्यस्तो विषयमा आयोगले दिएको परामर्श कार्यान्वयन गर्ने गराउने दायित्व परामर्श माग गर्ने अधिकारीको हुनेछ।

(२) कुनै विशेष कारण वा परिस्थिति परी आयोगले कुनै विषयमा प्रदान गरेको परामर्श कार्यान्वयन गर्न बाधा पर्न आएमा त्यसको कारण खोली परामर्श माग गर्ने अधिकारीले पुनर्विचारको लागि आयोग समक्ष लेखी पठाउन सक्नेछ र त्यसरी लेखी आएमा आयोगले त्यसमा विचार गर्दा पूर्व परामर्शलाई संशोधन गर्न पर्याप्त आधार र औचित्य देखिएमा तत् सम्बन्धमा पुनः परामर्श दिन सक्नेछ।

(३) आयोगले उपलब्ध गराएको विभागीय सजाय सम्बन्धी परामर्श आयोगले तोकेको अवधिभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनु पर्नेछ।

९७. **<u>काम कारबाही बदर गर्न सक्ने</u>ः** संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगको परामर्श लिनु पर्ने विषयमा आयोगको परामर्श नलिई कुनै काम कारबाही भए गरेमा आयोगले त्यस्तो काम कारबाही बदर गर्न सक्नेछ।

## परिच्छेद–१८

## <u>विविध</u>

९८. **<u>फाइल पेश गर्ने कार्यविधि</u>ः** (१) निर्णय हुनुपर्ने कुनै विषयमा फाइल पेश गर्दा विषयवस्तुको संक्षिप्त व्यहोरा र सो सम्बन्धी प्रचलित कानूनी व्यवस्था समेत उल्लेख गरी सम्बन्धित शाखाबाट पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको फाइलमा देहाय अनुसारको प्रक्रिया अनुसार निर्णय गर्नु पर्नेछः–

(क) महाशाखा प्रमुखले आफूलाई अधिकार भएकोमा आफैंले निर्णय गर्ने र अन्य विषयमा आफ्नो राय सहित सचिव समक्ष पेश गर्ने,

(ख) खण्ड (क) बमोजिम पेश भएको फाइलमा सचिवले आफूलाई अधिकार भएकोमा आफैंले निर्णय गर्ने र अन्य विषयमा आफ्नो राय सहित आयोगका अध्यक्ष वा सम्बन्धित सदस्य समक्ष पेश गर्ने,

(ग) खण्ड (ख) बमोजिम पेश भएको फाइलमा आयोगका अध्यक्ष वा सदस्यले आफूलाई अधिकार भएकोमा आफैंले निर्णय गर्ने र आयोगमा पेश गर्नुपर्ने विषयमा आयोगमा प्रस्ताव पेश गर्न स्वीकृत गर्ने ।

(३) उपदफा (२) बमोजिम आयोगमा प्रस्ताव पेश गर्ने निर्णय भएमा सम्बन्धित शाखाले अनुसूची–१३ को ढाँचामा प्रस्ताव तयार गरी महाशाखा प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएको प्रस्ताव सम्बन्धित महाशाखा प्रमुखले आवश्यक अध्ययन गरी प्रस्तावमा उल्लिखित विषयमा कुनै हेरफेर गर्न आवश्यक भएमा सो समेत गरी सचिव समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको प्रस्ताव सचिवले आयोग समक्ष पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम आयोगमा पेश भएको प्रस्ताव उपर आयोगबाट भएको निर्णय समावेश गरी सचिवले कार्यान्वयनका लागि सम्बन्धित महाशाखामा पठाउनु पर्नेछ।

९९. **दक्ष वा विशेषज्ञको सेवा लिन सक्नेः** (१) आयोगले संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्नु पर्ने कामको लागि आवश्यक दक्ष वा विशेषज्ञ वा विशिष्टीकृत निकायको सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा लिने प्रयोजनको लागि आयोगले दक्ष वा विशेषज्ञ वा विशिष्टीकृत निकायको सूची (रोष्टर) स्वीकृत गर्नेछ।

(३) दक्ष वा विशेषज्ञ वा विशिष्टीकृत निकायको सूची (रोष्टर) अध्यक्षको स्वीकृति विना कसैलाई दिइने वा सार्वजनिक गरिने छैन।

(४) उपदफा (१) बमोजिमको सेवा लिँदा उपदफा (२) बमोजिमको सूची (रोष्टर) बाट लिनु पर्नेछ। सेवा लिइने दक्ष वा विशेषज्ञ वा विशिष्टीकृत निकायको मनोनयन वा छनौट अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यले गर्नेछ।

(५) उपदफा (४) बमोजिम सेवा लिए बापत सम्बन्धित दक्ष वा विशेषज्ञ वा विशिष्टीकृत निकायलाई आयोगले तोके बमोजिमको पारिश्रमिक तथा सुविधा दिइनेछ।

१००. **विशेषज्ञ वा दक्षको नामावली तयार गर्नेः** (१) पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता, मनोवैज्ञानिक व्यक्तित्व परीक्षण, सामूहिक छलफल लगायतका आयोगको कामका लागि सम्बन्धित शाखाले सम्बन्धित विषयका आवश्यकता अनुसार देहायको कुनै तरिका अपनाई विशेषज्ञ वा दक्षहरूको नामावली सङ्कलन गर्नु पर्नेछः–

(क) विशेषज्ञ वा दक्ष रहेको संस्थामा गई तोकिए बमोजिमको फाराम अनुसारको विवरण सङ्कलन गरेर,

(ख) सम्बन्धित विशेषज्ञ वा दक्षहरूको बायोडाटा माग गरेर,

(ग) आयोगको वेभसाइट वा बुलेटिन वा अन्य माध्यमबाट सूचना प्रकाशित गरेर।

(२) उपदफा (१) बमोजिम सम्बन्धित शाखाले सङ्कलन गरेको विशेषज्ञ वा दक्षहरूको सूची आयोगमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको सूचीबाट आयोगबाट लिइने परीक्षा सम्बन्धी कामको लागि आयोगले आवश्यकतानुसार विशेषज्ञ एवम् दक्षहरूको नामावली स्वीकृत गर्नु पर्नेछ।

(४) आयोगले विशेषज्ञ वा दक्षको सूचीमा प्रत्येक वर्ष आवश्यकता अनुसार हेरफेर तथा अद्यावधिक गर्नु पर्नेछ।

१०१. **विशेषज्ञ वा दक्षको मनोनयन गर्ने:** (१) दफा १०० बमोजिम आयोगबाट स्वीकृत विशेषज्ञ वा दक्षहरुमध्येबाट पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, उत्तरपुस्तिका परीक्षण, अन्तर्वार्ता, मनोवैज्ञानिक व्यक्तित्व परीक्षण, सामूहिक छलफल लगायतका आयोगको परीक्षा सम्बन्धी काम गराउन मनोनयनका लागि सम्बन्धित शाखाले तोकिएको पदाधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मनोनयनका लागि पेश भएका विशेषज्ञ वा दक्षहरूमध्ये परीक्षा सम्बन्धी विभिन्न काममा सकेसम्म एउटै दक्ष नपर्ने गरी मनोनयन गर्नु पर्नेछ।

(३) आयोग अन्तर्गतका कार्यालयहरुले आफूले सम्पन्न गर्नुपर्ने कामका लागि सम्बन्धित विषयका आवश्यक संख्यामा विशेषज्ञ वा दक्षहरुको सूची तयार गरी स्वीकृत गरी राख्नु पर्नेछ।

१०२. **केन्द्रीय प्रतिनिधिको व्यवस्था:** (१) आयोग अन्तर्गतका कार्यालयहरूमा सञ्चालन गरिने लिखित परीक्षा, प्रयोगात्मक परीक्षा, अन्तर्वार्ता तथा अन्य उपयुक्तता परीक्षण गर्ने परीक्षामा आयोगको केन्द्रीय कार्यालयले केन्द्रीय प्रतिनिधि पठाउन सक्नेछ।

(२) आयोग अन्तर्गतका कार्यालयको कार्यालय प्रमुख पद रिक्त रहेको अवस्थामा उक्त कार्यालयबाट सञ्चालन हुने अन्तर्वार्ताका लागि समान श्रेणी/तहको कर्मचारीले अध्यक्षता गर्ने गरी आयोगको केन्द्रीय कार्यालयबाट प्रतिनिधि खटाउन सक्नेछ।

१०३. **गोपनीयता कायम गर्ने:** (१) आयोगको काम कारबाही तथा गोपनीयता कायम गर्नुपर्ने परीक्षा सम्बन्धी कार्यमा आवश्यक गोपनीयता कायम राख्ने दायित्व सो काममा संलग्न सबै पदाधिकारी एवम् कर्मचारीको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले तोके बमोजिमका परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न सकिनेछ।

१०४. **जानकारी दिनुपर्नेः** (१) प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण र अन्तर्वार्ता सम्बन्धी कामसँग सम्बन्धित शाखामा कार्यरत आयोगका कुनै कर्मचारीको कुनै नातेदार आयोगद्वारा सञ्चालन हुने कुनै परीक्षामा उम्मेदवार भएमा सम्बन्धित कर्मचारीले सचिवलाई जानकारी दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएमा त्यस्तो कर्मचारीलाई त्यस्तो परीक्षा सञ्चालन सम्बन्धी काममा संलग्न नगराउने वा उपयुक्त तरिकाले राख्ने व्यवस्था गर्नु पर्नेछ।

१०५. **उजुर गर्न सक्नेः** (१) आयोगद्वारा प्रत्यायोजित अधिकार बमोजिम काम गर्ने अधिकारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सो काम कारबाही भए गरेको मितिले पैंतीस दिनभित्र आयोग वा आयोगले तोकेको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ।

तर त्यस्तो काम कारबाही उपर पुनरावेदन लाग्ने छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम उजुरी पर्न आएमा आयोगले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त आदेश दिन सक्नेछ र सो उजुरी बमोजिम छानबिन गर्दा कारबाही गर्नु नपर्ने देखिएमा आयोगले त्यस्तो उजुरी तामेलीमा राख्न सक्नेछ।

१०६. **अनियमित ठहर गर्न वा रद्द गर्न सक्नेः** (१) दफा ८० बमोजिम निरीक्षण गर्दा वा गराउँदा संविधान, यो ऐन र अन्य प्रचलित कानून तथा आयोगले समय समयमा तोकेको कार्यविधि र शर्त पूरा नगरी कुनै कर्मचारीलाई नियुक्ति, बढुवा वा विभागीय कारबाही गरेको पाइएमा आयोगले त्यस्तो नियुक्ति, बढुवा वा विभागीय कारबाहीलाई अनियमित ठहर गर्न सक्नेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगद्वारा प्रत्यायोजित अधिकार बमोजिम नियुक्त हुने पदमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया र शर्त पूरा नगरी कुनै व्यक्तिलाई नियुक्ति गरेको पाइएमा आयोगले त्यस्तो नियुक्तिलाई जुनसुकै बखत रद्द गर्न सक्नेछ।

(३) आयोगको विज्ञापन बमोजिमको परीक्षामा उम्मेदवार हुन कुनै व्यक्तिले पेश गरेको कुनै विवरण झुट्टा वा गलत प्रमाणित भएमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त वा परीक्षा वा अन्तर्वार्ता वा नियुक्तिको सिफारिस रद्द गर्न सक्नेछ र निजले नियुक्ति पाइसकेको भए प्रचलित कानून बमोजिम आवश्यक कारबाही चलाउन सम्बन्धित निकायमा सिफारिस पठाउन सक्नेछ।

(४) दफा ८३ बमोजिम अनुगमन गर्दा वा गराउँदा सामान्य सिद्धान्तको सम्बन्धमा आयोगको परामर्श अनुरुप गरेको नपाइएमा आयोगले सम्बन्धित निकायलाई त्यस्तो काम कारबाही सच्याउने वा रद्द गर्ने आदेश दिन सक्नेछ।

१०७. **विद्युतीय माध्यमबाट विज्ञापन प्रकाशन र दरखास्त फारम बुझाउन सकिने**: (१) आयोगले रिक्त पदको माग, पदपूर्तिको विज्ञापन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन जस्ता काम विद्युतीय माध्यमबाट समेत गर्न सक्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय माध्यमबाट दरखास्त फाराम बुझाउन सक्ने भनी विज्ञापनमा उल्लेख भएका दरखास्त फारामका हकमा सो विज्ञापनमा उल्लेख भए बमोजिमको विवरण उल्लेख गरी विद्युतीय माध्यमबाट दरखास्त फाराम बुझाउन सकिनेछ।

(३) उपदफा (१) बमोजिम विद्युतीय माध्यमबाट बुझाएकोदरखास्त फारामको स्वीकृति र सो सम्बन्धी अन्य व्यवस्था आयोगले सम्बन्धित विज्ञापनमा उल्लेख गरे बमोजिम हुनेछ।

१०८. **दस्तुर र शुल्क तोक्न सक्ने**: यस ऐनमा अन्यत्र उल्लेख गरिए बाहेक आयोगको कामकारबाहीका सम्बन्धमा आयोगले आवश्यक दस्तुर र शुल्क तोक्न सक्नेछ।

१०९. **अनुसन्धानात्मक तथा प्रवर्द्धनात्मक कार्य गर्न सक्ने**: आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवालाई सक्षम र प्रभावकारी बनाउन तथा सेवाप्रति आकर्षण बढाउन समय समयमा अनुसन्धानात्मक तथा प्रवर्द्धनात्मक कार्यहरू गर्न सक्नेछ।

११०. **थप सुविधा दिन सक्ने**: आयोगका सदस्य तथा कर्मचारीलाई कार्यालय समयभन्दा बढी समय आयोगको काममा लगाउनु परेमा वा सदस्य तथा कर्मचारी वा अन्य कुनै व्यक्तिलाई आयोगसँग सम्बन्धित कुनै विशेष काममा लगाउनु परेमा थप सुविधाको रूपमा आयोगले निर्धारण गरे बमोजिमको रकम तथा खाजा र खाना खर्च समेत दिन सकिनेछ।

१११. **आयोगले सुझाव दिन सक्ने**: (१) आयोगको काम कारबाहीको सिलसिलामा वा आयोगद्वारा आयोजित गोष्ठी, सेमिनार तथा फलबाट प्राप्त निश्कर्षको आधारमा प्रदेश तथा स्थानीय तहका विभिन्न सेवाका शर्त सम्बन्धी प्रचलित कानूनमा सुधार गर्न आवश्यक देखिएमा आयोगले सम्बन्धित निकायलाई सुझाव दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको सुझावको विवरण आयोगको वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

११२. **वार्षिक प्रतिवेदन**: (१) आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो प्रतिवेदन प्रदेश सभा समक्ष पेश गर्न लगाउनेछ।

(२) उपदफा (१) बमोजिम वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने कुरा तोकिए बमोजिम हुनेछ।

११३. **प्रचलित कानून बमोजिम हुने**: यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

११४. **असल नियतले गरेको काम कारबाहीको बचाउ**: आयोगले वा आयोगको अध्यक्ष वा कुनै सदस्यले वा कुनै कर्मचारीले संविधान, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा कुनै अदालतमा मुद्दा चलाइने छैन।

११५. **अधिकार प्रत्यायोजन**: (१) आयोगले संविधान, यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले तोके बमोजिमको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी कुनै सदस्य, सदस्यहरूको समिति, आयोगको कुनै कार्यालय वा कर्मचारी वा प्रदेश सरकारको अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

११६. **केन्द्रीय कार्यालयले गर्ने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११ को उपदफा (२) बमोजिम आयोग अन्तर्गतका कार्यालय स्थापना नभएको अवस्थामा आयोग अन्तर्गतका कार्यालयले सम्पादन गर्ने भनी तोकिएको कार्य आयोगको केन्द्रीय कार्यालयले सम्पादन गर्न सक्नेछ।

११७. **नियम बनाउने अधिकार**: यो ऐन कार्यान्वयन गर्न आयोगले नियम बनाउन सक्नेछ र त्यस्तो नियम प्रदेश राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

११८. **निर्देशिका बनाउन सक्ने**: आयोगले आफूले सम्पादन गर्नु पर्ने काम सुचारू रुपले सञ्चालन गर्ने गराउने प्रयोजनको लागि आवश्यकतानुसार निर्देशिका बनाई लागू गर्न सक्नेछ।

११९. **अनुसूचीमा हेरफेर गर्ने अधिकार**: आयोगबाट लेखी आएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१२०. **बाधा अड्काउ फुकाउने**: यो ऐन कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यो ऐनको भावनाको प्रतिकुल नहुने गरी आयोगले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।

अनुसूची-१

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**शपथको ढाँचा**

म ............................................. मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण वफादार रहँदै प्रदेश लोक सेवा आयोगको अध्यक्ष/सदस्यको जिम्मेवारी मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा वाहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

मिति :-

... ... ... ... ...

हस्ताक्षर

※अनुसूची-१क.

(ऐनको दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिक, सेवा र सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | अध्यक्ष | सदस्य |
|---|---|---|---|
| १. | पारिश्रमिक(मासिक) | रु.६२,०००/- | रु.५५,०००/- |
| २. | आवास सुविधा (मासिक) घर भाडा सम्झौता पेश भएमा कार्यालयबाट नै भुक्तानी हुने | रु.२०,०००/- | रु.२०,०००/- |
| ३. | आफ्नो घरमा बस्ने प्रदेश लोक सेवा आयोगको अध्यक्ष तथा सदस्यलाई घर मर्मत तथा सरसफाइ (मासिक) | रु.१०,०००/- | रु.१०,०००/- |
| ४. | लुगा भत्ता (वार्षिक) | रु.१०,०००/- | रु.१०,०००/- |
| ५. | सवारी साधन, चालक, मर्मत, इन्धन, मोबिल (मासिक) | कार्यालयबाट उपलब्ध हुने (इन्धन मासिक १०० लि. र मोबिल त्रैमासिक ५ लि.) | एक महिनाको सुरु स्केल बराबर रकम |
| ६. | चाडवाड खर्च | एक महिनाको पारिश्रमिक रकम | एक महिनाको पारिश्रमिक रकम |
| ७. | बिजुली, सञ्चार(मासिक) | रु.२,५००/- | रु.१,०००/- |
| ८. | दैनिक भ्रमण भत्ता(प्रतिदिन) | रु.२,०००/- | रु.२,०००/- |
| ९. | विदेश भ्रमण भत्ता (प्रतिदिन) | २२५ अमेरिकी डलर | १७५ अमेरिकी डलर |

※ पहिलो संशोधनद्वारा थपिएको।

अनुसूची-२

(दफा ४२ को उपदफा (२) सँग सम्बन्धित)

**<u>खामको नमुना</u>**

प्रश्न संख्या :- **"क"**

अति गोप्य

अति जरुरी

**श्री प्रदेश लोक सेवा आयोग**

परीक्षा सञ्चालन शाखा,

.....................।

प्रेषक :-

संकेत चिन्ह :- .............

---

प्रश्न संख्या :- **"ख"**

अति गोप्य

अति जरुरी

**श्री प्रदेश लोक सेवा आयोग**

परीक्षा सञ्चालन शाखा,

......................।

प्रेषक :-

संकेत चिन्ह .............

---

प्रश्न संख्या :- **"ग"**

अति गोप्य

अति जरुरी

**श्री प्रदेश लोक सेवा आयोग**

परीक्षा सञ्चालन शाखा,

......................।

प्रेषक :-

संकेत चिन्ह :-.............

अनुसूची-३

(दफा ४२ को उपदफा (४) सँग सम्बन्धित)

**प्रश्नपत्र तयार गर्न दक्षलाई पठाउने पत्रको ढाँचा र**

**विचार पुऱ्याउनु पर्ने कुराहरु**

**प्रदेश लोक सेवा आयोग**

संकेत चिन्ह :- .......................।

मिति :-.................

विषयः -**प्रश्नपत्र तयार गरी पठाउने।**

श्री .........................ज्यू,यस आयोगबाट लिइने अधिकृतस्तर/सहायकस्तर ... ... ... श्रेणी/तह ... ... ... सेवा ... ... ... समूह ... ... ... उप-समूह ... ... ... पदको प्रतियोगितात्मक खुला/बढुवा परीक्षाको ... ... ... विषयको ... ... ... पूर्णाङ्कको ... ... ... वटा प्रश्नपत्र तयार गर्न यहाँलाई अनुरोध गर्दछु।

प्रश्नपत्र तयार गरी पठाउँदा विचार पुऱ्याउनु पर्ने कुराहरू

१. अधिकृतस्तर तहका पदहरूको विषयगत प्रश्नपत्र निर्माण गर्दा प्रश्नले अपेक्षा गरेको सम्भावित उत्तरको विषयवस्तुहरू के के हुन् सो समेत संलग्न गरी कुन कुन विषयवस्तु समेट्दा कति कति अङ्क प्रदान गर्ने भन्ने कुरा समेत प्रष्ट छुट्याई प्रश्नसाथ मार्किङ स्किम संलग्न गरी पठाउनु पर्नेछ।

२. एउटै प्रश्नमा टुक्रे प्रश्नहरु भएको भए प्रत्येक टुक्रे प्रश्नको अङ्कभार समेत छुट्याई बुँदा नं.१ बमोजिमको मार्किङ स्किम संलग्न गरी पठाउनु पर्नेछ।

३. अधिकृतस्तर नवौं वा सोभन्दा माथिको तहको समस्या समाधान प्रश्न निर्माण गर्दा चारवटा विषय क्षेत्रहरूमा केन्द्रित रहेर उत्तर लेख्नु पर्ने हुँदा उक्त प्रत्येक चार विषय क्षेत्रमा के के विषयवस्तु समेटिनु पर्दछ त्यसका सम्भावित बुँदाहरू उल्लेख गरी चारवटै क्षेत्रको अङ्कभार विभाजन समेत गरिदिनु पर्दछ।जस्तैः- अङ्कभार बीस भएकोमा चारवटामा ५+५+५+५ वा ४+६+४+६ आदि तरिकाले प्रश्नमै उल्लेख गरिदिनु पर्नेछ।

४. सहायकस्तर तहका विषयगत छोटो छोटो प्रश्नहरु र सबै तहका वस्तुगत बहुबैकल्पिक प्रश्नहरु निर्माण गर्दा प्रश्नको उत्तर संलग्न गरी पठाउनु पर्नेछ।सहायकस्तर तहको लामो उत्तर दिने प्रश्नको मार्किङ स्किम संलग्न गरी पठाउनु पर्नेछ।

५. उत्तर र मार्किङ स्किम प्रश्नपत्र फाराममा उल्लेख गर्नु पर्दछ।

६. तयार गर्नु भएको प्रश्न यसैसाथ प्रेषित "ख" लेखिएको खाममा सिलबन्दी गरी सिलबन्दी खामलाई पुनः "क" लेखिएको खाममा बन्द गरी सो खामको बाहिरपट्टि प्रश्न संख्या (विषयगत वा वस्तुगत कुन हो सो समेत) उल्लेख गरी ... ... ... दिनभित्र पुग्ने गरी

पठाउनु पर्नेछ। प्रश्न तयार गरी पठाउँदा "ग" लेखिएको खाममा पत्र छुट्टै सिल गरी पठाउनु पर्नेछ।

७. संलग्न पाठ्यक्रमबाट सोधिने प्रश्नहरु सम्बन्धित पदको लागि आवश्यक शैक्षिक योग्यता अनुसार एस.एल.सी./ एस.ई.ई./इन्टरमिडियट/+२/स्नातक/अनर्स/ स्नातकोत्तर सरहको हुनु पर्नेछ।

८. सोधिएका प्रश्नहरु सामान्यता ... ... ... घण्टा ... ... ... मिनेटभित्र उत्तर दिन सक्ने हुनु पर्दछ।

९. प्रश्न संलग्न पाठ्यक्रममा आधारित वा विभाजित अङ्क अनुसार हुनु पर्नेछ, जसबाट विद्यार्थीको प्रस्तुत विषयमा पूरा ज्ञान छ, छैन भन्ने जस्ता कुराको परीक्षण गर्न सकियोस् ।

१०. प्रश्न निर्माणकर्तालेे प्रश्न पठाउदा खाममा **अति गोप्य/अति जरुरी** जनाई प्रदेश लोक सेवा आयोग, परीक्षा सञ्चालन शाखाको नाममा पठाउनु पर्नेछ। प्रेषकमा आफ्नो नाम नदिई संकेत चिन्ह मात्र उल्लेख गर्नु पर्नेछ। फोनबाट कुरा गर्दा पनि संकेत चिन्ह उल्लेख गर्नु पर्नेछ।

११. सुम्पिएको कार्य स्वीकार गरिसकेपछि म्यादभित्र प्रश्न प्राप्त हुन नआई ढिलाई भएमा पाउने पारिश्रमिक कट्टा गर्न अथवा प्रश्न निर्माणकर्ताको नाम सूचीबाट झिक्न सकिनेछ।

१२. कार्य स्वीकार गर्न असमर्थ भएमा यस सम्बन्धी सबै कागजात तुरुन्त सिलबन्दी रूपमा नै फिर्ता गर्नु पर्नेछ।

१३. एउटा पानामा मात्र प्रश्न तयार गर्नु पर्नेछ। सो पानामा नपुगेमा मात्र अर्को पाना प्रयोग गर्न सकिनेछ।

१४. प्रश्नको आखिरीमा संकेत चिन्ह मात्र लेख्नु पर्नेछ।

१५. सिलबन्दी छाप लगाउँदा आफ्नो नामको छाप नलगाई अन्य नामको वा कुनै संकेतात्मक छाप लगाई सो छापमा उल्लिखित विवरण खाम बाहिर उल्लेख गर्नु पर्नेछ।

अनुसूची-४

(दफा ४२ को उपदफा (५) सँग सम्बन्धित)

**<u>प्रश्नपत्र पठाउने पत्रको ढाँचा</u>**

**प्रदेश लोक सेवा आयोग**

(प्रश्नपत्र सफा र बुझिने गरी एकातिर मात्र लेख्नु पर्दछ।)

अधिकृतस्तर/सहायकस्तर ... ... ...श्रेणी/तह पदको प्रतियोगितात्मक लिखित परीक्षा ... ... समूह)

**विषय :- ... ... ... ... ... ... पत्र :- ... ... ... ......**

प्रेषित प्रश्नपत्र म आफैंले लेखेको/टाइप गरेको हुँ। कसैलाई पनि देखाएको अथवा भनेको छैन। प्रश्नपत्रको प्रतिलिपि मैले राखेको छैन र यस सम्बन्धमा बनाएको टिप्पणी एवम् खेस्रासमेत आगोमा जलाई नष्ट गरिसकेको छु। म यस विषयको प्रश्नकर्ता हुँ भनी कसैलाई भनेको पनि छैन, भविष्यमा भन्ने पनि छैन।

यस प्रश्नको सर्वाधिकार प्रदेश लोक सेवा आयोगलाई दिएको छु। सोधिएका प्रश्नहरु निर्धारित समयमा नै जवाफ दिन सकिने किसिमका छन् भन्ने कुरा विश्वास दिलाउँछु।

.......................

प्रश्नकर्ताको दस्तखत

मिति :- ... ... ... ... ... ... ... ... ... ... ...

पूरा नाम र थर :- ... ... ... ... ... प्रश्नकर्ताको दस्तखत

दर्जा :- ... ... ... ... ...(बहाल रहेको)

दर्जा :- ... ... ... ... ...(अवकाश हुँदाको)

**<u>ठेगाना</u> :-**

घर :-... ... ... ... ... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. ... ... ... वडा नं. ... ... ... मार्ग/घर नं. ... ... ...

कार्यालय :- ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

फोन :- ... ... ... ... (कार्यालय) ... ... ... ... (निवास) ... ... ... (मोबाइल)

अनुसूची-५

(दफा ४३ को उपदफा (४) को खण्ड (ढ) र दफा ४४ को उपदफा (२) को खण्ड (द) सँग सम्बन्धित)

**प्रश्नपत्र निर्माण गर्न आधार स्तम्भ तथा कृयापद**

**प्रश्न निर्माणका आधार स्तम्भ**

| दक्षता | कर्मचारीहरूको तह | अपेक्षित कार्य विवरण |
|---|---|---|
| (मूल्याङ्कन+संश्लेषण+विश्लेषण +प्रयोग) | अधिकृतस्तर एघारौं | • अनुगमन<br>• नीति, योजना निर्माण<br>• समन्वय<br>• नीति विश्लेषण तथा कार्यान्वयन<br>• नीति प्रभाव मूल्याङ्कन तथा विश्लेषण |
| (मूल्याङ्कन+संश्लेषण+विश्लेषण +प्रयोग+बोध+ज्ञान) | अधिकृतस्तर नवौं/दशौं | • अनुसन्धान<br>• नीति, निर्माण, योजना तथा कार्यान्वयन<br>• नीति कार्यान्वयन र प्रभाव मूल्याङ्कन<br>• सुपरिवेक्षण<br>• व्यवस्थापकीय कार्य<br>• कर्मचारी व्यवस्थापन योजना |
| (मूल्याङ्कन+संश्लेषण+विश्लेषण +प्रयोग+बोध+ज्ञान) | अधिकृतस्तर छैठौं/सातौं/आठौं | • अनुसन्धान<br>• नीति कार्यान्वयन<br>• कार्य विश्लेषण<br>• कर्मचारी व्यवस्थापन<br>• कार्यालय कार्यविधि सञ्चालन |
| (संश्लेषण+विश्लेषण+प्रयोग+ बोध+ज्ञान) | सहायकस्तर पाँचौं | • कर्मचारी व्यवस्थापन<br>• कार्यक्रम कार्यान्वयन<br>• कार्यालय कार्यविधि सञ्चालन<br>• अभिलेख व्यवस्थापन |
| (प्रयोग+बोध+ज्ञान) | सहायकस्तर चौथो | • कार्यालय कार्यविधि सञ्चालनमा सहयोग गर्ने<br>• कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने<br>• अभिलेख व्यवस्थापन |

**प्रश्न निर्माण गर्दा प्रयोग गरिने क्रियापदहरू**

| दक्षता | प्रदर्शित सीपका लागि प्रश्नको संकेत |
|---|---|
| १. ज्ञान | पहिचान गर्नु, सूची तयार गर्नु, परिभाषा दिनु, भन्नु, वर्णन गर्नु, छुट्याउनु, देखाउनु, संग्रह गर्नु, इङ्गित गर्नु, तालिका बनाउनु, उद्धृत गर्नु, नाम दिनु, को, कहिले, कहाँ आदि। |
| २. बोध बुझाइ | सारांश दिनु, वर्णन गर्नु, व्याख्या गर्नु, उल्था गर्नु, भिन्नता देखाउनु, भविष्यवाणी गर्नु, अनुमान गर्नु, फरक देखाउनु, छलफल गर्नु, पुष्टि गर्नु, उदाहरण दिनु आदि। |
| ३. प्रयोग | प्रयोग गर्नु, प्रदर्शन गर्नु, गणना गर्नु, पूरा गर्नु, व्याख्या गर्नु, समाधान गर्नु, जाँच्नु, खोज्नु, सम्बन्ध देखाउनु आदि। |
| ४. विश्लेषण | विश्लेषण गर्नु, छुट्याउनु, क्रम मिलाउनु, व्याख्या गर्नु, वर्गीकरण गर्नु, मिलाउनु, भाग गर्नु, तुलना गर्नु, छनौट गर्नु आदि |
| ५. संश्लेषण | गाभ्नु एकीकृत गर्नु, सुधार्नु, पुनः मिलाउनु, योजना गर्नु, तयार गर्नु, पुनर्लेखन गर्नु आदि। |
| ६. मूल्याङ्कन | लेखाजोखा गर्नु, निर्णय गर्नु, क्रम मिलाउनु, परीक्षण गर्नु, मापन गर्नु, सिफारिस गर्नु, विभेद देखाउनु, निचोड निकाल्नु, सारांश निकाल्नु आदि |

अनुसूची-६

(दफा ४८ को उपदफा (१) को खण्ड (ठ) सँग सम्बन्धित)

**कच्चा प्रश्नहरु वर्गीकरण गर्ने तालिका**

| प्रश्न निर्माणकर्ताको संकेत चिन्ह | स्तरीय प्रश्न संख्या | ठीकै प्रश्न संख्या | स्तर नभएका प्रश्न संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

परिमार्जन कर्ताको दस्तखत :-

नाम, थर :-

मिति :-

अनुसूची-७

(दफा ५० को खण्ड (ज) सँग सम्बन्धित)

**<u>प्रश्नपत्र पठाउने पत्रको ढाँचा</u>**

**प्रदेश लोक सेवा आयोग**

प.सं. :-......................।

च.नं. :- मिति :-..................

विषय :- **<u>प्रश्नपत्र पठाएको।</u>**

श्री प्रदेश लोक सेवा आयोग

... ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ...

आयोगको केन्द्रीय कार्यालय/अन्तर्गतका कार्यालय/... ... ... ... ... बाट प्रकाशित निम्न लिखित बमोजिमका विज्ञापन अनुसार देहायको पदका लागि तपसिल अनुसारका विषयहरूको प्रश्नपत्र यसैसाथ पठाइएको छ। निर्देशन अनुसार कार्य सञ्चालन गर्नु हुनु अवगत गराइन्छ।

**<u>तपसिल</u>**

| सि. नं. | विज्ञापन नम्बर | पद | विषय | प्रति | केन्द्र | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

अनुसूची-८

(दफा ६० को उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित)

**<u>उत्तर पुस्तिका परीक्षण गर्न पठाउने पत्रको ढाँचा</u>**

**प्रदेश लोक सेवा आयोग**

संकेत चिन्ह :- मिति :-...............

विषय :- **<u>उत्तरपुस्तिका परीक्षण गरी पठाउने।</u>**

श्री ... ... ... ... ... ... ...

... ... ... ... ... ... ... ...।

१. यस आयोगबाट लिइएको अधिकृतस्तर/सहायकस्तर ... ... ... श्रेणी/तह ... ... ... सेवा ... ... ... समूह ... ... ... उप-समूह ... ... ... पदको (खुला/आ.प्र.) प्रतियोगितात्मक परीक्षाको ... ... ... पत्र ... ... ... विषयको विषयगत पूर्णाङ्कको ... ... ... भएको पत्रको उत्तरपुस्तिका थान ... ... ... स्तर ... ... ... बमोजिम अति गोप्य रूपले परीक्षण गरी यसैसाथ संलग्न प्राप्ताङ्क तालिकामा एक प्रति भरी प्रत्येक प्रश्न बापत पाएको अङ्क र कुल प्राप्त गरेको अङ्क केरमेट नगरी सम्बन्धित कोठामा भरी ... ... ... दिनभित्र उत्तरपुस्तिका पठाइएको खाममा सिलबन्दी गरी ... ... ... ... ... शाखामा पूर्ण गोप्यताका साथ पठाउनु हुन आदेशानुसार अनुरोध गरिन्छ। यस विषयमा केही सोध्नु वा सम्पर्क राख्नु परेमा संकेत नम्बर दिई फोन नं. ... ... ... ... ... मा अथवा आफैं उपस्थित भई यस शाखामा अधिकृतसँग सम्पर्क राख्न हुन अनुरोध छ।

२. परीक्षण गरी पठाउन नसक्ने स्थिति भएमा तुरुन्त जानकारी दिनु पर्नेछ। खाम सिलबन्दी गर्दा कुन नाम वा संकेतको कतिवटा लाहाछाप लगाइएका छन् खाम बाहिर जनाउनु पर्नेछ।

३. विषयगत उत्तरपुस्तिकाहरू परीक्षण गर्दा निम्न कुराहरूमा ध्यान राखी परीक्षण पर्नु पर्नेछः-
   (क) विषय ज्ञानको तथ्यपूर्ण र तर्कपूर्ण अभिव्यक्ति
   (ख) मौलिकता
   (ग) समालोचना तथा आलोचनाशक्ति
   (घ) प्रस्तुतीकरण
   (ङ) शुद्धाशुद्धि तथा सफाइ

४. परीक्षार्थीले प्राप्त गर्ने अङ्कको स्तर सम्बन्धमा देहाय अनुसार मानिने छः-
   (क) ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त भएमा — अनुपयुक्त
   (ख) ४० प्रतिशतदेखि ४५ प्रतिशतसम्म अङ्क प्राप्त गरेमा —साधारण स्तर
   (ग) ४५ प्रतिशत भन्दा माथि ५५ प्रतिशतसम्म अङ्क प्राप्त गरेमा — मध्यम स्तर

(घ) ५५ प्रतिशत भन्दा माथि ७० प्रतिशतसम्म अङ्क प्राप्त गरेमा -उच्च स्तर

(ङ) ७० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गरेमा - अति उच्च स्तर

५. एउटै प्रश्नमा टुक्रे प्रश्नहरु भए प्रत्येक टुक्रे प्रश्नको लागि छुट्याइएको Marking Scheme अनुसार अङ्क दिइ उत्तरपुस्तिकाको परीक्षण गर्नु पर्नेछ।

६. निर्धारित समयभित्र परीक्षण गरी पठाएमा प्रश्नपत्र निर्माण बापत पाउने कुल पारिश्रमिकमा २० प्रतिशत थप गरी भुक्तानी गर्ने व्यवस्था छ।

७. उत्तरपुस्तिका परीक्षणको लागि गाइडलाइन्स् संलग्न छ। परीक्षकले उत्तरपुस्तिका मूल्याङ्कन गर्दा उच्च अङ्क प्राप्त गर्ने १०% उत्तरपुस्तिकाहरूको पुनः मूल्याङ्कन गर्नु पर्नेछ।

८. परीक्षणकर्ताको कुनै नातेदारले सो परीक्षा दिएको भए सिलबन्दी रूपमा नै उत्तरपुस्तिका परीक्षण नगरी फिर्ता गर्नु पर्नेछ।

९. संलग्न उत्तरपुस्तिकाः

१. कि. नं. ... ... ... देखि ... ... ... सम्म

अनुसूची-९

(दफा ६४ को खण्ड (ज) सँग सम्बन्धित)

**नतिजा प्रकाशनको लागि प्राप्ताङ्क तालिका फारम**

**प्रदेश लोक सेवा आयोग**

मिति :- ............

विषय :- **लिखित परीक्षाको प्राप्ताङ्क पठाएको।**

श्री प्रदेश लोक सेवा आयोग

रिक्त माग पद संख्या : ... ... ... ... ... लि.प.बाट छनौट संख्या :-... ... ... ...

आयोगको केन्द्रीय कार्यालयको विज्ञापन नम्बर ... ... ... ... ... अनुसार ... ... ... सेवा ... ... ... समूह ... ... ... उप-समूह ... ... ... श्रेणी/तह ... ... ... ... ... (खुला/आ.प्र.) पदको लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनौट भएका तपसिल अनुसारका उम्मेदवारहरूको कुल प्राप्ताङ्क निम्नानुसार भएको व्यहोरा अनुरोध छ।

**तपसिल**

| सि. नं. | रोल नं. | नाम, थर | कुल प्राप्ताङ्क | अक्षरमा | मूल कि. नं. | ऐच्छिक प्राज्ञिक विषय | शैक्षिक योग्यताको मूल विषय | सम्भाव्य उम्मेदवार हुन सक्ने सेवा/समूह/उप-समूह |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

एकीकृत परीक्षा प्रणाली अन्तर्गत छुट्टाछुट्टै शैक्षिक योग्यता तोकिएको परीक्षाको हकमा मात्र उल्लेख गर्ने।

उतार गर्ने :- रुजू गर्ने :- प्रमाणित गर्ने :-

अनुसूची-१०

(दफा ८८ सँग सम्बन्धित)

**<u>बढुवा उजुरीको निर्णय ढाँचा</u>**

आयोगको/बढुवा समितिको सूचना नं. ... ... ... ... ... अनुसार ... ... ... सेवा ... ... ... ... ... समूह ... ... ... उप-समूहको अधिकृतस्तर/सहायकस्तर ... ... ... ... ... श्रेणी/तहको पदमा बढुवा समितिको बढुवा सिफारिस उपर चित्त नबुझाई ... ... ... ... ... ... समेत .. ... ... जनाले यस आयोग समक्ष दिनु भएको बढुवा उजुरीका सम्बन्धमा उजुरकर्ताहरूको जिकिर तत् सम्बन्धमा बढुवा समितिको प्रतिक्रिया र प्रचलित ऐन, नियम समेतको आधारमा देहाय बमोजिम निर्णय गरियो :-

एकभन्दा बढी उजुरकर्ता भएकोमा प्रत्येक उजुरकर्ताको माग दावीको व्यहोरा क्रमशः खुलाई सो मागदावीका सम्बन्धमा जिकिर पुग्न सक्ने वा नसक्ने के हो आयोगको भनाई राख्ने :-

माथि उल्लिखित आधार र कारणबाट उजुरकर्ताको जिकिर तथ्ययुक्त र नियम संगत देखिएकोले/तथ्यहीन देखिएकोले बढुवा समितिकै बढुवा सिफारिस सूची कायमै रहने हो वा संशोधन हुने हो सो को व्यहोरा स्पष्ट हुने गरी खुलाउनु पर्दछ। निर्णयको प्रतिलिपि बढुवा समितिमा पठाई माग भएमा सरोकारवाला समेतलाई दिने।

अनुसूची-११

(दफा ९१ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

**सेवा, समूह वा उप-समूह परिवर्तनका लागि भर्नुपर्ने फाराम**

(क) सेवा, समूह वा उप-समूह परिवर्तन गर्दा सम्बन्धित कर्मचारीले भर्नुपर्ने विवरण फाराम

१. कर्मचारीको नाम, थर :-

२. हालको पद :- (ख) सेवा :- (ग) समूह/उप-समूह :-

३. स्थायी ठेगाना :-

४. हालको उमेर :-

५. हाल कार्यरत कार्यालयको नाम :-

६. ठेगाना :-

७. माथिल्लो शैक्षिक योग्यता :-

८. विशेष शैक्षिक योग्यता :-

९. शैक्षिक योग्यता सम्बन्धी विवरण (प्रमाणपत्रको प्रमाणित प्रति साथै पेश गर्नु पर्नेछ):-

| सि. नं. | विद्यालय/महाविद्यालय, विश्वविद्यालयका नाम र ठेगाना | हासिल गरेको डिग्री, डिप्लोमा, प्रमाणपत्र | उत्तीर्ण गरेको | | मुख्य विषयहरू | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | श्रेणी | वर्ष | | |
| | | | | | | |

१०. सेवा सम्बन्धी विवरण (अनुभव प्रयोजनार्थ कुनै विशेष अनुभव हासिल गरेको भए सो पनि विवरणमा स्पष्ट खुलाउने) नियुक्ति पत्रको प्रमाणित प्रति साथै पेश गर्नु पर्नेछ :-

| सि. नं. | कार्यालय | दर्जा/श्रेणी | सेवा, समूह, उप-समूह | नियुक्ति मिति | स्थायी/ अस्थायी | प्रत्येक पदमा हासिल गरेको अनुभव | सरुवा, बढुवा वा छाडेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

११. तालीम (दक्षता/सीप प्रयोजनार्थ) :- (कुन विषयमा के कस्तो दक्षता वा तालीम हासिल गरेको हो सो विवरणमा स्पष्ट खुलाउने) प्रमाणपत्रको प्रमाणित प्रति साथै पेश गर्नु पर्नेछ।

| सि. नं. | तालीम दिने संस्थाको नाम र ठेगाना | तालीम अवधि | | तालीमको | | उत्तीर्ण भएको | | तालीमको मुख्य विषयहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | किसिम | विषय | श्रेणी | वर्ष | | |
| | | | | | | | | | |

१२. सेवा, समूह वा उप-समूह परिवर्तन हुन चाहेको मुख्य कारण :-

१३. सेवा परिवर्तन गर्न खोजेको :-

(क) पद :- कर्मचारीको दस्तखतः-

(ख) श्रेणी/तह :- नाम, थर :-

(ग) सेवा :- कार्यालय :-

(घ) समूह, उप-समूह मिति :-

दायाँ औँठाको छाप :-

(ख) अधिकृतस्तर कर्मचारीको हकमा सेवा/समूह/उप-समूह परिवर्तन गरी लिने सेवा, समूह वा उप-समूह सञ्चालन गर्ने मन्त्रालयले र सहायकस्तर कर्मचारीको हकमा सेवा/समूह/उप-समूह परिवर्तन गरी लिने विभागीय प्रमुखले भर्ने फाराम

१. सेवा/समूह/उप-समूह परिवर्तन गरिने :-

(क) कार्यालयको नाम :- ख) ठेगाना :-

२. सेवा/समूह/उप-समूह परिवर्तन द्वारा पूर्ति गर्नुपर्ने पदको विवरण :-

(क) पदको नाम :- (ख) श्रेणी/तह :-

(ग) सेवा :- (घ) समूह, उप-समूह :-

३. हाल सेवा/समूह/उप-समूह परिवर्तन गरिने सेवा, समूह वा उप-समूह अन्तर्गत सम्बन्धित श्रेणी/तहको दरबन्दी विवरण

(क) हाल कायम दरबन्दी संख्या :-

(ख) पदपूर्ति संख्याः-

(ग) रिक्त पद संख्या :-

(घ) सो मध्ये स्थायी पदपूर्ति गर्न आयोगमा माग भइसकेको भए सो संख्याः-

४. सो सेवा, समूहमा कर्मचारी अपर्याप्त भएको भन्ने कारण सहितको पुष्ट्याई :-

५. हाल सेवा, समूह वा उप-समूह परिवर्तन गरी ल्याउनु पर्ने कर्मचारीको दक्षता र विशेषता प्रमाणित गर्ने आधारहरू :-

६. सो पदको लागि चाहिने न्यूनतम शैक्षिक योगयता :-

७. सो पदमा रही गर्नु पर्ने कार्य विवरण :-

८. सेवा, समूह वा उप-समूह परिवर्तन गर्न अनुमति दिने मन्त्रालय वा विभागको नामः-

९. अनुमति पत्रको संख्या र मिति :-

१०. सेवा/समूह/उप-समूह परिवर्तन गरी ल्याउनु पर्ने कारण सहितको पुष्ट्याई :-

सेवा/समूह/उप-समूह परिवर्तन गरी लिने

सचिव/विभागीय प्रमुखको दस्तखत :-

कार्यालयको छाप नाम, थर :-

दर्जा :-

कार्यालय :- मिति :-

अनुसूची-१२

(दफा ९३ को उपदफा (१) को खण्ड (च) सँग सम्बन्धित)

**विभागीय सजायको परामर्श माग गर्दा भर्नु पर्ने फाराम**

१. सजायको लागि प्रस्तावित कर्मचारीको,

नाम, थर :- कर्मचारी संकेत नं. :-

बाबुको नाम :- बाजेको नाम :-

पति वा पत्नीको नाम :- श्रेणी/तह :-

पद :- सेवा/समूह/उप-समूह :-

स्थायी नियुक्ति मिति :- खाई पाई आएको तलव वृद्धि (ग्रेड) संख्या :-

पाउन सक्ने अधिकतम तलव वृद्धि संख्या :- हालको पदमा बढुवा मिति :-

खाई पाई आएको तलव रकम :-

२. विभागीय सजाय सम्बन्धी विवरण,

(क) प्रस्तावित सजायको विवरण :-

(१) कर्मचारीले गरेको कसूरको छोटकरी विवरण र निज उपर लगाइएको अभियोगः- (सम्बन्धित ऐन र नियमको दफा र नियम समेत उल्लेख गर्ने)

(२) प्रस्तावित सजायको विवरणः- (सेवा सम्बन्धी ऐन र नियमको दफा र नियम समेत उल्लेख गर्ने)

(ख) यसअघि विभागीय सजाय भए नभएको :- भएको भए;

(१) कुन कसूरमा सजाय भएको हो, कसूरको प्रकृति र मिति समेत छोटकरीमा उल्लेख गर्नेः-

(२) प्रचलित कानुनको कुन दफासँग सम्बन्धित अभियोग लगाइएको हो, सो खुलाउनेः-

(३) आयोगबाट परामर्श लिएको भए कुन मितिमा परामर्श प्राप्त भएको हो, सो समेत खुलाउनेः-

३. यसै प्रकृतिको कसूरमा यस अघि त्यस निकाय अन्तर्गतका अन्य कर्मचारीलाई विभागीय सजाय गरिएको भए सो खुलाउने :-

४. यसै कसूरमा संलग्न अन्य कर्मचारी भए सो को विवरण र निजहरू उपर लगाएको अभियोग वा सजायको विवरण :-

५. सजाय गर्ने अधिकारीको,

नाम, थर :- ... ... ... ... ... .. सेवा, समूह र उप-समूह :- ...

पद :- ... ... ... ... ... ... श्रेणी/तह :- ... ...

कार्यालय :- ... ... ... ... ... ... ... ... ... ... ... ...

६. फाइल पठाउने अधिकृतको :-

नाम, थर :- ... ... ... ... ... ... दस्तखत :- ... ...

पद :- ... ... ... ... ... ... मिति :- ... .......

कार्यालय :- ... ... ... ... ... ... ... ... ... ... ... .....

अनुसूची-१३

(दफा ९८ को उपदफा (३) सँग सम्बन्धित)

**<u>प्रदेश लोक सेवा आयोगमा पेश हुने प्रस्तावको ढाँचा</u>**

**प्रदेश लोक सेवा आयोग**

शाखा :-

प्रस्ताव नं. :-

मिति :-

प्रस्ताव पेश गर्न स्वीकृत भएको मिति :-

विषय :- ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१. **<u>विषयको संक्षिप्त विवरण</u> :-**

(विषयवस्तुको पृष्ठभूमि, विषयको विवरण र अन्य आवश्यक सन्दर्भहरू समेत खुलाउने)

२. **<u>आयोगबाट निर्णय हुनु पर्ने</u>** :-

(आयोगबाट यो, यसरी र यस प्रकारबाट निर्णय हुनु पर्ने भनी व्यहोरा खुलाउने)

३. **<u>आयोगको निर्णय</u>** :-

(आयोगबाट भएको निर्णयको व्यहोरा खुलाउने)

# प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मिति
२०७६।०७।१४

संशोधन गर्ने ऐन

१. प्रदेश सूचनाको हक सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७७ २०७७।०२।२६
२. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७६ सालको ऐन नं. १७

**प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** प्रदेश सरकारका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ११ बमोजिम मनोनीत व्यक्ति सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "पुनरावेदन समिति" भन्नाले दफा ११ बमोजिमको पुनरावेदन समिति सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

♣(घ१.) "प्रमुख" भन्नाले सार्वजनिक निकायको प्रमुख सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

♣ पहिलो संशोधनद्वारा थप।

(ङ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(च) "लिखत" भन्नाले लिपिबद्ध भएको जुनसुकै किसिमको लिखत सम्झनु पर्छ र सो शब्दले कुनै यन्त्रको माध्यमबाट सङ्कलन वा अद्यावधिक गरिएको वा मुद्रित वा पुनःप्रस्तुत गर्न सकिने श्रव्य-दृश्य सामग्री समेतलाई जनाउँछ।

(छ) "सदस्य" भन्नाले दफा ११ बमोजिम मनोनीत व्यक्ति सम्झनु पर्छ।

(ज) "सार्वजनिक महत्त्व" भन्नाले सार्वजनिक सरोकारको विषय सम्झनु पर्छ।

(झ) "सार्वजनिक निकाय" भन्नाले देहाय बमोजिमका निकाय वा संस्था सम्झनु पर्छः-

(१) संविधान अन्तर्गतका निकाय,

(२) प्रदेश ऐनद्वारा स्थापित निकाय,

(३) प्रदेश सरकारद्वारा गठित निकाय,

(४) कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान,

(५) प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा प्रदेश सरकारको अनुदान प्राप्त सङ्गठित संस्था,

(६) प्रदेश कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था,

(७) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदेश सरकार वा विदेशी राष्ट्र वा अन्तराष्ट्रिय संघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरु,

(८) संविधान तथा संघीय कानून बमोजिम प्रदेश सरकारको समन्वय, सहयोग र सहजीकरणबाट सम्पन्न गर्नु पर्ने कार्यक्रमसँग सम्बन्धित प्रदेशभित्र रहेका नेपाल सरकारका निकाय,

(९) संविधान, संघीय कानून तथा प्रदेश कानून बमोजिम प्रदेश सरकारको समन्वय, सहयोग र सहजीकरणबाट सम्पन्न गर्नु पर्ने नीति, कानून तथा कार्यक्रमसँग सम्बन्धित प्रदेशमा रहेका स्थानीय तह,

(१०) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था।

(ञ) "सूचना" भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सम्बन्धित नागरिकसँग सरोकार राख्ने वा सार्वजनिक महत्त्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनु पर्छ।

(ट) "सूचना अधिकारी" भन्नाले दफा ६ को उपदफा (१) बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ।

(ठ) "सूचनाको हक" भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार सम्झनु पर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै तथ्य-तथ्याङ्क, लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माण कार्य भै रहेको स्थलको अनुगमन र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको तथ्य-तथ्याङ्क, आँकडा तथा सूचना त्यस्तो यन्त्र मार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ।

## परिच्छेद- २

## सूचनाको हक र सूचना प्रवाह सम्बन्धी व्यवस्था

३. **सूचनाको हक हुने**: (१) प्रत्येक नेपाली नागरिकलाई यस ऐनको अधीनमा रही सूचनाको हक हुनेछ।

(२) प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायमा रहेको देहायको विषय सम्बन्धी सूचना प्रवाह गरिने छैनः-

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पुर्‍याउने।

तर त्यसरी सूचना प्रवाह नगर्नु पर्ने उचित र पर्याप्त कारण भएकोमा बाहेक त्यस्तो सूचना प्रवाह गर्ने दायित्वबाट सार्वजनिक निकाय पन्छिन पाउने छैन।

(४) सार्वजनिक निकायको अभिलेखमा यस ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनु पर्नेछ।

४. **<u>सार्वजनिक निकायको दायित्व</u>**: (१) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुनेछः-

(क) सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने, गराउने,

(ख) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने,

(ग) आफ्नो काम कारबाही खुला र पारदर्शी रूपमा गर्ने,

(घ) आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने।

(३) सार्वजनिक निकायले उपदफा (२) को खण्ड (क) बमोजिम सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्नेछ।

५. **<u>सूचनाको अद्यावधिक र प्रकाशन</u>**: (१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अद्यावधिक सूचना सार्वजनिक निकायले प्रकाशन गर्दा सो निकायसँग सम्बन्धित देहायका सूचना समेत सूचीकृत गरी चौमासिक रूपमा अनिवार्य प्रकाशन गर्नु पर्नेछ।

(क) निकायको स्वरूप र प्रकृति,

(ख) निकायको काम, कर्तव्य र अधिकार,

(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण,

(घ) निकायबाट प्रदान गरिने सेवा,

(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,

(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,

(छ) निर्णय गर्ने प्रक्रिया र अधिकारी,

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी,

(झ) सम्पादन गरेको कामको विवरण,

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद,

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,

(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण,

(ड) विगतमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए आवश्यकतानुसार सोको विवरण,

(ढ) तोकिए बमोजिमका अन्य विवरण।

६. **सूचना अधिकारीको व्यवस्थाः** (१) प्रदेश वा स्थानीय तह अन्तर्गतका सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रवाह गर्ने प्रयोजनको लागि प्रमुखले आफ्नो कार्यालयका सूचनाहरु नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गर्नु पर्नेछ।

७. **सूचना प्राप्त गर्ने कार्यविधिः** (१) यस ऐन बमोजिम कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारी समक्ष रीत पूर्वक निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि सूचना अधिकारीले निवेदनको जाँचबुझ गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन सम्बन्धमा सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारण सहितको जानकारी तुरुन्त निवेदकलाई गराउनु पर्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना अधिकारीले कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनु पर्नेछ।

(६) सूचना अधिकारीले निवेदकद्वारा माग भएको सूचना सम्भव भएसम्म माग भएको स्वरूपमा नै उपलब्ध गराउनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रिने, भत्किने वा नष्ट हुने सम्भावना

भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्नेछ।

(८) कुनै व्यक्तिले उपदफा (१) बमोजिम कुनै लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकन गर्नको लागि निवेदन दिएको भए सूचना अधिकारीले निवेदकलाई त्यस्तो लिखत, सामग्री वा काम कारबाहीको अध्ययन वा अवलोकनको निमित्त मुनासिब समय उपलब्ध गराउनेछ।

(९) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा निवेदकले माग गरेको सूचना आफ्नो निकायसँग सम्बन्धित नदेखिएमा सूचना अधिकारीले सो कुराको जानकारी तुरुन्त निवेदकलाई दिनु पर्नेछ।

८. <u>सूचना वापत लाग्ने दस्तुर</u>ः (१) दफा ७ बमोजिम सूचना माग गर्दा निवेदकले तोकिए बमोजिमको दस्तुर सम्बन्धित निकायमा बुझाउनु पर्नेछ।

तर कुनै सूचनाको सन्दर्भमा प्रचलित कानूनमा छुट्टै दस्तुरको व्यवस्था रहेकोमा सोही बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम दस्तुर तोक्दा सूचना उपलब्ध गराउँदा लाग्ने वास्तविक लागतको आधारमा तोकिनेछ।

९. <u>उजुरी दिन सक्ने</u>ः (१) सूचना अधिकारीले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रूपमा सूचना उपलब्ध गराएमा *<u>वा गलत सूचना उपलब्ध गराएमा</u> सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रूपमा सूचना पाएको मितिले सात दिनभित्र प्रमुख समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त उजुरी जाँचबुझ गर्दा सूचना नदिएको वा आंशिक रूपमा सूचना दिएको वा गलत सूचना दिएको देखिएमा प्रमुखले निवेदकद्वारा माग भए बमोजिमको सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई आदेश दिनेछ र त्यसरी आदेश भएमा सूचना अधिकारीले सम्बन्धित निवेदकलाई सूचना उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना अधिकारीले जानी जानी वा बदनियतपूर्वक सूचना नदिएको, सूचना दिन अस्वीकार गरेको वा आंशिक रूपमा सूचना दिएको *<u>वा गलत सूचना उपलब्ध गराएमा</u> देखिएमा प्रमुखले त्यस्तो सूचना अधिकारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सूचना दिन नमिल्ने देखिएमा प्रमुखले सोही व्यहोराको निर्णय गरी सोको कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा थप।

१०. **पुनरावेदन दिन सक्ने**: (१) दफा ९ को उपदफा (४) बमोजिम प्रमुखले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन समिति समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको पुनरावेदनको कारबाही र किनारा गर्दा सूचना पुनरावेदन समितिले सम्बन्धित प्रमुख वा सूचना अधिकारीलाई आफू समक्ष उपस्थित गराई बयान गराउन, कुनै लिखत पेश गर्न लगाउन, सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न वा सार्वजनिक निकायबाट कुनै लिखतको नक्कल माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्दा पुनरावेदन समितिले देहाय बमोजिम गर्न सक्नेछः-

(क) पुनरावेदनको व्यहोरा मनासिव देखिएमा समयावधि तोकी पुनरावेदकलाई बिना शुल्क सूचना उपलब्ध गराउनु भनी सम्बन्धित प्रमुखको नाममा आदेश गर्न,

(ख) पुनरावेदन निरर्थक देखिएमा पुनरावेदन खारेज गर्न।

(४) पुनरावेदन समितिले पुनरावेदन परेको साठी दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारबाही गरी अन्तिम निर्णय गर्नु पर्नेछ।

(५) पुनरावेदन समितिले यस दफा बमोजिम पुनरावेदनको कारबाही गर्दा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## पुनरावेदन समिति सम्बन्धी व्यवस्था

११. **पुनरावेदन समिति सम्बन्धी व्यवस्था**: (१) सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न, तथा दफा ९ बमोजिम कार्यालय प्रमुखले गरेको निर्णय उपर पुनरावेदन तथा अन्य उजुरी र निवेदन सुन्न एक स्वतन्त्र पुनरावेदन समिति रहनेछ।

(२) पुनरावेदन समितिमा अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन्।

(३) उपदफा (२) बमोजिम पुनरावेदन समितिका अध्यक्ष र सदस्यको पदमा मनोनीत गर्न देहाय बमोजिम एक सिफारिस समिति रहनेछः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) मुख्य न्यायाधिवक्ता -सदस्य

(ग) अध्यक्ष, नेपाल पत्रकार महासंघ, प्रदेश समिति -सदस्य

(४) उपदफा (३) बमोजिमको सिफारिश समितिले उपदफा (२) बमोजिमका अध्यक्ष र सदस्यहरुको सिफारिस गर्दा कानून, न्याय, सूचना तथा अभिव्यक्ति स्वतन्त्रता, आम सञ्चार, सार्वजनिक प्रशासन, व्यवस्थापन, मानव अधिकार र सूचना प्रविधिमध्ये कुनै

क्षेत्रमा अध्यक्षका लागि कम्तीमा दश वर्ष र सदस्यको हकमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको व्यक्ति मध्येबाट कम्तीमा एकजना महिला सहित फरक फरक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको सिफारिस समितिको सिफारिसमा प्रदेश सरकारले अध्यक्ष र सदस्य मनोनीत गर्नेछ। त्यसरी मनोनीत गर्दा कम्तीमा एकजना महिलाको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

१२. **योग्यता**ः पुनरावेदन समितिको अध्यक्ष र सदस्यको पदमा मनोनीत हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) प्रचलित कानूनले अयोग्य नठहरिएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयवाट अध्यक्षको हकमा कम्तीमा स्नातकोत्तर र सदस्यको हकमा कम्तीमा स्नातक उपाधि हासिल गरेको,

(घ) ✂........

१३. **अयोग्यता**ः देहायको व्यक्ति पुनरावेदन समतिको अध्यक्ष र सदस्यको पदमा मनोनीत हुन अयोग्य हुनेछः-

(क) दफा १२ बमोजिमको योग्यता नभएको,

(ख) कुनै राजनैतिक पदमा बहाल रहेको,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरी सजाय पाएको,

(घ) सरकारी वा सार्वजनिक संस्थाको बहालवाला कर्मचारी भएको,

(ङ) प्रचलित कानून बमोजिम मनोनीत हुन अयोग्य भएको।

१४. **पदावधिः** (१) पुनरावेदन समितिको अध्यक्ष र सदस्यको पदावधि चार वर्षको हुनेछ र निज सो पदमा पुनः मनोनीत हुन सक्नेछैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफामा लेखिएको पदावधिको अधीनमा रही सदस्य अध्यक्षको पदमा मनोनीत हुन सक्नेछ।

(३) अध्यक्ष र सदस्यको पदावधि सकिनुभन्दा पैंतीस दिन अगावै दफा ११ को उपदफा (३) बमोजिमको सिफारिस समितिले नयाँ मनोनयनका लागि सिफारिस गर्नु पर्नेछ।

१५. **पद रिक्त हुने**ः देहायका अवस्थामा पुनरावेदन समतिको अध्यक्ष र सदस्य पद रिक्त भएको मानिनेछः-

---

✂ पहिलो संशोधनद्वारा हटाइएको।

(क) निजको मृत्यु भएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) निजले मुख्यमन्त्री समक्ष लिखित राजीनामा दिएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) निज नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा, वा

(च) निजलाई दफा १६ बमोजिम आफ्नो पदबाट हटाएमा।

१६. **पदबाट हटाउन सक्नेः** प्रदेश सभाको सूचना तथा सञ्चारसँग सम्बन्धित समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई सदस्य उपस्थित भई बसेको बैठकको दुई तिहाई बहुमतबाट कार्य क्षमताको अभाव वा खराब आचरण भएको वा ईमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको आधारमा पदमा रहीरहनु उपयुक्त छैन भनी निर्णय भएमा त्यस्तो अध्यक्ष वा सदस्य पुनरावेदन समितिको पदबाट हट्नेछ।

तर त्यस्तो आरोप लागेको अध्यक्ष वा सदस्यलाई आफ्नो सफाइ पेश गर्न मनासिव माफिकको मौकाबाट वञ्चित गरिने छैन।

१७. **पुनरावेदन समितिका पदाधिकारीको सुविधाः** (१) पुनरावेदन समितिका पदाधिकारीले प्रदेश सरकारका सचिव वा सो सरहको पदाधिकारीले पाए सरह बैठक भत्ता पाउनेछन्।

(२) पुनरावेदन समितिको बैठक बस्दा समितिका पदाधिकारीले उपदफा (१) मा उल्लिखित बैठक भत्ताको अतिरिक्त सचिवालय रहेको जिल्ला भन्दा बाहिरी जिल्ला वा सोही जिल्लाको कम्तीमा दश किलोमिटर भन्दा टाढा स्थायी बसोबास गर्ने पदाधिकारी रहेछ भने निजले प्रदेश सरकारको सचिव वा सो सरहको पदाधिकारीले पाउने दैनिक तथा भ्रमण भत्ता पाउनेछ।

(३) पुनरावेदन समितिका पदाधिकारीले पाउने अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

१८. **शपथः** आफ्नो कार्यभार समाल्नु अघि पुनरावेदन समितिको अध्यक्षले मुख्यमन्त्री र सदस्यले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

१९. **पुनरावेदन समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना सम्बन्धी अभिलेख, लिखत र अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने,

(ख) त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्री सम्बन्धी सूचना सुचीकृत गरी मिलाई राख्न आदेश दिने,

(ग) नागरिकको जानकारीको लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(घ) समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने,

(ङ) यस ऐन बमोजिमको दायित्व पालना गर्न, गराउन सम्बन्धित पक्षलाई आदेश दिने,

(च) प्रदेश सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायहरुलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने,

(छ) सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नको लागि आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने,

(ज) प्रदेश सरकारले प्रदेशभित्रका आम जनसमुदाय, जनजाति, महिला, दलित, अल्पसंख्यक, सीमान्तकृत र निम्न बर्गीय जनसमुदायको हितमा ल्याएको विभिन्न कार्यक्रमहरुलाई योजनावद्ध रूपमा सम्बन्धित निकाय मार्फत सार्वजनिक गराई सुसूचित गराउने।

२०. **<u>पुनरावेदन समितिको बैठक तथा निर्णय</u>**ः (१) पुनरावेदन समितिको बैठक समितिमा दर्ता भएका पुनरावेदन, उजुरी तथा निवेदनका आधारमा आवश्यकता अनुसार बस्नेछ।

(२) पुनरावेदन समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा बैठक बस्नु पर्दा नियुक्ति हुँदाका बखत कायम भएको योग्यताक्रम अनुसार जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) पुनरावेदन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

२१. **<u>सचिवालय</u>**ः (१) पुनरावेदन समितिको सचिवालय प्रदेशको राजधानीमा रहने छ।

(२) मन्त्रालयको कानून हेर्ने महाशाखा प्रमुखले पुनरावेदन समितिको सचिव भई कार्य गर्नेछ।

(३) मन्त्रालयबाट विनियोजित बजेट बमोजिम पुनरावेदन समितिको सचिवालय खर्च एवं व्यवस्थापन हुनेछ।

(४) सचिवालयको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था मन्त्रालयले गर्नेछ।

(५) पुनरावेदन समितिको काम कारबाहीमा सहयोग र समन्वय गर्नु सचिवालय र सो अन्तर्गत खटिएका कर्मचारीको कर्तव्य हुनेछ।

(६) सचिवालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **अधिकार प्रत्यायोजनः** पुनरावेदन समितिले आफ्नो दफा १० बमोजिम पुनरावेदनको कारबाही र किनारा गर्ने अधिकार बाहेकका अन्य काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, सदस्य वा कुनै निकाय वा अधिकारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

२३. **पुनरावेदन समितिलाई सहयोग गर्नु पर्नेः** (१) सार्वजनिक निकायले पुनरावेदन समितिको काम कारबाहीमा सहयोग गर्नु पर्नेछ।

(२) प्रदेश सरकारका सबै निकाय र स्थानीय तहले प्रदान गरेका सूचनाहरुको विवरण प्रत्येक तीन महीनामा सूचना अधिकारीमार्फत पुनरावेदन समितिलाई उपलब्ध गराउनु पर्नेछ।

२४. **वार्षिक प्रतिवेदनः** (१) पुनरावेदन समितिले प्रत्येक वर्ष आफूले गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन मुख्यमन्त्री मार्फत प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ।

(२) उपदफा (१)बमोजिमको प्रतिवेदन पुनरावेदन समितिले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रूपमा प्रकाशन गर्नेछ।

२५. **प्रदेश सरकारसँग सम्पर्कः** पुनरावेदन समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा सूचना तथा सञ्चारसँग सम्बन्धित मन्त्रालय मार्फत राख्नु पर्नेछ।

## परिच्छेद- ४

## सूचनाको संरक्षण तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्था

२६. **सूचनाको वर्गीकरण सम्बन्धी व्यवस्थाः** (१) सार्वजनिक निकायमा रहेका दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षण गर्नका लागि नीतिगत रूपमा सूचनाको वर्गीकरण गर्न देहाय बमोजिमको एक समिति रहनेछः-

(क) प्रदेश सरकारको प्रमुख सचिव -अध्यक्ष

(ख) सम्बन्धित मन्त्रालयका सचिव -सदस्य

(ग) कार्यालय प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित विषयको विशेषज्ञ -सदस्य

(२) उपदफा (१) अन्तर्गतको समितिले सूचनाको वर्गीकरण गर्ने प्रयोजनको लागि दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचना कति वर्षसम्म गोप्य राख्नु पर्ने हो, सोको अवधि र संरक्षण गर्ने तरिका समेतका बारेमा निश्चित मापदण्ड निर्धारण गरी सोको जानकारी दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको वर्गीकरणमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना सार्वजनिक हुनु पर्ने भनी पुनरावेदन समितिमा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर पुनरावेदन समितिले पुनरावलोकन गर्दा सो सूचना गोप्य राख्नु पर्ने नदेखिएमा सार्वजनिक गर्न आदेश दिनेछ।

(५) उपदफा (२) बमोजिम वर्गीकरण गरिएको सूचना त्यस्तो सूचनाको प्रकृति अनुसार बढीमा तीस वर्षको अवधिसम्म गोप्य राख्न सकिनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी गोप्य राख्नु पर्ने सूचना गोप्य राखिराख्नु पर्ने वा नपर्ने सम्बन्धमा समितिले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गर्नेछ।

(७) उपदफा (६) बमोजिम पुनरावलोकन गर्दा त्यस्तो सूचना थप अवधिसम्मको लागि गोप्य राखि राख्नु पर्ने भएमा त्यसरी गोप्य रहनु पर्ने अवधि खुलाई सो अवधिसम्म गोप्य राख्ने गरी र गोप्य राख्नु नपर्ने भएमा गोप्य राख्नु नपर्ने गरी वर्गीकरण गर्न सक्नेछ।

२७. **<u>सूचनाको संरक्षण</u>**: (१) सार्वजनिक निकायले आफूसमक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरु अनधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरीराख्नु पर्नेछ।

(२) सार्वजनिक निकायमा रहेका व्यक्तिगत सूचनाहरु देहायको अवस्थामा बाहेक सम्बन्धित व्यक्तिको लिखित सहमति बिना प्रयोग गर्न हुँदैनः-

(क) कुनै व्यक्तिको जीवन वा सर्वसाधारणको स्वास्थ्य वा सुरक्षामा रहेको गम्भीर खतराको निवारण गर्ने सम्बन्धमा,

(ख) प्रचलित कानून बमोजिम प्रकट गर्नु पर्ने विषय भएमा,

(ग) भ्रष्टाचार नियन्त्रण गर्ने सम्बन्धमा।

२८. **<u>सूचनादाताको संरक्षण</u>**: (१) सार्वजनिक निकायमा भएको वा भैरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व हुनेछ।

(२) उपदफा (१) बमोजिम सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु सूचना प्राप्तकर्ताको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानूनी दायित्व वहन गराउने गरी सजाय गरिने वा हानि नोक्सानी पुर्‍याउन पाइने छैन।

(४) उपदफा (३) विपरीत हुने गरी सूचनादातालाई सजाय गरेमा वा हानि नोक्सानी पुर्‍याएमा सूचनादाताले सो निर्णय बदर गराउन क्षतिपूर्तिको माग सहित पुनरावेदन समितिमा उजुरी गर्न सक्नेछ।

(५) पुनरावेदन समितिले उपदफा (४) बमोजिम परेको उजुरीमा जाँचबुझ गर्दा सूचनादातालाई पदमुक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने क्षतिपूर्ति भराउन समेत आदेश दिन सक्नेछ।

२९. **<u>व्यक्तिगत सूचना उपलब्ध गराउने</u>**: (१) कुनै व्यक्तिले सार्वजनिक निकायमा बहाल रहँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा त्यस्तो निकायले माग भए बमोजिम सम्बन्धित व्यक्तिलाई सूचना उपलब्ध गराउनु पर्नेछ।

(२) कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचना माग गर्ने र प्राप्त गर्ने कार्यविधि दफा ७ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम सूचना लिँदा दफा ८ बमोजिमको दस्तुर लाग्नेछ।

३०. **<u>सूचनाको दुरूपयोग गर्न नहुने</u>**: (१) कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो, सोही प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गर्न हुँदैन।

(२) उपदफा (१) विपरीत कुनै व्यक्तिले सूचनाको दुरूपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले सो सम्बन्धमा पुनरावेदन समिति समक्ष उजुरी गर्न सक्नेछ।

३१. **<u>सजाय</u>**: (१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले मनासिव कारण बिना सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको देखिएमा समितिले त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई एक हजारदेखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना गरी त्यस्तो प्रमुख वा सूचना अधिकारी विभागीय कारबाही हुने पदमा रहेको भए निजलाई विभागीय सजायको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले समयमा दिनु पर्ने सूचना बिना कारण समयमा उपलब्ध नगराई ढिलाई गरेमा जति दिन ढिलाई गरेको हो प्रति दिन दुई सय रूपैयाँको दरले जरीवाना हुनेछ।

(३) उपदफा (१) बमोजिम समितिबाट विभागीय कारबाहीको लागि लेखी आएमा सार्वजनिक निकायले तीन महीनाभित्र त्यस्तो प्रमुख वा सूचना अधिकारीलाई विभागीय कारबाही गरी सोको जानकारी *<u>पुनरावेदन</u> समितिलाई दिनु पर्नेछ।

(४) कुनै व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको निमित्त प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गरेको देखिएमा *<u>पुनरावेदन</u> समितिले सूचनाको दुरूपयोगको गम्भीरता हेरी त्यस्तो व्यक्तिलाई पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(५) *<u>पुनरावेदन</u> समितिले यस ऐन बमोजिम गरेको निर्णय वा दिएको आदेश पालना नगर्ने व्यक्तिलाई *<u>पुनरावेदन</u> समितिले दश हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

---

* पहिलो संशोधनद्वारा थप।

३२. **क्षतिपूर्ति**ः (१) सार्वजनिक निकायको प्रमुख वा सूचना अधिकारीले यस ऐन बमोजिम सूचना नदिएको, दिन इन्कार गरेको, आंशिक रूपमा वा गलत सूचना दिएको वा सूचना नष्ट गरेको कारणले कुनै व्यक्तिलाई हानि नोक्सानी पर्न गएमा त्यस्तो व्यक्तिले सूचना नपाएको, आंशिक रूपमा वा गलत सूचना पाएको वा सूचना नष्ट गरेको मितिले तीन महीनाभित्र पुनरावेदन समिति समक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा मनासिव देखिएमा पुनरावेदन समितिले निवेदकलाई पर्न गएको वास्तविक हानि नोक्सानीलाई विचार गरी मनासिव माफिकको क्षतिपूर्ति सम्बन्धित निकायबाट भराई दिन सक्नेछ।

## परिच्छेद- ५

## विविध

३३. **सूचना सच्याउन सकिने**ः (१) सार्वजनिक निकायमा रहेको कुनै विषयको सूचना गलत छ भन्ने कुरा कुनै व्यक्तिलाई लागेमा त्यस्तो व्यक्तिले सो सूचना सच्याउनको लागि आवश्यक प्रमाण सहित सम्बन्धित प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुखले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा आफ्नो निकायमा रहेको सूचना गलत भएको देखिएमा निवेदन परेको सात दिनभित्र त्यस्तो सूचना सच्याई सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

३४. **असल नियतले गरेको कामको बचाउ**ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख वा सूचना अधिकारीले सूचना प्रवाह गर्ने सम्बन्धमा असल नियतले गरेको काम कारबाहीको सम्बन्धमा निज उपर कुनै प्रकारको मुद्दा चलाइने र निजलाई कुनै सजाय गरिने छैन।

३५. **यसै ऐन बमोजिम हुने**ः यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

३६. **नियम बनाउने अधिकार**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

## अनुसूची

(दफा १८ सँग सम्बन्धित)

**शपथको ढाँचा**

म ... ... ... ... ... ... ... ... ... ... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहनु पर्ने भनी जनताद्वारा जनआन्दोलन मार्फत अभिव्यक्त भावनालाई उच्च सम्मान गर्दै मुलुकको संविधान र कानूनप्रति निष्ठावान रही आफूले ग्रहण गरेको पुनरावेदन समितिको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी नागरिकको सुसूचित हुने हकको सम्मान गर्दै सूचनाको हक सम्बन्धी कानूनको प्रभावकारी प्रचलन र कार्यान्वयन गर्न क्रियाशील रहनेछु।

मितिः-

हस्ताक्षरः-

# सार्वजनिक, निजी, सहकारी साझेदारी ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६।०७।१४

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७६ सालको ऐन नं. १८

**<u>सार्वजनिक, निजी, सहकारी साझेदारीको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>:** नेपालको संविधानको धारा ५० को उपधारा (३) मा उल्लिखित सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्ने राज्यको निर्देशक सिद्धान्तलाई मध्यनजर गरी प्रदेशको विकासको गतिलाई तीव्रता दिन र प्रदेश सरकारले आम नागरिकलाई दिनुपर्ने पूर्वाधार लगायतका सेवा सुविधाहरू सार्वजनिक, निजी, सहकारी साझेदारीमा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "सार्वजनिक, निजी, सहकारी साझेदारी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोजना" भन्नाले यस ऐन बमोजिम कार्यान्वयन गरिने आयोजना सम्झनु पर्छ।

(ख) "उपभोक्ता" भन्नाले साझेदारी आयोजनाको सेवा सुविधा उपभोग गर्ने व्यक्ति, समूह, संस्था, कम्पनी वा निकाय सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "नागरिक समाज" भन्नाले करारको पक्ष भई वा नभई साझेदारी आयोजना कार्यान्वयनको लागि अनुकूल वातावरण बनाउने, सुझाव दिने, सहयोग, समन्वय र सहजीकरण गर्ने गैरनाफामुखी संगठन, संस्था, व्यक्ति वा उनीहरूको समूह सम्झनु पर्छ।

(ङ) "निजी साझेदार" भन्नाले प्रचलित कानून अनुसार दर्ता भएको निजी कम्पनी वा तिनीहरूको संयुक्त उपक्रम वा सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमलाई सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले ◈बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले दफा ३९ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ।

(ज) "पूर्वाधार आयोजना" भन्नाले सहरी सेवा सुविधा,सिंगल डक (Single Duck), विद्युतीय सवारी साधन, सडक, सुरुङ्ग मार्ग, पुल, अस्पताल, नहर, विद्युत उत्पादन गृह, विद्युत प्रसारण लाइन, केबुलकार लाइन, रेल्वे लाइन, ट्रलीबस संरचना, ट्रामवे, सुख्खा बन्दरगाह, जलमार्ग, परिवहन बिसौनीस्थल, प्रदर्शनीस्थल, पार्क, जलाशय, बाँध, ढल निकास, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, ऊर्जा उत्पादन तथा वितरण, रङ्गशाला, सार्वजनिक सभागृह वा सार्वजनिक गोदामघर सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार आयोजनालाई समेत जनाउँछ।

(झ) "मन्त्रालय वा सम्बन्धित मन्त्रालय" भन्नाले सम्बन्धित विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(ञ) "विकास साझेदार" भन्नाले आयोजना कार्यान्वयन गर्न आर्थिक तथा प्राविधिक सहयोग र सहजीकरण गर्ने दातृ निकाय वा अन्तराष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ।

(ट) "सम्बन्धित निकाय" भन्नाले परियोजना वा आयोजना कार्यान्वयन तथा सहजीकरण गर्ने बोर्ड, प्रदेश सरकार तथा स्थानीय तह वा मातहतका सार्वजनिक निकाय सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले दफा ६७ बमोजिम गठन भएको सार्वजनिक निजी सहकारी साझेदारी समिति सम्झनु पर्छ।

(ड) "सर्वेक्षण" भन्नाले परियोजना कार्यान्वयन गर्नका लागि गरिने प्रारम्भिक अध्ययन, सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन वा अन्य यस्तै प्रकृतिका अनुसन्धान वा अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्छ।

(ढ) "साझेदार" भन्नाले सार्वजनिक निजी साझेदारी आयोजनाको करारका पक्ष सम्झनु पर्छ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(ण) "सामाजिक-आर्थिक आयोजना" भन्नाले पर्यटन, शिक्षा, स्वास्थ्य, सरसफाइ, कृषि, पशुपंछी पालन, माछापालन, मौरीपालन, रोजगार सिर्जना, आय आर्जन र यस्तै प्रकृतिका अन्य क्रियाकलापको माध्यमबाट लक्षित वर्ग वा आम नागरिकको सामाजिक-आर्थिक सशक्तीकरणका लागि कार्यान्वयन गरिने आयोजना सम्झनु पर्छ।

(त) "सार्वजनिक निकाय" भन्नाले प्रदेश सरकार वा स्थानीय तहको कार्यालय, प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, कम्पनी वा प्रचलित कानून बमोजिम सार्वजनिक स्तरमा स्थापित वा गठित अन्य सङ्गठित संस्था वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश सरकारले सार्वजनिक निकाय भनी तोकिदिएको सार्वजनिक संस्था सम्झनु पर्छ।

(थ) "सार्वजनिक निजी साझेदारी" भन्नाले सम्बन्धित सार्वजनिक निकाय र लगानीकर्ता बीच स्रोत वा प्रतिफल बाँडफाँट तथा जोखिम व्यहोर्ने गरी आपसी सहकार्यमा पूर्वाधार संरचना निर्माण, सञ्चालन, पुनर्स्थापना वा सार्वजनिक सेवा प्रवाह गर्न दफा ५ मा उल्लेख भएमध्ये कुनै तरिकाबाट परियोजना कार्यान्वयन गर्ने प्रबन्ध सम्झनु पर्छ।

(द) "सार्वजनिक साझेदार" भन्नाले सम्बन्धित निकाय, प्रदेश सरकार वा प्रदेश सरकार र स्थानीय तहको संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) सम्झनु पर्छ।

(ध) "सेवा शुल्क" भन्नाले साझेदारले सेवा सुविधा उपलब्ध गराए बापत उपभोक्तासँग लिन पाउने सेवा शुल्क सम्झनु पर्छ।

(न) "संयुक्त कम्पनी" भन्नाले सार्वजनिक र निजी साझेदारले कुनै आयोजना कार्यान्वयन गर्नको लागि दफा ३१ बमोजिम स्थापना गरेको संयुक्त कम्पनी (स्पेशल परपस भेहिकल) सम्झनु पर्छ र सो शब्दले कम्पनीलाई समेत जनाउँछ।

३. <u>साझेदारीको उद्देश्य</u>: सार्वजनिक निजी साझेदारीका प्रमुख उद्देश्य देहाय बमोजिम हुनेछन्:-

(क) प्रदेशको विकासमा निजी क्षेत्रको पूँजी, प्रविधि, उद्यमशीलता र व्यवस्थापकीय दक्षतालाई आकर्षित गरी उपयोग गर्ने,

(ख) प्रदेशको विकास र सेवा सुविधा प्रवाहको दायरा फराकिलो बनाउने,

(ग) सेवा सुविधा प्रवाहको गुणस्तरमा सुधार ल्याउने,

(घ) प्रदेशको आर्थिक समृद्धिमा योगदान पुर्‍याउने।

## परिच्छेद- २

## साझेदारीको क्षेत्र, ढाँचा र आयोजना छनौट सम्बन्धी व्यवस्था

४. **साझेदारीका क्षेत्रः** (१) पूर्वाधार आयोजनामा साझेदारीका क्षेत्र देहाय बमोजिम हुनेछन्ः-

(क) सडक, पुल, सुरुङ्ग मार्ग, रेल्वे लाइन, सुख्खा बन्दरगाह र जलमार्ग,

(ख) अस्पताल र स्वास्थ्य केन्द्र, योग, आयुर्वेद, प्राकृतिक चिकित्सा,

(ग) खानेपानी, सिँचाई, जलाधार क्षेत्र र जलाशयको संरक्षण र व्यवस्थापन,

(घ) जलविद्युत, शौर्य ऊर्जा र बायो ऊर्जाको उत्पादन र वितरण,

(ङ) विद्युतीय बस सेवा, ट्रलीबस सेवा, ट्रामवे, मेट्रो सेवा, केबुलकार र रोप वे,

(च) मनोरञ्जन स्थल, पार्क, पर्यटकीय क्षेत्र, रङ्गशाला, सभागृह र प्रर्दशनी स्थल,

(छ) सार्वजनिक गोदामघर, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, फोहरबाट वायो ग्यास र विद्युत उत्पादन प्लान्ट,

(ज) कृषि बजार, पशुपन्छी बजार, पशु वधशाला, औद्योगिक र विशेष आर्थिक क्षेत्रहरूको विकास र व्यवस्थापन,

(झ) प्राविधिक विद्यालय, महाविद्यालय,

(ञ) प्रदेश सरकारले तोकेका अन्य क्षेत्रहरु।

(२) सामाजिक-आर्थिक आयोजनामा साझेदारीका क्षेत्र देहाय बमोजिम हुनेछन्ः-

(क) जनस्वास्थ्य, सरसफाइ, पोषण, गर्भवती तथा नवजात शिशु स्याहार, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सम्बन्धी जनचेतना विस्तार र सेवा प्रवाह कार्यक्रम,

(ख) पशुपंक्षीको स्वास्थ्य जाँच, उपचार र खोप सेवा,

(ग) जडीबुटी, तरकारी, फलफूल, पशु, माछा, मौरी, रेशमखेती र यस्तै अन्य क्षेत्रको पकेट क्षेत्रको विकास र व्यवस्थापन,

(घ) लघु उद्यम प्रवर्द्धन, लघु वित्त र लघु बीमा सेवाको विस्तार,

(ङ) विद्यालय जाने अवसर नपाएका, बीचैमा विद्यालय छाडेका, मौसमी बसाई सराइका कारण पठन पाठनमा बाधा पुगेका र अपाङ्गता भएका बालबालिकाको शिक्षा, स्वास्थ्य र सरसफाइको व्यवस्था,

(च) वित्तीय साक्षरता विस्तार,

(छ) बजार मागमा आधारित रोजगारमूलक सीप विकासका कार्यक्रम,

(ज) प्रदेश सरकारले तोकेका अन्य क्षेत्रहरू।

५. **<u>साझेदारीका ढाँचाहरूः</u>** (१) पूर्वाधार आयोजनामा साझेदारीका ढाँचा (मोडेल) देहाय बमोजिम हुनेछन्:-

(क) निर्माण तथा हस्तान्तरण,

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण,

(घ) निर्माण, हस्तान्तरण तथा सञ्चालन,

(ङ) लिज, सञ्चालन तथा हस्तान्तरण,

(च) लिज, निर्माण, सञ्चालन तथा हस्तान्तरण,

(छ) विकास, सञ्चालन तथा हस्तान्तरण,

(ज) निर्माण, स्वामित्वकरण र सञ्चालन,

(झ) प्रदेश सरकारले तोकेका अन्य ढाँचाहरू।

(२) सामाजिक-आर्थिक आयोजनामा साझेदारीका ढाँचा देहाय बमोजिम हुनेछन्:-

(क) सामाजिक सेवा करार,

(ख) बजारीकरण करार,

(ग) विशेषज्ञ सेवा करार,

(घ) प्रदेश सरकारले तोकेका अन्य ढाँचाहरू।

६. **<u>लगानीको ढाँचाः</u>** (१) साझेदारी आयोजना सामान्यतया निजी साझेदारको एकल लगानीमा कार्यान्वयन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको प्राथमिकतामा परेको कुनै खास आयोजना प्रदेश सरकार र निजी साझेदारको संयुक्त लगानीमा कार्यान्वयन गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको आयोजनामा स्थानीय तहसमेत साझेदार बन्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको आयोजनामा प्रदेश सरकार वा स्थानीय तहबाट गरिने लगानीको हिस्सा आयोजनाको प्रकृति अनुसार फरक हुन सक्नेछ।

(५) प्रदेश सरकार वा स्थानीय तहले आफ्नो हिस्सा बिक्री गर्न चाहेमा प्रचलित कानून बमोजिम बिक्री गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश सरकार वा स्थानीय तहले आफ्नो हिस्सा बिक्री गर्दा पहिलो प्राथमिकता आयोजनाको विद्यमान साझेदारलाई दिनु पर्नेछ।

७. **कार्यान्वयनको ढाँचा**: (१) साझेदारी आयोजनाको कार्यान्वयन एकल र संयुक्तमध्ये कुनै एक तरिकाबाट गरिनेछ।

(२) सार्वजनिक र निजी क्षेत्रको संयुक्त लगानी भएको आयोजनामा लगानीको अनुपातको आधारमा आयोजना कार्यान्वयनको व्यवस्थापन हुनेछ।

८. **आयोजनाको सूची तयार**: (१) सम्बन्धित निकायले योजना तर्जुमाको नियमित प्रक्रिया अन्तर्गत पहिचान भएका साझेदारी आयोजनाको सूची तयार गर्नु पर्नेछ।

(२) सम्बन्धित निकायले सार्वजनिक सूचना प्रकाशित गरी साझेदारी आयोजनाहरू माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमका आयोजनामा साझेदारी गर्न चाहने कम्पनी वा संस्थाले सम्बन्धित मन्त्रालयमा निवेदन पेश गर्न सक्नेछ।

(४) सम्बन्धित निकायले निजी क्षेत्र, प्राज्ञिक वर्ग, विषयगत विज्ञ, स्थानीय तह र सरोकारवालाहरूसँग अन्तरक्रिया वा गोष्ठी गरी साझेदारी आयोजनाहरू पहिचान गर्न सक्नेछ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम प्राप्त सबै आयोजनाहरूको सूची सम्बन्धित मन्त्रालयले आफ्नो रायसहित सार्वजनिक निजी सहकारी साझेदारी समितिमा छलफलका लागि पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त सूचीमा सार्वजनिक निजी सहकारी साझेदारी समितिले आवश्यक छलफल गरी परिमार्जन वा थपघट गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम सार्वजनिक निजी सहकारी साझेदारी समितिले तयार गरेको सूची प्रदेश सरकारको आयोजना बैंक (प्रोजेक्ट बैंक) मा समावेश गर्नु पर्नेछ।

९. **आयोजनाको प्राथमिकीकरण**: (१) आयोजना बैंकमा समावेश भएका साझेदारी आयोजनाको सूचीलाई सार्वजनिक निजी सहकारी साझेदारी समितिले देहायका आधारमा प्राथमिकीकरण गर्नेछः-

(क) आधारभूत सेवा सुविधा विस्तार हुने,

(ख) आर्थिक विकासमा योगदान गर्ने,

(ग) विपन्न र सीमान्तकृत समुदायलाई फाइदा पुग्ने,

(घ) बढी जनसङ्ख्या लाभान्वित हुने,

(ङ) आर्थिक, सामाजिक र वातावरणीय जोखिम कम हुने,

(च) निजी क्षेत्रको लगानी र व्यवस्थापन हुने,

(छ) सरकारको लगानी र दीर्घकालीन दायित्व कम हुने,

(ज) प्राप्त हुने प्रत्यक्ष वा अप्रत्यक्ष लाभहरु बढी हुने,

(झ) आयोजना सम्पन्न हुने अवधि छोटो हुने,

(ञ) स्थानीय स्रोत, साधन र सीपको उपयोग हुने,

(ट) तोकिए बमोजिमका अन्य आधारहरु।

(२) आयोजनाको प्राथमिकीकरण गर्दा आयोजनाको प्रभाव, लागत तथा उपलब्धि समेतका विषयमा तोकिए बमोजिम सरोकारवालाहरुसँग छलफल गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सरोकारवालाहरूसँग गरिने छलफलको विधि र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम आयोजनाको प्राथमिकीकरण गर्दा देहायका आधारमा छुट्टाछुट्टै प्राथमिकीकरण गर्नु पर्नेछः-

(क) राजस्व वृद्धि गर्ने आयोजना,

(ख) व्ययभार बढी हुने आयोजना,

(ग) राजस्व वृद्धि नगर्ने र व्ययभार नबढाउने आयोजना।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि देहायका कुनै विषयका सम्बन्धमा देहाय बमोजिम सम्झनु पर्नेछः-

(क) "राजस्व वृद्धि गर्ने आयोजना" भन्नाले शेयर लगानी, संभाव्यता न्यून परिपूर्ति कोष (भायाविलिटी ग्याप फन्ड) र यस्तै अन्य शीर्षक अन्तर्गत सरकारले गर्ने लगानीभन्दा रोयल्टी, लाभांश वा यस्तै अन्य शीर्षक अन्तर्गत सरकारले प्राप्त गर्ने राजस्व बढी हुने आयोजनालाई जनाउँछ।

(ख) "व्ययभार बढी हुने आयोजना" भन्नाले रोयल्टी, लाभांश वा यस्तै अन्य शीर्षक अन्तर्गत सरकारले कुनै रकम प्राप्त नगर्ने वा त्यस्तो रकम प्राप्त गरे पनि प्राप्त गर्ने राजस्वभन्दा शेयर लगानी, संभाव्यता न्यून परिपूर्ति कोष र यस्तै अन्य शीर्षक अन्तर्गत सरकारले गर्ने लगानी बढी हुने आयोजनालाई जनाउँछ।

(ग) "राजश्व वृद्धि नगर्ने र व्ययभार नबढाउने आयोजना" भन्नाले सरकारले लगानी गर्न नपर्ने र सरकारको राजश्व वृद्धिमा पनि प्रत्यक्ष योगदान नगर्ने आयोजनालाई जनाउँछ।

(५) उपदफा (१) बमोजिम तयार भएको प्राथमिकीकरणको सूचीलाई आवश्यकता अनुसार परिमार्जन र पुनः प्राथमिकीकरण गर्न सकिनेछ।

(६) सार्वजनिक निजी सहकारी साझेदारी समितिले प्राथमिकीकरण गरेका आयोजनाको सूचीसहित सम्बन्धित निकायमा सिफारिस साथ लेखी पठाउनु पर्नेछ।

१०. **आयोजनाको छनौटः** (१) दफा ९ बमोजिम तयार भएको प्राथमिकीकरण सूचीबाट समितिले सम्बन्धित मन्त्रालयको सहभागितामा उत्कृष्ट देखिएका आयोजना छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएका आयोजनाहरू सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएका आयोजनाहरू प्रदेशको परियोजना बैंकमा उल्लेख गर्नु पर्नेछ।

११. **सामान्य विवरण तयार गर्नु पर्नेः** (१) साझेदार छनौटको प्रक्रिया शुरू हुनु अगावै सम्बन्धित निकायले आयोजनाको सामान्य विवरण तयार गर्नु पर्नेछ।

(२) आयोजनाको सामान्य विवरणमा देहायका कुराहरु समावेश गर्नु पर्नेछः-

(क) आयोजनाको पृष्ठभूमि,

(ख) आयोजनाको औचित्य,

(ग) लाभान्वित वर्ग,

(घ) आयोजनाको अवधि,

(ङ) साझेदारी गर्दा र नगर्दा बीचको भिन्नताको पहिचान,

(च) आयोजनाको लगानी,

(छ) आयोजनाको ढाँचा,

(ज) आयोजनाको कार्यान्वयन ढाँचा,

(झ) साझेदारको किसिम,

(ञ) साझेदारहरूको प्रमुख जिम्मेवारी,

(ट) साझेदार र लाभान्वित वर्गको हित संरक्षण गर्ने उपायहरु,

(ठ) आयोजनाका जोखिमहरू,

(ड) विवाद व्यवस्थापनका तरिकाहरू,

(ढ) जोखिम व्यवस्थापनका उपायहरु,

(ण) समीक्षा र समायोजनको प्रक्रिया,

(त) सम्झौताका आधारभूत रूपरेखा,

(थ) आयोजनाको प्रकृति अनुसारका आवश्यक अन्य पक्षहरु।

(३) आयोजनाको सामान्य विवरण तयार गर्दा देहायका मध्ये कुनै वा सबै कार्य गर्नु पर्नेछः-

(क) प्रारम्भिक वस्तुस्थिति विश्लेषण,

(ख) पूर्व संभाव्यता अध्ययन,

(ग) प्रारम्भिक वातावरण परीक्षण,

(घ) प्रारम्भिक लागत र लाभ विश्लेषण,

(ङ) तोकिए बमोजिमका अन्य विश्लेषण तथा विधिहरु।

## परिच्छेद- ३

## पूर्वाधार आयोजनाको साझेदार छनौट सम्बन्धी व्यवस्था

१२. **मनसायपत्र आह्वान गर्न सक्नेः** (१) सम्बन्धित निकायले यस ऐन बमोजिम कुनै आयोजना कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिएका कुराहरु खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गरी मनसायपत्र आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने कम्पनी वा संस्थाले सोही उपदफा बमोजिम प्रकाशित सूचनामा उल्लिखित विवरणहरु खुलाई तोकिएको समयावधिभित्र सम्बन्धित निकाय समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ।

१३. **संक्षिप्त सूची तयार गर्नेः** (१) सम्बन्धित निकायले मनसायपत्र प्राप्त भएको मितिले एक महीनाभित्र तोकिएको मूल्याङ्कनका आधारमा मनसाय पत्रदाताहरूको मूल्याङ्कन गरी संक्षिप्त सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मनसाय पत्रदाताहरुको संक्षिप्त सूची प्रकाशन गर्नु पर्नेछ।

१४. **प्रस्ताव आह्वान गर्नेः** (१) दफा १३ बमोजिम संक्षिप्त सूची तयार गरेपछि सम्बन्धित निकायले सार्वजनिक सूचना प्रकाशन गरी सो सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने प्रस्तावकले देहायका कुराहरु खुलाई सूचनामा उल्लिखित अवधिभित्र सम्बन्धित निकायमा प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) प्रारम्भिक सम्भाव्यता अध्ययन,

(ख) प्रारम्भिक इञ्जिनियरिङ्ग प्रारूप,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन,

(घ) प्रस्तावकको आर्थिक हैसियत झल्काउने विवरणहरू,

(ङ) प्रस्तावकको प्राविधिक क्षमता झल्काउने विवरणहरू,

(च) आयोजनाको अनुमानित लागत,

(छ) प्रस्तावित वित्तीय स्रोत,

(ज) प्रदेश सरकार वा स्थानीय तहलाई बुझाउने प्रस्तावित रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम,

(झ) प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, संभाव्यता न्यून परिपूर्ति कोष वा यस्तै अन्य रकम,

(ञ) उपभोक्तासँग लिने प्रस्तावित सेवा शुल्क,

(ट) आयोजना कार्यान्वयन सम्बन्धी प्रक्रिया र विवरण,

(ठ) आयोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपाय,

(ड) तोकिए बमोजिमका अन्य विवरण।

१५. **<u>प्रस्ताव छनौट गर्ने</u>**: (१) दफा १४ को उपदफा (२) बमोजिम प्रस्ताव प्राप्त भएपछि सम्बन्धित निकायले तोकिए बमोजिमको मूल्याङ्कन समिति गठन गरी तोकिएको अवधिभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नु पर्नेछः-

(क) तोकिएको समयमा निर्माण सम्पन्न गर्ने आधार सहितको प्राविधिक प्रस्ताव,

(ख) सम्बन्धित निकायलाई बुझाउनु पर्ने रोयल्टी रकम भए प्रस्तावित रोयल्टी रकम,

(ग) परियोजना कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित महसुल लगायतका विषय उल्लेखित आर्थिक प्रस्ताव।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि सम्बन्धित निकायले सोको जानकारी तोकिएको अवधिभित्र प्रस्तावकलाई दिनुपर्नेछ।

(३) प्रस्ताव छनौट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **<u>वार्ताद्वारा आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न सक्ने</u>**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कम्पनीले विस्तृत सम्भाव्यता अध्ययन नभएको कुनै आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्नको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन मनासिव देखिएमा सम्बन्धित निकायले निवेदकसँग वार्ता गरी त्यस्तो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्न अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने कम्पनी स्वयंले व्यहोर्नु पर्नेछ।

(४) यस दफा बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गरिएको कुनै आयोजनाको कार्यान्वयनका लागि प्रतिस्पर्धा गराउँदा उपदफा (२) बमोजिम विस्तृत सम्भाव्यता अध्ययन गर्ने गराउने कम्पनी कुनै कारणले छनौट हुन नसकेमा सो आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गर्दा गराउँदा लागेको खर्च त्यस्तो आयोजनाको कार्यान्वयनको लागि छनौट भएको प्रस्ताव स्वीकृत हुने कम्पनीले व्यहोर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम व्यहोरिने रकमका सम्बन्धमा सम्बन्धित निकायले आवश्यकता अनुसार समिति गठन गरी वास्तविक खर्च रकम यकिन गर्नु पर्नेछ। त्यस्तो खर्च रकम यकिन गर्दा सम्भाव्यता अध्ययन गर्ने समयको मूल्यलाई आधार मूल्य मान्नु पर्नेछ।

तर खर्च रकम यकिन गर्दा आधार मूल्य बाहेक मूल्य बृद्धि लगायतका अतिरिक्त खर्चहरु गणना गर्न पाइने छैन।

(६) यस दफा बमोजिम आयोजनाका सम्बन्धमा तयार पारिएको अध्ययन प्रतिवेदनको आधारमा यस ऐन बमोजिम आयोजना कार्यान्वयन गरिनेछ।

**१७. वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न सक्ने**: (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुई पटक आशयपत्र वा प्रस्ताव आह्वान गर्दा पनि छनौट हुन नसकेको अवस्थामा त्यस्तो आयोजना सम्बन्धित निकायले सोझै वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुनै कारणले कुनै परियोजना वार्ताद्वारा कार्यान्वयन गर्न मनासिव हुने देखिएमा त्यस्तो आयोजना सम्बन्धित निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी वार्ताद्वारा कार्यान्वयन गराउन सक्नेछः-

(क) आयोजनाको प्रकृति वा लागतको कारण आर्थिक तथा प्राविधिक रूपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको आयोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको आयोजना,

(ग) यस ऐन बमोजिमको अन्य कार्यविधि अवलम्बन गर्न उपयुक्त नदेखिएको आयोजना।

(३) उपदफा (१) बमोजिमको कुनै आयोजना वार्ताद्वारा कार्यान्वयन गर्न चाहने प्रस्तावकले तोकिएका विषयहरु खुलाई सम्बन्धित निकाय समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रस्तावलाई तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी सम्बन्धित निकायले वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ।

१८. **समझदारीपत्रमा हस्ताक्षर गर्न सक्ने**: दफा १५ बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा १७ को उपदफा (४) बमोजिम आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सम्बन्धित निकायले प्रस्तावकसँग आयोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा समझदारीपत्रमा हस्ताक्षर गर्न सक्नेछ।

तर आयोजनाको प्रकृति हेरी सम्बन्धित निकायले प्रस्तावकसँग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ।

१९. **आयोजनाको विस्तृत विवरण पेश गर्नु पर्ने**: (१) दफा १८ बमोजिम समझदारीपत्र वा प्रारम्भिक सम्झौता गरेकोमा सो समझदारीपत्र वा प्रारम्भिक सम्झौतामा उल्लिखित समयावधिभित्र र समझदारीपत्र वा प्रारम्भिक सम्झौता नगरेकोमा आयोजनाको प्रकृति हेरी छ महीनामा नबढ्ने गरी सम्बन्धित निकायले तोकेको समयावधिभित्र प्रस्तावकले आयोजना कार्यान्वयन सम्बन्धी देहायका विवरणहरु सहित विस्तृत आयोजना विवरण (डिटेल प्रोजेक्ट रिपोर्ट) सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) आयोजनाको विवरण,

(ख) विस्तृत सम्भाव्यता अध्ययन,

(ग) विस्तृत इञ्जिनियरिङ्ग डिजाइन,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(ङ) चरणबद्ध रूपमा कार्यान्वयन गर्ने भए सोको विवरण,

(च) कार्यान्वयन तरिका,

(छ) कार्यान्वयन अवधिको खर्च तथा आम्दानीको प्रक्षेपण,

(ज) कार्यान्वयनको संस्थागत व्यवस्था,

(झ) उपभोक्तासँग लिइने प्रस्तावित शुल्क,

(ञ) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा अन्य व्यक्तिसँग कुनै सम्झौता गरेको भए त्यसको विवरण,

(ट) आयोजना सञ्चालन गर्दा प्रदेश सरकार वा स्थानीय तहलाई बुझाउने प्रस्तावित रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम,

(ठ) आयोजना सञ्चालन गर्दा प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, संभाव्यता न्यून परिपूर्ति कोष वा यस्तै अन्य रकम,

(ड) लगानीका सम्भाव्य स्रोत सम्बन्धी विवरण,

(ढ) आयोजनाको वीमासम्बन्धी व्यवस्था,

(ण) आयोजना कार्यान्वयन हुने क्षेत्र,

(त) आयोजनाको कार्यान्वयन सम्बन्धमा प्रस्तावकले अवलम्बन गर्ने आर्थिक कार्यविधि सम्बन्धी व्यवस्था,

(थ) तोकिए बमोजिमका अन्य विवरण।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र प्रस्तावकले विवरण पेश गर्न नसक्ने कुनै मनासिव कारण देखाई समयावधि थपको लागि सम्बन्धित निकाय समक्ष निवेदन दिएमा बढीमा तीन महीनाको समयावधि थप गरिदिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको अवधिभित्र प्रस्तावकले उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको विवरण पेश गर्न नसक्ने कारण देखाई सम्बन्धित निकाय समक्ष दिएको निवेदन जाँचबुझ गर्दा सो मनासिव देखिएमा सम्बन्धित निकायले कुनै खास आयोजनाको हकमा त्यस्तो प्रस्तावकलाई सम्झौता भएपछि सो विवरण पेश गर्न पाउने गरी छुट दिन सक्नेछ।

२०. <u>रद्द गर्न सक्ने</u>ः (१) प्रस्तावकसँग समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता गरेको भए त्यस्तो समझदारीपत्र वा प्रारम्भिक आयोजना सम्झौता वा सो नभएको भए देहायको अवस्थामा प्रस्तावकको प्रस्ताव रद्द गर्न सकिनेछः-

(क) दफा १९ को उपदफा (१) वा (२) बमोजिमको समयावधिभित्र प्रस्तावकले विवरण पेश नगरेमा वा त्यसरी पेश गरिएको विवरण अध्ययन गर्दा आयोजना कार्यान्वयन गर्न सम्भाव्य र उपयुक्त नदेखिएमा,

(ख) प्रस्तावमा प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, सम्भाव्यता न्यून परिपूर्ति कोष वा यस्तै अन्य रकमभन्दा प्रदेश सरकार वा स्थानीय तहलाई रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम बापत बढी राजस्व बुझाउने गरी गरिएको प्रस्तावको प्रतिकूल प्रस्ताव प्राप्त भएमा।

(२) उपदफा (१) को खण्ड (ख) को अवस्था रहेको वा नरहेको थाहा पाउनको लागि प्रदेश सरकार वा स्थानीय तहसँग माग गरिएको शेयर लगानी, संभाव्यता न्यून परिपूर्ति कोष वा यस्तै अन्य रकम बापतको लगानी र प्रस्तावकले प्रदेश सरकार वा स्थानीय तहलाई रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम बापतको राजस्व दुवैलाई वर्तमान मूल्यमा गणना गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम वर्तमान मूल्य निर्धारणको लागि प्रयोग गरिने बट्टादर (डिस्काउन्ट रेट) प्रस्ताव आव्हान सूचनामा तोकिएको हकमा सोही बमोजिम र नतोकिएको हकमा दश प्रतिशत हुनेछ।

(४) उपदफा (१) बमोजिम समझदारीपत्र, प्रारम्भिक आयोजना सम्झौता वा प्रस्ताव रद्द भएमा प्रस्तावकले सम्बन्धित निकायसँग कुनै किसिमको हानि नोक्सानी बापतको क्षतिपूर्ति दाबी गर्न पाउने छैन।

२१. **सम्झौता गर्नु पर्ने**: (१) दफा १९ बमोजिम प्राप्त विवरणको आधारमा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा वा दफा २० बमोजिम समझदारी पत्र, प्रारम्भिक सम्झौता वा प्रस्ताव रद्द नभएमा सम्बन्धित निकायले प्रस्तावकसँग आवश्यकतानुसार वार्ता गरी सम्झौता गर्न सक्नेछ।

(२) कुनै आयोजनामा स्थानीय तहसमेत साझेदार भएमा उपदफा (१) बमोजिम गरिने सम्झौतामा स्थानीय तहसमेतले हस्ताक्षर गर्नु पर्नेछ।

२२. **सम्झौता स्वतः रद्द हुने**: (१) प्रस्तावकले दफा १९ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको विवरण सम्बन्धित निकायले तोकेको समयावधिभित्र पेश गर्नु पर्नेछ। सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग गरेको सम्झौता स्वतः रद्द भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता रद्द भएमा सम्बन्धित पक्षलाई पत्र पठाई वा सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउनु पर्नेछ।

२३. **सम्झौतामा खुलाउनु पर्ने कुराहरु**: सम्झौतामा देहायका कुराहरु खुलाउनु पर्नेछः-

(क) आयोजनाको विवरण,

(ख) आयोजना कार्यान्वयन शुरु गर्ने मिति र सम्पन्न गर्ने मिति,

(ग) आयोजनाको निर्माण वा सञ्चालन गर्दा निजी साझेदारले पाउने सुविधा तथा सहुलियत सम्बन्धी कुरा,

(घ) अनुमतिपत्रको अवधि,

(ङ) आयोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन तालिका,

(च) आयोजनाको प्राविधिक गुणस्तर तथा मानक (स्टाण्डर्ड),

(छ) आयोजना सञ्चालन सम्बन्धी विवरण,

(ज) आयोजना लिजमा दिइएको भए सोको विवरण र लिजका शर्तहरु,

(झ) आयोजनाको सञ्चालन वा हस्तान्तरणको शर्त,

(ञ) आयोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्क सम्बन्धी व्यवस्था,

(ट) आयोजनाको बीमा सम्बन्धी व्यवस्था,

(ठ) आयोजनामा जडित मेशिन तथा आयोजना हस्तान्तरणका बखत हुनु पर्ने अवस्था र गुणस्तर,

(ड) प्रदेश सरकारलाई बुझाउनु पर्ने रोयल्टी, पट्टा रकम, लाभांश वा यस्तै अन्य रकम र भुक्तानी विधि,

(ढ) आयोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौता बमोजिमको दायित्व पूरा

नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(ण) विवाद व्यवस्थापन सम्बन्धी व्यवस्था,

(त) प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था,

(थ) अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था,

(द) आवधिक समीक्षा र समायोजन सम्बन्धी व्यवस्था,

(ध) सार्वजनिक साझेदारको तर्फबाट लगानी र सम्भाव्यता न्यून परिपूर्ति कोष आवश्यक भए सो सम्बन्धी व्यवस्था,

(न) सार्वजनिक साझेदारको विशेष जिम्मेवारीहरू भए सो सम्बन्धी व्यवस्था,

(प) अन्य आवश्यक कुराहरु।

## परिच्छेद- ४

## सामाजिक-आर्थिक आयोजनाको साझेदार छनौट सम्बन्धी व्यवस्था

२४. **मनसायपत्र आह्वान गर्न सक्ने**: (१) सम्बन्धित निकायले कुनै सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिएका विवरण खुलाई सार्वजनिक रूपमा सूचना प्रकाशन गरी मनसायपत्र आह्वान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने कम्पनी, सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमले प्रकाशित सूचनामा उल्लिखित विवरणहरु खुलाई तोकिएको समयावधिभित्र सम्बन्धित निकाय समक्ष मनसायपत्र पेश गर्नु पर्नेछ।

२५. **सोझै मनसायपत्र पेश गर्न सक्ने**: (१) प्रदेश सरकारको कुनै सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्न चाहने कम्पनी, सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमले सम्बन्धित निकाय समक्ष सोझै मनसायपत्र पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मनसायपत्र पेश गर्न चाहने कम्पनी, सहकारी संस्था वा तिनीहरूको संयुक्त उपक्रमले सम्बन्धित निकायले तोकेको विवरणहरु खुलाई मनसायपत्र पेश गर्नु पर्नेछ।

२६. **मनसायपत्रदाताको सूची तयार गर्ने**: सम्बन्धित निकायले दफा २४ र २५ बाट प्राप्त मनसाय पत्रदाताहरूको सूची तयार गर्नु पर्नेछ।

२७. **प्रस्ताव माग गर्ने**: (१) सम्बन्धित निकायले दफा २६ बमोजिमको सूचीमा भएका उत्कृष्ट मनसायपत्रदाताबाट आयोजना कार्यान्वयनको लागि प्रस्ताव माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्ने मनसाय पत्रदाताले सम्बन्धित निकायले तोकेको ढाँचामा माग गरिएको विवरण खुलाई प्रस्ताव पेश गर्नु पर्नेछ।

२८. **प्रस्ताव छनौट गर्ने**: (१) दफा २७ बमोजिम प्रस्ताव प्राप्त भएपछि सम्बन्धित निकायले प्रस्ताव प्राप्त भएको मितिले साठी दिनभित्र देहायका आधारमा प्रस्ताव छनौट गर्नु पर्नेछः-

(क) प्रस्तावकको आर्थिक हैसियत,

(ख) प्रस्तावकको प्राविधिक क्षमता,

(ग) प्रस्तावकको लगानी र जिम्मेवारीहरू,

(घ) माग गरिएको लगानी र भूमिका,

(ङ) लाभग्राही वर्गले प्राप्त गर्ने लाभहरू,

(च) तोकिए बमोजिमका अन्य आधारहरू।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट सम्बन्धी आधार सम्बन्धित निकायले प्रस्ताव पेश गर्नु अघि प्रस्तावकलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गरेपछि सम्बन्धित निकायले त्यसको जानकारी प्रस्तावकलाई दिनु पर्नेछ।

२९. **सेवा प्रदायक संस्था छनौट गर्नु पर्ने**: (१) सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्ने सामाजिक संस्थाहरूमध्येबाट सेवा प्रदायक संस्था छनौट गर्नु पर्नेछ।

तर कुनै आयोजना कार्यान्वयन गर्न सेवा प्रदायक संस्था आवश्यक नभए सेवा प्रदायक संस्था छनौट गर्न बाध्य हुनेछैन।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायक संस्था छनौटको लागि मनसाय पत्र माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मनसायपत्र पेश गर्न चाहने सामाजिक संस्थाले सूचनामा माग गरे बमोजिमको कागजात र विवरण खुलाई मनसायपत्र पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त मनसाय पत्रको मूल्याङ्कन देहायका आधारमा गर्नु पर्नेछः-

(क) मनसायपत्रदाता संस्थाको सम्बन्धित कार्य अनुभव,

(ख) संस्थाको संगठनात्मक क्षमता,

(ग) प्रस्तावित जनशक्तिको योग्यता, अनुभव र क्षमता,

(घ) तोकिए बमोजिमका अन्य आधारहरू।

३०. **त्रिपक्षीय सम्झौता गर्नु पर्ने**: (१) सेवा प्रदायक संस्थासमेत छनौट भएको सामाजिक-आर्थिक आयोजना कार्यान्वयन गर्ने सम्बन्धित निकाय, छनौट भएको प्रस्तावक र सेवा प्रदायक संस्थाबीच त्रिपक्षीय सम्झौता गर्नु पर्नेछ।

(२) कुनै आयोजना कार्यान्वयनमा स्थानीय तह समेत साझेदार भएमा उपदफा (१) बमोजिम गरिने सम्झौतामा स्थानीय तहसमेतले हस्ताक्षर गर्नु पर्नेछ।

## परिच्छेद- ५

## संयुक्त कम्पनी (स्पेशल परपस भेहिकल) स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था

३१. **संयुक्त कम्पनी स्थापना गर्न सक्ने**: (१) कुनै आयोजना कार्यान्वयन गर्न सार्वजनिक र निजी साझेदार दुवैको लगानी र भूमिका आवश्यक भएमा सार्वजनिक र निजी क्षेत्र दुवैले एक संयुक्त कम्पनी (स्पेशल परपस भेहिकल) को स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कम्पनी प्रचलित कम्पनी कानून अनुसार दर्ता गर्नु पर्नेछ।

३२. **कम्पनीको शेयर संरचना**: (१) दफा ३१ बमोजिम स्थापित कम्पनीको शेयर संरचना आयोजनाको साझेदारहरूबीच भएको सहमति बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम शेयर संरचना निर्धारण गर्दा देहायका आधारमा गरिनेछः-

(क) प्रदेश सरकारको शेयर लगानी बढीमा कुल पूँजीको तीस प्रतिशतसम्म हुने,

(ख) स्थानीय तहको शेयर लगानी बढीमा कुल पूँजीको बीस प्रतिशतसम्म हुने,

(ग) निजी सहकारी साझेदारको शेयर लगानी बढीमा कुल पूँजीको सत्तरी प्रतिशत सम्म हुने,

(घ) सर्वसाधारणको शेयर लगानी बढीमा कुल पूँजीको पन्ध्र प्रतिशतसम्म हुने।

३३. **सञ्चालक समितिको गठन**: (१) कम्पनी सञ्चालनको लागि एक सञ्चालक समितिको गठन गरिनेछ।

(२) स्थानीय तह समेत शेयर धनी भएको अवस्थामा उपदफा (१) बमोजिम गठन हुने सञ्चालक समितिको स्वरूप देहाय बमोजिम हुनेछ :-

(क) सम्बन्धित मन्त्रालयको सचिव -अध्यक्ष

(ख) सम्बन्धित मन्त्रालयले तोकेको रा.प.द्वितीय श्रेणीको अधिकृत एक जना -सदस्य

(ग) शेयर धनी स्थानीय तहको प्रतिनिधि दुई जना -सदस्य

(घ) निजी शेयर धनीहरूमध्येबाट तीन जना (सहकारी भए सहकारीबाट एक जना) -सदस्य

(ङ) सर्वसाधारण शेयर धनीहरूमध्येबाट एक जना -सदस्य

(च) प्रमुख कार्यकारी अधिकृत -सदस्य-सचिव

(३) स्थानीय तह शेयर धनी नभएको अवस्थामा उपदफा (१) बमोजिम गठन हुने सञ्चालक समितिको स्वरूप देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित मन्त्रालयको सचिव -अध्यक्ष

(ख) मन्त्रालयको रा.प. द्वितीय श्रेणीको कर्मचारी -सदस्य

(ग) सम्बन्धित मन्त्रालयले तोकेको कम्तीमा रा.प.द्वितीय श्रेणीको कर्मचारी -सदस्य

(घ) निजी शेयर धनीहरूमध्येबाट तीन जना -सदस्य

(ङ) सर्वसाधारण शेयर धनीहरू मध्येबाट एक जना -सदस्य

(च) प्रमुख कार्यकारी अधिकृत -सदस्य-सचिव

(४) सञ्चालक समितिले विषयगत विज्ञ, कुनै कर्मचारी वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

३४. **सञ्चालक समितिको कार्यकाल**: (१) कम्पनीको सञ्चालक समितिको कार्यकाल चार वर्षको हुनेछ।

(२) कम्पनीको सञ्चालकहरुलाई सञ्चालक समितिमा बढीमा थप एक कार्यकाल मात्र पुनः चयन गर्न सकिनेछ।

३५. **सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था**: (१) कम्पनीको सञ्चालक समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ।

(२) सञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले गर्नेछ।

(३) बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(४) सञ्चालक समितिले विषयगत विज्ञ, कुनै कर्मचारी वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हनेछ।

३६. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार**: (१) सञ्चालक समितिको काम, कर्तव्य र अधिकार अन्य कुराको अतिरिक्त देहाय बमोजिम हुनेछः-

(क) कम्पनीको योजना, नीति र रणनीति स्वीकृत गर्ने,

(ख) कम्पनीको नियमावली, निर्देशिका, संगठनात्मक संरचना, प्रमुख

कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने,

(ग) कम्पनीको प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्ने,

(घ) प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन मूल्याङ्कन गर्ने,

(ङ) अनुगमन र मूल्याङ्कन गर्ने,

(च) कम्पनीको प्रगति समीक्षा गर्ने,

(छ) लेखापरीक्षक नियुक्त गर्ने,

(ज) तोकिएका अन्य कार्यहरू गर्ने।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति र खण्ड (घ) बमोजिम निजको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी विषयको बैठकमा प्रमुख कार्यकारी अधिकृत सहभागी हुने छैन।

३७. **<u>सञ्चालकहरूको नियुक्ति</u>**: (१) सरकारको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने व्यक्तिहरूको नियुक्ति र पदमुक्ति प्रदेश सरकारको निर्णय अनुसार हुनेछ।

(२) स्थानीय तहबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरूको नियुक्ति शेयरधनी नगरपालिका र गाउँपालिकाहरूको बहुमतको निर्णय अनुसार हुनेछ।

(३) निजी सञ्चालकहरूको नियुक्ति निजी शेयरधनीहरूको बहुमतको निर्णय अनुसार हुनेछ।

(४) सर्वसाधारण शेयरधनीहरूको तर्फबाट हुने सञ्चालकको नियुक्ति सर्वसाधारण शेयरधनीहरूको बहुमतको निर्णय अनुसार हुनेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिम सञ्चालकको निर्वाचन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **<u>कम्पनीको व्यवस्थापन</u>**: (१) कम्पनीको दैनिक कार्यको व्यवस्थापन प्रमुख कार्यकारी अधिकृतबाट हुनेछ।

(२) कम्पनीको व्यवस्थापनको लागि उपयुक्त संगठनात्मक संरचना तयार गरिनेछ।

३९. **<u>प्रमुख कार्यकारी अधिकृत</u>**: (१) कम्पनी सञ्चालनको लागि सञ्चालक समितिले एक प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृतलाई व्यवस्थापकीय स्वतन्त्रता हुनेछ।

४०. **<u>प्रमुख कार्यकारी अधिकृतको योग्यता</u>**: कम्पनीको प्रमुख कार्यकारी अधिकृतको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) सिभिल, मेकानिकल, आर्किटेक्चर, व्यवस्थापन, अर्थशास्त्र, सहरी र क्षेत्रीय योजना लगायतका सम्बन्धित विषयमा स्नातकोत्तर वा सोभन्दा माथिको उपाधी प्राप्त गरेको,

(ख) पूर्वाधार संरचना विकास वा सम्बन्धित कार्यमा कम्तीमा पाँच वर्षको अनुभव भएको र सोमध्ये कम्तीमा पछिल्लो चार वर्ष कुनै कम्पनी वा संस्थाको प्रमुख कार्यकारी वा उच्च तहमा रही कार्य गरेको अनुभव भएको,

(ग) कुनै कानूनले अयोग्य नभएको

(घ) तोकिए बमोजिमका अन्य योग्यता भएको।

४१. <u>**प्रमुख कार्यकारी अधिकृतको छनौटका आधार**</u>ः प्रमुख कार्यकारी अधिकृतको छनौटका आधार र अङ्कभार देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | कार्य क्षमता | -बीस प्रतिशत |
| (ख) | कम्पनीको लागि प्रस्तावित व्यवसायिक योजना | -पचास प्रतिशत |
| (ग) | परिणामुखी व्यवस्थापनप्रतिको प्रतिबद्धता | -दश प्रतिशत |
| (घ) | तोकिएका अन्य विषयहरू | -बीस प्रतिशत |

४२. <u>**प्रमुख कार्यकारी अधिकृतको छनौट प्रक्रिया**</u>ः (१) प्रमुख कार्यकारी अधिकृत छनौटको लागि सञ्चालक समितिले एक पदपूर्ति समितिको गठन गरी जिम्मेवारी दिनेछ।

(२) पदपूर्ति समितिले सार्वजनिक सूचना प्रकाशित गरी निवेदन माग गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदकहरूमध्येबाट तोकिएको मापदण्डको आधारमा संक्षिप्त सूची प्रकाशित गर्नेछ।

(४) संक्षिप्त सूचीमा रहेका निवेदकहरूमध्येबाट बाँकी प्रक्रिया पूरा गरी सफल उम्मेदवारलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्तिको लागि पदपूर्ति समितिले सञ्चालक समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

४३. <u>**प्रमुख कार्यकारी अधिकृतको कार्यकाल**</u>ः (१) प्रमुख कार्यकारी अधिकृतको कार्यकाल चार वर्षको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वार्षिक कार्य सम्पादन मूल्याङ्कनमा न्यूनतम अङ्क प्राप्त नगरेमा प्रमुख कार्यकारी अधिकृत स्वतः पदमुक्त हुनेछ।

(३) प्रमुख कार्यकारी अधिकृतको कार्यसम्पादन सन्तोषजनक नभएमा सञ्चालक समितिले जुनसुकै बखत निजलाई पदमुक्त गर्न सक्नेछ।

तर निजलाई पदमुक्त गर्नु अघि सफाइको मौका दिनुपर्नेछ।

४४. <u>**प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार**</u>ः प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार अन्य कुराका अतिरिक्त देहाय बमोजिम हुनेछः-

(क) नीति र योजना तर्जुमा तथा कार्यान्वयन,

(ख) कम्पनीको संस्थागत क्षमता विकास,

(ग) कर्मचारी व्यवस्थापन,

(घ) वित्त व्यवस्थापन,

(ङ) सम्पत्ति व्यवस्थापन,

(च) अनुगमन तथा मूल्याङ्कन,

(छ) अन्तरनिकाय सहकार्य,

(ज) कम्पनीको कारोबारको हिसाब किताब र विवरणहरू तयार,

(झ) समितिको निर्देशन र निर्णयको कार्यान्वयन,

(ञ) तोकिएका अन्य कार्यहरू।

४५. **प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्याङ्कनः** (१) प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्याङ्कनको लागि सञ्चालक समितिले एक कार्यसम्पादन मूल्याङ्कन समितिको गठन गरी जिम्मेवारी तोक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिले तोकिएको सूचकहरूको आधारमा प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्याङ्कन गरी सञ्चालक समितिसमक्ष पेश गर्नेछ।

४६. **प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधाः** प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधा तोकिए बमोजिम हुनेछ।

४७. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) कम्पनीले नियुक्त गरेका कर्मचारीहरू कम्पनीको कर्मचारी हुनेछन्।

(२) कम्पनीको कर्मचारीहरूको पारिश्रमिक, सेवाका शर्त र सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

४८. **कम्पनीको सञ्चालनः** (१) कम्पनीको सञ्चालन प्रबन्धपत्र र नियमावली बमोजिम हुनेछ।

(२) कम्पनीको प्रबन्धपत्र र नियमावली प्रचलित कम्पनी कानून बमोजिम हुनु पर्नेछ।

## परिच्छेद- ६

## संभाव्यता र जोखिम न्यूनीकरण कोष (भायाविलिटी ग्याप र रिस्क मिटिगेशन फण्डिंग) सम्बन्धी व्यवस्था

४९. **संभाव्यता न्यून परिपूर्ति कोष (भायाविलिटी ग्याप फण्डिंग) को व्यवस्थाः** (१) प्रदेश सरकारले वित्तीय रूपमा तत्काल मनासिव प्रतिफल दिन नसक्ने परियोजनाको निर्माण,

सञ्चालन तथा विस्तारको लागि एक सम्भाव्यता न्यून परिपूरक (भायविलिटी ग्याप) कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषबाट तोकिए बमोजिमका मापदण्डको आधारमा तोकिए बमोजिमका आयोजनाको लागि समितिको सिफारिसमा आवश्यक रकम पूँजीगत तथा सञ्चालन अनुदान उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा प्रदेश सरकारले समय समयमा आवश्यक रकम विनियोजन गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) जोखिम न्यूनीकरण कोष सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ७

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

५०. **अनुमतिपत्र दिने**: यस ऐन बमोजिम सम्झौता गरेपछि सम्बन्धित निकायले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न अनुमतिपत्र दिनेछ।

५१. **अन्य कम्पनीलाई अनुमतिपत्र नदिइने**: आयोजनाको कार्यान्वयन गर्नको लागि कुनै क्षेत्रमा कुनै प्रस्तावकलाई अनुमतिपत्र दिई सकेपछि सोही क्षेत्रमा सो आयोजनालाई प्रतिकूल असर पर्ने गरी त्यस्तै किसिमको आयोजनाको कार्यान्वयन गर्न अन्य कम्पनीलाई अनुमतिपत्र दिइने छैन।

५२. **अनुमतिपत्रको अवधि**: (१) अनुमतिपत्रको अवधि सामान्यतया सम्झौतामा लेखिए बमोजिम हुनेछ।

(२) सम्झौताको अवधि घटे वा बढेमा अनुमतिपत्रको अवधि पनि घट्ने वा बढ्नेछ।

५३. **अनुमतिपत्र रद्द गर्न सक्ने**: (१) अनुमतिपत्र प्राप्त साझेदारले सम्झौता बमोजिम आयोजना कार्यान्वयन प्रारम्भ नगरेमा वा यो ऐन वा यस अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेमा सम्बन्धित निकायले सूचना दिई निजलाई दिइएको अनुमतिपत्र रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र रद्द भएमा निजी साझेदारसँग गरिएको सम्झौता स्वतः रद्द भएको मानिनेछ।

(३) यस दफा बमोजिम अनुमतिपत्र रद्द भएमा अनुमतिपत्र प्राप्त साझेदारले सम्बन्धित निकायसँग कुनै किसिमको दाबी गर्न पाउने छैन।

## परिच्छेद- ८

## <u>निजी साझेदारको अधिकार</u>

५४. **<u>अन्य फर्म, कम्पनी वा व्यक्तिसँग सम्झौता गर्न सक्ने</u>**: (१) निजी साझेदारले आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकायको स्वीकृति लिई अन्य फर्म, कम्पनी वा व्यक्तिसँग सम्झौता गर्न सक्नेछ।

तर त्यसरी सम्झौता भएको कारणले आयोजना कार्यान्वयन गर्ने दायित्वबाट निजी साझेदारले छुटकारा पाउने छैन।

(२) आयोजना कार्यान्वयन गर्न निजी साझेदारलाई आवश्यक पर्ने सेवा, सामग्री, यन्त्र, उपकरण वा अन्य वस्तुका आपूर्तिकर्ताहरूसँग गरिने सम्झौताको लागि सम्बन्धित निकायको स्वीकृति लिइरहनु पर्नेछैन।

(३) उपदफा (१) बमोजिम निजी साझेदारले कुनै सम्झौता गरेको भए त्यस्तो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र सो सम्झौताको प्रतिलिपि सम्बन्धित निकायसमक्ष पेश गर्नु पर्नेछ।

५५. **<u>घर जग्गा आदिमा प्रवेश गर्न सक्ने</u>**: (१) आयोजना कार्यान्वयनको सिलसिलामा निजी साझेदारले कुनै घर, जग्गा, उद्योग, कलकारखाना आदिको भौगोलिक तथा वैज्ञानिक सर्वेक्षण तथा नाप नक्शा गर्न, माटो लगायत अन्य प्राकृतिक स्रोत र साधनको परीक्षण गर्न, त्यसको लागि आवश्यकतानुसार उपकरण जडान गर्न तथा त्यस्तो उपकरणको प्रयोग गर्न, जग्गा छुट्याउन, साँध, किल्ला खडा गर्न वा निशाना लगाउनु पर्ने भएमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायको अनुमति प्राप्त गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको काम गर्दा सम्बन्धित धनीलाई क्षति पुग्न गएमा सोको क्षतिपूर्ति सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद- ९

## <u>निजी साझेदारलाई उपलब्ध गराइने सुविधा</u>

५६. **<u>घर जग्गा प्राप्त गरिदिने</u>**: (१) निजी साझेदारले आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने घर जग्गा आफैंले खरिद गर्नु पर्नेछ। त्यसरी खरिद गर्न नसकेमा र सम्झौतामा कुनै घर जग्गा प्राप्त गर्नु पर्ने उल्लेख भएमा प्रदेश सरकारले निजी साझेदारको अनुरोधमा त्यस्तो घर जग्गा प्रचलित कानून बमोजिम संस्थालाई जग्गा प्राप्त गर्न गरे सरह जग्गा प्राप्ति सम्बन्धी कार्यमा आवश्यक सहयोग र समन्वय गरिदिनेछ।

(२) उपदफा (१) बमोजिम घर जग्गा प्राप्त गर्दा जग्गाधनीलाई दिनुपर्ने क्षतिपूर्ति सम्बन्धित निजी साझेदारले व्यहोर्नु पर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको स्वामित्वमा रहेको वा सरकारी जग्गा आयोजना कार्यान्वयनको लागि आवश्यक भएमा

प्रदेश सरकारले त्यस्तो जग्गा प्रचलित कानून बमोजिम लिज वा बहालमा दिने व्यवस्था गर्नु पर्नेछ।

५७. **आयोजनाको सुरक्षा गर्न सक्ने**: (१) आयोजनाको सुरक्षा निजी साझेदार आफैंले गर्नु पर्नेछ।

(२) निजी साझेदारले विशेष कारण देखाई आयोजनाको खास किसिमको सुरक्षाको लागि प्रदेश सरकारसँग अनुरोध गरेमा सो बापत लाग्ने खर्च निजी साझेदारले व्यहोर्ने गरी प्रदेश सरकारले त्यस्तो आयोजनाको सुरक्षाको व्यवस्था गर्न सक्नेछ।

५८. **सहयोग उपलब्ध गराउनु पर्ने**: (१) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित निकायले निजी साझेदारलाई उपलब्ध गराउनु पर्ने सहयोग, दिनु पर्ने स्वीकृति वा गरिदिनु पर्ने काम सम्झौतामा उल्लिखित तरिका र अवधिभित्र गरिदिनु वा उपलब्ध गराउनु पर्नेछ।

(२) आयोजना कार्यान्वयन गर्ने सिलसिलामा निजी साझेदारले कुनै सहयोग माग गरेमा र त्यस्तो सहयोग प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिने भएमा सो बापत व्यहोर्नु पर्ने खर्च र दायित्व निजी साझेदारले व्यहोर्ने गरी सम्बन्धित निकायले त्यस्तो सहयोग उपलब्ध गराउन सक्नेछ।

५९. **विदेशी विनिमयको सुविधा**: आयोजनाको कार्यान्वयनको लागि ऋण वा शेयर पूँजीको रूपमा विदेशी मुद्रा लगानी भएमा निजी साझेदारलाई त्यस्तो ऋणको साँवा वा ब्याज भुक्तानी गर्न वा लगानी फिर्ता गर्नको लागि आवश्यक विदेशी मुद्रा प्रचलित विनिमय दरमा प्रचलित कानून बमोजिम उपलब्ध गराउन प्रदेश सरकारले नेपाल सरकार समक्ष सिफारिस गरिदिनेछ।

६०. **प्रवेशाज्ञा सम्बन्धी सुविधा**: विदेशी लगानीकर्ताले आयोजना कार्यान्वयनको लागि यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेमा निजलाई प्रचलित कानून बमोजिम आवासीय प्रवेशाज्ञा (भिसा) उपलब्ध गराउन प्रदेश सरकारले नेपाल सरकार समक्ष सिफारिस गरिदिनेछ।

६१. **विष्फोटक पदार्थको प्रयोग**: आयोजनाको कार्यान्वयनको लागि विष्फोटक पदार्थको प्रयोग गर्नु परेमा प्रदेश सरकारले निजी साझेदारको अनुरोधमा निजलाई प्रचलित कानून बमोजिम त्यस्तो विष्फोटक पदार्थ प्रयोग गर्न आवश्यक व्यवस्था मिलाउने छ।

६२. **आयकर सम्बन्धी व्यवस्था**: निजी साझेदार र संयुक्त कम्पनी वा संयन्त्र (स्पेशल परपस भेहिकल) लाई लाग्ने आयकर सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद- १०

## सेवा शुल्क र सेवा शुल्क पुनरावलोकन बोर्ड सम्बन्धी व्यवस्था

६३. **शुल्क उठाउन पाउने**: निजी साझेदारले सेवा सुविधा उपलब्ध गराए बापत सम्झौतामा उल्लेख भए बमोजिम उपभोक्तासँग सेवा शुल्क उठाउन सक्नेछ।

६४. **सेवा सुविधाका शर्त तोक्न सक्ने**: निजी साझेदारले उपभोक्तालाई सेवा सुविधा उपलब्ध गराउँदा यस ऐन वा सम्झौताको अधीनमा रही आवश्यक शर्त तोक्न सक्नेछ।

६५. **सेवा शुल्क पुनरावलोकन बोर्डको गठन**: (१) निजी साझेदारले आयोजना सञ्चालन गर्दा यस ऐन बमोजिम लिन पाउने शुल्क प्रत्येक तीन वर्षमा पुनरावलोकन गर्ने गरी प्रदेश सरकारले निजी साझेदार र उपभोक्ता समेतको प्रतिनिधित्व रहने गरी बढीमा तीन महिनाको समयावधि तोकि तोकिए बमोजिमको एक पूर्वाधार संरचना सेवा शुल्क पुनरावलोकन बोर्ड गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्डका सदस्यहरुको योग्यता, नियुक्ति, निजले पाउने सुविधा तथा बोर्डको कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम बोर्डले शुल्क पुनरावलोकन गर्दा निजी साझेदारले आयोजना कार्यान्वयनको लागि गरेको वास्तविक खर्च र सो बापत प्राप्त गर्न सक्ने मनासिव माफिकको प्रतिफलको आधारमा तोकिए बमोजिम गर्नेछ।

(४) सेवा शुल्क पुनरावलोकन गर्न बोर्डलाई कुनै सहयोग चाहिएमा प्रदेश सरकारले त्यस्तो सहयोगउपलब्ध गराउनेछ।

(५) उपदफा (३) बमोजिम बोर्डले पुनरावलोकन गरेको शुल्कको दर प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ। यसरी स्वीकृत भएको शुल्कको दर सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

६६. **सार्वजनिक निजी सहकारी साझेदारी समितिले सेवा शुल्क पुनरावलोकन गर्न सक्ने**: (१) सेवा शुल्क पुनरावलोकन बोर्ड गठन नभएको अवस्थामा वा कुनै कारणले बोर्डले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सार्वजनिक निजी सहकारी साझेदारी समितिले सेवा शुल्कको पुनरावलोकन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क पुनरावलोकन गर्न समितिलाई कुनै सहयोग चाहिएमा प्रदेश सरकारले त्यस्तो सहयोग उपलब्ध गराउनेछ।

(३) उपदफा (१) बमोजिम समितिले पुनरावलोकन गरेको शुल्कको दर प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ। यसरी स्वीकृत भएको शुल्कको दर सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद- ११

## सार्वजनिक निजी साझेदारी समिति र अन्य समिति सम्बन्धी व्यवस्था

६७. **सार्वजनिक निजी साझेदारी समितिको गठन**: (१) सम्बन्धित मन्त्रालयको सिफारिसमा आवश्यक विश्लेषण गरी साझेदारी आयोजना छनौट, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्न प्रदेशमा एक सार्वजनिक निजी, सहकारी साझेदारी समिति रहनेछ।

(२) समितिको स्वरूप देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय -अध्यक्ष

(ख) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ग) सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(घ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ङ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(च) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(छ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ज) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(झ) प्रदेश स्थित सहकारी महासंघको अध्यक्षले तोकेको महिला प्रतिनिधि -सदस्य

(ञ) नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधि -सदस्य

(ट) प्रदेश सरकारबाट मनोनीत सार्वजनिक निजी साझेदारी विज्ञ -सदस्य

(ठ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य-सचिव

(३) समितिको सचिवालय आर्थिक मामिला तथा योजना मन्त्रालयमा रहनेछ।

(४) समितिले प्रदेश नीति तथा योजना आयोगको सदस्य र सम्बन्धित विषयका विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) सेवा शुल्क पुनरावलोकन सम्बन्धी बैठकमा निजी साझेदार र सेवाग्राहीहरूको प्रतिनिधिलाईसमेत आमन्त्रण गर्न सक्नेछ।

६८. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**ः अन्य कुराका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) साझेदारी आयोजनाहरूको पहिचान, प्राथमिकीकरण र आयोजना बैंक तयार गर्ने,

(ख) आयोजनाको अध्ययन, विश्लेषण र सामान्य विवरण तयार गर्न सम्बन्धित निकायलाई सहयोग गर्ने,

(ग) आयोजनाको बोलपत्र लिखत, प्रस्ताव मूल्याङ्कनका आधार र सम्झौता पत्र तयार गर्न सम्बन्धित निकायलाई सहयोग गर्ने,

(घ) सञ्चालित आयोजनाहरूको अनुगमन र प्रभाव मूल्याङ्कन गर्ने गराउने,

(ङ) विवाद व्यवस्थापन गर्न सहयोग गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

६९. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनाको साथमा बैठकमा छलफल गरिने विषयहरुको सूची बैठक बस्नुभन्दा तीन दिन अगावै समितिका सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठक बस्नु पर्दा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले समितिको बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७०. **समितिले उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** (१) आयोजनाको कार्यान्वयन सम्बन्धमा समितिले कुनै खास कार्य सम्पादन गर्नको लागि आवश्यकता अनुसार एक वा एकभन्दा बढी उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको कार्यविवरण र कार्य सम्पादन विधि समितिले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदल आफ्नो कार्य सम्पन्न गरिसकेपछि स्वतः विघटन हुनेछ।

७१. **प्राविधिक समितिः** (१) पूर्वाधार आयोजनाको कार्यान्वयन सम्बन्धमा सम्बन्धित निकायलाई प्राविधिक सुझाव दिनको लागि सम्बन्धित निकायले तोकिएको व्यक्तिको अध्यक्षतामा सम्बन्धित विषयको विशेषज्ञ समेत रहने गरी बढीमा पाँच सदस्य रहेको एक प्राविधिक समिति गठन गर्न सक्नेछ।

(२) प्राविधिक समितिको अध्यक्षले तोकेको सम्बन्धित मन्त्रालयको कुनै अधिकृत कर्मचारीले प्राविधिक समितिको सचिव भई काम गर्नेछ।

(३) प्राविधिक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) प्राविधिक समितिको कार्यहरू तोके बमोजिम हुनेछ।

७२. **प्रस्ताव मूल्याङ्कन समिति**: (१) पूर्वाधार आयोजना र सामाजिक-आर्थिक आयोजनाको मनसाय पत्र र प्रस्ताव मूल्याङ्कन गरी सम्बन्धित निकाय समक्ष सिफारिस गर्नको लागि सम्बन्धित विषयको विज्ञसहित भएको छुट्टाछुट्टै प्रस्ताव मूल्याङ्कन समितिको गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने मूल्याङ्कन समितिमा सम्बन्धित विषयको विज्ञ समेत रहनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको मूल्याङ्कन समितिको कार्यविधि र अन्य कुरा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- १२

## विवादको समाधान र क्षतिपूर्ति सम्बन्धी व्यवस्था

७३. **विवादको समाधान**: (१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकाय र निजी साझेदारबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएमा विवादको समाधान सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा मध्यस्थताद्वारा गरिनेछ।

(३) उपदफा (२) बमोजिम मध्यस्थताद्वारा विवादको समाधान गर्दा मध्यस्थताको कार्यविधि सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून बमोजिम हुनेछ।

७४. **विवादको कारण आयोजनाको कार्य रोक्न नहुने**: (१) साझेदारहरू बीच कुनै विवाद उत्पन्न भएको वा विवाद समाधानको प्रक्रिया अघि बढेको वा विवाद समाधान गर्न समय लागेको कारणले साझेदारहरुले पूर्ववत् जिम्मेवारी बहन नगर्ने वा आयोजनाको दैनिक कार्य बन्द गर्न वा रोक्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम कुनै साझेदारले पूर्ववत् जिम्मेवारी बहन नगर्ने वा आयोजनाको दैनिक कार्य बन्द गर्ने गराउने कार्य गरेमा सोबाट उत्पन्न क्षति सम्बन्धित साझेदारले व्यहोर्नु पर्नेछ।

७५. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था**: (१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पक्षले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सम्झौता विपरीत कुनै काम गरेबाट अर्को पक्षलाई हानि नोक्सानी पर्न गएमा त्यसरी पर्न गएको हानि नोक्सानी बापतको मनासिव रकम सो काम गर्ने पक्षले अर्को पक्षलाई क्षतिपूर्ति बापत बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति सम्बन्धित निकायबाट व्यहोर्नु पर्ने भएमा त्यस्तो क्षतिपूर्ति बापतको रकम हिसाब गरी सम्बन्धित निकायले निजी साझेदारबाट पाउनु पर्ने रकमबाट कट्टा गरी बाँकी रकम निजी साझेदारलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद- १३

## <u>विविध</u>

७६. **<u>बोलपत्र जमानत सम्बन्धी व्यवस्था</u>**ः (१) प्रस्तावकले प्रस्ताव पेश गर्दा सूचनामा तोकिएको भन्दा कम नहुने गरी बोलपत्र जमानत (बीड वण्ड) बापतको रकम वा सो बराबरको बैंक ग्यारेन्टी सम्बन्धित निकायसमक्ष पेश गर्नु पर्नेछ।

(२) बोलपत्र जमानत सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

७७. **<u>कार्य सम्पादन जमानत सम्बन्धी व्यवस्था</u>**ः (१) प्रस्तावकले कार्य सम्पादन जमानत (परफर्मेन्स वण्ड) बापत आयोजनाको कुल लागतको शून्य दशमलव पाँच प्रतिशत (०.५) भन्दा कम नहुने गरी सम्झौतामा लेखिए बमोजिमको रकम वा सो बराबरको बैंक ग्यारेन्टी सम्झौतामा उल्लिखित समयावधिभित्र सम्बन्धित निकाय समक्ष दाखिला गर्नु पर्नेछ।

(२) कार्यसम्पादन जमानत बराबरको रकम पूर्वाधार संरचना वा हस्तान्तरण योग्य सम्पत्तिमा प्रस्तावकले लगानी गरिसकेपछि कार्य सम्पादन जमानत पेश गर्नु पर्नेछैन।

७८. **<u>रोयल्टी, लाभांश वा अन्य रकम बुझाउनु पर्ने</u>**ः रोयल्टी, लाभांश वा अन्य रकम बुझाउने गरी सम्झौता भएकोमा अनुमतिपत्र प्राप्त कम्पनीले सम्झौतामा उल्लिखित तरिकाबाट सम्बन्धित निकायलाई बुझाउनु पर्नेछ।

७९. **<u>आयोजना हस्तान्तरण गर्नु पर्ने</u>**ः (१) अनुमतिपत्र प्राप्त कम्पनीले सम्झौतामा लेखिए बमोजिम सम्बन्धित निकायलाई आयोजना हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना हस्तान्तरण हुँदा त्यस्तो आयोजनामा जडित मेशिन, उपकरण तथा संरचना सम्झौतामा लेखिए बमोजिमको क्षमता, अवस्था र चालू हालतमा हुनु पर्नेछ।

(३) आयोजना हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८०. **<u>आयोजना हस्तान्तरण नहुने</u>**ः (१) कुनै कम्पनीले सार्वजनिक सम्पत्ति प्रयोग नगरी आफ्नै निजी सम्पत्ति र लगानीमा निर्माण, स्वामीत्वकरण र सञ्चालन ढाँचामा कुनै साझेदारी आयोजना सञ्चालन गरेको रहेछ भने उक्त आयोजना हस्तान्तरण हुने छैन।

तर सम्बन्धित निकायले आयोजना सञ्चालनको लागि कुनै जग्गा, भवन, यन्त्र वा उपकरण प्रदान गरेको रहेछ भने अनुमति प्राप्त कम्पनीले उक्त जग्गा, भवन र आयु बाँकी भएका यन्त्र वा उपकरण चालू अवस्थामा हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि साझेदारले आयोजना हस्तान्तरण गर्न चाहेमा आवश्यक प्रक्रिया पूरा गरी हस्तान्तरण गर्न सक्नेछ।

८१. **<u>स्वामित्व हुने</u>**ः यस ऐन बमोजिम हस्तान्तरण भएको आयोजना र त्यस्तो आयोजनामा जडित मेसिन, उपकरण र अन्य संरचना तथा आयोजनासँग सम्बन्धित भवन, घर तथा अन्य यस्तै प्रकारका वस्तु तथा प्रणालीहरुको स्वामित्व सम्बन्धित निकायको हुनेछ।

८२. **लिज वा भाडामा दिन सक्ने**: (१) सम्बन्धित निकायले निजी साझेदारलाई आफ्नो वा प्रदेश सरकारको स्वामित्वमा रहेको संस्थाको स्वामित्व वा अधीनमा रहेको कुनै मेशिन, औजार वा पूर्वाधार संरचना लिज वा भाडामा दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अचल सम्पत्तिमा जडित पूर्वाधार संरचना, घर, भवन वा जग्गा लिज वा भाडामा दिन प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम लिज वा भाडामा दिने अन्य शर्तहरु सम्झौतामा लेखिए बमोजिम हुनेछन्।

८३. **स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने**: निजी साझेदारले आयोजना कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ।

८४. **अध्ययन प्रतिवेदन र लिखतमाथि अधिकार कायम रहने**: (१) दफा १४ बमोजिम प्रस्तावकले प्रस्तावसाथ पेश गरेको अध्ययन प्रतिवेदन सम्बन्धी कागजात उपर निजको पूर्ण अधिकार कायम रहनेछ। प्रस्तावकको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन सम्बन्धी कागजातहरु अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गरिने छैन।

(२) दफा १४ बमोजिम प्रस्ताव पेश गर्नको लागि सम्बन्धित निकायले तयार गरेको अध्ययन प्रतिवेदन र लिखत उपर सम्बन्धित निकायको पूर्ण अधिकार कायम रहनेछ। सम्बन्धित निकायको लिखित स्वीकृति बिना त्यस्तो अध्ययन प्रतिवेदन र लिखतहरू अन्य कुनै कामको लागि प्रयोग वा प्रकाशन गर्न पाइने छैन।

८५. **नागरिक समाज र विकासका साझेदार सहभागी हुन सक्ने**: (१) कुनै आयोजना कार्यान्वयन गर्न नागरिक समाज वा विकास साझेदारको सहयोग, समन्वय वा सहजीकरण आवश्यक भए त्यस्तो नागरिक समाज वा विकास साझेदारलाई सहयोगी, समन्वयकर्ता वा सहजकर्ताको रूपमा सहभागी गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम सहभागी हुने नागरिक समाजको भूमिका देहायका मध्ये कुनै वा सबै हुनेछः-

(क) लाभग्राही वर्गलाई आयोजनाको लाभ बारे सूचित गर्ने र उनीहरूको हक, अधिकार र आवाजलाई सम्बन्धित तहमा पुऱ्याउने,

(ख) आयोजनालाई लक्षित वर्ग उन्मुख, गरिबमुखी र वातावरण मैत्री बनाउन सहयोग गर्ने,

(ग) सामाजिक निगरानीकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) तोकिएका अन्य कार्यहरू गर्ने।

(३) उपदफा (१) बमोजिम सहभागी हुने विकास साझेदारको भूमिका देहायका मध्ये कुनै वा सबै हुनेछः-

(क) लाभग्राही वर्गलाई आयोजनाको लाभ बारे सूचित गर्ने र उनीहरूको हक, अधिकार र आवाजलाई सम्बन्धित तहमा पुऱ्याउने,

(ख) आयोजनालाई लक्षित वर्ग उन्मुख, गरिबमुखी र वातावरण मैत्री बनाउन सहयोग गर्ने,

(ग) आयोजनाको अध्ययन, विश्लेषण र विकासमा सहयोग गर्ने,

(घ) आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(ङ) तोकिएका अन्य कार्यहरू गर्ने।

८६. **<u>नियम बनाउने अधिकार</u>**ः (१) यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही सम्बन्धित मन्त्रालयले आवश्यक कार्यविधि र निर्देशिका बनाउन सक्नेछ।

# प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७६।०७।२२

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| १. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |
| २. प्रदेश आर्थिक ऐन, २०७९ | २०७९।०३।२१ |
| ३. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ | २०७९।०४।३० |
| ४. प्रदेश आर्थिक ऐन, २०८० | २०८०।०३।३१ |
| ५. प्रदेश आर्थिक ऐन, २०८१ | २०८१।०३।३० |
| ६. प्रादेशिक व्यापार व्यवसाय (पहिलो संशोधन) ऐन, २०८२ | २०८२।०४।१९ |

संवत् २०७६ सालको ऐन नं. १९

**<u>प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन</u>**

**<u>प्रस्तावना</u>**: व्यापार व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी र व्यवस्थित बनाई उपभोक्ता तथा व्यापार व्यवसाय मैत्री वातावरण सृजना गर्नका लागि प्रदेशभित्र हुने व्यापार व्यवसायलाई व्यवस्थापन र नियमन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुगमन समिति" भन्नाले दफा ५४ र ५५ बमोजिमको अनुगमन समिति सम्झनु पर्छ।

(ख) "अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप" भन्नाले दफा ३८ बमोजिमको कुनै क्रियाकलापलाई सम्झनु पर्छ।

(ग) "अनुमति" भन्नाले यस ऐन बमोजिम प्रदेशभित्र व्यापार व्यवसाय सञ्चालनको लागि प्रदान गरिएको अनुमति सम्झनु पर्छ।

(घ) "उत्पादन" भन्नाले वस्तु बनाउने, तयार गर्ने, प्रशोधन गर्ने, परिणत गर्ने, सम्मिश्रण गर्ने, प्याकिंग वा पुनः प्याकिंग गर्ने, एसेम्बेलिंग गर्ने, लेबल

लगाउने प्रक्रिया वा त्यस सम्बन्धमा अपनाइने कुनै वा सबै प्रक्रिया सम्झनु पर्छ।

(ङ) "उनाउ व्यक्ति" भन्नाले साझेदारी बाहेकका अरु कुनै व्यक्तिलाई सम्झनु पर्छ।

(च) "उपभोक्ता" भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(छ) "कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले त्यस्तो कम्पनीको संस्थापक तथा सञ्चालक समेत सम्झनु पर्छ।

(ज) ⋆"कार्यालय" भन्नाले लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र वाणिज्य सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ।

(झ) "गुणस्तरहीन वस्तु" भन्नाले देहायको कुनै वस्तु सम्झनु पर्छः-

(१) लेबल लगाइएकोमा लेबलमा उल्लेख गरिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको वस्तु,

(२) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको गलेको, फोहोरमैला, बिषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ्ग वा सुगन्ध प्रयोग गरिएको वस्तु,

(३) वस्तुको केही भाग वा सबै भाग कुनै रोगी वा रोगकारक पशु, पन्छी वा हानिकारक वनस्पतिबाट बनाइएको वस्तु,

(४) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय वा बिक्री गरिएको वस्तु,

(५) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादकले उल्लेख गरे बमोजिमको गुणस्तर नभएको वस्तु,

(६) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको न्यूनतम भन्दा कम गुणस्तर वा अधिकतम गुणस्तर तोकिएकोमा त्यस्तो गुणस्तर भन्दा बढी भएको वस्तु।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

---

⋆ पहिलो संशोधनद्वारा संशोधित।

(ट) "दर्ता गर्ने निकाय" भन्नाले अनुसूची- ६ बमोजिमको फर्म दर्ता गर्ने निकायलाई जनाउँछ।

(ठ) "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ।

(ड) "निरीक्षण अधिकृत" भन्नाले दफा ४७ बमोजिमको निरीक्षण अधिकृत सम्झनु पर्छ।

✻(ड१) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ढ) "प्रदेश भित्रको व्यापार" भन्नाले ◈बागमती प्रदेश को भौगोलिक सीमा क्षेत्र भित्र यस ऐन बमोजिम सञ्चालन गरिने व्यापार व्यवसायलाई सम्झनु पर्छ।

(ण) "प्रदेश सरकार" भन्नाले ◈बागमती प्रदेशको मन्त्रिपरिषदलाई सम्झनु पर्छ।

(त) "प्रमाणपत्र" भन्नाले दर्ता प्रमाणपत्र वा अनुमति प्रमाणपत्र सम्झनु पर्छ।

(थ) "बिक्रेता" भन्नाले वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(द) "मन्त्रालय" भन्नाले उद्योग व्यापार व्यवसाय सम्बन्धी हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ध) "लेबल" भन्नाले वस्तु वा वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले ट्याग, चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ।

(न) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरुको समिश्रणबाट बनेको स्वास्थ्यलाई हानि नोक्सानी वा कुनै किसिमको नकारात्मक प्रभाव (साइड इफेक्ट) नगर्ने पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ।

(प) "व्यवसाय" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम स्थापना गरिएको फर्म वा कम्पनीद्वारा स्थापना भएको उद्योग तथा व्यापार सम्बन्धी व्यवसायलाई सम्झनु पर्छ।

(फ) "साझेदारी" भन्नाले दुई वा दुईभन्दा बढी व्यक्तिहरुले एउटै नाम राखी मुनाफा बण्डा लगाउने गरी सबै कारोबारमा भाग लिन आपसमा कबुलियत गरी यस ऐन बमोजिम दर्ता गर्ने निकायको लगतमा दर्ता गराएको कुनै कारोबारलाई सम्झनु पर्छ।

---

✻ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(ब) "सेवा" भन्नाले विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा तथा परामर्श, यातायात, ढल निकास, बैकिङ्ग वा यस्तै प्रकृतिका अन्य सेवा सम्झनु पर्छ र सो शब्दले कानून, चिकित्सा वा इन्जिनियरिङ्ग सेवालाई समेत जनाउँछ।

(भ) "सेवा प्रदायक" भन्नाले खण्ड (ब) मा उल्लेख भए बमोजिमको सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ।

(म) "त्रुटीपूर्ण उत्पादन" भन्नाले कुनै उत्पादन उपभोग गर्न सामान्य मानिसले मनासिब तवरले अपेक्षा गर्ने न्यूनतम सुरक्षाका उपायहरु देहायको कुनै कारणले नभएको कुनै वस्तु वा सेवा सम्झनु पर्छः-

(१) त्रुटीपूर्ण-डिजाइन, निर्माण, प्रशोधन, मिश्रण वा जडान,

(२) त्रुटीपूर्ण-प्याकिंग,संरक्षण वा भण्डारण,

(३) त्रुटीपूर्ण प्रस्तुती,

(४) उत्पादित सेवा वा प्रकृति अनुसार सम्भावित जोखिम वा खतरालाई नियन्त्रण गर्न, पर्याप्त उपाय वा पूर्व सावधानीको अभाव,

(५) बौद्धिक सम्पत्तिको अधिकार प्राप्त उत्पादन कम्पनीले उत्पादन गरेको भन्दा फरक वा चोरी वा नक्कल गरेको उत्पादन।

## परिच्छेद- २

## प्राइभेट फर्म सम्बन्धी व्यवस्था

३. **प्राइभेट फर्म खोल्न दर्ता गराउनु पर्नेः** (१) व्यापार व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा व्यक्तिहरुले यस ऐन बमोजिम दर्ता गर्ने निकायमा प्राइभेट फर्म दर्ता गराउनु पर्नेछ। दर्ता नगराई कसैले प्राइभेट फर्म खोल्न पाइने छैन।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि यस प्रदेशभित्र प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका प्राइभेट फर्म यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

तर त्यस्तो प्राइभेट फर्मले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र दर्ता गर्ने निकायमा अभिलेखीकरण गर्नु पर्नेछ।

(३) अन्य प्रदेशमा दर्ता भएका कुनै प्राइभेट फर्मले यस प्रदेशमा कारोबार गर्नको लागि दर्ता गर्ने निकायमा अभिलेखीकरण गर्नु पर्नेछ।

४. **प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनु पर्नेः** (१) प्राइभेट फर्म दर्ता गराउन चाहने व्यक्तिले तोकिएको दस्तुर सहित देहायका विवरण उल्लेख गरी अनुसूची- १ बमोजिमको ढाँचामा दर्ता गर्ने निकाय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) फर्मको नाम,

(ख) फर्मको ठेगाना, सम्पर्क नम्बर र ईमेल,

(ग) फर्मको उद्देश्य तथा त्यसले कारोबार गर्ने वस्तु तथा सेवाको विवरण,

(घ) फर्म धनीको नाम, ठेगाना, आमा र बाबु, बाजे र बज्यै तथा पति/पत्नीको नाम,

(ङ) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्रको प्रमाणित प्रतिलिपि,

(च) दर्ता गर्ने निकायले तोकेको अन्य विवरणहरु।

(२) उपदफा (१) बमोजिम दरखास्त दर्ता भएपछि दर्ता गर्ने निकायले छानविन गर्दा यस ऐन बमोजिमको प्रक्रिया पूरा गरेको देखिएमा अनुसूची- २ बमोजिमको दस्तुर लिई प्राइभेट फर्म दर्ता गरी प्रक्रिया पुगेको *पाँच दिनभित्र अनुसूची- ३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(३) उद्योग सम्बन्धी दर्ता हुने प्राइभेट फर्मको प्रमाणपत्र जारी गर्दा प्रचलित प्रदेश औद्योगिक व्यवसाय ऐन बमोजिम उद्योगको स्तर, किसिम र उद्योग स्थापना हुने स्थानको जग्गाको कित्ता नम्बर समेत खुलाउनु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एकभन्दा बढी प्राइभेट फर्म दर्ता गरिने छैन।

५. **प्राइभेट फर्मको अवधि र नवीकरणः** (१) यस ऐन बमोजिम दर्ता भएका प्राइभेट फर्मको अवधि पाँच वर्षको हुनेछ र अवधि सकिए पछि नवीकरण गराउनु पर्नेछ। नवीकरणको अवधि दुई वर्षको हुनेछ र दुई वर्षपछि पुनः नवीकरण गराउनु पर्नेछ।

(२) प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको धनीले देहायका कागजात संलग्न गरी दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछः-

(क) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा र

(ग) बीस लाख रूपैयाँ वा सो भन्दा बढी पुंजी भएको प्राईभेट फर्मको हकमा लेखापरीक्षण सम्बन्धी प्रतिवेदन।

(३) यस ऐन बमोजिम दर्ता भएका प्राइभेट फर्मले नवीकरण गराउँदा अनुसूची- ४ बमोजिमको दस्तुर लाग्नेछ।

(४) यो ऐन जारी हुनुभन्दा अघि प्रचलित कानून बमोजिम दर्ता भएका तर एक वर्ष भित्र नवीकरण हुन नसकेका प्राइभेट फर्मले नवीकरण गर्न चाहेमा दर्ता गर्ने निकायले अनुसूची- ४ बमोजिमको दस्तुर र जरिबाना लिई नवीकरण गरी दिन सक्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

६. **विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्नेः** (१) दफा ४ को उपदफा (१) बमोजिम दर्ता गर्ने निकाय समक्ष दिएको विवरणमा कुनै हेरफेर गर्नु परेमा सम्बन्धित प्राइभेट फर्मले दर्ता गर्ने निकाय समक्ष दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र फर्मले विवरण हेरफेर गर्न सक्नेछ।

(२) प्राइभेट फर्मको प्रोप्राइटरको नाम परिवर्तन गर्न परेमा दर्ता गर्ने निकाय समक्ष नाम परिवर्तन गर्नु पर्नाको कारण सहित दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायबाट आवश्यक छानबिन गरी प्रोप्राइटरको नाम परिवर्तनका लागि स्वीकृति दिन सक्नेछ।

(३) प्राइभेट फर्मको नाम परिवर्तन गर्नु परेमा दर्ता गर्ने निकाय समक्ष नाम परिवर्तन गर्नु पर्नाको कारण सहित दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायबाट आवश्यक छानबिन गरी नाम परिवर्तनका लागि स्वीकृति दिन सक्नेछ।

(४) प्राइभेट फर्मले कारोबारको ठाउँसारी गर्न चाहेमा दर्ता गर्ने निकाय समक्ष ठाउँसारी गर्नु पर्नाको कारण सहित दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायबाट आवश्यक छानबिन गरी ठाउँसारीको लागि स्वीकृति दिन सक्नेछ।

७. **मान्यता नदिइनेः** यस ऐन प्रारम्भ भएपछि दफा ३ को उपदफा (२) र (३) बमोजिम अभिलेखीकरण नभएका प्राइभेट फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कारोबारलाई मान्यता दिइने छैन।

८. **विवरण माग गर्न सक्नेः** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै प्राइभेट फर्मसँग दर्ता गर्ने निकायले त्यस्तो प्राइभेट फर्मको कारोबारको विवरण लगायत अन्य विवरण अवधि तोकी माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गर्ने निकायले माग गरेको अवधि भित्र प्राइभेट फर्मले विवरण पेश गर्नु पर्नेछ।

९. **प्राइभेट फर्म खारेज गर्न सकिनेः** (१) देहायको अवस्थामा दर्ता गर्ने निकायले प्राइभेट फर्म खारेज गर्न सक्नेछः-

(क) म्याद समाप्त भएको पाँच वर्षसम्म नवीकरण नगराएमा,

(ख) मनासिब कारण देखाई आफ्नो प्राइभेट फर्म खारेज गरी पाउँ भनी प्राइभेट फर्म धनीले दर्ता गर्ने निकायमा निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (३) को विपरीत हुने गरी कुनै कुरा ढाँटी प्राइभेट फर्म दर्ता गरेको ठहरिएमा,

(घ) दर्ता गर्ने निकायले दफा ८ बमोजिमको विवरण माग गर्दा सम्बन्धित प्राइभेट फर्मले तोकिएको अवधिभित्र सो विवरण पेश नगरेमा,

(ङ) प्रचलित कानून बमोजिम दर्ता गर्ने निकायलाई जानकारी नदिई व्यापार व्यवसाय बन्द गरेमा,

(च) यो ऐन तथा प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने व्यापार व्यवसायले अनुमतिमा उल्लेख भए बमोजिमका शर्तहरु पालना नगरेमा वा

(छ) प्राइभेट फर्मले यो ऐन वा यो ऐन अन्तर्गत जारी हुने नियमहरुको विपरीत हुने गरी कुनै कार्य गरेमा।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम प्राइभेट फर्मको दर्ता खारेज गर्नु अघि सम्बन्धित प्राइभेट फर्मलाई सफाइको सबुद पेश गर्ने अवसर दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम प्राइभेट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्म धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को प्राइभेट फर्म दर्ता गरिने छैन।

(४) उपदफा (१) को खण्ड (क) बमोजिम प्राइभेट फर्मको दर्ता खारेज गर्नु अघि सम्बन्धित प्राइभेट फर्मलाई सफाइको सबुद पेश गर्ने अवसर दिंदा उक्त प्राईभेट फर्मले मनासिब माफिकको प्रमाण पेश गरी नवीकरण हुन चाहेमा अनसूची- ४ बमोजिमको दस्तुर र ✂... जरिबाना लिई दर्ता गर्ने निकायले फर्मको नवीकरण गरिदिन सक्नेछ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिम प्राइभेट फर्म खारेज गरी पाउँ भनी कुनै प्राइभेट फर्मको धनीले मनासिब कारण दर्शाई निवेदन दिएमा दर्ता गर्ने निकायले निजलाई अघिल्लो आर्थिक वर्षसम्मको कर तिरेको प्रमाण पेश गर्न लगाई त्यस्तो प्राइभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको यस ऐन बमोजिम लाग्ने नवीकरण दस्तुर तथा जरिबाना समेत निजबाट असुल गरी प्राइभेट फर्म खारेज गर्नु पर्नेछ।

## ♦परिच्छेद- २क.

## कम्पनी सम्बन्धी व्यवस्था

**९क. व्यवसाय गर्न अनुमति लिनु पर्ने**: (१) कुनै व्यवसाय गर्ने उद्देश्य लिई संस्थापित कम्पनीले प्रचलित कानून बमोजिम नियमन गर्ने निकायबाट दर्ता अनुमति लिएर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता अनुमतिको लागि अनुसूची- २ बमोजिमको दर्ता दस्तुर संलग्न गरी तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(३) दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गरी निवेदकले कागजात पेस गरेको बढीमा पन्ध्र दिनभित्र तोकिए बमोजिमको ढाँचामा दर्ता अनुमतिपत्रको प्रमाणपत्र दिनु पर्नेछ।

---

✂ प्रदेश आर्थिक ऐन, २०८१ द्वारा झिकिएको।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

**९ख. <u>अनुमतिपत्रको अवधि र नवीकरणः</u>** (१) यस दफा बमोजिम दर्ता भएका कम्पनीको व्यावसायिक अनुमतिपत्रको सुरु अवधि पाँच वर्षको हुनेछ र सो अवधि पूरा भए पश्चात नवीकरण गराउनु पर्नेछ। यसपछि नवीकरणको अवधि पाँच वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिम नवीकरण गराउँदा लाग्ने दस्तुर र जरीबाना अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम नवीकरण गराउन चाहने कम्पनीले देहायका कागजात संलग्न गरी दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछः-

(क) कर चुक्ताको प्रमाणपत्र,

(ख) तीस लाखभन्दा बढी अधिकृत पुंजी भएमा लेखापरीक्षण प्रतिवेदन,

(ग) कम्पनीको अद्यावधिक विवरण,

(घ) निकासी पैठारी गर्ने भए Exim Code,

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुअघि व्यापार व्यवसाय गर्ने गरी सञ्चालनमा रहेका कम्पनीले यो दफा प्रारम्भ भएको एक वर्षभित्र वा *<u>कम्पनीले कुनै विवरण अद्यावधिक गर्न आउँदाको बखत</u> गराउनु पूर्व जुन समय अघि आउँछ सोहीलाई आधार मानी अनुसूची- २ बमोजिमको दस्तुर तिरी यो ऐन बमोजिमको दर्ता अनुमतिपत्र लिनु पर्नेछ।

(५) यस परिच्छेद बमोजिम दर्ता एवं नवीकरण नगरी व्यापार व्यवसाय सञ्चालन गर्ने कम्पनीलाई दर्ता गर्ने निकायले कुनैपनि किसिमको सुविधा एवं अध्यावधिक विवरण उपलब्ध गराउने छैन।

## परिच्छेद- ३

## <u>साझेदारी फर्म सम्बन्धी व्यवस्था</u>

**१०. <u>दर्ता गराउनु पर्नेः</u>** (१) दुई वा दुईभन्दा बढी साझेदारले एक आपसमा कबुलियत गरी साझेदारी फर्म खडा गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम साझेदारी फर्म खडा भएपछि यो ऐन बमोजिम दर्ता गर्ने निकायमा दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम साझेदारी फर्म दर्ता नभएसम्म साझेदारीले वा सो साझेदारीका निमित्त गरेको कुनै काम वा कारोबारलाई यस ऐन बमोजिम मान्यता दिइने छैन।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अघि यस प्रदेश भित्र प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका साझेदारी फर्म यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

* पहिलो संशोधनद्वारा संशोधित।

तर त्यस्तो साझेदारी फर्मले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र दर्ता गर्ने निकायमा निःशुल्क अभिलेखीकरण गर्नु पर्नेछ।

(५) अन्य प्रदेशमा दर्ता भएका साझेदारी फर्मले यस प्रदेशमा कारोबार गर्नको लागि यस प्रदेशमा निःशुल्क अभिलेखीकरण गर्नु पर्नेछ।

(६) यो ऐन प्रारम्भ भएपछि उपदफा (४) र (५) बमोजिम अभिलेखीकरण नभएका फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कारोबारलाई मान्यता दिइने छैन।

११. **<u>सगोलको कारोबारलाई साझेदारी मानिने</u>**: एकाघर सगोलका अंशियारहरुले कबुलियत गरी साझेदारीमा कारोबार चलाएका रहेछन् भने त्यस्तो सगोलको कारोबारलाई पनि यो ऐन बमोजिम साझेदारी फर्म मानिनेछ।

१२. **<u>दरखास्तमा खुलाउनु पर्ने विवरण र दस्तुर</u>**: (१) साझेदारी फर्म दर्ता गराउन तोकिए बमोजिमको दस्तुर र साझेदारहरुले आपसमा गरेको कबुलियतको एक प्रति समेत राखी देहायको विवरण समेत खुलाई दर्ता गर्ने निकायमा दरखास्त दिनुपर्नेछः-

(क) फर्मको पूरा नाम,

(ख) फर्मको कारोबार गर्ने मुख्य ठेगाना,

(ग) फर्मको उद्देश्य र त्यसले कारोबार गर्ने वस्तु तथा सेवाको विवरण,

(घ) साझेदारको पूरा नाम, थर र स्थायी ठेगाना,

(ङ) सबै साझेदारको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(च) कुनै साझेदारको अधिकार उपर बन्देज लगाएको भए सो कुरा,

(छ) साझेदारको किसिम र प्रत्येक साझेदारले लगानी गरेको पुँजी,

(ज) फर्मको प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरुको नाम,

(झ) मुनाफा निश्चित गर्ने तरिका,

(ञ) नाफा नोक्सान भागबन्डा लगाउने तरिका,

(ट) तोकिए बमोजिमका अन्य विवरणहरु।

(२) उपदफा (१) बमोजिम दरखास्त दर्ता भएपछि दर्ता गर्ने निकायले छानबिन गर्दा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको प्रक्रिया पूरा गरेको देखिएमा अनुसूची-२ बमोजिमको दस्तुर लिई साझेदारी फर्म दर्ता गरी अनुसूची- ३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(३) उद्योग सम्बन्धी दर्ता हुने साझेदारी फर्मको प्रमाणपत्र जारी गर्दा प्रचलित प्रदेश औद्योगिक व्यवसाय ऐन बमोजिम उद्योगको स्तर, किसिम र उद्योग स्थापना हुने जग्गाको कित्ता नम्बर समेत खुलाउनु पर्नेछ।

१३. **<u>साझेदारी फर्मको नाम</u>**ः पहिले दर्ता भइसकेका अरु फर्मको नाम र प्रचलित कम्पनी ऐन अन्तर्गत दर्ता भै राखेको लिमिटेड कम्पनीको नाम मिल्ने गरी साझेदारी फर्मको नाम राखी दर्ता हुने छैन।

१४. **<u>विवरण हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्ने</u>**ः (१) साझेदारी फर्म दर्ता गर्दा दफा १२ बमोजिम पेश गरेको दरखास्त र कबुलियतको विवरणमा कुनै हेरफेर गर्नु परेमा सो कुरा जनाई दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र सो विवरण हेरफेर गर्न सकिनेछ।

(२) साझेदारी फर्मले आफ्नो फर्मको नाम परिवर्तन गर्न चाहेमा दर्ता गर्ने निकाय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त जाँचबुझ गरी दर्ता गर्ने निकायले नाम परिवर्तनका लागि स्वीकृति दिन सक्नेछ।

(४) साझेदारी फर्मले कारोबार स्थलको ठाउँ सारी गर्न चाहेमा दर्ता गर्ने निकाय समक्ष दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गरी स्वीकृति दिन सक्नेछ।

१५. **<u>नवीकरण गर्नुपर्ने</u>**ः (१) यस ऐन बमोजिम दर्ता भएका साझेदारी फर्मको अवधि एक वर्षको हुनेछ र प्रत्येक वर्ष अवधि सकिएको पैंतीस दिनभित्र अनुसूची- ५ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ।

(२) ◈<u>साझेदारी</u> फर्म नवीकरण गराउन चाहने साझेदारी फर्मको धनीले देहायका कागजात संलग्न गरी दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछः-

(क) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा,

(ग) बीसलाख रूपैयाँ वा सो भन्दा बढी पुंजी भएको फर्मको हकमा लेखापरीक्षण सम्बन्धी प्रतिवेदन,

(घ) दर्ता गर्ने निकायले माग गरेको अन्य कागजात।

✦(३) यदि कुनै साझेदारी फर्मले काबु बाहिरको परिस्थिति सृजना भई पैंतीस दिनभित्र फर्मको नवीकरण गर्न नसकेमा दर्ता गर्ने निकायले अनुसूची- ५ बमोजिमको दस्तुर लिई नवीकरण गरिदिन सक्नेछ।

⋇ (४) ....

१६. **<u>विवरण माग गर्न सक्ने</u>**ः (१) यस ऐन अन्तर्गत दर्ता भएको कुनै साझेदारी फर्मसँग दर्ता गर्ने निकायले त्यस्तो साझेदारी फर्मको कारोबारको विवरण अवधि तोकी माग गर्न सक्नेछ।

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

✦ प्रदेश आर्थिक ऐन, २०७९ द्वारा संशोधित।

⋇ प्रदेश आर्थिक ऐन, २०८० द्वारा हटाइएको।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण तोकिएको अवधिभित्र साझेदारी फर्मले पेश गर्नु पर्नेछ।

१७. **साझेदारी फर्म खारेज गर्न सक्ने**: (१) देहायको अवस्थामा यस ऐन बमोजिम दर्ता भएको साझेदारी फर्म दर्ता गर्ने निकायले खारेज गर्न सक्नेछः-

(क) *नवीकरण गर्ने अवधि समाप्त भएको लगातार पाँच वर्षसम्म पनि नवीकरण नगराएमा,

(ख) साझेदारहरुले मनासिब कारण दर्शाई साझेदारी फर्म खारेज गरी पाऊँ भनी दर्ता गर्ने निकायमा निवदेन दिएमा,

(ग) दर्ता गर्ने निकायले दफा १६ बमोजिमको विवरण माग गर्दा सम्बन्धित साझेदारी फर्मले तोकिएको अवधिभित्र सो विवरण पेश नगरेमा,

(घ) साझेदारी फर्मले कार्य सञ्चालन गरी दर्ता गर्ने निकायलाई जानकारी दिई वा नदिई उद्योग वा व्यापार व्यवसाय बन्द गरेमा,

(ङ) यो ऐन तथा प्रचलित कानून बमोजिम अनुमति लिनु पर्ने व्यापार व्यवसायले अनुमति पत्रमा तोकिएको शर्त पालना नगरेमा वा

(च) साझेदारी फर्मले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको विपरीत कुनै काम गरेमा।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ) वा (च) बमोजिम दर्ता गर्ने निकायले साझेदारी फर्मको दर्ता खारेज गर्नु अघि सम्बन्धित साझेदारी फर्मलाई सफाइको सबुद पेश गर्ने उचित अवसर दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ) वा (च) दर्ता गर्ने निकायबाट साझेदारी फर्म खारेज भएमा त्यसरी खारेज भएको साझेदारी फर्मका साझेदारहरुको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को साझेदारी फर्म दर्ता गरिने छैन।

१८. **साझेदारको हक र दायित्व**: (१) साझेदारको आपसमा भएको कबुलियतद्वारा साझेदारीमा हक र दायित्व कायम हुनेछ। यस्तो कबुलियतनामा लिखित रूपमा हुनु पर्नेछ।

(२) साझेदार फर्मको जायजेथा देहाय बमोजिम हुनेछः-

(क) साझा कारोबार शुरु हुँदा त्यसको लागि जम्मा गरिएको सबै जायजेथा,

(ख) साझेदारीको वा त्यसको निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारले कारोबार गरी कमाएको धन,

(घ) साझेदारीमा चलाएको कारोबारवाट प्राप्त हुन आएको ख्याति।

---

* प्रदेश आर्थिक ऐन, २०८० द्वारा संशोधित।

(३) कुनै अन्य उद्देश्य देखिएकोमा बाहेक साझेदारी फर्मको लगानी गरी प्राप्त गरेको सबै सम्पत्ति र हक साझेदारी फर्मको निमित्त प्राप्त गरेको मानिनेछ।

(४) साझेदारी कारोबारको प्रयोगमा बाहेक साझेदारीको सम्पति साझेदारहरुले अन्य काममा लगाउन दिन हुँदैन।

(५) कुनै साझेदारले माग गरे पनि साझेदारी कबुलियतमा तोकेको अंक भन्दा बढी पुँजी थप्न कुनै साझेदार बाध्य हुनेछैन।

(६) साझेदार कसैले पनि अन्य साझेदारको मञ्जुरी बेगर अरु कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार गराउन र राख्न पाउने छैन।

(७) कुनै साझेदारले आफ्नो भागको बुझाउनु पर्ने पुँजी साझेदारी फर्मलाई नबुझाएसम्म निजले पाउनुपर्ने मुनाफा पाउनेछैन।

(८) आफू साझेदार छँदा साझेदारी फर्मको निमित्त गरिएका सबै काम उपर संयुक्त वा व्यक्तिगत रूपमा प्रत्येक साझेदार जवाफदेही हुनेछ।

१९. **साझेदारले काममा भाग लिन पाउने**ः (१) कबुलियतमा भाग लिन पाउने भनी उल्लेख भएको साझेदारले बाहेक अन्य साझेदारले विरोध नगरेसम्म प्रत्येक साझेदारले साझा कारोबारको बन्दोबस्तमा भाग लिन पाउँछ।

तर सबै साझेदारको मञ्जुरी बेगर साझा कारोबारसँग सम्बन्ध नभएको अरु काम साझेदारीको नामबाट गर्न भने हुँदैन।

(२) साझेदारको सबै वा कुनै काममा सबै साझेदारले वा सो मध्ये कुनै दुई वा दुईभन्दा बढी साझेदारहरुले संयुक्त रूपमा गर्ने कबुलियत भएकोमा कुनै मनासिब माफिकको कारणले कबुलियत बमोजिम यस्ता सबै साझेदारहरुले सो काम गर्न नभ्याउने भएमा निजहरुले आफूमध्ये कसैलाई सो काम गर्न कबुलियत गरेर अधिकार दिन सक्नेछन्।

२०. **श्रेस्ता हेर्न र नक्कल लिन पाउने**ः हरेक साझेदारले साझेदारीको हिसाब किताब लगायतको श्रेस्ता हेर्न चाहेमा हेर्न पाउनेछन् र नक्कल लिन चाहेमा सो श्रेस्ता जिम्मा लिने साझेदारले सक्कल बमोजिमको नक्कल उतार गरी दिनु पर्नेछ।

२१. **पारिश्रमिक र ब्याज**ः साझा कामको बन्दोबस्त गरे बापतको पारिश्रमिक कबुलियतद्वारा तोकिए बमोजिम हरेक साझेदारले पाउनेछन् र निजले कबुल गरेभन्दा बढी पुँजी लगाएको भए दश प्रतिशतमा नबढाई लिखत बमोजिमको ब्याज पनि पाउँनेछ।

२२. **मुनाफा वा हर्जाना साझेदारी फर्मको हुने**ः (१) साझेदारी फर्मको कुनै कारोबारको सिलसिलामा वा साझेदारी फर्मको सम्पतिको उपयोग गरी वा साझेदारीको कारोबारको सम्बन्धबाट वा साझेदारी फर्मको नाममा कुनै साझेदारले नाफा प्राप्त गरेमा सो नाफा र त्यसको हिसाब समेत साझेदारी फर्मको हुनेछ।

(२) कुनै साझेदारले जानीजानी लापरवाही गरी हानि नोक्सानी गरेमा सोको हर्जाना बापतको रकम साझेदारी फर्मले असुल गर्न सक्नेछ र हानि नोक्सानी गर्ने साझेदारले पनि सो अनुसार तिर्नु बुझाउनु पर्नेछ।

तर यसरी असुल गर्नु अघि निजलाई सफाइको मौका दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कुनै साझेदारले तिरे बुझाएमा सो रकम साझेदारी फर्मको सो आर्थिक वर्षको नाफा नोक्सानको हिसाब श्रेस्तामा स्पष्ट देखाउनु पर्नेछ।

२३. **<u>नाफा नोक्सानको बाँडफाँट</u>**: (१) साझेदारहरुमा नाफा नोक्सानको हिसाब गरी बाँडफाँट गर्दा कबुलियतमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा दामासाहीले भागबण्डा लाग्नेछ।

(२) कुनै साझेदारले साझेदारी खडा गर्दा लगाएको पुँजीमा ब्याज लिने दिने गरी कबुलियत गरेको भए सो ब्याज मुनाफाबाट मात्र तिर्नु पर्नेछ।

(३) कुनै साझेदारले आफ्नो भागको बुझाउन पर्ने पुँजी फर्मलाई तिरी बुझाई सकेको रहेनछ भने सो बुझाउन पर्ने बाँकी अंक चुक्ता भर्ना नभएसम्म निजले पाउन पर्ने मुनाफा पाउन सक्नेछैन।

२४. **<u>साझेदारले गरेको कारबाहीमा साझेदारी फर्म बाध्य हुने</u>**: साझेदारी फर्मले कबुलियतद्वारा साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा बन्देज लगाउन सक्नेछ। यस्तो बन्देजी कबुलियतमा जेसुकै लेखिएको भए तापनि साझेदारी फर्मसँग कारोबार गर्ने उनाउ व्यक्तिलाई सो बन्देजको जानकारी रहेनछ भने हरेक साझेदारले साझेदार फर्मको निमित्त गरेको कारबाहीको लागि साझेदारी फर्म बाध्य हुनेछ।

२५. **<u>नयाँ साझेदार जवाफदेही नहुने</u>**: आफू साझेदार हुनुभन्दा अघि भए गरेको साझेदारी कामको हकमा नयाँ प्रवेश हुने साझेदार जवाफदेही हुने छैन।

२६. **<u>साझेदारले आफ्नो हक बिक्री गर्ने</u>**: कुनै साझेदारले साझेदारी फर्ममा रहेको आफ्नो सबै हक अरु कसैलाई बिक्री गरी वा अरु कुनै प्रकारले दिएमा सो साझेदारले सो अवधिभित्र साझेदारी कारोबारबाट पाउने मुनाफा वा अन्य कुनै रकममा सो व्यक्तिले दाबी गर्न सक्नेछ।

तर,

(क) त्यस्तो व्यक्ति सो साझेदारी फर्मको साझेदार मानिने छैन र

(ख) सबै साझेदारहरुको मञ्जुरी बेगर निजलाई सो फर्मको हिसाब किताब जाँच्ने अधिकार हुनेछैन।

२७. **<u>साझेदारी विघटन हुने</u>**: (१) सबै साझेदारका मञ्जूरीले वा निजहरुका बीचमा भएका कबुलियत बमोजिम साझेदारी विघटन हुन सक्नेछ।

(२) साझेदारहरुमा आपसमा भएका कबुलियतको अधीनमा रही कुनै साझेदारी सीमित कालको लागि खडा भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एकभन्दा बढी कामको निमित्त खडा भएकोमा सो काम पूरा भएपछि साझेदारी स्वतः विघटन हुनेछ।

२८. **<u>साझेदारीबाट अलग हुन सक्ने</u>**: (१) साझेदारहरुमा जुनसुकै व्यहोराको कबुलियतनामा भएको भए तापनि कुनै साझेदारले विशेष कारणबश र खासगरी देहायका परिस्थितिमा साझेदारीबाट अलग गराउन/हुन सकिनेछः-

(क) कुनै साझेदार आफूले गरेको कबुलियत बमोजिमको साझेदारी कार्यभार सम्हाल्न असमर्थ भएमा वा

(ख) कुनै साझेदारले फर्मलाई तिर्न बुझाउन पर्ने रकम नतिरेमा वा आफूले साझेदारीको हिस्सा अन्य साझेदारको मञ्जुरी बेगर कसैलाई हक छोडी दिएमा वा

(ग) कुनै साझेदारको हक अदालतबाट भरी भराउमा परेमा वा

(घ) कुनै साझेदारले फर्मको काम कारबाहीमा जालसाज वा लापरबाही गरी साझेदारी फर्मलाई हानि नोक्सानी गरेमा वा

(ङ) कुनै साझेदारले कैदको सजाय पाएमा वा

(च) कुनै साझेदारको मृत्यु भएमा वा

(छ) कुनै साझेदारले साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा।

(२) जुनसुकै समयमा जुनसुकै साझेदारले अरु साझेदारहरुलाई लिखित सूचना दिई साझेदारहरुको सहमतिमा साझेदारीबाट अलग हुन सक्नेछ।

(३) साझेदारीबाट अलग हुने साझेदार, साझेदारी फर्मको अघिको काममा उनाउ व्यक्ति प्रतिको जवाफदेहीबाट सो उनाउ व्यक्तिसँगको कबुलियतद्वारा र साझेदारी कायम रहेका बाँकी साझेदारहरुको मञ्जुरीले मात्र अलग हुन सक्नेछ।

(४) कुनै साझेदार साझेदारीबाट अलग भई सकेपछि अरु साझेदारले साझेदारी फर्मको नामबाट भए गरेका काम प्रति निज जवाफदेही हुने छैन।

२९. **<u>उनाउ व्यक्ति प्रतिको दायित्य पूरा गर्नु पर्ने</u>**: साझेदारी विघटन भएको प्रचार प्रसार नगरिएको वा त्यस्ता विघटनको जानकारी साझेदारी फर्मसँग सम्बन्धित उनाउ व्यक्तिलाई नभएमा साझेदारी विघटन भएपनि साझेदारी फर्मको नाममा गरेको काम कारबाहीबाट उनाउ व्यक्ति प्रतिको दायित्व सबै साझेदारले पूरा गर्नुपर्नेछ।

तर मृत्यु भएका वा दामासाहीमा परेका साझेदारको जेथाबाट निज मृत्यु भएको वा दामासाहीमा परेका मितिपछिको काम कारबाही वापत तिर्नु पर्ने छैन।

३०. **वारेस तोक्न सक्ने**: यो ऐनको अधीनमा रही साझेदारले आफू वा आफ्नो वारेसद्वारा साझेदारी सम्बन्धी कारोबारको लागि वारेस तोक्न सक्नेछ।

३१. **विघटन भएपछि पनि कायम रहने**: साझेदारी फर्मको विघटनको काम टुँग्याउनलाई चाहिने काम कारबाही र विघटन हुनु पहिले शुरु गरेको अपूरो काम पूरा गर्नलाई साझेदारी विघटन भैसकेपछि पनि साझेदारी फर्मलाई बाध्य गर्न र साझेदारहरुको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साबिक बमोजिम कायम रहनेछ।

३२. **साझेदारी फर्मको हिसाब फछ्र्यौट गर्ने**: साझेदारहरुको बिचमा भएको कबुलियत र यस ऐनको अधीनमा रही विघटन भएका साझेदारी फर्मको हिसाब फछ्र्यौट गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) फर्मको हितमा बाधा नपर्ने गरी साझेदारी फर्मको जायजेथाको नगदमा परिणत गर्ने,

(ख) पुँजी घटेको समेतको नोक्सानी सबभन्दा पहिले मुनाफाबाट र त्यसबाट नपुगे पुँजीबाट र त्यसवाट पनि नपुगे प्रत्येक साझेदारको घर घरानावाट असुल उपर गर्नु पर्नेछ,

(ग) दायित्व फछ्र्यौट गर्न देहायका क्रम र तरिकाबाट गर्नु पर्नेछः-

(१) साझेदारी फर्मले उनाउ व्यक्तिहरुलाई तिर्नुपर्ने ऋण,

(२) पुँजी बाहेकको साझेदारले दिएका थप कर्जाको दामासाहीले,

(३) साझेदारले बुझाएका पुँजीको दामासाही र

(४) शेष बाँकी जेथाबाट साझेदारहरुको भाग हिस्सा बमोजिम मुनाफा बाँड्नमा।

३३. **जायजेथा भाग नलाग्ने**: साझेदारका बीचमा कबुलियत भएको भए तापनि साझेदारी फर्मको ऋण भुक्तान नगरी साझेदारमा भागबण्डा गर्न पाइने छैन।

३४. **लिक्विडेटर नियुक्ति गर्ने**: (१) साझेदारी फर्मको हिसाब किताब फछ्र्यौट गर्न अनावश्यक ढिलो भयो भन्ने सबुद प्रमाण सहित कुनै साझेदारले उजुर गरेमा दर्ता गर्ने निकायले साझेदारी फर्म विघटन गर्ने कार्य गर्न तोकिए बमोजिम लिक्विडेटर नियुक्त गर्न सक्नेछ। लिक्विडेटरले साझेदारी कबुलियत र यस ऐन बमोजिम विघटनको कार्य र हिसाब किताबको फछ्र्यौट गर्नु पर्नेछ।

(२) लिक्विडेशन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद- ४

## व्यापार व्यवसाय नियमन सम्बन्धी व्यवस्था

३५. **उपभोक्ता अधिकार**: (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी उपभोक्ताको हक, हित र सरोकार संरक्षण गर्ने प्रयोजनको लागि प्रत्येक उपभोक्तालाई देहायको अधिकार हुनेछः-

(क) वस्तु वा सेवामा सहज पहुँचको अधिकार,

(ख) स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार,

(ग) वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सूचित हुने अधिकार,

(घ) दुई वा दुई भन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको सम्बन्धमा उत्पादक वा बिक्रेताबाट जानकारी पाउने अधिकार,

(ङ) मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(च) वस्तु वा सेवाको प्रयोगवाट भएको हानि, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने अधिकार,

(छ) उपभोक्ताको हक, हितको संरक्षणका सम्बन्धमा अधिकार प्राप्त अधिकारी वा निकायवाट उपचार पाउने वा सुनुवाई हुने अधिकार।

**३६. वस्तु वा सेवाको नियमनः** (१) प्रदेश सरकारले उपभोक्ताको अधिकारको संरक्षण गर्न नियमित रूपमा वस्तु वा सेवाको आपूर्ति मूल्य, गुणस्तर, लेवल, नापतौल, विज्ञापन आदिको नियमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियमन गर्दा मन्त्रालयले देहायको काम गर्नेछः-

(क) वस्तु वा सेवाको गुणस्तर, मूल्य, निर्धारण र आपूर्ति व्यवस्था सम्बन्धी नीति कार्यान्वयन गर्ने,

(ख) उपभोक्ताको हक, हितमा प्रतिकूल असर पर्ने गरी वा पर्न सक्ने गरी गरिएको एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(ग) प्रदेशभित्र खपत हुने वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी स्वच्छ बजार कायम गर्ने,

(घ) वस्तु वा सेवाका, विक्रेता वा वितरकले अवाञ्छित तरिकाले गरेको मूल्य निर्धारण वा वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ङ) उपभोक्तालाई उचित मूल्य र सहज रूपमा खाद्य तथा अन्य वस्तुको आपूर्ति सुनिश्चित गर्न प्रदेश सरकारको आंशिक वा पूर्ण स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनी मार्फत आपूर्तिको व्यवस्था सहज गर्ने,

(च) कुनै विशेष परिस्थितिमा वा कुनै ठाँउ विशेषमा तोकिएको अवधिका लागि वस्तुको अधिकतम मौज्दातको परिमाण तोक्ने,

(छ) प्रदेशभित्र उत्पादित कुनै खाद्य वस्तुको अभाव भएमा त्यस्तो खाद्य वस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको मूल्यमा उत्पादकबाट खाद्य वस्तु प्राप्त गर्ने र सर्वसाधारणलाई बिक्री गर्ने,

(ज) थोक तथा खुद्रा व्यवसायलाई व्यवस्थित गरी सामान्यतयाः मूल्यमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(झ) उपभोक्ताको अधिकार संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित वस्तु वितरण गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ञ) वस्तुको बिक्री वितरण प्रणालीलाई नियमित र अनुपयुक्त तवरले अभाव सृजना गर्ने काम नियन्त्रण गर्ने।

(३) उपभोक्ताको अधिकार संरक्षण, आपूर्ति व्यवस्था नियमित र वस्तु तथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण गर्न प्रदेश सरकारले समय समयमा आवश्यक नीतिगत र संस्थागत व्यवस्था गर्नेछ।

३७. <u>लेबल लगाउनु पर्ने</u>ः (१) उत्पादकले आफूले उत्पादन गरेको वस्तुमा लेबल लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लेबलमा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः-

(क) उत्पादनको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,

(ख) खाद्य पदार्थ, औषधि र सौन्दर्य सामाग्री जस्ता वस्तुमा त्यस्ता वस्तुको मिश्रण, मिश्रणका तत्व, परिमाण र तौल,

(ग) गुणस्तर निर्धारण भएको वस्तु भएमा त्यस्ता वस्तुको गुणस्तर,

(घ) वस्तु उपभोग गर्ने तरिका र त्यस्तो वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव (साइड इफेक्ट),

(ङ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने वस्तु भए त्यस्तो अवधि,

(च) वस्तुको बिक्री मूल्य, व्याच नम्बर र उत्पादन मिति,

(छ) इलेक्ट्रोनिक्स, हार्डवेयर, विद्युतीय वा यान्त्रिक वा लामो समयसम्म प्रयोगमा रहने वस्तु भए त्यस्तो वस्तुको ग्यारेण्टी वा वारेन्टी र ग्यारेन्टी र वारेन्टी मिति तथा सो वस्तुसँग सम्बन्धित कानून बमोजिम अन्य आवश्यक कुरा,

(ज) खण्ड (छ) बमोजिमका अवस्थामा कुनै त्रुटी देखिएमा त्यसको शोध भर्ना दिने वा निश्चित अवधिसम्म मर्मत गरिदिने व्यवस्था,

(झ) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने वस्तु भए त्यस्तो वस्तुको सुरक्षाको लागि अपनाउन पर्ने पूर्व सावधानी सम्बन्धी विवरण,

(ञ) कुनै वस्तु प्रयोग गर्नुपूर्व कुनै प्रक्रिया नपुऱ्याई प्रयोग गर्दा हुन सक्ने हानि नोक्सानी,

(ट) मानव स्वास्थ्यलाई हानि पुरयाउने खालका पदार्थहरुको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिन्हको प्रयोग,

(ठ) तोकिए बमोजिमका अन्य कुरा।

३८. **<u>अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न नहुने</u>:** (१) कसैले पनि अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न वा गराउन हुँदैन।

(२) कसैले उपदफा (१) को प्रयोजनको लागि देहायको कुनै काम गरेमा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिनेछः-

(क) वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नापतौल, ढाँचा वा बनावट आदि ढाँटी, लुकाई, छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(ख) झुट्टा वा भ्रमपूर्ण बिज्ञापन गरी वस्तु बिक्री गर्ने,

(ग) वस्तु वा सेवाको हकमा मौखिक लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः-

(१) कमसल वस्तुलाई विशिष्ठ वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी संरचना, डिजाइन देखाई बिक्री गर्ने,

(२) पुनःनिर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्री गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुट्टा र भ्रमपूर्ण रूपमा सूचना वा बिज्ञापन सूचना प्रचार, प्रसार गर्ने,

(४) तथ्यगत आधार बिना कुनै वस्तुको उपभोग वा प्रयोगबाट त्यस्तो वस्तुको दावी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने।

(घ) कुनै वस्तु वा सेवाको वास्तविक लागतको आधार भन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गर्ने वा कुनै प्रतियोगिता,

चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(ङ) कुनै वस्तु वा सेवाको मूल्यमा दान इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(च) कुनै वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानक भन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि नोक्सानी पुर्‍याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसार पसार वासञ्चय वा बिक्री गर्ने,

(छ) कुनै वस्तुको कृत्रिम अभाव सृजना, जम्माखोरी वा बिक्री गर्ने,

(ज) त्रुटीपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,

(झ) कुनै वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन वा पैठारी गर्न वा त्यस्तो वस्तुको बिक्री गर्ने,

(ञ) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बीजक जारी गर्न इन्कार गर्ने वा बिल बीजक जारी नगर्ने वा बिल बीजक जारी गर्दा थप रकम माग गर्ने,

(ट) कुनै वस्तुको उपभोग गर्दा उपभोक्तालाई हानि नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,

(ठ) उपभोग गर्नुपर्ने अबधि व्यतित भै सकेको उपभोग्य वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु बिक्री गर्ने,

(ड) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,

(ढ) व्यावसायिक सेवा प्रदायकले सेवाको मूल्य, गुणस्तर, सेवा उपलब्ध गराउने स्थान र समय उल्लेख नगरी सेवा प्रदान गर्ने,

(ण) उत्पादक, सञ्चयकर्ता वा बिक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ, संस्थाको मिलेमतोबाट दफा ३५ को उपदफा (१) प्रतिकूल हुने गरी बिक्री गर्ने,

(त) कुनै वस्तु वा सेवा बिक्री गर्न वा प्रदान गर्दा तोकिएको व्यापारिक तह भन्दा बढी तह वा शृङ्खला खडा गरी बिक्री वा प्रदान गर्ने,

(थ) कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने।

३९. **<u>माग आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुने</u>:** (१) कसैले कुनै वस्तुको उत्पादन, पैठारी, ढुवानी सञ्चय, वा बिक्री वितरणमा लागेको लागत र तोकिए बमोजिम भन्दा बढी मुनाफा लिई बिक्री वितरण वा ढुवानी वा बिक्री वितरणमा अवरोध गर्नु हुँदैन।

(२) कसैले कुनै व्यक्ति संस्था वा अन्य कसैसँग मिली देहायका कुनै काम गरी कुनै वस्तु वा सेवाको माग आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्नु हुँदैनः-

(क) कुनै वस्तुको उत्पादनको लागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गर्ने वा कुनै वस्तुको उत्पादन घटाउने वा त्यस्तै अन्य कुनै काम गर्ने,

(ख) कुनै वस्तु वा सेवा सञ्चित गरी वा अन्य कुनै तरिकाले कृतिम अभाव खडा गर्ने,

(ग) निर्धारित समय वा स्थानमा मात्र वस्तु वा सेवा बिक्री गर्ने वा त्यस्तै प्रकृतिको अन्य कुनै काम गर्ने।

४०. **<u>वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने अन्य काम</u>:** कसैले कुनै वस्तु वा सेवाको सम्बन्धमा देहायको कुनै काम गर्नु वा गराउनु हुँदैनः-

(क) जानी जानी कमसल वस्तुको उत्पादन, बिक्री वा पैठारी गर्न,

(ख) कुनै वस्तु वा सेवालाई अर्को वस्तु वा सेवा हो भनी वा न्यून स्तरको वस्तु वा सेवालाई उच्च स्तरको वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री गर्न,

(ग) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वस्तु वा सेवाको उत्पादन वा बिक्री गर्न,

(घ) एकै प्रकृतिका बिभिन्न वस्तु उत्पादन, पैठारी वा बिक्री गर्न, व्यापारी तथा व्यापारिक समूह मिली त्यस्तो वस्तुको अभाव सृजना गरी मूल्य तथा आपूर्ति व्यवस्थामा प्रभाव पार्न,

(ङ) एकै प्रकृतिको कुनै सेवा प्रदान गर्ने एक भन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलेमतोबाट चक्र प्रणाली, कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा सञ्चालन गर्न,

(च) एउटा वस्तु खरिद गर्दा अर्को वस्तु पनि खरिद गर्नु पर्ने व्यवस्था गर्न।

४१. **<u>उत्पादकको दायित्व</u>:** (१) उत्पादकले वस्तु वा सेवा उत्पादन गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) गुणस्तरीय वस्तु वा सेवा उत्पादन गर्ने,

(ख) वस्तुको लेबल निर्धारण गर्ने,

(ग) लेबलमा दफा ३७ बमोजिमका कुरा उल्लेख गर्ने,

(घ) त्रुटीपूर्ण उत्पादन नगर्ने,

(ङ) आफूले उत्पादन गरेको वस्तु त्रुटीपूर्ण उत्पादन भै त्यस्तो वस्तु बजारमा रहेको कुरा जानकारीमा आएमा त्यस्तो वस्तु संकलन गरी नष्ट गर्ने,

(च) वस्तु वा सेवाको उत्पादनको कारण उपभोक्तालाई कुनै किसिमको क्षति भए सो को मनासिब क्षतिपूर्ति दिने,

(छ) वस्तु वा सेवाको गलत वा भ्रामक बिज्ञापन वा प्रचार प्रसार नगर्ने,

(ज) दुई वा दुईभन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेको त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको उपभोक्तालाई जानाकारी दिनु पर्ने,

(झ) कानून बमोजिम तोकिएका अन्य शर्त पूरा गर्ने।

(२) उपदफा (१) बमोजिमको दायित्व पूरा नगरेको वा कुनै वस्तुको उत्पादन, निर्माण, प्रशोधन, डिजाईन, सूत्र, तयारी, पैठारी, प्याकिङ्ग, लेबलिङ्गको क्रममा भएको कुनै त्रुटी, कमजोरी (डीफेक्ट) को कारण त्यस्तो वस्तु वा सेवा उपभोग गर्दा कसैको जीउ, ज्यान, सम्पत्तिमा हानि, नोक्सानी बापत त्यस्तो वस्तु वा सेवाको उत्पादक जिम्मेबार हुनेछ र त्यस बापत प्रचलित कानून बमोजिम तोकिएको क्षतिपूर्ति दिने दायित्व निजको हुनेछ।

तर,

(क) जुन वस्तु वा सेवाको उपभोगको कारण हानि, नोक्सानी पुगेको हो त्यस्तो वस्तुको वास्तविक उत्पादक हुनु पर्ने,

(ख) जुन वस्तु वा सेवाको उपभोग वा प्रयोगबाट त्यस्तो हानि नोक्सानी पुगेको भनिएको हो सोही वस्तु खवा सेवाको उपभोग वा प्रयोगबाट हानि-नोक्सानी पुगेको प्रत्यक्ष कारण पुष्टि भएको हुनु पर्ने।

४२. **बिक्रेताको दायित्वः** वस्तुको बिक्री गर्ने बिक्रेताले कानून बमोजिम पूरा गर्नु पर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) बिना भेदभाव उपभोक्तालाई वस्तुको बिक्री गर्ने,

(ख) वस्तुको किसिम वा प्रवृत्ति अनुसार गुणस्तरमा ह्रास नआउने गरी सुरक्षित रूपमा राख्ने र सुरक्षित रूपमा बिक्री गर्ने,

(ग) सर्वसाधारणले प्रष्ट रूपमा देख्ने बुझ्ने गरी वस्तुको मूल्यसूची राख्ने,

(घ) सम्बन्धित निकाय वा पदाधिकारीले मागेका बखत आफूसँग रहेको वस्तुको मौज्दात वा विवरण उपलब्ध गराउने,

(ङ) वस्तुको कुनै किसिमको ग्यारेन्टीको व्यवस्था भएमा त्यस्तो व्यवस्थाको पालना गर्ने,

(च) पहिले आउने उपभोक्तालाई पहिले सामान बिक्री गर्ने,

(छ) उपभोग्य वस्तु बिक्री गरेपछि त्यसको बिल वा रसिद दिने,

(ज) तोकिए बमोजिमको अन्य दायित्व पूरा गर्ने।

४३. **सेवा प्रदायकको दायित्वः** उपभोक्तालाई सेवा प्रदान गर्ने सेवा प्रदायकले कानून बमोजिम पूरा गर्नु पर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछ।

(क) बिना भेदभाव उपभोक्तालाई सेवा प्रदान गर्ने,

(ख) सर्वसाधारणले स्पष्ट बुझ्ने गरी सबैले देख्ने ठाँउमा आफूले प्रदान गर्ने सेवाको प्रकृति र सो सेवा प्राप्त गरे बापत उपभोक्ताले तिर्नु पर्ने मूल्यको सूची राख्ने,

(ग) सम्बन्धित निकाय वा अधिकारीले माग गरेको बखत आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विवरण तथा कागजात उपलब्ध गराउने,

(घ) पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने,

(ङ) उपभोक्तालाई सेवा प्रदान गरे बापतको रकम लिए पछि त्यसको बिल वा रसिद दिने,

(च) तोकिए बमोजिम अन्य दायित्व पूरा गर्ने।

४४. **बिल वा बीजक राख्नु पर्नेः** (१) पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र बिक्रेताले बिक्री प्रयोजनको लागि खरिद गरेको वस्तु वा सेवाको उत्पादक वा खरिद बिल वा बीजक आफूसँग राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बिल वा बीजक सम्बन्धित अधिकारीले मागेका बखत उपलब्ध गराउनु पर्नेछ।

४५. **वस्तु फिर्ता गर्न सकिनेः** (१) कसैले बिक्रेतावाट खरिद गरेको कुनै वस्तु चित्त नबुझी फिर्ता गर्न चाहेमा सात दिनभित्र बिक्रेता समक्ष फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बरावरको त्यस्तै अर्को वस्तु वा आफूले त्यस्तो वस्तु खरिद गर्दा तिरेको रकम भुक्तानी लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वस्तु फिर्ता गर्दा बिक्रेताले मूल्यमा कटौति गर्न वा अन्य कुनै किसिमको थप शुल्क लिन पाउने छैन।

(३) उपदफा (१) बमोजिम वस्तु फिर्ता गर्दा त्यस्तो वस्तु खरिद गर्दाका वखत बिक्रेताले दिएको विल वा रसिद देखाउनु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा वस्तु फिर्ता गर्न वा सट्टा लिन सकिने छैनः-

(क) खरिद भईसकेपछि खरिदकर्ताले त्यस्तो वस्तुको गुणस्तर वा परिमाणमा परिवर्तन गरेमा,

(ख) निश्चित अवधिभित्र उपभोग गरिसक्नुपर्ने प्रकृतिका वस्तु भए त्यस्तो अवधि व्यतित भइसकेको वस्तु भएमा,

(ग) दूध, फलफूल, तरकारी, माछा, मासु जस्ता तुरुन्त उपभोग नगरेमा सडीगली जाने प्रकृतिका वस्तु भएमा,

(घ) खरिद गरेको वस्तु प्रयोग गरिसकेको भएमा,

(ङ) सिलवन्दी गरिएको वस्तु भए सिलवन्दी तोडिएको अवस्थामा।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सिलवन्द गरेको वस्तु भए सिल नतोडिएको अवस्थामा त्यस्तो वस्तु १५ दिनभित्र फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बराबरको त्यस्तै अर्को वस्तु लिन सकिनेछ।

४६. **मूल्यसूची तथा दर्ता प्रमाणपत्र राख्नु पर्नेः** (१) उत्पादकले प्रत्येक वस्तुको कारखाना मूल्य तथा बिक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको मूल्य स्पष्ट रूपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ।

(२) वस्तु उत्पादन गर्ने उद्योग भए उद्योग दर्ताको प्रमाणपत्र तथा व्यवसायको हकमा व्यवसाय दर्ता, इजाजत पत्र बिक्री स्थलमा सर्वसाधारणले देख्नेगरी राख्नु पर्दछ।

(३) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम मूल्य सूचना केन्द्र स्थापना गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्थापित मूल्य सूचना केन्द्रलाई सम्बन्धित जिल्लामा रहेको उत्पादकले वस्तुको कारखाना मूल्य र थोक वा खुद्रा व्यापारीले सम्बन्धित वस्तुको थोक वा खुद्रा मूल्य अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

४७. **निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेः** बजार तथा आपूर्ति व्यवस्थालाई भावकारी बनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु वा सेवा सरल एवं सहज रूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न प्रदेश सरकारले निरीक्षण अधिकृत नियुक्त गर्न वा निरीक्षण अधिकृतको रूपमा काम गर्न प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ।

४८. **निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकारः** निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउँमा प्रवेश गर्न,

(ख) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिन,

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्ति वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिन,

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउन,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन, बिक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउन,

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भै नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्री वितरणमा रोक लगाउन,

(छ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश लिन उपयुक्त देखिएमा सो आदेश दिन,

(ज) कुनै ठाउँमा खानतलासी गर्न,

(झ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उपयुक्त सम्झेको अन्य कार्य गर्ने।

४९. **<u>निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेः</u>** (१) कुनै ठाउँमा सुरक्षित, असरयुक्त वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम काम कारबाही भइरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा निरीक्षण अधिकृतले त्यस्तो ठाउँमा निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा सुरक्षित, असरयुक्त वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारबाही भइरहेको देखिएमा निरीक्षण अधिकृतले त्यस्तो उपभोग्य वस्तुको तोकिए बमोजिम नमुना लिई तोकिएको अवधिको लागि त्यस्तो उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउनेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षण अधिकृतले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन तीन दिनभित्र निर्देशनालयमा पेश गर्नु पर्नेछ।

५०. **<u>निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधिः</u>** (१) निरीक्षण अधिकृतले कुनै ठाउँको निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) सम्बन्धित व्यक्तिलाई सूचना दिएर मात्र निरीक्षण, जाँचबुझ वा खानतलासी गर्नु पर्ने,

(ख) निरीक्षण, जाँचबुझ वा खानतलासी लिंदा यथासम्भव सूर्योदय भई सूर्यास्त नभएसम्मको समयमा मात्र गर्नु पर्ने,

(ग) निरीक्षण, जाँचबुझ वा खानतलासीको सिलसिलामा कुनै उपभोग्य वस्तुको नमुना परीक्षणको लागि लिएकोमा यथासम्भव कुनै व्यक्तिलाई साक्षी राख्नु पर्ने,

(घ) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा यथा सम्भव कुनै किसिमको हानि नोक्सानी नहुने गरी लिनु पर्ने।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सिलसिलामा निरीक्षण अधिकृतले सूचना दिँदा दिँदै पनि सम्बन्धित व्यक्ति वा अरू कसैले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने अनुमति नदिई बाधा विरोध गरेमा निरीक्षण अधिकृतले स्थानीय जनप्रतिनिधिहरुलाई साक्षी राखी त्यस्तो निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ।

५१. **उपभोग्य वस्तु रोक्का राख्न सक्नेः** (१) यस ऐन बमोजिम निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा कुनै उपभोग्य वस्तु रोक्का राख्नु आवश्यक देखेमा त्यस्तो उपभोग्य वस्तु सिलबन्दी गरी सम्बन्धित व्यक्तिको जिम्मा लगाई प्रयोगशालाबाट नमुना परीक्षण वा विश्लेषण भई नआउन्जेलसम्मको अवधिसम्मका लागि रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले रोक्का राखेको उपभोग्य वस्तु सम्बन्धित व्यक्तिले आफ्नो जिम्मा लिनु पर्नेछ र त्यसरी जिम्मा लिँदा त्यसको दुई प्रति भर्पाई तयार गरी एक प्रति निरीक्षण अधिकृतले र एक प्रति सम्बन्धित व्यक्तिले लिनु पर्नेछ।

(३) यस ऐन बमोजिम रोक्का राखिएको कुनै उपभोग्य वस्तु सडी गली जाने प्रकृतिको भई रोक्का राखिएको अवधिमा सडीगलि गएमा सोको हानि नोक्सानी प्रति प्रदेश सरकार वा निरीक्षण अधिकृतले कुनै किसिमको जवाफदेही बहन गर्नु पर्नेछैन।

(४) निरीक्षण अधिकृतले रोक्का राखेको उपभोग्य वस्तु सम्बन्धित व्यक्तिलाई जिम्मा लगाउँदा लिन मञ्जुर नगरेमा निरीक्षण अधिकृतले त्यस्तो उपभोग्य वस्तु आफ्नो कब्जामा लिई सम्बन्धित व्यक्तिलाई त्यस्तो भर्पाई दिनु पर्नेछ।

(५) रोक्का वा कब्जा गरिएको कुनै उपभोग्य वस्तुको नमुनालाई परीक्षण वा विश्लेषण गर्दा प्रयोगशालाले सो उपभोग्य वस्तु जन सुरक्षित, असरयुक्त र गुणयुक्त छ भन्ने ठहराएमा कार्यालयले रोक्का वा कब्जा भएको उपभोग्य वस्तु फुकुवा गर्नेछ।

५२. **उपभोग्य वस्तुको परीक्षणः** (१) निरीक्षण अधिकृतले निरीक्षणका क्रममा लिएको उपभोग्य वस्तुको नमुना प्रचलित कानून बमोजिम परीक्षणको लागि प्रयोगशालामा पठाउनु पर्नेछ।

(२) उपभोग्य वस्तुको नमुना लिँदा निरीक्षण अधिकृतले त्यस्तो नमुना सम्बन्धित

व्यक्तिलाई दिन, परीक्षण वा विश्लेषणको लागि प्रयोगशालामा पठाउन र कार्यालयमा समेत राख्नको लागि छुट्टा छुट्टै भाँडाभित्र राखी सिलबन्दी गर्नु पर्नेछ।

(३) परीक्षणको लागि पठाइएको उपभोग्य वस्तुको नमुना प्रयोगशालामा परीक्षण हुँदा कमसल उपभोग्य वस्तु ठहरिएमा सम्बन्धित उपभोग्य वस्तुहरू जफत हुनेछन्।

५३. <u>निरीक्षण अधिकृतलाई बाधा विरोध गर्न नहुने</u>ः (१) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा निजलाई सम्बन्धित व्यक्ति वा अरू कसैले बाधा विरोध गर्न हुँदैन।

(२) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासीको सिलसिलामा सम्बन्धित व्यक्तिलाई कुनै आदेश दिएकोमा सम्बन्धित व्यक्तिले निरीक्षण अधिकृतले दिएको आदेश पालना गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षण अधिकृतले दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको तीसदिनभित्र मन्त्रालय समक्ष उजूरी दिन सक्नेछ र त्यस्तो उजुरीको सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

(४) निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खान तलासी गर्दा सम्बन्धित व्यक्ति, स्थानीय प्रशासन तथा प्रहरीले आवश्यक सहयोग गर्नु पर्नेछ।

५४. <u>प्रदेश तथा जिल्ला बजार अनुगमन समिति</u>ः (१) उपभोक्ताको हक हित संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउन तथा वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा सुपरिवेक्षण तथा अनुगमन गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश बजार अनुगमन समिति तथा जिल्ला बजार अनुगमन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बजार अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन टोली वा उपसमिति गठन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रदेश बजार अनुगमन समिति र जिल्ला बजार अनुगमन समितिको काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५५. <u>स्थानीय बजार अनुगमन समिति</u>ः (१) यस ऐन बमोजिम उपभोक्ताको अधिकार संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा बजारको स्थलगत सुपरिवेक्षण तथा अनुगमन गर्नका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय बजार अनुगमन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यक संख्यामा स्थानीय तह अन्तर्गतका निकाय तथा उपभोक्ताको समेत प्रतिनिधित्व हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गठन हुने स्थानीय बजार अनुगमन समितिको काम, कर्तव्य, अधिकार, कार्यविधि तथा अन्य आवश्यक कुराहरु तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम गठन हुने स्थानीय बजार अनुगमन समितिले आवश्यकता अनुसार बजार अनुगमन टोली वा उपसमिति गठन गर्न सक्नेछ।

(५) स्थानीयतहले स्थानीय वजार अनुगमनका लागि आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

५६. **बजार अनुगमन टोली गठन गर्न सक्ने**: (१) अनुचित व्यापारिक क्रियाकलाप भए नभएको वा मूल्य सूची राखे नराखेको वा वस्तु तथा सेवाको गुणस्तर जस्ता विषयमा नियमित बजारको अनुगमन तथा निरीक्षण गर्न मन्त्रालय वा निर्देशनालयले समय समयमा सम्बन्धित क्षेत्रको विज्ञ समेत रहेको बजार अनुगमन टोली वा विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन टोलीले कुनै वस्तु वा सेवाको गुणस्तर, परिमाण, मूल्य निर्धारण प्रक्रियाको सम्बन्धमा जानकारी लिन वा सोधपुछ गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम बजार अनुगमन टोलीले उपदफा (२) बमोजिम जानकारी लिंदा वा सोधपुछको सिलसिलामा सम्बन्धित उत्पादक वा विक्रेतासँग आवश्यक कागजात वा प्रमाण माग्न सक्नेछ र त्यस्तो कागजात वा प्रमाण पेश गर्नु सम्बन्धित उत्पादक वा बिक्रेताको दायित्व हुनेछ।

(४) उपदफा (१) बमोजिम बजार अनुगमन टोलीले यस ऐन बमोजिम निरीक्षण अधिकृतलाई भएको सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको अनुगमन टोलीले बजार अनुगमन तथा निरीक्षण गर्दा तोकिए बमोजिम बजार अनुगमन फारमको प्रयोग गर्नेछ।

५७. **जाँचबुझ वा निरीक्षण गर्न सक्ने**: (१) कसैले अनुचित व्यापारिक वा व्यवसायजन्य क्रियाकलाप गरेको, बजार एकाधिकार कायम गरी वा अन्य कुनै तरिकाबाट वस्तु वा सेवाको मूल्य वा आपूर्ति व्यवस्थालाई प्रभावित पार्ने काम गरिरहेको वा कमसल वस्तुको उत्पादन वा बिक्री वितरण गरिरहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारबाही गरिरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा वा त्यस्ता कुराका सम्बन्धमा कुनै सञ्चार माध्यम वा कुनै उजुरी मार्फत वा कुनै निगरानी गर्ने निकाय मार्फत सूचना आएमा मन्त्रालय वा निर्देशनालय वा कार्यालयले सो सम्बन्धमा तत्काल आवश्यक जाँचबुझ वा निरीक्षण गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ वा निरीक्षणबाट दोषी देखिएका उत्पादक वा बिक्रेतालाई यो ऐन वा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

५८. **आकस्मिक निरीक्षण गर्न सक्ने**: (१) निर्देशनालय वा कार्यालयले उपभोक्ताको हकहित संरक्षणको लागि बजारको आकस्मिक निरीक्षण गर्न सक्नेछ।

(२) आकस्मिक निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५९. **सहयोग गर्नुपर्नेः** (१) यो ऐन कार्यान्वयन गर्ने सिलसिलामा निर्देशनालयले स्थानीय प्रशासन तथा प्रहरीको सहयोग मागेमा त्यस्तो सहयोग गर्नु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुनेछ।

(२) यस ऐन बमोजिम अनुगमन वा निरीक्षण गर्ने क्रममा त्यस्तो अनुगमन वा निरीक्षण गर्ने अधिकारी वा यस ऐन बमोजिम खटाईएका व्यक्ति, टोली वा निरीक्षण अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

## परिच्छेद- ५

## कसूर तथा जरिबाना सम्बन्धी व्यवस्था

६०. **कसूर गरेको मानिनेः** कसैले देहायको काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) दफा ३ र दफा १० बमोजिम प्राइभेट वा साझेदारी फर्म दर्ता नगरी कुनै काम वा कारबाही गरेमा,

(ख) दफा ४ र दफा १२ बमोजिम दरखास्त दिंदा झुट्ठा विवरण दाखिला गरेमा,

(ग) दफा ८ को उपदफा (२) र दफा १६ को उपदफा (२) बमोजिम दिनुपर्ने विवरण तोकिएको म्यादभित्र नदिएमा वा झुट्ठा विवरण दिएमा,

(घ) दफा ३७ बमोजिम लेबलिङ्ग नगरेमा वा लेबलमा झुट्ठा कुरा उल्लेख गरेमा,

(ङ) दफा ४१, ४२ र ४३ बमोजिम उत्पादक, बिक्रेता वा सेवा प्रदायकले आफ्नो दायित्व पूरा नगरेमा वा दायित्वको उल्लङ्घन हुने काम गरेमा,

(च) दफा ४५ बमोजिम बिक्रेताले तोकेको अबधि भित्र सामान फिर्ता नलिएमा वा त्यस्तो मूल्य बराबरको सामान सट्टा नदिएमा वा मूल्य फिर्ता नगरेमा,

(छ) दफा ४४ बमोजिम बिल बीजक नराखेमा,

(ज) दफा ३८ को उपदफा (२) को खण्ड (क), (छ), (ञ), (ठ) बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएमा,

(झ) दफा ३८ को उपदफा (२) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (ज), (झ), (ट), (ढ), (त) वा (थ) बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएमा,

(ञ) दफा ३९ को उपदफा (१) वा उपदफा (२) को खण्ड (क) बमोजिमको माग आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने काम गरे गराएमा,

(ट) दफा ३९ को उपदफा (२) को खण्ड (ख) वा (ग) बमोजिमको काम गरे गराएमा,

(ठ) दफा ४० को विपरीत हुने काम गरे गराएमा,

(ड) दफा ४६ को उपदफा (१) वा (२) बमोजिमको काम नगरेमा,

(ढ) दफा ५३ को उपदफा (१) बमोजिम यस ऐन बमोजिम जाँचबुझ, निरीक्षण वा अनुगमनको क्रममा सहयोग नगरेमा,

(ण) दफा ६५ को उपदफा (१) वा (२) बमोजिमको काम नगरेमा,

(त) व्यापार व्यवसाय सम्बन्धमा माथि उल्लिखित बाहेक प्रचलित कानूनले कसूर मानेका अन्य कसूर गरेमा।

६१. **जरिबाना सम्बन्धी व्यवस्थाः** (१) कसैले देहायको कुनै कार्य गरे वा गराएमा यस ऐन बमोजिम कसूर गरेको मानी देहाय बमोजिमको निकाय वा अधिकार प्राप्त अधिकारीले देहाय बमोजिम जरिबाना गर्न सक्नेछः-

(क) दफा ६० को खण्ड (क) बमोजिम दर्ता नगराई खोलिएको प्रत्येक प्राइभेट फर्म वा साझेदारी फर्मको प्रत्येक धनीलाई दर्ता गर्ने निकायले दस हजार रूपैयाँ देखि पन्ध्र हजार रूपैयाँसम्म,

(ख) दफा ६० को खण्ड (ख) बमोजिम फर्म दर्ताको लागि दरखास्त दिँदा झुठ्ठा विवरण दाखिल गर्नेलाई दर्ता गर्ने निकायले पाँच हजार देखि पन्ध्र हजार रूपैयाँसम्म,

(ग) दफा ६० को खण्ड (ग) बमोजिम दिनुपर्ने सूचना/विवरण तोकिएको म्यादभित्र नदिने वा झुठ्ठा विवरण दिने प्राइभेट फर्म वा साझेदारी फर्मलाई तोकिएको निकायले चालीस हजार रूपैयाँ,

(घ) बजार अनुगमन, निरीक्षणको क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक, बिक्रेता वा सेवा प्रदायकले देहायको कुनै कसूर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले देहाय बमोजिम जरिबाना गर्न सक्नेछः-

(१) दफा ६० को खण्ड (छ) बमोजिमको कसूर गरे वा गराएमा दस हजारदेखि पन्ध्र हजार रूपैयाँसम्म,

(२) दफा ६० को खण्ड (ज) बमोजिमको कसूर गरे वा गराएमा दुई लाख पचास हजारदेखि तीन लाखसम्म,

(३) दफा ६० को (ट) बमोजिम कसूर गरे वा गराएमा पचास हजारदेखि पचहतर हजार रूपैयाँसम्म,

(४) दफा ६० को (ड) बमोजिमको कसूर गरे वा गराएमा पचास हजारदेखि पचहत्तर हजार रूपैयाँसम्म,

(५) दफा ६० को (ढ) बमोजिमको कसूर गरेमा बीस हजार रूपैयाँ।

(ङ) दफा ६० को खण्ड (ण) बमोजिमको कसूर गरेमा निरीक्षण अधिकृतले फोहर व्यवस्थापनमा लाग्ने रकम असुल गरी फोहरमैलाको मात्रा र प्रकृति हेरी देहाय बमोजिम जरिबाना गर्नेछः-

(१) साधारण फोहरमैला भएमा पच्चीस हजार रूपैयाँसम्म,

(२) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला भएमा फोहोरको मात्रा र प्रकृति हेरी दुई लाख रूपैयाँसम्म,

(३) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने गरेमा पचास हजार रूपैयाँसम्म।

(२) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमको सजाय हुने कसूर पटक पटक गरेमा पटकै पिच्छे दोब्बर जरिबाना हुनेछ।

(३) निरीक्षण अधिकृतले यस दफा बमोजिम तत्काल जरिबाना गर्नुपर्ने कारण र जरिबाना गरेको रकम लगायतका सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र निर्देशनालयलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम तत्काल जरिबाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिबाना नतिर्ने, नबुझाउने त्यस्तो वस्तुको उत्पादक वा बिक्रेता विरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछः-

(क) जरिबाना भएको रकम नतिरे, नबुझाएसम्म त्यस्तो वस्तुको सिलबन्दी गरी राख्ने,

(ख) जरिबाना भएको रकम नतिरे, नबुझाएसम्म त्यस्तो वस्तुको उत्पादक वा बिक्रेताले उत्पादन वा बिक्री गर्ने अन्य वस्तु समेत रोक्का राख्ने।

(५) यस दफा बमोजिम निरीक्षण अधिकृतले गरेको कार्य उपर चित्त नबुझेमा सात दिनभित्र निर्देशनालय समक्ष पुनरावलोकन गर्न सकिनेछ र निर्देशनालयको निर्णय अन्तिम हुनेछ।

(६) यस ऐन बमोजिम निर्णय गर्नका लागि निरीक्षण अधिकृतलाई सरोकारवाला व्यक्तिहरु झिकाउने, बुझ्ने, म्याद तारेख दिने र निजहरुबाट लिखत गराउने समेत प्रचलित कानून बमोजिम अदालतले पाए सरहको अधिकार हुनेछ।

६२. **<u>सजाय सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ६१ मा उल्लेखित जरिबाना सम्बन्धी व्यवस्था बाहेकको दफा ६० बमोजिमको कसूरमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(२) यो ऐन बमोजिम गरिएको जरिबानाले प्रचलित कानून बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद- ६

## विविध

६३. **दस्तुर जम्मा गर्ने**: (१) यस ऐन अन्तर्गत स्थानीय तहले लिने दस्तुर, शुल्क प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सञ्चित कोषमा दाखिल भएको रकममध्ये स्थानीय तहलाई प्रदान गरिने रकम सम्बन्धी प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

[*]६३क. **शुल्क तथा दस्तुरहरू**: (१) देहायका विषयहरू अद्यावधिक वा परिवर्तन गरि पाउँ भनी दर्ता कायम रहेका प्राइभेट फर्म वा साझेदारी फर्मले रितपूर्वक निवेदन दिएमा देहाय बमोजिमको दस्तुर लिई परिवर्तन गरिदिनु पर्नेछः-

(क) प्रमाणपत्रको प्रतिलिपिः पाँच सय रूपैयाँ

(ख) नामसारीः सुरू दर्ता सरहको दस्तुर

(ग) नाम परिवर्तनः सुरू दर्ताको पचास प्रतिशतले हुन आउने दस्तुर

(घ) फर्मको कानुनी स्वरुप परिवर्तनः सुरु दर्ता बराबरको दस्तुर

(ङ) पूँजी वृद्धिः अनुसूची-२ बमोजिम हाल कायम हुने दस्तुरबाट साविकमा तिरेको दर्ता दस्तुर घटाई बाँकी हुन आउने दस्तुर

(च) अन्य निवेदन दस्तुरः एकसय रूपैयाँ

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग, सीमान्तकृत र द्वन्द पिडित व्यक्तिको नाममा मात्र उद्योग/व्यवसाय दर्ता गर्न चाहेमा त्यस्तो फर्म दर्ता गर्दा यस ऐन बमोजिम लाग्ने दर्ता दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।

तर त्यस्तो छुट प्राप्त गर्न दलित समुदाय, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग सीमान्तकृत र द्वन्द पिडित व्यक्तिले अधिकार प्राप्त निकायबाट जारी गरिएको प्रमाणपत्र वा सिफारिस पेस गर्नु पर्नेछ।

६४. **प्रदूषण शुल्क लाग्ने**: वातावरणमा प्रदूषण फैलाउने किसिमका वस्तुको उत्पादन तथा व्यापार व्यवसाय गर्ने फर्म वा कम्पनीले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिमको प्रदूषण नियन्त्रण शुल्क तिर्नु पर्नेछ।

६५. **फोहरमैलाको व्यवस्थापन गर्नु पर्ने**: (१) यो ऐन बमोजिम दर्ता वा अभिलेखीकरण भएका प्राइभेट तथा साझेदारी फर्मले आफूले उत्पादन गरेको फोहरमैला आफैंले व्यवस्थापन गर्नु पर्नेछ।

(२) प्रचलित कानून बमोजिम दर्ता भई यस प्रदेशमा उद्योग, व्यापार वा व्यवसाय गर्न चाहने कम्पनीले आफूले उत्पादन गरेको फोहरमैला आफैंले व्यवस्थापन गर्नु पर्नेछ।

---

[*] पहिलो संशोधनद्वारा थप।

६६. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: यस ऐनमा लेखिएका कुराहरु यसै ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित प्रदेश वा संघीय कानून बमोजिम हुनेछ।

६७. **<u>नियम बनाउने अधिकार</u>**: यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६८. **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने</u>**: (१) मन्त्रालयले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्नेछ।

(२) यो ऐनमा भएको व्यवस्था कार्यान्वयनका लागि स्थानीय तहले आवश्यकता अनुसार कार्यविधि, मापदण्ड बनाई लागू गर्न सक्नेछ।

६९. **<u>यो ऐन अन्तर्गत मानिने</u>**: (१) यो ऐनको कार्य क्षेत्रभित्र परेका यो ऐन जारी हुनु अघि प्रदेश सरकार र अन्तर्गतका निकायबाट भए गरेका कामहरु यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

(२) यसअघि प्रदेश सरकारले जारी गरेको संयुक्त बजार अनुगमन निर्देशिका २०७५ यसै ऐन अन्तर्गत जारी भएको मानिनेछ।

७०. **<u>अधिकार प्रत्यायोजन</u>**: मन्त्रालय वा निर्देशनालयले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये केही अधिकार आफू मातहतको कार्यालय तथा अधिकृतस्तरको कर्मचारीलाई आवश्यकता अनुसार केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

७१. **<u>अनुसूची हेरफेर गर्न सक्ने</u>**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची हेरफेर गर्न सक्नेछ।

## अनुसूची- १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्राइभेट फर्म दर्ता दरखास्तको ढाँचा</u>**

श्री ................................।

महोदय,

तल लेखिए बमोजिम उद्योग व्यापार व्यवसाय गर्न निम्न लिखित नामको प्राइभेट/साझेदारी फर्म मेरो/हाम्रो नाममा दर्ता गराउन इच्छुक भएकोले यो निवेदन पत्र पेश गरेका छु/छौं। लेखिएको व्यहोरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानून बमोजिम सहुँला वुझाउँला।

(१) फर्मको पूरा नामः

(२) फर्मको पूरा ठेगानाः

(३) उद्देश्यः

(४) पूँजीः

(५) कारोबार गर्ने चीज तथा कामको विवरणः

(६) प्राइभेट फर्मको धनी वा साझेदारहरुको तीन पुस्ते नाम, थर, वतन र हिस्साको अंक यो फर्मको हानि नोक्सानी भएमा घर घरानाबाट व्यहोर्न राजी हुने (हुनेहरु):

दरखास्तवाला (दरखास्तवालाहरु) को लेखात्मक र रेखात्मक दुवै औंठाको सहिछापः

लेखात्मक सहिः

वायाँ दायाँ

साक्षीः दरखास्तवालाको माथि लेखिए बमोजिमको नाम, थर वतन ठीक दुरुस्त छ भनी सनाखत गर्ने।

ईति सम्वत् २...... साल...... गते..... रोज शुभम्।

## *अनुसूची- २

(दफा ४ को उपदफा (२), दफा ९क. को उपदफा (२) र दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**प्राइभेट/साझेदारी फर्म/व्यवसाय गर्ने कम्पनीको दर्ता दस्तुर**

| सि.नं. | पुँजी | दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | एक लाख रुपैयाँसम्म | १,०००।- | |
| २. | एकलाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | ३,०००।- | |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ६,०००।- | |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | ७,०००।- | |
| ५. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | १२,०००।- | |
| ६. | बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | २०,०००।- | |
| ७. | एककरोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ३०,०००।- | |
| ८. | पाँच करोड रुपैयाँभन्दा बढी | ५०,०००।- | |

*पहिलो संशोधनद्वारा संशोधित।

## अनुसूची- ३

(दफा ४ को उपदफा (२) र १२ को उपदफा (२) सँग सम्बन्धित)

**बागमती प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**................................. कार्यालय**

प्रा.फा.नं.

**उद्योग/व्यापार व्यवसाय**

**प्रमाण-पत्र**

निम्न लेखिएको विवरण भएको प्राइभेट/साझेदारी फर्म मिति .............मा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ।

विवरण

फर्मको ठेगानाः.................................................

गाउँपालिका/नगरपालिका वडा नं...........

स्थापना/सञ्चालन हुने स्थानः......................कित्ता नं.ः .........

**धनी (प्रोप्राइटर)/साझेदारको**

नाम, थरः

वतनः

कारोबारको उद्देश्यः

पुँजी रुः

वार्षिक उत्पादन क्षमताः

विद्युत शक्ति (किलोवाट)ः

नामसारी/ठाउँसारीको विवरणः

निर्देशक/कार्यालय प्रमुख

यो प्रमाणपत्र हराए, च्यातिए वा नष्ट भएमा रु ५००।- तिरी प्रतिलिपि लिन सकिनेछ।

## उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## ....................................... कार्यालय

◈<u>बागमती प्रदेश</u>

## <u>नवीकरणको विवरण</u>

**फर्मको नामः**

| मिति | नवीकरण गरिएको अवधि | बुझाएको दस्तुर रु. | भौचर नं र मिति | दस्तखत |
|---|---|---|---|---|
| | | | | |

यो प्रमाणपत्र प्राप्त गर्नेले आफूले उत्पादन गरेको फोहरमैला व्यवस्थापन नगरी जथाभावी फालेमा फोहरमैला व्यवस्थापनमा लाग्ने रकम र दुई लाखसम्म जरिबाना तिर्नु पर्नेछ।

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

## *अनुसूची–४

(दफा ५ को उपदफा (३) र (४), दफा ९ को उपदफा (४) तथा ९ख. को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्राइभेट फर्म तथा व्यवसाय गर्ने कम्पनीको अनुमतिपत्र नवीकरण दस्तुर र जरिबाना</u>**

| सि.नं. | पुंजी | नवीकरण दस्तुर (रुपैयाँमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | पैंतिस दिनभित्र | नब्बे दिनभित्र | एक वर्षसम्म | एक वर्ष नाघेपछि | |
| | | | | | दस्तुर | थप जरिबाना |
| १. | एक लाख रुपैयाँसम्म | ६००।- | ९००।- | १२००।- | १२००।- | ६००।- प्रतिवर्ष |
| २. | एकलाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | १०००।- | १५००।- | २०००।- | २०००।- | १०००।- प्रतिवर्ष |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | १६००।- | २४००।- | ३२००।- | ३२००।- | १६००।- प्रतिवर्ष |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | २०००।- | २७००।- | ३५००।- | ३५००।- | २०००।- प्रतिवर्ष |
| ५. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | ३०००।- | ४५००।- | ६०००।- | ६०००।- | ३०००।- प्रतिवर्ष |
| ६. | बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ५०००।- | ७५००।- | १००००।- | १००००।- | ५०००।- प्रतिवर्ष |
| ७. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ६५००।- | ९७५०।- | १३०००।- | १३०००।- | ६५००।- प्रतिवर्ष |
| ८. | एककरोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ८०००।- | १२०००।- | १६०००।- | १६०००।- | ८०००।- प्रतिवर्ष |
| ९. | तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ११०००।- | १६५००।- | २२०००।- | २२०००।- | ११०००।- प्रतिवर्ष |
| १०. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | १५०००।- | २२५००।- | ३००००।- | ३००००।- | १५०००।- प्रतिवर्ष |
| ११. | दश करोड रुपैयाँभन्दा बढी | २००००।- | ३००००।- | ४००००।- | ४००००।- | २००००।- प्रतिवर्ष |

* पहिलो संशोधनद्वारा संशोधित।

## *अनुसूची– ५

(दफा १५ को उपदफा (१) र (३) सँग सम्बन्धित)

**सोझेदारी फर्म नवीकरण दस्तुर**

| सि. नं. | पुँजी | फर्म नवीकरण दस्तुर (रुपैयाँमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | पैँतिस दिनभित्र | नब्बे दिनभित्र | एक वर्षसम्म | एक वर्ष नाघेपछि | |
| | | | | | दस्तुर | थप जरिबाना |
| १. | एक लाख रुपैयाँसम्म | ३००।- | ४५०।- | ६००।- | ६००।- | ३००।- प्रतिवर्ष |
| २. | एक लाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | ४००।- | ६००।- | ८००।- | ८००।- | ४००।- प्रतिवर्ष |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ७००।- | १०५०।- | १४००।- | १४००।- | ७००।- प्रतिवर्ष |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्म | १०००।- | १२००।- | १५००।- | १५००।- | १०००।- प्रतिवर्ष |
| ५. | दश लाख रुपैयाँभन्दा बढी बीस लाख रुपैयाँसम्म | १२००।- | १८००।- | २४००।- | २४००।- | १२००।- प्रतिवर्ष |
| ६. | बीस लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | २०००।- | ३०००।- | ४०००।- | ४०००।- | २०००।- प्रतिवर्ष |
| ७. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ३०००।- | ४५००।- | ६०००।- | ६०००।- | ३०००।- प्रतिवर्ष |
| ८. | एक करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ४०००।- | ६०००।- | ८०००।- | ८०००।- | ४०००।- प्रतिवर्ष |
| ९. | तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ५०००।- | ७५००।- | १००००।- | १००००।- | ५०००।- प्रतिवर्ष |
| १०. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | ६०००।- | ९०००।- | १२०००।- | १२०००।- | ६०००।- प्रतिवर्ष |
| ११. | दश करोड रुपैयाँ भन्दा बढी | ७०००।- | १०५००।- | १४०००।- | १४०००।- | ७०००।- प्रतिवर्ष |

* पहिलो संशोधनद्वारा संशोधित।

## अनुसूची- ६

(दफा २ को खण्ड (ट) सँग सम्बन्धित)

**प्राइभेट/साझेदारी फर्म दर्ता गर्ने निकाय**

| सि.नं. | *स्थिर पुँजी | दर्ता गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १ | पाँच लाख रूपैयाँसम्म | गाउँपालिका वा नगरपालिका | |
| २ | पाँच लाख रूपैयाँ भन्दा बढी पाँच करोड रूपैयाँसम्म | उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग/ विकास समिति कार्यालय | |
| ३ | पाँच करोड रूपैयाँ भन्दा बढी | उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | |

द्रष्टव्य: मिति २०७८।१०।१७ मा प्रकाशित प्रदेश राजपत्र सूचना अनुसार अनुसूचीहरुमा भएको "प्रदेश सरकार/बागमती प्रदेश" भन्ने शब्दहरुलाई "बागमती प्रदेश सरकार" भन्ने शब्दहरुमा रुपान्तरण गरिएको छ।

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

# प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७६।०९।१८

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| १. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |
| २. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ | २०७९।०४।३० |
| ३. प्रदेश आर्थिक ऐन, २०८१ | २०८१।०३।३० |
| ४. प्रदेश औद्योगिक व्यवसाय (दोस्रो संशोधन) ऐन, २०८२ | २०८२।०४।१९ |

संवत् २०७६ सालको ऐन नं. २०

**<u>प्रदेशभित्र औद्योगिक व्यवसाय स्थापना तथा सञ्चालन गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** प्रदेशभित्र उपलब्ध मानवीय, वित्तीय, प्राकृतिक तथा भौतिक स्रोत र साधनको दिगो तथा समुचित उपयोग, लगानीमैत्री वातावरणको सृजना, मर्यादित रोजगारीका अवसरमा अभिवृद्धि, वातावरण मैत्री, स्व-आत्मनिर्भर उद्यम तथा उद्यमशीलताको विकास गरी परिमाणात्मक र गुणात्मक रूपमा उत्पादकत्व वृद्धि, औद्योगिक विकास, स्वस्थ प्रतिस्पर्धामा आधारित, दिगो तथा आत्मनिर्भर अर्थतन्त्रको निर्माण गरी मुलुकको समृद्धिका लागि नयाँ कानून तर्जुमा गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले व्यवसायिक उद्देश्यले कुनै माल, वस्तु उत्पादन, जडान, स्वरुप परिवर्तन, निर्माण, प्रशोधन तथा पुनः प्रशोधन गर्ने र सेवा प्रदायक उद्यम गर्ने कार्यलाई जनाउँछ। सो शब्दले दफा १५ बमोजिम वर्गिकरण गरिएको उद्योग समेतलाई जनाउँछ।

♣(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले दफा १५क. बमोजिमको उद्योग दर्ता गर्ने सम्बन्धित निकाय वा स्थानीय तह सम्झनु पर्छ।

★(ग) "कार्यालय" भन्नाले लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, मझौला उद्योग र वाणिज्य सम्बन्धी विषय हेर्ने कार्यालय सम्झनु पर्छ।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

★ दोस्रो संशोधनद्वारा संशोधित।

(घ) "घरेलु उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ङ) "ठूला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "निर्यातमूलक उद्योग" भन्नाले आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ।

(ज) "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ।

✝(ज१) "परिषद्" भन्नाले दफा ३१ बमोजिम गठित परिषद् सम्झनु पर्छ।

*(ज२) "प्रचलित कानून" भन्नाले सो सम्बन्धी कानून प्रदेशमा भए प्रदेश कानून र नभए सङ्घीय कानून सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले ◈बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ञ) "प्रदेश सरकार" भन्नाले ◈बागमती प्रदेश सरकार सम्झनु पर्छ।

(ट) "प्रदेश सभा" भन्नाले ◈बागमती प्रदेशको प्रदेश सभा सम्झनु पर्छ।

(ठ) "प्राथमिकता प्राप्त उद्योग" भन्नाले दफा १७ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ड) "मझौला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ढ) "मन्त्रालय" भन्नाले ◈बागमती प्रदेश सरकारको उद्योग सम्बन्धी काम गर्ने मन्त्रालय सम्झनु पर्छ।

(ण) "लघु उद्यम" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनु पर्छ।

(त) "वातावरणीय मूल्याङ्कन" भन्नाले प्रचलित वातावरण संरक्षण सम्बन्धी कानून बमोजिम गरिने वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव सम्बन्धी सूक्ष्म वा वृहत् प्रकृतिका अध्ययन सम्झनु पर्छ।

---

✝ दोस्रो संशोधनद्वारा संशोधित।

* दोस्रो संशोधनद्वारा (ज१) लाई (ज२) कायम गरिएको।

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(थ) "वातावरणीय मूल्याङ्कन प्रतिवेदन" भन्नाले वातावरणीय परीक्षण गरी तयार पारिएको प्रतिवेदन सम्झनु पर्छ।

(द) "विद्युतीय माध्यम" भन्नाले उद्योग दर्ताका समयमा उद्यमीले उल्लेख गरेको आधिकारिक इमेल ठेगानाबाट उद्योग दर्ता गर्ने निकायको आधिकारिक इमेल ठेगानामा वा उद्योग दर्ता गर्ने निकायको आधिकारिक इमेल ठेगानाबाट उद्यमीले उल्लेख गरेको आधिकारिक इमेल ठेगानामा गरिएको माध्यमलाई जनाउँछ।

✝(द१) "विभाग" भन्नाले सङ्घीय कानून बमोजिम स्थापित "उद्योग विभाग" सम्झनु पर्छ।

(ध) ✂......

(न) "साना उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ।

(प) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका सम्झनु पर्छ।

(फ) "स्थिर पुँजी" भन्नाले दफा १६ बमोजिमको सम्पत्ति सम्झनु पर्छ।

## परिच्छेद- २

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **उद्योग दर्ता गराउनु पर्ने**: (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन।

(२) यस ऐन बमोजिम उद्योग गर्न चाहनेले उद्योग दर्ता गर्ने निकायमा दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भै सञ्चालनमा रहेका यस प्रदेशभित्र पर्ने उद्योग यस ऐन बमोजिम स्वतः दर्ता भएको मानिनेछ।

(४) उपदफा (२) बमोजिम सञ्चालनमा रहेका उद्योगले उद्योग दर्ता गर्ने निकायमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र अभिलेख गरी अद्यावधिक गर्नु पर्नेछ।

(५) सहकारी संस्थाहरुले एकल वा संयुक्त रूपमा उद्योग सञ्चालन गर्न चाहेमा प्राकृतिक व्यक्ति सरह यस ऐनमा उल्लेख भएका उद्योगहरु सञ्चालन गर्न सक्नेछन्।

---

✝ दोस्रो संशोधनद्वारा संशोधित।

✂ दोस्रो संशोधनद्वार झिकिएको।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महिनाभित्र उद्योग दर्ता गर्नु पर्नेछ।

४. **<u>उद्योग दर्ता गर्न निवेदन दिनु पर्ने</u>**: (१) उद्योग दर्ता गर्न तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उद्योग दर्ताको निवेदन तथा स्वीकृति सम्बन्धी कागजातहरु प्रमाणित गर्दा विद्युतीय हस्ताक्षर समेत मान्य हुनेछ र यस्ता कागजातहरु विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सकिनेछ।

५. **<u>उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्ने</u>**: (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन छानबिन गर्दा आवश्यक विवरण तथा कागजात र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको ⋆<u>पाँच दिनभित्र</u> उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ:-

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति र दर्ता नम्बर,

(ख) उद्योगको कानूनी स्वरुप, स्तर एवं किसिम,

(ग) उद्योग सञ्चालन हुने स्थानको ठेगाना,

(घ) उद्योगको पुँजी र उत्पादन तथा अन्य क्षमता,

(ङ) उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

♦(ङ१) उद्योगको उद्देश्य,

(च) उद्योगको प्रकृति अनुसार नियमावलीमा तोकिए बमोजिमका शर्तहरु।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले कारण खुलाई अस्वीकृत गर्न सक्नेछ। सोको जानकारी निवेदकलाई सात दिनभित्र दिनु पर्नेछ।

(४) दर्ता प्रमाणपत्रमा उल्लिखित ♣<u>सर्त, विवरण एवं उद्देश्य</u> उद्योगले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

---

⋆ दोस्रो संशोधनद्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

६.	**उजुरी गर्न सक्ने**: (१) उद्योग दर्ता गर्ने निकायले दफा ५ को उपदफा (३) बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेकोमा सो उपर चित्त नबुझेमा त्यसको जानकारी पाएको तीस दिनभित्र मन्त्रालय समक्ष उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा मन्त्रालयले आवश्यक छानबिन गरी तीस दिनभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ र मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

७.	**सहमति लिनु पर्ने उद्योग**: (१) अनुसूची- १ बमोजिमका उद्योगले उद्योग दर्ता गर्नु पूर्व उद्योग दर्ता गर्ने निकाय मार्फत *परिषद्‌बाट सहमति लिनु पर्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी वा विदेशी साझेदारीमा स्थापना गर्न चाहने उद्योगले प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(३) *परिषद्‌ले यस दफा बमोजिम उद्योग दर्ता गर्न सहमति दिने वा नदिने सम्बन्धमा प्रक्रिया पूरा भएको मितिले *पन्ध्र दिनभित्र निर्णय गरी सक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम *परिषद्‌बाट सहमति दिने निर्णय भएकोमा त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले तीन दिनभित्र उद्योग दर्ता गर्ने निकायले तोकिएको ढाँचामा सहमतिपत्र दिनु पर्नेछ। सहमति नदिने निर्णय भएकोमा सोही व्यहोराको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(५) सहमति प्राप्त गरेपछि सहमति पत्रमा उल्लेख भएको समयभित्र उद्योग दर्ता गर्नका लागि निवेदन दिनु पर्नेछ।

८.	**वातावरणीय मूल्याङ्कन गर्नु पर्ने**: (१) उद्योग दर्ता गर्नु पूर्व वातावरणीय मूल्याङ्कन गर्नु पर्ने भनी उल्लिखित उद्योगले प्रचलित वातावरण संरक्षण सम्बन्धी कानून बमोजिम वातावरणीय मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत गराएर मात्र स्थापना तथा सञ्चालन गर्नु पर्नेछ।

(२) सम्बन्धित उद्योगले उद्योग स्थापना तथा सञ्चालनका क्रममा स्वीकृत वातावरणीय मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित विषयको पूर्ण पालना गर्नुका साथै वातावरणमा पर्न सक्ने प्रतिकूल असरको निराकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको व्यवस्था पालना नगरेमा सो उद्योगलाई दर्ता गर्ने निकायले दर्ता खारेज गर्न सक्नेछ।

तर दर्ता खारेज गर्नु अघि वातावरण सम्बन्धी प्रचलित कानून पालना गर्न मनासिव माफिकको समय दिनु पर्नेछ।

(४) वातावरणीय मूल्याङ्कन गरी स्थापना भएका दफा २३ बमोजिमको औद्योगिक क्षेत्रभित्र दर्ता हुने उद्योगले वातावरणीय मूल्याङ्कन गर्नु पर्ने छैन।

* दोस्रो संशोधनद्वारा संशोधित।

तर,

(क) रसायन वा रसायनिक पदार्थ उत्पादन गर्ने उद्योगले दर्ता गर्नु पूर्व वातावरणीय मूल्याङ्कन गर्नु पर्नेछ,

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा सुझाइएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गर्नु पर्नेछ। नगरेमा उद्योग दर्ता गर्ने निकायले दर्ता खारेज गर्नेछ।

९. <u>व्यवसाय सम्बन्धी जानकारी दिनु पर्ने:</u> (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरी सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनु पर्नेछ र यसरी जानकारी गराउँदा विद्युतीय माध्यमबाट समेत गराउन सकिनेछ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त भएको पैंतीस दिनभित्र अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ। साथै यसरी जानकारी गराउँदा विद्युतीय माध्यमबाट समेत गराउन सकिनेछ।

♣(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गर्दा अवधि बढाउने कारण मनासिब देखेमा त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउनेछ।

(४) उपदफा (३) बमोजिम अवधि बढाइएकोमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको दर्ता खारेज ♣<u>गर्नेछ</u>।

(६) उपदफा (५) बमोजिम उद्योगको दर्ता खारेज भएकोमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा कारण खुलाई खारेज भएको व्यहोरा जनाई अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

१०. <u>अनुगमन गर्ने:</u> (१) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योगले पालना गर्नु पर्ने मापदण्ड तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तको पालना गरे नगरेको सम्बन्धमा उद्योगको अनुगमन गर्नेछ।

(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ। सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई विद्युतीय माध्यमबाट गराउन सकिनेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) भ्रष्टाचार, शान्ति सुरक्षा तथा कालोबजारी एवं तस्करीको नियन्त्रणसँग सम्बन्धित निकाय बाहेक अन्य निकायले मन्त्रालय वा उद्योग दर्ता गर्ने निकाय वा कार्यालयको अनुमति लिएर मात्र उद्योगको अनुगमन गर्नु पर्नेछ।

(६) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले उद्योग अनुगमनको लागि अधिकार सम्पन्न संयन्त्र निर्माण गर्न सक्नेछ।

११. <u>उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनु पर्ने:</u> (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले प्रदेशभित्र अन्यत्र स्थानान्तरण गर्नु पर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकाय समक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा दफा ८ बमोजिम वातावरणीय मूल्याङ्कन गराई उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

(३) ✄......

(४) ✄.....

✝(५) प्रदेश बाहिर कुनै उद्योगको स्थानान्तरण गर्नु परेमा सम्बन्धित प्रदेशको प्रचलित कानून बमोजिम प्रकृया पुरा गरी सम्बन्धित उद्योग हेर्ने निकायबाट सहमति प्राप्त भएमा दर्ता गर्ने निकायले स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

♦११क. <u>उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनु पर्ने:</u> (१) कुनै उद्योगले आफ्नो विद्यमान पुँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न चाहेमा सोको स्वीकृतिको लागि सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

---

✄ दोस्रो संशोधनद्वारा झिकिएको।

✝ दोस्रो संशोधनद्वारा थप।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि गर्न, उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न *पैंतीस दिनभित्र स्वीकृति दिनु पर्नेछ। त्यसरी पुँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेको कारणले उद्योगको वर्गीकरणमा परिवर्तन हुने भएमा सम्बन्धित उद्योगले सोको अभिलेख अद्यावधिक गराई उद्योग दर्ता प्रमाणपत्रमा जनाउन लगाउनु पर्नेछ।

*(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पुँजी वृद्धि वा क्षमता वृद्धि गर्दा वा हेरफेरबाट प्रचलित वातावरण सम्बन्धी कानूनी व्यवस्था बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भएमा सोको प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

तर त्यस्तो पुँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेरबाट वातावरणीय प्रभाव मूल्याङ्कन प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम सोको प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

(४) कुनै उद्योगले साबिकमा जडित यन्त्र, उपकरणमा फेरबदल नगरी व्यवस्थापकीय दक्षता अभिवृद्धि गरी प्रक्षेपित उत्पादनभन्दा बढी उत्पादन गरेकोमा क्षमता वृद्धि गरेको मानिने छैन।

१२. **विवरण उपलब्ध गराउनु पर्ने:** (१) प्रत्येक उद्योगले व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गर्नु पर्ने विवरण विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

१३. **उद्योग बन्द गरेमा जानकारी दिनु पर्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योग, उद्योगीले कुनै कारणले बन्द गरेमा वा अन्य कुनै कारणले उद्योगको उत्पादन वा कारोबारमा अवरोध भएमा वा उद्योगको व्यवसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले तीस दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई तोकिए बमोजिम दिनु पर्नेछ।

(२) उद्योगको उत्पादन वा कारोबारमा कुनै किसिमको अवरोध वा बाँधा उत्पन्न भएको व्यहोरा उद्योगले उद्योग दर्ता गर्ने निकायमा जानकारी गराएमा सोको निराकरणका लागि उद्योग दर्ता गर्ने निकायले प्रदेश सरकार, स्थानीय तह तथा सम्बद्ध पक्षहरु बीच आवश्यक छलफल तथा सहजीकरण गरी निराकरणको पहल गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्ने निकायले सहजीकरण गर्दा बाधा व्यवधान समाधान हुन नसकेको अवस्थामा उद्योगको प्रकृति अनुसार आवश्यक व्यवस्थापन गरी पुनः सञ्चालन गर्नका लागि आवश्यक पर्ने *समय सीमा तोकि दिनु पर्नेछ।

---

*दोस्रो संशोधनद्वारा संशोधित।

१४. **उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने**: (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष नियमावलीमा तोकिए बमोजिम निवेदन दिन सकिनेछ।

तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारक गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

## परिच्छेद- ३

## उद्योगको स्तर वर्गीकरण तथा स्थिर पुँजी सम्बन्धी व्यवस्था

१५. **उद्योगको स्तरः** (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः-

*(क) **लघु उद्यमः** देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः-

(१) घर जग्गा बाहेक बढीमा बीस लाख रूपैयाँसम्मको स्थिर पुँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौं जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रूपैयाँभन्दा कम रहेको,

(५) इञ्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इञ्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इञ्जिनको क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको।

*(ख) **घरेलु उद्योगः** देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(३) इञ्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको,

(४) अनुसूची- २ मा उल्लेख भए बमोजिमका उद्योगहरु।

♣(ग) **साना उद्योगः** लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रूपैयाँसम्म स्थिर पुँजी भएको उद्योग।

♣(घ) **मझौला उद्योगः** पन्ध्र करोड रुपैंयाभन्दा बढी पचास करोड रूपैयाँसम्म स्थिर पुँजी भएको उद्योग।

♣(ङ) **ठूला उद्योगः** पचास करोड रूपैयाँभन्दा बढी स्थिर पुँजी भएको उद्योग।

(२) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(क) ऊर्जामूलक उद्योगः ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची- ३ मा उल्लिखित उद्योगहरु।

(ख) उत्पादनमूलक उद्योगः कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु।

(ग) कृषि, पशुपंक्षी तथा वन पैदावारमा आधारित उद्योगः कृषि, पशु वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि, पशु वा वन पैदावारसँग सम्बन्धित अनुसूची- ४ मा उल्लिखित उद्योगहरु।

(घ) खनिज उद्योगः प्रचलित कानूनले तोके अनुसारको खनिज उत्खनन वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु।

(ङ) ♣पूर्वाधार उद्योगः भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची- ५ मा उल्लेख गरिएका उद्योगहरु।

(च) पर्यटन उद्योगः पर्यटन सेवासँग सम्बन्धित अनुसूची- ६ मा उल्लिखित उद्योगहरु।

(छ) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगः सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची- ७ मा उल्लिखित उद्योगहरु।

(ज) सेवामूलक उद्योगः सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची- ८ मा उल्लिखित उद्योगहरु।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(३) उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै उद्योगले पुँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष नियमावलीमा तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम त्यस्तो उद्योगको पुँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम उद्योगको पुँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग पुँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी उद्योगको वर्गीकरणमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

✂(७) ............

♦१५क. **<u>उद्योग दर्ता गर्ने निकायः</u>** ⋆(१) यस ऐन बमोजिम उद्योग दर्ता गर्ने सम्बन्धित निकाय देहाय बमोजिम हुनेछः-

(क) लघु उद्यम (सबै) र घरजग्गा बाहेक पाँच लाख रुपैयाँसम्मको स्थिर पुँजी भएको घरेलु उद्योग र साना उद्योग - स्थानीय तहमा

(ख) खण्ड (क) बाहेकको घरेलु उद्योग र साना उद्योग - कार्यालयमा

(ग) मझौला उद्योग - निर्देशनालयमा

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि रात्रिकालीन बासको व्यवस्था गर्ने गरी स्थापना भएका जुनसुकै होटल व्यवसाय वा त्यस्तो उद्योग गर्ने होटल, होमस्टे वा यस्तै प्रकृतिका कुनै पनि होटलहरु स्थानीय तहमा दर्ता हुनेछैन।

⋆(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुअघि रात्रिकालीन बासको सुविधा प्रदान गर्ने गरी स्थापना भएका प्रदेशभित्रका कुनै पनि होटल, लज, रेष्टुरेन्ट, फास्टफुड वा यस्तै प्रकृतिका होटेल स्थानीय तहमा दर्ता भएको भए यो उपदफा प्रारम्भ भएको तीन महिनाभित्र उपदफा (१) बमोजिमको प्रदेशको कार्यालयमा दर्ता गर्नुपर्नेछ। यसरी सो अवधिभित्र दर्ता नगर्ने होटललाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(४) उपदफा (१) को खण्ड (क) र (ग) बाहेकका विषयगत उद्योग दर्ता गर्ने सम्बन्धित निकाय देहाय बमोजिम हुनेछः-

---

✂ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा झिकिएको।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

⋆ दोस्रो संशोधनद्वारा संशोधित।

(क) पर्यटन उद्योग एवं व्यवसायको हकमा सम्बन्धित पर्यटन हेर्ने कार्यालय,

(ख) वन पैदावारमा आधारित उद्योग एवं व्यवसायको हकमा सम्बन्धित डिभिजन वन कार्यालय,

(ग) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग एवं व्यवसायको हकमा सञ्चार रजिष्ट्रारको कार्यालय,

(घ) खण्ड (क), (ख) र (ग) बाहेक बाँकी अन्य सबै उद्योग एवं व्यवसायको हकमा सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय।

✝तर विषयगत उद्योग दर्ता गर्ने सम्बन्धित निकायले उद्योग दर्ता पश्चात सोको दर्ता प्रमाणपत्रको प्रतिलिपि सहितको जानकारी निर्देशनालयमा पठाउनु पर्नेछ।

(५) यो दफा प्रारम्भ हुँदाका बखत घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका उद्योगको फाइल एवं विवरण यो दफा प्रारम्भ भएको छ महिनाभित्र उपदफा (२) बमोजिमको निकायलाई हस्तान्तरण गर्नु पर्नेछ।

१६. __उद्योगको स्थिर पुँजी__: (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थिर पुँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछः-

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली),

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिबहनका साधन,

(ज) कार्यालयका पुँजीगत सामग्री तथा उपकरण,

(झ) फर्निचर तथा फिक्सचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पुँजीको रूपमा मूल्याङ्कन गरिनेछः-

---

✝ दोस्रो संशोधनद्वारा थप।

(क) पुँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पुँजीकृत हुने ब्याज खर्च।

१७. **प्राथमिकता प्राप्त उद्योगः** यस ऐनको अनुसूची- ९ मा उल्लिखित उद्योगहरुलाई प्रदेश प्राथमिकता प्राप्त उद्योग मानिनेछ।

## परिच्छेद- ४

## उद्योगलाई प्रदान गरिने सहुलियत सम्बन्धी व्यवस्था

१८. **थप सुविधा तथा सहुलियतः** (१) प्रचलित कानून बमोजिम उद्योगलाई प्रदान गरिने सुविधा तथा सहुलियतका अतिरिक्त देहाय बमोजिमका उद्योगलाई प्रदेश सरकारले सुविधा सहुलियत प्रदान गर्न सक्नेछः-

(क) निर्यातजन्य उद्योग,

(ख) *औद्योगिक क्षेत्रमा स्थापना हुने तोकिए बमोजिमका उद्योग,

(ग) प्रदेश प्राथमिकता प्राप्त उद्योग,

(घ) स्वदेशी कच्चा पदार्थ, श्रम र सीपको अधिकतम उपयोग गर्ने उद्योग,

(ङ) नेपालभित्रै प्रविधि वा वस्तुको आविष्कार गरी स्थापना भएका उद्योग,

(च) पचास जनाभन्दा बढी रोजगारी दिने उद्योग,

(छ) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना जारी गरी तोकेका उद्योग,

*(ज) अर्को प्रदेशबाट स्थानान्तरण भई यस प्रदेशमा आउने उद्योगलाई पुँजी अनुसार यस प्रदेशमा दर्ता गर्दा लाग्ने दस्तुर रकमबाट सम्बन्धित प्रदेशमा पहिला दर्ता गर्दा लागेको दस्तुर घटाई हुन आउने दस्तुर राजस्व दाखिला गराई स्थानान्तरण गरिनेछ।,

(झ) अपांगता (फरक क्षमता) भएका व्यक्तिद्वारा सञ्चालित उद्योग तथा अपांगता (फरक क्षमता) भएका दस जना व्यक्तिहरुलाई रोजगारी दिने उद्योग,

(ञ) कम्तीमा पन्ध्र जना महिलालाई रोजगारी दिने उद्योग,

(ट) वैदेशिक रोजगारीमा गई फर्केका व्यक्तिहरुद्वारा एकल वा साझेदारीमा सञ्चालित उद्योग,

(ठ) चालीस वर्ष मुनिका युवाहरुले सञ्चालन गरेको नवीन प्रकृतिका (स्टार्ट-अप) शुरुवाती उद्योग,

(ड) फोहोर मैला प्रशोधन उद्योग।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका उद्योगलाई देहाय बमोजिमका सुविधाहरु उपलब्ध गराउन सक्नेछ:-

(क) उद्योग स्थापनाका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट दिइनेछ। साथै महिला मात्रै द्वारा सञ्चालन हुने उद्योगमा रजिष्ट्रेशन शुल्क पचास प्रतिशत छुट दिनेछ,

तर यसरी खरिद गरिएको जग्गा तोकिएको उद्योगको प्रयोजनमा बाहेक अन्य प्रयोजनमा प्रयोग गरेको पाइएमा उक्त छुट रकम ब्याजसहित असुल उपर गरिनेछ।

(ख) जग्गा खरिद तथा उद्योग स्थापनाका लागि लिइने ऋणमा लाग्ने ब्याजमा बढीमा तीन वर्षसम्म बैंकको ब्याज भुक्तानीमा एक प्रतिशत अनुदान दिन सकिनेछ,

तर यसरी खरिद गरिएको जग्गा उद्योग स्थापना बाहेक अन्य प्रयोजनमा प्रयोग गरेको पाइएमा अनुदान रकममा ब्याज थप गरी असुल उपर गरिनेछ।

(ग) प्रदेश सरकारले लगाएको कर वा सेवा शुल्कमा पाँच वर्षसम्मका लागि पचास प्रतिशतसम्म छुट सहुलियत दिइनेछ,

(घ) उद्योगका लागि आवश्यक पर्ने सडक, विद्युत जस्ता पूर्वाधार उपलब्धताको लागि सहजीकरण गरिनेछ,

(ङ) प्रदेशभित्र उत्पादित वस्तुको बजार विस्तार, बजारमा सहज पहुँच तथा प्रदेशमा स्थापित उद्योगको प्रवर्धनका लागि प्रदेशभित्र रहेका सार्वजनिक निकायले प्रदेशभित्र उत्पादन भएका वस्तु तथा सेवाको प्रयोग गर्ने गरी आवश्यक कानून निर्माण गरिनेछ,

(च) उद्योगका लागि इन्कुवेसन सेवा, परामर्श सेवा, बजार तथा विजनेश प्रवर्धन सेवा नियमावलीमा व्यवस्था भए बमोजिम उपलब्ध गराइनेछ,

(छ) पच्चीस करोड रूपैयाँभन्दा बढी पुँजी लगानी गर्ने वा एक सय जनाभन्दा बढी स्वदेशी नागरिकलाई रोजगार दिने औद्योगिक क्षेत्र बाहिर स्थापना भएका उद्योगलाई सडक, विद्युत, पानी लगायतका पूर्वाधार निर्माणमा प्रदेश सरकारले सहयोग गर्नेछ,

(ज) अर्को प्रदेशबाट स्थानान्तरण भई यस प्रदेशमा आउने उद्योगलाई लाग्ने दर्ता शुल्क वा दस्तुर छुट दिइनेछ,

(झ) प्रदेशभित्र उद्योग सञ्चालन गरी प्रदेश अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिने उद्यमीहरु मध्येबाट प्रदेश सरकारले प्रत्येक वर्ष कम्तीमा दस जना उद्यमीलाई उत्कृष्ट उद्यमीको रूपमा सम्मान गर्नेछ,

(ञ) खण्ड (झ) बमोजिम सम्मानित उद्यमीहरुलाई सरकारी निकायबाट प्रदान गरिने सेवामा प्राथमिकता दिइनेछ,

(ट) कम्तीमा पचास जना महिलाहरु मिलेर सञ्चालित सहकारी संस्थाद्वारा सञ्चालन हुने उद्योगलाई पुरस्कारको व्यवस्था महिला सहकारी संस्था मार्फत सञ्चालन भएका उत्कृष्ट उद्योगहरु मध्ये छनौट गरी उत्कृष्ट तीन उद्योगलाई प्रदेश सरकारले महिला सहकारी संस्था मार्फत सञ्चालन भएका उत्कृष्ठ उद्योगको रूपमा घोषणा गरी देहाय बमोजिमका पुरस्कार सहित सम्मान गर्नेछः-

(१) मन्त्रालयले निर्णय गरे अनुसारको नगद पुरस्कार रकम,

(२) कर वा सेवा शुल्कमा प्रदान गरिएको छुट अवधिमा प्रथम हुनेलाई एक वर्ष थप गर्ने,

(३) मन्त्रालयले निर्णय गरे अनुसारको उद्योग सञ्चालन अनुदान वा मेशिनरी सामग्रीहरु प्रदान पर्ने,

(४) प्रदेश सरकारले तोकेका अन्य पुरस्कारहरु।

*(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न वर्ग, सीमान्तकृत र द्वन्द पिडित उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा कानून बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पचास प्रतिशत छुट हुनेछ।

१९. <u>लघु उद्यम, घरेलु तथा साना उद्योगका लागि अन्य सुविधा तथा सहुलियतः</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम, घरेलु तथा साना उद्योगहरुलाई देहाय बमोजिमका थप सुविधा तथा सहुलियत दिइनेछः-

(क) लघु उद्यम दर्ता गर्दा कुनै शुल्क लाग्ने छैन,

(ख) महिला, दलित, अपाङ्गता (फरक क्षमता) भएका व्यक्ति, अल्पसंख्यक सीमान्तकृत, तेस्रो लिंगी र वैदेशिक रोजगारीमा गई फर्केका व्यक्तिहरुद्वारा ग्रामिण तथा दुर्गम क्षेत्रमा स्थापना गर्ने लघु उद्यम, घरेलु र साना उद्योग तथा सहकारी संस्थाद्वारा सञ्चालन हुने उद्योगलाई लगानीको बीस प्रतिशत बीउपुँजी (सिड क्यापिटल) को रूपमा प्रदेश सरकारले तोके बमोजिम अनुदान दिन सक्नेछ,

(ग) लघु उद्यम, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित हुने वस्तुहरुको छुट्टै पहिचानका लागि प्रदेशस्तरको सामुहिक चिन्ह (कलेक्टिभ मार्क) दर्ता गराई यसको प्रयोगबाट बजार प्रवर्धन गर्न सहयोग पुऱ्याइनेछ,

* दोस्रो संशोधनद्वारा संशोधित।

(घ) लघु उद्यम घरेलु तथा साना उद्योगको स्थापना तथा विकासका लागि आवश्यक पर्ने पुँजी निर्माण र उत्पादित वस्तुको सहज ढंगले बजारीकरण गर्नको लागि वहुउद्देश्यीय र विषयगत सहकारी मार्फत उद्योग स्थापना गर्न उत्प्रेरित गरिनेछ,

(ङ) लघु उद्यम, घरेलु तथा साना उद्योगलाई आवश्यक उपयुक्त प्रविधिमा अनुदानको व्यवस्थाका लागि लघु उद्यम, घरेलु तथा साना उद्योगका लागि प्रविधि विकास कोषको स्थापना गरी प्रविधिमा अनुदानको व्यवस्था मिलाइनेछ साथै नविन प्रविधि अनुसन्धान र विकासका लागि विश्वविद्यालयहरु †आविष्कार केन्द्रहरुसँग सहकार्य गरिनेछ,

(च) लघु उद्यम घरेलु तथा साना उद्योगको औद्योगिक सम्पति संरक्षण गर्नुका साथै त्यसो गर्दा लाग्ने दस्तुरमा सहुलियत गरिनेछ,

(छ) लघु उद्यम, घरेलु तथा साना उद्योगको वित्तीय पहुँचका लागि परियोजना धितोमा ऋण प्रवाह गर्ने व्यवस्था मिलाईनेछ,

(ज) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले सञ्चालन गर्ने उद्योग व्यवसायलाई देहाय बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्त हुनेछः-

(१) सहकारी संस्थाले उद्योग खोल्नको लागि आवश्यक पर्ने घर जग्गा खरिद गर्दा टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

तर रजिष्ट्रेशन दस्तुर छुट प्राप्त गरी खरिद गरिएको घर जग्गा प्रयोग नगरी बिक्री गरेमा सो बापत छुट पाएको रजिष्ट्रेशन दस्तुरको दस प्रतिशत थप र ब्याज सहित फिर्ता गर्नु पर्नेछ। त्यस्ता सहकारीले पाँच वर्षभित्र अनिवार्य रूपमा उद्योग सञ्चालन गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सहकारी संस्थाले उत्पादन गरेको मालसामानमा लाग्ने प्रदेश स्तरीय कर प्रचलित कानून बमोजिम आंशिक वा पूरै छुट दिन सक्नेछ।

(३) यस दफामा उल्लिखित छुटहरुका अतिरिक्त औद्योगिक व्यवसाय गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम उद्योगले पाए सरहको र आफ्नो पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन वा विशेष उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने सहकारी संघ संस्थालाई प्रचलित कानून बमोजिम त्यस्तो उद्योग, व्यवसाय वा सेवाले पाए सरहको छुट, सुविधा र संरक्षण समेत प्राप्त हुनेछ।

---

† दोस्रो संशोधनद्वारा थप।

(४) प्रदेश सरकार वा स्थानीय तहले विपन्न ग्रामिण महिला, अपांगता (फरक क्षमता) भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पसंख्यक जातजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतिपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उद्योग धन्दा प्रवर्धन गर्न प्रचलित कानून बमोजिम लाग्ने प्रदेश स्तरीय कर आंशिक वा पूरै छुट दिन, बीउ पुँजी, लागत सहभागिता अनुदान, सहुलियतपूर्ण ऋण लगायतको विशेष वित्तीय सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्नेछ।

(५) रुग्ण सार्वजनिक वा निजी उद्योग सहकारीकरण गरी श्रमिकहरुले आफ्नै स्वामित्वमा पुनः सञ्चालन गर्न चाहेमा प्रदेश सरकारले उद्योगको प्रकृति हेरी मनासिव अनुपातमा बीउ अनुदान, ऋण वा सहुलियतपूर्ण ऋण कायम गरी स्वामित्व हस्तान्तरण गर्न वा निजी स्वामित्वको हस्तान्तरणमा कर छुट, जमानत वा उपयुक्त सहयोग गरी प्रोत्साहन दिन सक्नेछ।

(६) सहकारी संस्थाबाट एकल वा संयुक्त वा साझेदारीमा सञ्चालन हुने उद्योग, व्यवसायको तीन/तीन वर्षमा सम्पत्तिको पुनः मूल्याँकन गरी सदस्यहरुलाई शेयर वितरण गर्न सक्नेछ।

२०. **जग्गा सम्बन्धी व्यवस्था:** यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्न वा लिजमा लिन सक्नेछ। उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्ने वा लिजमा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ।

२१. **औद्योगिक सुरक्षा सम्बन्धी व्यवस्था:** (१) प्रचलित कानून बमोजिम स्थापना भएका तोकिए बमोजिमका उद्योगको लागि प्रदेश सरकारले तोकिए बमोजिमको औद्योगिक सुरक्षा उपलब्ध गराउनेछ।

(२) यस ऐन बमोजिम दर्ता तथा अद्यावधिक भएका उद्योगको सुरक्षाका लागि नियमित सुरक्षाकर्मी आवश्यक परी सम्बन्धित उद्योगबाट अनुरोध भई आएमा प्रदेश सरकारले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी आवश्यक सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

२२. **छुट, सुविधा वा सहुलियतको दुरुपयोग गर्न नहुने:** यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद- ५

## औद्योगिक क्षेत्र सम्बन्धी व्यवस्था

२३. **औद्योगिक क्षेत्र घोषणा गर्न सक्ने:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमका मापदण्डको अधीनमा रही औद्योगिक करिडोर, औद्योगिक पार्क, औद्योगिक क्लष्टर तथा औद्योगिक क्षेत्र घोषणा गरी आवश्यक पूर्वाधार विकासका साथै तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ।

(२) प्रत्येक औद्योगिक पार्क, औद्योगिक क्लष्टर वा औद्योगिक क्षेत्र स्थापना गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिने वातावरणीय प्रभाव मूल्याङ्कनको प्रत्येक दस वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(४) औद्योगिक पार्क, औद्योगिक क्लष्टर वा औद्योगिक क्षेत्रभित्रको जग्गा उद्योग स्थापना तथा सञ्चालनका लागि बढीमा चालीस वर्षको अवधि तोकी लिजमा उपलब्ध गराईनेछ। उद्योग निरन्तर चलिरहेको अवस्थामा लिज अवधि दस/दस वर्षको लागि थप गरिनेछ।

तर उद्योगको अवलोकन, निरीक्षण गर्दा मानव स्वास्थ्यमा प्रतिकूल असर गर्ने, वातावरण प्रदूषण गर्ने अवस्था देखिएमा प्रदेश सरकारले लिज अवधि थप नगर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम लिजमा लिएको जग्गामा तोकिएको अवधिभित्र उद्योग सञ्चालनमा नआएमा स्वतः लिज तोडिएको मानिनेछ।

(६) उद्योगले औद्योगिक पार्क, औद्योगिक क्लष्टर वा औद्योगिक क्षेत्रभित्रको उद्योग स्थापना तथा सञ्चालनका लागि लिजमा लिएको जग्गामा तोकिएको उद्योग स्थापना बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न, भाडा वा पुनः लिजमा दिन पाइने छैन।

(७) औद्योगिक क्षेत्रभित्र स्थापना भई सञ्चालनमा रहेका उद्योगहरुले आफ्नो उत्पादन बन्द गर्न पाउने छैनन्।

तर मनासिब कारण देखाई समितिको अनुमतिमा निश्चित अवधिका लागि मात्र उत्पादन स्थगन गर्न सक्नेछन्।

(८) औद्योगिक क्षेत्रको जग्गा लघु उद्यम तथा घरेलु उद्योगलाई उपलब्ध गराइने छैन र लिजको नवीकरण समेत गरिने छैन।

(९) लघु उद्यम तथा घरेलु उद्योगहरुलाई सञ्चालन सुविधाका लागि प्रदेश सरकारले आवश्यकता अनुसार लघु तथा घरेलु उद्योग ग्राम एवं साझा सुविधा केन्द्रहरु स्थापना गर्नेछ।

(१०) औद्योगिक क्षेत्रभन्दा बाहिर स्थापना भई सञ्चालनमा रहेका घरेलु तथा साना

उद्योगहरुलाई औद्योगिक क्षेत्र/औद्योगिक ग्राम निर्माण गरी प्रदेश सरकारले दस वर्षभित्र क्रमशः स्थानान्तरण गराउनु पर्नेछ साथै घना बस्तीमा रहेका औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगहरुलाई उपयुक्त स्थानमा नयाँ औद्योगिक क्षेत्र/औद्योगिक ग्राम निर्माण गरी प्रदेश सरकारले क्रमशः स्थानान्तरण गराउन सक्नेछ।

तर परम्परागत सांस्कृतिक पेशामा आधारित, प्राकृतिक स्रोतमा आधारित, कृषि र पशुपंछीजन्य उद्योगहरुमा यो व्यवस्था लागू हुने छैन। औद्योगिक क्षेत्र/औद्योगिक ग्राम निर्माण पछि दर्ता हुने उद्योगहरु अनिवार्य औद्योगिक क्षेत्र/औद्योगिक ग्राममा सञ्चालन गर्नु पर्नेछ।

(११) स्थानीय तहबाट बनाइने स्थानीय औद्योगिक ग्राममा लघु उद्यम तथा घरेलु उद्योगहरु सञ्चालन हुन सक्नेछ। यसरी स्थानीय तहबाट निर्माण गरिने औद्योगिक ग्राम सञ्चालनको लागि स्थानीय तहले सञ्चालन कार्यविधि बनाउन सक्नेछ।

(१२) औद्योगिक क्षेत्रको सञ्चालन सम्बन्धी कार्यविधि नियमावलीमा तोकिए बमोजिम हुनेछ।

२४. **स्थानीय औद्योगिक क्षेत्र/ग्रामः** *(१) स्थानीय तहले भू-उपयोग योजनाको आधारमा आफ्नो कुनै क्षेत्रलाई औद्योगिक क्षेत्र/ग्राम भनी भू-वर्गीकरण गरेमा सो क्षेत्रलाई औद्योगिक क्षेत्र/ग्राम घोषणाको लागि प्रचलित कानुन बमोजिम सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

तर सेवा उद्योग वा प्राविधिक दृष्टिकोणले अलग राख्नु पर्ने खास प्रकृतिका उद्योगको हकमा स्थानीय तहले तोकेका अन्य क्षेत्रमा *औद्योगिक क्षेत्र/ग्राम घोषणा/सिफारिस गर्न बाधा पुग्ने छैन।

(२) उपदफा (१) मा जनुसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट स्वीकृत बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको प्रतिकूल हुने वा खानी तथा भू-गर्भ विभागले भू-जोखिमका आधारमा निषेध गरेको क्षेत्रमा उद्योग स्थापना गर्न सकिने छैन।

२५. **आवासीय वा अन्य भवन बनाउन वा बस्ती बसाउन नसकिनेः** (१) यो ऐन प्रारम्भ भए पछि स्थापना हुने औद्योगिक क्षेत्र, प्रादेशिक औद्योगिक कोरिडोर, प्रादेशिक औद्योगिक पार्क तथा प्रादेशिक औद्योगिक क्लष्टर वरिपरी तोकिएको क्षेत्र र दूरीभित्र कुनै पनि किसिमको आवासीय वा अन्य भवन बनाउन वा बस्ती बसाउन सकिने छैन।

(२) औद्योगिक क्षेत्रभित्र उद्योग स्थापना गर्दा प्रदूषण नियन्त्रण गर्ने उद्देश्यले बाहिरी घेरामा कम्तीमा एक सय मीटर चौडाईको घेरा (बफर जोन) छाडेरमात्र उद्योग स्थापना गरिनेछ। यस्तो घेरालाई हरित क्षेत्रको रूपमा विकास गरिनेछ।

---

*दोस्रो संशोधनद्वारा संशोधित।

## परिच्छेद- ६

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

२६. **सजाय सम्बन्धी व्यवस्थाः** (१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको सम्बन्धमा कार्यालयले अनुगमन, निरीक्षण तथा छानबिन गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारबाहीका लागि निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनका आधारमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न बढीमा तीन महिनाको समय दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको समय अवधिभित्र उद्योग दर्ता नगर्ने व्यक्ति वा उद्योगलाई मन्त्रालयले देहाय बमोजिम •जुनसुकै कारबाही गर्न सक्नेछः-

♣(क) उद्योगको स्तर यकिन गरी लघु उद्यमस्तरको भए दस हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म, घरेलु तथा साना उद्योग स्तर भएमा पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म, मझौला तथा ठूला उद्योगस्तर भएमा एक लाख रूपैयाँदेखि तीनलाख रूपैयाँसम्म जरिबाना गरी बढीमा तीस दिनको समयावधि तोकि उद्योग दर्ता गर्न आदेश दिन सक्नेछ।

तर लघु र घरेलु उद्योगको हकमा सञ्चालन भएको छ महिनाभित्र दर्ता गराउने व्यवस्था भएकोले त्यस्ता उद्योगको हकमा सो अवधिसम्मका लागि यो खण्ड लागू हुने छैन।

♣(ख) खण्ड (क) बमोजिम कारबाही भई प्रदान गरेको समयावधिभित्र त्यस्तो उद्योगले उद्योग दर्ता नगराएमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले त्यस्तो उद्योग बन्द गर्न आदेश दिन सक्नेछ।

•(३क) कुनै उद्योगले दफा ११ बमोजिम स्वीकृति नलिई उद्योगको स्थानान्तरण गरेमा वा दफा ११क. बमोजिम स्वीकृति नलिई पुँजी वृद्धि, क्षमता वृद्धि गर्न, उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले देहायको कुनै जरिबाना गर्न सक्नेछः-

---

• केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(क) लघु उद्यमको हकमा पाँच हजार रूपैयाँ,

(ख) घरेलु तथा साना उद्योगको हकमा पच्चीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म,

(ग) मझौला र ठूला उद्योगको हकमा एक लाख रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म,

(घ) दफा ७ बमोजिम सहमति आवश्यक पर्ने उद्योगको हकमा खण्ड (ख) वा (ग) बमोजिम लाग्ने जरिबानामा शतप्रतिशत थप जरिबाना।

(४) दफा १२ बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहायको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमलाई पाँच हजार रूपैयाँको दरले,

(ख) घरेलु उद्योगलाई दस हजार रूपैयाँको दरले,

(ग) साना उद्योगलाई बीस हजार रूपैयाँको दरले,

(घ) मझौला उद्योगलाई चालीस हजार रूपैयाँको दरले,

(ङ) ठूला उद्योगलाई पचहत्तर हजार रूपैयाँको दरले।

♣(५) कुनै उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित सर्तको पालना तथा उद्देश्य विपरीत कार्य गरेमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पच्चीस हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा दुई लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म,

(ग) मझौला उद्योगको हकमा पाँच लाख रूपैयाँदेखि दशलाख रूपैयाँसम्म,

(घ) ठूला उद्योगको हकमा पन्ध्र लाख रूपैयाँदेखि तीस लाख रुपैंयाँसम्म।

♦(६) कुनै उद्योगले यस ऐन बमोजिम प्रदान गरेको प्रोत्साहन सुविधा, छुट वा यस्तै जुनसुकै सहुलियतको दुरुपयोग गरेमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले त्यस्तो उद्योगलाई उपलब्ध गराएको प्रोत्साहन सुविधा, छुट वा सहुलियत तत्काल रोक्का गरी त्यसरी उपलब्ध गराएको प्रोत्साहन सुविधा, छुट वा सहुलियत बराबरको रकम समेत असूल गर्न वा सो बराबरको रकम जरिबाना गर्नेछ।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

♦(७) यस दफामा लेखिएदेखि बाहेक यो ऐन तथा यस ऐन बमोजिम बनेको नियम विपरीत अन्य कुनै काम गर्ने वा सम्बन्धित उद्योग दर्ता गर्ने निकाय वा त्यस्तो निकायको तालुक मन्त्रालयले दिएको निर्देशन पालना नगर्ने उद्योगलाई उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले देहाय बमोजिम जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यम भए पन्ध्र हजार रूपैयाँसम्म,

(ख) घरेलु उद्योग र साना उद्योग भए पन्ध्र हजार रूपैयाँदेखि तीस हजार रुपैंयासम्म,

(ग) मझौला उद्योग भए तीस हजार रूपैयाँदेखि पचास हजार रूपैयाँसम्म,

(घ) ठूला उद्योग भए पचास हजार रूपैयाँदेखि एक लाख रुपैंयासम्म।

*२७. **सफाई पेश गर्ने मौका दिइने:** (१) यस परिच्छेद बमोजिम कुनै उद्योगलाई सजाय गर्दा सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।

*२८. **पुनरावेदन सम्बन्धी व्यवस्था:** (१) दफा २६ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतिस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले स्थानीय तहको हकमा सम्बन्धित जिल्ला अदालतमा र प्रदेशस्तरको निर्णयको हकमा उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद- ७

## औद्योगिक जनशक्ति सम्बन्धी व्यवस्था

२९. **औद्योगिक जनशक्तिः** (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति प्रचलित कानून बमोजिम सेवाबाट नेपाली नागरिकबाट पूर्ति गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट उपलब्ध हुन नसकेमा निर्देशनालयको  सिफारिसमा श्रम स्वीकृति लिई बढीमा तीन वर्षसम्मको लागि त्यस्तो उद्योगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि निर्देशनालयले सिफारिस गर्दा त्यस्तो उद्योगले माग गरे बमोजिमको सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्न प्रयास गरे वा नगरेको, त्यस्तो सीप वा दक्षता भएको जनशक्ति उद्योगलाई आवश्यक भए वा नभएको र त्यस्तो जनशक्ति नेपालमा उपलब्ध हुन सक्ने वा नसक्ने सम्बन्धमा यकिन गरी त्यस्तो जनशक्ति सम्बन्धित उद्योगलाई आवश्यक भएको र नेपालमा उपलब्ध हुन नसक्ने देखिएमा श्रम स्वीकृतिको लागि सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नियुक्त गरिएको विदेशी नागरिक विशिष्ट प्रकारको प्राविधिक भई त्यस्तो जनशक्ति नेपालभित्र उपलब्ध हुन नसक्ने भएमा उपदफा (३) बमोजिम स्वीकृति लिई त्यस्तो जनशक्तिलाई थप दुई वर्षसम्मको लागि पुनः नियुक्त गर्न सकिनेछ।

---

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

* दोस्रो संशोधनद्वारा संशोधित।

(५) उपदफा (२) बमोजिम कुनै उद्योगमा विदेशी नागरिक नियुक्त भएमा निजको देशमा परिवर्त्य विदेशी मुद्रा प्रचलनमा रहेको भए विदेशी नागरिकले प्राप्त गरेको तलब, भत्ता, पारिश्रमिक रकमको बढीमा पचहत्तर प्रतिशतसम्म परिवर्त्य विदेशी मुद्रामा लैजान पाउनेछ।

(६) औद्योगिक जनशक्ति विकासका लागि प्रदेश सरकारले प्रदेशभित्र सञ्चालनमा रहेका उद्योगहरुको मागको आधारमा दक्ष
जनशक्ति उत्पादनको लागि आवश्यक तालिम लगायतका व्यवस्था गर्नेछ।

(७) प्रदेशभित्र दर्ता भएको उद्योगहरु गैर कानूनी बन्द *हड्ताल मुक्त क्षेत्र हुनेछन्।

तर,

(क) यस दफामा अन्यत्र जे सुकै कुरा उल्लेख गरेका भए तापनि कामदार कर्मचारीलाई प्रचलित श्रम कानूनले दिएको अधिकारको उपभोग गर्न बाधा पुऱ्याएको मानिने छैन। उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्ने गरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन्।

(ख) आफ्ना जायज मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले *बाधा पुऱ्याएको मानिने छैन।

*(८) उद्योगमा काम गर्ने श्रमिक र उद्योगबिच उत्पन्न व्यक्तिगत वा सामुहिक विवादको समाधान श्रम सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ।

(९) योगदानमा आधारित सामाजिक सुरक्षा अनिवार्य लागू गर्नु पर्नेछ।

३०. **करार गरी उत्पादन गर्न सक्नेः** (१) प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सव-कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन्।

तर योगदानमा आधारित सामाजिक सुरक्षा र सरकारले तोकेको न्यूनतम सेवा सुविधा अनिवार्य लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्धन गृहको लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी करार (कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग) वा उपकरार (सव-कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरी दिएमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई तोकिए बमोजिमको छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ।

---

* दोस्रो संशोधनद्वारा संशोधित।

## परिच्छेद- ८

## उद्योग तथा लगानी प्रवर्धन *परिषद् सम्बन्धी व्यवस्था

**३१. उद्योग तथा लगानी प्रवर्धन *परिषद्को गठनः** (१) प्रदेशमा लगानी आकर्षित गरी उद्योग धन्दा स्थापनाका लागि प्रोत्साहन गर्न लगानी अभिवृद्धि, संरक्षण तथा विस्तार गरी उद्योग विकास र औद्योगीकरणका लागि आवश्यक सहजीकरण, समीक्षा, समन्वय तथा नीतिगत पृष्ठपोषणका कार्यका लागि देहाय बमोजिमको उद्योग तथा लगानी प्रवर्धन *परिषद् गठन गरिएको छः-

(क) *मन्त्री, उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) प्रदेशको उद्योग सम्बन्धी काम गर्ने मन्त्रालयका राज्य मन्त्री -उपाध्यक्ष

(ग) प्रदेशको उद्योग सम्बन्धी काम गर्ने मन्त्रालयका सहायक मन्त्री -सदस्य

(घ) नीति तथा योजना आयोगको उद्योग हेर्ने सदस्य -सदस्य

(ङ) उद्योग, पर्यटनको क्षेत्रमा अनुभव प्राप्त व्यक्ति, वातावरणविद् मध्येबाट एक जना महिला अनिवार्य हुने गरी प्रदेश सरकारले मनोनयन गरेका तीन जना -सदस्य

(च) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(छ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ज) प्रदेशको उद्योग सम्बन्धी काम गर्ने मन्त्रालयको सचिव -सदस्य

(झ) *सचिव, श्रम र रोजगार सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ञ) *सचिव, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ट) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ठ) *सचिव, सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

✝(ठ१) सचिव, वन तथा वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ड) अध्यक्ष, प्रदेश स्तरीय ट्रेड युनियन -सदस्य

(ढ) प्रदेश अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

(ण) प्रदेश अध्यक्ष, नेपाल उद्योग परिसंघ -सदस्य

(त) प्रदेश अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ -सदस्य

---

* दोस्रो संशोधनद्वारा संशोधित।

✝ दोस्रो संशोधनद्वारा थप।

(थ) निर्देशकस्तरको प्रतिनिधि, नेपाल राष्ट्र बैंक -सदस्य

(द) निर्देशक, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय -सदस्य-सचिव

तर,

(अ) प्रदेशको उद्योग सम्बन्धी काम गर्ने मन्त्रालयमा राज्यमन्त्री नियुक्त नभई सहायकमन्त्री नियुक्त भएको अवस्थामा सहायकमन्त्री उपाध्यक्ष हुनेछ।

(आ) विभिन्न मन्त्रालयका सचिव सदस्य हुने व्यवस्था भएकोमा सचिव वा निजले तोकेको प्रतिनिधि।

(२) *परिषद्ले आवश्यक देखेमा विषयसँग सम्बन्धित प्रदेश सरकारको कुनै अधिकृतस्तरको कर्मचारी वा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई *परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(३) *परिषद्को सचिवालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयमा रहनेछ।

(४) उपदफा (१) बमोजिमको *परिषद्मा कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित नभई बैठक सञ्चालन हुने छैन। बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) *परिषद्को बैठक सम्बन्धी थप कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(६) *परिषद्ले गरेका निर्णयहरु तथा सम्पादन गरेका कामहरुको विवरण सहितको अभिलेख सचिवालयले अद्यावधिक गर्नु पर्नेछ।

(७) *परिषद्को बैठकमा निर्णयका लागि पेश हुने कुनै कार्यसूचीका सम्बन्धमा *परिषद्को कुनै सदस्यको निजी सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो निर्णय प्रक्रियामा निजले समितिलाई जानकारी गराई भाग लिनु हुँदैन।

(८) *परिषद्को कामको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना अनाधिकृत तवरले अन्य कुनै व्यक्तिलाई जानकारी गराउनु हुँदैन।

३२. ***परिषद्को काम, कर्तव्य र अधिकारः** (१) *परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) औद्योगिक तथा लगानी प्रवर्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगीकरण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

---

*दोस्रो संशोधनद्वारा संशोधित।

(ख) प्रदेशको समग्र औद्योगीकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्यप्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकार समक्ष सुझाब पेश गर्ने,

(ग) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(घ) प्रचलित कानूनको अधीनमा रही विदेशी लगानी र प्रविधि हस्तान्तरण सम्बन्धी आवश्यक नीतिगत निर्णय गर्न प्रदेश सरकारलाई सिफारिस तथा सहजीकरण गर्ने,

(ङ) औद्योगिक लगानी तथा विदेशी लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस तथा सुझाव पेश गर्ने,

(च) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिस पेश गर्ने,

(छ) औद्योगिक विकास तथा उद्यमशीलता विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकार समक्ष सुझाव तथा सिफारिस पेश गर्ने,

(ज) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गरी कार्यान्वयन गर्न सिफारिस गर्ने,

(झ) उद्योगको वर्गीकरणको अनुसूचीमा कुनै थपघट वा परिवर्तन गर्नु पर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ञ) औद्योगिक लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहनका लागि स्वदेशी वस्तु प्रयोग सम्बन्धी नीति तर्जुमा गरी सार्वजनिक निकायमा स्वदेशी वस्तु उपयोग गर्ने, गराउने वातावरण सृजना गर्ने,

(ट) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक सहजीकरण गर्ने,

(ठ) प्रदेशस्तरका औद्योगिक क्षेत्र, औद्योगिक पार्क, औद्योगिक जोन, औद्योगीक क्लस्टर, औद्योगिक ग्राम, लघु तथा घरेलु उद्योग ग्राम तथा औद्योगिक करिडोर रहने क्षेत्र सिफारिस गर्ने,

(ड) प्रदेशमा औद्योगीकरणको गतिलाई तीब्रता दिन आवश्यक समन्वय गर्ने,

(ढ) उद्योगको उत्पादन वा कारोबारमा कुनै किसिमको अवरोध भएमा सो को

निराकरणको लागि प्रदेश सरकार, स्थानीय तह वा अन्य सम्बद्ध निकायहरु बीच सहजीकरण गर्ने,

(ण) उद्योगी तथा श्रमिकको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने,

(त) उद्योगलाई आवश्यक पर्ने विद्युत, पानी, दूरसञ्चार, जग्गा, सडक, ढल निकास जस्ता पूर्वाधार सेवा उपलब्ध गराउने सम्बन्धमा समयबद्ध व्यवस्था गर्न आवश्यक निर्णय गरी सोको कार्यान्वयन गर्ने, गराउने,

(थ) एकल बिन्दु सेवा केन्द्रबाट उपलब्ध गराउने सुविधा एवं सहुलियत नपाएको भनी लगानीकर्ताले दिएको निवेदनमा जाँचबुझ गरी गराई सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(द) प्रदेशको एकीकृत औद्योगिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउन प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

(ध) उद्योगहरुको अनुगमन तथा निरीक्षणका लागि आवश्यक फारम स्वीकृत गर्ने,

✞(ध१) अनुसूची १ मा उल्लिखित उद्योगहरूलाई सहमति प्रदान गर्ने,

(न) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग व्यवसायमा प्रत्यक्ष असर पर्ने गरी कुनै कानून तथा नीति तर्जुमा, संशोधन तथा परिमार्जन गर्दा मन्त्रालय मार्फत *परिषद्सँग परामर्श लिनु पर्नेछ।

३३. **एकल बिन्दु सेवा केन्द्रको स्थापनाः** (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत, उद्योगको लागि आवश्यक पर्ने पूर्वाधार सम्बन्धी सेवा लगायत अन्य सबै सेवाहरु सरल र सहज रूपमा एकै थलोबाट उपलब्ध गराउन प्रदेश सरकारले समिति मातहत रहने गरी एकल बिन्दु सेवा केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्दा बीसवटा भन्दा बढी उद्योगहरु दर्ता भएको औद्योगिक क्षेत्र, कोरिडोर पार्क तथा जोनमा एउटा सेवा केन्द्र रहनेछ।

(३) उपदफा (१) बमोजिम एकल बिन्दु सेवा केन्द्रले औद्योगिक क्षेत्र, कोरिडोर पार्क तथा जोनमा भन्दा बाहिर स्थापना भएका उद्योगलाई समेत सेवा दिनेछ।

(४) एकल बिन्दु सेवा केन्द्रको सञ्चालन तोकिए बमोजिम हुनेछ।

---

✞ दोस्रो संशोधनद्वारा थप।

* दोस्रो संशोधनद्वारा संशधित।

## परिच्छेद- ९

## विविध

३४. **विषयगत उद्योग संघः** प्रचलित कानून बमोजिम दर्ता भएका विषयगत उद्योग संघलाई उद्योगको विकास, प्रवर्धन र गुणस्तर कायम गराउन तथा उद्योगहरुलाई नियम संगत ढंगबाट सञ्चालन र उद्योगीहरु बीचको सम्बन्ध सुमधुर बनाई स्वस्थ प्रतिस्पर्धाको लागि विषयगत उद्योग संघलाई परिचालन गरिनेछ। संघको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३५. **साझेदार गर्न सक्नेः** (१) यस ऐनको अधीनमा रही देहाय बमोजिम साझेदारीमा उद्योग व्यवसाय र परियोजना सञ्चालन गर्न सक्नेछन्:-

(क) दुई वा दुईभन्दा बढी सहकारी संस्था,

(ख) सहकारी संस्था तथा कम्पनी,

(ग) सहकारी संस्था तथा सहकारी संघ,

(घ) दुई वा दुईभन्दा बढी सहकारी संघ,

(ङ) सहकारी संस्था, सहकारी संघ कम्पनी तथा सरकार (स्थानीय तह, प्रदेश सरकार)।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै जिल्ला वा जिल्लाभित्रका कुनै क्षेत्रलाई विशेष उत्पादन जिल्ला वा क्षेत्र घोषणा गरी विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) उद्योगबाट प्रत्यक्ष प्रभावित स्थानीय व्यक्तिहरुलाई नियमावलीमा व्यवस्था भए बमोजिम रोजगारी दिनु पर्नेछ।

(४) परम्परागत प्रविधिद्वारा सञ्चालित उद्योगलाई आधुनिक प्रविधिद्वारा सञ्चालन गरी उत्पादन क्षमता वृद्धि गर्न प्रदेश सरकारले विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(५) विभिन्न कारणबाट नवीकरण हुन नसकेका उद्योगलाई जरिबाना लिई एक पटकको लागि प्रदेश सरकारले तीन महिनाको समय दिई नवीकरण गराउन सक्नेछ।

*(६) उपदफा (१) बमोजिम स्थापना भएका लघु उद्यम दर्ता र नवीकरण गर्दा कुनै शुल्क लाग्ने छैन्।

(७) आधिकारिक इमेल ठेगाना परिवर्तन भएमा जानकारी गराउनु पर्नेछ।

३६. **विशेष आर्थिक क्षेत्र सम्बन्धी व्यवस्थाः** औद्योगिक क्रियाकलापलाई सघन रूपमा सञ्चालन गर्नका लागि विशेष आर्थिक क्षेत्र वा विशेष व्यापारिक क्षेत्र वा पर्यटकीय क्षेत्र वा अन्य

---

* दोस्रो संशोधनद्वारा संशोधित।

कुनै क्षेत्र रहने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशभित्रको कुनै स्थान वा क्षेत्रलाई तोक्न सक्नेछ।

३७. **औद्योगिक वर्षको घोषणा:** व्यापक रूपमा नयाँ उद्योगहरु दर्ता तथा सञ्चालनको लागि लगानी कर्ताहरुलाई प्रोत्साहित गर्न कुनै निश्चित वर्षलाई औद्योगिक वर्ष घोषणा गरी सहज ढंगले उद्योग दर्ता गर्ने व्यवस्थाका साथै सो वर्ष दर्ता हुने नयाँ उद्योगलाई विशेष सहुलियत प्रदान गर्ने गरी प्रदेश सरकारले औद्योगिक वर्ष घोषणा गर्न सक्नेछ। साथै औद्योगिक वर्ष घोषणा भएको वर्ष दर्ता हुने उद्योगलाई प्रदेश सरकारले तोकिए बमोजिम छुट, सुविधा र सहुलियतहरु प्रदान गर्न सक्नेछ।

३८. **अधिकार प्रत्यायोजन:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम समितिलाई प्राप्त भएको अधिकारमध्ये कुनै वा सबै अधिकार समितिले आवश्यकता अनुसार मन्त्रालयको सचिव, निर्देशनालयको निर्देशक वा प्रदेश सरकारको कुनै कार्यालय वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम सम्बन्धित निकायलाई प्राप्त भएको अधिकारमध्ये सबै वा कुनै अधिकार अधिकार प्राप्त अधिकारी वा निकायले आवश्यकता अनुसार कुनै कार्यालय वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

*३९. **कोषको स्थापना र सञ्चालन**: (१) प्रदेश सरकारले प्रदेशको औद्योगिक लगानी प्रवर्द्धन तथा संरक्षणका लागि "प्रदेश औद्योगिक तथा लगानी प्रवर्द्धन कोष" स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका लघु, घरेलु तथा साना उद्यम विकास कोष, लघु, घरेलु तथा साना उद्योग कर्जा प्रवाह कोष, प्रविधि विकास कोष, महिला उद्यमशीलता विकास कोष, जोखिम पूँजी (भेञ्चर क्यापिटल) कोष, रुग्ण उद्योग पुनरूत्थान, पुनर्निर्माण तथा व्यवस्थापन कोष र औद्योगिक लगानी संरक्षण तथा प्रवर्द्धन कोषबाट भएको लगानी फिर्ता बापत प्राप्त वा त्यस्तो कोषमा रहेको रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने द्विपक्षीय वा बहुपक्षीय अनुदान वा सहयोग रकम,

* दोस्रो संशोधनद्वारा संशोधित।

तर विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट अनुदान वा सहयोग प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम देहायको कार्यमा खर्च गर्न सक्नेछः-

(क) लघु उद्यम, घरेलु तथा साना उद्योग विकास,

(ख) प्रविधि विकास,

(ग) औद्योगिक विकास,

(घ) रुग्ण उद्योग पुनरुत्थान, पुनर्निर्माण तथा व्यवस्थापन,

(ङ) महिला उद्यमशीलता विकास।

(च) प्रदेश सरकारले आवश्यक देखेका अन्य उपयुक्त क्षेत्रहरु।

(४) कोषको रकम उपदफा (३) बमोजिमको कार्यमा खर्च गर्दा कोषको स्वीकृत वार्षिक कार्यक्रमको अधीनमा रही लगानी तथा खर्च गर्नु पर्नेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गरिने छैनः-

(क) कुनै सरकारी वा गैरसरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य यस्तै प्रकृतिको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) औद्योगिक तथा लगानी प्रवर्द्धन सम्बन्धी विषयमा खर्च गर्ने बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन।

(६) कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **जिल्ला उद्योग प्रवर्धन समितिको गठन**: (१) जिल्लामा उद्योग प्रवर्धन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा सम्बन्धित निकाय र सरोकारवालाको समेत प्रतिनिधित्व हुने गरी जिल्ला उद्योग प्रवर्धन समिति गठन गरिनेछ।

(२) जिल्ला उद्योग प्रवर्धन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४१. **व्यवसायिक सामाजिक जिम्मेवारी**: प्रचलित कानून बमोजिम उद्योगहरुले व्यवसायिक सामाजिक जिम्मेवारी बहन गर्नु पर्नेछ।

*४१क. **विवरण पेस गर्नु पर्ने:** (१) यस ऐन बमोजिम उद्योग दर्ता गर्ने सम्बन्धित निकायले उद्योग हेर्ने निर्देशनालयलाई उद्योगको दर्ता, नवीकरण लगायतको उद्योग सम्बन्धी भए गरेका तथ्याङ्कको विवरण मासिक रूपमा पठाउनु पर्नेछ।

(२) उद्योग दर्ता गर्ने सम्बन्धित निकाय उद्योग क्षेत्रको विषयको हकमा उद्योग हेर्ने मन्त्रालयसँग प्रत्यक्ष रूपमा उत्तरदायी हुनेछ।

४२. **बाधा अड्काउ फुकाउने अधिकार:** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

४३. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ।

४४. **यसै ऐन बमोजिम हुने:** यो ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ र यसमा उल्लेख नभएका उद्योगसँग सम्बन्धित अन्य विषयका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

४५. **नियमावली बनाउने अधिकार:** यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमावली बनाउन सक्नेछ।

४६. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने:** प्रदेश सरकारले उद्योगको दर्ता, नियमन, औद्योगिक प्रदूषण नियन्त्रण, कामदारको स्वास्थ्य तथा सुरक्षा, औद्योगिक व्यवसायिक सुरक्षा, औद्योगिक पूर्वाधार, अनुमति लिनुपर्ने उद्योगको व्यवस्थापन तथा प्रविधि हस्तान्तरण सम्बन्धी काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

४७. **प्रचलित ऐन लागू नहुने:** सहकारी संस्थाद्वारा सञ्चालन हुने उद्योग, व्यवसायको नाम उपलब्ध गराई पाउन प्रदेश औद्योगिक व्यवसाय सञ्चालन तथा स्थापना गर्न बनेको ऐन अन्तर्गतका काम कारबाही गर्न अधिकार प्राप्त निकाय वा उद्योग, व्यवसाय दर्ता गर्न अधिकार प्राप्त निकायहरुमा माग गरेमा प्राथमिकताको आधारमा नाम उपलब्ध गराई प्रचलित कानून बमोजिम अभिलेख राख्नु पर्नेछ। सहकारी संस्थाद्वारा सञ्चालित उद्योगलाई प्रदान गरिएको नाम संस्थालाई प्रदान गरिने छैन।

४८. **बचाउ:** यो ऐन प्रारम्भ हुनुभन्दा पहिला औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

## अनुसूची- १

(दफा ७ सँग सम्बन्धित)

**<u>सहमति लिनुपर्ने उद्योग</u>**

(१) चुरोट, बिंडी, खैनी, सिँगार तथा सुर्ती मुख्य कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग,

(२) बियर तथा मदिरा उत्पादन गर्ने उद्योग,

(३) ढुंगा गिट्टी, बालुवा उत्खनन, प्रशोधन गर्ने मझौला तथा ठूला उद्योग,

(४) रेडियो सञ्चार उपकरण उत्पादन गर्ने उद्योग,

⋆(५) मार्वल, ग्रेनाईट, चुनढुङ्गा, खरीढुङ्गा, ईट्टा, ह्युमपाईप उद्योग,

♣(६) खानी अन्वेषण गर्ने उद्योग,

(७) निर्यात प्रयोजनका लागि उत्पादन गर्ने घरायसी हतियारहरु जस्तैः खुकुरी, कर्द, चुप्पी, चुलेसी, स्याङ्गी बन्चरो आदि,

♣(८) यस ऐनमा उल्लेख नभएका तर सङ्घीय सरकारबाट प्रदेशलाई हस्तान्तरण भई आएका जुनसुकै उद्योग तथा प्रचलित कानून बमोजिम अनुमति/सहमति लिनु पर्ने उद्योग।

---

⋆ दोस्रो संशोधनद्वारा संशोधित।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

## अनुसूची- २

(दफा १५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**घरेलु उद्योग**

(१) ह्याण्ड लूम, पेडल लूम, सेमी-अटोमेटिकटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई,

(२) ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,

(३) परम्परागत कलामा आधारित वस्तु,

(४) परम्परागत मूर्तिकला,

(५) तामा, पित्तल, ढलौट, कास र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,

(६) फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, कर्द, चुप्पी, चुलेसी, स्याङ्गी, बन्चरो, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

(७) सुन चादीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडा-वर्तनहरु, बहुमूल्य, अर्ध (बहुमूल्य तथा पत्थर जडान भएका समेत),

(८) स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामिण ट्यानिङ्ग र छालाबाट हस्त निर्मित वस्तुहरु,

(९) जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग।

(१०) पत्थरकला (ढुंगा कुदी बनाइएका सामानहरु),

(११) पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,

(१२) मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना,

(१३) परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

(१४) काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा,

(१५) हातले छाप्ने ईटा उद्योग,

(१६) अपांगता (फरक क्षमता) भएका व्यक्तिहरुले प्रयोग गर्ने साधन तथा उपकरण मर्मत उद्योग।

## अनुसूची- ३

(दफा १५ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

**<u>ऊर्जामूलक उद्योग</u>**

(१) जलस्रोत, वायु, सौर्यशक्ति, ग्याँस, वायोमास, फोहोर र गोबर ग्याँसबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन र उपकरण निर्माण गर्ने उद्योग,

(२) प्रादेशिक विद्युत प्रशारण एवं वितरण प्रणाली,

♦(३) बायो ग्याँसमा आधारित ऊर्जा,

♦(४) चिनी उद्योगको सह उत्पादनको रूपमा उत्पादन हुने विद्युतीय ऊर्जा,

♦(५) ऊर्जाको सम्भाव्यता अध्ययन गर्ने।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

## अनुसूची- ४

(दफा १५ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

### <u>कृषि तथा वन पैदावारमा आधारित उद्योग</u>

१. फलफूल खेती वा फलफूल प्रशोधन,

२. *<u>खाद्य वस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण,</u>

३. पशुपालन, पंक्षीपालन (अष्ट्रिच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,

४. दूध तथा दुग्धजन्य उद्योग,

५. मत्स्यपालन, माछा भुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग,

♦५क. कृषि उपज प्रमुख कच्चा पदार्थ हुने पशुपंक्षीको दाना उत्पादन उद्योग,

६. रेशम खेती तथा रेशम प्रशोधन,

७. चिया बगान, चिया प्रशोधन,

८. कफी खेती, कफी प्रशोधन,

९. जडीबुटी खेती, जडीबुटी प्रशोधन,

१०. तरकारी बीउ बिजन उत्पादन,

११. तरकारी खेती, तरकारी प्रशोधन,

१२. हरित गृह स्थापना र सञ्चालन,

१३. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),

१४. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),

१५. *<u>नर्सरी व्यवसाय, वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन व्यवसाय (टिस्युकल्चर समेत)</u>

१६. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,

१७. शीत भण्डार, कृषि बजार

१८. नगदेबालीको व्यवसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजीवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदि),

१९. वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु,

२०. वनस्पति उद्यान स्थापना र व्यवस्थापन,

२१. वनस्पति प्रजनन व्यवसाय (टिस्युकल्चर समेत) ,

२२. बीउबिजन प्रशोधन,

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

२३. ♣कागज, रेजिन लगायत गैर काष्ठजन्य वन पैदावारमा आधारित उद्योग,

२४. जैबिक प्रविधि सम्बन्धी उद्योग

२५. समिल, फर्निचर तथा वन पैदावारमा आधारित काष्ठ उद्योग,

२६. निजी कृषि वन उद्योग

२७. नरिवल, सुपारी, अल्लो, सिस्नु खेतीमा आधारित उद्योग,

♦२८ च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग (टिस्युकल्चर), ऐग्रोफरेष्ट,

♦२९ कपास खेती, कपास र कपासको बिउ उत्पादन तथा प्रशोधन गर्ने।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

## अनुसूची- ५

(दफा १५ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

### *पूर्वाधार उद्योग

(१) *सडक, पूल, सुरुङ्ग,

(२) रोप-वे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ्ग कार,

(३) औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,

(४) सभा सम्मेलन केन्द्र,

(५) ढल तथा ढल निकास,

(६) खानेपानी आपूर्ति तथा वितरण,

(७) सिँचाइ पूर्वाधार, ताल पूर्वाधार

(८) खेलकुद गृह, रङ्गशाला,

(९) सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,

(१०) कार्गो कम्प्लेक्स,

(११) दूषित पानी प्रशोधन केन्द्र,

(१२) घर तथा आवास भवन, एकीकृत आवास,

(१३) ♣फिल्म स्टुडियो निर्माण, फिल्म सिटी निर्माण,

(१४) व्यापारिक कम्प्लेक्स,

(१५) स्वीमिङ्ग पूल,

♦(१६) निजी वेयर हाउस,

♦(१७) प्रादेशिक ऊर्जा घर तथा ऊर्जा प्रसारण लाइनको पूर्वाधार निर्माण व्यवस्था तथा सञ्चालन।

---

*दोस्रो संशोधनद्वारा संशोधित।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

## अनुसूची- ६

(दफा १५ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

**पर्यटन उद्योग**

(१) पर्यटक आवास, मोटेल, होटेल, रिसोर्ट तथा रेष्टुराँ,

(२) हिलिङ्ग सेन्टर, मसाज स्पा, साउना, ज्याकुजी,

(३) *ट्राभल एण्ड टुर्स, ट्राभल एजेन्सी,

(४) साहसिक पर्यटनः स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोनिङ, प्यारा सेलिङ्ग हात्तीसवार, घोडचढी, बन्जी जम्पिङ्ग, गल्फ कोर्स, पोलो, ट्रेकिङ्ग, पदयात्रा, जिपफ्लाएर, साइक्लिइङ्ग, अफरोड ड्राइभिङ्ग, जीप सफारी, ♦जिप लाईन

♦(४क) केबलकारको निर्माण गरी सञ्चालन गर्ने उद्योग,

(५) ग्रामिण पर्यटन, होमस्टे तथा पर्यावरणीय पर्यटन (पर्या पर्यटन),

(६) साँस्कृतिक, धार्मिक पर्यटन,

(७) औद्योगिक व्यवसायिक प्रदर्शनी, सभा सम्मेलन पर्यटन,

(८) *मनोरञ्जन पार्क, भ्यू टावर, वाटर पार्क,

(९) ट्राभल तथा ट्रेकिङ्ग, पर्यटकीय गाइड,

(१०) डुंगा व्यवसाय, मोटरबोट, बोटिङ्ग, जल पर्यटन, क्रुज, ✝जलक्रिडा (वाटर इन्टरटेनमेन्ट),

(११) खेलकुद पर्यटन,

♦(१२) सङ्ग्राहलय।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

✝ दोस्रो संशोधनद्वारा थप।

## अनुसूची- ७

(दफा १५ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित)

### सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग

### खण्ड (क)

सूचना प्रविधि उद्योग

(१) टेक्नोलोजी पार्क,

(२) आई.टी. पार्क,

(३) सफ्टवेयर विकास,

(४) कम्प्यूटर तथा सम्बन्धित सेवाहरु

(५) तथ्याङ्क प्रशोधन,

(६) साइवर क्याफे,

(७) डिजिटल म्यापिङ्ग,

(८) विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वी.पी.ओ.), ✝नलेज प्रोसेस आउटसोर्सिङ (के.पी.ओ.),

(९) अनलाइन,

♦(१०) डाटा सेन्टर, डाटा माइनिङ, क्लाउड कम्प्युटिङ,

♦(११) डिजीटल सिग्नेचर सर्टिफाइङ्ग एजेन्सी,

♦(१२) वेब पोर्टल, वेब डिजाइन सेवा, वेब होस्टिङ, अनलाइन वर्गीकृत विज्ञापन।

### खण्ड (ख)

सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग

(१) ♣१००० वाट सम्मका एफ.एम. र डिजिटल रेडियो सेवा,

(२) रेकर्डिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,

(३) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(४) ♣चलचित्र वा वृतचित्र निर्माण, वितरण र प्रसारण सम्बन्धी,

(५) सिनेमा हल, मल्टीफ्लेक्स सञ्चालन,

(६) केबलमा आधारित टेलिभिजन,

(७) ♣इन्टरनेट, आइ.पी. टेलिभिजन, अनलाइन सेवा।

---

✝ दोस्रो संशोधनद्वारा थप।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

## अनुसूची- ८

(दफा १५ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

**<u>सेवामूलक उद्योग</u>**

(१) यान्त्रिक कार्यशाला (वर्कशप),

(२) छापाखाना तथा छपाई सम्बन्धी सेवा,

(३) पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, इन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,

(४) प्रदर्शनी सेवा, म्युजिकल व्याण्ड,

(५) साँस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,

(६) निर्माण व्यवसाय,

(७) सार्वजनिक यातायात व्यवसाय,

(८) फोटोग्राफी,

(९) अस्पताल,

(१०) नर्सिङ्ग होम,

(११) शिक्षण एवं प्रशिक्षण संस्था,

(१२) पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,

(१३) प्रयोगशाला,

(१४) *<u>खेलकुद सेवा, स्वीमिङ्ग पुल,</u>

(१५) शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य),

(१६) हाउस वायरिङ्ग इलेक्ट्रिकल फिटिङ्ग र मर्मत,

(१७) फोहोरमैला संकलन तथा सरसफाइ, फोहरमैला पुनः प्रशोधन,

(१८) घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,

(१९) निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन,

(२०) पशु चिकित्सा सेवा,

(२१) व्याट्री रिचार्जिङ्ग,

(२२) स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,

(२३) खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,

(२४) कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),

(२५) कार्गो व्यवसाय,

(२६) प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्याँस रिफिलिङ्ग र सवारी ग्याँस रिफिलिङ्ग गर्ने

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

स्टेशन समेत),

(२७) कुरियर सेवा,

(२८) ड्राइक्लिनिङ्ग व्यवसाय,

(२९) व्यूटी पार्लर,

(३०) आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),

(३१) सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,

(३२) प्रकाशन सेवा,

(३३) विज्ञापन सेवा,

(३४) विज्ञापन सामग्री तयार गर्ने सेवा,

(३५) टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलिफिल्म उत्पादन तथा प्रसारण,

(३६) स्वाइल टेष्टिङ्ग सेवा,

(३७) स्वास्थ्य (हेल्थ क्लव),

(३८) *पानी प्रशोधन, पानी ढुवानी तथा वितरण सेवा,

(३९) जुलोजिकल पार्क सञ्चालन,

(४०) जियोलोजिकल पार्क सञ्चालन,

(४१) व्यवसाय सम्वर्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस),

(४२) व्यापारिक कम्प्लेक्स सञ्चालन,

(४३) वायोटेक पार्क,

(४४) मल्टिप्लेक्स थियटर,

(४५) सिलाई बुनाई,

(४६) ढुवानी सेवा,

(४७) नक्शा डिजाइन सम्बन्धी सेवा,

(४८) अनुसन्धान तथा विकास सेवा,

(४९) फुटसल,

(५०) *क्याटरिङ्ग, घुम्ती खाद्य स्टल, फुड कोर्ट, पार्टि प्यालेस,

(५१) बालुवा प्रशोधन फिरफिरे,

(५२) साहित्यिक, लोक दोहरी तथा गजल साउण्ड म्युजिकल उपकरण सेवा,

(५३) मेसिनरी वा उपकरण भाडामा दिने,

(५४) छात्राबास,

(५५) बालबच्चा स्याहार केन्द्र,

(५६) पानी वोरिङ्ग सेवा,

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(५७) कङ्क्रीट रेडीमिक्स,

(५८) फोहोरमैला संकलन तथा व्यवस्थापन सेवा,

(५९) स्नुकर,

(६०) भाषा शिक्षण,

(६१) वृद्धाश्रम,

(६२) ♦सर्भिस अपार्टमेन्ट,

(६३) ♦उपकरण मर्मत तथा जडान, प्रविधि तथा आविष्कार केन्द्र, सुविधायुक्त कार्यस्थल,

(६४) ♦विद्युतीय व्यापार (ई-कमर्श), अनलाईन सपिङ्ग व्यवसाय, विद्युतीय माध्यम (अनलाइन वा सफ्टवेयर वा एप्स वा यस्तै अन्य प्रकारको माध्यम) को प्रयोग गरी सर्वसाधारणलाई सेवा उपलब्ध गराउने उद्योग व्यवसाय,

(६५) शोधन वा प्रक्रिया नगन्य रूपमा हुने कट टु लेन्थ सिट, फोटो फिल्म स्टिलिङ्ग, फोटो, पेपर स्टिलिङ्ग, टिस्यु पेपेर स्टिलिङ्ग, बल वियरिङ्ग एसेम्बली तथा बल्क रूपमा तयारी सामान आयात गरी रिप्याकिङ्ग गर्ने जस्ता सेवा व्यवसायहरु,

(६६) ♱राइड शेयरिङ सेवा।

---

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

♱ दोस्रो संशोधनद्वारा थप।

## अनुसूची- ९
(दफा १७ सँग सम्बन्धित)

**प्रदेश प्राथमिकता प्राप्त उद्योग**

(१) उर्जामूलक उद्योगहरु,

(२) कृषि, पशुपंक्षी तथा वन पैदावारमा आधारित उद्योग,

(३) *पूर्वाधार उद्योग,

(४) निर्यातमूलक उद्योग,

(५) पर्यटन उद्योग,

(६) सर्पदंश उपचार सम्बन्धी उद्योग,

(७) स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिङ्गर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायनिक मल (मिश्रण बाहेक), प्राङ्गारिक मल, धूलो दूध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपांगहरुले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरु उत्पादन गर्ने उद्योग,

(८) यस प्रयोजनका लागि दुर्गम तथा अविकसित क्षेत्र भन्नाले प्रदेशभित्रको जिल्ला, जिल्लाका गाउँपालिका तथा नगरपालिकाका वडालाई प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी दुर्गम तथा अविकसित क्षेत्र घोषणा गर्न सक्नेछ,

(९) साना तथा घरेलु उद्योग।

* दोस्रो संशोधनद्वारा संशोधित।

# प्रदेश युवा परिषद् ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७७।०१।०३

संवत् २०७६ सालको ऐन नं. २३

**<u>प्रदेश युवा परिषद्‌को सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**ः युवाको हक हितको संरक्षण, सम्बर्धदन र सशक्तीकरण गरी शिक्षा, सीप, उद्यमशीलता र रोजगारीमा युवाको प्रतिनिधित्व, भूमिका र योगदानलाई प्रवर्धन गर्दै समुन्नत प्रदेश तथा राष्ट्रको निर्माणका लागि युवा सम्बन्धी नीति निर्माणदेखि कार्यान्वयन तहसम्म उनीहरुको सार्थक सहभागिता अभिवृद्धि गरी प्रदेश तथा राष्ट्र विकासको मूल प्रवाहमा युवालाई समावेश गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "प्रदेश युवा परिषद् ऐन, २०७६" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको तीसौं दिनबाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "जिल्ला युवा समिति" भन्नाले दफा १३ बमोजिमको जिल्ला युवा समिति सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "परिषद्" भन्नाले दफा ५ बमोजिम स्थापना भएको प्रदेश युवा परिषद् सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "युवा" भन्नाले सोह्र वर्षदेखि चालीस वर्षसम्मको उमेर भएको व्यक्ति सम्झनु पर्छ।

(झ) "विशेष समुदायको युवा" भन्नाले द्वन्द्व पीडित, जोखिममा परेका, दलित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, गरिबीको रेखामुनि रहेका, अपाङ्गता भएका वा अति सीमान्तकृत, अल्पसङ्ख्यक समुदायका युवा सम्झनु पर्छ।

(ञ) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सचिव समेतलाई जनाउँछ।

(ट) "समिति" भन्नाले दफा १० बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## परिषद्को स्थापना

३. **परिषद्को स्थापनाः** (१) प्रदेश भित्र युवाको हक हित संरक्षण, सम्बर्ध्दन र सशक्तीकरण गर्नको लागि प्रदेश युवा परिषद् स्थापना गरिनेछ।

(२) परिषद्को मुख्य कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा रहनेछ।

४. **परिषद् स्वशासित र संगठित संस्था हुनेः** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित तथा संगठित संस्था हुनेछ।

(२) परिषद्को आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

तर परिषद्ले अचल सम्पत्ति बेचबिखन गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्ले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र परिषद् उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) परिषद्ले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

## परिच्छेद–३

## परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

५. **परिषद्को गठनः** (१) परिषद्को गठन देहाय बमोजिम हुनेछः–

(क) प्रदेश सरकारको युवा सम्बन्धी विषय हेर्ने मन्त्री -अध्यक्ष

(ख) प्रदेश सरकारले नियुक्त गरेको व्यक्ति -उपाध्यक्ष

(ग) प्रदेश नीति तथा योजना आयोगको सदस्य (युवा सम्बन्धी विषय हेर्ने) -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, युवा सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(च) मन्त्रालयको युवा सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख -सदस्य

(छ) युवाको हक, हितको संरक्षण र सम्बर्ध्दनमा योगदान पुऱ्याएको युवाहरु मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनीत गरेका कम्तीमा तीन जना महिला सहित छ जना -सदस्य

(ज) उद्योग, श्रम, कृषि, खेलकुद,विज्ञान, प्रविधि, सूचना, सञ्चार लगायतका तथा वातावरण, साहित्य तथा कलाको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनीत गरेका कम्तीमा दुई जना महिला सहित चार जना -सदस्य

(झ) लैंगिक तथा यौनिक अल्पसंख्यक मध्येबाट एक जना -सदस्य

(२) परिषद्को वरिष्ठतम कर्मचारीले परिषद्को सचिवको रुपमा काम गर्नेछ।

(३) परिषद्को मनोनीत सदस्य हुन देहायको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) चालीस वर्ष उमेर ननाघेको।

(४) मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको भनी परिषद्ले निर्णय गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम मनोनीत सदस्यहरुलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

६. **परिषद्को काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) प्रदेश सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ग) सीप, मनोरञ्जन, स्वयंसेवा, नेतृत्व विकास, उद्यमशीलता, रोजगार, विज्ञान, सूचना तथा प्रविधि, दीगो विकास र वातावरण संरक्षण जस्ता क्षेत्रमा युवाको प्रवर्धनका लागि कार्यक्रम सञ्चालन गर्ने,

(घ) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरुले पालना गर्नु पर्ने शर्तहरु निर्धारण गर्ने,

(ङ) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(च) युवा विकास, सशक्तीकरण एवं मूल प्रवाहीकरण सम्बन्धी विषयमा प्रदेश सरकारलाई सुझाव दिने,

(छ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ज) युवालाई प्रदेशको सर्वाङ्गिण विकासमा केन्द्रीत भई अघि बढ्न उत्प्रेरित गर्ने,

(झ) युवाका क्षेत्रमा संघ र स्थानीय तहसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने,

(ञ) युवा वैज्ञानिकलाई प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गर्न सक्ने,

(ट) प्रदेश संग्राहलय र प्लानेटोरियम जस्ता कार्यक्रमबाट वैज्ञानिक अन्वेषण कार्यलाई प्रोत्साहन गर्ने,

(ठ) विपद् व्यवस्थापनमा युवा शक्ति परिचालन गर्ने,

(ड) स्वदेश तथा विदेशको कार्य अनुभवबाट युवाहरुले आर्जन गरेको प्राविधिक ज्ञान, सीप र अनुभवलाई प्रोत्साहन गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

७. **परिषद्को बैठक र निर्णयः** (१) परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ।

तर दुई बैठक बीचको अन्तर सामान्यतया चार महिनाभन्दा बढी हुने छैन।

(२) परिषद्को बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्का सचिवले सदस्यहरुलाई दिनेछ।

(४) परिषद्मा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकको निर्णय उपाध्यक्षले प्रमाणित गरी राख्नेछ।

(८) बैठकमा आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई परिषद्को बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## उपाध्यक्षको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

८. **उपाध्यक्षः** (१) परिषद्को कार्यकारी प्रमुखको रुपमा एक जना उपाध्यक्ष रहनेछ।

(२) मन्त्रालयले मन्त्रालयका सचिवको अध्यक्षतामा अन्य दुई जना विज्ञ रहेको तीन सदस्यीय एक सिफारिस समिति गठन गरी उक्त समितिले सिफारिस गरेका व्यक्ति मध्येबाट प्रदेश सरकारले उपाध्यक्ष पदमा एक जना नियुक्त गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले देहाय बमोजिम योग्यता भएका व्यक्तिहरु मध्येबाट तीन जनाको नाम सिफारिस गर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी युवाको हक, हितको संरक्षण, सम्बर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(घ) सम्बन्धित क्षेत्रमा काम गरिरहेको,

(ङ) चालीस वर्ष उमेर ननाघेको।

(४) उपदफा (२) बमोजिमको सिफारिस समितिको बैठक लगायत सिफारिस गर्दा अवलम्बन गर्नुपर्ने अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपाध्यक्षले परिषद्को अहित हुने कुनै काम गरेमा, कार्य क्षमताको अभाव, खराब आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारीपूर्वक नगरेमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत उपाध्यक्षको पदबाट हटाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम उपाध्यक्षलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(८) उपाध्यक्षको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा प्रदेश सरकारको एघारौं तहको कर्मचारीले पाए सरहको हुनेछ।

९. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) परिषद्बाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ख) परिषद्को वार्षिक कार्यक्रम, योजना तथा बजेट तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ग) परिषद् तथा समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्ने, गराउने,

(ङ) परिषद्को कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने,

**(च)** प्रदेश युवा परिषद्ले तोकेको अन्य काम गर्ने।

## परिच्छेद–५

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**१०.** **समितिको गठनः** (१) परिषद्को कार्यकारी निकायको रुपमा काम गर्न देहाय बमोजिमको एक कार्यकारी समिति रहनेछः-

(क) उपाध्यक्ष -संयोजक

(ख) मन्त्रालयको युवा सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख -सदस्य

(ग) परिषद्का सदस्यहरु मध्येबाट परिषद्ले मनोनीत गरेका एक जना महिला सहित दुई जना -सदस्य

(घ) परिषद्को वरिष्ठतम कर्मचारी -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यको पदावधि परिषद्को सदस्य कायम रहेसम्मको अवधिका लागि हुनेछ।

**११.** **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको संयोजकको अनुपस्थितिमा सदस्य–सचिवले समितिका सदस्यहरुसँग परामर्श गरी तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्न सक्नेछ।

(४) समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले समितिका सदस्यहरुलाई दिनेछ।

(५) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) समितिको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(९) समितिले आवश्यक ठानेमा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१२. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ख) परिषद्सँग आबद्ध हुन चाहने संघ, संस्थालाई आबद्धता प्रदान गर्ने सम्बन्धी शर्त, विधि र प्रक्रिया निर्धारण गरी स्वीकृतिको लागि परिषद् समक्ष पेश गर्ने,

(ग) परिषद्बाट स्वीकृत नीति र मार्गदर्शनको अधीनमा रही युवा विकास, परिचालन तथा युवा सशक्तीकरण सम्बन्धी प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) युवाका लागि स्वरोजगार प्रवर्धन तथा उद्यमशीलता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ङ) युवा विकास तथा युवा परिचालन सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(च) युवालाई आत्मनिर्भर हुन सहयोग पुग्ने किसिमको कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) युवालाई नीति निर्माणदेखि कार्यान्वयन तहसम्म संलग्न गराउन पहल गर्ने,

(ज) परिषद्बाट सम्पादन गरिने कार्य मितव्ययी र प्रभावकारी ढंगबाट सम्पादन गर्न तथा वित्तीय उत्तरदायित्व प्रणालीलाई विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्ने,

(झ) युवा सम्बन्धी विभिन्न निकायद्वारा सञ्चालित कार्यक्रमको समन्वय गर्ने,

(ञ) युवा सम्बन्धी संघ, संस्थाको क्षमता अभिवृद्धि गर्ने, गराउने,

(ट) युवासम्बन्धी सूचनाको व्यवस्थापन गर्ने तथा एकीकृत तथ्याङ्क तयार गर्ने।

## परिच्छेद-६

## <u>जिल्ला युवा समिति</u>

१३. **<u>जिल्ला युवा समितिको गठन</u>**: (१) जिल्लास्तरमा युवा सम्बन्धी योजना तथा कार्यक्रमको समन्वय, सहजीकरण र सञ्चालन गर्न प्रत्येक जिल्लामा एक जिल्ला युवा समिति रहनेछ।

(२) जिल्ला युवा समिति गठन देहाय बमोजिम हुनेछः-

(क) माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) वा सो सरह उत्तीर्ण

गरी स्थानीय तहमा युवाको संरक्षण, सम्बर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा विशेष योगदान पुऱ्याएको युवाहरु मध्येबाट परिषद्को सिफारिसमा मन्त्रालयले मनोनीत गरेको व्यक्ति -अध्यक्ष

(ख) युवाको हक, हितको संरक्षण र सम्बर्द्धनमा विशेष योगदान पुऱ्याएको व्यक्ति वा संघ संस्थाको प्रतिनिधित्व हुने गरी प्रदेश निर्वाचन क्षेत्र दुई भएका जिल्लामा कम्तीमा एक जना महिला सहित तीन जना, प्रदेश निर्वाचन क्षेत्र चार भएका जिल्लामा कम्तीमा दुई जना महिला सहित पाँच जना, प्रदेश निर्वाचन क्षेत्र छ भएका जिल्लामा कम्तीमा तीन जना महिला सहित सात जना, प्रदेश निर्वाचन क्षेत्र छ भन्दा बढी भएका जिल्लामा कम्तीमा चार जना महिलासहित नौ जना परिषद्को सिफारिसमा मन्त्रालयले नियुक्ति गर्ने -सदस्य

(ग) जिल्लामा युवा सम्बन्धी विषय हेर्ने कार्यालय प्रमुख -सदस्य-सचिव

(३) उपदफा (२) खण्ड (क) र (ख) बमोजिमको अध्यक्ष र सदस्यले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ग) सम्बन्धित क्षेत्रमा काम गरिरहेको,

(घ) चालीस वर्ष उमेर ननाघेको।

(४) जिल्ला युवा समितिको अध्यक्ष तथा मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला युवा समितिको अध्यक्ष वा मनोनीत कुनै सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको देखिएमा परिषद्ले त्यस्तो अध्यक्ष वा सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(६) जिल्ला युवा समितिको बैठक सम्बन्धी कार्यविधि जिल्ला युवा समिति स्वयंले निर्धारण गरे बमोजिम हुनेछ।

(७) जिल्ला युवा समितिको सचिवालय प्रदेश युवा परिषद्ले तोकेको स्थानमा रहनेछ।

(८) जिल्ला युवा समितिको अध्यक्ष र सदस्यको सेवा, सुविधा तथा बैठक भत्ता तोकिए बमोजिम हुनेछ।

(९) मन्त्रालयले मनोनित सदस्यहरु मध्येबाट अध्यक्ष भन्दा फरक लिङ्गबाट एक जना उपाध्यक्ष मनोनित गर्नेछ।

१४. **<u>जिल्ला युवा समितिको काम, कर्तव्य र अधिकारः</u>** जिल्ला युवा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सामाजिक विकास मन्त्रालय र परिषद्बाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रमको समन्वय, सहजीकरण र सञ्चालन गर्ने, गराउने,

(ख) उद्यमशीलता, रोजगारी, नेतृत्व विकास, सीप विकास तालिम लगायतका विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ग) युवा सम्बन्धी खण्डीकृत तथ्याङ्कको अध्यावधि गर्ने,

(घ) स्थानीय तह, युवा सम्बन्धी संघ, संस्था, गैर सरकारी संस्था तथा निजी क्षेत्रको साझेदारीमा जिल्लास्तरमा युवा विकास सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

(ङ) स्थानीय तहमा सञ्चालन हुने युवा सम्बन्धी कार्यक्रमको समन्वय एवं सहजीकरण गर्ने,

(च) विशेष समुदायका युवालाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) स्थानीयस्तरमा युवा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्रोत साधन जुटाउने,

(ज) परिषद्ले तोके बमोजिमको काम गर्ने, गराउने।

१५. **<u>जिल्ला युवा समितिको बैठक र निर्णयः</u>** (१) जिल्ला युवा समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

तर दुई बैठक बीचको अन्तर सामान्यतया दुई महिनाभन्दा बढी हुने छैन।

(२) जिल्ला युवा समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) जिल्ला युवा समितिको बैठक हुनुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना जिल्ला युवा समितिको सचिवले सदस्यहरुलाई दिनेछ।

(४) जिल्ला युवा समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा जिल्ला युवा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) जिल्ला युवा समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जिल्ला युवा समितिका उपाध्यक्षले गर्नेछ।

(६) जिल्ला युवा समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) जिल्ला युवा समितिको बैठकको निर्णय बैठकको अध्यक्ष र सचिवले प्रमाणित गर्नु पर्नेछ।

(८) जिल्ला युवा समितिले आवश्यक ठानेमा जिल्ला युवा समितिको कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई जिल्ला युवा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) जिल्ला युवा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि जिल्ला युवा समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-७

## परिषद्सँग आबद्धता र कार्यक्रम सञ्चालन

१६. **युवा सम्बन्धी संघ, संस्थालाई आबद्धता प्रदान गर्नेः** (१) युवाको हक, हितको संरक्षण गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका युवा सम्बन्धी कुनै संघ वा संस्था परिषद्मा आबद्ध हुन चाहेमा देहायको विवरण खुलाई परिषद् समक्ष निवेदन दिनु पर्नेछः-

(क) संघ वा संस्थाको नाम,

(ख) संघ वा संस्थाको उद्देश्य,

(ग) संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि,

(घ) संघ वा संस्थाको कार्य समितिको सदस्यहरुको नाम र ठेगाना।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा सम्बन्धित संघ वा संस्थाको विधान समेत संलग्न गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम प्राप्त निवेदन सहितका कागजात जाँचबुझ गर्दा निवेदकको माग बमोजिम त्यस्तो संघ वा संस्थालाई परिषद्सँग आबद्धता प्रदान गर्न उपयुक्त देखिएमा परिषद्ले तोकिए बमोजिमको दस्तुर लिई सो संघ वा संस्थालाई परिषद्सँग आबद्धता प्रदान गर्नेछ।

(४) उपदफा (३) बमोजिम परिषद्मा आबद्ध भएका युवा सम्बन्धी संघ वा संस्थाले आफ्नो आबद्धता प्रत्येक तीन वर्षमा तोकिए बमोजिमको दस्तुर परिषद्मा बुझाई नवीकरण गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम परिषद्सँग आबद्ध भएका युवा सम्बन्धी संघ वा संस्थाले आफूले वर्ष भरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(६) युवा सम्बन्धी संघ वा संस्थाको आबद्धता नवीकरण, आबद्धता रद्द र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **<u>कार्यक्रम सञ्चालन गर्ने</u>**: दफा १६ बमोजिम परिषद्सँग आबद्ध भएका युवा सम्बन्धी संघ, संस्थाले आफ्नो विधानको अधीनमा रही बेरोजगार युवालाई विभिन्न ज्ञान र सीप सम्बन्धी तालिम प्रदान गर्न, युवालाई सशक्तीकरण गर्न र पिछडिएको समुदाय वा वर्गको युवाको हक, हितको संरक्षण हुने विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद–८

## <u>परिषद्को कोष</u>

१८. **<u>परिषद्को कोष</u>**: (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,
(ख) कुनै व्यक्ति वा संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,
(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(घ) युवा सम्बन्धी संघ, संस्थालाई आबद्धता प्रदान गर्दा वा नवीकरण गर्दा प्राप्त रकम,
(ङ) परिषद्ले आन्तरिक स्रोत परिचालनबाट आर्जित रकम,
(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्ले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) परिषद्को नामबाट गरिने सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(५) परिषद्को कोषमा रहने सम्पूर्ण रकम परिषद्ले तोकेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(६) परिषद्को कोषको खाता सञ्चालन परिषद्को सचिव र परिषद्को लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

१९. **<u>लेखा र लेखापरीक्षण</u>**: (१) परिषद्ले आफ्नो आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ।

(२) परिषद्को आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) मन्त्रालयले परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत निरीक्षण गर्न वा गराउन लगाउन सक्नेछ।

## परिच्छेद-९

## <u>विविध</u>

२०. **<u>कर्मचारी सम्बन्धी व्यवस्था</u>**: (१) परिषद् तथा जिल्ला युवा समितिलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले व्यवस्था गरे बमोजिम हुनेछ।

(२) परिषद्मा कर्मचारीलाई स्थायी नियुक्ति गर्नु पर्दा प्रदेश लोक सेवा आयोगको सिफारिसमा गर्नु पर्नेछ।

तर चालक र कार्यालय सहयोगी करारमा राख्न बाधा पर्ने छैन।

२१. **<u>सहभागी हुन नहुने</u>**: परिषद्, समिति र जिल्ला युवा समितिको कुनै सदस्य वा पदाधिकारीले परिषद्को ठेक्कापट्टा लिन वा आफ्नो निजी स्वार्थ जोडिएको कुनै कार्यमा सहभागी हुनु हुँदैन।

२२. **<u>सुविधा तथा बैठक भत्ता</u>**: परिषद्का अध्यक्ष, उपाध्यक्ष र सदस्य, समितिका संयोजक र सदस्य, जिल्ला युवा समितिका अध्यक्ष र सदस्यले बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन्।

२३. **<u>वार्षिक प्रतिवेदन</u>**: (१) जिल्ला युवा समितिले आफूले वर्ष भरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(२) परिषद्ले आफूले वर्षभरी गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परिषद् र जिल्ला युवा समितिले वर्ष भरीमा सम्पादन गरेका कामहरु र तिनको उपलब्धि, त्यस्ता कामको लागि गरेको खर्च, परिषद्को कोषको तथा स्रोत साधनको अवस्था, परिषद्बाट भएका अन्य काम कारबाही तथा युवाको क्षेत्रमा देखिएका समस्या, समस्या समाधानका लागि परिषद्बाट भएका प्रयास र सोको समाधानका उपाय समेतको विवरण उल्लेख गर्नु पर्नेछ।

(४) परिषद्ले आफूलाई प्राप्त स्रोत साधन, सम्पादन गरेका कार्य र तिनको उपलब्धि एवं गरेको अन्य काम कारबाहीको विवरण सर्वसाधारणको जानकारीको लागि प्रत्येक वर्ष प्रकाशन गर्नु पर्नेछ।

२४. **निर्देशन दिन सक्ने**: (१) प्रदेश सरकारले परिषद्को काम कारबाही तथा सुधारको विषयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

२५. **अधिकार प्रत्यायोजन**: (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, कुनै सदस्य, सदस्य-सचिव वा परिषद्को कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२६. **शपथ**: परिषद्, समिति र जिल्ला युवा समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

२७. **सहयोग गर्नु पर्ने**: परिषद्, समिति र जिल्ला युवा समितिको काम कारबाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२८. **परिषद्को विघटन**: (१) परिषद्ले यस ऐनको उद्देश्य बमोजिम काम गर्न नसकेमा प्रदेश सरकारले जुनसुकै बखत परिषद् विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम परिषद् विघटन भएमा परिषद्को चल अचल सम्पत्ति प्रदेश सरकारको हुनेछ।

२९. **नेपाल सरकारसँग सम्पर्क**: परिषद्ले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयसँगको समन्वयमा प्रदेश सरकार मार्फत् राख्नु पर्नेछ।

३०. **प्रदेश सरकारसँग सम्पर्क**: परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत् राख्नु पर्नेछ।

३१. **नियम बनाउने अधिकार**: यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३२. **विनियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार**: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आवश्यक विनियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आर्थिक व्ययभार पर्ने विषयमा विनियम, निर्देशिका र कार्यविधि बनाउँदा परिषद्ले मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

अनुसूची

(दफा २६ सँग सम्बन्धित)

**शपथ**

म..................................................(शपथ लिने व्यक्तिको नाम) मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/देश र जनताका नाममा शपथ लिन्छु कि प्रदेश युवा परिषद्/समिति/जिल्ला युवा समितिको .................................. पदको हैसियतले मलाई तोकिएको काम मैले जाने बुझेसम्म कर्तव्य सम्झी देश तथा परिषद्प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी इमान्दारीपूर्वक प्रचलित कानूनको अधिनमा रही पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा संकेत गर्ने छैन।

<u>शपथ ग्रहण गर्नेको</u>

नामः

दस्तखतः

मितिः

पदः

<u>शपथ ग्रहण गरेको प्रमाणित गराउनेको</u>

नामः

दस्तखतः

मितिः

पदः

कार्यालयः

# वातावरण संरक्षण ऐन, २०७७

**प्रमाणीकरण र प्रकाशित मिति**

२०७७।०४।०९

संशोधन गर्ने ऐन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ २०७९।०४।३०

संवत् २०७७ सालको ऐन नं. ५

**वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना**: नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षण गर्न, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गरी दिगो विकास गर्न, औद्योगिकीकरण, जलवायु परिवर्तन लगायतका कारणबाट प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षणका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "वातावरण संरक्षण ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो ऐनमा,-

(क) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आकलन गरी थप हानि नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समयावधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस धुवाँ वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ।

(ग) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रूपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनु पर्छ।

(घ) "जलवायु परिवर्तन व्यवस्थापन" भन्नाले जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, वित्त व्यवस्था, क्षमता अभिवृद्धि लगायतका समष्टिगत कार्यलाई समेत जनाउँछ।

(ङ) "जोखिमपूर्ण पदार्थ" भन्नाले जोखिमपूर्ण फोहरको सीमापार ओसारपसार, नियन्त्रण र विसर्जन सम्बन्धी बासेल महासन्धिमा सूचीकृत पदार्थ तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विष्फोटक, ज्वलनशील, चिरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो पटक प्रयोगमा आउन लागेका पदार्थ सम्झनु पर्छ।

(च) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इकोसिस्टम) को विविधता, प्रजातीय विविधता (स्पेसिज डाईवरसिटी) तथा आनुवांशिक विविधता (जेनेटिक डाईवरसिटी) सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "न्यूनीकरण" भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ।

(झ) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी, भस्कट, मिस्कट, गेग्रान, माटो सम्झनु पर्छ।

(ञ) "निष्कासन" भन्नाले ध्वनि, ताप वा फोहरमैला फाल्ने, थुपार्ने वा निष्कासन गर्ने कार्य सम्झनु पर्छ।

(ट) "प्रदूषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुर्‍याउने क्रियाकलाप सम्झनु पर्छ।

♦(ट१) "प्रचलित कानून" भन्नाले सो सम्बन्धी कानून प्रदेशमा भए प्रदेश कानून र नभए सङ्घीय कानून सम्झनु पर्छ।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

(ठ) "प्रदूषण न्यूनीकरण" भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने धुलो, धुवाँ, हरितगृह ग्याँस, ध्वनि प्रदूषण वा अन्य किसिमको प्रदूषण घटाउने वा रोक्ने भन्ने जनाउँछ।

(ड) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ढ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन प्रचलित कानून बमोजिम सञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

(ण) "प्रस्तावक" भन्नाले आयोजना वा परियोजना वा कार्यक्रमको प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैह्र सरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(त) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्ताव कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न तयार गरिने विश्लेषणात्मक अध्ययन तथा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ।

(थ) "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले एक पटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रूपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरूप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमता वृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ।

(द) "फोहरमैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धुवाँ, धुलो, विकिरणयुक्त तत्व वा पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु सम्झनु पर्छ।

(ध) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको वातावरण हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(न) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ।

(प) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(फ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न तयार गरिने विस्तृत अध्ययन तथा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन सम्झनु पर्छ।

(ब) "संरक्षण" भन्नाले वातावरण तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ।

(भ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गर्ने उपायको सम्बन्धमा संक्षिप्त रूपमा गरिने अध्ययन सम्झनु पर्छ।

## परिच्छेद- २

## वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी व्यवस्था

३. **वातावरणीय अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्नेः** (१) प्रस्तावकले कुनै प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम सञ्चालन गर्नु पूर्व अनुसूची- १ मा उल्लिखित प्रस्तावहरुको संक्षिप्त वातावरणीय अध्ययन गरी अनुसूची- ४ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) प्रस्तावकले कुनै प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम सञ्चालन गर्नु पूर्व अनुसूची- २ मा उल्लिखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण गरी अनुसूची- ५ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) प्रस्तावकले कुनै प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम सञ्चालन गर्नु पूर्व अनुसूची- ३ मा उल्लिखित प्रस्तावहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गरी अनुसूची- ६ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ।

(४) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

♦(५) यस दफा बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले प्रस्तावसँग सम्बन्धित विषयगत मन्त्रालय वा अन्तरगतको कार्यालय मार्फत प्रस्ताव सहित निवेदन दिन सक्नेछ।

४. **प्रतिवेदन स्वीकृत गर्नु पर्नेः** (१) यो ऐन प्रारम्भ भएपछि कसैले पनि प्रचलित कानून बमोजिम वा ♣दफा ३ बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम वा प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन।

---

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(२) दफा ३ बमोजिम वातावरणीय अध्ययन गरी तयार गरिएको प्रतिवेदन स्वीकृतिका लागि देहायको निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) प्रदेश ♣सरकारको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा प्रस्तावसँग सम्बन्धित मन्त्रालयको राय सहीत मन्त्रालय समक्ष,

(ख) ♣स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा जिल्ला समन्वय समितिको राय सहीत मन्त्रालय समक्ष,

(ग) प्रदेश सरकारसँग सम्बन्धित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा प्रस्तावसँग सम्बन्धित मन्त्रालय समक्ष,

(घ) ♣स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा स्थानीय कानूनमा व्यवस्था भए बमोजिम र स्थानीय कानूनमा व्यवस्था नभएको अवस्थामा जिल्ला समन्वय समिति समक्ष,

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहसँग सम्बन्धित नदीजन्य तथा खनिजजन्य पदार्थको उत्खनन वा सङ्कलनसँग सम्बन्धित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा जिल्ला समन्वय समिति समक्ष,

(३) दफा ३ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा प्रतिवेदन स्वीकृत गर्ने निकायले सो उपर आवश्यक जाँचबुझ गर्न सक्नेछ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा स्वीकृत गर्ने निकायले राय सुझाव सङ्कलन गर्नका लागि पन्ध्र दिनको अवधि तोकी राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा सूचना प्रकाशन गरी त्यस्तो प्रतिवेदन उतार (डाउनलोड) गर्न मिल्ने गरी सम्बन्धित निकायको वेबसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गरी राय सुझाव दिनको लागि प्रतिवेदन स्वीकृत गर्ने निकायले त्यस्तो प्रस्तावसँग सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधि तथा रोष्टरमा सूचीकृत विषय विज्ञ समेत रहेको समिति गठन गर्न सक्नेछ।

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

(५) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा पन्ध्र दिनभित्र प्रतिवेदन स्वीकृत गर्ने निकायले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न गराउन आदेश दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा प्रतिवेदन स्वीकृत गर्ने निकायले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिनेछ।

(८) उपदफा (७) बमोजिम प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरूपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा यसरी परिमार्जन वा थप गर्दा, स्वीकृत प्रतिवेदनमा उल्लिखित व्यहोरा तथा परिमाण र परिवर्तन वा थप गर्नुपर्ने व्यहोरा तथा परिमाण जोड्दा अनुसूची- ३ भित्र उल्लिखित प्रस्तावको क्षेत्रमा परेमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(९) उपदफा (७) बमोजिम प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरूपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा यसरी परिमार्जन वा थप गर्दा, स्वीकृत प्रतिवेदनमा उल्लिखित व्यहोरा तथा परिमाण र परिवर्तन वा थप गर्नुपर्ने व्यहोरा तथा परिमाण जोड्दा अनुसूची- २ भित्र उल्लिखित प्रस्तावको क्षेत्रमा परेमा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्नेछ।

५. **विकल्पको विश्लेषण गर्नु पर्नेः** (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सक्ने विभिन्न विकल्पहरूको विश्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सक्ने आधार र कारणसहीत सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवं दीर्घकालीन सञ्चालन प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने विधि तथा प्रक्रिया समेत उल्लिखित गर्नु पर्नेछ।

६. **क्षेत्र निर्धारण तथा कार्यसूची**: (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पूर्व प्रस्तावकले प्रतिवेदन स्वीकृत गर्ने निकायबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययनको हकमा अनुसूची- ७, प्रारम्भिक वातावरणीय परीक्षणको हकमा अनुसूची- ८ बमोजिमको कार्यसूची र वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा अनुसूची- ९ बमोजिमको क्षेत्र निर्धारण प्रतिवेदन र अनुसूची- १० बमोजिमको कार्यसूची प्रतिवेदन स्वीकृत गर्ने निकायबाट स्वीकृत गराउनु पर्नेछ।

♣(२) उपदफा (१) बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा प्रस्ताव कार्यान्वयन हुने सम्बन्धित स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा संक्षिप्त वातावरणीय अध्ययनको हकमा सात दिन र प्रारम्भिक वातावरणीय परीक्षण एवं वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा पन्ध्र दिनभित्र लिखित सुझाव दिनको लागि त्यस्तो प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थानीय तह, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सरोकारवाला व्यक्ति वा संस्थामा सबैले देखिने गरी अनुसूची- ११ मा तोके बमोजिमको सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ र सोही बमोजिमको सूचना संक्षिप्त वातावरणीय अध्ययनको हकमा कम्तीमा स्थानीय स्तरको कुनै एक राष्ट्रिय दैनिक पत्रिका र प्रारम्भिक वातावरणीय परीक्षण एवं वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

(३) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुनै प्रस्तावको सम्बन्धमा प्रस्तावकले क्षेत्र निर्धारणका लागि प्रस्ताव कार्यान्वयन हुने स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा लिखित सुझाव दिनको लागि पन्ध्र दिनको अवधि तोकी राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची- १२ मा तोके बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ।

७. **वातावरणीय व्यवस्थापन योजना**: (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका लागि पेश गर्दा वातावरणीय व्यवस्थापन योजना तयार गरी सँगै पेश गर्नु पर्नेछ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय सञ्चालन प्रभाव न्यूनीकरणका उपायहरु मध्ये कुन कुन उपायहरु आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो, सो समेत उल्लेख गर्नु पर्नेछ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय सञ्चालन प्रभाव न्यूनीकरणका उपायहरु प्रभावकारी भएको नदेखिएमा

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

मन्त्रालय वा प्रस्ताव स्वीकृत गर्ने निकायले अन्य प्रभावकारी उपाय अवलम्बन गर्न आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च प्रस्तावकले व्यहोर्नु पर्नेछ।

(४) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको लागि स्पष्ट कार्य योजना बनाई सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन शुरु भएपछि प्रत्येक छ महिनामा प्रतिवेदन स्वीकृत गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

८. **पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने**: (१) दफा ४ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरूपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वन क्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा सञ्चालन प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले तोकिएको समयावधिभित्र पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्नु परेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने सञ्चालन असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याई सहीत निवेदन दिनु पर्नेछ।

तर मन्त्रालयले प्रस्तावकलाई पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेश गर्न आदेश दिएकोमा प्रस्तावकले निवेदन दिनु पर्ने छैन।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा मन्त्रालयले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अनुमति दिन सक्नेछ।

९. **सेवा शुरु भएपछि वातावरणीय परीक्षण गर्ने**: (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने प्रस्तावको कार्यान्वयन शुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण शुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको सञ्चालन प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको सञ्चालन प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदन स्वीकृत गर्ने निकायमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा प्रतिवेदन स्वीकृत गर्ने निकायले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने सञ्चालन प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको उपाय प्रयाप्त भएको नदेखिएमा त्यस्तो सञ्चालन प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ।

१०. **प्रस्ताव कार्यान्वयनमा रोक लगाउन सक्नेः** (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा मन्त्रालय वा वातावरण निरीक्षकले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन। आयोजना कार्यान्वयन गर्दा सरकारी वा कुनै व्यक्तिको निजी सम्पत्ति हानि नोक्सानी भएको प्रमाणित भएमा प्रस्तावकबाट असुल उपर गरिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा उपदफा (१) बमोजिम लगाएको रोक मन्त्रालयले फुकुवा गर्न सक्नेछ।

११. **मन्त्रालयले वातावरणीय अध्ययन गर्न सक्नेः** मन्त्रालयले आफैंले सञ्चालन गर्ने योजना वा कुनै क्षेत्र वा स्थानको नक्शाङ्कन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न सक्नेछ।

## परिच्छेद- ३

## प्रदूषण नियन्त्रण सम्बन्धी व्यवस्था

१२. **प्रदूषण नियन्त्रणः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, वधशाला, विद्युतीय यान्त्रिक साधन, अस्पताल, औषधि एवं खोप उत्पादन गर्ने उद्योग, होटेल, रेष्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण वा जोखिमपूर्ण फोहर निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नको लागि प्रचलित कानून बमोजिम निर्धारित मापदण्डको अलावा थप मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुनसक्ने किसिमले प्रदूषण सृजना गर्न वा प्रचलित कानून वा प्रदेश सरकारबाट निर्धारित मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, विद्युतीय यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहरमैला निष्कासन गर्न वा गराउन हुँदैन।

(३) कुनै पनि सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, वधशाला, विद्युतीय यान्त्रिक साधन, अस्पताल, औषधि एवं खोप उत्पादन गर्ने उद्योग, होटेल, रेष्टुरेन्ट

वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट निष्कासन हुने प्रदूषण वा जोखिमपूर्ण फोहर वा अन्य फोहर व्यवस्थापन गर्ने जिम्मा प्रदूषक वा व्यवसायीको हुनेछ।

(४) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय सञ्चालन प्रभाव पारेको देखिएमा मन्त्रालयले त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ र यस्तो प्रदूषण नियन्त्रण वा फोहरमैला व्यवस्थापन गर्दा लाग्ने खर्च सम्बन्धित प्रदूषकबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(५) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय सञ्चालन प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगमा बन्देज लगाउन सक्नेछ।

(६) सवारी साधन सञ्चालन हुँदा उत्सर्जन हुने फोहरमैला सम्बन्धित सवारी धनी वा सवारी सञ्चालकले नै व्यवस्थापन गर्नु पर्नेछ। सम्बन्धित सवारी धनी वा सवारी सञ्चालकले व्यवस्थापन नगरी जथाभावी फालेमा स्थानीय कानूनमा उल्लेख भए बमोजिम जरिबाना हुनेछ।

(७) प्रदूषण नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **फोहरमैला व्यवस्थापनः** (१) गाउँपालिका तथा नगरपालिका भित्रको फोहरमैला व्यवस्थापन गर्ने, गराउने दायित्व सम्बन्धित गाउँपालिका वा नगरपालिकाको हुनेछ।

(२) गाउँपालिका तथा नगरपालिकाभित्रको फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था गाउँपालिका तथा नगरपालिकाको कानून वा अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

१४. **प्लाष्टिकको व्यवस्थापनः** (१) प्रदेशभित्र प्लाष्टिकजन्य उद्योग दर्ता तथा सञ्चालन गर्न चाहनेले मन्त्रालयबाट पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) प्रदेशभित्र सञ्चालनमा रहेका प्लाष्टिकजन्य सामग्री उत्पादन गर्ने उद्योग तथा प्रदेश बाहिरबाट आयातित प्लाष्टिकजन्य सामग्री वा प्लाष्टिकजन्य सामग्रीले प्याकेजिङ्ग गरिएका सामान तथा मालवस्तु बिक्री गर्ने व्यवसायीले प्लाष्टिक फोहोर व्यवस्थापनका लागि तोकिए बमोजिमको शुल्क बुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त रकमबाट प्रदेश सरकारले तोकिए बमोजिम प्लाष्टिकजन्य सामग्रीको पुनः प्रयोग (रिसाईकिलिङ्ग) गरी सामग्री उत्पादन गर्ने उद्योगलाई सहुलियत दिन सक्नेछ।

(४) प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहले प्लाष्टिक प्रयोग तथा व्यवस्थापन मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(५) कसैले पनि प्रयोगमा आइसकेपछिको प्लाष्टिक वा प्लाष्टिकजन्य वस्तु जथाभावी फाल्नु हुँदैन। उत्पादक, संकलक, वितरक र अन्तिम उपभोक्तालाई वा अन्य कसैले जथाभावी फालेमा स्थानीय कानूनमा उल्लेख भए बमोजिम जरिबाना हुनेछ।

१५. **प्रतिबन्ध लगाउन सक्ने**: (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुनसक्ने किसिमले प्रदूषण सृजना गर्नसक्ने उद्योग, खानी तथा खनिजजन्य एवं अन्य व्यवसाय तथा सेवा स्थापना तथा सञ्चालन गर्न प्रतिबन्ध लगाउन सक्नेछ।

(२) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी खास प्रकृति (इन्धन वा अवधि वा प्रकार वा स्वामित्व) का सवारी साधनहरूलाई प्रदेशभर वा कुनै क्षेत्रमा सञ्चालन गर्न नपाउने गरी प्रतिबन्ध लगाउन सक्नेछ।

(३) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी खास प्रकृतिका प्लाष्टिकजन्य वस्तु वा सामग्रीको उत्पादन, वितरण र प्रयोगमा प्रतिबन्ध लगाउन सक्नेछ।

१६. **प्रयोगशालाको स्थापना**: (१) वातावरण संरक्षण तथा प्रदूषण लागि प्रदूषण जाँच तथा मापन गर्न प्रदेश सरकारले नेपाल सरकारले स्थापना गरेका प्रयोगशाला वा तोकिए बमोजिमका मापदण्ड पूरा गरेका अन्य प्रयोगशाला प्रयोग गर्न वा आफै प्रयोगशालाको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका स्थापना भएका प्रयोगशालाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वातावरणको संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धमा मन्त्रालय वा सम्बन्धित निकायबाट परीक्षण गर्न अनुरोध गरिएका चिज वा वस्तुलाई प्राथमिकता दिइ परीक्षण गर्ने,

(ख) विशेष किसिमको प्रदूषण फैलिएको कारणबाट वातावरणमा गम्भीर असर पर्न गएको देखिएमा मन्त्रालयले तोकिदिएको समयावधिभित्र त्यस्तो प्रदूषण सम्बन्धमा जाँच गरी मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्ने,

(ग) तोकिए बमोजिमका अन्य काम गर्ने।

(३) मन्त्रालयले उपदफा (१) बमोजिमका प्रयोगशालाबाट जाँच गराएको प्रदूषणको स्तर सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्न सक्नेछ।

१७. **नमुना सङ्कलन गर्न दिनु पर्ने**: (१) कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन, आदिबाट सृजना वा निष्कासन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहरमैलाको अध्ययन, प्रदूषणको कारणले मरेका जीवजन्तु वा वनस्पतिको नमुना परीक्षण वा विश्लेषण गर्नको लागि सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले मन्त्रालयबाट अधिकार प्राप्त व्यक्ति

वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमुना सङ्कलन गर्न दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यमा अधिकार प्राप्त व्यक्ति वा संस्थाले माग गरेको सहयोग स्थानीय प्रशासनले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नमुना सङ्कलन, सोको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **जोखिम न्यूनीकरण तथा व्यवस्थापनः** (१) प्रदेश सरकारले वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनबाट हुन सक्ने असर तथा जोखिमको व्यवस्थापन गर्ने प्राकृतिक प्रकोप व्यवस्थापन, उत्थानशील वृद्धि गर्ने प्रयोजनको लागि प्रदेश सरकारले सरकारी, गैह्र सरकारी तथा अन्य सार्वजनिक निकाय एवं निजी क्षेत्रबाट कार्यान्वयन गरिने क्षेत्रगत नीति, रणनीति वा कार्य योजनामा सञ्चालन असर तथा जोखिम न्यूनीकरणको लागि अवलम्बन गर्नुपर्ने उपायका सम्बन्धमा आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश जारी गर्दा प्रदेश सरकारले प्राथमिकताका क्षेत्र तोक्न सक्नेछ।

(३) वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनबाट हुन सक्ने असर तथा जोखिम न्यूनीकरण सम्बन्धमा सहरी तथा ग्रामीण क्षेत्रमा कार्यान्वयन गर्नु पर्ने विषयहरुको प्राथमिकता निर्धारण गर्नको लागि प्रदेश सरकारले मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

(४) वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनबाट हुन सक्ने असर तथा जोखिम न्यूनीकरणका लागि तोकिएका विषयगत क्षेत्रमा आवश्यक पर्ने प्रविधिको विकास गर्न प्रदेश सरकारले नीतिगत एवं प्राविधिक मापदण्ड निर्धारण गर्न सक्नेछ।

(५) जलवायु परिवर्तनको सञ्चालन असर र जोखिमबाट बच्नका लागि प्रदेश स्तरमा मन्त्रालयले र स्थानीय स्तरमा स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको अनुकूलन योजना बनाउँदा जलवायु परिवर्तनको असरबाट बढी जोखिममा पर्ने आदिवासी, जनजाति महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रूपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

१९. **ग्रामीण तथा सहरी वातावरणीय मापदण्डः** (१) प्रदेश सरकारले वातावरण संरक्षण, प्रदूषण नियन्त्रण तथा भविष्यमा आईपर्ने वातावरणीय जोखिम न्यूनीकरणका लागि गाउँ, सहर तथा नयाँ विकास हुने सहरलाई समेत लक्षित गरी वातावरणीय मापदण्ड बनाइ लागू गर्न सक्नेछ।

(२) उपदफा (१) एक बमोजिमको मापदण्डको पालना गर्नु सो क्षेत्रमा बसोबास गर्ने व्यक्ति र सम्बन्धित स्थानीय तहको दायित्व हुनेछ।

२०. **<u>आदेश जारी गर्न सक्ने</u>**: (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षणका दृष्टिले पूर्व सावधानी अपनाउनु पर्ने विषयका सम्बन्धमा आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई मन्त्रालयले एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

## परिच्छेद- ४

## <u>वातावरण निरीक्षक सम्बन्धी व्यवस्था</u>

२१. **<u>वातावरण निरीक्षकको व्यवस्था</u>**: (१) प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कामसँग सम्बन्धित रहेर देहाय बमोजिमका कामकाज गर्न मन्त्रालय र अन्तर्गतका कार्यालयमा वातावरण निरीक्षक रहने छन्:-

(क) वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कामहरु प्रभावकारी रूपले गर्न गराउन,

(ख) प्रदूषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धमा यस ऐनमा भएको व्यवस्थाको परिपालना भए नभएको अनुगमन तथा निरीक्षण गर्ने।

(२) उपदफा (१) बमोजिमको कामका लागि मन्त्रालयले मन्त्रालय वा अन्तर्गतका कार्यालयका अधिकृत कर्मचारीलाई वातावरण निरीक्षकको काम गर्ने गरी तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कामका लागि स्थानीय तहले आफ्नो कुनै प्राविधिक अधिकृत कर्मचारीलाई वातावरण निरीक्षकको काम गर्ने गरी तोक्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम तोकिने वातावरण निरीक्षकको न्यूनतम शैक्षिक योग्यता वन वा वातावरण वा इन्जिनियरिङ विषयमा स्नातक हुनु पर्नेछ।

२२. **<u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार</u>**: (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) कुनै ठाउँबाट ध्वनि, धुँवा, ताप वा फोहर मैला निष्कासन गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) प्रस्ताव कार्यान्वयन गर्ने, स्वीकृति दिंदा तोकिएका शर्तहरु बमोजिम काम भए नभएको जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्दा देखिएका कुराहरुको प्रतिवेदन मन्त्रालय वा स्थानीय तह वा तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) यस ऐन अन्तर्गत पालना गर्नुपर्ने विषय वा शर्तहरु पालना गरे नगरेको अनुगमन तथा निरीक्षण गर्ने,

(च) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको परिपालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कामहरु गर्ने।

(२) निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिइ कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेसिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ।

(३) निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकलाई सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकले आवश्यक सहयोग गर्नुका साथै माग गरेको विवरण उपलब्ध गराउनु पर्नेछ।

(४) वातावरण निरीक्षकले निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा असहयोग गरेमा वा निरीक्षणमा बाधा विरोध उत्पन्न गरेमा वा मागेको विवरण वा जानकारी नदिएमा त्यस्ता व्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले पन्ध्र हजारदेखि बीस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम उल्लिखित कसूर पटके रूपमा गरेको पाइएमा जरिबानाको रकम हरेक पछिल्लो पटक दोब्बर हुनेछ।

(६) उपदफा (४) बमोजिम वातावरण निरीक्षकले गरेको जरिबाना उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले पैंतीस दिनभित्र देहायको निकायमा उजुरी गर्न सक्नेछ र त्यस्तो उजुरीमा देहायको निकायले गरेको निर्णय अन्तिम हुनेछः-

(क) मन्त्रालय र मातहतका कार्यालयको वातावरण निरीक्षकले गरेको निर्णयको हकमा मन्त्रालय,

(ख) स्थानीय तहको वातावरण निरीक्षकले गरेको निर्णयको हकमा सम्बन्धित स्थानीय तह।

२३. <u>स्थानीय प्रशासनले सहयोग गर्नु पर्नेः</u> निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले प्रहरीको सहयोग माग गरेमा वा कसैले निरीक्षकलाई बाधा विरोध गरी बल प्रयोग गर्नु पर्ने भएमा स्थानीय प्रशासनले निरीक्षकलाई आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद- ५

## वातावरण संरक्षण सम्बन्धी व्यवस्था

२४. **वातावरण संरक्षण क्षेत्र कायम गर्नेः** (१) प्रदेश सरकारले वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा, कुनै वा विशेष महत्वको नदी, सौन्दर्यपरक स्थल, दुर्लभ वन्यजन्तु, वनस्पति वा जैविक विविधतायुक्त स्थल वा ऐतिहासिक वा सांस्कृतिक महत्वको स्थललाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ।

(२) कसैले पनि वातावरण संरक्षण क्षेत्रभित्र देहायका कुनै काम गर्न गराउन हुँदैनः-

(क) प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थितिलाई बिगार्न, नास्न, भत्काउन, हटाउन, छेक्न वा अरु कुनै किसिमले हानि नोक्सानी पुऱ्याउन,

(ख) कुनै पनि वनस्पति वा रुख काट्न, ढाल्न हटाउन, छेक्न, उखेल्न तथा वनस्पतिलाई हानि नोक्सानी हुने किसिमका काम गर्न,

(ग) जैविक विविधतालाई सञ्चालन असर पुग्ने किसिमको कुनै काम गर्न,

(घ) कुनै पनि वन्यजन्तुलाई क्षति पुऱ्याउन वा मार्न वा वन्यजन्तुको खरिद बिक्री वा व्यापार वा शिकार गर्न,

(ङ) ऐतिहासिक तथा सांस्कृतिक महत्वका स्थलहरू बिगार्न, फेर्न, नास्न, हटाउन, भत्काउन वा त्यस्ता स्थलहरूमा कुनै पोष्टर वा त्यस्तै अन्य कागजात वा चित्रहरू टाँस्न वा अरु कुनै प्रकारले हानि हुने काम गर्न,

(च) कुनै नदी, खोला नाला, झरना, खहरे, पोखरी, कुण्ड, ताल वा पानीको बहाव परिवर्तन गर्न,

(छ) कुनै नदी, खोला नाला, झरना, खहरे, पोखरी, कुण्ड, ताल वा पानीको स्रोतमा विद्युतीय धार (करेन्ट) प्रयोग गर्न र वनस्पतिजन्य वा अन्य कुनै किसिमको हानिकारक पदार्थ प्रयोग गर्न,

(ज) कुनै नदी, खोला, नाला, झरना, खहरे, पोखरी, कुण्ड, तालबाट नदीजन्य पदार्थ उत्खनन वा सङ्कलन गर्न,

(झ) खानी खन्न वा कुनै खनिज पदार्थ, ढुङ्गा, माटो, कङ्क्रिट वा अन्य पदार्थ हटाउन,

(ञ) भू-स्खलन वा भू-क्षय हुने कुनै काम गर्न गराउन,

(ट) होटल, लज, सार्वजनिक यातायात वा अन्य यस्तै किसिमका सेवाहरू सञ्चालन गर्न,

(ठ) जोखिमपूर्ण फोहर निस्कने वा वातावरणमा प्रदूषण गराउने खालका कुनै उद्योग धन्दा सञ्चालन गर्न,

(ड) वातावरण संरक्षण क्षेत्रमा लगाइएको तारबार, चिन्ह, संकेत वा अन्य कुनै चिज वस्तुहरूलाई हानि नोक्सानी पुऱ्याउन,

(ढ) मन्त्रालयबाट अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर वातावरण संरक्षण क्षेत्रमा प्रवेश गर्न।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएका भए तापनि मन्त्रालयको पूर्व स्वीकृति लिई वातावरण संरक्षण तथा सार्वजनिक हितका कार्य गर्न बाधा पुऱ्याएको मानिने छैन।

२५. <u>**नदी संरक्षण सम्बन्धी व्यवस्थाः**</u> (१) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको बाहेक कसैले पनि नदीको वहाव परिवर्तन वा दोहन हुने गरी नदीजन्य पदार्थ उत्खनन वा सङ्कलन गर्न गराउन हुँदैन।

(२) नदीजन्य पदार्थको अत्यधिक दोहन रोक्न र अत्यधिक दोहनबाट वातावरणमा पर्न सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै नदीको आंशिक वा सम्पूर्ण भागबाट तोकिएको अवधिभर नदीजन्य पदार्थ उत्खनन वा सङ्कलन प्रयोजनका लागि कुनै मेसिनरी औजार प्रयोग गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम रोक लगाएको नदीमा नदीजन्य पदार्थ बिक्री वितरण गर्न कसैले ठेक्का लगाएको भएमा त्यस्तो ठेक्का स्वतः रद्द हुनेछ। यसरी ठेक्का रद्द भए पछि बाँकी अवधिको कुनै पनि राजश्व ठेक्का सकारकर्तासँग दाबी गरिने छैन।

(४) प्रदेश सरकारले कुनै नदीलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी विना अवरोध स्वतन्त्र रूपले बहन गर्न दिने व्यवस्था मिलाउन आदेश जारी गर्न सक्नेछ।

२६. <u>**संरक्षण सम्बन्धी अन्य व्यवस्थाः**</u> (१) प्रदेश सरकारले कुनै सडक, भवन, नदी व्यवस्थापन, सहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा सम्बन्धित सरोकारवाला निकायसँगको समन्वयमा कुनै क्षेत्र विशेषलाई खुला वा हरियाली क्षेत्रको रूपमा तोक्न सक्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिम कायम गरिएको खुला वा हरियाली क्षेत्रभित्र त्यस्तो क्षेत्रलाई हानि नोक्सानी हुने कुनै पनि काम गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) प्रदेश सरकारले कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भूःस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा सम्बन्धित स्थानीय तहको परामर्शमा त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय पुर्नस्थापनाको लागि कुनै उपयुक्त आदेश दिन वा योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

(४) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा विसर्जन गरिएको स्थान वा अन्य कारणले अत्यधिक वातावरण प्रदूषण भएको स्थानलाई प्रदूषणजन्य क्षेत्र तोकी सर्वसाधारणको आवत जावतमा रोक लगाउन सक्नेछ।

(५) उपदफा (३) र (४) बमोजिमको अवस्था कायम नरहेमा प्रदेश सरकारले त्यस्तो स्थानलाई संवेदनशील क्षेत्र वा प्रदूषणजन्य क्षेत्रको सूचीबाट हटाउन सक्नेछ।

## परिच्छेद- ६

## जरिबाना र पुनरावेदन सम्बन्धी व्यवस्था

२७. **जरिबाना सम्बन्धी व्यवस्थाः** (१) कसैले वातावरणीय अध्ययन नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव वा योजना कार्यान्वयन गरेमा मन्त्रालयले त्यस्तो कार्य तुरुन्त रोकी देहाय बमोजिमको जरिबाना गर्नेछ र वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा प्रतिवेदन स्वीकृत गराउन र प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछः-

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रूपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा दश लाख रूपैयाँसम्म,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रूपैयाँसम्म।

(२) उपदफा (१) बमोजिमको आदेश पालना नभएमा मन्त्रालयले उपदफा (१) बमोजिमको जरिबानाको तेब्बर जरिबाना गरी आदेश पालना नगर्दासम्म प्रस्ताव वा आयोजना कार्यान्वयनमा रोक लगाउनेछ।

(३) कसैले वातावरण व्यवस्थापन योजनामा उल्लिखित काम नगरेमा मन्त्रालयले पचास लाख रूपैयाँसम्म जरिबाना गरी त्यस्तो काम नगर्दासम्म प्रस्ताव कार्यान्वयनमा रोक लगाउन सक्नेछ।

(४) उपदफा (१) वा (२) वा (३) बमोजिमको जरिबाना गर्नका लागि मन्त्रालय वा अन्तर्गतको कार्यालयको वातावरण निरीक्षकले मन्त्रालयमा र स्थानीय तह अन्तर्गतको वातावरण निरीक्षकले स्थानीय तहको कार्यपालिकाको सिफारिस साथ मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) र (३) मा उल्लिखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतको कुनै कार्य गरेमा मन्त्रालय वा स्थानीय तहले त्यस्तो कार्य गर्न बन्देज लगाई, तीन लाख रूपैयाँसम्म जरिबाना गरी दुई महिनाभित्र यो ऐन र यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको आदेश कार्यान्वयन नगरेमा सो उपदफामा उल्लेख भएको जरिबानाको तेब्बर बराबरको रकम जरिबाना गरी यो ऐन र यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको पालना नगर्दासम्म मन्त्रालयले वा स्थानीय तहले प्रस्ताव वा उद्योग वा व्यवसाय वा अन्य सेवा सञ्चालनमा रोक लगाउनेछ।

(७) कसैले दफा १८ को उपदफा (१) बमोजिम जारी भएको आदेश वा उपदफा (३) वा (४) बमोजिम निर्धारित मापदण्ड विपरीत काम गरेमा मन्त्रालयले तीन लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(८) कसैले मन्त्रालयको स्वीकृति विना दफा २४ को उपदफा (२) बमोजिमको काम गरेमा मन्त्रालयले तीन लाख रूपैयाँसम्म जरिबाना गरी प्रचलित कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनेछ।

(९) कसैले दफा २५ को उपदफा (१) बमोजिमको काम गरेमा सम्बन्धित जिल्ला समन्वय समितिले दुई लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र उत्खनन वा सङ्कलन वा ढुवानीमा प्रयोग भएको मेसिनरी औजार वा सवारी साधन जफत गर्न वा सो जफत नगरी पचास हजार रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म थप जरिबाना गर्न सक्नेछ।

(१०) कसैले दफा २५ को उपदफा (२) बमोजिम सङ्कलनमा रोक लगाएको नदीबाट नदीजन्य पदार्थ सङ्कलन गरेमा उपदफा (९) बमोजिमको जरिबानामा थप पाँच लाख रूपैयाँसम्म जरिबाना हुनेछ।

(११) यस दफा बमोजिम गरेको जरिबानाले प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा पुऱ्याएको मानिने छैन।

२८. **पुनरावेदनः** दफा २७ बमोजिम भएको जरिबाना उपर चित्त नबुझ्ने पक्षले स्थानीय तहबाट भएको जरिबाना उपर सम्बन्धित जिल्ला अदालतमा र प्रदेश सरकार वा प्रदेश सरकारका अन्य निकाय वा अधिकारीबाट भएको जरिबाना उपर सम्बन्धित *जिल्ला अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

२९. **क्षतिपूर्ति भराई दिनेः** (१) कसैले प्रचलित ऐन, कानून वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत प्रदूषण, ध्वनि, ताप वा हानिकारक फोहरमैला उत्सर्जन वा निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो कामबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत प्रचलित कानून बमोजिम क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर जाँचबुझ गरी क्षतिपूर्ति भराई दिने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद- ७

## विविध

३०. **वातावरण संरक्षण शुल्क लाग्नेः** वातावरणमा प्रदूषण फैलाउने उद्योग व्यवसाय वा फर्म वा कम्पनी वा आयोजना वा प्रदूषण फैलाउने किसिमका वस्तुको उत्पादन तथा व्यापार व्यवसाय गर्नेले तोकिए बमोजिमको वातावरण संरक्षण शुल्क तिर्नु पर्नेछ।

३१. **पानीको मुहान वा श्रोत संरक्षणः** पानीको मुहान वा श्रोत नासिने वा मासिने वा प्रदूषित गर्ने गरी भौतिक निर्माण वा अन्य गतिविधि गर्न पाइने छैन।

३२. **सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेः** वातावरण संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न प्रदेश सरकारले खास सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ।

♦३२क. **अनुगमन एवं प्रतिवेदन गर्नेः** (१) यस ऐन तथा यस ऐन बमोजिम बनेको नियमावली बमोजिम सम्बन्धित मन्त्रालय वा स्थानीय निकायबाट कार्यान्वयन हुने वातावरणीय अध्ययन प्रतिवेदनको सम्बन्धमा त्यस्तो निकायले प्रतिवेदन स्वीकृत भएको प्रत्येक वर्ष अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) मन्त्रालयले यस ऐन बमोजिम कुनै पनि निकायबाट कार्यान्वयन हुने वातावरणीय अध्ययन प्रतिवेदनको सम्बन्धमा जुनसुकै बेला अनुगमन गर्ने एवं सो सम्बन्धमा प्रतिवेदन बमोजिमका वातावरणीय व्यवस्थापन योजना लगायतका अन्य विषयमा कार्यान्वयन नभएको पाइएमा तत्काल सम्बन्धित निकायलाई कार्यान्वयनको लागि निर्देशन गर्न सक्नेछ।

---

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको प्रतिवेदनबाट प्राप्त प्रतिवेदन कार्यान्वयनको अवस्थालाई समेटी सो सम्बन्धमा मन्त्रालयको राय एवं सुझाव समेत समेटी वार्षिक रूपमा एकीकृत प्रतिवेदन प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ।

*३३. **अधिकार प्रत्यायोजन:** (१) मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार प्रदेश सरकारको कुनै निकाय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर दण्ड जरिबाना सम्बन्धी अधिकार प्रत्योजन गर्न पाइने छैन।

(२) उपदफा (१) बाहेक प्रस्तावसँग सम्बन्धित अन्य मन्त्रालयले आवश्यक ठानेमा दफा ४ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका लागि मातहतको आफ्नो निकायलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

३४. **नियम बनाउन सक्ने**: प्रदेश सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

३५. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने**: (१) प्रदेश सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

(२) स्थानीय तहले यस ऐन र यस अन्तर्गत बनेको नियमको कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

३६. **अनुसूचीमा हेरफेर गर्न सक्ने**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

३७. **प्रचलित कानून बमोजिम हुने**: यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

३८. **खारेजी र बचाउ:** (१) वातावरण संरक्षण अध्यादेश, २०७७ खारेज गरिएको छ।

(२) वातावरण संरक्षण अध्यादेश, २०७७ बमोजिम भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।

## अनुसूची- १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**संक्षिप्त वातावरणीय अध्ययन गर्नु पर्ने प्रस्ताव**

**(क) वन क्षेत्रः**

(१) १० देखि ५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वेदशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवा १० हेक्टरसम्मको क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(३) २० हेक्टरसम्म क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन-बीउ बगैंचा वा प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने,

(४) आयातित जङ्गली जनावर वन क्षेत्रमा छाडने,

(५) वन क्षेत्र, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रभित्र रहेका प्रत्येक नदी, खोलाबाट दैनिक ५० घनमिटरसम्म बालुवा, ढुङ्गा, ग्राभेल र माटो सङ्कलन गर्ने,

(६) १ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने,

(७) एक जिल्लाबाट वार्षिक ५ मेट्रिक टनसम्म खोटो सङ्कलन गर्ने,

(८) मध्यवर्ती क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्रमा निजी जग्गा बाहेक अन्यत्र सरकार वा स्थानीय तहले उपभोक्ता समूह मार्फत निर्माण तथा सञ्चालन गर्ने आयोजना निर्माण गर्ने,

(९) आनुवांशिक स्रोत माथि पहुँच, उपयोग र लाभको बाँडफाँड गर्ने,

(१०) तराई वा भित्री मधेशमा २० हेक्टरसम्म र पहाडमा ५ हेक्टरसम्म क्षेत्रफलको वन क्षेत्र व्यावसायिक कबुलियती वनको रूपमा दिने,

(११) सरकारले वन अनुसन्धानको प्रयोजनका लागि वार्षिक १५ हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने,

(१२) ५ देखि १० किलोमिटर सम्म लम्बाईको वन पथ वा अग्नि रेखा निर्माण गर्ने,

(१३) देहायका प्रस्तावः

(क) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, वातावरण संरक्षण क्षेत्र वा रामसारमा सूचीकृत सीमसार क्षेत्रबाट भएर बग्ने नदीनालाको सतहबाट व्यावसायिक प्रयोजन बाहेक आयोजना सञ्चालक आफैंले सञ्चालन गर्ने

विकास निर्माणका लागि आवश्यक पर्ने बालुवा, ढुङ्गा, ग्राभेल र माटो दैनिक ५० घनमिटरसम्म निकाल्ने कार्य।

(ख) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र वा वातावरण संरक्षण क्षेत्रमा रहेका निजी बाहेकका जग्गामा सरकार वा स्थानीय तहले उपभोक्ता समूह मार्फत निर्माण तथा सञ्चालन गर्ने आयोजना।

(ग) स्वास्थ्य क्षेत्रः

१६ देखि २५ शैयासम्मको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय सञ्चालन गर्ने।

♦तर यो संशोधन प्रारम्भ हुनुभन्दा पहिले दर्ता भएका वा निर्माण सुचारु भइरहेका प्रस्तावको हकमा एक वर्षभित्र संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

(घ) पर्यटन क्षेत्रः

२५ देखि ५० बेडसम्मको होटल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने।

♦तर यो संशोधन प्रारम्भ हुनुभन्दा पहिले दर्ता भएका वा निर्माण सुचारु भइरहेका प्रस्तावको हकमा एक वर्षभित्र संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

(ङ) सडक क्षेत्रः

(१) १०० मीटर लम्बाईसम्मको पुल निर्माण गर्ने,

(२) स्थानीय सडक निर्माण गर्ने।

(च) ऊर्जा, जलस्रोत तथा सिंचाई क्षेत्रः

(१) १०० हेक्टरसम्म लिफ्ट सिंचाई आयोजना निर्माण गर्ने,

(२) ६६ के.भी. सम्मको विद्युत प्रसारण लाइन आयोजनाका लागि वन क्षेत्र प्रयोग गर्ने,

(३) जल तथा मौसम मापन केन्द्र वा मौसमी राडार स्थापना कार्य गर्दा वन क्षेत्र प्रयोग गर्ने।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

(छ) **आवास, भवन तथा बस्ती विकास र सहरी विकास क्षेत्रः**

(१) ७ देखि १० तल्ला वा १५.५ देखि २५ मिटरसम्म उचाईका भवन निर्माण गर्ने,

(२) ३,००० देखि ५,००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Area वा Floor Area भएको आवासीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने,

(३) ५०० देखि १,००० जनासम्म एकैपटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, रङ्गशाला, कन्सर्ट हल, स्पोर्टस कम्प्लेक्स निर्माण गर्ने,

(४) ५ देखि १० हेक्टरसम्मको जग्गा आयोजना सञ्चालन गर्ने,

(५) १ देखि ५ हेक्टरसम्म Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने,

(६) ५,००० देखि १०,००० लिटरसम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने।

(ज) **उद्योग क्षेत्रः**

(१) मेसिन उपकरणमा १ देखि ५ करोड रूपैयाँसम्म लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना तथा सञ्चालन गर्ने,

(२) वन क्षेत्र बाहेक अन्य स्थानमा १० हेक्टरसम्मको क्षेत्रमा औद्योगिक ग्राम स्थापना गर्ने,

(३) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटो उत्खननको लागि दैनिक ५० घनमिटरसम्म उत्खनन कार्य गर्ने,

(४) नदी नाला सतहबाट दैनिक १०० घनमिटरसम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने।

(ज) **शिक्षा क्षेत्रः**

(१) स्वास्थ्य, कृषि, शिक्षा लगायत क्षेत्रसंग सम्बन्धित स्थिर पुँजी बाहेक १ करोड भन्दाबढी लगानी हुने प्रयोगशाला,

(२) २५० शैयासम्मको शिक्षण अस्पताल सञ्चालन गर्ने।

**(झ) खानी क्षेत्रः**

(१) दैनिक २५ मेट्रिक टनसम्म बालुवा प्रशोधन गर्ने,

(२) साधारण निर्माणमुखी ढुङ्गा, ग्राभेल, औद्योगिक माटोको लागि दैनिक ५० घनमिटरसम्म उत्खनन गर्ने।

(ञ) **अन्यः**

(१) प्रचलित संघीय वातावरण संरक्षण ऐन तथा नियमावलीले संक्षिप्त वातावरणीय अध्ययन गर्नु पर्ने भनी तोकेका यस अनुसूचीमा समावेश नभएका अन्य प्रस्ताव।

(२) यस अनुसूचीमा उल्लिखित भए तापनि प्रचलित संघीय वातावरण संरक्षण ऐन तथा नियमावलीमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने उल्लेख भएमा सोही बमोजिम गर्नु पर्नेछ।

## अनुसूची- २

(दफा ३ को उपदफा (२) र दफा ४ को उपदफा (९) सँग सम्बन्धित)

**प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्ताव**

**(क) वन क्षेत्र:**

(१) तराई वा भित्री मधेशमा ५० हेक्टरभन्दा बढी देखि ५०० हेक्टरसम्म र पहाडमा ५० हेक्टरभन्दा बढी देखि २५० हेक्टरसम्मको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवा तराई वा भित्री मधेशमा १० हेक्टरभन्दा बढी देखि ५० हेक्टरसम्म र पहाडमा १० हेक्टरभन्दा बढी देखि २५ हेक्टरसम्मको क्षेत्रफलमा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(३) तराई वा भित्री मधेशमा २० हेक्टरभन्दा बढी देखि १०० हेक्टरसम्म र पहाडमा ५ हेक्टरभन्दा बढी देखि ५० हेक्टरसम्म क्षेत्रफलको व्यावसायिक वन कबुलियती वनको रूपमा दिने,

(४) सरकारले वन अनुसन्धान प्रयोजनको लागि वार्षिक १५ हेक्टर भन्दा बढी देखि ३० हेक्टर क्षेत्रफलसम्मको राष्ट्रिय वन सरपट कटान गर्ने,

(५) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र, वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र वा वातावरण संरक्षण क्षेत्र स्थापना वा विस्तार गर्ने,

(६) २० हेक्टरभन्दा बढीको क्षेत्रफलमा नयाँ वनस्पति उद्यान, वन-बीउ बगैंचा र प्राणी उद्यान (चिडियाखाना) निर्माण गर्ने,

(७) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, सिमसार क्षेत्र वा संरक्षित जलाधार क्षेत्रको व्यवस्थापन कार्ययोजना तयार गर्ने,

(८) देहायको परिमाणमा वन पैदावार सङ्कलन गर्ने गरी जिल्लाभित्रको पञ्चवर्षीय वन कार्ययोजना, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रको व्यवस्थापन योजना वा वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्नेः-

(क) वार्षिक ५० मेट्रिक टनसम्म जरा तथा गानो सङ्कलन गर्ने,

(ख) वार्षिक १५० मेट्रिक टनसम्म बोक्रा सङ्कलन गर्ने,

(ग) वार्षिक १५० मेट्रिक टनसम्म पात वा डाँठ सङ्कलन गर्ने (सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक),

(घ) वार्षिक १५० मेट्रिक टनसम्म फूल वा भुवा सङ्कलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टनसम्म फल वा बीज सङ्कलन गर्ने,

(च) वार्षिक १५० मेट्रिक टनसम्म बिरुवा सङ्कलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टनसम्म गम, रेजिन (सल्लाको खोटो बाहेक) वा लोहवान सङ्कलन गर्ने,

(ज) वार्षिक २ लाख घन फिटभन्दा बढी काठ उत्पादन तथा सङ्कलन गर्ने,

(९) सार्वजनिक बुट्यान क्षेत्रमा जडीबुटी वा सुगन्धित वनस्पतिको व्यावसायिक उत्पादनको लागि जडीबुटी केन्द्र स्थापना गर्ने,

(१०) प्रचलित कानून अनुसार प्रशोधन गरी सारतत्त्व निकाली निकासी गर्न पाइने प्रजातिको हकमा एक जिल्लाबाट प्रति प्रजाति २० देखि १०० टनसम्म वन पैदावर सङ्कलन गर्ने,

(११) सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन, वन संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, सिमसार क्षेत्र वा संरक्षण क्षेत्र भएर बहने प्रत्येक नदी, खोलाबाट दैनिक ५० घनमिटरभन्दा बढी बालुवा, ढुङ्गा, ग्राभेल र माटो सङ्कलन गर्ने,

(१२) १ देखि ५ हेक्टरसम्मको वन क्षेत्र अन्य प्रयोजनको लागि प्रयोग गर्ने,

तर यो ऐन प्रारम्भ हुनु अघि वन क्षेत्रमा सडकको ट्र्याक तयार भएको हकमा सो सडकको स्तरोन्नति गर्दा थप हुने वन क्षेत्रको क्षेत्रफल मात्र गणना गर्नु पर्नेछ।

(१३) वन क्षेत्र, संरक्षण क्षेत्रभित्रको वन क्षेत्र, मध्यवर्ती क्षेत्र भित्रको वन क्षेत्र, सिमसार क्षेत्र वा वातावरण संरक्षण क्षेत्र भित्रको वन क्षेत्रमा २५ बेडसम्मको रिसोर्ट वा होटल, २५ शैयासम्मको अस्पताल वा २५ कोठा सम्मको शिक्षण संस्था निर्माण गर्ने,

(१४) स्वीकृत वन कार्ययोजना बमोजिम ५ हेक्टरभन्दा बढी क्षेत्रबाट कटान भएका रुखको जरा, ठुटा निकाल्ने,

(१५) बाह्य (एक्जोटिक) तथा मिचाहा (इन्भेसिभ) जङ्गली प्राणी तथा वनस्पतिको स्थापना (Introduced) लगायत जि.एम.ओ. (Genetically Modified Organism) र एल.एम.ओ. (Living Modified Organism) प्रभावित प्रजाति तथा प्रविधिको स्थापना, प्रसारण तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(१६) एक जिल्लाबाट वार्षिक ५ मेट्रिक टनभन्दा बढी खोटो सङ्कलन गर्ने,

(१७) १० किलोमिटर भन्दा बढी लम्बाईको वन पथ वा अग्नि रेखा निर्माण गर्ने,

(१८) देहायका प्रस्तावः

(क) मध्यवर्ती क्षेत्रभित्र विद्युत प्रसारण लाइन वा विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सबस्टेशन निर्माण कार्य,

(ख) वन संरक्षण क्षेत्र, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र वा वातावरण संरक्षण क्षेत्रभित्र १० मेगावाटसम्मको जलविद्युत आयोजना वा १३२ के.भि. वा सो भन्दा कम भोल्टेजस्तरका विद्युत प्रसारण वा वितरण लाइन र सो अन्तर्गतका सबस्टेशन निर्माण कार्य।

**(ख) <u>उद्योग क्षेत्र</u>ः**

(१) ब्लेण्डिङ्ग प्रक्रियाबाट मदिरा उत्पादन गर्ने वा दैनिक ५ लाख लिटरसम्म क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी वा वाइनरी उद्योग स्थापना गर्ने,

(२) कार्बोनेटेड वा ननकार्बोनेटेड व्रेभरेज, जुस आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३) वनस्पति घ्यू वा खाने तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(४) दैनिक १ मेट्रिक टनभन्दा बढी चिया, कफी, जडीबुटी आदि प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(५) दैनिक ३,००० मेट्रिक टनसम्म खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६) दैनिक १० मेट्रिक टनभन्दा बढी खाद्य पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(७) दैनिक २५ मेट्रिक टनसम्म हाड, सिङ्ग वा खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(८) दैनिक १५,००० वर्गफिटसम्म छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(९) पाइपलाइन बाहेक व्यापारिक प्रयोजनको लागि प्रति सेकेण्ड १० लिटरभन्दा बढीको दरले पानी प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(१०) कुकिङ्ग (एल. पी. जी.) ग्याँस, बायोग्याँस, नेचुरल ग्याँसको उत्पादन, भण्डारण, फिलिङ्ग, रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(११) कार्बन डाईअक्साईड, अक्सिजन, नाईट्रोजन, ऐसिटिलिन आदि उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(१२) वार्षिक ३ करोड गोटासम्म उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने,

(१३) दैनिक १० हजारभन्दा बढी Compressed Bricks, Hollow Bricks/Blocks उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१४) दैनिक २५ मेट्रिक टनसम्म क्षमताको क्रसर उद्योग स्थापना गर्ने,

(१५) दैनिक २५ मेट्रिक टनभन्दा बढी बालुवा प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(१६) दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको एसिड वा अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१७) Chemical (Plasticizer, Chlorine, Sodium Hypo-chloride आदि), Glue, Adhesives बनाउने उद्योग स्थापना गर्ने,

(१८) Zinc Oxide उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१९) श्रृङ्गार सामान बाहेकका रङ्ग रोगन उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२०) ब्लेण्डिङ्ग, रिप्रोसेसिङ्ग वा रिक्लामेशन प्रक्रियाबाट लुब्रिकेन्टस् उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२१) ब्लेण्डिङ्ग प्रक्रियाबाट विटुमिन वा विटुमिन इमल्सनको उत्पादन तथा रिफिलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(२२) Mosquito Repellent (झोल, क्वाईल, ट्याबलेट, लोसन आदि), धुप आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२३) दैनिक ५ मेट्रिक टन भन्दा बढी डिटरजेन्ट, स्याम्पु, लिक्विड क्लिनर, क्लिनिङ्ग पाउडर, स्यानिटाइजर, फ्रेसनर आदि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२४) दैनिक १ मेट्रिक टन भन्दा बढी साबुन उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२५) व्याट्री (ड्राइ वा वेट वा लिथियम आयोन) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२६) दैनिक ५० मेट्रिक टनसम्म (ड्राई वा वेट) ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(२७) दैनिक ५ मेट्रिक टनसम्म फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी २ मेट्रिक टन भन्दा बढी वस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने,

(२८) परम्परागत घरेलु उद्योग बाहेकका दैनिक १०० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने,

(२९) दैनिक १ मेट्रिक टन भन्दा बढी स्टेशनरी सामान (पेन, डटपेन, सिसाकलम, कापी, रजिस्टर आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३०) दैनिक ५ मेट्रिक टन भन्दा बढी प्याकेजिङ्ग (कोरुगेटेड बक्स, कार्डबोर्ड आदि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३१) परम्परागत घरेलु उद्योग बाहेकका धागो तथा कपडा रङ्गाई वा धुलाई वा छपाई गर्ने उद्योग (गलैंचा, पस्मिना समेत) स्थापना गर्ने,

(३२) दैनिक ५ मेट्रिक टन भन्दा बढी धागो प्रयोग गरी कपडा उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३३) स्पिनिङ्ग मिल स्थापना गर्ने,

(३४) जुट उद्योग स्थापना गर्ने,

(३५) Coir Rope वा Coir Mattress उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३६) चुनढुङ्गा वा क्लिङ्करमा आधारित दैनिक ३,००० मेट्रिक टनसम्म उत्पादन क्षमता भएको क्लिङ्कर वा सिमेन्ट उद्योग स्थापना गर्ने,

(३७) दैनिक ३,००० मेट्रिक टनसम्म चुन उत्पादन क्षमता भएको उद्योग स्थापना गर्ने,

(३८) दैनिक १० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको वा २० करोडदेखि २ अर्ब रूपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(३९) औषधि उद्योग स्थापना गर्ने वा दैनिक ५० मेट्रिक टनसम्म औषधिको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संश्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने,

(४०) दैनिक ५०० किलोग्रामभन्दा बढी आयुर्वेदिक औषधि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(४१) दैनिक ५ मेट्रिक टन भन्दा बढी प्लाष्टिकका सामान (पाईप, फिटिङ्ग, यार्न, Wrapper, आदि उत्पादन गर्ने सहीत) उत्पादन गर्ने उद्योग (खेर गएको प्लाष्टिकको कच्चा पदार्थ वा Virgin Granuals, Resin, Compound मा आधारित) स्थापना गर्ने,

(४२) टायर, ट्युब्स र रबर प्रशोधन तथा उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(४३) पुरानो टायर तथा प्लाष्टिक प्रशोधन गरी इन्धन (तेल) निकाल्ने उद्योग स्थापना गर्ने,

(४४) एनोडाइजिङ्ग, इलेक्ट्रोप्लेटिङ्ग तथा ग्याल्भनाइजिङ्ग गर्ने उद्योग (सुन चाँदीमा Plating गर्ने घरेलु उद्योग बाहेक) स्थापना गर्ने,

(४५) रोलिङ्ग मिल उद्योग स्थापना गर्ने,

(४६) दैनिक १० मेट्रिक टन भन्दा बढी कट्टु-लेन्थ गर्ने तथा भाँडा बनाउने उद्योग स्थापना गर्ने,

(४७) दैनिक ५० मेट्रिक टन भन्दा बढी उत्पादन क्षमता भएको फाउण्ड्री उद्योग स्थापना गर्ने,

(४८) दैनिक ५०० मेट्रिक टनसम्म प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(४९) दैनिक ७५० मेट्रिक टनसम्म धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने,

(५०) १० मेट्रिक टन भन्दा बढी मेटल तथा नन् मेटलबाट फ्याब्रिकेशन (स्टकचर समेत) गर्ने उद्योग स्थापना गर्ने,

(५१) गाडी, मोटर साईकल, अटोरिक्सा आदि तथा दैनिक १०० थान भन्दा बढी साईकल/रिक्सा (इन्धन वा विद्युत प्रयोग नगरी) एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(५२) १ करोड रूपैयाँ भन्दा बढीको मेसिन उपकरण प्रयोग गरी इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सामान एसेम्बलिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(५३) दैनिक १ मेट्रिक टन भन्दा बढी बिजुलीको तार (वायरिङ्ग तथा प्रसारणको लागि) उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(५४) मेसिन उपकरणमा ५ करोड रूपैयाँभन्दा बढी लगानी भएको वर्कशप (मर्मत सम्भार गर्ने समेत) स्थापना गर्ने,

(५५) मेसिन उपकरणमा ५ करोड रूपैयाँ भन्दा बढी लगानी गर्ने निर्माण सम्बन्धी कार्य गर्ने उद्योगको स्टोरेज यार्ड स्थापना गर्ने,

(५६) सबै प्रकारका ग्याँस सिलिन्डर उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(५७) उद्योगले आफ्नो प्रयोगको लागि ५ देखि ४० मेगावाटसम्म नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Congeneration, DG Set बाट विद्युतीय ऊर्जा उत्पादन गर्ने,

(५८) उद्योगले आफ्नो तापीय ऊर्जा प्रयोजनको लागि बायोमास, कोइलाबाट सञ्चालन हुने ग्याँसिफायर जडान गरी सञ्चालन गर्ने,

(५९) वार्षिक २५ हजारदेखि ५ लाख घन फिटसम्म काठ प्रयोग गर्ने सःमिल स्थापना गर्ने,

(६०) दैनिक ५०० घन फिटभन्दा बढी काठ प्रयोग गरी झ्याल ढोका लगायतका फर्निचर सामान उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६१) रोजिन, टर्पेन्टाईन तथा कत्था उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६२) वार्षिक २ लाख घन फिटसम्म काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने,

(६३) दैनिक ५ मेट्रिक टन भन्दा बढी बाँस तथा बेतका सामान उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६४) दैनिक ५०० किलोग्राम भन्दा बढी सुर्तीजन्य पानमसला उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६५) चुरोट तथा बिंडी उत्पादन (सुर्ती ड्राइ गर्ने समेत) गर्ने उद्योग स्थापना गर्ने,

(६६) सलाई उद्योग स्थापना गर्ने,

(६७) दैनिक १० किलो लिटरभन्दा बढी बायोडिजेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६८) Solvent Extraction प्रक्रियाबाट खाने तेल बाहेक अन्य तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(६९) Extraction, Distillation आदि प्रविधिबाट सुगन्धित तेल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(७०) अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टनसम्म पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(७१) दैनिक ५ लिटर भन्दा बढी Chemical तथा Reagent प्रयोग हुने Diagnosis Lab स्थापना गर्ने,

(७२) काँच प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(७३) दैनिक १ मेट्रिक टन भन्दा बढी पशु पन्छीको दाना उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(७४) दैनिक २०० जोर भन्दा बढी जुत्ता तथा चप्पल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(७५) दैनिक १ लाख भन्दा बढी पृष्ठ छपाई गर्ने प्रिन्टिङ्ग प्रेस सञ्चालन गर्ने,

(७६) दैनिक १०० मेट्रिक टन भन्दा बढी Cargo Handling गर्ने उद्योग स्थापना गर्ने,

(७७) कम्प्युटर, सफ्टवेयर, विद्युतीय उपकरण प्रयोग गरी सफ्टवेयर तयारी, अनलाइन सेवा, इन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य वा तालिम, परामर्श जस्ता कार्य बाहेक २५ करोड देखि २ अर्ब रूपैयाँसम्म मेसिन उपकरणमा लगानी हुने उद्योग,

(७८) अस्फाल्ट ब्याचिङ्ग प्लान्ट स्थापना तथा सञ्चालन गर्ने।

(ग) **खानी क्षेत्रः**

(१) १०० जनासम्म स्थायी बसोबास स्थानान्तरण वा पुनर्वास गरी खानी उत्खनन गर्ने,

(२) रेडियोधर्मी धातुबाहेक अन्य धातु उत्पादन गर्न गरिने भूमिगत उत्खनन भए दैनिक १,००० टनसम्म र सतही उत्खनन भए दैनिक २,००० टनसम्म उत्खननको कार्य गर्ने,

(३) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन भए दैनिक २,००० टनसम्म र सतही उत्खनन भए दैनिक ४,८०० मेट्रिक टनसम्म उत्खननको कार्य गर्ने,

(४) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटोको उत्खननको लागि दैनिक ५० देखि ५०० घन मिटरसम्म उत्खननको कार्य गर्ने,

(५) कोइला तथा मट्टिकोइला उत्पादन गर्न गरिने भूमिगत उत्खनन भए दैनिक १००० टन र सतही उत्खनन भए दैनिक २,००० टनसम्म उत्खननको कार्य गर्ने,

(६) दैनिक २ लाख घन मिटरसम्म प्राकृतिक ग्याँस (Natural Gas) उत्पादन कार्य गर्ने,

(७) नदीनाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटरसम्म बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने।

(घ) **सडक/मार्ग क्षेत्रः**

(१) २५ किलोमिटरसम्म लम्बाई हुने नयाँ मार्ग निर्माण गर्ने,

(२) ५ देखि ५० किलोमिटरसम्मको रज्जुमार्ग निर्माण गर्ने,

(३) १ देखि ५ किलोमिटर सम्मको केबुल कार मार्ग निर्माण गर्ने,

(४) १०० मिटरभन्दा बढी लम्बाईका पुल निर्माण गर्ने,

(५) सडक/मार्ग प्रयोजनको लागि १ देखि ३ किलोमिटरसम्म सुरुङ बनाउने,

(६) चारपाङ्ग्रे सवारी सञ्चालन हुने आकाशे पुल (फ्लाई ओवर) निर्माण गर्ने,

(७) सार्वजनिक यातायातको लागि मोनो रेलमार्ग सञ्चालन गर्ने,

(८) १० किलोमिटरभन्दा बढी ५० किलोमिटरसम्म लम्बाईको राष्ट्रिय राजमार्ग, प्रदेश लोकमार्ग वा सहायक सडक तथा प्रदेश मार्गको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने।

(ङ) **आवास, भवन तथा बस्ती विकास र सहरी विकास क्षेत्रः**

(१) ५,००० भन्दा बढी १०,००० वर्गमिटर क्षेत्रफलसम्मको Built Up Area वा Floor Area आवासीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने,

(२) १,००० देखि २,००० जनासम्म एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, रङ्गशाला, कन्सर्ट हल, स्पोर्टस कम्प्लेक्स निर्माण गर्ने,

(३) १ देखि ५ हेक्टरसम्मको क्षेत्रमा आवास विकास गर्ने,

(४) १० देखि १०० हेक्टरसम्मको जग्गा आयोजना सञ्चालन गर्ने,

(५) ५ हेक्टरभन्दा बढी Hard Surface Pavement (Dry Port, Bus Park, Parking Lot आदि) निर्माण गर्ने,

(६) २०,००० घन मिटरभन्दा बढी माटो पुर्ने तथा माटो काटी Site Develop गर्ने,

(७) ११ तल्ला वा २५ मिटरभन्दा बढी १६ तल्ला वा ५० मिटरसम्मका उचाई भएका भवन निर्माण गर्ने,

(८) १०,००० देखि २०,००० लिटरसम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने।

**(च) <u>जलस्रोत र ऊर्जा क्षेत्रः</u>**

(१) विद्युत प्रसारण लाइन र सबस्टेशन निर्माण अन्तर्गतः-

(क) १३२ के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइन निर्माण गर्ने,

(ख) विद्यमान २२० के.भी. वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइनबाट ट्याप गरी नयाँ आउटडोर सबस्टेशन निर्माण गर्ने ।

(२) विद्युत उत्पादन अन्तर्गतः-

(क) १ देखि ५० मेगावाट क्षमतासम्मको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने,

(ख) १ देखि ५ मेगावाट क्षमता सम्मको खनिज तेल वा ग्याँसबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) १५०० घनमिटर भन्दा बढी क्षमताको बायोग्याँस प्लान्ट निर्माण गर्ने।

(३) सिंचाइको नयाँ प्रणाली अन्तर्गतः-

(क) तराई वा भित्री मधेशमा २०० देखि २,००० हेक्टरसम्मको क्षेत्र सिंचाइ गर्ने,

(ख) पहाडी उपत्यका र टारमा २५ देखि ५०० हेक्टरसम्मको क्षेत्र सिंचाइ गर्ने,

(ग) पहाडी भिरालो पाखा वा पर्वतीय क्षेत्रमा २५ देखि २०० हेक्टरसम्मको क्षेत्र सिंचाइ गर्ने,

(घ) १०० हेक्टरभन्दा बढीको लिफ्ट सिंचाइ आयोजना निर्माण गर्ने,

(४) सिंचाइको पुनरुत्थान प्रणाली अन्तर्गत : विद्यमान प्रणाली भित्रका सिंचाइ आयोजनामा नयाँ हेड वर्क्स निर्माण वा मूल नहर परिवर्तन हुने कुनै पनि पुनरुत्थान आयोजना सञ्चालन गर्ने,

(५) २५ देखि १०० जनासम्म स्थायी बसोबास भएका जनसङ्ख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने,

(६) १० किलोमिटर भन्दा बढी लम्बाईको नदी नियन्त्रणको कार्य गर्ने,

(७) नवीकरणीय ऊर्जा क्षेत्रः

(क) १ देखि १० मेगावाट क्षमतासम्मको सौर्य ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ख) १ देखि १० मेगावाट क्षमतासम्मको वायु ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) ०.५ देखि २ मेगावाट क्षमतासम्मको जैविक ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(घ) चिनी उद्योग क्षेत्रभित्रको उखु पेलिसकेपछि निस्किने खोस्टा (Bagasse) बाट विद्युत सहउत्पादन (Cogeneration) हुने आयोजना सञ्चालन गर्ने।

**(छ) <u>पर्यटन क्षेत्र</u>ः**

(१) ५१ देखि १०० बेडसम्मको होटल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने,

(२) विद्यमान विमानस्थलमा क्षेत्रफल थप्ने,

(३) माछा वा अन्य जलचर भएको कुनै नदी वा तालमा इञ्जिन जडित उपकरण र इन्धन ज्वलन गरी र्‍याफ्टिङ्ग कार्य वा क्रुज सञ्चालन गर्ने,

(४) तालमा स्थापना हुने हाउस बोट (तैरने घर) सञ्चालन गर्ने ।

**(ज) <u>खानेपानी क्षेत्र</u>ः**

(१) १०० देखि ५०० हेक्टरसम्मको क्षेत्रमा फैलिएको वर्षातको पानी सङ्कलन गर्ने तथा सोही क्षेत्रफलमा भएका पानीका स्रोतको प्रयोग गर्ने,

(२) सेफ इल्ड १०० लिटर प्रति सेकेण्ड (LPS) भन्दा बढीको सतही पानीको स्रोत र सो पानीको ५० देखि ७५ प्रतिशतसम्म सुख्खा समयमा आपूर्ति गर्ने,

(३) प्रति सेकेण्ड १०० लिटर भन्दा बढीको दरले पानी प्रशोधन गर्ने,

(४) भूमिगत पानीको स्रोत विकासका लागि कुल एक्यूफरको ५० देखि ७५ प्रतिशतसम्म रिचार्ज गर्ने,

(५) १ देखि ३ किलोमिटरसम्मको सुरुङ निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने,

(६) खानेपानी आयोजना सञ्चालन गर्नको लागि २५ देखि १०० जनासम्म जनसङ्ख्या विस्थापन गर्ने,

(७) खानेपानीको स्रोतको माथिल्लो भागमा ५०० जनसङ्ख्यासम्मको बसोबास गराउने,

(८) ५० हजारदेखि २ लाखसम्मको जनसङ्ख्यालाई खानेपानी आपूर्ति गर्ने,

(९) ५० हजारदेखि २ लाखसम्मको जनसङ्ख्यालाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने,

(१०) १ किलोमिटर भन्दा बढीको डाइभरसन सम्बन्धी काम गर्ने,

(११) ट्रिटमेन्ट सहीतको ढल निकास सिष्टम समावेश भएका खानेपानी आयोजना सञ्चालन गर्ने ।

**(झ) <u>फोहरमैला व्यवस्थापन क्षेत्रः</u>**

घर तथा आवास क्षेत्रबाट निस्कने फोहरमैलाको सम्बन्धमा देहायको काम गर्नेः-

(१) वार्षिक १,००० देखि ५,००० टनसम्म फोहरमैला जमिनमा भर्ने,

(२) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने,

(३) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरीकाबाट फोहरमैला छनौट गर्ने, केलाउने, तह लगाउने र पुनः प्रयोग गर्ने,

(४) ५ देखि १० हेक्टरसम्मको क्षेत्रमा फैलिएको कम्पोष्ट प्लाण्ट सम्बन्धी काम गर्ने,

(५) ५ एम. एल. डी. (MLD) क्षमतासम्मको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने,

(६) ५०,००० सम्मका जनसङ्ख्यालाई टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाइ वा फोहरमैला व्यवस्थापन कार्य गर्ने।

**(ञ) <u>कृषि क्षेत्रः</u>**

(१) पहाडमा १ हेक्टरसम्म र तराई वा भित्री मधेशमा ५ हेक्टरसम्म राष्ट्रिय वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने,

(२) निर्माण सम्बन्धी देहायको काम गर्नेः-

(क) ३०,००० वटाभन्दा बढी पन्छी जाति पाल्नको लागि निर्माण कार्य गर्ने,

(ख) १,००० वटाभन्दा बढी ठूला चौपाया पाल्नको लागि निर्माण कार्य गर्ने,

(ग) ५,००० वटाभन्दा बढी साना चौपाया (भेडा, बाख्रा) पाल्नको लागि निर्माण कार्य गर्ने,

(घ) २,००० वटाभन्दा बढी बङ्गुर/सुँगुर पाल्नको लागि निर्माण कार्य गर्ने,

(ङ) महानगरपालिका वा उपमहानगरपालिका क्षेत्र अन्तर्गत तराई वा भित्री मधेशमा १ हेक्टरभन्दा बढी तथा अन्य ठाउँमा ०.५ हेक्टरभन्दा बढी क्षेत्रमा कृषि थोक बजार स्थापना गर्ने,

(च) वार्षिक २५ करोडभन्दा बढी माछाको भूरा उत्पादन गर्न ह्याचरीका लागि पोखरी निर्माण गर्ने,

(छ) पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण सम्बन्धी दैनिक २,००० भन्दाबढी नमूना सङ्कलन तथा परीक्षण कार्यको लागि प्रयोगशाला निर्माण गर्ने,

(ज) अनुमति प्राप्त बधशाला निर्माण गर्ने,

(झ) प्यारेन्ट र ग्र्यान्ड प्यारेन्ट कुखुरा पालन तथा ह्याचरी सञ्चालन गर्न निर्माण गर्ने।

(३) म्याद नाघेका विषादीको (सूचित विषादीको हकमा मात्र) भण्डारण तथा विसर्जन गर्ने,

(४) रासायनिक मल उत्पादन, संश्लेषण (फर्मूलेशन), सम्मिश्रण (ब्लेण्डिङ्ग), प्याकेट वा डिब्बाबन्दी (प्याकेजिङ/क्यानिङ्ग) र भण्डारण (स्टोर) सम्बन्धी कार्य तथा उद्योग स्थापना गर्ने,

(५) जीव नाशक विषादी उत्पादन, संश्लेषण (फर्मूलेशन), सम्मिश्रण (ब्लेण्डिङ्ग), प्याकेट वा डिब्बाबन्दी (प्याकेजिङ/क्यानिङ्ग) र भण्डारण (स्टोर) सम्बन्धी कार्य तथा उद्योग स्थापना गर्ने,

(६) देहाय बमोजिमको कृषिजन्य उद्योग स्थापना गर्नेः-

(क) दैनिक १०,००० लिटरभन्दा बढी क्षमताको दुग्ध प्रशोधन (दुधको परिकार समेत) उद्योग स्थापना गर्ने,

(ख) दैनिक ५ मेट्रिक टनभन्दा बढी माछा, मासु प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(ग) १,००० मेट्रिक टनभन्दा बढी भण्डारण क्षमता भएको कोल्ड स्टोरेज स्थापना गर्ने,

(घ) परम्परागत भेटेरीनरी औषधि बाहेकका भेटेरीनरी भ्याक्सिन तथा औषधि उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(ङ) दैनिक १० मेट्रिक टनभन्दा बढी फलफूल वा तरकारीको प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(च) दैनिक २ देखि १० मेट्रिक टनसम्म प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

**(ट)** <u>स्वास्थ्य क्षेत्रः</u>

२६ देखि १०० शैयासम्मको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय सञ्चालन गर्ने।

**(ठ)** <u>शिक्षा क्षेत्रः</u>

५१ भन्दा बढी १०० शैयासम्मको शिक्षण अस्पताल सञ्चालन गर्ने।

**(ड)** <u>अन्यः</u>

(१) प्रचलित संघीय वातावरण संरक्षण ऐन तथा नियमावलीले प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने भनी तोकेका यस अनुसूचीमा समावेश नभएका अन्य प्रस्ताव।

(२) यस अनुसूचीमा उल्लिखित भए तापनि प्रचलित संघीय वातावरण संरक्षण ऐन तथा नियमावलीमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने उल्लेख भएमा सोही बमोजिम गर्नु पर्नेछ।

## अनुसूची- ३

(दफा ३ को उपदफा (३) र दफा (४) को उपदफा (८) सँग सम्बन्धित)

**वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्ताव**

**(क) वन क्षेत्रः**

(१) तराई वा भित्री मधेशमा ५०० हेक्टरभन्दा बढी र पहाडमा २५० हेक्टरभन्दा बढीको क्षेत्रफलमा एकल प्रजातिका स्वदेशी बिरुवा एउटै ब्लकमा वृक्षारोपण गर्ने,

(२) सम्बन्धित ठाउँमा परीक्षण भई वृक्षारोपणको लागि उपयुक्त भएका आयातित प्रजातिका बिरुवा तराई वा भित्री मधेशमा ५० हेक्टरभन्दा बढी र पहाडमा २५ हेक्टरभन्दा बढी क्षेत्रफलमा वृक्षारोपण गर्ने,

(३) तराई वा भित्री मधेशमा १०० हेक्टरभन्दा बढी र पहाडमा ५० हेक्टरभन्दा बढी क्षेत्रफलको वन व्यावसायिक कबुलियती वनको रूपमा दिने,

(४) सरकारले वन अनुसन्धान प्रयोजनका लागि वार्षिक ३० हेक्टरभन्दा बढी राष्ट्रिय वन सरपट कटान गर्ने,

(५) वन क्षेत्रमा फोहरमैला फाल्न ल्यान्डफील साइट निर्माण तथा सञ्चालन गर्ने,

(६) वन क्षेत्र, वन संरक्षण क्षेत्र, राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको वन क्षेत्र, मध्यवर्ती क्षेत्रको वन क्षेत्र, सिमसार क्षेत्र वा वातावरण संरक्षण क्षेत्रको वन क्षेत्रमा २५ बेडभन्दा बढीको रिसोर्ट वा होटल, २५ शैयाभन्दा बढीको अस्पताल वा २५ कोठाभन्दा बढीको शिक्षण संस्था निर्माण गर्ने,

(७) देहायको वन पैदावार सङ्कलन गर्ने गरी जिल्लाभित्रको पञ्चवर्षीय वन कार्ययोजना, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गर्ने वा वन संरक्षण क्षेत्रको कार्ययोजना तयार गर्नेः-

(क) वार्षिक ५० मेट्रिक टनभन्दा बढी जरा तथा गानो सङ्कलन गर्ने,

(ख) वार्षिक १५० मेट्रिक टनभन्दा बढी बोक्रा सङ्कलन गर्ने,

(ग) वार्षिक १५० मेट्रिक टनभन्दा बढी पात वा डाँठ सङ्कलन गर्ने, (सालसिड, रिठ्ठा र अमला, तेन्दुपात, भोर्लापात, तेजपात बाहेक),

(घ) वार्षिक १५० मेट्रिक टनभन्दा बढी फूल वा भुवा सङ्कलन गर्ने,

(ङ) वार्षिक २०० मेट्रिक टनभन्दा बढी फल वा बीज सङ्कलन गर्ने,

(च) वार्षिक १५० मेट्रिक टनभन्दा बढी बिरुवा सङ्कलन गर्ने,

(छ) वार्षिक २०० मेट्रिक टनभन्दा बढी गम, रेजिन (सल्लाको खोटो बाहेक) वा लोहवान सङ्कलन गर्ने।

(८) प्रचलित कानून बमोजिम प्रशोधन गरी सारतत्व निकाली निकासी गर्न पाइने प्रजातिको हकमा एक जिल्लाबाट प्रति प्रजाति १०० टनभन्दा बढी वन पैदावार सङ्कलन गर्ने,

(९) विद्युत प्रसारण लाइन निर्माण बाहेक अन्य प्रयोजनको लागि ५ हेक्टरभन्दा बढी वन क्षेत्र प्रयोग गर्ने,

(१०) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष क्षेत्रभित्र कार्यान्वयन गरिने प्रस्ताव।

**(ख) उद्योग क्षेत्रः**

(१) दैनिक ५ लाख लिटर भन्दा बढी क्षमता भएको उमाल्ने र फर्मेन्टेशन सुविधायुक्त डिस्टिलरी, ब्रुअरी वा वाइनरी उद्योग स्थापना गर्ने,

(२) दैनिक ३,००० मेट्रिक टनभन्दा बढी खाँडसारी वा चिनी उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(३) दैनिक २५ मेट्रिक टनभन्दा बढी हाड, सिङ्ग वा खुर प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(४) दैनिक १५,००० वर्ग फिटभन्दा बढी छाला प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(५) वार्षिक ३ करोड गोटाभन्दा बढी उत्पादन क्षमता भएको पोलेको इटा, टायल आदि बनाउने उद्योग स्थापना गर्ने,

(६) दैनिक १०० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको एसिड वा अल्काली उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(७) ब्लेण्डिङ्ग प्रक्रियाबाट बाहेक विटुमिन वा विटुमिन इमल्सनको उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(८) ब्लेण्डिङ्ग प्रक्रियाबाट बाहेक रासायनिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(९) ब्लेण्डिङ्ग प्रक्रियाबाट बाहेक किटनाशक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१०) दैनिक ५० मेट्रिक टन (ड्राई वा वेट) भन्दा बढी ब्याट्री रिसाईक्लिङ्ग गर्ने उद्योग स्थापना गर्ने,

(११) दैनिक ५ मेट्रिक टनभन्दा बढी फोम उत्पादन उद्योग (फोमको प्रयोग गरी वस्तु उत्पादन गर्ने उद्योग समेत) स्थापना गर्ने,

(१२) दैनिक १०० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको पल्प वा कागज उद्योग स्थापना गर्ने,

(१३) चुनढुङ्गा वा क्लिङ्करमा आधारित दैनिक ३,००० मेट्रिक टनभन्दा बढी उत्पादन क्षमता भएको क्लिङ्कर वा सिमेण्ट उद्योग स्थापना गर्ने,

(१४) दैनिक ३,००० मेट्रिक टन भन्दा बढी चुन उत्पादन क्षमता भएको उद्योग स्थापना गर्ने,

(१५) २ अर्ब रूपैयाँभन्दा बढी मेसिन उपकरणमा लगानी हुने खनिजजन्य पदार्थ प्रशोधन गर्ने उद्योग स्थापना गर्ने,

(१६) दैनिक ५० मेट्रिक टनभन्दा बढी औषधिको लागि प्रारम्भिक कम्पाउण्ड (Bulk Drugs) संश्लेषण (Formulation) गर्ने उद्योग स्थापना गर्ने,

(१७) दैनिक ५०० मेट्रिक टनभन्दा बढी प्रारम्भिक स्मेल्टिङ्ग गरी फेरस तथा नन् फेरस वस्तु उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(१८) दैनिक ७५० मेट्रिक टनभन्दा बढी धातु रिमेल्टिङ्ग वा रिरोलिङ्ग वा ऐलोयिङ्ग (Alloying) गर्ने उद्योग स्थापना गर्ने,

(१९) उद्योगले आफ्नो प्रयोगको लागि ४० मेगावाटभन्दा बढी नवीकरणीय ऊर्जा प्रविधि (सौर्य, वायु, जैविक आदि) Congeneration, DG Set बाट विद्युतीय ऊर्जा उत्पादन गर्ने कार्य गर्ने,

(२०) वार्षिक ५ लाख घन फिटभन्दा बढी काठ प्रयोग गर्ने सःमिल स्थापना गर्ने,

(२१) वार्षिक २ लाख घन फिटभन्दा बढी काठ वा काठजन्य पदार्थ प्रयोग गरी भेनियर, प्लाईउड, प्लाईबोर्ड आदि बनाउने उद्योग स्थापना गर्ने,

(२२) अर्ध प्रशोधित तेल, फोसिल फ्युल प्रयोग गरी दैनिक २०० मेट्रिक टनभन्दा बढी पेट्रोलियम पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२३) अति घातक पदार्थ जस्तैः आइसोनाइट, मर्करी कम्पाउण्ड उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२४) रेडियो विकिरण निष्कासन हुने (न्यूक्लियर/एटोमिक प्रशोधन) उद्योग स्थापना गर्ने,

(२५) नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल वा नेपाल प्रहरीले स्थापना वा उत्पादन गर्ने बाहेकका गोली, गट्ठा, बारुद लगायतका बिस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग स्थापना गर्ने,

(२६) पेट्रोलियम पाईपलाइन निर्माण गर्ने,

(२७) दैनिक २५ मेट्रिक टनभन्दा बढी क्षमताको क्रसर उद्योग स्थापना गर्ने।

(२८) कम्प्युटर, सफ्टवेयर, विद्युतीय उपकरण प्रयोग गरी सफ्टवेयर तयारी, अनलाइन सेवा, इन्टरनेट, रेडियो, केबुल नेटवर्क जस्ता प्रकृतिका सेवा दिने कार्य वा तालिम, परामर्श जस्ता कार्य बाहेक २ अर्ब रूपैयाँभन्दा बढी मेसिन उपकरणमा लगानी हुने उद्योग।

**(ग) <u>खानी क्षेत्रः</u>**

(१) खानी उत्खनन गर्नको लागि १०० जनाभन्दा बढी जनसङ्ख्याको स्थायी बसोबास स्थानान्तरण वा पुनर्बास गर्ने,

(२) खानी उत्खनन कार्यको लागिः

(क) सबै रेडियोधर्मी धातुको उत्पादन गर्न उत्खनन कार्य गर्ने,

(ख) अन्य धातु उत्पादन गर्न भूमिगत उत्खनन भए दैनिक १,००० टनभन्दा बढी र सतही उत्खनन भए दैनिक २००० टनभन्दा बढी उत्खननको कार्य गर्ने,

(ग) अधातु खनिज उत्पादन गर्न गरिने भूमिगत उत्खनन भए दैनिक २,००० मेट्रिक टनभन्दा बढी र सतही उत्खनन भए दैनिक ४,८०० मेट्रिक टनभन्दा बढी उत्खननको कार्य गर्ने,

(घ) साधारण निर्माणमुखी ढुङ्गा, डेकोरेटिभ ढुङ्गा, बालुवा, ग्राभेल, औद्योगिक माटो र साधारण माटोको उत्खननको लागि दैनिक ५०० घनमिटरभन्दा बढी उत्खनन कार्य गर्ने,

(ङ) कोइला तथा मट्टिकोइला उत्पादन गर्न गरिने भूमिगत उत्खनन भए दैनिक १,००० टनभन्दा बढी र सतही उत्खनन भए दैनिक २,००० टनभन्दा बढी उत्खनन कार्य गर्ने,

(च) दैनिक २ लाख घनमिटरभन्दा बढी प्राकृतिक ग्याँस (Biogenic Natural Gas) उत्पादन कार्य गर्ने,

(छ) पेट्रोलियम पदार्थको उत्खनन र प्रशोधन सम्बन्धी कार्य गर्ने,

(ज) नदी नाला सतहबाट दैनिक ३०० घनमिटरभन्दा बढी बालुवा, ग्राभेल, गिर्खा माटो निकाल्ने।

(घ) <u>सडक/मार्ग क्षेत्रः</u>

(१) २५ किलोमिटरभन्दा बढी लम्बाई हुने कुनै पनि नयाँ मार्ग निर्माण गर्ने,

(२) ५० किलोमिटरभन्दा लामो रज्जुमार्ग निर्माण गर्ने,

(३) ५ किलोमिटरभन्दा लामो केबुल कार मार्ग निर्माण गर्ने,

(४) सार्वजनिक यातायातको लागि रेलमार्ग सञ्चालन गर्ने,

(५) सडक/मार्ग प्रयोजनको लागि ३ किलोमिटरभन्दा बढी लम्बाईको सुरुङ बनाउने,

(६) ५० किलोमिटरभन्दा बढी लम्बाईको राष्ट्रिय राजमार्ग, प्रदेश लोकमार्ग वा सहायक सडक तथा प्रदेश मार्गको चौडाई वृद्धि हुने गरी स्तरवृद्धि, पुनर्स्थापना वा पुनर्निर्माण गर्ने,

(७) प्रदेश द्रुतमार्ग निर्माण वा स्तरोन्नति गर्ने।

(ङ) <u>आवास, भवन तथा बस्ती विकास र सहरी विकास क्षेत्रः</u>

(१) १०,००० वर्गमिटर क्षेत्रफलभन्दा बढीको Built Up Area वा Floor Area भएको आवासीय, व्यावसायिक वा आवासीय र व्यावसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने,

(२) २,००० जनाभन्दा बढी एकै पटक आगमन तथा निगमन हुने सिनेमा हल, थिएटर, सामुदायिक भवन, रंगशाला, कन्सर्टहल, स्पोर्टस कम्प्लेक्स निर्माण गर्ने,

(३) ५ हेक्टरभन्दा बढी क्षेत्रमा आवास विकास गर्ने,

(४) १०० हेक्टरभन्दा बढीको जग्गा आयोजना सञ्चालन गर्ने,

(५) १६ तल्ला वा ५० मिटरभन्दा बढी उचाई भएका भवन निर्माण गर्ने,

(६) २०,००० लिटरभन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने,

(क) कृषियोग्य भूमिमा सहरीकरण गर्ने।

**(च) <u>जलस्रोत र ऊर्जा क्षेत्रः</u>**

(१) विद्युत उत्पादन अन्तर्गतः-

(क) ५० मेगावाटभन्दा बढी क्षमताको जलविद्युत उत्पादन आयोजना निर्माण गर्ने,

(ख) १ मेगावाटभन्दा बढी क्षमताको कोइला वा आणविक विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) ५ मेगावाटभन्दा बढी क्षमताको खनिज तेल वा ग्याँसबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने।

(२) सिंचाइको नयाँ प्रणाली अन्तर्गतः-

(क) तराई वा भित्री मधेशमा २,००० हेक्टरभन्दा बढीको क्षेत्र सिंचाइ गर्ने,

(ख) पहाडी उपत्यका र टारमा ५०० हेक्टरभन्दा बढीको क्षेत्र सिंचाइ गर्ने,

(ग) पहाडी भिरालो पाखा वा पर्वतीय क्षेत्रमा २०० हेक्टरभन्दा बढी क्षेत्र सिंचाइ गर्ने।

(३) १०० जनाभन्दा बढी स्थायी बसोबास भएका जनसङ्ख्या विस्थापित गर्ने कुनै पनि जलस्रोत विकास कार्य गर्ने,

(४) बहुउद्देश्यीय जलाशयको निर्माण गर्ने,

(५) एउटा जलाधार क्षेत्रबाट अर्को जलाधार क्षेत्रमा पानी फर्काई (इन्टर बेसिन वाटर ट्रान्सफर) उपयोग गर्ने,

(६) नवीकरणीय ऊर्जा क्षेत्रः-

(क) १० मेगावाटभन्दा बढी क्षमताको सौर्य ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ख) १० मेगावाटभन्दा बढी क्षमताको वायु ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने,

(ग) २ मेगावाटभन्दा बढी क्षमताको जैविक ऊर्जाबाट विद्युत उत्पादन आयोजना सञ्चालन गर्ने।

**(छ) <u>पर्यटन क्षेत्रः</u>**

(१) १०० बेडभन्दा बढीको होटल वा रिसोर्ट निर्माण, स्थापना तथा सञ्चालन गर्ने,

(२) नयाँ विमानस्थल निर्माण गर्ने।

**(ज) <u>खानेपानी क्षेत्रः</u>**

(१) ५०० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको वर्षातको पानी सङ्कलन गर्ने तथा सोही क्षेत्रफलमा भएको पानीका स्रोतको प्रयोग गर्ने,

(२) सेफ इल्ड १०० लिटर प्रति सेकेण्ड (LPS) भन्दा बढीको सतही पानीको स्रोत र सो पानीको ७५ प्रतिशत भन्दा बढी सुख्खा समयमा आपूर्ति गर्ने,

(३) भूमिगत पानीको स्रोत विकासका लागि कुल एक्यूफरको ७५ प्रतिशत भन्दा बढी रिचार्ज गर्ने,

(४) खानेपानी आयोजना सञ्चालन गर्नको लागि १०० जनाभन्दा बढी जनसङ्ख्या विस्थापित गर्ने,

(५) खानेपानीको स्रोतको माथिल्लो तटीय भागमा ५०० जनाभन्दा बढीको जनसङ्ख्या बसोबास गराउने,

(६) २ लाखभन्दा बढी जनसङ्ख्यालाई खानेपानी आपूर्ति गर्ने,

(७) २ लाखभन्दा बढी जनसङ्ख्यालाई खानेपानी आपूर्ति गरी नयाँ स्रोत जोड्ने,

(८) जैविक तथा रासायनिक प्रदूषण हुने स्रोत वा तिनबाट प्रभावित हुन सक्ने भूमिगत जलस्रोतको उपयोग गर्ने,

(९) प्रति सेकेण्ड ५०० लिटरभन्दा बढी पानीको स्रोत उपयोग गर्ने खानेपानी स्रोत सम्बन्धी बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने,

(१०) ३ किलोमिटरभन्दा बढीको सुरुङ्ग निर्माण गरी खानेपानी आयोजना सञ्चालन गर्ने,

(११) सार्वजनिक खानेपानीका आपूर्तिका मुख्य स्रोतमा कार्यान्वयन गरिने कुनै प्रस्ताव।

(झ) **फोहरमैला व्यवस्थापन क्षेत्रः**

(१) घर तथा आवास क्षेत्रबाट निस्कने फोहरमैलाको सम्बन्धमा देहायको काम गर्नेः-

(क) वार्षिक ५,००० टनभन्दा बढी फोहरमैला जमिनमा भर्ने,

(ख) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको ट्रान्सफर स्टेशन र रिसोर्स रिकोभरी एरिया सम्बन्धी काम गर्ने,

(ग) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको रसायन, यान्त्रिक वा जैविक तरीकाबाट फोहरमैला छनौट, केलाउने, तह लगाउने र पुनः प्रयोग गर्ने,

(घ) १० हेक्टरभन्दा बढी क्षेत्रमा फैलिएको कम्पोष्ट प्लान्ट सम्बन्धी काम गर्ने,

(ङ) कम्तीमा १०,००० जनसङ्ख्या भएको सहरी क्षेत्रबाट निस्कने फोहरमैला गाड्ने काम गर्ने,

(च) ५ एम. एल. डी. (MLD) भन्दा बढी क्षमताको ढल व्यवस्थापन आयोजना सञ्चालन गर्ने,

(छ) ५०,००० भन्दा बढी जनसङ्ख्यालाई टेवा पुऱ्याउने उद्देश्यले सञ्चालन हुने ढल निकास, सरसफाइ र फोहरमैला व्यवस्थापन कार्य गर्ने।

(२) देहायको प्रकृति र जुनसुकै स्तरका खतरापूर्ण फोहरमैला सम्बन्धी देहायका निर्माण सम्बन्धी काम गर्नेः-

(क) फोहरमैला संयन्त्र निर्माण,

(ख) फोहरमैला रिकोभरी प्लान्ट निर्माण,

(ग) फोहरमैला भर्ने, थुपार्ने वा गाड्ने ठाउँको निर्माण,

(घ) फोहरमैला भण्डारण गर्ने ठाउँको निर्माण,

(ङ) फोहरमैला ट्रिटमेण्ट सुविधाको निर्माण।

(३) जोखिमपूर्ण फोहर पदार्थ सम्बन्धी देहायका काम गर्नेः-

(क) २५ वर्षभन्दा बढी आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुको निष्कासन र व्यवस्थापन गर्ने,

(ख) पचास लेथल डोज भएको कुनै पनि रेडियोधर्मी वस्तुको निष्कासन र व्यवस्थापन गर्ने,

(ग) कम्तीमा २५ शैया भएको स्वास्थ्य केन्द्र, अस्पताल वा नर्सिङ्ग होमबाट निस्कने जैविक जोखिमपूर्ण पदार्थको अन्तिम निष्कासन व्यवस्थापन गर्ने,

(घ) कुनै पनि हानिकारक पदार्थलाई भष्म वा पुनः प्रयोग गर्नको लागि १ हेक्टर वा सोभन्दा बढी क्षेत्रफलको जमिन प्रयोग गर्ने र ऊर्जा सम्बन्धी कुनै काम गर्ने।

(ञ) **कृषि क्षेत्रः**

(१) पहाडमा १ हेक्टरभन्दा बढी र तराई वा भित्री मधेशमा ५ हेक्टरभन्दा बढी राष्ट्रिय वन क्षेत्र कृषिको लागि प्रयोग गर्ने,

(२) जीवनाशक विषादी (सूचित विषादीको हकमा मात्र) प्लाण्ट स्थापना गर्ने,

(३) दैनिक १० मेट्रिक टनभन्दा बढी प्राङ्गारिक मल उत्पादन गर्ने उद्योग स्थापना गर्ने।

(ट) **स्वास्थ्य क्षेत्रः**

१०० शैयाभन्दा बढीको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसाय सञ्चालन गर्ने।

(ठ) **शिक्षा क्षेत्रः**

१०० शैयाभन्दा बढीको शिक्षण अस्पताल सञ्चालन गर्ने।

(ड) **अन्यः**

यस अनुसूचीमा उल्लिखित नभए तापनि प्रचलित संघीय वातावरण संरक्षण ऐन तथा नियमावलीमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने उल्लेख भएमा सोही बमोजिम गर्नु पर्नेछ।

## अनुसूची- ४

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**<u>संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको ढाँचा</u>**

(१) प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

(२) प्रस्तावको सारांशः

(३) प्रतिवेदनमा रहनु पर्ने विषयः

(क) प्रस्तावको उद्देश्य,

(ख) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरण,

(ग) प्रस्ताव तयारीमा तथ्याङ्क सङ्कलन र विश्लेषणको विधि,

(घ) प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने अनुकूल प्रभाव,

(ङ) प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव,

(च) वातावरणीय व्यवस्थापन योजना,

(छ) अन्य आवश्यक कुरा,

(ज) सन्दर्भ सामग्री।

(४) प्रतिवेदनमा समावेश हुने वातावरणीय योजनाको खाका देहाय बमोजिम हुनेछः-

| विषयगत क्षेत्र | सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | | |
| अन्य | | | | | | | | |
| भौतिक क्षेत्र | | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | | |

| विषयगत क्षेत्र | सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| सामाजिक क्षेत्र | | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | | |
| अन्य | | | | | | | | |

<u>**द्रष्टव्य**</u>: (१) वातावरणीय व्यवस्थापन योजनाको प्रस्ताव आयोजनाको निर्माण तथा सञ्चालन चरणका लागि अलग-अलग रूपमा उल्लेख गर्नु पर्नेछ।

(२) प्रतिवेदन तयार गर्दा आवश्यकता अनुसार तथ्याङ्क, नक्शा, चित्र, तालिका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्नेछ।

(३) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन नेपाली भाषाको युनिकोडमा फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ। प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ।

(४) विदेशी लगानी भएका प्रस्तावको प्रस्तावकले अङ्ग्रेजी भाषामा तयार गर्ने संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन Times New Roman फण्टको फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ। प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ।

## अनुसूची- ५

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा</u>**

(१) प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना:

(२) प्रस्तावको सारांश: (प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा देहायका कुराहरू संक्षेपमा उल्लेख गर्ने)

(क) प्रस्तावको उद्देश्य:

(ख) भू-उपयोगमा पर्ने असर:

(ग) वातावरणमा पर्ने प्रतिकूल प्रभाव, मानव जीवनमा पर्ने असर, जनसंख्याको चाप:

(घ) स्थानीय पूर्वाधारमा हुने क्षति:

(ङ) अन्य आवश्यक कुरा:

(३) प्रस्तावको सम्बन्धमा देहायका कुरा स्पष्ट खुलाउनु पर्ने:-

(क) प्रस्तावको किसिम

१. प्रशोधन गर्ने,

२. उत्पादन गर्ने,

३. जडान गर्ने,

४. सेवा प्रवाह गर्ने,

५. अन्य।

(ख) डेलिभरी गर्ने भए के कस्तो वस्तु डेलिभरी गर्ने:

(ग) प्रस्तावको:

१. जडान क्षमता:

२. प्रतिदिन वा वर्ष कति घण्टा सञ्चालन हुने:

(घ) प्रयोग गरिने सामग्री (परिमाण र वर्ष उल्लेख गर्ने):

(ङ) प्रस्ताव कार्यान्वयन हुँदा निष्कासन हुने (कति समय सञ्चालन हुँदा कति परिमाणमा निष्कासन हुने हो) खुलाउनु पर्ने:

१. ठोस,

२. तरल,

३. हावा,

४. ग्याँस,

५. ध्वनि,

६. धुलो,

७. अन्य।

(च) प्रयोग हुने ऊर्जाको:

१. किसिम:

२. स्रोतः

३. खपत हुने परिमाण (प्रतिघण्टा, दिन र वर्षमा):

(छ) जनशक्तिको आवश्यकता कति पर्ने:

(ज) प्रस्ताव कार्यान्वयन गर्न आवश्यक पर्ने:

१. कुल पुँजी:

२. चालू पुँजी:

३. जमिनको क्षेत्रफलः

४. भवन र तिनका किसिमः

५. मेसिनरी औजारः

६. अन्यः

(झ) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको विस्तृत विवरणः-

१. नक्शाः

२. सो क्षेत्र र वरिपरिको जनसंख्या र बसोबासको स्थितिः

३. प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आसपासमा कुनै संवेदनशील चिज वा वस्तु रहेको भए त्यस्ता चिज वस्तुको विवरणः

४. हालको स्थितिः

५. पानीको स्रोतः

६. फोहरमैला फ्याँक्ने वा प्रशोधन गर्ने व्यवस्थाः

७. प्रस्ताव कार्यान्वयन हुने ठाउँमा आवात जावत गर्ने बाटोः

८. उत्पादन प्रक्रियाः

९. प्रविधिको विवरणः

१०. अन्य आवश्यक कुराः

**<u>द्रष्टव्य</u>**: जलविद्युत उत्पादन आयोजनाको प्रभावित क्षेत्र यकिन गर्दा मुख्य संरचना क्षेत्र पहुँच सडक र राष्ट्रिय प्रशारण लाइनमा जोड्दासम्मको प्रसारण लाइनले प्रभाव पार्ने क्षेत्रलाई समग्र प्रभावित क्षेत्र मानी प्रभावित क्षेत्र यकिन गर्नु पर्नेछ।

(४) प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावः-

(क) सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने प्रभावः

१. मानव स्वास्थ्यमा पर्ने प्रभावः

२. खेतीयोग्य जमिनको क्षयः

३. वन जंगलको क्षयः

४. सामाजिक, सांस्कृतिक र धार्मिक मूल्य मान्यतामा हुने परिवर्तनः

५. अन्यः

(ख) जैविक प्रभावः

१. जनसंख्याः

२. वनस्पति तथा जीवजन्तुः

३. प्राकृतिक वासस्थान र समुदायः

(ग) भौतिक प्रभावः

१. जमिनः

२. वायुमण्डलः

३. पानीः

४. ध्वनिः

५. मानव निर्मित वस्तुः

६. अन्यः

(५) प्रभाव कार्यान्वयनका विकल्पः-

१. डिजाइनः

२. आयोजना स्थलः

३. प्रक्रिया, समय-तालिकाः

४. प्रयोग हुने कच्चा पदार्थः

५. अन्य कुराः

(६) वातावरणीय व्यवस्थापन योजनाको खाकाः

(७) अन्य आवश्यक कुराः

(८) प्रतिवेदनमा समावेश हुने वातावरणीय योजनाको खाका देहाय बमोजिम हुनेछः

| विषयगत क्षेत्र | सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | | |
| अन्य | | | | | | | | |

| विषयगत क्षेत्र | नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | | |
| अन्य | | | | | | | | |

**द्रष्टव्य:** (१) वातावरणीय व्यवस्थापन योजनाको प्रस्ताव आयोजनाको निर्माण तथा सञ्चालन चरणका लागि अलग अलग रूपमा उल्लेख गर्नु पर्नेछ।

(२) प्रतिवेदन तयार गर्दा आवश्यकता अनुसार तथ्याङ्क, नक्शा, चित्र, तालिका, चार्ट, ग्राफ आदि संलग्न गर्नु पर्नेछ।

(३) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन नेपाली भाषाको युनिकोडमा फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ। प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवै तर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ।

(४) विदेशी लगानी भएका प्रस्तावको प्रस्तावकले अङ्ग्रेजी भाषामा तयार गर्ने प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन Times New Roman फण्टको फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ। प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ।

## अनुसूची- ६

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

### वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको ढाँचा

प्रस्तावको शीर्षक, प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना (प्रतिवेदनको शुरुमा नै उक्त प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना, टेलिफोन, फ्याक्स र इमेल आदि सहीत) उल्लेख गरी प्रतिवेदनको शुरु पृष्ठमा निम्न ढाँचामा प्रस्तुत गर्न सकिनेछ।

.......... (प्रस्तावको नाम) .............. को

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

.......................................................

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

मार्फतः

सम्बन्धित निकायको नाम र ठेगानाः

प्रतिवेदन पेश गर्ने निकायको नाम र ठेगानाः

................ (महिना, वर्ष)...........

प्रतिवेदनको कार्यकारी सारांशः वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका हरेक अध्यायका मुख्य मुख्य कुरा समावेश गरी मुख्य पाठको यथेष्ट जानकारी दिने गरी सरल भाषामा प्रतिवेदनको पूर्ण पाठको सारांश नेपाली र अङ्ग्रेजी भाषामा एकरूपता हुने गरी लेख्नु पर्नेछ। (बढीमा ५ पृष्ठसम्म)

प्रतिवेदनमा प्रयोग गरिएका छोटकरी शब्द (Acronyms and Abbreviations): प्रतिवेदनमा प्रयोग भएका छोटो रूपका शब्द र तिनको पूर्णरूप यहाँ लेख्नु पर्नेछ। (पृष्ठ आवश्यकता अनुसार)

विषय सूचीः प्रतिवेदनमा उल्लेख गरिए अनुसारका अध्याय र ती अध्याय अन्तर्गतका शीर्षक तथा उपशीर्षक पृष्ठ सङ्ख्यासहीत लेख्नु पर्नेछ। यसो गर्दा प्रतिवेदन पढ्ने जो कोहीले पनि प्रतिवेदनको पूर्ण पाठले समावेश गरेका कुरा एक साथ सजिलै हेर्न सक्नेछ। (पृष्ठ आवश्यकता अनुसार)

परिच्छेद- १ (बढीमा २ पृष्ठ)

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

(क) प्रस्तावकको पूरा नाम,ठेगाना, इमेल र फोन नं. सहीतः

(ख) परामर्शदाताको पूरा नाम, ठेगाना, इमेल र फोन नं. सहीत (परामर्शदाता नियुक्त गरिएको अवस्थामा मात्र लागू हुने):

(ग) वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्यः

(घ) वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्यः (आधा पृष्ठ)

(ङ) अध्ययनको सीमा तथा सम्बन्धित अन्य कुराः आयोजनाको तहमा गरिने स्थान विशेषको अध्ययन भएको र कुनै पनि आयोजनाको क्षेत्र सीमित हुने भएकाले यस प्रकारको अध्ययनको सीमितता हुन्छ।

परिच्छेद- २ (बढीमा ७ पृष्ठ)

२. प्रस्तावको परिचयः प्रतिवेदनको पहिलो अध्यायको रूपमा प्रस्तावसँग सम्बन्धित र स्थलगत रूपमा जानकारी दिने विविध प्रकारका सूचना समावेश गरी देहायका शीर्षक र उपशीर्षक अन्तर्गत रही यो अध्याय तयार गर्न सकिनेछः-

(क) भूमिकाः भूमिका विषय प्रवेश भएकाले प्रस्तावको बारेमा स्पष्ट जानकारी हुने गरी यस प्रकारको प्रस्तावको पृष्ठभूमि लगायत प्रस्ताव कार्यान्वयनको उद्देश्य, आवश्यकता तथा औचित्यता आदि कुरालाई यस उप-शीर्षक अन्तर्गत उल्लेख गर्नु पर्नेछ।

(ख) प्रस्तावको विवरणः आयोजना (प्रस्ताव) को अवस्थिति, पहुँच, प्रस्तावका संरचनागत अवयव, निर्माण तथा सञ्चालन चरणका क्रियाकलाप, आयोजनाका लागि आवश्यक निर्माण सामग्री, ऊर्जा इन्धन आपूर्ति, कच्चा पदार्थ, जनशक्ति, जग्गा, निर्माण तालिका र आयोजनाका सहायक संरचना जस्तै निर्माण शिविर आदि।

(ग) प्रस्तावको उद्देश्यः

परिच्छेद- ३ (बढीमा ५ पृष्ठ)

३. प्रतिवेदन तयार गर्दा अपनाइएको विधिः प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत अध्ययन गर्दा वा अन्य सन्दर्भ सामग्री सङ्कलन/अध्ययन गर्दा कुन-कुन तरीका अपनाइ वातावरणका विविध पक्षमा (भौतिक, रासायनिक, भौगोलिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक) तथ्याङ्क सङ्कलन गरिएको हो, सबै विधि निम्नानुसार वर्गीकरण गरी प्रस्तुत प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछः-

(क) सम्बन्धित प्रकाशित वा अप्रकाशित सामग्री/प्रतिवेदनको पुनरावलोकनः

(ख) प्रस्तावको प्रभाव क्षेत्र निर्धारण (प्रत्यक्ष र अप्रत्यक्ष):

(ग) प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको नक्शाको अध्ययन तथा विश्लेषणः

(घ) चेकलिष्ट/म्याट्रिक्स तथा प्रश्नावलीको निर्माण गरी आवश्यक तथ्याङ्क सङ्कलनः

(ङ) स्थलगत अध्ययनः आयोजना क्षेत्रको अवलोकन तथा फोटो खिच्ने, नमूना सङ्कलन गर्ने, चेकलिष्ट तथा प्रश्नावली भर्ने आदि,

(च) सङ्कलित नमूना (माटो, पानी आदि) को प्रयोगशालामा विश्लेषण:

(छ) प्राप्त तथ्याङ्कको विश्लेषणः

(ज) प्रभावको पहिचान, आकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन गर्दा अपनाइएको विधिः

(झ) मस्यौदा प्रतिवेदनको तयारीः

(ञ) सार्वजनिक परामर्श, छलफल, अन्तरक्रिया र सुनुवाई आदिः

(ट) सार्वजनिक सूचना तथा सूचना सम्प्रेषण र सुझाव सङ्कलनः

(ठ) सुझाव समावेश गरी अन्तिम प्रतिवेदनको तयारीः

परिच्छेद- ४ (बढीमा ५ पृष्ठ)

४. प्रस्तावसँग सम्बन्धित नीति, कानून तथा मापदण्डः प्रस्ताव/आयोजना कार्यान्वयन गर्दा आकर्षित हुने वा हुन सक्ने संविधान, नीति, कार्यनीति, गुरुयोजना/आवधिक योजना, ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता पुनरावलोकन गरी

उल्लेख गर्नु पर्नेछ। प्रस्तावको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत हुँदा उक्त कार्यसूचीमा कानूनी संरचना उल्लेख हुने हुनाले तिनलाई निम्नानुसार वर्गीकरण गरी विश्लेषण गर्न सकिनेछः-

(क) आवधिक योजना, नीति तथा रणनीति/कार्यनीतिः नेपाल सरकारले तय गरेका सम्बन्धित क्षेत्रका नीति तथा रणनीति र कार्यान्वयन हुने प्रस्तावसँग यस्ता नीति तथा रणनीतिको सम्बन्ध (सकारात्मक वा नकारात्मक) स्पष्ट खुलाउनु पर्नेछ।

(ख) ऐन तथा नियमावलीः कुनै पनि क्षेत्रको प्रस्तावसँग प्रत्यक्ष सरोकार राख्ने वातावरणसँग सम्बन्धित राष्ट्रिय कानून र नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय कानून आकर्षित हुने भए त्यस्ता कानून कुन हदसम्म आकर्षित हुनेछन् भनी प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ। साथै प्रस्तावको कार्यान्वयनमा यस्ता कानून बाधक हुने वा नहुने तथा प्रस्ताव कार्यान्वयन हुन सक्ने वा नसक्ने बारेमा स्पष्ट खुलाउनु पर्नेछ।

(ग) मापदण्ड, निर्देशिका, कार्यविधि तथा दिग्दर्शनः कुनै पनि क्षेत्रको प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौतिक-रासायनिक वातावरण (जस्तैः- पानी, हावा, ध्वनि आदि) सँग सम्बन्धित मापदण्ड प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ताकी प्रस्ताव कार्यान्वयन अघि र कार्यान्वयन निर्माण तथा सञ्चालन को क्रममा वातावरणका यी अवयवको गुणमा हुन सक्ने परिवर्तन तथा तिनको न्यूनीकरणको उपाय शुरुमै चयन गर्न सकिनेछ। प्रस्तावसँग सम्बन्धित निर्देशिका तथा दिग्दर्शन पनि पर्याप्त मात्रामा पुनरावलोकन गरी प्रतिवेदनमा प्रस्तुत गर्नु पर्नेछ। यस्तो पुनरावलोकनले प्रतिवेदन तयार गर्न मार्गदर्शन पनि गर्नेछ।

(घ) अन्तर्राष्ट्रिय सन्धि सम्झौताः

संविधान, नीति, रणनीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, अन्तराष्ट्रिय सन्धि सम्झौताको विवरण उल्लेख गर्दा देहायको ढाँचामा उल्लेख गर्नु पर्नेछः-

| | प्रस्तावको कार्यान्वयन गर्दा आकर्षित हुने दफा/ नियम/ खण्ड आदि र सम्बन्धित बुँदा |
|---|---|
| नीति | |
| रणनीति | |
| ऐन | |
| नियमावली | |
| निर्देशिका | |
| कार्यविधि | |
| मापदण्ड | |
| महासन्धि / अभिसन्धि | |

परिच्छेद- ५ (बढीमा २० पृष्ठ)

५. विद्यमान वातावरणीय अवस्थाः कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा आयोजना प्रभावित क्षेत्रको वातावरणका अवयव (भौतिक, रासायनिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण) मा प्रभाव पर्न सक्ने भएको हुँदा आयोजना प्रभावित क्षेत्रको विद्यमान वातावरणीय अवस्था स्पष्ट हुने आधार र परिमाणात्मक तथ्याङ्क सङ्कलन गरी प्रस्तुत गर्नु पर्नेछ। यस अन्तर्गत प्रभावित जिल्ला (आवश्यकता अनुसार), नगरपालिका/गाउँपालिका, वडा र आयोजना प्रभावित स्थलको तथ्याङ्क सङ्कलन गर्नु पर्नेछ।

५.१ भौतिक वातावरणः क्षेत्र निर्धारण प्रतिवेदनको विद्यमान वातावरणीय अवस्थाको ढाँचाको तालिकामा उल्लिखित भौतिक वातावरणका विवरणको तथ्याङ्क सङ्कलन गरी विस्तृत रूपमा व्याख्या गर्नु पर्नेछः-

(क) भू-उपयोग

| भू-उपयोगको किसिम | ओगटेको क्षेत्र | ओगटेको क्षेत्र प्रतिशतमा |
|---|---|---|
| | | |
| | | |
| | | |

(ख) भूगर्भ

| आयोजनाको क्षेत्र | विद्यमान भौगर्भिक जोखिम | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |

(ग) जल तथा मौसम

| विवरण | परिमाण र एकाइ | कैफियत |
|---|---|---|
| औसत वायु तापक्रम | | |
| वार्षिक औसत अधिकतम तापक्रम | | |
| वार्षिक औसत न्यूनतम तापक्रम | | |
| औसत वर्षा | | |
| आयोजना क्षेत्रका मुख्य नदी | | |
| औसत बहाव | | |
| अधिकतम बहाव | | |
| आयोजना क्षेत्रको हावापानी | | |

(घ) वायु, जल तथा ध्वनिको गुण

| विवरण | सूचक | आधारभूत मान | |
|---|---|---|---|
| वायुको अवस्था | पि एम १० | | |
| | पि एम २.५ | | |
| | कार्बन मोनोअक्साइड | | |
| | TSP | | |
| | हावाको गति | | |
| | हावाको दिशा | | |
| पिउने पानीको अवस्था | टि एस एस | | |
| | घुलित अक्सिजन | | |
| | कन्डक्टिभिटी | | |
| | कुल नाइट्रेट | | |
| | PH | | |
| | ई. कोली | | |
| | आर्सेनिक | | |
| पानीको अवस्था | टि एस एस | | |
| | घुलित अक्सिजन | | |
| | कन्डक्टिभिटी | | |
| | कुल नाइट्रेट | | |
| ध्वनिको अवस्था | Equivalent Noise Level | दिउँसो | राती |
| | | | |
| | | | |

**<u>द्रष्टव्य</u>:** जलविद्युत उत्पादन आयोजनाको प्रभावित क्षेत्र यकिन गर्दा मुख्य संरचना क्षेत्र पहुँच सडक र राष्ट्रिय प्रशारण लाइनमा जोड्दासम्मको प्रसारण लाइनले प्रभाव पार्ने क्षेत्रलाई समग्र प्रभावित क्षेत्र मानी प्रभावित क्षेत्र यकिन गर्नु पर्नेछ।

५.२ जैविक वातावरण

(क) आयोजना क्षेत्रको वन सम्पदाको सूची

| वनको नाम | वनको किसिम | आयोजना क्षेत्रबाट दूरी |
|---|---|---|
| | | |
| | | |

(ख) वनस्पतिको सूची

| स्थानीय नाम | वैज्ञानिक नाम | परिवार | CITES | IUCN | नेपाल सरकार |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(ग) प्रमुख गैऱ्हकाष्ठ वनस्पति

| स्थानीय नाम | वैज्ञानिक नाम | उपयोग |
|---|---|---|
| | | |
| | | |
| | | |

(घ) वन्यजन्तुको सूची

| स्थानीय नाम | वैज्ञानिक नाम | परिवार | CITES | IUCN | नेपाल सरकार |
|---|---|---|---|---|---|
| स्तनधारी | | | | | |
| | | | | | |
| चराचुरुङ्गी | | | | | |
| | | | | | |
| सरीसृप | | | | | |
| | | | | | |
| माछा | | | | | |
| | | | | | |

५.३ सामाजिक-आर्थिक र सांस्कृतिक वातावरण

| | |
|---|---|
| वस्तीको नाम | |
| आयोजना स्थल सँगको दूरी | |
| स्थानीय तह र वडा | |
| जम्मा घरधुरी | |
| औसत घरधुरी सङ्ख्या | |
| महिला पुरुष अनुपात | |
| जाति र धार्मिक सम्प्रदाय | |
| धार्मिक स्थल | |
| सांस्कृतिक रीतिरीवाज | |
| शैक्षिक स्तर (प्रतिशत)<br>एस. ई. ई. वा सो सरह<br>दशजोड दुई वा सो सरह<br>स्नातक<br>स्नातकोत्तर | |
| शैक्षिक संस्था<br>आधारभूत<br>माध्यमिक<br>उच्च माध्यमिक<br>कलेज तथा विश्वविद्यालय | |
| स्वास्थ्य र सफाइको अवस्था<br>स्थानीय रूपमा देखिने रोग<br>स्वास्थ्य संस्था | |

| | |
|---|---|
| रोजगारी (प्रतिशत) तथा आयस्तर | |
| सीमान्तकृत समूह | |
| उद्योग र यसका किसिम | |
| पूर्वाधार | |
| सडक र यसका किसिम | |
| जग्गा जमिनको मूल्य | |
| सार्वजनिक सुविधा | |
| बसाइँ सराईको स्थिति | |
| बजार र यसको स्थिति | |
| सम्भाव्य विकास केन्द्र | |
| धार्मिक स्थल | |
| भौतिक र जैविक वातावरण सम्बन्धी फिल्ड सर्भे (कम्तीमा Seasons समावेश भएको) | |

परिच्छेद- ६ (बढीमा १५ पृष्ठ)

६. प्रस्तावको विकल्प विश्लेषणः वातावरणीय मूल्याङ्कन प्रक्रियाले प्रस्तावको विकल्पको खोजी गर्ने भएकोले प्रस्तावको कार्यान्वयन बाहेक अरु विकल्प नै नभएको स्थितिमा पनि प्रस्ताव कार्यान्वयन गर्ने अवधारणाभित्र रही विकल्पको अध्ययन गरी प्रस्ताव गर्नु पर्नेछ र प्रस्तावित विकल्पको कार्यान्वयनबाट वातावरणमा पर्ने अनुकूल र प्रतिकूल प्रभावको तुलनात्मक आकलन गर्नु पर्नेछ।

| विकल्प | अनुकूल वातावरणीय प्रभाव | प्रतिकूल वातावरणीय प्रभाव |
|---|---|---|
| विकल्प १ | | |
| डिजाइन | | |
| आयोजना स्थल | | |
| भू-बनौट | | |

| | | |
|---|---|---|
| अपनाइने प्रविधि | | |
| सञ्चालन विधि | | |
| समय तालिका | | |
| कच्चा पदार्थ | | |
| वन तथा सरकारी जग्गाको प्रयोग | | |
| प्रतिकूल असर | | |
| विकल्प २ | | |
| डिजाइन | | |
| आयोजना स्थल | | |
| भू-बनौट | | |
| अपनाइने प्रविधि | | |
| सञ्चालन विधि | | |
| समय तालिका | | |
| कच्चा पदार्थ | | |
| वन तथा सरकारी जग्गाको प्रयोग | | |
| प्रतिकूल असर | | |
| विकल्प ३ | | |
| डिजाइन | | |
| आयोजना स्थल | | |
| भू-बनौट | | |
| अपनाइने प्रविधि | | |
| सञ्चालन विधि | | |
| समय तालिका | | |
| कच्चा पदार्थ | | |
| वन तथा सरकारी जग्गाको प्रयोग | | |
| प्रतिकूल असर | | |

## परिच्छेद- ७ (बढीमा २० पृष्ठ)

७. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा संरक्षणका उपायः प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावलाई निम्नानुसार वर्गीकरण गरी प्रभावको पहिचान, आकलन तथा तिनको संरक्षणको उपाय स्पष्ट प्रस्तुत गर्नु पर्नेछः-

<u>प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव</u>

भौतिक प्रभाव

| | पर्ने प्रभाव | तह निर्धारण परिमाण, सीमा, समयावधि, प्रत्यक्ष, अप्रत्यक्ष (reversible/irreversible) |
|---|---|---|
| १. जमिन | | |
| २. वायुमण्डल | | |
| ३. पानी | | |
| ४. ध्वनि | | |
| ५. मानव निर्मित वस्तु | | |
| ६. अन्य | | |

जैविक प्रभाव

| | | |
|---|---|---|
| १. वन/जङ्गलको क्षय | | |
| २. वनस्पति | | |
| ३. जीवजन्तु | | |
| ४. प्राकृतिक बासस्थान | | |

सामाजिक-आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने प्रभाव

| | | |
|---|---|---|
| १. जनसङ्ख्या | | |
| २. समुदाय | | |
| ३. खेतीयोग्य जमिनको क्षय | | |
| ४. मानव स्वास्थ्यमा पर्ने प्रभाव | | |
| ५. सामाजिक मूल्य मान्यतामा हुने परिवर्तन | | |

| | | |
|---|---|---|
| ६. आर्थिक प्रभाव | | |
| ७. धार्मिक र सांस्कृतिक प्रभाव | | |
| ८. अन्य | | |

यसरी प्रस्तुत गर्दा प्रतिकूल प्रभावको साथै अनुकूल प्रभावलाई पनि उल्लेख गर्नु पर्नेछ र प्रतिकूल प्रभावलाई न्यून गर्ने तर्फ बढी ध्यान दिनु पर्नेछ। यसरी प्रतिकूल तथा अनुकूल प्रभावको मूल्याङ्कन गर्दा प्रस्तावको कार्यान्वयन गर्दा हुन सक्ने फाइदा बेफाइदा बारे अधिकतम जानकारी प्राप्त हुनेछ। स्वीकृत कार्यसूचीको आधारमा अध्ययन गरिएको विद्यमान वातावरणीय अवस्थामा प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने प्रभावको अवधि, प्रकार र संवेदनशीलता सही रूपमा प्रस्तुत गर्नु पर्नेछ। यसै गरी प्रत्यक्ष वा अप्रत्यक्ष, संरक्षण, उपायबाट हटाउन वा घटाउन सकिने वा नसकिने खालका प्रभाव पहिचान तथा आकलन गरी प्रतिवेदनमा यस्ता प्रभावको उल्लेखनीयता स्पष्ट उल्लेख गर्नु पर्नेछ।

<u>परिच्छेद- ८</u> (बढीमा १५ पृष्ठ)

८. <u>अनुकूल प्रभाव अधिकतम अभिवृद्धि गर्ने तथा प्रतिकूल प्रभाव न्यून गर्ने उपाय</u>ः कुनै पनि प्रस्तावमा सकारात्मक तथा अनुकूल प्रभावलाई अधिकतम गर्न कस्ता वातावरण संरक्षणका कार्य अवलम्बन गर्नु पर्नेछ। ती अधिकतम गर्ने उपाय प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।

८.१ कुनै पनि क्षेत्रको प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई हटाउने वा न्यून गर्ने विषयलाई विशेष ध्यान दिनु पर्ने भएकाले पहिचान तथा आकलन गरिएका प्रतिकूल प्रभावलाई प्रतिवेदनमा छोटकरीमा तर प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ। उल्लेख्य प्रतिकूल प्रभावलाई हटाउने वा न्यून गर्ने उपायलाई ३ प्रकार (क्षतिपूर्ति, सुधारात्मक वा प्रतिरोधात्मक) ले वर्गीकरण गरी उल्लेख गर्नु पर्नेछ। न्यूनीकरणका उपाय भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणका क्षेत्रमा प्रस्तावको निर्माण तथा सञ्चालन अवस्थाको लागि भनी वर्गीकरण गरी न्यूनीकरणका लागि जिम्मेवारी समेत किटान गरी प्रतिवेदनमा म्याट्रिक्समा प्रस्तुत गर्न सकिनेछ।

८.२ उल्लेख्य प्रतिकूल प्रभावलाई हटाउने वा न्यून गर्ने उपायलाई ३ प्रकारले वर्गीकरण गर्न सकिनेछः

(क) क्षतिपूर्तिका उपायको अवलम्बन (Compensatory Measures): कम गर्न वा हटाउन नसकिने खालका प्रतिकूल प्रभावको क्षतिपूर्तिका उपायमा विशेष गरी देहायका क्रियाकलाप समावेश हुनु पर्नेछः

(१) क्षतिग्रस्त प्राकृतिक स्रोतको पुर्नस्थापना,

(२) हटाइने बस्तीको पुनर्बास,

(३) प्रभावित व्यक्तिलाई क्षतिपूर्ति।

(ख) सुधारात्मक उपायको अवलम्बन (Corrective measure): प्रतिकूल प्रभावलाई कम गरेर स्वीकारयोग्य तहसम्म ल्याउनका लागि सुधारात्मक उपाय प्रयोग गर्नु पर्नेछ। प्रस्ताव कार्यान्वयन गर्दा अपनाउनु पर्ने सुधारात्मक उपाय देहाय बमोजिम छन्:-

(१) प्रदूषण नियन्त्रण उपकरणको जडान,

(२) प्रदूषित पानी उपचार गर्ने संयन्त्रको निर्माण,

(३) बाँध तथा तटबन्धमा माछा आवातजावत गर्न सक्ने बाटो (Fish ladder) को निर्माण।

(ग) प्रतिरोधात्मक उपायको अवलम्बन (Preventive measures): निम्नलिखित प्रतिरोधात्मक उपायको अवलम्बनद्वारा केही गम्भीर खालका प्रभावलाई त्यस्ता प्रभाव देखा पर्न थाल्नु अगाडि नै कम गर्न वा निर्मूल गर्न सकिन्छः-

(१) स्वास्थ्य शिक्षा कार्यक्रमको कार्यान्वयन,

(२) जनचेतना कार्यक्रमको थालनी,

(३) सामाजिक सहयोग अभिवृद्धिकरणका उपाय।

माथि उल्लेख भए बमोजिमका संरक्षणका उपाय भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरणका क्षेत्रमा प्रस्तावको निर्माण तथा सञ्चालन अवस्थाको लागि भनी वर्गीकरण गर्नु पर्नेछ। यसो गर्दा प्रस्तावको कुन कुन अवस्थामा यी उपाय अवलम्बन गरिनु पर्ने हो भन्ने कुरा सजिलोसँग थाहा पाउन सकिन्छ। यी संरक्षणका उपायलाई कार्यान्वयन गर्ने (प्रस्तावक) को जिम्मेवारी समेत किटान गरी प्रतिवेदनमा निम्नानुसारको म्याट्रिक्समा प्रस्तुत गर्न सकिनेछ।

<u>तालिकाः</u> वातावरणीय प्रभावका तह निर्धारण र न्यूनीकरणका उपाय (प्रस्तावबाट वातावरणमा पर्न सक्ने प्रभावको परिमाण, सीमा र समयावधि (उच्च/वृहत-६०; मध्यम-२०; निम्न-१०), सीमा (क्षेत्रीय-६०; स्थानीय-२०; स्थलगत-१०) र अवधि (दीर्घकालीन-२०; मध्यम-१०; अल्पकालीन-५) किटान गर्नु पर्नेछ।)

| प्रस्तावका कार्य | वातावरणीय प्रभाव | प्रभावको तह निर्धारण | | | | | | | | न्यूनीकरणका उपाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रत्यक्ष | अप्रत्यक्ष | अनुकूल | प्रतिकूल | परिमाण | सीमा | अवधि | जम्मा | |
| निर्माण अवधि | | | | | | | | | | |
| भौतिक वातावरण | | | | | | | | | | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| जैविक वातावरण | | | | | | | | | | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण | | | | | | | | | | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| सञ्चालन अवधि | | | | | | | | | | |
| भौतिक वातावरण | | | | | | | | | | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| जैविक वातावरण | | | | | | | | | | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरण | | | | | | | | | | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |

प्रतिकूल प्रभावको स्तर अनुसार तय गरिएको अङ्कमान जोडी हरेक प्रभावको कुल अङ्कमान लेख्नु पर्नेछ।

<u>तालिकाः</u> अनुकूल प्रभाव अधिकतम तथा प्रतिकूल प्रभाव न्यूनतम गर्ने उपायको कार्यान्वयन तथा लाग्ने अनुमानित रकम र कार्यान्वयनको जिम्मेवारी

| वातावरण संरक्षणका उपाय | कार्यान्वयन हुने स्थान | कार्यान्वयन हुने समय | अनुमानित रकम | कार्यान्वयनको जिम्मेवारी |
|---|---|---|---|---|
| अनुकूल प्रभाव | | | | |
| १. | | | | |
| २. | | | | |
| प्रतिकूल प्रभाव | | | | |
| १. | | | | |
| २. | | | | |

परिच्छेद- ९ (बढीमा ५ पृष्ठ)

कुनै पनि प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रभावको वातावरणीय अनुगमन निम्न उद्देश्य प्राप्तिका लागि गरिन्छः-

(क) कानूनले तोकेका सीमाभन्दा बढी मात्रामा प्रभाव पर्न नदिन,

(ख) वातावरणीय प्रभाव कम गर्न अपानाइएका उपाय वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए अनुसार कार्यान्वयन भएका छन् कि छैनन् भन्ने कुरा जाँच्न,

(ग) सम्भावित वातावरणीय क्षति बारे समयमै सचेत गराउन,

(घ) पहिचान गरिएका तथा आँकलित प्रभाव वास्तविकतासँग कति नजिक छन् भन्ने जानकारी लिन।

९.१ अनुगमनका प्रकारः वातावरणीय प्रभावको अनुगमन देहायको अवस्थामा निम्न प्रकारले गर्नु पर्नेछः-

(क) प्रारम्भिक अवस्थाको अनुगमन (Baseline Monitoring): प्रस्तावित प्रस्तावको निर्माण कार्य शुरु गर्नुभन्दा अगावै निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्षको सर्वेक्षण गर्नु पर्नेछ। यसले गर्दा अनुगमनको सिलसिलामा प्रारम्भिक अवस्थाको तुलनामा वातावरणीय पक्षमा भएको परिवर्तन बारेमा थाहा पाउन सकिन्छ।

(ख) प्रभाव अनुगमन (Impact Monitoring): प्रस्ताव कार्यान्वयनबाट भएका वातावरणीय परिवर्तन पत्ता लगाउन आयोजना निर्माण र सञ्चालनका क्रममा त्यस क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाका सूचकको मूल्याङ्कन गर्नु पर्नेछ।

(ग) नियमपालन अनुगमन (Compliance Monitoring): यस अन्तर्गत प्रस्तावकले वातावरण संरक्षण सम्बन्धी निर्धारित मापदण्डको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सूचक वा प्रदूषणको अवस्था बारेमा आवधिक वा लगातार रूपमा अनुगमन गरी अभिलेख राख्नु पर्नेछ।

९.२ वातावरणीय अनुगमनका सूचक (Indicators): प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको आधारभूत तथ्याङ्क, पहिचान तथा आकलन गरिएका अनुकूल वा प्रतिकूल प्रभाव तथा वातावरण संरक्षणका उपायलाई ध्यान दिइ प्रस्तावकले पालना गर्नु पर्ने र वातावरणीय प्रभावको प्रभावकारिताको अनुगमन गर्न सूचक प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ। जस्तैः कृषि क्षेत्रको प्रस्ताव कार्यान्वयन गर्दा प्रस्तावबाट जैविक विविधता, माटोको गुण, भूक्षयको मात्रा, जनस्वास्थ्य आदिमा प्रभाव पर्न सक्ने हुँदा यस्तो पक्षलाई सम्बोधन गर्ने गरी अनुगमनका सूचक छनौट गरी प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

९.३ अनुगमनको विधिः उल्लिखित अनुगमनका प्रत्येक सूचकलाई कुन विधि/तरीकाबाट अनुगमन गर्ने हो प्रतिवेदनमा खुलाउनु आवश्यक हुनेछ। यस्ता विधि भरपर्दो, सजिलो र आयोजना स्थलमा कार्यरत जनशक्तिले अवलम्बन गर्न सक्ने खालको हुनु पर्नेछ।

९.४ अनुगमनको लागि समय तालिकाः आयोजना निर्माण र सञ्चालनका विभिन्न अवस्थामा अनुगमन गर्नु पर्ने भएकाले सूचकको प्रकृति हेरी वातावरणीय अनुगमन गर्ने समय तालिका प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।

९.५ अनुगमन गर्ने निकायः वातावरणीय अनुगमनको लागि सम्वन्धित निकाय वा मन्त्रालय जिम्मेवार हुनेछ। यस अर्थमा कृषि क्षेत्रसँग सम्वन्धित प्रस्तावको हकमा कृषि हेर्ने मन्त्रालयले अनुगमन गर्नेछ। पूर्वाधार सम्बन्धित हकमा पूर्वाधार हेर्ने मन्त्रालयले गर्नेछ। प्रस्तावक आफैले पनि कुनै न कुनै सूचक अनुगमन गर्न सक्नेछ, जसले गर्दा कुनै प्रतिकूल प्रभावलाई तुरुन्तै हटाउन वा न्यून गर्न सकिनेछ। प्रतिवेदनमा कुन कुन सूचक क-कसले अनुगमन गर्ने भन्ने प्रष्ट खुलाउनु पर्नेछ। साधारण तथा घरीघरी गरिनु पर्ने अनुगमन प्रस्तावकले गरेको खण्डमा प्रभाव न्यूनीकरण छिटो र कम खर्चमा गर्न सकिनेछ। प्रस्तावको अनुगमन गर्ने जिम्मेवारी प्रस्तावकको हुनेछ। तर सो अनुगमनको प्रतिवेदनको सम्बन्धमा सम्बन्धित मन्त्रालयले सुपरिवेक्षण गर्नेछ।

९.६ अनुगमनको लागि अनुमानित रकम (Monitoring Cost): प्रस्ताव कार्यान्वयन र निर्माणको समयमा विभिन्न सूचकको अनुगमन गर्न आवश्यक पर्ने रकम खुलाउनु पर्नेछ र सो रकम प्रस्तावकले मात्रै व्यहोर्ने हो वा अन्य स्रोतबाट पनि व्यहोरिने हो सो समेत उल्लेख गर्नु पर्नेछ।

<u>**तालिकाः**</u> अनुगमन सम्बन्धी विवरणलाई म्याट्रिक्सको रूपमा प्रस्तुत गरिएको छः

| अनुगमनका प्रकार | अनुगमनका सूचक | अनुगमनको विधि | स्थान | समय | अनुमानित रकम | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| प्रारम्भिक अवस्थाको अनुगमन | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| प्रभाव अनुगमन | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| नियमपालन अनुगमन | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |

<u>परिच्छेद- १०</u> (बढीमा ५ पृष्ठ)

१०.१ वातावरणीय परीक्षणः वातावरणीय परीक्षणका किसिम देहाय बमोजिमका हुनेछन्ः-

(क) निर्णय तहको परीक्षण,

(ख) कार्यान्वयन परीक्षण,

(ग) कार्यको प्रभावकारिता परीक्षण,

(घ) आयोजना प्रभाव परीक्षण,

(ङ) आकलन गरिएको प्रविधि परीक्षण,

(च) वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रिया परीक्षण।

१०.२ वातावरणीय परीक्षणमा सामान्यतया तीन पक्ष संलग्न हुने गर्दछन्ः

१. परीक्षक,

२. परीक्षित पक्ष (प्रस्तावसँग सरोकार भएको),

३. तेस्रो पक्ष।

१०.३ स्वेच्छिक वा बाध्यकारी परीक्षणको लागि संलग्न पक्ष वा संस्थाको आधारमा वातावरणीय परीक्षण आन्तरिक वा बाह्य हुन सक्नेछः

१. आन्तरिक परीक्षण,

२. बाह्य परीक्षण,

३. बाध्यकारी परीक्षण,

४. स्वेच्छिक परीक्षण।

१०.४ वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचाः परीक्षणको उद्देश्य र क्षेत्र अनुसार प्रतिवेदनको ढाँचा फरक हुन सक्छ तथापि यसलाई तर्कसँगत रूपमा देहाय अनुसार प्रस्तुत गरिएको छः

| | |
|---|---|
| अध्याय १ | कार्यकारी सारांश |
| अध्याय २ | परीक्षण प्रशासनिक तथा परीक्षण कार्यको विवरण, आयोजना स्थलमा गरिएका अन्तर्वार्ता, परीक्षण गर्ने पक्ष तथा परीक्षणका क्षेत्र र विधि यो अध्ययनमा समावेश गर्नु पर्नेछ। साथै वातावरणीय अनुगमन, परीक्षणसँग सम्बन्धित तथ्याङ्क तथा विवरण पनि समावेश गर्नु पर्नेछ। |
| अध्याय ३ | परीक्षणको पूर्ण विवरण |
| अध्याय ४ | आयोजना सम्बन्धमा पालना गर्नु पर्ने सुझाव तथा सुधारात्मक कार्य |
| अनुसूची | सम्बन्धित तथ्याङ्क र विवरण |
| परीक्षण गर्ने समूहमा समावेश हुनु पर्ने जनशक्ति | |
| प्राविधिक | प्रस्तावसँग विषय मिल्ने विज्ञ |
| | वातावरण विज्ञ |
| | सामाजिक, आर्थिक, सांस्कृतिक विज्ञ |

| | |
|---|---|
| २. | प्रस्तावको क्षेत्र, किसिम र यसले पारेको प्रभावको गाम्भीर्यताको आधारमा थप अन्य विज्ञ |
| वातावरणीय परीक्षणको लागि चेकलिष्ट | |
| **१. भौतिक पक्ष** | |

| क्र.सं. | **विवरण** | आयोजनाको क्रियाकलाप | अनुमान गरिएको प्रभाव | खास प्रभाव | न्यूनीकरणका उपाय | प्रभावकारीता | सूचना | |
|---|---|---|---|---|---|---|---|---|
| १. | वायुको गुण | | | | | | | |
| २. | पानीको गुण | | | | | | | |
| ३. | ध्वनिको मात्रा | | | | | | | |
| ४. | भूउपयोग | | | | | | | |
| ५. | जलस्रोत | | | | | | | |

**२. जैविक पक्ष**

| | **विवरण** | आयोजनाको क्रियाकलाप | अनुमान गरिएको प्रभाव | खास प्रभाव | न्यूनीकरणका उपाय | प्रभावकारीता | सूचना | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | वन जङ्गल | | | | | | | |
| २. | वनस्पति | | | | | | | |
| ३. | जीवजन्तु | | | | | | | |
| ४. | गैरकाष्ठ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | माछा | | | | | | | |
| ६. | दुर्लभर सङ्कटापन्न प्रजाति | | | | | | | |
| ७. | संरक्षण क्षेत्र | | | | | | | |
| **३. सामाजिक, आर्थिक तथा सांस्कृतिक पक्ष** | | | | | | | | |
| **क्र.सं.** | **विवरण** | आयोजनाको क्रियाकलाप | अनुमान गरिएको प्रभाव | खास प्रभाव | न्यूनीकरणका उपाय | प्रभावकारिता | सूचना | तथ्याङ्कको स्रोत |
| १. | शिक्षा | | | | | | | |
| २. | कृषि | | | | | | | |
| ३. | रोजगारी | | | | | | | |
| ४. | बसाइँ सराई | | | | | | | |
| ५. | स्वास्थ्य र सरसफाइ | | | | | | | |
| ६. | वातावरणीय सौन्दर्यता | | | | | | | |
| ७. | लैङ्गिक सवाल | | | | | | | |
| ८. | धार्मिक तथा सांस्कृतिक स्थिति | | | | | | | |
| ९. | सामाजिक स्थिति | | | | | | | |

## परिच्छेद- ११ (बढीमा ३ पृष्ठ)

११. निष्कर्ष तथा प्रतिबद्धताः

११.१ अध्ययनको निष्कर्षः वातावरण संरक्षणका उपाय र वातावरणीय अनुगमनको कार्यान्वयनको पक्षमा प्रस्तावकको प्रतिबद्धता तथा अन्य अध्ययनको आवश्यकता पर्ने नपर्ने आदि प्रष्ट्याई निष्कर्षमा राख्नु उपयुक्त हुनेछ। अध्ययनको निष्कर्ष र पुनरावलोकन समितिको राय सुझाव अनुसार वातावरणीय प्रभाव मूल्याङ्कनमा शर्त समावेश गरिनेछ।

११.२.प्रतिबद्धताः वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्दा प्रस्तावकले परामर्शदाताको सहयोग लिएको र परामर्शदाताले सुझाव दिएको भए पनि प्रतिवेदनमा त्यस्तो सुझाव राखी स्वीकृतिको लागि पेश गर्न मिल्दैन किनकि प्रस्तावकले नै प्रतिवेदन तयार गरी पेश गर्नु पर्दछ। यस खण्डमा प्रस्तावकको प्रतिबद्धता झल्किनु पर्नेछ। प्रस्ताव कार्यान्वयन गर्दा अन्य संस्था वा निकायबाट आवश्यक पर्ने सहयोगलाई उल्लेख गर्न सकिनेछ। प्रस्ताव कार्यान्वयनमा कुनै नीति, कानून वा मापदण्डले बाधा पुर्‍याउने अवस्था आएमा त्यस्ता बाधालाई कसरी फुकाउन सकिन्छ भन्ने बारेमा राय दिन सकिनेछ।

१२. सन्दर्भ सामग्रीः प्रतिवेदन तयार गर्दा उद्धृत गरिएका सन्दर्भ सामग्रीको प्रकाशन सम्बन्धी सूची निम्न लिखित आधारमा बनाउनेः-

(क) लेखक,

(ख) प्रकाशित भएको मिति,

(ग) उद्धृत गरिएका सामग्रीको शीर्षक,

(घ) उद्धृत गरिएका प्रकाशन वा पत्रिकाको नाम,

(ङ) वर्ष, खण्ड, अङ्क आदि (भएको खण्डमा),

(च) पृष्ठ।

ढाँचाः लेखक, प्रकाशित भएको वर्ष ....., उद्धृत गरिएका सामग्रीको शीर्षक ..... उद्धृत गरिएका प्रकाशन वा पत्रिकाको नाम...., वर्ष, खण्ड (अङ्क), पृष्ठ।

१३. अनुसूचीः अनुसूचीमा आवश्यकता अनुसार देहायका कुरा समावेश गर्नु पर्नेछः

(क) भू-बनोट, भौगोलिक स्थिति, भू-उपयोग, भू-क्षमता र अध्ययनसँग सम्बन्धित नक्शा र फोटोग्राफ,

(ख) सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रको हवाई फोटो,

(ग) स्थलगत अनुसन्धानका लागि प्रयोग गरिएका प्रश्नावली वा विषय वस्तुको सूची,

(घ) चार्ट तथा चित्र जस्ता वातावरणीय प्रभाव मूल्याङ्कनसँग सम्बन्धित कुरा,

(ङ) जलवायु तथा हावापानी सम्बन्धी तथ्याङ्क (समयको आधारमा क्रमबद्ध गरी),

(च) प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्याङ्क,

(छ) भौगर्भिक तथा जोखिम मूल्याङ्कन तथ्याङ्क (प्राप्त गर्न सकिने भएमा),

(ज) उपलब्ध हुन सक्ने भएमा आयोजना सञ्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनिको स्तर सम्बन्धी जानकारी,

(झ) वातावरणीय प्रभाव मूल्याङ्कन सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्ध रेखाचित्र,

(ञ) नक्शा, स्लाइड, रेकर्ड तथा भिडियो फिल्म जस्ता सहायक श्रव्य दृश्य सामग्री,

(ट) बाली लगाउने तरीका, पशुपालन, माटोको गुण, रासायनिक मल, प्रयोग गर्ने मात्रा सम्बन्धी तथ्याङ्क,

(ठ) आमन्त्रित व्यक्ति तथा सहभागिताको सूची तथा सम्बन्धित संस्था बीचको छलफल, भेला र बैठकको रेकर्ड तथा छलफल र अनुगमनको छोटो जानकारी,

(ड) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको तयारीमा संलग्न अध्ययन टोलीको व्यक्ति तथा संस्थाको नामावली,

(ढ) अध्ययनको क्रममा सम्पर्क गरिएका व्यक्ति तथा संस्थाको नाम, ठेगाना र टेलिफोन नम्बर,

(ण) प्रस्तावक र अध्ययन टोलीको स्वयम् घोषणापत्र,

(त) अध्ययन सम्बन्धी सार्वजनिक सूचना, मुचुल्का, सिफारिस पत्र, लिखित राय सुझाव, सार्वजनिक परामर्श बैठक र सार्वजनिक सुनुवाईसँग सम्बन्धित कागजपत्र।

१४. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा रहनु पर्ने वातावरणीय व्यवस्थापन योजनाको खाकाः

| **विषयगत क्षेत्र** | **सकारात्मक प्रभावको** | **के के गर्ने** | **कहाँ गर्ने** | **कसरी गर्ने** | **कहिले गर्ने** | **कसले गर्ने** | **अनुमानित जनशक्ति, बजेट, समय** | **अनुगमन तथा मूल्याङ्कन** |
|---|---|---|---|---|---|---|---|---|

| | बढोत्तरीका क्रियाकलाप | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | | |
| अन्य | | | | | | | | |

| विषयगत क्षेत्र | नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| भौतिक क्षेत्र | | | | | | | | |
| जैविक क्षेत्र | | | | | | | | |
| सामाजिक क्षेत्र | | | | | | | | |
| सांस्कृतिक क्षेत्र | | | | | | | | |
| अन्य | | | | | | | | |

यस्तो वातावरणीय व्यवस्थापन योजनाको प्रस्ताव आयोजनाको निर्माण तथा सञ्चालन चरणका लागि अलग अलग रूपमा उल्लेख गर्नु पर्नेछ।

**पुनश्चः**

(१) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन नेपाली भाषाको युनिकोडमा फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ। प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवै तर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ।

(२) विदेशी लगानी भएका प्रस्तावको प्रस्तावकले अङ्ग्रेजी भाषामा तयार गर्ने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन Times New Roman फण्टको फण्ट साइज १२ मा टाइप गरी लेखिएको हुनु पर्नेछ। प्रतिवेदनको प्रत्येक पानाको तलमाथि १-१ इन्च, बायाँ १.२ इन्च र दायाँ १ इन्च खाली राखी पानाका दुवैतर्फ प्रिन्ट गरी स्पाइरल बाइण्डिङ गरेको हुनु पर्नेछ।

## अनुसूची- ७

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूचीको ढाँचा</u>**

(आवरण पृष्ठको ढाँचा)

.................. (प्रस्तावको नाम) ..................

संक्षिप्त वातावरणीय अध्ययनको कार्यसूची

.........................................................

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावकः

. . . . . . . . . . .(प्रस्तावकको नाम र ठेगाना)

. . . . . . . . . (महिना), . . . . . . . . .(वर्ष)

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. प्रस्तावकोः

(क) सामान्य परिचयः

(ख) प्रस्तावको सान्दर्भिकताः

३. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताः

४. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः

(क) सामाजिक-आर्थिकः

(ख) सांस्कृतिकः

(ग) भौतिकः

(घ) रासायनिकः

(ङ) जैविकः

५. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषयः

६. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने विषयः

७. अन्य आवश्यक विषयः

## अनुसूची- ८

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूचीको ढाँचा</u>**

(आवरण पृष्ठको ढाँचा)

.................. (प्रस्तावकको नाम) ..................

प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची

..........................................................

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावकः

. . . . . . . . . .(प्रस्तावकको नाम र ठेगाना)

. . . . . . . . (महिना), . . . . . . . .(वर्ष)

१. प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

२. प्रस्तावकोः

(क) सामान्य परिचयः

(ख) प्रस्तावको सान्दर्भिकताः

३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधिः

४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौताः

५. प्रतिवेदन तयार गर्दा लाग्नेः

(क) समयः

(ख) अनुमानित बजेटः

६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभावः

(क) सामाजिक-आर्थिकः

(ख) सांस्कृतिकः

(ग) भौतिकः

(घ) रासायनिकः

(ङ) जैविकः

७. प्रस्ताव कार्यान्वयनका विकल्पः

(क) डिजाइनः

(ख) आयोजना स्थलः

(ग) प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग हुने कच्चा पदार्थः

(घ) अन्य कुराः

८. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको रोकथामका विषयः

९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने विषयः

१०. अन्य आवश्यक विषयः

## अनुसूची- ९

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण प्रतिवेदनको ढाँचा</u>**

(आवरण पृष्ठको ढाँचा)

प्रस्तावको शीर्षक, प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना (प्रतिवेदनको शुरुमा नै उक्त प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगाना (टेलिफोन, फ्याक्स र इमेल आदि सहीत) उल्लेख गरी प्रतिवेदनको शुरु पृष्ठमा निम्न ढाँचामा प्रस्तुत गर्न सकिने छ)

.......... (प्रस्तावको नाम) ............... को

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको क्षेत्र निर्धारण प्रतिवेदन ..........................................

(प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावक

.......... (प्रस्तावकको नाम र ठेगाना)...........

............ (महिना, वर्ष)..............

प्रस्तावको प्रकृति र त्यससँग सम्बन्धित क्षेत्र हेरी देहायका कुरा स्पष्ट खुलाउनु पर्नेः-

१. परिचयः

(क) भूमिकाः

(ख) प्रस्तावकको परिचयः

(ग) प्रस्तावको परिचयः

(घ) क्षेत्र निर्धारणको उद्देश्यः

(ङ) प्रस्तावको सान्दर्भिकताः

(च) कानूनी औचित्यताः

२. प्रस्तावको बारेमा जानकारीः

(क) प्रस्तावको परिचयः

(ख) अवस्थिति र पहुँचः

(ग) प्रकृति/किसिमः

(घ) संरचनाको जानकारी र अवयवः (प्रष्ट रूपमा स्थलगत अवस्थाको नक्शासँग मेल खाने हिसाबले प्रस्तुत गर्नु पर्ने)

(ङ) प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापः (निर्माण अघि, निर्माणको चरणमा र सञ्चालन तथा मर्मत सम्भारको चरणमा)

(च) निर्माण योजनाः

(छ) जग्गाको क्षेत्रफलः

(ज) जग्गाको प्रकारः

३. प्रस्ताव/आयोजनाको लागि आवश्यकताः

(क) आवश्यक जनशक्ति, निर्माण सामग्री (परिमाण र स्रोत), निर्माण तालिका, प्रयोग हुने ऊर्जाको किसिम (स्रोत, खपत हुने परिमाण), प्रयोग हुने प्रविधि, Associated/Ancillary facilities, प्रस्ताव कार्यान्वयन तालिकाः

(ख) अन्य थप विवरणः

४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका, मापदण्ड, सन्धि, सम्झौताः (प्रस्तावको प्रकृति र त्यससँग सम्बन्धित क्षेत्र हेरी पुनरावलोकन गर्नु पर्ने)

| | **प्रतिवेदन तयार गर्दा पुनरावलोकन गरिने दफा/नियम/खण्ड आदि र सम्बन्धित बुँदा** | |
|---|---|---|
| | **बुँदा** | **सम्बन्धित विवरण** |
| नीति | | |
| ऐन | | |
| नियमावली | | |
| निर्देशिका | | |
| मापदण्ड | | |
| सन्धि सम्झौता | | |

५. क्षेत्र निर्धारण प्रतिवेदन तयार गर्दा अवलम्बन गर्नु पर्ने विधिः

(क) साहित्यिक पुनरावलोकनः

(ख) सूचना प्रकाशनः

(ग) स्थलगत अध्ययनः

(घ) छलफल तथा परामर्शः

(ङ) वातावरणीय सवालको पहिचान तथा प्राथमिकीकरणः यस कार्यको लागि देहायका औजारको प्रयोग गर्न सकिनेछः-

१. चेकलिष्ट,

२. Interaction matrix,

३. Stepped matrix,

४. Network.

## क्षेत्र निर्धारण प्रतिवेदन तयारी

६. विद्यमान वातावरणीय अवस्थाः

प्रस्तावले प्रभाव पार्न सक्ने स्थानको भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वस्तुस्थितिको बारेमा आधारभूत जानकारी (न्यूनतम चेकलिष्टमा भएमा तथ्याङ्क आवश्यक पर्ने)

**तालिकाः** विभिन्न क्षेत्र र आवश्यक आधारभूत तथ्याङ्क वा विवरणका किसिम

| अवयव | आवश्यक विवरण | प्रस्तावका क्षेत्र | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| भौतिक वातावरण | | | | | | |
| भौगोलिक अवस्था, धरातलीय अवस्था र भू-उपयोग | | | | | | |
| जलवायु | वर्षा | | | | | |
| | तापक्रम | | | | | |
| | आद्रता | | | | | |
| | वायुको दिशा | | | | | |
| जल तथा जलाधार क्षेत्र | नदी | | | | | |
| | ताल | | | | | |
| | अन्य जलस्रोत | | | | | |
| | बाढी | | | | | |
| | हिमताल विष्फोटको अवस्था | | | | | |
| भू-गर्भ | चट्टान र माटोको किसिम | | | | | |
| | भूगर्भीय बनौट/संरचना | | | | | |
| | पहिरो, भू-क्षय | | | | | |
| | भुकम्पीय जोखिम | | | | | |
| वायुको गुणस्तर र ध्वनिको स्तर | वायुको गुणस्तर | | | | | |
| | ध्वनिको अवस्था | | | | | |
| पानीको गुणस्तर | सतही पानीको गुणस्तर | | | | | |
| | जमिनमुनीको पानीको गुणस्तर | | | | | |
| जैविक वातावरण | | | | | | |
| वनस्पति | <u>जङ्गलको किसिम</u><br>जलवायुको आधारमा<br>वनस्पतिको आधारमा | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (क) संरक्षणको अवस्था<br>(ख) वन व्यवस्थापनको अवस्था<br>(ग) वनस्पतिका प्रमुख प्रजाति<br>(घ) Ethnobotany का दृष्टिले महत्वपूर्ण प्रजाति<br>जलीय वनस्पति | | | | | |
| प्राणी (जनावर) | वन्यजन्तु | | | | | |
| | चरा | | | | | |
| | सरीसृप | | | | | |
| | जलचर (प्रजाति, विचरणको अवस्था, बासस्थानको अवस्था) | | | | | |
| | वन्यजन्तुको बासस्थानको अवस्था | | | | | |
| माछा जलचर | | | | | | |
| वनस्पति र प्राणीको प्रजातिको अवस्था | | | | | | |
| सामाजिक, आर्थिक तथा सांस्कृतिक | | | | | | |
| जनसाङ्ख्यिक विवरण | जनसङ्ख्या | | | | | |
| | जन्म, मृत्युको अवस्था | | | | | |
| | लैङ्गिक विवरण | | | | | |
| | उमेर समूह | | | | | |
| | जात | | | | | |
| | धर्म | | | | | |
| | पेशा | | | | | |
| | घरधुरी | | | | | |
| | बसाइँ सराई | | | | | |
| शिक्षा | शैक्षिक संस्थाको सङ्ख्या र किसिम | | | | | |
| | साक्षरता दर | | | | | |
| | शैक्षिक स्तर | | | | | |
| स्वास्थ्य र सरसफाइ | स्वास्थ्य स्थिति | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | रोगका प्रकार | | | | | |
| | स्वास्थ्य संस्थाको अवस्था | | | | | |
| | खानेपानीको अवस्था | | | | | |
| | शौचालयको अवस्था | | | | | |
| | फोहरमैला व्यवस्थापनको अवस्था | | | | | |
| भौतिक/ सामुदायिक पूर्वाधार | यातायात पूर्वाधार | | | | | |
| | ऊर्जा आपूर्ति | | | | | |
| | सञ्चार (टेलिफोन, हुलाक, टेलिभिजन, इन्टरनेट सेवा) | | | | | |
| | खानेपानी | | | | | |
| | बजार | | | | | |
| | सिंचाइ प्रणाली | | | | | |
| | उद्योग/कलकारखाना | | | | | |
| आर्थिक | रोजगारी/पेशा/व्यवसाय | | | | | |
| | जग्गाको स्वामित्व | | | | | |
| | कृषि उत्पादन | | | | | |
| | पशुपालन | | | | | |
| | आय आर्जन र खर्च | | | | | |
| | अन्य उत्पादन | | | | | |
| जल उपयोग | कृषि प्रयोजनको लागि जल उपयोग | | | | | |
| | उपल्लो र तल्लो तटीय जल उपयोगको अवस्था | | | | | |
| संस्कृति | ऐतिहासिक र सांस्कृतिक धरोहर | | | | | |
| | सांस्कृतिक महत्वका खुलास्थल | | | | | |
| | धार्मिक स्थल | | | | | |
| | सांस्कृतिक मान्यता, चालचलन र परम्परा | | | | | |
| भाषा | स्थानीय भाषा र बोल्ने समुदाय | | | | | |
| | मातृभाषा बोल्ने समुदाय | | | | | |
| चाडवाड र अन्य प्रथा | प्रमुख चाडवाड र समारोह<br>अन्तिम संस्कार गर्ने स्थल र प्रचलन | | | | | |

७. क्षेत्र निर्धारणको लागि अध्ययनमा संलग्न विज्ञले पहिचान गरेको र सम्बन्धित सरोकारवालाले उठाएका भौतिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक, वातावरणीय सवालको छुट्टाछुट्टै सूची तयार गर्नु पर्नेछ र यसरी छुट्याइएका सूचीबाट औचित्यता र सान्दर्भिकता खुलाई वातावरणीय सवालको प्राथमिकता निर्धारण गरी अन्तिम सूची तयार गर्नु पर्नेछ। यसरी अन्तिम सूची तयार गर्दा सरोकारवालाले उल्लेख गरेका सवालमध्ये कुनै सवाल समावेश नभएमा सो समावेश नहुनुका कारण उल्लेख गर्नु पर्नेछ।

८. सवालको पहिचान देहाय बमोजिम गर्नु पर्नेछः-

(क) सरोकारवालाले पहिचान गरेका सवालः

(ख) अध्ययन टोलीले पहिचान गरेका सवालः

(ग) प्राथमिकीकरण गरिएका सवालः

(घ) प्राथमिकीकरण गरिएका सवाल देहायको तालिका बमोजिम उल्लेख गर्नु पर्नेछः-

| | सकारात्मक सवाल | नकारात्मक सवाल |
|---|---|---|
| निर्माण चरण | | |
| भौतिक | | |
| रासायनिक | | |
| जैविक | | |
| सामाजिक, आर्थिक | | |
| सञ्चालनको चरण | | |
| भौतिक | | |
| रासायनिक | | |
| जैविक | | |
| सामाजिक, आर्थिक | | |
| सांस्कृतिक | | |

## अनुसूची- १०

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूचीको ढाँचा</u>**

(आवरण पृष्ठको ढाँचा)

.................. (प्रस्तावको नाम) ..................

वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूची

...................................................

प्रतिवेदन पेश गरिने निकायको नाम र ठेगानाः

प्रस्तावकः

. . . . . . . . . . . (प्रस्तावकको नाम र ठेगाना)

. . . . . . . . . (महिना), . . . . . . . .(वर्ष)

**<u>परिच्छेद</u>- १**

**<u>पृष्ठभूमि</u>**

१.१ प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगानाः

१.२ भूमिकाः

१.३ प्रस्तावकको नामः

१.४ पत्राचार गर्ने पूर्ण ठेगाना,-

टेलिफोन:

फ्याक्सः

इमेलः

१.५ परामर्शदाता संस्था वा व्यक्ति,-

संस्था वा व्यक्तिको नामः

पत्राचार गर्ने पूर्ण ठेगानाः

टेलिफोनः

फ्याक्सः

इमेलः

१.६ कार्यसूचीको उद्देश्यः

१.७ वातावरणीय प्रभाव मूल्याङ्कनको उद्देश्यः

१.८ वातावरणीय प्रभाव मूल्याङ्कनको औचित्यताः

## <u>परिच्छेद</u>- २

## <u>प्रस्तावको बारेमा जानकारी</u>

२.१ प्रस्तावको सामान्य परिचयः

२.२ प्रस्तावको सान्दर्भिकताः यसमा प्रस्तावको उद्देश्य, आवश्यकता र औचित्यता खुलाउनु पर्नेछ।

२.३ अवस्थिति र पहुँचः

२.४ प्रकृति/किसिमः

२.५ संरचनाको जानकारी (Salient features) र अवयव (Components): प्रष्ट रूपमा स्थलगत अवस्थाको नक्शासँग मिल्ने गरी प्रस्तुत गर्नु पर्ने।

२.६ प्रस्ताव/आयोजना सम्बन्धी क्रियाकलापः निर्माण अघि, निर्माणको चरण र सञ्चालन तथा मर्मत सम्भारको चरण।

२.७ निर्माण योजनाः

२.७.१ आवश्यक जग्गाको क्षेत्रफलः

२.७.२ जग्गाको प्रकारः निजी/सरकारी/वन क्षेत्र आदि

२.८ प्रस्ताव/आयोजनाको लागि आवश्यकताः

२.८.१ आवश्यक जनशक्तिः

२.८.२ निर्माण सामग्री र परिमाण स्रोतः

२.८.३ निर्माण तालिकाः

२.८.४ प्रयोग हुने ऊर्जा किसिम, स्रोत, खपत हुने परिमाणः

२.८.५ प्रयोग हुने प्रविधि Associated/ ancillary facility, प्रस्ताव कार्यान्वयन तालिकाः

२.८.६ अन्य थप विवरणः

<u>परिच्छेद</u>- ३

<u>तथ्याङ्क सङ्कलन</u>

३.१ प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने तथ्याङ्कः

३.१.१ भौतिक तथा रासायनिक वातावरणः

३.१.२ जैविक वातावरणः

३.१.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणः

३.२ तथ्याङ्क सङ्कलन गर्न अपनाइने विधिः

३.२.१ सन्दर्भ सामग्रीको पुनरावलोकनः

(क) भू-बनोट, भौगोलिक स्थिति, भू-उपयोग, भू-क्षमता र अध्ययनसँग सम्बन्धित नक्शा,

(ख) सम्भव भएसम्म प्रस्ताव कार्यान्वयन स्थल तथा त्यस वरिपरिका क्षेत्रको हवाई फोटो,

(ग) प्रस्ताव कार्यान्वयन स्थलका वनस्पति तथा जीवजन्तुको तथ्याङ्क,

(घ) भौगर्भिक तथा जोखिम मूल्याङ्कन तथ्याङ्क (प्राप्त गर्न सकिने भएमा),

(ङ) उपलब्ध हुन सक्ने भएमा आयोजना सञ्चालन गर्नु अघि र पछिका हावा र पानीको गुणस्तर तथा ध्वनिको स्तर सम्बन्धी जानकारी,

(च) वातावरण प्रभाव मूल्याङ्कनसँग सान्दर्भिक म्याट्रिक्स वा क्रमबद्ध रेखा चित्र,

(छ) अध्ययन प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका लिखित सामग्रीको सन्दर्भ सूची

३.२.२ स्थलगत अध्ययनः यस अन्तर्गत भौतिक वातावरण, जैविक वातावरण र सामाजिक, आर्थिक, सांस्कृतिक वातावरणीय अध्ययनका लागि प्रयोग गरिने विधि स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछः

३.२.२.१ भौतिक वातावरणमा अपनाउनु पर्ने विधिः

(क) Walkthrough/Direct Observation,

(ख) हावा, पानी र माटोको नमूना सङ्कलन,

(ग) ध्वनिको तह मापन।

३.२.२.२ जैविक वातावरणमा अपनाउनु पर्ने विधिः

(क) Walkthrough/Direct Observation /Indirect Sign Survey/Camera Trap,

(ख) नमूना सङ्कलन (Sampling),

(ग) तोकिएको मार्गमा हिड्ने/सङ्ख्या निर्धारण पद्धति (Transect Walk/Point Count),

(घ) मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता (Key Informant Interview)।

३.२.२.३ सामाजिक, आर्थिक, सांस्कृतिक वातावरणमा अपनाउनु पर्ने विधिः

(क) Walkthrough/ Direct Observation,

(ख) सरोकारवालासँग छलफल,

(ग) विषयवस्तु तोकिएको समूह छलफल (Focus Group Discussion),

(घ) मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता (Key Informant Interview),

(ङ) सामूहिक छलफल (Group Discussion)।

## परिच्छेद- ४

## प्रतिवेदन तयार गर्दा अध्ययन गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि र अन्तर्राष्ट्रिय सन्धि सम्झौता

४.१ प्रस्तावसँग सम्बन्धित नीति, रणनीतिः

४.२ प्रस्तावसँग सम्बन्धित आवधिक योजनाः

४.३ प्रस्तावसँग सम्बन्धित ऐनः

४.४ प्रस्तावसँग सम्बन्धित नियमावलीः

४.५ प्रस्तावसँग सम्बन्धित निर्देशिका/कार्यविधि/कार्यनीतिः

४.६ प्रस्तावसँग सम्बन्धित वातावरणीय तथा अन्य मापदण्डः

४.७ प्रस्तावसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, सम्झौताः

## परिच्छेद- ५

## अवधि, बजेट तथा जनशक्ति

प्रतिवेदन तयार गर्दा लाग्नेः

५.१ समयः

५.२ अनुमानित बजेटः

५.३ विज्ञ जनशक्तिः अध्ययन दलका सम्पूर्ण सदस्यको नाम,ठेगाना,सम्पर्क नं.

## परिच्छेद- ६

## प्राथमिकीकरण गरिएका सवाल

क्षेत्र निर्धारण प्रतिवेदनमा पहिचान गरी प्राथमिकीकरण गरिएका सवालको सूची राख्नु पर्नेछः

६.१ सरोकारवालाले उठाएका सवालः

६.२ अध्ययन दलले देखेका सवालः

६.३ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्न प्राथमिकीकरण गरिएका सवालः

६.४ सरोकारवालाले उठाएका तर प्राथमिकीकरणमा नपरेका सवाल हटाउनुको औचित्यः

## परिच्छेद- ७

## विश्लेषण

७.१ परिच्छेद- ६ मा उल्लिखित सवालको आधारमा प्रभाव पहिचान, आकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन गर्ने विधि तथा औजारको व्याख्या गर्नु पर्नेछ।

७.२ प्रभाव पहिचान, आकलन, तह निर्धारण र उल्लेखनीयताको मूल्याङ्कन गर्ने क्रममा देहायको तालिका बमोजिम गर्नु पर्नेछः-

| सकारात्मक प्रभाव | |
|---|---|
| (क) निर्माण अघिको चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| (ख) निर्माण चरण | |
| भौतिक | |

| | |
|---|---|
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| (ग) सञ्चालन चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| नकारात्मक प्रभाव | |
| (क) निर्माण अघिको चरण (आवश्यकता अनुसार) | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| (ख) निर्माण चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |
| (ग) सञ्चालन चरण | |
| भौतिक | |
| रासायनिक | |
| जैविक | |
| सामाजिक, आर्थिक | |
| सांस्कृतिक | |

## परिच्छेद- ८
## विकल्प

प्रस्ताव कार्यान्वयनका विकल्पः आयोजना सञ्चालन नै नहुँदाको स्थिति, आयोजनाको प्रकार, वन क्षेत्रको प्रयोग, आयोजनाको डिजाइन, स्थल, प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग गरिने कच्चा पदार्थ, प्रस्ताव कार्यान्वयन गर्दा उत्पन्न हुने जोखिम स्वीकार गर्न सकिने वा नसकिने लगायतका पक्षलाई मनन गरी प्रस्तावको विकल्प विश्लेषण गर्नु पर्नेछ।

## परिच्छेद- ९
## प्रभाव

प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने सकारात्मक प्रभाव बढाउने, नकारात्मक प्रभाव हटाउने उपायः नकारात्मक प्रभाव हटाउने उपाय अवलम्बन गर्दा देहायका तरीका अपनाउनु पर्नेछ भनी उल्लेख गर्नु पर्नेछः-

९.१ निरोधात्मक (Preventive):

९.२ सुधारात्मक (Corrective):

९.३ क्षतिपूर्ति (Compensatory):

## परिच्छेद- १०
## वातावरणीय व्यवस्थापन योजना

यस अन्तर्गत वातावरणीय व्यवस्थापन योजना सम्बन्धी विषय उल्लेख गर्नु पर्नेछ।

## परिच्छेद -११
## अनुगमन योजना

यस अन्तर्गत वातावरणीय अनुगमनको योजना सम्बन्धी विषय उल्लेख गर्नु पर्नेछ।

## परिच्छेद- १२
## वातावरणीय परीक्षण

यस अन्तर्गत वातावरणीय परीक्षण कहिले र कुन निकायले गर्ने भन्ने व्यहोरा उल्लेख गर्नु पर्नेछ।

## परिच्छेद- १३
## अनुसूची

कार्यसूचीको अनुसूचीमा देहाय बमोजिमको विषयवस्तु हुनु पर्नेछः-

१. नक्शा

२. चित्र

३. प्रयोग गरिने चेकलिष्ट

४. प्रश्नावली

५. सूचना

६. सूचना टाँस गरेको प्रमाण, मुचुल्का

द्रष्टव्यः वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको रूपरेखा/विषयसूची प्रतिवेदनको शुरुमा उल्लेख गर्नु पर्नेछ।

## अनुसूची- ११

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचनाको ढाँचा**

...............आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति .............)

...................................प्रदेश...................जिल्ला.........................नगरपालिका/गाउँपालिकामा .....................(प्रस्तावकको नाम उल्लेख गर्ने) ............... द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ..............(नाम), .............(ठेगाना), ..............(इमेल)...........(फोन नं.) |
| प्रस्तावको व्यहोरा | आयोजनाको मुख्य विशेषता उल्लेख गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा. | ........... जिल्ला ........ न.पा/गा.पा...........वडा |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ............................(नाम), ....................(ठेगाना), ............................(इमेल)....................(फोन नं.) |
| परामर्शदाताको नाम र ठेगाना | .............................(नाम), ...................(ठेगाना), .............................(इमेल)...................(फोन नं.) |

## अनुसूची- १२

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचनाको ढाँचा**

........आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मिति .... ...)

........................ प्रदेश............. जिल्ला..........नगरपालिका/गाउँपालिकामा ..................(प्रस्तावकको नाम उल्लेख गर्ने)........................ द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ............................(नाम), ....................(ठेगाना), ...........................(इमेल)................(फोन नं.) |
| प्रस्तावको व्यहोरा | आयोजनाको मुख्य विशेषता उल्लेख गर्ने |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा. | .......... जिल्ला........ न.पा/गा.पा. .........वडा |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ............................(नाम), ....................(ठेगाना), ........................... (इमेल).................... (फोन नं.) |
| परामर्शदाताको नाम र ठेगाना | ............................(नाम), ....................(ठेगाना), ........................... (इमेल).................. (फोन नं.) |

# अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७७

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७७।०४।१३

संवत् २०७७ सालको ऐन नं. ६

**<u>अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>:** अन्य प्रदेशबाट यस प्रदेशमा आइ स्थायी र अस्थायी रूपमा बसोबास गर्ने बासिन्दालाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) "अस्थायी बासिन्दा" भन्नाले स्थायी बासिन्दा बाहेकका बासिन्दालाई सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ग) "बासिन्दा" भन्नाले नेपालभित्र स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने नेपाली नागरिकलाई सम्झनु पर्छ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ङ) "स्थायी बासिन्दा" भन्नाले बागमती प्रदेश अन्तर्गतको कुनै पनि जिल्लाबाट नेपाली नागरिकता प्राप्त गरी यस प्रदेशमा स्थायी बसोबास गरिरहेको व्यक्ति तथा निजको परिवारका सदस्य, अन्य कुनै पनि प्रदेशबाट यस प्रदेशमा स्थायी बसोबास गर्ने गरी बसाइँ सराइ गरी आएको व्यक्ति वा यस प्रदेशमा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट मतदाता परिचयपत्र प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्छ।

३. **बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा**: बासिन्दालाई देहाय बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा प्रदान गरिनेछः-

(क) अन्य प्रदेशबाट यस प्रदेशमा आइ बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्राप्त हुने सबै प्रकारको सुरक्षा प्रदान गरिनेछ।

(ख) अन्य प्रदेशबाट यस प्रदेशमा आइ बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्रदेशका कुनै पनि व्यक्ति, सार्वजनिक वा निजी क्षेत्रबाट भेदभावपूर्ण वा असमान व्यवहार गरिने छैन।

(ग) अन्य प्रदेशबाट यस प्रदेशमा आइ बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम सार्वजनिक वा निजी क्षेत्रबाट प्राप्त हुने सबै प्रकारका सुविधाहरु प्राप्त हुनेछ।

४. **भेदभाव नगरिने**: यस प्रदेशभित्रका र अन्य प्रदेशबाट यस प्रदेशमा आएका बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम बाहेक कुनै किसिमको असमान तथा भेदभावजन्य व्यवहार गरिने छैन।

५. **सजाय**: कसैले दफा ४ को विपरीत कार्य गरेको प्रमाणित भएमा निजलाई दश हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिबाना हुनेछ।

६. **क्षतिपूर्ति सम्बन्धी व्यवस्था**: यस ऐन विपरीतको कार्यबाट कसैलाई कुनै नोक्सानी भएको देखिएमा नोक्सानी पुऱ्याउने पक्षबाट मुनासिब माफिकको क्षतिपूर्तिसमेत पीडित पक्षलाई भराइ दिन सकिनेछ।

७. **हदम्याद**: यस ऐन विपरीतको कार्य भए गरेको मितिले पैंतीस दिनभित्र मुद्दा दायर गरी सक्नु पर्नेछ।

८. **मुद्दा हेर्ने अधिकारी र पुनरावेदन**: (१) दफा ४, ५ र ६ बमोजिमको मुद्दाको कारबाही र किनारा सम्बन्धित जिल्ला अदालतले गर्नेछ।

(२) उपदफा (१) बमोजिम जिल्ला अदालतले गरेको निर्णय चित्त नबुझेमा सो निर्णय उपर पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

९. **विशेष सुविधा सम्बन्धी व्यवस्था**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस प्रदेशमा बसोबास गर्ने कुनै खास जाति, वर्ग, लिङ्ग र समुदाय वा स्थायी बासिन्दालाई संविधान, प्रचलित संघीय एवं प्रदेश कानून बमोजिम थप सेवा सुविधा प्रदान गर्न सक्नेछ।

१०. **नियम बनाउन सक्ने**: यस ऐनको कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ।

# प्रदेश सुशासन ऐन, २०७७

प्रमाणीकरण र प्रकाशन मिति

२०७७।०४।१६

संवत् २०७७ सालको ऐन नं. ८

**प्रदेशभित्र सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना**: प्रदेशको सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सुशासनको प्रत्याभूतिका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "प्रदेश सुशासन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यालय प्रमुख" भन्नाले कुनै सरकारी कार्यालयको प्रमुख भई काम गर्ने पदाधिकारी सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "नगर कार्यपालिका" भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको कार्यपालिका समेत सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा प्रदेशका केन्द्रीय स्तरका कार्यालय समेतलाई जनाउँछ।

(च) "मन्त्री" भन्नाले मुख्यमन्त्री वा मन्त्री सम्झनु पर्छ र सो शब्दले स्वतन्त्र रूपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ।

(छ) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको प्रमुख सचिव र सचिव सरहको कार्य सम्पादन गर्ने अन्य अधिकृत समेतलाई जनाउँछ।

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रशासन सञ्चालन सम्बन्धी प्रावधानहरु

३. **कार्य सम्पादन गर्ने**: प्रदेश सरकारले प्रदेशमा सुशासन कायम गर्नको लागि प्रदेशभर प्रशासनिक कार्य सम्पादन गर्नेछ।

४. **विषयगत मन्त्रालय रहने**: (१) प्रदेश सरकारको कार्य सम्पादन गर्नका लागि आवश्यक सङ्ख्यामा विषयगत मन्त्रालय रहने छन्।

(२) मन्त्रालयको सङ्ख्या, कार्य विभाजन र कार्य सम्पादन प्रदेश सरकारको कार्य विभाजन तथा कार्य सम्पादन नियमावली बमोजिम हुनेछ।

(३) प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायको रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहनेछ।

(४) मन्त्रालय मातहत आवश्यक सङ्ख्यामा निर्देशनालय, कार्यालय तथा निकाय रहन सक्नेछन्।

५. **आवश्यक निकाय गठन गर्न सक्ने**: (१) प्रशासनिक कार्य सम्पादन गर्न मन्त्रालय, निर्देशनालय तथा कार्यालयको अतिरिक्त प्रदेश सरकारले आवश्यकता र औचित्यता अनुसार अन्य सचिवालय, आयोग, बोर्ड, केन्द्र, समिति वा अन्य त्यस्तै निकाय गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएका सचिवालय, आयोग, बोर्ड, केन्द्र, समिति वा अन्य त्यस्तै निकायको काम, कर्तव्य, अधिकार तथा अन्य कार्य क्षेत्रगत शर्तहरु (टर्म्स अफ रेफेरेन्स) प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

६. **प्रशासनिक कार्य सञ्चालनका आधार**: प्रदेशमा सुशासन कायम गर्नका लागि यस ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रशासनिक कार्य सम्पादन गर्दा त्यस्तो कार्य सम्पादन गर्ने पदाधिकारीले संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका कुराहरुको अतिरिक्त देहायका आधारमा कार्य सम्पादन गर्नु पर्नेछः-

(क) राष्ट्र र जनताको वृहत्तर हित,

(ख) समन्याय र समावेशीकरण,

(ग) कानूनको शासन,

(घ) मानव अधिकारको प्रत्याभूति,

(ङ) पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहीता तथा इमानदारीता,

(च) आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन,

(छ) प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता,

(ज) प्रशासनिक संयन्त्र र निर्णयमा सर्वसाधारणको पहुँच,

(झ) जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग।

७. **<u>प्रदेश सरकारले अख्तियार गर्ने नीतिहरुः</u>** (१) संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका नीति एवं समय समयमा अख्तियार गरिएका नीतिका अतिरिक्त प्रदेशको प्रशासनिक कार्य सम्पादन गर्दा प्रदेश सरकारले देहायका नीति अख्तियार गर्नेछः-

(क) सामाजिक न्याय,
(ख) गरिबी निवारण,
(ग) रोजगारी सिर्जना,
(घ) आर्थिक उदारीकरण बजार व्यवस्थापन तथा अनुगमन,
(ङ) प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दिगो तथा कुशल व्यवस्थापन,
(च) महिला सशक्तीकरण तथा लैङ्गिक न्यायको विकास,
(छ) वातावरणीय संरक्षण,
(ज) उपभोक्ताको हकहित संरक्षण,
(झ) जनजाति, दलित तथा आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्गको उत्थान,
(ञ) प्रदेशको सन्तुलित विकास।

(२) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले आफ्नो प्रशासनिक कार्य सम्पादन गर्दा उपदफा (१) मा उल्लिखित प्रदेश सरकारले अख्तियार गरेका नीतिको अधीनमा रही आवश्यक नीतिहरू तय गर्नेछन्।

(३) उपदफा (१) बमोजिम अख्तियार गरेका नीतिलाई कार्यान्वयन गर्न प्रदेश सरकार र उपदफा (२) बमोजिम अख्तियार गरेका नीतिलाई कार्यान्वयन गर्न गाँउ कार्यपालिका वा नगर कार्यपालिकाले समय समयमा आवश्यक कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्नेछन्।

## परिच्छेद- ३

## <u>प्रशासनिक कार्यको सञ्चालन तथा जिम्मेवारी</u>

८. **<u>सुशासन कायम गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेः</u>** प्रदेशमा सुशासन कायम गर्ने र सर्वसाधारणलाई समयमा नै त्यसको प्रतिफल उपलब्ध गराउने उद्देश्यले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रदेश सरकारको प्रशासनिक कार्य छिटोछरितो ढङ्गले सञ्चालन गर्नु, गराउनु सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेछ।

९. **मन्त्रीको जिम्मेवारी**: (१) संविधान तथा अन्य प्रचलित कानूनमा उल्लिखित जिम्मेवारीका साथै आफूले सम्हालेको मन्त्रालयबाट सम्पादन हुने कार्य सम्बन्धी नीतिगत विषय लगायत सम्पूर्ण आवश्यक कार्य समयमा नै सम्पादन गर्ने गराउने समग्र जिम्मेवारी सम्बन्धित मन्त्रीको हुनेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय र अन्तर्गतका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको समयभित्रै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ।

१०. **प्रमुख सचिव तथा निजको जिम्मेवारी**: (१) प्रमुख सचिव प्रदेश सरकारको प्रमुख प्रशासकीय अधिकारी हुनेछ र सोही हैसियतमा निजले आफ्नो जिम्मेवारी बहन गर्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी यस ऐन वा अन्य प्रचलित कानूनमा व्यवस्था भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख सचिवको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्रीको सामान्य सुपरिवेक्षण तथा निर्देशनको अधीनमा रही मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासकीय प्रमुखको रूपमा सो कार्यालयको कार्य सम्पादन गर्ने,

(ख) प्रदेश सरकारको सचिव तथा सो सरहका अधिकृतको सुपरिवेक्षकको हैसियतले निजहरुले सम्पादन गरेका कार्यको सुपरिवेक्षण गर्ने तथा सचिवले सम्पादन गर्नु पर्ने प्रशासनिक कार्यका सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) विभिन्न मन्त्रालय तथा अन्य सम्बद्ध निकायहरुको प्रशासनिक काम कारबाहीको समन्वय गर्ने,

(घ) शासकीय सुधारलाई प्रदेश प्रशासनको अभिन्न अङ्गको रूपमा कार्यान्वयन गर्न वा गराउन विभिन्न मन्त्रालय र अन्य निकाय बीच समन्वय गर्ने,

(ङ) प्रदेश सरकार, मन्त्रिपरिषद्को सचिवको रूपमा काम गर्ने र सोही हैसियतमा मन्त्रिपरिषद्को निर्णय प्रमाणित गर्ने,

(च) प्रदेश सरकार, मन्त्रिपरिषद्का निर्णय कार्यान्वयन गर्न, गराउन सम्बन्धित मन्त्रालयहरुलाई परिचालन गर्ने वा गराउने र ती निर्णय कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने,

(छ) प्रदेशको प्रशासनिक संयन्त्रलाई चुस्त र फुर्तिलो बनाउन प्रदेश सरकारका सचिव तथा अन्य कर्मचारीलाई उत्प्रेरित गर्ने,

(ज) प्रदेश सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउन समय समयमा सचिव बैठक आयोजना गर्ने र सचिव बैठकबाट भएका निर्णय कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने,

(झ) विभिन्न मन्त्रालय तथा मातहतका केन्द्रीय निकायहरुको प्रशासनिक काम कारबाहीको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(ञ) प्रदेश सरकारको निर्णयको लागि सचिवले पेश गरेको प्रस्तावमा आवश्यक कुराहरु पुगे नपुगेको जाँची प्रस्तावलाई प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्ने र अङ्ग नपुगेको पाइएमा सम्बन्धितलाई फिर्ता पठाउने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

११. **सचिवको जिम्मेवारी**: (१) सचिव सम्बन्धित मन्त्रालय तथा निकायको प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र सोही हैसियतमा निजले जिम्मेवारी निर्वाह गर्न आवश्यक कार्य सम्पादन गर्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी यस ऐन वा अन्य प्रचलित कानूनमा व्यवस्था भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारले प्रतिपादन गर्नु पर्ने नीतिका सम्बन्धमा सम्बन्धित मन्त्रीलाई सघाउने,

(ख) सम्बन्धित मन्त्रीको निर्देशन तथा सुपरिवेक्षणको अधीनमा रही आफू बहाल रहेको मन्त्रालयको कार्य सम्पादन गर्ने,

(ग) आफू बहाल रहेको मन्त्रालय वा कार्यालय अन्तर्गतका नीतिगत तथा कानूनी विषयमा कुनै सुधार गर्नु पर्ने भएमा सम्बन्धित मन्त्री समक्ष सोको प्रस्ताव पेश गर्ने,

(घ) आफू बहाल रहेको मन्त्रालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन, कर्मचारी उपर नियन्त्रण तथा सुपरिवेक्षण गर्ने,

(ङ) आफू बहाल रहेको मन्त्रालय अन्तर्गतका निर्देशनालय, कार्यालय वा त्यस्तो मन्त्रालय मातहतका निकायको काम कारबाहीको आवश्यक सुपरिवेक्षण वा नियन्त्रण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(च) प्रदेश सरकारले स्वीकृत गरेका नीति र कार्यक्रम कार्यान्वयन गर्ने,

(छ) आफू बहाल रहेको मन्त्रालय र अन्तर्गतका निकायले प्रत्येक महिना सम्पादन गरेको कामको प्रतिवेदन तोकिए बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष पेश गर्ने,

(ज) मन्त्रालयको वार्षिक कार्यक्रम तर्जुमा गरी मन्त्रीसमक्ष पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका साथै प्रगति समीक्षा गर्ने,

(झ) मन्त्रालयबाट वर्षभरीमा सम्पादन गरिएका प्रमुख काम कारबाहीका बारेमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रीसमक्ष पेश गर्ने,

(ञ) आफू बहाल रहेको मन्त्रालय र सो अन्तर्गतका कार्यालयका आठौं तहसम्मका कर्मचारीको सरुवा वा पदस्थापना गर्ने वा काज खटाउने,

तर एक मन्त्रालय वा अन्तर्गतका निकाय वा कार्यालयमा कार्यरत कर्मचारीलाई अर्को मन्त्रालय अन्तर्गतका निकाय वा कार्यालयमा गरिने सरुवा सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(ट) आफू बहाल रहेको मन्त्रालयसँग सम्बन्धित विषयमा प्रदेश सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णय कार्यान्वयन गर्ने र त्यस्तो निर्णयको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने,

(ठ) सचिव बैठकबाट भएको निर्णय कार्यान्वयन गर्ने,

(ड) मन्त्रालय वा मातहत सञ्चालन भएका आयोजनाको समय समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिने,

(ढ) खण्ड (ड) बमोजिम निरीक्षण गर्दा सञ्चालन भएका आयोजना समयमा पूरा हुन नसकेको पाइएमा वा पूरा भएको आयोजनाको गुणस्तर न्यून देखिएमा त्यसको आवश्यक छानबिन गरी दोषी देखिएका सम्बन्धित प्रमुखलाई आवश्यक कारबाही गर्ने,

(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(३) उपदफा (२) को खण्ड (ञ) बमोजिम भए गरेको कामको जानकारी सचिवले सम्बन्धित मन्त्रीलाई गराउनु पर्नेछ।

(४) उपदफा (२) मा उल्लेख भएका कामका सम्बन्धमा प्रदेश सरकारप्रति सचिव जिम्मेवार रहनेछ र आफू बहाल रहेको मन्त्रालय वा निकायसँग सम्बन्धित प्रदेश सरकारले मागेको कुनै पनि विषयमा अद्यावधिक जानकारी दिने निजको जिम्मेवारी र कर्तव्य हुनेछ।

१२. **कार्यालय प्रमुखको जिम्मेवारीः** प्रचलित कानूनमा उल्लेख भएको काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यालय प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफू बहाल रहेको कार्यालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन तथा सो कार्यालयमा कार्यरत कर्मचारीको सुपरिवेक्षण तथा नियन्त्रण गर्ने,

(ख) आफू बहाल रहेको कार्यालय र अन्तर्गतका कार्यालयका कर्मचारीलाई काज खटाउने,

(ग) आफू बहाल रहेको कार्यालय अन्तर्गत सञ्चालित आयोजनाहरुको काम निश्चित समयभित्र सम्पन्न गर्न लगाउने र यस्ता कार्यको प्रगति प्रतिवेदन सुपरिवेक्षक समक्ष पेश गर्ने,

(घ) आफू बहाल रहेको कार्यालयबाट जनसाधारणलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने,

(ङ) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

१३. **<u>स्थानीय तहको प्रशासनिक कार्य सञ्चालन तथा जिम्मेवारी</u>**: स्थानीय तहले सञ्चालन गर्ने प्रशासनिक कार्य र जिम्मेवारी तथा प्रशासनिक कार्य सम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद- ४

## <u>प्रशासनिक कार्य सम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधि</u>

१४. **<u>निश्चित कार्यविधि अवलम्बन गर्नु पर्ने</u>**: यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानूनमा कुनै कार्यविधिको व्यवस्था भएको रहेछ भने त्यस्तो कार्यविधि र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरी उपयुक्त प्रक्रिया अपनाउनु पर्नेछ।

१५. **<u>निश्चित समयावधिभित्र निर्णय गर्नु पर्ने</u>**: (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानून बमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नु पर्ने रहेछ भने सोही समयावधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहऱ्याएको समयावधिभित्र निर्णय गर्नु पर्नेछ।

(२) आवश्यक तथ्य, सूचना वा प्रमाण उपलब्ध नभएको कारणले उपदफा (१) बमोजिमको अवधिभित्र निर्णय गर्न नसकिने रहेछ भने निर्णय गर्न पाउने अधिकारीले सोको कारण खुलाई निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम कारण खुलाई निर्णय भएकोमा निर्णय गर्न पाउने अधिकारीले सोको जानकारी आफूभन्दा एक तह माथिको पदाधिकारीलाई यथाशिघ्र दिनु पर्नेछ।

१६. **<u>निर्णय गर्दा पारदर्शिता कायम गर्नु पर्ने</u>**: (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट गर्नु पर्नेछ।

**स्पष्टीकरण**: यस ऐनको प्रयोजनको लागि "पारदर्शिता" भन्नाले निश्चित मापदण्डको आधारमा निर्णय गर्नु पर्ने प्रक्रिया सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरालाई प्रतिकूल असर पार्ने छैन।

(२) उपदफा (१) बमोजिम पारदर्शिता कायम गर्न निर्णय गर्ने अधिकारीले निर्णय गर्नु पर्ने विषयमा आफ्ना मातहतका कर्मचारीको राय तथा परामर्शलाई ध्यान दिन सक्नेछ।

(३) निर्णय गर्नु पर्ने विषयको कारबाही एक तहबाट प्रारम्भ भई अर्को तहबाट निर्णय गर्नु पर्ने रहेछ भने प्रत्येक तहमा संलग्न रहने पदाधिकारीले सो विषयमा आफ्नो स्पष्ट राय सहित निर्णय गर्नु पर्ने विषय निर्णय गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निर्णय गर्ने प्रक्रियामा संलग्न रहेका प्रत्येक तहका पदाधिकारीले पेश गरेको रायमा कुनै प्रश्न उठेको देखिएमा निर्णय गर्ने अधिकारीले निर्णय गर्दा त्यस्तो प्रश्नको पनि सम्बोधन गर्नु पर्नेछ।

(५) कुनै निर्णय गर्दा कानूनी वा प्राविधिक प्रश्नको पनि निरूपण गर्नु पर्ने रहेछ र त्यस्तो विषयमा कुनै कानूनविज्ञ वा प्राविधिकको राय लिन निर्णय गर्ने अधिकारीले मनासिब ठानेमा त्यस्तो राय लिन सक्नेछ।

(६) उपदफा (५) बमोजिम राय लिएकोमा त्यस्तो रायलाई समेत आधार मानी निर्णय गर्न सकिनेछ र त्यस्तो रायलाई मान्नु नपर्ने देखेमा सोको कारण खुलाई निर्णय गर्नु पर्नेछ।

(७) पारदर्शिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने**: यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्दा सम्बन्धित पदाधिकारीले गरेको निर्णय कुन कुन कुरामा आधारित छ र त्यस्तो निर्णय किन गर्नु परेको हो सोको स्पष्ट आधार र कारण खुलाई निर्णय गर्नु पर्नेछ।

१८. **स्वार्थ बाझिएमा निर्णय गर्न नहुने**: (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने पदाधिकारीले निर्णय गर्नु पर्ने विषयमा प्रत्यक्ष रूपमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा वा निजले गरेको निर्णयबाट निजको हकमा अपुताली खान पाउने व्यक्ति वा नजिकको अन्य नातेदार प्रत्यक्ष प्रभावित हुने भएमा वा निजको एकासगोलको व्यक्तिले सञ्चालन गरेको व्यापार, व्यवसायमा प्रत्यक्ष फाइदा पुग्ने गरी स्वार्थ बाझिने भएमा त्यस्तो पदाधिकारीले त्यस्तो विषयमा निर्णय गर्न सक्ने छैन।

**स्पष्टीकरण**: यस उपदफाको प्रयोजनको लागि निर्णय गर्न पाउने पदाधिकारीले वृहत् सार्वजनिक हितको लागि गरेको निर्णयलाई स्वार्थ बाझिएको मानिने छैन।

(२) उपदफा (१) बमोजिमको अवस्था परी निर्णय गर्ने अधिकारीले निर्णय गर्न नहुने भएमा सोको कारण खुलाई आफू सरहको पदाधिकारी सोही कार्यालयमा भएमा

निजलाई र नभएमा आफूभन्दा एक तह माथिको पदाधिकारीलाई सो विषयमा निर्णय गर्न दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको पदाधिकारी सम्बन्धित कार्यालयमा नभएमा वा भएमा पनि उपदफा (१) बमोजिमको अवस्था परी निर्णय गर्न नहुने भएमा निर्णय गर्ने अधिकारी सचिव भएकोमा प्रमुख सचिव समक्ष र अन्य पदाधिकारी भएमा एक तह माथिको पदाधिकारीसमक्ष पेश गरी निकासा भए बमोजिम निर्णय गर्नु पर्नेछ। प्रमुख सचिव निर्णय गर्ने अधिकारी भएकोमा सो विषय प्रदेश सरकार, मन्त्रिपरिषद्समक्ष पेश गर्नु पर्नेछ।

(४) कुनै क्षेत्रको नीति निर्माण गर्ने वा कानून कार्यान्वयन गर्ने निकायमा वा कुनै क्षेत्र नियमन गर्ने नियमनकारी निकायमा कार्यरत अधिकृतले आफू पदमा बहाल रहँदा गरेको निर्णयसँग सम्बन्धित कुनै गैरसरकारी वा निजी स्तरको सोही क्षेत्र अन्तर्गत कुनै वस्तु वा सेवा उत्पादन गर्ने, कुनै व्यवसाय गर्ने वा त्यस्तो वस्तु वा सेवा उत्पादन गर्ने फर्म, कम्पनी वा अन्य कुनै प्रतिष्ठानको व्यवस्थापनमा आफू पदमा बहाल रहँदासम्म र जुनसुकै कारणले त्यस्तो पदबाट अवकाश प्राप्त गरेपछि पनि कम्तीमा एक वर्षसम्म प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न हुन सक्ने छैन।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि एकभन्दा बढी निकायमा बहाल रहेको व्यक्तिको हकमा निजले सेवाबाट अवकाश प्राप्त गर्नु अघिको पछिल्ला दुई वर्षसम्मको अवधिलाई जनाउँनेछ।

(५) यस दफाको प्रतिकूल हुने गरी कुनै काम गर्ने व्यक्ति आफ्नो सेवामा बहाल रहेको व्यक्ति भए निजलाई सोही आधारमा कानून बमोजिम विभागीय कारबाही गर्न र सेवाबाट अवकाश पाइसकेको व्यक्ति भए सम्बन्धित मन्त्रालयको सचिवले दश हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(७) यस दफाको प्रतिकूल हुने गरी सेवामा बहाल रहेको पदाधिकारीले गरेका काम स्वतः बदर हुनेछ।

१९. **कार्य सम्पादन करार गर्न सकिनेः** (१) प्रदेश सरकारले गर्नु पर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नु पर्ने वा निश्चित परिमाणको उपलब्धि हुने गरी सम्पादन गर्नु पर्ने भएमा वा प्रदेश सरकारको प्राथमिकता प्राप्त कुनै कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नु पर्ने भएमा कुनै पदाधिकारीसँग कार्य सम्पादन करार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको करारमा अन्य कुराको अतिरिक्त जिम्मेवारी पाएको पदाधिकारीले गर्नु पर्ने कामको विवरण, कार्य सम्पादन गरी सक्नु पर्ने समयावधि र कार्य सम्पादनको गुणस्तर वा परिमाण समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम करार भएकोमा सो करार बमोजिम जिम्मेवारी पाएको व्यक्तिले त्यस्तो करार बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ।

(४) काबू बाहिरको कुनै परिस्थिति उत्पन्न भई उपदफा (३) बमोजिम सम्पादन गर्नु पर्ने कार्य सो कार्य सम्पादन गर्नु पर्ने अवधिभित्र पूरा गर्न नसकिने भएमा सोको कारण सहितको विवरण खुलाई सम्बन्धित मन्त्रालयको सचिव समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको विवरण मनासिब देखिएमा काबू बाहिरको परिस्थिति उत्पन्न भई जति अवधि काम गर्न नसकिएको हो सो अवधि कटाई थप अवधिभित्र कार्य सम्पादन गर्न कार्य सम्पादन करार संशोधन गर्न सकिनेछ।

(६) मनासिब कारण बिना उपदफा (३) वा (५) बमोजिमको अवधिभित्र कार्य सम्पादन गर्न नसक्ने पदाधिकारी उपर विभागीय कारबाही गरिनेछ।

(७) यस दफा बमोजिम जिम्मेवारी पाएको व्यक्तिले बदनीयत चिताई वा लापरबाही वा हेलचेक्र्याइँ गरी कार्य सम्पादन नगरेको कारणले प्रदेश सरकारलाई हानि नोक्सानी भएमा वा आयोजनाको लागत वृद्धि हुने भएमा त्यस्तो हानि नोक्सानी वा वृद्धि भए जतिको लागतको क्षतिपूर्ति निजबाट तोकिए बमोजिम भराउन सकिनेछ।

(८) कार्य सम्पादन करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. <u>सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा सरोकारवाला तथा नागरिक समाजसँग परामर्श गर्न सकिने</u>: (१) प्रदेश सरकारले आवश्यकता अनुसार सार्वजनिक चासोका कुनै विषय कार्यान्वयन गर्नु अघि सरोकारवाला तथा नागरिक समाजसँग आवश्यक परामर्श गर्न सक्नेछ।

(२) प्रदेश सरकारले सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा उपदफा (१) बमोजिम सरोकारवाला तथा नागरिक समाजसँग गरेको परामर्शबाट प्राप्त सुझावलाई उचित ध्यान दिनेछ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनका लागि "सार्वजनिक चासोको विषय" भन्नाले देहायका कुनै विषय सम्झनु पर्नेछः-

(क) आधारभूत रूपमा नयाँ पद्धति स्थापना गर्ने वा भई रहेको पद्धतिलाई आधारभूत रूपमा खारेज गर्ने कुनै विषय,

(ख) सार्वजनिक महत्वको कुनै विकास कार्यक्रम वा आयोजना सञ्चालन गर्ने विषय,

(ग) तोकिए बमोजिमको अन्य विषय।

२१. <u>आफ्नो जिम्मेवारी पन्छाउन नहुने</u>: (१) यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्नु पर्ने पदाधिकारीले आफूलाई सुम्पिएको वा यस ऐन वा प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्नु पर्ने काम निर्धारित शर्त तथा अवधिभित्र सम्पादन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पादन गर्नु पर्ने पदाधिकारीले दफा २२ को अवस्थामा बाहेक आफ्नो जिम्मेवारी पन्छाउन वा आफूले गर्नु पर्ने काम अरु कसैलाई गर्न लगाउन हुँदैन।

(३) उपदफा (२) को प्रतिकूल हुने गरी अरुलाई काम लगाउने वा अन्य कुनै किसिमले जिम्मेवारी पन्छाउने वा जिम्मेवारी पन्छाउने बदनीयतले निर्धारित अवधिभित्र कार्य सम्पादन नगर्ने वा कार्य सम्पादन सूचक बमोजिम उपलब्धि हासिल नगर्ने पदाधिकारीलाई प्रमुख सचिव भए प्रदेश सरकार मन्त्रिपरिषद्, सचिव भए सम्बन्धित मन्त्री, मन्त्रालय अन्तर्गतका पदाधिकारी भए सम्बन्धित सचिवले चेतावनी दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम चेतावनी दिँदा पनि त्यस्तो पदाधिकारीको आचरण तथा काम कारबाहीमा सुधार नआएमा त्यस्तो पदाधिकारी उपर कार्यक्षमताको अभावको आधारमा प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ।

२२. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारीले यस ऐन वा प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्नु पर्ने काम आफू सरहको वा आफ्नो मातहतको अन्य कुनै पदाधिकारीले सम्पादन गर्न सक्ने गरी प्रचलित कानून बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन भएको अधिकार जुनसुकै बखत फिर्ता गर्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक रोहमा निर्णय गर्नु पर्ने अधिकार प्रत्यायोजन हुन सक्ने छैन।

२३. <u>पदीय वा पेशागत आचरण सम्बन्धी व्यवस्था</u>ः (१) सार्वजनिक पद धारण गरेकोव्यक्तिले आफू पदमा बहाल रहँदा वा जुनसुकै कारणले अवकाश प्राप्त गरेको मितिले तोकिए बमोजिमको अवधिसम्मका लागि तोकिए बमोजिमको पदीय वा पेशागत आचरण पालना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पालना गर्नु पर्ने पदीय वा पेशागत आचरण देहायका पदाधिकारीको लागि देहाय बमोजिमका निकाय वा अधिकारीले बनाउँनेछः-

(क) प्रदेश निजामती सेवाका कर्मचारीका लागि प्रदेश सरकार, मन्त्रिपरिषद्ले,

(ख) प्रचलित कानून बमोजिम गठन भएका सङ्गठित संस्थाका प्रमुखका लागि सम्बन्धित मन्त्रालयले र अन्य कर्मचारीका लागि सम्बन्धित संगठित संस्थाले,

(ग) प्रदेश सभा सचिवालयका कर्मचारीका लागि प्रदेश सभा सचिवालय सञ्चालन तथा व्यवस्थापन समितिले,

(घ) माथिका खण्डहरुमा लेखिएदेखि बाहेक अन्य सार्वजनिक पदधारण गरेका व्यक्तिको लागि तोकिएको अधिकारीले।

(३) यस दफा बमोजिम बनाएको पदीय वा पेशागत आचरण पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ र त्यस्तो आचरण उलङ्घन गर्ने व्यक्तिलाई उलङ्घनको मात्रा अनुसार निज उपर कर्मचारी भए विभागीय कारबाही गरी अभिलेख राखिनेछ र अन्य पदाधिकारी भए निजको लागि पदीय वा पेशागत आचरण बनाउने अधिकारीले अभिलेख राख्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदीय वा पेशागत आचरण पालना नगरेको वा उलङ्घन गरेको कुनै कुरा प्रचलित कानून बमोजिम कसूर मानिने रहेछ भने निज उपर कानून बमोजिम कारबाही गर्न बाधा पर्ने छैन।

## परिच्छेद- ५

## विविध

२४. **पदीय उत्तरदायित्वको निर्वाहः** यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्ने जिम्मेवारी भएको पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा कर्तव्य पालना गर्दा देहायको विषयमा ध्यान दिनु पर्नेछः-

(क) आफूले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैंले पहल गर्ने,

(ख) सरकारी वा सार्वजनिक स्रोतको प्रयोग गर्दा मितव्ययी ढङ्गबाट अधिकतम सदुपयोग र उत्पादनशील हुने गरी प्रयोग गर्ने,

(ग) सरकारी वा सार्वजनिक कार्यालयलाई सेवा प्रदायक संस्था, सम्बन्धित पदाधिकारी मुलुकको सेवक तथा सर्वसाधारण सेवाग्राही सेवा पाउने अधिकार भएको व्यक्ति हो भन्ने कुरामा ध्यान दिने,

(घ) कार्य सम्पादनमा ढिलासुस्ती र विलम्ब हुनु भनेको स्रोत र साधनको दुरूपयोग हुनु हो र थप स्रोत र साधन खर्च हुनु हो भन्ने भावना राख्ने,

(ङ) कार्य सम्पादन गर्दा कुनै अपरिहार्य कारण परी तत्काल कार्य सम्पादन गर्न नसकिने भएमा त्यसको जानकारी माथिल्लो निकायलाई दिने,

तर सार्वजनिक सेवाको विषयमा वा सेवाग्राहीसँग सम्बन्धित विषय भएमा त्यस्तो विषय सम्बन्धित कार्यालयको सूचना पाटीमा टाँसी आवश्यकता अनुसार प्रचार प्रसार गरी सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ।

(च) आफ्नो अधिकारक्षेत्रभित्र पर्ने विषयमा जिम्मेवार पदाधिकारी स्वयंले निर्णय गर्नु पर्ने र कुनै किसिमको कानूनी जटिलता वा द्विविधा नभएको सामान्य विषयमा माथिल्लो निकायको निर्देशन माग नगर्ने,

(छ) सरकारी वा सार्वजनिक कामको सिलसिलामा सार्वजनिक पद धारण गरेको व्यक्तिले सेवाग्राहीसँग प्रचलित मूल्य, मान्यता र संस्कृति अनुरूप शिष्ट व्यवहार गर्ने।

२५. **क्षतिपूर्ति सहितको नागरिक बडापत्र राख्नु पर्नेः** (१) सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको नागरिक बडापत्रमा अन्य कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख भएको हुनु पर्नेछः-

(क) सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,

(ख) सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नु पर्ने कार्यविधि,

(ग) सेवा प्रदान गर्न लाग्ने समयावधि,

(घ) सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण,

(ङ) सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण,

(च) तोकिए बमोजिमका अन्य कुराहरु।

(३) उपदफा (१) मा उल्लेख भएका कुराहरु सम्बन्धित कार्यालयलाई बाध्यात्मक हुनेछन् र सो बमोजिम कार्य सम्पादन गरी सर्वसाधारणलाई सेवा प्रदान गर्नु सम्बन्धित कार्यालय प्रमुख तथा अन्य कर्मचारीको कर्तव्य हुनेछ।

(४) मनासिब कारणबिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेमा सम्बन्धित कार्यालयको प्रमुख तथा सोको जिम्मेवार कर्मचारीउपर विभागीय कारबाही हुन सक्नेछ।

(५) मनासिब कारणबिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्य सम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकी सेवाग्राहीलाई कुनै हानि नोक्सानी हुन गएकोमा सो हानि नोक्सानी बापतको क्षतीपूर्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) नागरिक बडापत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **प्रत्येक जिल्लामा कार्यालय रहनेः** (१) प्रदेश सरकारको सेवा प्रवाहलाई प्रभावकारी बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत प्रत्येक जिल्लामा एउटा कार्यालय रहनेछ।

तर काठमाडौं उपत्यकामा एउटा कार्यालय मात्र स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कुनै जिल्लाको कार्यालयलाई प्रदेश सरकारको विषयगत मन्त्रालय अन्तर्गतको कार्य समेत गर्ने गरी जिम्मेवारी तोक्न सकिनेछ।

२७. **घुम्ती सेवा सञ्चालन गर्न सकिने**: सर्वसाधारणको सामूहिक वा वैयक्तिक सरोकार रहने कुनै सेवालाई सम्बन्धित सेवाग्राही रहे बसेको इलाकामा नै सेवा उपलब्ध गराउनु पर्ने गरी प्रदेश सरकारले समय समयमा घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था गर्न सक्नेछ।

२८. **न्यायोचित सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्था**: (१) सरकारी सेवा उपलब्ध गराए बापत प्रदेश सरकार वा अन्य सरकारी निकायलाई सेवाग्राहीले बुझाउनु पर्ने सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्याय तथा सेवाको लागत समेतको आधारमा फरक फरक सेवा शुल्क निर्धारण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क निर्धारण गर्दा दुर्गम वा पिछडिएका क्षेत्रका बासिन्दा वा अपाङ्गता भएका व्यक्ति वा अतिसीमान्तकृत समुदायका सेवाग्राहीलाई सहुलियत हुने गरी सेवा शुल्क निर्धारण गरिनेछ।

२९. **जनताको सहभागिता र स्वामित्व सम्बन्धी व्यवस्था**: (१) प्रदेश सरकारले कुनै परियोजना वा आयोजना जनताको प्रत्यक्ष सहभागिता र स्वामित्वमा सञ्चालन हुने व्यवस्था मिलाउन सक्नेछ।

(२) परियोजना वा आयोजनामा जनताको प्रत्यक्ष सहभागिता र स्वामित्व सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **शासकीय सुधार इकाइको स्थापना सम्बन्धी व्यवस्था**: (१) प्रत्येक मन्त्रालयमा शासकीय सुधार इकाइको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठित शासकीय सुधार इकाइको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३१. **सार्वजनिक सुनुवाइ गराउनु पर्ने**: (१) सर्वसाधारणलाई सेवा प्रदान गर्ने प्रदेश, जिल्ला वा स्थानीय स्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गराउनु पर्ने सार्वजनिक सुनुवाइ गर्दा विषयसँग सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारी समेतलाई आमन्त्रण गर्नु पर्नेछ।

(३) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक रोहमा निर्णय गर्नु पर्ने विषयमा सार्वजनिक सुनुवाइ गर्न आवश्यक हुने छैन।

३२. **गुनासो व्यवस्थापनः** (१) प्रत्येक मन्त्रालय, सरकारी निकाय तथा कार्यालयमा सो मन्त्रालय, सरकारी निकाय तथा कार्यालयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएका गुनासो पेटिकामा जोसुकैले गुनासो पेश गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम पेश भएका गुनासो व्यवस्थापन गर्नका लागि सम्बन्धित मन्त्रालय, सरकारी निकाय तथा कार्यालयका जिम्मेवार अधिकृतले प्रत्येक तीन दिनमा एक पटक अन्य कर्मचारीको रोहवरमा गुनासो पेटिका खोल्नु पर्नेछ र सो पेटिकामा प्राप्त भएका गुनासो तथा सुझाव मनासिब रहेको पाइएमा त्यसको समुचित व्यवस्थापन गर्न आवश्यक कारबाही गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएका गुनासो सम्बन्धित मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको कार्यसँग सम्बन्धित नभई त्यस्तो मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको प्रमुखको वैयक्तिक आचरणसँग सम्बन्धित रहेछन् भने सोको विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिम गरिएको कारबाहीको जानकारी सम्बन्धित सूचना पाटीमा टाँस्नु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको काम कारबाहीसँग असम्बन्धित विषयको गुनासो प्राप्त भएमा गुनासो दिने सम्बन्धित व्यक्ति पहिचान भएको रहेछ भने निजलाई सो जानकारी दिई फिर्ता गर्ने र पहिचान भएको रहेनछ भने सो विवरण सम्बन्धित मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको सूचना पाटीमा टाँस्नु पर्नेछ।

(७) यस दफाको प्रयोजनको लागि सबै मन्त्रालयले विद्युतीय माध्यमबाट गुनासो सुनुवाइ हुने प्रणालीको समेत व्यवस्था गर्नु पर्नेछ।

(८) गुनासो व्यवस्थापन कार्यको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हेलो मुख्यमन्त्री कक्ष स्थापना गरी सञ्चालनमा ल्याईनेछ।

(९) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **विदेशस्थित बैंकमा खाता खोल्दा स्वीकृति लिनु पर्नेः** (१) कुनै पनि पदाधिकारी वा प्रदेश सरकारको सेवामा कार्यरत कर्मचारीले तोकिए बमोजिमको अवस्थामा बाहेक अन्य अवस्थामा विदेशस्थित बैंकमा खाता खोल्नु पर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विदेशस्थित बैंकमा खाता खोल्न नेपाल सरकारको स्वीकृति लिँदा प्रदेश सरकारमार्फत स्वीकृति लिनु पर्नेछ।

(३) विदेशस्थित बैंकमा खाता खोल्नु पर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिने सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३४. **अरुको अधिकारमा हस्तक्षेप गर्न नहुने**: (१) यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्दा एक पदाधिकारीले अर्को पदाधिकारीको अधिकार, जिम्मेवारी वा कर्तव्य उपर हस्तक्षेप गर्नु हुँदैन।

(२) उपदफा (१) को प्रतिकूल काम गर्ने पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हुन सक्नेछ।

३५. **सल्लाहकार नियुक्त गर्न सक्ने**: (१) प्रदेश निजामती सेवाको पदबाट कार्य सम्पादन हुन नसक्ने सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेको विशेषज्ञ सेवा प्राप्त गर्नु पर्दा प्रदेश सरकारले कुनै व्यक्तिलाई विषयगत सल्लाहकारको रूपमा नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने सल्लाहकारको सङ्ख्या, निजको योग्यता र नियुक्तिको कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्ति हुने सल्लाहकारको काम, कर्तव्य, अधिकार र जिम्मेवारी, निजको पदावधि तथा निजले पाउने पारिश्रमिक तथा अन्य सुविधा प्रदेश सरकारले स्वीकृत गरेको कार्य क्षेत्रगत शर्तमा उल्लेख भए बमोजिम हुनेछ।

(४) सल्लाहकारले सो हैसियतमा कार्य सम्पादन गर्दा पालना गर्नु पर्ने आचरण तोकिए बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम हुने सल्लाहकारको नियुक्ति प्रदेश सरकार, मन्त्रिपरिषद्ले गर्नु पर्नेछ।

३६. **प्रवक्ता तोक्नु पर्ने**: (१) प्रत्येक मन्त्रालय, सरकारी निकाय तथा कार्यालयले आफ्नो मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको काम कारबाहीको विषयमा सरोकारवालालाई वा सार्वजनिक रूपमा जानकारी दिन मन्त्रालय, सरकारी निकाय तथा कार्यालयको कुनै अधिकृतलाई प्रवक्ता तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको प्रवक्ताको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३७. **स्थानीय तहले ऐन पालना गर्नु पर्ने**: संविधान वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्नु पर्ने स्थानीय तह, नियमनकारी निकाय (रेगुलेटरी बडी) वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाले तथा त्यस्तो निकाय वा संस्थामा बहाल रहेका पदाधिकारीले आफ्नो कार्य सम्पादन गर्दा दफा ६, ७, १४, १५, १६,

१७, १८, १९, २०, २१, २२, २३, २४, २५, २७, २९ र ३१ मा उल्लेख भएका व्यवस्थाहरु आवश्यक हेरफेर सहित (मुटाटिस मुटाण्डिस) लागू गर्नु, गराउनु पर्नेछ।

३८. **सूचना प्रविधिलाई व्यवहारमा ल्याउन सकिने**: (१) प्रत्येक मन्त्रालय, सरकारी निकाय तथा कार्यालयले आफ्नो स्रोत र साधनको उपलब्धताको आधारमा सूचना प्रविधिलाई व्यवहारमा ल्याउन सक्नेछन्।

(२) प्रदेश सरकारले उपलब्ध गराउने कुनै सेवालाई भरपर्दो, सरल, सुलभ र प्रभावकारी बनाउन विद्युतीय सुशासन प्रणालीको उपयोग गर्न सक्नेछ।

(३) सूचना प्रविधिलाई व्यवहारमा ल्याउने सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ।

३९. **अनुगमन तथा मूल्याङ्कन समिति**: (१) सरकारी सेवा र सुविधालाई प्रभावकारी बनाई प्रशासन संयन्त्रलाई सेवाप्रदायकको रूपमा रुपान्तरण गर्न तथा प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीले सम्पादन गर्नु पर्ने काम कारबाहीलाई प्रभावकारी तथा गुणस्तरीय ढङ्गबाट सम्पादन भए वा नभएको कुराको अनुगमन तथा मूल्याङ्कन गर्न प्रमुख सचिवको संयोजकत्वमा तोकिए बमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ।

(२) स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्कन समिति तोकिए बमोजिम हुनेछ।

(३) अनुगमन तथा मूल्याङ्कन समितिलाई सहयोग गर्न प्रत्येक मन्त्रालयमा तोकिए बमोजिमको मूल्याङ्कन तथा अनुगमन संयन्त्र रहनेछ।

(४) अनुगमन तथा मूल्याङ्कन समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहनेछ।

४०. **सरकारी कार्य फछ्र्यौंट र सरकारी कार्यालयको निरीक्षण**: यस ऐन वा अन्य प्रचलित कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त सरकारी कार्य फछ्र्यौंट तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **सुविधा तोके बमोजिम हुने**: प्रचलित कानूनमा व्यवस्था भएको सुविधाका अतिरिक्त प्रमुख सचिव, सचिव वा कार्यालय प्रमुखले सो हैसियतमा उपभोग गर्न पाउने सुविधा तथा सो हैसियतले कार्य सम्पादन गरे बापत पाउने अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

४२. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने**: (१) मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तोकिए बमोजिमको अवधिभित्र आफूले सो आर्थिक वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम र त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरु समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय भए मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा, अन्य कार्यालय तथा निकाय भए तालुक

कार्यालयमा पेश गर्नु पर्नेछ। त्यस्तो प्रतिवेदन आफूभन्दा माथिल्लो निकायको स्वीकृति लिई आवश्यकता अनुसार सार्वजनिक रूपमा प्रकाशन गर्न समेत सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा सो उपदफामा लेखिएको कुराको अतिरिक्त सम्बन्धित मन्त्रालय वा निकायले त्यस्तो मन्त्रालय वा निकाय वा सो अन्तर्गतका कार्यालयहरुमा सुशासन कायम गर्न गरेका सुधार कार्यक्रम र त्यसबाट प्राप्त परिणामको विवरण उल्लेख गर्नु पर्नेछ।

(३) मुख्यमन्त्रीले उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा प्रत्येक वर्ष शासकीय सुधार र सुशासन सम्बन्धमा भए गरेका उल्लेखनीय प्रगति सम्बन्धी प्रतिवेदन प्रदेश सभा समक्ष पेश गर्नेछ।

४३. **कार्य सम्पादन सूचक**ः यस ऐन बमोजिम कुनै कार्यालय वा पदाधिकारीले सम्पादन गर्नु पर्ने कामको कार्य सम्पादन सूचक तोकिए बमोजिम हुनेछ।

४४. **असल नियतले गरेको कामको बचाउ**ः यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्ने पदाधिकारीले यस ऐन वा प्रचलित कानून बमोजिम आफ्नो कार्य सम्पादन गर्दा वा प्रशासनिक कार्य सञ्चालन गर्दा निजले असल नियतले गरेको काम कारबाहीको विषयलाई लिएर निज उपर कुनै कारबाही हुने छैन।

४५. **नियम बनाउने अधिकार**ः प्रदेश सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियमहरु बनाउन सक्नेछ।

४६. **निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाउन सक्ने**ः प्रदेश सरकारले सरकारी कार्यालयको काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यक निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ।

४७. **ऐन बमोजिम हुने**ः यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

# प्रदेश प्रहरी ऐन, २०७७

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७७।०५।१५

संवत् २०७७ सालको ऐन नं. ९

**<u>प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**ः प्रदेशमा शान्ति सुरक्षा कायम गर्न, अपराधको अनुसन्धान, रोकथाम तथा नियन्त्रण, यातायात व्यवस्थापन एवं मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा गर्न प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरिवेक्षण, समन्वय, व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "प्रदेश प्रहरी ऐन, २०७७" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १५ बमोजिम प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति गर्ने अधिकारी सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले प्रदेशको प्रहरी कार्यालय सम्झनु पर्छ र सो शब्दले सो मातहत रहने प्रदेशको अन्य प्रहरी कार्यालय समेतलाई जनाउँनेछ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "परिवार" भन्नाले प्रदेश प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) "प्रहरी कर्मचारी" भन्नाले यस ऐन बमोजिम नियुक्त भएको प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी सम्झनु पर्छ। सो शब्दले प्रचलित संघीय कानून बमोजिम यस प्रदेशमा समायोजन भई वा खटिई आएको प्रहरी कर्मचारी समेतलाई जनाउँछ।

(छ) "प्रदेश प्रहरी प्रमुख" भन्नाले नेपाल सरकारबाट खटाइएको नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षक सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(झ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

## परिच्छेद- २

## प्रदेश प्रहरीको गठन तथा सञ्चालन

३. **प्रदेश प्रहरीको गठनः** (१) मन्त्रालय अन्तर्गत एक प्रदेश प्रहरी सङ्गठन रहनेछ।

(२) उपदफा (१) बमोजिम रहने प्रहरी सङ्गठनमा पहिलो पटकको हकमा प्रहरी कर्मचारी समायोजन सम्बन्धी संघीय कानून बमोजिम नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीलाई प्रचलित संघीय कानून बमोजिम समायोजन भई वा खटिई आएको र त्यसपछि यसै ऐन बमोजिम नियुक्त भई कार्यरत प्रदेश प्रहरी कर्मचारीबाट प्रदेश प्रहरीको गठन हुनेछ।

(३) प्रदेश प्रहरी सङ्गठन समावेशी स्वरूपको हुनेछ।

(४) प्रदेश प्रहरीको सञ्चालन यस ऐन बमोजिम प्रदेश सरकारले गर्नेछ।

(५) मन्त्रालय मातहत एक प्रदेश प्रहरी कार्यालय रहनेछ।

(६) प्रदेश प्रहरी कार्यालय मातहत तोकिए बमोजिमका विभाग, प्रतिष्ठान, महाशाखा, कार्यालय तथा प्रहरी इकाइ रहनेछन्।

४. **प्रदेश प्रहरी सेवामा रहने समूहः** (१) प्रदेश प्रहरी सेवामा विशिष्टिकृत कार्य प्रकृतिका आधारमा देहाय बमोजिमका समूह रहनेछन्:-

(क) जनपद प्रहरी समूह,

(ख) प्राविधिक प्रहरी समूह।

(२) उपदफा (१) बमोजिमका समूहमा तोकिए बमोजिमका उपसमूह रहनेछन्।

५. **प्रदेश प्रहरी सेवामा रहने श्रेणी र पदः** (१) प्रचलित संघीय कानूनमा अन्यथा उल्लेख गरेकोमा बाहेक प्रदेश प्रहरी सेवामा रहने प्रहरीको श्रेणी र पद देहाय बमोजिम हुनेछः-

(क) राजपत्राङ्कित श्रेणी र पदः

(१) प्रथम श्रेणी -प्रहरी नायब महानिरीक्षक (प्रदेश प्रहरी प्रमुख)

-प्रहरी वरिष्ठ उपरीक्षक

(२) द्वितीय श्रेणी -प्रहरी उपरीक्षक

-प्रहरी नायब उपरीक्षक

(३) तृतीय श्रेणी -प्रहरी निरीक्षक

(ख) राजपत्र अनङ्कित श्रेणी र पदः

(१) प्रथम श्रेणी -प्रहरी नायब निरीक्षक
(२) द्वितीय श्रेणी -प्रहरी सहायक निरीक्षक
(३) तृतीय श्रेणी -प्रहरी हवल्दार
(४) चतुर्थ श्रेणी -प्रहरी जवान

(ग) श्रेणी विहीनः प्रहरी कार्यालय सहयोगी वा सो सरह

(२) प्रदेश प्रहरी सेवाको श्रेणी विहीन पदमा देहाय बमोजिमको स्तर रहनेछन्:

(क) प्रथमस्तर,
(ख) द्वितीयस्तर,
(ग) तृतीयस्तर,
(घ) चतुर्थस्तर,
(ङ) पाँचौंस्तर।

(३) श्रेणी विहीन पदको स्तर वृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. <u>सङ्गठन संरचना र दरबन्दी सृजना</u>ः (१) प्रदेश प्रहरीको सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

तर पहिलो पटकको हकमा प्रचलित संघीय कानून बमोजिम समायोजन गर्ने प्रयोजनका लागि निर्धारण भएको सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या नै प्रदेश प्रहरीको सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या मानिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन संरचना र सङ्ख्या निर्धारण गर्ने प्रयोजनको लागि सिफारिस गर्न देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष
(ख) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय -सदस्य
(ग) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य
(घ) प्रमुख (मानव स्रोत विकास हेर्ने), प्रदेश प्रहरी कार्यालय -सदस्य
(ङ) महाशाखा प्रमुख, मन्त्रालय (शान्ति सुरक्षा हेर्ने) -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम सङ्गठन संरचना र प्रहरी कर्मचारीको सङ्ख्या निर्धारण गर्दा देहाय बमोजिमका विषयलाई आधार मानिनेछः-

(क) प्रदेश प्रहरीको जिम्मेवारी, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको क्षेत्र, उपलब्ध मानवस्रोत, लागत प्रभावको विश्लेषण तथा नवीनतम प्रविधिको प्रयोगको अवस्था,

(ख) भौगोलिक अवस्था, प्रहरी र जनसङ्ख्याको अनुपात,

(ग) शहरीकरण, बसाइँ सराइ तथा जनघनत्व।

(घ) अपराधको अवस्था एवं प्रवृत्ति, शान्ति सुरक्षाको स्थिति तथा सम्भाव्य चुनौतीहरु,

(ङ) कुनै खास प्रकृतिको सेवा, सुरक्षा प्रदान गर्नु पर्ने अवस्था,

(च) विकास निर्माण र सडक सञ्जालको विस्तार,

(छ) तोकिए बमोजिमका अन्य आधारहरु।

(४) यस दफा बमोजिम प्रदेश प्रहरीको सङ्गठन संरचना तथा दरबन्दी हेरफेर गर्दा प्रचलित कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएका कर्मचारी अवकाश नभएसम्म निज बहाल रहेको पद कायम रहने गरी गर्नु पर्नेछ।

७. **<u>प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण</u>ः** (१) प्रदेश प्रहरीको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण मन्त्रालय मार्फत प्रदेश सरकारले गर्नेछ।

(२) प्रदेश प्रहरी प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

(३) प्रदेश प्रहरीले प्रदेशभित्र आन्तरिक शान्ति सुरक्षा एवं अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कार्य गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित नीति र कानून बमोजिम गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा प्रदेश प्रहरीले प्रदेश प्रहरी प्रमुखको प्रत्यक्ष रेखदेख, निर्देशन र सुपरिवेक्षणमा गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको कार्य गर्दा माथिल्लो प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ। यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कार्यालय तथा कर्मचारीको कर्तव्य हुनेछ।

(६) जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्नको लागि मन्त्रालयले सम्बन्धित जिल्लाको प्रदेश प्रहरी परिचालन गर्न प्रमुख जिल्ला अधिकारीलाई निर्देशन दिन सक्नेछ र यसरी परिचालन गरेको अवस्थामा सम्बन्धित जिल्लाको प्रदेश प्रहरीले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशनमा रही काम गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको प्रदेश प्रहरी परिचालन गर्दा प्रमुख जिल्ला अधिकारीले प्रदेश मन्त्रालयको प्रत्यक्ष निर्देशनमा रही काम गर्नु पर्नेछ।

(८) शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा नेपाल प्रहरी र प्रदेश प्रहरी संयुक्त रूपमा परिचालन भएको अवस्थामा प्रदेश प्रहरीले नेपाल प्रहरीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही कार्य गर्नु पर्नेछ।

(९) शान्ति सुरक्षा, अपराध अनुसन्धान लगायत कर्तव्य पालनाको लागि खटिएको अवस्थामा प्रदेश प्रहरी कर्मचारीले आफूभन्दा माथिको तोकिएको अधिकारीको रेखदेख, नियन्त्रण र निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(१०) यस ऐन, प्रचलित कानून तथा प्रदेश सरकारको नीति निर्देशनको अधीनमा रही शान्ति सुव्यवस्था, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धानको कामका सन्दर्भमा माथिल्लो प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन सक्नेछ। यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

८. **प्रदेश प्रहरी प्रशासनः** प्रदेश प्रहरी सङ्गठनको प्रशासन र सञ्चालन यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा अन्य प्रचलित कानून, देश सरकार र मन्त्रालयले समय समयमा दिएको निर्देशनको अधीनमा रही प्रदेश प्रहरी प्रमुख तथा अन्य प्रहरी कर्मचारीबाट हुनेछ।

९. **प्रदेश प्रहरीको प्रमुखः** (१) नेपाल सरकारबाट खटिई आएको नेपाल प्रहरीको प्रहरी नायब महानिरीक्षक प्रदेश प्रहरी प्रमुख हुनेछ।

(२) प्रदेश प्रहरी प्रमुखको रूपमा खटिएको प्रहरी कर्मचारीले प्रदेश प्रहरीको पोशाक दर्ज्यानी चिन्ह र प्रदेश प्रहरीको चिन्ह (लोगो) लगाई प्रदेश प्रहरीको रूपमा काम गर्नु पर्नेछ।

(३) प्रदेश प्रहरीले सम्बन्धित प्रदेश प्रहरी प्रमुखको निर्देशनमा रही कार्य सम्पादन गर्नु पर्नेछ।

(४) प्रदेश प्रहरी प्रमुखको पारिश्रमिक र सुविधा नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीले पाएभन्दा कम हुने छैन।

(५) प्रदेश प्रहरी प्रमुखले आफूले सम्पादन गर्ने काम, कर्तव्यको सम्बन्धमा मन्त्रालयप्रति उत्तरदायी हुनेछ।

## परिच्छेद- ३

## प्रदेश प्रहरीको पदपूर्ति

१०. **पदपूर्ति समितिः** (१) प्रदेश प्रहरी सेवाको पदमा खुला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः-

(क) प्रदेश लोकसेवा आयोगका अध्यक्ष वा निजले तोकेकोआयोगको सदस्य -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) प्रदेश प्रहरी प्रमुख -सदस्य-सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी निरीक्षकभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्न प्रदेश लोक सेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी पदपूर्ति समितिले आवश्यकता अनुसार बढीमा पाँच सदस्य रहेको छुट्टाछुट्टै पदपूर्ति उपसमिति गठन गरी आफूमा रहेको अधिकार सुम्पन सक्नेछ।

(३) पदपूर्ति समितिले यस ऐन बमोजिम सङ्ख्या निर्धारण गर्नेछ।

(४) यस ऐन बमोजिम बढुवाद्वारा पूर्ति गर्न छुट्याइएको पदको विवरण पदपूर्ति समितिले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(५) पदपूर्ति समितिको अन्य काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. **पदपूर्ति गर्न नहुने**: राष्ट्रिय किताबखानामा पद दर्ता नगरी प्रदेश प्रहरी सेवाको कुनै पनि पदमा पदपूर्ति गरिने छैन।

१२. **पदपूर्तिः** (१) प्रदेश प्रहरी सेवाका खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिम खुला प्रतियोगिताको लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले प्रचलित प्रदेश लोक सेवा आयोग ऐन, नियम र निर्देशिका बमोजिम सञ्चालन गर्नेछ।

(३)प्रदेश प्रहरीको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, पदपूर्ति प्रक्रिया, परीक्षाको पाठ्यक्रम तथा परीक्षा प्रणाली नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीको लागि निर्धारण भए सरह हुनेछ।

(४) यस ऐनमा व्यवस्था भएदेखि बाहेक प्रदेश प्रहरीको कुनै पनि पदमा अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन।

(५) प्रदेश प्रहरी सेवाको देहायको पदमा देहाय बमोजिम पूर्ति गरिनेछः-

| **पद** | **खुला प्रतियोगिता (प्रतिशत)** | **बढुवाद्वारा (प्रतिशत)** |
|---|---|---|
| (क) प्रहरी कार्यालय सहयोगी वा सो सरह | १०० | - |
| (ख) प्रहरी जवान | १०० | - |
| (ग) प्रहरी हवल्दार | - | १०० |
| (घ) प्रहरी सहायक निरीक्षक | ६० | ४० |
| (ङ) प्रहरी नायब निरीक्षक | - | १०० |

| | | |
|---|---|---|
| (च) प्रहरी निरीक्षक | ६० | ४० |
| (छ) प्रहरी नायब उपरीक्षक | - | १०० |
| (ज) प्रहरी उपरीक्षक | - | १०० |
| (झ) प्रहरी वरिष्ठ उपरीक्षक | - | १०० |

(६) उपदफा (५) को खण्ड (ग) र (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ प्रहरी हवल्दार वा प्रहरी नायब निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुनसक्ने अवस्था नभएमा शत प्रतिशत खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिनेछ।

(७) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहतर्फ तल्लो पद नहुने पदपूर्ति गर्दा शत प्रतिशत खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ।

(८) उपदफा (५) को खण्ड (छ) बमोजिम प्रहरी निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुनसक्ने अवस्था नभएमा प्रथम पटकका लागि प्रदेश सरकारले निर्धारण गरे बमोजिमको प्रतिशतमा पदपूर्ति समितिले शत प्रतिशतसम्म खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(९) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरी सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पद मध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी तोकिए बमोजिमका उम्मेदवारबीच छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ। यसरी छुट्याइने उम्मेदवारको प्रतिशतको निर्धारण गर्दा देहायको आधार लिनु पर्नेछः-

(क) प्रदेशको जनसङ्ख्या,

(ख) महिला तथा आर्थिक र सामाजिक रूपमा पछाडि परेका तोकिए बमोजिमका वर्ग, जाति तथा क्षेत्र,

(ग) अमर प्रहरी, शहीद परिवार, बेपत्ता परिवार वा चुनौतीपूर्ण जिम्मेवारी निर्वाहको क्रममा अशक्त भएको प्रहरी कर्मचारीको परिवारको सदस्य।

(१०) खुला प्रतियोगितात्मक परीक्षाद्वारा समावेशी ढाँचामा पदपूर्ति गरिने अन्य कार्यविधि, मापदण्ड तोकिए बमोजिम हुनेछ। यसरी कार्यविधि तथा मापदण्ड निर्धारण गर्दा देहायको विषय स्पष्ट खुलाउनु पर्नेछः-

(क) उपदफा (९) को खण्ड (ख) र (ग) मध्येबाट यस ऐन बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरुबीच मात्र प्रतिस्पर्धा गराई पूर्ति गरिने,

(ख) एक भन्दा बढी समावेशी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने सम्बन्धित उम्मेदवारले रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने,

(ग) एक तह वा श्रेणीमा यस दफा बमोजिमको समावेशीको सुविधा लिई सकेपश्चात माथिल्लो तह वा श्रेणीमा पुनः त्यस्तो सुविधा नपाउने कुरा।

(११) यस दफा बमोजिम पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(१२) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **प्रदेश प्रहरीको न्यूनतम योग्यता तथा अयोग्यताः** (१) खुला प्रतियोगिताद्वारा पूर्ति हुने प्रदेश प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन चाहिने न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता तोकिए बमोजिम हुनेछ।

(२) देहायका व्यक्ति प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(घ) अदालतबाट मानव अधिकार हननमा कसूरदार ठहरिएको।

१४. **परीक्षाको पाठ्यक्रमः** प्रदेश प्रहरीको खुला प्रतियोगिताद्वारा रिक्त पदमा पदपूर्तिगर्न आवश्यक पर्ने पाठ्यक्रम संघीय प्रहरी ऐन तथा सो अन्तर्गत बनेको नियमावली बमोजिम हुनेछ।

१५. **नियुक्तिः** (१) प्रदेश प्रहरी सेवाका विभिन्न पदमा नियुक्ति गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

| | |
|---|---|
| (क) प्रहरी वरिष्ठ उपरीक्षक पदमा | -प्रदेश मन्त्रिपरिषद् |
| (ख) प्रहरी उपरीक्षक | -मन्त्री, मन्त्रालय |
| (ग) प्रहरी नायब उपरीक्षक र प्रहरी निरीक्षक पदमा | -सचिव, मन्त्रालय |
| (घ) प्रहरी नायब निरीक्षक रप्रहरी सहायक निरीक्षक पदमा | -प्रदेश प्रहरी प्रमुख |
| (ङ) प्रहरी हवल्दार र प्रहरी जवान पदमा | -प्रहरी उपरीक्षक |
| (च) प्रहरी कार्यालय सहयोगी पदमा | -प्रहरी नायब उपरीक्षक वा सोभन्दा माथिल्लो दर्जाको प्रहरी अधिकृत |

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले भर्ना छनौट समितिको सिफारिसको योग्ताक्रमको आधारमा सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दिने नियुक्ति पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

१६. **परीक्षणकाल**: (१) खुला प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा नियुक्ति पाएको प्रहरी कर्मचारीलाई नियुक्ति लिएको मितिदेखि लागू हुने गरी एक वर्षको परीक्षणकालमा राखिनेछ।

(२) यस ऐन बमोजिमको परीक्षणकाल पूरा गरेका प्रहरी कर्मचारीको शुरु नियुक्ति स्वत: सदर भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्ति सदर भएका प्रहरी कर्मचारीको सेवा अवधि शुरू नियुक्ति भएको मितिदेखि नै कायम हुनेछ।

१७. **नियुक्ति बदर हुने अवस्था**: नियुक्ति गर्ने अधिकारीले देहायको अवस्थामा प्रदेश प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछः-

(क) परीक्षणकालमा जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत त्यस्तो तालिममा पुन: असफल भएमा,

(ग) प्रदेश प्रहरी कर्मचारीमा यस ऐन वा यस ऐन अन्तर्गतको नियमावली बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

१८. **शपथग्रहण**: आधारभूत तालिममा उत्तीर्ण भएको प्रहरी कर्मचारीले तोकिए बमोजिमको कार्यविधि र ढाँचामा शपथग्रहण गर्नेछ।

१९. **पोशाक, दर्ज्यानी चिन्ह**: (१) प्रदेश प्रहरीको पोशाक र दर्ज्यानी चिन्ह नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रहरीको पोशाकमा नेपालको राष्ट्रियता र प्रदेशको पहिचान झल्किने चिह्न वा लोगो प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **पदाधिकार कायम रहने**: देहायको अवस्थामा प्रदेश प्रहरीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरी रहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) बिदा बसेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) प्रदेश सरकारद्वारा तोकिएको काम गरुन्जेलको अवधिभर,

(च) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर।

२१. **कार्यवाहक र निमित्त**: (१) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिनाभन्दा बढी अवधिको लागि रिक्त भएमा एक तह माथिको कार्यालय प्रमुखले रिक्त पदभन्दा एक तह मुनिको सबैभन्दा वरिष्ठ प्रहरी कर्मचारीलाई कार्यवाहक भई कामकाज गर्न तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यवाहक भई कामकाज गर्न तोकिएको प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक भएको पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ।

(३) यस दफा बमोजिम कार्यवाहक नतोकिएको अवस्थामा एक महिनामा ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबैभन्दा वरिष्ठ प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछ। यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने प्रहरी कर्मचारीको हुनेछ।

(४) कार्यवाहक वा निमित्त भई काम गर्ने प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउनेछ।

तर पन्ध्र दिनभन्दा कम अवधि कार्यवाहक वा निमित्त भई काम गरे बापत भत्ता र रासन सुविधा पाउने छैन।

(५) उपदफा (४) बमोजिम काम गर्ने प्रहरी कर्मचारीले पाउने तलब भत्ता निजले सो पदमा बढुवा हुँदा पाउने तलब भत्ता भन्दा बढी हुने छैन।

## परिच्छेद- ४

## प्रदेश प्रहरीको तालिम सम्बन्धी व्यवस्था

२२. **तालिम लिनु अनिवार्य हुने**ः प्रदेश प्रहरीमा रहेका सबै प्रहरी कर्मचारीहरुले आवश्यकता अनुसार तालिम लिनु अनिवार्य हुनेछ।

२३. **आधारभूत तथा वृत्ति विकास सम्बन्धी तालिम**ः (१) प्रदेश प्रहरीको विभिन्न पदमा गर्नु पर्ने आधारभूत, सेवाकालीन तथा विशिष्टकृत र वृत्ति विकास सम्बन्धी तालिमहरुको आवश्यकताको पहिचान पाठ्यक्रमको निर्माण, तालिमको अवधि र स्तरको लागि आवश्यक पर्ने मापदण्ड प्रचलित संघीय प्रहरी ऐन र सो अन्तर्गत बनेको नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

(२) तालिममा समावेश गराइएको प्रहरी कर्मचारीहरुले लापरबाही गरी उदासिनता र गैरजिम्मेवारी देखिएमा सो ब्यहोरा अभिलेखमा जनाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखमा जनाइसकेपछि निजहरुलाई पुनः एक पटक तालिमको मौका दिइनेछ। यसरी मौका दिँदा समेत उदासिन र गैरजिम्मेवारी देखाउने प्रशिक्षार्थीलाई यस ऐन बमोजिम विभागीय कारबाही गरिनेछ।

२४. **वैदेशिक तालिम**ः प्रदेश प्रहरी अधिकृत तथा जवानहरुलाई वैदेशिक तालिमका लागि मनोनयनको सिफारिस गर्दा सङ्गठनको आवश्यकता, सेवा विशिष्टीकरण, ज्येष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्य सम्पादन क्षमता र दक्षताका आधारमा तोकिए बमोजिमको समितिले प्रदेश प्रहरी सङ्गठनबाट सम्भाव्य उम्मेदवारको नाम छनौट गरी सिफारिस साथ प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्दछ। यसरी विदेश तालिममा सिफारिस गर्दा योग्य प्रहरी अधिकृत तथा जवानहरु मध्येबाट समान अवसर पाउने गरी सिफारिस गरिनेछ।

२५. **<u>तालिम सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) प्रदेश प्रहरीको क्षमता विकासको लागि प्रदेश सरकारले आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

(२) परीक्षार्थीले पाउने सुविधा, तालिमको परीक्षा सञ्चालन विधि, तालिम सफल हुँदाको परिणाम (ग्रेडिङ्ग), प्रशिक्षण भत्ता, तालिम भत्ता, प्रशिक्षकलाई दिइने विशेष सुविधा जस्ता व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ५

## <u>प्रहरी कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था</u>

२६. **<u>बढुवा समितिः</u>** (१) प्रदेश प्रहरी कर्मचारीहरुको देहायको पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समिति रहनेछः-

(क) राजपत्राङ्कित श्रेणी र पदको लागिः

(१) सचिव, मन्त्रालय -अध्यक्ष

(२) सचिव, प्रदेश लोक सेवा आयोग -सदस्य

(३) प्रदेश प्रहरी प्रमुख,प्रदेश प्रहरी कार्यालय -सदस्य

(ख) राजपत्र अनङ्कित श्रेणी र पदका लागिः

(१) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय -अध्यक्ष

(२) अधिकृत प्रतिनिधि नवौं/दशौं वा सो सरह, प्रदेश लोक सेवा आयोग -सदस्य

(३) अधिकृत प्रतिनिधि नवौं/दशौं वा सो सरह, मन्त्रालय -सदस्य

(२) बढुवा समितिमा रहेका प्रहरी पदाधिकारी वा निजामती कर्मचारीको नजिकको नातेदार बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेछ र त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नुपर्ने भएमा प्रहरी पदाधिकारीको हकमा प्रदेश प्रहरी प्रमुख र निजामती कर्मचारीको हकमा मन्त्रालयको सचिवले त्यस्तो पदाधिकारीको सट्टा समान तहको पदाधिकारीलाई बढुवा समितिमा काम गर्ने गरी तोक्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि नजिकको नातेदार भन्नाले बाबु, आमा, सौतेनी आमा, पति, पत्नी, छोरा, बुहारी, छोरी ज्वाईं, दाजु भाउजु, भाइ बुहारी, दिदी भिनाजु, बहिनी, बहिनी ज्वाईं, नाति, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाईं, भान्जा, भान्जी, भान्जी बुहारी, भान्जी ज्वाईं, भतिजा, भतिजा बुहारी, भतिजी, भतिजी ज्वाईं, सासु, ससुरा, देवर, देवरानी, नन्द, आमाजु, जेठाजु, जेठान, साला, साली सम्झनु पर्छ।

(३) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रहरी कर्मचारीलाई सोही अनुसार योग्यताक्रम कायम गरी बढुवाका लागि सिफारिस गर्नु पर्नेछ।

(४) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका प्रहरी कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।

(५) प्रहरी सेवामा रिक्त हुन आई बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने पदमा रिक्त भएको मितिले तीन महिनाभित्र बढुवाद्वारा पदपूर्ति गरी सक्नु पर्नेछ।

(६) यस दफा बमोजिमको बढुवा समितिको सचिवालय प्रदेश प्रहरी कार्यालयमा रहनेछ।

(७) बढुवाद्वारा पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **बढुवाको सम्भाव्य उम्मेदवार हुने**: प्रदेश प्रहरीको रिक्त पदमा बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने श्रेणी वा तह भन्दा एक श्रेणी वा तह मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) राजपत्र अनङ्कित पदको लागि पाँच वर्ष,

(ख) राजपत्र अनङ्कित पदबाट राजपत्राङ्कित पदको लागि दश वर्ष,

(ग) अन्य राजपत्राङ्कित अधिकृत पदका लागि पाँच वर्ष।

२८. **बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने**: (१) दफा २७ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्था र अवधिभर प्रदेश प्रहरी कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(ङ) खाइपाइ आएको तलब वृद्धि घटुवा भएकोमा जति वर्षको तलब वृद्धि घटुवा भएको हो त्यति वर्षसम्म,

(च) ज्येष्ठता सहितको शुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(छ) बहाल रहेको पदमा तीनपटकभन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(ज) पुनर्बहाली भएको प्रहरी कर्मचारीको हकमा पुनर्बहाली भएको मितिले एक वर्षसम्म,

(झ) कुनै कसूरको सम्बन्धमा छानबिन समितिबाट छानबिन भई मुद्दा दायर भएको अवस्थामा अदालतबाट सफाइ नपाएसम्म,

(ञ) प्राविधिक प्रहरी कर्मचारीको हकमा निजी प्रयासमा अध्ययन गर्नका लागि बिदामा बसेकोमा तोकिए बमोजिमको शर्तनामामा उल्लेख भएको अवधिभर।

(२) सम्भाव्य उम्मेदवार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **बढुवाको आधारः** (१) बढुवा समितिले प्रदेश प्रहरी कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा सय अङ्क दिइनेछः-

| | | |
|---|---|---|
| (क) | कार्य सम्पादन मूल्याङ्कन बापत | -चालीस अङ्क |
| (ख) | ज्येष्ठता बापत | -पच्चीस अङ्क |
| (ग) | भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापत | -आठ अङ्क |
| (घ) | शैक्षिक योग्यता बापत | -दश अङ्क |
| (ङ) | तालिम बापत | -सात अङ्क |
| (च) | चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत | -पाँच अङ्क |
| (छ) | बढुवा समितिले दिने | -पाँच अङ्क |

(३) सम्भाव्य उम्मेदवारको कार्य सम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको लागि दरखास्त फाराम भर्ने अन्तिम मितिसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

(४) श्रेणी विहीन पदको बढुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **कार्य सम्पादन मूल्याङ्कन फारामः** (१) प्रदेश प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गर्दा निजको कार्य सम्पादन स्तर, सिर्जनशीलता र लगनशीलता, चुनौती वा विशेष जिम्मेवारी वहन गरेको स्तर, सेवाग्राही एवं सङ्गठनप्रतिको व्यवहार, कार्यालय र इकाइसँगको समन्वय समेतलाई आधारमानी तोकिए बमोजिमको कार्य सम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ।

(२) प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन आर्थिक वर्षको हिसाबले वार्षिक रूपमा गर्नु पर्नेछ।

(३) प्रहरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | सुपरिवेक्षकले दिन सक्ने अधिकतम अङ्क | -पच्चीस अङ्क |
| (ख) | पुनरावलोकनकर्ताले दिन सक्ने | -दश अङ्क |

(ग) पुनरावलोकन समितिले दिन सक्ने -पाँच अङ्क

(४) प्रदेशका जिल्ला प्रहरी प्रमुखको हकमा उपदफा (३) को खण्ड (क) बमोजिम सुपरिवेक्षकले दिने पच्चीस अङ्क मध्ये पूर्णाङ्क दशमा प्रमुख जिल्ला अधिकारीले अङ्क दिनेछ।

(५) बढुवाको प्रयोजनको लागि कार्य सम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ।

(६) कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **ज्येष्ठता मूल्याङ्कनः** प्रदेश प्रहरी कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क दिँदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई दशमलव पाँच अङ्कका दरले बढीमा पच्चीस अङ्क दिइनेछ।

तर

(क) एक वर्षभन्दा बढी चानचुन महिना वा दिनका लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ,

(ख) गयल कट्टी भएको अवधिको ज्येष्ठता बापतको अङ्क दिइने छैन।

३२. **भौगोलिक क्षेत्र बापतको मूल्याङ्कनः** (१) प्रदेश प्रहरी कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापतको अङ्क प्रदान गर्दा तोकिए बमोजिम भौगोलिक क्षेत्रलाई क्रमशः क, ख, ग र घ गरी चार वर्गमा विभाजन गरी वार्षिक रूपमा काम गरेको अनुभव बापत आठ अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि २.५ अङ्कका दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २ अङ्कका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १.५अङ्कका दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १ अङ्कका दरले,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा एक सय असी दिन वा सोभन्दा बढी अवधि रुजू हाजिर भई काम गरेको भए सोही भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्कको दामासाही हिसाबले र एक सय असी दिनभन्दा कम अवधि काम गरेको भए जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्गको लागि तोकिएको अङ्क दिईनेछ।

(३) प्रदेश प्रहरी सेवाबाट बर्खास्त भई पुनर्बहाली भएको वा निलम्बन भई त्यस्तो निलम्बन फुकुवा भएको प्रहरी कर्मचारीको हकमा निज रुजू हाजिर नभएको अवधिको बर्खास्त वा निलम्बन हुँदा कार्यरत रहेको भौगोलिक क्षेत्रमा काम गरे बापतको अङ्क दिइनेछ।

(४) संयुक्त राष्ट्र संघीय मिशनमा खटिएको वा विदेशस्थित नेपाली कूटनीतिक नियोगमा खटिएको प्रदेश प्रहरी कर्मचारीलाई "घ" वर्गको र अध्ययन बिदा वा तीन महिना वा सो भन्दा बढी अवधिको लागि वैदेशिक तालिममा जाने त्यस्तो प्रहरी कर्मचारीलाई "घ" वर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ।

(५) भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन पदमा बढुवा हुने हो सो पदभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन प्रारम्भ हुनुअघि कुनै प्रदेश प्रहरी कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरेको अङ्क घट्ने छैन। त्यसरी प्राप्त गरेको अङ्कलाई पूर्णाङ्क आठमा परिणत गरी सोही बमोजिम प्राप्ताङ्क निर्धारण गरिनेछ।

३३. **शैक्षिक योग्यता**: (१) बढुवाका लागि प्रहरी कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा देहाय बमोजिम बढीमा दश अङ्क दिइनेछः-

| शैक्षिक योग्यता | | अङ्क |
|---|---|---|
| १. | हाल बहाल रहेको पदमा नयाँ नियुक्ति गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत। | ८ |
| २. | न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो तहको शैक्षिक योग्यता बापत थप। | २ |
| ३. | बढुवाद्वारा हालको पदमा बहाल रहेको प्रहरी कर्मचारीको हकमा खण्ड (क) बमोजिमको शैक्षिक योग्यता नभएमा सो भन्दा एक तह मुनिको शैक्षिक योग्यता बापत। | ५ |

(२) यस ऐन बमोजिम प्रहरी कर्मचारीको बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

३४. **तालिम**: (१) प्रदेश प्रहरी सेवाको पदमा रहँदा लिएको कुनै दुई आधारभूत वा सेवाकालीन तालिम बापत देहाय बमोजिम बढीमा सात अङ्क दिइनेछः-

(क) "क" श्रेणी -३.५ अङ्क

(ख) "ख" श्रेणी -२.५ अङ्क

(ग) "ग" श्रेणी -१.५ अङ्क

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश प्रहरी कर्मचारीलाई तालिम बापतको अङ्क दिंदा पन्ध्र कार्य दिनभन्दा कम अवधिको तालिमका लागि कुनै अङ्क दिइने छैन।

(३) श्रेणी नखुलेको तालिम बापत कुनै प्रहरी कर्मचारीको अङ्क गणना गर्दा "ख" श्रेणी बराबरको अङ्क गणना गरिनेछ।

(४) हाल कार्यरत पदमा लिएको तालिम बापतको अङ्क एक तह माथिको पदमा मात्र बढुवाको लागि गणना गरिनेछ।

(५) कुनै प्रदेश प्रहरी कर्मचारीले यो ऐन प्रारम्भ हुनुभन्दा अघि हासिल गरेको तालिमको हकमा समेत उपदफा (१) बमोजिमको श्रेणी बापतको अङ्क प्राप्त गरेको मानिनेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तालिम बापत अङ्क दिँदा जुन तहको पदमा छँदा आधारभूत तालिम लिएको हो सो पदबाट एक तह माथिको पदमा बढुवा हुन बाहेक अन्य पदमा बढुवाको लागि अङ्क दिइने छैन।

(७) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. **चुनौतीपूर्ण तथा विशेष जिम्मेवारी बापतको अङ्कः** (१) कुनै प्रहरी कर्मचारीले चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरे बापत अङ्क लिँदा देहाय बमोजिम बढीमा पाँच अङ्क दिइनेछः-

(क) अति चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत -५ अङ्क

(ख) मध्यमस्तरको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत -३.५ अङ्क

(ग) सामान्य वा चुनौतीपूर्ण जिम्मेवारी बापत -२ अङ्क

(२) उपदफा (१) खण्ड (क) र (ख) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापतको अङ्क गणना गर्दा जुन पदमा रहँदा अङ्क प्राप्त गरेको हो सो पदबाट एक तह माथिको पदमा बढुवाको लागि मात्र अङ्क गणना गरिनेछ। अङ्क प्रदान गर्दा के कस्तो चुनौतीपूर्ण र विशेष जिम्मेवारी बापत अङ्क प्रदान गरिएको हो सो समेत स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(३) यस ऐन बमोजिम कुन कुन क्षेत्रमा कार्य गर्ने प्रहरी कर्मचारीलाई चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरेको हो भन्ने विषयको निर्धारण प्रदेश प्रहरी कार्यालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ।

(४) चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत अङ्क दिने आधार, त्यस्तो मूल्याङ्कन गर्ने अधिकारी तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३६. **बढुवा समितिले दिने अङ्कः** (१) बढुवा समितिले बढुवा हुने प्रहरी कर्मचारीलाई पाँच अङ्कसम्म प्रदान गर्नेछ। यसरी अङ्क प्रदान गर्दा बढुवा समितिको अध्यक्ष तथा सदस्यले छुट्टाछुट्टै मूल्याङ्कन गरी दिएको अङ्कको औसतबाट बढुवा समितिले अङ्क निर्धारण गर्नेछ।

(२) बढुवा समितिका अध्यक्ष वा सदस्यले उपदफा (१) बमोजिम अङ्क दिँदा कुनै प्रहरी कर्मचारीलाई दुईभन्दा कम वा चारभन्दा बढी अङ्क दिनु परेमा वस्तुगत कारण समेत उल्लेख गर्नु पर्नेछ।

(३) बढुवा समितिले अङ्क प्रदान गर्दा कार्य सम्पादनमा प्राप्त गरेको अङ्क तथा निजले हालको पदमा प्राप्त गरेको पदक, पुरस्कार तथा प्रशंसा पत्र पाएको आधारलाई तुलनात्मक रूपमा बढी अङ्क र सजाय पाएकालाई कम अङ्क दिनु पर्नेछ।

(४) बढुवा समितिले अङ्क दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **बढुवा सम्बन्धी विशेष व्यवस्था**: (१) प्रदेशको लागि देहाय बमोजिमको उत्कृष्ट कार्य गर्ने प्रहरी जवानदेखि सहायक निरीक्षकसम्मका प्रहरी कर्मचारीलाई दफा २६ को उपदफा (१) को खण्ड (ख) बमोजिमको बढुवा समितिले एक तह माथिको रिक्त पदमा बढुवा गर्न सक्नेछः-

(क) राष्ट्र तथा आफू सेवारत प्रहरी कार्यालयको मान, प्रतिष्ठा र गौरव बढाउन प्रशंसनीय, सृजनात्मक र लगनशील भई कार्य गरेको,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विभिन्न विधामा उत्कृष्ट कार्य गरी राष्ट्र र प्रहरी सङ्गठनको छवी उच्च राख्न विशेष योगदान पुऱ्याएको,

(ग) प्रदेश प्रहरी सेवामा रही कर्तव्य पालनाको सिलसिलामा वीर गति प्राप्त गरेको वा शारीरिक रूपमा अशक्त भई सेवाबाट अवकाश लिनु पर्ने अवस्थाको।

(२) उपदफा (१) बमोजिम बढुवा भएका कर्मचारीको नाम, पद, बढुवा गर्नु पर्ने आधार र औचित्य सहितको लिखित विवरण प्रदेश प्रहरी कार्यालयले बढुवा गरेको पन्ध्र दिनभित्र मन्त्रालयलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बढुवा गर्दा एक आर्थिक वर्षमा एउटा श्रेणीमा बढीमा दुई जनासम्म हुने गरी बढीमा छ जनासम्मलाई गर्न सक्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा दश वर्ष बहाल हुने प्रहरी उपरीक्षकसम्मको कर्मचारीले उमेरको हद वा पदावधिको कारणबाट अवकाश हुने भएमा अवकाश हुनुभन्दा एक महिना अगाडि त्यस्ता प्रहरी कर्मचारीलाई एक तह माथिको पदमा बढुवा गर्न सकिनेछ। यसरी बढुवा भएको पदमा निज एक महिनाभन्दा बढी कार्यरत हुने छैन।

(५) उपदफा (४) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद सृजना हुनेछ र त्यस्तो प्रहरी कर्मचारी अवकाश भएपछि त्यस्तो पद स्वतः खारेज हुनेछ।

(६) उपदफा (५) बमोजिम बढुवा भएको प्रहरी कर्मचारीलाई बढुवा हुनुभन्दा अघिको पदबाट अवकाश हुँदा पाउने सुविधाभन्दा घटी नहुने गरी सुविधा दिइनेछ।

३८. **बढुवा उपरको उजुरी**: (१) यस ऐन बमोजिम बढुवा समितिको बढुवा सिफारिसमा चित्त नबुझ्ने प्रहरी कर्मचारीले बढुवाको सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र देहायको समिति समक्ष उजुरी दिन सक्नेछः-

(क) प्रदेश लोक सेवा आयोगका अध्यक्ष -अध्यक्ष
(ख) प्रदेश लोक सेवा आयोगका अध्यक्षले तोकेको आयोगको सदस्य -सदस्य
(ग) सचिव (कानून हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(२) उपदफा (१) बमोजिम परेको उजुरी सम्बन्धमा उजुरी गर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र उजुरीको टुङ्गो लगाई सक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी सुन्ने सिमितिले सोको अभिलेख राखी सम्बन्धित बढुवा समितिलाई जानकारी गराउनेछ।

(४) बढुवाको उजुरी सुन्ने समितिले कुनै उम्मेदवारले यस ऐन बमोजिम प्राप्त गर्नु पर्ने अङ्क प्राप्त नगरेको वा प्राप्त नगर्ने अङ्क प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारिस संशोधन गर्नु पर्ने देखेमा सो समेत गरी नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको बढुवा उजुरी सुन्ने समितिको सचिवालयको काम प्रदेश लोकसेवा आयोगले गर्नेछ।

(६) बढुवा उपरको उजुरी सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ६

## सरुवा र काज

३९. **सरुवा**: (१) यस ऐनको अधीनमा रही आवश्यकता अनुरूप प्रहरी कर्मचारीको सरुवा प्रत्येक दुई दुई वर्षमा गरिनेछ।

तर राजपत्राङ्कित प्रहरी कर्मचारी तथा प्रहरी इकाइ प्रमुखको सरुवा सामान्यतया एक वर्षमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ, कार्य विविधता समेतको आधारमा स्टाफ, नेतृत्व, सहायक नेतृत्व र विशिष्टिकृत समूहहरुमा समान अवसर प्राप्त हुने गरी गरिनेछ।

(३) मन्त्रालयले प्रहरी कर्मचारीको सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमान योग्य बनाउन सरुवा समय तालिका सहितको मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(४) कुनै प्रहरी कर्मचारीले अर्को प्रदेशमा विवाह भएको कारणले सो प्रदेशमा सरुवा हुन माग गरेमा सम्बन्धित प्रदेशको सहमतिमा प्रदेश सरकारले सरुवा भई जान सहमति दिन सक्नेछ।

(५) कुनै प्रहरी कर्मचारीले अर्को प्रदेशमा समायोजन भएको प्रहरी कर्मचारीसँग विवाह भएको कारणले उक्त विवाहित प्रहरीलाई यस प्रदेशमा सरुवा हुन सम्बन्धित प्रदेशको सहमति पेश गरेमा प्रदेश सरकारले सरुवा भई आउन सहमति दिन सक्नेछ।

(६) प्रहरी कर्मचारीको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि निम्न अवस्थामा सरुवा सम्बन्धी अवधि नपुग्दै कुनै प्रहरी कर्मचारीलाई सरुवा गर्न सकिनेछः-

(क) निजले आचरण विरुद्धको कार्य गरेको प्रमाणित भएमा,
(ख) निजले पद अनुसारको जिम्मेवारी पूरा गर्न नसकेमा,
(ग) निजलाई उक्त स्थानमा राखी रहँदा सम्बन्धित स्थानको शान्ति सुरक्षा एवं कार्य वातावरण बिग्रने अवस्था आइ परेमा,
(घ) यस ऐन बमोजिम निजलाई विभागीय सजाय गर्नु पर्ने भएमा,
(ङ) तोकिए बमोजिमका अन्य अवस्था आएमा।

४०. **सरुवा गर्ने अधिकारीः** प्रदेश प्रहरी कर्मचारीलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) प्रहरी वरिष्ठ उपरीक्षकलाई प्रदेश मन्त्रिपरिषद्ले,
(ख) प्रहरी उपरीक्षकलाई आन्तरिक मामिला तथा कानून मन्त्रीले,
(ग) प्रहरी नायब उपरीक्षकलाई आन्तरिक मामिला तथा कानून सचिवले,
(घ) प्रहरी निरीक्षकलाई प्रदेश प्रहरी प्रमुखले,
(ङ) प्रहरी नायब निरीक्षक तथा प्रहरी सहायक निरीक्षकलाई प्रदेश प्रहरी कार्यालयको प्रहरी वरिष्ठ उपरीक्षकले,
(च) प्रहरी कार्यालय सहयोगीदेखि प्रहरी हवल्दारसम्मका प्रहरी कर्मचारीलाई प्रहरी उपरीक्षकले।

४१. **काज सम्बन्धी व्यवस्थाः** (१) प्रहरी कर्मचारीलाई आवाश्यकता अनुसार काजमा खटाउन सकिनेछ।

(२) प्रहरी कर्मचारीको काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ७

## प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार

४२. **प्रहरी हरहमेशा तयारी हालतमा रहनु पर्नेः** (१) प्रहरी नियमित ड्युटीमा रहेको अवस्थामा बाहेक सामान्यतया रिजर्भमा रहेको मानिनेछ, सङ्गठनलाई आवश्यक परेमा प्रहरी अधिकृत तथा जवानलाई हाजिर हुन जानकारी गराउन सकिनेछ। यस्तो जानकारी प्राप्त हुन आएमा त्यस्ता प्रहरी अधिकृत तथा जवानले सङ्गठनले तोकेको कुनै पनि इकाइमा तत्काल हाजिर हुनु पर्नेछ।

(२) प्रहरी अधिकृत तथा जवान ड्युटीमा तैनाथ रहनु पर्ने समय अवधि र मापदण्ड तोकिए बमोजिम हुनेछ।

४३. **समन्वय गर्नु पर्ने**: (१) प्रदेश प्रहरीले प्रदेशको शान्ति सुरक्षा र प्रदेशको काबु बाहिरको शान्ति सुव्यवस्था सम्बन्धमा प्रदेश सरकारमार्फत संघीय प्रहरीसँग समन्वय गर्नु पर्नेछ।

(२) प्रदेश प्रहरीले कुनै पनि एक वा एकभन्दा बढी प्रदेशसँग शान्ति सुरक्षा कायम राख्ने र अपराध अनुसन्धानसँग सम्बन्धित सूचना र सहयोग आदान-प्रदान एवं समन्वय गर्न सक्नेछ। यसरी गरिएको कार्यको जानकारी प्रदेश प्रहरी प्रमुखले यथाशिघ्र मन्त्रालयमा गराउनु पर्नेछ।

४४. **प्रहरी अधिकृत तथा जवानले प्रयोग गर्न पाउने अधिकार**: (१) प्रहरी अधिकृत तथा जवानले यस ऐन वा प्रचलित अन्य कानूनले निर्दिष्टगरे बमोजिम अधिकार वा अख्तियार प्रयोग गर्नेछ।

(२) प्रहरी अधिकृत तथा जवानले पाएको अख्तियार निजभन्दा माथिका दर्जाको प्रहरी अधिकृत तथा जवानले प्रयोग गर्न पाउनेछ।

(३) यस ऐन र प्रचलित अन्य ऐन, नियमहरुको अधीनमा रही प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने,

(ख) प्रदेशभित्र नागरिकको जीउ, धनको सुरक्षा गरी नागरिक स्वतन्त्रता तथा मानव अधिकारको संरक्षणर सुशासन प्रवर्धनमा सहयोग पुऱ्याउने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित आवश्यक सूचना संकलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(घ) शान्ति सुरक्षामा असर गर्न सक्ने खतरा, चुनौती र जोखिम सम्बन्धी सूचना संकलन, विश्लेषण, आदान-प्रदान, उपयोग र प्रतिवेदन,

(ङ) अपराध अनुसन्धानमा अन्य प्रदेश र संघलाई सहयोग तथा समन्वय,

(च) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रदेशभित्रका महत्वपूर्ण व्यक्ति, स्थान, निकाय वा आयोजनाको सुरक्षा गर्ने,

(छ) प्रदेशभित्र यातायात, भवन, संरचना र अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा गर्ने,

(ज) प्रदेशभित्रको लोकमार्ग, सहायक मार्ग तथा स्थानीय तहका मार्गमा ट्राफिक व्यवस्थापन,

(झ) प्रदेशभित्र अपराध रोकथाम र नियन्त्रणको लागि कानून बमोजिम आवश्यक उपाय अवलम्बन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायहरुसँग सहयोग र समन्वय जुटाउने,

(ञ) प्रदेशभित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन लगायत अन्य कार्यमा सहयोग गर्ने,

(ट) प्रदेशभित्र विपद्का समयमा उद्दार, राहत, पुर्नस्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी कामका लागि परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(ठ) महामारी र अन्य विपदमा मृत्यु भएका शवको व्यवस्थापन,

(ड) प्रदेशभित्र घटेका अपराध सम्बन्धी प्रादेशिक अभिलेख राख्ने,

(ढ) प्रचलित कानून बमोजिम प्रदेश कारागार, हिरासत कक्ष तथा कारागार र हिरासत कक्षमा रहेका कैदी र बन्दीको व्यवस्थापन गर्ने र सुरक्षा व्यवस्था मिलाउने,

(ण) ट्राफिक प्रहरीलाई समय अनुकूल तथा दक्ष बनाई प्रदेशमा हुने सवारी आवागमनलाई सुरक्षित बनाउने तथा प्रदेशको ट्राफिक व्यवस्थापन गर्ने,

(त) प्रदेशभित्र निजी क्षेत्रका सुरक्षा प्रदायक तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड पालना गरे, नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

(थ) प्रदेश प्रहरीको तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(द) सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,

(ध) बेवारिस सम्पत्ति जिम्मा लिई प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने,

(न) प्रचलित कानून बमोजिम अन्य निकायबाट अनुसन्धान हुने कसूरको सम्बन्धमा माग भएको सहयोग उपलब्ध गराउने,

(प) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण गर्नु पर्ने भएमा संघीय कानून बमोजिम सोको लागि समन्वय तथा सुरक्षा व्यवस्थापन गर्ने,

(फ) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी सङ्गठनसँग सम्पर्क, सूचना आदान प्रदान र समन्वय गर्ने।

(ब) फौजदारी कार्यविधिको कार्यान्वयन गर्ने,

(भ) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम अन्य कार्यहरू गर्ने, गराउने।

**४५. <u>पक्राउ गर्न सक्ने अधिकार</u>:** (१) प्रचलित कानून बमोजिम कसैलाई पक्राउ गर्नुपर्ने भएमा प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया अपनाई प्रदेश प्रहरीले पक्राउ गर्न सक्नेछ।

(२) प्रहरी अधिकृत तथा जवानले देहायका व्यक्तिलाई पक्राउ पुर्जी बिना गिरफ्तार गर्न सक्नेछः-

(क) तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने अपराधमा संलग्न भएको वा त्यस्तो सजाय हुने अपराधमा संलग्न हुन सक्ने शंकास्पद व्यक्ति,

(ख) कुनै अपराधमा संलग्न रही फरार रहेको व्यक्ति वा कानून बमोजिम सजाय भई फरार रहेको अपराधी,

(ग) कर्फ्यू लागेको समयमा शंकास्पद तरिकाले हिँडडुल गरिरहेको व्यक्ति,

(घ) मनासिब कारण नभई रातमा हातहतियार, खरखजाना वा शंकास्पद चिजवस्तु साथमा लिई हिँडेको व्यक्ति,

(ङ) कानून बमोजिम थुनिएको ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति,

(च) नेपाली सेना। नेपाल प्रहरी सेवा र सशस्त्र प्रहरी बल, नेपाल छाडी भागेको व्यक्ति,

(छ) प्रचलित कानून बमोजिम हुने अपराध गरेको छ भन्ने मनासिब शंका भएको व्यक्ति,

(ज) कसूर प्रमाणित भई कैद वा जरिबानाको फैसला पश्चात सो बमोजिमको सजाय भुक्तान नगरेका व्यक्ति।

(३) कानून बमोजिम पक्राउ गर्नु पर्ने वा गम्भीर अपराधमा संलग्न भएको मनासिब कारण भएको कुनै पनि व्यक्तिलाई प्रहरीले पक्राउ गर्नु पर्ने भएमा सो कुरा प्रष्ट रूपमा खोली प्रचलित कानून बमोजिम प्रहरी नियन्त्रणमा आउन अनुरोध गर्नेछ। प्रहरीले अनुरोध गर्दा नमानी बलजफ्ती गर्ने वा भाग्ने वा उम्कने वा सोको प्रयास गर्ने व्यक्तिलाई प्रहरीले आत्मसमर्पण गर्ने जनाउ दिई आवश्यकता अनुसार बलपूर्वक आफ्नो नियन्त्रणमा लिनु पर्नेछ। प्रहरीले नियन्त्रणमा लिने क्रममा प्रहरी माथिनै आक्रमण गर्ने वा हमला गरी चोट पुऱ्याउने कार्य गरेमा त्यस्ता व्यक्तिको विरुद्धमा प्रहरीले प्रचलित कानून बमोजिम आवश्यक न्यूनतम बल प्रयोग गर्न सक्नेछ।

(४) यस ऐन बमोजिमको प्रहरी कर्मचारीले अपराध अनुसन्धानको सिलसिलामा अन्य प्रदेशमा गई कुनै अभियुक्तलाई तत्काल पक्राउ गर्नु पर्ने भएमा सम्बन्धित प्रदेश प्रहरी कार्यालयको समन्वयमा र अपराधको अनुसन्धान गर्नु परेमा सम्बन्धित प्रदेशको सुरक्षा हेर्ने मन्त्रालय वा निकायसँग समन्वय गरी गर्नु पर्नेछ।

(५) अन्य प्रदेशको प्रहरी कर्मचारीले यस प्रदेशमा आई कुनै अभियुक्तलाई तत्काल पक्राउ गर्नु पर्ने वा अपराधको अनुसन्धान गर्नु पर्ने भएमा समेत उपदफा (४) बमोजिमकै प्रक्रिया अपनाउनु पर्नेछ।

(६) उपदफा (१), (२), (३), (४) वा (५) बमोजिम पक्राउ भएका व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

४६. **प्रहरी कार्यालयले अभिलेख राख्नु पर्ने**: (१) प्रदेश प्रहरी कार्यालयले दैनिक रूपमा सम्पादन गरिएका कार्यहरुको विवरण तोकिए बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिमको अभिलेखको अवलोकन र निरीक्षण गर्न सक्नेछ।

(३) यस्तो अभिलेख प्रदेश प्रहरी सङ्गठनको तोकिएको कार्यालयले अध्यावधिक गरी सही एवं दुरुस्त हालतमा रुजू राख्नु पर्नेछ।

(४) नेपाल प्रहरी, अन्य प्रदेशका प्रदेश प्रहरीलाई तोकिए बमोजिमको प्रक्रिया पूरा गरी आवश्यक सूचना तथा अभिलेख उपलब्ध गराउनु प्रदेश प्रहरीको कर्तव्य हुनेछ।

## परिच्छेद- ८

## प्रदेश प्रहरी अधिकृत तथा जवानको तलब, भत्ता, रासन तथा अन्य सुविधा

४७. **प्रदेश प्रहरी कर्मचारीले पाउने सुविधाः** (१) प्रदेश प्रहरी अधिकृत तथा जवानले पाउने तलब भत्ता, रासन, चाडबाड खर्च तथा अन्य सुविधा नेपाल प्रहरीका अधिकृत तथा जवानको भन्दा कम हुने छैन।

(२) प्रदेश प्रहरी अधिकृत तथा जवानले सेवा अवधिभर राजपत्राङ्कित श्रेणीको प्रहरी अधिकृत भए बाह्र महिना बराबरको, राजपत्र अनङ्कित प्रथम श्रेणीको प्रहरी भए अठार महिना बराबरको र अन्य राजपत्र अनङ्कित र श्रेणी विहीन प्रहरी भए एक्काइस महिना बराबरको खाइपाइ आएको तलब रकमसम्म उपचार खर्च बापत तोकिए बमोजिम प्रक्रिया र मापदण्ड बमोजिम पाउनेछ।

(३) प्रदेश प्रहरी कर्मचारीहरुको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरी दिनेछ।

४८. **बीमा सम्बन्धी व्यवस्थाः** प्रदेश सरकारले तोकिए बमोजिम प्रदेश प्रहरी कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ।

४९. **प्रहरी कल्याण कोषः** (१) प्रदेश प्रहरीको हित अभिवृद्धिको लागि प्रदेश प्रहरी कल्याण कोष स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषको उपयोग, सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

५०. **बिदाः** (१) प्रहरी कर्मचारीले देहाय बमोजिमका बिदा पाउनेछन्:-

(क) भैपरी आउने बिदा,
(ख) घर बिदा,
(ग) बिरामी बिदा,
(घ) किरिया बिदा,
(ङ) प्रसूति बिदा,
(च) प्रसूति स्याहार बिदा,
(छ) सट्टा बिदा,
(ज) अध्ययन बिदा।

(२) प्रहरी कर्मचारीले अधिकारको रूपमा बिदाको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिम प्रहरी कर्मचारीले पाउने बिदा सम्बन्धी कार्यविधि लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ९

## प्रदेश प्रहरी सेवाका कर्मचारीको अनिवार्य अवकाश, उपदान, निवृत्तीभरण तथा उपचार खर्च

**५१. अनिवार्य अवकाशः** प्रदेश प्रहरी कर्मचारीको अनिवार्य अवकाश सम्बन्धी व्यवस्था प्रचलित संघीय प्रहरी सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

**५२. उपदानः** (१) पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर निवृत्तीभरण पाउने अवधि नपुगेको प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा त्यस्तो प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त आयोग्य नठहरीने गरी पदबाट हटाइएमा देहाय बमोजिम उपदान पाउनेछः-

(क) पाँच वर्षभन्दा बढी दश वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

**स्पष्टीकरणः** यस दफा र दफा ५३ को प्रयोजनको लागि "आखिरी तलब" भन्नाले प्रहरी कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै प्रहरी कर्मचारी निलम्बनमा रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई उपदान दिइने छैन।

**५३. निवृत्तीभरणः** (१) बीस वर्ष वा सो भन्दा बढी समयसम्म प्रदेश प्रहरी सेवामा काम गरेको प्रहरी कर्मचारीले नोकरीबाट अवकाश पाएको मितिले निवृत्तीभरण पाउनेछ।

तर प्रचलित कानून बमोजिम समायोजन भई आएका प्रहरी कर्मचारीको हकमा प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई निवृत्तीभरण दिइने छैन।

(३) उपदफा (१) वा (२) बमोजिम दिइने निवृत्तीभरणको हिसाब देहाय बमोजिम हुनेछः-

(क) प्रहरी निरीक्षकदेखि प्रहरी वरिष्ठ उपरीक्षकसम्मको प्रहरी कर्मचारीको हकमाः-

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{५०}$$

(२) प्रहरी नायब निरीक्षक र सो भन्दा मुनिका प्रहरी कर्मचारीको हकमाः-

$$\frac{\text{नोकरी वर्ष} \times \text{आखिरी तलब}}{४०}$$

(४) अवकाश भई प्रहरी हवल्दार र सोभन्दा मुनिको पदबाट निवृत्तीभरण पाइरहेका व्यक्तिको उमेर साठी वर्ष पूरा भएपछि निजले पाइरहेको निवृत्तीभरणको अङ्कमा तीस प्रतिशत थप गरिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तीभरणको न्यूनतम रकम समान पदको आधाभन्दा बहालवाला प्रहरी कर्मचारीको तलब स्केलको शुरुअङ्कको कम र अधिकतम रकम समान पदको बहालवाला प्रहरी कर्मचारीको तलबको शुरु स्केलभन्दा बढी हुने छैन।

(६) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै प्रहरी कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तीभरणको लागि आवश्यक पर्ने सेवा अवधि पुऱ्याउन चाहिने वर्ष थप गरी निजको परिवारलाई निवृत्तीभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको प्रहरी कर्मचारीले यस ऐन बमोजिम निवृत्तीभरण पाउने छैन।

(८) बहालवाला प्रहरी कर्मचारीको तलबवृद्धि हुँदा तलबको शुरुअङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका निवृत्त प्रहरी कर्मचारीको निवृत्तीभरण रकममा पनि थप गरिनेछ।

(९) प्रदेश प्रहरी सेवाका कर्मचारीहरु तथा तिनका परिवारहरुले पाउने उपचार खर्च, पारिवारिक निवृत्तिभरण तथा उपदान, असाधारण पारिवारिक निवृत्तीभरण र उपदान, सन्ततिवृत्ति र शैक्षिकवृत्ति, अशक्तवृत्ति प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) यस दफा बमोजिम प्रदान गरिने निवृत्तीभरण र उपदान लगायतका अन्य सुविधा योगदानमा आधारित हुनेछ।

५४. <u>राजीनामा दिन सक्ने</u>ः (१) प्रहरी कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अवकाश लिन सक्नेछ।

(२) प्रहरी कर्मचारीको राजीनामा स्वीकृत गर्ने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) प्रहरी कर्मचारीको नोकरी अवधिको गणना तोकिए बमोजिमको हिसाबबाट हुनेछ।

५५. **नोकरी छोड्न नपाउने**: (१) कुनै पनि प्रदेश प्रहरी कर्मचारीले आफू नियुक्ति भएको पाँच वर्षसम्म नोकरी छोड्न पाउने छैन।

तर कुनै प्रहरी कर्मचारीलाई मनासिब माफिकको कारण परी नोकरी नछोडी नहुने अवस्था परेमा निजले कारण खोली राजपत्राङ्कित प्रहरी कर्मचारीले प्रदेश प्रहरी प्रमुखमार्फत मन्त्रालय समक्ष, राजपत्र अनङ्कित कर्मचारीले प्रदेश प्रहरी प्रमुखसमक्ष निवेदन गर्नु पर्नेछ र कारण मनासिब भएमा कर्मचारीलाई नोकरी छाड्न अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) विपरीत नोकरी छोड्ने प्रहरी कर्मचारीलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट लगानी भएको तथा स्वदेश र विदेशमा गराइने आधारभूत तालिम लगायतका रकम असुल उपर गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा गरे बापत निजले पाएको तलब, राशन, दैनिक भ्रमण भत्ता तथा तोकिए बमोजिमको सरकारी स्केलमा पाउने सरसामान बापतका रकम असुल उपर गरिने छैन।

## परिच्छेद- १०

## आचरण

५६. **दान, दातव्य, उपहार लिन नहुने**: (१) सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यले स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापट लिन वा अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्न हुँदैन।

(२) प्रहरी कर्मचारीले विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

५७. **सम्पत्तिको विवरण दिनु पर्ने**: प्रत्येक प्रहरी कर्मचारीले नेपाल सरकारले तोकेको फाराममा आफ्नो सम्पत्ति विवरण भरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र दफा ९५ बमोजिमको निकायमा पेश गर्नु पर्नेछ।

तर नयाँ नियुक्ति भएको प्रहरी कर्मचारीले त्यस्तो नियुक्ति भएको साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

५८. **<u>कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने</u>**: प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैन:-

(क) कुनै बैंक, कम्पनी वा सहकारी संस्थाको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

५९. **<u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध</u>**: (१) प्रहरी कर्मचारीले प्रदेश सरकारद्वारा अथवा विशेष रूपबाट अख्तियार नपाई आफूले कर्तव्यको पालना गर्दा प्राप्त गरेको कुनै गोप्य वा आफूले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनाधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको प्रतिबन्ध जुनसुकै कारणले प्रदेश प्रहरी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू हुनेछ।

६०. **<u>रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुने</u>**: (१) प्रहरी कर्मचारीले मन्त्रालयको अनुमति प्राप्त नगरी कुनै रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यममा आफ्नै वास्तविकअथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशन गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन।

तर प्रहरी सङ्गठनको प्रवक्ताको रूपमा तोकिएको प्रहरी कर्मचारीले सम्बन्धित प्रहरी सङ्गठनको प्रमुखको अनुमतिमा कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्नेछैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक र व्यावसायिक विषयको लेख प्रकाशन वा प्रसारण गर्न सकिनेछ।

तर त्यस्तो लेख प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालयमा जानकारी गराउनु पर्नेछ।

६१. **<u>प्रेसको सहारा लिन नहुने</u>**: कुनै प्रहरी कर्मचारीले निजको कर्तव्य पालनाको सम्बन्धमा लगाइएको आरोपको निमित्त मन्त्रालयको पूर्व स्वीकृति नलिई प्रेस अथवा सञ्चार माध्यमको सहारा लिन हुँदैन।

६२. **<u>सरकारको आलोचना गर्न नहुने</u>**: (१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनताबीचको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल् पर्न सक्ने गरी कुनै प्रहरी कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, सामाजिक सञ्जालबाट

कुनै कुरा व्यक्त गर्न, कुनै सामग्रीको प्रचार प्रसार गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्नहुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

६३. **निर्वाचनमा भाग लिन नहुने**: प्रहरी कर्मचारीले कुनै राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचार-प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

६४. **राजनीतिमा भाग लिन नहुने**: प्रहरी कर्मचारीले कुनै राजनीतिक दल वा दलसँग आबद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन, त्यस्ता दल वा सङ्गठनलाई चन्दा दिन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिन हुँदैन।

६५. **राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने**: प्रहरी कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले आफूभन्दा माथिका अधिकृत वा अन्य प्रहरी कर्मचारी माथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

६६. **समय पालन र नियमितता**: प्रहरी कर्मचारीले नियमित रूपले आफ्नो पालोमा कार्यालयमा वा आफूखटिएको ठाउँमा हाजिर हुनु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा आफूखटिएको ठाउँमा अनुपस्थित हुनु हुँदैन।

६७. **अनुशासन र आज्ञापालन**: प्रहरी कर्मचारीले देहाय बमोजिमको अनुशासन र आदेश पालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परतासाथ पालना गर्नु पर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताकासाथ पालना गर्नु पर्ने,

(ग) आफूभन्दा माथिका सबै अधिकृतप्रति उचित आदर देखाउनु पर्ने र आफूमातहतका प्रहरी कर्मचारीप्रति उचित व्यवहार गर्नु पर्ने,

(घ) उच्छृङ्खल गतिविधि गर्न नहुने,

(ङ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवाका मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न, गराउन नहुने।

६८. **लैंगिक संवेदनशील हुनु पर्ने**: प्रहरी कर्मचारी आफ्नो काम, कारबाही र व्यवहारमा लैंगिक संवेदनशील हुनु पर्नेछ।

६९. **कानून विपरीत विवाह गर्न नहुने**: प्रहरी कर्मचारीले विहावारी सम्बन्धी प्रचलित कानून विपरीत हुने गरी विवाह गर्नु, गराउनु हुँदैन।

७०. **<u>स्थायी आवासीय अनुमति लिन नहुने</u>:** (१) प्रहरी कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिन हुँदैन।

(२) कुनै प्रहरी कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित प्रहरी कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेश गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रदेश प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।

७१. **<u>हातपात वा जोरजुलुम गर्न नहुने</u>:** कुनै प्रहरी कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहतको प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन।

७२. **<u>घरायसी कामकाजमा खटाउन वा लगाउन नहुने</u>:** कुनै पनि प्रहरी कर्मचारीलाई प्रचलित कानून बमोजिम कुनै व्यक्तिको सुरक्षाको प्रयोजनको लागि खटाउन बाहेक कसैको घरायसी कामकाज गर्ने प्रयोजनको लागि खटाउन वा लगाउन हुँदैन र कुनै प्रहरी कर्मचारी त्यस्तो कामको लागि खटिन हुँदैन।

७३. **<u>यौनजन्य दुर्व्यवहार गर्न नहुने</u>:** प्रहरी कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

७४. **<u>यातना दिन नहुने</u>:** प्रहरी कर्मचारीले अपराध अनुसन्धान वा अन्य कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुँदैन।

७५. **<u>प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध</u>:** (१) प्रहरी कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, सरकारको विरुद्ध दबाव सृजना गर्ने उद्देश्यले अनसन बसी, अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

(२) उपदफा (१) विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा त्यस्तो प्रहरी कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्तिसमेत भराइनेछ।

७६. **<u>प्रतिनिधित्व गर्न नहुने</u>:** प्रहरी कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

७७. **<u>अन्य आचरण</u>:** प्रहरी कर्मचारीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ।

## परिच्छेद- ११

## विभागीय सजाय तथा पुनरावेदन

७८. **विभागीय सजाय**: (१) प्रचलित संघीय कानून बमोजिम समायोजन भई प्रदेशमा खटिएका प्रहरी कर्मचारीको विभागीय सजाय र सो सजाय दिने अधिकारी प्रचलित संघीय कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) मा उल्लेख भएदेखि बाहेक प्रदेश प्रहरीमा नियुक्त भएका प्रहरी अधिकृत तथा जवानलाई उचित र पर्याप्त कारण भएमा देहाय बमोजिमको विभागीय सजाय दिन सकिनेछ:-

(क) सामान्य सजाय:

(१) नसिहत दिने,

(२) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(३) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(४) बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने,

(५) खाइपाइ आएको बढीमा पाँच तलब वृद्धिसम्म घटुवा गर्ने,

(६) हालको पदको ज्येष्ठतासहित खाइपाइ आएको शुरु स्केलमा घटुवा गर्ने,

(७) एक तहको तल्लो पदमा घटुवा गर्ने।

(ख) विशेष सजाय:

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

७९. **नसिहत दिने वा प्रतिकूल राय लेख्ने**: देहायको अवस्थामा कुनै प्रहरी अधिकृत तथा जवानलाई यातना नहुने गरी नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछ:-

(क) कार्य सम्पादन सन्तोषजनक नभएमा,

(ख) तालिममा खटाउँदा नगएको वा तालिम अवधिमा लापरबाही गरी गैरजिम्मेवारीपूर्ण व्यवहार देखाएमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालन नगरेमा,

(घ) सेवाग्राहीलाई दुर्व्यवहार गरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका बखत मनासिब आधार र कारण बिना बाटोका म्यादपछि सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(च) दुई पटकसम्म लिखित चेतावनी पाएमा वा सचेत गराइएमा।

८०. **बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने**: देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्न सक्नेछः-

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापरबाही गरेमा,

(ख) यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) कानून बमोजिम माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) दफा ५७, ५८, ५९, ६०, ६६, ६७, ६८, ६९, ७२, ७६, ७७ आचरण सम्बन्धी नियम उलङ्घन गरेमा,

(ङ) दफा ७९ बमोजिमको सजाय दुई पटक पाइसके पछि पुनः सो दफा बमोजिम कुनै काम गरेमा।

८१. **बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने वा शुरु स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने**: देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले कुनै प्रहरी कर्मचारीले खाइपाइ आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित खाइपाइ आएको शुरु स्केलमा घटुवा गर्न वा तल्लो पदमा घटुवा गर्न सक्नेछः

(क) अनुशासनहीन काम गरेमा,

(ख) दफा ५६, ६१, ६२, ६९, ७१ मा उल्लिखित आचरण सम्बन्धी नियम उलङ्घन गरेमा,

(ग) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुट्टा कारण देखाएमा,

(घ) कानून बमोजिम दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैरहाजिर भएमा,

(च) लापरबाही गरेमा वा नियम आदेशको पालना नगरेमा,

(छ) लापरबाही गरी सरकारी सम्पत्ति हानि नोक्सानी गरेमा,

(ज) नैतिक पतन देखिने फौजदारी कसूर बाहेकको अन्य कुनै फौजदारी अभियोगमा कैद बाहेक जरिबाना वा क्षतिपूर्ति भराउने वा दुबै सजाय भएमा।

८२. **<u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने</u>**: (१) देहायको कुनै पनि अवस्थामा प्रदेश प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) आफ्नो पदीय जिम्मेवारीमा बराबर लापरबाही गरेमा,

(ख) आचरण सम्बन्धी कुराहरु बराबर उलङ्घन गरेमा,

(ग) ड्युटिको समयमा बराबर मादक पदार्थ सेवन गरेमा,

(घ) बराबर अनुशासनहीन काम गरेमा,

(ङ) दफा ६३, ६४, ६५, ७०, ७३, ७४ र ७५ मा उल्लिखित आचरण उलङ्घन गरेमा,

(च) बिदा स्वीकृति नगराई लगातार पैंतालीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(छ) दफा ७९, ८० र ८१ बमोजिमको सजाय तीन पटक पाइसके पछि पुनः सो दफा बमोजिमको कुनै काम गरेमा,

(ज) नैतिक पतन देखिने बाहेकका अन्य कुनै फौजदारी कसूरमा दोषी ठहर भई कैद सजाय भएमा, सरकारी कार्य सम्पादनमा संलग्न हुने क्रममा प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिनाभन्दा कम कैद सजाय भएमा,

(झ) अध्ययन बिदा पूरा गरी फर्किएपछि तोकिए बमोजिमको अवधिसम्म सेवा नगरेमा।

(२) देहायको कुनै अवस्थामा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएमा,

(घ) प्रहरी विशेष अदालतबाट दोषी ठहरिएमा।

८३. **<u>कार्यालयमा अनुपस्थित भएमा वा झुट्टा विवरण पेश गरेमा हुने कारबाही</u>**: (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने प्रहरी कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयलकट्टी भएको अवधि अनिवार्य अवकाश बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुने छैन।

(२) कुनै पनि प्रहरी कर्मचारीले झुट्टा कारण देखाई बिदा लिई बसेको ठहरेमा बिदा बसेको अवधिलाई गैरहाजिर गराई गैरहाजिर सम्बन्धी कसूरमा कारबाही हुनेछ।

८४. **सजाय सम्बन्धी कार्यविधिः** (१) प्रहरी कर्मचारीलाई यस ऐन बमोजिमको विभागीय सजायको आदेश दिनुअघि विभागीय सजाय आदेश दिने अधिकारीले निजलाई कारबाही गर्न लागिएको ब्यहोरा स्पष्ट उल्लेख गरी कम्तीमा सात दिनको मौका दिई लिखित सूचना दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्ने छ। यसरी त्यस्तो लिखित सूचनामा निज उपर लगाइएको आरोप स्पष्ट रूपले किटिएको हुनुपर्दछ। साथै प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ। आरोप लागेको प्रहरी कर्मचारीले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो सफाइ लिखित रूपमा पेश गर्नु पर्नेछ।

(२) विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिम सफाइ पेश गर्न दिइएको म्यादभित्र सफाइ पेश नगरेमा वा पेश हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो प्रहरी कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

(३) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीको सम्बन्धमा प्रहरी सेवाबाट हटाउन वा बर्खास्त गर्दा तोकिए बमोजिम गर्नु पर्नेछ।

तर नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भइसकेको अपराध गरेको वा प्रहरी विशेष अदालतबाट ठहर गरी कैदको सजाय पाएको कुनै प्रहरी कर्मचारीलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिए पुग्नेछ।

(४) विभागीय सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई बर्खास्त गर्ने, सेवाबाट हटाउने दर्जा वा तलब घटाउने आदेश दिँदा सो गर्नाको आधार सहितको अभियोग, सो बारे जाँचबुझ गरेको ब्यहोरा, निजलाई सफाइको मौका दिएकोमा निजको सफाइको जिकिर र सो जिकिर बमोजिमको केही बुझिलिएको भए सो समेत बारे आफ्नो ठहर लेखी सफाइको मौका नदिएकोमा सो दिन मनासिब नपरेको अवस्था देखाई ब्यहोरा खुलाएको पर्चा समेत खडा गरी सही गरी मिसिल सामेल राख्नु पर्छ।

(५) दफा ७८ को उपदफा (२) को खण्ड (ख) बमोजिम विशेष सजाय गर्नु पूर्व प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(६) विभागीय सजाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८५. **निलम्बनः** (१) कुनै प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ। यसरी निलम्बन गर्दा निलम्बन गर्नुका आधार र कारण स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि छ महिनाभन्दा बढी हुने छैन। निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्था विद्यमान हुनु पर्नेछः-

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुट्टा प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुद प्रमाण गायब वा नष्ट गर्न सक्ने देखिएमा,

वा

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा थप सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा

वा

(ग) कुनै प्रहरी कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगरे सङ्गठनभित्रका कर्मचारीहरुमा नैराश्यता, उत्तेजना आउने वा जनमानसमा नकारात्मक असर पर्न सक्ने वा प्रहरी सङ्गठनकै प्रतिष्ठामा आँच आउने भएमा।

(४) उपदफा (१) बमोजिम निलम्बन अवस्थामा रहेको प्रहरी कर्मचारीले पाउने तलब भत्ताको आधा रकममात्र पाउनेछ।

(५) कुनै फौजदारी अभियोगमा वा ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भई थुनिएको वा त्यस्तो आरोप लागेको प्रहरी कर्मचारी साधारण तारेखमा छुटेको अवस्थामा बाहेक सो मुद्दामा फैसला नभएसम्म स्वतः निलम्बनमा रहनेछ र सो मुद्दामा फैसला हुँदा सफाइ पाएमा त्यस्तो निलम्बन फुकुवा भई सेवामा बहाली हुनेछ।

(६) यस ऐन तथा प्रचलित कानून बमोजिम निलम्बित प्रहरी कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको निलम्बनमा रहेका अवस्थामा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब (तलबवृद्धि हुने भएमा सो समेत) पाउँनेछ।

तर

(क) कसूरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन,

(ख) कुनै प्रहरी कर्मचारी सरकारी कामको सम्बन्धमा वा कुनै कर्मचारीलाई तोकेको दायित्व पालनाको क्रममा प्रदेश सरकारबाट भएको कारबाही स्वरूप निलम्बन भएको नभई अरु नै कारणबाट स्वयं निलम्बन हुन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

(७) कुनै प्रहरी कर्मचारी उपर नेपाल सरकार वादी हुने कुनै फौजदारी अभियोगमा कुनै अधिकार प्राप्त अधिकारीले निलम्बन गर्नु पर्नेछ र सोको जानकारी सम्बन्धित निकायलाई दिनु पर्नेछ।

(८) शुरु अदालतबाट सफाइ पाएको कुनै प्रहरी कर्मचारी माथिल्लो अदालतबाट दोषी ठहर भएमा सो कुराको जानकारी दिने दायित्व सम्बन्धित प्रहरी कर्मचारीको हुनेछ। त्यसरी जानकारी नदिएको कारणबाट त्यस्तो अवधिको तलब भत्ता पाएको भए सो रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

८६. **<u>सेवाको अन्त गर्न सक्ने</u>**: कुनै प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नु पर्ने भएमा प्रहरी अख्तियारवालाले पर्चा खडा गरी सेवाको अन्त गर्न सक्नेछ। यसरी सेवाको अन्त गर्दा दफा ८४ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछैनः-

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै,

(ख) नेपाल सरकार वा प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले शारीरिक वा मानसिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

८७. **<u>सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी</u>**: (१) दफा ७८ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित सामान्य सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

(२) दफा ७८ को उपदफा (२) को खण्ड (ख) मा उल्लिखित विशेष सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) उपदफा (२) बमोजिम भएको सजायको पुनरावेदन सुन्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

८८. **<u>पुनरावेदनको कार्यविधि</u>**: (१) दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने प्रहरी कर्मचारीले जुन कार्यालय मार्फत कारबाहीको आदेश गरिएको हो सोही कार्यालयमार्फत वा सोझै पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी पुनरावेदन दिन सक्नेछ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त आफूसँग भएको प्रमाण राखी शिष्ट भाषामा लेखी दिनु पर्नेछ। पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिंदा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र दिनु पर्नेछ।

(४) विभागीय सजायको आदेश सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

८९. **<u>पुनर्बहाली भएमा पाउने सुविधा</u>**: (१) कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी दिइएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई सेवामा पुनः कायम

भएमा त्यस्तो प्रहरी कर्मचारीले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत पाउनेछ।

तर भगौडा वा गैरहाजिर भई सेवाबाट हटाइएको वा बर्खास्त गरिएको प्रहरी कर्मचारी सेवामा बहाली भएमा निजले भगौडा वा गैरहाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन।

(२) उपदफा (१) मा तोकिए बमोजिम तलब भत्ता तथा तलब वृद्धि पाउने भए सो तलब भत्ता बापतको रकम निजको पुनर्बहाली भएको दरबन्दीबाट पाउनेछ।

(३) शुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसूरमा विभागीय कारबाही भई सेवाबाट अलग गरिएका प्रहरी कर्मचारीले उक्त फौजदारी अभियोगमा पुनरावेदन तहबाट सफाइ पाएमा निज सेवामा पुनर्बहाली हुनेछ।

## परिच्छेद- १२

## प्रदेश सुरक्षा समिति सम्बन्धी व्यवस्था

९०. **प्रदेश सुरक्षा समितिः** (१) प्रदेशको शान्ति सुरक्षा कायम गर्न तथा प्रदेशमा हुने अपराध अनुसन्धान तथा सूचना आदान प्रदान, अन्तर प्रदेश तथा नेपाल सरकारसँग समेत सुरक्षा समन्वय लगायतको विषयमा प्रदेश सरकारलाई सुरक्षा सम्बन्धमा नीतिगत सुझाव दिन देहायको एक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) पृतनापति, नेपाली सेनाको कार्यालय प्रमुख (प्रदेश कार्यक्षेत्र भएको) -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरीको कार्यालय -सदस्य

(ङ) प्रमुख सशस्त्र प्रहरी बल नेपाल, प्रदेश कार्यालय -सदस्य

(च) प्रमुख, राष्ट्रिय अनुसन्धान, प्रदेश कार्यालय -सदस्य

(छ) प्रमुख, प्रदेश अनुसन्धान ब्यूरो -सदस्य

(ज) महाशाखा प्रमुख (शान्ति सुरक्षा हेर्ने), मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार अन्य सम्बन्धित अधिकारीलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको अन्य काम, कर्तव्य, अधिकार र व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- १३

## विविध

९१. **सेवाको सुरक्षाः** कुनै पनि प्रहरी कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तीभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन। साथैपछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको वा निवृत्तीभरण पाउने गरी अवकाश पाएको कुनै प्रहरी कर्मचारीको उपयुक्त सेवाका शर्तमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मञ्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन।

९२. **असल नियतको बचाउः** (१) प्रहरी कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम गर्नु पर्ने अपराध रोकथाम, नियन्त्रण, अनुसन्धान वा कानून कार्यान्वयन वा कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले पठाएको म्याद वा जारी गरेको विज्ञप्ति, आदेश वा वारेन्ट कार्यान्वयन गर्दा असल नियतले गरेको काममा सजायको भागी हुन र हर्जाना तिर्न पर्ने छैन र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनको क्रममा गरेको कुनै सरकारी कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रीत नपुऱ्याई मुद्दा चल्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारी उपर मुद्दा चलाउनको लागि अख्तियारवालाको अनुमति प्राप्त गर्नु पर्नेछ।

(३) कुनै प्रहरी कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(४) उपदफा (३) बमोजिम मुद्दा चलेमा निजको तर्फबाट प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

९३. **विशेष सुरक्षाको लागि प्रहरी कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) अन्य प्रचलित कानून बमोजिम प्रदेश प्रहरीले सुरक्षा प्रदान गर्ने भनी तोकिएका कुनै विशिष्ट व्यक्ति वा महत्वपूर्ण संरचना, भवन वा संस्थाको सुरक्षाको लागि वा प्रदेश प्रहरीलाई प्राप्त सूचनाका आधारमा अन्य कुनै विशिष्ट व्यक्ति वा संरचनाको सुरक्षा उपरको खतराको मूल्याङ्कन गरी तोकिए बमोजिमको समितिको सिफारिसमा वर्दीसहित वा सादा पोशाकमा प्रदेश प्रहरी खटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम खटिएका प्रदेश प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोरजुलुम गरेमा, हात उठाई वा नउठाई हमला गरेमा वा अन्य क्रियाकलाप गरेमा त्यस्तो प्रदेश प्रहरी कर्मचारीले आफूले सुरक्षा दिनुपर्ने व्यक्ति, संरचना, भवन वा संस्थाको सुरक्षा वा बचाउ गर्न वा आफ्नो जीउको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम खटिएको सुरक्षाकर्मीले आफूसँग रहेको स्रोत साधन वा हातहतियार प्रयोग बदनियत वा हेलचेत्र्याइँका साथ गरेको हो, होइन वा त्यस्तो स्रोत साधन वा हातहतियार वा बल प्रयोग गर्न आवश्यक थियो, थिएन भन्ने सम्बन्धमा छानबिन गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम छानबिन गर्दा त्यस्तो प्रहरी कर्मचारीले आफूसँग रहेको स्रोत साधन वा हातहतियारको प्रयोग बदनीयत, हेलचेत्र्याइँ साथ गरेको वा आवश्यकताभन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई विभागीय वा प्रचलित कानून बमोजिमको कारबाही अगाडी बढाउन सकिनेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक व्यक्तिले अर्को व्यक्तिको हत्या गर्न सक्ने वा सांघातिक आक्रमण गरी जीउ ज्यान लिन सक्ने वा गम्भीर घाइते बनाउन सक्ने वा ठूलो सङ्ख्याका मानिसहरुको जीउ ज्यानमा हानि पुऱ्याउन सक्ने वा सार्वजनिक स्वास्थ्यमा खतरा पार्न सक्ने वा सार्वजनिक र राष्ट्रिय सम्पत्तिमाथि आगजनी, तोडफोड, आक्रमण वा विध्वंस गरी गम्भीर क्षति पुऱ्याउन सक्ने मनासिव आधार भएमा प्रहरीले तत्काल त्यसको कार्य हुनबाट रोक्न अन्य कुनै उपाय नभएमा प्रचलित कानून बमोजिम आवश्यकता अनुसार बल प्रयोग गर्न सक्नेछ।

९४. **सेवा परिवर्तनमा बन्देजः** प्रहरी सेवाको कुनै पनि तहका प्रहरी कर्मचारीलाई निजको ईच्छा विपरीत प्रहरी सेवाबाट अन्य कुनै सेवामा सेवा परिवर्तन गरिने छैन।

९५. **प्रदेश प्रहरी अभिलेख सम्बन्धी व्यवस्थाः** (१) प्रहरी कर्मचारीहरुको अभिलेख व्यवस्थापनको लागि एक प्रदेश प्रहरी किताबखाना रहनेछ।

तर यसरी प्रदेश प्रहरी किताबखाना स्थापना नभएसम्म यसको सङ्गठन संरचना र अभिलेख सम्बन्धी सम्पूर्ण व्यवस्थापन प्रचलित संघीय कानून बमोजिम राष्ट्रिय किताबखानाले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रहरी किताबखानाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९६. **<u>अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था</u>**ः (१) अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था संघीय प्रहरी ऐन बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको सहभागिताको लागि आवश्यक मापदण्ड एवं कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

९७. **<u>सूत्र परिचालन गर्न सक्ने</u>**ः (१) शान्ति सुव्यवस्था कायम गर्न र अपराध नियन्त्रण वा अनुसन्धान सम्बन्धी सूचना संकलनका लागि प्रदेश प्रहरीले गोप्य रूपमा सूत्र परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने सूत्र परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९८. **<u>सामुदायिक प्रहरी</u>**ः (१) प्रदेश सरकारले स्थानीय तहको शान्ति सुरक्षा व्यवस्थापनको लागि प्रदेश प्रहरीको सङ्गठनको मातहत रहने गरी तोकिए बमोजिमको सामुदायिक प्रहरीको गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रहने सामुदायिक प्रहरीको सञ्चालन, व्यवस्थापन र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९९. **<u>हातहतियार, खरखजाना तथा सञ्चार साधनको प्रयोग</u>**ः प्रदेश प्रहरीले प्रयोग गर्ने हातहतियार, खरखजाना तथा सञ्चार साधन र सोको प्रयोग सम्बन्धी मापदण्डको व्यवस्था प्रचलित संघीय कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

१००. **<u>कसूर, मुद्दाको अनुसन्धान, दायरी, सजाय र पुनरावेदन</u>**ः प्रदेश प्रहरी कर्मचारीले गर्ने कसूर, मुद्दाको अनुसन्धान, दायरी, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१०१. **<u>कसूर र सजाय</u>**ः यस ऐनको परिच्छेद- ११ बमोजिमको विभागीय सजाय बाहेक प्रचलित कानून बमोजिम प्रहरी कर्मचारीको लागि हुने कसूर, सजाय र सोको कार्यविधि सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

१०२. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>**ः (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाइने छैन।

१०३. **<u>नेपाल सरकारको दायित्व हुने</u>**: प्रचलित कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएको वा खटिएको प्रहरी कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तीभरण, उपचार खर्च तथा सञ्चित बिदाको रकम नेपाल सरकारले प्रचलित कानून बमोजिम ब्यहोर्नेछ।

१०४. **<u>प्रचलित कानून लागू हुने</u>**: (१) यस ऐनमा लेखिएकोमा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित संघीय प्रहरी कानून बमोजिम हुनेछ।

(२) प्रचलित कानून बमोजिम प्रदेशमा समायोजन भएका प्रहरी कर्मचारीको हकमा प्रचलित संघीय कानून लागू हुने भए सोही बमोजिम र अन्यमा यसै ऐन बमोजिम हुनेछ।

(३) प्रदेश प्रहरीको सम्बन्धमा प्रचलित संघीय कानूनले कुनै खास विषयमा निश्चित मापदण्ड, कार्यविधि एवं अन्य व्यवस्था गर्ने भनी तोकेको वा लेखिएकोमा सोही बमोजिम हुनेछ।

१०५. **<u>नियम बनाउने अधिकार</u>**: (१) यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) यस ऐन तथा यस अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले कार्यविधि, मापदण्ड, निर्देशिका, आचारसंहिता बनाउन सक्नेछ।

# प्रदेश सार्वजनिक सडक ऐन, २०७८

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७८।०४।१२

संवत् २०७८ सालको ऐन नं. ३

**<u>प्रदेश सार्वजनिक सडक तथा परिवहन पूर्वाधारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** प्रदेशभित्र बसोबास गर्ने सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्नको लागि सबै किसिमका प्रदेश सार्वजनिक सडकहरूको वर्गीकरण एवं मापदण्ड तयार गरी सोको निर्माण, सम्भार, विस्तार, सुधार, सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश सार्वजनिक सडक ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अन्य परिवहन मार्ग" भन्नाले प्रदेशबाट निर्माण तथा सञ्चालन हुने मेट्रो रेल, मोनो रेल तथा अन्य प्रविधिका रेल मार्ग, रज्जुमार्ग र जलमार्ग सम्झनु पर्छ।

(ख) "जग्गा" भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, रुख, विरूवा इत्यादि र सोसँग स्थायी रूपले जोडिएको संरचना तथा वस्तुलाई समेत जनाउँछ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले प्रदेश सरकार, बागमती प्रदेशको यातायात पूर्वाधार निर्देशनालय सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) "प्रदेश द्रुतमार्ग" भन्नाले प्रदेशभित्रको कुनै एक स्थानलाई अर्को स्थानसँग जोड्ने, निश्चित स्थानमा मात्र प्रवेश तथा निकास खुल्ने, यातायातका साधनहरु चल्ने लेनहरु छुट्टयाइएको, एकै सतह वा परस्परका सडकहरुले नकाटिने (ग्रेड सेपरेटेड) भएको र द्रुतगतिमा यातायातका साधनहरू चलाउनका लागि विकास गरिएको सडकलाई सम्झनु पर्छ।

(छ) "प्रदेश मार्ग" भन्नाले राष्ट्रिय लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा प्रदेश लोकमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा प्रदेश सदरमुकामबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा जिल्ला सदरमुकामबाट स्थानीय तहको केन्द्र जोड्ने सडक वा दुई वा दुईभन्दा बढी स्थानीय तहको केन्द्र जोड्ने सडक वा राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्गबाट महत्त्वपूर्ण आर्थिक तथा बजार केन्द्र, धार्मिक, ऐतिहासिक, पर्यटकीय, औद्योगिक तथा अन्य महत्त्वका स्थलहरु जोड्ने सडक वा उपमार्ग (वाईपास) लाई समेत सम्झनु पर्छ।

(ज) "प्रदेश लोकमार्ग" भन्नाले राष्ट्रिय लोकमार्गबाट प्रदेश सदरमुकाम जोड्ने सडक वा राष्ट्रिय लोकमार्गबाट जिल्ला सदरमुकाम जोड्ने सडक वा प्रदेश सदरमुकामबाट जिल्ला सदरमुकाम जोड्ने सडक वा प्रदेशभित्र एक जिल्ला सदरमुकामबाट अर्को जिल्ला सदरमुकाम जोड्ने सडक वा दुई राष्ट्रिय लोकमार्ग जोड्ने सडक वा उपमार्ग (वाईपास) लाई समेत सम्झनु पर्छ।

(झ) "प्रदेश शहरी मार्ग" भन्नाले शहरी चक्रपथ, शहरभित्रका महत्त्वपूर्ण स्थान जोड्ने सडक, फ़्लाईओभर, एलिभेटेड सडक, सव-वे, आकाशे (ओभरहेड) पुल वा उपमार्ग (वाईपास) लाई समेत सम्झनु पर्छ।

(ञ) "प्रदेश सार्वजनिक सडक" भन्नाले प्रदेश सरकारको अधीनमा रहेका प्रदेशभित्रका सार्वजनिक प्रयोगमा रहेका सडक तथा अन्य परिवहन मार्ग सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका सुरुङ मार्ग, पुल, कज्वे, कल्भर्ट, साईकल मार्ग, फुटपाथ, चार्जिङ्ग स्टेशन र अन्य सडक संरचनालाई समेत जनाउँछ।

(ट) "प्रारम्भिक कारबाही चलाउने अधिकारी" भन्नाले प्रदेश सरकारबाट प्रचलित कानून बमोजिम नियुक्त भएको प्रारम्भिक कारबाही गर्ने अधिकारी सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ड) "सडक" भन्नाले तोकिएको मापदण्ड पूरा गरी निर्माण गरिएको सार्वजनिक रूपमा यातायातका साधनहरु सञ्चालन गर्न सकिने बाटो वा पथ वा मार्गलाई सम्झनु पर्छ।

(ढ) "सडक सीमा" भन्नाले प्रदेश सार्वजनिक सडक र त्यस्तो सडकको केन्द्र रेखाको दायाँ बायाँ दफा ३ बमोजिम तोकिएको जग्गाको क्षेत्र सम्झनु पर्छ।

(ण) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ।

## परिच्छेद- २

## प्रदेश सार्वजनिक सडकको वर्गीकरण, सडक सीमा, मापदण्ड र जग्गा प्राप्ति

३. **प्रदेश सार्वजनिक सडकको वर्गीकरण तथा सडक सीमाः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सार्वजनिक सडकलाई देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(क) प्रदेश द्रुतमार्ग,

(ख) प्रदेश लोकमार्ग,

(ग) प्रदेश मार्ग,

(घ) प्रदेश शहरी मार्ग,

(ङ) अन्य परिवहन मार्ग।

(२) उपदफा (१) अनुसारको सडकमा सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुवै तिर प्रदेश द्रुतमार्ग एक्काइस/एक्काइस मिटर, प्रदेश लोकमार्ग पन्ध्र/पन्ध्र मिटर, प्रदेश मार्ग बाह्र/बाह्र मिटर सडक सीमा तोक्नेछ। प्रदेश शहरी मार्ग र अन्य परिवहन मार्गको हकमा न्यूनतम पाँच/पाँच मिटर हुने गरी आवश्यकता अनुसार हुनेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको फासलाभित्र सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा प्रदेश सार्वजनिक सडक किनाराबाट छ/छ मिटरमा नबढ्ने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रभित्र कुनै किसिमको संरचना निर्माण गर्न नपाउने गरी निषेध गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम निषेध गरिएको क्षेत्रभित्र कसैले कुनै किसिमको संरचना निर्माण गरेमा त्यस्तो संरचना निर्देशनालयले भत्काउनेछ। निर्देशनालयले त्यस्तो संरचना वा भवन भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट भराउन सक्नेछ।

(५) निर्माण भई सकेको सडक क्षेत्र तोकिए बमोजिम सडकको नाममा लगत कट्टा गरिनेछ।

(६) प्रदेश सरकारले सडक सीमा संरक्षणको लागि आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ।

४. **प्रदेश सार्वजनिक सडक र सडक सीमाको निमित्त जग्गा प्राप्त गर्न सकिनेः** (१) प्रदेश सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त प्रदेश सरकारले जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ।

(२) प्रदेश सरकारले कुनै निश्चित स्थान, वर्ग, प्रकृतिको विशेष प्रभावित व्यक्ति वा समूहको लागि दिइने क्षतिपूर्ति सम्बन्धमा पुर्नवास तथा पुर्नस्थापना नीति बनाई कार्यान्वयन गर्न सक्नेछ।

(३) मुआब्जा तथा क्षतिपूर्ति निर्धारण गर्दा सडक पूर्वाधार निर्माणमा बढ्ने लागत न्यून गर्न विकास भएको सडकबाट प्राप्त हुने लाभ, अधिग्रहण हुने जग्गा वा सम्पत्तिको प्रतिशत, पूर्ण रूपमा विस्थापन हुने परिस्थिति तथा अधिग्रहण पश्चात व्यक्तिलाई पर्ने प्रभाव समेतलाई विश्लेषण गरी गर्न सक्नेछ।

## परिच्छेद- ३

## प्रदेश सार्वजनिक सडकको निर्माण, रेखदेख, सम्भार र अन्य व्यवस्था

५. **प्रदेश सार्वजनिक सडकको निर्माणः** (१) निर्देशनालयले प्रदेश सडकको निर्माण विकास, विस्तार, मर्मत सम्भार र व्यवस्थापन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सार्वजनिक सडकको निर्माण तथा विस्तार गर्नु अगाडि अनिवार्य रूपले प्रचलित कानून अनुसार वातावरणीय अध्ययन गरी कार्यान्वयन गर्नु पर्नेछ।

(३) प्रदेश सडक निर्माण गर्दा निस्केको माटो तथा निर्माण सामाग्री व्यवस्थापन, भू-ढलौट व्यवस्थापन र भू-क्षय नहुने गरी निर्माण गर्ने सम्बन्धमा मापदण्ड तथा कार्यविधि बनाई लागू गरिनेछ।

(४) दफा ३ को उपदफा (१) बमोजिमका प्रदेश सार्वजनिक सडकहरुको निर्माण सम्बन्धी ज्यामितीय ढाँचा मापदण्ड (जोमेट्रिक डिजाइन स्ट्याण्डर्स) र भारवहन मापदण्ड (पेभमेन्ट डिजाइन स्ट्याण्डर्स) सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

६. **सडक निर्माण, विस्तार वा सुधार गर्दा अरू जग्गा अधिग्रहण गर्न सकिनेः** (१) प्रदेशभित्र कुनै सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्ने काम पूरा नभएसम्म देहायको कामको लागि निर्देशनालयले कुनै जग्गा अस्थायी रूपले अधिग्रहण गर्न सक्नेछः-

(क) त्यस्तो सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न आवश्यक निर्माणका सरसामान उपकरण राख्न वा त्यस्तो निर्माण, विस्तार वा सुधार सम्बन्धी कार्यको रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरू बस्ने घर, टहरा बनाउन,

(ख) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकबाट हुने आवागमन चालु राख्न वा निर्माण पूरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसार पसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक बनाउन,

(ग) सडक अवरोध भएको अवस्थामा आकस्मिक रूपमा डाइभर्सन बनाउन।

(२) उपदफा (१) मा उल्लिखित कामको लागि विशेष परिस्थिति परेमा बाहेक देहायको घर जग्गा अधिग्रहण गरिने छैनः-

(क) कुनै व्यक्तिले आफ्नो वासस्थानको निमित्त प्रयोग गरी राखेको घर, टहरा वा भवन,

(ख) देवस्थल, स्कूल, अस्पताल, धर्मशाला वा अनाथालयको निमित्त प्रयोग भई रहेको घर जग्गा।

(३) उपदफा (१) बमोजिम अधिग्रहण गरेको जग्गा जुन कार्यको निमित्त अधिग्रहण गरिएको हो, सो कार्य सम्पन्न भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गावाला वा निजको हकवालालाई भरसक अधिग्रहण गर्दा कै अवस्थामा फिर्ता गरी दिनु पर्नेछ। क्षति वा नोक्सान भएको अवस्थामा सो को यथार्थ क्षतिपूर्ति दिनु पर्नेछ।

७. **<u>अधिग्रहण गरिने जग्गाको भाडा वा क्षतिपूर्ति र त्यसको निर्धारणः</u>** (१) देहायको अवस्थामा बाहेक दफा ६ बमोजिम कुनै जग्गा अधिग्रहण गर्दा प्रयोग गरिए बापतको क्षतिपूर्ति दिइने छैनः-

(क) कुनै घर, टहरा वा भवन सहित कुनै जग्गा अधिग्रहण गरेकोमा त्यस्तो घर, टहरा वा भवनको धनीले सो घर, टहरा वा भवन उपभोग गर्न नपाए बापतको क्षति,

(ख) बालीनाली लगाउने समय नाघ्ने गरी कुनै जग्गा अधिग्रहण गरिएमा त्यस्तो बालीनाली लगाउन नपाए बापत सम्बन्धित जग्गावालाले व्यहोर्न परेको नोक्सानी,

(ग) अधिग्रहण गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सरसामान राखेको फलस्वरूप सो जग्गालाई अधिग्रहण गर्दाको स्थितिमा ल्याउन त्यस्तो जग्गा फिर्ता पाउने व्यक्तिले व्यहोर्न पर्ने जति रकम।

तर कसैले अनाधिकृत ढङ्गले प्रयोग गरिरहेको जग्गा वा घरको सम्बन्धमा माथि खण्ड (क), (ख) र (ग) बापतको क्षतिपूर्ति दिईने छैन।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकमको निर्धारण देहाय बमोजिम गरिनेछः-

(क) निर्देशनालय, सम्बन्धित स्थानीय तहको प्रमुख वा निजले तोकेको प्रतिनिधिको उपस्थितिमा र सम्बन्धित जग्गाधनीको बीच सम्झौता भएमा सोही बमोजिम,

(ख) खण्ड (क) बमोजिम सम्झौता हुन नसकेमा सम्बन्धित स्थानीय अधिकारीको मध्यस्थताद्वारा निर्धारण गरिए बमोजिम।

८. **<u>प्रदेश सडकको दायाँ बायाँ रुख लगाउने र त्यसको रेखदेखः</u>** (१) निर्देशनालयले आवश्यकता अनुसार प्रदेश सार्वजनिक सडकको दायाँ बायाँ रुख विरुवा रोपी उचित रेखदेख र संरक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम रुख लगाउँदा सडकको अवस्था र सवारी आवागमनको सुरक्षालाई मध्यनजर राखी दृश्य स्पष्टता (भिजिविलिटी) मा असर नपर्ने गरी लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम लगाइएका रुखहरूको रेखदेख र संरक्षण गर्ने कर्तव्य सडक निर्माण भईसकेपछि सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) उपदफा (१) बमोजिम लगाइएको रुखको काँटछाँट गर्ने वा त्यस्तो रुखले आवागमनमा बाधा पुऱ्याएमा त्यसलाई हटाउने जिम्मेवारी निर्देशनालयको हुनेछ।

(५) उपदफा (१), (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्देशनालयले सो उपदफाहरूमा उल्लिखित कार्यहरू तोकिए बमोजिम अन्य कुनै व्यक्ति वा संस्थाद्वारा समेत गराउन सक्नेछ।

९. **सवारी साधन वजनको हद निर्धारण गर्ने**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सार्वजनिक सडकको भारवहन क्षमता निर्धारण गरी त्यस्तो सार्वजनिक सडकमा तोकिएको हदभन्दा बढी भार भएको सवारी चलाउन निषेध गरिनेछ।

१०. **आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन सकिने**: (१) प्रदेश सार्वजनिक सडकको निर्माण, मर्मत वा सम्भारको सम्बन्धमा कुनै आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिन आवश्यक परेमा निर्देशनालयको निर्णयानुसार वातावरणीय प्रभाव न्यून गरी आवश्यक परिमाणमा माटो, ढुङ्गा वा बालुवा जस्ता निर्माण सामाग्री लिन सकिनेछ। त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिँदा त्यसमा रहेको कुनै बाली, रुख, विरुवा वा अन्य कुनै संरचना तथा वस्तुको नोक्सानी भएमा क्षतिपूर्ति दिनु पर्नेछ। त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिँदा खाल्टो पर्न गएमा त्यस्तो खाल्टो सम्याउन व्यहोर्नु पर्ने जति रकम क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घरको निकट आसपासको जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु परेमा सम्बन्धित घरधनीको पूर्व स्वीकृति प्राप्त नगरी त्यस्तो जग्गाबाट माटो, ढुङ्गा वा बालुवा लिनु हुँदैन।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सार्वजनिक सडक निर्माणको क्रममा सडक सीमाभित्र (राईट अफ ओए) बाट निस्किई सम्बन्धित आयोजनामा प्रयोग गर्न सकिनेछ। प्रयोग पश्चात बाँकी रहेको कुनै पनि माटो, ढुङ्गा, बालुवा जस्ता प्राकृतिक स्रोत सार्वजनिक सम्पत्ति हुनेछ।

११. **सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने मालवस्तु हटाउने अधिकार**: (१) कसैले प्रदेश सार्वजनिक सडकमा कुनै मालवस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो मालवस्तु हटाउनको निमित्त मनासिव माफिकको अवधि तोकी सरोकारवाला व्यक्तिको नाउँमा निर्देशनालयले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र त्यस्तो मालवस्तु नहटाएको वा धनी पत्ता नलागेको मालवस्तुलाई निर्देशनालयले सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक सडकमा छाडिएको, राखिएको वा फालिएको कुनै मालवस्तुले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुऱ्याएमा त्यस्तो मालवस्तुलाई तुरुन्त सडकबाट हटाउने अधिकार निर्देशनालयलाई हुनेछ।

(४) उपदफा (१) मा उल्लिखित मालवस्तु बाहेक प्रदेश सार्वजनिक सडकको दायाँ बायाँ रहेको कुनै घर वा पर्खालमा सडकपट्टि निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै मालवस्तु वा संरचना वा रुख, विरूवा वा लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएको छ भन्ने ठहऱ्याएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा मनासिव माफिकको म्याद तोकी निर्देशनालयले आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेशमा सम्बन्धित मालवस्तु वा संरचनालाई राख्ने, बनाउने वा जोड्ने ढाँचा र रुख वा लहरालाई काँटछाँट गरी कायम गर्नु पर्ने उचाई समेत तोक्न सक्नेछ।

तर यो ऐन लागू हुनुअघि बनेको वा रहेको कुनै मालवस्तु वा संरचनालाई हटाउन पर्ने भएमा त्यस बापतको क्षतिपूर्ति दिई र केही फेरबदलसम्म गर्नु पर्ने भएमा त्यस बापत लाग्ने खर्च निर्देशनालयले व्यहोर्नेछ।

(५) उपदफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद बढाउन चाहने व्यक्तिले कारण समेत खोली निर्देशनालयमा निवदेन दिन सक्नेछ र त्यस्तोमा निर्देशनालयले एक पटकसम्म आवश्यक देखिए जति म्याद बढाई दिन सक्नेछ।

(६) उपदफा (४) बमोजिम तोकिएको म्याद वा उपदफा (५) बमोजिम म्याद बढाइएकोमा त्यस्तो म्यादभित्र पनि आदेशमा लेखिएको काम कारबाही नगरेमा निर्देशनालयले आफ्नो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारबाही गराउन सक्नेछ। त्यस्तो अवस्थामा सम्बन्धित व्यक्तिले उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम क्षतिपूर्ति वा खर्च दावी गर्न पाउने छैन।

१२. **स्वीकृति नलिई प्रदेश सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने:** (१) निर्देशनालयको स्वीकृति प्राप्त नगरी कसैले प्रदेश सार्वजनिक सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, प्रदेश सार्वजनिक सडक वा सडक सीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो बनाउन वा विज्ञापन सम्बन्धी बोर्ड राख्न, सडक सीमाभित्रको जग्गा आवादी गर्न वा यस्तै अन्य कुनै कार्य गर्न पाईने छैन।

(२) कसैले निर्देशनालयको स्वीकृति प्राप्त नगरी उपदफा (१) मा उल्लिखित कुनै कार्य गरेमा निर्देशनालयले त्यस्तो व्यक्ति उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारबाही चलाउनु पर्ने भए सो समेत चलाई स्वीकृति नलिई बनाएको प्रवेश मार्ग बन्द गर्न, खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएका घर, टहरो वा छाप्रो भत्काउन वा विज्ञापन सम्बन्धी बोर्ड हटाउन वा आवादी गरेको जग्गा बँझ्याउन मनासिव माफिकको म्याद तोकी त्यस्तो व्यक्तिको नाउँमा आदेश जारी गर्न सक्नेछ।

(३) सम्बन्धित व्यक्तिले उपदफा (२) बमोजिम जारी भएको आदेश पालना नगरेमा त्यस्तो व्यक्तिले बनाएको प्रवेश मार्ग बन्द गर्न वा खनेको खाडल वा कुलो पुर्न वा गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन वा बनाएको घर, टहरो वा छाप्रो भत्काउन वा विज्ञापन सम्बन्धी बोर्ड हटाउन वा आवादी गरेको जग्गा बँझ्याउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्तिबाट निर्देशनालयले असुल उपर गरी लिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) अन्तर्गतका कार्य गर्ने व्यक्तिलाई निर्देशनालयले सो गरे बापत निजले गरेको कार्य हटाई प्रदेश सडकलाई यथावत अवस्थामा ल्याउँदा भएको खर्च र तोकिए बमोजिमको जरिबाना असुल उपर गर्न सक्नेछ। त्यस्तो कार्य पुनरावृत्ति गर्ने व्यक्तिबाट सो जरिबाना बाहेक सजाय बापत तोकिए बमोजिमको रकम असुल गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको कारबाहीको कार्यविधि तोकिए बमोजिम हुनेछ।

१३. <u>सडक खन्न वा भत्काउन नपाईने:</u> (१) कुनै व्यक्ति वा संस्थाले प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा संस्थाले कुनै कामको निमित्त त्यस्तो प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा सम्बन्धित स्थानीय तहको सिफारिसमा निर्देशनालयको स्वीकृति लिनु पर्नेछ र त्यसरी स्वीकृतिको लागि माग गरेमा निर्देशनालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्काउने प्रदेश सार्वजनिक सडक वा सडक सीमालाई मर्मत गरी पूर्वानुरूपमा कायम गर्न लाग्ने खर्चको रकम धरौटी लिई स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्ने स्वीकृति दिदाँ त्यसरी प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्दा अपनाउनु पर्ने तरिका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालन गर्नु पर्ने अन्य शर्तहरू निर्देशनालयले तोक्न सक्नेछ र त्यस्तो शर्तहरू पालना गर्नेछु भनी स्वीकृतिको माग गर्ने व्यक्तिबाट कबुलियत गराउन आवश्यक देखेमा निर्देशनालयले सो समेत गराई लिन सक्नेछ र सोका लागि आवश्यक रकम धरौटी बापत लिन सक्नेछ।

१४. **निर्देशनालयले खर्च भराउन सक्ने:** (१) दफा ११ को उपदफा (२) बमोजिम सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा सोही दफाको उपदफा (६) बमोजिम कुनै काम कारबाही गर्दा निर्देशनालयले गरेको खर्चको रकम सरोकारवाला व्यक्तिबाट भराई लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भराई लिनु पर्ने रकम बुझाउन निर्देशनालयले सरोकारवाला व्यक्तिको नाउँमा पैंतीस दिनको म्याद तोकी म्याद जारी गर्नेछ र सो म्यादभित्र उक्त रकम पनि नबुझाएमा वा थप म्यादको लागि माग पनि नगरेमा सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारबाही चलाउनु पर्नेछ।

(३) प्रदेश सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरी छोडेको वा राखेको कुनै माल वस्तुलाई निर्देशनालयले आफ्नो नियन्त्रणमा लिएको भए त्यस्तो मालवस्तु पन्छाउँदा वा अन्यत्र लैजाँदा निर्देशनालयले व्यहोर्नु परेको खर्च असुल उपर नहुन्जेल त्यस्तो माल वस्तुलाई रोक्का गरी राख्न सक्नेछ र तीन महिनाभित्रमा त्यस्तो खर्च असुल उपर हुन नआएमा वा त्यस्तो माल वस्तुको मालिक पत्ता नलागेमा सो मालवस्तुमा प्रदेश सरकारको स्वामित्व रहनेछ।

१५. **विकास कर असुल उपर गर्न सक्ने:** यो ऐन लागू भएपछि निर्माण भएको सडकको दायाँ बायाँ रहेको जग्गामा प्रदेश सरकारले तोके अनुसार विकास कर एक पटक लगाई असुल उपर गर्न सक्नेछ।

## परिच्छेद- ४

## विविध

१६. **क्षतिपूर्ति निर्धारण गर्ने अधिकारी र त्यस उपरको उजुरी:** (१) दफा ७ को उपदफा (१) बमोजिम दिइने क्षतिपूर्तिको रकम निर्देशनालयले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण भएको क्षतिपूर्तिमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो क्षतिपूर्ति पाउने सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष उजुरी दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम परेको उजुरी एक सय असी दिनभित्र निर्णय दिई सक्नु पर्नेछ।

१७. **उजुर परेको कारणले जग्गा अधिग्रहण गर्न बाधा नपर्ने:** दफा १६ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको सम्बन्धमा उजुरी परेको कारणले मात्र यस ऐन बमोजिम कुनै कामको लागि जग्गा अधिग्रहण गर्नमा बाधा पर्ने छैन।

१८. **सरकारी कार्यालयले सडक खन्नु परेमा सूचना दिनु पर्ने:** नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै कार्यालयले कुनै कामको लागि प्रदेश सार्वजनिक सडक वा सडक सीमा खन्नु पर्दा निर्देशनालयको स्वीकृति लिई खन्नु पर्छ र त्यसरी सडक वा सडक सीमा

खन्ने सम्बन्धमा निर्देशनालयले कुनै तरिका वा शर्त तोकेको भए सो समेत पालना गर्नु पर्नेछ।

१९. **अन्य सार्वजनिक पूर्वाधारका लागि सडक सीमाको प्रयोगः** (१) प्रदेश सार्वजनिक सडक वा सडक सीमा संरचनामा क्षति पुग्ने गरी कुनै पनि किसिमको क्रियाकलाप गर्न पाईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सडक संरचनामा बिजुलीको लट्ठा (पोल) तथा वितरण लाइन, खानेपानीको पाइप लाइन, ढल, तेल तथा ग्याँसको पाइप लाइन, टेलिफोनको लट्ठा तथा वितरण लाइन, विभिन्न किसिमका सेवाका केबुल लाइन तथा लट्ठा सहितका अन्य संरचना निर्माण गर्नु परेमा निर्देशनालयको स्वीकृति लिएर गर्नु पर्नेछ।

(३) उपदफा (२) मा उल्लिखित निर्माण कार्य गर्दा सार्वजनिक सडक क्षति भएमा निर्माण गर्ने सम्बन्धित  निकायले निश्चित समयभित्र क्षतिपूर्ति व्यहोर्नु पर्ने वा पूर्ववत अवस्थामा ल्याउनु पर्नेछ साथै निर्देशनालयले सार्वजनिक सडक निर्माण गर्दा उक्त संरचनामा क्षति पुर्‍याएमा सम्बन्धित निकायलाई निश्चित समयभित्र क्षतिपूर्ति व्यहोर्नु पर्ने वा पूर्ववत अवस्थामा ल्याउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको निर्माण कार्य गर्दा सम्बन्धित निकायले त्यस्ता निर्मित संरचनामा क्षति पुग्ने भएमा सो को निर्माण कार्य अग्रिम जानकारी गराउनु पर्नुका साथै क्षतिपूर्ति वा पुनर्स्थापना गर्न लाग्ने खर्चको व्यवस्था लागत अनुमानमा समावेश गर्नु पर्नेछ।

(५) सडक वा सडक सीमा उपभोग गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **दण्ड सजायः** (१) यस ऐन बमोजिम गर्नु पर्ने जग्गा अधिग्रहण गर्दा वा यस ऐन बमोजिमको कुनै सूचना टाँस गर्दा बाधा विरोध वा हुल हुज्जत गरेमा प्रचलित कानून बमोजिम हुने सजायमा थप बीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(२) कसैले दफा ९, १० वा ११ विपरीत कुनै काम गरेमा बीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(३) कसैले दफा १२ को उपदफा (१) को विपरीत कुनै काम गरेमा प्रचलित कानून बमोजिम हुने सजायमा थप पचास हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(४) कसैले दफा १२ को उपदफा (३) बमोजिम निर्देशनालयले कुनै काम कारबाही गर्दा बाधा विरोध गरेमा प्रचलित कानून बमोजिम हुने सजायमा थप पचास हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

२१. **<u>शुरु कारबाही र किनारा गर्ने अधिकारः</u>** दफा २० बमोजिमको कारबाही र किनारा गर्ने अधिकार निर्देशनालयको हुनेछ।

२२. **<u>पुनरावेदन दिन सक्नेः</u>** (१) दफा २१ बमोजिम निर्देशनालयले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले मन्त्रालयमा त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरेको कारबाही उपर मन्त्रालयले गरेको निर्णय हुनेछ।

२३. **<u>सहयोग गर्नु पर्नेः</u>** यस ऐन बमोजिम हुने जुनसुकै कार्यमा कुनै सहयोग आवश्यक भएमा सम्बन्धित स्थानीय प्रशासनले सहयोग उपलब्ध गराउनु पर्नेछ।

२४. **<u>अधिकार प्रत्यायोजनः</u>** यस ऐन बमोजिम निर्देशनालयलाई प्राप्त अधिकारमध्ये सबै वा कुनै अधिकार प्रदेश सरकारले कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२५. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

२६. **<u>निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेः</u>** यस ऐनको उद्देश्य पूरा गर्न यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी प्रदेश सरकारले निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

# प्रदेश उच्च शिक्षा ऐन, २०७८

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७८।१२।१४

संवत् २०७८ सालको ऐन नं. ४

**<u>प्रदेश उच्च शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** प्रदेशको मौलिक सम्भावना र चुनौतीलाई मध्यनजर गर्दै समुदायको ज्ञान, सीप र प्रविधिलाई शिक्षासँग जोड्न, शैक्षिक तथा प्राज्ञिक क्षेत्रलाई मर्यादित, गुणस्तरीय र व्यवहारिक बनाई प्रदेशको आर्थिक तथा सामाजिक विकासमा मद्दत पुऱ्याउने उद्देश्यले उच्च शिक्षाको संस्थागत विकास गर्दै वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि, राष्ट्रिय भाषा र संस्कृतिको विकास गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्न,

गुणात्मक एवम् स्तरयुक्त उच्च शिक्षाको अवसर सबै क्षेत्रका सर्वसाधारणलाई सर्वसुलभ रूपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्तिलाई सुनिश्चित तुल्याउन र प्रतिस्पर्धाको आधारमा उच्च शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै देशको शैक्षिक एवं प्राज्ञिक वातावरणलाई बढी स्वच्छ, मर्यादित र उपलब्धिमूलक तुल्याउन,

विश्वविद्यालय र उच्च शिक्षण संस्थाको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन सम्बन्धी कार्यलाई एकीकृत र व्यवस्थित बनाउनका लागि उच्च शिक्षा सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश उच्च शिक्षा ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आङ्गिक क्याम्पस" भन्नाले विश्वविद्यालय आफैंले स्थापना र सञ्चालन गरेको क्याम्पस सम्झनु पर्छ।

(ख) "उच्च शिक्षा" भन्नाले स्नातक तह वा सोभन्दा माथिको उपाधि पाउने तहको शिक्षा सम्झनु पर्छ।

(ग) "उच्च शिक्षण संस्था" भन्नाले विश्वविद्यालय र विश्वविद्यालय अन्तर्गत

सञ्चालित उच्च शिक्षा प्रदान गर्ने क्याम्पस र अन्य शिक्षण संस्था समेतलाई जनाउँछ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "परिषद्" भन्नाले ऐनको दफा ३ बमोजिमको प्रदेश उच्च शिक्षा परिषद् सम्झनु पर्छ।

(च) "परिषद्को अध्यक्ष" भन्नाले दफा ३ को उपदफा (२) बमोजिम गठन भएको परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ज) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश सरकार सम्झनु पर्छ।

(झ) "प्रतिष्ठान (एकाडेमी)" भन्नाले मानित सार्वजनिक विश्वविद्यालय सरहको खास विषय अध्ययन अनुसन्धानमा संलग्न उच्च शिक्षण संस्था सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ट) "मानित विश्वविद्यालय" भन्नाले यस ऐनको दफा ८ को उपदफा (४) बमोजिम स्थापना भएको विश्वविद्यालय सरहको उच्च शिक्षण संस्था सम्झनु पर्छ।

(ठ) "विधान (चार्टर)" भन्नाले विश्वविद्यालय स्थापना र सञ्चालन सम्बन्धमा उच्च शिक्षा परिषद्को सिफारिसमा प्रदेश सरकारबाट स्वीकृत भएको विधान सम्झनु पर्छ।

(ड) "विश्वविद्यालय" भन्नाले दफा ८ बमोजिम स्थापना भएको विश्वविद्यालय, मानित विश्वविद्यालय एवम् प्रतिष्ठान समेत सम्झनु पर्छ।

(ढ) "शिक्षक" भन्नाले उच्च शिक्षण संस्थामा अध्यापन वा अनुसन्धान गर्ने गराउने प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक वा अनुसन्धानकर्ता सम्झनु पर्छ र सो शब्दले उच्च शिक्षण संस्थाका विभिन्न तहका कार्यरत प्रशिक्षक वा यस ऐन अन्तर्गत बनेको विधान वा विनियमले शिक्षक भनी तोकेको व्यक्तिलाई समेत जनाउँछ।

(ण) "सङ्काय" भन्नाले विश्वविद्यालयको सङ्काय सम्झनु पर्छ। सो शब्दले अध्ययन संस्थान वा उच्च शैक्षिक संस्थाद्वारा सञ्चालित महाविद्यालय (स्कूल) समेतलाई जनाउँछ।

(त) "सम्बन्धन प्राप्त क्याम्पस" भन्नाले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस सम्झनु पर्छ।

(थ) "स्वीकृति पत्र" भन्नाले विश्वविद्यालय, मानित विश्वविद्यालय एवम् प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने प्रयोजनका लागि दफा ११ बमोजिम प्रदेश सरकारले जारी गरेको स्वीकृति पत्र सम्झनु पर्छ।

## परिच्छेद- २

## उच्च शिक्षा परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

३. **प्रदेश उच्च शिक्षा परिषद्को गठनः** (१) उच्च शिक्षा सम्बन्धी प्रदेशको नीति तथा रणनीति तयार गर्ने, प्रदेशको समग्र विकासको लागि आवश्यक मानव संशाधनको आवश्यकता परिपूर्ति गर्न सहयोग पुऱ्याउने तथा उच्च शिक्षाको लक्ष्य र उच्च शिक्षण संस्थाको गुणस्तरका बिचमा सामञ्जस्यता कायम गर्ने प्रयोजनका लागि एक उच्च शिक्षा परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) मन्त्री, मन्त्रालय -उपाध्यक्ष

(ग) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ङ) सङ्घीय विश्वविद्यालय अनुदान आयोगको अध्यक्षले तोकेको प्रतिनिधि -सदस्य

(च) विश्वविद्यालयका पदाधिकारीहरू मध्येबाट परिषद्का उपाध्यक्षको सिफारिसमा परिषद्को अध्यक्षबाट मनोनीत दुई जना -सदस्य

(छ) सचिव, प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(ज) उच्च शिक्षाका क्षेत्रमा कम्तीमा बीस वर्ष अध्यापन वा अनुसन्धान गरेका लब्ध प्रतिष्ठित प्राध्यापक मध्येबाट कम्तीमा एक जना महिला सहित परिषद्का उपाध्यक्षको सिफारिसमा अध्यक्षबाट मनोनीत दुई जना -सदस्य

(झ) संरक्षक समिति (वोर्ड अफ ट्रष्टी) का अध्यक्षमध्येबाट मन्त्रालयको सिफारिसमा प्रदेश सरकारबाट मनोनीत दुई जना -सदस्य

(ञ) शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका समाजसेवीहरू मध्येबाट

समावेशी सिद्धान्त बमोजिम उपाध्यक्षको सिफारिसमा अध्यक्षबाट मनोनीत कम्तीमा एक जना महिलासहित दुई जना -सदस्य

(ट) सचिव, मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (च), (ज), (झ) र (ञ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्ष हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा निजको आचरण खराब भएको भनी परिषद्ले ठहर गरेमा त्यस्तो सदस्यलाई परिषद्ले जुनसुकै बखत पदबाट हटाउन बाधा हुने छैन।

तर त्यसरी पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) कुनै कारणले मनोनीत सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि जुन प्रक्रियाबाट मनोनीत सदस्यको पद रिक्त भएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई सदस्यमा मनोनयन गरिनेछ।

(६) परिषद्को सचिवालय मन्त्रालयमा रहनेछ र परिषद्को कार्यसम्पादनका लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ।

४. **परिषद्को बैठकः** (१) परिषद्को बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) परिषद्को तत्काल कायम रहेका एकाउन्न प्रतिशत सदस्य उपस्थितिलाई गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को बैठकमा विज्ञलाई आमन्त्रित गर्न सकिनेछ। तर त्यस्तो आमन्त्रित व्यक्तिले मत दिन पाउने छैन।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गर्न सक्नेछ।

(९) परिषद्को बैठकको निर्णय पुस्तिका परिषद्को अध्यक्ष र सदस्य-सचिवबाट प्रमाणित हुनेछ। सबै सदस्यहरूलाई बैठक सम्पन्न भएको सात दिनभित्र बैठकको निर्णयको प्रतिलिपि उपलब्ध गराउनु पर्नेछ।

५. **परिषद्को काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उच्च शिक्षा सम्बन्धी नीति तथा रणनीति तयार गर्ने र विश्वविद्यालयहरूको सञ्चालनको सामान्य नीतिगत मार्ग निर्देशन गर्ने,

(ख) उच्च शिक्षामा प्रदान गरिने आर्थिक सहायता तथा अनुदानका सम्बन्धमा आधारभूत नीति तथा योजना सिफारिस गर्ने,

(ग) प्रदेशको उच्च शिक्षण संस्थाको गुणस्तर तथा सुशासन सम्बन्धी मापदण्ड सिफारिस गर्ने,

(घ) उच्च शिक्षण संस्थाको स्तर निर्धारण गरी तोकिए बमोजिमको ढाँचामा वर्गीकरण गर्ने प्रयोजनका लागि सिफारिस गर्ने,

(ङ) उच्च शिक्षाको विकास र प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने, गराउने र सोको लागि आवश्यक निर्देशन दिने,

(च) मन्त्रालय र विश्वविद्यालयलाई उच्च शिक्षाको विकासको सम्बन्धमा आवश्यक निर्देशन दिने,

(छ) विश्वविद्यालय स्थापना र सञ्चालन सम्बन्धमा विधान स्वीकृतिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) परिषद्ले आफ्ना सदस्यहरूमध्येबाट विश्वविद्यालय अनुगमन समिति बनाई विश्वविद्यालयको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्न, गराउन सक्नेछ।

६. **आर्थिक विवरण माग गर्न सक्नेः** (१) परिषद्ले सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय तथा प्रतिष्ठान, उच्च शिक्षण संस्थाको आर्थिक कारोबार र मौजुदा कोषको विवरण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण उपलब्ध गराउनु सम्बन्धित उच्च शिक्षण संस्था, सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठानको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम माग गरिएको विवरणको सम्बन्धमा परिषद्ले आवश्यकता अनुसार त्यस्तो उच्च शिक्षण संस्था, सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठानको निरीक्षण गर्न गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निरीक्षण गर्ने व्यक्तिलाई सहयोग गर्नु सम्बन्धित विश्वविद्यालय  र त्यस मातहतका उच्च शिक्षण संस्था तथा मानित विश्वविद्यालय र प्रतिष्ठानको कर्तव्य हुनेछ।

(५) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराउने वा उपदफा (३) र (४) बमोजिम निरीक्षण गर्न सहयोग नपुऱ्याउने विश्वविद्यालय र  त्यस मातहतका उच्च शिक्षण संस्था  तथा मानित विश्वविद्यालय र प्रतिष्ठानलाई मन्त्रालयले प्रदान गर्ने अनुदान र अन्य सहयोग रोक्का गरी प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ।

## परिच्छेद- ३

## मन्त्रालयको काम, कर्तव्य र अधिकार

७. **मन्त्रालयको काम, कर्तव्य र अधिकारः** (१) समग्र उच्च शिक्षाको व्यवस्थापन, सञ्चालन तथा विश्वविद्यालयको स्थापनाका सम्बन्धमा मन्त्रालयको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशमा सञ्चालन भएका विश्वविद्यालयलाई अनुदान प्रदान गर्ने,

(ख) उच्च शिक्षण संस्थाको वित्तीय व्यवस्थापनको अनुगमन गर्ने, गराउने,

(ग) उच्च शिक्षाको गुणस्तर मूल्याङ्कन र नियमनका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने, गराउने,

(घ) परिषद्बाट स्वीकृत नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने,

(ङ) विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापनका सम्बन्धमा परिषद्बाट सिफारिस भएको विधान स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गर्ने,

(च) विश्वविद्यालयहरू तथा उच्च शिक्षण संस्थाका बिचमा शैक्षिक कार्यक्रम, पाठ्यक्रम तथा परस्पर सहकार्यका विषयमा समन्वय गर्ने, गराउने,

(छ) उच्च शिक्षाका लागि योग्यता मापदण्डको प्रारूप तयार गरी परिषद्बाट स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने,

(ज) विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा प्रदेश सरकारकोतर्फबाट आवश्यक निर्देशन दिने,

(झ) विश्वविद्यालयको भौतिक संरचना, प्राज्ञिक उन्नयन तथा गुणस्तर विकासका लागि विभिन्न क्षेत्र, पक्ष तथा सरोकारवालासँग आवश्यक समन्वय गर्ने,

(ञ) प्रदेशमा सञ्चालित विश्वविद्यालय र त्यस्ता विश्वविद्यालय मातहतमा सञ्चालित उच्च शिक्षण संस्थाहरु एवम् उच्च शिक्षाको बारेमा

एकीकृत डाटाबेस तयार गर्ने,

(ट) उच्च शिक्षण संस्थाका शिक्षक तथा कर्मचारीको न्यूनतम योग्यता निर्धारण र वर्गीकरण गरी स्वीकृतिका लागि परिषद्समक्ष सिफारिस गर्ने,

(ठ) संरक्षक समिति (वोर्ड अफ ट्रष्टी) को सिफारिसमा विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित उच्च शिक्षण संस्थाको मापदण्ड परिषद्बाट स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने,

(ड) प्रदेश विश्वविद्यालय तथा कुनै क्याम्पसले सङ्घीय विश्वविद्यालय अनुदान आयोगबाट अनुदान प्राप्त गर्ने प्रयोजनका लागि आवश्यक समन्वय र सिफारिस गर्ने,

(ढ) शैक्षिक गुणस्तर एवम् स्तर वृद्धिका लागि उपयुक्त कार्यक्रम तथा आवश्यक संस्थागत संयन्त्र बनाउने,

(ण) प्रदेशको उच्च शिक्षा सम्बन्धी विकास तथा सिंहावलोकनको वार्षिक प्रतिवेदन परिषद्समक्ष पेश गर्ने,

(त) परिषद्को बैठकको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(थ) परिषद्ले अधिकार प्रत्यायोजन गरेका अन्य कार्य गर्ने,

(द) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने।

(२) मन्त्रालयले उच्च शिक्षाको गुणस्तर सुनिश्चितताको लागि सङ्घीय विश्वविद्यालय अनुदान आयोगसमक्ष आवश्यक समन्वयको कार्य गर्नेछ।

(३) प्रदेशमा सञ्चालित सबै किसिमका विश्वविद्यालयहरूको बिचमा संयुक्त डिग्रीको कार्यक्रम सञ्चालन गर्ने, अनुसन्धानका कार्यमा संयुक्त सहभागिता प्रवर्द्धन गर्ने, प्राध्यापकहरूको आदान प्रदान गर्ने, विद्यार्थीहरूको क्रेडिट स्थानान्तरण गर्ने लगायतका कार्यका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्नेछ।

(४) मन्त्रालयले विश्वविद्यालय, मानित विश्वविद्यालय तथा उच्च शिक्षण संस्थाको गुणस्तर निर्धारण तथा प्रत्ययन सम्बन्धी कार्यमा सहजीकरण गर्नेछ।

## परिच्छेद- ४

## विश्वविद्यालयको स्थापना

८. **विश्वविद्यालयको स्थापनाः** (१) प्रदेशभित्र देहाय अनुसारका विश्वविद्यालय स्थापना हुन सक्ने छन्ः-

(क) प्रदेश सरकारद्वारा स्थापित हुने सार्वजनिक विश्वविद्यालय,

(ख) प्रदेश सरकारको स्वीकृति बमोजिम मुनाफा आर्जन नगर्ने सामुदायिक

वा मानित विश्वविद्यालय,

(ग) यस ऐन अन्तर्गत विधानमा व्यवस्था भए बमोजिम सञ्चालन भई शैक्षिक उपाधि प्रदान गर्न सक्ने स्वायत्त प्रतिष्ठान।

(२) यस ऐन बमोजिम प्रदेशमा स्थापना हुने उच्च शिक्षण संस्था परिषद्को सिफारिसमा प्रदेश सरकारको स्वीकृतिमा मात्र स्थापना हुन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम स्थापित विश्वविद्यालयले आवश्यकता अनुसार आङ्गिक क्याम्पस तथा अनुसन्धान केन्द्र सञ्चालन गर्न सक्नेछ।

तर उपदफा (१) को खण्ड (ग) बमोजिम स्थापित प्रतिष्ठानले अनुसन्धान केन्द्र मात्र सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घ वा प्रदेशको कुनै विश्वविद्यालय अन्तर्गत सञ्चालनमा रहेको र अनुसूची बमोजिमको मापदण्ड पूरा गरेको कुनै उच्च शिक्षण संस्थालाई प्रदेश सरकारले आफैं वा यस ऐन बमोजिम स्थापित संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) अन्तर्गत मुनाफारहित सामुदायिक वा मानित विश्वविद्यालयको रूपमा स्थापना गर्न सक्नेछ।

(५) उपदफा (१) तथा (३) बमोजिमका विश्वविद्यालय एक वा एकभन्दा बढी परिसरमा स्थापित हुन सक्नेछ।

(६) प्रदेश कानून वा प्रचलित सङ्घीय कानून बमोजिम स्वीकृति प्राप्त गरी शैक्षिक परामर्श सेवा, प्रशिक्षण वा अनुसन्धानका कार्य गर्ने गरी गठित कुनै सार्वजनिक वा सामुदायिक संस्थाले संस्थाको कार्यक्षेत्रभित्र पर्ने खास किसिमका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी उपाधि प्रदान गर्न चाहेमा तोकिए बमोजिम मन्त्रालयले स्वीकृति दिन सक्नेछ।

(७) प्रदेशभित्रको कुनै विश्वविद्यालयको आङ्गिक क्याम्पस वा सम्बन्धन प्राप्त सामुदायिक तथा मुनाफा आर्जन नगर्ने खास विषय वा क्षेत्रमा अध्ययन, अध्यापन तथा अनुसन्धानमा समर्पित राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय ख्याति आर्जन गरेको उच्च शिक्षण संस्थालाई मानित विश्वविद्यालय सरहको कलेज विश्वविद्यालयको रूपमा सञ्चालन भई उपाधि प्रदान गर्न परिषद्को सिफारिसमा प्रदेश सरकारले अनुमति दिन सक्नेछ।

९. **<u>आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पस सम्बन्धी व्यवस्था:</u>** (१) दफा ८ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम स्वीकृति प्राप्त विश्वविद्यालयले आवश्यकता अनुसार प्रदेशभित्र आङ्गिक क्याम्पस स्थापना गर्न सक्नेछ। मानित विश्वविद्यालयले अलग आङ्गिक क्याम्पस सञ्चालन गर्न पाउने छैन।

तर मानित विश्वविद्यालय तथा शैक्षिक उपाधि प्रदान गर्न सक्ने उच्च शिक्षण संस्थाले विद्यार्थीको सुविधालाई ध्यानमा राखी आवश्यकता अनुसार स्थायी वा अस्थायी केन्द्र स्थापना गरी कार्यक्रम सञ्चालन गर्न बाधा हुने छैन।

(२) यो ऐन प्रारम्भ हुनु पूर्व कुनै विश्वविद्यालयको आङ्गिक क्याम्पसका रूपमा रहेको कुनै क्याम्पसले अनुसूची बमोजिमको मापदण्ड वा पूर्वाधार पूरा गरेको देखिएमा त्यस्तो क्याम्पसलाई प्रदेश सरकारले सार्वजनिक विश्वविद्यालयको रूपमा सञ्चालन गर्ने स्वीकृति दिन सक्नेछ।

तर त्यस्तो क्याम्पस सङ्घीय कानून अन्तर्गत स्थापित विश्वविद्यालयको आङ्गिक क्याम्पस रहेछ भने प्रदेश सरकारले सम्बन्धित विश्वविद्यालय र नेपाल सरकारको सहमति प्राप्त गर्नु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै विश्वविद्यालयको सम्बन्धन लिई सञ्चालनमा रहेका सामुदायिक वा मुनाफा आर्जन नगर्ने उच्च शिक्षण संस्थाले अनुसूची बमोजिमको मापदण्ड र पूर्वाधार पूरा गरेको देखिएमा प्रदेश सरकारले सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय, प्रतिष्ठान वा आङ्गिक क्याम्पसका रूपमा सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत संस्थागत वा निजी लगानीमा कुनै विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालनमा रहेका क्याम्पसले अनुसूची बमोजिमको मापदण्ड तथा पूर्वाधार पूरा गरेको देखिएमा संस्थागत मागको आधारमा प्रदेश सरकारले विश्वविद्यालय, मानित विश्वविद्यालय तथा प्रतिष्ठान वा आङ्गिक क्याम्पसका रूपमा विकास गरी सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ। त्यस्तो क्याम्पसको सम्पूर्ण शेयरधनी वा सदस्यको संस्थागत वा निजी लगानीमा रहेको क्याम्पसको सम्पत्ति तथा दायित्व यस ऐन बमोजिम स्थापना हुने सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय तथा प्रतिष्ठान वा आङ्गिक क्याम्पसमा स्वतः सरेको मानिनेछ।

तर सम्पत्तिभन्दा दायित्व बढी भएका त्यस्ता क्याम्पसलाई विश्वविद्यालयमा विकास गरिने छैन।

(५) उपदफा (२), (३) र (४) बमोजिम सञ्चालन हुने शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीलाई क्रेडिट (अङ्कभार) ट्रान्सफर गरी नयाँ विश्वविद्यालय वा आङ्गिक क्याम्पसको विद्यार्थीको रूपमा आबद्ध गरिनेछ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि कुनै आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसलाई मानित विश्वविद्यालयको रूपमा सञ्चालन गर्दा त्यहाँका शिक्षक तथा कर्मचारीमध्येबाट विश्वविद्यालयको व्यवस्थापकीय पदहरूमा चयन गर्न सकिनेछ।

(७) कुनै आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसलाई मानित विश्वविद्यालय वा प्रतिष्ठानको रूपमा सञ्चालन गर्दा त्यहाँका शिक्षक तथा कर्मचारीले खाइपाइ आएको तलब सुविधामा कुनै कटौती गरिने छैन।

(८) उपदफा (४) बमोजिम मानित विश्वविद्यालय वा प्रतिष्ठानका रूपमा स्थापना भई सञ्चालन भएका उच्च शिक्षण संस्थाको वित्तीय भार स्वयम् मानित विश्वविद्यालय वा प्रतिष्ठानले वहन गर्नु पर्नेछ।

(९) उपदफा (४) बमोजिम विश्वविद्यालय सञ्चालन गर्दा त्यस्ता संस्थाका संस्थापक सदस्यहरूलाई संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) मा प्रारम्भिक दुई कार्यकालसम्म समावेश गरिनेछ।

१०. **मापदण्ड सम्बन्धी व्यवस्थाः** विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको स्थापना गर्दा आवश्यक पर्ने मापदण्ड तथा पूर्वाधार अनुसूची बमोजिम हुनेछ।

११. **स्वीकृति लिनु पर्नेः** (१) कुनै निकाय वा संस्थाले विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्थापना गर्न चाहेमा तोकिएको ढाँचामा मन्त्रालय समक्ष आवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आवेदन प्राप्त भएमा मन्त्रालयले प्रस्तावित विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्थापना गर्न अनुसूची बमोजिमको मापदण्ड तथा पूर्वाधार भए वा नभएको सम्बन्धमा विज्ञद्वारा जाँचबुझ गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा अनुसूची बमोजिमको मापदण्ड तथा पूर्वाधार पूरा भएको देखिएमा मन्त्रालयले त्यस्तो विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्थापना गर्न स्वीकृति दिने सम्बन्धमा नीतिगत निर्णयका लागि परिषद्मा प्रस्ताव पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रस्ताव परिषद्ले जाँचबुझ गर्दा आवेदकलाई स्वीकृति दिन मनासिब देखिएमा परिषद्ले प्रदेश सरकारसमक्ष स्वीकृतिका लागि पेश गर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस प्राप्त भएमा प्रदेश सरकारले विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्थापना र सञ्चालनको स्वीकृति प्रदान गर्ने निर्णय गर्न सक्नेछ। विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको स्वीकृति पत्र मन्त्रालयबाट जारी हुनेछ।

१२. **विधान सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्थापना गर्न आफ्नो छुट्टै विधान तर्जुमा गर्नु पर्नेछ। उक्त विधानमा देहायका कुरा स्पष्ट उल्लेख हुनु पर्नेछः-

(क) संस्थागत संरचनाको रूपरेखा,

(ख) संरक्षण समिति (बोर्ड अफ ट्रष्टी) सम्बन्धी व्यवस्था,

(ग) प्राज्ञिक परिषद् सम्बन्धी व्यवस्था,

(घ) कार्यकारी परिषद्को गठन, कार्यकाल, कार्यसम्पादन विधि,

(ङ) पदाधिकारीको व्यवस्था र निजका काम, कर्तव्य, अधिकार

(च) सञ्चित कोष र सञ्चालन विधि,

(छ) वित्तीय स्रोत सम्बन्धी व्यवस्था,

(ज) लेखापरीक्षण सम्बन्धी व्यवस्था,

(झ) गुणस्तर निर्धारण तथा प्रत्ययन सुनिश्चित निकाय सम्बन्धी व्यवस्था,

(ञ) योजना तर्जुमा पद्धति र जिम्मेवार निकाय,

(ट) पाठ्यक्रम सम्बन्धी व्यवस्था,

(ठ) विद्यार्थीको मूल्याङ्कन पद्धति र नतिजा प्रमाणीकरण सम्बन्धी व्यवस्था,

(ड) शिक्षक, कर्मचारी तथा विद्यार्थीलाई उपलब्ध गराइने आधारभूत सुविधाहरूको विवरण,

(ढ) समावेशी, वातावरणमैत्री र उत्कृष्ट केन्द्रका रूपमा विकास गर्न आवश्यक पर्ने आधारभूत रणनीति,

(ण) आवश्यक ठानिएका अन्य विषयवस्तुहरू,

(त) तोकिए बमोजिम अन्य विषयहरू।

(२) उपदफा (१) बमोजिमको विधानको मस्यौदा प्राप्त हुन आएमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान स्वीकृति गर्न मनासिब देखिएमा परिषद्को सिफारिस सहित स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ। परिषद्को सिफारिसमा प्रदेश सरकारबाट स्वीकृत भई मन्त्रालयमार्फत स्वीकृति पत्र प्राप्त भए पछि लागु हुनेछ।

(३) उपदफा (१) बमोजिम स्वीकृत विधान संशोधन गर्नु परेमा संशोधनको मस्यौदा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम विधान संशोधनको मस्यौदा प्राप्त हुन आएमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न मनासिब देखिएमा परिषद्को सिफारिससहित स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त सिफारिस बमोजिम विधान संशोधन गर्न उपयुक्त देखिएमा प्रदेश सरकारले स्वीकृति दिनेछ। त्यस्तो संशोधन प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

१३. **संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) गठन गर्नेः** (१) यो ऐन प्रारम्भ भए पछि प्रदेश सरकारका सबै विश्वविद्यालयहरू छुट्टा छुट्टै संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को ढाँचामा सञ्चालन हुनेछन्।

(२) दफा ८ बमोजिम स्थापना हुने विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको विकास, हित संरक्षण तथा गुणस्तर प्रवर्द्धन गर्ने एवम् सुशासन सुनिश्चित गर्ने तथा व्यवस्थापनका सम्बन्धमा नियमित सामान्य निर्देशन एवं अनुगमन गर्ने प्रयोजनका लागि विश्वविद्यालयको उच्च व्यवस्थापकीय अङ्गको रूपमा एक संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) गठनको व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) मा देहाय बमोजिमका पदाधिकारीहरू रहने व्यवस्था हुनु पर्नेछः-

(क) अध्ययन, अध्यापन, अनुसन्धान तथा व्यवस्थापनको क्षेत्रमा उल्लेखनीय योगदान गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति प्राप्त प्रतिष्ठित व्यक्तिहरूमध्येबाट एकजना -सदस्य

(ख) उद्यमी, उद्योगपति एवम् आर्थिक तथा सामजिक क्षेत्रमा क्रियाशील व्यक्तिहरू मध्येबाट कम्तीमा एक जना महिला सहित दुई जना -सदस्य

(ग) उच्च शिक्षा सञ्चालन तथा व्यवस्थापनको क्षेत्रमा क्रियाशील प्रतिष्ठित व्यक्तिमध्येबाट दुई जना -सदस्य

(घ) उच्च शिक्षा सञ्चालन गर्ने संस्थाका सेवा निवृत्त प्राध्यापकहरु मध्येबाट एकजना -सदस्य

(ङ) विश्वविद्यालयका पदाधिकारीहरू मध्येबाट एक जना -सदस्य

(च) मन्त्रालयको सचिव -सदस्य

(छ) विभिन्न विश्वविद्यालयका पूर्व उपकुलपति मध्येबाट एक जना -सदस्य

(ज) प्रदेश सरकारको सार्वजनिक विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुमध्येबाट कम्तीमा एक जना छात्रा सहित दुई जना -सदस्य

(४) उपदफा (३) बमोजिमको संरक्षण समिति (बोर्ड अफ ट्रस्टी) का सदस्यहरूको बैठकबाट सहमति वा बहुमतका आधारमा उपदफा (३) को खण्ड (ङ), (च) र (ज) बाहेकका सदस्यहरूमध्येबाट एक जना सदस्यलाई अध्यक्ष चयन गर्नु पर्नेछ।

(५) अध्यक्ष पूर्णकालीन पदाधिकारीका रूपमा कार्यरत रहने छ। पदेन सदस्य बाहेक संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) का अध्यक्ष र सदस्यहरूको कार्यकाल छ वर्षको हुनेछ।

तर यो ऐन अनुसार मनोनीत भएका संरक्षण समिति (बोर्ड अफ ट्रष्टी) का पदाधिकारीहरूको पहिलो पटक पदावधि कायम गर्दा गोला प्रथाद्वारा दुई जनाको पदावधि दुई वर्ष तीन जनाको पदावधि चार वर्ष र तीन जनाको पदावधि छ वर्ष कायम गरिने छ। यस ऐन बमोजिम सदस्यहरूको पदावधिको गणना संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) को पहिलो बैठक बसेको मितिबाट सम्पूर्ण सदस्यको पदावधि प्रारम्भ भएको मानिने छ। रिक्त हुन आउने सदस्यहरूको पदपूर्ति सम्बन्धी व्यवस्था विधानमा उल्लेख भए अनुसार हुनेछ।

(६) उपदफा (३) बमोजिमका पदेन सदस्य बाहेकका अन्य सदस्यहरू पहिलो पटक प्रदेश सरकारबाट मनोनीत हुनेछन्।सो संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) ले विश्वविद्यालयको विधानमा उल्लिखित संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) विश्वविद्यालयको

एक स्थायी अङ्गको रूपमा रहनेछ। कार्यविधि अनुसार कार्यकाल सकिनुभन्दा अगावै सदस्यहरू चयन गरी कार्य जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेछ।

(७) संरक्षक समिति (बोर्ड अफ ट्रस्टी) को सचिवालय, कार्यालय र वित्तीय व्यवस्थापनको जिम्मेवारी सम्बन्धित विश्वविद्यालय स्वयम्ले गर्नु पर्नेछ।

(८) संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को आफ्नै छुट्टै सचिवालय हुनेछ र सोमा विश्वविद्यालयको विधानद्वारा तोके बमोजिमका कर्मचारी कार्यरत रहने छन्। सचिवालय प्रमुखले संरक्षक समितिको कार्यालय सचिवका रूपमा समेत कार्य गर्नेछ।

(९) संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालय तथा मातहतका उच्च शिक्षण संस्थाको शैक्षिक, प्राज्ञिक, व्यवस्थापकीय तथा अन्य आवश्यक नीति तथा मापदण्डका सम्बन्धमा निर्देशन दिने तथा अनुगमन गर्ने,

(ख) विश्वविद्यालयको सञ्चालन तथा विकासका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने, गराउने,

(ग) विश्वविद्यालय तथा सो अन्तर्गत सञ्चालित उच्च शिक्षण संस्था तथा तिनीहरूको स्तरीयता विकास गर्न अल्पकालीन तथा दीर्घकालीन योजना, नीति तथा रणनीति निर्माण गरी परिषद्मा पेश गर्ने,

(घ) विश्वविद्यालयको भौतिक संरचना, वित्तीय स्रोत, पाठ्यक्रमको जीवन उपयोगिता, विश्वविद्यालयबाट उत्पादित जनशक्तिको सीपमूलक योग्यता र रोजगारको सुनिश्चितता, सङ्घीय वा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको लागि सहजीकरण जस्ता कार्यहरूको सम्बन्धमा अल्पकालीन तथा दीर्घकालीन नीति तथा कार्यक्रम स्वीकृत गर्ने र सोको कार्यान्वयनको अनुगमन गर्ने,

(ङ) विश्वविद्यालयको लागि आवश्यक पर्ने नीति तथा नियमहरू सिफारिस गर्ने र विश्वविद्यालयको रणनीतिक कार्ययोजना स्वीकृत गर्ने,

(च) विश्वविद्यालयको व्यवस्थापन, वित्तीय अवस्था तथा कार्यक्रमहरूको त्रैमासिक प्रगति विवरण समीक्षा गर्ने र आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने,

(छ) विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरूको परिषद्मा सिफारिस गर्ने,

(ज) शिक्षक, अनुसन्धानकर्ता र कर्मचारीको सेवाका सर्त, तलब तथा सुविधाका सम्बन्धमा नीतिगत निर्णय गर्ने,

(झ) विश्वविद्यालयको हित विपरीत काम गर्ने वा सन्तोषजनक कार्यसम्पादन

गर्न नसक्ने पदाधिकारीलाई कारबाही गर्ने,

(ञ) विश्वविद्यालयका प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्बर्द्धन गर्ने र विश्वविद्यालयका प्राज्ञिक, वैज्ञानिक तथा प्राविधिक आविष्कार, खोज तथा उपलब्धिहरूको बौद्धिक सम्पत्ति अधिकार तथा डिजाइन आदिको पेटेन्ट डिजाइनका लागि प्रदेश सरकार तथा नेपाल सरकार समक्ष सहजीकरण गर्ने,

(ट) विश्वविद्यालयको कार्य सुचारु रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने र विश्वविद्यालय सञ्चालनमा कुनै संकट उत्पन्न भएमा त्यसको व्यवस्थापन गर्ने,

(ठ) विश्वविद्यालयको सम्पत्ति तथा स्रोत संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक काम गर्ने,

(ड) विश्वविद्यालय अन्तर्गत सञ्चालित उच्च शिक्षण संस्थाका व्यवस्थापन समितिका योजना तथा प्रगति एवम् कार्यसम्पादनको अनुगमन गर्ने र त्यस्ता व्यवस्थापन समितिको विनियम स्वीकृत गर्ने,

(ढ) विश्वविद्यालयको आय तथा व्यय र लगानी तथा ऋणका बिचमा सन्तुलन कायम राख्न आवश्यक नीति निर्धारण गर्ने,

(ण) विश्वविद्यालय तथा सो अन्तर्गत सञ्चालित उच्च शिक्षण संस्थाको अक्षय कोष, छात्रवृत्ति कोष र विद्वतवृत्ति कोष खडा गर्न तथा त्यस्तो कोषको उपयोग र सञ्चालन सम्बन्धी नीति निर्धारण गर्ने सम्बन्धमा सुझाव दिने,

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) तथा सो को सचिवालयले विश्वविद्यालयका शैक्षिक, प्राज्ञिक, सिकाई शिक्षण, प्रवेश परीक्षा, परीक्षा तथा मूल्याङ्कन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत व्यवस्था गर्न निर्देशन दिन तथा अनुगमन गर्न सक्नेछ।

१४. **संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को बैठकः** (१) संरक्षक समितिको बैठक समितिबाट स्वीकृत कार्यविधिले तोकिए बमोजिम बस्नेछ। तर अध्यक्षले आवश्यकता अनुसार बैठक बोलाउन बाधा हुने छैन।

(२) संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) अध्यक्षको स्वीकृत लिई बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूचीसहितको सूचना कार्यालय सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

१५. **विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्वशासित संगठित संस्था हुने:** (१) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको सबै काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न र सो उपर सोही नामबाट नालिस उजुरी लाग्न सक्नेछ।

(५) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

१६. **विश्वविद्यालयको कार्यालय:** (१) विश्वविद्यालयको केन्द्रीय कार्यालय विधानमा उल्लेख भए बमोजिम हुनेछ।

(२) विश्वविद्यालयले विधानको अधीनमा रही आफ्नो शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्नेछ सो को प्राज्ञिक स्वायत्ततामा कसैको हस्तक्षेप हुने छैन।

१७. **विश्वविद्यालयको सम्पत्ति:** (१) सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको सम्पत्ति सम्बन्धित संस्थाको स्वामित्वमा रहनेछ। विश्वविद्यालयले आफू अन्तर्गत सञ्चालित शिक्षण संस्थालाई आफ्नो सम्पत्ति आफ्नो स्वामित्वमा राख्ने स्वीकृति दिन सक्नेछ।

(२) कुनै कारणबाट सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान खारेज भएमा वा सञ्चालन हुन नसकेमा संस्थाको सम्पत्तिलाई प्रदेश सरकारले अन्य सार्वजनिक शैक्षिक संस्थालाई तोकिए बमोजिम भोगचलन गर्न दिन सक्नेछ।

## परिच्छेद- ५

## विश्वविद्यालयको संगठनात्मक संरचना र पदाधिकारी सम्बन्धी व्यवस्था

१८. **विश्वविद्यालयको संगठन:** सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको संगठनात्मक स्वरूप तिनीहरूको विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

१९. **<u>विश्वविद्यालयका पदाधिकारी सम्बन्धी व्यवस्थाः</u>** सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको कार्यकारी प्रमुख लगायत विभिन्न निकायमा रहने पदाधिकारी तथा तिनीहरूको काम, कर्तव्य र अधिकार विधानमा तोकिए बमोजिम हुनेछ।

२०. **<u>पदपूर्ति र पद रिक्त सम्बन्धी व्यवस्थाः</u>** सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको कुनै पदाधिकारीको पदपूर्ति र पद रिक्त सम्बन्धी व्यवस्था विधानमा उल्लेख भए बमोजिम हुनेछ।

२१. **<u>पदबाट हटाउन सकिनेः</u>** विश्वविद्यालयका पदाधिकारीले आफ्नो पद अनुरूपको जिम्मेवारी पूरा नगरेमा वा पद अनुकूलको आचरण नगरेमा विधानमा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाई संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) ले निजलाई बरखास्त गर्न सक्नेछ।

२२. **<u>शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्थाः</u>** (१) विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानमा आवश्यक सङ्ख्यामा विभिन्न तहका शिक्षक वा कर्मचारी रहनेछन्। यस ऐनको दफा १९ तथा २० को अधीनमा रही सार्वजनिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठानको विधानमा व्यवस्था भए बमोजिम शिक्षक वा कर्मचारीको पदपूर्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिमका शिक्षक वा कर्मचारीको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका सर्तहरू विधानमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ६

## <u>विश्वविद्यालय गाभ्ने र विघटन सम्बन्धी व्यवस्था</u>

२३. **<u>विश्वविद्यालय गाभिन सक्नेः</u>** (१) यस ऐन बमोजिम स्थापना भएका कुनै विश्वविद्यालय अर्को विश्वविद्यालयमा गाभिन सक्नेछः-

(२) उपदफा (१) बमोजिम गाभिन चाहने विश्वविद्यालय र गाभ्ने विश्वविद्यालयले तोकिएका कुराहरू खुलाई संयुक्त रूपमा मन्त्रालयमार्फत् परिषद् समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा त्यस्ता विश्वविद्यालयहरू आपसमा गाभ्न मनासिब देखिएमा मन्त्रालयले तोकिए बमोजिम परिषद् समक्ष प्रस्ताव पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रस्ताव जाँचबुझ गर्दा त्यस्ता विश्वविद्यालयलाई एक आपसमा गाभ्न मनासिब देखिएमा परिषद्ले सोही व्यहोराको सिफारिस प्रदेश सरकार समक्ष पेश गर्नेछ।

(५) उपदफा (४) बमोजिम परिषद्को सिफारिसको आधारमा विश्वविद्यालयहरू गाभ्न मनासिब देखिएमा प्रदेश सरकारले त्यस्ता विश्वविद्यालयहरू एक आपसमा गाभ्न स्वीकृति दिनेछ।

(६) उपदफा (५) बमोजिमको स्वीकृति प्राप्त भएमा मन्त्रालयले विश्वविद्यालयलाई तोकिएको ढाँचामा गाभिएको स्वीकृति पत्र दिनेछ।

(७) उपदफा (५) बमोजिम विश्वविद्यालय गाभ्न स्वीकृति प्राप्त भएपछि त्यस्ता विश्वविद्यालयहरू एक आपसमा गाभिएको मानिनेछ।

(८) उपदफा (७) बमोजिम कुनै एउटा विश्वविद्यालय अर्को विश्वविद्यालयमा गाभिएमा त्यसरी गाभिएको विश्वविद्यालय र सो मातहतका सङ्काय, क्याम्पस, शिक्षक, कर्मचारी तथा विद्यार्थी गाभ्ने विश्वविद्यालयका सङ्काय, क्याम्पस, शिक्षक, कर्मचारी तथा विद्यार्थी हुनेछन्।

(९) यस दफा बमोजिम गाभिएको विश्वविद्यालयको हकभोगमा रहेको चल, अचल सम्पत्ति, ऋण तथा अन्य दायित्व समेत गाभ्ने विश्वविद्यालयमा स्वतः स्थानान्तरण भएको मानिनेछ।

२४. **<u>स्वीकृति खारेज हुने:</u>** (१) स्वीकृति पत्रमा तोकिएको अवधिभित्र विश्वविद्यालय सञ्चालन हुन नसकेमा त्यस्तो विश्वविद्यालयको विधान खारेज गर्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विश्वविद्यालय निर्धारित समयमा सञ्चालन हुन नसकेको मनासिब कारण खुलाई त्यस्तो विश्वविद्यालयले म्याद थपको लागि मन्त्रालयमार्फत परिषद् समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिब भएमा परिषद्को सिफारिसमा प्रदेश सरकारले एक वर्षको अवधि थप गर्न सक्नेछ।

२५. **<u>विश्वविद्यालय विघटन गर्न सक्ने:</u>** (१) कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसकेमा प्रदेश सरकारले त्यस्तो विश्वविद्यालय विघटन गर्न सक्नेछ।

तर विश्वविद्यालय विघटन गर्नु अघि सम्बन्धित विश्वविद्यालयलाई संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) मार्फत आफ्नो सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

(२) दफा २४ को उपदफा (१) बमोजिम विधान खारेज भएमा त्यस्तो विश्वविद्यालय स्वतः विघटन भएको मानिनेछ।

(३) उपदफा (१) बमोजिम कुनै विश्वविद्यालय विघटन भएमा सो विश्वविद्यालयको हकभोगमा रहेको चल अचल सम्पत्ति प्रदेश सरकारले कुनै शिक्षण संस्थालाई उपलब्ध गराउन वा अन्य सरकारी प्रयोजनको लागि प्रयोग गर्न, गराउन सक्नेछ।

(४) विश्वविद्यालय विघटन भएपछि सो विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र अध्ययनरत विद्यार्थी सम्बन्धमा परिषद्को सिफारिसमा प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम विश्वविद्यालय खारेज गर्नु अघि प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा विश्वविद्यालयको सम्पत्ति र दायित्वको हिसाब गरी फछ्र्यौट गर्न एकजना लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

(६) विश्वविद्यालय विघटन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **क्याम्पस हस्तान्तरण गर्न सक्ने:** (१) यस ऐन बमोजिम स्थापना भएको कुनै एक विश्वविद्यालय अन्तर्गत सञ्चालित आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसलाई अर्को विश्वविद्यालय अन्तर्गत सञ्चालन गर्न मनासिब भई क्याम्पस हस्तान्तरण गर्न सम्बन्धित विश्वविद्यालयहरू बिच सहमति भई परिषद् समक्ष निवेदन दिएमा परिषद्ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी त्यस्तो क्याम्पसलाई एक विश्वविद्यालयबाट अर्को विश्वविद्यालयमा हस्तान्तरण गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

तर मानित विश्वविद्यालयमा रूपान्तरण भएको कुनै उच्च शिक्षण संस्थाका लागि यो व्यवस्था लागु हुने छैन्।

(२) उपदफा (१) बमोजिम कुनै उच्च शिक्षण संस्था अर्को विश्वविद्यालय अन्तर्गत रहने गरी हस्तान्तरण भएमा त्यस्तो संस्था, सो अन्तर्गत कार्यरत शिक्षक तथा कर्मचारी र अध्यनरत विद्यार्थी त्यस्तो संस्था ग्रहण गर्ने विश्वविद्यालयका हुनेछन् र गाभिने संस्थामा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक कार्यक्रम पूरा गराउने जिम्मा ग्रहण गर्ने विश्वविद्यालयको हुनेछ।

(३) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको क्याम्पसको हकभोगमा रहेको चल अचल सम्पत्ति, ऋण तथा अन्य दायित्व क्याम्पस हस्तान्तरण सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(४) क्याम्पस हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम अर्को विश्वविद्यालयमा गाभिदा त्यस्तो संस्था आङ्गिक शिक्षण संस्थामा रूपान्तरित हुने भएमा साबिक संस्थागत स्वरूप स्वतः समाप्त हुनेछ। पूर्व संस्थागत स्वरूपमा सो संस्थाले व्यहोर्नु पर्ने दायित्वहरू पनि तद् उप्रान्त समाप्त भएको मानिनेछ।

(६) मानित विश्वविद्यालयका रूपमा सञ्चालित एकभन्दा बढी विश्वविद्यालयहरू एक आपसमा गाभिइ नयाँ विश्वविद्यालयका रूपमा सञ्चालन हुन चाहेमा प्रदेश सरकारले दफा २३ को व्यवस्था बमोजिम प्रक्रिया वा कार्यविधि लागु गरी विश्वविद्यालय स्थापनाको स्वीकृति दिन सक्नेछ।

२७. **विद्यार्थी स्थानान्तरण हुन सक्ने:** एक विश्वविद्यालय अन्तर्गत अध्ययन गरिरहेको विद्यार्थी अर्को विश्वविद्यालयमा स्थानान्तरण हुन चाहेमा अध्ययन गरिएको विश्वविद्यालयको स्वीकृति लिई सम्बन्धित विश्वविद्यालयहरूको नियमको अधिनमा रही स्थानान्तरण गर्न तथा एक विश्वविद्यालयबाट प्राप्त अध्ययनको क्रेडिट (अङ्क भार) जोडी अर्को विश्वविद्यालयमा निरन्तरता प्रदान गर्ने व्यवस्था गर्न सकिने छ।

## परिच्छेद- ७

## विश्वविद्यालयको सम्पत्ति, कोष तथा लेखापरीक्षण

२८. **कोषः** (१) विश्वविद्यालयको एक छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) मन्त्रालयबाट प्राप्त रकम,

(ख) सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, सङ्घ वा संस्थाबाट प्राप्त रकम,

(घ) शिक्षण शुल्कबाट प्राप्त रकम,

(ङ) ज्ञान र सेवाको उपयोग र हस्तान्तरणबाट प्राप्त रकम,

(च) अनुसन्धान तथा सेवा प्रदान गरी प्राप्त गरेको रकम,

(छ) सेवा प्रवाह बापतको शुल्क,

(ज) सङ्घीय अर्थ मन्त्रालयबाट स्वीकृत लिई विदेशी व्यक्ति तथा सरकारबाट प्राप्त रकम,

(झ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धी व्यवस्था विधानमा तोकिए बमोजिम हुनेछ।

२९. **लेखा तथा लेखापरीक्षणः** (१) विश्वविद्यालयले आफ्नो आय व्ययको लेखा नेपाल सरकारले तोकेको प्रक्रिया बमोजिम राख्नु पर्नेछ।

(२) विश्वविद्यालयको बाह्य लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) विश्वविद्यालयले आङ्गिक क्याम्पसको लेखापरीक्षण संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) बाट नियुक्त सूचीकृत लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(४) विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## विविध

३०. **सम्बन्धन प्रदान गर्न सक्नेः** (१) सार्वजनिक विश्वविद्यालयले प्रादेशिक क्षेत्रभित्र तोकिएको प्रक्रिया पूरा गरी सम्बन्धन प्रदान गर्न सक्नेछ। सम्बन्धन सम्बन्धी मापदण्ड परिषद्ले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नै सङ्काय नभएको विषयमा अध्ययन वा अध्यापन गराउन विश्वविद्यालयले कुनै क्याम्पसलाई सम्बन्धन दिन सक्ने छैन।

(३) सार्वजनिक विश्वविद्यालयले सम्बन्धन प्रदान गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **स्वायत्तता प्रदान गर्न सक्ने:** (१) विश्वविद्यालयले आफ्नो सङ्काय वा आङ्गिक क्याम्पसलाई अनुसन्धानात्मक, संगठनात्मक, वित्तीय, प्रशासनिक वा व्यवस्थापकीय स्वायत्तता प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वायत्तता प्रदान गरिएका सङ्काय वा क्याम्पस सम्बन्धित विश्वविद्यालयको संगठनको रूपमा रहनेछ र त्यस्तो सङ्काय वा क्याम्पसले सो विश्वविद्यालयको नाम र संरक्षण प्राप्त गर्नेछ।

(३) उपदफा (१) बमोजिम स्वायत्तता प्राप्त सङ्काय वा क्याम्पसले विश्वविद्यालयको स्वीकृति बिना कुनै शैक्षिक उपाधि प्रदान गर्न वा आफ्नो सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्न सक्ने छैन।

३२. **प्रमाणपत्र र उपाधि दिने:** (१) विश्वविद्यालयले तोकिएको विषयमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी र अनुसन्धानकर्तालाई तोकिए बमोजिम उपाधि र मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(२) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो विश्वविद्यालयमा अध्ययन वा काम गर्ने प्रयोजनका लागि तोकिए बमोजिम समकक्षताको प्रमाणपत्रको आधारमा मात्र मान्यता दिन सक्नेछ।

(३) विश्वविद्यालयले स्वदेशी वा विदेशी संस्थासँगको सहकार्यमा संयुक्त अध्ययन, अध्यापन, अनुसन्धान कार्य गर्न र संयुक्त डिग्री प्रदान गर्ने व्यवस्था गर्न सक्नेछन्। यस्तो कार्यका लागि परिषद्को सहमति लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रमाणपत्रको समकक्षता स्वतः प्राप्त भएको मानिनेछ।

(५) उच्च शिक्षाका विभिन्न शैक्षिक कार्यक्रमहरू वा कुनै विशिष्ट विषय व्यवस्थापनका सन्दर्भमा राष्ट्रिय आवश्यकता अनुसार समय समयमा मन्त्रालयको सिफारिसमा परिषद्बाट निर्देशिका जारी हुन सक्नेछ। त्यस्तो निर्देशिकाको पूर्ण पालना गर्नु सबै उच्च शिक्षण संस्थाहरूको कर्तव्य हुनेछ।

३३. **विश्वविद्यालय भर्ना हुन चाहिने योग्यता:** (१) विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थी वा अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ।

(२) विदेशी विद्यार्थीलाई उच्च शिक्षण संस्थामा अध्ययन गर्न विश्वविद्यालयको भर्ना छनोट पछि अध्ययन भिषा उपलब्ध गराउनको लागि सम्बन्धित विश्वविद्यालयले मन्त्रालयको सिफारिस लिई नेपाल सरकारको सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

३४. **छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः** (१) सरकारी, सामुदायिक तथा निजी स्वदेशी लगानीमा सञ्चालित क्याम्पस भए प्रत्येक शैक्षिक सत्रमा कम्तीमा दश प्रतिशत गरिब, जेहेन्दार, विपन्न, द्वन्द्व पीडित, दलित, महिला, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अपाङ्ग, पिछडिएको क्षेत्र र वर्ग वा सम्प्रदायका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्नु पर्नेछ। वैदेशिक लगानीमा सञ्चालित क्याम्पस भए कुल भर्नाको बीस प्रतिशत सङ्ख्यामा सम्बन्धित विश्वविद्यालय संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) ले विद्यार्थी छनोट गरी भर्नाका लागि पठाउनेछ।

(२) प्रदेश सरकारले छात्रवृत्ति प्रदान गर्ने भएमा मन्त्रालयले तोके बमोजिमको प्रक्रिया अपनाई वितरण गरिनेछ।

(३) विश्वविद्यालयले आफ्नो विधान अन्तर्गत कार्यविधि बनाई छात्रवृत्ति सम्बन्धी छुट्टै कोषको स्थापना गरी सो मार्फत छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

३५. **विश्वविद्यालय नामको प्रयोगः** यस ऐन बमोजिम स्वीकृति पत्र पाएको संस्था बाहेक अन्य कुनै पनि संस्थाले विश्वविद्यालय नामको प्रयोग गर्न पाउने छैन।

३६. **विश्वविद्यालयको सूची प्रकाशन गर्नु पर्नेः** (१) मन्त्रालयले यस ऐन बमोजिम स्वीकृति पत्र प्राप्त विश्वविद्यालयको सूची प्रत्येक वर्ष शैक्षिक सत्र शुरू हुनु अघि तोकिए बमोजिम प्रकाशन गर्नेछ।

(२) मन्त्रालयले तोकिए बमोजिमको कार्यविधि लागु गरी विश्वविद्यालयहरूको प्रादेशिक स्तरीकरणको सूची प्रकाशित गर्नेछ।

(३) प्रदेश सरकारद्वारा मन्त्रालय मार्फत प्रदान गर्ने विश्वविद्यालय अनुदान उपदफा (२) बमोजिम निर्धारित स्तरीकरणमा समेत आधारित हुने व्यवस्था गर्न सकिनेछ।

३७. **काम कारबाही बदर नहुनेः** विश्वविद्यालयको कुनै संगठनको कुनै सदस्य वा पदाधिकारीको स्थान रिक्त रहेको वा विश्वविद्यालयका कुनै निकायको गठनमा कुनै त्रुटि भएको कारणले मात्र विश्वविद्यालयका कुनै निकायबाट भए गरेका काम कारबाही बदर हुने छैन।

३८. **प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्नेः** विश्वविद्यालयले प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा निर्णय गर्नु अघि प्रदेश सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

३९. **प्रतिवेदन पेश गर्नु पर्नेः** विश्वविद्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वर्षभरिमा उच्च शिक्षाका क्षेत्रमा भएका काम कारबाहीको वार्षिक प्रतिवेदन मन्त्रालयमार्फत परिषद् समक्ष पेश गर्नु पर्नेछ।

४०. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** परिषद्ले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार मन्त्रालय वा कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४१. **<u>प्रदेश सरकारसँग सम्पर्क:</u>** उच्च शिक्षाका सम्बन्धमा विश्वविद्यालयले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४२. **<u>यसै ऐन बमोजिम हुने:</u>** यस ऐनमा उल्लिखित जति कुरामा यसै ऐन बमोजिम हुनेछ र यसमा उल्लेख नभएको उच्च शिक्षासँग सम्बन्धित अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

४३. **<u>नियम बनाउने अधिकार:</u>** प्रदेश सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

४४. **<u>विनियम तथा कार्यविधि बनाउने अधिकार:</u>** विश्वविद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र विश्वविद्यालयको विधानको अधीनमा रही आवश्यक विनियम तथा कार्यविधि बनाउन सक्नेछ। यस्तो विनियम तथा कार्यविधि परिषद्बाट स्वीकृत भएपछि लागु हुनेछ।

४५. **<u>बचाउ:</u>** यो ऐन प्रारम्भ हुनुअघि प्रचलित कानून बमोजिम भएका काम प्रदेश सरकारको कार्यक्षेत्र बमोजिम पर्न आएमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची

(दफा ८, ९, १० र ११ सँग सम्बन्धित)

**विश्वविद्यालय स्थापना गर्न चाहिने आवश्यक न्यूनतम मापदण्ड तथा पूर्वाधार**

**१. विश्वविद्यालय**

**भौतिक पूर्वाधारः**

(क) जग्गा/जमिन

(१) काठमाडौं उपत्यकाभित्र कम्तीमा दुई सय रोपनी जग्गा भएको,

(२) पहाडी तथा हिमाली जिल्लामा भए कम्तीमा पाँच सय रोपनी जग्गा भएको,

(३) तराई तथा भित्री मधेश क्षेत्रमा भए कम्तीमा पचास विगाहा जग्गा भएको,

(४) माथि उल्लिखित जग्गा/जमिन बढीमा तीन स्थानसम्म करिब बीस किलोमिटरको दूरीभित्र व्यवस्थापन गर्न सकिने।

(ख) भवन

(१) कम्तीमा शैक्षिक, प्रशासकीय, पुस्तकालय र प्रयोगशालाको अलग अलग भवनहरू हुनुपर्ने,

(२) कक्षा सञ्चालनको लागि शैक्षिक भवन कम्तीमा पचास हजार वर्ग फिट क्षेत्रफलको हुनुपर्ने वा हरेक कक्षामा कम्तीमा पचास जनासम्म विद्यार्थी अटाउने गरी विद्यार्थी सङ्ख्याको अनुपातमा कक्षा कोठाहरू हुनुपर्ने,

(३) कम्तीमा शैक्षिक, प्रशासकीय र पुस्तकालयको अलग-अलग तीनवटा भवनहरू हुनुपर्ने।

(ग) छात्रावास

(१) कम्तीमा एक तिहाई विद्यार्थीहरूलाई छात्रावास हुनुपर्ने,

(२) महिला र पुरूषको लागि छुट्टा-छुट्टै सुविधाजनक छात्रावासको व्यवस्था हुनुपर्ने,

(३) अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि अन्तर्राष्ट्रिय स्तरको एक छात्रावास हुनुपर्ने,

(४) आवासीय विश्वविद्यालयको हकमा सबै विद्यार्थीहरूको छात्रावासको व्यवस्था हुनुपर्ने।

(घ) अन्य भौतिक पूर्वाधार

(१) पठन पाठन, अनुसन्धान, प्रयोगात्मक कार्य आदिका लागि विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त फर्निचर र उपकरणहरू सहितको भौतिक व्यवस्थापन हुनुपर्ने,

(२) महिला र पुरूषका लागि अलग-अलग र पर्याप्त सङ्ख्यामा अपाङ्गमैत्री शौचालयको व्यवस्था हुनुपर्ने,

(३) विद्यार्थी सङ्ख्याको अनुपातमा स्तरीय चमेनागृहको व्यवस्था हुनुपर्ने,

(४) स्वास्थ्य केन्द्र, पिउने पानी, इन्टरनेट, खेल मैदान, बगैंचा आदिको व्यवस्था हुनुपर्ने।

**शैक्षिक आधारहरूः**

१. पुस्तकालय

(१) विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त सङ्ख्यामा आवश्यक स्तरीय पुस्तकहरू सहितको सुविधा सम्पन्न पुस्तकालयको व्यवस्थापनको साथै सबै पाठकहरू बिच सूचना प्रविधिको पहुँच पुग्न सक्ने गरी आवश्यक व्यवस्था हुनुपर्ने,

(२) विद्युतीय पुस्तकालय (ई-लाइब्रेरी) को व्यवस्था हुनुपर्ने,

(३) आवश्यक व्यवस्थापकीय सुविधा सहितको अध्ययन कक्षको व्यवस्था हुनुपर्ने।

२. प्रयोगशाला

(१) प्राविधिक विषयसँग सम्बन्धित विश्वविद्यालयको हकमा सम्बन्धित व्यावसायिक परिषद्ले तोके बमोजिम विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त उपकरण, औजार तथा रसायनहरू सहितको सुविधायुक्त प्रयोगशाला भएको हुनुपर्ने।

३. शिक्षक/प्राध्यापक

(१) अध्यापन र अनुसन्धान गर्नका लागि आवश्यक सङ्ख्यामा तोकिएको योग्यता पुगेका शिक्षक/प्राध्यापकहरूको व्यवस्था हुनुपर्ने,

(२) सबै शिक्षकहरू पूर्णकालीन हुनुपर्ने,

(३) जम्मा शिक्षक सङ्ख्यामध्ये कम्तीमा एक तिहाई विद्यावारिधि उपाधि प्राप्त गरेको हुनुपर्ने,

(४) जम्मा शिक्षक सङ्ख्या मध्ये कम्तीमा दश प्रतिशत शिक्षक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकर्मी समीक्षा जर्नल (पियर रिभ्यूड) मा लेखहरू प्रकाशन गरेको हुनुपर्ने।

४. कर्मचारी

(१) आवश्यक सङ्ख्यामा निर्धारित क्षमता, दक्षता र प्रतिवद्धता सहितका कर्मचारीको व्यवस्था हुनुपर्ने।

५. विद्यार्थी

(१) साधारण तथा प्राविधिक विषयमा पठन पाठन तथा अनुसन्धान गर्ने गराउने विश्वविद्यालय भएमा कम्तीमा पाँच हजार विद्यार्थी हुनुपर्ने,

(२) प्राविधिक विषयका हकमा सम्बन्धित अधिकार प्राप्त निकायले निर्धारण गरेको सङ्ख्या अनुसार हुनुपर्ने।

तर प्रदेश सरकारले स्थापना गर्ने विश्वविद्यालयहरूको लागि यो विद्यार्थी सङ्ख्या अनिवार्य आधार हुने छैन।

६. कोष

(१) सघन विश्वविद्यालय भएमा विश्वविद्यालयको नाममा कम्तीमा पचास करोड रूपैयाँको अक्षय कोष स्थापना भएको हुनुपर्ने,

(२) विशिष्टिकृत विश्वविद्यालय भएमा कम्तीमा बीस करोड रूपैंयाको अक्षय कोष (विषयगत) स्थापना भएको हुनुपर्ने,

(३) काठमाडौं उपत्यकाभित्र स्थापना हुने विश्वविद्यालय भएमा उपरोक्त रकमहरूमा थप दश प्रतिशत रकम सहितको अक्षय कोषको व्यवस्था गर्नुपर्ने,

(४) विश्वविद्यालयमा दश करोड रूपैंयाको बेग्लै खर्च हुने कोषको स्थापना गरी उक्त कोषमा जम्मा हुने रकमको सम्भावित स्रोतहरू पहिचान भएको हुनुपर्ने।

<u>अन्य आधारहरू:</u>

१. अन्य आवश्यक मापदण्ड र पूर्वाधार

(१) वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(२) सामाजिक प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(३) सम्भाव्यता अध्ययनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(४) विश्वविद्यालयमा आन्तरिक गुणस्तर सुनिश्चितता केन्द्रको स्थापना भएको हुनुपर्ने,

(५) चिकित्सा तथा इन्जिनियरिङ जस्ता विशेष पूर्वाधारहरू आवश्यक पर्ने उच्च शिक्षा विश्वविद्यालयका लागि सम्बन्धित नियमनकारी निकायको परामर्शमा थप पूर्वाधारहरू तोक्न सकिने।

२. मानित विश्वविद्यालय

<u>भौतिक पूर्वाधार</u>

१. जग्गा/जमिन

(१) काठमाडौं उपत्यकाभित्र सञ्चालित मानविकी, कानून, व्यवस्थापन लगायतका गैर प्राविधिक विषयका मानित विश्वविद्यालयका लागि कम्तीमा बीस रोपनी जग्गा/जमिन हुनुपर्ने,

(२) प्राविधिक विषयका मानित विश्वविद्यालय वा प्रतिष्ठानका लागि काठमाडौं उपत्यकाभित्र आवश्यकता अनुसार न्युनतम बीस रोपनी जमिन हुनु पर्ने,

(३) काठमाडौं उपत्यका बाहिर समेत केन्द्र सञ्चालन गरी सञ्चालनमा रहेका मानविकी, कानून तथा व्यवस्थापन जस्ता विषयका मानित विश्वविद्यालयको हकमा पचास किलोमिटरको परिधिभित्र काठमाडौंभित्र र बाहिर गरी कम्तीमा तीस रोपनी जग्गा हुनुपर्ने,

(४) प्राविधिक विषयका मानित विश्वविद्यालयका लागि काठमाडौं उपत्यका बाहिर समेत केन्द्र राखी सञ्चालन भएको अवस्थामा न्यूनतम पचास रोपनी जमिन हुनुपर्ने,

(५) तराई तथा भित्री मधेश क्षेत्रमा भए कम्तीमा पाँच बिगाहा जग्गा भएको हुनुपर्ने,

(६) उल्लिखित जमिन बढीमा दुई स्थानसम्म करिब पचास किलोमिटरको दुरीमा व्यवस्थापन गर्न सकिने अवस्थामा हुनुपर्ने,

(७) स्थानीय तहले दिएको जमिनलाई यस प्रयोजनका लागि मान्यता हुनेछ।

२. भवन

(१) कम्तीमा शैक्षिक, प्रशासकीय र पुस्तकालयको अलग-अलग तीनवटा भवनहरू हुनुपर्ने,

(२) कक्षा सञ्चालनको लागि शैक्षिक भवन कम्तीमा पच्चीस हजार वर्ग फिट क्षेत्रफलको हुनुपर्ने वा हरेक कक्षमा कम्तीमा पचास जनासम्म विद्यार्थी अटाउने कक्षा कोठाहरू हुनुपर्ने।

३. छात्रावास

(१) कम्तीमा एक तिहाई विद्यार्थीहरूलाई छात्रावास हुनुपर्ने,

(२) महिला र पुरूषको लागि छुट्टा-छुट्टै सुविधाजनक छात्रावासको व्यवस्था हुनुपर्ने।

४. अन्य भौतिक पूर्वाधार

(१) पठन पाठन, अनुसन्धान, प्रयोगात्मक कार्य आदिका लागि विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त फर्निचर र उपकरणहरू सहितको भौतिक व्यवस्थापन भएको हुनुपर्ने,

(२) महिला र पुरूषका लागि अलग-अलग र पर्याप्त सङ्ख्यामा अपाङ्गमैत्री शौचालय भएको हुनुपर्ने,

(३) स्वास्थ्य केन्द्र, पिउने पानी, इन्टरनेट, खेल मैदान, बगैंचा आदिको व्यवस्था हुनुपर्ने।

<u>शैक्षिक आधारहरू</u>

**१. पुस्तकालय**

(१) विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त सङ्ख्यामा आवश्यक स्तरीय पुस्तकहरू सहितको सुविधा सम्पन्न पुस्तकालयको व्यवस्थापनको साथै सबै पाठकहरू बिच सूचना प्रविधिको पहुँच पुग्न सक्ने गरी आवश्यक व्यवस्था हुनुपर्ने,

(२) विद्युतीय पुस्तकालय (ई-लाइब्रेरी) को व्यवस्था हुनुपर्ने,

(३) आवश्यक व्यवस्थापकीय सुविधा सहितको अध्ययन कक्षको व्यवस्था हुनुपर्ने।

**२. प्रयोगशाला**

(१) प्राविधिक विषयसँग सम्बन्धित विश्वविद्यालयको हकमा सम्बन्धित व्यावसायिक परिषद्‌ले तोके बमोजिम विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त उपकरण, औजार तथा रसायनहरू सहितको सुविधायुक्त प्रयोगशालाको व्यवस्था हुनुपर्ने।

**३. शिक्षक/प्राध्यापक**

(१) अध्यापन र अनुसन्धान गर्नका लागि आवश्यक सङ्ख्यामा तोकिएको योग्यता पुगेका शिक्षक/प्राध्यापकहरू हुनुपर्ने,

(२) सबै शिक्षकहरू पूर्णकालीन हुनुपर्ने,

(३) जम्मा शिक्षक सङ्ख्यामध्ये कम्तीमा एक तिहाई विद्यावारिधि उपाधि प्राप्त गरेको हुनुपर्ने,

(४) जम्मा शिक्षक सङ्ख्यामध्ये कम्तीमा दश प्रतिशत शिक्षक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकर्मी समीक्षा जर्नल (पियर रिभ्यूड) मा लेखहरू प्रकाशन गरेको हुनुपर्ने।

**४. कर्मचारी**

(१) आवश्यक सङ्ख्यामा निर्धारित दक्षता र प्रतिवद्धता सहितका कर्मचारी हुनुपर्ने।

**५. विद्यार्थी**

(१) साधारण तथा प्राविधिक विषयमा पठन पाठन तथा अनुसन्धान गर्ने गराउने विश्वविद्यालय भएमा कम्तीमा पाँच हजार विद्यार्थी हुनुपर्ने,

(२) सञ्चालनमा रहिरहेको कुनै क्याम्पसको स्तरोन्नति गरी विश्वविद्यालयमा रूपान्तरण गर्न लागिएको भएमा उक्त क्याम्पसमा कम्तीमा दुई हजार विद्यार्थीहरू अध्ययनरत भएको, स्नातकोत्तर तहमा कम्तीमा पाँच व्याच विद्यार्थी दीक्षित भएको र गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने,

(३) प्राविधिक विषयका हकमा सम्बन्धित अधिकार प्राप्त निकायले निर्धारण गरेको सङ्ख्या अनुसारको विद्यार्थी हुनुपर्ने,

तर प्रदेश सरकारले स्थापना गर्ने विश्वविद्यालयहरूको लागि यो विद्यार्थी सङ्ख्या अनिवार्य आधार हुने छैन।

**६. कोष**

(१) सघन विश्वविद्यालय भएमा विश्वविद्यालयको नाममा कम्तीमा पच्चीस करोड रूपैंयाको अक्षय कोष वा खर्च नहुने कोष स्थापना हुनुपर्ने,

(२) विशिष्टिकृत विश्वविद्यालय भएमा कम्तीमा दश करोड रूपैंयाको अक्षय कोष (विषयगत) खर्च नहुने कोष स्थापना हुनुपर्ने,

(३) काठमाडौं उपत्यकाभित्र स्थापना हुने विश्वविद्यालय भएमा उपरोक्त रकमहरूमा थप दश प्रतिशत रकम सहितको कोषको व्यवस्था गर्नुपर्ने,

(४) विश्वविद्यालयमा पाँच करोड रूपैंयाको बेग्लै खर्च हुने कोषको स्थापना गरी उक्त कोषमा जम्मा हुने रकमको सम्भावित स्रोतहरू पहिचान भएको हुनुपर्ने,

(५) उपरोक्त बमोजिमका कोषहरू मानित विश्वविद्यालय स्थापना भएको पाँच वर्षभित्र स्थापना गरी सक्नुपर्ने।

<u>अन्य आधारहरू</u>

**१.** अन्य आवश्यक मापदण्ड र पूर्वाधार

(१) वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(२) सामाजिक प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(३) सम्भाव्यता अध्ययनको प्रतिवेदन अनिवार्य हुनुपर्ने,

(४) विश्वविद्यालयमा आन्तरिक गुणस्तर सुनिश्चितता केन्द्रको स्थापना भएको हुनुपर्ने,

(५) चिकित्सा तथा इन्जिनियरिङ जस्ता विशेष पूर्वाधारहरू आवश्यक पर्ने उच्च शिक्षाका विश्वविद्यालयका लागि सम्बन्धित नियमनकारी निकायको परामर्शमा थप पूर्वाधारहरू तोक्न सकिने,

(६) उपरोक्त बमोजिमका मूल्याङ्कनको कार्य एक वर्षभित्र सम्पन्न गरी सोको प्रतिवेदनको सिफारिसको आधारमा प्रदेश सरकारले मानित विश्वविद्यालयको मान्यता दिन सक्नेछ।

**३. मानित विश्वविद्यालय एक्लै वा दुई वा दुईभन्दा बढी विश्वविद्यालयहरू गाभिई नयाँ विश्वविद्यालयमा स्थानान्तरण भएमा हुनुपर्ने मापदण्डः-**

(१) काठमाडौं उपत्यकाभित्र कम्तीमा दुई सय रोपनी जग्गा हुनुपर्ने,

(२) पहाडी जिल्लामा भए कम्तीमा पाँच सय रोपनी जमिन हुनुपर्ने,

(३) तराई र भित्री मधेशमा भए कम्तीमा पचास विगाहा जमिन हुनुपर्ने,

(४) अन्य मापदण्ड नयाँ विश्वविद्यालयलाई तोकिए सरहको हुनुपर्ने।

# प्रदेश पर्यटन ऐन, २०७८

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७९।०१।०७

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| प्रदेश आर्थिक ऐन, २०७९ | २०७९।०३।२१ |
| प्रदेश आर्थिक ऐन, २०८० | २०८०।०३।३१ |
| प्रदेश आर्थिक ऐन, २०८२ | २०८२।०३।३० |

संवत् २०७८ सालको ऐन नं. ५

**<u>प्रदेश पर्यटन विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**ः प्रदेशभित्रका कला, संस्कृति, सम्पदा संरक्षण, सम्बर्द्धन, पर्यटकीय क्षेत्र एवं धार्मिक, सांस्कृतिक, ऐतिहासिक लगायतका पर्यटकीय महत्वका विषय र गतिविधिको पहिचान, व्यवस्थापन एवं प्रवर्द्धन गरी प्रदेशलाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न, प्रदेशभित्र घुम्न आउने आन्तरिक र बाह्य पर्यटकलाई सरल, सहज तथा गुणस्तरीय सेवा प्रदान गर्न तथा निजी क्षेत्रको सहकार्यमा पर्यटनमैत्री वातावरण निर्माणका साथै पर्यटनलाई समृद्धिको महत्वपूर्ण आधारको रूपमा विकास गरी नागरिकको जीवन स्तरमा सुधार गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस ऐनको नाम "प्रदेश पर्यटन ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इजाजत दिने निकाय" भन्नाले मन्त्रालय वा कार्यालय वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकी दिएको निकाय सम्झनु पर्छ।

(ख) "इजाजत पत्र (अनुमति पत्र)" भन्नाले यस ऐन बमोजिम पर्यटन व्यवसाय/उद्योग गर्न वा पथप्रदर्शक (गाइड) को काम गर्न दिइने इजाजत पत्र सम्झनु पर्छ।

(ग) "उचाईमा जाने श्रमिक" भन्नाले आधार शिविरभन्दा माथि आवश्यक मालसामान लैजाने ल्याउने पर्यटन श्रमिक सम्झनु पर्छ।

(घ) "उद्योग/व्यवसाय सङ्घ" भन्नाले उद्योगी/व्यवसायीको छाता सङ्गठन सम्झनु पर्छ। यो शब्दले विषयगत सङ्घलाई समेत जनाउँछ।

(ङ) "कार्यालय" भन्नाले मन्त्रालय, मन्त्रालय अन्तर्गतका पर्यटन कार्यालय र प्रदेश सरकारले पर्यटन सम्बन्धी सेवा दिने भनी तोकेका अन्य कार्यालय समेतलाई जनाउँछ।

(च) "घरबास (होमस्टे)" भन्नाले स्थानीय मौलिक संस्कृति, परम्परा झल्कने गरी आवास, स्थानीय परिकार र मनोरञ्जन समेत प्रदान गर्ने उद्देश्यले ग्रामीण क्षेत्रमा आफ्नै घरमा व्यक्तिगत वा सामूहिक रूपमा सञ्चालन गरिएको व्यवसाय सम्झनु पर्दछ।

(छ) "जलयात्रा एजेन्सी" भन्नाले जलयात्रा व्यवसाय गर्नको लागि इजाजत प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ।

(ज) "जलयात्रा पथप्रदर्शक (रिभर गाइड)" भन्नाले जलयात्रा टोलीलाई जलयात्रामा सहयोग गर्ने कामको लागि ऐन बमोजिम इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(झ) "जलयात्रा" भन्नाले कायक, क्याटाऱ्याफ्ट, मोटरबोट, पानी जहाज, डुङ्गा, नाउ वा अन्य यस्तै प्रकृतिका नदीमा तैरिने ऱ्याफ्टिङ लगायतका मनोरञ्जनात्मक गतिविधि, जलयात्राको साधन प्रयोग गरी मनोरञ्जन, प्राकृतिक वा सांस्कृतिक दृश्यावलोकनको लागि नदीमा गरिने यात्रा सम्झनु पर्छ।

(ञ) "जलयात्री" भन्नाले एक वा एकभन्दा बढी सदस्य भएको जलयात्रा गर्ने व्यक्ति वा व्यक्तिहरुको टोली सम्झनु पर्छ।

(ट) "ट्राभल एजेन्सी" भन्नाले आन्तरिक तथा वाह्य पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई स्वदेश तथा विदेशमा भ्रमण, बसोबास तथा विभिन्न स्थानहरुमा दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने र हवाई टिकट, बस टिकट तथा ट्रेन टिकट लगायत अन्य सवारी साधनको व्यवस्था गर्न, पर्यटकीय प्रवेशाज्ञा (भिषा) को व्यवस्थाको लागि काम गर्न तथा पर्यटकीय यातायात सञ्चालन गर्न इजाजत प्राप्त फर्म वा कम्पनी सम्झनु पर्दछ।

(ठ) "ट्रेकिङ्ग एण्ड माउन्टेनियरिङ्ग एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिहरुलाई विविध प्राकृतिक एवं सांस्कृतिक दृश्यावलोकनको लागि भ्रमण, बसोबास सम्बन्धी प्रबन्ध मिलाउने उद्देश्यले शुल्क लिई विभिन्न पर्वतीय स्थानहरुमा पदयात्रा, रमाइलो ट्रेकिङ्ग दौड, माउन्टेन बाइकीङ्ग, स्मृति दौड, आधार शिविर वरपर हुने म्याराथुन दौड, विशेष पर्व तथा दिनहरुको सम्झनामा गरिने ट्रेकिङ्ग दौड, म्याराथुन दौड तथा पर्वतारोहण गराउने इजाजत प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ।

(ड) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) "नेपाली पर्यटक" भन्नाले नेपालको एक स्थानबाट अर्को स्थानमा पर्यटकीय उद्देश्यले भ्रमण गर्ने नेपाली नागरिक सम्झनु पर्छ।

(ण) "पथप्रर्दशक (गाइड)" भन्नाले पारिश्रमिक लिई पर्यटकको साथमा रहने गरी धार्मिक पथप्रर्दशक (रिलिजियस गाइड), पदयात्रा प्रदर्शक (ट्रेकिङ्ग गाइड), पर्वतीय पथप्रर्दशक (माउन्टेन गाइड), धार्मिक-सांस्कृतिक पथप्रर्दशक (कल्चरल गाइड), जलयात्रा पथप्रर्दशक (रिभर गाइड), छाँगो रोहण पथप्रर्दशक (क्यानोनिङ्ग गाइड), सफारी पथप्रर्दशक (सफारी गाइड), सम्पदा पथप्रर्दशक (हेरिटेज गाइड), स्थानीय पथप्रर्दशक वा अन्य पर्यटन गतिविधि सम्बन्धी विभिन्न जानकारी गराउन पथप्रदर्शनको लागि काम गर्न मान्यता प्राप्त संस्थाबाट तालिम लिई इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ। यो शब्दले प्रमुख पथप्रर्दशक (मेन गाइड) समेतलाई जनाउँछ।

(त) "पदयात्रा पथप्रर्दशक (ट्रेकिङ्ग गाइड)" भन्नाले पदयात्रा क्षेत्रमा भ्रमण गर्न आउने पर्यटकलाई पदयात्रामा पथप्रदर्शनको काम गर्न मान्यता प्राप्त संस्थाबाट तालिम लिएको इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(थ) "पर्यटक यातायात एजेन्सी" भन्नाले कुनै पनि स्वदेशी वा विदेशी पर्यटकको सवारीका लागि शुल्क लिई पर्यटक यातायात सञ्चालन गर्न गराउन इजाजत प्राप्त तोकिएको मापदण्ड बमोजिमको सवारी साधन उपलब्ध भएको फर्म वा कम्पनी सम्झनु पर्छ।

(द) "पर्यटक यातायात" भन्नाले पर्यटकको सवारीका लागि प्रचलित कानून बमोजिम दर्ता भएको तोकिएको मापदण्ड बमोजिमको सवारी साधन सम्झनु पर्छ। यो शब्दले पर्यटकको सामान ओसार्ने सवारी साधन समेतलाई जनाउँछ।

(ध) "पर्यटक" भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपालमा आई यस प्रदेशमा पर्यटकीय उद्देश्यले आउने गैर नेपाली नागरिकलाई सम्झनु पर्छ र सो शब्दले प्रदेशभित्र पर्यटकीय उद्देश्यले भ्रमण गर्ने नेपाली नागरिक समेतलाई जनाउँछ।

(न) "पर्यटन एजेन्सी" भन्नाले पर्यटकीय गतिविधि सञ्चालन गर्न दफा १२ बमोजिम इजाजत प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ।

(प) "पर्वतारोहण" भन्नाले पथप्रर्दशक (गाइड) को सहायता लिई इजाजत प्राप्त हिमालमा पर्वतारोहण सम्बन्धी क्रियाकलाप सम्झनु पर्छ।

(फ) "पर्वतीय पथप्रर्दशक (माउण्टेन गाइड)" भन्नाले आधार शिविरभन्दा माथि आरोहीहरूसँग आरोहणमा पर्वतीय पथप्रर्दशक (माउन्टेन गाइड) को काम गर्ने,

तोकिए बमोजिमको योग्यता तथा तालिम लिएको इजाजत प्राप्त पथप्रदर्शक (गाइड) सम्झनु पर्छ।

(ब) "प्रदेश पर्यटन विकास समिति" भन्नाले पर्यटन क्षेत्रको विकास एवं प्रवर्द्धनका लागि यस ऐन बमोजिम गठन गरिएको प्रदेश पर्यटन विकास समिति सम्झनु पर्छ।

(भ) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश सरकार सम्झनु पर्छ।

(म) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(य) "प्रमुख पर्वतीय पथप्रर्दशक (माउण्टेन लिडर)" भन्नाले स्थानीय श्रमिकहरुको बन्दोबस्त गर्ने, आधार शिविर तथा उचाईमा जाने श्रमिकहरुको नेतृत्व गर्ने, पर्वतीय प्रमुख पथप्रर्दशकको काम गर्न इजाजत प्राप्त पथप्रर्दशक (गाइड) सम्झनु पर्छ।

(र) "मनोरञ्जनात्मक पर्यटन" भन्नाले केबलकार, एम्यूज्मेन्ट पार्क, फन पार्क, वाटर फन पार्क तथा अन्य मनोरञ्जन पार्क लगायतका क्रियाकलापहरु सम्झनु पर्छ।

(ल) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको पर्यटन हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(व) "सम्पदा" भन्नाले प्रदेशको प्राकृतिक वा मानव निर्मित सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिकोणबाट मानव जातिका लागि महत्त्वपूर्ण मानिने कुनै पनि वस्तु, स्थल, नदीनाला, वनस्पति तथा जीवजन्तु सम्झनु पर्छ।

(श) "सम्पर्क व्यक्ति" भन्नाले स्की तथा हिमतालमा डाइभिङको लागि मान्यता प्राप्त संस्थाबाट तालिम लिई सम्पर्क व्यक्तिको रूपमा काम गर्न इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ष) "सांस्कृतिक पथप्रर्दशक (कल्चरल गाइड)" भन्नाले सांस्कृतिक सम्पदा क्षेत्रमा भ्रमण गर्न आउने पर्यटकहरुको टोलीलाई सांस्कृतिक सम्पदा यात्रामा पथ प्रदर्शन गर्न इजाजत प्राप्त सांस्कृतिक पथप्रर्दशक सम्झनु पर्छ।

(स) "साहसिक पर्यटन एजेन्सी" भन्नाले स्कीई तथा हिमतालमा डाईभिङ्ग गतिविधि सञ्चालन गर्नको लागि इजाजत प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ। अनुमति दिने निकायबाट अनुमति लिएर साहसिक पर्यटन सम्बन्धी अन्य कार्य गर्न सक्नेछ।

(ह) "साहसिक पर्यटन" भन्नाले स्किइङ्ग, र्‍याफ्टिङ्ग, हिमतालमा डाईभिङ्ग, हेली स्किइङ्ग, जीप फ्लायर, पाारामोटरिङ्ग, बन्जि जम्पिङ्ग, क्यानोनिङ्ग, हेलि डाइभिङ्ग,

स्काई डाइभिङ, प्याराग्लाईडिङ, बलुनिङ, क्यानोपि वाकिङ्ग, रक क्लाइम्बिङ्ग, माउन्टेन बाइकिङ्ग लगायत अन्य यस्तै गतिविधि सम्झनु पर्छ।

(क्ष) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(त्र) "स्थानीय पथप्रर्दशक (लोकल गाइड)" भन्नाले स्थानीय क्षेत्रमा पथप्रदर्शनको लागि स्थानीय तहबाट इजाजत प्राप्त संस्थाद्वारा सञ्चालित तालिम/प्रशिक्षणमा उतीर्ण भई स्थानीय क्षेत्रमा पथप्रदर्शनको लागि स्थानीय तहबाट इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज्ञ) "होटल" भन्नाले यस ऐन बमोजिम दर्ता भई सञ्चालन हुने होटल सम्झनु पर्छ।

## परिच्छेद- २

## होटल, तारे(स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार सम्बन्धी व्यवस्था

३. **सञ्चालन गर्न इजाजत लिनु पर्नेः** (१) कसैले होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार सञ्चालन गर्न चाहेमा यस ऐन बमोजिम इजाजत लिनु पर्नेछ।

(२) कुनै व्यक्ति वा फर्म वा कम्पनीले आफ्नो होटल, तारे(स्टार) होटल,पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारलाई पर्यटक स्तरमा दर्ता गराउन मन्त्रालय वा कार्यालय समक्ष तोकिएको वर्गीकरणमा दर्ता हुने गरी दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी तीस दिनभित्र तोकिएको वर्गीकरणमा दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता प्रमाणपत्र दिनु पूर्व निवेदनसाथ संलग्न विवरणमा थप व्यहोरा खुलाउनु पर्ने भए खुलाउन लगाउन वा थप कागजपत्र आवश्यक भए त्यस्तो कागजपत्र दाखिला गराउन कार्यालयले पन्ध्र दिनको म्याद दिई आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको आदेश भएमा आदेश बमोजिमको विवरण वा कागजपत्र प्राप्त भएको एक्काइस दिनभित्र र आदेश दिनु नपर्ने भए निवेदन परेको मितिले तीस दिनभित्र त्यस्तो होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको लागि कार्यालयले अनुसूची-१ बमोजिमको शुल्क लिएर दर्ता गरी अनुसूची- २ बमोजिमको इजाजत पत्र दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ता गरी इजाजत पत्र दिन नसकिने भए त्यस्तो आधार र कारण खुलाई दर्ता गर्न नमिल्ने व्यहोराको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(७) यो ऐन प्रारम्भ हुनु अगाडि प्रचलित कानून बमोजिम इजाजत प्राप्त होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार यसै ऐन अन्तर्गत इजाजत प्राप्त लिएको मानिनेछ।

(८) यो ऐन प्रारम्भ हुनु अघि रात्रिकालीन बासको सुविधा प्रदान गर्ने गरी स्थापना भइसकेका प्रदेशभित्रका कुनै पनि होटल यो ऐन लागु भएको छ महिनाभित्र प्रदेश पर्यटन हेर्ने सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ।

४. **<u>उपलब्ध हुनु पर्ने सुविधा र स्तर निर्धारण</u>**ः (१) होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारमा तोकिए बमोजिमको सुविधा उपलब्ध हुनु पर्नेछ।

(२) कार्यालयले होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारलाई त्यसमा रहेको सुविधाको आधारमा वर्गीकरण गरी स्तर निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम वर्गीकरण गरी स्तर निर्धारण गर्ने सम्बन्धमा सुझाव दिनको लागि मन्त्रालयले यो ऐन लागु भएको तीन महिनाभित्र बढीमा एक महिनाको अवधि तोकी अध्यक्ष सहित होटल सङ्घ, रेष्टुरेन्ट सङ्घका प्रतिनिधि र विज्ञ समेत रहने गरी बढीमा सात सदस्यीय स्तर निर्धारण समिति गठन गर्नेछ। स्तर निर्धारण समितिबाट प्राप्त सुझावका आधारमा एक महिनाभित्र मन्त्रालयले स्तर निर्धारण गरी कार्यान्वयन गर्नेछ।

५. **<u>निरीक्षण, अनुगमन वा परीक्षण गर्ने अधिकार</u>**ः (१) विषयगत सङ्घले आफ्ना सदस्यहरुको निरीक्षण गर्नेछ र सो को प्रतिवेदन सम्बन्धित कार्यालय र मन्त्रालयमा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्ने छ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण गर्दा तोकिएको स्तर बमोजिमको खाद्य पदार्थ र सेवा सुविधा नपाइएमा सुधार गर्न तीन महिनासम्मको म्याद दिन सक्नेछ।

(३) मन्त्रालयले दफा ३ बमोजिम दर्ता भएको होटल, तारे (स्टार) होटल,पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको आकस्मिक अनुगमन गर्न र त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र सेवा सुविधाको अनुगमन गर्न प्रशिक्षण/तालिम प्राप्त कर्मचारीलाई अनुगमन अधिकारी तोक्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुगमन अधिकारीलाई सम्बन्धित विषयको प्रशिक्षण/तालिमको व्यवस्था मन्त्रालयले गर्नेछ।

(५) उपदफा (३) बमोजिम कुनै होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको आकस्मिक अनुगमन गर्दा वा त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र सेवा सुविधा परीक्षण गर्दा तोकिएको स्तर बमोजिम नपाइएमा अनुगमन अधिकारीले त्यस्तो होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारलाई खाद्य पदार्थका हकमा बढीमा सात दिन र अन्य सेवा सुविधाको हकमा तोकिएको स्तर कायम गराउन तीस दिनको म्याद नबढ्ने गरी समय प्रदान गर्नु पर्नेछ।

(६) प्राप्त म्यादभित्र सुधार गर्नु पर्ने भनी उल्लेख भएका खाद्य पदार्थ बाहेकका विषयहरु पूर्ण रूपमा सुधार हुन नसकेमा म्याद समाप्त हुनु अगावै भएका प्रगति र सुधारका बाँकी कामका लागि आवश्यक पर्ने अवधिका लागि सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(७) उपदफा (५) र (६) बमोजिम म्याद दिँदा पनि तोकिएको स्तर कायम गर्न नसकेमा सम्बन्धित अधिकारीले त्यस्तो होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको लागि स्वीकृत स्तरभन्दा तल्लो स्तरको वर्गिकरण तोक्न वा एक महिनासम्म निलम्बन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम निलम्बन वा तल्लो स्तर कायम भएको होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारले निलम्बन फुकुवा गरी साविकको स्तर कायम गरी पाउन निवेदन दिएमा निवेदन प्राप्त भएको मितिले तीस दिनभित्र कार्यालयले जाँचबुझ गरी तल्लो स्तरको वर्गीकरण कायम राख्ने वा निलम्बन फुकुवा गरी स्वीकृत स्तर कायम गर्ने सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

(९) कार्यालयको निर्णय उपर चित्त नबुझेमा पैंतिस दिनभित्र मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ।

६. **मोलको सूचना प्रकाशित गर्नु पर्ने**: दफा ३ बमोजिम इजाजत प्राप्त प्रत्येक होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारले आफ्नो दर वा मूल्यको सूचना कार्यालय वा तोकिएको अधिकारी समक्ष प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र वा त्यस्तो सेवा प्रदायकले मोल परिवर्तन गरेको सात दिनभित्र पठाई नियमित रूपमा प्रकाशन गरी प्रचार समेत गर्नु पर्नेछ।

७. **होटल, तारे(स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार उपर बन्देज**: दफा ३ बमोजिम दर्ता नभएको होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारले देहायको कुनै काम गर्न गराउन पाउने छैनः-

(क) होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग,

वा

(ख) पर्यटकको बसोबास वा खानपिनको प्रबन्धको निमित्त विदेशमा सम्पर्क वा विज्ञापन।

८. **अनुगमन, निरीक्षण र परीक्षणका लागि विशेष संयन्त्र सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकार, मातहतको निकायबाट इजाजत लिई सञ्चालन हुने पर्यटन उद्योग/व्यवसायको अनुगमन, निरीक्षण र परीक्षणका लागि प्रदेश सरकारले विशेष संयन्त्र निर्माण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्माण हुने संयन्त्रको नाम तथा काम, कर्तव्य र अधिकार प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

९. **इजाजत पत्रको अवधि र नवीकरणः** (१) होटल, तारे (स्टार) होटल,पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको इजाजत पत्रको अवधि पाँच वर्षको हुनेछ। इजाजत पत्र नवीकरण गराउन चाहनेले इजाजत पत्रको अवधि समाप्त हुनु अगावै अनुसूची- १ बमोजिमको नवीकरण शुल्क तिरी नवीकरण गराउनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि प्रचलित कानून बमोजिम इजाजत प्राप्त होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारले यो ऐन लागु भएको मितिले एक वर्षभित्र नवीकरण गराउनु पर्नेछ।

तर यो ऐन प्रारम्भ हुँदा कुनै होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारले इजाजत पाएको अवधि पाँच वर्षभन्दा कम भएमा पाँच वर्षको अवधि व्यतित भएको मितिले एक वर्षभित्र नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको म्यादभित्र कसैले इजाजत पत्र नवीकरण नगराएमा प्रत्येक वर्षको लागि नवीकरण शुल्कको दोब्बर शुल्क तिरी पाँच वर्षभित्र इजाजत पत्र नवीकरण गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र पनि कसैले इजाजत पत्र नवीकरण नगराएमा त्यस्तो इजाजत पत्र स्वतः रद्द हुनेछ। यसरी इजाजत नवीकरण नगरी रद्द भएमा त्यस्तो होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको प्रोप्राइटर वा कुनै पनि साझेदार भएको व्यक्तिको नामबाट एक वर्षसम्म पुनः सोही नाम वा अन्य नामबाट इजाजत दिइने छैन।

१०. **घरबास (होमस्टे) दर्ता, सञ्चालन र नियमन सम्बन्धी व्यवस्था**: (१) कुनै व्यक्ति वा समुदायले होमस्टे सञ्चालन गर्न चाहेमा सम्बन्धित स्थानीय तहमा दर्ता गराएर मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) घरबास (होमस्टे) को दर्ता, सञ्चालन लन र नियमन सम्बन्धी व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ।

(३) घरबास (होमस्टे) सञ्चालन लन गर्न पाउने क्षेत्र सम्बन्धमा विवाद उत्पन्न भएमा मन्त्रालयले निर्णय गर्नेछ।

## परिच्छेद- ३

## एजेन्सी सञ्चालन इजाजत र नवीकरण सम्बन्धी व्यवस्था

११. **इजाजत लिई एजेन्सी सञ्चालन गर्न सक्नेः** प्रचलित कानून बमोजिम दर्ता भएका फर्म वा कम्पनीले एजेन्सी सञ्चालन गर्नका लागि कार्यालयबाट इजाजत लिई देहाय बमोजिमका एजेन्सी खोल्न सक्ने छन्।

(क) पर्यटन जलयात्रा एजेन्सी,

(ख) ट्राभल एजेन्सी,

(ग) पर्यटक यातायात एजेन्सी,

(घ) ट्रेकिङ्ग/माउन्टेनियरिङ्ग एजेन्सी,

(ङ )साहसिक पर्यटन एजेन्सी।

१२. **फर्म वा कम्पनी दर्ता हुनु पर्नेः** (१) प्रदेशभित्र एजेन्सी सञ्चालन गर्न इजाजत लिन चाहनेले अनुसूची- ३ बमोजिमको जायजेथा, चालु तथा चुक्ता पूँजी भएको फर्म वा कम्पनी प्रचलित कानून बमोजिम दर्ता गरेको हुनु पर्नेछ।

(२) इजाजत पत्रको लागि दरखास्त दिने एजेन्सीले इजाजत पत्र लिनु अघि इजाजत पत्रको अवधिभर सुरक्षण बापत अनुसूची- ३ मा तोकिए बमोजिमको बैंक ग्यारेन्टी मन्त्रालय वा कार्यालयको नाममा राख्नु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनु अघि इजाजत पत्र लिई सकेका एजेन्सीले इजाजत पत्र नवीकरण गराउँदाका बखत उपदफा (१) बमोजिमको चालू वा चुक्ता पूँजी कायम गरी उपदफा (२) बमोजिमको बैंक ग्यारेन्टी अटुट रहेको प्रमाण पेश गर्नु पर्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एजेन्सी पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता गर्दा प्रचलित कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीको लागि आवश्यक चुक्ता पुँजी कायम गर्नु पर्नेछ।

१३. **इजाजत पत्र सम्बन्धी व्यवस्थाः** (१) एजेन्सीको काम गर्न चाहने फर्म वा कम्पनीले यस ऐन बमोजिम इजाजत पत्र लिनु पर्नेछ।

(२) एजेन्सीको इजाजत लिन चाहने फर्म वा कम्पनीले आवश्यक विवरण सहित कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त प्राप्त भएपछि कार्यालयले जाँचबुझ गरी दरखास्तवालालाई जलयात्रा वा ट्राभल वा ट्रेकिङ्ग वा पर्यटक यातायात वा साहसिक पर्यटन एजेन्सीको काम गर्न सक्षम देखेमा अनुसूची- ४ बमोजिमको शुल्क लिई अनुसूची- ५ बमोजिमको ढाँचामा एक महिनाभित्र इजाजत पत्र प्रदान गर्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत पत्र प्रदान गर्नका लागि कार्यालयले थप विवरण वा कागजपत्र आवश्यक महसुस गरेमा पन्ध्र दिनको म्याद दिई त्यस्तो विवरण वा कागजपत्र पेश गर्न सम्बन्धित दरखास्तवालालाई आदेश दिन सक्नेछ र दरखास्तवालाले त्यस्तो विवरण वा कागजात तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम जाँचबुझ गर्दा वा थप विवरण र कागजात अध्ययन गर्दा इजाजत दिन नसकिने देखिएमा इजाजत दिन नसक्ने कारण समेत खुलाई निर्णय गरी निर्णय गरेको मितिले सात दिनभित्र दरखास्तवालालाई लिखित जानकारी दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको जानकारी पाउने व्यक्तिले त्यस्तो जानकारी उपर चित्त नबुझेमा तीस दिनभित्र मन्त्रालयमा लिखित निवेदन दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालयले तीस दिनभित्र आवश्यक निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

(८) यो ऐन जारी हुनु अगावै प्रचलित कानून बमोजिम इजाजत प्राप्त एजेन्सी यसै ऐन अन्तर्गत इजाजत प्राप्त भएको मानिनेछ।

१४. **इजाजत पत्रको अवधि र नवीकरणः** (१) एजेन्सीको इजाजत पत्रको अवधि पाँच वर्षको हुनेछ। इजाजत पत्र नवीकरण गराउन चाहने एजेन्सीले इजाजत पत्रको अवधि समाप्त हुनु अगावै अनुसूची- ४ बमोजिमको शुल्क तिरी इजाजत पत्र नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद समाप्त भएपछि कसैले इजाजत पत्र नवीकरण गर्न चाहेमा अनुसूची- ४ बमोजिमको थप नवीकरण दस्तुर तिरी इजाजत पत्र नवीकरण गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि कसैले इजाजत पत्र नवीकरण नगराएमा तोकिए बमोजिमको जरिबाना तिरी नवीकरण गर्न सकिने छ। यसरी इजाजत नवीकरण नगरी रद्द भएमा त्यस्तो एजेन्सीको प्रोप्राइटर वा कुनै पनि साझेदार भएको व्यक्तिको नामबाट एक वर्षसम्म पुनः सोही नाम वा अन्य नामबाट इजाजत दिइने छैन।

१५. **इजाजत पत्र नदिइनेः** (१) देहाय बमोजिमको व्यक्ति रहेको फर्म वा कम्पनीलाई कुनै पनि एजेन्सी सञ्चालन वा पर्यटन गतिविधि सञ्चालनको लागि इजाजत पत्र दिइने छैनः-

(क) करार सम्बन्धी प्रचलित कानून बमोजिम करार गर्न योग्यता नभएको व्यक्ति वा फर्म वा कम्पनी,

(ख) साहुको दामासाहीमा परेको व्यक्ति वा फर्म वा कम्पनी,

(ग) दफा १८ बमोजिम कुनै पनि एजेन्सीको इजाजत पत्र खारेज भई सो मितिले तीन वर्ष अवधि भुक्तान गरी नसकेको फर्म वा कम्पनी,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाई कैद भुक्तान भएको एक वर्षको अवधि ननाघेको व्यक्ति,

(ङ) गम्भीर प्रकृतिको फौजदारी अपराधमा अदालतमा मुद्दा चलिरहेको व्यक्ति वा फर्म वा कम्पनी,

(च) कुनै पनि विषयमा कालो सूचीमा परेको अवधि तीन वर्षको व्यतित नगरेको व्यक्ति वा फर्म वा कम्पनी।

(२) उपदफा (१) बमोजिमको अवस्था भएमा दफा १२ बमोजिम इजाजत प्राप्त फर्म वा कम्पनीको इजाजत मन्त्रालय वा कार्यालयले निलम्बन वा खारेज गर्न सक्नेछ।

१६. **शुल्क बारेको सूचना दिनु पर्ने**: यस ऐन बमोजिम इजाजत प्राप्त एजेन्सीले आफूले उपलब्ध गराएको सुविधा बापत पर्यटकबाट लिइने शुल्कको सूचना कार्यालय वा तोकिएको अधिकारी समक्ष प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र वा त्यस्तो सेवा प्रदायकले शुल्क परिवर्तन गरेको सात दिनभित्र पठाई नियमित रूपमा प्रकाशन गरी प्रचार समेत गर्नु पर्नेछ।

१७. **परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी गर्नु पर्ने**: (१) यस ऐन बमोजिम एजेन्सीले पर्यटकलाई सेवा उपलब्ध गराउँदा नेपाल सरकारले तोकेको परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी तोकिए बमोजिम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नेपालभित्र वा विदेशमा आर्जन गरेको सबै विदेशी मुद्राको कारोबार नेपाल राष्ट्र बैंक मार्फत गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कारोबारको बिल भुक्तानी नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त क्रेडिट कार्ड, क्युआर कोड जस्ता विद्युतीय माध्यमबाट गर्न सक्नेछ।

१८. **इजाजत पत्र निलम्बन तथा खारेज गर्ने**: (१) देहायको अवस्थामा कार्यालयले एजेन्सीको इजाजत पत्र बढीमा छ महिना अवधिसम्मको लागि निलम्बन गर्न सक्नेछ:-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लङ्घन गरेमा,

(ख) मन्त्रालय वा कार्यालयलाई दिनु पर्ने सूचना तोकेको अवधिभित्र नदिएमा वा गलत सूचना दिएमा।

(२) उपदफा (१) बमोजिम इजाजत पत्र निलम्बन गर्नु अगाडि आफ्नो सफाइ पेश गर्नको लागि मौका दिनु पर्नेछ र यसरी मौका दिँदा कम्तीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निलम्बन भएको एजेन्सीले निलम्बनको अवधि समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा मन्त्रालयले त्यस्तो एजेन्सीको इजाजत पत्र खारेज गर्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत पत्र खारेज गर्ने निर्णय भएमा त्यस्तो निर्णयको जानकारी पाएको तीस दिनभित्र खारेजको निर्णय चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

१९. **इजाजत पत्र खारेज गर्दा अपनाउनु पर्ने कार्यविधिः** (१) दफा १८ बमोजिम मन्त्रालयले इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित इजाजत पत्र प्राप्त फर्म वा कम्पनीलाई पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण पेश गर्न मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र इजाजत पत्र प्राप्त फर्म वा कम्पनीले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा मन्त्रालयले त्यस्तो एजेन्सीलाई दिएको इजाजत पत्र खारेज गर्न सक्नेछ।

२०. **श्रमिक सम्बन्धी व्यवस्थाः** (१) इजाजत पत्र प्राप्त एजेन्सीले पर्यटकसँग जाने श्रमिकलाई काम गरेको अवधिको लागि देहाय बमोजिमको सुविधा दिने गरी करार गराएर मात्र काममा लगाउनु पर्नेछः-

(क) प्रमुख पथप्रर्दशक र अन्य श्रमिकका लागि प्रचलित कानून बमोजिमको दैनिक भत्ता र भ्रमण खर्च,

(ख) आवश्यक पर्ने सुरक्षात्मक सामग्री,

(ग) खाना, औषधि र औषधि उपचारका सरसामान।

(२) एजेन्सीले जलयात्रा वा ट्राभल वा ट्रेकिङ्गको लागि साथमा जाने श्रमिकको प्रमुख पथप्रर्दशक तथा श्रमिकको लागि नेपालभित्र संस्थापित बिमा कम्पनीबाट देहायको रकममा नघटने गरी व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछः-

(क) प्रमुख पथप्रर्दशकको हकमा दश लाख रूपैयाँ,

(ख) श्रमिकको हकमा छ लाख रूपैयाँ।

(३) उपदफा (२) बमोजिम बिमा गरिएको व्यक्तिको दुर्घटनामा परी अङ्गभङ्ग वा मृत्यु भएमा त्यस्तो व्यक्तिले बिमा कम्पनीबाट पाउनु पर्ने रकम निज वा निजको मृत्यु भएमा निजले इच्छाएको व्यक्ति वा इच्छाइएको व्यक्ति नभए निजको नजिकको हकवालालाई दिलाई दिने जिम्मेवारी सम्बन्धित पर्यटक तथा इजाजत पत्र प्राप्त व्यक्तिको हुनेछ।

(४) उपदफा (३) बमोजिमको रकम पाउने व्यक्ति नाबालक भएमा निजले पाउने रकम सम्बन्धित बिमा कम्पनी वा इजाजत पत्र प्राप्त व्यक्तिले कार्यालयमा बुझाउनु पर्नेछ

र कार्यालयले त्यस्तो नाबालक बालिग नभएसम्म निजको पालन पोषणको आवश्यक व्यवस्था मिलाउनको लागि सो रकमको उपयुक्त व्यवस्था गर्नेछ।

(५) श्रमिकको प्रमुख पथप्रदर्शक (गाइड) वा श्रमिक दुर्घटनामा परी अङ्गभङ्ग बाहेक अन्य चोटपटक लाग्दा गर्नु पर्ने औषधोपचारको लागि सम्बन्धित इजाजत पत्र प्राप्त व्यक्तिले नेपालमा संस्थापित बिमा कम्पनीबाट कम्तीमा पचास हजार रूपैयाँको बिमा गराउनु पर्नेछ।

(६) कुनै श्रमिकले एजेन्सीसँग लिन बाँकी रहेको पारिश्रमिक भराइ पाउन कार्यालय समक्ष दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिव देखिएमा कार्यालयले त्यस्तो एजेन्सीद्वारा कार्यालयको नाममा राखेको बैंक ग्यारेन्टीको रकमबाट कट्टा हुने गरी सम्बन्धित दरखास्तवालालाई रकम भुक्तानी दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम कार्यालयले भुक्तानी दिएमा भुक्तानी दिएको रकम सम्बन्धित इजाजत पत्र प्राप्त व्यक्तिले पैंतिस दिनभित्र पुनः बैंक ग्यारेन्टीको रूपमा कार्यालयको नाममा जम्मा गर्नु पर्नेछ।

२१. **जलयात्रा सम्बन्धी विशेष व्यवस्था:** (१) जलयात्रा सञ्चालनका लागि इजाजत लिन चाहने एजेन्सीले देहायका कुराहरू पूरा गरेको हुनु पर्नेछः-

(क) जलयात्रा सञ्चालन गर्न चाहने फर्म/कम्पनीसँग देहाय बमोजिम जलयात्रा साधन हुनु पर्नेछः-

(१) फर्म भए सुरुमा एक वटा र तीन वर्षभित्र कम्तीमा दुईवटा, र

(२) कम्पनी भए सुरुमा दुई वटा र तीन वर्षभित्र कम्तीमा तीन वटा।

(ख) जलयात्रा व्यवसाय सञ्चालन गर्न प्रदेश पर्यटन विकास समितिले तोके बमोजिमको गुणस्तरका सुरक्षात्मक उपकरण तथा सामग्री भएको,

(ग) प्रदेश पर्यटन विकास समितिले समय समयमा तोकी दिएको अन्य कुराहरू पूरा गरेको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रदेशबाट बग्दै आएका नदीमा जलयात्रा गर्न सम्बन्धित प्रदेशमा इजाजत लिएको भए यस प्रदेशमा छुट्टै इजाजत लिनु पर्ने छैन्।

(३) उपदफा (१) को खण्ड (ख) मा उल्लिखित सुरक्षात्मक उपकरण तथा सामग्री मन्त्रालयले तोकेको गुणस्तर बमोजिम भए वा नभएको जाँच गरी विषयगत सङ्घ र मन्त्रालयले प्रतिनिधि खटाउन सक्नेछ।

(४) इजाजत पत्र प्राप्त जलयात्रा एजेन्सीले देहाय बमोजिमका सर्तहरू पालन गर्नु पर्नेछः-

(क) जलयात्रामा जलयात्रीलाई लैजानु अघि जलयात्रामा जाने व्यक्तिको नाम र ठेगाना सहितको विवरण कार्यालयमा वा कार्यालयबाट खटी आएका कर्मचारीलाई उपलब्ध गराउने,

(ख) जलयात्राको लागि खुला गरिएका नदी बाहेक अन्यत्र पर्यटकलाई जलयात्रा नगराउने,

(ग) जलयात्रा व्यवसाय सञ्चालन गर्ने मन्त्रालय वा कार्यालयद्वारा तोकिएका आचारसंहिता पालन गर्नु पर्ने,

(घ) ऐन तथा नियमावली बमोजिम जलयात्रा व्यवसायीले पालन गर्नु पर्ने अन्य सर्तहरू पालन गर्ने।

(५) जलयात्रा व्यवसायीले जलयात्रामा जाने पर्यटक तथा नेपाली श्रमिकलाई जीवन सुरक्षा ज्याकेट (लाइफ ज्याकेट), हेल्मेट जस्ता सुरक्षात्मक सामग्रीहरू उपलब्ध गराउनु पर्नेछ।

(६) जलयात्राको सिलसिलामा कुनै दुर्घटना भएमा त्यस्तो दुर्घटनाको प्राथमिक खोज तथा उद्धार सम्बन्धी कार्य र मृत्यु भएकोमा शव व्यवस्थापन सम्बन्धित जलयात्रा व्यवसायीले गर्नु पर्नेछ।

(७) जलयात्रा एजेन्सीले जलयात्रामा जाने पर्यटकको प्रचलित कानून बमोजिम दुर्घटना बिमा गराएको हुनु पर्नेछ।

२२. <u>पर्यटक यातायात सम्बन्धी विशेष व्यवस्थाः</u> (१) पर्यटक सवारी र पर्यटकका सामान (लगेज) बोक्ने सवारीको मापदण्ड तोकिए बमोजिम हुनेछ।

(२) पर्यटक यातायात एजेन्सी सञ्चालन गर्न चाहने फर्म वा कम्पनीसँग तोकिएको मापदण्ड बमोजिमको देहायको सवारी साधन हुनु पर्नेछः-

(क) फर्म-कम्तीमा एक वटा पर्यटक सवारी वा पर्यटकका सामान (लगेज) बोक्ने सवारी साधन,

(ख) कम्पनी-कम्तीमा तीन वटा सवारी वा पर्यटकका सामान (लगेज) बोक्ने सवारी साधन।

(३) कार्यालयले देहायको आधारमा कुनै सवारीलाई पर्यटक नम्बर प्लेटमा दर्ता वा परिवर्तनको लागि यातायात व्यवस्था कार्यालयलाई सिफारिस गर्नेछः-

(क) अनुगमन तथा निरीक्षणबाट उपदफा (१) बमोजिम तोकिएको मापदण्ड पूरा भएको हुनु पर्नेछ,

(ख) इन्जिन तथा च्यासिस नम्बरसहितको कम्पनी वा फर्मको नाममा दर्ता रहेको सवारी दर्ता प्रमाणको प्रतिलिपि,

(ग) चालक सहितको सीट सङ्ख्या खुलेको प्रमाणको प्रतिलिपि,

(घ) सवारी प्रदूषण जाँचपासको प्रमाणको प्रतिलिपि,

(ङ) सवारी साधन, सवारी चालक, सह-चालक पर्यटक र तेस्रो पक्षको बिमा गरेको प्रमाणको प्रतिलिपि,

(च) सवारी कर तिरेको निस्साको प्रतिलिपि,

(छ) आवधिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणको प्रतिलिपि।

♣(ज) प्रत्येक साना सवारी साधनका लागि एक हजार रुपैयाँ, मझौला सवारी साधनका लागि दुई हजार रुपैयाँ र ठूला सवारी साधनको लागि तीन हजार रुपैयाँ सिफारिस दस्तुर कार्यालयमा दाखिला गरेको निस्साको प्रतिलिपि।

(४) मन्त्रालयको सिफारिसमा यातायात व्यवस्था कार्यालयले उपदफा (१) बमोजिमको मापदण्ड पूरा गरे नगरेको निरीक्षण गरी मापदण्ड पूरा गरेको भएमा त्यस्ता सवारीलाई पर्यटक सवारी साधनको रूपमा उपयोग गर्न स्वीकृति दिनेछ।

(५) उपदफा (४) बमोजिम एक पटक पर्यटक सवारीको रूपमा परिणत भएको सवारी साधनलाई कम्तीमा एक वर्ष नपुगी अन्य प्रकारको सवारी साधनमा परिणत गर्न पाइने छैन।

(६) सवारी साधन उत्पादन भएको मितिले पाँच वर्षभन्दा बढी पुराना सवारी साधनलाई पर्यटक सवारीको रूपमा परिणत गर्न सिफारिस गरिने छैन।

(७) इजाजत पत्र बाहकले पर्यटक यातायात सेवा तथा मालवाहक सवारी सेवा सञ्चालनका लागि तोकिएका सर्तहरु पालना गरेको हुनु पर्नेछ।

(८) एजेन्सीले सवारी साधन, सवारी चालक, सहचालक, पर्यटक र तेस्रो पक्षको लागि नेपालभित्र संस्थापित बिमा कम्पनीबाट प्रचलित कानूनमा उल्लेख भएको रकममा नघट्ने गरी अनिवार्य बिमा गराउनु पर्नेछ।

(९) एजेन्सीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ।

(१०) पर्यटक यातायात सेवा सञ्चालन गर्न दर्ता भएको सम्बन्धित फर्म/कम्पनी, ट्राभल, ट्रेकिङ्ग र होटलले प्रयोग गर्ने सवारी साधनमा स्पष्ट देखिने गरी सम्बन्धित फर्म/कम्पनीको नाम, सम्पर्क नम्बर र ईमेल ठेगाना उल्लेख भएको हुनु पर्नेछ।

२३. **<u>अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था</u>:** (१) ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले सम्बन्धित निकायबाट अनुमति लिई जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्ड वाचिङ, साहसिक पर्यटन जस्ता पर्यटन गतिविधि सञ्चालन गर्न सक्ने छन्।

(२) अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

---

♣ प्रदेश आर्थिक ऐन, २०८२ द्वारा थप।

## परिच्छेद- ४

## साहसिक पर्यटन सम्बन्धी व्यवस्था

२४. **स्कीइङ्ग, हिमतालमा डाईभिङ्ग सम्बन्धी व्यवस्थाः** (१) प्रदेशभित्रको कुनै भागमा स्कीइङ्ग, हिमतालमा डाईभिङ्ग तथा साहसिक पर्यटनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्न चाहने दलले अनुमतिका लागि अनुसूची-६ बमोजिमका कागजात संलग्न गरी इजाजत प्राप्त एजेन्सी मार्फत कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले स्कीइङ्ग तथा हिमतालमा डाईभिङ्गको लागि एउटा दलमा अधिकतम बीस जनासम्म र साहसिक पर्यटनसँग सम्बन्धित अन्य क्रियाकलापमा अधिकतम तीस जनासम्म समावेश हुन सक्ने गरी बढीमा तीस दिनसम्मको अनुमति दिन सक्नेछ।

(३) छ हजार मिटर मुनिको भू-भागमा खेलिने स्की तथा हिमतालमा डाईभिङ्गको लागि सम्पर्क व्यक्तिको व्यवस्था सम्बन्धित एजेन्सीले गर्नु पर्नेछ। उपलब्ध भएसम्म स्की तथा हिमतालमा डाईभिङ्ग सम्बन्धी तालिम/प्रशिक्षण प्राप्त गरी इजाजत प्राप्त व्यक्तिलाई मात्र सम्पर्क व्यक्तिको रूपमा पठाउनु पर्नेछ।

(४) सम्पर्क व्यक्तिको सेवा सुविधा एजेन्सीले तोके बमोजिम हुनेछ।

(५) सम्बन्धित एजेन्सीको अभियान सकिएको मितिले पन्ध्र दिनभित्र अनुसूची- ७ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(६) साहसिक पर्यटन सञ्चालन गर्न अनुमति प्राप्त एजेन्सीले साहसिक पर्यटनमा भाग लिने प्रत्येक व्यक्ति, कर्मचारी तथा श्रमिकहरुलाई चोटपटक लागेमा उद्धार तथा उपचारको प्रबन्ध गर्नु पर्नेछ।

(७) स्की तथा हिमतालमा डाईभिङ्गको अनुमति माग गर्ने दलले अभियान कार्य समाप्त गरी नफर्कुन्जेलसम्म आफ्नो साथमा जाने प्रदर्शक तथा श्रमिकको लागि नेपाल सरकारबाट मान्यता प्राप्त कुनै बिमा कम्पनीसँग देहायको रकममा नघट्ने गरी जीवन बिमा, व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछः-

(क) एजेन्सीको तर्फबाट सम्पर्क व्यक्तिको रूपमा जाने व्यक्ति, पथप्रर्दशक तथा श्रमिकको लागि दश लाख रूपैयाँ,

(ख) एजेन्सीको तर्फबाट सम्पर्क व्यक्तिको रूपमा जाने व्यक्ति, पथप्रर्दशक तथा श्रमिकको दुर्घटनामा परी चोटपटक लाग्दा गर्नु पर्ने औषधोपचारको लागि प्रतिव्यक्ति पाँच लाख रूपैयाँ,

(ग) स्की तथा हिमतालमा डाईभिङ्गका लागि जाने दलका सबै सदस्यको जीवन बिमा, व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछ।

(घ) स्की तथा हिमतालमा डाईभिङ्ग सञ्चालन कार्यक्षेत्रमा कार्यरत कर्मचारी तथा श्रमिकहरुको तोकिए बमोजिम जीवन बिमा, व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछ।

(ङ) स्की तथा हिमतालमा डाईभिङ्ग बाहेकका साहसिक पर्यटनमा भाग लिने व्यक्ति, पथप्रदर्शक, कर्मचारी तथा श्रमिकहरुको व्यक्तिगत दुर्घटना बिमा गराएको हुनु पर्नेछ।

(८) स्की तथा हिमतालमा डाईभिङ्ग गर्ने स्थानहरु देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारले खुला गरेका छ हजार मिटर माथिका हिमालहरु,

(ख) छ हजार मिटरभन्दा कम उचाई भएका हिमाल र सम्भाव्य स्थानहरु।

(९) उपदफा (८) बमोजिमको सम्भाव्य स्थानहरुमा प्रचलित कानूनको अधिनमा रही स्की गर्ने स्थानको निर्माण देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा,

(ख) एक वा एकभन्दा बढी स्थानीय तहको साझेदारीमा,

(ग) प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा,

(घ) स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा,

(ङ) प्रदेश सरकार, स्वदेशी तथा विदेशी संस्थाको साझेदारी लगानीमा,

(च) निजी क्षेत्रको लगानीमा।

(१०) स्की तथा हिमतालमा डाईभिङ्ग गन्तव्यको रूपमा विकास गर्न र सञ्चालन गर्न अनुमति प्राप्त क्षेत्रमा आवश्यकता अनुसार आवास तथा खानपिनको बन्दोबस्तको लागि प्रचलित कानून बमोजिम स्की तथा हिमताल रिसोर्ट सञ्चालन गर्न अनुमति प्रदान गर्न सकिनेछ।

(११) उपदफा (९) बमोजिम निर्माण हुने स्की तथा हिमतालमा डाईभिङ्ग गन्तव्य र सञ्चालनका अन्य सर्त मन्त्रालयले तोके बमोजिम हुनेछ।

(१२) छ हजार मिटरभन्दा मुनिको स्की तथा हिमतालमा डाईभिङ्ग गरिने स्थानको फोहोरमैला व्यवस्थापन स्थानीय तहले तोके बमोजिम हुनेछ।

(१३) मन्त्रालयले इजाजत प्राप्त एजेन्सी, पथप्रदर्शक, प्रशिक्षक तथा पर्यटकले स्की तथा हिमतालमा डाईभिङ्ग कार्यको सिलसिलामा पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्न सक्नेछ। आचारसंहिता पालना गर्नु सम्बन्धित इजाजत प्राप्त एजेन्सी, प्रशिक्षक, पथप्रर्दशक तथा पर्यटकको कर्तव्य हुनेछ।

(१४) स्की तथा हिमतालमा डाईभिङ्गको लागि तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिमको हुनेछः-

(क) स्की तथा हिमतालमा डाईभिङ्गको लागि आवश्यक पर्ने तालिम तथा प्रशिक्षण सञ्चालन गर्न प्रदेश सरकारले छुट्टै निकाय गठन गर्न, स्की तथा हिमतालमा गन्तव्य निर्माण र सञ्चालनको अनुमति प्राप्त संस्था वा स्की तथा हिमतालमा डाईभिङ्ग सम्बन्धी विषयगत सङ्घलाई अनुमति प्रदान गर्न सक्नेछ।

(ख) तालिम सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ।

(१५) यस ऐनमा अन्यन्त्र जुनसुकै उल्लेख भएता पनि छ हजार मिटर मुनी खेलिने स्की तथा हिमतालमा डाईभिङ्गको लागि जाने नेपालीहरुको लागि अनुमति लिनुपर्ने छैन।

तर इजाजत दिने निकायमा सो को विवरण र शुल्क बुझाउनु पर्नेछ।

(१६) सम्पर्क व्यक्तिको सूची कार्यालयमा अग्रिम रूपमा उपलब्ध गराउनु पर्नेछ।

(१७) छ हजार माथिको भू-भागमा खेलिने स्की तथा हिमतालमा डाईभिङ्गको लागि सम्पर्क अधिकृतको व्यवस्था देहाय अनुसार हुनेछः-

(क) अनुमति प्राप्त दलले मन्त्रालयका कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण निजामती कर्मचारीमध्येबाट मन्त्रालय वा कार्यालयले खटाएको एक जना कर्मचारीलाई देहाय बमोजिमको सुविधा दिने गरी सम्पर्क अधिकृतको रूपमा लैजानु पर्नेछः-

(१) हिमाली क्षेत्रमा प्रयोग गर्नु पर्ने आवश्यक सामग्री,

(२) मौसम सुहाउँदो पोशाक,

(३) प्रचलित कानून बमोजिमको दैनिक भत्ता र भ्रमण खर्च,

(४) खाना, औषधि र भरियाको सुविधा, र

(५) अन्य आवश्यकतानुसार।

(ख) सम्पर्क अधिकृतले अभियान समाप्त भएको मितिले पन्ध्र दिनभित्र अनुसूची- ८ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(१८) उपदफा (१०) बमोजिमको अनुमति माग गर्दा दलले आफ्नो साथमा जाने सम्पर्क अधिकृत तथा श्रमिकको अभियान कार्य समाप्त गरी नफर्कुन्जेलसम्मको लागि नेपाल सरकारबाट मान्यता प्राप्त कुनै बिमा कम्पनीसँग देहायको रकममा नघट्ने गरी व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछः-

(क) सम्पर्क अधिकृत तथा अन्य श्रमिकको लागि आठ लाख रूपैयाँ,

(ख) सम्पर्क अधिकृत तथा श्रमिकको दुर्घटनामा परी सामान्य चोटपटक लाग्दा गर्नु पर्ने औषधोपचारको लागि प्रति व्यक्ति कम्तीमा तीन लाख रूपैयाँ।

२५. <u>अन्य साहसिक पर्यटन सम्बन्धी व्यवस्थाः</u> (१) अनुमति प्राप्त दलले त्यस्तो साहसिक पर्यटकीय क्रियाकलाप समाप्त भएको मितिले पन्ध्र दिनभित्र सम्पूर्ण विवरणसहितको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) व्यवसायीले साहसिक पर्यटनको खेलमा भाग लिने प्रत्येक व्यक्ति तथा कामदारलाई कुनै चोटपटक लागेमा उद्धार र उपचारको प्रबन्ध गर्नु पर्नेछ र निजको मुत्यु भएमा प्रचलित कानूनले तोके बमोजिमको क्षतिपूर्ति तथा बिमाको व्यवस्था गर्नु पर्नेछ।

(३) साहसिक पर्यटनमा भाग लिने व्यक्ति र सञ्चालन हुने स्थलमा काम गर्ने कर्मचारी तथा कामदारहरुको व्यक्तिगत दुर्घटना बिमा गराएको हुनु पर्नेछ।

२६. **वार्षिक शुल्क तिर्नु पर्ने:** साहसिक पर्यटन एजेन्सीले साहसिक पर्यटन गतिविधि सञ्चालन गर्नुपर्दा अनुसूची- ४ बमोजिमको वार्षिक इजाजत शुल्क तिरेर मात्र सञ्चालन गर्नु पर्नेछ।

२७. **प्रतिवेदन पेश गर्नु पर्ने:** इजाजत पत्र प्राप्त एजेन्सीले प्रत्येक वर्षको साउन एक गतेदेखि पुस मसान्तसम्मको र माघ एक गतेदेखि असार मसान्तसम्मको आफ्नो कारोबारको विवरणसहितको प्रतिवेदन सो अवधि भुक्तान भएको मितिले पैंतिस दिनभित्र कार्यालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद- ५

## पथप्रर्दशक सम्बन्धी व्यवस्था

२८. **इजाजत पत्र लिनु पर्ने**: (१) यो ऐन बमोजिम तोकिएका पर्यटकीय स्थानको लागि पथप्रर्दशकको काम गर्न चाहने व्यक्तिले तोकिए बमोजिम इजाजत पत्र लिनु पर्नेछ।

(२) पथप्रदर्शकको काम गर्न चाहने व्यक्तिले कार्यालय वा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त दिने व्यक्तिले तोकिए बमोजिम परीक्षा वा तालिममा सम्मिलित हुनु पर्नेछ र त्यस्ता परीक्षा वा तालिममा उत्तीर्ण हुने व्यक्तिलाई कार्यालय वा तोकिएको अधिकारीले अनुसूची- ९ बमोजिमको शुल्क लिई तोकिएको ढाँचामा इजाजत पत्र दिनेछ।

(४) यो ऐन प्रारम्भ हुनु अगाडि प्रचलित कानून बमोजिम इजाजत प्राप्त पथप्रर्दशकको इजाजत यसै ऐन अन्तर्गत प्राप्त भएको मानिनेछ।

२९. **इजाजतका लागि अयोग्य मानिने**: देहायको व्यक्तिलाई पथप्रर्दशकको इजाजत पत्रका लागि अयोग्य मानिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय भुक्तान भएको दुई वर्ष समय व्यतित नभएको,

(ख) कुनै मानसिक वा सरुवा रोग लागेको,

(ग) मान्यता प्राप्त संस्थाबाट पथप्रर्दशकको तालिम नलिएको,

(घ) यस ऐन बमोजिम पथप्रर्दशक इजाजत पत्र खारेज भई सो मितिले तीन वर्षको अवधि भुक्तान भई नसकेको।

३०. **इजाजत पत्रको म्याद**: (१) इजाजत पत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) इजाजत पत्रको नवीकरण गर्न चाहने इजाजत पत्र प्राप्त व्यक्तिले अनुसूची-९ मा उल्लिखित अवधिभित्र सोही अनुसूची बमोजिमको शुल्क बुझाई इजाजत पत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र इजाजत पत्र नवीकरण नगरेमा त्यस्तो इजाजत पत्र स्वतः रद्द हुनेछ।

३१. **<u>पथप्रदर्शकको वर्गीकरण</u>**ः पथप्रर्दशकको वर्गीकरण अनसूची- १० मा व्यवस्था भए बमोजिम हुनेछ।

३२. **<u>इजाजत पत्र नवीकरण सम्बन्धी व्यवस्थाः</u>** (१) पथप्रदर्शकको इजाजत पत्र नवीकरणको लागि पुनर्ताजगी तालिम लिएको हुनु पर्नेछ। तोकिए बमोजिम इजाजत पत्र नवीकरण नगरेको व्यक्तिले पथप्रदर्शनको कार्य गराउन पाइने छैन।

(२) इजाजत पत्र नवीकरण गर्दा वार्षिक रूपमा काम गरेको विवरण पेश गर्नु पर्नेछ।

(३) पथप्रदर्शकको सीप तथा कार्य दक्षता अभिवृद्धिको लागि प्रदेश सरकारले उचित व्यवस्था गर्न सक्नेछ।

(४) काम गरेको अवधिको आधारमा पथप्रदर्शकको परिचय पत्रको रङ्ग देहाय बमोजिम हुनेछः-

(क) पाँच वर्षसम्म काम गरेको आधारमा -हरियो

(ख) पाँच वर्षदेखि दश वर्षसम्म काम गरेको आधारमा -पहेंलो

(ग) दश वर्षदेखि पन्ध्र वर्षसम्म काम गरेको आधारमा -रातो

(घ) पन्ध्र वर्षभन्दा माथि काम गरेको आधारमा -निलो

(५) कुनै पनि विदेशी नागरिकले पथप्रदर्शकको रूपमा यस प्रदेशमा काम गर्न चाहेमा नेपाल सरकार वा प्रदेश सरकारको स्वीकृति अनिवार्य लिनु पर्नेछ।

(६) नेपाल सरकार वा नेपाल सरकारबाट तोकिएको निकायबाट पथप्रदर्शक र पर्वतीय प्रमुख पथप्रदर्शक इजाजत पत्र प्राप्त गरेको भएमा यस प्रदेशमा काम गर्नका लागि छुट्टै इजाजत पत्र लिनुपर्ने छैन।

(७) प्रदेश सरकार वा प्रदेश सरकारबाट तोकिएको निकायबाट पथप्रदर्शक र पर्वतीय प्रमुख पथप्रर्दशक इजाजत प्राप्त गरेको भएमा यस प्रदेशमा काम गर्नका लागि स्थानीय तहमा छुट्टै इजाजत पत्र लिनु पर्ने छैन।

(८) पथप्रदर्शक दर्ता इजाजत पत्र बिना पथप्रदर्शकको रूपमा भ्रमण दलमा संलग्न हुन पाइने छैन।

(९) पर्वतारोहण दलमा संलग्न प्रमुख पथप्रदर्शक, प्रदर्शकलाई पर्वतारोहणको सफलता पश्चात सम्मान स्वरुप प्रदेश सरकारले छुट, सुविधा र पुरस्कार प्रदान गर्न सक्नेछ।

३३. **इजाजत पत्र हराएमा अर्को इजाजत पत्र लिन सकिने**: (१) कुनै पथप्रर्दशकले प्राप्त गरेको इजाजत पत्र हराएमा तोकिएको म्यादभित्र कार्यालय वा तोकिएको अधिकारी समक्ष अर्को इजाजत पत्रको लागि दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालय वा तोकिएको अधिकारीले *दुई सय रूपैयाँ दस्तुर लिई पुनः अर्को इजाजत पत्र दिन सक्नेछ।

३४. **पथप्रदर्शकले गर्न नहुने कामहरु**: पथप्रर्दशकले देहायको कुनै काम गर्नु हुँदैनः-

(क) पर्यटकलाई कुनै मालसामान खरिद गर्ने वा अरु कुनै सेवा उपलब्ध गर्ने काममा मद्दत गर्दा सो कामसँग सम्बन्धित बिक्रेता वा अरु कुनै व्यक्तिसँग नगदी वा अरु कुनै चिज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथप्रर्दशक बनाउन भनी कुनै पर्यटकलाई बाध्य गर्न,

(ग) आफ्नो इजाजत पत्र अरुलाई दिई पथप्रर्दशकको काम गर्न लगाउन,

(घ) आफूले पथप्रदर्शन गरेको पर्यटक विरुद्ध कुनै षडयन्त्र गर्न, धोका दिन, निजको कानून विपरीत गोपनीयता भंग गर्न,

(ङ) व्यावसायीले उपलब्ध गराएको उपकरण वेचबिखन गर्न,

(च) मन्त्रालय वा कार्यालयबाट जारी गरिएको पथप्रदर्शकले पालना गर्नु पर्ने आचारसंहिता विपरीत कार्य गर्न वा कुनै पनि किसिमले खराब आचरण प्रदर्शन गर्न।

३५. **इजाजत पत्र खारेज गर्न सकिने**: (१) देहायको कुनै अवस्थामा कार्यालय वा तोकिएको अधिकारीले कुनै पथप्रर्दशकको इजाजत पत्र खारेज गर्न सक्नेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैद सजाय पाएमा,

(ख) दफा २९ बमोजिम अयोग्य भएमा,

(ग) दफा ३४ बमोजिमको कुनै कुरा उल्लङ्घन गरेमा।

(२) उपदफा (१) बमोजिम कुनै गाइडको इजाजत खारेज गर्नु अगाडि निजलाई आफ्नो सफाइ पेश गर्नको लागि मौका दिनु पर्नेछ र यसरी मौका दिँदा कम्तीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

---

* प्रदेश आर्थिक ऐन, २०८० द्वारा संशोधित।

(३) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज भएमा त्यस्तो खारेजीको निर्णय उपर चित्त नबुझेमा मन्त्रालय समक्ष तीस दिनभित्र निवेदन दिन सक्नेछ र त्यस्तो निवेदन परेको तीस दिनभित्र मन्त्रालयले आवश्यक निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

## परिच्छेद- ६

## मनोरञ्जनात्मक पर्यटन सम्बन्धी व्यवस्था

३६. **इजाजत लिनु पर्ने**: (१) विदेशी पर्यटक तथा नेपाली नागरिकको मनोरञ्जनका लागि केबलकार, एम्यूज्मेन्ट पार्क, फन पार्क, अन्य मनोरञ्जनात्मक पार्क लगायत स्थापना र सञ्चालन गर्न चाहनेले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी वा सरकारी निकायले देहाय बमोजिमका कागजात संलग्न राखी निवेदन दिनु पर्नेछः-

(क) सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ख) मनोरञ्जनात्मक खेलको प्रकार, स्थापना र सञ्चालन हुने स्थानको विवरण र स्वामित्व (नक्सा, जग्गाधनी प्रमाण पुर्जा र जग्गासँग सम्बन्धित कागजात तथा अरुको स्वामित्वको जग्गा भए सम्झौता पत्र),

(ग) सरकारी जग्गा भएमा नेपाल सरकारको स्वीकृति,

(घ) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्नेमा सो को स्वीकृत प्रतिवेदन,

(ङ) कम्पनीले व्यवस्थापकीय तथा कानूनी पूर्वाधार खडा गर्न गरेको कार्यसम्पादन सम्बन्धी विवरण,

(च) सम्बद्ध उद्धार सुरक्षा, बिमा एवं अन्य आवश्यक प्रबन्ध,

(छ) अन्य मन्त्रालय वा निकायको स्वीकृति वा सहमति आवश्यक पर्नेमा सो सम्बन्धी कागजात,

(ज) मन्त्रालयले आवश्यक ठानी माग गरेका अन्य कागजात।

(२) प्राप्त हुन आएको निवेदन उपर आवश्यक जाँचबुझ तथा खेल सञ्चालन हुने स्थानको स्थलगत निरीक्षण गरी प्रतिवेदन प्राप्त भएपछि सो व्यवसाय सञ्चालन गर्न उपयुक्त देखिएमा अनुसूची- ४ बमोजिमको दस्तुर लिई मन्त्रालयले इजाजत प्रदान गर्न सक्नेछ।

(३) उपदफा (२) मा उल्लेख भए बमोजिम स्थलगत निरीक्षणको लागि मन्त्रालयले अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा सम्बन्धित क्षेत्रका प्राविधिक सहितको टोली गठन गर्न सक्नेछ।

(४) कसैले उपदफा (१) बमोजिमको काम गर्ने उद्देश्य राखी फर्म वा कम्पनी दर्ताका लागि सिफारिस माग्न आएमा कार्यालयले औचित्य हेरी यस दफा बमोजिम इजाजत

प्राप्त भएपछि मात्र सञ्चालन हुने गरी फर्म वा कम्पनी दर्ताका लागि मात्र सिफारिस दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको सिफारिस गरेकै कारणले सञ्चालन इजाजत दिएको मानिने छैन।

(६) उपदफा (१) मा उल्लिखित बाहेकका अन्य स्थायी वा निश्चित अवधिका मनोरञ्जनात्मक क्रियाकलाप वा खेल सञ्चालन सम्बन्धी व्यवस्था र लाग्ने शुल्क तोकिए बमोजिम हुनेछ।

(७) उपदफा (२) बमोजिम मनोरञ्जनात्मक पर्यटन व्यवसायका लागि इजाजत पत्र प्राप्त फर्म वा कम्पनी वा सरकारी निकायले अनुसूची-४ मा तोकिए अनुसार दस्तुर तिरी इजाजत पत्र वार्षिक नवीकरण गराउनु पर्नेछ।

३७. **प्रदर्शनी तथा मेला सञ्चालनः** (१) कसैले आफ्नो व्यवसाय प्रवर्द्धनका लागि प्रदर्शनी वा मेला सञ्चालन गर्न चाहेमा सम्बन्धित स्थानीय तहको इजाजत लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदर्शनी वा मेला सञ्चालन गर्ने माग भई आएमा त्यस्तो स्थानीय तहले सञ्चालन हुने क्रियाकलापको विवरण खुलाई निश्चित अवधि तोकी सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(३) यस दफा बमोजिम प्रदर्शनी वा मेला स्थलभित्र वा अन्य कुनै स्थानमा निश्चित अवधिका लागि शुल्क लिई मनोरञ्जनात्मक खेल वा क्रियाकलाप सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले अनुमति दिन सक्नेछ।

(४) स्थानीय तहले उपदफा (२) र (३) बमोजिम दिएको अनुमतिको जानकारी नजिकको प्रहरी कार्यालयलाई गराउनु पर्नेछ।

३८. **सुरक्षा व्यवस्थाः** (१) व्यवसायीले मनोरञ्जनात्मक खेलमा भाग लिने प्रत्येक व्यक्ति तथा श्रमिकलाई कुनै चोटपटक लागेमा उद्धार र उपचारको प्रबन्ध गर्नु पर्नेछ र निजको मृत्यु भएमा प्रचलित कानूनले तोके बमोजिमको क्षतिपूर्ति तथा बिमाको व्यवस्था गर्नु पर्नेछ।

(२) मनोरञ्जनात्मक खेलमा भाग लिने व्यक्ति र सञ्चालन हुने स्थलमा काम गर्ने कर्मचारी तथा श्रमिकको व्यक्तिगत दुर्घटना बिमा गराएको हुनु पर्नेछ।

## परिच्छेद-७

## पर्यटकीय पूर्वाधार विकास

३९. **पर्यटकीय क्षेत्रको पूर्वाधार विकासः** (१) प्रदेश सरकारले पर्यटकीय क्षेत्रलाई आकर्षक एवं सुविधायुक्त बनाउन गुरुयोजना बनाई आवश्यक पूर्वाधारको विकास गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्वाधार विकास गर्दा प्रदेश सरकार आफैले लगानी गरी वा स्थानीय तह वा निजी क्षेत्रको साझेदारीमा पूर्वाधार विकास गर्न सक्नेछ।

(३) प्रदेश सरकारले निजी क्षेत्रको लगानी आकर्षित गर्न होटल, लज, रिजर्ट लगायत निजी क्षेत्रबाट हुन सक्ने अन्य पर्यटन पूर्वाधारको निर्माणका लागि आवश्यक पर्ने सरकारी वा निजी जग्गा प्रचलित कानून बमोजिम प्राप्त गर्नका लागि सहजीकरण गर्न सक्नेछ।

(४) प्रदेश सरकारले आफ्नै लगानीमा निर्माण गरेका पर्यटन पूर्वाधारका संरचना सञ्चालनका लागि तोकिए बमोजिम वर्गीकरण गरी आफै सञ्चालन गर्न वा निजी क्षेत्रलाई लिजमा दिन वा स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सञ्चालन हुने पर्यटकीय संरचनाको शुल्क तोकिए बमोजिम हुनेछ।

(६) प्रदेश सरकारले प्रदेशभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान गरी संरक्षण र पूर्वाधार विकासका कामहरु सञ्चालन गर्न सक्नेछ।

४०. **उपभोक्ता समिति मार्फत गर्ने**: (१) प्रदेश सरकारले तोकिए बमोजिमका पर्यटन पूर्वाधारका कामहरु सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधिनमा रही उपभोक्ता समिति मार्फत गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति मार्फत भए गरेका कामको सञ्चालन तथा आवश्यक मर्मत सम्बन्धित स्थानीय तहको समन्वयमा उपभोक्ता समितिले नै गर्नु पर्नेछ।

(३) उपभोक्ता समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **पर्यटकीय क्षेत्र वा पर्यटकीय ग्रामको घोषणा**: (१) प्रदेश सरकारले प्रदेशभित्रको पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण खास क्षेत्रलाई पर्यटकीय क्षेत्र वा पर्यटकीय ग्राम घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएका पर्यटकीय क्षेत्र वा पर्यटकीय ग्रामको संरक्षण तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(३) उत्कृष्ट पर्यटकीय क्षेत्रको छनोट देहाय बमोजिम गर्न सकिनेछः-

(क) सम्बन्धित जिल्लाबाट हालसम्म निर्वाचित भएका जनप्रतिनिधिहरु, जिल्ला स्तरीय राजनीतिक दलका प्रतिनिधिहरु, जिल्ला स्तरीय उद्योग तथा पर्यटनसँग सम्बन्धित संघ, संस्था तथा व्यक्तिहरु लगायतको भेलाबाट प्राप्त सुझावका आधारमा प्रदेशभित्रका प्रत्येक जिल्लामा भएका उत्कृष्ट पर्यटकीय क्षेत्र वा ग्रामको छनोट मन्त्रालयले गर्नेछ।

(ख) मन्त्रालयको सहयोगमा जिल्ला समन्वय समितिले उत्कृष्ट पर्यटकीय क्षेत्र वा ग्रामको छनोट कार्यको लागि आवश्यक भेलाको व्यवस्थापन र समन्वय गर्नेछ।

(ग) छनोट भएका उत्कृष्ट पर्यटकीय क्षेत्र वा ग्रामको निर्माण, संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र प्रवर्द्धनका लागि स्थानीय तह, स्थानीय समुदाय तथा निजी क्षेत्र समेतको सहयोग जुटाउन मन्त्रालयले आवश्यक व्यवस्थापन गर्नेछ।

(घ) यस अघि प्रदेश सरकार वा मन्त्रालयबाट छनोट भएका पर्यटकीय क्षेत्र वा ग्राम यसै ऐन बमोजिम भएको मानिनेछ।

(४) आफ्नो क्षेत्रभित्रको कला, संस्कृति, सम्पदा संरक्षण, पर्यटकीय महत्वका धार्मिक, सांस्कृतिक गतिविधिको सम्वर्द्धन, पर्यटकीय क्षेत्र र सम्भावित पर्यटकीय क्षेत्रको गुरुयोजना सहित उचित व्यवस्थापन एवं प्रवर्द्धन गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न, पर्यटनलाई रोजगारीको प्रमुख आधारको रूपमा विकास गरी नागरिकको जीवनस्तरमा सुधार गर्न कानून बनाई आवश्यक संरचना निर्माण गर्न सक्नेछ।

(५) स्थानीय तह वा स्थानीय समुदायबाट निर्माण भएको संरचनाको सञ्चालन, व्यवस्थापन र प्रवर्द्धनका लागि स्थानीय तहले आवश्यक कानून बनाई लागु गर्न सक्नेछ।

(६) दुई वा दुईभन्दा बढी स्थानीय तहको सीमानामा पर्ने पर्यटन क्षेत्रको निर्माण, सञ्चालन र प्रवर्द्धनका लागि सम्बन्धित स्थानीय तहहरुले बनाएको कानूनको अधिनमा रही आवश्यक सम्झौता गर्न सक्नेछन्।

(७) यस अघि प्रदेश सरकार वा मन्त्रालयबाट छनोट भएका पर्यटकीय क्षेत्र वा ग्राम यसै ऐन बमोजिम भएको मानिनेछ।

४२. **आम्दानीको बाँडफाँटः** प्रदेश सरकारबाट पाँच करोडभन्दा बढी पर्यटन पूर्वाधारको लागि लगानी भएको वा सामुदायिक वन/वन संरक्षण क्षेत्रभित्र बनेका पर्यटकीय पूर्वाधारबाट हुने आम्दानीको बाँडफाँट तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## सम्पदा संरक्षण

४३. **सम्पदाको संरक्षणः** (१) प्रदेशभित्र रहेका सम्पदाको संरक्षण गर्नु प्रदेश सरकार र सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

(२) प्रदेश सरकारले आफ्नो प्रदेशभित्र रहेका र विश्व सम्पदा सूचीमा परेका लगायत सबै सम्पदाको पञ्जिका तथा विवरण तयार गरी अभिलेख राख्नु पर्नेछ।

(३) प्रदेश सरकारले प्रदेशभित्र रहेका प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, राजनैतिक वा अन्य महत्वपूर्ण सम्पदालाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी विशेष प्रदेश सम्पदा घोषणा गर्न सक्नेछ।

४४. **प्रतिष्ठान वा समिति गठन गर्न सक्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा आदेश जारी गरी प्रदेशभित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका सम्पदाको संरक्षण र व्यवस्थापनका लागि प्रतिष्ठान वा समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने प्रतिष्ठान वा समितिको व्यवस्थापनका लागि आदेशमा तोकिए बमोजिम बढीमा एघार जना सदस्य रहने छन्।

(३) उपदफा (१) बमोजिम गठन भएको प्रतिष्ठान वा समितिको छुट्टै कोष हुनेछ र त्यस्तो कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त रकम,
(ग) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाबाट प्राप्त सहयोग वा अनुदान रकम,
(घ) स्वदेशी तथा विदेशी सङ्घ संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार, र
(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(४) प्रतिष्ठान वा समितिको अन्य काम, कर्तव्य र अधिकार, कोषको सञ्चालन, लेखा परीक्षण, प्रतिवेदन लगायतका अन्य व्यवस्था आदेशमा तोकिए बमोजिम हुनेछ।

(५) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा विदेशी सङ्घ, संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, दान, दातव्य वा उपहार लिनु अगावै प्रतिष्ठान वा समितिले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको प्रतिष्ठान वा समिति गठन भएमा सम्पदाको संरक्षण र व्यवस्थापन गर्दा गरिने पर्यटकीय गतिविधिबाट प्राप्त रकम प्रतिष्ठान वा समितिको कोषमा जम्मा हुनेछ।

४५. **स्थानीय पर्यटन सहयोग समिति गठन गर्न सक्नेः** (१) स्थानीय समुदाय, स्थानीय तहको लगानीबाट निर्माण भएको पर्यटन क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापनको लागि स्थानीय तहले पर्यटन सहयोग समिति गठन गर्न सक्नेछ।

(२) यस अघि नै समिति वा अन्य कुनै नामबाट संस्था गठन भएको भए स्थानीय तहमा दर्ता गरी सञ्चालन गर्नु पर्नेछ।

(३) समिति सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिको विधान र स्थानीय तहको कानून बमोजिम हुनेछ।

४६. **उपभोक्ता समूह गठन गर्न सक्नेः** (१) स्थानीय तहले विश्व सम्पदा सूचीमा परेका र प्रदेश विशेष सम्पदा घोषित बाहेकका सम्पदाको संरक्षण र व्यवस्थापनका लागि तोकिए बमोजिम

सम्बन्धित सम्पदाको स्वामित्व रहेको निकायको सहमतिमा उपभोक्ता समूह गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको समूहको आफ्नो छुट्टै कोष रहनेछ र कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको समूहको अन्य काम, कर्तव्य र अधिकार, कोषको सञ्चालन, लेखापरीक्षण, प्रतिवेदन लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

(४) उपदफा (१) बमोजिमको उपभोक्ता समूहबाट संरक्षण र व्यवस्थापन भइरहेको सम्पदालाई स्थानीय तहको सहमतिमा प्रदेश सरकारले दफा ४४ को उपदफा (१) बमोजिम प्रतिष्ठान वा समिति गठन गरी संरक्षण र व्यवस्थापन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्रतिष्ठान वा समिति गठन भएमा उपदफा (१) बमोजिम गठन भएको उपभोक्ता समूह स्वतः खारेज भएको मानिनेछ र उपदफा (२) बमोजिमको कोष स्वतः दफा ४४ को उपदफा (३) मा गाभिनेछ।

४७. **रोक लगाउन सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सम्पदा वरिपरि तथा धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा अन्य विशेष महत्वका पर्यटकीय स्थानमा निश्चित किसिमका पूर्वाधार निर्माण तथा अन्य क्रियाकलाप गर्न नपाउने गरी रोक लगाउने गरी आदेश जारी गर्न सक्नेछ।

## परिच्छेद- ९

## दण्ड जरिबाना सम्बन्धी व्यवस्था

४८. **दण्ड जरिबानाः** (१) दफा ३ बमोजिम दर्ता नगराई पर्यटक स्तरको हो भनी कुनै होटल, तारे(स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार सञ्चालन गरेमा कार्यालयले पहिलो पटक दफा ५ मा व्यवस्था भए बमोजिमको म्याद दिने, दोश्रो पटक दश हजार रूपैयाँसम्म, तेस्रो पटक पच्चीस हजार रूपैयाँसम्म र चौथो पटकदेखि प्रत्येक पटकको एक लाख रूपैयाँ जरिबाना गर्न सक्नेछ।

(२) दफा ७ को बर्खिलाप गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा वा अनुमति विना विदेशीसँग सोझै सम्पर्क राखेमा कार्यालयले पहिलो पटक दफा ५ मा व्यवस्था भए बमोजिमको म्याद दिने, दोश्रो पटक दश हजार रूपैयाँसम्म, तेस्रो पटक पच्चिस हजार रूपैयाँसम्म र चौथो पटकदेखि प्रत्येक पटकको एक लाख रूपैयाँ जरिबाना गर्न सक्नेछ।

(३) यस ऐन बमोजिम मन्त्रालय वा तोकिएको निकायबाट खटिएका कर्मचारीलाई होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार निरीक्षण गर्न वा त्यसमा प्रयोग गरिने खाने पिउने सामानहरुको परीक्षण

गर्न कसैले बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई निरीक्षणमा खटिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(४) यस ऐन बमोजिम इजाजत पत्र नलिई कसैले एजेन्सी खोलेमा वा त्यस्तो एजेन्सी नखोली सो सम्बन्धी कारोबार गरेमा वा गर्न खोजेमा कार्यालयले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई पच्चीस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(५) दफा १५ वा १८ बमोजिम एजेन्सीको इजाजत पत्र निलम्बन भएको अवस्थामा कसैले एजेन्सी सम्बन्धी काम गरेमा कार्यालयले निजलाई पचास हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो फर्म वा कम्पनीले पाएको एजेन्सीको इजाजत पत्र समेत खारेज गर्नेछ।

(६) दफा १६ बमोजिमको शुल्क सम्बन्धी सूचना प्रकाशन नगर्ने व्यक्ति, फर्म वा कम्पनीलाई कार्यालयले पहिलो पटक दफा ५ मा व्यवस्था भए बमोजिमको म्याद दिने, दोश्रो पटक पच्चीस हजार रूपैयाँसम्म र तेस्रो पटकदेखि प्रत्येक पटकको एक लाख रूपैयाँ जरिबाना गर्न सक्नेछ।

(७) कुनै व्यक्ति, फर्म, कम्पनी वा अनलाइन सेवा प्रदान गर्नेले यस ऐन बमोजिम ट्राभल एजेन्सीको इजाजत पत्र नलिई हवाई सेवाको टिकट खरिद बिक्री (टिकेटिङ्ग) वा जनरल सेल्स एजेण्ट (जि.एस.ए.) को रूपमा काम गर्न पाउने छैन र त्यस्तो काम गरेमा कार्यालयले कसुरको मात्रा हेरी पचास लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(८) यस ऐन बमोजिम इजाजत पत्र प्राप्त नगरी पथप्रर्दशकको काम गरेमा कार्यालयले पच्चीस हजार रूपैयाँसम्म जरिबाना र एक वर्षसम्म पथप्रदर्शकको रूपमा काम गर्न नपाउने गरी प्रतिबन्ध लगाउन पाउनेछ।

(९) यस ऐन बमोजिम इजाजत पत्र नवीकरण नगरी पथप्रर्दशकको काम चालु राखेमा कार्यालयले दश हजार रूपैयाँसम्म जरिबाना र एक वर्षसम्म पथप्रर्दशकको कार्य गर्न नपाउने गरी प्रतिबन्ध लगाउन सक्नेछ।

(१०) उपदफा (८) मा लेखिएदेखि बाहेक कुनै पथप्रर्दशकले यो ऐन वा यस ऐन अन्तर्गत जारी भएको नियम वा आदेशको पालना नगरेमा कार्यालयले तीस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(११) यस ऐन बमोजिम इजाजत पत्र नलिई कसैले मनोरञ्जनात्मक पर्यटन सम्बन्धी व्यवसाय स्थापना वा सञ्चालन गरेमा वा गर्न खोजेमा कार्यालयले त्यस्तो कारोबार बन्द गराई निजलाई एक लाख रूपैयाँ जरिबाना गर्नेछ।

(१२) यस ऐन बमोजिम इजाजत प्राप्त व्यवसायीले देहायको कुनै काम गरेमा कार्यालयले दश हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछः-

(क) यस ऐन बमोजिम निषेध गरिएको कुनै काम गरेमा,

(ख) यस ऐन बमोजिम दिनु पर्ने सूचना वा जानकारी नदिएमा वा पेश गर्नु पर्ने प्रतिवेदन समयमै पेश नगरेमा,

(ग) निरीक्षण गर्न वा जाँच्न खटिएको कर्मचारीलाई निरीक्षण गर्न वा जाँच्न बाधा विरोध गरेमा,

(घ) यस ऐन बमोजिमको निर्देशन पालना नगरेमा।

(१३) स्वदेशी तथा विदेशी पर्यटकको लागि आवास तथा खानाको व्यवस्थाको उद्देश्यले व्यक्तिगत घरमा बिना अनुमति व्यवसाय सञ्चालन गरिएको पाइएमा कार्यालयले त्यस्तो व्यवसाय बन्द गर्न सो लाई पहिलो पटकको लागि पच्चीस हजार रूपैयाँ, दोश्रो पटकको लागि पचास हजार रूपैयाँसम्म र तेस्रो पटकदेखि प्रत्येक पटक एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ। मन्त्रालयले यस कार्यका लागि स्थानीय तहको सहयोग लिन सक्नेछ।

(१४) दफा ९४ को विपरीत काम गरेमा उपदफा (१) देखि उपदफा (१३) सम्मको हकमा सोही बमोजिम र अन्यको हकमा कामको प्रकृति हेरि कार्यालयले बढीमा एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

४९. **<u>पुनरावेदन</u>ः** दफा ४८ बमोजिम गरेको जरिबानामा चित्त नबुझ्नेले पैँतिस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद- १०

## <u>प्रदेश पर्यटन विकास समिति सम्बन्धी व्यवस्था</u>

५०. **<u>प्रदेश पर्यटन विकास समितिको गठन</u>ः** (१) पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि देहाय बमोजिमको प्रदेश पर्यटन विकास समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) राज्य मन्त्री, मन्त्रालय -उपाध्यक्ष

(ग) सहायक मन्त्री, मन्त्रालय -सदस्य

(घ) नीति तथा योजना आयोगको पर्यटन हेर्ने सदस्य -सदस्य

(ङ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(च) सचिव, मन्त्रालय -सदस्य

(छ) सचिव, वन हेर्ने मन्त्रालय -सदस्य

(ज) सचिव, उद्योग हेर्ने मन्त्रालय -सदस्य

(झ) सचिव, आन्तरिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(ञ) सचिव, अर्थ हेर्ने मन्त्रालय -सदस्य

(ट) नेपाल माउन्टेन एकेडेमी -सदस्य

(ठ) नेपाल पर्वतारोहण सङ्घ -सदस्य

(ड) नगरपालिका सङ्घ -सदस्य

(ढ) गाउँपालिका सङ्घ -सदस्य

होटल सङ्घ, नेपाल -सदस्य

(ण) नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स -सदस्य

(त) स्की सङ्घ -सदस्य

(थ) नेपाल एसोसियसन अफ राफ्टिङ्ग एजेन्सिज(नारा) -सदस्य

(द) नेपाल रेष्टुरेन्ट एण्ड बार एसोसिएसन -सदस्य

(ध) पर्यटन सहकारी सङ्घ -सदस्य

(न) नेपाल पर्यटक यातायात व्यवसायी सङ्घ -सदस्य

(प) नेपाल घरबास (होमस्टे) एसोसिएसन -सदस्य

(फ) सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल (फेकोफन) -सदस्य

(ब) नेपाल पत्रकार महासङ्घ -सदस्य

(भ) प्रमुख कार्यकारी अधिकृत, प्रदेश पर्यटन निर्देशनालय -सदस्य-सचिव

(२) पर्यटन क्षेत्रका उद्योगी/व्यवसायी, श्रमिक र विषय विज्ञहरुमध्येबाट कम्तीमा दुई जना महिला सहित अध्यक्षले पाँच जना सदस्य मनोनयन गर्न सक्नेछ।

(३) खण्ड (ट) देखि (भ) सम्मको हकमा प्रदेश स्तरीय सङ्घका प्रदेश अध्यक्षले मात्र भाग लिन सक्नेछ।

(४) प्रदेश पर्यटन विकास समितिको कार्यालय समितिको निर्णय अनुसार रहनेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिले गरेका निर्णयहरु तथा सम्पादन गरेका कामहरुको विवरण सहितको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(७) प्रमुख कार्यकारी अधिकृतको नियुक्ति नभएसम्मका लागि मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारीले सदस्य सचिवको रूपमा कार्य गर्नेछ।

५१. **<u>समितिको उद्देश्यः</u>** समितिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्रको पर्यटकीय सेवालाई प्रोत्साहन गरी स्व-रोजगारीको सिर्जना मार्फत राष्ट्रिय आय एवं रोजगारी अभिवृद्धिमा टेवा पुर्‍याउने,

(ख) पर्यटनको विकास, विस्तार तथा प्रवर्द्धन, पूर्वाधार निर्माणमा सहजीकरण कार्यहरु गर्ने,

(ग) तोकिए बमोजिमका अन्य कार्यहरु।

५२. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, खेलकुद पर्यटन, पर्या-पर्यटन, सफारी पर्यटन, साहसिक पर्यटन, खाना पर्यटन, औद्योगिक, व्यवसायिक प्रदर्शनी एवं सभा सम्मेलन पर्यटन, जलयात्रा पर्यटन, पर्वतारोहण पर्यटन, दृश्यावलोकन पर्यटन लगायतका पर्यटन प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा पर्यटन सम्बन्धी नीति निर्माण गर्ने,

(ख) पर्यटन सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणालीको नियमित समीक्षा गर्ने,

(ग) पर्यटन सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(घ) प्रचलित कानूनको अधिनमा रही विदेशी लगानी र प्रविधि हस्तान्तरण आवश्यक नीतिगत निर्णय गर्न प्रदेश सरकारलाई सिफारिस तथा सहजीकरण गर्ने,

(ङ) लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन गर्न अध्ययन, अनुसन्धान गर्ने र आवश्यकता अनुसार प्रदेश सरकार समक्ष सिफारिस तथा सुझाव पेश गर्ने,

(च) पर्यटन प्रदूषण नियन्त्रण सम्बन्धी निर्णय लिने र आवश्यकताका आधारमा प्रदेश सरकार समक्ष सुझाव पेश गर्ने,

(छ) यस ऐन तथा प्रचलित कानून बमोजिम पर्यटन उद्योग/व्यवसायले पाउने सेवा, सुविधा तथा सहुलियत प्राप्त गर्न कठिनाई आइपरेमा सो को निराकरण गरी कार्यान्वयन गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ज) पर्यटन उद्योग/व्यवसायको वर्गीकरणको अनुसूचिमा कुनै थपघट वा परिवर्तन गर्नुपर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(झ) प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा पर्यटकीय वातावरण निर्माण गर्ने र आवश्यक सहजीकरण गर्ने,

(ञ) प्रदेश र स्थानीय स्तरका सम्भावित पर्यटकीय क्षेत्र, पर्यटकीय जोन, पर्यटकीय ग्राम, पर्यटकीय नगरी, पर्यटकीय पार्कको पहिचान, पूर्वाधार निर्माण र संरक्षणको योजना निर्माण गर्ने,

(ट) पर्यटनको विकासमा देखिएका अवरोधहरुको अध्ययन गर्ने, सो को निराकरणको लागि प्रदेश सरकार, स्थानीय सरकार वा अन्य सम्बद्ध निकायहरुबिच सहजीकरण गर्ने,

(ठ) व्यवसायीको गुनासो सुनुवाइ गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गनिर्देशन गर्ने,

(ड) प्रदेशको एकीकृत पर्यटकीय सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउने,

(ढ) पर्यटन/उद्योग व्यवसायको अनुगमन तथा निरीक्षणका लागि आवश्यक फाराम स्वीकृत गर्ने,

(ण) अफ-सिजनको लागि प्याकेज सञ्चालन गर्न योजना निर्माण गर्ने

(त) प्रदेशभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने,

(थ) प्रदेश सरकारबाट निर्माण भएका पर्यटन पूर्वाधार तथा संरचनाहरुको तोकिए बमोजिम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक प्रबन्ध गर्ने,

(द) धार्मिक पर्यटनमा रहेको सम्भावनालाई मध्यनजर गरी धार्मिक पर्यटनको विकासको लागि संयन्त्र निर्माण गर्ने,

(ध) प्रदेशभित्र रहेका उपयुक्त स्थानको पहिचान गरी प्रदेश स्तरीय पर्यटन पार्क निर्माणको योजना बनाउने र प्रदेश पार्क निर्माणको लागि आवश्यक पर्ने स्थानको पहिचान र छनोटको लागि विज्ञहरु रहेको समिति गठन गर्ने,

(न) प्रदेशभित्र रहेका नदीहरुमा उपयुक्त स्थानको पहिचान गरेर बोटिङ्ग सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माण, पूर्वाधार निर्माणका लागि सहजीकरण गर्ने,

(प) प्रदेश सरकार र समितिको बैठकले तोकेको अन्य कार्यहरु गर्ने।

**५३.** **<u>समितिको कार्यालयः</u>** पर्यटनको विकास, विस्तार तथा प्रवर्द्धनमा समन्वय, सहजीकरण, पूर्वाधार निर्माणको लागि समितिको छुट्टै कार्यालय रहनेछ। समितिको कार्यालय प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

**५४.** **<u>सेवा शुल्क लिन सक्नेः</u>** समितिले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदान गरेको परामर्श तथा सेवा बापत तोके बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

**५५.** **<u>समितिको कोषः</u>** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन्ः-

(क) प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अन्तराष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग वा अनुदान,

(ग) स्वदेशी तथा विदेशी सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार,

(घ) व्यवसायमा संलग्न रहेका सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग, अनुदान वा उपहार,

(ङ) व्यवसायीहरुलाई प्रदान गरेको सेवा तथा परामर्श बापत प्राप्त गरेको सेवा शुल्क,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा विदेशी सङ्घ, संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, दान, दातव्य वा उपहार लिनु अगावै समितिले प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

५६. **लेखा र लेखापरीक्षण:** (१) समितिको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको कुनै लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(३) समितिले आफ्नो वार्षिक कारोबारको स्थिति, वासलात, लाभ, हानि र अन्य हरहिसाबका सम्बन्धमा प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नेछ।

५७. **प्रदेश सरकारले अनुदान दिन सक्ने:** प्रदेश सरकारले समितिलाई आवश्यक रकम अनुदानका रूपमा दिन सक्नेछ।

५८. **वार्षिक प्रतिवेदन:** कार्यकारी प्रमुखले समितिको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय र समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदनको एक प्रति प्रदेश सरकारलाई समेत उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद- ११

## प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था

५९. **प्रमुख कार्यकारी अधिकृत:** समितिको सम्पूर्ण प्रशासनिक काम कारबाहीको रेखदेख एवं प्रबन्ध गर्न एक प्रमुख कार्यकारी अधिकृत रहनेछ।

६०. **प्रमुख कार्यकारी अधिकृतको योग्यता:** प्रमुख कार्यकारी अधिकृतको रूपमा नियुक्ति हुनका लागि देहायको योग्यता पुगेको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उतीर्ण गरेको,

(ग) पर्यटन क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव प्राप्त गरेको,

(घ) पैसठ्ठी वर्ष उमेर ननाघेको र

(ङ) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको।

६१. **प्रमुख कार्यकारी अधिकृतको छनोट तथा नियुक्तिः** (१) प्रमुख कार्यकारी अधिकृतको नियुक्ति प्रदेश सरकारले गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रमुख कार्यकारी अधिकृतमा नियुक्त भएको व्यक्ति कुनै सरकारी, गैर सरकारी संस्थामा संलग्न रहेको भए निजले त्यस्तो सेवाबाट अवकाश लिनु पर्नेछ र अवकाश नलिएमा त्यस्तो नियुक्ति स्वतः बदर हुनेछ।

(३) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ।

६२. **शपथः** समितिको प्रमुख कार्यकारी अधिकृतले आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष अनुसूची- ११ बमोजिम शपथ लिनु पर्नेछ।

६३. **प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सुविधा र सेवाका सर्तहरुः** यस ऐन बमोजिम नियुक्त हुने प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सेवा र सुविधाका सर्तहरु प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

६४. **प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्याङ्कनः** (१) मन्त्रालयको सचिवले प्रत्येक वर्ष प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने कार्य सम्पादन मूल्याङ्कनका आधार समितिले तोके बमोजिम हुनेछ।

६५. **प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः** प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस ऐन तथा नियमावली बमोजिमका कार्यहरु गर्ने,

(ख) समितिका निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने गराउने,

(घ) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) समितिको कर्मचारी व्यवस्थापन एवं परिचालन गर्ने,

(च) अध्यक्षको आदेशानुसार समितिको बैठक बोलाउने,

(छ) समितिको प्रशासकीय प्रमुखको हैसियतले समितिको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरु गर्ने,

(ज) ऐन तथा नियमावली बमोजिम समितिको आर्थिक, प्रशासनिक तथा अन्य कामहरु गर्ने,

(झ) समितिबाट स्वीकृत दीर्घकालीन तथा अल्पकालीन योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको क्रममा आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्न लगाउने,

(ञ) समितिको योजना तथा कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्रममा देखा परेका समस्याको समाधानको लागि आवश्यक सुझावहरु समेत तयार गरी स्वीकृतिका लागि समितिमा पेश गर्ने,

(ट) अध्यक्षसँग परामर्श गरी समितिको बैठकमा पेश गरिने कार्यसूची तयार गर्ने,

(ठ) समितिले गरेका प्रत्येक निर्णयहरुको अभिलेख लगायत समितिले गर्नु पर्ने काम, कारोबारसँग सम्बन्धित कागजातहरु अद्यावधिक गरी सुरक्षित राख्न लगाउने,

(ड) अध्यक्ष तथा समितिले दिएका निर्देशनहरु पालन गर्ने, गराउने,

(ढ) समितिको चल, अचल सम्पत्तिको सुरक्षा तथा आवश्यक प्रबन्ध गर्ने,

(ण) समितिले निर्धारण गरेका अन्य काम गर्ने।

६६. **प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुनेछः-

(क) निजको मृत्यु भएमा,

(ख) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(ग) समितिको अध्यक्ष समक्ष लिखित राजीनामा दिई स्वीकृत भएमा,

(घ) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा,

(ङ) समितिको एक चौथाई सदस्यले प्रस्ताव राखी बहुमत सदस्यले हटाउने निर्णय गरेमा।

६७. **प्रमुख कार्यकारी अधिकृतलाई पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रियाः** (१) प्रमुख कार्यकारी अधिकृतले पद अनुरुपको कार्य सम्पादन नगरेको भन्ने समितिको एक चौथाई सदस्यलाई लागेमा सो कुराको जाँचबुझ गर्न समितिले त्यस्तो सदस्य बाहेकको अन्य तीन सदस्यीय जाँचबुझ समिति गठन गर्नेछ।

(२) यस ऐन बमोजिम प्रमुख कार्यकारी अधिकृत उपर छानबिन गर्नु पर्ने भएमा छानबिनको अन्तिम किनारा नलागेसम्म समितिको सदस्य-सचिवको कार्य मन्त्रालयले खटाएको अधिकृत स्तरको कर्मचारीले गर्नेछ।

(३) उपदफा (१) बमोजिमको जाँचबुझ समितिले जाँचबुझको सिलसिलामा प्रमुख कार्यकारी अधिकृत तथा अन्य सम्बन्धित व्यक्तिलाई उपस्थित गराई आवश्यक सोधपुछ गर्न तथा आवश्यक कागजात प्रमाण पेश गर्न लगाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको जाँचबुझ समितिले जाँचबुझको कार्य समाप्त भएपछि आफ्नो राय सहित जाँचबुझ प्रतिवेदन समितिलाई बुझाउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम जाँचबुझ समितिले पेश गरेको जाँचबुझ प्रतिवेदनबाट प्रमुख कार्यकारी अधिकृतले समितिलाई हानि नोक्सानी पुऱ्याई समितिको हित विपरीत हुने गरी कुनै काम कारबाही गरेको वा समितिको नीति निर्देशन अनुरुप कार्य सम्पादन गरेको नदेखिएमा समितिले प्रमुख कार्यकारी अधिकृतलाई सफाइ पेश गर्न सात दिनको समय दिई लिखित सूचना दिनु पर्नेछ। सो समयभित्र प्रमुख कार्यकारी अधिकृतले सफाइ पेश नगरेमा वा निजले पेश गरेको सफाइ सन्तोषजनक नदेखिएमा समितिको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गर्न सक्नेछ।

(६) प्रमुख कार्यकारी अधिकृतले यस ऐन बमोजिम जानी जानी समितिलाई हानि नोक्सानी पुऱ्याएको कुरा प्रमाणित भएमा निजबाट त्यस्तो हानि नोक्सानी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद- १२

## समितिको सेवा शुल्क सम्बन्धी व्यवस्था

६८. **सेवा शुल्कः** (१) समितिले ऐनमा तोकिए बमोजिमका व्यावसायीहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदान गरेको परामर्श तथा सेवा बापत सम्बन्धित व्यवसायीसँग सेवा शुल्क लिन सक्नेछ। व्यासायीहरुसँग लिने सेवा शुल्क तोकिए बमोजिम हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले कुनै परामर्श तथा सेवामा सेवा शुल्क नलिने गरी तोक्न सक्नेछ।

६९. **सेवा शुल्क उठाउन प्रतिनिधि तोक्न सक्नेः** (१) समितिले व्यवसायी वा अन्य कुनै व्यक्ति वा निकायलाई सेवा शुल्क उठाउन आफ्नो प्रतिनिधि तोक्न वा अन्य कुनै तरिका अपनाई सेवा शुल्क उठाउन सक्नेछ।

(२) समितिले आवश्यक देखेमा समितिले निर्धारण गरे बमोजिमको प्रक्रिया अपनाई समितिले व्यावसायीबाट सोझै शुल्क उठाउन सक्नेछ।

७०. **कोषमा दाखिला गर्नेः** (१) व्यावसायीसँग उठाएको सेवा शुल्क रकम समितिको कोषमा दाखिला गर्ने जिम्मेवारी तथा दायित्व सम्बन्धित पर्यटन व्यवसायी वा समितिबाट अधिकार प्राप्त व्यक्ति वा निकायको हुनेछ।

(२) समितिले उपदफा (१) बमोजिम सेवा शुल्क उठाउन व्यवसायीलाई आफ्नो प्रतिनिधि नियुक्त गरेको अवस्थामा उपदफा (१) बमोजिम व्यवसायीले सेवा शुल्क बापत उठेको रकम समितिको कोषमा दाखिला गर्दा आफ्नो तर्फबाट समितिलाई बुझाउनु पर्ने रकम समेत हिसाब गरी समितिको कोषमा दाखिला गर्नु पर्नेछ।

(३) समितिले सेवा शुल्क उठाउन आफ्नो प्रतिनिधि तोकेको व्यवसायी वा अन्य कुनै व्यक्ति वा निकायले सेवा शुल्कबाट उठेको रकम समितिको कोषमा दाखिला गरेपछि सो को जानकारी समितिलाई लिखित रूपमा दिनु पर्नेछ।

(४) व्यवसायीहरुसँग सेवा शुल्क उठाउने र त्यस्तो रकम समितिको कोषमा दाखिला गर्ने सम्बन्धी अन्य कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

७१. **दाखिला नगर्ने उपर कारबाही हुने:** (१) सेवा शुल्क उठाई समितिको कोषमा दाखिला गर्नु पर्ने कर्तव्य भएको व्यवसायी, व्यक्ति वा निकायले सेवा शुल्क नउठाएमा वा उठाएर पनि समितिको कोषमा दाखिला नगरेमा त्यस्तो व्यवसायी, व्यक्ति वा निकायसँग सेवा शुल्क बापतको रकम असुल गर्न समितिले आवश्यक कारबाही चलाउन सक्नेछ।

(२) कुनै व्यवसायीले सेवा शुल्क नउठाएमा वा उठाएर पनि समितिको कोषमा दाखिला नगरेको पाइएमा समितिले त्यस्तो पर्यटन व्यवसायीको अनुमति पत्र निलम्बन वा खारेज गर्नको लागि प्रदेश सरकारको सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएको अवस्थामा प्रदेश सरकारको सम्बन्धित निकायले पनि सम्बन्धित व्यवसायीलाई समितिलाई हुन गएको हानि नोक्सानी बापतको रकम तिर्न लगाउने छ र सम्बन्धित व्यवसायीले समितिलाई हुन गएको हानि नोक्सानी बापतको रकम नबुझाएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो व्यवसायीको अनुमति पत्र कुनै निश्चित अवधिको लागि निलम्बन गर्न वा रद्द गर्न सक्नेछ।

(४) व्यवसायीको कारणबाट समितिलाइ हुन गएको हानि नोक्सानी बापत सम्बन्धित व्यवसायीबाट समितिले मुनासिब माफिकको क्षतिपूर्ति भराउन सक्नेछ।

७२. **समितिलाई सहयोग गर्नु पर्ने:** यस ऐन तथा नियमावली बमोजिम समितिलाई सहयोग गर्नु प्रदेश सरकार मातहतका निकायहरुको दायित्व र कर्तव्य हुनेछ।

७३. **समितिको सङ्गठन संरचना:** समितिको सङ्गठन संरचना प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

७४. **समितिको कर्मचारी:** समितिलाई आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ।

७५. **बैठक भत्ता:** बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

७६. **वार्षिक प्रतिवेदन पेश गर्ने:** प्रमुख कार्यकारी अधिकृतले ऐन बमोजिम समितिले गरेको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष समिति र मन्त्रालयमा पेश गर्नु पर्नेछ। त्यसरी प्रतिवेदन पेश गर्दा कार्यक्रम, लागत, कार्य प्रगति र भविष्यमा गरिने सुधार समेत खुलाउनु पर्नेछ।

७७. **खाता सञ्चालन:** समितिको खाता सञ्चालन प्रमुख कार्यकारी अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

७८. **सम्पर्क मन्त्रालय:** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

## परिच्छेद-१३

## उद्योग/व्यवसाय सङ्घ सम्बन्धी व्यवस्था

७९. **स्थानीय विषयगत सङ्घको गठनः** यस ऐन बमोजिम दर्ता भएका फर्म/कम्पनीहरुको व्यवस्थित परिचालन, विकास र संयोजन तथा विषयगत फर्म/कम्पनीहरुले सञ्चालन गर्ने व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्यमा सहयोग गर्न यस ऐन बमोजिम दर्ता भई कार्यरत रहेका फर्म/कम्पनीहरुले कुनै पर्यटकीय क्षेत्र वा एक स्थानीय क्षेत्रमा काम गर्ने गरी आपसमा मिली आफ्नो विषयको स्थानीय विषयगत सङ्घ गठन गर्न सक्नेछन्।

८०. **जिल्ला विषयगत सङ्घको गठनः** यस ऐन बमोजिम दर्ता भएका विषयगत फर्म/कम्पनीहरुको व्यवस्थित परिचालन, विकास र संयोजन तथा विषयगत फर्म/कम्पनीहरुले सञ्चालन गर्ने व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्यमा सहयोग गर्न यस ऐन बमोजिम दर्ता भई कार्यरत रहेका फर्म/कम्पनीहरु तथा स्थानीय विषयगत सङ्घले जिल्ला भरी काम गर्ने गरी आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सङ्घ गठन गर्न सक्नेछन्।

८१. **जिल्ला सङ्घको गठनः** (१) फर्म/कम्पनीहरु मार्फत सञ्चालन हुने व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन तथा फर्म/कम्पनीहरुको व्यवस्थित परिचालन गर्न यस ऐन बमोजिम दर्ता भएका जिल्ला विषयगत सङ्घहरू आपसमा मिली जिल्ला सङ्घ गठन गर्न सक्नेछन्।

(२) यसरी सङ्घ गठन गर्दा दर्ता भएका जिल्लाभरिका पचास प्रतिशतभन्दा बढी विषयगत सङ्घहरू समावेश भएको हुनु पर्नेछ।

८२. **प्रदेश विषयगत सङ्घको गठनः** फर्म/कम्पनीहरु मार्फत सञ्चालन हुने व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन तथा फर्म/कम्पनीहरुलाई नियम संगत, व्यवस्थित र फर्म/कम्पनीहरु बिचको सम्बन्ध सुमधुर बनाई परिचालन गर्न यस ऐन बमोजिम दर्ता भएका जिल्लाका विषयगत सङ्घहरू मिली आफ्नो विषयको प्रदेश विषयगत सङ्घ गठन गर्न सक्नेछन्। तर यसरी सङ्घ गठन गर्दा दर्ता भएका प्रदेशभरिका पचास प्रतिशतभन्दा बढी जिल्ला विषयगत सङ्घहरू समावेश भएको हुनु पर्नेछ।

८३. **प्रदेश सङ्घको गठनः** पर्यटन व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन यस ऐन बमोजिम दर्ता भएका जिल्ला सङ्घ र प्रदेश विषयगत सङ्घ आपसमा मिली प्रदेश सङ्घको गठन गर्न सक्नेछन्। तर यसरी सङ्घ गठन गर्दा प्रदेशभरी दर्ता भएका, जिल्ला सङ्घहरू र प्रदेश विषयगत सङ्घहरू प्रत्येकको पचास प्रतिशत सङ्घहरू समावेश भएको हुनु पर्नेछ।

८४. **सङ्घ गठन गर्न नसकिनेः** देहायको अवस्थामा सङ्घ गठन गर्न सकिने छैनः-

(क) कुनै पर्यटकीय क्षेत्र वा एक स्थानीय तहमा एकै प्रकृतिको एकभन्दा बढी विषयगत स्थानीय सङ्घ,

(ख) एक जिल्लामा एकै प्रकृतिको एक भन्दा बढी विषयगत जिल्ला सङ्घ,

(ग) प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी विषयगत प्रदेश सङ्घ,

(घ) एक जिल्लामा एकै प्रकृतिको एकभन्दा बढी जिल्ला सङ्घ,

(ङ) प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी प्रदेश सङ्घ।

८५. <u>दर्ताको लागि दरखास्त दिनु पर्ने:</u> (१) यस ऐन बमोजिम गठन हुन चाहने देहाय बमोजिमका सङ्घले दर्ताका लागि अनुसूची- १२ बमोजिमको शुल्क तिरी मन्त्रालयले तोकेको कार्यालयमा दरखास्त दिनु पर्नेछः-

(क) विषयगत स्थानीय सङ्घ,

(ख) विषयगत जिल्ला सङ्घ,

(ग) जिल्ला सङ्घ,

(घ) विषयगत प्रदेश सङ्घ,

(ङ) प्रदेश सङ्घ।

(२) उपदफा (१) बमोजिमको दरखास्तसाथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) प्रस्तावित विधान,

(ख) प्रस्तावित सदस्यको विवरण, र

(ग) दर्ता प्रयोजनका लागि भएका निर्णयहरु।

८६. <u>सङ्घको कोष:</u> (१) सङ्घको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) सदस्यता शुल्क,

(ख) वार्षिक शुल्क,

(ग) नवीकरण शुल्क,

(घ) ऋणको रूपमा प्राप्त रकम,

(ङ) नेपाल सरकारबाट प्राप्त रकम,

(च) प्रदेश सरकारबाट प्राप्त रकम,

(छ) स्थानीय तहबाट प्राप्त रकम,

(ज) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम, र

(झ) व्यवसायिक कार्यबाट आर्जित रकम,

(२) उपदफा (१) को खण्ड (ज) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(३) माथि जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घ/विषयगत सङ्घले व्यवसाय सञ्चालन गरेमा वा व्यवसायमा लगानी गरेको अवस्थामा उपदफा (१) को खण्ड (ङ), (च) र (छ) बमोजिमको रकम प्राप्त हुने छैन।

८७. **<u>उपलब्ध गराउनु पर्ने विवरण र समयः</u>** (१) सङ्घले प्रत्येक वर्ष देहायका विवरण सहितको प्रतिवेदन माथिल्लो सङ्घ र दर्ता गर्ने कार्यालयमा बुझाउनु पर्नेछः-

(क) वार्षिक प्रतिवेदन,

(ख) लेखापरीक्षण प्रतिवेदन,

(ग) सञ्चालकको विवरण,

(घ) निरीक्षण प्रतिवेदन,

(ङ) साधारण सभाको बैठकको निर्णय सम्बन्धी जानकारी,

(च) माथिल्लो सङ्घ तथा मन्त्रालयले समय समयमा तोकिदिएका अन्य विवरण।

(२) सङ्घले प्रत्येक वर्ष देहायको समयमा माथिल्लो सङ्घ दर्ता गर्ने कार्यालयमा विवरण बुझाउनु पर्नेछः-

(क) स्थानीय सङ्घले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र,

(ख) विषयगत जिल्ला सङ्घले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र,

(ग) जिल्ला सङ्घ र विषयगत प्रदेश सङ्घले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र,

(घ) प्रदेश सङ्घले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र।

(३) प्रदेश सङ्घले आफ्नो प्रतिवेदन मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

## परिच्छेद- १४

## <u>फर्म/कम्पनी तथा सङ्घको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था</u>

८८. **<u>कार्यालयले अनुगमन गर्न सक्नेः</u>** (१) दर्ता गर्ने कार्यालयले सङ्घको अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गर्ने कार्यालयले सङ्घको अनुगमन गर्दा आवश्यकता अनुसार माथिल्लो सङ्घको सहयोग लिन सक्नेछ।

८९. **<u>मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्न सक्नेः</u>** मन्त्रालयबाट सङ्घको निरीक्षण तथा अनुगमन गरी माथिल्लो सङ्घ वा कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ।

९०. **<u>सङ्घले निरीक्षण गर्न सक्नेः</u>** सङ्घले आफ्ना सदस्यको कामको निरीक्षण गर्न सक्नेछ।

९१. **<u>आर्थिक सहयोग तथा कोष खडा गर्न सक्नेः</u>** (१) साधारण सभाबाट निर्णय गराई सङ्घले देहाय बमोजिम कोष खडा गर्न सक्नेछ।

(क) सङ्घ वा सङ्घका सदस्यले सञ्चालन गर्ने व्यवसाय प्रवर्द्धनका लागि व्यवसाय प्रवर्द्धन कोष,

(ख) सङ्घका सदस्यका व्यवसायमा आई पर्न सक्ने आपत विपद्मा सहयोग गर्न सदस्य सहयोग कोष,

(ग) प्रदेशका विभिन्न स्थानमा आई पर्ने दैवी प्रकोप तथा प्राकृतिक प्रकोपमा सहयोग गर्न दैवी प्रकोप उद्धार सहयोग कोष,

(२) सङ्घले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता जस्ता विषयमा आर्थिक सहयोग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषको व्याख्या र प्रयोग सङ्घको कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

९२. **<u>विवाद समाधानः</u>** व्यावसायिक फर्म वा कम्पनी बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरुपणका लागि सम्बन्धित सङ्घले विवाद निरुपण समितिको गठन गर्न सक्नेछ।

९३. **<u>अन्य व्यवस्थाः</u>** सङ्घ/विषयगत सङ्घ सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र सङ्घ/विषयगत सङ्घको विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद- १५

## <u>विविध</u>

९४. **<u>अनलाइन सेवा प्रदायकले अनुमति लिनु पर्नेः</u>** (१) इन्टरनेटलाई माध्यम बनाई ऐजेन्सीको काम गर्न वा पर्यटनसँग सम्बन्धित अन्य कुनै पनि गतिविधि गर्न अनलाइन सेवा प्रदान गर्न चाहनेले यस ऐनमा उल्लिखित शुल्क तिरी कार्यालयबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन गतिविधि वा सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९५. **<u>पर्यटन सेवा शुल्क लाग्नेः</u>** पर्यटन सेवा शुल्क प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

९६. **<u>फोहरमैलाको व्यवस्थापनः</u>** (१) पर्यटन गतिविधिमा प्रयोग भएका वस्तु वा त्यसबाट निस्केको फोहरमैला व्यवस्थापन गर्ने प्रयोजनको लागि फोहरमैलालाई देहाय बमोजिम वर्गीकरण गरिएको छः-

(क) नष्ट गर्न सकिने फोहरमैला, र

(ख) पुनः प्रशोधन गर्न सकिने फोहरमैला।

(२) इजाजत प्राप्त एजेन्सीले उपदफा (१) को खण्ड (क) बमोजिमका फोहरमैला पानीघाट वा सार्वजनिक महत्व वा सन्धिसर्पन नपर्ने ठाउँमा पुऱ्याई उक्त वस्तुको प्रकृति अनुसार जलाउने, नष्ट गर्ने वा खाडल खनी पुर्ने व्यवस्था गर्नु पर्नेछ।

(३) इजाजत प्राप्त एजेन्सीले उपदफा (१) को खण्ड (ख) बमोजिमका फोहरमैला मन्त्रालयले तोकेको निकाय वा संस्थालाई बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम फोहरमैला व्यवस्थापन गर्न मन्त्रालयले तोकेको निकाय वा संस्थाले एजेन्सीसँग तोकिए बमोजिमको शुल्क लिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम शुल्क उपलब्ध नगराएमा बैंक ग्यारेन्टीको रूपमा कार्यालयमा राखेको रकमबाट कट्टा हुने गरी फोहरमैला व्यवस्थापन गर्न तोकेको निकाय वा संस्थालाई उपलब्ध गराइनेछ।

(६) उपदफा (५) बमोजिम रकम उपलब्ध गराएमा सम्बन्धित व्यवसायीले बैंक ग्यारेन्टी बराबरको रकम पैंतीस दिनभित्र दाखिला गर्नु पर्नेछ।

९७. **प्रतिवेदन वा विवरण पेश गर्नुपर्ने**: (१) यस ऐन बमोजिम पर्यटकीय गतिविधि सञ्चालन गर्ने व्यवसायीले तोकिए बमोजिम आवधिक प्रतिवेदन मन्त्रालय वा कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक मन्त्रालयले समय समयमा यस ऐन बमोजिम इजाजत प्राप्त गरी पर्यटन व्यवसाय सञ्चालन गर्ने, गराउने फर्म वा व्यक्तिसँग आवश्यक देखिएमा अन्य विवरण समेत माग गर्न सक्नेछ।

(३) प्रदेश सरकारले यस ऐन बमोजिम सञ्चालन हुने पर्यटकीय गतिविधिमा जुनसुकै समयमा निरीक्षण गरी निर्देशन दिन र पर्यटकीय गतिविधि सञ्चालन गर्न इजाजत प्राप्त निकायको हिसाब किताब तथा अन्य अभिलेख जाँच्न जँचाउन सक्नेछ।

(४) मन्त्रालयले इजाजत पत्र प्राप्त व्यक्ति, फर्म वा कम्पनीले पालन गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्न सक्नेछ र त्यस्तो आचारसंहिताको पालना गर्नु सम्बन्धित इजाजत पत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

९८. **अरुलाई काम गर्न दिन नहुने**: एजेन्सीको इजाजत पत्र प्राप्त व्यक्ति वा होटल वा लज वा यस ऐन बमोजिमको अन्य पर्यटन व्यवसाय दर्ता गराउने फर्म वा व्यक्तिले आफ्नो व्यवसाय अरुलाई धितो बन्धक दिन वा अरु कुनै किसिमले आफ्नो व्यवसायको नामबाट अरु कसैलाई त्यस्तो व्यवसाय सञ्चालन गर्न दिनु हुँदैन।

तर यस ऐन बमोजिम इजाजत लिई सञ्चालन गरेको पर्यटन व्यवसायले कुनै बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

९९. **नेपाली पर्यटक सम्बन्धी विशेष व्यवस्था**: प्रदेश सरकारले समय समयमा सूचना प्रकाशन गरी यस ऐनमा उल्लिखित कुनै व्यवस्था नेपाली पर्यटकहरुको सम्बन्धमा लागू नहुने गरी तोकी दिन सक्नेछ।

१००. **विवरणमा हेरफेर भएमा सूचना दिनु पर्ने**: एजेन्सीको इजाजत पत्रको लागि वा होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा

बार वा पर्यटन व्यवसायको दर्ताको लागि दरखास्त दिँदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो गरेको तीस दिनभित्र उक्त व्यवहोराको सूचना पर्यटन व्यवसाय सञ्चालन गर्न इजाजत पत्र प्राप्त व्यक्ति वा फर्म वा कम्पनीले कार्यालय समक्ष सूचना दिनु पर्नेछ।

१०१. **व्यवसाय बन्द गर्नु परेमा सूचना दिनु पर्ने**: (१) यस ऐन बमोजिम कुनै पर्यटन व्यवसाय दर्ता गरी सञ्चालन गर्ने व्यक्ति वा फर्म वा कम्पनीले आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले तीस दिनभित्र मन्त्रालय वा कार्यालय समक्ष सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना नदिएमा निजले प्रदेश सरकारलाई बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन।

१०२. **छुट दिन सक्ने**: नेपाल सरकार वा प्रदेश सरकारले घोषणा गरेको भ्रमण वर्ष, उत्सव, राष्ट्रिय तथा प्रादेशिक महत्वका कार्यक्रमहरु एवं प्रदेशमा भएका महामारी, प्राकृतिक विपत्तिका कारण पर्यटन उद्योगमा परेको असरलाई मध्यनजर गरी प्रदेश सरकारले प्रदेश भरी सञ्चालित पर्यटन उद्योग वा कुनै विशेष क्षेत्र वा कुनै विषयगत उद्योगलाई इजाजत शुल्क, नवीकरण, जरिबानामा पुरै वा आशिंक छुट र उद्योगको पुनर्स्थापनाको लागि सहयोग उपलब्ध गराउन सक्नेछ।

१०३. **रोक लगाउन सक्ने**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निश्चित स्थानमा निश्चित अवधिका लागि निश्चित व्यवसायको इजाजत नदिने गरी रोक लगाउन सक्नेछ।

१०४. **पर्यटक प्रहरी सम्बन्धी व्यवस्था**: (१) पर्यटकीय क्षेत्र र स्वदेशी तथा विदेशी पर्यटकको सुरक्षा सम्बन्धी कार्य गर्न प्रदेश सरकारले प्रदेश प्रहरीलाई पर्यटक प्रहरीको रूपमा खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खटिने प्रहरीको सञ्चालन र व्यवस्थापन मन्त्रालयले सम्बन्धित प्रदेश प्रहरी हेर्ने मन्त्रालयको सहमतिमा तोकिए बमोजिम गर्नेछ।

१०५. **फर्म वा कम्पनी एक आपसमा गाभिन सक्ने**: कम्तीमा पाँच वर्ष काम गरेको फर्म वा कम्पनी एक आपसमा गाभिन चाहेमा प्रचलित कानून बमोजिम गाभिन सक्नेछन्।

१०६. **सहकारी संस्था वा समूहले पर्यटन उद्योग/व्यवसाय सञ्चालन गर्न सक्ने**: सहकारी संस्था वा समूह/सङ्घले पर्यटन उद्योग सञ्चालन गर्न चाहेमा यस ऐनमा उल्लेख भएका उद्योग/व्यवसाय सञ्चालन गर्न सक्नेछ।

तर दण्ड जरिबाना सम्बन्धी कारबाही गर्ने अधिकार प्रत्यायोजन गर्न पाइने छैन।

१०७. **दक्ष जनशक्ति उत्पादन**: पर्यटन क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न तालिम/प्रशिक्षण सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०८. **<u>प्राकृतिक वा मानव निर्मित जलाशयमा बोटिङ्ग लगायतका पर्यटकीय गतिविधि सञ्चालनः</u>** प्राकृतिक वा मानव निर्मित जलाशयहरुमा बोटिङ्ग लगायतका पर्यटकीय गतिविधि सञ्चालन गर्न प्रदेश सरकारले सहजीकरण गर्न सक्नेछ।

१०९. **<u>शाखा खोल्न पाउने</u>:** होटल तथा पर्यटन उद्योगले प्रदेशभित्र शाखा खोल्न पाउने छन्। यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११०. **<u>उद्योगी/व्यवसायी तालिम कक्षाः</u>** (१) विद्यमान कानून, सामाजिक उत्तरदायित्व, कर प्रणाली, व्यवस्थापकीय दक्षता अभिवृद्धि, बजारीकरण लगायतका विषयमा प्रदेश सरकारले उद्योगी/व्यवसायी तालिम कक्षा सञ्चालन गर्नेछ।

(२) तालिम कक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१११. **<u>आपतकालीन खोज, उद्धार तथा उपचार सम्बन्धी व्यवस्थाः</u>** दुर्घटनामा परेका, सम्पर्क विहीन भई बेपत्ता भएका वा गम्भीर स्वास्थ्य अवस्था भएका पर्यटन श्रमिक तथा पर्यटकको खोज, उद्धार तथा उपचार सम्बन्धी व्यवस्थाका लागि प्रदेश सरकारले आपतकालीन खोज, उद्धार तथा उपचार सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्नेछ।

११२. **<u>विद्युतीय टिकट तथा सेवा सम्बन्धी व्यवस्थाः</u>** प्रदेश सरकारले पर्यटकका लागि शुल्क लाग्ने व्यवस्था भएका सबै पर्यटकीय क्षेत्रमा विद्युतीय टिकट, सेवा सम्बन्धी जानकारी तथा पर्यटक र पथप्रदर्शकको विवरणको लागि आवश्यक पर्ने कार्यालय वा काउण्टरको व्यवस्था गर्न, गराउन सक्नेछ।

११३. **<u>प्रभावकारिता मापन गरिने</u>:** (१) मन्त्रालयले यो ऐन प्रारम्भ भएको पहिलो वर्ष र त्यसपछि प्रत्येक तीन/तीन वर्षमा यस ऐनको कार्यान्वयनको प्रभावकारिता अध्ययन गरी सो को प्रतिवेदन प्रदेश सरकार मार्फत प्रदेश सभाको सम्बन्धित समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) विद्युतीय टिकट तथा सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११४. **<u>इजाजत पत्रको भाषा</u>:** यस ऐन अन्तर्गतका फारामहरु नेपाली तथा अङ्ग्रेजी भाषामा छपाई गरी प्रयोग गर्न सकिनेछ।

११५. **<u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>:** (१) यस ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार मन्त्रालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम मन्त्रालयलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार मातहतको कार्यालय वा कुनै अधिकारी तोकी त्यस्तो अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर दण्ड जरिबाना सम्बन्धी कारबाही गर्ने अधिकार प्रत्यायोजन गर्न पाइने छैन।

११६. **<u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने</u>:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

११७. **<u>नियम, निर्देशिका, कार्यविधि एवं मापदण्ड बनाउने अधिकार</u>:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) मन्त्रालयले यस ऐन तथा नियमको अधिनमा रही निर्देशिका, कार्यविधि एवं मापदण्ड बनाउन सक्नेछ।

११८. **<u>यसै ऐन बमोजिम हुने</u>:** यस ऐनमा लेखिएका कुराहरुको हकमा यसै ऐन बमोजिम र अन्य कुराको हकमा सो सम्बन्धी व्यवस्था प्रदेश कानूनमा भए सोही बमोजिम र नभए प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ।

११९. **<u>बचाउ</u>:** यस ऐनको कार्य क्षेत्रभित्र परेका यो ऐन जारी हुनु अघि प्रदेश सरकार र अन्तर्गतका निकायबाट भए गरेका कामहरु यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

## *अनुसूची- १

(दफा ३ को उपदफा (५) र दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**<u>दर्ता तथा नवीकरण शुल्क</u>**

होटल, तारे (स्टार) होटल, पर्यटकस्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज तथा बार दर्ता तथा नवीकरण शुल्कः

| सि. नं. | होटलको किसिम | दर्ता शुल्क (रूपैयाँ) | नवीकरण शुल्क (रूपैयाँ) | म्याद नाघेकोमा लाग्ने शुल्क | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | तीन महिनासम्म (रूपैयाँ) | छ महिनासम्म (नवीकरण शुल्कमा थप) | एक वर्षसम्म (नवीकरण शुल्कमा थप) | |
| १. | साधारण होटल, लज तथा रेष्टुराँ | ५,००० | ५,००० | ५,००० | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्षको नवीकरण शुल्कमा प्रति वर्ष १०० प्रतिशतका दरले थप लाग्ने |
| २. | रिसोर्ट, पव, लाउञ्ज तथा बार | ७,५०० | ७,५०० | ७,५०० | | | |
| ३. | पर्यटक आवास (साधारण) तथा एक तारे होटल | १०,००० | १०,००० | १०,००० | | | |
| ४. | दुई तारे होटल | २०,००० | २०,००० | २०,००० | | | |
| ५. | तीन तारे होटल | ३०,००० | ३०,००० | ३०,००० | | | |
| ६. | पर्यटक आवास (डिलक्स) | ४०,००० | ४०,००० | ४०,००० | | | |
| ७. | होटलभित्र छुट्टै व्यवसायको रुपमा सञ्चालन भएका डान्सबार, मोटल, कफिसप, साउना, ज्याकुजी सेन्टर, जीम क्लब, स्वीमिङ पुल, हेल्थ क्लब, ब्युटिपार्लर, नाइट क्लब | ५,००० | ५,००० | ५,००० | ५०% | १००% | सोभन्दा पछि प्रत्येक वर्षको नवीकरण शुल्कमा प्रति वर्ष १०० प्रतिशतका दरले थप लाग्ने |

* प्रदेश आर्थिक ऐन, २०८२ द्वारा संशोधित।

## अनुसूची- २

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

**होटल, तारे(स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज,होमस्टे तथा बार सञ्चालन इजाजत पत्र**

इजाजत पत्र सङ्ख्याः

निम्न लिखित विवरण भएको होटल/तारे(स्टार) होटल/पर्यटक स्तरको होटल/लज/रेष्टुराँ तथा रिजर्ट/पव/लाउञ्ज/ होमस्टे /बार सञ्चालन गर्न प्रदेश पर्यटन ऐन, २०७८ बमोजिम यो इजाजत पत्र प्रदान गरिएको छ।

१. **इजाजत पत्र प्राप्त फर्म वा कम्पनीको**

(क) नाम, थरः

(ख) ठेगानाः

(ग) धनी/संस्थापक शेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

२. **होटल, तारे(स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारकोः-**

(क) नाम, थरः

(ख) कार्यालय रहने ठेगानाः

(ग) शाखा कार्यालय रहने ठेगानाः

३. **अवधिः ................. देखि ............... सम्म इजाजत पत्र दिने अधिकारीको**

दस्तखतः

नाम:

पद :

मिति :                                   कार्यालयको छाप

**इजाजत पत्र नवीकरणको विवरण**

| नवीकरण मिति | नवीकरणको अवधि | नवीकरण गर्ने अधिकारीको | | कैफियत |
|---|---|---|---|---|
| | | नाम | हस्ताक्षर | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(क) यो प्रमाणपत्रको अवधि पाँच वर्षको हुनेछ र समय समाप्त हुनु अगाडि नवीकरण गराउनु पर्नेछ।

(ख) यो प्रमाणपत्र हराएमा वा च्यातिएमा पुनः प्रतिलिपि लिनका लागि एक हजार रूपैयाँ लाग्नेछ।

## अनुसूची- ३

(दफा १२ को उपदफा (१) र उपदफा (२) सँग सम्बन्धित)

### फर्म वा कम्पनीको पुँजी र सुरक्षण रकम

**१. एजेन्सी सञ्चालनका लागि आवश्यक फर्म वा कम्पनीको पूँजी**

| सि.नं. | एजेन्सी | फर्म/ कम्पनी | चालु वा चुक्ता पूँजी रु. (कम्तीमा) | कैफियत |
|---|---|---|---|---|
| १. | साहसिक पर्यटन तथा जलयात्रा एजेन्सी | फर्म | २५,००,००० | |
| | | कम्पनी | ५०,००,००० | |
| २. | ट्राभल एजेन्सी | फर्म | २५,००,००० | |
| | | कम्पनी | ५०,००,००० | |
| ३. | ट्रेकिङ्ग एजेन्सी | फर्म | २५,००,००० | |
| | | कम्पनी | ५०,००,००० | |
| ४. | पर्यटक यातायात एजेन्सी | फर्म | २५,००,००० | |
| | | कम्पनी | ५०,००,००० | |

**२. एजेन्सी सञ्चालनका लागि आवश्यक सुरक्षण रकमः**

(क) साहसिक पर्यटन तथा जलयात्रा एजेन्सीको हकमा कम्तीमा पाँच लाख रूपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

(ख) ट्राभल एजेन्सीको हकमा कम्तीमा पाँच लाख रूपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

(ग) ट्रेकिङ्ग एजेन्सीको हकमा पाँच लाख रूपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

(घ) पर्यटक यातायात एजेन्सीको हकमा पाँच लाख रूपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

## अनुसूची- ४

(दफा १३ को उपदफा (३), १४ को उपदफा (१) र (२), दफा २६ र दफा ३६ को उपदफा (२) सँग सम्बन्धित)

**दर्ता (इजाजत) तथा नवीकरण शुल्क**

१. **[*]एजेन्सीको दर्ता (इजाजत) शुल्क तथा नवीकरण शुल्क रु.:**

| एजेन्सीको किसिम | इजाजत शुल्क | नवीकरण शुल्क | म्याद नाघेकोमा लाग्ने शुल्क | | | |
|---|---|---|---|---|---|---|
| | | | तीन महिनासम्म | छ महिनासम्म (नवीकरण शुल्कमा थप) | एक वर्षसम्म (नवीकरण शुल्कमा थप) | एक वर्षभन्दा पछि थप |
| सबै एजेन्सीहरु | २५,००० | २५,००० | २५,००० | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्ष नवीकरण शुल्कमा प्रति वर्ष १०० प्रतिशत का दरले थप हुने |

नोटः एजेन्सी दर्ता (इजाजत)को प्रमाणपत्र हराएमा वा च्यातिएमा वा पुनः प्रतिलिपि लिनका लागि पाँच सय रूपैयाँ दस्तुर लाग्नेछ।

२. **साहसिक पर्यटन एजेन्सीद्वारा सञ्चालन गरिने क्रियाकलापहरुका लागि वार्षिक इजाजत शुल्कः**

(क) **वार्षिक इजाजत शुल्कः**

| सि.नं. | क्रियाकलाप | वार्षिक इजाजत शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १. | स्कीईङ्ग | २५,००० | |
| २. | हिमतालमा डाईभिङ्ग | २५,००० | |
| ३. | बञ्जी जम्पिङ | ४०,००० | |
| ४. | जीप फ्लायर | ४०,००० | |
| ५. | क्यानोनिङ | ३०,००० | |
| ६. | क्यानोपि वाकिङ्ग | १५,००० | |
| ७. | अन्य साहसिक गतिविधि | ५०,००० | |

(ख) यसै अनुसूचीको खण्ड २ को (क) को सि.नं. (७) मा उल्लिखित अन्य साहसिक गतिविधि/क्रियाकलाप सञ्चालन गर्न निवेदन पर्न आएमा र मन्त्रालयले सञ्चालन गर्न उपयुक्त देखेमा तोकिएको वार्षिक शुल्क लिई सञ्चालन गर्न इजाजत दिन सक्नेछ।

[*] प्रदेश आर्थिक ऐन, २०८२ द्वारा संशोधित।

३. मनोरञ्जनात्मक पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्कः

| सि.नं. | क्रियाकलाप | दर्ता शुल्क रु. | वार्षिक नवीकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | केबलकारः | | | |
| १.१ | पाँच डब्बासम्म भएको | ५०,००० | १०,००० | |
| १.२ | छदेखि दश डब्बासम्म भएको | ७५,००० | १५,००० | |
| १.३ | एघारदेखि पन्ध्र डब्बासम्म भएको | १,००,००० | २०,००० | |
| १.४ | सोह्रदेखि बीस डब्बासम्म भएको | १,५०,००० | ३०,००० | |
| १.५ | एक्काइसदेखि पच्चीस डब्बासम्म भएको | २,००,००० | ४०,००० | |
| १.६ | पच्चीस भन्दा बढी डब्बा भएको | २,५०,००० | ५०,००० | |
| २ | एम्यूज्मेन्ट पार्क वा फन पार्क | ५०,००० | ५,००० | |
| ३ | अन्य पार्क | ३०,००० | ६,००० | |

(क) यदि कसैले यो ऐन प्रारम्भ भएको मितिसम्म इजाजत पत्र नवीकरण गराउन नसकेको भएमा इजाजत पत्र प्राप्त व्यक्तिले त्यस्तो इजाजत पत्र नवीकरण गराउन चाहेमा यो ऐन प्रारम्भ भएको एक वर्षभित्र प्रतिवर्ष दर्ता शुल्कको शतप्रतिशतका दरले दस्तुर लिई एक पटकको लागि मन्त्रालय वा कार्यालयले नवीकरण गरी दिन सक्नेछ।

(ख) माथि उल्लिखित बमोजिमको म्यादभित्र पनि कसैले इजाजत पत्र नवीकरण नगरेमा त्यस्तो इजाजत पत्र स्वतः रद्द हुनेछ।

## अनुसूची- ५

(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

**<u>एजेन्सी सञ्चालन इजाजत पत्र</u>**

**इजाजत पत्र सङ्ख्याः**

निम्न लिखित विवरण भएको **ट्राभल/ट्रेकिङ्ग/साहिसक पर्यटन तथा जलयात्रा/पर्यटक यातायात** एजेन्सी सञ्चालन गर्न प्रदेश पर्यटन ऐन, २०७८ बमोजिम यो इजाजत-पत्र प्रदान गरिएको छ।

**१. इजाजत पत्र प्राप्त फर्म वा कम्पनीको**

(क) नाम, थरः

(ख) ठेगानाः

(ग) धनी/संस्थापक शेयरधनी/प्रोप्राइटरको नाम र विवरणः

**२. एजेन्सीको**

(क) नाम, थरः

(ख) कार्यालय रहने ठेगानाः

(ग) शाखा कार्यालय रहने ठेगानाः

**३. एजेन्सीको अवधिः ................ देखि .............. सम्म इजाजत पत्र दिने अधिकारीको**

दस्तखतः

नाम, थरः

पदः

मितिः

कार्यालयको छाप

**इजाजत पत्र नवीकरणको विवरण**

| नवीकरण मिति | नवीकरणको अवधि | नवीकरण गर्ने अधिकारीको | | कैफियत |
|---|---|---|---|---|
| | | नाम | हस्ताक्षर | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(क) यो प्रमाणपत्रको अवधि पाँच वर्षको हुनेछ र समय समाप्त हुनु अगाडि नवीकरण गराउनु पर्नेछ।

(ख) यो प्रमाणपत्र हराएमा वा च्यातिएमा पुनः प्रतिलिपि लिनका लागि एक हजार रूपैयाँ लाग्नेछ।

## अनुसूची- ६
(दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

**स्कीइङ्ग, हिमतालमा डाईभिङ्ग तथा अन्य साहसिक गतिविधि गर्न चाहनेले पेश गर्नु पर्ने कागजात**

१. स्कीइङ्ग तथा हिमतालमा डाईभिङ्ग गर्न चाहने दलले अनुमतिका लागि इजाजत प्राप्त साहसिक पर्यटन एजेन्सी मार्फत पेश गर्नु पर्ने प्रमाण कागजातः

(क) एजेन्सीको अवधि कायम रहेको इजाजत पत्रको प्रमाणित प्रतिलिपि,

(ख) स्कीइङ्गको हकमा स्कीइङ्ग गर्ने हिमाली क्षेत्रको नाम, अवधि, नक्सा सहितको विवरण,

(ग) डाइभिङ्गको हकमा डाइभिङ्ग गर्ने हिमतालको नाम, अवधि र नक्सा सहितको विवरण,

(घ) दलमा सम्मिलित हुने नेता तथा सदस्यहरुको एक/एक प्रति फोटोसहित व्यक्तिगत विवरण, पासपोर्ट र भिषाको प्रतिलिपि,

(ङ) स्कीइङ्गको हकमा सलामी बापत लाग्ने दस्तुर दश जनासम्म सदस्य भए पर्वतारोहण वा ट्रेकिङ्ग दस्तुर बाहेक विदेशी पर्यटकको लागि प्रतिव्यक्ति पचास अमेरिकी डलर, सार्क राष्ट्रका पर्यटकका लागि प्रतिव्यक्ति दुई हजार रूपैयाँ र नेपाली पर्यटकलाई प्रतिव्यक्ति एक हजार रूपैयाँ र सोभन्दा बढी सदस्यहरु भएमा प्रति थप सदस्य एक सय अमेरिकी डलरका दरले मन्त्रालयले तोकेको खातामा बुझाएको बैंक भौचर,

(च) डाइभिङ्गको हकमा सलामी बापत लाग्ने दस्तुर पर्वतारोहण वा ट्रेकिङ्ग दस्तुर बाहेक विदेशी पर्यटकको लागि प्रतिव्यक्ति पचास अमेरिकी डलर बराबरको रकम, सार्क राष्ट्रका पर्यटकका लागि प्रतिव्यक्ति दुई हजार रूपैयाँ र नेपाली पर्यटकलाई प्रतिव्यक्ति एक हजार रूपैयाँ मन्त्रालय/कार्यालयले तोकेको खातामा बुझाएको बैंक भौचर,

(छ) फोहरमैला व्यवस्थापनको लागि मन्त्रालयले तोकेको धरौटी खातामा पाँच सय अमेरिकी डलर बराबरको रकम गरी सो को भौचर, (फोहरमैला व्यवस्थापनको लागि स्थानीय तहले शुल्क तोक्न सक्नेछ र सम्बन्धित स्थानीय तहले तोके बमोजिमको शुल्क स्थानीय तहमा बुझाएको प्रमाण पेश गरी निवेदन दिएमा मन्त्रलयमा जम्मा भएको धरौटी रकम फिर्ता हुनेछ।)

(ज) हेलिकप्टरको प्रयोग गर्नु पर्ने भए सो को लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृति प्राप्त गरेको पत्र,

(झ) निर्देशित क्षेत्रमा उडान गर्नु पर्ने भए गृह मन्त्रालयको स्वीकृति पत्र,

(ञ) सम्पर्क अधिकृत लगायत श्रमिकहरुको नेपाल सरकारबाट मान्यता प्राप्त कुनै बिमा कम्पनीसँग व्यक्तिगत दुर्घटना तथा औषधोपचारको लागि बिमा गराएको कागजात।

२. स्कीइङ्ग तथा हिमतालमा डाईभिङ्ग बाहेक अन्य साहसिक क्रियाकलाप गर्न चाहने दलले अनुमतिका लागि इजाजत प्राप्त साहसिक पर्यटन एजेन्सी मार्फत पेश गर्नुपर्ने प्रमाण कागजातः

(क) साहसिक क्रियाकलापको विवरण, सञ्चालन हुने स्थान, अवधि र सम्भव भएसम्म नक्सा,

(ख) क्रियाकलापमा सम्मिलित हुने दलका नेता तथा सदस्यहरुको एक/एक प्रति फोटो सहित व्यक्तिगत विवरण, पासपोर्ट र भिषाको प्रमाणित प्रतिलिपि,

(ग) सम्बद्ध एजेन्सीको अवधि कायम रहेको इजाजत पत्रको प्रमाणित प्रतिलिपि,

(घ) अनुमति (सलामी) शुल्क बापत विदेशी पर्यटकलाई प्रतिव्यक्ति पचास अमेरिकी डलर बराबरको रकम, सार्क राष्ट्रका पर्यटकका लागि प्रतिव्यक्ति पाँच सय रूपैयाँ र नेपाली पर्यटकलाई प्रतिव्यक्ति एक सय रूपैयाँ बुझाएको बैंक भौचर,

(ङ) प्रति दलका लागि फोहरमैला व्यवस्थापनको लागि मन्त्रालयले तोकेको धरौटी खातामा मन्त्रालयले तोके बमोजिमको रकम जम्मा गरी सो को बैंक भौचर, (फोहरमैला व्यवस्थापनका लागि स्थानीय तहले शुल्क तोक्न सक्नेछ तथा सम्बन्धित स्थानीय तहले तोके बमोजिमको शुल्क स्थानीय तहमा बुझाएको प्रमाण पेश गरी निवेदन दिएमा मन्त्रालयमा जम्मा भएको धरौटी रकम फिर्ता हुनेछ।)

## अनुसूची- ७

(दफा २४ को उपदफा (५) सँग सम्बन्धित)

**<u>साहसिक पर्यटनका लागि दलसँग जाने सम्पर्क व्यक्तिले पेश गर्नु पर्ने प्रतिवेदन</u>**

१. आफू संलग्न भएको साहसिक पर्यटन क्रियाकलापको नामः

२. सञ्चालन गर्ने दलको नामः

३. दलमा रहेका सदस्यहरुको सङ्ख्याः

४. दलको नेताको नामः

५. काममा लगाइएका श्रमिकहरुको सङ्ख्याः

६. सम्बन्धित ट्रेकिङ्ग एजेन्सीको नामः

७. सञ्चालन गरेको स्थानः

८. ब्रिफिङ्ग भएको मितिः

९. प्रस्थान गरेको मिति र माध्यमः

१०. यात्राको दैनिक विवरणः

| ठाउँ | मिति | दिन |
|---|---|---|
| | | |
| | | |
| | | |

११. सञ्चालन गर्ने स्थानमा पुगेको मितिः

१२. सञ्चालनको अवधि (यात्रा मार्गसहित) मा उठेका समस्या र समाधानका प्रयासः

१३. सञ्चालन अवधिमा कुनै दुर्घटना भएको भए सो को विवरण :

१४. सञ्चालन भएको स्थानमा बिताएको दिनः

१५. लस्कर मार्ग तथा पुलपुलेसाहरुको अवस्थाः

१६. लस्कर मार्गमा उपलव्ध सेवाको अवस्था र स्तरः

१७. सञ्चालन भएको स्थानबाट प्रस्थान मितिः

१८. फर्केको मितिः

१९. पेश गर्नुपर्ने कागजातः

(क) यात्रा गरेको टिकट (आतेजाते)

(ख) सञ्चालन भएको ठाउँमा दलसँग खिचिएको फोटो

(ग) अन्य कुनै सुझाव भए त्यसको प्रतिवेदन।

प्रतिवेदन पेश गर्ने सम्पर्क व्यक्तिकोः

सहीः

नाम, थरः

कार्यालयः

फोन नं. कार्यालय.............. निवास.......................

## अनुसूची- ८

(दफा २४ को उपदफा (१७) को खण्ड (ख) सँग सम्बन्धित)

**साहसिक पर्यटनका लागि दलसँग जाने सम्पर्क अधिकृतले पेश गर्नुपर्ने प्रतिवेदन**

१. आफू संलग्न भएको साहसिक पर्यटन क्रियाकलापको नामः

२. सञ्चालन गर्ने दलको नामः

३. दलमा रहेका सदस्यहरुको सङ्ख्याः

४. दलको नेताको नामः

५. काममा लगाइएका श्रमिकहरुको सङ्ख्याः

६. सम्बन्धित ट्रेकिङ्ग एजेन्सीको नामः

७. सञ्चालन गरेको स्थानः

८. ब्रिफिङ्ग भएको मितिः

९. प्रस्थान गरेको मिति र माध्यमः

१०. यात्राको दैनिक विवरणः

| ठाउँ | मिति | दिन |
|---|---|---|
| | | |
| | | |
| | | |

११. सञ्चालन गर्ने स्थानमा पुगेको मितिः

१२. सञ्चालनको अवधि (यात्रा मार्गसहित) मा उठेका समस्या र समाधानका प्रयासः

१३. सञ्चालन अवधिमा कुनै दुर्घटना भएको भए सो को विवरणः

१४. सञ्चालन भएको स्थानमा बिताएको दिनः

१५. लस्कर मार्ग तथा पुलपुलेसाहरुको अवस्थाः

१६. लस्कर मार्गमा उपलब्ध सेवाको अवस्था र स्तरः

१७. सञ्चालन भएको स्थानबाट प्रस्थान मितिः

१८. फर्केको मितिः

१९. पेश गर्नुपर्ने कागजातः

(क) यात्रा गरेको टिकट (आतेजाते)

(ख) सञ्चालन भएको ठाउँमा दलसँग खिचिएको फोटो

(ग) अन्य कुनै सुझाव भए त्यसको प्रतिवेदन।

**प्रतिवेदन पेश गर्ने सम्पर्क अधिकृतकोः**

सहीः

नाम, थरः

कार्यालयः

फोन नं. कार्यालय.............. निवास............

## अनुसूची- ९

(दफा २८ को उपदफा (३) र दफा ३० को उपदफा (२) सँग सम्बन्धित)

**<u>पथप्रर्दशक (गाइड) को इजाजत तथा नवीकरण शुल्क</u>**

| सि. नं. | किसिम | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु | | कैफियत |
|---|---|---|---|---|---|
| | | | *<u>म्याद नाघेको</u> छ महिनासम्म | म्याद नाघेको एक वर्षसम्म थप | |
| १ | पोर्टर गाइड | ५०० | ५०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० प्रतिशतका दरले थप। |
| २ | अन्य पथ प्रदर्शक | १००० | १००० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० प्रतिशतका दरले थप। |
| ३ | जलयात्रा पथ प्रदर्शक | १२०० | १२०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० प्रतिशतका दरले थप। |
| ४ | पदयात्रा प्रदर्शक | १५०० | १५०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० प्रतिशतका दरले थप। |
| ५ | सम्पर्क व्यक्ति | २००० | २००० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० प्रतिशतका दरले थप। |

**<u>नोटः</u>** अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो अनुसूची मिति २०७९ साउन १ गतेदेखि लागु हुनेछ।

* प्रदेश आर्थिक ऐन, २०८२ द्वारा संशोधित।

# अनुसूची- १०

(दफा ३१ सँग सम्बन्धित)

## पथप्रदर्शकको वर्गीकरण

(१) धार्मिक पथप्रदर्शक (Religious Guide)

(२) पदयात्रा पथप्रदर्शक (Trekking Guide)

(३) जलयात्रा पथप्रदर्शक (River Guide)

(४) पर्वतीय प्रमुख पथप्रदर्शक (Mountain Leader)

(५) पर्वतीय पथप्रदर्शक (Mountain Guide)

(६) सांस्कृतिक पथप्रदर्शक (Culture and Tour Guide)

(७) छाँगो रोहण पथप्रदर्शक (Canyoning Guide)

(८) सफारी पथप्रदर्शक (Safari Guide)

(९) स्थानीय पथप्रदर्शक (Local Guide)

(१०) पोर्टर गाइड (Porter Guide)

(११) सम्पदा पथप्रदर्शक (Heritage Guide)

(१२) अन्य पथप्रदर्शक (Other Guide)

# अनुसूची- ११

(दफा ६२ सँग सम्बन्धित)

**शपथ**

म.................................... सत्य निष्ठापूर्वक शपथ लिन्छु कि प्रदेश पर्यटन विकास समितिको प्रमुख कार्यकारी अधिकृतको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी समिति प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी अनुशासनमा रही प्रदेश पर्यटन ऐन, २०७८ र सो अन्तरगत बनेको नियमावली समेतको अधिनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु। मलाई ज्ञान हुन आएको कुनै गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरु कसैलाइ म आफ्नो पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन।

| **शपथ ग्रहण गर्नेको** | **शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको** |
|---|---|
| नाम, थरः | नाम, थरः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |

## अनुसूची-१२

(दफा ८५ को उपदफा (१) सँग सम्बन्धित

**सङ्घ दर्ता तथा नवीकरण शुल्क**

<table>
<tr><th rowspan="3">सि. नं.</th><th rowspan="3">सङ्घको किसिम</th><th rowspan="3">दर्ता शुल्क रु.</th><th colspan="4">नवीकरण शुल्क रु.</th><th rowspan="3">कैफियत</th></tr>
<tr><th rowspan="2">म्याद नाघेको पैंतिस दिनसम्म</th><th colspan="3">म्याद नाघेको</th></tr>
<tr><th>तीन महिनासम्म थप</th><th>छ महिनासम्म थप</th><th>एक वर्षसम्म थप</th></tr>
<tr><td>१.</td><td>जिल्ला विषयगत सङ्घ</td><td>२०,०००</td><td>१०,०००</td><td>१०%</td><td>२५%</td><td>५०%</td><td>सोभन्दा पछि प्रत्येक वर्ष १०% का दरले थप।</td></tr>
<tr><td>२.</td><td>जिल्ला सङ्घ</td><td>२५,०००</td><td>१२,५००</td><td>१०%</td><td>२५%</td><td>५०%</td><td>सोभन्दा पछि प्रत्येक वर्ष १०% का दरले थप।</td></tr>
<tr><td>३.</td><td>प्रदेश विषयगत सङ्घ</td><td>३०,०००</td><td>१५,०००</td><td>१०%</td><td>२५%</td><td>५०%</td><td>सोभन्दा पछि प्रत्येक वर्ष १०% का दरले थप।</td></tr>
<tr><td>४.</td><td>प्रदेश सङ्घ</td><td>३५,०००</td><td>१७,५००</td><td>१०%</td><td>२५%</td><td>५०%</td><td>सोभन्दा पछि प्रत्येक वर्ष १०% का दरले थप।</td></tr>
</table>

# प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७९।०४।३०

संवत् २०७९ सालको ऐन नं. ७

**<u>प्रदेश अनुसन्धान ब्युरो सेवाको गठन, स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>**: मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सीमा सुरक्षा, प्रदेशको सार्वजनिक सुरक्षा तथा अन्तर प्रदेश सम्बन्धलाई बलियो बनाई सर्वसाधारणको हित कायम गर्दै आन्तरिक एवं राष्ट्रिय सुरक्षालाई प्रत्याभूत गर्न प्रदेश अनुसन्धान ब्युरोको स्थापना, सेवाको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको तीसौं दिनबाट प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १७ बमोजिम ब्युरो पदमा नियुक्त गर्न अधिकार पाएको निकाय वा अधिकारी सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "निर्देशक" भन्नाले ब्युरोको मुख्य भई काम गर्ने अधिकारी सम्झनु पर्छ।

(घ) "परिवार" भन्नाले ब्युरो कर्मचारीसँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा, सौतेनी बाबु सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) "प्रचलित कानून" भन्नाले सोसँग सम्बन्धित त्यस्तो कानून प्रदेशमा भए

प्रदेश कानून र नभए सङ्घीय कानून सम्झनु पर्छ।

(छ) "ब्युरो" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश अनुसन्धान ब्युरो सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(झ) "सेवा" भन्नाले प्रदेश अनुसन्धान ब्युरो सेवा सम्झनु पर्छ।

(ञ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भी), पर्मानेन्ट रेजिडेन्ट भिसा (पि.आर) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

## परिच्छेद- २

## ब्युरो सेवाको गठन तथा स्थापना

३. **सेवाको गठनः** (१) प्रदेशमा प्रदेश अनुसन्धान ब्युरो सेवा रहनेछ।

(२) सेवा समावेशी स्वरूपको हुनेछ।

(३) सेवाको गठन र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक सेवाका कर्मचारी प्रदेश लोक सेवा आयोगबाट पूर्ति हुनेछ।

४. **प्रदेश अनुसन्धान ब्युरोको स्थापनाः** (१) मन्त्रालय अन्तर्गत रहने गरी प्रदेश अनुसन्धान ब्युरो नामको एक कार्यालय स्थापना गरिनेछ।

(२) निर्देशक सेवाको प्रमुख अधिकारी हुनेछ र निजले अनुसन्धान ब्युरोको कार्यालयको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्नेछ।

(३) ब्युरोको केन्द्रीय कार्यालय प्रदेशको राजधानीमा रहनेछ। अन्य कार्यालय प्रदेश सरकारले तोकेको स्थानमा आवश्यकता अनुसार रहनेछ।

५. **ब्युरोको काम, कर्तव्य र अधिकारः** ब्युरोको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको सार्वजनिक सुरक्षा व्यवस्थामा असर पुऱ्याउने खालका व्यक्ति, विचार र गतिविधि,

(ख) राष्ट्रिय हित विरुद्धका सूचनाको सङ्कलन, विश्लेषण र प्रवाह,

(ग) विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, सम्प्रदाय र सम्प्रदायबिचको पारस्परिक सदभाव, सहिष्णुता, एकतामा खलल् पुऱ्याउने खालका

गतिविधिहरुको सूचना सङ्कलन, विश्लेषण र प्रवाह,

(घ) अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण, उपयोग र प्रवाह,

(ङ) अन्तरप्रदेश तथा सङ्घ र प्रदेशबिचको सम्बन्धलाई धमिल्याउने गतिविधिको सूचना सङ्कलन, विश्लेषण, उपयोग र प्रवाह,

(च) मानव बेचविखन र लागू औषध कारोबार सम्बन्धी सूचना सङ्कलन, विश्लेषण र प्रवाह,

(छ) प्रदेशभित्र घटेका वा घट्न सक्ने अपराध वा अपराधजन्य जानकारी वा सूचना सङ्कलन, विश्लेषण, उपयोग र प्रवाह,

(ज) नेपालको सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा प्रतिकूल हुने सूचनाको सङ्कलन, विश्लेषण, उपयोग र प्रवाह,

(झ) प्रदेश सरकारले आफ्नो क्षेत्राधिकारको कुनै खास प्रकृतिका विषयमा अनुसन्धान गर्न भनी आदेश दिएको घटनाको अनुसन्धान एवं प्रतिवेदन,

(ञ) प्रचलित कानून तथा माथि उल्लिखित कार्यसँग मिल्ने प्रदेश सरकारले तोकिदिएको अन्य कार्य।

## परिच्छेद- ३

## अनुसन्धान एवं सूचना सङ्कलन

६. **अनुसन्धान गर्न सक्नेः** (१) कुनै घटना वा विषयले प्रदेशभित्रको सार्वजनिक हित, महत्व वा राष्ट्रिय सुरक्षालाई असर गर्छ भन्ने लागेमा प्रदेश सरकारले त्यस्तो विषयमा शीघ्र सूचना सङ्कलन तथा विश्लेषण गरी अनुसन्धान गर्न ब्युरोलाई जुनसुकै बखत निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धानको लागि तोकिएको अधिकृतले अनुसन्धानको कार्य सम्पन्न गरी राय सुझाव सहितको प्रतिवेदन ब्युरोको प्रमुख कार्यालय समक्ष पेस गर्नु पर्नेछ।

७. **सहयोग गर्नु पर्नेः** (१) यस ऐन बमोजिम सूचना सङ्कलन वा अनुसन्धानको प्रयोजनको लागि ब्युरोका कार्यालयद्वारा माग गरिएको विवरण, तथ्याङ्क लगायतको अन्य कागजात उपलब्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

(२) ब्युरो कर्मचारीले ब्युरोको परिचयपत्र देखाई कुनै पनि कार्यालय, सङ्घ संस्था वा व्यक्तिको स्वामित्वमा रहेको स्थान, भवन, घर वा सवारी साधनको धनीलाई लिखित सूचना दिई जुनसुकै बेला प्रवेश गर्न सक्नेछ।

(३) यस दफा बमोजिम कुनै निकाय वा कर्मचारीले सहयोग नगरेमा तुरुन्त

माथिल्लो निकायमा जानकारी गराई आवश्यक निर्देशन एवं सहयोग माग गर्न सक्नेछ।

८. **<u>सूचना सङ्कलन गर्न सक्ने:</u>** (१) यस ऐन बमोजिम ब्युरोलाई प्राप्त अधिकार मध्ये कुनै कार्य तत्काल नगर्दा राष्ट्रिय एवं प्रादेशिक सुरक्षामा खतरा पुग्छ भन्ने लागेमा त्यस्तो कार्यको प्रयोजन खोली त्यस्तो कार्यालय रहेको सम्बन्धित जिल्ला अदालतको अनुमतिमा विभिन्न सञ्चार माध्यम वा अन्य माध्यमबाट त्यस्तो व्यक्तिको हुने वा भएका कुराकानी, श्रव्य, दृष्य वा विद्युतीय सङ्केत वा विवरण निगरानी, अनुगमन एवं अभिलेख गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अदालतको अनुमति प्राप्त भएमा अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा त्यस्तो सूचना प्रदायक संस्थामा सहयोगको लागि अनुरोध गर्नु पर्दछ। यसरी ब्युरोबाट सहयोग माग भई आएमा त्यस्तो सूचना प्रदायक संस्थाले अधिकार प्राप्त अधिकारीले माग गरेको सूचना उपलब्ध गराउनु पर्नेछ।

(३) यस दफा बमोजिम ब्युरोले आफ्नो कार्य जिम्मेवारीका विषयमा सूचना सङ्कलनका लागि प्रदेशभित्र गोप्य अभियान सञ्चालन र सूत्र परिचालन गर्न सक्नेछ। यस्तो अभियान सञ्चालन र सूत्र परिचालन सम्बन्धी विवरण गोप्य रहनेछ।

## परिच्छेद- ४

## <u>सेवामा रहने पद र पदपूर्ति</u>

९. **<u>सेवाको पद र तह</u>**: ब्युरोको सेवामा रहने तह र पद देहाय बमोजिम हुनेछः-

| क्र.सं. | पद | तह |
|---|---|---|
| १. | मुख्य अनुसन्धान ब्युरो निर्देशक | अधिकृत एघारौं |
| २. | सह अनुसन्धान ब्युरो निर्देशक | अधिकृत एघारौं |
| ३. | उप अनुसन्धान ब्युरो निर्देशक | अधिकृत दशौं |
| ४. | प्रमुख अनुसन्धान ब्युरो अधिकृत | अधिकृत नवौं |
| ५. | वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत | अधिकृत आठौं |
| ६. | अनुसन्धान ब्युरो अधिकृत | अधिकृत सातौं |
| ७. | सहायक अनुसन्धान ब्युरो अधिकृत | अधिकृत छैठौं |
| ८. | अनुसन्धान ब्युरो सहायक | सहायकस्तर पाचौं |
| ९. | सूचक | सहायकस्तर चौथो |
| १०. | सहायक सूचक | सहायकस्तर तेस्रो |
| ११. | कार्यालय सहयोगी वा सो सरह | तह विहीन |

१०. **<u>सङ्गठन संरचना र दरबन्दी सृजना</u>**:(१) ब्युरोको सेवाको सङ्गठन संरचना र कर्मचारीहरुको सङ्ख्या प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन संरचना र सङ्ख्या निर्धारण गर्ने प्रयोजनको लागि सिफारिस गर्न देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) मुख्य अनुसन्धान ब्युरो निर्देशक, प्रदेश अनुसन्धान ब्युरो - सदस्य

(ग) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(घ) शाखा प्रमुख(प्रशासन हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ङ) महाशाखा प्रमुख, मन्त्रालय (ब्युरो हेर्ने) -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम सङ्गठन संरचना र ब्युरो कर्मचारीको सङ्ख्या निर्धारण गर्दा देहाय बमोजिमका विषयलाई आधार मान्नु पर्नेछः-

(क) ब्युरोको जिम्मेवारी, कार्यबोझ, आर्थिक तथा अन्य दायित्व, सेवा प्रवाहको क्षेत्र/भुगोल, उपलब्ध मानव स्रोत, लागत प्रभावको विश्लेषण तथा नवीनतम प्रविधिको प्रयोगको अवस्था,

(ख) अपराधको अवस्था एवं प्रवृत्ति, शान्ति सुरक्षाको स्थिति तथा सम्भाव्य चुनौतीहरु,

(ग) कुनै खास प्रकृतिको सूचना सङ्कलन गर्नु पर्ने अवस्था।

११. **ब्युरोको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रणः** (१) ब्युरोको परिचालन, निर्देशन, सुपरिवेक्षण र नियन्त्रण मन्त्रालय मार्फत् प्रदेश सरकारले गर्नेछ।

(२) ब्युरो प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

(३) ब्युरोले प्रदेशभित्र आन्तरिक शान्ति सुरक्षा एवं अपराधको रोकथाम, नियन्त्रणको सम्बन्धमा सूचना सङ्कलन र अनुसन्धानको कार्य गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित नीति र कानून बमोजिम गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा ब्युरो कर्मचारीले निर्देशकको प्रत्यक्ष रेखदेख, निर्देशन र सुपरिवेक्षणमा गर्नु पर्नेछ।

(५) ब्युरोले प्रदेश सरकारलाई सूचना उपलब्ध गराउँदा मन्त्रालय मार्फत गराउनु पर्नेछ।

१२. **पदपूर्तिः** (१) ब्युरोको सेवाका खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति गरिनेछ।

(२) उपदफा (१) बमोजिम खुला प्रतियोगिताको लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगको प्रचलित कानून बमोजिम सञ्चालन गर्नेछ।

(३) ब्युरोको पदमा नियुक्तिको लागि आवश्यक पर्ने पदपूर्ति प्रक्रिया प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(४) यस ऐनमा व्यवस्था भएदेखि बाहेक ब्युरोको कुनै पनि पदमा अन्य कुनै पनि

तरिकाबाट पदपूर्ति गरिने छैन।

(५) प्रदेश अनुसन्धान ब्युरोको सेवाको देहायको पदमा देहाय बमोजिम पूर्ति गरिनेछः-

| क्र.सं. | पद | खुला प्रतियोगिता (प्रतिशत) | बढुवाद्वारा (प्रतिशत) |
|---|---|---|---|
| १. | सहायक सूचक | १०० | - |
| २. | सूचक | - | १०० |
| ३. | अनुसन्धान ब्युरो सहायक | ६० | ४० |
| ४. | सहायक अनुसन्धान ब्युरोअधिकृत | - | १०० |
| ५. | अनुसन्धान ब्युरो अधिकृत | ६० | ४० |
| ६. | वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिल्लो तहका पद | - | १०० |

(६) ब्युरो सेवालाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी तोकिए बमोजिमका उम्मेदवारबीच छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ। यसरी छुट्याइने उम्मेदवारको प्रतिशतको निर्धारण गर्दा देहायका आधार लिनु पर्नेछः-

(क) प्रदेशको जनसङ्ख्या,

(ख) महिला तथा आर्थिक र सामाजिक रूपमा पछाडि परेका तोकिए बमोजिमका वर्ग, जाति तथा क्षेत्र,

(ग) अमर ब्युरो, शहीद तथा बेपत्ता परिवारको सदस्य।

(७) खुला प्रतियोगितात्मक परीक्षाद्वारा समावेशी ढाँचामा पदपूर्ति गरिने अन्य कार्यविधि, मापदण्ड तोकिए बमोजिम हुनेछ। यसरी कार्यविधि तथा मापदण्ड निर्धारण गर्दा देहायको विषय स्पष्ट खुलाउनु पर्नेछः-

(क) उपदफा (६) को खण्ड (ख) र (ग) मध्येबाट यस ऐन बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरुबीच मात्र प्रतिस्पर्धा गराई पूर्ति गरिने,

(ख) एकभन्दा बढी समावेशी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने सम्बन्धित उम्मेदवारले रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने,

(ग) एक तहमा यस दफा बमोजिमको सामावेशीको सुविधा लिईसके पश्चात माथिल्लो तह वा पदमा पुनः त्यस्तो सुविधा नपाउने कुरा।

(८) यस दफा बमोजिम पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(९) तह विहीन पदमा सेवा करारबाट मात्र नियुक्त गरिनेछ।

(१०) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. <u>पदपूर्ती गर्न नहुने</u>ः प्रदेशको ब्युरो हेर्ने किताबखानामा पद दर्ता नगरी ब्युरोको कुनै पनि पदमा पदपूर्ति गरिने छैन।

तर यसरी प्रदेश किताबखानाको व्यवस्था नहुँदासम्म देहाय बमोजिम दर्ता गरी पदपूर्ति गर्न बाधा पर्ने छैनः-

(क) राष्ट्रिय किताबखानामा दर्ता गर्न,

(ख) खण्ड (१) बमोजिम दर्ता हुने अवस्था नभएमा मन्त्रालयले ब्युरो हेर्ने मन्त्रालयको शाखाको जिम्मेवारीमा रहने गरी दर्ताको अभिलेख निर्माण गरी दर्ता गर्न।

१४. <u>पदपूर्ति समितिः</u> (१) प्रदेश अनुसन्धान ब्युरोको सेवाको पदमा खुला प्रतियोगिताद्वारा छनौट गरी नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः-

(क) प्रदेश लोक सेवा आयोगका अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) निर्देशक, प्रदेश अनुसन्धान ब्युरो -सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान ब्युरो अधिकृतभन्दा तल्लो पदमा उपयुक्त उम्मेदवार छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्न प्रदेश लोक सेवा आयोग र मन्त्रालयको प्रतिनिधि समेत रहने गरी पदपूर्ति समितिले आवश्यकता अनुसार बढीमा पाँच सदस्य रहेको छुट्टाछुट्टै पदपूर्ति उपसमिति गठन गरी आफूमा रहेको अधिकार सुम्पन सक्नेछ।

(३) यस ऐन बमोजिम बढुवाद्वारा पूर्ति गर्न छुट्याईएको पदको विवरण पदपूर्ति समितिले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(४) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. <u>ब्युरो कर्मचारीको न्यूनतम योग्यता तथा अयोग्यता</u>ः खुला प्रतियोगिताद्वारा पूर्ति हुने ब्युरोको सेवाको विभिन्न पदमा उम्मेदवार हुन चाहिने न्यूनतम शैक्षिक योग्यता प्रदेश लोक सेवा आयोगको परामर्शमा तोकिए बमोजिम हुनेछ।

तर देहायका व्यक्ति प्रदेश अनुसन्धान ब्युरोको सेवामा नियुक्त हुन अयोग्य मानिनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने सहायकस्तर पदको लागि अठार वर्ष र अधिकृतस्तर पदको लागि एक्काइस वर्ष नपुगेको,

(ग) खुला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा महिलाको हकमा चालीस वर्ष र पुरुषको हकमा पैँतिस वर्ष नाघेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको,

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(च) अदालतबाट मानव अधिकार हनन्मा कसूरदार ठहरिएको।

(छ) तोकिए बमोजिमका अन्य अयोग्यता।

१६. **<u>परीक्षाको पाठ्यक्रम</u>ः** ब्युरोको खुला प्रतियोगिताद्वारा रिक्त पदमा पदपूर्ति गर्न आवश्यक पर्ने परीक्षाको पाठ्यक्रम तथा परीक्षा प्रणाली प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **<u>नियुक्ति</u>ः** (१) ब्युरो सेवाको पदमा नियुक्ति गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) मुख्य अनुसन्धान ब्युरो निर्देशक र सह अनुसन्धान ब्युरो निर्देशक पदमा -प्रदेश मन्त्रिपरिषद्

(ख) उप अनुसन्धान ब्युरो निर्देशक र प्रमुख अनुसन्धान ब्युरो अधिकृत पदमा - मन्त्री, मन्त्रालय

(ग) वरिष्ठ अनुसन्धान ब्यूरो अधिकृत र अनुसन्धान ब्युरो अधिकृत पदमा -सचिव, मन्त्रालय

(घ) सहायक अनुसन्धान ब्युरो अधिकृत र अनुसन्धान ब्युरो सहायक पदमा - मुख्य अनुसन्धानब्युरो निर्देशक

(ङ) सूचक र सहायक सूचक पदमा -प्रमुख अनुसन्धान ब्युरो अधिकृत

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले भर्ना छनौट समितिको सिफारिसको योग्ताक्रमको आधारमा सिफारिस प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नियुक्ति दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमको ब्युरो पदमा नियुक्त गर्ने अख्तियारवाला तत्काल उपलब्ध हुन नसकेमा क्रमशः एक तह माथिको अख्तियारवालाले नियुक्त गर्न बाधा पर्ने छैन।

(४) उपदफा (२) बमोजिम दिने नियुक्ति पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

१८. **परीक्षणकालः** (१) खुला प्रतियोगिताद्वारा पूर्ति हुने ब्युरोको कर्मचारीलाई सो पदमा नियुक्ति पाएको मिति कायम हुने गरी एक वर्षको परीक्षणकालमा राखिनेछ।

तर महिला ब्युरो कर्मचारीको हकमा छ महिना परीक्षणकाल हुनेछ।

(२) यस ऐन बमोजिमको परीक्षणकाल पूरा गरेका ब्युरो कर्मचारीको सुरु नियुक्ति स्वतः सदर भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्ति सदर भएका ब्युरो कर्मचारीको सेवा अवधि सुरू नियुक्ति भएको मितिदेखि नै कायम हुनेछ।

१९. **नियुक्ति बदर हुने अवस्थाः** देहायको अवस्थामा नियुक्ति गर्ने अधिकारले ब्युरो कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछः-

(क) ब्युरोको आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत त्यस्तो तालिममा पुनः असफल भएमा,

(ख) ब्युरोको कर्मचारीमा यस ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमावली बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

२०. **शपथ ग्रहणः** आधारभूत तालिममा उत्तीर्ण भएको ब्युरोका कर्मचारीले तोकिए बमोजिमको कार्यविधि र ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

२१. **पदाधिकार कायम रहने**ः देहायको अवस्थामा ब्युरो कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरि रहँदासम्म,

(ख) सरुवा भई कार्यभार सम्हाल्न पाईने म्यादसम्म,

(ग) बिदा बसेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) प्रदेश सरकारद्वारा तोकिएको काम गर्दासम्मको अवधिभर,

(च) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर।

२२. **कार्यवाहक र निमित्त**ः (१) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिनाभन्दा बढी अवधिको लागि रिक्त भएमा ब्युरो निर्देशकले रिक्त पदभन्दा एक तह मुनिको सबैभन्दा वरिष्ठ ब्युरोको कर्मचारीलाई कार्यवाहक भई कामकाज गर्न तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यवाहक भई काम काज गर्न तोकिएको ब्युरोको कर्मचारीले त्यस्तो कार्यवाहक भएको पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउनेछ।

(३) यस दफा बमोजिम कार्यवाहक नतोकिएको अवस्थामा एक महिनामा ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबैभन्दा वरिष्ठ

ब्युरोको कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछ। यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने ब्युरोको कर्मचारीको हुनेछ।

(४) कार्यवाहक वा निमित्त भई काम गर्ने ब्युरोको कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउनेछ।

तर पन्ध्र दिनभन्दा कम अवधि कार्यवाहक वा निमित्त भई काम गरेबापत भत्ता र रासन सुविधा पाउने छैन।

(५) उपदफा (४) बमोजिम काम गर्ने ब्युरोको कर्मचारीले पाउने तलब भत्ता निजले सो पदमा बढुवा हुँदा पाउने तलब भत्ताभन्दा बढी हुने छैन।

## परिच्छेद- ५

## ब्युरो कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था

२३. **बढुवा समिति**: (१) ब्युरो कर्मचारीहरुको देहायको तह, पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समितिहरु रहने छन्:-

(क) अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिको पदको लागिः

(१) सचिव, मन्त्रालय -अध्यक्ष

(२) सचिव, प्रदेश लोक सेवा आयोग - सदस्य

(३) मुख्य अनुसन्धान ब्युरो निर्देशक, प्रदेश अनुसन्धान ब्युरो कार्यालय - सदस्य

(ख) सहायक अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा तल्लो पदको लागिः

(१) मुख्य अनुसन्धान ब्युरो निर्देशक, प्रदेश अनुसन्धान ब्युरो कार्यालय -अध्यक्ष

(२) अधिकृत प्रतिनिधि नवौं/दशौं वा सो सरह, प्रदेश लोक सेवा आयोग -सदस्य

(३) अधिकृत प्रतिनिधि नवौं/दशौं वा सो सरह, मन्त्रालय -सदस्य

(२) बढुवा समितिमा रहेका ब्युरो पदाधिकारी वा निजामती कर्मचारीको नजिकको नातेदार बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेछ र त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नु पर्ने भएमा ब्युरो पदाधिकारीको हकमा मुख्य अनुसन्धान ब्युरो निर्देशक र निजामती कर्मचारीको हकमा मन्त्रालयको सचिवले त्यस्तो पदाधिकारीको सट्टा समान तहको पदाधिकारीलाई बढुवा समितिमा काम गर्ने गरी तोक्नेछ।

**स्पष्टीकरण**: यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले बाबु, आमा,

सौतेनी आमा, सौतेनी बाबु, पति, पत्नी, छोराबुहारी, छोरी ज्वाईं, दाजु भाउजू, भाई बुहारी, दिदी भिनाजु, बहिनी, बहिनी ज्वाईं, नाति, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाईं, भान्जा, भान्जी, बुहारी, भान्जी, भान्जी ज्वाईं, भतिजा, भतिजा बुहारी, भतिजी, भतिजी ज्वाईं, सासू, ससुरा, देवर, देवरानी, नन्द, आमाजू, जेठाजु, जेठान, साला, साली, सम्झनु पर्छ।

(३) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने ब्युरो कर्मचारीलाई सोही अनुसार योग्यताक्रम कायम गरी बढुवाका लागि सिफारिस गर्नु पर्नेछ।

(४) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका ब्युरो कर्मचारीको नामावली र निजले प्राप्त गरेको कुल प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।

(५) ब्युरो सेवामा रिक्त हुन आई बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने भएमा त्यस्तो पदको प्रतिशत निर्धारण भएको मितिले तीन महिनाभित्र बढुवाद्वारा पदपूर्ति गरी सक्नु पर्नेछ।

(६) यस दफा बमोजिमको बढुवा समितिको सचिवालय अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिको पदको लागि मन्त्रालयमा र सहायक अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा तल्लो तहको पदको लागि ब्युरोको मुख्य कार्यालयमा रहनेछ।

(७) बढुवाद्वारा पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. **बढुवाको सम्भाव्य उम्मेदवार हुने**ः ब्युरोको रिक्त पदमा बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने तहभन्दा एक तह मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र देहाय बमोजिमको न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछः-

(क) सह अनुसन्धान ब्युरो निर्देशक पदबाट मुख्य अनुसन्धान ब्युरो निर्देशक पदको लागि -तीन वर्ष

(ख) उप अनुसन्धान ब्युरोनिर्देशक पदबाट सह अनुसन्धान ब्युरो निर्देशकपदको लागि -पाँच वर्ष

(ग) प्रमुख अनुसन्धान ब्युरो अधिकृत पदबाट उप अनुसन्धान ब्युरो निर्देशक पदको लागि -पाँच वर्ष

(घ) वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत पदबाट प्रमुख अनुसन्धान ब्युरो अधिकृत पदको लागि -पाँच वर्ष

(ङ) अनुसन्धान ब्युरो अधिकृत पदबाट वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत पदको लागि -पाँच वर्ष

(च) सहायक अनुसन्धान ब्युरो अधिकृत पदबाट अनुसन्धान ब्युरो अधिकृत पदको लागि -पाँच वर्ष

(छ) अनुसन्धान ब्युरो सहायकबाट सहायक अनुसन्धान ब्युरो अधिकृत पदको लागि -चार वर्ष

(ज) सूचक पदबाट अनुसन्धान ब्युरो सहायक पदको लागि -चार वर्ष

(झ) सहायक सूचक पदबाट सूचक पदको लागि -चार वर्ष

२५. **बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने**: (१) दफा २४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था र अवधिभर ब्युरो कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) तलब बृद्धि रोक्का भएकोमा सो रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

(ङ) खाइपाइ आएको तलब बृद्धि घटुवा भएकोमा जति वर्षको तलब वृद्धि घटुवा भएको हो त्यति वर्षसम्म,

(च) ज्येष्ठता सहितको सुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(छ) बहाल रहेको पदमा तीन पटकभन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(ज) पुनर्बहाली भएको ब्युरो कर्मचारीको हकमा पुनर्बहाली भएको मितिले एक वर्षसम्म,

(झ) कुनै कसूरको सम्बन्धमा छानबिन समितिबाट छानबिन भई मुद्दा दायर भएको अवस्थामा अदालतबाट सफाइ नपाएसम्म,

(ञ) प्राविधिक ब्युरो कर्मचारीको हकमा निजी प्रयासमा अध्ययन गर्नका लागि बिदामा बसेकोमा तोकिए बमोजिमको शर्तनामामा उल्लेख भएको अवधिभर।

(२) सम्भाव्य उम्मेदवार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **बढुवाको आधार**: (१) बढुवा समितिले ब्युरो कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य क्षमताको मूल्याङ्कनको गर्दा देहाय बमोजिम बढीमा एक सय अङ्क दिइनेछः-

(क) कार्यसम्पादन मूल्याङ्कन बापत - ४० अङ्क

(ख) ज्येष्ठता बापत - २४ अङ्क

(ग) भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापत - १६ अङ्क

(घ) शैक्षिक योग्यता बापत - १० अङ्क

(ङ) तालिम बापत - ५ अङ्क

(च) बढुवा समितिले दिने - ५ अङ्क

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको लागि दरखास्त फारम भर्ने अन्तिम मितिसम्म हासिल गरेको अङ्क गणना गरिने छ।

२७. **<u>कार्य सम्पादन मूल्याङ्कन फाराम</u>**: (१) ब्युरो कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फारम प्रयोग गरिनेछ।

(२) कार्यसम्पादन मूल्याङ्कन आर्थिक वर्षको हिसाबले वार्षिक रूपमा गर्नु पर्नेछ।

(३) ब्युरो कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरीवेक्षकले दिन सक्ने अधिकत अङ्क-२५ अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने -१० अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने -५ अङ्क

(४) बढुवाको प्रयोजनको लागि कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ।

(५) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. **<u>ज्येष्ठता मूल्याङ्कन</u>**: ब्युरो कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क दिँदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई अङ्कका दरले बढीमा चौबिस अङ्क दिइनेछ।

तर,

(क) एक वर्षभन्दा बढी चानचुन महिना वा दिनका लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ,

(ख) गयल कट्टी भएको अवधिको ज्येष्ठता बापतको अङ्क दिइने छैन।

२९. **<u>भौगोलिक क्षेत्र बापतको मुल्यांकन</u>**: (१) ब्युरो कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापतको अङ्क प्रदान गर्दा तोकिए बमोजिम भौगोलिक क्षेत्रलाई क्रमशः "क", "ख", "ग" र "घ" गरी चार वर्गमा विभाजन गरी वार्षिक रूपमा काम गरेको अनुभव बापत सोह्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ४ अङ्कका दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि ३.२५ अङ्कका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २.५ अङ्कका दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २ अङ्कका दरले।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा एक सय असी दिन वा सोभन्दा बढी अवधि रुजु हाजिर भई काम गरेको भए सोही भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्कको दामासाही हिसाबले र एक सय असी दिनभन्दा कम अवधि काम गरेको भए जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्गको लागि तोकिएको अङ्क दिईनेछ।

(३) ब्युरो सेवाबाट बर्खास्त भई पुनर्बहाली भएको वा निलम्बन भई त्यस्तो निलम्बन फुकुवा भएको ब्युरो कर्मचारीको हकमा निज रुजु हाजिर नभएको अवधिको वर्खास्त वा निलम्बन हुँदा कार्यरत रहेको भौगोलिक क्षेत्रमा काम गरे बापतको अङ्क दिईनेछ।

(४) अध्ययन विदा वा तीन महिना वा सोभन्दा बढी अवधिको लागि वैदेशिक तालिममा जाने त्यस्तो ब्युरो कर्मचारीलाई "घ" वर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइने छ।

(५) भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन पदमा बढुवा हुने हो सो पदभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

३०. <u>शैक्षिक योग्यता</u>ः (१) बढुवाका लागि ब्युरो कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा देहाय बमोजिम बढीमा दश अङ्क दिइनेछः-

| क्र.सं. | शैक्षिक योग्यता | अङ्क |
|---|---|---|
| १ | हाल बहाल रहेको पदमा नयाँ नियुक्ति गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत | ८ |
| २ | न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो तहको शैक्षिक योग्यता बापत थप | २ |
| ३ | बढुवाद्वारा हालको पदमा बहाल रहेको ब्युरो कर्मचारीको हकमा क्र.सं. १ बमोजिमको शैक्षिक योग्यता नभएमा सोभन्दा एक तह मुनिको शैक्षिक योग्यता बापत | ५ |

(२) यस ऐन बमोजिम ब्युरो कर्मचारीको बढुवाको लागि आवश्यक पर्ने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

३१. <u>तालिम</u>ः (१) ब्युरो सेवाको पदमा रहँदा लिएको आधारभूत तथा सेवाकालीन तालिम बापत देहाय बमोजिम बढीमा पाँच अङ्क दिइनेछः-

(क) "क" श्रेणी - ५ अङ्क

(ख) "ख" श्रेणी - ३ अङ्क

(ख) "ग" श्रेणी - २ अङ्क

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ब्युरो कर्मचारीलाई तालिम बापतको अङ्क दिँदा तीस कार्य दिनभन्दा कम अवधिको तालिमका लागि कुनै अङ्क दिइने छैन।

(३) श्रेणी नखुलेको तालिम बापत कुनै ब्युरो कर्मचारीको अङ्क गणना गर्दा "ख" श्रेणी बराबरको अङ्क गणना गरिनेछ।

(४) हाल कार्यरत पदमा लिएको तालिम बापतको अङ्क एक तह माथिको पदमा मात्र बढुवाको लागि गणना गरिनेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तालिम बापत अङ्क दिँदा जुन तहको पदमा छँदा आधारभूत तालिम लिएको हो सो पदबाट एक तह माथिको पदमा बढुवा हुन बाहेक अन्य पदमा बढुवाको लागि अङ्क दिइने छैन।

(६) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **बढुवा समितिले दिने अङ्क**ः (१) बढुवा समितिले बढुवा हुने ब्युरो कर्मचारीलाई पाँच अङ्कसम्म प्रदान गर्नेछ। यसरी अङ्क प्रदान गर्दा बढुवा समितिको अध्यक्ष तथा सदस्यले छुट्टाछुट्टै मूल्याङ्कन गरी दिएको अङ्कको औसतबाट बढुवा समितिले अङ्क निर्धारण गर्नेछ।

(२) बढुवा समितिका अध्यक्ष वा सदस्यले उपदफा (१) बमोजिम अङ्क दिँदा कुनै ब्युरो कर्मचारीलाई दुईभन्दा कम वा चारभन्दा बढी अङ्क दिनु परेमा वस्तुगत कारण समेत उल्लेख गर्नु पर्नेछ।

(३) बढुवा समितिले अङ्क प्रदान गर्दा कार्यक्षमतालाई आधार मानी तुलनात्मक रूपमा बढी अङ्क र सजाय पाएकालाई कम अङ्क दिनु पर्नेछ।

(४) बढुवा समितिले अङ्क दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **बढुवा उपरको उजुरी**ः (१) यस ऐन बमोजिम बढुवा समितको बढुवा सिफारिसमा चित्त नबुझ्ने ब्युरो कर्मचारीले बढुवाको सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र देहायको समिति समक्ष उजुरी दिन सक्नेछः-

(क) प्रदेश लोक सेवा आयोगका अध्यक्ष -अध्यक्ष

(ख) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको आयोगको सदस्य -सदस्य

(ग) सचिव (कानून हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(२) उपदफा (१) बमोजिम परेको उजुरी सम्बन्धमा उजुरी गर्ने म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र उजुरीको टुङ्गो लगाई सक्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुट्टा ठहरिएमा उजुरी सुन्ने समितिले सोको अभिलेख राखी सम्बन्धित बढुवा समितिलाई जानकारी गराउनेछ।

(४) बढुवाको उजुरी सुन्ने समितिले कुनै उम्मेदवारले यस ऐन बमोजिम प्राप्त गर्नु पर्ने अङ्क प्राप्त नगरेको वा प्राप्त नगर्नु पर्ने अङ्क प्राप्त गरेको आधारमा बढुवा समितिको सिफारिस संशोधन गर्नु पर्ने देखेमा सो समेत गरी नियुक्तिको लागि सिफारिस गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको बढुवा उजुरी सुन्ने समितिको सचिवालयको काम मन्त्रालयले गर्नेछ।

(६) बढुवा उपरको उजुरी सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ६

## सरुवा र काज

३४. **सरुवा**ः (१) यस ऐनको अधीनमा रही आवश्यकता अनुरूप ब्युरो कर्मचारीको सरुवा प्रत्येक दुई/दुई वर्षमा गरिनेछ।

तर कम्तीमा अनुसन्धान ब्युरो अधिकृतसम्मको कार्यालय प्रमुख ब्युरो कर्मचारी सरुवा सामान्यतया एक वर्षमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा भौगोलिक अवस्था, कार्यबोझ, कार्य विविधता समेतको आधारमा स्टाफ, नेतृत्व, सहायक नेतृत्व र विशिष्टिकृत समूहहरुमा समान अवसर प्राप्त हुने गरी गरिनेछ।

(३) मन्त्रालयले ब्युरो कर्मचारीको सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन सरुवा समय तालिका सहितको मापदण्ड बनाई लागू गर्न सक्नेछ।

(४) ब्युरो कर्मचारीहरुको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि निम्न अवस्थामा सरुवा सम्बन्धी सामान्यतया अवधि नपुग्दै कुनै ब्युरो कर्मचारीलाई सरुवा गर्न सकिनेछः-

(क) निजले आचरण विरुद्धको कार्य गरेको प्रमाणित भएमा,

(ख) निजले पद अनुसारको जिम्मेवारी पूरा गर्न नसकेमा,

(ग) निजलाई उक्त स्थानमा राखी रहँदा सम्बन्धित स्थानको शान्ति सुरक्षा एवं कार्य वातावरण बिग्रने अवस्था आई परेमा,

(घ) यस ऐन बमोजिम निजलाई विभागीय सजाय गर्नु पर्ने भएमा,

(ङ) तोकिए बमोजिमका अन्य अवस्था आएमा।

३५. **सरुवा गर्ने अधिकारी**ः देहायको ब्युरो कर्मचारीलाई सरुवा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) सह अनुसन्धान ब्युरो निर्देशकलाई प्रदेश मन्त्रिपरिषद्ले

(ख) उप अनुसन्धान ब्युरो निर्देशक र प्रमुख अनुसन्धान ब्युरो अधिकृतलाई आन्तरिक मामिला तथा कानून मन्त्रीले

(ग) वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत र अनुसन्धान ब्युरो अधिकृतलाई आन्तरिक मामिला तथा कानून सचिवले

(घ) सहायक अनुसन्धान ब्युरो अधिकृत र अनुसन्धान ब्युरो सहायकलाई निर्देशकले

(ङ) बाँकी अन्य ब्युरो कर्मचारीलाई उप अनुसन्धान निर्देशकले।

३६. **काज सम्बन्धी व्यवस्था**ः (१) ब्युरो कर्मचारीलाई आवश्यकता अनुसार काजमा खटाउन सकिनेछ।

(२) ब्युरो कर्मचारीको काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## ब्युरो कर्मचारीको तलब, भत्ता, रासन तथा अन्य सुविधा

३७. **ब्युरो कर्मचारीहरुले पाउने सुविधा**ः (१) ब्युरो अधिकृत तथा कर्मचारीहरुले पाउने तलब भत्ता, रासन, चाडबाड खर्च तथा अन्य सुविधा प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशन गरी तोके बमोजिम हुनेछ।

(२) ब्युरो कर्मचारीले सेवा अवधिभर सहायक अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिको ब्युरो कर्मचारी भए बाह्र महिना बराबरको, अनुसन्धान ब्युरो सहायक कर्मचारी भए अठार महिना बराबरको र अन्य ब्युरो कर्मचारी भए एक्काईस महिना बराबरको खाइपाइ आएको तलब रकमसम्म उपचार खर्च बापत तोकिए बमोजिम प्रक्रिया र मापदण्ड बमोजिम पाउनेछ।

(३) ब्युरो कर्मचारीहरूको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरी दिनेछ।

३८. **बिमा सम्बन्धी व्यवस्था**ः (१) प्रदेश सरकारले ब्युरो कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बिमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बिमाको व्यवस्थापन गर्न प्रदेश सरकारले आवश्यक प्रबन्ध गर्नेछ।

(३) सावधिक जीवन बिमा तथा बिमा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३९. **बिदा**ः (१) ब्युरो कर्मचारीले देहाय बमोजिमका बिदा पाउने छन्ः-

(क) भैपरी आउने बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) किरिया बिदा,

(ङ) प्रसूति बिदा,

(च) प्रसूति स्याहार बिदा,

(छ) सट्टा बिदा,

(ज) अध्ययन बिदा।

(२) ब्युरो कर्मचारीले अधिकारको रूपमा बिदाको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिम ब्युरो कर्मचारीले पाउने बिदा सम्बन्धी कार्यविधि लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**परिच्छेद- ९**

**ब्युरो सेवाका कर्मचारीको अनिवार्य अवकाश, उपदान तथा निवृत्तिभरण तथा उपचार खर्च**

४०. **अनिवार्य अवकाश**: (१) ब्युरो कर्मचारीको अनिवार्य अवकाश देहायको कुनै एक आधारमा पाउनेछः-

(क) देहाय बमोजिमको उमेर पूरा भएकोः-

(१) मुख्य अनुसन्धान ब्युरो निर्देशक र सह अनुसन्धान ब्युरो निर्देशकको हकमा - साठीवर्ष

(२) उपअनुसन्धान ब्युरो निर्देशक, प्रमुख अनुसन्धान ब्युरो अधिकृत, वरिष्ठ अनुसन्धान ब्यूरो अधिकृत र अनुसन्धान ब्युरो अधिकृतको हकमा -अन्ठाउन्न वर्ष

(३) सहायक अनुसन्धान ब्युरो अधिकृत, अनुसन्धान ब्युरो सहायक, सूचक र सहायक सूचकको हकमा -पचपन्न वर्ष

(ख) देहायको पदमा देहायको अवधि पूरा भएकोः-

(१) मुख्य अनुसन्धान ब्युरो निर्देशक र सह अनुसन्धान ब्युरो निर्देशकको हकमा -चार वर्ष

(२) अनुसन्धान ब्युरो उपनिर्देशकको हकमा -छ वर्ष

(३) प्रमुख अनुसन्धान ब्युरो अधिकृतको हकमा -दश वर्ष

(२) ब्युरो कर्मचारी माथिल्लो पदमा कायम मुकायम मुकरर भएमा त्यसरी कायम मुकायम मुकरर भएको अवधि उपदफा (१) को खण्ड (ख) को प्रयोजनको लागि

पदाधिकार रहेको साविकको पदको अवधिमा गणना गरिनेछ।

(३) ब्युरो कर्मचारीले उपदफा (१) को खण्ड (क) र (ख) मा उल्लिखित उमेरको हद वा पदावधि मध्ये जुन अवधिबाट पहिले अवकाश हुने हो सोही आधारमा सेवाबाट अवकाश पाउने छन्।

(४) यस दफा प्रयोजनको लागि ब्युरो कर्मचारीको उमेरको गणना तोकिए बमोजिम हुनेछ।

४१. **नोकरी अवधिको गणना**ः यस परिच्छेदको प्रयोजनको लागि नोकरी अवधिको गणना गर्दा सेवाको कुनै पदमा स्थायी नियुक्ति भई निरन्तर नोकरी गरेको जम्मा अवधिलाई गणना गरिनेछ।

४२. **राजीनामा दिन सक्ने**ः (१) ब्युरो कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अवकाश लिन सक्नेछ।

(२) ब्युरो कर्मचारीको राजीनामा स्वीकृत गर्ने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) ब्युरो कर्मचारीको नोकरी अवधिको गणना तोकिए बमोजिमको हिसाबबाट हुनेछ।

४३. **नोकरी छोड्न नपाउने**ः (१) कुनै पनि ब्युरो कर्मचारीले आफू गम्भिर बिरामी परेमा वा अङ्गभङ्ग भई सेवा गर्न नसक्ने वा मानसिक सन्तुलन गुमेको अवस्था बाहेक नियुक्ति भएको पाँच वर्षसम्म नोकरी छोड्न पाउने छैन।

(२) उपदफा (१) विपरीत नोकरी छोड्ने ब्युरो कर्मचारीलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट लगानी भएको तथा स्वदेश र विदेशमा गराईने आधारभूत तालिम लगायतका रकम असुल उपर गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा गरे बापत निजले पाएको तलब, राशन, दैनिक भ्रमण भत्ता तथा तोकिए बमोजिमको सरकारी स्केलमा पाउने सरसामान बापतका रकमहरु असुल उपर गरिने छैन।

४४. **उपदान**ः (१) पाँचवर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको ब्युरो कर्मचारीले राजीनामा स्वीकृत गराई सेवाबाट अलग भएमा वा त्यस्तो ब्युरो कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त आयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहाय बमोजिम उपदान पाउनेछः-

(क) पाँच वर्षभन्दा बढी दश वर्षसम्म नोकरी गरेको ब्युरो कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको ब्युरो कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम नोकरी गरेको ब्युरो कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

**स्पष्टीकरण**: यस दफा र दफा ४१ को प्रयोजनको लागि "आखिरी तलब" भन्नाले ब्युरो कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै ब्युरो कर्मचारी निलम्बनमा रहेको भए त्यस्तो अवधिको निमित्त पनि पुरै तलबको हिसाब गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो ब्युरो कर्मचारीलाई उपदान दिइने छैन।

४५. **निवृत्तिभरण**: (१) बीस वर्ष वा सोभन्दा बढी समयसम्म ब्युरोको सेवामा काम गरेको ब्युरो कर्मचारीले नोकरीबाट अवकाश पाएको मितिले योगदानमा आधारित निवृत्तिभरण पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो ब्युरो कर्मचारीलाई निवृत्तिभरण दिइने छैन।

(३) उपदफा (१) वा (२) बमोजिम दिईने निवृत्तिभरणको हिसाब देहाय बमोजिम हुनेछः-

(क) सहायक अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिल्लो ब्यूरो कर्मचारीको हकमाः-

$$\frac{\text{नोकरी वर्ष x आखिरी महिनाको तलब रकम}}{\text{५०}}$$

(ख) अनुसन्धान ब्युरो सहायक र सोभन्दा मुनिको ब्युरो कर्मचारीको हकमाः-

$$\frac{\text{नोकरी वर्ष x आखिरी महिनाको तलब रकम}}{\text{४०}}$$

(४) अवकाश भई ब्युरो सूचक र सोभन्दा मुनिको पदबाट निवृत्तिभरण पाइरहेका व्यक्तिको उमेर साठी वर्ष पूरा भएपछि निजले पाइरहेको निवृत्तिभरणको अङ्कमा तीस प्रतिशत थप गरिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला ब्युरो कर्मचारीको तलब स्केलको सुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला ब्युरो कर्मचारीको तलबको सुरु स्केलभन्दा बढी हुने छैन।

(६) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै ब्युरो कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तिभरणको लागि आवश्यक पर्ने सेवा अवधि पुऱ्याउन चाहिने वर्ष थप

गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको ब्युरो कर्मचारीले यस ऐन बमोजिम निवृत्तिभरण पाउने छैन।

(८) बहालवाला ब्युरो कर्मचारीको तलबवृद्धि हुँदा तलबको सुरू अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका निवृत्त ब्युरो कर्मचारीको निवृत्तिभरण रकममा पनि थप गरिनेछ।

(९) ब्युरोका कर्मचारीहरु तथा तिनका परिवारहरुले पाउने उपचार खर्च, पारिवारिक निवृत्तिभरण तथा उपदान, असाधारण पारिवारिक निवृत्तिभरण र उपदान, सन्ततीवृत्ति र शैक्षिकवृत्ति, अशक्तवृत्ति प्राप्त गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) यस दफा बमोजिम प्रदान गरिने निवृत्तिभरण र उपदान लगायतका अन्य सुविधा योगदानमा आधारित हुनेछ।

## परिच्छेद- १०

## आचरण

४६. **दान, दातव्य, उपहार लिन नहुने**: (१) सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी ब्युरो कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यले स्वदेशी वा विदेशी कसैबाट पनि कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापट लिन वा अरू कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्न हुँदैन।

(२) ब्युरो कर्मचारीले विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

४७. **सम्पत्तिको विवरण दिनु पर्ने**: प्रत्येक ब्युरो कर्मचारीले नेपाल सरकारले तोकेको फाराममा आफ्नो सम्पत्ति विवरण भरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र सम्बन्धित कार्यालय मार्फत यस ऐनले तोकेको निकायमा पेस गर्नु पर्नेछ।

तर नयाँ नियुक्ति भएको ब्युरो कर्मचारीले त्यस्तो नियुक्ति भएको साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

४८. **कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुने**: ब्युरो कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैनः-

(क) कुनै बैङ्क, कम्पनी वा सहकारी संस्थाको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न।

४९. **<u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध</u>**: (१) ब्युरो कर्मचारीले प्रदेश सरकारद्वारा अथवा विशेष रूपबाट अख्तियार नपाई आफूले कर्तव्यको पालना गर्दा प्राप्त गरेको कुनै गोप्य वा आफूले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अनधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको प्रतिबन्ध जुनसुकै कारणले प्रदेश अनुसन्धान ब्युरो सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू हुनेछ।

५०. **<u>रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यमसँग सम्पर्क राख्न नहुने</u>**: (१) ब्युरो कर्मचारीले मन्त्रालयको अनुमति प्राप्त नगरी कुनै रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल वा विद्युतीय वा अन्य सञ्चार माध्यममा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशन गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन।

तर ब्युरो सङ्गठनको प्रवक्ताको रूपमा तोकिएको ब्युरो कर्मचारीले सम्बन्धित ब्युरो सङ्गठनको प्रमुखको अनुमतिमा कार्यालयको गतिविधि सम्बन्धी जानकारी वा सूचना प्रवाह गर्न बाधा पर्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक र व्यावसायिक विषयको लेख प्रकाशन वा प्रसारण गर्न सकिनेछ।

तर त्यस्तो लेख प्रकाशन वा प्रसारण गरेपछि आफ्नो कार्यालयमा जानकारी गराउनु पर्नेछ।

५१. **<u>प्रेसको साहारा लिन नहुने</u>**: कुनै ब्युरो कर्मचारीले निजको कर्तव्य पालनाको सम्बन्धमा लगाइएको आरोपको निमित्त मन्त्रालयको पूर्व स्वीकृति नलिई प्रेस अथवा सञ्चार माध्यमको साहारा लिन हुँदैन।

५२. **<u>सरकारको आलोचना गर्न नहुने</u>**: (१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली जनताबिचको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल् पर्न सक्ने गरी कुनै ब्युरो कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, सामाजिक सञ्जालबाट कुनै कुरा व्यक्त गर्न, कुनै सामग्रीको प्रचार प्रसार गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

५३. **निर्वाचनमा भाग लिन नहुने**: ब्युरो कर्मचारीले कुनै राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचार-प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

५४. **राजनीतिमा भाग लिन नहुने**: ब्युरो कर्मचारीले कुनै राजनीतिक दल वा दलसँग आबद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन, त्यस्ता दल वा सङ्गठनलाई चन्दा दिन वा अन्य कुनै राजनीतिक गतिविधिमा भाग लिन हुँदैन।

५५. **राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने**: ब्युरो कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले आफूभन्दा माथिका अधिकृत वा अन्य ब्युरो कर्मचारी माथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

५६. **समय पालन र नियमितता**: ब्युरो कर्मचारीले नियमित रूपले आफ्नो पालोमा कार्यालयमा वा आफू खटिएको ठाउँमा हाजिर हुनु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा आफू खटिएको ठाउँमा अनुपस्थित हुनु हुँदैन।

५७. **अनुशासन र आदेश पालन**: ब्युरो कर्मचारीले देहाय बमोजिमको अनुशासन र आदेश पालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परतासाथ पालना गर्नु पर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताकासाथ पालना गर्नु पर्ने,

(ग) आफूभन्दा माथिका सबै अधिकृतप्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका ब्युरो कर्मचारीप्रति उचित व्यवहार गर्नु पर्ने,

(घ) उच्छृङ्खल गतिविधि गर्न नहुने,

(ङ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सेवाका मूल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न गराउन नहुने।

५८. **लैङ्गिक संवेदनशील हुनु पर्ने**: ब्युरो कर्मचारी आफ्नो काम, कारबाही र व्यवहारमा लैङ्गिक संवेदनशील हुनु पर्नेछ।

५९. **कानून विपरीत विवाह गर्न नहुने**: ब्युरो कर्मचारीले बिहावारी सम्बन्धी प्रचलित कानून विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन।

६०. **स्थायी आवासीय अनुमति लिन नहुने**: (१) ब्युरो कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिन हुँदैन।

(२) कुनै ब्युरो कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति

प्राप्त गरेमा सो प्राप्त भएको मितिले तीस दिनभित्र सम्बन्धित ब्युरो कर्मचारीले आफू कार्यरत कार्यालयमा देहाय बमोजिमको विवरण पेस गर्नु पर्नेछः-

(क) आफ्नो नाम, थर, सेवा, समूह, उपसमूह र हालको पद,

(ख) पति वा पत्नीले स्थायी आवासीय अनुमति लिएको मिति,

(ग) सम्बन्धित विदेशी मुलुकको नाम।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित कार्यालयले सो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र प्रदेश अनुसन्धान ब्युरो कार्यालयमा पठाउनु पर्नेछ।

६१. **हातपात वा जोरजुलुम गर्न नहुनेः** कुनै ब्युरो कर्मचारीले आफूभन्दा माथिल्लो वा मातहतको ब्युरो कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन।

६२. **घरायसी कामकाजमा खटाउन वा लगाउन नहुनेः** कुनै पनि ब्युरो कर्मचारीलाई प्रचलित कानून बमोजिम कुनै व्यक्तिको सुरक्षाको प्रयोजनको लागि खटाउन बाहेक कसैको घरायसी कामकाज गर्ने प्रयोजनको लागि खटाउन वा लगाउन हुँदैन र कुनै ब्युरो कर्मचारी त्यस्तो कामको लागि खटिन हुँदैन।

६३. **यौनजन्य दुर्व्यहार गर्न नहुनेः** ब्युरो कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

६४. **यातना दिन नहुनेः** ब्युरो कर्मचारीले अपराध अनुसन्धान वा अन्य कुनै पनि कार्य गर्दा कसैलाई पनि यातना दिनु हुँदैन।

६५. **प्रदर्शन र हड्ताल गर्न प्रतिबन्धः** (१) ब्युरो कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, सरकारको विरुद्ध दबाब सृजना गर्ने उद्देश्यले अनसन बसी, अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन।

(२) यस दफा विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा त्यस्तो ब्युरो कर्मचारीलाई विभागीय सजाय गरी क्षतिपूर्ति समेत भराइनेछ।

६६. **प्रतिनिधित्व गर्न नहुनेः** ब्युरो कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

६७. **अन्य आचरणः** ब्युरो कर्मचारीले तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ।

## परिच्छेद- ११

## विभागीय सजाय तथा पुनरावेदन

६८. **विभागीय सजायः** ब्युरोको सेवामा नियुक्त भएका ब्युरो अधिकृत तथा कर्मचारीलाई उचित र पर्याप्त कारण भएमा देहाय बमोजिमको विभागीय सजाय दिन सकिनेछः-

(क) सामान्य सजायः

(१) नसिहत दिने,

(२) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(३) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(४) बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने,

(५) खाइपाइ आएको बढीमा पाँच तलब वृद्धिसम्म घटुवा गर्ने,

(६) हालको पदको ज्येष्ठता सहित खाइपाइ आएको सुरु स्केलमा घटुवा गर्ने,

(७) एक तहको तल्लो पदमा घटुवा गर्ने।

(ख) विशेष सजायः

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

६९. **नसिहत दिने वा प्रतिकूल राय लेख्ने**ः देहायको अवस्थामा कुनै ब्युरो अधिकृत तथा कर्मचारीहरुलाई यातना नहुने गरी नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछः-

(क) कार्यसम्पादन सन्तोषजनक नभएमा,

(ख) तालिममा खटाउँदा नगएको वा तालिम अवधिमा लापर्बाही गरी गैर जिम्मेवारीपूर्ण व्यवहार देखाएमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालन नगरेमा,

(घ) सेवाग्राहीलाई दुर्व्यवहार गरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका बखत मनासिब आधार र कारण विना बाटोका म्याद पछि सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(च) दुई पटकसम्म लिखित चेतावनी पाएमा वा सचेत गराइएमा।

७०. **बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने**ः देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले ब्युरो कर्मचारीको बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्न सक्नेछः-

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापर्बाही गरेमा,

(ख) यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) कानून बमोजिम माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) दफा ४७, ४८, ४९, ५०, ५६, ५७, ५८, ६२, ६६, ६७ बमोजिमका आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा,

(ङ) दफा ६९ बमोजिमको सजाय दुई पटक पाइ सकेपछि पुनः सो दफा बमोजिम कुनै काम गरेमा।

७१. **बढीमा पाँच तलब वृद्धि घटुवा गर्ने वा सुरु स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने**ः देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले कुनै ब्युरो कर्मचारीले खाइपाइ आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित खाइपाइ आएको सुरु स्केलमा घटुवा गर्न वा तल्लो पदमा घटुवा गर्न सक्नेछः

(क) अनुशासनहीन काम गरेमा,

(ख) दफा ४६, ५१, ५२, ५९, ६१ मा उल्लिखित आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा,

(ग) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा,

(घ) कानून बमोजिम दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैर हाजिर भएमा,

(च) लापर्बाही गरेमा वा नियम आदेशको पालना नगरेमा,

(छ) लापर्बाही गरी सरकारी सम्पत्ति हानि नोक्सानी गरेमा,

(ज) नैतिक पतन देखिने फौजदारी कसूर बाहेकको अन्य कुनै फौजदारी अभियोगमा कैद बाहेक जरिबाना वा क्षतिपूर्ति भराउने वा दुबै सजाय भएमा।

७२. **सेवाबाट हटाउने वा बर्खास्त गर्ने**ः (१) देहायको कुनै पनि अवस्थामा ब्युरो कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः-

(क) आफ्नो पदीय जिम्मेवारीमा बराबर लापर्बाही गरेमा,

(ख) आचरण सम्बन्धी कुराहरु बराबर उल्लङ्घन गरेमा,

(ग) ड्युटिको समयमा बराबर मादक पदार्थ सेवन गरेमा,

(घ) बराबर अनुशासनहीन काम गरेमा,

(ङ) दफा ५३, ५४, ५५, ६०, ६३, ६४ र ६५ मा उल्लिखित आचरण उल्लङ्घन गरेमा,

(च) बिदा स्वीकृति नगराई लगातार पैंतालीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(छ) दफा ६९, ७० र ७१ बमोजिमको सजाय तीन/तीन पटक पाईसके पछि पुनः सो दफा बमोजिमको कुनै काम गरेमा,

(ज) नैतिक पतन देखिने बाहेकका अन्य कुनै फौजदारी कसूरमा दोषी ठहर भई कैद सजाय भएमा, सरकारी कार्य सम्पादनमा संलग्न हुने क्रममा प्रचलित कानून बमोजिम लागेको कुनै अभियोगमा दोषी ठहर भई छ महिनाभन्दा कम कैद सजाय भएमा,

(झ) अध्ययन बिदा पूरा गरी फर्किएपछि तोकिए बमोजिमको अवधिसम्म सेवा नगरेमा।

(२) देहायको कुनै अवस्थामा ब्युरो कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवा बर्खास्त गरिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएमा,

(घ) ब्युरो विशेष अदालतबाट दोषी ठहरिएमा।

७३. **कार्यालयमा अनुपस्थित भएमा वा झुट्ठा विवरण पेस गरेमा हुने कारबाही**ः (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने ब्युरो कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयलकट्टी भएको अवधि अनिवार्य अवकाश बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुने छैन।

(२) कुनै पनि ब्युरो कर्मचारीले झुट्टा कारण देखाई बिदा लिई बसेको ठहरेमा बिदा बसेको अवधिलाई गैर हाजिर गराई गैर हाजिर सम्बन्धी कसूरमा कारबाही हुनेछ।

७४. **सजाय सम्बन्धी कार्यविधि**ः (१) ब्युरो कर्मचारीलाई यस ऐन बमोजिमको विभागीय सजायको आदेश दिनुअघि विभागीय सजाय आदेश दिने अधिकारीले निजलाई कारबाही गर्न लागिएको व्यहोरा स्पष्ट उल्लेख गरी कम्तीमा सात दिनको मौका दिई लिखित सूचना दिई आफ्नो सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लिखित सूचनामा निज उपर लगाइएको आरोप स्पष्ट रूपले किटिएको हुनु पर्दछ। साथै प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ। आरोप लागेको ब्युरो कर्मचारीले त्यस्तो सूचनामा उल्लिखित

म्यादभित्र आफ्नो सफाइ लिखित रूपमा पेस गर्नु पर्नेछ।

(३) सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिम सफाइ पेस गर्न दिइएको म्यादभित्र सफाइ पेस नगरेमा वा पेस हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो ब्युरो कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

(४) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको ब्युरो कर्मचारीको सम्बन्धमा ब्युरो सेवाबाट हटाउन वा बर्खास्त गर्दा तोकिए बमोजिम गर्नु पर्नेछ।

तर नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भइसकेको अपराध गरेको वा ब्युरो विशेष अदालतबाट ठहर गरी कैदको सजाय पाएको कुनै ब्युरो कर्मचारीलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिए पुग्नेछ।

(५) विभागीय सजाय गर्ने अधिकारीले कुनै ब्युरो कर्मचारीलाई बर्खास्त गर्ने, सेवाबाट हटाउने दर्जा वा तलब घटाउने, आदेश दिँदा सो गर्नाको आधार सहितको अभियोग, सो बारे जाँचबुझ गरेको व्यहोरा, निजलाई सफाइको मौका दिएकोमा निजको सफाइको जिकिर र सो जिकिर बमोजिमको केही बुझिलिएको भए सो समेत बारे आफ्नो ठहर लेखी सफाइको मौका नदिएकोमा सो दिन मनासिब नपरेको अवस्था देखाई व्यहोरा खुलाएको पर्चा समेत खडा गरी सही गरी मिसिल सामेल राख्नु पर्छ।

(६) दफा ६८ को खण्ड (ख) बमोजिम विशेष सजाय गर्नु पूर्व प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(७) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित अख्तियार दुरूपयोग सम्बन्धी कानून बमोजिम सो आयोगबाट कुनै ब्युरो कर्मचारीलाई विभागीय कारबाहीको लागि लेखी आएमा आवश्यक प्रक्रिया पूरा गरी सोही बमोजिम विभागीय कारबाही गर्नु पर्नेछ।

(८) विभागीय सजाय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**७५.** **<u>निलम्बन</u>**: (१) कुनै ब्युरो कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो ब्युरो कर्मचारीलाई निलम्बन गर्न सक्नेछ। यसरी निलम्बन गर्दा निलम्बन गर्नुको आधार र कारण स्पष्ट रूपमा खुलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधि छ महिनाभन्दा बढी हुने छैन। निलम्बन अवधिमा निज उपरको कारबाहीको किनारा लगाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै पनि ब्युरो कर्मचारीलाई निलम्बन गर्नु पर्दा

देहायको अवस्था विद्यमान हुनु पर्नेछः-

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुट्टा प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुद् प्रमाण गायब वा नष्ट गर्न सक्ने देखिएमा, वा

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा थप सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा, वा

(ग) कुनै ब्युरो कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगरे सङ्गठनभित्रका कर्मचारीहरुमा नैराश्यता, उत्तेजना आउने वा जनमानसमा नकारात्मक असर पर्न सक्ने वा ब्युरो सङ्गठन कै प्रतिष्ठामा आँच आउने भएमा।

(४) उपदफा (१) बमोजिम निलम्बन अवस्थामा रहेको ब्युरो कर्मचारीले पाउने तलब भत्ताको आधा रकममात्र पाउनेछ।

(५) कुनै फौजदारी अभियोगमा वा ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भई थुनिएको वा त्यस्तो आरोप लागेको ब्युरो कर्मचारी साधारण तारेखमा छुटेको अवस्थामा बाहेक सो मुद्दामा फैसला नभएसम्म स्वतः निलम्बनमा रहनेछ र सो मुद्दामा फैसला हुँदा सफाइ पाएमा त्यस्तो निलम्बन फुकुवा भई सेवामा बहाली हुनेछ।

(६) यस ऐन तथा प्रचलित कानून बमोजिम निलम्बित ब्युरो कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले सो अवधिको निलम्बनमा रहेका अवस्थामा आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पूरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउँनेछ।

तर,

(क) कसूरदार ठहरिएमा निलम्बन भएको मिति देखिको बाँकी तलब भत्ता पाउने छैन।

(ख) कुनै ब्युरो कर्मचारी सरकारी कामको सम्बन्धमा वा कुनै कर्मचारीलाई तोकेको दायित्व पालनाको क्रममा प्रदेश सरकारबाट भएको कारबाही स्वरूप निलम्बन भएको नभई अरु नै कारणबाट स्वयं निलम्बन हुन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

(७) सुरु अदालतबाट सफाइ पाएको कुनै ब्युरो कर्मचारी माथिल्लो अदालतबाट दोषी ठहर भएमा सो कुराको जानकारी दिने दायित्व सम्बन्धित ब्युरो कर्मचारीको हुनेछ। त्यसरी जानकारी नदिएको कारणबाट त्यस्तो अवधिको तलबभत्ता पाएको भए सो रकम सरकारी बाँकी सरह असूर उपर गरिनेछ।

७६. **सेवाको अन्त्य गर्न सक्ने**: कुनै ब्युरो कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त्य गर्नु पर्ने भएमा ब्युरो अख्तियारवालाले पर्चा खडा गरी सेवाको अन्त्य गर्न सक्नेछ। यसरी सेवाको अन्त्य गर्दा दफा ७५ बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैनः-

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै,

(ख) नेपाल सरकार वा प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले शारीरिक वा मानसिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

७७. **सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी**: (१) दफा ६८ को खण्ड (क) मा उल्लिखित सामान्य सजायको आदेश दिने र पुनरावेदन सुन्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

(२) दफा ६८ को खण्ड (ख) मा उल्लिखित विशेष सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ।

(३) उपदफा (२) बमोजिम भएको सजायको पुनरावेदन सुन्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

७८. **पुनरावेदनको कार्यविधि**: (१) दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने ब्युरो कर्मचारीले जुन कार्यालय मार्फत कारबाहीको आदेश गरिएको हो सोही कार्यालय मार्फत वा सोझै पुनरावेदन सुन्ने अधिकारीलाई सम्बोधन गरी पुनरावेदन दिन सक्नेछ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त आफूसँग भएको प्रमाण राखी शिष्ट भाषामा लेखी दिनु पर्नेछ। पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिंदा आदेशको सूचना पाएको मितिले पैंतिस दिनभित्र दिनु पर्नेछ।

(४) विभागीय सजायको आदेश सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

७९. **पुनर्वहाली भएमा पाउने सुविधा**: (१) कुनै ब्युरो कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी दिइएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई सेवामा पुनः कायम भएमा त्यस्तो ब्युरो कर्मचारीले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धि समेत पाउनेछ।

तर भगौडा वा गैर हाजिर भै सेवाबाट हटाइएको वा बर्खास्त गरिएको ब्युरो कर्मचारी सेवामा बहाली भएमा निजले भगौडा वा गैर हाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन।

(२) उपदफा (१) मा तोकिए बमोजिम तलब, भत्ता तथा तलब वृद्धि पाउने भए

सो तलब भत्ता बापतको रकम निजको पुनर्बहाली भएको दरबन्दीबाट पाउनेछ।

(३) सुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसूरमा विभागीय कारबाही भई सेवाबाट अलग गरिएका ब्युरो कर्मचारीले उक्त फौजदारी अभियोगमा पुनरावेदन तहबाट सफाइ पाएमा निज सेवामा पुनर्बहाली हुनेछ।

## परिच्छेद- १२

## कसूर तथा सजाय

८०. **कसूर गरेको मानिने:** प्रचलित सङ्घीय कानूनले तोकेको कसूर कुनै ब्युरो कर्मचारीले गरेमा सोही कानून बमोजिम कसूर गरेको मानिनेछ।

८१. **दण्ड सजाय:** ब्युरोको कुनै कर्मचारीले प्रचलित सङ्घीय कानून बमोजिमको कुनै कसूर गरेमा सोही कानूनमा तोकिएको कसूर बमोजिम सजाय हुनेछ।

८२. **क्षतिपूर्ति तिर्नु पर्ने:** (१) दफा ८१ बमोजिम कसूर गरेको कारणबाट सङ्घ, प्रदेश सरकार वा कुनै निकाय वा व्यक्तिलाई हानि नोक्सानी भएको रहेछ भने त्यस्तो कसूरदारले सम्बन्धित निकाय वा व्यक्तिलाई मनासिब माफिकको क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति त्यस्तो कसूरदारको निजी घरघरानाबाट असुल उपर गरिनेछ।

(३) उपदफा (१) बमोजिमको कसूरदारबाट ठहरेको क्षतिपूर्ति असुलउपर हुन नसकेमा निजलाई क्षतिपूर्ति नतिरे बापत प्रचलित कानून बमोजिम कैद सजाय हुनेछ।

८३. **कसूरको अनुसन्धान तथा छानबिन:** (१) ब्युरो कर्मचारीले प्रचलित कानूनमा तोकिएको कसूर गरेको वा गर्न लागेको जानकारी प्राप्त भएमा मन्त्रालयमा त्यस्तो कसूरको अनुसन्धान तथा छानबिन गर्न देहायको छानबिन समिति गठन हुनेछः-

(क) अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिको पदको लागिः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) उपन्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय - सदस्य

(ग) उप अनुसन्धान ब्युरो निर्देशक, ब्युरो केन्द्रीय कार्यालय - सदस्य

(घ) उपसचिव वा सो सरह (कानून), मन्त्रालय -सदस्य-सचिव

(ख) सहायक अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा तल्लोको पदको लागिः-

(क) उपसचिव वा सो सरह(ब्युरो हेर्ने), मन्त्रालय - अध्यक्ष

(ख) मुख्य न्यायाधिवक्ताको कार्यालयले तोकेको अधिकृतस्तरको कर्मचारी (सरकारी वकिल) एकजना - सदस्य

(ग) ब्युरोको केन्द्रीय कार्यालयले तोकेको अनुसन्धान अधिकृत एकजना - सदस्य

(घ) मन्त्रालयले तोकेको कानून अधिकृत एकजना - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिलाई त्यस्तो कसूरको अनुसन्धान तथा छानबिन गर्ने प्रयोजनको लागि सबुद प्रमाण सङ्कलन गर्ने, खानतलासी गर्ने वा त्यस्तो कसूरसँग सम्बन्धित जुनसुकै कागजात बरामद, मुचुल्का गर्ने लगायत प्रहरी कर्मचारीलाई भए सरहको अधिकार हुनेछ।

(३) उपदफा (१) बमोजिमको समितिले अनुसन्धान अवधिभर त्यस्तो आरोप लागेको कर्मचारीलाई निलम्बनमा राख्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले छानबिन गर्दा अभियुक्त उपर लागेको अभियोग पुष्टि हुने देखिएमा प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकाय समक्ष मुद्दा दायर गर्न प्रतिवेदन सहितको पुष्ट्याँई लेखी पठाउनेछ।

(५) उपदफा (४) बमोजिम अधिकार प्राप्त निकायले प्राप्त अनुसन्धान प्रतिवेदनलाई आधार मान्ने वा थप अनुसन्धान गर्न आवश्यक भए मन्त्रालयको सहमति लिई प्रचलित कानून बमोजिम अनुसन्धान तथा छानबिन गरी आवश्यक प्रक्रिया पूरा गरी अधिकार प्राप्त निकाय समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

८४. <u>अनुमति लिनु पर्नेः</u> ब्युरोले आफ्नो कामको सिलसिलामा कुनै सञ्चार माध्यमको प्रयोग गर्नु परेमा सोको स्वीकृति मन्त्रालयको सचिवबाट लिनु पर्नेछ।

## परिच्छेद- १३

## ब्युरो कर्मचारीको व्यवस्थापन सम्बन्धी अन्तरिम व्यवस्था

८५. <u>पदपूर्तिको अन्तरिम व्यवस्थाः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि वरिष्ठ अनुसन्धान ब्युरो अधिकृत र सोभन्दा माथिल्लो ब्युरोको पदमा सोही सेवाबाट पदपूर्ति हुने अवस्था नभएसम्म देहायको पदमा देहायको योग्यता पूरा गरेका व्यक्तिहरुबीच प्रतिस्पर्धा गराई नियुक्त गर्न बाधा पर्ने छैनः-

(क) <u>मुख्य अनुसन्धान ब्युरो निर्देशक पदको लागिः</u> सङ्घ वा प्रदेशको कुनै पनि सुरक्षा निकायको राजपत्राङ्कित प्रथम श्रेणी/पद/तह वा सो सरहको श्रेणी/पद/तहमा सेवा गरेका वा सेवा गरी निवृत्त भएका व्यक्तिहरुबिच प्रतिस्पर्धा गराई।

(ख) <u>सह अनुसन्धान ब्युरो निर्देशक, उप अनुसन्धान ब्युरो निर्देशक, प्रमुख अनुसन्धान ब्युरो अधिकृत र वरिष्ठ अनुसन्धान ब्युरो अधिकृतको पदको लागिः</u> सङ्घ वा प्रदेशको कुनै पनि सुरक्षा निकायको सम्बन्धित श्रेणी/पद/तहको समान श्रेणी/पद/तहमा सेवा गरेका वा त्यस्तो श्रेणी/पद/तहमा सेवा गरी निवृत्त भएका वा यस ऐन बमोजिम त्यस्तो

तहभन्दा एक तह मुनिको तहबाट सो तह वा पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने समयावधि पूरा भएका व्यक्तिहरुबीच प्रतिस्पर्धा गराई।

**स्पष्टीकरण**ः यस दफा प्रयोजनको लागि "सुरक्षा निकाय" भन्नाले सङ्घको हकमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल विशेष सेवा तथा प्रदेशको हकमा प्रदेश प्रहरी र अनुसन्धान ब्युरो सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रतिस्पर्धाको लागि मन्त्रालयले प्रदेश लोक सेवा आयोगलाई पदपूर्तिको लागि माग गरी पठाउनेछ।

(३) उपदफा (२) बमोजिम माग प्राप्त भए पश्चात प्रदेश लोक सेवा आयोगले कम्तीमा एक्काईस दिनको सूचना प्रकाशन गर्नेछ।

(४) यस दफा बमोजिम तोकिएको पदको पदपूर्तिको लागि प्रतिस्पर्धा गर्ने परीक्षाको किसिम, प्रक्रिया तथा कार्यविधि प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिम प्रतिस्पर्धाको माध्यमबाट सिफारिस भई आएको व्यक्तिलाई अख्तियारवालाले नियुक्त गर्नेछ।

तर यस ऐन बमोजिमको नियुक्त गर्ने सम्बन्धित अख्तियारवाला तत्काल उपलब्ध नभएमा क्रमशः एक तह माथिको अख्तियारवालाले नियुक्त गर्न बाधा पर्ने छैन।

(६) यस दफा बमोजिम नियुक्त हुने निर्देशक सहित अन्य ब्युरो कर्मचारीको अवकाशको आधार दफा ४० बमोजिमको सम्बन्धित पद/तहको उमेर र अवधि हुनेछ।

तर,

(क) निर्देशक सहित त्यस्ता ब्युरो कर्मचारीको कार्यकाल पूरा नहुँदै ब्युरो सेवाकै पदबाट दफा १२ को उपदफा (५) बमोजिम यस ऐनको प्रक्रिया पूरा गरी पदपूर्ति हुने भएमा यस दफा बमोजिम नियुक्त भएको ब्युरो कर्मचारी पदको कार्यकाल स्वतः समाप्त हुनेछ। त्यस्तो पदमा पदपूर्ति गर्दा यस दफा बमोजिम सुरु नियुक्ति गर्दा तत्काल कायम रहेको सङ्गठन संरचनालाई आधार मान्नु पर्नेछ।

(ख) यस दफा बमोजिम नियुक्त गरिएको ब्युरोको कुनै पनि पद कायम राखी राख्न तत्काल कुनै पनि किसिमबाट सङ्गठन संरचना हेरफेर/थपघट गर्न पाइने छैन।

(७) यस दफा बमोजिम नियुक्त हुने निर्देशक सहित अन्य ब्युरोका कर्मचारीले निवृत्तिभरण पाउने छैन।

तर अन्य सुविधा यसै ऐनमा तोकिएको शर्त पूरा गरी लिन पाउनेछ।

(८) यस दफामा उल्लेख नभएका ब्युरो कर्मचारीको अन्य व्यवस्थाका सम्बन्धमा यसै ऐन बमोजिम हुनेछ।

८६. **समायोजन हुन सक्ने**: (१) प्रचलित सङ्घीय कानून बमोजिम प्रदेशमा समायोजन भई आएका प्रदेश प्रहरीले ब्युरोको सेवामा समायोजन हुन सक्नेछ।

तर यस ऐन बमोजिम उमेरको आधारमा अवकाश हुन तीन वर्ष वा सोभन्दा कम रहेको प्रहरी कर्मचारीले यस प्रक्रियामा भाग लिन पाउने छैन।

(२) उपदफा (१) बमोजिम समायोजन हुन चाहने प्रदेश प्रहरी कर्मचारीलाई एक पटकको लागि प्रदेश सरकारले प्रदेश लोक सेवा आयोगको परामर्शमा प्रदेश सरकारले तोकेको कार्यविधि तथा मापदण्ड पूरा गरी एक तह माथिको ब्युरोको सेवाको पदमा बढुवा गरी पदस्थापन गर्न सक्नेछ।

(३) यस दफा बमोजिम समायोजन गर्दा समायोजन हुने प्रदेश प्रहरीको खाइपाइ आएको पारिश्रमिकमा मर्का नपर्ने गरी गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम समायोजनको कार्यविधि एवं मापदण्ड प्रदेश सरकारले प्रदेश लोक सेवा आयोगको परामर्शमा निर्धारण गरे बमोजिम हुनेछ।

८७. **खटाउन सक्ने**: (१) ब्युरोको पदमा तत्काल जनशक्तिको अभाव भई ब्युरोको काम कारबाहीमा प्रभाव पर्ने भएमा प्रदेश सरकारले प्रदेश प्रहरीको कुनै प्रहरी कर्मचारीलाई निश्चित अवधि तोकी ब्युरोको सोही स्तरको कर्मचारीको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने गरी खटाउन सक्नेछ।

(२) यस दफा बमोजिम खटिएको प्रहरी कर्मचारी खटिएको अवधिभर ब्युरो सङ्गठनप्रति उतरदायी हुनु पर्नेछ। यसरी खटिएको अवधिमा यस ऐन बमोजिमको कसूर गरेमा यसै ऐन बमोजिम कारबाही हुनेछ।

(३) यस दफा बमोजिम खटिएको ब्युरो कर्मचारीको सेवा सुविधा निजले खाइपाइ आएकोभन्दा कम नहुने गरी ब्युरो कार्यालयले उपलब्ध गराउनेछ।

## परिच्छेद- १४

## विविध

८८. **पुरस्कृत गरिने**: (१) प्रत्येक वर्ष अनुशासित, विशेष जिम्मेवारी निर्वाह गर्ने उर्जाशील ब्युरो कर्मचारी छनौट गरी प्रोत्साहन गर्न देहाय बमोजिम पुरस्कारको व्यवस्था गरिनेछः-

(क) सर्वोत्कृष्ट अनुसन्धान ब्युरो सेवा पुरस्कार,

(ख) उत्कृष्ट अनुसन्धान ब्युरो सेवा पुरस्कार,

(ग) अनुसन्धान ब्युरो सेवा पुरस्कार।

(२) उपदफा (१) बमोजिमको पुरस्कारको लागि कर्मचारी छनौट गर्न देहाय बमोजिमको समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष
(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य
(ग) मुख्य अनुसन्धान ब्युरो निर्देशक -सदस्य

(३) उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कारको सङ्ख्या, रकम र अन्य कुरा तोकिए बमोजिम हुनेछ।

८९. **<u>सूचनाको आदान प्रदानः</u>** (१) राष्ट्रिय सुरक्षा, शान्ति वा सुव्यवस्थासँग सम्बन्धित सूचना ब्युरोले प्राप्त गरेमा सोको जानकारी मन्त्रालय मार्फत तत्काल सङ्घीय सरकारलाई दिनु पर्नेछ।

(२) सङ्घीय सरकारको शान्ति सुरक्षासँग सम्बन्धित कुनै निकायले ब्युरोसँग कुनै सूचना माग गर्न चाहे त्यस्तो कार्यालयले मन्त्रालय मार्फत माग गर्नु पर्नेछ।

(३) ब्युरोले सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सुरक्षा निकायलाई कुनै सूचना तत्काल नदिई नहुने देखिएमा मन्त्रालयसँग समन्वय गरी जानकारी गराउन सक्नेछ।

(४) ब्युरोले मन्त्रालयको समन्वयमा अन्य कुनै प्रदेशको अनुसन्धान ब्युरोसँग समन्वय एवं सहकार्य गरी आवश्यक सूचना सङ्कलन, विश्लेषण र प्रवाह गर्न सक्नेछ। यसरी प्राप्त भएको सूचना तत्काल मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

९०. **<u>अधिकार प्रत्यायोजन</u>ः** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त कुनै अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अधिकारी वा कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐनद्वारा कुनै अधिकारीलाई प्रदान गरिएको कुनै अधिकार आफ्नो सामान्य रेखदेखमा काम गर्ने गरी निजले आफू मुनिको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

९१. **<u>समन्वय गर्नु पर्नेः</u>** यस ऐन बमोजिम सूचना सङ्कलनका लागि अन्य प्रदेशमा गोप्य अभियान वा सूत्र परिचालन गर्न आवश्यक परे ब्युरोले मन्त्रालय मार्फत सम्बन्धित प्रदेश सरकार वा त्यस्तो विषय हेर्ने मन्त्रालयसँग समन्वय गरी गर्नु पर्नेछ।

९२. **<u>बचाउः</u>** (१) परिच्छेद- १२ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा बाहेक सेवाका कर्मचारी वा ब्युरोको काममा लगाइएका व्यक्तिले आफ्नो कर्तव्य पालनाको सिलसिलामा सङ्कलन गरेको सूचना वा जानकारी कहिले, कसलाई दिएको वा के कस्तो सूचना वा जानकारी सङ्कलन गरेको भन्ने विषयलाई लिएर त्यस्तो कर्मचारी वा व्यक्तिलाई कुनै पनि निकाय, अधिकारी वा अदालत समक्ष प्रश्न गरिने र उपस्थिति गराइने छैन।

(२) ब्युरो कर्मचारीले यस ऐन बमोजिम कर्तव्य पालन गर्दा वा पाएको अधिकार असल नियतले प्रयोग गर्दा त्यस्तो कार्यका लागि निज सजायको भागी हुन र हर्जना तिर्न पर्ने छैन।

(३) कुनै ब्युरो कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(४) यस दफा बमोजिमको कार्यको सम्बन्धमा कुनै ब्युरो कर्मचारी उपर कुनै मुद्दा चलेमा निजको तर्फबाट प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

९३. **हतियार प्रयोग सम्बन्धी व्यवस्थाः** (१) ब्युरोको कर्मचारीले प्रयोग गर्ने हतियार सम्बन्धी मापदण्ड दफा ९७ बमोजिम निर्माण हुने कार्यविधि एवं निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम हतियारको प्रयोग सम्बन्धी मापदण्ड बनाउँदा नेपाल सरकार, गृह मन्त्रालयसँग परामर्श गरी बनाउनु पर्नेछ।

९४. **सूत्र परिचालन सम्बन्धी व्यवस्थाः** यस ऐन बमोजिमको उद्देश्य पूरा गर्न ब्युरोले प्रदेशभित्रको जुनसुकै स्थानमा आवश्यक सूत्र परिचालन गर्न सक्नेछ।

९५. **यसै ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिएकोमा यसै ऐन बमोजिम र अन्य व्यवस्थाको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

९६. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

९७. **निर्देशिका तथा कार्यविधि बनाउनेः** (१) यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियामावलीको परिधिभित्र रही मन्त्रालयले आफ्नो काम कारबाही सञ्चालन गर्न आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गोप्य अभियान सञ्चालन, सूत्र परिचालन र सो अभियान तथा सूत्रको परिचालनको लागि कर्मचारी छनौट र व्यवस्थापन सम्बन्धमा मन्त्रालयको परामर्शमा ब्युरोको मुख्य कार्यालयले छुट्टै कार्यविधि बनाई लागू गर्न सक्नेछ।

**प्रकाशन नगरिनेः दफा ९७ बमोजिम बन्ने निर्देशिका तथा कार्यविधि सार्वजनिक रूपमा प्रकाशन गरिने छैन।**

# स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७९।११।१८

संवत् २०७९ सालको ऐन नं ८

**<u>स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना:</u>** नेपालको संविधानको धारा २२७ बमोजिम प्रदेशभित्र रहेका स्थानीय तहबाट गरिने सेवा प्रवाहको लागि आवश्यक कर्मचारीको व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय सेवाको गठन तथा सञ्चालनको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

**परिच्छेद- १**

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस ऐनको नाम "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १७ को उपदफा (१) बमोजिम स्थानीय सेवाको पदमा नियुक्ति र पदस्थापन गर्ने अधिकारी सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले स्थानीय तहको कार्यालय वा निकाय सम्झनु पर्छ।

(घ) "परिवार" भन्नाले कर्मचारीसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दफा २५ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "प्रदेश किताबखाना" भन्नाले प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीको अभिलेख राख्ने प्रयोजनको लागि प्रदेश सरकारले स्थापना गरेको कार्यालय सम्झनु पर्छ।

(ज) "प्रदेश लोक सेवा आयोग" भन्नाले बागमती प्रदेशको लोक सेवा आयोग सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(ञ) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(ठ) "स्थानीय सेवा" भन्नाले दफा ३ बमोजिमको स्थानीय सेवा सम्झनु पर्छ।

(ड) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डी.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(ढ) "स्थायी पद" भन्नाले निवृत्तभरण वा योगदानमूलक निवृत्तभरण वा उपदान पाउने र म्याद नतोकिएको स्थानीय सेवाको पद सम्झनु पर्छ।

## परिच्छेद- २

## स्थानीय सेवाको गठन

३. **स्थानीय सेवाको गठनः** (१) स्थानीय तहले आफ्नो स्थानीय तहमा देहाय बमोजिमका स्थानीय सेवाको गठन गर्न सक्नेछः-

(क) स्थानीय इन्जिनियरिङ्ग सेवा,

(ख) स्थानीय कृषि सेवा,

(ग) स्थानीय प्रशासन सेवा,

(घ) स्थानीय वन सेवा,

(ङ) स्थानीय शिक्षा सेवा र

(च) स्थानीय स्वास्थ्य सेवा

(२) उपदफा (१) बमोजिमका स्थानीय सेवा अन्तर्गत अनुसूची- १ मा उल्लेख भए बमोजिमका समूह तथा उपसमूह रहनेछन्। स्थानीय सेवाभित्र रहने समूह वा उपसमूह सम्बन्धित स्थानीय तहको आवश्यकता अनुसार सबै वा केही रहने गरी व्यवस्था गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमका समूह तथा उपसमूहमा रहने पदहरूको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

(४) समायोजन ऐन बमोजिम स्थानीय तहको विविध सेवामा समायोजन भएका कर्मचारीलाई उपदफा (१) को खण्ड (ग) बमोजिमको स्थानीय प्रशासन सेवाको विविध समूह कायम गरिनेछ।

४. **<u>तह र पदनाम:</u>** (१) स्थानीय सेवामा आवश्यकता अनुसार देहाय बमोजिमका तहहरू रहने छन्:-

| अधिकृत तह | सहायक तह |
|---|---|
| एघारौं | पाँचौं |
| दशौं | चौथो |
| नवौं | तेस्रो |
| आठौं | तह विहीन |
| सातौं | |
| छैठौं | |

(२) स्थानीय सेवाको विभिन्न तहमा सम्बन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाबाट स्वीकृत सङ्गठन संरचना र दरबन्दी तेरिज अनुसारका पदहरू रहने छन्।

(३) उपदफा (२) बमोजिम रहने स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पदको तह अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहायक तेस्रो तहमा कुनै कर्मचारीको पदाधिकार नरहेमा सो तहको पद स्वतः खारेज हुनेछ। सो पदमा पदपूर्ति गरिने छैन।

तर यो ऐन प्रारम्भ हुँदाका बखत सहायक तेस्रो तहमा कायम रहेका कर्मचारी पाँच बर्ष पूरा गरेपछि स्वतः चौथो तहमा तह वृद्धि हुनेछ। यसरी तह वृद्धि हुने पद स्वतः सिर्जना हुनेछ।

(५) स्थानीय सेवा, समूह तथा उपसमूहमा प्रमुख प्रशासकीय अधिकृतको तहभन्दा माथिको तह नहुने गरी तह रहने छन् र त्यस्ता तहमा रहने पदको पदनाम अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

(६) तह विहीन पदमा रहने तहको स्तरवृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## स्थानीय सेवाको सङ्गठन संरचना तथा पदपूर्ति व्यवस्थापन

**५. दरबन्दी सिर्जना**: (१) स्थानीय तहमा स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा देहायको आधारमा त्यस्तो सर्वेक्षण गरिने सङ्गठनको दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्नु पर्ने देखिएमा सोको कारण र औचित्य समेत खुलाई सो समितिले स्वीकृतिको लागि गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा प्रतिवेदन पेस गर्नु पर्नेछः-

(क) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिने सङ्गठनको कार्य प्रकृति र कार्यबोझ विश्लेषण,

(ख) नेपाल सरकार वा प्रदेश सरकारले स्थानीय तहमा रहने दरबन्दी सङ्ख्याको सम्बन्धमा कुनै आधार वा मापदण्ड निर्धारण गरेको भएमा त्यस्तो आधार वा मापदण्ड,

(ग) नेपाल सरकार वा प्रदेश सरकारबाट पारिश्रमिक तथा सुविधाको लागि प्राप्त हुने आर्थिक स्रोत,

(घ) कर्मचारीको पारिश्रमिक तथा सुविधाको लागि सम्बन्धित स्थानीय तहको आर्थिक स्रोत।

(३) उपदफा (२) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा स्थानीय तहको सङ्गठनको कार्य प्रकृति र कार्यबोझ बमोजिम दरबन्दी सिर्जना गर्न अति आवश्यक भएको तर उपदफा (२) को खण्ड (ख) बमोजिम त्यस्तो दरबन्दी सिर्जना गर्न मिल्ने नदेखिएमा स्थानीय तहको आन्तरिक स्रोतबाट पारिश्रमिक तथा सेवा सुविधा व्यहोर्ने गरी उपदफा (१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम पेस गरिएको प्रतिवेदन तथा दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा मूल्याङ्कन गरी गाउँ सभा वा नगर सभाले सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गर्न सक्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी प्रकृतिका कार्यालय वा आयोजनामा स्थायी दरबन्दी सिर्जना गरिने छैन। त्यस्ता कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी रहन सक्नेछ।

(६) अस्थायी प्रकृतिका कार्यालय वा आयोजनाको वार्षिक बजेट तथा कार्यक्रम बमोजिम वार्षिक रूपमा आवश्यक पर्ने जनशक्तिको किसिम तथा सङ्ख्या यकिन गरी

अस्थायी दरबन्दी सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा बढीमा पाँच सदस्य रहेको समिति गठन गर्नु पर्नेछ।

(७) स्थानीय तहले यस ऐन बमोजिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्दा सम्बन्धित स्थानीय तहमा रहने प्रमुख प्रशासकीय अधिकृतको तहभन्दा माथिल्लो तहको पद रहने गरी स्वीकृत गर्न हुँदैन।

६. **दरबन्दी मिलान तथा अद्यावधिक गरिने:** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ बमोजिम सङ्घीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट खुला प्रतियोगिताबाट स्थानीय तहको छैठौं तहमा यो ऐन जारी हुनु अघि नियुक्त भई सातौं तह कायम भएका कर्मचारीको सम्बन्धमा उपदफा (४), (५) र (६) बमोजिमको प्रक्रिया यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र पूरा गरिसक्नु पर्नेछ।

(२) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ बमोजिम साबिकका घरेलु तथा साना उद्योग विकास समिति र दुर्गम क्षेत्र विकास समिति खारेज भई अधिकृतस्तर तृतीय श्रेणीमा कार्यरत भई अधिकृतस्तर छैठौं तहमा र अधिकृतस्तर द्वितीय श्रेणीमा कार्यरत भई अधिकृतस्तर आठौं तहमा प्रचलित कानून बमोजिम समायोजन भई अधिकृतस्तर सातौं र नवौं तह कायम भएका कर्मचारीको सम्बन्धमा उपदफा (४), (५) र (६) बमोजिमको प्रक्रिया यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र पूरा गरिसक्नु पर्नेछ।

(३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ बमोजिम प्रदेशभित्र पर्ने साबिक स्थानीय निकायको स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति भई स्थानीय तहको सोही तहको पदमा समायोजन भएका कर्मचारी यस ऐन बमोजिमको माथिल्लो तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेका र उक्त अध्यादेश प्रारम्भ हुँदाका बखत पाँच वर्ष सेवा अवधि पूरा भई एक तह माथिको पदमा कायम भएका कर्मचारीको सम्बन्धमा उपदफा (४), (५) र (६) बमोजिमको प्रक्रिया यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र पूरा गरिसक्नु पर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम तह कायम गरेको जानकारी अख्तियारवालाले प्रदेश किताबखाना, प्रदेश लोकसेवा आयोग र मन्त्रालयमा पठाउनु पर्नेछ।

तर यस्तो जानकारी पठाउँदा हाल कायम रहेको सम्पूर्ण कर्मचारीको दरबन्दी विवरण समेत संलग्न गरी पठाउनु पर्नेछ।

(५) उपदफा (१), (२) र (३) बमोजिम तह कायम गर्नको लागि माथिल्लो तहको दरबन्दी स्वतः कायम हुनेछ र त्यसरी माथिल्लो तहमा कायम भएपछि साबिकको तहको दरबन्दी स्वतः खारेज हुनेछ।

(६) उपदफा (४) बमोजिम प्राप्त जानकारीको आधारमा प्रदेश किताबखानाले दरबन्दी मिलान तथा अद्यावधिक गर्नु पर्नेछ।

७. **<u>पद दर्ता गर्नु पर्ने</u>**: (१) दफा ४ बमोजिम सङ्गठन संरचना र दफा ५ बमोजिम दरबन्दी स्वीकृत भएपछि सम्बन्धित स्थानीय तहले स्थानीय सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी सङ्गठन संरचना स्वीकृत गर्ने वा पद सिर्जना गर्ने निर्णय भएको मितिले एक महिनाभित्र प्रदेश किताबखानामा त्यस्तो पदको कार्य विवरण सहित पद दर्ता गराउनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत स्थानीय तहमा रहेका कर्मचारीको स्थायी दरबन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र प्रदेश किताबखानामा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पद दर्ता गरेपछि प्रदेश किताबखानाले त्यसको जानकारी सम्बन्धित स्थानीय तह, मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम पद दर्ताको लागि प्रदेश किताबखानामा पठाउँदा स्थानीय तहको कार्यपालिकाको निर्णयको प्रतिलिपि, प्रस्तावित सङ्गठन संरचना एवम् दरबन्दी तेरिजको एक-एकप्रति र अनुसूची- ४ बमोजिमको पद दर्ता फाराम चारप्रति भरी प्रमाणित गरी संलग्न गरी पठाउनु पर्नेछ।

(५) कुनै नयाँ पद सिर्जना भएकोमा उपदफा (२) बमोजिम प्रदेश किताबखानाबाट पद दर्ताको जानकारी प्राप्त भएपछि मात्र यस ऐन बमोजिम त्यस्तो पदमा पदपूर्ति गर्न सकिनेछ।

८. **<u>कार्य विवरण</u>**: (१) प्रमुख प्रशासकीय अधिकृतले सेवाका पदहरूको कार्य विवरण अनुसूची- ५ बमोजिमको ढाँचामा तयार गरी लागु गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य विवरणको एकप्रति प्रदेश किताबखानामा पठाउनु पर्नेछ।

९. **<u>पदपूर्ति</u>**: (१) स्थानीय सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः-

| तह | | खुला प्रतियोगिता द्वारा | अन्तर तह प्रतियोगिताद्वारा | बढुवाद्वारा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | |
| (क) | चौथो | - | - | १००% | - | - | |
| (ख) | पाँचौं | १००% | - | - | - | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (ग) | छैठौं | - | - | - | - | - | तह वृद्धि |
| (घ) | सातौं | ५०% | ५% | - | २०% | २५% | |
| (ङ) | आठौं (स्वास्थ्य सेवाका चिकित्सकर कृषि सेवा अन्तर्गतको पशु चिकित्सक बाहेक) | - | - | - | - | - | तह वृद्धि |
| | आठौं (स्वास्थ्य सेवाका चिकित्सकर कृषि सेवा अन्तर्गतको पशु चिकित्सकको हकमा) | १००% | - | - | - | - | - |
| (च) | नवौं (स्वास्थ्य सेवा बाहेकका सेवा) | १०% | १०% | १०% | ३५% | ३५% | - |
| | नवौं (स्वास्थ्य सेवा) | २०% | १०% | ३५% | ३५% | - | - |
| (छ) | दशौं | - | - | - | - | - | तह वृद्धि |
| (ज) | एघारौं | - | - | - | ५०% | ५०% | - |

(२) उपदफा (१) बमोजिमको चौथो तहको कर्मचारी पाँच वर्ष सेवा अवधि पूरा गरेपछि स्वतः पाचौं तहमा तह वृद्धि हुनेछ। यसरी तह वृद्धि हुने पद स्वतः सिर्जना हुनेछ।

तर दफा ११५ को खण्ड (क) को उपखण्ड (१) बमोजिम सजाय पाएकोमा १ वर्षसम्म र उपखण्ड (२) बमोजिम सजाय पाएकोमा सजायको अवधिभर र निलम्बन भएकोमा निलम्बन भएको अवधिभर तह वृद्धि गरिने छैन।

(३) उपदफा (१) को खण्ड (च) मा उल्लिखित खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने अधिकृत नवौं तहको पदको लागि उम्मेदवार हुन सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको र सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवाको अधिकृतस्तरको पदमा पाँच वर्ष वा प्रचलित कानून बमोजिम स्थापना भएको सङ्गठित संस्थाको अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

**स्पष्टीकरणः** यस उपदफा प्रयोजनको लागि "प्रदेश निजामती सेवा" भन्नाले जुनसुकै प्रदेशको निजामती सेवा र "स्थानीय सेवा" भन्नाले जुनसुकै प्रदेश अन्तर्गत रहेको स्थानीय तहको सेवा सम्झनु पर्छ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (च) को खुला प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुने पदमा विद्यावारिधिको उपाधि प्राप्त गरेको उम्मेदवारको लागि कम्तीमा तीन वर्ष र दर्शनाचार्य (एम.फिल) उपाधि प्राप्त गरेको उम्मेदवारको लागि कम्तीमा चार वर्ष सेवा अनुभव भएमा योग्यता पुगेको मानिनेछ।

(५) उपदफा (३) वा (४) को प्रयोजनको लागि कुनै निकायमा आंशिक रूपमा काम गरेको अनुभव गणना हुने छैन।

(६) उपदफा (१) बमोजिमको अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा अन्य स्थानीय सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र पूर्ति हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

(७) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर तह प्रतियोगिताद्वारा हुने पदपूर्तिका लागि छुट्याइएको पदमा पदपूर्ति हुन नसकेमा सोही वर्षको खुला प्रतियोगिता र आन्तरिक अन्तर सेवा प्रतियोगिताद्वारा हुने पदपूर्तिका लागि छुट्याइएको पदमा पदपूर्ति हुन नसकेका पदहरू अर्को वर्षको कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पदपूर्ति गरिनेछ।

(८) उपदफा (१) बमोजिम आन्तरिक अन्तर सेवा प्रतियोगिताद्वारा पदपूर्ति हुने पदका लागि तोकेको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र प्रदेशको स्थानीय सेवाको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "आन्तरिक अन्तर सेवा प्रतियोगिता" भन्नाले स्थानीय सेवाभित्रका सेवा, समूह बिचको प्रतिस्पर्धा सम्झनु पर्छ।

(९) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन र ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको पदमा बहाल रहेका बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र न्यूनतम शैक्षिक योग्यता पूरा गरेका स्थानीय सेवाका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुनेछन्।

तर कुनै सेवाको अधिकृतस्तर नवौं तह वा सोभन्दा माथिको पदमा सो सेवा अन्तर्गतका जुनसुकै समूह वा उपसमूहका एक तह मुनिको पदमा बहाल रहेका र बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेका स्थानीय सेवाका कर्मचारीहरू सम्भाव्य उम्मेदवार हुनेछन्।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार नभएमा त्यस्तो पद मध्ये अधिकृतस्तर नवौं तहको पदमा सोही वर्ष आन्तरिक प्रतियोगिताद्वारा र अन्य पदमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

(११) समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीको समायोजन हुनु पूर्वको सम्बन्धित पदको सेवा अवधि समेत गणना गरिनेछ।

(१२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कर्मचारी देहायको अवधिभर खुला, आन्तरिक अन्तर सेवा वा अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदको लागि समेत उम्मेदवार हुन सक्ने छैनः-

(क) प्रचलित कानून बमोजिम निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) यो ऐन तथा सेवा सर्त सम्बन्धी कानून बमोजिम विभागीय सजाय भई बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका पद रिक्त भएमा स्थायी पदपूर्ति गरिने छैनः-

(क) सहायक पाँचौं तहको कम्प्युटर अपरेटर पद र सहायक चौथो तहको सहायक कम्प्युटर अपरेटर पद, र

(ख) सवारी चालक, इलेक्ट्रिसियन, कार्यालय सहयोगी, चौकीदार, स्वीपर, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी र यस्तै काम गर्ने अन्य पद।

(१४) उपदफा (१३) बमोजिमका पदबाट सम्पादन गरिने कार्यमध्ये कम्प्युटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी र चौकीदारको पदबाट सम्पादन हुने कामको लागि दरबन्दीभित्र रही व्यक्तिसँग करार गरी सेवा करारमा र इलेक्ट्रिसियन, प्लम्बर र यस्तै काम गर्ने अन्य पदका दरबन्दीभित्र नपर्ने पदमा संस्था करार गरी सेवा करारबाट सम्पादन गराउन सकिनेछ।

(१५) उपदफा (१४) बमोजिम संस्थासँग सेवा करार गर्दा दिइने पारिश्रमिक नेपाल सरकारले श्रमिकको लागि निर्धारण गरेको न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(१६) यो ऐन प्रारम्भ भएपछि स्थानीय सेवाको छैठौं तहको पद जुनसुकै कारणले रिक्त भएमा त्यस्तो पद स्वतःपाँचौं तहमा कायम हुनेछ।

(१७) स्थानीय सेवाका देहायका पद रिक्त भएमा देहाय बमोजिमका पद रिक्त मानी पदपूर्ति गरिनेछः-

(क) पाँचौं वा छैठौं तहको कुनै पद रिक्त भएमा पाँचौं तह रिक्त मानी पदपूर्ति गर्ने,

(ख) चिकित्सक र पशु चिकित्सक बाहेक सातौं र आठौं तह रिक्त भएमा सातौं तह रिक्त मानी पदपूर्ति गर्ने,

(ग) चिकित्सक आठौं तह रिक्त भएमा सोही तह रिक्त मानी पदपूर्ति गर्ने,

(घ) नवौं वा दशौं तह रिक्त भएमा नवौं तह रिक्त मानी पदपूर्ति गर्ने,

(ङ) एघारौं तह रिक्त भएमा सोही तह रिक्त मानी पदपूर्ति गर्ने।

(१८) प्रदेश लोक सेवा आयोगले यस ऐन बमोजिम पदपूर्तिको प्रतिशत निर्धारण गर्दा सहायकस्तरमा सम्बन्धित स्थानीय तह र अधिकृतस्तरमा प्रदेशभरिका स्थानीय तहको रिक्त पदलाई आधार मानी प्रतिशत निर्धारण गर्नु पर्नेछ।

(१९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय इन्जिनयरिङ सेवा, स्थानीय कृषि सेवा, स्थानीय वन सेवा र स्थानीय स्वास्थ्य सेवाको चौथो तहमा पदपूर्ति गर्न बाधा पर्ने छैन।

(२०) स्थानीय सेवाको पदपूर्ति सम्बन्धी अन्य व्यवस्था यस ऐनको अधीनमा रही प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन नपाउने:** सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेश वा जुनसुकै स्थानीय सेवाको समान तहको पदमा कार्यरत रहेको कुनै कर्मचारी स्थानीय सेवाको खुला वा अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने तह वा पदको समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन।

११. **पदपूर्ति सम्बन्धी विशेष व्यवस्था:** (१) स्थानीय सेवालाई समावेशी बनाउन दफा ९ को उपदफा (१) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पद मध्ये पैंतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बिच छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

| | |
|---|---|
| (क) महिला | -अठतिस प्रतिशत |
| (ख) आदिवासी जनजाति | -पैंतिस प्रतिशत |
| (ग) दलित | -नौ प्रतिशत |
| (घ) थारु | -पाँच प्रतिशत |
| (ङ) मधेशी | -चार प्रतिशत |
| (च) अपाङ्गता भएको व्यक्ति | -तीन प्रतिशत |
| (छ) पिछडिएको क्षेत्र | -तीन प्रतिशत |
| (ज) अल्पसंख्यक समुदाय | -तीन प्रतिशत |

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि,-

(क) "पिछडिएको क्षेत्र" भन्नाले प्रदेश सरकारले हरेक तीन वर्षमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मानव विकास सूचकाङ्कमा सबैभन्दा पछाडि परेका अन्तिमबाट क्रमशः पाँचवटा स्थानीय तह सम्झनु पर्छ।

(ख) "अल्पसंख्यक समुदाय" भन्नाले तोकिए बमोजिमको समुदायलाई जनाउँछ।

(२) उपदफा (१) बमोजिमको विशेष सुविधा सेवा अवधिभरमा एक व्यक्तिले सहायकस्तरमा एक पटक र अधिकृतस्तरमा एक पटक मात्र लिन पाउनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कुनै उम्मेदवार एकभन्दा बढी समूहमा प्रतिस्पर्धा गर्न बाधा पुगेको मानिने छैन।

(४) उपदफा (१) बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि छुट्याइएको पदमा कुनै खास प्रकृतिको कामको लागि तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिहरूबिच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको समूहको लागि छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने सम्बन्धित निकायबाट जारी भएको कागजात पेस गर्नु पर्नेछ। पिछडिएको क्षेत्रको हकमा सम्बन्धित स्थानीय तहले सोही स्थानीय तहको स्थायी बासिन्दा हो भनी प्रमाणित गरेको कागजात पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम अपाङ्गता भएका व्यक्तिको हैसियतमा सो समूहबाट प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारले बुझाउने दरखास्तको साथमा प्रचलित कानून बमोजिमको अपाङ्गताको परिचयपत्रको प्रतिलिपि समेत पेस गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिम कुनै समूहका लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवार परीक्षामा उत्तीर्ण हुन नसकेमा त्यस्तो पद सोही वर्ष भएको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गर्नु पर्नेछ।

(८) उपदफा (१) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घाताङ्क (फ्र्याक्सन) आएमा त्यस्तो घाताङ्क जुन समूहको हकमा घाताङ्क आएको हो सोभन्दा लगत्तै पछिको समूहमा क्रमशः सर्दै जानेछ।

(९) उपदफा (१) बमोजिम निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था प्रदेश सरकारले हरेक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

(१०) उपदफा (१) बमोजिमको प्रतिशत अनुसार पद सङ्ख्या निर्धारण गर्दा कुनै विवाद आएमा प्रदेश लोक सेवा आयोगको निर्णय अन्तिम हुनेछ।

१२. **<u>पदपूर्तिको माग गर्नु पर्ने:</u>** (१) स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रलायलाई दिनु पर्नेछ। सो अवधिभित्र सूचना नदिने कर्मचारी वा पदाधिकारीलाई विभागीय कारबाही हुनेछ।

(२) स्थानीय सेवाको पदपूर्तिको लागि माग गर्दा सो अवधिसम्म रिक्त हुन आएका पद र चालू आर्थिक वर्षभित्रमा अवकाश तथा बढुवाद्वारा रिक्त हुने पद समेत यकिन गरी माग गर्न सकिनेछ।

(३) पदपूर्ति माग गर्ने सम्बन्धी अन्य व्यवस्था प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **<u>प्रदेश लोकसेवा आयोगको सिफारिसमा मात्र नियुक्ति गर्नुपर्ने:</u>** (१) स्थानीय तहको स्वीकृत सङ्गठन संरचना अनुसार स्थायी पदपूर्ति गरिने पदमा प्रदेश लोकसेवा आयोगको सिफारिसमा नियुक्ति गर्नुपर्नेछ।

(२) उपदफा (१) विपरीत नियुक्त गरेका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा सम्बन्धी दायित्व त्यस्तो कर्मचारी नियुक्त गर्ने पदाधिकारीले नै व्यहोर्नु पर्नेछ।

(३) प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएको व्यक्तिलाई अख्तियारवालाले नियुक्ति गर्नेछ।

१४. **<u>कागजात उपलब्ध गराउनु पर्ने:</u>** प्रदेश लोक सेवा आयोगले स्थानीय सेवाको कर्मचारीको सिफारिस, नियुक्ति, पदस्थापन जस्ता कर्मचारीसँग सम्बन्धित रहने जुनसुकै कागजात माग गर्दा उपलब्ध गराउनु सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत तथा अन्य पदाधिकारीको कर्तव्य हुनेछ।

१५. **<u>पदपूर्तिमा बन्देज</u>**: (१) स्थानीय सेवाको पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गरिने छैन।

(२) उपदफा (१) विपरीत गरिएको नियुक्ति स्वतःबदर भएको मानिनेछ र त्यसरी नियुक्त भएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्त गर्ने अधिकारीबाट असुल उपर गरिनेछ।

(३) स्थानीय सेवाको स्थायी पदमा नियुक्त वा बढुवा भएको कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा नियुक्त गरिएको वा यस ऐन बमोजिम स्वीकृत गरिएको अस्थायी दरबन्दीमा काज वा अन्य रूपमा खटाएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि व्यहोराले पदपूर्ति गर्न पाइने छैन।

१६. **ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने**: (१) स्थानीय सेवाका कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन।

(२) उपदफा (१) विपरीत वा यस ऐन बमोजिम तोकिएको अवधिभित्र पदपूर्तिको लागि माग नगरी कसैले ज्यालादारी वा करारमा नियुक्ति गरेमा त्यसरी नियुक्त व्यक्तिले खाइपाइ आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

१७. **नियुक्ति र पदस्थापन गर्ने अधिकारी**: (१) स्थानीय सेवाको सातौं तह र सोभन्दा माथिल्लो तहको पदमा सम्बन्धित स्थानीय तहको कार्यपालिका र अन्य तहको पदमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति र पदस्थापन गर्नेछ।

(२) उपदफा (१) बमोजिम छैठौं तहदेखि माथिको तहमा गरिएको नियुक्तिको सूचना सम्बन्धित स्थानीय तहले हरेक आर्थिक वर्षको अन्त्यमा आफ्नो स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(३) प्रदेश लोक सेवा आयोगबाट नियुक्तिको लागि सिफारिस लिई सम्बन्धित स्थानीय तहमा गएका कर्मचारीलाई नियुक्ति दिने अधिकारीले यथाशीघ्र नियुक्ति दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस लिई आएको व्यक्तिलाई नियुक्ति दिने जिम्मेवारी भएको व्यक्ति वा पदाधिकारीले नियुक्ति दिन इन्कार वा ढिला गरेमा त्यस्तो कर्मचारीलाई पर्न गएको क्षति त्यस्तो नियुक्ति दिनु पर्ने कर्मचारी वा पदाधिकारीको प्रचलित सेवा सर्त एवम् सुविधा सम्बन्धी कानूनले प्रदान गरेको सेवा सुविधाबाट भराइ दिनु पर्नेछ।

१८. **उम्मेदवार हुनको लागि अयोग्यता**: देहायको व्यक्ति स्थानीय सेवाको पदमा उम्मेदवार हुन सक्ने छैन:-

(क) सहायकस्तर पाचौं तहसम्मको पदमा अठार वर्ष उमेर पूरा नभएको,

(ख) अधिकृत सातौं तह वा सोभन्दा माथिको पदमा एक्काइस वर्ष उमेर पूरा नभएको,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतिस वर्ष र महिला उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा भएको,

तर,

(१) सङ्घीय निजामती सेवाका स्थायी कर्मचारी, प्रदेश निजामती सेवाका स्थायी कर्मचारी, समायोजन ऐन बमोजिम स्थानीय सेवामा समायोजन भएका तथा यो ऐन प्रारम्भ भएपछि सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय तहको स्थानीय सेवामा स्थायी नियुक्ति भई सेवामा बहाल रहेका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(२) स्थानीय सेवाको नवौं तहको पदको लागि हुने खुला प्रतियोगितामा पैंतालिस वर्ष उमेर ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

(३) स्थानीय तहको स्वीकृत स्थायी दरबन्दी मध्ये पदपूर्ति गर्नु पर्ने रिक्त दरबन्दीमा यो ऐन प्रारम्भ हुँदाका बखतसम्म अस्थायी सेवामा अविछिन्न रूपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई यो ऐन प्रारम्भ भएपछि प्रदेश लोक सेवा आयोगबाट स्वीकृत पहिलो वार्षिक कार्यतालिका बमोजिम सञ्चालन हुने खुला र आन्तरिक प्रतियोगितात्मक परीक्षामा एक पटकको लागि सामेल हुन उमेरको हदम्याद लाग्ने छैन। उक्त परीक्षामा सहभागी नभएमा वा असफल भएमा त्यस्तो कर्मचारी स्वतः अवकाश हुनेछ।

(घ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल नगरेको,

(ङ) भविष्यमा जुनसुकै सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) गैर नेपाली नागरिक,

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ज) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको।

१९. **अस्थायी नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) प्रदेश लोकसेवा आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरू मध्येबाट अस्थायी नियुक्ति गर्ने प्रयोजनको लागि छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ।

(२) स्थानीय सेवाको कुनै रिक्त पदमा वा स्थानीय तहबाट दफा ५ बमोजिम स्वीकृत अस्थायी दरबन्दीमा अस्थायी रूपमा कर्मचारी नियुक्ति गर्नु पर्ने भएमा सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा प्रदेश लोक सेवा आयोगले योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित स्थानीय तहको मागको आधारमा अस्थायी नियुक्ति गर्न नाम सिफारिस गरी पठाउने छ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका व्यक्तिलाई सो पदमा स्थायी पदपूर्ति भई नआएसम्मको लागि सम्बन्धित स्थानीय तहले अस्थायी नियुक्ति गर्नेछ।

(५) उपदफा (४) बमोजिम अस्थायी नियुक्ति गरेको जानकारी सम्बन्धित स्थानीय तहले त्यस्तो नियुक्ति गरेको मितिले सात दिनभित्र मन्त्रालयलाई दिनु पर्नेछ।

(६) यस दफा विपरीत कसैले अस्थायी नियुक्ति गरेमा त्यसरी नियुक्ति गरिएको व्यक्तिले खाइपाइ आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

२०. **पदाधिकार र जिम्मेवारी**: (१) देहायको अवस्थामा कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरी रहँदासम्म,
(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,
(ग) बिदामा रहेको अवधिभर,
(घ) निलम्बनमा रहेको अवधिभर,
(ङ) अर्को पदमा कायम मुकायम भई काम गरेको अवधिभर,
(च) काजमा खटिएको अवधिभर।

(२) देहायको अवस्थामा बाहेक कुनै कर्मचारीलाई जिम्मेवारी नदिई तिस दिनभन्दा बढी अवधिसम्म राख्न सकिने छैनः-

(क) लामो बिदामा रहेकोमा,
(ख) निलम्बन भएकोमा,
(ग) सेवा समूह अनुसारको पद वा दरबन्दी नभई फाजिलमा परेकोमा।

(३) उपदफा (२) विपरीत कुनै कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनु पर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय कारबाही हुनेछ।

२१. **निरोगिताको प्रमाणपत्र पेस गर्नु पर्ने**: (१) स्थानीय सेवामा नियुक्तिको लागि सिफारिस भएको अनुसूची-६ बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र पेस नगरी निजलाई स्थानीय सेवाको पदमा नियुक्ति गरिने छैन।

(२) निरोगिताको प्रमाणपत्र नेपाल सरकार वा प्रदेश सरकारद्वारा स्वीकृत चिकित्सकबाट प्राप्त भएको हुनु पर्नेछ।

२२. **शपथ ग्रहण**: स्थानीय सेवामा पहिलो पटक नियुक्ति भएको कर्मचारीले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची- ७ बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ।

२३. **परीक्षणकाल**: (१) स्थानीय सेवाको पदमा नियुक्ति गर्दा पुरुष कर्मचारीको हकमा एक वर्ष र महिला कर्मचारीको हकमा ६ महिना परीक्षणकालमा रहने गरी गरिनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कुनै काम गरेमा निजको नियुक्ति अख्तियारवालाले बदर गर्न सक्नेछ।

(३) परीक्षणकालमा नियुक्ति बदर नगरिएका कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतःसदर भएको मानिनेछ।

तर सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवाको कुनै पदमा स्थायी नियुक्ति भई परीक्षणकाल भुक्तान गरिसके पश्चात सेवालाई अविछिन्न राखी अर्को पदमा स्थायी नियुक्ति भई रमाना लिई आएमा त्यस्तो कर्मचारीलाई पुनःपरीक्षण कालमा राखिने छैन।

२४. **<u>स्थानीय कर्मचारीको अभिलेखः</u>** (१) स्थानीय सेवाका कर्मचारीको अभिलेख प्रदेश किताबखानाले राख्नेछ।

(२) कर्मचारीले आफू नियुक्त भएको एक महिनाभित्र अनुसूची- ८ बमोजिमको वैयक्तिक विवरण (सिटरोल) फाराम भरी कार्यालयबाट प्रमाणित गरी प्रदेश किताबखानामा पठाउनु पर्नेछ।

(३) राष्ट्रिय किताबखानामा अभिलेख दर्ता रहेका कर्मचारीको सम्बन्धमा प्रदेश किताबखानाले आवश्यक व्यवस्थापन गर्नेछ।

(४) समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भई सिटरोल प्राप्त हुन नसकेका कर्मचारीले यो ऐन प्रारम्भ भएपछि प्रदेश किताबखानाबाट उपदफा (२) बमोजिमको सिटरोल फाराम भरी सङ्केत नम्बर प्राप्त गर्नु पर्नेछ।

## परिच्छेद- ४

## <u>प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्था</u>

२५. **<u>प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको पद हुनेछ।

(२) मन्त्रालयले प्रदेश निजामती सेवाको प्रशासन सेवाको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाउनेछ।

(३) प्रदेशभित्रको सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पदको कर्मचारी प्रदेश सेवाबाट पूर्ति नभएसम्म प्रदेश सरकारको अनुरोधमा नेपाल सरकारले सङ्घीय निजामती सेवाको सम्बन्धित सेवा समूहको पदको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्न खटाउन सक्नेछ।

(४) मन्त्रालयले प्रदेश निजामती सेवाको कर्मचारीबाट स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउन कर्मचारी उपलब्ध नभएसम्मको लागि अर्को स्थानीय तहको सोही सरहको अधिकृत कर्मचारीलाई खटाइएको स्थानीय तहबाटै तलब भत्ता खाने गरी प्रमुख प्रशासकीय अधिकृतको रूपमा तोक्न सक्नेछ।

(५) मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाउँदा "क" वर्गको भौगोलिक क्षेत्रमा न्यूनतम एक वर्ष तथा "ख", "ग" र "घ" वर्गको भौगोलिक क्षेत्रमा न्यूनतम दुई वर्ष अवधि तोकी खटाइनेछ।

(६) प्रमुख प्रशासकीय अधिकृतको पदमा कर्मचारी खटाउने वा तोक्ने सम्बन्धमा प्रदेश सरकारले मापदण्ड बनाई कार्यान्वयन गर्नेछ।

२६. **<u>निमित्त भई काम गर्ने:</u>** (१) प्रमुख प्रशासकीय अधिकृतको पद रिक्त रहेमा वा निज कार्यालयमा अनुपस्थित भएमा सम्बन्धित स्थानीय तहमा कार्यरत वरिष्ठतम् अधिकृत कर्मचारीले निमित्त प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्नेछ।

(२) उपदफा (१) बमोजिमको निमित्त प्रमुख प्रशासकीय अधिकृतलाई आर्थिक बाहेकको अन्य दैनिक प्रशासनिक कार्य गर्ने अधिकार हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निमित्त प्रमुख प्रशासकीय अधिकृतले आर्थिक अधिकारको प्रयोग गर्नु पर्ने अवस्था भएमा मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

२७. **<u>प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार:</u>** प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो स्थानीय तहको प्रशासनिक प्रमुखको रूपमा कार्य गर्ने गराउने,
(ख) सभा र कार्यपालिकाको सचिवको रूपमा कार्य गर्ने,
(ग) सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने,
(घ) अध्यक्ष वा प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,
(ङ) कोष तथा आर्थिक कारोबारको हिसाब तथा अभिलेख दुरुस्त राख्न लगाउने, लेखापरीक्षण गराउने तथा बेरुजु फछ्र्यौट गर्ने गराउने,
(च) आयोजनाहरूको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेस गर्ने,
(छ) आफ्नो स्थानीय तहको चल अचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने गराउने,
(ज) आफ्नो कार्यालयको कामलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाई सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने,
(झ) आफ्नो कार्यालयमा व्यवस्थित र नियमित आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने,
(ञ) कार्यालयमा ढिलासुस्ती, अनियमितता, अनुशासनहीनता र लापरबाही हुन नदिने,
(ट) सेवा प्रवाहको लागि आवश्यक स्रोत साधनको व्यवस्था मिलाउने,

(ठ) सेवा प्रवाहमा निरन्तर सुधार, सृजनशीलता र नवप्रवर्तनको पहल र प्रोत्साहन गर्ने,

(ड) अध्यक्ष वा प्रमुखको निर्देशनमा कार्यपालिका तथा सभाको बैठक बोलाउने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने गराउने,

(ढ) कार्यपालिकाको निर्णय प्रमाणित गर्ने, सभा र कार्यपालिकाको निर्णयको अभिलेख सुरक्षित राख्ने,

(ण) न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णय सम्बन्धी मिसिल संरक्षण गर्ने गराउने,

(त) आफ्नो स्थानीय तहको प्रशासकीय तथा आर्थिक नियन्त्रण गर्ने,

(थ) सार्वजनिक खरिद योजना तयार गरी खरिद सम्बन्धी कार्य गर्ने गराउने,

(द) आवश्यकता अनुसार यो ऐन वा प्रचलित कानून बमोजिम आफैंले सम्पादन गर्नु पर्ने काम बाहेक अन्य काम मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्ने गराउने,

(ध) सभा वा कार्यपालिकाले वा प्रदेश सरकारले तोकेको अन्य कार्य गर्ने गराउने,

(न) स्थानीय तहको योजना तथा कार्यक्रमको प्रगति विवरण त्रैमासिक रुपमा प्रदेशको मन्त्रालयमा पेस गर्ने।

## परिच्छेद- ५

## सरुवा, तह वृद्धि तथा बढुवा सम्बन्धी व्यवस्था

२८. **अन्तर स्थानीय तह सरुवा सम्बन्धी व्यवस्था:** (१) स्थानीय तहमा कम्तीमा दुई वर्ष सेवा गरेका कर्मचारीलाई प्रदेशभित्रका कुनै स्थानीय तहमा मन्त्रालयले सरुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा एकपटकमा सम्बन्धित स्थानीय तहको दरबन्दीको सत्तरी प्रतिशत कर्मचारी कायम राखी सरुवा गर्नु पर्नेछ।

(३) एक पटक सरुवा भएको कर्मचारीलाई अर्को दुई वर्षसम्म सरुवा गरिने छैन।

(४) सरुवा भएको कर्मचारीलाई हाजिर गराउनु अख्तियारवालाको कर्तव्य हुनेछ।

(५) एक स्थानीय तहबाट अर्को स्थानीय तहमा गरिने सरुवा सम्बन्धी अन्य मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीलाई स्थानीय तहमा राखी राख्न उपयुक्त नभएमा मन्त्रालयले जुनसुकै बखत सरुवा गर्न सक्नेछ।

(७) यस दफा बमोजिम सरुवा गर्दा अनिवार्य अवकाश हुन दुई वर्ष भन्दा कम अवधि रहेको कर्मचारीको सामान्यतया सरुवा गरिने छैन।

(८) स्थानीय तहको कर्मचारीको सरुवा पत्र, सरुवाको विवरणको ढाँचा तथा रमानाको ढाँचा क्रमशः अनुसूची- ९, अनुसूची-१० र अनुसूची- ११ मा उल्लेख भए बमोजिम र सरुवाको विवरण राख्ने निकाय र ढाँचा तोकिए बमोजिम हुनेछ।

२९. **समायोजन भएका कर्मचारीको ज्येष्ठताको गणना**: (१) समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीको ज्येष्ठता समायोजन हुनु पूर्वको साबिकको सेवा समूहको तहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी गणना गरिनेछ।

(२) उपदफा (१) बमोजिम ज्येष्ठता कायम गर्न नसकिएमा सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ।

३०. **तह वृद्धि सम्बन्धी व्यवस्थाः** (१) तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत पन्चान्नब्वे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका स्थानीय सेवाका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र तह वृद्धि गरिनेछः-

| क्र.सं. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा |
| १. | पाँचौं | छैठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २. | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३. | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) तह वृद्धि गर्दा प्रत्येक वर्षको श्रावण एक गते र माघको एक गते देखि लागु हुने गरी गर्नु पर्नेछ।

(३) तह वृद्धिको लागि सेवा अवधि गणना गर्दा समायोजन हुनु पूर्व कायम रहेको सेवा समूहको सम्बन्धित समान श्रेणी वा तहमा कायम रहेको अवधि समेत गणना हुनेछ।

(४) तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम रहनेछ।

(५) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा कर्मचारीले खाइपाइ आएको तलबभन्दा घटी हुने भएमा खाइपाइ आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(६) तहवृद्धि हुने पदमा तह वृद्धि गर्दा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ। यसरी गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

३१. <u>बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता</u>: (१) बढुवा हुने पदभन्दा सम्बन्धित सेवा, समूह वा उपसमूहको तल्लो पदमा देहाय बमोजिमको न्यूनतम सेवा अवधि, कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क र शैक्षिक योग्यता पुगेको कर्मचारी स्थानीय सेवाका देहायका तह र पदमा कार्यक्षमता तथा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छन्:-

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता | | कार्यसम्पादन मूल्याङ्कन अङ्क |
|---|---|---|---|---|
| | | स्वास्थ्य सेवा बाहेकका अन्य स्थानीय सेवा | स्थानीय स्वास्थ्य सेवा | |
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता | पछिल्लो पाँच वर्षको औसत न्यूनतम पन्चानब्बे प्रतिशत |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता | पछिल्लो पाँच वर्षको औसत न्यूनतम पन्चानब्बे प्रतिशत |
| अधिकृत सातौं | अधिकृत छैठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता | पछिल्लो पाँच वर्षको औसत न्यूनतम पन्चानब्बे प्रतिशत |

(२) यस दफाको प्रयोजनको लागि समायोजन ऐन बमोजिम सङ्घीय निजामती सेवा, नेपाल स्वास्थ्य सेवा र साबिकको स्थानीय निकायबाट स्थानीय तहको सेवामा समायोजन भई आएका कर्मचारीको हकमा उपदफा (१) बमोजिम बढुवाका लागि सेवा अवधि गणना गर्दा निजको यस ऐन बमोजिम तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुनु पूर्वको सेवा अवधि समेत जोडी गणना गरिनेछ।

(३) यस दफाको प्रयोजनको लागि स्थानीय सेवामा समायोजन भई आएका कर्मचारीको हकमा उपदफा (१) बमोजिम बढुवाका लागि सेवा अवधि गणना गर्दा देहाय बमोजिम गणना गरिनेछ।

(क) अधिकृत एघारौं तहको लागि अधिकृत दशौं, नवौं र समायोजन पूर्वको रा.प.द्वितीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

(ख) अधिकृत नवौं तहको लागि अधिकृत आठौं, सातौं र समायोजन पूर्वको रा.प.तृतीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

(ग) अधिकृत सातौं तहको लागि अधिकृत छैठौं, सहायक पाँचौं र समायोजन पूर्वको रा.प.अनं.प्रथम श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

(४) यस ऐन बमोजिम सातौं, नवौं र एघारौं तहको पदमा बढुवा गर्दा प्रदेशभित्र रहेका स्थानीय तहको रिक्त दरबन्दीलाई आधार मानी बढुवा गरिनेछ।

(५) स्थानीय तहको प्रशासन सेवा र शिक्षा सेवाको नवौं तह वा सोभन्दा माथिल्लो तहको पदमा बढुवा गर्ने प्रयोजनको लागि त्यस्ता सेवा तथा त्यस अन्तर्गतका समूह वा उपसमूहको पदलाई एकै क्लष्टर कायम गरी प्रशासन सेवा र शिक्षा सेवा तथा त्यस अन्तर्गतका समूह वा उपसमूहको आठौं तहको पदमा कार्यरत कर्मचारी यस ऐन बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने छन्।

(६) यस दफा बमोजिम कर्मचारीको बढुवा गर्ने प्रयोजनको लागि सम्बन्धित सेवा समूहमा कायम गर्दा स्थानीय तहमा समायोजन भई समायोजन ऐनको म्यादभित्र हाजिर भएका कर्मचारीलाई समायोजनको निर्णय मितिको आधारमा बढुवा गरिनेछ।

तर समायोजन ऐनको म्यादभित्र हाजिर नभएका एवम् ङ्घ, प्रदेश वा अन्य स्थानीय तहबाट समायोजन संशोधन भई हाजिर हुन आएका कर्मचारी स्थानीय सेवामा दुई वर्ष सेवा अवधि पूरा नगरी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने छैन।

(७) उपदफा (१) बमोजिम बढुवा हुने अधिकृत एघारौं, नवौं र सातौं तहको पदमा अधिकृत दशौं, आठौं र छैठौं तहको उम्मेदवार नभएमा क्रमशः एक तह मुनिको पदमा कार्यरत कर्मचारी सोही उपदफाको योग्यताको अधीनमा रही बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।

३२. **कर्मचारी बढुवाको योग्यता सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै तहको पदमा कम्तीमा पन्ध्र वर्षसम्म बहाल रही रहेका दशौं तह वा सोभन्दा मुनिका कर्मचारीको दफा ७९ बमोजिम अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक तह माथिको पदमा बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद सिर्जना हुनेछ र त्यस्तो कर्मचारी सेवाबाट अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ।

३३. **<u>बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने वा तह वृद्धि रोक्का हुने</u>**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि समेत रोक्का गरिनेछः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) दफा ३६ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

३४. **<u>बढुवा समितिः</u>** (१) स्थानीय सेवाको पदमा बढुवाको सिफारिस गर्ने देहाय बमोजिमको बढुवा समिति रहनेछः-

**<u>(क) एघारौ तहको पदको लागि</u>**

(१) प्रदेश लोक सेवा आयोगको अध्यक्ष -अध्यक्ष

(२) प्रमुख सचिव -सदस्य

(३) प्रदेश लोक सेवा आयोगका अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ -सदस्य

(४) मन्त्रालयको कानून सचिव -सदस्य

(५) मन्त्रालयको प्रशासन महाशाखा हेर्ने सचिव -सदस्य-सचिव

**<u>(ख) नवौं र सातौं तहका पदको लागि</u>**

(१) प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको प्रदेश लोक सेवा आयोगका सदस्य -अध्यक्ष

(२) सेवा सञ्चालन गर्ने प्रदेश मन्त्रालयका सचिव -सदस्य

(३) प्रदेश लोक सेवा आयोगका अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ -सदस्य

(४) मन्त्रालयको कानून सचिव -सदस्य

(५) मन्त्रालयको प्रशासन महाशाखा हेर्ने सचिव -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको बढुवा समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(३) बढुवा समितिले उपदफा (१) बमोजिम बढुवा सिफारिस गर्न अपनाउनु पर्ने कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) बढुवा समितिले बढुवा नामावली प्रकाशन गर्दा बढुवाको लागि आवेदन फाराम भरेका सम्भाव्य उम्मेदवारहरूले पाएको कुल अङ्क समेत प्रकाशन गर्नु पर्नेछ।

(५) बढुवा समितिले आवेदन फाराम बुझाउने अन्तिम मितिले तीन महिनाभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ।

(६) यो ऐन प्रारम्भ हुन भन्दा अघिनै लोकसेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट चौथौ, पाचौं र छैठौं तहका पदहरूमा बढुवाका लागि प्रतिशत निर्धारण भइसकेका उम्मेदवारहरूको बढुवाको लागि उपदफा (१) को खण्ड (ख) बमोजिमको समितिले बढुवाको कार्य सम्पन्न गर्न सक्नेछ।

३५. <u>बढुवाको उजुरी:</u> (१) दफा ३४ बमोजिमको समितिले गरेको बढुवामा चित्त नबुझ्ने कर्मचारीले त्यस्तो बढुवा सिफारिस गरेको मितिले एक्काइस दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुटा ठहरिएमा उजुरी पछि हुने बढुवा त्यस्तो उजुरीकर्ताको दुई अङ्क घटाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम परेको उजुरीमा उजुरी गर्ने म्याद नाघेको मितिले साठी दिनभित्र उजुरीको टुङ्गो लगाउनु पर्नेछ।

(४) बढुवाको उजुरी सम्बन्धी अन्य व्यवस्था प्रदेश लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

३६. <u>सेवा, समूह वा उपसमूह परिवर्तन सम्बन्धी व्यवस्था</u>: (१) कुनै सेवा, समूह वा उपसमूहको कुनै पद लगातार दुई वर्षसम्म पूर्ति हुन नसकी अन्य सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पूर्ति गर्नु पर्ने भएमा स्थानीय तहले प्रदेश लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा प्रदेश लोक सेवा आयोगले सम्बन्धित सेवा, समूह वा उपसमूह र पदको लागि निर्धारण गरिएको न्यूनतम शैक्षिक योग्यता भएका समान तहको पदमा बहाल रहेका कर्मचारीहरू प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन सक्ने गरी विज्ञापन प्रकाशन गर्नेछ। यसरी हुने प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनोट भएका कर्मचारीलाई सम्बन्धित स्थानीय तहको गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले सेवा, समूह वा उपसमूह परिवर्तन गर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँकार्यपालिका वा नगर कार्यपालिकाले स्थानीय स्वास्थ्य सेवामा बहाल रहेको कुनै कर्मचारीलाई विशेष योग्यता हासिल गर्न अध्ययनमा पठाएकोमा त्यस्तो कर्मचारी अध्ययन पूरा गरी सेवामा

हाजिर भएपछि प्रदेश लोक सेवा आयोगको परामर्शमा निजको विशेष योग्यतासँग सम्बन्धित सेवाको अन्य समूह वा उपसमूहमा तोकिए बमोजिम परिवर्तन गर्न सक्नेछ।

(४) यस दफामा व्यवस्था भए बमोजिम बाहेक स्थानीय सेवाका कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन हुने छैन।

३७. **भौगोलिक क्षेत्रको वर्गीकरण**: स्थानीय तहमा रहने दरबन्दी, सरुवा तथा भौगोलिक क्षेत्रमा सेवा गरे बापतको अङ्क प्रदान गर्ने प्रयोजनको लागि प्रदेशभित्रको स्थानीय तहको भौगोलिक क्षेत्रको वर्गीकरण अनुसूची- १२ मा उल्लेख भए बमोजिम हुनेछ।

३८. **प्रदेश सरकारले काजमा खटाउन सक्ने**: स्थानीय तहले कर्मचारीको अभाव भएको भनी निश्चित उद्देश्य वा अवधिको लागि कुनै कर्मचारी माग गरेमा प्रदेश सरकारले सोही प्रयोजनको लागि स्थानीय तहबाटै तलब भत्ता खाने गरी प्रदेश निजामती सेवाको सम्बन्धित सेवा समूहको कर्मचारीलाई काजमा खटाउन सक्नेछ।

३९. **सरुवा एवम् काज खटाउने अधिकार**: (१) स्थानीय सेवाका कर्मचारीलाई आफ्नो स्थानीय तहभित्र सरुवा गर्ने अधिकार सम्बन्धित स्थानीय तहले तोकेको मापदण्ड बमोजिम अख्तियारवालालाई हुनेछ।

(२) स्थानीय सेवाका कर्मचारीलाई कुनै कारणले काजमा खटाउन परेमा प्रमुख प्रशासकीय अधिकृतले बढीमा तीन महिनाको लागि सोही पद भएको मातहतको कार्यालयमा खटाउन सक्नेछ।

तर कुनै निकाय वा आयोजनाका लागि स्वीकृत अस्थायी दरबन्दीमा काज खटाउँदा बढीमा एक आर्थिक वर्षका लागि खटाउन सकिनेछ।

४०. **तह वृद्धि वा बढुवा नियुक्ति रोक्का राखिने**: (१) तह वृद्धि वा बढुवा भई तह वृद्धि वा बढुवाको नियुक्ति लिन नपाउँदै निलम्बनमा परेका कर्मचारीको तह वृद्धि वा बढुवा नियुक्ति रोक्का राखिनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति रोक्का भएको कुनै कर्मचारीको निलम्बन फुकुवा भएमा वा निलम्बनको अवधि समाप्त भएपछि निजलाई तह वृद्धि वा बढुवा भएको मिति देखि ज्येष्ठता कायम हुने गरी तह वृद्धि वा बढुवा नियुक्ति दिइनेछ।

४१. **कार्यक्षमताको आधारमा हुने बढुवाको आधार**: (१) बढुवा समितिले कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाको लागि सिफारिस गर्नेछ।

(२) कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा एक सय अङ्क दिइनेछः-

(क) कार्यसम्पादन मूल्याङ्कन बापत –चालीस अङ्क

(ख) ज्येष्ठता बापत –तिस अङ्क

(ग) भौगोलिक क्षेत्रमा काम गरेबापत –सोह्र अङ्क

(घ) शैक्षिक योग्यता बापत – बाह्र अङ्क

(ङ) तालिम बापत – दुई अङ्क

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन ऐन बमोजिम सरकारी वा अन्य सेवाका कर्मचारीको समायोजन हुनु भन्दा पहिले यस दफा बमोजिम दिइने पूर्णाङ्क फरक परेमा वा हाल प्रदान गर्ने अङ्क भन्दा कम वा बढी हुने रहेछ भने त्यस्तो पूर्णाङ्कलाई एक सय प्रतिशत मानी यस दफा बमोजिम अङ्क गणना गरिनेछ।

४२. **कार्यसम्पादनको मूल्याङ्कनः** (१) कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन गर्दा देहायको मूल्याङ्कनकर्ताले अनुसूची- १३ बमोजिमको ढाँचाको कार्यसम्पादन मूल्याङ्कन फाराम भरी देहायको पदाधिकारीले मूल्याङ्कन गर्नु पर्नेछः-

| **क्र.सं.** | **कर्मचारी** | **मूल्याङ्कनकर्ता** | |
|---|---|---|---|
| | | **सुपरिवेक्षक** | **पुनरावलोकनकर्ता** |
| १. | सहायक तहको कर्मचारीको लागि | कम्तीमा सातौं तहको अधिकृत कर्मचारी | एक तह माथिको अधिकृत कर्मचारी |
| २. | अधिकृतस्तर छैठौं वा सोभन्दा माथिको कर्मचारीको लागि | एक तह माथिको अधिकृत कर्मचारी | प्रमुख प्रशासकीय अधिकृत |

द्रष्टव्यः एक तह माथिको अधिकृत कर्मचारी उपलब्ध हुन नसकेमा प्रमुख प्रशासकीय अधिकृतले सुपरिवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैको हैसियतले मूल्याङ्कन गर्नेछ।

(२) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन बापत दिइने कुल चालिस अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरिवेक्षकले दिन सक्ने अधिकतम -पच्चीस अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम -दश अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम-पाँच अङ्क

(३) सुपरिवेक्षक, पुनरावलोकनकर्ताले कर्मचारीको कार्यसम्पादन बापत अङ्क दिंदा यस दफा र कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधार अनुरूप दिनुपर्नेछ।

(४) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन वार्षिक रूपमा गरिनेछ।

(५) कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रत्येक निकायले आफूले मूल्याङ्कन गरेको फाराम पेस गर्नु पर्ने निकायमा पठाएको नामावली सहितको सूचना सात दिनभित्र आफ्नो कार्यालयको सूचना पाटी र वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(६) प्रत्येक कर्मचारीले प्रत्येक आर्थिक वर्षको साउन सात गतेभित्र आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम तीनप्रति भरी सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको अवधिभित्र मूल्याङ्कन फाराम दर्ता हुन आएका फारामहरूलाई सुपरिवेक्षकले साउन मसान्तभित्र मूल्याङ्कन गरी पुनरावलोकनकर्ता समक्ष पेस गर्नु पर्नेछ। पुनरावलोकनकर्ताले प्रत्येक आर्थिक वर्षको भदौ पन्ध्र गतेभित्र पुनरावलोकन गरि सक्नु पर्नेछ। यसरी मूल्याङ्कन भएको फारामलाई कार्यालयले एक एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश लोक सेवा आयोगमा पठाई बाँकी एक प्रति सम्बन्धित स्थानीय तहमा राख्नु पर्नेछ।

(८) कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने समयावधिमा कुनै कर्मचारी वैदेशिक तालिम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा जानुपर्ने अवस्था परेमा वा प्रसूति बिदामा बस्नु परेमा त्यसरी जानुभन्दा वा प्रसुति बिदामा बस्नुभन्दा अगावै कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ। त्यसरी दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई निर्धारित समयमै दर्ता भएको मानी मूल्याङ्कन गर्नु पर्नेछ।

(९) कर्मचारीले समयमा नै भरी दर्ता गरेको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको अवधिभित्र मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(१०) प्रत्येक वर्ष कार्यसम्पादन मूल्याङ्कन भई सकेपछि सम्बन्धित कर्मचारीले त्यस वर्ष प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्क निजले निवेदन दिई माग गरेमा सम्बन्धित कार्यालयले जानकारी दिनु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम जानकारी लिएपछि सुपरिवेक्षक र पुनरावलोकनकर्ताले गरेको मूल्याङ्कन कुनै कर्मचारीलाई चित्त नबुझेमा सोको ठोस आधार र कारणसहित सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी गर्न सक्नेछ। त्यसरी उजुरी गरेकोमा त्यस्तो अधिकारीले उजुरी उपर सम्बन्धित सुपरिवेक्षक र पुनरावलोकनकर्तासँग परामर्श गरी आवश्यक छानबिन गर्नेछ र आवश्यक देखिएमा त्यस्तो मूल्याङ्कन फाराममा प्राप्त अङ्क तोकिए बमोजिम संशोधन गर्न सक्नेछ।

तर प्रमुख प्रशासकीय अधिकृत नै पुनरावलोकनकर्ता भएको मूल्याङ्कनमा चित्त नबुझ्नेले उजुरी गर्दा मन्त्रालयको प्रमुख सचिव समक्ष उजुरी गर्नु पर्नेछ।

(१२) कार्यसम्पादन मूल्याङ्कन बापत सुपरिवेक्षक वा पुनरावलोकनकर्ताले पन्चान्नब्बे प्रतिशतभन्दा बढी वा असी प्रतिशतभन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ र असी प्रतिशतभन्दा कम अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्नु पर्नेछ।

(१३) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको लागि अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ।

तर,

(क) अध्ययन वा तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा अध्ययन, तालिम वा निलम्बन अवधिको कार्यसम्पादन मूल्याङ्कन बापत त्यस्तो अध्ययन वा तालिममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कनमा जति अङ्क पाएको छ सोही अनुपातमा नै अङ्क गणना गरिनेछ।

(ख) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारको हिसाब गरिनेछ र त्यस्तो बिदा अवधिको कार्यसम्पादन मूल्याङ्कन फाराम भरिने छैन। असाधारण बिदामा बसेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा असाधारण बिदामा बसेको अवधि कटाई सोभन्दा अगाडि वा पछाडिका वर्षहरूका बढुवाको लागि आवश्यक पर्ने अवधिको कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क गणना गरिनेछ।

(१४) समायोजन ऐन बमोजिम अन्य सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा यो ऐन प्रारम्भ भए पश्चात् यसै ऐन बमोजिम कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।

(१५) एघारौं तहका कर्मचारीको तोकिए बमोजिम नेतृत्व मूल्याङ्कन गरिनेछ।

(१६) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले समय समयमा तोके बमोजिम हुनेछ।

४३. **ज्येष्ठता बापतको अङ्कः** कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क हाल बहाल रहेको देहाय बमोजिमको पदमा काम गरे बापत प्रत्येक वर्षको लागि तीन अङ्क प्रदान गरिनेछः-

तर,

(क) ज्येष्ठता बापत अङ्क गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ।

(ख) यस दफाको प्रयोजनको लागि गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क दिइने छैन।

४४. **भौगोलिक क्षेत्रको विभाजनः** (१) कर्मचारीलाई यस ऐन बमोजिम विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा देहायको भौगोलिक क्षेत्रको वर्गीकरणको आधारमा

एक वा एकभन्दा बढी वर्गमा काम गरेको अनुभव बापत सोह्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क ४.० का दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क ३.५ का दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क ३.० का दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क २.५ का दरले,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कुनै कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरिसकेको अङ्क घट्ने छैन।

(३) कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा दुई सय तेत्तीस दिन रुजु हाजिर नभई सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन। दुई सय तेत्तीस दिनभन्दा बढी अवधिको लागि दामासाहीको दरले सोही भौगोलिक क्षेत्रको र सोभन्दा कम अवधिको लागि जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्ग सरहको अङ्क दिइनेछ। भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन तहमा बढुवा हुने हो सो तहभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "रुजु हाजिर" भन्नाले सार्वजनिक बिदा, मृत्यु संस्कार बिदा, भैपरी आउने र पर्व बिदाको अवधिलाई समेत जनाउँछ।

(४) अध्ययन बिदा तथा वैदेशिक तालिममा काजमा जाने कर्मचारीलाई "घ" वर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ।

(५) समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भए पनि उपदफा (३) बमोजिमको अवधिसम्म सम्बन्धित स्थानीय तहमा हाजिर नहुने कर्मचारीको सो अवधि बापतको भौगोलिक अङ्क गणना गरिने छैन।

तर कुनै कर्मचारीलाई स्थानीय तहले हाजिर नगराएको पुष्टि भएमा जुन भौगोलिक क्षेत्र भएको कार्यालयमा हाजिर भएको हो सोही भौगोलिक क्षेत्र बापतको अङ्क उपदफा (३) को अवधिको आधारमा प्रदान गरिनेछ।

४५. **शैक्षिक योग्यता र तालिमको मूल्याङ्कनः** (१) कर्मचारीहरूलाई शैक्षिक योग्यताको अङ्क दिंदा सेवाको सम्बन्धित पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत एकमुष्ठ नौ अङ्क र सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधि बापत एकमुष्ट तीन अङ्क दिइनेछ। सेवा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक उपाधि मात्र पाएको अवस्थामा पनि सोही बराबरको दुवै अङ्क दिइनेछ।

(२) अधिकृत नवौं तह वा सो सरह वा सोभन्दा माथिको तहमा बढुवाको लागि पनि अधिकृत सातौं तह वा सो सरहको सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

(३) सेवाकालीन तालिम बापत प्रथम श्रेणीको लागि दुई अङ्क, द्वितीय श्रेणीको लागि एक दशमलव पाँच अङ्क र तृतीय श्रेणीको लागि एक अङ्क प्रदान गरिनेछ।

(४) कर्मचारीलाई तालिमको अङ्क दिँदा तिस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिम बापत अङ्क दिइनेछ। तालिमको अङ्क गणना गर्दा जुन तहमा छँदा तालिम लिएको हो सोही तह भन्दा एक तह माथिको पदमा बढुवाको लागि मात्र गणना गरिनेछ।

(५) कर्मचारीले बढुवाको दरखास्त साथ शैक्षिक योग्यता र सेवाकालीन तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ र त्यस्तो प्रमाणपत्र पेस नगरेमा त्यस बापत अङ्क दिइने छैन।

(६) कर्मचारीले बढुवा प्रयोजनको लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उपसमूहसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ। बढुवा प्रयोजनको लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण बढुवा समितिको बैठक बस्नुभन्दा अगाडिको मितिसम्म भएमा त्यस्तो शैक्षिक योग्यताको अङ्क बढुवाको लागि गणना गरिनेछ।

(७) यस दफाको अधीनमा रही तालिम दिने संस्था र तालिमको स्तर सम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

४६. <u>ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवा हुने पदभन्दा मुनिको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई देहाय बमोजिमको आधारमा सिफारिस गरिनेछः-

(क) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति बर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको,

(ख) अधिकृत नवौं वा सोभन्दा माथिको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरहको तथा सातौं तहको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको,

(ग) बढुवा हुने पद भन्दा एक तह मुनिको अधिकृतस्तरको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिम लिएको,

(घ) हाल बहाल रहेको तहको पदमा भौगोलिक क्षेत्रमा कामगरे बापत दफा ४४ बमोजिम पूरा अङ्क प्राप्त गरेको,

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक क्षेत्रमा काम गरे बापत पूरा वा बढी अङ्क प्राप्त गरेको कर्मचारीभन्दा स्थानीय सेवामा रहेको अन्य कर्मचारी सेवा अवधिको आधारमा ज्येष्ठ रहेछ भने त्यस्तो ज्येष्ठ कर्मचारीलाई सम्भाव्य उम्मेदवार कायम गरी बढुवा गरिनेछ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको सम्भाव्य उम्मेदवार बढुवा भएमा त्यस्तो कर्मचारीको ज्येष्ठता सोही उपदफा बमोजिम बढुवा हुने अन्य कर्मचारीभन्दा पछि हुने गरी कायम गरिनेछ।

(३) यस दफा बमोजिम गरिने बढुवाको कारबाही सम्पन्न गरी सिफारिस गरेपछि कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाको सिफारिस गर्नु पर्नेछ।

## परिच्छेद- ६

## तालिम, अध्ययन र छात्रवृत्ति

४७. **तालिम सम्बन्धी व्यवस्था**: (१) प्रदेश सरकारले आवश्यकता अनुसार स्थानीय तहको कर्मचारीको सिप र क्षमता वृद्धिको लागि सेवा प्रवेश एवम् सेवाकालीन अवधिमा तालिम दिने व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्येक कार्यालय प्रमुखले आफ्नो मातहतमा कार्यरत कर्मचारीमध्ये कुनै कर्मचारीलाई के कस्तो तालिम आवश्यक पर्ने भन्ने विषयमा प्रत्येक आर्थिक वर्ष शुरू भएको एक महिनाभित्र तालिमको आवश्यकता पहिचान गर्नुको साथै त्यस्तो तालिम उपलब्ध गराउन तालिम प्रदान गर्ने निकायमा आवश्यक पहल गर्नु पर्नेछ।

(३) स्थानीय तहका कर्मचारीको सिप र क्षमता वृद्धिको लागि दिइने तालिम सम्बन्धी अन्य व्यवस्था प्रदेश निजामती कर्मचारीलाई लागु भए सरह हुनेछ।

४८. **तालिम, अध्ययन वा अध्ययन भ्रमण**: (१) सम्बन्धित स्थानीय तहले आफ्नो मातहतका कर्मचारीलाई तालिम, अध्ययन वा अध्ययन भ्रमणमा पठाउनका लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गर्नु पर्नेछ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि,-

(क) "तालिम" भन्नाले अध्ययन बाहेक कुनै संस्थाद्वारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधिमा सञ्चालन हुने सिप आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ।

(ख) "अध्ययन" भन्नाले सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा स्नातक, स्नातकोत्तर, विद्यावारिधि वा कुनै शैक्षिक उपाधि हासिल गर्नको निमित्त गरिने अध्ययन सम्झनु पर्छ।

(ग) "अध्ययन भ्रमण" भन्नाले अध्ययन र तालिम बाहेक बढीमा छ हप्ताको गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि तालिम, अध्ययन वा अध्ययन भ्रमणका लागि विषयगत आधारमा सङ्ख्या किटान गरी त्यसको विवरण कार्यालयले उपदफा (३) बमोजिमको समितिमा पेस गर्नु पर्नेछ।

(३) स्थानीय तहले जुनसुकै निकायमा प्राप्त भएका तालिम, अध्ययन वा अध्ययन भ्रमणको बाँडफाँट गर्न देहाय बमोजिमको समिति रहनेछ:-

(क) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) स्थानीय तहको प्रशासन तथा योजना हेर्ने महाशाखा वा शाखा प्रमुख -सदस्य

(ग) स्थानीय तहको राजश्व वा बजेट शाखा हेर्ने शाखा प्रमुख -सदस्य

(४) उपदफा (३) बमोजिमको समितिले मापदण्ड बनाई सो बमोजिम तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्नेछ।

(५) उपदफा (३) बमोजिमको समितिले विषयवस्तु, आवश्यकता र औचित्य हेरी उपदफा (४) बमोजिम वैदेशिक तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्दा सबै सेवा, समूह वा उपसमूहका स्थानीय सेवाको कर्मचारीबिच न्यायोचित तवरले बाँडफाँट गर्नु पर्नेछ।

(६) उपदफा (३) बमोजिमको समितिबाट स्वीकृत नगराई वैदेशिक तालिम, अध्ययन र अध्ययन भ्रमणमा पठाउन पाइने छैन। कसैले सो समितिको स्वीकृति नलिई कुनै कर्मचारीलाई मनोनयन गरेमा मनोनयन गर्ने अधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(७) कर्मचारीलाई तालिमको लागि मनोनयन गर्दा तालिमको आवश्यकता मूल्याङ्कन गरी सम्बन्धित सेवा समूहको ज्येष्ठताको आधारमा मनोनयन गर्नु पर्नेछ।

(८) वैदेशिक तालिम, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँटको अन्य प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ।

४९. **तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नु पर्ने न्यूनतम सेवा अवधि**: स्थानीय तहको मनोनयनमा तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाने कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि उक्त अवधिको न्यूनतम दोब्बर अवधिसम्म सम्बन्धित स्थानीय तहमा अनिवार्य रूपले सेवा गर्नु पर्नेछ।

५०. **कबुलियतनामा गर्नु पर्ने**: (१) कुनै कर्मचारीले सरकारी मनोनयनमा तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जानु अघि दफा ४९ बमोजिमको सेवा गर्ने गरी अनुसूची- १४ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नु पर्नेछ।

(२) तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको कर्मचारीले उपदफा (१) बमोजिमको न्यूनतम सेवा अवधि पूरा नगरी निजलाई अर्को पटक तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणको लागि मनोनयन गरिने छैन।

(३) उपदफा (१) बमोजिमको कबुलियतनामा अनुसार सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाँदा कबुलियतनामा गरेको अवधिको आखिरी तलब तथा भत्ता रकमको दोब्बर रकम असुल उपर गरिनेछ।

(४) अख्तियारवालाको पूर्व स्वीकृति लिई निजी प्रयासमा बेतलवी अध्ययन बिदामा जाने कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन बिदा बराबरको अवधि सेवा गर्ने कबुलियतनामा गर्नु पर्नेछ।

(५) यस ऐन बमोजिम अध्ययन, तालिम वा अध्ययन भ्रमणमा जाने कर्मचारीले त्यस्तो कार्यक्रमको प्रत्येक वर्ष वा सेमेष्टरको नतिजा वा प्रगति विवरण त्यस्तो नतिजा प्रकाशन भएको तिस दिनभित्र पदाधिकार रहेको निकाय, प्रदेश किताबखाना र मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (१) वा (४) बमोजिम तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियतनामा बमोजिमको सेवा अवधि पूरा नगरेमा त्यस्ता कर्मचारीको अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

(७) उपदफा (३) बमोजिम रकम असुल उपर गर्दा सम्बन्धित कर्मचारीले पाउने रकमबाट असुल गर्नु पर्नेछ र त्यस्तो रकमबाट असुल गर्न नसकिएमा वा रकम अपुग भएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएको कर्मचारी अनिवार्य अवकाश भएको वा मृत्यु भएको कारणले दफा ४९ बमोजिमको सेवा अवधि पूरा गर्न नसकेमा निज वा निजको परिवारबाट कुनै रकम असुल उपर गरिने छैन।

(९) तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएको कर्मचारी त्यस्तो तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको मितिले तिस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्नेछ।

परिच्छेद- ७

## हाजिरी र बिदा

**५१.** **सार्वजनिक बिदाः** कर्मचारीले सङ्घ, प्रदेश र सम्बन्धित स्थानीय तहले समय समयमा प्रदान गरेको सार्वजनिक बिदा पाउनेछ।

**५२.** **भैपरी आउने र पर्व बिदा**: (१) कर्मचारीले प्रत्येक वर्ष भैपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन गरी जम्मा बाह्र दिन लिन पाउनेछ।

(२) भैपरी आउने र पर्व बिदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ।

(३) भैपरी आउने र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "आधा दिन" भन्नाले दैनिक कार्यालय समयको आधा समय सम्झनु पर्छ।

(४) एक वर्षको भैपरी आउने र पर्व बिदा सञ्चित गरी अर्को वर्षमा लिन पाइने छैन।

(५) मौखिक अनुरोधको आधारमा पनि बिदा दिने अधिकारीले भैपरी आउने र पर्व बिदाको स्वीकृति दिन सक्नेछ।

तर यसरी भैपरी आउने र पर्व बिदाको स्वीकृति दिएकोमा बिदा दिने अधिकारीले सोको अभिलेख राख्न लगाउनु पर्नेछ।

**५३.** **घर बिदा**: (१) कर्मचारीले काम गरेको अवधिको बाह्र दिनको एक दिनका दरले घर बिदा पाउनेछ।

(२) यो दफाको प्रयोजनको निमित्त "काम गरेको अवधि" भन्नाले सो अवधिभित्र लिएको भैपरी आउने र पर्व बिदा, बिरामी बिदा, प्रसूति बिदा, प्रसुति स्याहार बिदा, मृत्यु संस्कार बिदा, सट्टा बिदा, अतिरिक्त सेवा बिदा र सार्वजनिक बिदा समेतलाई जनाउनेछ।

(३) घर बिदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ।

(४) कर्मचारीले आफूले पकाएको घर बिदा एक सय असी दिनसम्म सञ्चित गरी राख्न पाउनेछ।

(५) कुनै कारणले कर्मचारी सेवाबाट अलग भएमा निजको सञ्चित रहेको घर बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाइ आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ।

(६) सञ्चित रहेको घर बिदाको रकम लिन नपाउँदै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित घर बिदा बापतको रकम नजिकको हकवालाले एकमुष्ट लिन पाउनेछ।

(७) घर बिदा, अध्ययन बिदा वा असाधारण बिदामा बसेका कर्मचारीले सो अवधिभरको घर बिदा पाउने छैन।

५४. **<u>बिरामी बिदा</u>**: (१) कर्मचारीले प्रत्येक वर्ष बाह्र दिन बिरामी बिदा पाउनेछ।

(२) बिरामी बिदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ।

(३) कर्मचारी अशक्त बिरामी भई सञ्चित बिरामी बिदाले नपुग्ने भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की बिरामी बिदा दिन सकिनेछ।

(४) कर्मचारीले असाधारण बिदा लिई बसेको अवधिभर बिरामी बिदा पाउने छैन।

(५) सात दिनभन्दा बढी अवधिको बिरामी बिदाको माग गर्ने कर्मचारीले नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकको प्रमाणपत्र पेस गर्नु पर्नेछ।

तर त्यस्तो प्रमाणपत्र पेस गर्न साधारणतया सम्भव थिएन भने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा जनाई प्रमाणपत्र बिना नै उक्त बिदा स्वीकृत गर्न सक्नेछ।

(६) कर्मचारीले आफूले पकाएको बिरामी बिदा सञ्चित गरी राख्न पाउनेछ।

(७) कुनै कारणले कर्मचारी सेवाबाट अलग भएमा निजको सञ्चित रहेको बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाइ आएको तलबको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउनेछ।

(८) सञ्चित रहेको बिरामी बिदाको रकम लिन नपाउदै कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित बिरामी बिदाको रकम निजको नजिकको हकवालाले एकमुष्ट लिन पाउनेछ।

(९) कुनै ठुलो वा कडा रोग लागि उपचार गर्न बिरामी बिदा र घर बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेस गरी कर्मचारीले पछि पाउने बिरामी बिदा र घर बिदाबाट कट्टा हुने गरी पैंतालीस दिनसम्म थप बिरामी बिदा पेश्कीको रूपमा लिन सक्नेछ। त्यसरी पेश्की बिरामी बिदा लिई बसेको कर्मचारीले पूरा तलब पाउनेछ।

(१०) उपदफा (९) बमोजिम लिएको बिदाले नपुग भई थप बिदा लिनु परेमा नेपाल सरकार वा प्रदेश सरकारले तोकेको मेडिकल बोर्ड वा समितिको सिफारिसमा कर्मचारीले पाउने असाधारण बिदाबाट कट्टा हुने गरी सेवा अवधिभरमा बढीमा एक वर्ष असाधारण बिदा लिन सक्नेछ।

(११) उपदफा (९) बमोजिम पेश्की बिरामी बिदा लिने कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको बिरामी बिदा स्वतः मिनाहा हुनेछ।

५५. **सट्टा बिदा**: (१) सार्वजनिक बिदाको दिनमा काममा खटिने कर्मचारीले सो बापत सट्टा बिदा पाउने छ र त्यस्तो बिदा अर्को तीन महिनाभित्रमा पालो मिलाई बस्नु पर्नेछ। त्यस्तो बिदा तीन महिना नाघे पछि सार्वजनिक बिदा बापत सट्टा बिदा दिइने छैन।

(२) सट्टा बिदाको अभिलेख सम्बन्धित कार्यालय प्रमुखले अद्यावधिक गरी राख्नु पर्नेछ।

५६. **प्रसूति बिदा**: (१) महिला कर्मचारी सुत्केरी हुने भएमा सुत्केरी हुनु अघि वा पछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा पाउनेछ।

(२) उपदफा (१) बमोजिम प्रसूति बिदा लिएको महिला कर्मचारीले चाहेमा कुनैपनि बिदाबाट कट्टा नहुने गरी थप छ महिनासम्म बेतलबी प्रसूति बिदा लिन सक्नेछ।

तर त्यस्तो बिदा लगातार रूपमा लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम बेतलबी बिदामा बसेको अवधि नोकरी अवधिमा जोडिनेछ।

(४) प्रसूति बिदामा बस्ने महिला कर्मचारीले पूरा तलब पाउनेछ।

(५) प्रसूति बिदा तथा प्रसूति स्याहार बिदा पाएका कर्मचारीलाई शिशुको स्याहारको निमित्त बढीमा दुई वटा बच्चाको लागि जनही एकमुष्ट पाँच हजार रुपैयाँ शिशु स्याहार भत्ता दिइनेछ।

(६) प्रसूति बिदा लिएको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक बनाई राख्नु पर्नेछ।

५७. **प्रसूति स्याहार बिदा**: (१) कुनै पुरुष कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ।

(२) प्रसूति स्याहार बिदामा बस्ने कर्मचारीले पूरा तलब भत्ता पाउनेछ।

(३) प्रसूति स्याहार बिदा लिएको कर्मचारीले त्यस्तो बिदा लिएको मितिले पैंतिस दिनभित्रमा बच्चाको जन्म दर्ता प्रमाणपत्र आफू कार्यरत कार्यालयमा पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र त्यस्तो प्रमाणपत्र पेस नगर्ने कर्मचारीको त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ।

(५) प्रसूति स्याहार बिदाको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक गरी राख्नु पर्नेछ।

५८. **मृत्यु संस्कार बिदा**: (१) कुनै कर्मचारीले आफ्नो धर्म संस्कृति अनुसार आफैं मृत्यु संस्कारमा बस्नु परेमा आफ्नो संस्कार अनुसार एक वर्षमा एकै पटक वा पटक पटक गरी बढीमा पन्ध्र दिन बिदा पाउनेछ। महिला कर्मचारीको पतिले मृत्यु संस्कार बिदामा बस्नु परेमा निजलाई पनि त्यत्तिनै दिन बिदा दिइनेछ।

(२) मृत्यु संस्कार बिदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ।

५९. **अध्ययन बिदा**: (१) स्थानीय सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा स्थानीय तहलाई प्राप्त स्वदेशी वा वैदेशिक छात्रवृत्तिमा मनोनयन वा छनोट भई अध्ययन गर्न जाने कर्मचारीले अध्ययन अवधिभर अध्ययन बिदा पाउन सक्नेछ।

(२) कर्मचारीले सेवा अवधिभरमा एकै पटक वा पटक पटक गरी बढीमा चार वर्षसम्म अध्ययन बिदा पाउनेछ।

तर एउटा अध्ययन पूरा गरी फर्की सेवामा हाजिर भएको तीन वर्ष पूरा नभई सोही कर्मचारीलाई पुनः अर्को पटक अध्ययन बिदा दिइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अध्ययनको निमित्त मनोनयन भई अध्ययन बिदा लिई गएको कर्मचारीलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नको निमित्त अध्ययन बिदा थपिने छैन तथा असाधारण बिदा पनि दिइने छैन।

(४) अध्ययन बिदामा बस्दा कर्मचारीले पूरा तलब पाउनेछ।

(५) सम्बन्धित सेवा, समूह, उपसमूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न जाने कर्मचारीलाई उपदफा (२) बमोजिम अध्ययन बिदा दिन सकिनेछ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (५) बमोजिम अध्ययन बिदामा बस्ने कर्मचारीले तलब पाउने छैन।

(७) कुनै योजना वा कार्यक्रमलाई कार्यान्वयन गर्नको निमित्त अत्यावश्यक भएको तालिम प्राप्त गर्नको लागि स्थानीय तहले कुनै कर्मचारीलाई मनोनयन गरी खटाएमा त्यस्तो तालिम अवधिभर निजलाई काजको रूपमा पठाइनेछ र सो अवधिभर निजलाई पूरा तलब दिइनेछ।

तर यस प्रकारको काज तालिमको निमित्त मात्र हुनु पर्नेछ र कुनै पनि कर्मचारीलाई शैक्षिक उपाधि हासिल गर्न पठाउँदा तालिम काज दिइने छैन।

(८) यस दफामा उल्लिखित विषय बाहेक अन्य विषयको हकमा मन्त्रालयले अध्ययन बिदा सम्बन्धी मापदण्ड बनाइ लागु गर्न सक्नेछ।

६०. **असाधारण बिदा**: (१) कर्मचारीले असाधारण बिदा लिनु पर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिब देखिएमा स्थानीय तहले एक पटकमा एक वर्षमा नबढाई र सेवा अवधिभरमा दुई वर्षमा नबढाई असाधारण बिदा दिन सक्नेछ।

तर स्थानीय तहको पूर्व स्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न चाहने कर्मचारीलाई तीन वर्षमा नबढ्ने गरी अध्ययन अवधिभरको लागि असाधारण बिदा दिन सकिनेछ।

(२) असाधारण बिदामा बस्ने कर्मचारीले सो अवधिभर तलब पाउने छैन।

तर दफा ५४ को उपदफा (१०) बमोजिम असाधारण बिदामा बस्ने कर्मचारीले त्यस्तो बिदामा बसेको अवधिको पूरा तलब पाउनेछ।

(३) पाँच वर्ष सेवा अवधि नपुगी कुनै कर्मचारीले असाधारण बिदा पाउने छैन।

तर,

(क) दफा ५४ को उपदफा (१०) बमोजिम थप बिरामी बिदा बापत असाधारण बिदामा बस्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(ख) स्थानीय तहको पूर्व स्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न चाहने कर्मचारीले दुई वर्षको सेवा अवधि पूरा गरेपछि उपदफा (१) बमोजिम असाधारण बिदा पाउन सक्नेछ।

(४) अध्ययनको लागि असाधारण बिदा लिएको कर्मचारीले अध्ययन नगरी अन्यत्र सेवा गर्न पाउने छैन। कुनै कर्मचारीले लिएको असाधारण बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

६१. **अतिरिक्त सेवा बिदा**: (१) स्वास्थ्य सेवामा हप्तामा चालीस घण्टाभन्दा बढी काम गर्नु पर्ने कर्मचारीहरूले बढी समय काम गरे बापत अतिरिक्त सेवा बिदा पाउने छन्। त्यस्तो बिदा अर्को तीन महिनाभित्रमा पालो मिलाई लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पालो मिलाई अतिरिक्त सेवा बिदा लिन नपाए जति अवधिको तलब बराबरको भुक्तानी दिइनेछ।

(३) अतिरिक्त सेवा बिदाको अभिलेख सम्बन्धित कार्यालय प्रमुखले अद्यावधिक गरी राख्नु पर्नेछ।

६२. **बिदा माग गर्ने विधि**: (१) बिदाको निकासाको निमित्त कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि, कारण र विदेश जानु पर्ने भए सो समेत खोली अनुसूची- १५ बमोजिमको ढाँचामा आफ्नो कार्यालय मार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेस गर्नु पर्नेछ र बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो कर्मचारीलाई दिनु पर्नेछ।

(२) देहायका कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मिति भन्दा अगाडिदेखिको मितिबाट बिदा स्वीकृत गर्न सक्नेछः-

(क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति लिन सम्भव थिएन भने,

(ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने।

(३) अध्ययन बिदाको लागि निवेदन दिंदा देहायका कुराहरू उल्लेख गर्नु पर्नेछः-

(क) आफूले अध्ययन गर्न खोजेको विषयको विवरण,

(ख) अध्ययन गरिने विश्वविद्यालय, संस्था वा प्रशिक्षण केन्द्रमा प्रवेश गर्ने स्वीकृति प्राप्त भएको विवरण,

(ग) स्थानीय तहलाई त्यस्तो बिदाको सम्बन्धमा विचार गर्न सहायक हुने अन्य आवश्यक विवरण,

(घ) अध्ययन गर्न खोजेको विषय स्थानीय तहको सेवालाई आवश्यक छ भन्ने पुष्ट्याई तथा कागजातहरू।

६३. **बिदा स्वीकृत गर्ने अधिकारी**: कर्मचारीको देहायको बिदा देहायको अधिकारीले स्वीकृत गर्नेछः-

(क) अध्ययन बिदा र असाधारण बिदा गाउँ कार्यपालिकाले वा नगर कार्यपालिकाले,

(ख) अन्य बिदा प्रमुख प्रशासकीय अधिकृतले।

६४. **बिदा परिणत नहुने**: यस परिच्छेद बमोजिम कर्मचारीले जुन बिदा लिई बसेको हो सोही बिदा नै उपभोग गर्नु पर्नेछ। पहिले कुनै एक किसिमको बिदा स्वीकृत भएकोमा त्यस्तो बिदा पछि मृत्यु संस्कार बिदा वा प्रसूति बिदा बाहेक अर्को किसिमको बिदामा परिणत गराउन पाइने छैन।

६५. **सार्वजनिक बिदा गाभिने**: भैपरी आउने र पर्व बिदा बाहेक अरू कुनै प्रकारको बिदालिई बसेको कर्मचारीले सो बिदा भुक्तान हुँदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदा पछि पनि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक बिदाको अवधि पनि निज कर्मचारीले लिएको बिदा वा सो बिदा बाँकी नभएमा लिन पाउने अरू बिदामा बसेको मानिनेछ ।

६६. **गयल भएको अवधि सेवा अवधिमा गणना नहुने**: (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गरिनेछ। यसरी गयल भएको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

(२) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी अवधि अनुपस्थित हुने कर्मचारीलाई हाजिर गराउन पाइने छैन।

(३) उपदफा (२) विपरीत कुनै पदाधिकारीले कुनै कर्मचारीलाई हाजिर गराएकोमा त्यस्तो पदाधिकारीलाई विभागीय कारबाही गरी सो कर्मचारीले खाएको तलब, भत्ता समेत त्यसरी हाजिर गराउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

६७. **बिदाको अभिलेख**: (१) बिदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने कर्मचारीको बिदाको अभिलेख अनुसूची- १६ बमोजिमको ढाँचामा राख्न लगाउनु पर्नेछ। कुनै कर्मचारीलाई प्रसूति बिदा, प्रसूति स्याहार बिदा, मृत्यु संस्कार बिदा, असाधारण बिदा वा अध्ययन बिदा दिएकोमा त्यसको सूचना कर्मचारी दर्ता किताब र तलब खर्च लेख्ने कार्यालयलाई समेत पठाउनु पर्नेछ।

(२) कुनै कर्मचारी स्थानीय तहको एक कार्यालयबाट अर्को कार्यालयमा वा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा सरुवा वा बढुवा भएमा सरुवा वा बढुवाको जनाउको साथै बिदाको अभिलेखको उतार पनि हालको कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बिदाको अभिलेखको एक प्रति उतार सम्बन्धित कर्मचारीलाई समेत दिनु पर्नेछ। बढुवाको लागि कारबाही हुँदा यस्तो बिदाको अभिलेख पेस गर्ने जिम्मेवारी कर्मचारीको सम्बन्धित स्थानीय तहको हुनेछ।

६८. **<u>बिदा अधिकारको कुरा होइनः</u>** बिदा अधिकारको कुरा होइन, सहुलियत मात्र हो।

## परिच्छेद- ८

## <u>तलब, भत्ता, चाडपर्व खर्च र अन्य सुविधा</u>

६९. **<u>तलब, भत्ता:</u>** (१) स्थानीय सेवाका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ। त्यसरी तलब, भत्ता र अन्य सुविधा तोक्दा समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा निजहरूले समायोजन हुनु भन्दा अघि खाइपाइ आएको तलब, भत्ता र अन्य सुविधा भन्दा कम हुने गरी तोकिने छैन।

(२) उपदफा (१) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा नतोकेसम्म नेपाल सरकारले तोके बमोजिमको तलब, भत्ता र अन्य सुविधा लागु हुनेछ।

(३) कर्मचारीले हाजिर भएको दिनदेखि तलब, भत्ता पाउनेछ।

(४) कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(५) प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन।

(६) उपदफा (५) बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता त्यसरी तलब भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर गरिनेछ।

(७) प्रत्येक कर्मचारीले एक वर्षको सेवा अवधि पूरा गरेपछि तोकिए बमोजिम तलब वृद्धि पाउनेछ।

(८) कुनै कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा सो तलब वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रूपमा जनाई राख्नु पर्नेछ।

७०. **<u>पकाएको तलब भत्ता पाउने</u>:** (१) कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि पकाएको तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ।

(२) कर्मचारी जुनसुकै तरिकाले सेवामा नरहे पनि पकाएको तलब र भत्ता पाउनेछ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि कर्मचारीको तलब कट्टा गरिने छैन।

७१. **<u>निलम्बन भएमा पाउने तलब</u>:** (१) कुनै कर्मचारी सरकारी कामको सम्बन्धमा वा स्थानीय सरकारको तर्फबाट भएको कारबाहीको फलस्वरूप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा रकम मात्र पाउनेछ।

तर निजले सफाई पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी बाँकी र नपाएको भए पूरै तलब र तलब वृद्धि हुने भएमा सो समेत पाउनेछ।

(२) कुनै अदालतमा मुद्दा दायर भएको कारणले कुनै कर्मचारी निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसूरदार ठहरी फैसला भएमा त्यस्तो फैसला भएको मितिदेखि निजले तलब पाउने छैन।

७२. **<u>चाडपर्व खर्च</u>:** (१) कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एक पटक चाडपर्व खर्चको रूपमा पाउनेछ।

(२) निवृत्तभरण पाउने गरी अवकाश प्राप्त कर्मचारीलाई निजले पाउने एक महिनाको निवृत्तभरण बराबरको रकम चाडपर्व खर्चको रूपमा दिइनेछ।

७३. **<u>कर्मचारी सञ्चय कोष</u>:** कर्मचारीहरूको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा स्थानीय तहले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरि दिनेछ।

७४. **<u>सावधिक जीवन बीमा</u>:** (१) कर्मचारीले सङ्घीय निजामती सेवाका कर्मचारीलाई भए सरहको सावधिक जीवन बीमा र सो बापतको सुविधा पाउनेछ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बीमाको व्यवस्थापन प्रचलित कानून बमोजिम स्थापना भएको सावधिक जीवन बीमा कोषबाट हुनेछ।

७५. **<u>उपचार खर्च</u>:** (१) कर्मचारीले सेवा अवधिभरमा देहाय बमोजिमको खाइपाइ आएको तलब रकमसम्म उपचार खर्च बापत पाउनेछः-

(क) अधिकृतस्तर भन्दा माथिको कर्मचारी भए बाह्र महिना बराबरको,

(ख) सहायकस्तर र तहविहीन कर्मचारी भए एक्काइस महिना बराबरको।

(२) कुनै कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा उपदफा (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम भएको उपचार खर्च सम्बन्धित स्थानीय तहले दिनेछः–

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखी दिएको प्रेस्क्रिप्शन अनुसार औषधि किनेको खर्च,

(ख) स्वास्थ्य संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको बील बमोजिमको खर्च,

(ग) अस्पताल र स्वीकृत चिकित्सक पनि नभएको ठाउँमा भएको उपचारमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशाकीय अधिकृतले सिफारिस गरेको खर्च,

<u>**स्पष्टीकरण:**</u> "स्वीकृत चिकित्सक" भन्नाले सरकारी सेवामा रहेका वा प्रचलित कानून बमोजिम चिकित्सकको रूपमा दर्ता भएका डाक्टर, कविराज, हेल्थ असिष्टेण्ट वा वैद्य समेतलाई जनाउँछ।

(घ) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बील बमोजिमको खर्च,

(ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्ला वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्चबापत सम्बन्धित निजामती कर्मचारीले प्रचलित कानून बमोजिम पाउने दैनिक भत्ता बराबरको रकम।

(३) यस दफा बमोजिम पाउने उपचार खर्च कुनै कर्मचारीले पेश्कीको रूपमा लिन चाहेमा सोको कारण मुनासिब देखिए यस दफाको अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ। त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भए जति रकम सम्बन्धित कर्मचारीको तलबबाट किस्ताबन्दीमा कट्टी गरिनेछ। त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुँदै सम्बन्धित कर्मचारीको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ।

(४) झुटा व्यहोरा पेस गरी उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने कर्मचारी लगायत त्यस्तो झुटा व्यहोरा प्रमाणित गर्ने स्वीकृत चिकित्सक उपर विभागीय कारबाही वा कानून बमोजिम कारबाही हुनेछ।

(५) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरू जुनसुकै व्यहोराबाट कर्मचारी सेवाबाट अलग हुँदा सेवा

अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ।

(६) उपदफा (५) बमोजिमको कर्मचारीले उपचार खर्च बापत लिन बाँकी रकममा बिस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको कर्मचारीले क्रमशः दश, पन्ध्र र बिस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।

(७) दश वर्ष सेवा अवधि नपुगेको कुनै कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिंदा यस दफामा तोकिएको रकमलाई दश वर्ष सेवा गरेबापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(८) यस दफा बमोजिम उपचार खर्च माग गर्ने कर्मचारीले कार्यालयमा हाजिर हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ। बिरामी बिदा बाँकी नभएमामात्र अन्य बिदा माग गर्न सक्नेछ।

(९) यस दफा बमोजिम कर्मचारीले पाएको उपचार खर्चको अभिलेख खर्च लेख्ने कार्यालयले राखी त्यस्तो विवरण मन्त्रालय र प्रदेश किताबखानामा अनुसूची- १६ बमोजिम अभिलेख राख्न पठाउनु पर्नेछ।

(१०) "क" वर्गको भौगोलिक क्षेत्रमा कार्यरत कर्मचारीलाई लागेको रोग स्थानीय स्वास्थ्य संस्थाबाट उपचार हुन नसक्ने भई निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेमा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति लिई त्यस्तो कर्मचारीको उपचारको लागि त्यस ठाउँबाट सबैभन्दा नजिकको नेपालभित्रको अरू कुनै सुविधायुक्त स्वास्थ्य संस्थामा छिटो साधनद्वारा लैजाँदा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च सम्बन्धित स्थानीय तहले व्यहोर्नेछ।

७६. **<u>विशेष आर्थिक सुविधा</u>**: कुनै कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई त्यस्तो कर्मचारीले एकमुष्ट एक लाख पचास हजार विशेष आर्थिक सुविधा प्रदान गरिनेछ।

७७. **<u>थप आर्थिक सहायता:</u>** (१) सेवामा बहाल रहेको कुनै कर्मचारी वा निजको पति वा पत्नीलाई स्वदेश तथा विदेशमा उपचार गर्न नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेको आधारमा सम्बन्धित स्थानीय तहले उचित ठहऱ्याएमा दफा ७६ को अतिरिक्त थप आर्थिक सहायता दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आर्थिक सहायता गाउँ कार्यपालिका वा नगर कार्यपालिका समक्ष सिफारिस गर्न सम्बन्धित स्थानीय तहमा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष
(ख) प्रमुख, स्वास्थ्य शाखा -सदस्य
(ग) लेखा प्रमुख -सदस्य

(३) उपदफा (२) बमोजिमको समितिले थप आर्थिक सहायतको लागि रकम सिफारिस गर्दा कडा रोगको हकमा उपचार गर्दा लागेको रकमको बील बमोजिमको बढीमा पाँच लाख रुपैयाँसम्म सिफारिस गर्नेछ।

७८. **स्वास्थ्य बीमा कार्यक्रम लागु गर्न सक्नेः** (१) प्रदेश सरकारले यो ऐन प्रारम्भ भएपछि स्थानीय सेवामा प्रवेश गर्ने कर्मचारीको हकमा यस ऐन बमोजिम कर्मचारीले पाउने उपचार खर्च र विशेष आर्थिक सुविधाभन्दा कम नहुने गरी र स्थानीय तहबाटै व्ययभार हुने गरी उपचार खर्चको सट्टा स्वास्थ्य बीमा कार्यक्रम लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य बीमा कार्यक्रम लागु भएका कर्मचारीलाई दफा ७५ र ७६ बमोजिमको उपचार खर्च तथा विशेष आर्थिक सुविधा प्रदान गरिने छैन।

## परिच्छेद- ९

## अवकाश तथा योगदानमा आधारित निवृत्तभरण

७९. **अनिवार्य अवकाश**: (१) साठी वर्ष उमेर पूरा भए पछि कर्मचारीले स्थानीय सेवाबाट अनिवार्य अवकाश पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको मितिले एक बर्षसम्मको लागि अन्ठाउन्न वर्ष उमेर पुगेका र त्यस पछिको दुई बर्षसम्मको लागि उनन्साठी वर्ष उमेर पुगेका कर्मचारीले सेवाबाट अनिवार्य अवकाश पाउनेछ।

८०. **उमेर गणना**: (१) यस ऐन बमोजिम अनिवार्य अवकाश वा अन्य प्रयोजनका लागि कर्मचारीको उमेर गणना गर्दा निजले पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण (सिटरोल) मा लेखी दिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर मध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ।

(२) कुनै कर्मचारीको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरणमा वर्ष, संवत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्म मिति कायम गरिनेछः-

(क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) व्यक्तिगत विवरण (सिटरोल) को हकमा सिटरोलमा उल्लेख गरेको मितिको आधारमा।

(३) कर्मचारीले पेस गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरूको बिचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा जन्म मिति खुलेको प्रमाणपत्रको आधारमा जन्म मिति कायम गरी उमेर गणना गरिनेछ।

(४) उपदफा (३) बमोजिम छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा उपदफा (२) बमोजिम कायम हुने जन्म मितिको आधारमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिलाई जन्म मिति कायम गरी निजको उमेर गणना गरिनेछ।

८१. **असमर्थ कर्मचारी सम्बन्धी विशेष व्यवस्था**: कुनै कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकार वा प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा सम्बन्धित स्थानीय तहले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ।

८२. **योगदान मूलक निवृत्तभरण पाउने**: (१) निवृत्तभरण कोष ऐन, २०७५ प्रारम्भ भएपछि स्थानीय तहमा नियुक्त भएका वा यो ऐन प्रारम्भ भएपछि स्थानीय सेवामा नियुक्ति हुने कर्मचारीले सो ऐन बमोजिमको योगदान मूलक निवृत्तभरण प्रणाली बमोजिम योगदान मूलक निवृत्तभरण प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिम योगदान मूलक निवृत्तभरण प्रदान गर्नको लागि स्थानीय सेवाका कर्मचारी तथा स्थानीय तहले गर्नु पर्ने योगदानको रकम तथा योगदान मूलक निवृत्तभरण प्रदान गर्ने सम्बन्धी व्यवस्था निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम हुनेछ।

८३. **पोसाक सुविधा पाउने**: कर्मचारीले प्रत्येक वर्षको अन्त्यमा प्रदेश निजामती कर्मचारीले पाए सरहको एकमुष्ठ रकम पोसाक सुविधा बापत पाउनेछ।

८४. **नोकरी अवधि गणना गरिने**: (१) यस ऐनको प्रयोजनको निमित्त नोकरी अवधिको गणना गर्दा कर्मचारीले स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा (बिचमा अवधि टुटेको अवधि कटाई) लाई गणना गरिनेछ।

(२) उपदफा (१) अनुसार गणना गर्दा निलम्बनमा रहेको अवधिलाई समेत गणना गरिनेछ।

(३) उपदफा (१) बमोजिम सेवा अवधि गणना गर्ने सम्बन्धमा सम्बन्धित स्थानीय तहले आवश्यक निर्णय गर्न सक्नेछ।

## परिच्छेद- १०

### समायोजन भएका कर्मचारीको उपदान र निवृत्तभरण सम्बन्धी विशेष व्यवस्था

**८५.** **उपदान**: (१) स्थानीय तहमा समायोजन हुनुभन्दा अघि कार्यरत रहेको सेवाको पदमा गरेको सेवा अवधि र स्थानीय तहमा समायोजन भएपछि स्थानीय तहमा गरेको सेवा अवधि गरी पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको स्थानीय तहमा समायोजन भएको कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछः-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बिस वर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब,

(घ) बिस वर्षभन्दा बढी पच्चीस वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी दुई महिनाको तलब,

(ङ) पच्चीस वर्षभन्दा बढी जतिसुकै सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी अढाई महिनाको तलब।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "आखिरी तलब" भन्नाले सम्बन्धित कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै कर्मचारी असाधारण बिदा वा निलम्बनमा रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८६ बमोजिम निवृत्तभरण पाउने अवस्था भएमा त्यस्तो कर्मचारीले यस दफा बमोजिमको उपदान दाबी गर्न पाउने छैन।

(३) सरकारी सेवा बाहेकको अन्य सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारीको उपदानको रकम निर्धारण गर्दा समायोजन हुनुभन्दा अघिको सेवा सम्बन्धी कानूनमा व्यवस्था भएभन्दा उपदफा (१) बमोजिमको उपदानको रकम कम हुने रहेछ भने उपदान रकम निर्धारण गर्दा त्यस्ता कर्मचारीको समायोजन हुनु अघिको सेवा सम्बन्धी कानून बमोजिम हुने गरी निर्धारण गरिनेछ।

**स्पष्टीकरणः** यस परिच्छेदको प्रयोजनको लागि "सरकारी सेवा बाहेकको अन्य सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारी" भन्नाले समायोजन ऐन बमोजिम साबिकका स्थानीय निकायबाट स्थानीय तहमा समायोजन भएका वा स्थानीय तहमा सेवा हस्तान्तरण

भएका समिति, आयोग, प्रतिष्ठान वा यस्तै प्रकृतिका सङ्गठित संस्थाको सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारी सम्झनु पर्छ।

८६. **<u>निवृत्तभरण</u>**: (१) सरकारी सेवाबाट स्थानीय तहमा समायोजन भएको कर्मचारीले बिस वर्ष वा सोभन्दा बढी अवधि सेवागरी सेवाबाट अवकाश पाएमा, राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएको अवस्थामा देहाय बमोजिमको हिसाबले मासिक निवृत्तभरण पाउनेछः-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

**<u>स्पष्टीकरण:</u>** यस परिच्छेदको प्रयोजनको लागि "सरकारी सेवाबाट स्थानीय तहमा समायोजन भएको कर्मचारी" भन्नाले निजामती सेवा ऐन, २०४९, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र व्यवस्थापिका-संसद सचिवालय सम्बन्धी ऐन, २०६४ बमोजिम गठन भएका सेवाबाट स्थानीय तहमा समायोजन ऐन बमोजिम समायोजन भएको कर्मचारी सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सेवाबाट स्थानीय तहमा समायोजन भएको कर्मचारीको निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला कर्मचारीको तलबको शुरू स्केलको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला कर्मचारीको तलबको शुरू स्केलभन्दा बढी हुने छैन।

(३) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको सरकारी सेवाबाट स्थानीय तहमा समायोजन भएको कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्ष अवधिसम्म थप गरी निजको परिवारलाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(४) स्थानीय तहले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्दका कारण वा दुर्घटनामा परी सरकारी सेवाबाट स्थानीय तहमा समायोजन भएको कर्मचारीको अङ्गभङ्ग भएको वा चोटपटक लागेको कारणले शारीरिक वा मानसिक रूपमा स्थानीय सेवाको लागि अशक्त भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बिस वर्षभन्दा कम रहेछ भने बाँकी अवधि थप गरी उपदफा (१) बमोजिमको निवृत्तभरणको रकम आजीवन दिइनेछ।

८७. **<u>निवृत्तभरणमा वृद्धि</u>**: बहालवाला कर्मचारीको तलबवृद्धि हुँदा तलबको शुरू स्केलमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम समान पदका सरकारी सेवाबाट स्थानीय तहमा समायोजन भएको कर्मचारी सो सेवाबाट सेवा निवृत्त भएको कर्मचारीको निवृत्तभरण रकममा पनि थप गरिनेछ।

८८. **<u>पारिवारिक निवृत्तभरण र उपदान</u>**: (१) सरकारी सेवाबाट स्थानीय तहमा समायोजन भएको कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको मृत्यु भएको सात वर्षसम्म र निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष पुग्न बाँकी अवधि निजको परिवारलाई दफा ८५ वा ८६ मा लेखिए बमोजिम उपदान वा निवृत्तभरण प्राप्त हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सेवाबाट स्थानीय तहमा समायोजन भएको कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समय प्राप्त हुने छैन र निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्ष अवधि व्यतित भएपछि निवृत्तभरण प्राप्त हुने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने व्यक्ति नाबालिग रहेछ भने निज बालिग नभएसम्म त्यस्तो निवृत्तभरण पाउनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण त्यस्तो मृतक कर्मचारीको पति वा पत्नीले पाउने भएमा त्यस्तो कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा मृत्यु भएको सात वर्ष पछि, निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्ष अवधि व्यतित भएपछि र निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भई सकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तभरणको आधा रकम त्यस्तो पति वा पत्नीले पाउनेछ।

तर त्यस्तो पति वा पत्नीले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तभरण पाउने छैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीको निवृत्तभरण पाइरहेको पति वा पत्नीको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो कर्मचारीको छोरा छोरीले एक्काइस वर्ष उमेर पूरा नभएसम्म त्यस्तो निवृत्तभरण रकम तोकिए बमोजिम पाउनेछ।

(६) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरूस्केल जति वृद्धि भएको छ, त्यसको दुई तिहाई रकम उपदफा (१), (३), (४) र (५) बमोजिम पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले खाइपाइ आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ।

(७) सरकारी सेवाबाट स्थानीय तहमा समायोजन भएको कर्मचारीको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारका सदस्य वा निजमा आश्रित दाजु, भाइ, दिदी, बहिनीमध्ये यस ऐन बमोजिम निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

(८) निवृत्तभरण वा उपदान दिँदा मृत कर्मचारीले आफ्नो परिवारको सदस्य वा आश्रित दाजु, भाइ, दिदी, बहिनी कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि नइच्छाएको भएमा क्रमश: त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोराछोरी, बाबु आमा, बाजे बज्यै, सासुससुरा र तोकिए बमोजिमका अन्य हकवालालाई दिइनेछ।

८९. **बेपत्ता भएको कर्मचारीको निवृत्तभरण र उपदानः** (१) सरकारी सेवाबाट स्थानीय तहमा समायोजन भएको कर्मचारी हराई बेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ८५ वा ८६ बमोजिम पाउने उपदान वा निवृत्तभरणको रकम दफा ८८ को उपदफा (८) बमोजिमको निजको हकवालालाई दिइनेछ।

(२) उपदफा (१) बमोजिम बेपत्ता भएको कर्मचारीपछि फेला परेमा दफा ८५ बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ८६ बमोजिम पाउने निवृत्तभरणको रकम निजले दाबी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ।

तर उपदफा (१) बमोजिम भुक्तानी दिई सकेको पारिवारिक निवृत्तभरण वा उपदान रकममा पछि फेला परेको व्यक्तिले दाबी गर्न पाउने छैन।

९०. **पारिवारिक निवृत्तभरण सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि स्थानीय तहले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्दका कारण वा दुर्घटनामा परी सरकारी सेवाबाट स्थानीय तहमा समायोजन भएको कर्मचारीको तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बिस वर्ष पुगेको भएमा सेवा अवधिको आधारमा र बिस वर्ष नपुगेको भएमा बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई दफा ८६ बमोजिमको निवृत्तभरणको रकम आजीवन दिइनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तभरण प्राप्त गर्ने व्यक्तिले दफा ८८ बमोजिम पारिवारिक निवृत्तभरण वा उपदान पाउने छैन।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको कर्मचारीको पति पत्नी वा नाबालक छोरा छोरी रहेनछन् र त्यस्तो कर्मचारीको आश्रित आमा बाबु दुबै वा तीमध्ये कुनै एक रहेछन् भने निजहरूको गुजाराको निमित्त उपदफा (१) बमोजिम हुने रकमको दुई तिहाईमा नबढ्ने गरी निवृत्तभरण बापत रकम दिइनेछ।

(४) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरू स्केलमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम यस दफा अनुसार निवृत्तभरण पाइरहेका व्यक्तिले खाइपाइ आएको पारिवारिक निवृत्तभरण रकममा पनि वृद्धि हुनेछ।

(५) यस दफा बमोजिम निवृत्तभरण पाइरहेको व्यक्तिको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तभरणको रकम मृतक कर्मचारीको छोरा छोरी भए त्यस्ता छोरा छोरीले बालिग नभएसम्म तोकिए बमोजिम पाउनेछन्।

(६) कुनै कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना वा द्वन्द्वमा परी घाइते भएमा वा अङ्गभङ्ग भएमा त्यस्तो कर्मचारीको सुविधा सम्पन्न अस्पतालमा उपचारको तत्काल व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउनेछ र लाग्ने सम्पूर्ण खर्च समेत सम्बन्धित स्थानीय तहले व्यहोर्नेछ।

९१. **सरकारी सेवा बाहेकको अन्य सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारीको निवृत्तभरण सम्बन्धी व्यवस्थाः** सरकारी सेवा बाहेकको अन्य सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारीले स्थानीय तहमा समायोजन हुनुभन्दा अघिको निजको सेवा सर्त सम्बन्धी कानून बमोजिम निवृत्तभरण पाउने रहेछ भने सोही बमोजिम निवृत्तभरण प्रदान गरिनेछ।

९२. **सेवा सर्त सम्बन्धी साबिकको कानून पेस गर्नु पर्नेः** (१) दफा ८५ को उपदफा (३) तथा दफा ९१ को प्रयोजनको लागि सरकारी सेवा बाहेकको अन्य सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारीले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र निजको समायोजन हुनु भन्दा अघिको सेवा सर्त सम्बन्धी कानूनको एकप्रति प्रदेश किताबखानामा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा सर्त सम्बन्धी कानून नेपाल राजपत्रमा प्रकाशन भएको भएमा कानूनको नाम र प्रकाशन मितिमात्र उल्लेख गरे पुग्नेछ।

## परिच्छेद- ११

## आचरण

९३. **समयपालना र नियमितताः** (१) नेपाल सरकारले निजामती कर्मचारीको लागि निर्धारण गरेको कार्यालय समयको आधारमा स्थानीय तहले निर्धारित समयमा नियमित रूपले कार्यालयमा उपस्थित रही तोकिएको कार्य गर्नु पर्नेछ।

(२) कर्मचारीले सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा खटाइएको काम गर्ने स्थानमा अनुपस्थित हुनु हुँदैन।

९४. **अनुशासन र आदेशपालनः** कर्मचारीले देहाय अनुसारको अनुशासन र आदेश पालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परतासाथ पालना गर्नु पर्ने,
(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पालना गर्नु पर्ने,
(ग) आफूभन्दा माथिका सबै कर्मचारीप्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका कर्मचारीप्रति उचित व्यवहार गर्नु पर्ने,
(घ) उच्छृङ्खल र अराजक गतिविधि गर्न नहुने।

९५. **राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुनेः** कुनै कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारी वा पदाधिकारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

९६. **राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने:** कर्मचारीले राजनीतिक दल वा सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनैपनि राजनीतिक गतिविधिमा भाग लिन हुँदैन।

९७. **सरकारको आलोचना गर्न नहुने:** (१) कुनै पनि सरकारको नीतिको विपरीत हुने गरी वा सङ्घ, प्रदेश, स्थानीय सरकार र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, कुनै सार्वजनिक मन्तव्य दिन, कुनै वक्तव्य प्रकाशन गर्न र विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा प्रतिक्रिया व्यक्त गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र सरकारको नीतिको विपरीत नहुनेगरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

९८. **सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध:** (१) कुनै कर्मचारीले अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरू अनधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन। यो प्रतिबन्ध जुनसुकै कारणबाट स्थानीय सेवामा नरहेको व्यक्तिको हकमा समेत लागु रहनेछ।

(२) उपदफा (१) विपरीत स्थानीय सेवाबाट अवकाश पाएको व्यक्तिले सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गरेमा निजले यो ऐन बमोजिम पाउने सेवा सुविधा तोकिए बमोजिम रोक्का गर्न सकिनेछ।

९९. **दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध:** (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै कर्मचारीले कार्यपालिकाको पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्तिबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन।

(२) कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले आफ्नो कार्यालयलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

तर कुनै द्विपक्षीय वा बहुपक्षीय वा अन्तर्राष्ट्रिय संस्था वा अन्य कुनै सरकारी निकायबाट कुनै कार्यक्रमको अन्त्यमा औपचारिक रूपमा प्रदान गरिने मायाको चिनो स्वीकार गर्न बाधा पर्ने छैन।

१००. **कम्पनी स्थापना वा सञ्चालन गर्न वा व्यापार व्यवसाय गर्न नहुने:** कर्मचारीले अख्तियारवालाको स्वीकृति बिना कुनै बैङ्क, कम्पनी वा सहकारी संस्था स्थापना गर्न वा

सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न हुँदैन।

१०१. **अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने**: (१) कर्मचारीले अख्तियारवालाको पूर्व स्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले सरकारको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार वा खेलकुद सम्बन्धी कार्य गर्न सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैन:-

(क) प्रचलित कानून बमोजिम अध्ययन बिदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पुऱ्याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ख) अख्तियारवालाको स्वीकृति लिई सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ग) अख्तियारवालाको पूर्व स्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(घ) सङ्घीय, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित वा सङ्घीय, प्रदेश वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(ङ) राष्ट्रिय वा अन्तराष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक सङ्घ संस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहको लागि उपयोगी हुनेदेखि अख्तियारवालाले बिदा वा काज स्वीकृत गरेकोमा सम्बन्धित निकायमा सेवा गर्न,

(च) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र सरकारको अहित नहुने गरी आफ्नो गैर राजनीतिक पेशागत सङ्गठन वा अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन,

**स्पष्टीकरण**: यस खण्डको प्रयोजनको लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परादेखि समुदायमा

आधारित भई समाजमा क्रियाशिल रहेका सामाजिक सङ्घसंस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकुद, सङ्गीत, विज्ञान, धर्म वा अन्य यस्तै कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ।

(छ) कर्मचारीको योगदानमा आधारित सरकारी आयोजना तथा कार्यक्रममा लगानी गर्न।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियामा संलग्न हुने कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको कर्मचारीले त्यसपछि एक वर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाउने छैन।

(५) अधिकृतस्तर एघारौं वा सो सरहको पदबाट सेवा निवृत्त भएको व्यक्तिले प्रदेश सरकारको पूर्व स्वीकृति बिना सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्नु हुँदैन:-

(क) प्रदेश सरकार वा स्थानीय तहले गर्ने कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,

(ख) नेपालस्थित कुटनीतिक नियोग, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा दातृ निकायहरूबाट सञ्चालित आयोजनाहरूमा कर्मचारी वा परामर्शदाताको रूपमा कार्य गर्न।

(६) उपदफा (५) विपरीतको काम गर्ने व्यक्तिले त्यस्तो काम गरेको अवधिभर यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको सेवा सुविधा लिन पाउने छैन।

१०२. <u>**निर्वाचनमा भाग लिन नहुने:**</u> कर्मचारीले कुनै पनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचारप्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

१०३. <u>**प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध:**</u> (१) कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, सरकारको विरुद्ध दबाब सिर्जना गर्ने उद्देश्यले अनसनमा बस्न वा अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुर्‍याउन वा सो कार्य गर्ने उद्देश्यले अरूलाई उक्साउन समेत हुँदैन।

(२) यस दफा विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा वा कुनै पदाधिकारीलाई शारीरिक वा मानसिक क्षति पुऱ्याएमा त्यस्तो कर्मचारीलाई विभागीय कारबाही गरी त्यस्तो क्षतिपूर्ति समेत भराइनेछ।

१०४. **प्रतिनिधित्व गर्न नहुने:** कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैंले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

१०५. **यौनजन्य दुर्व्यवहार गर्न नहुने:** कुनै कर्मचारीले कुनै कर्मचारी वा सेवाग्राही कसैलाई पनि कुनै लिखित, मौखिक, ईशारा गरी वा कुनै श्रव्य वा दृश्य वा दुवै वा सामाजिक सञ्जालको प्रयोग गरी यौनजन्य दुर्व्यवहार गर्न, गराउन हुदैन।

१०६. **यातना दिन नहुने:** कर्मचारीले कसैलाई पनि यातना दिनु हुँदैन।

१०७. **सम्पत्ति विवरण पेस गर्नु पर्ने:** कर्मचारीले प्रचलित कानून बमोजिम तोकिएको अवधिभित्र आफ्नो सम्पत्तिको विवरण अनुसूची- १७ बमोजिमको ढाँचामा प्रदेश किताबखानामा पेस गर्नु पर्नेछ।

१०८. **स्थायी आवासीय अनुमति लिन नहुने:** (१) कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिन हुँदैन।

(२) कुनै कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले साठी दिनभित्र सम्बन्धित कर्मचारीले आफू कार्यरत कार्यालयमा सोको विवरण पेस गर्नु पर्नेछ।

१०९. **आचरण पालना गराउने:** (१) प्रमुख प्रशासकिय अधिकृतले आफू र आफ्नो मातहतका कर्मचारीलाई यस ऐन बमोजिम तोकिएको आचरणको पालना गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आचरण पालना गर्नु पर्ने कर्मचारीले त्यस्तो आचरण उल्लङ्घन गरेमा अख्तियारवालाले विभागीय कारबाही गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कार्य गरे वा नगरेको भन्ने विषयलाई समेत सम्बन्धित कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाईनेछ।

११०. **चेतावनी दिन सकिने:** कुनै कर्मचारीले देहायको कुनै काम गरेमा सुपरिवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत फाइलमा राख्नेछः-

(क) समयको पालना नगरेमा,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको कर्मचारीले दिएको आदेश पालना नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा,

(घ) कार्यालय सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा, वा

(ङ) सेवाग्राहीलाई शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा।

## परिच्छेद- १२

## सेवाको सुरक्षा

१११. **कर्मचारीको सेवाको सुरक्षा:** देहायका अवस्थामा बाहेक कुनै पनि कर्मचारीलाई सफाईको मनासिब मौका नदिई स्थानीय सेवाबाट हटाइने वा बर्खास्त गरिने छैन:-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासुसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ख) भागी, हराई वा बेपत्ता भई पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको,

(ग) सरकार वादी भई मुद्दा चल्ने फौजदारी कसूरमा तीन महिना वा सोभन्दा बढी अवधि कैदमा नै बस्नु पर्ने ठहरी त्यस्तो फैसला अन्तिम भएको।

११२. **कर्मचारीको बचाउ:** (१) कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालना सम्झी गरेको कामको सम्बन्धमा अख्तियारवालालाई जानकारी नदिई निज उपर मुद्दा चलाउन सकिने छैन।

(२) कुनै कर्मचारी बहाल छँदा आफ्नो ओहदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि स्थानीय तहको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(३) उपदफा (२) बमोजिम मुद्दा चलाउन स्थानीय तहले स्वीकृति दिएमा निजको प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

११३. **कर्मचारीको सेवा सर्तको सुरक्षा:** कुनै कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुविधा सम्बन्धी सेवाका सर्तहरूमा प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन।

११४. **सेवा पुनःस्थापित नहुने:** कुनै कर्मचारीले दफा ११५ को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा पुनरावेदन परी निजको सेवा पुनः स्थापित हुने भएमा सो निर्णयको सूचना पाएको तिस दिन वा निर्णय भएको नब्बे दिन मध्ये जुन पहिले हुन्छ सो अवधिभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको सेवा पुनःस्थापित हुने छैन।

## परिच्छेद- १३

## विभागीय सजाय र पुनरावेदन

**११५. विभागीय सजाय:** उचित र पर्याप्त कारण भएमा कर्मचारीलाई सजाय दिने अधिकारीले देहाय बमोजिमको विभागीय सजाय गर्न सक्नेछ:-

(क) **सामान्य सजाय:**

(१) नसिहत दिने,

(२) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने।

(ख) **विशेष सजाय:**

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिनेगरी सेवाबाट बर्खास्त गर्ने।

**११६. नसिहत दिने:** देहायको कुनै अवस्थामा कर्मचारीलाई नसिहत दिने सजाय गर्न सकिनेछ:-

(क) निजले सम्पादन गरेको काम सन्तोषजनक नभएमा,

(ख) पूर्व स्वीकृति नलिई एक महिनामा दुई पटकभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा,

(ग) प्रचलित कानून बमोजिम बरबुझारथ नगरेमा,

(घ) मादक पदार्थ सेवन गरी कार्यालयमा उपस्थित भएमा वा कार्यालयमा मादक पदार्थ सेवन गरेमा,

(ङ) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राही माथि गाली गलौज वा दुर्व्यवहार गरेमा,

(च) व्यवस्थापन परीक्षण गर्दा प्रशासनिक अनियमितता गरेको देखिएमा,

(छ) प्रचलित कानून बमोजिम पेश्की फर्छ्यौट नगरेमा,

(ज) दफा ११० बमोजिम चेतावनी पाएको कर्मचारीले सोही पदमा रहँदा पुन: सोही दफा बमोजिमको कुनै काम गरेमा,

(झ) दफा ११८ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूरसम्बन्धी अभियोग बाहेक सरकार वादी हुने अन्य कुनै फौजदारी अभियोगमा जरिबानाको सजाय भई त्यस्तो फैसला अन्तिम भएमा,

(ञ) अख्तियार प्राप्त अधिकारीको स्वीकृति बिना अध्ययन वा तालिमको लागि वैदेशिक भ्रमण गरेमा।

**११७. बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने:** (१) देहायको कुनै अवस्थामा कर्मचारीलाई बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ:-

(क) यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ख) यौनजन्य दुर्व्यवहार जस्ता अनुशासनहीन काम गरेमा,

(ग) सेवाग्राहीको पीरमर्का र उजूरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(घ) दफा ११० र ११६ बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरूमा उल्लिखित अन्य आचरण सम्बन्धी कुराहरू पालना नगरेमा,

(ङ) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(च) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राही माथि हातपात गरेमा,

(छ) बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्त्विक असर पर्ने गरी झुटा विवरण पेस गरेको प्रमाणित भएमा,

(ज) दफा ११६ बमोजिम एक वर्षमा दुई पटक नसिहत पाएकोमा पुन: सोही दफा बमोजिम सजाय हुने काम गरेमा,

(झ) दफा ११८ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक सरकारवादी हुने अन्य फौजदारी अभियोगमा तीन महिना वा सोभन्दा कम अवधि कैद ठहरी वा कैदमा नै बस्नु नपर्ने गरी सोभन्दा बढी अवधिको कैदको सजाय हुने ठहरी त्यस्तो फैसला अन्तिम भएमा।

(२) कर्मचारीले उपदफा (१) को खण्ड (ज) बमोजिम कैदको सजाय पाएको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

**११८. सेवाबाट हटाउने वा बर्खास्त गर्ने:** (१) देहायको कसूर प्रमाणित भएमा कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ:-

(क) आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा वा त्यस्तो काम वा जिम्मेवारीको पटक पटक बेवास्ता गरेमा,

(ख) राजनीतिक दल वा सङ्गठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक

गतिविधिमा भाग लिएमा वा राजनीतिक पदको लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा,

(ग) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(घ) बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तिस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा,

(ङ) उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक सरकारवादी हुने अन्य कुनै फौजदारी अभियोगमा तीन महिना वा सोभन्दा बढी अवधि कैदमा नै बस्नु पर्ने ठहरी त्यस्तो फैसला अन्तिम भएमा,

(च) दफा ११७ बमोजिम एक वर्षमा दुई पटक सजाय पाएकोमा पुनः सोही दफा बमोजिम सजाय हुने काम गरेमा।

(२) देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासुसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएमा वा सोको लागि आवेदन दिएमा,

(ग) सरकारी सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा,

(घ) बहु विवाह गरेको प्रमाणित भएमा।

११९. <u>हाजिरी र गयलकट्टी सम्बन्धी व्यवस्था:</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुखले गयल र तलब कट्टी गर्न सक्नेछ। यसरी गयल भएको अवधिसेवा अवधिमा गणना गरिने छैन।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११८ को उपदफा (१) को खण्ड (ग) वा (घ) विपरीत बिदा स्वीकृत नगराई अनुपस्थित हुने वा हाजिर नहुने  कर्मचारीलाई हाजिर गराइने छैन र सो अवधिपछि प्राप्त निवेदनका आधारमा कुनै पनि प्रकारको बिदा समेत स्वीकृत गरिने छैन।

(३) कसैले उपदफा (२) विपरीत कुनै कर्मचारीलाई हाजिर गराएमा वा दफा ११८ को उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिमको अवधि समाप्त भएपछि प्राप्त निवेदन बमोजिम बिदा स्वीकृत गरेमा त्यस्तो हाजिरी वा बिदालाई मान्यता दिइने छैन र त्यसरी हाजिर गराउने वा बिदा स्वीकृत गर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(४) उपदफा (१) बमोजिमको गयल र तलब कट्टीको विवरण सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकाय र प्रदेश किताबखानामा पठाउनु पर्नेछ।

(५) यस दफा बमोजिमको कारबाही त्यस्तो जानकारी पाएको पन्ध्र दिनभित्र शुरू गरी बढीमा छ महिनाभित्र टुङ्ग्याई सक्नु पर्नेछ।

**१२०. विभागीय सजाय दिने अधिकारी**: (१) कर्मचारीलाई दफा ११५ बमोजिमको सजायको आदेश दिने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) अधिकृत एघारौं, दशौं र नवौं वा सो सरहको पदमा कार्यरत कर्मचारीलाई सम्बन्धित स्थानीय तहको कार्यापालिकाले,

(ख) अधिकृत आठौं र सातौं तह वा सो सरहको पदमा कार्यरत कर्मचारीलाई सम्बन्धित स्थानीय तहको एघारौं तहको प्रमुख प्रशासकीय अधिकृतले,

(ग) अधिकृत छैठौं र सहायकस्तर वा सो सरहको पदमा कार्यरत कर्मचारीलाई कम्तीमा सातौं वा सो सरहको प्रमुख प्रशासकीय अधिकृतले।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको सजाय दिने अधिकारीको पद सम्बन्धित स्थानीय तहमा नरहेमा वा त्यस्तो पद रिक्त भएमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले सजाय दिने अधिकारीको रूपमा कार्य गर्नेछ।

**१२१. निलम्बन गर्ने:** (१) कुनै कर्मचारीको सम्बन्धमा दफा ११८ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्नेछ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैन:-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा झुटा सबुत प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा, वा

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा।

(२) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) र (ख) बमोजिम कुनै कर्मचारीलाई निलम्बन गर्दा साधारणतया साठी दिनभन्दा बढी गरिने छैन। सो अवधिभित्रै कर्मचारी उपरको कारबाही किनारा लगाउनु पर्नेछ। कुनै असाधारण अवस्था

परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा तिस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ।

(३) कुनै फौजदारी अभियोगमा न्यायिक हिरासतमा रहेको कर्मचारी त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ।

१२२. **निलम्बनको समाप्तिः** कुनै कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा, दफा १२१ को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा वा निजलाई लागेको अभियोगबाट सफाई पाएमा निजको निलम्बन समाप्त हुनेछ।

१२३. **निलम्बन अवधिभरको तलब र सञ्चय कोषः** कुनै कर्मचारी निलम्बनमा परेमा निजले निलम्बनको अवधिमा खाइपाइ आएको तलबको आधा तलब मात्र पाउनेछ। यस अवधिबिचमा सञ्चय कोष बापत कट्टा गर्दा सोही आधा तलबको दश प्रतिशत हुन आउने रकम कट्टा गर्नु पर्नेछ।

१२४. **सफाई पेस गर्ने मौका दिनु पर्ने:** (१) विभागीय सजायको आदेश दिने अधिकारीले कुनै कर्मचारीलाई सजायको आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारणको उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई आफ्नो सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाई पेस गर्नु पर्नेछ र यसरी पेस हुन आएको सफाईलाई सम्बन्धित अधिकारीले गम्भीरतापूर्वक लिनु पर्नेछ।

(४) विभागीय सजायको आदेश दिने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्ने अधिकृतले तोकिएको कार्यविधिको पालना गर्नु पर्नेछ।

१२५. **विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नुपर्ने:** विशेष सजायको आदेश दिनुभन्दा पहिले दफा १२४ बमोजिम सफाई पेस गर्न दिइएको म्यादभित्र सम्बन्धित कर्मचारीले सफाई पेस नगरेमा वा पेस हुन आएको सफाई सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

**१२६. प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने**: (१) विभागीय सजाय गर्ने सन्दर्भमा सम्बन्धित कर्मचारीले दफा १२४ बमोजिम दिएको सफाई वा दफा १२५ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाई वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नु पर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श माग गरेकोमा प्रदेश लोक सेवा आयोगले बढीमा एक महिनाभित्र आवश्यक परामर्श उपलब्ध गराउनेछ।

**१२७. सजाय सम्बन्धी निर्णय गर्ने**: (१) दफा १२६ बमोजिम प्रदेश लोक सेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको निर्णय गर्दा सजाय दिन पाउने अधिकारीले सम्बन्धित कर्मचारीलाई सफाई वा स्पष्टीकरण पेस गर्न पर्याप्त मौका प्रदान भए नभएको समेत विचार गरी निज कर्मचारीबाट पेस भएको सफाई, स्पष्टीकरण तथा उपलब्ध सबुद प्रमाणको मूल्याङ्कन गरी स्पष्ट कारण खुलाइ निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आदेश दिन पाउने अधिकारीले सजायको आदेशको सम्बन्धमा आफ्नो स्पष्ट राय सहित पन्ध्र दिनभित्र अनुसूची- १८ को ढाँचामा विभागीय सजायको निर्णय गर्नु पर्नेछ।

(३) कुनै कर्मचारीलाई विभागीय सजाय गर्दा एउटा सजाय प्रस्ताव गरी सफाइ पेस गर्ने मौका दिने स्पष्टीकरण माग गरे पछि अर्को सजाय दिने गरी निर्णय गर्नु हुँदैन।

(४) कुनै कर्मचारीलाई विभागीय सजायको निर्णय गर्दा निर्णय मिति भन्दा पहिले देखि नै लागु हुने गरी निर्णय गर्नु हुँदैन।

तर बिदा स्वीकृत नगराई लगातार नब्बेदिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको कसूरमा सजाय गर्दा उक्त समय अवधि पूरा भएको भोलिपल्ट देखि र दफा ११८ को खण्ड (क) मा उल्लिखित फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा अदालतबाट कसूर ठहर भएको मिति देखि लागु हुने गरी निर्णय गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको निर्णय सम्बन्धी जानकारी सम्बन्धित कर्मचारी, सम्बन्धित कार्यालय, मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगमा निर्णय भएको सात दिनभित्र पठाउनु पर्नेछ।

**१२८. जानकारी दिन सकिने**: (१) दफा १०८ विपरीत कुनै कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित कर्मचारी कार्यरत कार्यालयमा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी कुनै कार्यालयमा प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष पठाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर्मचारीको सम्बन्धमा छानबिन गर्न विभागीय सजायको आदेश दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई दिनु पर्नेछ।

(५) यस दफा बमोजिम छानबिन र कारबाही गर्दा कुनै कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको देखिएमा सजायको आदेश दिने अधिकारीले निजलाई तीन महिनाभित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी यस ऐन बमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र प्रदेश किताबखानालाई दिनु पर्नेछ।

**१२९. पुनरावेदन सम्बन्धी व्यवस्था**: यस ऐन बमोजिम दिइएको विभागीय सजायको आदेश उपर चित्त नबुझेमा प्रशासकीय अदालतमा पुनरावेदन गर्न सकिनेछ।

**१३०. निर्णयमा असर नपर्ने**: कुनै कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम कर्मचारीले गरेको काम कारबाहीमा तात्त्विक असर नपर्ने सानोतिनो त्रुटिबाट निर्णयमा असर पर्ने छैन।

**१३१. सजायको अभिलेख पठाउने**: कुनै कर्मचारी उपर विभागीय सजाय गरिएमा सम्बन्धित स्थानीय तहले सोको अभिलेख राखी मन्त्रालय मार्फत प्रदेश किताबखानामा पठाउनु पर्नेछ।

**१३२. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले पाउने सुविधा**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११५ को खण्ड (ख) को उपखण्ड (२) बमोजिम सेवाबाट बर्खास्त भएको कर्मचारीले दफा ७३ बमोजिमको सञ्चय कोष, दफा ७४ बमोजिमको सावधिक जीवन बीमा र दफा ८२ बमोजिमको योगदानमूलक निवृत्तभरण बापत जम्मा भएको रकम मध्ये त्यस्तो कर्मचारीले योगदान गरेको रकम र सोको व्याज बाहेक अन्य कुनै सुविधा पाउने छैन।

तर दफा ११५ को खण्ड (ख) उपखण्ड (१) बमोजिम सजाय पाई बर्खास्त भएको कर्मचारीले सञ्चित घर बिदा र बिरामी बिदा बापतको रकम तथा उपचार खर्च बापतको रकम समेत पाउनेछ।

(२) स्थानीय सेवाबाट अवकाश प्राप्त व्यक्तिको मृत्यु भई निजको हकवालाले कुनै सुविधा पाउने भएमा त्यस्तो सुविधा पाउने व्यक्तिले अन्य मुलुकको नागरिकता वा स्थायी आवासीय अनुमति पाएको रहेछ भने उपदफा (१) बमोजिमको रकम बाहेक अन्य सुविधा पाउने छैन।

१३३. **सेवामा पुनः बहाली भएमा पाउने सुविधा**: (१) कुनै कर्मचारीलाई दफा ११५ को खण्ड (ख) बमोजिम विशेष सजाय भएकोमा सो सजाय अदालतबाट बदर भई निज सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको कर्मचारी अदालतको आदेशद्वारा स्थानीय तहको सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले समेत उपदफा (१) बमोजिम तलब, भत्ता र तलब वृद्धि पाउनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ११८ को उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिम सेवाबाट हटाइएको कर्मचारीले अदालतको आदेशबाट सेवामा पुनः बहाली भएमा कार्यालयमा अनुपस्थित भएको मितिदेखि अदालतबाट पुनः बहाली भई हाजिर भएको अघिल्लो दिनसम्मको तलब, भत्ता र चाडपर्व खर्च पाउने छैन।

१३४. **कर्मचारी कल्याण सम्बन्धी व्यवस्था:** सम्बन्धित स्थानीय तहले आफ्ना बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ।

१३५. **पुरस्कार दिन सक्ने**: सम्बन्धित स्थानीय तहले आफ्नो कर्मचारीलाई कार्य क्षमताको आधारमा आवश्यकता अनुसार उचित पुरस्कार सहित सम्मान प्रदान गर्न सक्नेछ।

## परिच्छेद- १४

## विविध

१३६. **कार्यालय:** (१) सेवा प्रवाहको सघनता, सुलभता र स्थानीय तहबाट प्रवाह हुने सेवालाई विशिष्टिकृत गरी प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहले आफ्नो केन्द्र रहेको स्थानभन्दा बाहेकको उपयुक्त स्थानबाट अस्थायी वा स्थायी सेवा कार्यालय स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थान छनोट गर्दा सेवाको सघनता, सुलभता र सेवा प्रवाहको प्रभावकारीता समेतलाई अध्ययन गरी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

१३७. **कार्यालय छाप:** स्थानीय तहले नेपालको निशाना छाप प्रयोग गर्नु पर्नेछ र त्यस्तो छापको तल्लो किनारामा आफ्नो पालिकाको नाम र प्रदेशको नाम उल्लेख गर्नु पर्नेछ। यस्तो छाप कार्यालयको पत्राचार गर्ने पत्रमा बायाँ पट्टि ठेगाना सहित उल्लेख गर्नु पर्नेछ। पालिकाले

कार्यालयको छापमा आफ्नो संस्कृति र सम्पदा झल्कने छाप र लिपि समेत थप प्रयोग गर्न सक्नेछ।

**१३८. <u>एकीकृत कार्यालय सञ्चालन गर्न सक्ने</u>:** स्थानीय तहले सेवा प्रवाहलाई प्रभावकारी बनाउन एकै कार्यालयबाट सेवा सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

**१३९. <u>घुम्ती सेवा वा मोबाइल सेवा सञ्चालन गर्न सक्ने</u>:** भौगोलिक विकटता र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सम्बन्धित स्थानीय तहले त्यस्तो स्थान वा सेवाग्राहीलाई लक्षित गरी घुम्ती वा मोबाइल सेवा सञ्चालन गर्न सक्नेछ।

**१४०. <u>आन्तरिक नियन्त्रण प्रणाली</u>:** (१) स्थानीय तहले सार्वजनिक खरिद, नियमित प्रशासनिक क्रियाकलाप, सेवा प्रवाहको वस्तुस्थिति सम्बन्धमा थप पारदर्शिता, स्वअनुगमन र नियन्त्रणको लागि उक्त कार्यमा खटिने कर्मचारी बाहेकको प्रतिनिधित्व हुने गरी बढीमा पाँच सदस्यीय आन्तरिक नियन्त्रण प्रणाली समिति गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिले दिएको प्रतिवेदन एवम् सुझाव पालना गर्नु सम्बन्धित कर्मचारी एवम् लेखा उत्तरदायी अधिकृतको कर्तव्य हुनेछ।

**१४१. <u>व्यवस्थापन परीक्षण</u>:** (१) मन्त्रालयले वा मन्त्रालयले तोकेको निकाय वा अधिकृतस्तरको कर्मचारीले प्रदेशभित्रका स्थानीय तहको व्यवस्थापन परीक्षण गरी सम्बन्धित स्थानीय तहको गाउँ सभा वा नगर सभालाई कार्यान्वयन एवम् सुधारको सुझाव सहित प्रतिवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको व्यवस्थापन परीक्षणको प्रतिवेदन कार्यान्वयन गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

(३) मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको एक सय बिस दिनभित्र उपदफा (१) बमोजिम गरेको व्यवस्थापन परीक्षणको एकीकृत वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्नेछ।

**१४२. <u>कर्मचारीको सबै समय स्थानीय तहको अधीनमा हुने</u>:** कर्मचारीको सबै समय स्थानीय तहको अधीनमा हुनेछ र जुनसुकै समयमा पनि निजलाई सेवाको काममा लगाउन सकिनेछ।

**१४३. <u>कार्यालय समय, समय पालन र हाजिरी</u>:** (१) कर्मचारीले निर्धारित समयमा नियमित रूपमा आफ्नो कार्यालयमा उपस्थित भई हाजिर हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयमा कार्यालय नआउने कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुखले गयल गर्न सक्नेछ।

(३) मनासिब माफिकको कारण परेमा बाहेक बिदाको निकासा नलिई कुनै पनि कर्मचारी आफ्नो कार्यालयमा अनुपस्थित हुनु हुँदैन। यसरी अनुपस्थित हुने कर्मचारीले सात दिनभित्र बिदाको निवेदन दिनु पर्नेछ।

१४४. **<u>सेवा अवधि जोडिने:</u>** सङ्घीय वा जुनसुकै प्रदेशको निजामती सेवाको कर्मचारी वा जुनसुकै स्थानीय तहमा स्थायी नियुक्त भएको कर्मचारी प्रदेश लोक सेवा आयोगको पदपूर्ति प्रक्रियाद्वारा प्रदेशभित्रको कुनै स्थानीय तहमा नियुक्त वा पदस्थापन भई साबिकको निकायबाट रमाना लिई हाजिर भएमा साबिकमा गरेको सेवा अवधि निजको सेवा अवधिमा जोडिनेछ।

१४५. **<u>यस ऐन बमोजिम सुविधा नपाउने:</u>** (१) प्रदेशको स्थानीय तहभित्र समायोजन भएका वा सङ्घीय वा प्रदेश लोक सेवा आयोगको सिफारिसमा पदपूर्ति भएकोमा बाहेक अन्य प्रदेशका स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारीले यो ऐन बमोजिम हुने तह वृद्धि, बढुवा, उपदान, निवृत्तभरण लगायतका सुविधा पाउने छैन।

(२) स्थानीय तहले आफ्नो निकाय मातहत पदाधिकार रहेका कर्मचारी बाहेक अन्य निकायबाट कामकाज वा काजमा खटिएका कर्मचारीको सम्बन्धमा उपदफा (१) बमोजिमको सुविधा दिने गरी निर्णय गर्न हुँदैन।

१४६. **<u>राजीनामा सम्बन्धी व्यवस्था:</u>** (१) कर्मचारीले आफ्नो पदबाट राजीनामा दिन चाहेमा आफू कार्यरत कार्यालयमा लिखित रूपमा राजीनामा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आफ्नो कार्यालयमा पेस हुन आएको राजीनामा सम्बन्धित कर्मचारीलाई सनाखत गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पेस भएको राजीनामा अख्तियारवालाले स्वीकृत गर्नेछ। राजीनामा स्वीकृत गर्नु पूर्व सरकारलाई तिर्नु बुझाउनु पर्ने कुनै दायित्व बाँकी नरहेको, निजको राजीनामा लागु हुने मितिसम्मको नोकरी अवधि अद्यावधिक रहेको र विभागीय कारबाही शुरू नभएको यकिन गर्नु पर्नेछ।

(४) कर्मचारीले सामूहिक राजीनामा दिएमा अख्तियारवालाले त्यस्तो राजीनामा सम्बन्धित कर्मचारीले दिएको यकिन गरी स्वीकृत गर्न सक्नेछ।

१४७. **<u>अवकाशपत्र</u>**: कर्मचारीलाई अवकाशको पत्र दिने अधिकार अख्तियारवालालाई हुनेछ।

१४८. **<u>बरबुझारथ गर्नु पर्ने</u>**: कुनै कर्मचारीले आफूले बुझाउनु पर्ने नगदी, जिन्सी वा कागजात तोकिएको म्यादभित्र सम्बन्धित कर्मचारीलाई बुझाई दिनु पर्नेछ र सो बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ।

१४९. **<u>सुविधा प्रदान गर्न सक्ने:</u>** स्थानीय सेवाका कर्मचारी, निजको परिवार एवम् सन्ततिलाई स्वास्थ्य, शिक्षा लगायतको विशेष सुविधाको लागि प्रदेशको कुनै निकायबाट प्रदेश कानूनमा तोकिए बमोजिम सुविधा प्रदान गर्न सक्नेछ।

१५०. **<u>कर्मचारीको परिचयपत्र सम्बन्धी व्यवस्था:</u>** कार्यालयमा कार्यरत रहेको समयमा प्रत्येक कर्मचारीले अनुसूची- १९ बमोजिमको ढाँचामा परिचयपत्र लगाउनु पर्नेछ।

१५१. **कर्मचारी आधिकारिक ट्रेड युनियनः** स्थानीय तहमा एक ट्रेड युनियन हुनेछ र त्यसको गठन, सञ्चालन र पदाधिकारी सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१५२. **आचारसंहिता बनाउन सक्नेः** स्थानीय तहको कार्यपालिकाले निर्णय गरी आफ्नो मातहतका कर्मचारीको लागि आवश्यक आन्तरिक आचारसंहिता बनाई लागु गर्न सक्नेछ।

१५३. **स्थानीय सेवा कानूनको मार्गदर्शन हुनेः** (१) यस ऐनले निर्धारण गरेका कर्मचारीको सेवा सर्त, सुविधा, पदपूर्ति, विभागीय सजाय, कारबाही, कर्मचारी व्यवस्थापन लगायतका विषय प्रदेशभित्रका स्थानीय तहको स्थानीय सेवाको कानूनको लागि मार्गदर्शन हुनेछ।

(२) स्थानीय तहले कर्मचारीको सेवा सर्त सम्बन्धी कानून बनाउँदा मन्त्रालय मार्फत प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ। प्रदेश लोक सेवा आयोगले दिएको परामर्शको पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

१५४. **आवश्यक व्यवस्था गर्न सक्नेः** यस ऐनको प्रयोगमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले प्रचलित कानूनको अभ्यासको आधारमा आवश्यक निर्णय गर्न वा सम्बन्धित निकायलाई निर्देशन गर्न सक्नेछ।

१५५. **अनुसूची थपघट तथा हेरफेर गर्न सक्नेः** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

१५६. **नियम बनाउने अधिकार**: यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

१५७. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने**: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

१५८. **यसै ऐन बमोजिम हुनेः** (१) यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

(२) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७८ प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम प्रदेश लोक सेवा आयोगबाट कारबाहीको क्रममा रहेका अधिकृतस्तर छैठौं बाहेकका पदको पदपूर्ति तथा प्रचलित कानून बमोजिम कार्यसम्पादनको प्रक्रिया शुरू गरि सकेका अन्य कार्य सोही कानून बमोजिम सम्पन्न गर्न कुनै बाधा पुगेको मानिने छैन।

१५९. **बचाउः** (१) प्रचलित कानून बमोजिम प्रदेश लोक सेवा आयोग तथा प्रदेश सरकारबाट स्थानीय सेवाको कर्मचारीको सम्बन्धमा भए गरेको कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ बमोजिम भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची- १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

<u>स्थानीय सेवामा रहने समूह, उपसमूह</u>

| क्र.सं. | सेवा | समूह | उपसमूह |
|---|---|---|---|
| १ | **स्थानीय इन्जिनियरिङ् सेवा** | सिभिल | जनरल |
| | | | स्यानिटरी |
| | | | इरिगेशन |
| | | | हाइड्रो पावर |
| | | | बिल्डिङ् एण्ड आर्किटेक्ट |
| | | इलेक्ट्रिकल | जनरल इलेक्ट्रिकल |
| | | मेकानिकल | |
| | | केमिकल | |
| | | जियोलोजी | |
| | | सर्भे | |
| | | एगृइरिगेशन | |
| २ | **स्थानीय कृषि सेवा** | कृषि प्रसार | |
| | | वागवानी | |
| | | पशु चिकित्सा | |
| | | बाली विकास | |
| | | बाली संरक्षण | |
| | | लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | - |
| | | एगृइकोनोमिकल, मार्केटिङ्ग एण्ड स्टाटिष्टिक्स | |
| | | माटो विज्ञान | |
| | | मत्स्य विकास (फिसरिज) | - |
| ३ | **स्थानीय प्रशासन सेवा** | कानून | |
| | | सामान्य प्रशासन | - |
| | | लेखा | - |
| | | आन्तरिक लेखा परीक्षण | |
| | | राजश्व | - |
| | | विविध | |
| ४ | **स्थानीय वन सेवा** | जनरल फरेष्ट्री | |
| ५ | **स्थानीय शिक्षा सेवा** | जनरल एजुकेशन | |
| | | फिजिकल एजुकेशन | |

| | | | |
|---|---|---|---|
| | | लाब्रेरी साइन्स | |
| ६ | **स्थानीय स्वास्थ्य सेवा** | प्याथोलोजी | |
| | | जनरल हेल्थ सर्भिसेज | |
| | | मेडिसिन | |
| | | सर्जरी | |
| | | रेडियोलोजी | |
| | | डर्माटोलोजी | |
| | | पेडियाट्रिक्स | |
| | | एनेस्थेसियोलोजी | |
| | | अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजी | |
| | | मेडिकल जनरलिष्ट | |
| | | जनरल/पब्लिक हेल्थ नर्सिङ | |
| | | डेन्टिष्ट्री | |
| | | आयुर्वेद | |
| | | हेल्थ एजुकेशन | |
| | | मेडिकल ल्याब टेक्नोलोजी | |
| | | फिजियोथेरापी | |
| | | फार्मेसी | |
| | | हेल्थ इन्सपेक्सन | |
| | | मेडिकल रेकर्डस | |
| | | रेडियोग्राफी | |
| | | वायोमेडिकल इन्जिनियरिङ् | |
| | | विविध | |

## अनुसूची- २

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**स्थानीय तहको सङ्गठन संरचनामा रहने प्रमुख प्रशासकीय अधिकृत पदको तह**

| स्थानीय तह | भौगोलिक क्षेत्र र प्रमुख प्रशासकीय अधिकृतको तह | | | |
|---|---|---|---|---|
| | क | ख | ग | घ |
| गाउँपालिका | सातौं | आठौं | आठौं | - |
| नगरपालिका | - | नवौं | नवौं | दशौं |
| उपमहानगरपालिका र महानगरपालिका | - | - | - | एघारौं |

**द्रष्टव्यः** प्रमुख प्रशासकीय अधिकृत तहको पदमा बरिष्ठ अधिकृत खटाउनु पर्नेछ।

## अनुसूची- ३

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

**स्थानीय सेवा, समूहमा रहने तह र सोको पदनाम**

### (१) प्रशासनिक पदहरू

#### (अ) स्थानीय प्रशासन सेवा र समूहका पदनाम

| | पद | तह |
|---|---|---|
| स्थानीय प्रशासन सेवा | प्रमुख प्रशासक | ११ |
| | निर्देशक | १० |
| | उपनिर्देशक | ९ |

**(क) कानून समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कानून अधिकृत | ८ |
| २. | कानून अधिकृत | ७ |

**(ख) सामान्य प्रशासन समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ शाखा अधिकृत | ८ |
| २. | शाखा अधिकृत | ७ |
| ३. | अधिकृत | ६ |
| ४. | वरिष्ठ सहायक | ५ |
| ५. | सहायक | ४ |

**(ग) लेखा समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ लेखा अधिकृत | ८ |
| २. | लेखा अधिकृत | ७ |
| ३. | सहायक लेखा अधिकृत | ६ |
| ४. | वरिष्ठ लेखा सहायक | ५ |
| ५. | लेखा सहायक | ४ |

**(घ) आन्तरिक लेखा परीक्षण समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ लेखा परीक्षण अधिकृत | ८ |
| २. | लेखा परीक्षण अधिकृत | ७ |
| ३. | सहायक लेखा परीक्षण अधिकृत | ६ |
| ४. | वरिष्ठ लेखा परीक्षण सहायक | ५ |
| ५. | लेखा परीक्षण सहायक | ४ |

| (ङ) राजस्व समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | वरिष्ठ राजस्व अधिकृत | ८ |
| २. | राजस्व अधिकृत | ७ |
| ३. | सहायक राजस्व अधिकृत | ६ |
| ४. | वरिष्ठ राजस्व सहायक | ५ |
| ५. | राजस्व सहायक | ४ |

| (च) विविध समूह | | | |
|---|---|---|---|
| क्र.स. | पद | तह | कैफियत |
| १. | वरिष्ठ ........ अधिकृत | ८ | यसमा रिक्त रहेको स्थानमा विविध समूहका सम्बन्धित विभिन्न विषयगत नाम राखी कायम गर्ने। जस्तैः वरिष्ठ कम्प्युटर अधिकृत, सहायक महिला विकास अधिकृत |
| २. | ....... अधिकृत | ७ | |
| ३. | सहायक ........ अधिकृत | ६ | |
| ४. | वरिष्ठ ........ सहायक | ५ | |
| ५. | .......... सहायक | ४ | |

(२) प्राविधिक पदहरू

(अ) स्थानीय इन्जिनियरिङ् सेवा, समूहका पदनाम

| | | |
|---|---|---|
| स्थानीय इन्जिनियरिङ् सेवा | पद | तह |
| | सुपरिटेन्डेन्ट इन्जिनियर | ११ |

| क्र.सं. | पद | तह |
|---|---|---|
| १. | सिनियर डिभिजनल इन्जिनियर | १० |
| २. | डिभिजनल इन्जिनियर | ९ |
| ३. | वरिष्ठ इन्जिनियर | ८ |
| ४. | इन्जिनियर | ७ |
| ५. | सहायक इन्जिनियर | ६ |
| ६. | सब इन्जिनियर | ५ |
| ७. | असिस्टेन्ट सब इन्जिनियर | ४ |

(आ) स्थानीय कृषि सेवा, समूहका पदनाम

| | | |
|---|---|---|
| स्थानीय कृषि सेवा | पद | तह |
| | प्रमुख कृषि निर्देशक | ११ |

| (क) कृषि प्रसार समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | कृषि प्रसार निर्देशक | १० |
| २. | उप-कृषि प्रसार निर्देशक | ९ |
| ३. | वरिष्ठ कृषि प्रसार अधिकृत | ८ |
| ४. | कृषि प्रसार अधिकृत | ७ |
| ५. | सहायक कृषि प्रसार अधिकृत | ६ |
| ६. | प्राविधिक सहायक | ५ |
| ७. | नायव प्राविधिक सहायक | ४ |

| (ख) पशु चिकित्सा समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | पशु विकास निर्देशक | १० |
| २. | उप-पशु विकास निर्देशक | ९ |
| ३. | वरिष्ठ पशु विकास अधिकृत | ८ |
| ४. | पशु विकास अधिकृत | ७ |
| ५. | सहायक पशु विकास अधिकृत | ६ |
| ६. | प्राविधिक सहायक | ५ |
| ७. | नायव प्राविधिक सहायक | ४ |

| (ग) वागवानी समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | वागवानी विकास निर्देशक | १० |
| २. | उप-वागवानी विकास निर्देशक | ९ |
| ३. | वरिष्ठ वागवानी विकास अधिकृत | ८ |
| ४. | वागवानी विकास अधिकृत | ७ |
| ५. | सहायक वागवानी विकास अधिकृत | ६ |
| ६. | प्राविधिक सहायक | ५ |
| ७. | नायव प्राविधिक सहायक | ४ |

| (घ) बाली विकास समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | बाली विकास निर्देशक | १० |
| २. | उप- बाली विकास निर्देशक | ९ |
| ३. | वरिष्ठ बाली विकास अधिकृत | ८ |
| ४. | बाली विकास अधिकृत | ७ |
| ५. | सहायक बाली विकास अधिकृत | ६ |
| ६. | प्राविधिक सहायक | ५ |
| ७. | नायव प्राविधिक सहायक | ४ |

| (ङ) बाली संरक्षण समूह | | |
|---|---|---|
| **क.स.** | **पद** | **तह** |
| १. | बाली संरक्षण निर्देशक | १० |
| २. | उप- बाली संरक्षण निर्देशक | ९ |
| ३. | वरिष्ठ बाली संरक्षण अधिकृत | ८ |
| ४. | बाली संरक्षण अधिकृत | ७ |
| ५. | सहायक बाली संरक्षण अधिकृत | ६ |
| ६. | प्राविधिक सहायक | ५ |
| ७. | नायव प्राविधिक सहायक | ४ |

| (च) लाइभस्टक, पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट समूह | | |
|---|---|---|
| **क.स.** | **पद** | **तह** |
| १. | पशु विकास निर्देशक | १० |
| २. | उप-पशु विकास निर्देशक | ९ |
| ३. | वरिष्ठ पशु विकास अधिकृत | ८ |
| ४. | पशु विकास अधिकृत | ७ |
| ५. | सहायक पशु विकास अधिकृत | ६ |
| ६. | प्राविधिक सहायक | ५ |
| ७. | नायव प्राविधिक सहायक | ४ |

| (छ) एग्रीइकोनोमिकल, मार्केटिङ एण्ड स्टाटिष्टिक्स समूह | | |
|---|---|---|
| **क.स.** | **पद** | **तह** |
| १. | कृषि अर्थ निर्देशक | १० |
| २. | उप-कृषि अर्थ निर्देशक | ९ |
| ३. | वरिष्ठ कृषि अर्थ विज्ञ | ८ |
| ४. | कृषि अर्थ विज्ञ | ७ |
| ५. | सहायक कृषि अर्थ विज्ञ | ६ |
| ६. | प्राविधिक सहायक | ५ |
| ७. | नायव प्राविधिक सहायक | ४ |

| (ज) माटो विज्ञान समूह | | |
|---|---|---|
| **क.स.** | **पद** | **तह** |
| १. | प्रमुख माटोविज्ञ | १० |
| २. | उप-प्रमुख माटो विज्ञ | ९ |
| ३. | वरिष्ठ माटो विज्ञ | ८ |
| ४. | माटो विज्ञ | ७ |
| ५. | सहायक माटो विज्ञ | ६ |
| ६. | प्राविधिक सहायक | ५ |
| ७. | नायव प्राविधिक सहायक | ४ |

| (झ) मत्स्य विकास (फिसरिज) समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | मत्स्य विकास निर्देशक | १० |
| २. | उप- मत्स्य विकास निर्देशक | ९ |
| ३. | वरिष्ठ मत्स्य विकास अधिकृत | ८ |
| ४. | मत्स्य विकास अधिकृत | ७ |
| ५. | सहायक मत्स्य विकास अधिकृत | ६ |
| ६. | प्राविधिक सहायक | ५ |
| ७. | नायव प्राविधिक सहायक | ४ |

**(इ) स्थानीय वन सेवा, समूहका पदनाम**

| (क) जनरल फरेष्ट्री समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | वरिष्ठ रेञ्जर | ६ |
| २. | रेञ्जर | ५ |

**(ई) स्थानीय शिक्षा सेवा, समूहका पदनाम**

| स्थानीय शिक्षा सेवा | पद | तह |
|---|---|---|
| | प्रमुख शिक्षा निर्देशक | ११ |

| (क) जनरल एजुकेशन समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | शिक्षा निर्देशक | १० |
| २. | उप-शिक्षा निर्देशक | ९ |
| ३. | वरिष्ठ विद्यालय निरीक्षक | ८ |
| ४. | विद्यालय निरीक्षक | ७ |
| ५. | सहायक विद्यालय निरीक्षक | ६ |
| ६. | प्राविधिक सहायक | ५ |

| (ख) फिजिकल एजुकेशन समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | शिक्षा निर्देशक | १० |
| २. | उप-शिक्षा निर्देशक | ९ |
| ३. | वरिष्ठ विद्यालय निरीक्षक | ८ |
| ४. | विद्यालय निरीक्षक | ७ |

| | | |
|---|---|---|
| ५. | सहायक विद्यालय निरीक्षक | ६ |
| ६. | प्राविधिक सहायक | ५ |

| **(ग) लाइब्रेरी साइन्स समूह** | | |
|---|---|---|
| **क्र.स.** | **पद** | **तह** |
| १. | पुस्तकालय अधिकृत | ६ |
| २. | पुस्तकालय सहायक | ५ |

**(उ) स्थानीय स्वास्थ्य सेवा, समूहका पदनाम**

| स्थानीय स्वास्थ्य सेवाका | **पद** | **तह** |
|---|---|---|
| | प्रमुख स्वास्थ्य निर्देशक | ११ |

| **(क) प्याथोलोजी समूह** | | |
|---|---|---|
| **क्र.स.** | **पद** | **तह** |
| १. | वरिष्ठ कन्सल्टेण्ट प्याथोलोजिष्ट | १० |
| २. | वरिष्ठ कन्सल्टेण्ट हिष्टोप्याथोलोजिष्ट | १० |
| ३. | वरिष्ठ कन्सल्टेण्ट माइक्रोवायोलोजिष्ट | १० |
| ४. | वरिष्ठ कन्सल्टेण्ट हिमाटोलोजिष्ट | १० |
| ५. | वरिष्ठ कन्सल्टेण्ट वायोकेमिष्ट | १० |
| ६. | कन्सल्टेण्ट प्याथोलोजिष्ट | ९ |
| ७. | कन्सल्टेण्ट हिस्टो प्याथोलोजिष्ट | ९ |
| ८. | कन्सल्टेण्ट माइक्रोवायोलोजिष्ट | ९ |
| ९. | कन्सल्टेण्ट हेमाटोलोजिष्ट | ९ |
| १०. | कन्सल्टेण्ट वायोकेमिष्ट | ९ |

| **(ख) जनरल हेल्थ सर्भिसेज समूह** | | |
|---|---|---|
| **क्र.स.** | **पद** | **तह** |
| १. | वरिष्ठ मेडिकल सुपरिण्टेण्डेन्ट | १० |
| २. | मेडिकल सुपरिण्टेण्डेन्ट | ९ |
| ३. | वरिष्ठ मेडिकल अधिकृत | ९ |
| ४. | मेडिकल अधिकृत | ८ |

| **(ग) मेडिसीन समूह** | | |
|---|---|---|
| **क्र.स.** | **पद** | **तह** |
| १. | वरिष्ठ कन्सल्टेन्ट जनरल फिजिसियन | १० |
| २. | वरिष्ठ कन्सल्टेण्ट नेफ्रोलोजिस्ट | १० |
| ३. | वरिष्ठ कन्सल्टेण्ट न्यूरोलोजिष्ट | १० |

| | | |
|---|---|---|
| ४. | वरिष्ठ कन्सल्टेण्ट कार्डियोलोजिस्ट | १० |
| ५. | वरिष्ठ कन्सल्टेण्ट ट्रपिकल मेडिसिन | १० |
| ६. | वरिष्ठ कन्सल्टेण्ट चेष्ट डिजिज | १० |
| ७. | वरिष्ठ कन्सल्टेण्ट हेपाटोलोजिष्ट (फिजिसियन) | १० |
| ८. | वरिष्ठ कन्सल्टेण्ट ग्याष्ट्रो–इन्टेरोलोजिष्ट | १० |
| ९. | वरिष्ठ कन्सल्टेण्ट इन्डोक्राइनोलोजिष्ट | १० |
| १०. | वरिष्ठ कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट | १० |
| ११. | वरिष्ठ फरेन्सिक मेडिसिन अधिकृत | १० |
| १२. | कन्सल्टेन्ट जनरल फिजिसियन | ९ |
| १३. | कन्सल्टेन्ट नेफ्रोलोजिस्ट | ९ |
| १४. | कन्सल्टेण्ट न्यूरोलोजिष्ट | ९ |
| १५. | कन्सल्टेण्ट कार्डियोलोजिस्ट | ९ |
| १६. | कन्सल्टेण्ट ट्रपिकल मेडिसिन | ९ |
| १७. | कन्सल्टेण्ट हेपाटोलोजिष्ट | ९ |
| १८. | कन्सल्टेण्ट चेष्ट डिजिज | ९ |
| १९. | कन्सल्टेण्ट ग्याष्ट्रो–इन्टेरोलोजिष्ट | ९ |
| २०. | कन्सल्टेण्ट इण्डोक्राइनोलोजिष्ट | ९ |
| २१. | कन्सल्टेण्ट फरेन्सिक मेडिकल अधिकृत | ९ |
| २२. | कन्सल्टेण्ट मेडिकल अंकोलोजिष्ट | ९ |

**(घ) सर्जरी समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेन्ट किड्नी ट्रान्सप्लान्ट सर्जन | १० |
| २. | वरिष्ठ कन्सल्टेण्ट सर्जन | १० |
| ३. | वरिष्ठ कन्सल्टेन्ट कार्डियोथोरासिक सर्जन | १० |
| ४. | वरिष्ठ कन्सल्टेन्ट कार्डियाक सर्जन | १० |
| ५. | वरिष्ठ कन्सल्टेण्ट यूरो सर्जन | १० |
| ६. | वरिष्ठ कन्सल्टेण्ट सर्जिकल ग्याष्ट्रो इन्टेरोलोजिष्ट | १० |
| ७. | वरिष्ठ कन्सल्टेण्ट प्लाष्टिक सर्जन | १० |
| ८. | वरिष्ठ कन्सल्टेण्ट न्यूरो सर्जन | १० |
| ९. | वरिष्ठ कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | १० |
| १०. | वरिष्ठ कन्सल्टेण्ट पेडियाट्रिक सर्जन | १० |
| ११. | कन्सल्टेण्ट सर्जन | ९ |
| १२. | कन्सल्टेण्ट कार्डियाक सर्जन | ९ |
| १३. | कन्सल्टेण्ट यूरो सर्जन | ९ |
| १४. | कन्सल्टेण्ट ग्याष्ट्रो इन्टेरोलोजिष्ट सर्जन | ९ |
| १५. | कन्सल्टेण्ट प्लाष्टिक सर्जन | ९ |
| १६. | कन्सल्टेण्ट न्यूरो सर्जन | ९ |
| १७. | कन्सल्टेण्ट अर्थोपेडिक सर्जन | ९ |
| १८. | कन्सल्टेण्ट पेडियाट्रिक सर्जन | ९ |

| | | |
|---|---|---|
| १९. | कन्सल्टेण्ट किड्नी ट्रान्सप्लान्ट सर्जन | ९ |
| २०. | कन्सल्टेन्ट कार्डियोथोरासिक सर्जन | ९ |

**(ङ) रेडियोलोजी समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेण्ट रेडियोलोजिष्ट/रेडियोडाइग्नोसिस | १० |
| २. | कन्सल्टेण्ट रेडियोलोजिष्ट/रेडियोडाइग्नोसिस | ९ |

**(च) रेडियोथेरापी समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेण्ट रेडियोथेरापिष्ट/वरिष्ठ कन्सल्टेण्ट रेडिएसन अंकोलोजी | १० |
| २. | कन्सल्टेण्ट रेडियोथेरापिष्ट/कन्सल्टेण्ट रेडिएसन अंकोलोजिष्ट | ९ |

**(छ) डर्माटोलोजी/ लेप्रोलोजी/ भेनरलडिजिज समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेण्ट डर्माटोलोजिष्ट | १० |
| २. | कन्सल्टेण्ट डर्माटोलोजिष्ट | ९ |

**(ज) साइक्याट्री समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेण्ट साइक्याट्रिष्ट | १० |
| २. | कन्सल्टेन्ट साइक्याट्रिष्ट | ९ |

**(झ) पेडियाट्रिक्स समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेण्ट पेडियाट्रिसियन | १० |
| २. | वरिष्ठ कन्सल्टेण्ट निओनेटोलोजिष्ट | १० |
| ३. | वरिष्ठ कन्सल्टेण्ट पेडियाट्रिक्स अंकोलोजिष्ट | १० |
| ४. | कन्सल्टेण्ट पेडियाट्रिक्स अंकोलोजिष्ट | ९ |
| ५. | कन्सल्टेण्ट पेडियाट्रिसियन | ९ |
| ६. | कन्सल्टेण्ट निओनेटोलोजिष्ट | ९ |

**(ञ) अप्थल्मोलोजी समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेण्ट अप्थल्मोलोजिष्ट | १० |
| २. | कन्सल्टेण्ट अप्थल्मोलोजिष्ट | ९ |

**(ट) अटोरिनोल्यारिङ्गोलोजी समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेण्ट इ.एन.टी.सर्जन | १० |

| | | |
|---|---|---|
| २. | कन्सल्टेण्ट इ.एन.टी.सर्जन | ९ |

**(ठ) एनेस्थेसियोलोजी समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | १० |
| २. | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | ९ |

**(ड) अब्स्ट्रेटिक्स तथा गाइनोकोलोजी समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | १० |
| २. | कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | ९ |

**(ढ) मेडिकल जनरलिष्ट समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | १० |
| २. | वरिष्ठ मेडिकल सुपरिन्टेन्डेण्ट जनरलिष्ट | १० |
| ३. | मेडिकल सुपरिन्टेन्डेण्ट जनरलिष्ट | ९ |
| ४. | कन्सल्टेण्ट मेडिकल जनरलिष्ट | ९ |

**(ण) जनरल नर्सिङ समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ अस्पताल नर्सिङ प्रशासक | १० |
| २. | अस्पताल नर्सिङ प्रशासक | ९ |
| ३. | वरिष्ठ नर्सिङ्ग अधिकृत | ८ |
| ४. | नर्सिङ अधिकृत | ७ |
| ५. | वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक | ७ |
| ६. | अस्पताल नर्सिङ्ग निरीक्षक | ६ |
| ७. | स्टाफ नर्स | ५ |

**(त) कम्युनिटी नर्सिङ/पब्लिक हेल्थ नर्सिङ्ग समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ कम्युनिटी नर्सिङ प्रशासक | १० |
| २. | कम्युनिटी नर्सिङ प्रशासक | ९ |
| ३. | वरिष्ठ कम्युनिटी नर्सिङ अधिकृत | ८ |
| ४. | कम्युनिटी नर्सिङ अधिकृत | ७ |
| ५. | वरिष्ठ कम्युनिटी नर्सिङ निरीक्षक | ७ |
| ६. | कम्युनिटी नर्सिङ निरीक्षक | ६ |
| ७. | सि.अ.न.मी निरीक्षक/वरिष्ठ अ.न.मी सुपरभाइजर | ६ |
| ८. | पब्लिक हेल्थ नर्स | ५ |
| ९. | सि.अ.न.मी | ५ |
| १०. | अ.न.मी | ४ |

| (थ) होमियोप्याथी समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | वरिष्ठ कन्सलटेण्ट होमियोप्याथी चिकित्सक | १० |
| २. | कल्सल्टेण्ट होमियोप्याथी चिकित्सक | ९ |
| ३. | होमियोप्याथी चिकित्सक | ८ |
| ४. | होमियोप्याथी सहायक | ५ |

| (द) डेन्टिष्ट्री समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | वरिष्ठ कन्सल्टेण्ट डेन्टल सर्जन | १० |
| २. | वरिष्ठ कन्सल्टेण्ट इण्डोडोण्टीष्ट | १० |
| ३. | वरिष्ठ कन्सल्टेण्ट ओरल सर्जन | १० |
| ४. | वरिष्ठ कन्सल्टेण्ट प्रोस्थोडोण्टीष्ट | १० |
| ५. | वरिष्ठ कन्सल्टेण्ट पेरीयोडोण्टीष्ट | १० |
| ६. | वरिष्ठ कन्सल्टेण्ट अर्थोडोण्टीष्ट | १० |
| ७. | कन्सल्टेण्ट डेन्टल सर्जन | ९ |
| ८. | कन्सल्टेण्ट इण्डोडोण्टीष्ट | ९ |
| ९. | कन्सल्टेण्ट ओरल सर्जन | ९ |
| १०. | कन्सल्टेण्ट प्रोस्थोडोण्टीष्ट | ९ |
| ११. | कन्सल्टेण्ट पेरीयोडोण्टीष्ट | ९ |
| १२. | कन्सल्टेण्ट अर्थोडोण्टीष्ट | ९ |
| १३. | डेण्टल सर्जन | ८ |
| १४. | डेण्टल चेयरसाई असिष्टेण्ट | ५ |
| १५. | डेन्टल हाइजिनिष्ट | ५ |

| (ध) आयुर्वेद समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | वरिष्ठ कन्सल्टेण्ट आयुर्वेद विज्ञ | १० |
| २. | वरिष्ठ कन्सल्टेण्ट भेषज विज्ञ | १० |
| ३. | वरिष्ठ कन्सल्टेण्ट काय–चिकित्सक | १० |
| ४. | वरिष्ठ कन्सल्टेण्ट स्त्रीरोग तथा प्रसूती चिकित्सक | १० |
| ५. | वरिष्ठ कन्सल्टेण्ट कौमारभृत्य चिकित्सक | १० |
| ६. | वरिष्ठ कन्सल्टेण्ट शल्य चिकित्सक/ संज्ञाहरण चिकित्सक | १० |
| ७. | वरिष्ठ कन्सल्टेण्ट शालाक्य चिकित्सक | १० |
| ८. | कन्सल्टेन्ट आयुर्वेद विज्ञ | ९ |
| ९. | कन्सल्टेण्ट भेषज विज्ञ | ९ |
| १०. | कन्सल्टेण्ट काय–चिकित्सक | ९ |
| ११. | कन्सल्टेण्ट स्त्रीरोग तथा प्रसूती चिकित्सक | ९ |
| १२. | कन्सल्टेण्ट कौमारभृत्य चिकित्सक | ९ |
| १३. | कन्सल्टेण्ट शल्य चिकित्सक/संज्ञाहरण चिकित्सक | ९ |

| | | |
|---|---|---|
| १४. | कन्सल्टेण्ट शालाक्य चिकित्सक | ९ |
| १५. | आयुर्वेद चिकित्सक | ८ |
| १६. | वरिष्ठ कविराज निरीक्षक | ७ |
| १७. | कविराज निरीक्षक | ६ |
| १८. | वैद्य निरीक्षक | ६ |
| १९. | कविराज (आयर्वेद सहायक) | ५ |
| २०. | वरिष्ठ वैद्य | ५ |
| २१. | वैद्य | ४ |

## (न) हेल्थ एजुकेशन समूह

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक | १० |
| २. | स्वास्थ्य शिक्षा प्रशिक्षण प्रशासक | ९ |
| ३. | वरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत | ८ |
| ४. | स्वास्थ्य शिक्षा अधिकृत | ७ |
| ५. | वरिष्ठ स्वास्थ्य शिक्षा निरीक्षक | ७ |
| ६. | स्वास्थ्य शिक्षा निरिक्षक | ६ |
| ७. | स्वास्थ्य शिक्षा टेक्निसियन | ५ |

## (प) मेडिकल ल्याव टेक्नोलोजी समूह

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | सह प्रमुख मेडिकल ल्याव टेक्नोलोजिष्ट | १० |
| २. | सह प्रमुख माइक्रोबायोलोजिष्ट | १० |
| ३. | उप प्रमुख माइक्रोबायोलोजिष्ट | ९ |
| ४. | उप प्रमुख मेडिकल ल्याव टेक्नोलोजिष्ट | ९ |
| ५. | वरिष्ठ मेडिकल ल्याव टेक्नोलोजिष्ट | ८ |
| ६. | वरिष्ठ माइक्रोबायोलोजिष्ट | ८ |
| ७. | माइक्रोबायोलोजिष्ट | ७ |
| ८. | मेडिकल ल्याव टेक्नोलोजिष्ट | ७ |
| ९. | वरिष्ठ ल्याव टेक्निसियन निरीक्षक/वरिष्ठ माइक्रोस्कोपिष्ट निरीक्षक | ७ |
| १०. | ल्याब टेक्निसियन निरीक्षक/ल्याब असिष्टेण्ट निरीक्षक | ६ |
| ११. | वरिष्ठ माइक्रोस्कोपिष्ट | ६ |
| १२. | ल्याब टेक्निसियन/वरिष्ठ ल्याब असिष्टेण्ट | ५ |
| १३. | माइक्रोस्कोपिष्ट | ५ |
| १४. | ल्याब असिष्टेन्ट | ४ |

## (फ) फिजियोथेरापी समूह

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | सह प्रमुख फिजियोथेरापिष्ट | १० |
| २. | उप प्रमुख फिजियोथेरापिष्ट | ९ |

| | | |
|---|---|---|
| ३. | वरिष्ठ फिजियोथेरापिष्ट | ८ |
| ४. | फिजियोथेरापिष्ट | ७ |
| ५. | वरिष्ठ फिजियोथेरापी निरीक्षक | ७ |
| ६. | फिजियोथेरापी निरीक्षक | ६ |
| ७. | फिजियोथेरापी असिष्टेण्ट | ५ |

**(ब) फार्मेसी समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ औषधी व्यवस्थापक | १० |
| २. | वरिष्ठ वैज्ञानिक अधिकृत | ९/१० |
| ३. | वरिष्ठ गुणस्तर नियन्त्रक/वरिष्ठ फर्मासिष्ट | १० |
| ४. | औषधी व्यवस्थापक/फर्मासिष्ट अधिकृत | ९ |
| ५. | गुणस्तर नियन्त्रक | ९ |
| ६. | वैज्ञानिक अधिकृत | ७/८ |
| ७. | फार्मेसी अधिकृत | ७/८ |
| ८. | गुणस्तर अधिकृत | ७/८ |
| ९. | वरिष्ठ फा.सु.निरीक्षक/व.गु.सु.भा. निरीक्षक /वरिष्ठल्याव असिष्टेण्ट निरीक्षक | ७ |
| १०. | फार्मेसी निरीक्षक/ गुणस्तर निरीक्षक / अनुसन्धान निरीक्षक | ६ |
| ११. | फार्मेसी सु.भा.निरीक्षक / गुणस्तर नियन्त्रण निरीक्षक / ल्यावअसिष्टेण्ट निरीक्षक | ६ |
| १२. | फार्मेसी सुपरभाइजर/गुणस्तर नियन्त्रण सुपरभाइजर | ५ |
| १३. | ल्याव असिष्टेण्ट/फार्मेसी सहायक | ५ |

**(भ) हेल्थ इन्स्पेक्सन समूह**

| क्र.स. | पद | तह |
|---|---|---|
| १. | वरिष्ठ जनस्वास्थ्य प्रशासक | १० |
| २. | जनस्वास्थ्य प्रशासक | ९ |
| ३. | वरिष्ठ जनस्वास्थ्य अधिकृत | ८ |
| ४. | जनस्वास्थ्य अधिकृत | ७ |
| ५. | क्षय/कुष्ठ भेक्टर कन्ट्रोल/प.नि./ खोप सुपरभाइजर अधिकृत | ७ |
| ६. | इण्टोमोलोजिष्ट | ७ |
| ७. | भेक्टर कन्ट्रोल क्षय/कुष्ठ /प.नि. सुपरभाइजर निरीक्षक | ६ |
| ८. | जनस्वास्थ्य निरीक्षक | ६ |
| ९. | सि.अ.हे.व अधिकृत | ६ |
| १०. | मलेरिया इन्सपेक्टर निरीक्षक | ६ |
| ११. | कोल्डचेन निरीक्षक | ६ |
| १२. | हेल्थ असिस्टेन्ट | ५ |
| १३. | सि.अ.हे.व | ५ |
| १४. | अ.हे.ब. | ४ |

| (म) मेडिकल रेकर्डस समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | वरिष्ठ मेडिकल रेकर्डर अधिकृत | ८ |
| २. | मेडिकल रेकर्डर अधिकृत | ७ |
| ३. | वरिष्ठ मेडिकल रेकर्डर निरीक्षक | ७ |
| ४. | मेडिकल रेकर्डर निरीक्षक/मेडिकल असिष्टेण्ट निरीक्षक | ६ |
| ५. | मेडिकल रेकर्डर सुपरभाइजर/वरिष्ठ मेडिकल रेकर्डस असिष्टेण्ट | ५ |
| ६. | जुनियर मेडिकल रेकर्डस असिष्टेण्ट | ४ |

| (य) रेडियोग्राफी समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | उपप्रमुख रेडियोग्राफी टेक्नोलोजिष्ट | ९ |
| २. | वरिष्ठ रेडियोग्राफी टेक्नोलोजिष्ट | ८ |
| ३. | रेडियोग्राफी टेक्नोलोजिष्ट | ७ |
| ४. | वरिष्ठ रेडियोग्राफी निरीक्षक | ७ |
| ५. | रेडियोग्राफर निरीक्षक | ६ |
| ६. | डार्करुम असिष्टेण्ट निरीक्षक | ६ |
| ७. | रेडियो ग्राफर | ५ |
| ८. | वरिष्ठ डार्करुम असिष्टेण्ट | ५ |
| ९. | डार्करुम असिष्टेण्ट | ४ |

| (र) विविध समूह | | |
|---|---|---|
| क्र.स. | पद | तह |
| १. | उप प्रमुख बायोमेडिकल इन्जिनियर | ९/१० |
| २. | वरिष्ठ मेडिकल फिजिसिष्ट प्रशासक | ९/१० |
| ३. | वरिष्ठ हाउस किपिङ्ग प्रशासक | ९/१० |
| ४. | वरिष्ठ डाइटिसियन प्रशासक | ९/१० |
| ५. | वरिष्ठ इ.सि.जी अधिकृत | ९/१० |
| ६. | वरिष्ठ अडियोलोजिष्ट | ९/१० |
| ७. | वरिष्ठ क्लिनिकल साइकोलोजिष्ट | ९/१० |
| ८. | वरिष्ठ साइकोलोजिष्ट | ९/१० |
| ९. | वायोमेडिकल इन्जिनियर | ८ |
| १०. | वरिष्ठ मेडिकल फिजिसिष्ट | ८ |
| ११. | वरिष्ठ इ.सि.जी अधिकृत | ८ |
| १२. | वरिष्ठ हाउस किपिङ्ग अधिकृत | ८ |
| १३. | वरिष्ठ अडियोलोजिष्ट | ८ |
| १४. | वरिष्ठ अर्थोप्टिसियन अधिकृत | ८ |
| १५. | वरिष्ठ अप्टिसियन अधिकृत | ८ |
| १६. | वरिष्ठ डाइटिसियन अधिकृत | ८ |

| | | |
|---|---|---|
| १७. | क्लिनिकल साइकोलोजिष्ट | ७/८ |
| १८. | साइकोलोजिष्ट | ७/८ |
| १९. | वरिष्ठ ऐनेस्थेटिक निरीक्षक | ७ |
| २०. | मेडिकल फिजिसिष्ट | ७ |
| २१. | इ.सि.जी अधिकृत | ७ |
| २२. | हाउस किपिङ्ग अधिकृत | ७ |
| २३. | अडियोलोजिष्ट | ७ |
| २४. | वरिष्ठ डाइटिसियन निरीक्षक | ७ |
| २५. | वरिष्ठ मेडिकल फिजिसिष्ट निरीक्षक | ७ |
| २६. | वरिष्ठ हाउस किपिङ्ग निरीक्षक | ७ |
| २७. | मेडिकल फिजिसिष्ट अधिकृत | ७ |
| २८. | वरिष्ठ इ.सि.जी टेक्निसियन निरीक्षक | ७ |
| २९. | वरिष्ठ मर्मत सम्भार निरीक्षक | ७ |
| ३०. | वरिष्ठ अप्टिसियन निरीक्षक | ७ |
| ३१. | वरिष्ठ अर्थोप्टिसियन निरीक्षक | ७ |
| ३२. | अर्थोप्टिसियन अधिकृत | ७ |
| ३३. | अप्टिसियन अधिकृत | ७ |
| ३४. | डाइटिसियन निरीक्षक | ६ |
| ३५. | मेडिकल फिजिसिष्ट निरीक्षक | ६ |
| ३६. | हाउस किपिङ्ग निरीक्षक/मर्मत सम्भार निरीक्षक | ६ |
| ३७. | इ.सि.जी. टेक्निसियन निरीक्षक | ६ |
| ३८. | मर्मत सम्भार सुपरभाईजर | ६ |
| ३९. | अप्टिसियन निरीक्षक | ६ |
| ४०. | अर्थोप्टिसियन निरीक्षक | ६ |
| ४१. | एनेस्थेटिक निरीक्षक | ६ |
| ४२. | इ.सि.जी टेक्निसियन | ५ |
| ४३. | डाइटिसियन सुपरभाइजर | ५ |
| ४४. | हाउस किपिङ्ग सुपरभाइजर | ५ |
| ४५. | मर्मत सम्भार टेक्निसियन | ५ |
| ४६. | अर्थोप्टिसियन सहायक | ५ |
| ४७. | अप्टिसियन सहायक | ५ |
| ४८. | एनेस्थेटिक सहायक | ५ |
| ४९. | बायोमेडिकल टेक्निसियन | ५ |
| ५०. | सामाजिक कार्यकर्ता (सोसियल वर्कर) | ५ |
| ५१. | अप्ट्रोमेट्रिष्ट | ५ |
| ५२. | बायोमेडिकल इक्यूप्मेण्ट असिष्टेण्ट टेक्निसियन | ५ |
| ५३. | फोरम्यान निरीक्षक | ५ |
| ५४. | वरिष्ठ फोरम्यान | ५ |
| ५५. | फोरम्यान | ४ |
| ५६. | अस्पताल क्लिनर | ४ |

## अनुसूची- ४

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

## <u>पद दर्ता फाराम</u>

| कार्यालय तथा दरबन्दी विवरण सम्बन्धी ढाँचा | |
|---|---|
| **(क) कार्यालय सम्बन्धी विवरण** | फ्याक्स नं. |
| कार्यालयको नामः (नेपालीमा) | जिल्लाः |
| कार्यालयको नामः (अंग्रेजीमा) | गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. |
| स्थानीय कार्यपालिकाको नामः | वडा नं.: |
| निकटतम माथिल्लो निकायः | स्थानः |
| कार्यालयको स्तरः | फोन नंः. |
| शुरू पद सिर्जना भएको मितिः | इमेलः |
| पछिल्लो अद्यावधिक मितिः | वेवसाइटः |

**(ख) कार्यालयको दरवन्दी तेरिजः**

| सि.नं. | पदको नाम | श्रेणी तह | सेवा | समूह | उपसमूह | साबिक पद | थप | घट | खुद कायम | पद संकेत नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | जम्मा | | | | | | |

| | |
|---|---|
| पद दर्ता हुने स्थानीय तहको तर्फबाट<br>उपरोक्त निर्णय संलग्न राखी माथि उल्लिखित पद दर्ता गरी जानकारी दिनुहुन अनुरोध छ। | प्रदेश किताबखानाको तर्फबाट<br>माथि उल्लिखित पद विद्युतीय माध्यमबाट समेत दरबन्दी व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी कार्यालय संकेत नं. मा पद दर्ता गरिएको व्यहोरा प्रमाणित ........ गरिएको छ। |
| दस्तखतः | दस्तखतः |
| नाम,थरः | नाम,थरः |
| पदः | पदः |
| कार्यालयः | प्रमाणित गर्ने अधिकृतः |

## अनुसूची- ५

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**<u>कार्य विवरण फारामको ढाँचा</u>**

<table>
<tr><td>स्थानीय तह कार्य विवरण फाराम</td><td>पदः<br>संकेत नं.</td></tr>
<tr><td></td><td>समूह/उपसमूहः-<br>तहः-</td></tr>
<tr><td>१. पदको नामः<br>स्थायीः अस्थायीः<br>२. तलब (मासिक)ः-...<br>३. काम गर्ने समयः.....<br>४. कर्मचारीको नामः-.........</td><td>५. स्थानीय तह......शाखा.....फाँट</td></tr>
<tr><td colspan="2">विस्तृत रूपमा पदको काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकारः-<br>१.<br>२.<br>३.<br>४.</td></tr>
<tr><td colspan="2">आवश्यक शैक्षिक योग्यताः-<br>उपर्युक्त विवरण मेरो पदले गर्नु पर्ने/उपर्युक्त विवरण यस पदले गर्नुपर्ने काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकारको पूर्ण ठीक विवरण हो।</td></tr>
<tr><td>............<br>कर्मचारीको दस्तखत<br>मितिः-....</td><td>.......................<br>(निकटतम अधिकारीको दस्तखत)<br>मितिः-.........<br>कार्यालयको छाप<br>मितिः-............</td></tr>
</table>

# अनुसूची- ६

(दफा २१ को उपदफा (१) सँग सम्बन्धित)

## <u>निरोगिताको प्रमाणपत्रको ढाँचा</u>

............................. स्थानीय तहको...........................पदमा सिफारिस हुनु भएका श्री............................लाई मैले जाँच्दा कुनै सरुवा वा कडारोग लागेको वा कुनै किसिमको शारीरिक विकृति वा आन्तरिक रोग भएको पाइएन। निजमा ............................रोगभए तापनि निजलाई त्यसले उपरोक्त पदमा काम गर्न असमर्थ बनाउँदैन।

निजको हुलिया............................ छ।

(क) दायाँ हातको बुढी औंलाको छापः............................

(ख) सम्बन्धित व्यक्तिको दस्तखतः............................

(ग) मितिः............................

प्रमाणित गर्ने चिकित्सकको –

(क) नामः............................

(ख) दस्तखतः............................

(ग) सम्बन्धित काउन्सिलको रजिष्ट्रेशन नम्बरः.....................

(घ) मितिः........................

## अनुसूची- ७

(दफा २२ सँग सम्बन्धित)

**<u>शपथ ग्रहणको ढाँचा</u>**

................................ पदको शपथ

म.......................................................... सत्य, निष्ठापूर्वक प्रतिज्ञा गर्छु। ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, नेपालको संविधान तथा प्रचलित कानून प्रति पूर्णवफादार रही ......................................... पदको जिम्मेवारी, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमान्दारीका साथ पालना गर्नेछु र आफ्नो कतर्व्यपालनाको सिलसिलामा आफूलाई जानकारी हुन आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थमा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

**<u>शपथ ग्रहण गर्ने कर्मचारीको:-</u>**

(क) नामः

(ख) दस्तखतः

(ग) सेवाः

(घ) समूह/उपसमूह

(ङ) तहः

(च) मितिः

**<u>शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको:-</u>**

(क) नामः

(ख) दस्तखतः

(ग) सेवाः

(घ) पदः

(ङ) कार्यालयः

(च) मितिः

## अनुसूची- ८

(दफा २४ को उपदफा (२) सँग सम्बन्धित)

## स्थानीय सेवाका कर्मचारीको वैयक्तिक विवरण फारामको ढाँचा

**(सिटरोल)**

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि (सेवा प्रवेश गर्नु पूर्वको उमेर खुलेको शैक्षिक योग्यता र नागरिकता हुनुपर्ने)।

२. यस अघि सरकारी सेवामा रही स्थायी पदमा काम गरेको भए सोको विवरण स्पष्टसँग उल्लेख गरी तत्सम्बन्धी कागजातहरूको प्रमाणित प्रतिलिपि।

३. सम्बन्धित कार्यालयबाट सिटरोल दर्ता गरी प्रमाणित गरी दिने भन्ने व्यहोराको पत्र।

४. कार्यालयमा शुरू स्थायी नियुक्ति हुँदाको हाजिरी भएको जानकारी पत्र।

५. स्थायी नियुक्ति हुँदा पेस गरेको निरोगीता र शपथ ग्रहणको प्रमाणित प्रतिलिपि।

६. प्रदेश लोकसेवा आयोगको सिफारिस पत्रको सक्कलै वा प्रमाणित प्रतिलिपि।

७. तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र अन्य कागजातहरूको प्रतिलिपि।

कर्मचारीको नाम नेपालीमा (देवनागरी लिपी)...............................

अंग्रेजीमा (BLOCK LETTER)...............................................

**कर्मचारी सङ्केत नम्बर (प्रदेश किताबखानाले भर्ने)**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली अङ्कमा | | | | | | | | | |
| अंग्रेजी अङ्कमा | | | | | | | | | |

द्रष्टव्य: कम्तीमा पनि A4 साइजको नेपाली कागजमा वैयक्तिक विवरण छापिएको हुनुपर्नेछ।

फाराम नं. ०१

## वैयक्तिक विवरण

**......................स्थानीय तह**

**...................... कार्यालय**

कर्मचारीको हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो (सिटरोल प्रमाणित गर्ने अधिकारीले फोटो समेत प्रमाणीत गरको हुनुपर्नेछ।)

कर्मचारीको हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साईजको फोटो(सिटरोल प्रमाणित गर्ने अधिकारीले फोटो समेत प्रमाणित गरेको हुनुपर्नेछ)।

**१. स्थानीय सेवाका कर्मचारीको पूरा नाम र थर**

नेपालीमाः (देवनागरी लिपी)..........................................

अंग्रेजीमाः (BLOCK LETTER)...................................

जन्म मिति विवरणः(वि.सं.)......./....../...(ई.सं.)......./...../....

नागरिकता नं. ..................जारी जिल्ला................जारी मिति ......

राष्ट्रिय परिचयपत्र नं. ...........जारी जिल्ला.........जारी मिति......रक्त समूह....

बाबुको नाम, थरः (नेपालीमा) ..............................पेशा..............

(अंग्रेजीमा)...............................पेशा.............

बाजेको नाम, थरः (नेपालीमा) .............................पेशा..............

(अंग्रेजीमा) ...................................पेशा..............

आमाको नाम, थरः (नेपालीमा) ............................पेशा..............

(अंग्रेजीमा) .............................पेशा..............

विवाहित भए पति/पत्नीको नाम नेपालीमा)................पेशा..............

(अंग्रेजीमा)..............................................

छोरीको संख्याः ......                छोराको संख्याः ......

नाम थर................                नाम थर................

## २. ठेगाना सम्बन्धी विवरण

| | स्थायी ठेगाना | | अस्थायी ठेगाना | |
|---|---|---|---|---|
| प्रदेश | नेपालीमा | अंग्रेजीमा | नेपालीमा | अंग्रेजीमा |
| जिल्लाः | | | | |
| गा.पा./न.पा. | | | | |
| वडा नं. | | | | |
| टोल/मार्ग | | | | |
| घर/ब्लक नं. | | | | |
| सम्पर्क फोन/मो.नं. | | | | |
| ईमेल ठेगानाः | | | | |

## ३. सुविधा पाउने गरी परिवारका सदस्य मध्ये इच्छाइएको कुनै एक व्यक्तिको पूरा नाम थरः

नेपालीमाः (देवनागरी लिपी).......................................................

अंग्रेजीमाः (BLOCK LETTER) .............................................

कर्मचारीको निजसँगको सम्बन्धः .............................................

ठेगानाः प्रदेश.....................जिल्लाः ...............गा.पा./न.पा. ...............
वडा नं. ............ टोल/मार्ग ........................ घर/ब्लक नं..........

इच्छाइएको व्यक्तिकोः

नागरिकता नं. (उपलब्ध भए सम्म) ..................जारी जिल्ला..........

जारी मितिः...........

## ४. अन्य वैयक्तिक विवरण

लिङ्ग ........धर्म ....... जात/जातीः ........हुलियाः........... रक्त समूहः.........

मूलः हिमाली ( ) पहाडी ( ) तराई/मधेश( )

(क) आदिवासी/जनजातीः हो ( ) होइन ( ) हो भने कुन जात .........

(ख) मधेशीः हो ( ) होइन ( ) हो भने विवरण .........................

(ग) दलितः हो ( ) होइन ( ) हो भने कुन जात .........................

(घ) पिछडिएको जिल्ला(क्षेत्र) हो ( )होइन ( ) हो भने कुन जिल्ला....

(ङ) अपाङ्गता हो ( ) होइन ( ) हो भने कुन किसिमको .........

प्रदेश लोक सेवा आयोगको सिफारस हुँदा माथि उल्लिखितमध्ये कुन वर्गमा भएको हो ?

(क), (ख), (ग), (घ), (ङ) खुला/महिला

**५. भाषाको दक्षता सम्बन्धी विवरण**

१. स्थानीय भाषा सम्बन्धी ज्ञान मातृभाषा ..................

| क्र. सं. | भाषाको नाम | लेखाई क्षमता | | | पढाई क्षमता | | | बोलाई क्षमता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्तम | सामान्य | अति उत्तम | उत्तम | सामान्य | अति उत्तम | उत्तम | सामान्य |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

२. विदेशी भाषा सम्बन्धी ज्ञान

| क्र.सं | भाषाको नाम | लेखाई क्षमता | | | पढाई क्षमता | | | बोलाई क्षमता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति उत्तम | उत्त | सामा | अति उत्तम | उत्त | सामा | अति उत्तम | उत्तम | सामान्य |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**३. कर्मचारीको शुरू स्थायी नियुक्तिको विवरण**

कार्यालयको नाम र ठेगानाः ....................................................

नियुक्ति मितिः ..............निर्णय मितिः................हाजिरी मितिः........

सेवाः .................समूहः.......................उपसमूहः....................

तहः.......................पदः..............प्राविधिक( ) अप्राविधिक ( )

**४. यस अघि सरकारी सेवामा रही स्थायी पदमा काम गरेको भए सोको विवरण**

कार्यालयको नाम र ठेगानाः ....................................................

सेवाः ................समूहः ...................उपसमूहः........................

श्रेणी/तहः ................पदः............प्राविधिक ( ) अप्राविधिक ( )

**५. अन्य विवरणः**

(क) बहु विवाह/बाल विवाह गरेको छ/छैन छ भने पति/पत्नीको नाम लेख्नुहोस् .....

(ख) पति वा पत्नीले विदेशी मुलुकको स्थायी आवासीय अनुमति (DV/PR वा अन्य) लिए/नलिएको वा सोको लागि दरखास्त दिए/नदिएको विवरणः छ ( ) छैन ()

(१) स्थायी आवासीय अनुमति लिएको भए देशको नामः .................... र लिएको मितिः..............................

(२) स्थायी आवासीय अनुमतिका लागि दरखास्त दिएको भए देशको नामः.................... दरखास्त दिएको मितिः ........

(ग) कुनै सरकारी बक्यौता तिर्न बाँकी छ/छैन बाँकी भए सोको विवरणः................

(घ) सम्बन्धित कर्मचारीको विशेष योग्यता र क्षमताः .......................

माथि लेखिएको विवरण ठीक छ। सरकारी सेवाको निमित्त अयोग्य हुने गरी मलाई कुनै सजाय भएको छैन। कुनै कुरा झुट्टो लेखिएको वा जानाजानी साँचो कुरा दबाउने लुकाउने उद्देश्यले लेखिएको ठहरे कानून बमोजिम सजाय स्वीकार गर्नेछु, साथै कर्मचारी आचार संहिता पालना गर्न प्रतिबद्ध छु भनी सहिछाप गर्नेः

कर्मचारीको                                प्रमाणित गर्ने कार्यालय

(बुढी औंलाको छाप).............          प्रमुखको नाम, थरः.........

कर्मचारीको दस्तखत                        दस्तखतः ............

| दायाँ | बायाँ |
| --- | --- |
| | |

कार्यालयको छाप

**कर्मचारी सङ्केत नम्बर (प्रदेश किताबखानाले भर्ने)**

| | | | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | | | | | | | नेपाली अङ्कमा |
| | | | | | | | | | अंग्रेजी अङ्कमा |

**विभागीय प्रमुख वा अधिकार प्राप्त**
अधिकृतको दस्तखतः-............
नामः..................................
पदः ................................
मितिः ...............................
कार्यालयको छापः

**फाराम नं. ०२**

(क) सेवा सम्बन्धी विवरण

| क्र. सं. | सेवा | समूह/उप समूह | पद र तह | कार्यालयको नाम र ठेगाना | नयाँ नियुक्ति/ सरुवा/ बढुवा | निर्णय मिति | बहाली मिति (हाजिरी मिति) |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**फाराम नं. ०३**

(ख) शैक्षिक योग्यता/तालिम/सेमिनार/सम्मेलन सम्बन्धी विवरण

| क्र. सं. | शैक्षिक योग्यता वा उपाधि | अध्ययनको विषय वा संकाय | उत्तीर्ण गरेको साल | प्राप्त श्रेणी | शिक्षण संस्था/परिषद्/विश्वविद्यालयको नाम र देश |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**फाराम नं. ०४**

६.	विभूषण, प्रशंसा पत्र र पुरस्कारको विवरण

| क्र. सं. | विभूषण/प्रशंसा पत्रको विवरण | प्राप्त मिति | विभूषण/प्रशंसा पत्र पाएको कारण | सहुलियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**फाराम नं. ०५**

७.	विभागीय सजायको विवरण

| क्र. सं. | सजायको प्रकार | सजायको आदेश मिति | पुनरावेदनको | | कैफियत |
|---|---|---|---|---|---|
| | | | ठहर | मिति | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

फाराम नं. ०६

(ङ) बिदा र औषधी उपचारको विवरण

| विवरण | घर बिदा | | | बिरामी बिदा | | | प्रसूति/प्रसूति स्याहार बिदा | | | अध्ययन बिदा | | | असाधारण बिदा | | | बेतलबी बिदा | | | गयल अवधि | | उपचार खर्च लिएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | देखि | सम्म | मिति | रकम | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

(च) वर्गीकृत क्षेत्रहरूमा काम गरेको विवरण

| सं. | अवधि | | न भएको स्थान वा क्षेत्र | रको स्थान वा क्षेत्र | चिन्ह (✓) दिई काम गरेको क्षेत्रको वर्ग जनाउने | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ेखि | म्म | | | वर्ग | वर्ग | वर्ग | वर्ग | वर्ग | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**फाराम नं. ०८**

(छ) माथि उल्लेख भएदेखि बाहेकका विवरणहरू थपघट गर्नुपर्ने भए प्रदेश किताबखानाले भर्ने

१. ठेगाना परिवर्तन सम्बन्धी विवरणः

२. इच्छाइएको व्यक्ति परिवर्तन भएमा सोको विवरणः

३. अन्य कुनै विवरण थपघट भएमा सोको विवरणः

| सम्बन्धित कर्मचारीको | प्रमाणित गर्ने अधिकारीको |
|---|---|
| नाम, थरः ... ... ... ... ... ... | नाम, थरः ... ... ... ... |
| पदः ... ... ... ... ... ... ...... | पदः ... ... ... ... ... ... |
| तहः ... ... ... ... ... ... ... ... .. | तहः ... ... ... ... ... ... |
| दस्तखतः ... ... ... ... ... ... ... . | दस्तखतः ... ... ... ... . |
| मितिः ... ... ... ... ... ... ... ... . | मितिः ... ... ... ... ... |

## अनुसूची- ९

(दफा २८ को उपदफा (८) सँग सम्बन्धित)

**<u>सरुवा पत्रको ढाँचा</u>**

महाशय,

प्रदेश सरकार/स्थानीय तह ..................को मिति .................. को निर्णयानुसार तपाईलाई सरुवा भएको स्थानीय तह/कार्यालयबाटै अवधि तोक्ने गरी वा .......... अवधिसम्मको लागि देहाय बमोजिम सरुवा गरिएको छ ।

| **साबिक पद र कार्यालय** | **सरुवा भएको पद र कार्यालय** |
|---|---|
| स्थानीय ......... सेवा ................समूह | स्थानीय ......... सेवा ................समूह |
| अधिकृतस्तर/सहायकस्तर....... | अधिकृतस्तर/सहायकस्तर...... |
| तह ................. | तह ................. |
| श्री ............................................... | कर्मचारी सङ्केत नं................ |

..........

अधिकृत

**<u>बोधार्थ तथा कार्यार्थः</u>**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

श्री प्रदेश लोक सेवा आयोग ।

श्री प्रदेश किताबखाना ।

श्री कर्मचारी सञ्चय कोष ।

श्री नागरिक लगानी कोष ।

## अनुसूची-१०

(दफा २८ को उपदफा (८) सँग सम्बन्धित)

### सरुवाको विवरण

(व्यक्तिगत फाइलमा रहने)

(१) नाम, थरः–

(२) कर्मचारी संकेत नम्वरः–

(३) पदः–

(४) तहः–

(५) सेवाः–

(६) समूहः–

(७) उपसमूहः–

(८) शैक्षिक योग्यताः–

(९) तालिमः–

(१०) अन्य विवरण (केही भए)ः–

| साबिकको कार्यालय | सरुवा वा पदस्थापना भएको कार्यालय | सरुवा भएको मिति | हाजिर भएको मिति | सरुवाको कारण | अर्को सरुवाको लागि अवधि पुग्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस फाराम अनुसारको विवरण प्रत्येक कार्यालयको प्रमुखले भरी भराई अद्यावधिक गराई राख्नु पर्नेछ ।

**तयार गर्ने अधिकृतकोः–**

दस्तखतः

पदः

मितिः

**प्रमाणित गर्ने अधिकृतकोः–**

दस्तखतः

पदः

मितिः

## अनुसूची- ११
(दफा २८ को उपदफा (८) सँग सम्बन्धित)

## <u>रमाना पत्रको ढाँचा</u>

### ......... स्थानीय तह
### .......... कार्यालय

पत्र संख्या मितिः................

चलानी नं.

श्री...........................

...............................

त्यस कार्यालयमा सरुवा हुनु भएका श्री............................लाई निजको विवरण सहितको रमाना पत्र दिई त्यस कार्यालयमा हाजिर हुन पठाईएको व्यहोरा अनुरोध गर्दछु ।

(१) कर्मचारीको नामः

(२) कर्मचारीको संकेत नं.

(३) साबिक (क) पदः- (ख) तहः

(ग) समूह/उपसमूहः (घ) सेवाः

(ङ) कार्यालयः

(४) सरुवा भएको (क) निर्णय मितिः (ख) पदः

(ग) तहः (घ) सेवाः

(ङ) समूह/उपसमूहः (च) कार्यालयः

(५) बरबुझारथ सम्बन्धी विवरणः- गरेको ☐ नगरेको ☐

(६) रमाना हुने मितिः

(७) रमानापत्रको मितिसम्म खर्च भएका बिदाः

(क) भैपरी आउने र पर्व बिदा ..........दिन।

(ख) घर बिदा..........दिन।

(ग) बिरामी बिदा..........दिन।

(घ) प्रसूति बिदा..........दिन।

(ङ) प्रसूति स्याहार बिदा ...... दिन।

(च) अध्ययन बिदा..........दिन।

(छ) सट्टा बिदा (लिएको/नलिएको)।

(ज) अतिरिक्त बिदा..........दिन।

(८) रमानापत्रको मितिसम्म संचित बिदाः-

(क) भैपरी आउने र पर्व बिदा ..........दिन।

(ख) घर बिदा..........दिन।

(ग) बिरामी बिदा..........दिन।

(घ) प्रसूति बिदा..........दिन।

(ङ) प्रसूति स्याहार बिदा ...... दिन।

(च) अध्ययन बिदा..........दिन।

(छ) सट्टा बिदा (लिएको/नलिएको)।

(ज) अतिरिक्त बिदा.........दिन।

(९) खाइपाइ आएको मासिकः-(क) तलब रु.......(ख) तलब वृद्धि रु..........

(१०) तलब भत्ता भूक्तानी लिएको अन्तिम मितिः-

(११) कर्मचारी संचयकोष प्रमाणपत्र नं. ............. र कट्टी रकमः............

(१२) भूक्तानी लिएको उपचार खर्चको रकम............... मिति...........

(१३) दैनिक भ्रमण भत्ता बापत लिएको पेश्की रकमः..........

(१४) तलब वृद्धि हुन शुरू भएको शुरू मितिः.............

(१५) नागरिक लगानी कोष प्रमाणपत्र नं............ र कट्टी रकमः...........

(१६) आयकर कट्टी रकमः................

(१७) सावधिक जीवन बीमा कोषमा जम्मा भएको साल ...... महिना..... गते

(१८) सावधिक जीवन बीमाबापत वार्षिक प्रिमियम तिरेको साल......महिना .....गते

(१९) पूरानो निवृत्तभरण योजना ................

(२०) नयाँ निवृत्तभरण योजनाको शुरू मिति साल ....... महिना ....... र कोषमा रकम जम्मा भइसकेको मिति साल...... महिना.......सम्मको।

(२१) चाडपर्व खर्च लिने चाडको नाम र सो चाड पर्ने तिथि र सम्भावित महिनाः ..

(२२) शिशु स्याहार भत्ता लिएको विवरणः

(२३) स्थायी लेखा नं...............

<u>बोधार्थ</u>ः

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा।

श्री कर्मचारी सञ्चयकोष, त्रिदेवी मार्ग, ठमेल।

श्री नागरिक लगानी कोष, नयाँबानेश्वर, काठमाडौं।

श्री प्रदेश किताबखाना, हेटौंडा।

श्री.........................(सम्बन्धित कर्मचारी)ः- सरुवा भएको कार्यालयमा हाजिर हुन जानु हुन ।

## अनुसूची- १२

(दफा ३७ सँग सम्बन्धित)

## प्रदेशभित्रको स्थानीय तहको भौगोलिक क्षेत्रको वर्गीकरण

| क्र.स. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| "क" वर्गमा पर्ने स्थानीय तह | | |
| १. | दोलखा | विगु गाउँपालिका |
| २. | रसुवा | आमाछोदिङमो गाउँपालिका |
| ३. | रसुवा | गोसाईकुण्ड गाउँपालिका |
| ४. | धादिङ | गङ्गाजमुना गाउँपालिका |
| ५. | धादिङ | रुवी भ्याली गाउँपालिका |
| "ख" वर्गमा पर्ने स्थानीय तह | | |
| ६. | काभ्रेपलाञ्चोक | खानीखोला गाउँपालिका |
| ७. | काभ्रेपलाञ्चोक | चौरीदेउराली गाउँपालिका |
| ८. | काभ्रेपलाञ्चोक | तेमाल गाउँपालिका |
| ९. | काभ्रेपलाञ्चोक | बेथानचोक गाउँपालिका |
| १०. | काभ्रेपलाञ्चोक | भुम्लु गाउँपालिका |
| ११. | काभ्रेपलाञ्चोक | महाभारत गाउँपालिका |
| १२. | दोलखा | कालिञ्चोक गाउँपालिका |
| १३. | दोलखा | गौरीशङ्कर गाउँपालिका |
| १४. | दोलखा | जिरी नगरपालिका |
| १५. | दोलखा | तामाकोशी गाउँपालिका |
| १६. | दोलखा | मेलुङ्ग गाउँपालिका |
| १७. | दोलखा | वैतेश्वर गाउँपालिका |
| १८. | दोलखा | शैलुङ गाउँपालिका |
| १९. | धादिङ | ज्वालामुखी गाउँपालिका |
| २०. | धादिङ | त्रिपूरासुन्दरी गाउँपालिका |
| २१. | धादिङ | नेत्रावतीडबजोङ गाउँपालिका |
| २२. | धादिङ | खनियाबास गाउँपालिका |
| २३. | मकवानपुर | राक्सिराङ्ग गाउँपालिका |
| २४. | रसुवा | उत्तरगया गाउँपालिका |
| २५. | रसुवा | कालिका गाउँपालिका |
| २६. | रसुवा | नौकुण्ड गाउँपालिका |
| २७. | रामेछाप | उमाकुण्ड गाउँपालिका |
| २८. | रामेछाप | खाँडादेवी गाउँपालिका |
| २९. | रामेछाप | गोकुलगङ्गा गाउँपालिका |
| ३०. | रामेछाप | दोरम्बा शैलुङ गाउँपालिका |
| ३१. | रामेछाप | लिखु तामाकोशी गाउँपालिका |

| क्र.स. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| ३२. | रामेछाप | सुनापती गाउँपालिका |
| ३३. | सिन्धुपाल्चोक | जुगल गाउँपालिका |
| ३४. | सिन्धुपाल्चोक | त्रिपूरासुन्दरी गाउँपालिका |
| ३५. | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका |
| ३६. | सिन्धुपाल्चोक | लिसङ्खुपाखर गाउँपालिका |
| ३७. | सिन्धुपाल्चोक | सुनकोशी गाउँपालिका |
| ३८. | सिन्धुपाल्चोक | हेलम्बु गाउँपालिका |
| ३९. | सिन्धुली | गोलन्जोर गाउँपालिका |
| ४०. | सिन्धुली | दुधौली नगरपालिका |
| ४१. | सिन्धुली | फिक्कल गाउँपालिका |
| ४२. | सिन्धुली | मरिण गाउँपालिका |
| ४३. | सिन्धुली | हरिहरपुरगढी गाउँपालिका |
| "ग" वर्गमा पर्ने स्थानीय तह | | |
| ४४. | काभ्रेपलाञ्चोक | नमोबुद्ध नगरपालिका |
| ४५. | काभ्रेपलाञ्चोक | पाँचखाल नगरपालिका |
| ४६. | काभ्रेपलाञ्चोक | मण्डनदेउपुर गाउँपालिका |
| ४७. | काभ्रेपलाञ्चोक | रोशी गाउँपालिका |
| ४८. | चितवन | इच्छाकामना गाउँपालिका |
| ४९. | चितवन | माडी नगरपालिका |
| ५०. | दोलखा | भीमेश्वर नगरपालिका |
| ५१. | धादिङ | गजुरी गाउँपालिका |
| ५२. | धादिङ | गल्छी गाउँपालिका |
| ५३. | धादिङ | थाक्रे गाउँपालिका |
| ५४. | धादिङ | धुनिबेंशी नगरपालिका |
| ५५. | धादिङ | निलकण्ठ नगरपालिका |
| ५६. | धादिङ | बेनीघाटरोराङ गाउँपालिका |
| ५७. | धादिङ | सिद्धलेक गाउँपालिका |
| ५८. | नुवाकोट | ककनी गाउँपालिका |
| ५९. | नुवाकोट | किस्पाङ गाउँपालिका |
| ६०. | नुवाकोट | तादी गाउँपालिका |
| ६१. | नुवाकोट | तारकेश्वर गाउँपालिका |
| ६२. | नुवाकोट | दुप्चेश्वर गाउँपालिका |
| ६३. | नुवाकोट | पञ्चकन्या गाउँपालिका |
| ६४. | नुवाकोट | बेलकोटगढी नगरपालिका |
| ६५. | नुवाकोट | म्यागङ गाउँपालिका |
| ६६. | नुवाकोट | लिखु गाउँपालिका |

| क्र.स. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| ६७. | नुवाकोट | विदुर नगरपालिका |
| ६८. | नुवाकोट | शिवपुरी गाउँपालिका |
| ६९. | नुवाकोट | सुर्यगढी गाउँपालिका |
| ७०. | मकवानपुर | इन्द्रसरोबर गाउँपालिका |
| ७१. | मकवानपुर | कैलाश गाउँपालिका |
| ७२. | मकवानपुर | थाहा नगरपालिका |
| ७३. | मकवानपुर | बकैया गाउँपालिका |
| ७४. | मकवानपुर | बाग्मती गाउँपालिका |
| ७५. | मकवानपुर | भिमफेदी गाउँपालिका |
| ७६. | मकवानपुर | मकवानपुरगढी गाउँपालिका |
| ७७. | मकवानपुर | मनहरी गाउँपालिका |
| ७८. | रामेछाप | मन्थली नगरपालिका |
| ७९. | रामेछाप | रामेछाप नगरपालिका |
| ८०. | ललितपुर | कोन्ज्योसोम गाउँपालिका |
| ८१. | ललितपुर | बागमती गाउँपालिका |
| ८२. | ललितपुर | महाङ्काल गाउँपालिका |
| ८३. | सिन्धुपाल्चोक | ईन्द्रावती गाउँपालिका |
| ८४. | सिन्धुपाल्चोक | चौतारा साँगाचोकगढी नगरपालिका |
| ८५. | सिन्धुपाल्चोक | बलेफी गाउँपालिका |
| ८६. | सिन्धुपाल्चोक | बाह्रविसे नगरपालिका |
| ८७. | सिन्धुपाल्चोक | भोटेकोशी गाउँपालिका |
| ८८. | सिन्धुपाल्चोक | मेलम्ची नगरपालिका |
| ८९. | सिन्धुली | घ्याङलेख गाउँपालिका |
| ९०. | सिन्धुली | तीनपाटन गाउँपालिका |
| ९१. | सिन्धुली | सुनकोशी गाउँपालिका |
| "घ" वर्गमा पर्ने स्थानीय तह | | |
| ९२. | काठमाडौं | कागेश्वरी मनोहरा नगरपालिका |
| ९३. | काठमाडौं | काठमाडौं महानगरपालिका |
| ९४. | काठमाडौं | कीर्तिपुर नगरपालिका |
| ९५. | काठमाडौं | गोकर्णेश्वर नगरपालिका |
| ९६. | काठमाडौं | चन्द्रागिरी नगरपालिका |
| ९७. | काठमाडौं | टोखा नगरपालिका |
| ९८. | काठमाडौं | तारकेश्वर नगरपालिका |
| ९९. | काठमाडौं | दक्षिणकाली नगरपालिका |
| १००. | काठमाडौं | नागार्जुन नगरपालिका |
| १०१. | काठमाडौं | बुढानिलकण्ठ नगरपालिका |

| क्र.स. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १०२. | काठमाडौं | शङ्खरापुर नगरपालिका |
| १०३. | काभ्रेपलाञ्चोक | धुलिखेल नगरपालिका |
| १०४. | काभ्रेपलाञ्चोक | पनौती नगरपालिका |
| १०५. | काभ्रेपलाञ्चोक | बनेपा नगरपालिका |
| १०६. | चितवन | कालिका नगरपालिका |
| १०७. | चितवन | खैरहनी नगरपालिका |
| १०८. | चितवन | भरतपुर महानगरपालिका |
| १०९. | चितवन | रत्ननगर नगरपालिका |
| ११०. | चितवन | राप्ती नगरपालिका |
| १११. | भक्तपुर | चाँगुनारायण नगरपालिका |
| ११२. | भक्तपुर | भक्तपुर नगरपालिका |
| ११३. | भक्तपुर | मध्यपुरथिमी नगरपालिका |
| ११४. | भक्तपुर | सूर्यविनायक नगरपालिका |
| ११५. | मकवानपुर | हेटौंडा उप-महानगरपालिका |
| ११६. | ललितपुर | गोदावरी नगरपालिका |
| ११७. | ललितपुर | महालक्ष्मी नगरपालिका |
| ११८. | ललितपुर | ललितपुर महानगरपालिका |
| ११९. | सिन्धुली | कमलामाई नगरपालिका |

## अनुसूची- १३

(दफा ४२ को उपदफा (१) सँग सम्बन्धित)

**<u>कार्यसम्पादन मुल्याङ्कन फाराम</u>**

विवरण पेस गरेको कार्यालयः- दर्ता नं.ः-

कर्मचारीको नामः- सङ्केत नं. मितिः-

पदः- तहः- सेवाः- समूहः-

कार्यालयको नामः- मूल्याङ्कन अवधिमा कार्यरत निकायः-

मूल्याङ्कन अवधिः- मिति........................देखि................सम्म

**खण्ड (क) सम्पादित कामको विवरणः-**

| **कामको विवरण** | |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |

सम्बन्धित कर्मचारीको दस्तखतः-................, मितिः-............

**खण्ड (ख) सुपरिवेक्षक र पुनरावलोकनकर्ताको मुल्याङ्कनः-**

| विषय | सुपरिवेक्षकको मुल्याङ्कन | | | | | पुनरावलोकनकर्ताको मुल्याङ्कन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्णाङ्क | अति उत्तम | उत्तम | सामान्य | न्यून | पूर्णाङ्क | अति उत्तम | उत्तम | सामान्य | न्यून |
| | | २५ | २५ | .२५ | २५ | | .५ | २ | ।.५ | १ |
| १.सम्पादित कामको समग्र विवरण | २५ | | | | | २.५ | | | | |
| २.सम्पादित कामको समग्र लागत | २५ | | | | | २.५ | | | | |
| ३.सम्पादित कामको समग्र समय | २५ | | | | | २.५ | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.सम्पादित कामको समग्र गुण | २५ | | | | | २.५ | | | | |
| पूर्णाङ्क | ५ | | | | | १० | | | | |
| प्राप्ताङ्क (अङ्क र अक्षरमा) | | | | | | | | | | |

**सुपरिवेक्षकको**
दस्तखतः-
नाम थरः-
पदः-
तहः-
मितिः-

**पुनरावलोकनकर्ताको**
दस्तखतः-
नाम थरः-
पदः-
तहः-
मितिः-

**खण्ड (ग) पुनरावलोकन समितिको मूल्याङ्कनः-**

| विषय | सुपरिवेक्षकको मुल्याङ्कन | | | | |
|---|---|---|---|---|---|
| | पूर्णाङ्क | अति उत्तम | उत्तम | सामान्य | न्यून |
| | | १ | ०.७५ | ०.५० | ०.२५ |
| १. ♦विषयवस्तुको ज्ञान र सीप | १ | | | | |
| २. ♦पुनरावलोकन समितिको मूल्याङ्कन | १ | | | | |
| ३. सिर्जनशीलता र अग्रसरता | १ | | | | |
| ४.उत्तरदायित्व र पेशागत इमान्दारीता | १ | | | | |
| ५.समयपालना र अनुशासन | १ | | | | |
| पूर्णाङ्क | ५ | | | | |
| प्राप्ताङ्क (अङ्क र अक्षरमा) | | | | | |

**कूल प्राप्ताङ्कः- अङ्कमा** ☐ **अक्षरमा** ☐

**पुनरावलोकन समितिको पदाधिकारीहरूकोः**

नामः- पदः- कर्मचारी सङ्केत नं.:- दस्तखत

१)

२)

३)

---

♦ मिति २०८०।०४।०१ मा प्रकाशित प्रदेश राजपत्र सूचनाद्वारा हेरफेर

## अनुसूची- १४

(दफा ५० को उपदफा (१) सँग सम्बन्धित)

**कबुलियतनामाको ढाँचा**

लिखितम ..........................श्री का नाति/नातिनी..............................को छोरा/छोरी बस्ने वर्ष ............ को म .............................. आगे स्थानीय तहबाट ................. अन्तर्गत .......................... विषयमा मनोनयन भई अध्ययन गर्न/तालिम लिन/अध्ययन भ्रमण गर्न जान लागेकोले ऐनको दफा............ को अधीनमा रही मनोनयन भएको विषयको अध्ययन/तालिम/अध्ययन भ्रमणको अवधि नबढाएमा पूर्व निश्चित अवधि भुक्तान हुनासाथ र बढाइएकोमा थप म्याद भुक्तान हुनासाथ स्वदेश फर्की आई ऐनको दफा ............. बमोजिम आफूले गर्नु पर्ने स्थानीय तहको सेवा गर्नेछु ।

मनोनयनको सिलसिलामा मैले पाएको/पाउने रकम रु. .................(अक्षेरूपी ..................................... रूपैयाँ) मनोनयनको सर्त बन्देजको अधीनमा रही खर्च गर्नेछु/पेश्की वा सापटी लिएको रूपैयाँ जुन काम र सर्तमा लिएको हुँ सोही बमोजिम गर्नेछु र बुझाउनु पर्ने रकम नबुझाएमा मेरो जायजेथा वा हकदैयाबाट सरकारी बाँकी सरह असुल उपर गरी लिएमा मेरो मन्जुरी छ र यस कुरा बापत कुनै कुराको उजुर गर्ने छैन भनी मेरो मनोमानी खुशीराजीसँग यो कवुलियतनामा लेखी............... स्थानीय तहमा चढाएँ ।

| **कवुलियतनामा गराउने अधिकृतको:** | **मनोनयन हुने उम्मेदवारको:** |
| --- | --- |
| दस्तखतः– | दस्तखतः– |
| नामः– | नामः– |
| पदः– | पदः– |
| कार्यालयः– | कार्यालयः– |
| मितिः– | मितिः– |

ईति संवत् २०.........साल .......... महिना ........गते रोज ......शुभम् ..... ।

## अनुसूची- १५

(दफा ६२ को उपदफा (१) सँग सम्बन्धित)

## बिदाको निवेदन

........................... स्थानीय तह

(...............कार्यालय)

| कर्मचारीले भर्ने | | | |
|---|---|---|---|
| नामः | पदः | कार्यालयः | |
| चिन्ह लगाउने | मागेको बिदाको किसिम | बिदाको अवधि | कारण |
| | १. भैपरी आउने र पर्व बिदा | | |
| | २. घर बिदा | | |
| | ३. बिरामी बिदा | | |
| | ४. प्रसूति बिदा | | |
| | ५. मृत्यु सस्कार बिदा | | |
| | ६. अध्ययन बिदा | | |
| | ७. असाधारण बिदा | | |
| | ८. सट्टा बिदा | | |
| | ९. अतिरिक्त सेवा बिदा | | |

बिदाको मिति...................देखि............................सम्म

कर्मचारीको सहीः-

मितिः-

**कर्मचारी प्रशासनले प्रयोग गर्ने**

| बिदाको किसिम | अघिको बाँकी | हाल मागेको | अब बाँकी रहने |
|---|---|---|---|
| १. भैपरी आउने र पर्व बिदा | | | |
| २. घर बिदा | | | |
| ३. बिरामी बिदा | | | |
| ४. प्रसूति बिदा | | | |
| ५. मृत्यु संस्कार बिदा | | | |
| ६. अध्ययन बिदा | | | |
| ७. असाधारण बिदा | | | |
| ८. सट्टा बिदा | | | |
| ९. अतिरिक्त सेवा बिदा | | | |

..................

कर्मचारीको दस्तखत

कर्मचारी प्रशासन शाखा

सिफारिस ☐ सिफारिस ☐ बिदा सकिने मिति ☐

भएको नभएको

.....................

निकटतम माथिल्लो अधिकृत मितिः.........

कुनै कुरा भए जनाउने..................

स्वीकृत [ ] अस्वीकृत [ ] बिदा सकिने मिति [ ]

.................

स्वीकृति दिने अधिकृत

.....................

पद................ मितिः-

कर्मचारीको जानकारीको निमित्त

.......................स्थानीय तह

**<u>बिदा स्वीकृतिको सूचना</u>**

पत्र संख्या

मितिः-

श्री........................

| बिदाको किसिम | अवधि | शुरू हुने मिति | कार्यालयमा हाजिर हुने मिति |
|---|---|---|---|
| | | | |

......................

सूचना गर्ने कर्मचारीको दस्तखत

कर्मचारी प्रशासन शाखा

## अनुसूची–१६

(दफा ६७ को उपदफा (१) र ७५ को उपदफा (९) सँग सम्बन्धित)

...................................स्थानीय तह

## बिदा र उपचार खर्चको विवरण

कर्मचारीको नामः तह र पदः सेवा/समूहः संकेत नं.:

| विवरण | भैपरी आउने र पर्व बिदा | | | घर बिदा | | | बिरामी बिदा | | | प्रसूति बिदा | | | मृत्यु संस्कार बिदा | | | अध्ययन बिदा | | | असाधारण बिदा | | | उपचार खर्च बापत लिएको | | बिदा बापत लिएको | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | जम्मा | खर्च | बाँकी | रकम | मिति | रकम | मिति | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

# अनुसूची- १७

(दफा १०७सँग सम्बन्धित)

**(भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (१) को प्रयोजनको लागि)**

## सम्पत्ति विवरण फाराम

सार्वजनिक पद धारण गरेको व्यक्तिको नाम, थरः-

पदः- विवरण पेस गरेको निकायः- कार्यालयः- विवरण पेस गरेको आ.व.ः-

स्थायी ठेगानाः-

जिल्लाः- गा.पा./न.पा.ः- वडा नं.ः टोलः-

हाल बसोबास गरेको ठेगानाः-

जिल्लाः- गा.पा./न.पा.ः- वडा नं.ः- टोलः-

कर्मचारी भए संकेत नम्बरः- स्थायी लेखा नं.ः-

**१. अचल सम्पत्तिको विवरणः**

(क) घर

| क्र. सं. | घरधनीको नाम | घर र घरले चर्चेको जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वर्ग मिटर) | | | |
| | | | | | | | | | |

(ख) जग्गाः

| क्र. सं. | जग्गा धनीको नाम | जग्गाको विवरण | | | | | खरिद गरेको भए सोको मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | | | |
| | | | | | | | | | |

## २. चल सम्पत्तिको विवरणः

(क) नगद, सुन, चाँदी, हिरा, जवाहरात

| क्र.सं. | विवरण | परिमाण | प्राप्त मिति | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) बैंक, वित्तीय संस्था तथा सहकारी संस्थामा रहेको खाताको विवरण

| क्र.सं. | खातावालाको नाम | संस्थाको नाम र ठेगाना | खाता नं. | मौज्दात रकम | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ग) धितोपत्र, शेयर वा ऋण पत्रको विवरण

| क्र. सं. | शेयर धनीको नाम,थर | कम्पनीको नाम, ठेगाना | शेयर/ऋण पत्रको किसिम | शेयर/ऋणपत्रको विवरण | | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | रकम | | |
| | | | | | | | |

(घ) ऋण लिए/दिए/तिरेको विवरण

| क्र.सं. | ऋण लिने/दिने/तिर्ने व्यक्ति/संस्थाको नाम, ठेगाना | ऋण | | | ऋण लिए/दिए/तिरेको रकम | ऋण लिए/दिए/तिरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | लिएको | दिएको | तिरेको | | | |
| | | | | | | | |

(ङ) सवारी साधन (अटोमोबाइलको हकमा मात्र) को विवरण

| क्र.सं. | सवार साधनको विवरण | सवारीको किसिम र नम्बर | खरिद मूल्य | खरिद मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**३. कृषि तथा पशुधन (घरजग्गा बाहेक) को विवरण**

| क्र.सं. | विवरण | सङ्ख्या | खरिद मूल्य | प्राप्त मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**४. अन्य सम्पत्तिको विवरण**

| क्र.सं. | विवरण | खरिद मूल्य | प्राप्त मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

मैले जाने बुझेसम्म माथि लेखिए बमोजिमको विवरण ठीक छ । फरक पर्ने छैन ।

नामः

पदः

दस्तखतः

मितिः

<u>द्रष्टव्यः</u> अघिल्लो आर्थिक वर्षमा पेस गरेको सम्पत्ति विवरणमा थपघट भएको विवरण यसै बमोजिमको फाराम भरी पेस गर्नु पर्नेछ।

## अनुसूची- १८

(दफा १२७ को उपदफा (२) सँग सम्बन्धित)

**<u>विभागीय सजायको आदेशको निर्णयको ढाँचा</u>**

श्री .......................

स्थानीय तह/कार्यालयको श्री .........................ले गरेको।

**<u>सजायको आदेशको निर्णय फाराम</u>**

श्री .....................

स्थानीय तह/कार्यालयमा..........पदमा कार्यरत श्री............. (कर्मचारी संकेत नं. ......)ले ...........जाँचबुझ गर्दा/गराउँदा............देखिन आएकोले निज श्री.......................... सँग स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ...... को उपदफा ........ बमोजिम ..................... दिनको म्याद दिई सफाइ माग गरिएकोमा निजले पेस गरेको सफाइको व्यहोरा, सबुद.............................................कारणबाट सन्तोषजनक देखिएन। तसर्थ ऐनको दफा................. को ......... बमोजिमको कसूरमा ऐनको दफा ...... को खण्ड......... बमोजिमको सजाय निजलाई किन नगर्ने ? सो गर्नु नपर्ने कुनै सबुद प्रमाण वा कारण केही भए....................................भित्र स्पष्टीकरण पेस गर्नु भनी ऐनको दफा ......... बमोजिमको स्पष्टीकरण माग गरिएकोमा निजले........................भनी स्पष्टीकरण पेस गरेको देखियो। यस सम्बन्धमा संकलन भएका कागजात, बुझिएका सबुद प्रमाण र पेस भएको स्पष्टीकरण उपर समेत बिचार गर्दा ................................सबूद प्रमाणबाट निज श्री .......................... ले ऐनको दफाको.................. को उपदफा .................. बमोजिमको कसूर गरेको देखिएकोले निज श्री ........................... उपर ऐनको दफा ........... खण्ड ............. को सजाय प्रस्ताव गरी सो सजाय गर्नको निमित्त प्रदेश लोक सेवा आयोगको ........ कार्यालय ........... बाट परामर्श प्राप्त भए अनुरूप निज श्री ...................... लाई ऐनको दफा .......... को खण्ड ................बमोजिम................. सजाय दिने निर्णय आदेश गरिएको छ। यो आदेशमा चित्त नबुझेमा ऐनको दफा ...... को खण्ड ............ को म्यादभित्र .............. समक्ष पुनरावेदन दिन सकिने छ।

दस्तखतः

मितिः

## अनुसूची- १९

(दफा १५० सँग सम्बन्धित)

## स्थानीय सेवाका कर्मचारीको परिचयपत्रको ढाँचा

अगाडि

| | | |
|---|---|---|
| **क्रेष्ट** | स्थानीय तहको नाम<br>............................ | **फोटो** |
| **नाम:**<br>**दर्जा:**<br>**नागरिकता नं.**<br>**ब्लड ग्रुप:**<br>**सङ्केत नं.:** | | |

**पछाडि**

| | |
|---|---|
| **प्रमाणित गर्नेको दस्तखत**<br>(............................) | **कर्मचारीको सही**<br>...................... |
| **दर्जा :** | |
| **Name:**<br>**Designation:**<br>**Office:** | |

द्रष्टव्यः

१. कर्मचारी परिचयपत्र ९ से.मी. लम्बाई र ५.५ से.मी.चौडाईको हुनु पर्नेछ।

२. कर्मचारीको परिचयपत्र सेतो कागजको हुनु पर्नेछ।

३. परिचयपत्रको अगाडि पट्टि सबभन्दा माथिल्लो भागमा १२ प्वाइन्टको अक्षरमा स्थानीय तहको नाम, १४ प्वाइन्टको अक्षरमा सम्बन्धित कार्यालयको नाम, १८ प्वाइन्टको अक्षरमा कर्मचारीको नाम, १६ प्वाइन्टको अक्षरमा दर्जा र दर्जा भन्दा मुनि नागरिकता नं. लेख्नु पर्नेछ।

४. कर्मचारी परिचयपत्रको अगाडि पट्टि माथिल्लो भागमा रातो रंगको नेपाल सरकारको क्रेष्ट छाप्नु पर्ने र दायाँपट्टिको तल्लो भागमा अटो साईजको फोटो टाँस्नु पर्नेछ।

५. कर्मचारी परिचयपत्रको पछाडिको दायाँ पट्टि प्रमाणित गर्नेको दस्तखत र वायाँपट्टि कर्मचारीको दस्तखत लेख्नु पर्नेछ।

६. परिचयपत्रको पछाडिको तल्लो भागमा १४ प्वाइन्टको कर्मचारीको नाम, कार्यालयको नाम र कर्मचारीको दर्जा अंग्रेजीमा लेख्नु पर्नेछ।

७. परिचयपत्रको पछाडिको बाँकी भागमा १२ प्वाइन्टको "यो परिचयपत्र कसैले पाएमा सम्बन्धित कार्यालय, जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालयमा बुझाई दिनु होला"भन्ने सूचना लेख्नु पर्नेछ।

८. कार्यालय प्रमुख वा निजबाट अधिकार प्राप्त कर्मचारी प्रशासन सम्बन्धी काम हेर्ने अधिकृतले परिचयपत्र प्रमाणित गर्नु पर्नेछ।

९. कर्मचारी परिचयपत्र प्लाष्टिक(पारदर्शी)का खोलमा राखी देब्रेतर्फको काँधको एक वित्तामुनि छातीमा पर्ने गरी अन्य व्यक्तिले राम्रोसँग देख्ने तरिकाले लगाउनु पर्नेछ।

१०. कर्मचारी परिचयपत्र वितरण गर्दा सम्बन्धित कार्यालय कै खर्चमा पहिलो पटक वितरण गर्नु पर्ने र सो हराई वा च्यातिई अर्को लिनु पर्दा कर्मचारीले आफ्नै खर्चमा लिनु पर्नेछ। यसरी हराई वा च्यातिई अर्को परिचयपत्र लिएको विवरण अभिलेखमा जनाई निजबाट लिइएको रकम राजश्वमा दाखिला गर्नु पर्नेछ। तर सरुवा, बढुवा वा कायम मुकायम भएमा सम्बन्धित कार्यालयले नै उपलब्ध गराउनु पर्नेछ।

११. सबै सरकारी तथा अर्ध सरकारी कार्यालयका कर्मचारीहरूले कार्यालयभित्र प्रवेश गर्दा र बस्दा अनिवार्य कर्मचारी परिचयपत्र लगाएको हुनु पर्ने र अन्य स्थानमा आवश्यकता अनुसार प्रयोग गर्नु पर्नेछ।

१२. परिचयपत्र प्रयोग गर्ने गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ । यसरी परिचयपत्र नलगाउने वा नलिने कर्मचारीलाई कार्यालयमा प्रवेश गर्न नदिने वा कर्मचारीमा अनुशासन कायम गर्न कारबाही समेत कार्यालय प्रमुखले गर्न सक्नेछ।

१३. कुनै कर्मचारी सेवाबाट हटेमा निजले आफ्नो परिचयपत्र तुरुन्त आफ्नो कार्यालयमा फिर्ता बुझाउनु पर्नेछ।

# प्रदेश निजामती सेवा ऐन, २०७९

प्रमाणीकरण र प्रकाशन मिति

२०७९।११।१८

संवत् २०७९ सालको ऐन नं ९

**प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी, सहभागितामूलक र व्यावसायिक बनाउँदै प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश निजामती सेवा ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अख्तियारवाला" भन्नाले दफा १५ बमोजिम प्रदेश निजामती सेवामा नियुक्ति र पदस्थापन गर्ने अधिकारी सम्झनु पर्छ।

(ख) "आधिकारिक ट्रेड युनियन" भन्नाले दफा १२१ बमोजिमको प्रदेश कर्मचारीको आधिकारिक ट्रेड युनियन सम्झनु पर्छ।

(ग) "कर्मचारी" भन्नाले प्रदेश निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले प्रदेश सरकारको कार्यालय सम्झनु पर्छ।

(ङ) "कार्यालय प्रमुख" भन्नाले कार्यालयको प्रमुख भई कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ।

(च) "केन्द्रीय निकाय" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा केन्द्रीय निकाय भनी तोकेका प्रदेश सरकारको निकाय सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "परिवार" भन्नाले निजामती कर्मचारीसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दफा ११३ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ञ) "प्रमुख सचिव" भन्नाले नेपाल सरकारबाट खटिआएको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको कर्मचारी सम्झनु पर्छ।

(ट) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ठ) "प्रदेश निजामती सेवा" भन्नाले दफा ४ बमोजिमको प्रदेश निजामती सेवा सम्झनु पर्छ।

(ड) "प्रदेश किताबखाना" भन्नाले प्रदेश तथा स्थानीय सेवाका कर्मचारीको अभिलेख राख्ने प्रयोजनको लागि प्रदेश सरकारले स्थापना गरेको कार्यालय सम्झनु पर्छ।

(ढ) "प्रदेश लोक सेवा आयोग" भन्नाले बागमती प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(ण) "मन्त्रालय" भन्नाले प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(त) "विभागीय प्रमुख" भन्नाले तोकिएको अधिकारी सम्झनु पर्छ।

(थ) "विशेषज्ञ पद" भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य र उत्तरदायित्व भएको र विशेष योग्यता चाहिने प्रदेश निजामती सेवाको पद सम्झनु पर्छ।

(द) "सचिव" भन्नाले प्रदेश सरकारको अधिकृत एघारौं तहको कर्मचारी सम्झनु पर्छ। सो शब्दले प्रदेशमा सचिवको पदपूर्ति नभएसम्म नेपाल सरकारबाट सचिवको पदमा खटिआएको कर्मचारीलाई समेत जनाउनेछ।

(ध) "समायोजन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिमको कर्मचारी समायोजन सम्झनु पर्छ।

(न) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनु पर्छ।

(प) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभरसिटी इमिग्रेन्ट भिसा (डी.भी.), परमानेन्ट रेजिडेन्टभिसा

(पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(फ) "स्थायी पद" भन्नाले निवृत्तभरण वा योगदानमूलक निवृत्तभरण वा उपदान पाउने र म्याद नतोकिएको प्रदेश निजामती सेवाको पद सम्झनु पर्छ।

## परिच्छेद- २

## प्रदेश निजामती सेवाको गठन

३. **प्रदेश निजामती सेवा सम्बन्धी केन्द्रीय कर्मचारी निकाय:** (१) प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू तथा कर्मचारीको व्यवस्थापन र सञ्चालनका सम्बन्धमा मन्त्रालयले केन्द्रीय कर्मचारी निकायको रूपमा काम गर्नेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लेख भएदेखि बाहेक प्रदेश कर्मचारी प्रशासन सम्बन्धी काम मन्त्रालयको नीतिगत स्वीकृति लिएर मात्र गर्नु पर्नेछ।

४. **प्रदेश निजामती सेवाको गठन:** (१) प्रदेश सरकारले प्रदेश निजामती सेवा अन्तर्गत देहाय बमोजिमका सेवाहरूको गठन गर्नेछ:-

(क) प्रदेश इन्जिनियरिङ्ग सेवा,
(ख) प्रदेश कृषि सेवा,
(ग) प्रदेश न्याय सेवा,
(घ) प्रदेश प्रशासन सेवा,
(ङ) प्रदेश वन सेवा,
(च) प्रदेश शिक्षा सेवा र
(छ) प्रदेश स्वास्थ्य सेवा।

(२) उपदफा (१) बमोजिमका सेवा अन्तर्गत रहने समूह तथा उपसमूह तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम रहने समूह तथा उपसमूहको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रदेश निजामती सेवाको विविध सेवा तथा आर्थिक योजना तथा तथ्याङ्क सेवामा समायोजन भएका कर्मचारीलाई उपदफा (१) को खण्ड (घ) बमोजिमको प्रदेश प्रशासन सेवाको विविध समूहमा कायम गरिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश न्याय सेवाका कर्मचारीको सेवा, शर्त सम्बन्धी व्यवस्था नेपालको संविधानको धारा १५६ बमोजिम हुनेछ।

५. <u>तह र पदनामः</u> (१) प्रदेश निजामती सेवामा देहाय बमोजिमका तहहरू रहने छन्:-

| **अधिकृत तह** | **सहायक तह** |
|---|---|
| एघारौं | पाँचौं |
| दशौं | चौथौ |
| नवौं | तेस्रो |
| आठौं | तह विहीन |
| सातौं | |
| छैठौं | |

(२) प्रदेश निजामती सेवाका विभिन्न तहमा तोकिए बमोजिमका प्राविधिक तथा अप्राविधिक पदहरू रहने छन्।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहायक तेस्रो र चौथो तहमा कुनै कर्मचारीको पदाधिकार नरहेमा सो तहको पद स्वतः खारेज हुनेछ। यस्तो पदमा नयाँ पदपूर्ति गरिने छैन।

(४) प्रदेश निजामती सेवाका सम्बन्धित सेवा समूहमा रहने तह र सोको पदनाम तोकिए बमोजिम हुनेछ।

(५) तह विहीन पदमा रहने तहको स्तर वृद्धि तोकिए बमोजिम हुनेछ।

६. <u>कार्य विवरण र कार्यसम्पादन सम्झौताः</u> (१) प्रदेश सरकारले स्वीकृत गरेको सङ्गठनको कार्य विवरणको आधारमा प्रत्येक कार्यालयको कार्यालय प्रमुखले प्रत्येक पदको काम, कर्तव्य, उत्तरदायित्व, अधिकार र कामको मूल्याङ्कन गर्ने सूचक समेत उल्लेख गरी सङ्गठनका लागि स्वीकृत पदहरूको कार्य विवरण स्वीकृत गरी लागू गर्नु पर्नेछ।

तर अधिकृतस्तर छैठौं, सातौं र आठौं तहको कार्य विवरण सम्बन्धित सचिवले, नवौं र दशौं तहको कार्य विवरण प्रमुख सचिवले र एघारौं तहको कार्य विवरण प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) कर्मचारीलाई पदस्थापन गर्दा निजको कार्य विवरण समेत उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको कार्य विवरणको आधारमा कर्मचारीसँग कार्यसम्पादन सम्झौता गरी काममा लगाउन सकिनेछ।

तर आयोजना प्रमुख तथा तोकिए बमोजिमका कार्यालय प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(४) प्रत्येक सुपरिवेक्षकले आर्थिक वर्ष शुरू भएको एक महिनाभित्र आफ्नो मातहतमा काम गर्ने कर्मचारीलाई उपदफा (१) बमोजिमको कार्य विवरणको आधारमा त्यस्तो कर्मचारीले सम्पादन गर्नु पर्ने कार्यको वार्षिक लक्ष्य निर्धारण गरी जिम्मेवारी तोकी

काममा लगाउनु पर्नेछ। त्यस्तो वार्षिक लक्ष्य बमोजिम सम्पादित काम समेतको आधारमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।

## परिच्छेद- ३

## <u>प्रदेश निजामती सेवाको दरबन्दी तथा पदपूर्ति</u>

७. **<u>दरबन्दी सिर्जना:</u>** (१) कुनै कार्यालयको सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायले मन्त्रालयको पूर्व स्वीकृति लिई तोकिए बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सर्वेक्षण गर्दा सर्वेक्षण गरिने कार्यालयको कार्य प्रकृति र कार्यबोझ विश्लेषण गरी दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्नु पर्ने देखिएमा सोको कारण र औचित्य समेत खुलाई प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सर्वेक्षण गरी तयार गरिएको प्रतिवेदन सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले सोको औचित्य समेतको आधारमा मूल्याङ्कन गरी उपयुक्त सङ्गठन संरचना वा दरबन्दी प्रस्ताव गरी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेस भएको प्रस्ताव बमोजिम प्रदेश सरकारले सङ्गठन संरचना वा दरबन्दी स्वीकृत गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सङ्गठन संरचना वा दरबन्दी स्वीकृत भएपछि सम्बन्धित मन्त्रालयले प्रदेश किताबखानामा पद दर्ता गरी पदपूर्तिको प्रक्रिया अगाडि बढाउनेछ।

(६) यस दफा बमोजिम कुनै नयाँ पद सिर्जना भएकोमा उपदफा (५) बमोजिम प्रदेश किताबखानामा पद दर्ता भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा स्थायी दरबन्दी सिर्जना गरिने छैन। त्यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी रहन सक्नेछ।

(८) उपदफा (७) मा उल्लिखित निकायको वार्षिक बजेट तथा कार्यक्रम बमोजिम वार्षिक रूपमा आवश्यक पर्ने जनशक्तिको किसिम तथा सङ्ख्या यकिन गरी अस्थायी दरबन्दी सिफारिस गर्न तोकिए बमोजिमको समिति रहनेछ।

(९) यस दफा बमोजिम सिर्जना भएको स्थायी पदमा नियुक्त वा बढुवा भएको कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै

निकायमा खटाइएको वा नियुक्त गरिएको वा उपदफा (७) बमोजिम अस्थायी दरबन्दीमा खटाइएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि व्यहोराले पदपूर्ति गर्न पाइने छैन।

८. **<u>प्रदेश निजामती सेवाको पदपूर्ति:</u>** (१) प्रदेश निजामती सेवाको रिक्त पदमा देहाय बमोजिम पूर्ति गरिनेछः-

| तह | | खुला प्रतियोगिताद्वारा | अन्तर तह प्रतियोगिताद्वारा | बढुवाद्वारा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | |
| (क) | चौथो | - | - | १००% | - | - | - |
| (ख) | पाँचौं | १००% | - | - | - | - | - |
| (ग) | छैठौं | - | - | - | - | - | तह वृद्धि |
| (घ) | सातौं | ५०% | ५% | - | २०% | २५% | - |
| (ङ) | आठौं | - | - | - | - | - | तह वृद्धि (स्वास्थ्य सेवाको चिकित्सक र कृषि सेवा अन्तर्गतको पशु चिकित्सक बाहेक) |
| (च) | आठौं | १००% | - | - | - | - | स्वास्थ्य सेवाको चिकित्सक र कृषि सेवा अन्तर्गतको पशु चिकित्सकको हकमा |
| (छ) | नवौं | १०% | १०% | १०% | ३५% | ३५% | स्वास्थ्य सेवा बाहेकको सेवा |
| (ज) | नवौं | २०% | १०% | ३५% | ३५% | - | स्वास्थ्य सेवा |
| (झ) | दशौं | - | - | - | - | - | तह वृद्धि |
| (ञ) | एघारौं | - | - | - | ८०% | २०% | - |

(२) उपदफा (१) बमोजिमको चौथो तहको कर्मचारी पाँच वर्ष सेवा अवधि पुरा गरेपछि स्वतः पाँचौं तहमा तह वृद्धि हुनेछ। यसरी तह वृद्धि हुने पद स्वतः सिर्जना हुनेछ।

तर दफा ९५ को खण्ड (क) को उपखण्ड (१) बमोजिम सजाय पाएकोमा एक वर्षसम्म र उपखण्ड (२) बमोजिम सजाय पाएकोमा सजायको अवधिभर र निलम्बन भएकोमा निलम्बन भएको अवधिभर तह वृद्धि गरिने छैन।

(३) उपदफा (१) को खण्ड (छ) र (ज) मा उल्लिखित खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिने अधिकृत नवौं तहको पदको लागि उम्मेदवार हुन सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको र सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवाको अधिकृतस्तरको पदमा पाँच वर्ष वा प्रचलित कानून बमोजिम स्थापना भएको सङ्गठित संस्थाको अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस उपदफाको प्रयोजनको लागि "प्रदेश निजामती सेवा" भन्नाले जुनसुकै प्रदेशको निजामती सेवा र "स्थानीय सेवा" भन्नाले जुनसुकै प्रदेश अन्तर्गत रहेको स्थानीय तहको सेवा सम्झनु पर्छ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (छ) र (ज) को खुला प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुने पदमा विद्यावारिधिको उपाधि प्राप्त गरेको उम्मेदवारको लागि कम्तीमा तीन वर्ष र दर्शनाचार्य(एम.फिल) उपाधि प्राप्त गरेको उम्मेदवारको लागि कम्तीमा चार वर्ष सेवा अनुभव भएमा योग्य मानिनेछ।

(५) उपदफा (३) र (४) को प्रयोजनको लागि कुनै निकायमा आंशिक रूपमा काम गरेको अनुभव गणना हुने छैन।

(६) उपदफा (१) बमोजिमको अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय तहको सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र पूर्ति हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्।

(७) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर तह प्रतियोगिताद्वारा हुने पदपूर्तिका लागि छुट्याइएको पदमा पदपूर्ति हुन नसकेमा सोही वर्षको खुला प्रतियोगिता र आन्तरिक अन्तर सेवा प्रतियोगिताद्वारा पदपूर्ति हुन नसकेका पदहरू अर्को वर्षको कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पदपूर्ति गरिनेछ।

(८) उपदफा (१) बमोजिम आन्तरिक अन्तर सेवा प्रतियोगिताद्वारा पदपूर्ति हुने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको र प्रदेश निजामती सेवाको पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको कर्मचारी उम्मेदवार हुन सक्नेछ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनको लागि "आन्तरिक अन्तर सेवा प्रतियोगिता" भन्नाले प्रदेश निजामती सेवा भित्रका सेवा, समूह बिचको प्रतिस्पर्धा सम्झनु पर्छ।

(९) उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कन र ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि अधिकृत दशौं तहसम्मको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको पदको कर्मचारी र एघारौं तहको पदको हकमा एक तह

मूनिको सम्बन्धित सेवाको कर्मचारी बढुवाको लागि आवश्यक न्यूनतम सेवा अवधि र न्यूनतम योग्यता पूरा गरेका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्।

तर,

(क) प्रशासन सेवाको एघारौं तहको सचिवको पदमा बढुवा गर्ने प्रयोजनको लागि प्रदेश प्रशासन सेवा र प्रदेश शिक्षा सेवाका एक तह मुनिका आवश्यक न्यूनतम सेवा अवधि र न्यूनतम योग्यता पुरा गरेका कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन्।

(ख) प्रदेश सरकारले विशेषज्ञ पद भनी तोकेको एघारौं तहको पदमा सम्बन्धित सेवाभित्रको समूह र उपसमूहको कर्मचारी मात्र बढुवा हुनेछ।

(१०) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशमा समायोजन भएका कर्मचारी यस ऐन बमोजिम आन्तरिक अन्तर सेवा प्रतियोगिता तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि त्यसरी समायोजन हुनु पूर्व बहाल रहेको सेवा, समूह वा उपसमूहको एक तह माथिको पदमा उम्मेदवार हुन सक्नेछन्।

(११) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको न्यूनतम शैक्षिक योग्यता र बढुवाको लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेका र समायोजन ऐन अनुसार प्रदेशमा समायोजन भई आएका सहायक कम्प्युटर अपरेटर, कम्प्युटर अपरेटर र कम्प्युटर अधिकृत पदमा कार्यरत कर्मचारी प्रदेश प्रशासन सेवाको तोकिए बमोजिमको समूहमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन्।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार नभएमा त्यस्तो पदमध्ये अधिकृतस्तर नवौं तह वा सो सरहको पद र सोभन्दा माथिको पदमा सोही वर्ष आन्तरिक अन्तर सेवा प्रतियोगिताद्वारा र अन्य पदमा खुला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

(१३) प्रदेशमा समायोजन भएका कर्मचारीको समायोजन हुनु पूर्वको सम्बन्धित पदको सेवा अवधि समेत गणना गरिनेछ।

(१४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कर्मचारी देहायको अवधिभर खुला, आन्तरिक अन्तर सेवा वा अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदको लागि समेत सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः-

(क) प्रचलित कानून बमोजिम निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) यो ऐन तथा सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय सजाय भई बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर।

(१५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि सहायक पाँचौं तहको कम्प्युटर अपरेटर पद र सहायक चौथो तहको सहायक कम्प्युटर अपरेटर पद रिक्त भएमा स्थायी पदपूर्ति गरिने छैन।

(१६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि सवारी चालक, कार्यालय सहयोगी, चौकीदार, इलेक्ट्रिसियन, प्लम्बर, माली, सरसफाइ गर्ने कर्मचारी वा यस्तै काम गर्ने अन्य तोकिए बमोजिमका पदमा स्थायी पदपूर्ति गरिने छैन।

(१७) उपदफा (१५) बमोजिमको सहायक कम्प्युटर अपरेटर पद, कम्प्युटर अपरेटर पद र उपदफा (१६) बमोजिमको सवारी चालक, कार्यालय सहयोगी वा चौकीदार पदबाट सम्पादन गरिने कार्य दरबन्दीभित्र रही सिधै व्यक्तिसँग करार गरी सेवा करारबाट सम्पादन गराउनु पर्नेछ।

तर इलेक्ट्रिसियन, प्लम्बर, अन्य मर्मत कार्य र यस्तै काम गर्ने अन्य तोकिए बमोजिमका दरबन्दी भित्र नपर्ने दैनिक ज्यालादारीमा काम लगाउनु पर्ने कर्मचारी व्यक्ति वा संस्था करार गरी सेवा करारबाट सम्पादन गराउनु पर्नेछ।

(१८) उपदफा (१७) बमोजिम संस्थासँग सेवा करार गर्दा दिइने पारिश्रमिक तथा सुविधा प्रदेशको अर्थ हेर्ने मन्त्रालयले तोके बमोजिम हुनेछ।

तर व्यक्तिसँग करार गरी सेवा करार गर्दा दिइने पारिश्रमिक तथा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

(१९) प्रदेश निजामती सेवाको रिक्त पदमा पदपूर्ति गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) पाँचौं वा छैठौं तहको कुनै पद रिक्त भएमा पाँचौं तह रिक्त मानी पदपूर्ति गर्ने,

(ख) स्वास्थ्य सेवाको चिकित्सक र कृषि सेवा अन्तर्गतको पशु चिकित्सक बाहेक सातौं वा आठौं तह रिक्त भएमा सातौं तह रिक्त मानी पदपूर्ति गर्ने,

(ग) स्वास्थ्य सेवाको चिकित्सक र कृषि सेवा अन्तर्गतको पशु चिकित्सक आठौं तह रिक्त भएमा सोही तह रिक्त मानी पदपूर्ति गर्ने,

(घ) नवौं वा दशौं तह रिक्त भएमा नवौं तह रिक्त मानी पदपूर्ति गर्ने।

(२०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वनरक्षक, सशस्त्र वन रक्षक पदमा पदपूर्ति गर्न बाधा पर्ने छैन।

(२१) प्रदेश निजामती सेवामा गरिने पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **<u>समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन नपाउनेः</u>** सङ्घीय सेवा वा जुनसुकै प्रदेश वा जुनसुकै स्थानीय सेवाको समान तहको पदमा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुला वा अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने तह वा पदको समान तहमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन।

१०. **<u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्था:</u>** (१) प्रदेश निजामती सेवालाई समावेशी बनाउन दफा ८ को उपदफा (१) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये पैंतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बिच छुट्टा छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

(क) महिला -अठतिस प्रतिशत
(ख) आदिवासी जनजाति -पैंतिस प्रतिशत
(ग) दलित -नौ प्रतिशत
(घ) थारु -पाँच प्रतिशत
(ङ) मधेशी -चार प्रतिशत
(च) अपाङ्गता भएको व्यक्ति -तीन प्रतिशत
(छ) पिछडिएको क्षेत्र -तीन प्रतिशत
(ज) अल्पसङ्ख्यक समुदाय - तीन प्रतिशत

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि,-

(क) "पिछडिएको क्षेत्र" भन्नाले प्रदेश सरकारले हरेक तीन वर्षमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका मानव विकास सूचकाङ्कमा सबैभन्दा पछाडि परेका अन्तिमबाट क्रमशः पाँचवटा स्थानीय तह सम्झनु पर्छ।

(ख) "अल्पसङ्ख्यक समुदाय" भन्नाले तोकिए बमोजिमको समूदायलाई जनाउँछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिमको विशेष सुविधा एक व्यक्तिले सहायक तहमा एक पटक र अधिकृत तहमा एक पटक मात्र लिन पाउनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कुनै उम्मेदवार एकभन्दा बढी समूहमा प्रतिस्पर्धा गर्न बाधा पुगेको मानिने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) र (२) बमोजिम अपाङ्गता भएका व्यक्तिको लागि छुट्याइएको पदमा कुनै खास प्रकृतिको कामको लागि तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिहरू बिच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको समूहको लागि छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग आफू सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने सम्बन्धित निकायबाट जारी भएको तोकिए बमोजिमको कागजात पेस गर्नु पर्नेछ। पिछडिएको क्षेत्रको हकमा सम्बन्धित स्थानीय तहले सोही स्थानीय तहको स्थायी बासिन्दा हो भनी प्रमाणित गरेको कागजात पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम अपाङ्गता भएका व्यक्तिको हैसियतमा सो समूहबाट प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारले बुझाउने दरखास्तको साथमा प्रचलित कानून बमोजिमको अपाङ्गताको प्रमाणपत्र समेत पेस गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिम कुनै पनि समूहका लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै पनि उम्मेदवार लिखित परीक्षामा उत्तीर्ण हुन नसकेमा त्यस्तो पद सोही वर्ष भएको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गर्नु पर्नेछ।

(८) उपदफा (१) बमोजिम प्रतिशत निर्धारण गर्दा सर्वप्रथम समूह र क्रमशः उपसमूहको लागि प्रतिशत निर्धारण गर्नु पर्छ। कुनै समूह वा समूह अन्तर्गतको उपसमूहमा एक प्रतिशतभन्दा कम घाताङ्क(फ्याक्सन) आएमा त्यस्तो घाताङ्क जुन समूह वा उपसमूहको हकमा घाताङ्क आएको हो सोभन्दा लगत्तै पछिको समूह वा उपसमूहमा क्रमशः सर्दै जानेछ।

(९) प्रदेश सरकारले उपदफा (१) बमोजिम निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था हरेक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

११. **प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने:** (१) प्रदेश निजामती सेवाको खुला प्रतियोगिता, आन्तरिक अन्तर सेवा प्रतियोगिता र अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ।

(२) दफा ८ बमोजिम पदपूर्तिको लागि निर्धारण गरिएको प्रतिशत बमोजिम प्रदेश लोक सेवा आयोगले पद सङ्ख्या निर्धारण गरी विज्ञापन गर्नेछ।

(३) उपदफा (२) बमोजिम पद सङ्ख्या निर्धारण गर्दा कुनै विवाद आएमा प्रदेश लोक सेवा आयोगको निर्णय अन्तिम हुनेछ।

१२. **पदपूर्तिका लागि माग गर्ने:** (१) प्रदेश निजामती सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालयको प्रमुखले त्यसरी पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र सोको विवरण आफूभन्दा माथिल्लो कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम रिक्त पदको जानकारी प्राप्त भएपछि सो कार्यालयले सरुवाद्वारा पूर्ति गर्न सकिने भए पूर्ति गर्ने र नसकिने भए अधिकृतस्तरको पदको हकमा

सेवा सञ्चालन गर्ने मन्त्रालय मार्फत माग फाराम भरी मन्त्रालयमा पठाउनु पर्नेछ र सहायक तहको पदको हकमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा पठाउन सम्बन्धित कार्यालयलाई लेखी पठाउनु पर्नेछ।

(३) मन्त्रालयले अधिकृतस्तरको रिक्त पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा प्रदेश लोक सेवा आयोगमा पुग्ने गरी पदपूर्तिका लागि माग पठाई सेवा सञ्चालन गर्ने मन्त्रालयलाई समेत जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयले प्रदेश निजामती सेवाको पदपूर्तिका लागि माग गर्दा उपदफा (१) बमोजिम रिक्त हुन आएका पद र सो आर्थिक वर्षभित्र अनिवार्य अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्नेछ।

(५) उपदफा (२) बमोजिम सहायक तहको पदमा पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग गर्न लेखी आएपछि सम्बन्धित कार्यालयले प्रदेश लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा मागको आकृति फाराम भरी सो आयोगमा पठाउनु पर्नेछ र त्यसको जानकारी माथिल्लो कार्यालयमा पठाउनु पर्नेछ।

१३. <u>पदपूर्तिमा बन्देज</u>: (१) प्रदेश निजामती सेवाको पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गरिने छैन।

(२) उपदफा (१) विपरीत गरिएको नियुक्ति स्वतः बदर भएको मानिनेछ र त्यसरी नियुक्त भएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्त गर्ने अधिकारीबाट असुल उपर गरिनेछ।

(३) प्रदेश निजामती सेवाको स्थायी पदमा नियुक्त वा बढुवा भएको कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा नियुक्त गरिएको वा यस ऐन बमोजिम स्वीकृत गरिएको अस्थायी दरबन्दीमा काज वा अन्य रूपमा खटाएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि व्यहोराले पदपूर्ति गर्न पाइने छैन।

१४. <u>ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने</u>: (१) प्रदेश निजामती सेवाका कर्मचारीले गर्नु पर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन।

(२) उपदफा (१) विपरीत कसैले ज्यालादारी वा करारमा नियुक्ति गरेमा त्यसरी नियुक्त व्यक्तिले खाइपाइ आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१५. <u>नियुक्ति र पदस्थापन गर्ने अधिकारी</u>: (१) अधिकृतस्तर एघारौं तहको पदमा प्रदेश सरकार, मन्त्रिपरिषद्ले, अधिकृतस्तर दशौं र नवौं तहको पदमा प्रमुख सचिवले तथा आठौं, सातौं

र छैठौं वा सो सरहको पदमा सम्बन्धित मन्त्रालयको सचिवले नियुक्ति र पदस्थापन गर्नेछ। यसरी गरिएको नियुक्तिको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) प्रदेश निजामती सेवाको सहायक तह वा सो सरहको पदमा विभागीय प्रमुख वा अधिकृतस्तरको कार्यालय प्रमुखले नियुक्ति गर्नेछ।

(३) नियुक्ति र पदस्थापन गर्ने जिम्मेवारी भएको व्यक्ति वा पदाधिकारीले यस ऐनले तोकेको अवधिभित्र नियुक्ति एवम् पदस्थापन नगरेमा निजलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१६. **उम्मेदवार हुनको लागि अयोग्यता:** देहायको व्यक्ति प्रदेश निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैन:-

(क) सहायकस्तर पाँचौं तहसम्मको पदमा अठार वर्ष उमेर पूरा नभएको,

(ख) अधिकृतस्तर सातौं तह वा सोभन्दा माथिको पदमा एक्काइस वर्ष उमेर पूरा नभएको,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतिस वर्ष र महिला उम्मेदवारको हकमा चालिस वर्ष उमेर पूरा भएको,

तर,

(१) सङ्घीय निजामती सेवाका स्थायी कर्मचारी, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवाका स्थायी कर्मचारी, समायोजन ऐन बमोजिम स्थानीय सेवामा समायोजन भएका तथा यो ऐन प्रारम्भ भएपछि सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा वा जुनसुकै स्थानीय तहको स्थानीय सेवामा स्थायी नियुक्ति भई सेवामा बहाल रहेका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(२) प्रदेश निजामती सेवाको नवौं तहको पदको लागि हुने खुला प्रतियोगितामा पैंतालिस वर्ष उमेर ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ।

(घ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल नगरेको,

(ङ) भविष्यमा जुनसुकै सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

(च) गैर नेपाली नागरिक,

(छ) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासुसी, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ज) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको।

१७. **अस्थायी नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) प्रदेश लोक सेवा आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरू मध्येबाट अस्थायी नियुक्ति गर्ने प्रयोजनको लागि छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ।

(२) प्रदेश निजामती सेवाको रिक्त पदमा अस्थायी नियुक्ति गर्नु पर्ने भएमा सम्बन्धित मन्त्रालयले प्रदेश लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा प्रदेश लोक सेवा आयोगले उपदफा (१) बमोजिमको योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित मन्त्रालयको मागको आधारमा अस्थायी नियुक्ति गर्न नाम सिफारिस गरी पठाउनेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका व्यक्तिलाई बढीमा छ महिनाको लागि सम्बन्धित मन्त्रालयले अस्थायी नियुक्ति गर्नेछ।

(५) उपदफा (४) बमोजिम अस्थायी नियुक्ति गरेको जानकारी सम्बन्धित मन्त्रालयले सात दिनभित्र मन्त्रालयलाई दिनु पर्नेछ।

(६) यस दफा विपरीत कसैले अस्थायी नियुक्ति गरेमा त्यसरी नियुक्त गरिएको व्यक्तिले खाइपाइ आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१८. **पदाधिकार र जिम्मेवारीः** (१) देहायको अवस्थामा कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः-

(क) आफ्नो पदमा कामकाज गरी रहँदासम्म,
(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,
(ग) बिदामा रहेको अवधिभर,
(घ) निलम्बनमा रहेको अवधिभर,
(ङ) अर्को पदमा कायम मुकायम भई काम गरेको अवधिभर,
(च) काजमा खटिएको अवधिभर।

(२) देहायको अवस्थामा बाहेक कुनै कर्मचारीलाई जिम्मेवारी नदिई तीस दिनभन्दा बढी अवधिसम्म राख्न सकिने छैनः-

(क) लामो बिदामा रहेकोमा,
(ख) निलम्बन भएकोमा,
(ग) सेवा समूह अनुसारको पद वा दरबन्दी नभई फाजिलमा परेकोमा।

(३) उपदफा (२) विपरीत कुनै कर्मचारीलाई पदीय जिम्मेवारी नदिई राखेमा जिम्मेवारी दिई काममा लगाउनु पर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय कारबाही हुनेछ।

१९. **निरोगिताको प्रमाणपत्र पेस गर्नु पर्नेः** (१) प्रदेश निजामती सेवामा नियुक्तिको लागि सिफारिस भएको व्यक्तिले तोकिए बमोजिम ढाँचामा निरोगिताको प्रमाणपत्र पेस नगरी निजलाई प्रदेश निजामती सेवाको पदमा नियुक्ति गरिने छैन।

(२) निरोगिताको प्रमाणपत्र नेपाल सरकार वा प्रदेश सरकारद्वारा स्वीकृत चिकित्सकबाट प्राप्त भएको हुनु पर्नेछ।

२०. **शपथ ग्रहणः** प्रदेश निजामती सेवामा पहिलो पटक नियुक्ति भएको कर्मचारीले आफ्नो कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ।

२१. **परीक्षणकालः** (१) प्रदेश निजामती सेवाको पदमा नयाँ नियुक्ति गर्दा महिला कर्मचारीको हकमा छ महिना र पुरुष कर्मचारीको हकमा एक वर्ष परीक्षणकालमा रहने गरी गरिनेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको आचरण विपरीतको कुनै काम गरेमा निजको नियुक्ति अख्तियारवालाले बदर गर्न सक्नेछ।

(३) परीक्षणकालमा नियुक्ति बदर नगरिएका कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ।

तर सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवाको कुनै पदमा स्थायी नियुक्ति भई परीक्षण काल भुक्तान गरिसके पश्चात सेवालाई अविछिन्न राखी अर्को पदमा स्थायी नियुक्ति भई रमाना लिई आएमा त्यस्तो कर्मचारीलाई पुनःपरीक्षण कालमा राखिने छैन।

२२. **व्यक्तिगत विवरणः** (१) प्रदेश निजामती सेवामा नियुक्ति भएका व्यक्तिले नियुक्ति भएको एक महिनाभित्र तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण (सिटरोल) भरी कार्यरत कार्यालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिगत विवरण सम्बन्धित कार्यालय प्रमुखले प्राप्त गरेको पन्ध्र दिनभित्र प्रमाणित गरी आवश्यक कागजात सहित प्रदेश किताबखानामा पठाउनु पर्नेछ।

(३) प्रदेश किताबखानाले उपदफा (२) बमोजिम व्यक्तिगत विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दर्ता गरी सम्बन्धित कर्मचारीलाई सङ्केत नम्बर उपलब्ध गराउनु पर्नेछ। त्यस्तो सङ्केत नम्बर त्यस्ता कर्मचारीको सरुवा, बढुवा, पत्राचार लगायतमा प्रयोग गरिनेछ।

(४) कर्मचारीको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ।

२३. **कायम मुकायम र निमित्तः** (१) कुनै पनि विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा बहालवाला कर्मचारी पन्ध्र दिनभन्दा बढी समयसम्म बिदामा बसेमा

वा प्रचलित कानून बमोजिम कारबाहीमा परेमा सो पदमा तत्काल काम चलाउनको लागि समानस्तर वा बढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेको एक तह मुनिको कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सोही पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन।

(३) उपदफा (१) वा (२) विपरीत कुनै कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाइ आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीबाट असुल उपर गरिनेछ।

(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा निज मातहतको दरबन्दी वा विशेष दरबन्दी भित्रको वा रिक्त दरबन्दीमा काजमा खटिएको कर्मचारीमध्ये वरिष्ठतम् कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि "दैनिक कार्य सञ्चालन" भन्नाले आर्थिक दायित्व पर्ने कार्य, अर्ध न्यायिक प्रकृतिको कार्य र प्रचलित कानूनमा कार्यालय प्रमुखले आफैंले गर्नु पर्ने भनी तोकिएका कार्य बाहेक त्यस्तो पदले दैनिक रूपमा सम्पादन गर्नु पर्ने सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ।

२४. **सचिवको पदावधिः** सचिवको पदावधि पाँच वर्षको हुनेछ।

तर समायोजन ऐन बमोजिम प्रदेश निजामती सेवाको एघारौं तहमा समायोजन भई आएको कर्मचारीको पदावधि सङ्घीय निजामती सेवा ऐन बमोजिम हुनेछ।

२५. **अतिरिक्त समूह रहने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयमा एक अतिरिक्त समूह रहनेछ।

(२) कुनै पनि कार्यालयमा फाजिलमा रहेका कर्मचारीको पदाधिकार उपदफा (१) बमोजिमको समूहमा सार्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १८ को उपदफा (२) को अवस्थामा बाहेक अन्य अवस्थामा कर्मचारीलाई दुई महिनाभन्दा बढी अतिरिक्त समूहमा राखिने छैन।

(४) अतिरिक्त समूह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ४

## सरुवा र काज

२६. **सरुवा गर्ने अधिकार:** (१) कर्मचारीलाई सरुवा गर्ने अधिकार तोकिए बमोजिमको आधारमा तोकिएको अधिकारीलाई हुनेछ।

तर,

(क) अधिकृतस्तर एघारौं तह वा सो सरहका कर्मचारीलाई प्रदेश सरकारले सरुवा गर्नेछ।

(ख) अधिकृतस्तर नवौं र दशौं तहका कर्मचारीलाई प्रमुख सचिवले सरुवा गर्नेछ।

(ग) एक मन्त्रालय वा अन्तर्गतको कार्यालयको कर्मचारीलाई अर्को मन्त्रालय वा अन्तर्गतको कार्यालयमा प्रमुख सचिवले सरुवा गर्नेछ।

(घ) मन्त्रालय एवम् मातहतका अधिकृतस्तर आठौं तहसम्मका कर्मचारीलाई सम्बन्धित मन्त्रालयको सचिवले सरुवा गर्नेछ।

(ङ) प्रदेश प्रशासन सेवा, लेखा समूहका कर्मचारीलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिवले सरुवा गर्नेछ।

(२) कर्मचारीलाई यथासम्भव सबै भौगोलिक क्षेत्रको अनुभव दिलाउने र पूर्वानुमानयोग्य हुने गरी तोकिए बमोजिमको आधार र प्राथमिकता बमोजिम चक्रीय रूपमा सरुवा गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र तहका कर्मचारीलाई पद भएका क्षेत्रमा तोकिए बमोजिम सरुवा गर्न सकिनेछ।

(४) कर्मचारीलाई सामान्यतया दुई वर्ष पूरा नभई अर्को कार्यालयमा सरुवा गरिने छैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सहायक तहका कर्मचारीलाई सरुवा गर्ने अधिकार प्राप्त अधिकारीभन्दा एक तह माथिको अधिकारीको सहमति लिई र अधिकृत तहको कर्मचारीलाई मन्त्रालयको सहमति लिई सो बमोजिमको अवधि पुरा नभई सरुवा गर्न सकिनेछः-

(क) कुनै स्थानमा कार्यरत कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा,

(ख) कुनै कर्मचारीलाई निजको काम कारबाही, व्यवहार र आचरणको कारण कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएको पर्याप्त आधार र कारण भएमा,

(ग) प्रदेश निजामती सेवाको कुनै दरबन्दी कटौती भई सो दरबन्दीमा कार्यरत कर्मचारी फाजिलमा परेमा।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन बिदामा रहेको वा स्वतः निलम्बनमा रहेको वा छ महिनाभन्दा बढी अवधिसम्म अन्य कुनै बिदामा

रहेको वा तीन महिनाभन्दा बढी अवधि अन्यत्र काजमा खटिएको वा कुनै खास कामको लागि वा कुनै खास आयोजना कार्यान्वयन गर्नको लागि खटाइएको कर्मचारीको हकमा पदाधिकार रहेको मन्त्रालयको सहमति लिई सो अवधिभरको लागि विशेष पद सिर्जना गरी केन्द्रीयस्तरको निकायमा पदाधिकार सार्न सकिनेछ।

(७) उपदफा (५) र (६) बमोजिम अवधि नपुग्दै कुनै कर्मचारीलाई सरुवा गर्दा वा सरुवा गर्न सहमति माग गर्दा त्यसरी सरुवा गर्नु परेको कारण खुलाई सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(८) यस दफा विपरीत मन्त्रालयले गरेको सरुवा प्रदेश सरकारले र अन्य निकाय वा अधिकारीले गरेको सरुवा मन्त्रालयले बदर गर्न सक्नेछ।

(९) यस दफा विपरीत सरुवा गर्ने अधिकारीलाई अख्तियारवालाले विभागीय कारबाही गर्न सक्नेछ।

(१०) यस दफा बमोजिम सरुवा हुने कर्मचारी बाटोको म्याद बाहेक तोकिएको समयभित्र बरबुझारथ गरी सरुवा गरिएको कार्यालयमा हाजिर हुन जानु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम हाजिर हुन जानु पर्ने कर्मचारीलाई रमाना दिई पठाउनु सम्बन्धित कार्यालय प्रमुखको जिम्मेवारी हुनेछ।

(१२) उपदफा (१०) र (११) विपरीत हाजिर हुन नजाने वा रमाना नदिने कर्मचारीलाई विभागीय कारबाही गरिनेछ।

(१३) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. <u>**भौगोलिक क्षेत्रको वर्गीकरण:**</u> यस ऐनको प्रयोजनको लागि प्रदेशको भौगोलिक क्षेत्रको वर्गीकरण तोकिए बमोजिम हुनेछ।

२८. <u>**काज सम्बन्धी व्यवस्था:**</u> (१) कर्मचारीलाई सामान्यतया एउटा कार्यालयबाट अर्को कार्यालयमा काजमा खटाइने छैन।

(२) कर्मचारीको विशिष्ट ज्ञान, सीप, योग्यता र अनुभवको उपयोग गर्न आवश्यक परेको अवस्थामा निज कार्यरत मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गतको कार्यालयमा एक वर्षमा बढीमा तीन महिनाको लागि मात्र काज खटाउन सकिनेछ।

तर निर्वाचन, लेखापरीक्षण, परीक्षा सञ्चालन, तथ्याङ्क सङ्कलन, तालिम, नापी टोली, सर्वेक्षण, कुनै घटनाको जाँचबुझ वा छानबिन, महामारी वा सङ्क्रामक रोग नियन्त्रण, विपद् व्यवस्थापन लगायतका काम र अस्थायी प्रकृतिका आयोग वा समितिको काम गर्न कुनै कर्मचारीलाई सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले मन्त्रालयको सहमति लिई बढीमा एक वर्षसम्म काज खटाउन सक्नेछ।

(३) कुनै कर्मचारीलाई प्रदेश निजामती सेवाको पद नभएको निकाय वा प्रदेश सरकारको आयोजनाका लागि स्वीकृत अस्थायी दरबन्दीमा काज खटाउँदा सहायक तहका

कर्मचारीको हकमा सम्बन्धित मन्त्रालयले र अधिकृत तहका कर्मचारीको हकमा मन्त्रालयको सहमति लिई बढीमा एक आर्थिक वर्षका लागि खटाउन सकिनेछ।

(४) उपदफा (३) बमोजिम कुनै मन्त्रालय, सचिवालय वा आयोगको कर्मचारीलाई अर्को मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गत काजमा खटाउनु पर्ने भएमा काज खटिने निकायको माग र कर्मचारीको पदाधिकार रहेको निकायको सहमतिमा मन्त्रालयले काज खटाउन सक्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि कर्मचारीलाई कार्यालय प्रमुखको पदमा पदाधिकार राखी अन्यत्र निकाय वा आयोजनामा काज खटाइने छैन।

(६) कुनै मन्त्रालय, सचिवालय वा आयोगमा कार्यरत कर्मचारीको विशेषज्ञ सेवा अर्को मन्त्रालय, सचिवालय वा आयोगलाई आवश्यक परेमा माग गर्ने निकायको अनुरोध र पदाधिकार रहेको निकायको सहमतिमा मन्त्रालयले बढीमा तीन महिनाका लागि काज खटाउन सक्नेछ।

(७) यस दफा बमोजिमको काजको अवधि समाप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो कर्मचारीको पदाधिकार रहेको कार्यालयमा हाजिर हुन रमाना दिई पठाउनु पर्नेछ।

(८) यस दफा बमोजिम काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा हाजिर हुन नजाने कर्मचारीलाई त्यस्तो अवधिको तलब भत्ता भुक्तानी गर्नु हुँदैन। त्यस्तो कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा सम्बन्धित कार्यालय प्रमुख, लेखा प्रमुख र भुक्तानी लिने कर्मचारीबाट असुल उपर गरिनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीलाई सम्बन्धित मन्त्रालयको माग बमोजिम प्रदेश निजामती सेवाको समान तहको मिल्दो रिक्त पदमा एक पटकमा बढीमा एक वर्षको लागि खटिएको निकायबाटै तलब भत्ता खाने गरी काज खटाउन सकिनेछ।

(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती सेवाको कुनै सेवा, समूह वा तहको दरबन्दीमा अन्य सेवा, समूह, उपसमूह वा तहको कर्मचारी वा स्थानीय तहको सेवाका कर्मचारीलाई काजमा खटाउन सकिने छैन।

(११) यस दफा विपरीत मन्त्रालयले खटाएको काज प्रदेश सरकारले र अन्य निकाय वा अधिकारीले खटाएको काज मन्त्रालयले बदर गर्न सक्नेछ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम काज खटाउन बाहेक कुनै एक कार्यालयको कर्मचारीलाई अर्को कार्यालयमा कामकाज गर्ने गरी खटाउन पाइने छैन।

(१३) यस दफा विपरीत काज वा कामकाज गर्न खटाउने अधिकारीलाई विभागीय कारबाही हुनेछ।

## परिच्छेद- ५

## तह वृद्धि र बढुवा

२९. **ज्येष्ठता गणना सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रदेशमा समायोजन भएका कर्मचारीको ज्येष्ठता गणना गर्दा समायोजन हुनु पूर्वको साबिकको सेवा समूहको समान तहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ।

(२) उपदफा (१) बमोजिम ज्येष्ठता कायम गर्न नसकिएमा सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ।

३०. **तह वृद्धि सम्बन्धी व्यवस्थाः** (१) तह वृद्धि हुने पदभन्दा एक तह मुनीको पदमा पाँच वर्षको सेवा अवधि पूरा भएका, पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका प्रदेश निजामती सेवाका कर्मचारीलाई देहाय बमोजिम सम्बन्धित सेवा, समूह वा उपसमूह भित्र तह वृद्धि गरिनेछः-

| क्र.सं. | हालको तह | तह वृद्धि हुने तह | न्यूनतम शैक्षिक योग्यता | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य सेवा बाहेकका अन्य प्रदेश निजामती सेवा | प्रदेश निजामती स्वास्थ्य सेवा |
| १. | पाँचौं | छैठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| २. | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |
| ३. | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | सङ्घीय स्वास्थ्य सेवा सम्बन्धी कानूनले तोकेको न्यूनतम शैक्षिक योग्यता |

(२) प्रत्येक वर्षको साउन एक गते र माघको एक गतेदेखि लागु हुने गरी तह वृद्धि गर्नु पर्नेछ।

(३) तह वृद्धिको लागि सेवा अवधि गणना गर्दा समायोजन हुनु पूर्व कायम रहेको सेवा समूहको सम्बन्धित समान श्रेणी वा तहमा कायम रहेको अवधि समेत गणना हुनेछ।

(४) तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम रहनेछ।

(५) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाइपाइ आएको तलबभन्दा घटी हुने भएमा खाइपाइ आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(६) अधिकृतस्तर दशौं तहमा तह वृद्धि गर्दा प्रमुख सचिवले र अधिकृतस्तर आठौं र छैठौं तहमा तह वृद्धि गर्दा सम्बन्धित मन्त्रालयको सचिवले गर्नेछ। यसरी गरिएको तह वृद्धिको जानकारी मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई निर्णय भएको मितिले पन्ध्र दिनभित्र दिनु पर्नेछ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेश निजामती सेवाको अधिकृत सातौं तहको पशु चिकित्सक पदमा कार्यरत कर्मचारी स्वतः आठौं तहमा तह वृद्धि हुनेछन्। यसरी तह वृद्धि हुने पद स्वतः सिर्जना हुनेछ र साबिकको पद स्वतः खारेज हुनेछ।

३१. <u>**बढुवाको लागि न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता:**</u> (१) यस ऐनको दफा ८ को उपदफा (१) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा तथा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा हुने पदहरूमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुने तल्लो पदमा सेवाकालीन तालिम लिएका, ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा कम्तीमा पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेका र विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ:-

| बढुवा हुने पद | बढुवा हुन लाग्ने सेवा अवधि | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| अधिकृत एघारौं | अधिकृत दशौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको। | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण। |
| अधिकृत नवौं | अधिकृत आठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको। | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण। |
| अधिकृत सातौं | अधिकृत छैठौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको। | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण। |

**स्पष्टीकरण**: "तल्लो पदमा सेवाकालीन तालिम लिएका" भन्नाले सातौं तहको पदका लागि पाँचौं वा छैठौं तहमा, नवौं तहको पदका लागि सातौं वा आठौं र एघारौं तहको पदका लागि नवौं वा दशौं तहमा न्यूनतम तीस कार्य दिनको सेवासँग सम्बन्धित तालिम लिएको सम्झनु पर्छ।

(२) यस दफाको प्रयोजनको लागि प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको हकमा उपदफा (१) बमोजिम बढुवाका लागि सेवा अवधि गणना गर्दा यस ऐन बमोजिम निजको तह वृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुनु पूर्वको सेवा अवधि समेत जोडी गणना गरिनेछ।

(३) यस दफाको प्रयोजनको लागि प्रदेश निजामती सेवामा समायोजन भई आएका कर्मचारीको हकमा उपदफा (१) बमोजिम बढुवाका लागि सेवा अवधि गणना गर्दा देहाय बमोजिम गणना गरिनेछः-

(क) अधिकृत एघारौं तहको लागि अधिकृत दशौं, नवौं र समायोजन पूर्वको रा.प.द्वितीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

(ख) अधिकृत नवौं तहको लागि अधिकृत आठौं, सातौं र समायोजन पूर्वको रा.प.तृतीय श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

(ग) अधिकृत सातौं तहको लागि अधिकृत छैठौं, सहायक पाँचौं र समायोजन पूर्वको रा.प.अनं.प्रथम श्रेणीको सेवा अवधि गरी कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेको।

तर यस उपदफा बमोजिम एकपटक बढुवा भइसकेको कर्मचारीले पुनः बढुवा हुनुपरेमा उपदफा (१) बमोजिमको सेवा अवधि पुरा गर्नुपर्नेछ।

(४) यस दफा बमोजिम कर्मचारीको बढुवा गर्ने प्रयोजनको लागि सम्बन्धित सेवा समूहमा कायम गर्दा प्रदेशमा समायोजन भई समायोजन ऐनको म्यादभित्र हाजिर भएका कर्मचारीलाई समायोजनको निर्णय मितिको आधारमा बढुवा गरिनेछ।

तर समायोजन ऐनको म्यादभित्र हाजिर नभएका एवम् सङ्घ, अन्य प्रदेश वा स्थानीय तहबाट समायोजन संशोधन भई हाजिर हुन आएका कर्मचारी प्रदेश निजामती सेवामा दुई वर्ष सेवा अवधि पूरा नगरी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने छैनन्।

३२. **कर्मचारी बढुवाको योग्यता सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै तहको पदमा कम्तीमा पन्ध्र वर्षसम्म बहाल रहिरहेका दशौं तह वा सोभन्दा मुनिका कर्मचारीको दफा ५६ बमोजिम अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक तह माथिको पदमा बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बढुवा गर्नको लागि स्वतः विशेष पद सिर्जना हुनेछ र त्यस्तो कर्मचारी सेवाबाट अवकाश भएपछि सो पद स्वतः खारेज हुनेछ।

**३३. बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने वा तह वृद्धि रोक्का:** दफा ३१ र ३२ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि समेत रोक्का गरिनेछ:-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) दफा ४५ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) प्रदेश स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

**३४. तह वृद्धि वा बढुवा नियुक्तिको रोक्का:** (१) कुनै कर्मचारीको बढुवा नियुक्ति हुनु पूर्व निजको कुनै कारणबाट निलम्बन भएमा निजको तह वृद्धि वा बढुवा नियुक्ति रोक्का राखिनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति रोक्का भएको कुनै कर्मचारीको निलम्बन फुकुवा भएमा वा निलम्बनको अवधि समाप्त भएपछि निजलाई तह वृद्धि वा बढुवा भएको मितिदेखि कायम हुने गरी तह वृद्धि वा बढुवा नियुक्ति दिइनेछ।

**३५. कार्यक्षमताको आधारमा हुने बढुवाको आधार:** (१) बढुवा समितिले कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अङ्कको आधारमा बढुवाको लागि सिफारिस गर्नेछ।

(२) कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहाय बमोजिम बढीमा एकसय अङ्क दिइनेछ:–

| | |
|---|---|
| (क) कार्यसम्पादन मूल्याङ्कन बापत | – चालिस अङ्क |
| (ख) ज्येष्ठता बापत | – तिस अङ्क |
| (ग) भौगोलिक क्षेत्रमा काम गरे बापत | – सोह्र अङ्क |
| (घ) शैक्षिक योग्यता बापत | – बाह्र अङ्क |
| (ङ) तालिम बापत | – दुई अङ्क |

(३) सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन बापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अङ्कको गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

३६. **कार्यसम्पादनको मूल्याङ्कनः** (१) कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ।

(२) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन बापत दिइने अधिकतम कुल चालीस अङ्कको विभाजन देहाय बमोजिम हुनेछः-

(क) सुपरिवेक्षकले दिन सक्ने अधिकतम-पच्चीस अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम -दश अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम-पाँच अङ्क

(३) सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले कर्मचारीको कार्यसम्पादन बापत अङ्क दिँदा यस दफा र कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आधार अनुरूप दिनु पर्नेछ।

(४) अधिकृत तहको कर्मचारीको लागि कार्यसम्पादन मूल्याङ्कन अर्ध वार्षिक र वार्षिक रूपमा तथा सहायक तहको कर्मचारीको लागि वार्षिक रूपमा गरिनेछ।

(५) सहायक तह र तह विहीन कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित कार्यालय प्रमुख तथा विभागीय प्रमुखले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी, गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोक सेवा आयोग, एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ।

(६) अधिकृत तहको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित मन्त्रालय, आयोग वा केन्द्रीय निकायको सचिवले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति प्रदेश लोक सेवा आयोग र एक प्रति बढुवा समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोग वा केन्द्रीय निकायमा राख्नु पर्नेछ।

(७) कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रत्येक कार्यालयले तोकिएको अवधिभित्र आफूले मूल्याङ्कन गरेको फाराम पेस गर्नुपर्ने निकायमा पठाएको नामावली सहितको सूचना सात दिनभित्र आफ्नो कार्यालयको सूचना पाटी र वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(८) प्रत्येक कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम भरी तोकिएको समयावधिभित्र सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ। त्यस्तो अवधिभित्र दर्ता गर्न नसकी सोको मनासिब कारणसहित म्याद थपको लागि सम्बन्धित कर्मचारीले निवेदन दिएमा र सुपरिवेक्षकले निवेदनमा उल्लिखित कारण मनासिब देखेमा तोकिएको समयावधि समाप्त भएको मितिले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम थपिएको म्याद पछि सोही आर्थिक वर्ष भित्रै कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता हुन आएमा दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कन बापत कुल प्राप्ताङ्कबाट पुनरावलोकन समितिले एक अङ्क घटाउनेछ।

(१०) कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने समयावधिमा कुनै कर्मचारी वैदेशिक तालिम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा जानुपर्ने अवस्था परेमा वा प्रसूति बिदामा बस्नु पर्ने भएमा त्यसरी जानुभन्दा वा प्रसूति बिदामा बस्नुभन्दा अगावै कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ। त्यसरी दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई निर्धारित समयमै दर्ता भएको मानी मूल्याङ्कन गर्नु पर्नेछ।

(११) कर्मचारीले समयमा नै भरी दर्ता गरेको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको अवधिभित्र मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(१२) प्रत्येक वर्ष कार्यसम्पादन मूल्याङ्कन भइसकेपछि सम्बन्धित कर्मचारीले त्यस वर्ष प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्क निजले निवेदन दिई माग गरेमा सम्बन्धित कार्यालयले जानकारी दिनु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिम जानकारी लिएपछि सुपरिवेक्षक र पुनरावलोकनकर्ताले गरेको मूल्याङ्कन कुनै कर्मचारीलाई चित्त नबुझेमा सोको ठोस आधार र कारण सहित सात दिनभित्र एक तह माथिको अधिकारी समक्ष उजुरी गर्न सक्नेछ। त्यसरी उजुरी गरेकोमा त्यस्तो अधिकारीले उजुरी उपर सम्बन्धित सुपरिवेक्षक र पुनरावलोकनकर्तासँग परामर्श गरी आवश्यक छानबिन गर्नेछ र आवश्यक देखिएमा त्यस्तो मूल्याङ्कन फाराममा प्राप्त अङ्क तोकिए बमोजिम संशोधन गर्न सक्नेछ।

(१४) कार्यसम्पादन मूल्याङ्कन बापत सुपरिवेक्षक वा पुनरावलोकनकर्ताले पन्चानब्बे प्रतिशतभन्दा बढी वा पचहत्तर प्रतिशतभन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ र पचहत्तर प्रतिशतभन्दा कम अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समिति समक्ष पेस गर्नु पर्नेछ।

(१५) कार्यसम्पादन मूल्याङ्कनमा पुनरावलोकन समितिलाई सुपरिवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैको सो मूल्याङ्कन चित्त नबुझेमा सोको स्पष्ट कारण समेत खुलाई फिर्ता पठाउन सक्नेछ। त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनु पर्नेछ।

(१६) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको लागि अङ्क गणना गर्दा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाब गरिनेछ।

तर,

(१) अध्ययन वा तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा अध्ययन, तालिम वा निलम्बन अवधिको कार्यसम्पादन

मूल्याङ्कन बापत त्यस्तो अध्ययन वा तालिममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कनमा जति अङ्क पाएको छ सोही अनुपातमा नै अङ्क गणना गरिनेछ।

(२) असाधारण बिदामा बसेको अवधिलाई कटाएर मात्रै सम्भाव्य उम्मेदवारको हिसाब गरिनेछ र त्यस्तो बिदा अवधिको कार्यसम्पादन मूल्याङ्कन फाराम भरिने छैन। असाधारण बिदामा बसेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा असाधारण बिदामा बसेको अवधि कटाई सोभन्दा अगाडि वा पछाडिका वर्षहरूका बढुवाको लागि आवश्यक पर्ने अवधिको कार्यसम्पादन मूल्याङ्कन बापतको अङ्क गणना गरिनेछ।

(१७) प्रदेशमा कामकाज गर्न खटिई आएका कर्मचारीको हकमा समेत यसै ऐन बमोजिम कार्यसम्पादन मूल्याङ्कन गरिनेछ।

(१८) कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३७. **ज्येष्ठता बापतको अङ्क:** (१) कर्मचारीलाई ज्येष्ठता बापतको अङ्क हाल बहाल रहेको देहायको बमोजिमको पदमा काम गरे बापत देहायको दरले बढीमा तीस अङ्क प्रदान गरिनेछः-

(क) अधिकृत तहको पदमा काम गरे बापत प्रत्येक वर्षको अङ्क ३ को दरले,

(ख) सहायक तहको पदमा काम गरे बापत प्रत्येक वर्षको अङ्क ३.७५ को दरले,

तर,

(१) ज्येष्ठता बापत अङ्क गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीको हिसाबले अङ्क दिइनेछ।

(२) यस दफाको प्रयोजनको लागि गयल भएको वा असाधारण बिदामा बसेको अवधिको अङ्क दिइने छैन।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन भएपछि कुनै कर्मचारीको पहिलो पटक एक तह माथिको पदमा बढुवा प्रयोजनको लागि ज्येष्ठता बापतको अङ्क गणना गर्दा प्रदेश निजामती सेवामा समायोजन भई प्रदेश सरकार मातहतको निकायमा हाजिर भएको मिति पछि प्रत्येक वर्षको हिसाबले उपदफा (१) बमोजिम पाउने अङ्कमा १ अङ्क थप गरी गणना गरिनेछ।

३८. **भौगोलिक क्षेत्रको विभाजन:** (१) कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रमा काम गरेको अनुभवको अङ्क प्रदान गर्दा देहायको भौगोलिक क्षेत्रको वर्गीकरणको आधारमा एक वा एकभन्दा बढी वर्गमा काम गरेको अनुभव बापत सोह्र अङ्कमा नबढ्ने गरी देहाय बमोजिम अङ्क दिइनेछः–

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क ४.० का दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क ३.५ का दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क ३.० का दरले,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अङ्क २.५ का दरले,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत कुनै कर्मचारीले भौगोलिक क्षेत्र बापत प्राप्त गरिसकेको अङ्क घट्ने छैन।

(३) कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा दुई सय तेत्तीस दिन रुजू हाजिर नभई सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन। दुई सय तेत्तीस दिनभन्दा बढी अवधिको लागि दामासाहीको दरले सोही भौगोलिक क्षेत्रको र सोभन्दा कम अवधिको लागि जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "घ" वर्ग सरहको अङ्क दिइनेछ। भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अङ्क जुन तहमा बढुवा हुने हो सो तहभन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

<u>**स्पष्टीकरण:**</u> यस उपदफाको प्रयोजनको लागि "रुजू हाजिर" भन्नाले सार्वजनिक बिदा, किरिया बिदा, भैपरी आउने र पर्व बिदाको अवधिलाई समेत जनाउँछ।

(४) विदेशस्थित नेपाली कूटनीतिक नियोग वा अन्य कुनै कार्यालयमा काम गर्ने कर्मचारीलाई "घ" वर्ग सरहको र अध्ययन बिदा तथा वैदेशिक तालिममा काजमा जाने कर्मचारीलाई "घ" वर्गको लागि तोकिएको अङ्कको आधा अङ्क दिइनेछ।

(५) प्रदेशमा समायोजन भए पनि उपदफा (३) बमोजिमको अवधिसम्म प्रदेशमा हाजिर नहुने कर्मचारीको सो अवधि बापतको भौगोलिक अङ्क गणना गरिने छैन।

३९. <u>**शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन:**</u> (१) कर्मचारीलाई शैक्षिक योग्यताको अङ्क दिँदा प्रदेश निजामती सेवाको कुनै पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत एकमुष्ठ नौ अङ्क र सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधि बापत एकमुष्ठ तीन अङ्क दिइनेछ। सेवा प्रवेश गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक उपाधि मात्र पाएको अवस्थामा पनि सोही बराबरको दुवै अङ्क दिइनेछ।

(२) सेवाकालीन तालिम बापत प्रथम श्रेणीको लागि दुई अङ्क, द्वितीय श्रेणीको लागि एक दशमलव पाँच अङ्क र तृतीय श्रेणीको लागि एक अङ्क प्रदान गरिनेछ।

(३) कर्मचारीलाई तालिमको अङ्क दिँदा तीस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिम बापत अङ्क दिइनेछ। तालिमको अङ्क गणना गर्दा जुन तहमा छँदा तालिम लिएको हो सोही तहभन्दा एक तह माथिको पदमा बढुवाको लागि मात्र गणना गरिनेछ।

(४) कर्मचारीले बढुवाको दरखास्तसाथ शैक्षिक योग्यता र सेवाकालीन तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ र त्यस्तो प्रमाणपत्र पेस नगरेमा त्यस बापत अङ्क दिइने छैन।

(५) कर्मचारीले बढुवा प्रयोजनको लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उपसमूहसँग सम्बन्धित हो वा होइन भन्ने सम्बन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ। बढुवा प्रयोजनको लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण बढुवा समितिको बैठक बस्नुभन्दा अगाडिको मितिसम्म भएमा त्यस्तो शैक्षिक योग्यताको अङ्क बढुवाको लागि गणना गरिनेछ।

(६) यस दफाको अधीनमा रही तालिम दिने संस्था र तालिमको स्तर सम्बन्धी व्यवस्था सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयसँग समन्वय गरी मन्त्रालयले तोके बमोजिम हुनेछ।

(७) कर्मचारीलाई तालिमको लागि मनोनयन गर्दा तालिमको आवश्यकता मूल्याङ्कन गरी सम्बन्धित सेवा समूहको ज्येष्ठताको आधारमा मनोनयन गर्नु पर्नेछ।

४०. **नेतृत्व मूल्याङ्कन सम्बन्धी व्यवस्थाः** अधिकृतस्तर एघारौं तह वा सो सरहको कर्मचारीको तोकिए बमोजिम नेतृत्व मूल्याङ्कन गरिनेछ।

४१. **ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा समितिले ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवाको लागि सिफारिस गर्दा बढुवा हुने पदभन्दा एक तह मुनीको पदमा सबैभन्दा बढी सेवा अवधि भएका उम्मेदवारलाई देहाय बमोजिमको आधारमा सिफारिस गरिनेछः-

(क) बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि बराबरको पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेको,

(ख) अधिकृत नवौं वा सोभन्दा माथिको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरहको तथा सातौं तहको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको,

(ग) बढुवा हुने पदभन्दा एक तह मुनिको अधिकृतस्तरको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिम लिएको,

(घ) हाल बहाल रहेको तहको पदमा भौगोलिक क्षेत्रमा काम गरे बापत दफा ३८ बमोजिम पूरा अङ्क प्राप्त गरेको।

तर भौगोलिक क्षेत्रमा काम गरे बापत पूरा अङ्क प्राप्त गरेको सम्भाव्य उम्मेदवार नभएमा वा छुट्याइएको रिक्त पदमा सम्भाव्य उम्मेदवार नपुग हुने अवस्था भएमा त्यस्तो पदमा भौगोलिक क्षेत्रमा काम गरे बापत पूरा अङ्क प्राप्त नगरेको कर्मचारीलाई पनि सम्भाव्य उम्मेदवार कायम गरी बढुवा गरिनेछ।

(२) उपदफा (१) को खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको सम्भाव्य उम्मेदवार बढुवा भएमा त्यस्तो कर्मचारीको ज्येष्ठता सोही उपदफा बमोजिम बढुवा हुने अन्य कर्मचारीभन्दा पछि हुने गरी कायम गरिनेछ।

(३) यस ऐन बमोजिम बढुवा गर्दा यस दफा बमोजिम गरिने बढुवाको कारबाही सम्पन्न गरी सिफारिस गरेपछि कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवाको सिफारिस गर्नु पर्नेछ।

४२. **बढुवा समितिः** (१) प्रदेश निजामती सेवाको पदमा बढुवाको सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछः-

(क) **अधिकृत एघारौं तहको पदको लागि**

(१) प्रदेश लोक सेवा आयोगको अध्यक्ष -अध्यक्ष
(२) प्रमुख सचिव -सदस्य
(३) प्रदेश लोक सेवा आयोगका अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ -सदस्य
(४) मन्त्रालयको कानून विषय हेर्ने सचिव -सदस्य
(५) मन्त्रालयको प्रशासन महाशाखा हेर्ने सचिव-सदस्य सचिव

(ख) **नवौं र सातौं तहको पदको लागि**

(१) प्रदेश लोक सेवा आयोगको अध्यक्षले तोकेको प्रदेश लोक सेवा आयोगका सदस्य -अध्यक्ष
(२) सेवा सञ्चालन गर्ने मन्त्रालयको सचिव -सदस्य
(३) प्रदेश लोक सेवा आयोगका अध्यक्षबाट मनोनीत सम्बन्धित विषयको विशेषज्ञ -सदस्य
(४) मन्त्रालयको कानून विषय हेर्ने सचिव -सदस्य
(५) मन्त्रालयको प्रशासन महाशाखा हेर्ने सचिव -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको बढुवा समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(३) बढुवा समितिले उपदफा (१) बमोजिम बढुवा सिफारिस गर्न अपनाउनु पर्ने कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) बढुवा समितिले बढुवा नामावली प्रकाशन गर्दा बढुवाको लागि आवेदन फाराम भरेका सम्भाव्य उम्मेदवारहरूले पाएको कुल अङ्क समेत प्रकाशन गर्नु पर्नेछ।

(५) बढुवा समितिले आवेदन फाराम बुझाउने अन्तिम मितिले तीन महिनाभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ।

(६) यो ऐन प्रारम्भ हुनु पूर्व लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट चौथो, पाँचौं र छैठौं तहका पदहरूमा बढुवाका लागि प्रतिशत निर्धारण भइसकेका उम्मेदवारहरूको बढुवाको लागि उपदफा (१) को खण्ड (ख) बमोजिमको समितिले बढुवाको कार्य सम्पन्न गर्नेछ।

४३. **बढुवाको उजुरी**: (१) दफा ४२ बमोजिमको समितिले गरेको बढुवामा चित्त नबुझ्ने कर्मचारीले त्यस्तो बढुवा सिफारिस गरेको मितिले एक्काइस दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी दिन सक्नेछ।

(२) प्रदेश लोक सेवा आयोगले उजुरी छानबिन गर्दा जानी-जानी त्रुटिपूर्ण मूल्याङ्कन गरेको देखिएमा बढुवा समितिको मूल्याङ्कनकर्तालाई चेतावनी दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम पर्न आएको उजुरी झुटा ठहरिएमा उजुरीपछि हुने बढुवामा त्यस्तो उजुरीकर्ताको दुई अङ्क घटाउन सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम भएको कारबाहीको सूचना सम्बन्धित कर्मचारी लगायत बढुवा समितिको सचिवालय र सम्बन्धित कर्मचारी कार्यरत रहेको मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम परेको उजुरीमा उजुरी गर्ने म्याद नाघेको मितिले साठी दिनभित्र उजुरीको टुङ्गो लगाउनु पर्नेछ।

(६) बढुवाको उजुरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. **बढुवा मिति र बढुवा नियुक्ति**: (१) दफा ४२ को उपदफा (५) बमोजिम बढुवा नतिजा प्रकाशन भएपछि बढुवा उजुरीको प्रयोजनको लागि सो नतिजा प्रकाशन भएको मितिबाट एक्काइस दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिनेछ। त्यस्तो बढुवा सिफारिस उपर उजुरी नपरेमा सो नामावली प्रकाशन भएको मितिले बाइस दिनको मितिबाट बढुवा हुने तह कायम हुने गरी नियुक्ति दिनु पर्नेछ।

(२) बढुवा सिफारिस उपर उजुरी परेमा देहाय अनुसार मिति कायम गरी नियुक्ति दिनु पर्नेछः-

(क) उजुरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भएमा पहिलो पटक बढुवा नतिजा प्रकाशन भएको मितिले बाइसौं दिनदेखि,

(ख) बढुवा सिफारिस संशोधन गर्ने निर्णय भएमा सो बमोजिम संशोधित नतिजा प्रकाशन भएको मितिदेखि, र

(ग) कुनै बढुवा सम्बन्धमा अदालतमा मुद्दा परी बढुवा बदर भई पुन: बढुवा समितिबाट बढुवा सम्बन्धी निर्णय गरेमा पछिल्लो पटक बढुवा समितिबाट निर्णय भएको मितिदेखि।

४५. **सेवा, समूह वा उपसमूह परिवर्तन सम्बन्धी व्यवस्था**: (१) कुनै सेवा, समूह वा उपसमूहको कुनै पद लगातार दुई वर्षसम्म पूर्ति हुन नसकी अन्य सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पूर्ति गर्नु पर्ने भएमा प्रदेश सरकारले प्रदेश लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा प्रदेश लोक सेवा आयोगले सम्बन्धित सेवा, समूह वा उपसमूह र पदको लागि निर्धारण गरिएको न्यूनतम शैक्षिक योग्यता भएका समान तहको पदमा बहाल रहेका कर्मचारी प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन सक्ने गरी विज्ञापन प्रकाशन गर्नेछ। यसरी हुने प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनोट भएका कर्मचारीलाई प्रदेश सरकारले सेवा, समूह वा उपसमूह परिवर्तन गर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेश स्वास्थ्य सेवामा बहाल रहेको कुनै कर्मचारीलाई विशेष योग्यता हासिल गर्न अध्ययनमा पठाएकोमा त्यस्तो कर्मचारी अध्ययन पूरा गरी सेवामा हाजिर भएपछि प्रदेश लोक सेवा आयोगको परामर्शमा निजको विशेष योग्यतासँग सम्बन्धित सेवाको अन्य समूह वा उपसमूहमा तोकिए बमोजिम परिवर्तन गर्न सक्नेछ।

(४) यस दफामा व्यवस्था भए बमोजिम बाहेक कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन हुने छैन।

## परिच्छेद- ६

## तलब, भत्ता र अन्य सुविधा

४६. **तलब, भत्ता**: (१) कर्मचारीले हाजिर भएको दिनदेखि तलब, भत्ता पाउनेछ।

(२) कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि प्रदेश सरकारले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) कुनै सङ्घीय निजामती सेवाको कर्मचारी प्रदेश सरकार मातहतको निकायको स्वीकृत दरबन्दीमा खटिँदा त्यस्तो कर्मचारीको शुरू तलब प्रदेश निजामती सेवाको समान तह कायम हुने पदको कर्मचारीको शुरू तलबभन्दा कम हुने रहेछ भने कम हुने तलब त्यस्तो पदमा खटिएको अवधिभर सम्बन्धित प्रदेश मातहतको निकायबाट पाउनेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश किताबखानाबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन।

तर प्रदेश किताबखाना गठन भई कार्य प्रारम्भ नभएसम्म प्रचलित कानून बमोजिमको निकायबाट तलबी प्रतिवेदन पारित गर्न बाधा पर्ने छैन।

(५) उपदफा (४) बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भुक्तानी गरेमा त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता त्यसरी तलब भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर गरिनेछ।

(६) प्रत्येक कर्मचारीले एक वर्षको सेवा अवधि पूरा गरेपछि एक दिनको तलब बराबरको रकम तलब वृद्धि पाउनेछ।

(७) उपदफा (६) बमोजिम ग्रेड वृद्धि गर्दा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम थप गरिएको दुई ग्रेड कर्मचारीले प्रचलित कानून बमोजिम पाउने अधिकतम ग्रेड सङ्ख्यामा समायोजन नगरी अतिरिक्त ग्रेडको रूपमा प्रदान गर्नु पर्नेछ।

(८) कुनै कर्मचारीको तलब वृद्धि रोक्का भएकोमा सो तलब वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रूपमा जनाई अभिलेख राख्नु पर्नेछ।

४७. **<u>पकाएको तलब भत्ता पाउने</u>**: (१) कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि पकाएको तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ।

(२) कर्मचारी जुनसुकै तरिकाले सेवामा नरहे पनि पकाएको तलब र भत्ता पाउनेछ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि कर्मचारीको तलब कट्टा गरिने छैन।

४८. **<u>निलम्बन भएमा पाउने तलब</u>**: (१) कुनै कर्मचारी सरकारी कामको सम्बन्धमा वा प्रदेश सरकारको तर्फबाट भएको कारबाहीको फलस्वरूप निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा रकम मात्र पाउनेछ।

तर निजले सफाई पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी बाँकी र नपाएको भए पुरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ र कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन।

(२) कुनै अदालतमा मुद्दा दायर भएको कारणले कुनै कर्मचारी निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसूरदार ठहरी फैसला भएमा त्यस्तो फैसला भएको मितिदेखि निजले तलब पाउने छैन।

४९. **<u>चाडपर्व खर्च</u>**: (१) कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वको लागि खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एकपटक चाडपर्व खर्चको रूपमा पाउनेछ।

(२) निवृत्तभरण पाउने गरी अवकाश प्राप्त कर्मचारीलाई निजले पाउने एक महिनाको निवृत्तभरण बराबरको रकम चाडपर्व खर्चको रूपमा दिइनेछ।

५०. **<u>कर्मचारी सञ्चयकोष</u>:** कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरिदिनेछ।

५१. **<u>सावधिक जीवन बीमा</u>:** (१) कर्मचारीले सङ्घीय निजामती सेवाका कर्मचारीलाई भए सरहको सावधिक जीवन बीमा र सो बापतको सुविधा पाउनेछ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बीमाको व्यवस्थापन प्रचलित कानून बमोजिम स्थापना भएको सावधिक जीवन बीमा कोषबाट हुनेछ।

५२. **<u>उपचार खर्च:</u>** (१) कर्मचारीले सेवा अवधिभरमा देहाय बमोजिमको खाइपाइ आएको तलब रकमसम्म उपचार खर्च बापत पाउनेछः-

(क) अधिकृतस्तरभन्दा माथिको कर्मचारी भए बाह्र महिना बराबरको,

(ख) सहायकस्तर र तह विहीन कर्मचारी भए एक्काइस महिना बराबरको।

(२) कुनै कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा उपदफा (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम भएको उपचार खर्च दिनेछः–

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको शुल्क तथा जाँच गरी लेखी दिएको प्रेस्क्रिप्शन अनुसार औषधि किनेको खर्च,

(ख) स्वास्थ्य संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको बिल बमोजिमको खर्च,

(ग) अस्पताल र स्वीकृत चिकित्सक पनि नभएको ठाउँमा भएको उपचारमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले सिफारिस गरेको खर्च,

**<u>स्पष्टीकरण:</u>** "स्वीकृत चिकित्सक" भन्नाले सरकारी सेवामा रहेका वा प्रचलित कानून बमोजिम चिकित्सकको रूपमा दर्ता भएका डाक्टर, कविराज, हेल्थ असिष्टेण्ट वा वैद्य समेतलाई जनाउँछ।

(घ) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च,

(ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्ला वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र कुरुवा चाहिने अवस्था भए एकजना कुरुवासम्मको यातायात खर्चको पुरै रकम र खाना खर्च बापत सम्बन्धित निजामती कर्मचारीले प्रचलित कानून बमोजिम पाउने दैनिक भत्ता बरावरको रकम।

(३) यस दफा बमोजिम पाउने उपचार खर्च कुनै कर्मचारीले पेश्कीको रूपमा लिन चाहेमा सोको कारण मनासिब देखिए यस ऐनको अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ। त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भए जति रकम सम्बन्धित कर्मचारीको तलबबाट किस्ताबन्दीमा कट्टी गरिनेछ। त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुँदै सम्बन्धित कर्मचारीको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिनाहा हुनेछ।

(४) झुटा व्यहोरा पेस गरी उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने कर्मचारी लगायत त्यस्तो झुटा व्यहोरा प्रमाणित गर्ने स्वीकृत चिकित्सक उपर विभागीय कारबाही वा कानून बमोजिम कारबाही हुन सक्नेछ।

(५) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरू जुनसुकै व्यहोराबाट कर्मचारी सेवाबाट अलग हुँदा सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ठ लिन पाउनेछ।

तर निवृत्तभरण पाउने गरी सेवाबाट अलग भएको कर्मचारीले उपचार खर्च बापत लिन बाँकी रकममा बिस वर्ष, पच्चिस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएको कर्मचारीले क्रमशः दश, पन्ध्र र बिस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ठ लिन पाउनेछ।

(६) दश वर्ष सेवा अवधि नपुगेको कुनै कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिँदा यस दफामा तोकिएको रकमलाई दश वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(७) यस दफा बमोजिम उपचार खर्च माग गर्ने कर्मचारीले कार्यालयमा हाजिर हुन नसक्ने गरी बिरामी भएको अवस्थामा बिरामी बिदा बाँकी भएसम्म बिरामी बिदा नै माग गर्नु पर्नेछ। बिरामी बिदा बाँकी नभएमा मात्र अन्य बिदा माग गर्न सक्नेछ।

(८) यस दफा बमोजिम स्वास्थ्य संस्थामा भर्ना भई वा विदेशमा गई उपचार गराउनु पर्दा बाहेक कर्मचारीलाई एक वर्षमा निजले खाइपाइ आएको डेढ महिनाको तलब बराबरको रकमसम्म उपचार खर्च दिन सकिनेछ।

(९) यस दफा बमोजिम कर्मचारीले पाएको उपचार खर्चको अभिलेख खर्च लेख्ने कार्यालयले राखी त्यस्तो विवरण मन्त्रालय र प्रदेश किताबखानामा अभिलेख राख्न पठाउनु पर्नेछ।

(१०) "क" वर्गका भौगोलिक क्षेत्रमा कार्यरत कर्मचारीलाई लागेको रोग स्थानीय स्वास्थ्य संस्थाबाट उपचार हुन नसक्ने भई निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेमा सम्बन्धित विभागीय प्रमुखको स्वीकृति लिई त्यस्तो कर्मचारीको उपचारको लागि त्यस ठाउँबाट सबैभन्दा नजिकको नेपालभित्रको अरू कुनै सुविधायुक्त स्वास्थ्य संस्थामा छिटो साधनद्वारा लैजाँदा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च सम्बन्धित निकायले व्यहोर्नेछ।

५३. **विशेष आर्थिक सुविधा**: कुनै कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई एकमुष्ठ दुई लाख विशेष आर्थिक सुविधा प्रदान गरिनेछ।

५४. **थप आर्थिक सहायताः** (१) सेवामा बहाल रहेको कुनै कर्मचारी वा निजको पति वा पत्नीलाई स्वदेश तथा विदेशमा उपचार गर्न नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेको आधारमा प्रदेश सरकारले उचित ठहऱ्याएमा दफा ५२ को अतिरिक्त थप आर्थिक सहायता दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आर्थिक सहायता प्रदेश सरकार समक्ष सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) प्रमुख सचिव -अध्यक्ष

(ख) सचिव, स्वास्थ्य हेर्ने मन्त्रालय -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) सचिव, कानून हेर्ने मन्त्रालय -सदस्य

(ङ) सचिव, मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको समितिले थप आर्थिक सहायताको लागि रकम सिफारिस गर्दा कडा रोगको हकमा उपचार गर्दा लागेको रकमको बिल बमोजिमको बढीमा पाँच लाख रुपैयाँसम्म सिफारिस गर्नेछ।

५५. **स्वास्थ्य बीमा कार्यक्रम लागू गर्न सक्नेः** दफा ५२ र ५४ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले यो ऐन प्रारम्भ भएपछि प्रदेश निजामती सेवामा प्रवेश गर्ने कर्मचारीको हकमा यस दफा बमोजिमको उपचार खर्चको सट्टा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी स्वास्थ्य बीमा कार्यक्रम लागु गर्न सक्नेछ।

## परिच्छेद- ७

## अवकाश, उपदान र निवृत्तभरण

५६. **अनिवार्य अवकाशः** (१) साठी वर्ष उमेर पुरा भएपछि वा दफा २४ बमोजिमको पदावधि पूरा भएको कर्मचारीले प्रदेश निजामती सेवाबाट अनिवार्य अवकाश पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएको मितिले एक वर्षसम्मको लागि अन्ठाउन्न वर्ष उमेर पुगेका र त्यस पछिको दुई वर्षसम्मको लागि उनन्साठी वर्ष उमेर पुगेका कर्मचारीले सेवाबाट अनिवार्य अवकाश पाउनेछ।

५७. **उमेर गणनाः** (१) यस ऐन बमोजिम अनिवार्य अवकाश वा अन्य प्रयोजनका लागि कर्मचारीको उमेर गणना गर्दा निजले पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण(सिटरोल) मा लेखी दिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर मध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ।

(२) कुनै कर्मचारीको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरणमा वर्ष, संवत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्म मिति कायम गरिनेछ:-

(क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) व्यक्तिगत विवरण(सिटरोल)को हकमा शुरू नियुक्ति भएको मितिको आधारमा।

(३) कर्मचारीले पेस गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरूको बिचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा जन्म मिति खुलेको प्रमाणपत्रको आधारमा जन्म मिति कायम गरी उमेर गणना गरिनेछ।

(४) उपदफा (३) बमोजिम छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा उपदफा (२) बमोजिम कायम हुने जन्म मितिको आधारमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिलाई जन्म मिति कायम गरी निजको उमेर गणना गरिनेछ।

५८. **असमर्थ कर्मचारी सम्बन्धी विशेष व्यवस्था:** कुनै कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकार वा प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा प्रदेश सरकारले निजलाई निजको सेवा अवधिमा बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ।

५९. **स्वेच्छिक अवकाश:** (१) निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका कर्मचारीले प्रदेश सरकारद्वारा प्रदेश राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ।

तर दरबन्दी मिलान हुन नसकी फाजिलमा परेको वा प्रदेश सरकारलाई आवश्यक नभएका पदमा कार्यरत कर्मचारीको हकमा छुट्टै शर्त र सुविधा तोकी प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी स्वेच्छिक अवकाशका लागि निवेदन माग गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने अवस्था भएको, उमेरको हद पचपन्न वर्ष पुगेको र एउटै तहमा पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई एक तहमाथिको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिनेछ।

६०. **उपदान**: (१) पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछः-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बिस वर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब।

**स्पष्टीकरण**ः यस दफा र दफा ६१ को प्रयोजनको लागि "आखिरी तलब" भन्नाले सम्बन्धित कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै कर्मचारी असाधारण बिदा वा निलम्बनमा रहेको भए त्यस्तो अवधिको निमित्त पनि पुरै तलबको हिसाब गरिनेछ।

६१. **निवृत्तभरण**: (१) बिस वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहाय बमोजिमको मासिक निवृत्तभरण आजीवन पाउनेछः-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरणको न्यूनतम रकम समान पदको बहालवाला कर्मचारीको तलबको शुरू अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला कर्मचारीको तलबको शुरू स्केलभन्दा बढी हुने छैन।

(३) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्ष अवधिसम्म थप गरी निजको परिवारलाई निवृत्तभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ।

(४) कुनै सरकारी पदमा अघि गरेको सेवा बापत निवृत्तभरण पाइरहेको व्यक्ति पछि प्रदेश निजामती सेवाको पदमा नियुक्ति भएमा निजले पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोडी यस दफा बमोजिम निवृत्तभरण लिन पाउनेछ।

(५) सम्वत् २०४९ साल कार्तिक २१ गतेभन्दा अघिदेखि निजामती सेवामा बहाल भई अन्ठाउन्न वर्ष उमेर पूरा भएको कारणबाट दफा ५६ बमोजिम अनिवार्य

अवकाश हुने कर्मचारीको सेवा अवधिमा निवृत्तभरण प्रयोजनको लागि दुई वर्ष अवधि थप गरी निजको जम्मा सेवा अवधि कायम गरिनेछ।

(६) यो ऐन प्रारम्भ भएपछि प्रदेश सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्द्वका कारण वा दुर्घटनामा परी कुनै कर्मचारीको अङ्गभङ्ग भएको वा चोटपटक लागेको कारणले शारीरिक वा मानसिक रूपमा सरकारी सेवाको लागि अशक्त भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बिस वर्षभन्दा कम रहेछ भने बाँकी अवधि थप गरी उपदफा (१) बमोजिमको निवृत्तभरणको रकम आजीवन दिइनेछ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै पदमा कम्तीमा पन्ध्र वर्ष बहाल रहिरहेका कुनै कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई साबिकको तहको पदभन्दा माथिल्लो पदको निवृत्तभरण लगायत अन्य सुविधा प्रदान गरिनेछ।

६२. **निवृत्तभरणमा वृद्धि:** बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरू अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम समान पदका सेवा निवृत्त कर्मचारीको निवृत्तभरण रकममा पनि थप गरिनेछ।

६३. **पारिवारिक निवृत्तभरण र उपदान:** (१) कुनै कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको मृत्यु भएको सात वर्षसम्म र निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष पुग्न बाँकी अवधि निजको परिवारलाई दफा ६० वा ६१ मा लेखिए बमोजिम उपदान वा निवृत्तभरण प्राप्त हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा यस्तो निवृत्तभरण सात वर्षभन्दा बढी समय प्राप्त हुने छैन र निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्ष अवधि व्यतीत भएपछि निवृत्तभरण प्राप्त हुने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तभरण पाउने व्यक्ति नाबालिग रहेछ भने निज बालिग नभएसम्म त्यस्तो निवृत्तभरण पाउनेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण त्यस्तो मृतक कर्मचारीको पति वा पत्नीले पाउने भएमा त्यस्तो कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा मृत्यु भएको सात वर्ष पछि, निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा सात वर्ष अवधि व्यतीत भएपछि र निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतीत भई सकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तभरणको आधा रकम त्यस्तो पति वा पत्नीले पाउनेछ।

तर त्यस्तो पति वा पत्नीले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तभरण सुविधा पाउने छैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीको निवृत्तभरण पाइरहेको पति वा पत्नीको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो कर्मचारीको छोरा छोरीले एक्काइस वर्ष उमेर पुरा नभएसम्म त्यस्तो निवृत्तभरण रकम तोकिए बमोजिम पाउनेछ।

(६) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरू अङ्कमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाइ रकम उपदफा (१), (३), (४) र (५) बमोजिम पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले खाइपाइ आएको पारिवारिक निवृत्तभरण रकममा पनि थप गरिनेछ।

(७) कुनै कर्मचारीको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारका सदस्य वा निजमा आश्रित दाजु, भाइ, दिदी, बहिनीमध्ये यस ऐन बमोजिम निजको निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ।

(८) निवृत्तभरण वा उपदान दिँदा मृत कर्मचारीले आफ्नो परिवारको सदस्य वा आश्रित दाजु, भाइ, दिदी, बहिनी कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि नइच्छाएको भएमा क्रमशः त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोरा छोरी, बाबु आमा, बाजे बज्यै, सासू ससुरा र तोकिए बमोजिमका अन्य हकवालालाई दिइनेछ।

६४. **सुविधा दाबी गर्नु पर्ने**: (१) सेवा निवृत्त हुने कर्मचारी वा निजको परिवारका सदस्यले सेवा सम्बन्धित कार्यालय मार्फत नियमानुसार पाउने निवृत्तभरण, उपदान लगायतका सुविधा लिनका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको एक महिनाभित्र प्रदेश किताबखानाले सुविधा निर्धारण गरी निवृत्तभरण व्यवस्थापन कार्यालयमा पठाउनु पर्नेछ र निवृत्तभरण व्यवस्थापन कार्यालयले यसरी प्राप्त भएपछि यथाशीघ्र निवृत्तभरण उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

६५. **बेपत्ता भएको कर्मचारीको निवृत्तभरण र उपदान**: (१) प्रदेश निजामती सेवामा रही काम गरेको कुनै कर्मचारी हराई बेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ६० वा ६१ बमोजिम पाउने उपदान वा निवृत्तभरणको रकम दफा ६३ बमोजिम निजको हकवालालाई दिइनेछ।

(२) बेपत्ता भएको कर्मचारी पछि फेला परेमा दफा ६० बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ६१ बमोजिम पाउने निवृत्तभरणको रकम निजले दाबी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ।

तर उपदफा (१) बमोजिम भुक्तानी दिई सकेको पारिवारिक निवृत्तभरण वा उपदान रकममा पछि फेला परेको व्यक्तिले दाबी गर्न पाउने छैन।

६६. **पारिवारिक निवृत्तभरण सम्बन्धी विशेष व्यवस्था**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि प्रदेश सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्द्वका कारण वा दुर्घटनामा परी कुनै कर्मचारीको तत्काल मृत्यु भएमा वा त्यसको कारणबाट निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो कर्मचारीको सेवा अवधि बिस वर्ष पुगेको भएमा सेवा अवधिको आधारमा र बिस वर्ष नपुगेको भएमा बाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई दफा ६१ बमोजिमको निवृत्तभरणको रकम आजीवन दिइनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तभरण प्राप्त गर्ने व्यक्तिले दफा ६३ बमोजिम पारिवारिक निवृत्तभरण वा उपदान पाउने छैन।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको कर्मचारीको पति, पत्नी वा नाबालक छोरा छोरी रहेनछन् र त्यस्तो कर्मचारीको आश्रित आमा बाबु दुबै वा तीमध्ये कुनै एक रहेछन् भने निजहरूको गुजाराको निमित्त उपदफा (१) बमोजिम हुने रकमको दुई तिहाइमा नबढ्ने गरी निवृत्तभरण बापत रकम दिइनेछ।

(४) बहालवाला कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरू अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम यस दफा अनुसार निवृत्तभरण पाइरहेका व्यक्तिले खाइपाइ आएको पारिवारिक निवृत्तभरण रकममा पनि वृद्धि हुनेछ।

(५) यस दफा बमोजिम निवृत्तभरण पाइरहेको व्यक्तिको मृत्यु भएमा वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तभरणको रकम मृतक कर्मचारीको छोरा छोरी भए त्यस्ता छोरा छोरीले एक्काइस बर्ष उमेर पूरा नभएसम्म तोकिए बमोजिम पाउने छन्।

(६) कुनै कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना वा द्वन्द्वमा परी घाइते भएमा वा अङ्गभङ्ग भएमा त्यस्तो कर्मचारीको सुविधा सम्पन्न अस्पतालमा उपचारको व्यवस्था प्रदेश सरकारले तत्काल मिलाउनेछ र लाग्ने सम्पूर्ण खर्च समेत प्रदेश सरकारले व्यहोर्नेछ।

६७. **निवृत्तभरण नपाउने**: यस ऐन बमोजिम निवृत्तभरण वा पारिवारिक निवृत्तभरण पाइरहेको व्यक्तिले देहायको अवस्थामा त्यस्तो निवृत्तभरण पाउने छैनः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ख) प्रचलित कानून बमोजिम राज्य विरुद्धको कसूर मानिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ग) बहुविवाह गरेको प्रमाणित भएको।

६८. **योगदानमूलक निवृत्तभरण**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमूलक निवृत्तभरण सम्बन्धी सङ्घीय कानूनमा उल्लेख भएको अवधि पछि नियुक्ति हुने कर्मचारीले योगदानमूलक निवृत्तभरण पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुभन्दा अघिदेखि नै निजामती सेवामा बहाल रहेको वा प्रदेशमा समायोजन भएको कर्मचारी खुला वा अन्तर सेवा प्रतियोगितामा छनोट भई वा बढुवा भई प्रदेश निजामती सेवामा निरन्तर रहेको भएमा निजको हकमा यो दफा आकर्षित हुने छैन।

(३) यस दफा बमोजिम दिइने निवृत्तभरण र सोसँग सम्बन्धित अन्य सुविधा प्रचलित कानून बमोजिम स्थापना भएको निवृत्तभरण कोषबाट व्येहोरिनेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम योगदानमूलक निवृत्तभरण पाउने कर्मचारीले दफा ६०, ६१ र ६२ बमोजिमका सुविधा पाउने छैन।

## परिच्छेद- ८

## तालिम, अध्ययन र छात्रवृत्ति

६९. **तालिम सम्बन्धी व्यवस्था**: (१) प्रदेश सरकारले कर्मचारीको सीप र क्षमता वृद्धिको लागि आवश्यकता अनुसार तालिम दिने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्येक कार्यालय प्रमुख वा विभागीय प्रमुखले आफ्नो मातहतमा कार्यरत कर्मचारीमध्ये कुनै कर्मचारीलाई के-कस्तो तालिम आवश्यक पर्ने भन्ने विषयमा प्रत्येक आर्थिक वर्ष शुरू भएको एक महिनाभित्र तालिमको आवश्यकता पहिचान गरी त्यस्तो तालिम उपलब्ध गराउन आवश्यक पहल गर्नु पर्नेछ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७०. **तालिम, अध्ययन वा अध्ययन भ्रमण**: (१) सम्बन्धित मन्त्रालय, आयोग वा सचिवालयले आफ्नो मातहतका कर्मचारीलाई तालिम, अध्ययन वा अध्ययन भ्रमणमा पठाउनका लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि,-

(क) "तालिम" भन्नाले अध्ययन बाहेक कुनै संस्थाद्वारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधिमा सञ्चालन हुने सीप आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ।

(ख) "अध्ययन" भन्नाले सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा स्नातक, स्नातकोत्तर, विद्यावारिधि वा कुनै शैक्षिक उपाधि हासिल गर्नको निमित्त गरिने अध्ययन सम्झनु पर्छ।

(ग) "अध्ययन भ्रमण" भन्नाले अध्ययन र तालिम बाहेक बढीमा छ हप्ताको गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि तालिम, अध्ययन वा अध्ययन भ्रमणका लागि विषयगत आधारमा सङ्ख्या किटान गरी त्यसको विवरण मन्त्रालयले उपदफा (३) बमोजिमको समितिमा पेस गर्नु पर्नेछ।

(३) प्रदेश सरकारको जुनसुकै निकायमा प्राप्त भएका तालिम, अध्ययन वा अध्ययन भ्रमणको बाँडफाँट गर्न देहाय बमोजिमको समिति रहनेछ:-

(क) प्रमुख सचिव - अध्यक्ष

(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) मन्त्रालयको कानून विषय हेर्ने सचिव - सदस्य

(ङ) प्रमुख सचिवले तोकेको मन्त्रालयको सचिव - सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको समितिले मापदण्ड बनाई सो बमोजिम तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्नेछ।

(५) उपदफा (३) बमोजिमको समितिले विषयवस्तु, आवश्यकता र औचित्य हेरी उपदफा (४) बमोजिम वैदेशिक तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्दा सबै सेवा, समूह वा उपसमूहका कर्मचारी बिच न्यायोचित तवरले बाँडफाँट गर्नु पर्नेछ।

(६) उपदफा (३) बमोजिमको समितिबाट स्वीकृत नगराई वैदेशिक तालिम, अध्ययन र अध्ययन भ्रमणमा पठाउन पाइने छैन। कसैले सो समितिको स्वीकृति नलिई कुनै कर्मचारीलाई मनोनयन गरेमा मनोनयन गर्ने अधिकारीलाई विभागीय कारबाही गर्न सकिनेछ।

७१. **तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नु पर्ने अवधि**: प्रदेश सरकारको मनोनयनमा तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाने कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि उक्त अवधिको न्यूनतम दोब्बर अवधिसम्म अनिवार्य रूपले सेवा गर्नु पर्नेछ।

७२. **कबुलियत गर्नु पर्ने**: (१) कुनै कर्मचारीले सरकारी मनोनयनमा तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जानु अघि दफा ७१ बमोजिमको सेवा गर्ने गरी तोकिए बमोजिम कबुलियत गर्नु पर्नेछ।

(२) तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको कर्मचारीले उपदफा (१) बमोजिमको न्यूनतम सेवा अवधि पूरा नगरी निजलाई अर्को पटक तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणको लागि मनोनयन गरिने छैन।

(३) उपदफा (१) बमोजिमको कबुलियत अनुसार सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाँदा कबुलियत गरेको अवधिको आखिरी तलब तथा भत्ता रकमको दोब्बर रकम असुल उपर गरिनेछ।

(४) अख्तियारवालाको पूर्व स्वीकृति लिई निजी प्रयासमा बेतलबी अध्ययन बिदामा जाने कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन बिदा बराबरको अवधि सेवा गर्ने कबुलियत गर्नु पर्नेछ।

(५) यस ऐन बमोजिम अध्ययन, तालिम वा अध्ययन भ्रमणमा जाने कर्मचारीले त्यस्तो कार्यक्रमको प्रत्येक वर्ष वा सेमेष्टरको नतिजा वा प्रगति विवरण त्यस्तो नतिजा प्रकाशन भएको तीस दिनभित्र पदाधिकार रहेको निकाय, प्रदेश किताबखाना र मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (१) र (४) बमोजिम तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियत बमोजिमको सेवा अवधि पूरा नगरेमा त्यस्ता कर्मचारीको अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

(७) उपदफा (३) बमोजिम रकम असुल उपर गर्दा सम्बन्धित कर्मचारीले पाउने रकमबाट असुल गर्नु पर्नेछ र त्यस्तो रकमबाट असुल गर्न नसकिएमा वा रकम अपुग भएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएको कर्मचारी दफा ५६ बमोजिम अनिवार्य अवकाश भएको वा मृत्यु भएको कारणले दफा ७१ बमोजिमको सेवा अवधि पूरा गर्न नसकेमा निज वा निजको परिवारबाट कुनै रकम असुल उपर गरिने छैन।

(९) तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएको कर्मचारी त्यस्तो तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्नेछ।

## परिच्छेद- ९

## <u>आचरण</u>

**७३.** **<u>समयपालना र नियमितता</u>**: कर्मचारीले कार्यालय समयमा नियमित रूपले कार्यालयमा उपस्थित रही तोकिएको कार्य गर्नु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा खटाइएको काम गर्ने स्थानमा अनुपस्थित हुनु हुँदैन।

**७४.** **<u>अनुशासन र आदेशपालनः</u>** कर्मचारीले देहाय अनुसारको अनुशासन र आदेशपालना गर्नु पर्नेछः-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताकासाथ पालना गर्नुपर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताकासाथ पालना गर्नुपर्ने,

(ग) आफूभन्दा माथिका सबै कर्मचारीप्रति उचित आदर देखाउनु पर्ने र आफू मातहतका कर्मचारीप्रति उचित व्यवहार गर्नुपर्ने,

(घ) उच्छृङ्खल र अराजक गतिविधि गर्न नहुने।

७५. **<u>राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने</u>**: कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारी वा पदाधिकारीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन।

७६. **<u>राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने</u>**: कर्मचारीले राजनीतिक दल वा सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिन हुँदैन।

७७. **<u>सरकारको आलोचना गर्न नहुने</u>**: (१) कुनै पनि सरकारको नीतिको विपरीत हुने गरी वा सङ्घ, प्रदेश, स्थानीय सरकार र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, कुनै सार्वजनिक मन्तव्य दिन, कुनै वक्तव्य प्रकाशन विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा प्रतिक्रिया व्यक्त गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र प्रदेश सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन।

७८. **<u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गर्नमा प्रतिबन्ध</u>**: (१) कर्मचारीले अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरू अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन। यो प्रतिबन्ध जुनसुकै कारणबाट सरकारी सेवामा नरहेको व्यक्तिको हकमा समेत लागु रहनेछ।

(२) उपदफा (१) विपरीत सरकारी सेवाबाट अवकाश पाएको व्यक्तिले सरकारी कामकाज सम्बन्धी समाचार प्रकाशन गरेमा निजले यो ऐन बमोजिम पाउने सेवा सुविधा तोकिए बमोजिम रोक्का गर्न सकिनेछ।

७९. **<u>दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध</u>**: (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कर्मचारीले पूर्व स्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्तिबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन।

(२) कर्मचारीले विदेशी सरकार वा विदेशी सरकारको प्रतिनिधिबाट उपहार प्राप्त हुन आएमा निजले आफ्नो कार्यालयलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

तर द्विपक्षीय वा बहुपक्षीय वा अन्तर्राष्ट्रिय संस्था वा अन्य सरकारी निकायबाट कुनै कार्यक्रममा औपचारिक रूपमा प्रदान गरिने मायाको चिनो स्वीकार गर्न बाधा पर्ने छैन।

८०. **कम्पनी स्थापना वा सञ्चालन गर्न वा व्यापार व्यवसाय गर्न नहुने**: कर्मचारीले प्रदेश सरकारको स्वीकृति बिना कुनै बैङ्क, कम्पनी वा सहकारी संस्था स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न हुँदैन।

८१. **अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने**: (१) कर्मचारीले अख्तियारवालाको पूर्व स्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले प्रदेश सरकारको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार वा खेलकुद सम्बन्धी कार्य गर्न सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैन:-

(क) प्रचलित कानून बमोजिम अध्ययन बिदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पुऱ्याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ख) अख्तियारवालाको स्वीकृति लिई प्रदेश सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(ग) अख्तियारवालाको पूर्व स्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(घ) सङ्घीय, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित वा सङ्घीय, प्रदेश वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक संघ संस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघ संस्थाको सेवा

सम्बन्धित सेवा, समूह, उपसमूहको लागि उपयोगी हुनेदेखि अख्तियारवालाले बिदा वा काज स्वीकृत गरेकोमा सम्बन्धित निकायमा सेवा गर्न,

(च) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र प्रदेश सरकारको अहित नहुने गरी आफ्नो गैर राजनीतिक पेशागत सङ्गठन वा अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन,

<u>स्पष्टीकरण</u>: यस खण्डको प्रयोजनको लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परादेखि समुदायमा आधारित भई समाजमा क्रियाशिल रहेका सामाजिक संघ संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकुद, सङ्गीत, विज्ञान, धर्म वा अन्य यस्तै कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ।

(छ) कर्मचारीको योगदानमूलक सरकारी आयोजना तथा कार्यक्रममा लगानी गर्न।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियामा संलग्न हुने कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको कर्मचारीले त्यसपछि एक वर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाउने छैन।

(५) अधिकृत एघारौं तह वा सो सरहको पदबाट सेवा निवृत्त भएको व्यक्तिले प्रदेश सरकारको पूर्व स्वीकृति बिना सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्नु हुँदैन:-

(क) प्रदेश सरकार वा स्थानीय तहले गर्ने कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,

(ख) नेपालस्थित कूटनीतिक नियोग, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा दातृ निकायहरूबाट सञ्चालित आयोजनाहरूमा कर्मचारी वा परामर्शदाताको रूपमा कार्य गर्न।

(६) उपदफा (५) विपरीतको काम गर्ने व्यक्तिले त्यस्तो काम गरेको अवधिभर यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको सेवा सुविधा लिन पाउने छैन।

८२. <u>निर्वाचनमा भाग लिन नहुने</u>: कर्मचारीले कुनै पनि राजनीतिक पदको लागि हुने निर्वाचनमा भाग लिन, प्रचारप्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैको लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

८३. **प्रदर्शन र हडताल गर्न प्रतिबन्ध**: (१) कर्मचारीले प्रदर्शन गर्न, बन्द हडतालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, कलम बन्द गर्न, सरकारको विरुद्ध दबाब सिर्जना गर्ने उद्देश्यले अनशनमा बस्न वा अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरूलाई उक्साउन समेत हुँदैन।

(२) यस दफा विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा वा कुनै पदाधिकारीलाई शारीरिक वा मानसिक क्षति पुऱ्याएमा त्यस्तो कर्मचारीलाई विभागीय कारबाही गरी त्यस्तो क्षतिपूर्ति समेत भराइनेछ।

८४. **प्रतिनिधित्व गर्न नहुने**: कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

८५. **यौनजन्य दुर्व्यवहार गर्न नहुने**: कुनै कर्मचारीले कुनै कर्मचारी वा सेवाग्राही कसैलाई पनि कुनै लिखित, मौखिक, इशारा गरी वा कुनै श्रव्य वा दृश्य वा दुवै वा सामाजिक सञ्जालको प्रयोग गरी यौनजन्य दुर्व्यवहार गर्न, गराउन हुँदैन।

८६. **यातना दिन नहुने**: कर्मचारीले कसैलाई पनि यातना दिनु हुँदैन।

८७. **सम्पत्ति विवरण पेस गर्नु पर्ने**: कर्मचारीले तोकिएको अवधिभित्र तोकिएको ढाँचामा आफ्नो सम्पत्तिको विवरण पेस गर्नु पर्नेछ।

८८. **स्थायी आवासीय अनुमति लिन नहुने**: (१) कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोको लागि आवेदन दिन हुँदैन।

(२) कुनै कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले साठी दिनभित्र सम्बन्धित कर्मचारीले आफू कार्यरत कार्यालयमा सोको विवरण पेस गर्नु पर्नेछ।

८९. **आचरण पालना गराउने**: (१) कार्यालय प्रमुखले आफू र आफ्ना मातहतका कर्मचारीलाई यस ऐन र नियम बमोजिम तोकिएको आचरणको पालना गर्नु, गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आचरण पालना गर्नु पर्ने कर्मचारीले त्यस्तो आचरण उल्लङ्घन गरेमा अख्तियारवालाले समयमै विभागीय कारबाही गर्नु पर्नेछ।

(३) कार्यालय प्रमुखले वा उपदफा (१) र (२) बमोजिम कार्य गरे वा नगरेको भन्ने विषयलाई समेत निजको कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ।

९०. **चेतावनी दिन सकिने**: कुनै कर्मचारीले देहायको कुनै काम गरेमा सुपरिवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत फाइलमा राख्नेछः-

(क) समयको पालना नगरेमा,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको कर्मचारीले दिएको आदेश पालना नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा,

(घ) कार्यालय सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा, वा

(ङ) सेवाग्राहीलाई शिष्ट, मर्यादित र सहयोगी व्यवहार नगरेमा वा अनावश्यक हैरानी दिएमा।

## परिच्छेद- १०

## <u>सेवाको सुरक्षा</u>

९१. **<u>कर्मचारीको सेवाको सुरक्षा</u>**: देहायका अवस्थामा बाहेक कुनै पनि कर्मचारीलाई सफाइको मनासिब मौका नदिई प्रदेश निजामती सेवाबाट हटाइने वा बर्खास्त गरिने छैन:-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासुसी, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी त्यस्तो फैसला अन्तिम भएको,

(ख) भागी, हराई वा बेपत्ता भई पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको,

(ग) सरकार वादी हुने फौजदारी कसूरमा तीन महिना वा सोभन्दा बढी अवधि कैदमा नै बस्नु पर्ने ठहरी त्यस्तो फैसला अन्तिम भएको।

९२. **<u>कर्मचारीको बचाउ</u>**: (१) कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालना सम्झी गरेको कामको सम्बन्धमा अख्तियारवालालाई जानकारी नदिई निज उपर मुद्दा चलाउन सकिने छैन।

(२) कुनै कर्मचारी बहाल छँदा आफ्नो ओहदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन।

(३) उपदफा (२) बमोजिम मुद्दा चलाउन प्रदेश सरकारले स्वीकृति दिएमा निजको प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

९३. **<u>कर्मचारीको सेवा शर्तको सुरक्षा</u>**: कुनै कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन।

९४. **<u>सेवा पुनःस्थापित नहुने</u>**: कुनै कर्मचारीले दफा ९५ को खण्ड (ख) बमोजिम विशेष सजाय पाएकोमा पुनरावेदन परी निजको सेवा पुनःस्थापित हुने भएमा सो निर्णयको सूचना पाएको

तीस दिन वा निर्णय भएको नब्बे दिन मध्ये जुन पहिले हुन्छ सो अवधिभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको सेवा पुनःस्थापित हुने छैन।

## परिच्छेद- ११

## विभागीय सजाय र पुनरावेदन

९५. **विभागीय सजाय**: उचित र पर्याप्त कारण भएमा कर्मचारीलाई सजाय दिने अधिकारीले देहाय बमोजिमको विभागीय सजाय गर्न सक्नेछः-

**(क) सामान्य सजाय**:

(१) नसिहत दिने,

(२) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने।

**(ख) विशेष सजाय:**

(१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

९६. **नसिहत दिने**: देहायको कुनै अवस्थामा कर्मचारीलाई नसिहत दिने सजाय गर्न सकिनेछः-

(क) निजले सम्पादन गरेको काम सन्तोषजनक नभएमा,

(ख) पूर्व स्वीकृति नलिई एक महिनामा दुई पटकभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा,

(ग) प्रचलित कानून बमोजिम बरबुझारथ नगरेमा,

(घ) मादक पदार्थ सेवन गरी कार्यालयमा उपस्थित भएमा वा कार्यालय समयमा कार्यालयमा मादक पदार्थ सेवन गरेमा,

(ङ) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राहीमाथि गाली गलौज वा दुर्व्यवहार गरेमा,

(च) व्यवस्थापन परीक्षण गर्दा प्रशासनिक अनियमितता गरेको देखिएमा,

(छ) प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट नगरेमा,

(ज) दफा ९८ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक अन्य नेपाल सरकार वादी हुने कुनै फौजदारी अभियोगमा जरिबानाको सजाय भई त्यस्तो फैसला अन्तिम भएमा,

(झ) अख्तियार प्राप्त अधिकारीको स्वीकृति बिना अध्ययन वा तालिमको लागि वैदेशिक भ्रमण गरेमा।

९७. **<u>बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने</u>**: (१) देहायको कुनै अवस्थामा कर्मचारीलाई बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ:-

(क) यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) सेवाग्राहीको पीर मर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(घ) दफा ९०, ९६ र ९८ मा उल्लिखित आचरण बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरूमा उल्लिखित अन्य आचरण सम्बन्धी कुराहरू पालना नगरेमा,

(ङ) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(च) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राही माथि हातपात गरेमा,

(छ) बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुटा विवरण पेस गरेको प्रमाणित भएमा,

(ज) दफा ९८ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक अन्य कुनै नेपाल सरकार वादी हुने फौजदारी अभियोगमा तीन महिना वा सोभन्दा कम अवधि कैद ठहरी वा कैदमा नै बस्नु नपर्ने गरी तीन महिनाभन्दा बढी अवधिको कैदको सजाय हुने ठहरी त्यस्तो फैसला अन्तिम भएमा।

(२) कर्मचारीले उपदफा (१) को खण्ड (ज) बमोजिम कैदको सजाय पाएको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन्।

९८. **<u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने</u>**: (१) देहायको कसुर प्रमाणित भएमा कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ:-

(क) आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा वा त्यस्तो काम वा जिम्मेवारीको पटक पटक बेवास्ता गरेमा,

(ख) राजनीतिक दल वा सङ्गठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा

भाग लिएमा वा राजनीतिक पदको लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा,

(ग) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(घ) बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा,

(ङ) उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक नेपाल सरकार वा प्रदेश सरकार वादी हुने अन्य कुनै फौजदारी अभियोगमा एक वर्ष वा सोभन्दा बढी अवधि कैदमा नै बस्नु पर्ने ठहरी त्यस्तो फैसला अन्तिम भएमा,

(च) दफा ९६ बमोजिम दुई पटक सजाय पाएकोमा पुनः सोही दफा बमोजिम सजाय हुने काम गरेमा।

(२) देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछः-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासुसी, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएमा वा सोको लागि आवेदन दिएमा,

(ग) सरकारी सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा,

(घ) बहु विवाह गरेको प्रमाणित भएमा।

९९. <u>हाजिरी र गयलकट्टी सम्बन्धी व्यवस्था</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुखले गयल र तलबकट्टी गर्न सक्नेछ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९८ को उपदफा (१) को खण्ड (ग) वा (घ) विपरीत बिदा स्वीकृत नगराई अनुपस्थित हुने वा हाजिर नहुने कर्मचारीलाई हाजिर गराइने छैन र सो अवधिपछि प्राप्त निवेदनका आधारमा कुनै पनि प्रकारको बिदा समेत स्वीकृत गरिने छैन।

(३) कसैले उपदफा (२) विपरीत कुनै कर्मचारीलाई हाजिर गराएमा वा दफा ९८ को उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिमको अवधि समाप्त भएपछि प्राप्त निवेदन बमोजिम बिदा स्वीकृत गरेमा त्यस्तो हाजिरी वा बिदालाई मान्यता दिइने छैन र त्यसरी हाजिर गराउने वा बिदा स्वीकृत गर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ।

(४) दफा ९८ को उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिम सजायको निर्णय गर्दा सो बमोजिमको अवधि पूरा भएको भोलिपल्टदेखि लागू हुने गरी निर्णय गर्नु पर्नेछ। यसरी अनुपस्थित रहेको अवधि गयलकट्टी गरिनेछ।

(५) उपदफा (१) बमोजिमको गयल र तलबकट्टीको विवरण सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकाय र प्रदेश किताबखानामा पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिमको कारबाही त्यस्तो जानकारी पाएको पन्ध्र दिनभित्र शुरू गरी बढीमा छ महिनाभित्र टुङ्ग्याई सक्नु पर्नेछ।

**१००. <u>विभागीय सजाय दिने अधिकारी</u>:** (१) कर्मचारीलाई दफा ९५ को खण्ड (ख) बमोजिमको सजायको आदेश दिने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) अधिकृतस्तर एघारौं तह वा सो सरहको पदमा कार्यरत कर्मचारीलाई प्रदेश सरकार,

(ख) अधिकृतस्तर दशौं र नवौं तह वा सो सरहको पदमा कार्यरत कर्मचारीलाई प्रमुख सचिव,

(ग) अधिकृतस्तर छैठौंदेखि अधिकृतस्तर आठौं तहसम्म वा सो सरहको पदमा कार्यरत कर्मचारीलाई निज कार्यरत निकायको सचिव वा सो सरहको पदाधिकारी,

(घ) सहायकस्तर वा सो सरहको पदमा कार्यरत कर्मचारीलाई विभागीय प्रमुख वा निज कार्यरत कार्यालयको अधिकृतस्तर वा सो सरहको कार्यालय प्रमुख।

(२) दफा ९५ को खण्ड (क) बमोजिमको सजायको आदेश दिने अधिकारी तोकिए बमोजिम हुनेछ।

**१०१. <u>निलम्बन गर्ने</u>:** (१) कुनै कर्मचारीको सम्बन्धमा दफा ९८ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्नेछ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैन:-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा झुटा सबुत प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा,

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिँदा सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा, वा

(ग) सरकारी कामको सिलसिलामा गरेको कामको सम्बन्धमा अदालतमा नेपाल सरकार वा प्रदेश सरकार वादी भई मुद्दा दायर भएमा।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कुनै कर्मचारीलाई निलम्बन गर्दा साधारणतया साठी दिनभन्दा बढी गरिने छैन। सो अवधिभित्रै कर्मचारी उपरको कारबाही किनारा लगाउनु पर्नेछ। कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ।

(३) कुनै फौजदारी अभियोगमा न्यायिक हिरासतमा रहेको कर्मचारी त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ।

(४) कुनै निजामती कर्मचारीका विरुद्ध भ्रष्टाचार, किर्ते, राष्ट्र विरुद्ध जासुसी, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्त्विक वस्तु बेचविखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा मुद्दा दायर भएमा त्यस्तो कर्मचारी स्वतः निलम्बन भएको मानिनेछ।

१०२. **निलम्बनको समाप्ति**: कुनै कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा, दफा १०१ को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाई पाएमा निजको निलम्बन समाप्त हुनेछ।

१०३. **निलम्बन अवधिभरको तलब र सञ्चयकोषः** कुनै कर्मचारी कुनै कारणले निलम्बनमा परेमा निजले सो निलम्बनको अवधिमा खाइपाइ आएको तलबको आधा तलब मात्र पाउनेछ। यस अवधि बिचमा सञ्चयकोष बापत कट्टा गर्दा सोही आधा तलबको दश प्रतिशत हुन आउने रकम कट्टा गर्नु पर्नेछ।

१०४. **सफाई पेस गर्ने मौका दिनु पर्ने**: (१) विभागीय सजायको आदेश दिने अधिकारीले कुनै कर्मचारीलाई सजायको आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारणको उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई आफ्नो सफाई पेस गर्ने मौका दिनु पर्नेछ।

तर प्रदेश सरकारले सजायको आदेश दिनु पर्नेमा त्यसरी सफाईको मौका दिने प्रयोजनको लागि कुनै अधिकारीलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा त्यस्तो अधिकारीले सम्बन्धित कर्मचारीलाई सफाईको मौका दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मौका दिँदा निज माथी लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाई पेस गर्नु पर्नेछ।

(४) विभागीय सजायको आदेश दिने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्ने अधिकृतले तोकिएको कार्यविधिको पालना गर्नु पर्नेछ।

**१०५. विशेष सजायको आदेश दिनुभन्दा पहिले सजाय प्रस्ताव गर्नु पर्ने**: विशेष सजायको आदेश दिनुभन्दा पहिले दफा १०४ बमोजिम सफाई पेस गर्न दिइएको म्यादभित्र सम्बन्धित कर्मचारीले सफाई पेस नगरेमा वा पेस हुन आएको सफाई सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ।

**१०६. प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने**: (१) विभागीय सजाय गर्ने सन्दर्भमा सम्बन्धित कर्मचारीले दफा १०४ बमोजिम दिएको सफाई वा दफा १०५ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाई वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श माग गरेकोमा प्रदेश लोक सेवा आयोगले बढीमा एक महिनाभित्र आवश्यक परामर्श उपलब्ध गराउनेछ।

**१०७. सजाय सम्बन्धी निर्णय गर्ने**: (१) दफा १०६ बमोजिम प्रदेश लोक सेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध सबुत प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिनभित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णय सम्बन्धी जानकारी यथाशीघ्र सम्बन्धित कर्मचारी र तोकिएको निकायलाई दिनु पर्नेछ।

**१०८. जानकारी दिन सकिने**: (१) दफा ९८ को उपदफा (२) को खण्ड (ख) विपरीत कुनै कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित कर्मचारी कार्यरत कार्यालय वा मन्त्रालयमा दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी कुनै कार्यालयमा प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र सेवा सञ्चालन गर्ने मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो कर्मचारीको सम्बन्धमा छानबिन गर्न विभागीय सजायको आदेश दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा विभागीय सजायको आदेश दिने अधिकारीले सेवा सञ्चालन गर्ने मन्त्रालय वा अन्य कुनै सरकारी निकायसँग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो जानकारी वा सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(६) यस दफा बमोजिम छानबिन र कारबाही गर्दा कुनै कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोको लागि आवेदन दिएको देखिएमा सजायको आदेश दिने अधिकारीले निजलाई तीन महिनाभित्र प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी यस ऐन बमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र मन्त्रालय र सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकायलाई दिनु पर्नेछ।

**१०९. पुनरावेदन सम्बन्धी व्यवस्था**: यस ऐन बमोजिम दिइएको विभागीय सजायको आदेश उपर पुनरावेदनको कारबाही प्रशासकीय अदालतबाट हुनेछ।

**११०. निर्णयमा असर नपर्ने**: कुनै कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम कर्मचारीले गरेको काम कारबाहीमा तात्त्विक असर नपर्ने सानोतिनो त्रुटिबाट निर्णयमा असर पर्ने छैन।

**१११. सजायको अभिलेख**: (१) कुनै कर्मचारी उपर विभागीय सजाय गरिएमा सम्बन्धित कार्यालयले सोको अभिलेख राखी सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय र प्रदेश किताबखानामा समेत पठाउनु पर्नेछ।

(२) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले आफूले सेवा सञ्चालन गर्ने सेवा, समूह, उपसमूहका प्रत्येक कर्मचारीको विभागीय सजायको अभिलेख राख्नु पर्नेछ।

## परिच्छेद- १२

## सचिव तथा प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्था

**११२. प्रदेश सचिव तथा अन्य कर्मचारीको पदमा सङ्घीय कर्मचारी खटाउन सक्ने**: (१) प्रदेश निजामती सेवाका कर्मचारीबाट प्रदेश भित्र सेवा प्रवाह गर्न पर्याप्त नभएमा प्रदेश सरकारले नेपाल सरकारसँग अपुग सम्बन्धित सेवा, समूह, उपसमूहका कर्मचारी माग गरी खटाउन सक्नेछ।

(२) प्रदेश निजामती सेवाका कर्मचारी सचिवमा बढुवा नभएसम्म प्रदेश सरकारको अनुरोधमा नेपाल सरकारले सङ्घीय निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई प्रदेश मन्त्रालयको सचिवको पदमा कामकाज गर्न खटाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम खटिआएको कर्मचारी र प्रदेश निजामती सेवाबाटै सचिवमा खटिएको कर्मचारीको सेवा सुविधा समान हुनेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश निजामती सेवाको सम्बन्धित सेवा समूहको कर्मचारी उपलब्ध भएमा सचिवको पदमा सङ्घीय निजामती सेवाको कर्मचारी खटाइने छैन।

(५) सङ्घीय सरकारबाट खटिआएका सचिवको हकमा प्रदेश सरकार तथा अन्य कर्मचारीलाई मन्त्रालयले चाहेमा जिम्मेवारी हेरफेर गर्न सक्नेछ।

(६) सचिव तथा अन्य पदमा खटिने सङ्घीय निजामती सेवाका कर्मचारी प्रदेशमा खटिएको अवधिभर प्रदेश सरकारप्रति उत्तरदायी हुनु पर्नेछ।

११३. **प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी व्यवस्थाः** (१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेश निजामती सेवाको पद हुनेछ।

(२) उपदफा (१) बमोजिमको पदमा स्वीकृत दरबन्दीका आधारमा मन्त्रालयले प्रचलित प्रदेश कानून बमोजिम सम्बन्धित सेवाका कर्मचारीलाई खटाउनेछ।

तर अधिकृतस्तर एघारौं तहको प्रमुख प्रशासकीय अधिकृत रहने स्थानीय तहमा प्रदेश सरकारले सोही तहको कर्मचारी खटाउनेछ।

११४. **कार्यसम्पादन करार सम्बन्धी व्यवस्थाः** (१) प्रदेश मन्त्रालयको सचिवसँग प्रदेश सरकारले तोकिए बमोजिम कार्यसम्पादन करार गर्न सक्नेछ।

(२) प्रदेश मन्त्रालयको सचिवले मातहतका कार्यालय प्रमुख र आयोजना प्रमुखसँग तोकिए बमोजिम कार्यसम्पादन करार गर्न सक्नेछ।

## परिच्छेद- १३

## विविध

११५. **सेवा समूह सञ्चालनः** सेवा, समूह वा उपसमूहको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

११६. **निजामती कर्मचारीले पाउने बिदा:** (१) कर्मचारीले देहायका बिदाहरू तोकिए बमोजिम पाउनेछः-

(क) भैपरी आउने र पर्व बिदा,

(ख) घर बिदा,

(ग) बिरामी बिदा,

(घ) प्रसूति बिदा,

(ङ) प्रसूति स्याहार बिदा,

(च) मृत्यु संस्कार बिदा,

(छ) अध्ययन बिदा,

(ज) असाधारण बिदा।

(२) सार्वजनिक बिदाको दिनमा काम गर्नुपर्ने कार्यालयमा कार्यरत कर्मचारीले बिदाको दिनमा काम गरेवापत तोकिए बमोजिम सट्टा बिदा पाउनेछ।

(३) बिदा कर्मचारीको अधिकार होइन, सहुलियत मात्र हो।

**११७. <u>बेतलबी बिदा</u>:** (१) कुनै कर्मचारीको पति वा पत्नी विदेश स्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएमा त्यस्तो कर्मचारीले तोकिए बमोजिम बेतलबी बिदा पाउनेछ।

(२) उपदफा (१) बमोजिमको बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

**११८. <u>भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले पाउने सुविधा</u>:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९५ को खण्ड (ख) को उपखण्ड (२) बमोजिम सेवाबाट बर्खास्त भएको कर्मचारीले दफा ५० बमोजिमको सञ्चयकोष, दफा ५१ बमोजिमको सावधिक बीमा र दफा ६८ बमोजिमको योगदानमूलक निवृत्तभरण बापत जम्मा भएको रकम मध्ये त्यस्तो कर्मचारीले योगदान गरेको रकम र सोको व्याज बाहेक अन्य कुनै सुविधा पाउने छैन।

तर दफा ९८ को उपदफा (२) को खण्ड (क) बमोजिम सजाय पाई बर्खास्त भएको कर्मचारीले सञ्चित घर बिदा र बिरामी बिदा बापतको रकम तथा उपचार खर्च बापतको रकम समेत पाउनेछ।

(२) प्रदेश निजामती सेवाबाट अवकाश प्राप्त व्यक्तिको मृत्यु भई निजको हकवालाले कुनै सुविधा पाउने भएमा त्यस्तो सुविधा पाउने व्यक्तिले अन्य मुलुकको नागरिकता वा स्थायी आवासीय अनुमति पाएको रहेछ भने उपदफा (१) बमोजिमको रकम बाहेक अन्य सुविधा पाउने छैन।

**११९. <u>प्रदेश निजामती सेवामा पुनः बहाली भएमा पाउने सुविधा</u>:** (१) कुनै कर्मचारीलाई दफा ९५ को खण्ड (ख) बमोजिम विशेष सजाय भएकोमा सो सजाय अदालतबाट बदर भई निज सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि निजामती सेवाबाट अवकाश दिइएको, हटाइएको वा बर्खास्त गरिएको कर्मचारी अदालतको आदेशद्वारा प्रदेश निजामती सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले समेत उपदफा (१) बमोजिम तलब, भत्ता र तलब वृद्धि पाउनेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९८ को उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिम सेवाबाट हटाइएको कर्मचारीले अदालतको आदेशबाट सेवामा पुनः बहाली भएमा कार्यालयमा अनुपस्थित भएको मितिदेखि अदालतबाट पुनः बहाली भई हाजिर भएको अघिल्लो दिनसम्मको तलब, भत्ता र चाडपर्व खर्च पाउने छैन।

१२०. **<u>प्रदेश स्वास्थ्य सेवामा करार सेवामा कामकाज गराउने सम्बन्धी व्यवस्था</u>**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले देहायको अवस्थामा प्रदेश स्वास्थ्य सेवाको पदमा करारद्वारा पदपूर्ति गर्न सक्नेछः-

(क) प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि माग भएको तर पदपूर्ति भई नसकेको अवधिभर,

(ख) अध्ययन र असाधारण बिदा स्वीकृत भएको अवधिभर।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगको वैकल्पिक वा अस्थायी सूचीमा रहेका व्यक्तिहरूलाई मन्त्रालयले सोझै करारमा नियुक्ति गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम पूर्ति हुन नसकेमा प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि, मापदण्ड बमोजिम करारद्वारा पूर्ति गरिनेछ।

(४) उपदफा (१) बमोजिमको अवधि सकिए पछि करार अवधि स्वतः समाप्त भएको मानिनेछ।

(५) प्रदेश लोक सेवा आयोगबाट स्थायी पदपूर्तिको लागि सिफारिस भई नआएसम्म यस दफा बमोजिम करार सेवाको म्याद थप गर्न सकिनेछ।

(६) यस दफा विपरीत कसैले अस्थायी वा करार सेवामा नियुक्ति गरे गराएमा त्यस्तो नियुक्ति भएको कर्मचारीले खाइपाइ आएको तलब, भत्ता र अन्य सुविधा बापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(७) यस दफामा जुन सुकै कुरा लेखिएको भए तापनि कर्मचारीको दरबन्दी रिक्त राखी वा लुकाई यस ऐनले तोकेको कर्तव्य पालना नगर्ने जिम्मेवार कर्मचारीलाई विभागीय सजाय हुनेछ।

१२१. **<u>कर्मचारीको आधिकारिक ट्रेड युनियन</u>**: (१) यस ऐनको अधीनमा रही कर्मचारीको हक हितको लागि सामूहिक सौदाबाजी गर्न तथा कर्मचारीको तर्फबाट प्रतिनिधित्व गर्नको लागि एक प्रदेशस्तरको आधिकारिक ट्रेड युनियन हुनेछ।

(२) आधिकारिक ट्रेड युनियनको निर्वाचन प्रत्येक तीन वर्षमा प्रदेश सरकारले तोके बमोजिम गर्नेछ।

(३) आधिकारिक ट्रेड युनियन सदस्यहरू प्रदेश किताबखानाबाट सङ्केत नम्बर प्राप्त गरेका स्थायी कर्मचारीको प्रत्यक्ष मताधिकारको आधारमा निर्वाचित हुनेछन्।

(४) आधिकारिक ट्रेड युनियनमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सात जना सदस्य गरी कूल एघार जना सदस्य रहनेछ।

(५) उपदफा (४) बमोजिम आधिकारिक ट्रेड युनियनको सदस्य मनोनयन गर्दा महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग र मधेशी समुदायको समेत प्रतिनिधित्व हुने व्यवस्था मिलाउनु पर्नेछ।

(६) आधिकारिक ट्रेड युनियनले कर्मचारीको सामूहिक हक हितको संरक्षण तथा सम्बर्द्धनका लागि तोकिए बमोजिम सामूहिक सौदाबाजी गर्न पाउनेछ।

(७) आधिकारिक ट्रेड युनियन बाहेक अन्य कुनै पनि युनियनले वा कर्मचारीको समूहले सामूहिक मागदाबी पेस गर्न पाउने छैनन्। आधिकारिक ट्रेड युनियनले माग पूरा गर्नको लागि तोकिएको प्रक्रिया बमोजिम वार्ता गर्ने, छलफल गर्ने तथा मध्यस्थताको माध्यम अपनाउने बाहेक हडताल वा काम बन्द गर्न पाउने छैनन्।

(८) कर्मचारीको ट्रेड युनियनमा कार्यालय प्रमुख भई काम गर्नु पर्ने बाहेक अधिकृतस्तर आठौं वा सोभन्दा मुनिको कर्मचारी सहभागी हुन सक्नेछन्।

(९) प्रदेश निजामती सेवामा सुधार, सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि र नीति तथा मापदण्ड निर्माणमा सरकारलाई रचनात्मक सहयोग गर्नु आधिकारिक ट्रेड युनियनको कर्तव्य हुनेछ।

(१०) प्रदेश निजामती सेवालाई तटस्थ, मर्यादित, भ्रष्टाचारमुक्त, अनुशासित, जनमुखी, परिणाममुखी र व्यवसायिक बनाउन क्रियाशिल हुनु आधिकारिक ट्रेड युनियनको जिम्मेवारी हुनेछ।

(११) एउटै व्यक्ति दुई कार्यकालभन्दा बढी आधिकारिक ट्रेड युनियनको अध्यक्ष पदमा रहने छैन।

(१२) आधिकारिक ट्रेड युनियनको पदाधिकारी वा सदस्य भएको कारणले कुनै पनि कर्मचारीले पदीय जिम्मेवारी बमोजिमको काम गर्नबाट उन्मुक्ति वा छुट वा कुनै विशेष सुविधा पाउने छैन। आफ्नो पदीय जिम्मेवारी पूरा गर्नु त्यस्तो पदाधिकारी तथा सदस्यको पहिलो कर्तव्य हुनेछ।

१२२. **सामूहिक राजीनामा स्वीकृत गर्न सक्ने:** कर्मचारीले सामूहिक राजीनामा दिएमा सम्बन्धित निकाय वा अधिकारीले त्यस्तो राजीनामा सम्बन्धित कर्मचारीले दिएको यकिन गरी स्वीकृत गर्न सक्नेछ।

१२३. **कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाइको व्यवस्था:** (१) कर्मचारीले यो ऐन वा प्रचलित कानून बमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदान गरिएका सेवा, शर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित

निकायलाई जानकारी गराउँदा समेत कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा गुनासो मन्त्रालयमा तोकिए बमोजिम राख्न सक्नेछ।

(२) कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२४. **<u>बरबुझारथ गर्नु पर्ने</u>**: कुनै कर्मचारीले आफूले बुझाउनु पर्ने नगदी, जिन्सी वा कागजात तोकिएको म्यादभित्र सम्बन्धित कर्मचारीलाई बुझाई दिनु पर्नेछ र सो बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ।

१२५. **<u>अपाङ्गता भएको कर्मचारीका लागि विशेष व्यवस्था</u>**: (१) अपाङ्गता भएको कर्मचारीको पदस्थापन वा सरुवा गर्दा निजको अपाङ्गताको अवस्थालाई ध्यान दिई सम्भव भएसम्म उपयुक्त स्थानमा गरिनेछ।

(२) अपाङ्गता भएको कर्मचारीको कार्य सहजताको लागि कार्य वातावरण र कार्यालयको भौतिक संरचना अपाङ्ग मैत्री बनाउन तथा निजको कामलाई सहजीकरण गर्न कार्यालय प्रमुखले आवश्यक व्यवस्था गर्नु पर्नेछ।

१२६. **<u>कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालन</u>**: (१) प्रदेश निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणका लागि कल्याणकारी कोष स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२७. **<u>पुरस्कार सम्बन्धी व्यवस्था:</u>** (१) प्रदेश निजामती तथा स्थानीय तहमा कार्यरत कर्मचारीलाई प्रदेश र स्थानीय तहबाट छुट्टा छुट्टै समग्र प्रदेशको सेवा प्रवाहमा विशिष्ट, लगनशील, कर्मशील कर्मचारीलाई सर्वोत्कृष्ट, उत्कृष्ट कर्मचारी पुरस्कारबाट निजामती सेवा दिवसको दिन सम्मान गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गर्ने पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२८. **<u>प्रदेश सरकारले सेवा निवृत्त पूर्व कर्मचारीको सेवा लिन सक्ने:</u>** (१) प्रदेश निजामती सेवाबाट अवकाश प्राप्त गरी निवृत्तभरण पाइरहेका कर्मचारीसँग प्रदेश सरकारले आवश्यक सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराउनु त्यस्ता सेवा निवृत्त पूर्व कर्मचारीको कर्तव्य हुनेछ।

१२९. **<u>व्यवस्थापन परीक्षण</u>**: (१) प्रदेश लोक सेवा आयोगको कार्यक्षेत्र भित्रका विषयहरू बाहेक मन्त्रालयले प्रदेश सरकारका विभिन्न निकायहरूमा कार्यरत कर्मचारीले प्रचलित कानून तथा

अन्य प्रशासकीय नियम र कार्यविधिको पालना गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन परीक्षण गर्दा आवश्यकता अनुसार निर्देशन दिन तथा कुनै प्रशासकीय अनियमितता देखिएमा सम्बन्धित कर्मचारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारीलाई लेखी पठाउन सकिनेछ।

(३) मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक सय बिस दिनभित्र व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेस गर्नु पर्नेछ।

**१३०. <u>अधिकार प्रत्यायोजन</u>:** (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिमको कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर दफा १०४ को उपदफा (१) बमोजिम सफाईको मौका दिने प्रयोजनको लागि अधिकार प्रत्यायोजन गर्ने बाहेक विभागीय सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाइने छैन।

**१३१. <u>कर्मचारी अभिलेख सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा तथा स्थानीय सेवाका कर्मचारीको अभिलेखको लागि एक प्रदेश किताबखाना रहनेछ।

(२) अभिलेख व्यवस्थापनको लागि प्रदेश किताबखानाले माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(३) कर्मचारीको व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व कर्मचारी कार्यरत निकाय, राष्ट्रिय किताबखाना, प्रदेश किताबखाना र सम्बन्धित कर्मचारी समेतको हुनेछ।

(४) प्रदेश किताबखाना स्थापना नहोउञ्जेलसम्म कर्मचारीको अभिलेख राष्ट्रिय किताबखानामा रहनेछ।

(५) प्रदेश किताबखानाको स्थापना भए पश्चात उक्त निकायले यस दफामा उल्लिखित कर्मचारीको विवरण राष्ट्रिय किताबखानाबाट माग गरी व्यवस्थापन गर्नेछ।

(६) प्रदेश किताबखाना सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

**१३२. <u>अवकाशपत्र</u>:** कर्मचारीलाई अवकाशको पत्र दिने अधिकार अख्तियारवालालाई हुनेछ।

१३३. **सेवा अवधि जोडिने:** सङ्घीय वा जुनसुकै प्रदेशको निजामती सेवाको कर्मचारी वा जुनसुकै स्थानीय तहमा स्थायी नियुक्त भएको कर्मचारी प्रदेश लोक सेवा आयोगको पदपूर्ति प्रक्रियाद्वारा प्रदेशको कुनै निकायमा नियुक्त वा पदस्थापन भई साबिकको निकायबाट रमाना लिई हाजिर भएमा साबिकमा गरेको सेवा अवधि निजको सेवा अवधिमा जोडिनेछ।

१३४. **यस ऐन बमोजिम सुविधा नपाउने:** (१) प्रदेशभित्र समायोजन भएका वा सङ्घीय वा प्रदेश लोक सेवा आयोगको सिफारिसमा पदपूर्ति भएकोमा बाहेक सङ्घ, अन्य प्रदेश वा जुनसुकै स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारीले यो ऐन बमोजिम हुने तह वृद्धि, बढुवा, उपदान, निवृत्तिभरण लगायतका सुविधा पाउने छैन।

(२) प्रदेश सरकारका निकायले आफ्नो निकाय मातहत पदाधिकार रहेका कर्मचारी बाहेक अन्य प्रदेश वा जुनसुकै स्थानीय तहबाट कामकाज वा काजमा खटिएका कर्मचारीको सम्बन्धमा उपदफा (१) बमोजिमको सुविधा दिने गरी निर्णय गर्न सकिने छैन।

१३५. **नियम बनाउने अधिकार**: (१) यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा प्रदेश सरकारले प्रदेश निजामती सेवाहरूमा सामान्य रूपले लागू हुने वा बेग्ला बेग्लै सेवा, समूह वा उपसमूहको लागि पृथक रूपले लागू हुने नियमहरू बनाउन सक्नेछ।

१३६. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने**: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

१३७. **आचारसंहिता बनाउन सक्ने:** प्रदेश सरकारका मन्त्रालयले आफ्नो मातहतका कर्मचारीको लागि आवश्यक आन्तरिक आचारसंहिता बनाई लागु गर्न सक्नेछ।

१३८. **यसै ऐन बमोजिम हुने:** (१) यो ऐन प्रारम्भ हुनुभन्दा पहिले प्रदेशमा समायोजन भएका कर्मचारीको सरुवा, बढुवा, पदस्थापन, सङ्गठन सर्वेक्षण तथा व्यवस्थापन परीक्षण लगायत कर्मचारीको सम्बन्धमा भए गरेका काम, कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) प्रदेश लोक सेवा आयोग गठन भए पश्चात प्रदेश निजामती सेवामा प्रदेश लोक सेवा आयोगको परामर्शमा भएका पदपूर्ति, पदस्थापन, बढुवा, विभागीय कारबाही लगायतका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

१३९. **बचाउ:** प्रदेश निजामती सेवा अध्यादेश, २०७९ बमोजिम भए गरेको कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०

**<u>प्रमाणीकरण र प्रकाशन मिति</u>**

२०८०।०७।२३

## संवत् २०८० सालको ऐन नं. ५

**<u>प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>:** बागमती प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने तामाङ भाषा र नेपाल भाषाको संरक्षण, सम्बर्द्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा जनताको सहज पँहुच र प्रत्याभूतिलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधतामा एकता र सामाजिक न्याय कायम गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०" रहेको छ।

(२) यो ऐन बागमती प्रदेशभित्र लागू हुनेछ।

(३) यो ऐन प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशन भएको मितिले १८०औं दिनबाट लागू हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तोकेको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ख) "भाषाको मानकीकरण" भन्नाले बोलचालमा रहेको मातृभाषालाई अर्थगत द्विविधा नहुने गरी सरकारी कामकाजको लागि प्रयोग योग्य भाषामा एकरुपता कायम गर्ने कार्य सम्झनु पर्छ।

(ग) "मातृभाषा" भन्नाले कुनै व्यक्ति वा समुह वा समुदायले पुस्तागत निरन्तरताको रूपमा बोल्ने र प्रयोग गर्ने भाषालाई जनाउँछ।

(घ) "सरकारी कामकाजको भाषा" भन्नाले बागमती प्रदेश सरकारको कार्यालयहरुमा लिखित वा मौखिक रुपमा प्रयोग हुने तामाङ भाषा र नेपाल भाषालाई जनाउँछ।

(ङ) "सरकारी कामकाजको भाषा प्रयोग हुने क्षेत्र" भन्नाले बागमती प्रदेश अन्तर्गतका सरकारी वा सार्वजानिक निकायहरु र तत् तत् निकायबाट प्रवाह गर्ने सेवा सुविधासमेतलाई जनाउँछ।

## परिच्छेद- २

## सरकारी कामकाजमा प्रयोग हुने भाषासम्वन्धी व्यवस्था

३. **प्रदेश सरकारको अधिकारक्षेत्रमा सरकारी कामकाजको भाषाको प्रयोगः** (१) प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्रका सरकारी निकाय, सार्वजनिक संस्थान तथा प्रतिष्ठानलगायतमा सरकारी कामकाजको मान्यता प्राप्त भाषालाई प्रयोग गर्ने ब्यवस्था मिलाइनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त तामाङ भाषाको लागि प्रयोग हुने लिपि र नेपाल भाषाको लागि प्रयोग हुने लिपिसमेतलाई सरकारी कामकाजको भाषाको रूपमा प्रयोग गर्न सकिनेछ।

(३) प्रदेश सरकारले प्रदेश सभामा विधेयक पेस गर्दा सरकारी कामकाजका भाषाहरुमा समेत अनुवादित प्रति पेस गर्न सक्नेछ।

४. **सरकारी कामकाजको भाषाको दस्तावेजीकरण र अभिलेखीकरणः** (१) सबै सरकारी काम कारवाही र कार्यालयमा रहने सार्वजनिक दस्तावेजहरू तामाङ भाषा र नेपाल भाषामासमेत दस्तावेजीकरण र अभिलेखीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम सेवाग्राहीले चाहेको सरकारी कामकाजको भाषामा लिखित तथा मौखिक सूचना प्रदान गर्ने वा प्राप्त गर्न सकिनेछ।

(३) प्रदेशभित्रका कार्यालयहरूमा सेवाग्राहीले सरकारी कामकाजको भाषामा पेश गर्ने निवेदन, प्रमाण, कागजात लगायतका सम्बन्धित दस्तावेजहरुको सोही भाषामासमेत दस्तावेजीकरण र अभिलेखीकरण गरिनेछ।

५. **तामाङ भाषा र नेपाल भाषामा प्रकाशन गर्न सकिनेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्र प्रकाशन गर्दा नेपाली भाषाका अतिरिक्त तामाङ र नेपाल भाषामा पनि गर्न सक्नेछ।

(२) प्रदेश सरकार तथा स्थानीयतहले पत्राचार र सार्वजनिक सूचना प्रकाशन तथा प्रसारण गर्दा कागजातको शीर्ष भागमा नाम र मिति तामाङ भाषाको मञ्जुश्री संवत् र नेपालभाषाको नेपाल संवत् समेत लेख्न सक्नेछ।

## परिच्छेद- ३

## तामाङ भाषा र नेपाल भाषा प्रयोगमा निषेध गर्न नहुने व्यवस्था

६. **विभेद र अपमानजन्य व्यवहार गर्न नहुनेः** (१) सरकारी कामकाजको भाषाको रूपमा बागमती प्रदेशभित्रका मातृभाषा प्रयोग हुने सरकारी र सार्वजनिक कार्यालयहरूमा अन्य

राष्ट्र भाषाहरु प्रयोग गरेको आधारमा विभेद बहिष्करण र अपमानजन्य व्यवहार गर्नु दण्डनीय हुनेछ।

(२) उपदफा (१) बमोजिम भाषिक विभेद भएमा तत्काल कारवाहीका लागि पीडित पक्षले उजुरी गर्न सक्नेछ।

७. **तामाङ भाषा र नेपाल भाषा प्रयोगमा निषेध गर्न नहुने:** (१) सरकारी तथा सार्वजनिक निकायको कार्यक्षेत्र तथा संगठित संस्था, समुदाय र सार्वजनिक स्थानमा तामाङ भाषा र नेपाल भाषा प्रयोग गर्न निषेध गर्न पाइनेछैन।

(२) उपदफा (१) बमोजिम सरकारी तथा सार्वजनिक पद धारण गरेको व्यक्ति वा पदाधिकारीले तामाङ भाषा र नेपाल भाषा प्रयोग गर्न निषेध गरेमा तोकिएबमोजिम दण्ड जरिवाना गरिनेछ।

## परिच्छेद- ४

## भाषाको संरक्षण, विकास तथा मानकीकरणसम्वन्धी व्यवस्था

८. **सरकारी कामकाजको भाषाको संरक्षण गर्नुपर्ने:** सरकारी कामकाजको भाषाको प्रयोगलाई व्यवहारिक र प्रभावकारी बनाउन प्रदेश सरकार तथा प्रदेश सरकारका निकाय, निजी संघ संस्थाहरू वा कानूनी व्यक्तिहरूले सरकारी कामकाजको भाषाको संरक्षण, प्रवर्द्धनकालागि कार्यक्रम सञ्चालन गर्नेछन्।

९. **शिक्षा, सञ्चार, कला र साहित्यमार्फत सरकारी कामकाजको भाषाको विकास गर्ने:** (१) तामाङ भाषा र नेपाल भाषालगायतका प्रदेशभित्र बोलिने सबै भाषालाई प्रदेश विश्वविद्यालय, उच्च शिक्षा एवम् शिक्षण संस्थाहरूमा स्नातकोत्तरतह र विद्यावारिधि तहसम्म अध्ययन, अध्यापनको व्यवस्था गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको तहहरुमा प्रकाशन हुने, अध्ययन अध्यापन हुने पुस्तक, अनुसन्धान तथा शोधपत्रहरुलाई अन्य राष्ट्र भाषामा आवश्यकता अनुसार अनुवादका लागि प्रोत्साहन गर्न सकिनेछ।

(३) तामाङ भाषा र नेपाल भाषामा प्रकाशित हुने पत्रपत्रिका तथा साहित्य प्रकाशनलाई प्रोत्साहन स्वरुप सम्बन्धित निकायले कार्ययोजना तयार गरी आवश्यक सुविधा, सहुलियत तथा अनुदान उपलब्ध गराउन सक्नेछन्।

(४) राष्ट्र भाषाहरुको संरक्षण र विकासका लागि प्रदेश सरकारले स्थानीयतहसँग समन्वय गरी आवश्यक कार्य गर्न सक्नेछ।

१०. **भाषाको अध्ययन, अनुसन्धान र मानकीकरण गर्ने:** (१) प्रदेश सरकारले तामाङ भाषा र नेपाल भाषालाई सरकारी कामकाजको भाषामा विकास गर्नको लागि अध्ययन तथा अनुसन्धान गर्न सक्नेछ र भाषाको मानकीकरण गरी प्रयोग गर्न गराउन सक्नेछ।

(२) भाषा आयोगलगायतका सरकारी निकायहरुबाट आवश्यक विज्ञ र सहयोग प्राप्त गर्न सकिनेछ।

११. **सरकारी भाषासम्बन्धी कम्प्युटर सफ्टवेयरको व्यवस्था गर्नेः** प्रदेश सरकारी कामकाजको भाषा प्रयोगलाई मानकीकरण वा स्तरीकरण, आधुनिकीकरण, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन कम्प्युटर प्रोग्राम, उपकरण, भाषा अनुवादसम्बन्धी प्रविधि र यन्त्रहरुको आवश्यक व्यवस्था सम्बन्धित कार्यालयहरुले गर्नु पर्नेछ।

## परिच्छेद- ५

## विविध

१२. **सरकारी कामकाजमा तामाङ भाषा र नेपाल भाषा प्रयोग गरेको प्रगति प्रतिवेदन सार्वजानिक गर्नेः** (१) यस ऐनअनुसार कामकाजको भाषा प्रयोग गर्ने प्रदेश सरकारी निकाय र सार्वजानिक संघसंस्थालगायतले सरकारी भाषा प्रयोगसम्बन्धी प्रगति प्रतिवेदन प्रदेश सरकारलाई बुझाउनु पर्नेछ।

(२) उपदफा (१) अनुसारको प्रगति प्रतिवेदन सार्वजानिकसमेत गर्नु पर्नेछ।

१३. **विज्ञ समूह गठन गर्न सक्नेः** (१) प्रदेश सरकारले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा सम्बन्धित भाषा प्रयोग भाषाका विज्ञहरु रहेको समुह बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञ समुहले तामाङ भाषा र नेपाल भाषा सम्बन्धमा प्रदेश सरकारलाई देहायबमोजिमको सहयोग गर्न सक्नेछः-

(क) भाषाको सम्बन्धमा बागमती प्रदेश सरकारलाई आवश्यक सुझाव र परामर्श दिन सक्ने,

(ख) प्रदेशका भाषाहरुको सरकारी कामकाजमा प्रयोग विस्तार गर्न आवश्यक अध्ययन अनुसन्धान भाषाको मानकीकरण शैक्षिक व्याकरण तथा शब्दकोष र प्राविधिक शब्दावली तयार गर्ने, गराउने र प्रचलनमा ल्याउने कार्यमा सहयोग गर्ने,

(ग) प्रदेशभित्रका लोपोन्मुख तथा अल्पसङ्ख्यक भाषाहरुको स्तरवृद्धि गर्न आवश्यक सुझावहरु दिने,

(घ) प्रदेशभित्रका लोपन्मुख तथा अल्पसंख्यक भाषाहरु तथा लिपिहरुको पहिचान, सूचीकरण संरक्षण, सम्बर्द्धन र विकास गर्न सहयोग गर्ने,

(ङ) प्रदेशका भाषाहरुको अध्ययन तथा अनुसन्धान गरी सरकारी कामकाजको भाषालाई टेवा दिने खालका स्तरीय तथा मानक ग्रन्थ तथा कृतिहरु तयार गर्ने एवम् त्यस्ता कृतिहरु प्रकाशनमा सहयोग गर्ने,

(च) उपयुक्त ग्रन्थहरू अन्य भाषाहरुमा अनुवाद गर्ने गराउने,

(छ) प्रदेशका भाषाहरुको परिचयात्मक ग्रन्थ, सन्दर्भग्रन्थ र विस्तृत भाषा सर्वेक्षण गरी सम्पादन तथा प्रकाशन गर्न सहयोग गर्ने,

(ज) भाषा विषयमा योगदान दिने भाषिक संस्थाहरुको विकासमा योगदान पुऱ्याउने,

(झ) भाषासम्बन्धी कुनै विषयमा विज्ञ सुझाव दिने,

(ञ) राष्ट्र भाषा संरक्षण, सम्बर्द्धन तथा विकासका लागि योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई पुरस्कार तथा सम्मानका लागि सिफारिस गर्ने।

(३) सरकारका कुनै पनि निकायले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा मातृभाषी संघसंस्थाहरुसँग समन्वय गरी भाषासम्बन्धी प्राविधिक जनशक्ति प्राप्त गर्न सक्नेछ।

१४. **<u>स्थानीयतहले भाषाको प्रयोग गर्न सक्नेः</u>** बागमती प्रदेशभित्रका स्थानीयतहले यस ऐनबमोजिम सरकारी कामकाजमा तामाङ भाषा र नेपाल भाषाको प्रयोग गर्न तथा भाषाको संरक्षण, विकास र प्रर्वद्धनका लागि आवश्यक कार्य गर्न सक्नेछन्।

१५. **<u>राष्ट्रभाषा विकास प्रतिष्ठान गठन गर्नेः</u>** प्रदेशभित्र बोलिने राष्ट्रभाषाहरुको विकासको लागि प्रदेश सरकारले राष्ट्रभाषा विकास प्रतिष्ठान गठन गर्नेछ।

१६. **<u>नागरिक वडापत्रः</u>** सरकारी तथा सार्वजानिक निकायहरुले यस ऐनबमोजिमको सरकारी कामकाजको भाषा प्रयोगवारे सेवाग्राहीले देख्ने र बुझ्ने गरी कार्यालय परिसरमा सार्वजानिक सूचना वा जानकारी बोर्ड राख्नु पर्नेछ।

१७. **<u>भाषाको पुनरावलोकनः</u>** सरकारी कार्यालयहरुमा तामाङ भाषा र नेपाल भाषाको प्रयोग तथा सेवा प्रवाहको प्रभावकारितासम्बन्धी ऐन अनुरुपको कार्य भए नभएको अध्ययन गर्न अनुगमन समिति गठन गरी समितिको प्रतिवेदनको आधार प्रत्येक पाँच वर्षमा यसको प्रयोग सम्बन्धमा पुनरावलोकन गर्न सकिनेछ।

१८. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको कार्यान्वयनको लागिप्रदेश सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

# विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष ऐन, २०८१

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०८१।०५।०६

## संवत् २०८१ सालको ऐन नं. ०३

## <u>विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> वैज्ञानिक अनुसन्धान, प्रविधि विकास एवम् नवप्रवर्तन र सोको उपयोगबाट प्रदेशको दिगो विकास गर्न वैज्ञानिक पद्धतिलाई अवलम्बन गर्दै विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको सञ्चालन, व्यवस्थापन र नियमन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले कोष सञ्चालक समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको "विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष" सम्झनु पर्छ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा कोषको सूचनामा तोकेको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(घ) "निर्देशक समिति" भन्नाले दफा १६ बमोजिम गठन भएको "विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको निर्देशक समिति" सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले विज्ञान तथा प्रविधिसम्बन्धी विषय हेर्ने बागमती प्रदेश सरकारको मन्त्रालयलाई सम्झनु पर्छ।

(छ) "विषय विज्ञ समूह" भन्नाले दफा १४ बमोजिमको विज्ञ समूह सम्झनु पर्छ।

(ज) "सञ्चालक समिति" भन्नाले दफा ६ बमोजिम गठन भएको "विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष" सञ्चालक समितिलाई सम्झनु पर्छ।

(झ) "सञ्चालक" भन्नाले सञ्चालक समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्ष तथा सदस्य सचिवलाई समेत जनाउनेछ।

(ञ) "सदस्य" र सदस्य सचिव" भन्नाले कोषको सदस्य सम्झनु पर्छ।

(ट) "संस्था" भन्नाले प्रचलित कानूनबमोजिम स्थापना भएको सरकारी, गैह्र सरकारी वा कूटनीतिक नियोग र अन्तर्राष्ट्रिय संस्थालाई समेत जनाउँदछ।

३. **<u>कोषको स्थापना:</u>** (१) मन्त्रालयमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनको लागि विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष नामको एक कोष स्थापना हुनेछ।

(२) उपदफा (१) बमोजिम कोषको छुट्टै सचिवालय र छाप हुनेछ।

४. **<u>कोषको उद्देश्य:</u>** विज्ञान प्रविधिका विविध क्षेत्रमा खोज, अध्ययन, अनुसन्धान, आविष्कार र नवप्रवर्तनमा गरिने लगानीबाट विकसित, प्रविधियुक्त, गुणस्तरीय र परिणाममुखी नतिजाको माध्यमबाट आर्थिक विकास र नागरिकको जीवन पद्धतिलाई सरल तथा सहज बनाउँदै प्रदेशको समृद्धिमा योगदान पुर्‍याउनु यस कोषको मुलभूत उद्देश्य हुनेछ।

५. **<u>कोषमा रहने रकम:</u>** (१) दफा ३ बमोजिम स्थापना हुने कोषमा देहायबमोजिमको रकम रहनेछः-

(क) प्रदेश सरकारले प्रत्येक वर्ष कोषमा जम्मा गर्ने रकम,

(ख) नेपाल सरकार, राष्ट्रिय सङ्घ संस्था, स्थानीय तह तथा व्यक्तिबाट प्राप्त हुने रकम,

(ग) विभिन्न अन्तर्राष्ट्रिय सङ्घ संस्था, निकाय एवम् व्यक्तिबाट प्राप्त हुने रकम,

(घ) कोषको सेवा, बौद्धिक सम्पत्ति, प्रकाशन वा अन्य सम्पत्ति बिक्रीबाट प्राप्त हुने रकम,

(ङ) प्रचलित कानूनबमोजिम स्वीकार्य हुने अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिम प्राप्त हुने सबै रकम प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

(३) जिन्सी आम्दानी खर्चको हिसाब छुट्टै राखिनेछ।

(४) कोषको तर्फबाट गर्नु पर्ने सबै खर्च कोषबाट व्यहोरिनेछ।

(५) कोषको खाता सञ्चालन तोकिएबमोजिम हुनेछ।

(६) उपदफा (१) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको सहमति प्राप्त गर्नु पर्नेछ।

६. **<u>कोष सञ्चालक समितिको गठन:</u>** (१) दफा ३ बमोजिम कोषको सम्पूर्ण काम कारबाहीको सञ्चालन तथा रेखदेख गर्न देहायबमोजिमको एक सञ्चालक समिति गठन हुनेछः-

(क) मन्त्री, विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) सचिव, विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालय -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) अध्यक्षबाट मनोनित एक जना महिला सहित तीन जना विज्ञ सदस्यहरू -सदस्य

(ङ) महाशाखा प्रमुख, विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनित हुने सदस्य नेपाली नागरिक भएको, विज्ञान तथा प्रविधिको क्षेत्रमा विद्यावारिधि गरी पाँच वर्ष वैज्ञानिक वा नवप्रवर्तनमुखी अनुसन्धानमा अनुभव प्राप्त व्यक्ति हुनु पर्नेछ।

७. **पदावधि र पद रिक्त हुने अवस्थाः** (१) दफा ६ को उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिमको पदावधि समाप्त भएपछि निजहरू दफा ६ को उपदफा (१) को खण्ड (घ) बमोजिम पुनःमनोनित हुन सक्ने छन्।

(३) उपदफा (१) बमोजिम पदावधि समाप्त हुनु अगावै पद रिक्त हुन आएमा बाँकी अवधिका लागि दफा ६ को उपदफा (१) को खण्ड (घ) बमोजिम सदस्य मनोनित हुनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यहरुको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछः-

(क) निजले लिखित राजिनामा दिएमा,

(ख) कर्तव्य र आचरणको पालना नगरेमा सञ्चालक समितिको दुई तिहाई सदस्यको निर्णयले निजलाई पद मुक्त गरेमा,

तर पदबाट हटाउने निर्णय गर्नु अघि निजलाई सफाइको मौका भने दिनु पर्नेछ।

(ग) निजको पदावधि समाप्त भएमा,

(घ) निजको मृत्यु भएमा।

८. **समिति सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्थाः** (१) समिति सञ्चालनको लागि कोषको कार्यालयमा एक सचिवालय रहनेछ।

(२) उपदफा (१) बमोजिम सचिवालयको लागि आवश्यक जनशक्ति व्यवस्थापन मन्त्रालयबाट हुनेछ।

(३) समितिका सदस्यहरूको बैठक भत्ता तथा अन्य सुविधा प्रचलित कानूनबमोजिम हुनेछ।

९. **कोष सञ्चालक समितिको बैठकः** (१) अध्यक्षको निर्देशनमा सदस्य सचिवले मिति, समय र स्थान तोकी सञ्चालक समितिको बैठक बोलाउनेछ।

(२) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा ज्येष्ठ सदस्यले गर्नेछ।

तर समितिको चौमासिक समिक्षा, वार्षिक कार्यक्रम र बजेट बारे छलफल हुने बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नु पर्नेछ।

(३) बैठक बस्ने सूचना र बैठकका कार्यसूची बैठक बस्नुभन्दा सामान्यतया एक हप्ता अगावै समितिका सदस्यहरूलाई दिनु पर्नेछ।

(४) समितिको बैठक वर्षमा कम्तीमा ६ पटक बस्नेछ र दुई बैठकबीचको अवधि दुई महिनाभन्दा बढी हुने छैन।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि छलफल गर्न खोजिएका विषयसूची सहित कम्तीमा तीन जना सञ्चालकले लिखित अनुरोध गरेमा अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा सदस्य सचिवले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ।

(६) समितिका एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(७) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) बैठकको निर्णयमा उपस्थित सञ्चालकहरूको हस्ताक्षर गरी गराई सदस्य सचिवले माइन्यूट प्रमाणित गरी राख्नेछ।

(९) बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१०. कोषको काम र कर्तव्यः** कोष सञ्चालक समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः-

(क) विज्ञान तथा प्रविधिका विविध विधामा खोज, अध्ययन, अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनका निमित्त आवश्यक व्यवस्था गर्ने,

(ख) प्राविधिक आविष्कार, नवप्रवर्तन र अनुसन्धान परिणामलाई उद्यमशीलता र व्यवसायीकरण गर्न प्रोत्साहन गर्ने,

(ग) वैज्ञानिक खोज अनुसन्धानको प्रदर्शनी र सम्मेलन गरी नवप्रवर्तन र आविष्कारको विकास गरी प्रदेशको समृद्धिमा टेवा पुर्‍याउने,

(घ) विज्ञान तथा प्राविधिको क्षेत्रमा मानवीय संशाधन, क्षमता, जनताको गुणस्तरीय जीवन, वैज्ञानिक संस्कार, आर्थिक र सामाजिक विकासलाई उत्प्रेरित गर्ने,

(ङ) कोषलाई बलियो बनाउन तथा रकम वृद्धि गर्न विविध कार्यहरू गर्ने।

**११. कोषको अधिकारः** कोषको अधिकार देहायबमोजिम हुनेछः-

(क) विभिन्न सङ्घ, संस्था तथा अन्य क्षेत्रबाट वित्तीय, प्राविधिक, नगदी, जिन्सी वा अन्य किसिमको सहायता प्राप्त गर्ने र परिचालन गर्ने,

(ख) विज्ञान, प्रविधि र नवप्रवर्तनसँग सम्बन्धित विभिन्न सङ्घ संस्थासँग सम्पर्क राख्ने, सहयोग आदान प्रदान र सहकार्य गर्ने,

(ग) कोष आफैं वा विभिन्न सङ्घ संस्थासँग संयुक्त परियोजना प्रस्ताव प्राप्त गर्ने, स्वीकृत गर्ने वा आफैं परियोजना सञ्चालन गर्ने,

(घ) कोषको रकम परिचालन गरी आर्थिक विकास गर्ने,

(ङ) कोषको वृद्धिका लागि तोकिए बमोजिम अन्य कार्यहरू गर्ने।

१२. **कोषको लगानीका क्षेत्रहरूः** (१) शिक्षा, मानवीय संशाधनको विकास, स्वास्थ्य, जडिबुटी, औषधी, कृषि, वन, प्रकृति संरक्षण, वातावरण तथा जलवायु परिवर्तन, भूमि तथा जलधार संरक्षण, प्राकृतिक विपद् जोखिम न्यूनीकरण, पर्यावरण सन्तुलन, जैविक विविधता, पर्यटन, जैविक प्रविधि, कृत्रिम बौद्धिकता, उद्योग, खाद्य, सूचना प्रविधि, ईञ्जिनियरिङ्ग, यातायात, नवीकरणीय ऊर्जा, विद्युत् संग्रह, परम्परागत ज्ञान, सीप र प्रविधि विकास लगायतका कोष सञ्चालक समितिले तोकेका विज्ञान तथा प्रविधिका क्षेत्रहरूमा गरिने खोज, अध्ययन, अनुसन्धान, आविष्कार, प्रविधि विकास, नवप्रवर्तन र स्टार्टअपका कार्यक्रमहरू हुनेछन्।

(२) कोषको लगानीका आधार तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

१३. **उपसमिति गठन गर्न सक्नेः** (१) कोष सञ्चालक समितिले आफ्नो काम कारबाहीको निमित्त आवश्यकता अनुसार विभिन्न उपसमितिहरू गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपसमितिको संयोजक सञ्चालक समितिको विज्ञ सदस्यहरुमध्येबाट हुनेछ।

(३) उपदफा (१) बमोजिम उपसमितिको काम, कर्तव्य र अधिकार एवं दैनिक भत्ता लगायतका सुविधा स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

१४. **विषय विज्ञ समूहः** (१) विज्ञान तथा प्रविधिका क्षेत्रमा विभिन्न खोज, अनुसन्धान तथा नवप्रवर्तनको कार्य गर्न विज्ञ समूहहरू रहनेछन्।

(२) उपदफा (१) बमोजिमको विषय विज्ञहरु कोषको स्वतन्त्र, मर्यादित व्यक्तित्व हुने र कोषबाट मासिक तलब भत्ता पाउने छैनन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विषय विज्ञहरूले कोषबाट सञ्चालित परियोजना तथा कार्यक्रमहरूको खोज, अनुसन्धान, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन, योजना, नीति निर्माण तथा अन्य कार्य गरे बापत तोकिए बमोजिमको पारिश्रमिक लिन बाधा पुगेको मानिने छैन।

(४) विषय विज्ञहरूको काम, कर्तव्य र आचारसंहिता तोकिए बमोजिम हुनेछ।

१५. **लेखा र लेखापरीक्षणः** (१) कोषको आय व्ययको लेखा प्रदेश सरकारले अवलम्बन गरे बमोजिम राखिनेछ।

(२) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

(३) महालेखा परीक्षकको कार्यालय वा प्रदेश सरकारले चाहेमा कोषको हिसाब किताब सम्बन्धी कागजात र अन्य नगदी तथा जिन्सी जुनसुकै बखत जाँच गर्न सक्नेछ।

१६. **निर्देशक समितिः** (१) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) विज्ञान तथा प्रविधि हेर्ने मन्त्री -सदस्य

(ग) आर्थिक मामिला तथा योजना मन्त्री -सदस्य

(घ) मुख्यमन्त्रीले तोकेको मन्त्री एक जना -सदस्य

(ङ) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(च) प्रमुख सचिव -सदस्य

(छ) सचिव, विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालय -सदस्य सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार कोष सञ्चालक समितिमा रहेका विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१७. **निर्देशक समितिको काम र कर्तव्य:** निर्देशक समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारबाट हुने खोज, अध्ययन, अनुसन्धान, नवप्रवर्तन र स्टार्टअपका कार्यक्रमहरू कोष मार्फत सञ्चालन गर्न नीतिगत निर्देशन दिने,

(ख) विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन सम्बन्धी नीति तथा रणनीति स्वीकृत गर्ने र लागू गर्न निर्देशन दिने,

(ग) अन्य समसामयिक विषयमा कार्य गर्न कोष सञ्चालक समितिलाई निर्देशन दिने।

१८. **निर्देशक समितिको बैठकः** (१) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) बैठकसम्बन्धी अन्य कार्यविधि निर्देशक समितिले तोके बमोजिम हुनेछ।

१९. **अधिकार प्रत्यायोजनः** कोष सञ्चालक समितिले आफ्नो केही अधिकार उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

२१. **निर्देशिका, मापदण्ड र कार्यविधि बनाउने अधिकारः** मन्त्रालयले कोषको स्वीकृत कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने निर्देशिका, मापदण्ड र कार्यविधि बनाई लागू गर्न सक्नेछ।

२२. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा प्रचलित कानूनको अधिनमा रही मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

२३. **खारेजी र बचाउः** (१) युवा वैज्ञानिक प्रोत्साहन कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७५ खारेज गरिएको छ र यस कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(२) युवा वैज्ञानिक प्रोत्साहन कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७५ बमोजिमको कोषको रकम दफा ३ बमोजिमको कोषमा स्वतः सर्नेछ।

# प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन ऐन, २०८१

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०८१।०७।०१

**संवत् २०८१ सालको ऐन नं. ०५**

**<u>प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावनाः</u>** हस्तकलालाई बागमती प्रदेशको अर्थतन्त्रको प्रमुख क्षेत्रको रूपमा विकसित गरी स्वदेशी पुंजी, स्थानीय सीप तथा कला र स्रोतको अधिकतम परिचालन गराई स्वदेशमा निर्मित हस्तकलाका वस्तुहरुको पहिचानलाई विश्व बजारमा स्थापित गर्न, स्वदेशमा समेत हस्तकला सामग्रीहरुको प्रयोगमा वृद्धि गर्न, छरिएर रहेका लघु तथा घरेलु लगायतका समग्रहस्तकला उद्योगहरुलाई एकीकृत गरी उत्पादन र हस्तकला उद्योगहरुको उत्पादकत्व अभिवृद्धि गर्न बागमती प्रदेशभित्र हस्तकलाग्राम स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "घरेलु उद्योग" भन्नाले बागमती प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम स्थापित उद्योगलाई सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोके बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोके बमोजिम सम्झनु पर्छ।

(घ) "परिषद्" भन्नाले दफा ६ बमोजिमको “बागमती प्रदेश हस्तकला परिषद्" सम्झनु पर्छ।

(ङ) "पूर्वाधार सुविधा" भन्नाले हस्तकलाग्राम स्थापना, विकास, सञ्चालन र संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यक सडक, पानी, ढल, विद्युत प्रसारण लाइन, प्रविधि जस्ता सुविधा सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "लघुउद्यम" भन्नाले बागमती प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम स्थापित उद्योगलाई सम्झनु पर्छ।

(ज) "विशेष वस्तु उत्पादन क्षेत्र" भन्नाले एकै प्रकृतिको वस्तु उत्पादन गर्ने उद्योगहरु मात्र रहने गरी स्थापना भएको हस्तकलाग्रामभित्रको क्षेत्र सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले दफा ३ को उपदफा (२) बमोजिमको सञ्चालन समिति सम्झनु पर्छ।

(ञ) "सामान्य सुविधा" भन्नाले हस्तकलाग्राम भित्रका उद्योग तथा निकायहरुले सामूहिक रुपमा प्रयोग गर्ने सुविधा सम्झनु पर्छ।

(ट) "हस्तकलाग्राम" भन्नाले प्रचलित प्रादेशिक कानून बमोजिम मौलिकतामा आधारित हस्तकला सामाग्री उत्पादनमा संलग्न उद्योग व्यवसायहरुको स्थापना तथा एकीकृत व्यवस्थापनको लागि आवश्यक न्यूनतम सामान्य सुविधा तथा पूर्वाधार सहित प्रदेशभित्र हस्तकला उत्पादनको दृष्टिकोणबाट महत्व राख्ने कुनै विशेष स्थान वा विशेष सामान उत्पादन गर्नलाई बागमती प्रदेश सरकारबाट घोषणा भएको क्षेत्र सम्झनु पर्छ।

(ठ) "हस्तकला उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भइ हस्तकलाग्रामभित्र वा बाहिर स्थापना तथा सञ्चालन हुने उद्योगलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## हस्तकलाग्राम वर्गीकरण, घोषणा तथा स्थापना सम्बन्धी व्यवस्था

३. **हस्तकलाग्रामको वर्गीकरणः** (१) यस ऐनको प्रयोजनको लागि हस्तकलाग्रामलाई देहायबमोजिम वर्गीकरण गरिएको छः-

(क) हस्तकला उत्पादनको दृष्टिकोणबाट विशेष महत्व राख्ने कुनै स्थान,

(ख) विशेष वस्तु उत्पादन क्षेत्र,

(ग) प्रदेश सरकारबाट घोषित हस्तकलाग्राम क्षेत्रभित्र स्थापना तथा सञ्चालन हुने उद्योगबाट हुने विशेष वस्तु उत्पादन क्षेत्र।

(२) हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय सरकारको सहभागिता हुने गरी तोकिए बमोजिमको एक सञ्चालक समिति रहनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सञ्चालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

४. **हस्तकलाग्राम घोषणा गर्ने:** (१) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशभित्र दफा ३ बमोजिम कुनै स्थान, भाग वा क्षेत्रलाई तोकिए बमोजिमको मापदण्डको अधीनमा रही हस्तकलाग्राम घोषणा गर्नेछ।

(२) उपदफा (१) बमोजिम घोषित हस्तकलाग्रामलाई आवश्यक पूर्वाधार विकासका साथै तोकिए बमोजिमको सेवा सुविधा तथा सहुलियत उपलब्ध गराउन सकिनेछ।

५. **हस्तकलाग्रामको लागि मापदण्ड निर्धारण:** दफा ३ को उपदफा (१) मा उल्लिखित हस्तकलाग्रामको लागि जग्गा छनोट, जग्गाको उपयोग, पूर्वाधार निर्माण तथा उद्योग दर्ताका न्यूनतम मापदण्ड तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## हस्तकला परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

६. **हस्तकला परिषद् सम्बन्धी व्यवस्था:** (१) यो ऐन तथा यस ऐन अन्तर्गत बन्ने नियम बमोजिम प्रदेशभित्रका समग्र हस्तकलाग्राम वा क्षेत्रको विकास तथा प्रवर्द्धन सम्बन्धी विषयमा प्रदेश सरकारलाई नीतिगत तथा कार्यगत सुझाव तथा परामर्श दिनका लागि देहायका अध्यक्ष र सदस्य रहेको बागमती प्रदेश हस्तकला परिषद् गठन हुनेछः-

(क) मन्त्री, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय -अध्यक्ष
(ख) सचिव,आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य
(ग) सचिव, वन तथा वातावरण मन्त्रालय -सदस्य
(घ) सचिव, श्रम, रोजगार तथा यातायात मन्त्रालय -सदस्य
(ङ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य
(च) सचिव, प्रदेश नीति तथा योजना आयोग -सदस्य
(छ) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय -सदस्य
(ज) अध्यक्ष, नेपाल हस्तकला महासंघ केन्द्रीय समिति -सदस्य
(झ) अध्यक्ष बागमती प्रदेश हस्तकला संघ -सदस्य
(ञ) हस्तकलासँग सम्बन्धित कालिगढ विज्ञहरूमध्येबाट कम्तीमा दुईजना महिला सहित तीनजना -सदस्य
(ट) प्रदेशभित्रका स्थानीय तहको प्रमुख, अध्यक्ष वा उपप्रमुख/उपाध्यक्ष मध्येबाट दुईजना -सदस्य
(ठ) सचिव, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ञ) र (ट) बमोजिमको सदस्य मन्त्रालयले मनोनयन गर्नेछ।

(३) उपदफा (२) अनुसार मनोनित सदस्यको कार्यकाल तीन वर्षको हुनेछ।

७. **परिषद्को काम, कर्तव्य र अधिकार:** (१) परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) हस्तकला उत्पादनको क्षेत्रमा उद्योग व्यवसाय स्थापनाको लागि प्रोत्साहन गर्न हस्तकलाग्राम विकास, विस्तार तथा प्रवर्द्धन सम्बन्धी नीतिगत कार्य गर्ने,

(ख) प्रदेशभित्र हस्तकलाग्राम स्थापना गर्न सकिने क्षेत्र तथा स्थानहरुको पहिचान गर्ने,

(ग) स्थानीय सरकार तथा निजी क्षेत्रबाट हस्तकलाग्राम स्थापना गर्न प्राप्त भएको प्रस्ताव स्वीकृतिका लागि सिफारिस गर्ने,

(घ) हस्तकलाका सामानहरुको प्रयोग तथा विस्तार सम्बन्धी नीति अवलम्बन गर्ने गराउने,

(ङ) हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धी निर्देशिका, कार्यविधि तथा मापदण्ड तयारी सम्बन्धी सुझाव दिने,

(च) शैक्षिक क्षेत्रमा हस्तकला विधाको पाठ्यक्रम निर्माण तथा अध्यापनका लागि पहल गर्ने एवम् शैक्षिक संस्था खोल्न प्रोत्साहन गर्ने र आवश्यक्तानुसार सहयोग र सहकार्य समेत गर्ने,

(छ) उत्पादित हस्तकलाका सामानहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा बजारीकरण तथा प्रवर्द्धन गर्ने गराउने,

(ज) उत्पादित हस्तकला सामग्रीहरुको ब्रान्डीङ गर्न आवश्यक व्यवस्था गर्ने गराउने,

(झ) उत्पादित हस्तकला सामग्रीहरुको स्थानीय रुपमा प्रवर्द्धन गर्न कोसेली घरहरुको व्यवस्था गर्नका लागि मन्त्रालयलाई सिफारिस गर्ने,

(ञ) हस्तकला उत्पादनको लागि आवश्यक स्वदेशमा उपलब्ध कच्चा पदार्थको लागि क्षेत्र वा भूगोल तोक्न अथवा उपलब्ध कच्चा पदार्थ उद्यमीलाई आपूर्ति गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ट) तोकिए बमोजिमको अन्य कार्य गर्ने, गराउने।

(२) परिषद्को सचिवालय मन्त्रालयमा रहने छ।

८. **परिषद्को बैठक सम्बन्धी व्यवस्थाः** (१) परिषद्को बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ र विशेष अवस्थामा अध्यक्षले सदस्य सचिवसँग परामर्श गरी बैठक बोलाउन सक्नेछ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) बैठक बस्ने कम्तीमा चौबिस घन्टा अगावै परिषद्को सदस्य सचिवले बैठकमा छलफल हुने विषयसूची सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ। परिषद्को बैठकमा हस्तकला विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) परिषद्मा कूल सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ। त्यसरी सर्वसम्मति कायम हुन नसकेमा बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) परिषद्को बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-४

## स्थान छनोट र हस्तकलाग्राम घोषणा सम्बन्धी व्यवस्था

९. **स्थान छनोट तथा घोषणाः** (१) परिषद्ले आफैं वा स्थानीय तह वा निजी क्षेत्र वा स्थानीय समुदाय (पिपिसिपि) ले हस्तकलाग्राम स्थापनाको लागि कुनै प्रस्ताव पेस गरेमा सो प्रस्तावलाई मन्त्रालयले प्रारम्भिक छलफल गराई सो प्रस्ताव अनुसारको हस्तकलाग्राम स्थापना तथा सञ्चालन गर्न सकिने अवस्था विद्यमान रहेमा परिषद्को बैठकबाट पारित गरी हस्तकलाग्राम घोषणाका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

(२) परिषद्ले दफा ४ बमोजिम घोषणा गरिने हस्तकलाग्राम स्थापनाको लागि स्थान छनोट, सम्भाव्यता अध्ययन, विस्तृत योजना प्रतिवेदन (डिपिआर), जग्गाको लगत तथा सञ्चालन व्यवस्थापन विधि तयार गर्ने कार्यका साथै अन्य आवश्यक कार्यका लागि मन्त्रालयमा सिफारिस गर्नेछ।

## परिच्छेद-५

## हस्तकलाग्राम स्थापना, निर्माण तथा विकास

१०. **हस्तकलाग्राम स्थापना र विकासका लागि समझदारी कायम गर्न सकिनेः** (१) हस्तकलाग्राम घोषणा पश्चात हस्तकलाग्राम स्थापना सम्बन्धी प्रारम्भिक कार्य सम्बन्धित सञ्चालक समितिले सम्पन्न गरी मन्त्रालय मार्फत परिषद् समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको प्रतिवेदनको आधारमा परिषद्ले समितिलाई दिएको आवश्यक निर्देशन अनुसार समितिले कार्य अगाडि बढाउनेछ।

(३) हस्तकलाग्राम क्षेत्रको योजना, पूर्वाधार निर्माण, लगानी, प्राविधिक सहयोग, जनशक्ति विकास एवम् हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापनमा सहयोग र सहकार्यको आवश्यकता देखिएमा प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्रका नेपाल हस्तकला महासंघ तथा अन्य सरोकारवाला निकायसँग छलफल गर्ने तथा आवश्यक समझदारी कायम गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(४) यस दफा बमोजिम तयार गर्नु पर्ने हस्तकलाग्रामको स्थापनाको पूर्व तयारीहरूमा लाग्ने खर्च सम्बन्धित स्थानीय तहको समन्वयमा सार्वजनिक, निजी तथा समुदायको सहभागिता (पिपिसिपि) बाट व्यवस्थापन गर्नु पर्नेछ। त्यसरी गरिने खर्चको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

११. **हस्तकलाग्राम निर्माण तथा विकासः** (१) दफा ३ बमोजिम वर्गीकरण भएको हस्तकलाग्राम सम्बन्धित स्थानीय तहले मन्त्रालय समक्ष पेस गरी उक्त प्रतिवेदनको आधारमा अध्यक्षसँग समन्वय गरी हस्तकलाग्राम निर्माण तथा विकास कार्य गर्नेछ।

(२) स्थानीय तहबाट हस्तकलाग्रामको लागि आवश्यक पूर्वाधार निर्माण तथा विकास कार्य गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम तयार गर्नु पर्ने हस्तकलाग्रामको पूर्व तयारी तथा निर्माणमा लाग्ने खर्च स्थानीय तहको समन्वयमा सार्वजनिक, निजी तथा समुदायको सहभागिता (पिपिसिपि) मा व्यवस्थापन गर्नु पर्नेछ।

१२. **हस्तकलाग्राम निर्माण तथा विकासमा लागत सहभागिताः** (१) दफा ११ बमोजिम हस्तकलाग्राम निर्माण तथा विकासका लागि आवश्यक पर्ने लागतमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सहकारी, वित्तीय तथा निजी क्षेत्रका उद्यमीको सहभागिता हुन सक्नेछ।

(२) हस्तकलाग्राम विकास र निर्माणका लागि मन्त्रालयले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्नेछ।

१३. **निजी क्षेत्रले हस्तकलाग्राम निर्माण तथा विकास गर्न सक्नेः** (१) निजी क्षेत्रका हस्तकला उद्योगी व्यवसायीहरु वा निजहरुको प्रतिनिधिमूलक संस्थाले परिषद्बाट तोकिए बमोजिम प्रस्ताव पारित गराई सम्बन्धित स्थानीय तहको समन्वयमा यस ऐनको अधीनमा रही हस्तकलाग्राम निर्माण तथा विकास गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रको लगानीमा निर्माण तथा विकास भएको हस्तकलाग्रामलाई सम्बन्धित स्थानीय तहले यस ऐन तथा अन्य कार्यविधिमा तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सक्नेछ।

१४. **हस्तकलाग्राम विकास निर्माण गर्ने तरिकाः** (१) हस्तकलाग्रामको विकास निर्माण देहायका कुनै तरिकाबाट गर्न सकिनेछः-

(क) हस्तकलाग्रामको पूर्वाधार लगायतका सम्पूर्ण विकास निर्माण तथा सञ्चालन व्यवस्थापन सम्बन्धी कार्य प्रदेश सरकार र स्थानीय तहले संयुक्त रुपमा गर्ने गरी,

(ख) विकास, निर्माण तथा व्यवस्थापन सम्बन्धी अन्य कार्य स्थानीय तह आफैले गर्ने गरी,

(ग) सार्वजनिक, निजी तथा समुदायको सहभागिता (पिपिसिपि) बाट संयुक्त रुपमा विकास, निर्माण तथा व्यवस्थापन गर्ने गरी,

(घ) निजी क्षेत्र आफैंले जग्गा व्यवस्था गरी विकास निर्माण, सञ्चालन तथा व्यवस्थापन समेत आफैं गर्ने गरी हस्तकलाग्राम स्थापना गर्न चाहेमा प्रदेश सरकारले परिषद्को सिफारिसमा स्थानीय तहसँगको

समन्वयमा तोकिए बमोजिमको मापदण्ड पालना गर्ने गरी निश्चित सर्त र प्रक्रियाका आधारमा अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट स्थापना हुने हस्तकलाग्राममा प्रदेश सरकार वा स्थानीय सरकारले तोकिए बमोजिमको आवश्यक सेवा सुविधा प्रदान गर्न सक्नेछ।

(३) हस्तकलाग्राम विकास गर्दा देहायका वैकल्पिक तरिकाबाट उपयुक्त तरिका छनोट गर्न सकिने छः-

(क) स्थानीय तहले उपलब्ध गराएको जग्गामा निजी क्षेत्रबाट पूर्वाधार विकास गरेर,

(ख) स्थानीय तह तथा निजी क्षेत्रबाट संयुक्त लगानी गरेर,

(ग) लागत सहभागिताको अनुपातमा प्रतिफल वितरणको व्यवस्था गरेर,

(घ) तोकिए बमोजिमको अन्य कुनै माध्यम अपनाएर।

(४) स्थानीय तहले निजी क्षेत्रको संयुक्त सहभागितामा हस्तकलाग्राम विकास गर्ने तरिका छनोट गर्दा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) हस्तकलाग्राम स्थापना गर्ने स्थान तथा क्षेत्रफल सहितको जग्गाको नाप नक्सा र जग्गाको विवरण,

(ख) स्थानीय तह र निजी क्षेत्रको संयुक्त सहभागिताको तरिका,

(ग) हस्तकलाग्रामको विकासका लागि स्थानीय तह र निजी क्षेत्रले गर्ने लगानीको अनुमानित रकम र लगानीको अंश,

(घ) स्थानीय तह र निजी क्षेत्रबीच हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापनबाट हुने आयको बाँडफाँटको तरिका,

(ङ) हस्तकलाग्राममा सञ्चालन हुन सक्ने उद्योगको प्रकृति र उद्योगको अनुमानित संख्या,

(च) हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापन गर्ने तरिका,

(छ) तोकिए बमोजिमको अन्य विवरण।

(५) स्थानीय तह आफैंले वा निजी क्षेत्रसँग सहकार्य गरी उत्पादनको दृष्टिकोणबाट विशेष महत्वको स्थान वा वस्तु उत्पादन वा तुलनात्मक लाभको आधारमा कुनै विशेष प्रकारको सामाग्री मात्र उत्पादन गर्न तोकिए बमोजिम हस्तकलाग्राम स्थापना, सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ।

१५. **हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापनः** (१) हस्तकलाग्राम सञ्चालन तथा व्यवस्थापन हस्तकला परिषद्ले दफा ३ को उपदफा (२) बमोजिम गठन गरेको सञ्चालक समितिले गर्नेछ।

(२) समितिले हस्तकलाग्रामभित्र उद्योग स्थापनाका लागि छुट्याइएको ब्लक प्राथमिकताका आधारमा उद्योग स्थापना गर्न लिजमा उपलब्ध गराउनेछ।

(३) लिज भाडा परिषद्को निर्णय बमोजिम हुनेछ।

(४) हस्तकलाग्रामभित्र स्थापना हुने उद्योगका लागि उपलब्ध हुने सेवा र सुविधा प्रदेश ऐन, नियम बमोजिम स्थानीय तहले उपलब्ध गराउनेछ।

(५) हस्तकला उद्योगलाई आवश्यक पर्ने दक्ष जनशक्ति वा कामदार आपूर्ति गर्दा उपलब्ध भएसम्म सम्बन्धित स्थानीयलाई प्राथमिकता दिइने छ।

(६) हस्तकलाग्रामभित्र स्थानीय कच्चा पदार्थ, सीप, प्रविधि र पूँजीमा आधारित उद्योगलाई प्राथमिकता दिनु पर्नेछ।

(७) प्रचलित कानून बमोजिम दर्ता भएका उद्योग हस्तकलाग्रामभित्र सञ्चालन गर्न सम्बन्धित स्थानीय तहको सिफारिस लिनु पर्नेछ।

(८) नेपाली मौलिकता भएको हस्तकलालाई उद्यमी पुस्तान्तरणको लागि विशेष ग्राह्यता दिने व्यवस्था गरिने छ।

१६. <u>हस्तकलाग्रामभित्र स्थापना हुने उद्योगको प्राथमिकता:</u> (१) प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम वर्गीकृत हस्तकला सामग्री उत्पादनमा संलग्न उद्योग मात्र हस्तकलाग्राममा स्थापना तथा सञ्चालन गर्न पाइनेछ।

(२) हस्तकलाग्रामभित्र उद्योग स्थापनाका लागि सामान्यतः देहायका आधारमा प्राथमिकता दिइनेछः-

(क) हात वा खुट्टाले चलाउने र अर्ध स्वचालित तान

(ख) परम्परागत कलामा आधारित वस्तु

(ग) परम्परागत मूर्तिकला

(घ) तामा, पित्तल, ढलोट, काँस र जर्मनसिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान

(ङ) फलामबाट बनेका हस्तनिर्मित भाँडावर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु

(च) सुन वा चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडावर्तनहरु

(छ) स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग

(ज) सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो, सिस्नो, केराको रेसा आदि प्राकृतिक रेशामा आधारित उद्योग,

(झ) पत्थरकला (ढुङ्गा कुँदेर बनाइएका सामानहरु)

(ञ) पौभा, थाङ्का चित्र, पुँ कला र अन्य परम्परागत चित्रकला

(ट) मुकुण्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना

(ठ) परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु

(ड) काठ, माटो, प्रस्तर ढुङ्गा, चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटाका भाँडाकुँडा

(ढ) बेत, बास, निगालो आदीबाट निर्मित हस्तकलाका सामग्रीहरू

(ण) पराल, छवाली, मकैको खोस्टा, थाकलबाट निर्मित हस्तकलाका सामाग्रीहरू।

(३) उपदफा (२) मा उल्लेख भएका बाहेक अन्य हस्तकलाका सामाग्रीहरुलाई समेत तोकिए बमोजिम सूचीकृत गर्न सकिनेछ।

## परिच्छेद-६

## हस्तकला उद्योगलाई उपलब्ध गराउने सेवा तथा सुविधा सम्बन्धी व्यवस्था

१७. **जग्गा भाडामा छुटः** हस्तकलाग्राममा सञ्चालन हुने उद्योगलाई प्रचलित कानूनको अधीनमा रही सम्बन्धित स्थानीय तहको सिफारिसमा परिषद्ले जग्गा भाडामा तोकिए बमोजिम छुट दिन सक्नेछ।

१८. **उद्योगलाई प्रदान गरिने छुट, सुविधा वा सहुलियतः** (१) औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनले प्रदान गरेका आयकर, मूल्य अभिवृद्धि कर र भन्सार सम्बन्धी छुट, सुविधा वा सहुलियत, लघु उद्यमको लागि अन्य सुविधा एवम् सहुलियत तथा महिला उद्यमी एवम् अपाङ्गता भएका व्यक्तिहरूका लागि थप सुविधा प्रदान गर्न प्रदेश तथा नेपाल सरकारले गर्ने विशेष व्यवस्था हस्तकलाग्राममा स्थापना हुने उद्योगले समेत प्राप्त गर्न सक्ने गरी परिषद्ले सिफारिस गर्न सक्नेछ।

तर यसरी सिफारिस गर्दा दोहोरो सुविधा पाउने गरी सिफारिस गर्न पाइने छैन।

(२) प्रदेश सरकार तथा स्थानीय तहले प्रचलित कानून बमोजिम आफ्नो क्षेत्राधिकारभित्र पर्ने करका सम्बन्धमा प्रदेश तथा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी हस्तकलाग्रामभित्र सञ्चालन हुने विशेष प्रकृतिका उद्योगलाई आवश्यक छुट दिन सक्नेछ।

१९. **सम्झौता गर्न सक्नेः** हस्तकलाग्राममा स्थापना भएको कुनै उद्योगले प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानसँग सम्झौता गरी वस्तुको उत्पादन वा सेवा प्रवाह गर्न सक्नेछ।

तर स्थापित उद्योगले कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई जग्गा वा उद्योग लिजमा सञ्चालन गर्न दिने गरी हस्तान्तरण गर्न सक्ने छैन।

## परिच्छेद-७

## विविध

२०. **वातावरणीय परीक्षण गर्नु पर्नेः** हस्तकलाग्राम स्थापना तथा सञ्चालन गर्दा वातावरण सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ।

२१. **जग्गाको प्रयोगः** (१) उद्योग सञ्चालनका लागि सम्झौता भएको दुई वर्षभित्र भाडामा लिएको जग्गा प्रयोगमा ल्याउनु पर्नेछ। त्यसरी प्रयोगमा नल्याएमा सम्बन्धित सञ्चालक समितिले उक्त जग्गा अर्को उद्योगीलाई दिन सक्नेछ।

(२) हस्तकलाग्रामभित्रका ब्लकलाई उद्यमीले जुन उद्योग स्थापना गर्न भाडामा लिएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ।

(३) हस्तकलाग्रामभित्रका ब्लकलाई उद्योगीले खण्डीकृत गर्न वा अर्को उद्योग राख्न वा अरु कसैलाई उद्योग सञ्चालन गर्न दिन सक्ने छैन।

(४) सम्बन्धित उद्योगले भाडामा लिएको जग्गा सम्झौता बमोजिम प्रयोगमा नल्याएमा सञ्चालक समितिले तोकिए बमोजिम कारबाही गर्न सक्नेछ।

२२. **सम्झौताको पालनाः** (१) हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा भएका सम्झौतालाई उद्योगीले पालना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता पालना गरेको नपाइएमा पालनाका लागि पैंतिस दिनको समय दिनु पर्नेछ। सो बमोजिम सुधार नगरेमा समितिले सम्झौता रद्द गर्न सक्नेछ।

२३. **गुनासो सुनुवाईः** (१) गुनासो सुनुवाईका लागि सम्बन्धित सञ्चालक समितिले गुनासो सुन्ने अधिकारी तोकी त्यसको सूचना वा जानकारी सरोकारवालालाई दिने व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा सम्बन्धित समितिले गुनासो व्यवस्थापन गर्नु पर्नेछ।

२४. **सूचना प्रविधिको प्रयोगः** हस्तकलाग्राम व्यवस्थापनलाई पारदर्शी र उत्तरदायी बनाउन सूचना प्रविधिको प्रयोग गर्नु पर्नेछ।

२५. **श्रम व्यवस्थापनः** हस्तकलाग्रामभित्र सञ्चालनमा रहने उद्योगहरुमा श्रम व्यवस्थापन प्रचलित कानून बमोजिम गरिनेछ।

२६. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

२७. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः** प्रदेश सरकारले यस ऐन बमोजिम हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धी काम कारवाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

# प्रदेश कृषि विकास ऐन, २०८२

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०८२।०४।१९

संवत् २०८२ सालको ऐन नं. ०६

## <u>प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> आधुनिकीकरण, विविधीकरण, व्यावसायीकरण, सामूहिकीकरण, औद्योगिकीकरण मार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारी सृजना गर्ने र दिगो आर्थिक विकासमा टेवा पुऱ्याई, कृषि क्षेत्रमा प्रवाह हुने सेवा, सुविधा, प्रविधि जस्ता कार्यक्रमलाई न्यायोचित, प्रभावकारी र पारदर्शी रुपबाट सञ्चालन गर्न र कृषि क्षेत्रको विकासलाई सहज, व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "प्रदेश कृषि विकास ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उत्पादक" भन्नाले व्यक्ति, कृषि समूह, सामूहिक कृषि सहकारी, संघ संस्था र निजी कम्पनीलाई जनाउँछ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय मातहत रहेका बोर्ड, निर्देशनालय, कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, फार्म र प्रयोगशाला केन्द्रलाई सम्झनु पर्छ।

(ग) "किसान" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति सम्झनु पर्छ। सो शब्दले त्यस्तो व्यक्तिमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिमा आश्रित परिवारका अन्य सदस्यलाई समेत जनाउँछ।

(घ) "कृषि" भन्नाले बाली, पुष्प खेती, बागवानी, पशुपन्छी, माछा जस्ता कृषिका सबै उप क्षेत्रसँग सम्बद्ध उत्पादन, उद्योग एवं व्यवसायलाई सम्झनु पर्छ।

(ङ) "कृषि व्यवसाय" भन्नाले उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणसँग जोडिएर गरिने कृषि, पुष्प खेती, बागवानी, पशुपन्छी तथा मत्स्य क्षेत्रको जुनसुकै व्यवसायलाई सम्झनु पर्छ।

(च) "कृषि सेवा टेवा" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयद्वारा विभिन्न बाली, पुष्पखेती, बागवानी, पशुपन्छी तथा मत्स्यजन्य वस्तुको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणका लागि उपलब्ध गराउने सहयोगलाई सम्झनु पर्छ।

(छ) "गैर प्राकृतिक प्रकोप" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु, आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, जनावर आतङ्क, आगलागी, विषाक्त ग्यॉंस, रसायन वा विकिरण चुहावट, ग्यॉंस विष्फोटन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति वा यस्तै गैर प्राकृतिक प्रकोप सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ञ) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(ट) "प्राकृतिक प्रकोप" भन्नाले हिमपात, डढेलो, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, भूकम्प वा यस्तै अन्य प्राकृतिक प्रकोप सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ड) "लाभग्राही" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयहरुद्वारा उपलब्ध गराइने सुविधा प्राप्त गर्ने व्यक्ति, कृषि समूह, सामूहिक कृषि सहकारी, संघ संस्था र निजी कम्पनी सम्झनु पर्छ।

## परिच्छेद- २

## कृषि व्यवसाय र बजारीकरण सम्बन्धी व्यवस्था

३. **किसान सूचीकरणः** (१) कृषि पेशामा संलग्न प्रदेशभित्रका किसानहरूको सूचीकरण गरी अभिलेख राखिनेछ।

(२) उपदफा (१) बमोजिमको किसान सूचीकरण गरी किसान वर्गिकरण गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **<u>कृषि व्यवसाय सञ्चालन गर्न सक्ने</u>:** कुनै पनि व्यक्ति वा संस्थाले प्रदेशभित्र अनुसूची-१ मा उल्लेख भए बमोजिमको कृषि व्यवसाय सञ्चालन गर्न सक्नेछ।

५. **<u>व्यवसाय सूचीकृत हुनु पर्ने</u>:** (१) प्रचलित कानुन बमोजिम दर्ता भएका कृषि व्यवसायहरू मन्त्रालयले सम्बन्धित जिल्ला स्थित तोकेको कार्यालयमा सूचीकृत हुनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि प्रदेशभित्र सञ्चालनमा रहेका कृषि व्यवसायहरूको हकमा यो ऐन प्रारम्भ भएको छ महिनाको अवधिभित्र सूचीकृत हुनु पर्नेछ।

६. **<u>अनुमतिपत्र लिनु पर्ने</u>:** (१) दफा ५ बमोजिम सूचीकृत भएका कृषि व्यवसाय वा संस्थाले कृषि उपजको खरिद बिक्री गर्न अनुसूची-२ बमोजिमको निकायबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रदेशको प्रचलित आर्थिक ऐनले तोके बमोजिम कृषि आय कर तोकिएको निकायमा बुझाउनु पर्नेछ।

७. **<u>अनुमतिपत्रको वर्गीकरण, दर्ता दस्तुर र नवीकरण</u>:** (१) दफा ६ बमोजिम प्रदान गरिने अनुमतिपत्रको दर्ता र नवीकरण दस्तुर अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुमतिपत्रको अवधि पाँच वर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिमको अवधि समाप्त भएको मितिले पैंतिस दिनभित्र सम्बन्धित निकायबाट नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधि नाघेमा नब्बे दिनको अवधिभित्र तोकिएको दस्तुर तिरी नवीकरण गर्नु पर्नेछ।

८. **<u>अनुमतिपत्र रद्द गर्न सक्ने</u>:** (१) अनुमतिपत्र प्राप्त संस्थाले दफा ७ को उपदफा (४) बमोजिमको अवधिभित्र अनुमतिपत्र नवीकरण नगराएमा मन्त्रालयले त्यस्तो अनुमतिपत्र रद्द गर्नेछ।

(२) कसैले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम र दफा ६ बमोजिमको अनुमतिपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा मन्त्रालयले त्यस्तो अनुमतिपत्र जुनसुकै बखत रद्द गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र रद्द गर्दा सफाइको मौका दिनु पर्नेछ।

९. **<u>न्यूनतम समर्थन मूल्य तोक्नु पर्ने</u>:** (१) प्रदेश सरकारले प्रदेशभित्र उत्पादन तथा बिक्री वितरण हुने कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम न्यूनतम समर्थन मूल्य तोकिएको कृषि उपज खरिद बिक्री गर्नु सबैको कर्तव्य हुनेछ।

(३) यस ऐन बमोजिम सूचीकृत भएका किसान व्यवसाय वा संस्थाद्वारा उत्पादित कृषि उपज बिक्री वितरण हुन नसकेको खण्डमा प्रदेश सरकारले खरिद बिक्री लगायत बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

१०. **मूल्य सूची टाँस गर्नु पर्नेः** विक्रेताले आफूले बिक्री वितरण गर्ने कृषि उपजको मूल्य सूची सहितको विवरण सबैले देख्ने स्थानमा टाँस गर्नु पर्नेछ।

## परिच्छेद- ३

## उत्पादन र उत्पादकत्व अभिवृद्धि सम्बन्धी

११. **प्राङ्गारिक मलको उत्पादन सम्बन्धीः** (१) प्रदेशमा वार्षिक पाँच सय मेट्रिक टन वा सोभन्दा बढी परिमाणमा प्राङ्गारिक मल तथा जीवाणु मल उत्पादन गर्ने उत्पादकले सूचीकरण गरेर बिक्री वितरण गर्न पाउनेछ।

(२) उपदफा (१) बमोजिम गरिने सूचीकरण, मलको गुणस्तर र मापदण्ड, मूल्य र बिक्री वितरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **प्रदेश सरकारले मल कारखाना खोल्न सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले निर्णय गरी आवश्यक संख्यामा प्राङ्गारिक मल कारखाना स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कारखानाको स्थापना, सञ्चालन, उत्पादित मलको बिक्री वितरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमः** (१) मन्त्रालय र मातहतको निकायबाट कृषि उत्पादनमा आधारित रही प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्नका लागि प्रदेश सरकारले कृषि उत्पादनको सम्भावना समेतका आधारमा प्रदेश अन्तर्गतको कुनै क्षेत्रलाई कृषि पकेट क्षेत्र घोषणा गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम घोषित कृषि पकेट क्षेत्रमा सञ्चालन गरिने प्रोत्साहन कार्यक्रमको आधार र मापदण्ड सम्बन्धी कार्यविधि मन्त्रालयले तयार गरी लागू गर्नेछ।

१४. **कृषिमा सेवा टेवाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालयले कृषि उपजको उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण र निर्यात प्रवर्धनमा सहयोग गर्न सेवा टेवा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने सेवा टेवाको प्रकृति, बजेटको सीमा तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

१५. **बीउ पूँजी उपलब्ध गराउन सकिनेः** (१) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न कार्यालयले यस ऐन बमोजिम सूचीकृत किसानहरुलाई बीउ पूँजी उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइने बीउ पूँजी सम्बन्धी कार्यक्रमलाई छिटो, छरितो एवं प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि मन्त्रालयले कार्यविधि र मापदण्ड तयार गरी लागू गर्नु पर्नेछ।

१६. **रैथाने बालीको संरक्षण र प्रवर्धन गर्नु पर्नेः** (१) प्रदेशमा उत्पादन हुने रैथाने बालीको अभिलेखिकरण र सोको सूची तयार गरी रैथाने बालीको संरक्षण तथा प्रवर्धन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि प्रदेश सरकारले रैथाने बाली उत्पादन हुने र उत्पादनको सम्भावना भएका पकेट क्षेत्रको विकास गर्ने, रैथाने बाली उत्पादनमा संलग्न कृषकलाई विशेष अनुदान उपलब्ध गराउने जस्ता संरक्षणात्मक र प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्नेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन गरिने कार्यक्रमको कार्यविधि मन्त्रालयले तयार गरी लागू गर्नेछ।

१७. **क्षतिपूर्ति प्रदान गर्नु पर्नेः** (१) प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपबाट कृषिमा पुग्न जाने क्षति बापत सम्बन्धित कृषकलाई उचित क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ र यसको लागि सम्बन्धित स्थानीय वडाको सिफारिसमा जिल्ला स्थित कृषि सम्बन्धी कार्य हेर्ने कार्यालयले गरेको सिफारिसको आधारमा गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने क्षतिपूर्ति सम्बन्धी मापदण्ड प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद- ४
## गुणस्तरको नियमन र नियन्त्रण

१८. **कृषि उपजको नियमनः** (१) मन्त्रालयले कृषि उपजको गुणस्तर कायम गर्न उत्पादन देखि बजारीकरणसम्मको अवधिलाई सूक्ष्म रूपमा निगरानी गर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने निगरानीका लागि गुणस्तर र असल कृषि अभ्यासको प्रोत्साहन, पशुपन्छी पालन सम्बन्धी असल अभ्यासमा प्रोत्साहन, विषादी अवशेष परीक्षण जस्ता विधि अवलम्बन गरिनेछ।

(३) उपदफा (२) बमोजिम अन्य विधि तोकिए बमोजिम हुनेछ।

१९. **विषादी तथा औषधिको नियमनः** (१) बालीनालीमा लाग्ने रोग कीरा नियन्त्रणको लागि प्रयोग हुने विषादीको उत्पादन, गुणस्तर, प्रयोग र बजारीकरणको नियमन गरिनेछ।

(२) पशुपन्छीमा प्रयोग हुँदै आएको औषधी सप्लिमेण्टको गुणस्तर कायम गर्न र दर्ता नियमन कार्यलाई व्यवस्थित गर्न प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनेछ।

२०. **दानाको नियमनः** प्रदेशभित्र उत्पादन र बिक्री वितरण हुने दानाको परीक्षण गरी दाना उद्योगको दर्ता अनुमतिपत्र प्रदान गर्न र दानाको गुणस्तर सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने सम्बन्धमा प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनेछ।

## परिच्छेद- ५

## प्रदेश खाद्य परिषद्को गठन, काम, कर्तव्य र अधिकार

२१. **परिषद्को गठनः** (१) नागरिकको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारको संरक्षण, प्रवर्धन तथा परिपूर्ति सम्बन्धी कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिम एक प्रदेश खाद्य परिषद् रहनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सदस्य (कृषि सम्बन्धी विषय हेर्ने), प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सचिव, मन्त्रालय -सदस्य

(ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(च) प्रमुख, खाद्य प्रविधि तथा गुण नियन्त्रण, प्रादेशिक कार्यालय -सदस्य

(छ) प्रतिनिधि, राष्ट्रिय कृषक समूह महासंघ (बागमती प्रदेश) -सदस्य

(ज) प्रतिनिधि, राष्ट्रिय किसान महासंघ (बागमती प्रदेश) -सदस्य

(झ) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको क्षेत्रमा कार्यरत, सम्बन्धित विषयमा स्नातकोत्तर गरेको एक महिला सहित मन्त्रालयले मनोनयन गरेको दुई जना विज्ञ -सदस्य

(ञ) महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (झ) बमोजिमका मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(३) समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) विशेष परिस्थितिमा बाहेक वर्षमा कम्तीमा चार पटक परिषद्को बैठक बस्नेछ।

(५) परिषद्को गणकपुरक सङ्ख्या एकाउन्न प्रतिशत हुनेछ र बैठकको निर्णय प्रमाणित अध्यक्ष र सदस्य सचिवले गर्नेछ।

(६) परिषद्को कार्यालय मन्त्रालयमा हुनेछ।

(७) उपदफा (१) को खण्ड (झ) बमोजिमको सदस्यले प्राप्त गर्ने सेवा सुविधा तोकिए बमोजिम हुनेछ र निजको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक भएको,

(ख) पैँतिस वर्ष उमेर पुरा भएको,

(ग) सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त भएको।

(८) उपदफा (१) को खण्ड (झ) बमोजिम मनोनित हुने सदस्य देहायको अवस्थामा पदमुक्त हुनेछः

(क) निजले राजिनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) फौजदारी कसुर ठहर भएमा,

(घ) नेपाली नागरिक नरहेमा,

(ङ) मन्त्रालयले पदमुक्त गरेमा।

(९) तर उपदफा (८) को खण्ड (ङ) बमोजिम पदमुक्त गर्नु अघि निजलाई मनासिब सफाईको मौका दिनु पर्नेछ।

२२. **परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको समग्र खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न अङ्गीकार गर्नु पर्ने नीति तथा योजनाका सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) प्रदेश सरकारबाट स्वीकृत नीतिको अधीनमा रही अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(ग) प्रदेशभित्र खाद्य तथा पोषण असुरक्षाको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको पहिचान गरी एकीकृत र अद्यावधिक अभिलेख राखी उल्लिखित खाद्य तथा पोषणबाट हुने जोखिमबाट बचाउन मार्गदर्शन प्रदान गर्ने,

(घ) प्राकृतिक प्रकोप एवं अन्य विपदका कारणले प्रदेशभित्रको कुनै क्षेत्रमा खाद्य सङ्कट उत्पन्न भएमा त्यस्तो क्षेत्रलाई निश्चित अवधिका लागि नेपाल सरकारबाट खाद्य सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ङ) खाद्य सङ्कटग्रस्त क्षेत्रमा आवश्यक पर्ने खाद्य तथा पोषण सुरक्षाको प्रबन्ध सम्बन्धी आवश्यक सुझाव र निर्देशन दिने,

(च) विपद्को समयमा प्रभावित व्यक्ति र परिवार एवं खाद्य तथा पोषण असुरक्षाको जोखिममा रहेका अन्य समुदाय र क्षेत्रमा प्रदान गरिने खाद्य सहायता सम्बन्धी मापदण्ड तयार गरी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(छ) प्रदेशस्तरमा आपतकालीन खाद्य तथा पोषण सहायता उपलब्ध गराउन खाद्य भण्डारण सुविधाको स्थापना तथा विस्तार गरी खाद्यको सञ्चिति, खाद्यको वितरण प्रणालीको व्यवस्था मिलाउने,

(ज) प्राकृतिक प्रकोप तथा अन्य विपदको समयमा र स्थानमा खाद्य तथा पोषण सुरक्षा सम्बद्ध सरकारी, गैर सरकारी एवं निजी क्षेत्रका निकायहरूमा उपलब्ध साधन, स्रोत र जनशक्तिको समन्वयात्मक परिचालन सम्बन्धी कार्य योजना बनाई कार्यान्वयनको लागि सिफारिस गर्ने,

(झ) प्रदेशको समग्र खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता सम्बन्धमा राष्ट्रिय तहको राष्ट्रिय खाद्य परिषद् र स्थानीय तहको स्थानीय खाद्य समन्वय समितिहरूसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने,

(ञ) प्रदेशको खाद्य तथा पोषण सुरक्षा सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ट) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता अधिकारको सुनिश्चितताको नियमित अनुगमन गर्ने तथा सो सम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयनको प्रगति मापन गर्ने,

(ठ) प्रदेशको समग्र खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता सम्बन्धी विषयमा प्रदेश सरकारलाई राय सुझाव दिने,

(ड) प्रदेश सरकारले तोके बमोजिम अन्य आवश्यक कार्य गर्ने,

(ढ) बाहिरबाट आउने बीउ, विजन र विषादी अनुगमन, नियन्त्रण गर्ने, गराउने,

(ण) खाद्य आयात प्रतिस्थापन गर्ने।

२३. **प्रदेश खाद्य सूचना केन्द्र स्थापनाः** (१) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी सूचना सङ्कलन तथा विश्लेषण गर्न सूचना प्रवाहलाई प्रभावकारी बनाउन मन्त्रालयमा एक प्रदेश खाद्य सूचना केन्द्र रहनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रदेश खाद्य सूचना केन्द्रको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ६

## विविध

२४. **प्रदेश कृषि परिषद्:** (१) प्रदेशको कृषि विकास गर्न कृषि अनुसन्धानका लागि एक प्रदेश कृषि परिषद्को गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको परिषद्ले नेपाल सरकार अन्तर्गतको कृषि अनुसन्धानको विषय हेर्ने निकायसँगको समन्वय र सहकार्यमा यो ऐन तथा यस ऐन अन्तर्गतको नियमावली बमोजिमका कार्यसम्पादन गर्नेछ।

(३) यस दफा बमोजिम गठन हुने परिषद्ले कृषि प्राविधिकलाई नियमन गर्ने कार्य समेत गर्नेछ र परिषद्को संरचना तथा अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२५. **तीन तहबीच समन्वय:** कृषि क्षेत्रको समग्र विकासको लागि संघ, अन्य प्रदेश र प्रदेशभित्र रहेका स्थानीय तहहरूसँग मन्त्रालयले आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ।

२६. **एकद्वार प्रणाली:** (१) प्रदेशभित्र कार्यक्षेत्र रहेका गैर सरकारी संस्थाले कृषि व्यवसाय र बजारीकरण सम्बन्धी कार्य गर्दा मन्त्रालयको स्वीकृति लिएर मात्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा एकद्वार प्रणाली अवलम्बन गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. **सजाय:** (१) दफा १४ र १५ बमोजिम कार्यालयबाट प्रदान गरिने सेवा टेवा र बीउ पूँजी वापतको रकम जुन प्रयोजनको लागि प्रदान गरिएको हो सोही बमोजिम खर्च नगरेमा वा त्यस्तो रकम जुनसुकै तरिकाले दुरुपयोग गरेमा कार्यालयले उक्त रकम असुल उपर गरी बिगो बराबरको जरिवाना समेत गरिनेछ।

(२) उपदफा (१) बमोजिमको जरिबाना गर्नु अघि आरोपित लाभग्राहीलाई सफाइको लागि मनासिब माफिकको मौका दिनु पर्नेछ।

(३) लाभग्राहीले उपदफा (१) बमोजिमको जरिबाना रकम नतिरेमा सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ।

(४) उपदफा (१) बमोजिमको जरिबाना भएको अवस्थामा त्यस्तो लाभग्राहीलाई पाँच वर्षसम्म कृषि सेवा टेवा उपलब्ध गराइने छैन।

(५) यस दफा बमोजिमको सजाय सम्बन्धित कार्यालयको प्रमुखले गर्नेछ।

२८. **रोक्का राख्ने:** कृषि सेवा टेवा लिने लाभग्राहीले रकम दुरुपयोग गरेमा दफा २७ बमोजिमको रकम असूल उपर गर्ने प्रयोजनका लागि निजको कारोबार, सम्पत्ति तथा बैङ्क खाता रोक्का

राख्न सम्बन्धित कार्यालयको सिफारिसमा मन्त्रालयले सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ।

२९. <u>पुनरावेदन गर्न सक्ने:</u> दफा २७ बमोजिमको जरिबाना गर्ने अधिकारीले गरेको जरिबाना लाभग्राहीलाई चित्त नबुझेमा जरिवाना भएको मितिले पैंतिस दिनभित्र एक तह माथिको पदाधिकारी समक्ष पुनरावेदन गर्न सकिनेछ।

३०. <u>अनुगमन गर्ने:</u> मन्त्रालयबाट भएको काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र कार्यालयबाट सञ्चालित कामको अनुगमन मन्त्रालयबाट गरिनेछ।

३१. <u>अनुसूची हेरफेर:</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

३२. <u>नियम बनाउने अधिकार:</u> यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३३. <u>मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने:</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार मापदण्ड निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

## अनुसूची- १

(दफा ४ सँग सम्बन्धित)

**सञ्चालन गर्न सकिने कृषि व्यवसायहरू**

१. खाद्यान्न बाली
२. बागवानी जन्यः फलफूल, तरकारी, कन्दमूल, मसला बाली, पुष्प
३. पशुपन्छी तथा मत्स्य
४. माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन
५. च्याउ
६. मौरी, रेशम
७. चिया, कफि, अलैची, सुपारी, घाँसेबाली
८. तेलहन, दलहन
९. कपास, जुट, उखु, रबर खेती
१०. कृषि पर्यटन
११. कृषि तथा पशुपन्छीजन्य उत्पादनको प्रशोधन उद्योग
१२. कृषि तथा पशुपन्छीजन्य उत्पादन सामाग्री(दाना, मलखाद, विषादी, औषधि) आदिको उत्पादन उद्योग
१३. खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुपन्छीजन्य वस्तुहरू
१४. प्रचलित कानुनले निषेध गरेको बाहेकको अन्य कृषि व्यवसाय।

## अनुसूची- २

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**कृषि व्यवसाय वा संस्थाले अनुमतिपत्र लिनु पर्ने निकायहरू**

| सि.नं. | कार्यक्षेत्र | अनुमति दिने निकाय |
|---|---|---|
| १. | एक जिल्लामा मात्र भएमा | सम्बन्धित जिल्ला कार्यक्षेत्र भएका ज्ञान केन्द्र वा विज्ञ केन्द्र |
| २. | एकभन्दा बढी जिल्ला भएमा | निर्देशनालय |
| ३. | प्रदेशभर भएमा | मन्त्रालय |

## अनुसूची- ३

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सञ्चालन गर्न सकिने कृषि व्यवसायको दर्ता दस्तुर र नवीकरण</u>**

| क्र.सं | वार्षिक कारोबार(मेट्रिक टन) | वार्षिक दस्तुर र नवीकरण (रू.) | नवीकरण(म्याद नाघेको ३५ दिन पछि) जरिबाना (रू.) |
|---|---|---|---|
| १. | १००० वा सोभन्दा कम | २०००।- | ५००।- |
| २. | १००० भन्दा बढी | ४०००।- | १०००।- |

**<u>द्रष्टव्यः</u>** माथि अनुसूची- ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालन गरिने कृषि व्यवसायहरूको वार्षिक कारोबार मेट्रिक टनमा गणना गर्न नसकिने अवस्था रहेकोमा त्यस्तो कृषि व्यवसायको हकमा वार्षिक दर्ता दस्तुर तथा नवीकरण रू. २०००।- र नवीकरण गर्दा म्याद नाघेको पैंतिस दिनपछि रू.५००।- जरिबाना लाग्नेछ।